# विशेष अदालतबाट भएका केही फैसलाहरूको सँगालो, २०८२




## विशेष अदालत

काठमाडौं

विशेष अदालतबाट भएका केही फैसलाहरूको सँगालो, २०८२
विशेष अदालत
काठमाडौं



विशेष अदालतमा कार्यरत माननीय न्यायाधीशज्यूहरू र रजिस्ट्रारज्यू




विशेष अदालत परिसरमा निर्माण भएको न्यायकी मूर्तिको माननीय न्यायाधीशज्यूहरूद्वारा सामूहिक समुद्घाटन




कानून दिवस, २०८२ का सहभागीहरू




निजामती सेवा दिवस, २०८१



विशेष अदालतका पूर्व अध्यक्ष तथा सदस्यज्यूहरू सँग अनुभव आदानप्रदान कार्यक्रम



विशेष अदालतमा कार्यरत कर्मचारीहरूको क्षमता विकास कार्यक्रमका सहभागीहरू

# विशेष अदालतबाट भएका केही फैसलाहरूको सँगालो, २०८२


## विशेष अदालत

काठमाडौँ

प्रकाशक : विशेष अदालत, काठमाडौं
सर्वाधिकार : विशेष अदालत
सङ्ख्या : ३७० प्रति

## फैसला छनौट तथा प्रकाशन समिति

| क्र.सं. | नाम थर | पद |
|---|---|---|
| १. | माननीय न्यायाधीश श्री तेज नारायण सिंह राई | संयोजक, फैसला छनौट तथा प्रकाशन समिति |
| २. | माननीय न्यायाधीश श्री राम बहादुर थापा | सदस्य, फैसला छनौट तथा प्रकाशन समिति |
| ३. | माननीय न्यायाधीश श्री मुरारीबाबु श्रेष्ठ | सदस्य, फैसला छनौट तथा प्रकाशन समिति |
| ४. | माननीय न्यायाधीश श्री रितेन्द्र थापा | सदस्य, फैसला छनौट तथा प्रकाशन समिति |
| ५. | माननीय न्यायाधीश श्री विदुर कोइराला | सदस्य, फैसला छनौट तथा प्रकाशन समिति |
| ६. | रजिस्ट्रार श्री जितेन्द्रबाबु थपलिया | सदस्य सचिव, फैसला छनौट तथा प्रकाशन समिति |
| ७. | उपरजिस्ट्रार श्री कृष्णशरण लामिछाने | सदस्य, फैसला छनौट तथा प्रकाशन समिति |
| ८. | उपन्यायाधिवक्ता श्री विनोदलाल श्रेष्ठ | विशेष सरकारी वकिल कार्यालय |
| ९. | अधिवक्ता श्री युवराज बन्जाडे | सचिव, विशेष अदालत बार एसोसिएसन |
| १०. | शाखा अधिकृत श्री नवराज सापकोटा | सदस्य, फैसला छनौट तथा प्रकाशन समिति |
| ११. | शाखा अधिकृत श्री सागर भण्डारी | सदस्य, फैसला छनौट तथा प्रकाशन समिति |
| १२. | शाखा अधिकृत श्री यज्ञराज रेग्मी | सदस्य, फैसला छनौट तथा प्रकाशन समिति |

**सर्वोच्च अदालत**
काठमाडौँ, नेपाल

**प्रधान न्यायाधीश**

## शुभकामना

नेपालको संविधानले न्यायसम्बन्धी अधिकारको प्रयोग अदालत तथा न्यायिक निकायबाट हुने व्यवस्था गरी खास किसिम र प्रकृतिका मुद्दाहरूको छिटो, छरितो एवं प्रभावकारी ढङ्गबाट कारवाही र किनारा गर्न विशिष्टीकृत अदालत, न्यायिक निकाय तथा न्यायाधिकरणको स्थापना र गठन गर्न सकिने व्यवस्था गरेको छ। यस्तै विशिष्टीकृत अदालतहरूमध्ये भ्रष्टाचार सम्बन्धी विवादको सुनुवाई गरी विवाद निरूपण र न्याय सम्पादन गर्ने कार्यमा विशेष अदालत ऐन, २०५९ बमोजिम स्थापित विशेष अदालत क्रियाशील छ।

यसै सन्दर्भमा, विशेष अदालतले भ्रष्टाचार सम्बन्धी विवादहरूमा विशेष अदालतबाट भएका केही महत्त्वपूर्ण फैसलाहरूको सँगालो प्रकाशन गर्न लागेकोमा मलाई खुसी लागेको छ। यसरी फैसलाहरुलाई विषयगत रुपमा सङ्ग्रहित गरी प्रकाशन गर्ने कार्यले अदालतका कामकारवाही र फैसलाहरूका बारेमा अध्ययन गर्न इच्छुक सरोकारवाला एवं आम नागरिकलाई सुसूचित गराउनुका साथै कानून र न्यायको क्षेत्रमा कार्यरत न्यायाधीश, कानून व्यवसायी, कानूनका विद्यार्थी, अनुसन्धानकर्ता लगायत सम्बन्धित सबैलाई उपयोगी स्रोत सामग्रीको रूपमा रहने विश्वास लिएको छु।

अन्त्यमा, न्यायपालिकाको पाँचौ पञ्चवर्षीय रणनीतिक योजनाले निर्दिष्ट गरेबमोजिम न्यायिक कामकारवाही तथा फैसलामा गुणस्तरियता कायम गर्दै न्यायपालिकाप्रतिको जनआस्था एवं विश्वास अभिवृद्धि गर्न विशेष अदालतले छिटो, छरितो र गुणस्तरीय न्याय सम्पादनलाई निरन्तरता दिन सकोस् भन्ने कामना गर्दछु। साथै, यस प्रकारका रचनात्मक एवं सिर्जनशील कार्यले भविष्यमासमेत निरन्तरता प्राप्त गरोस् भन्ने शुभकामनासहित "**विशेष अदालतबाट भएका केही फैसलाहरूको सँगालो, २०८२**" को प्रकाशनमा संलग्न सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

(प्रकाशमान सिंह राउत)

२०८२, जेठ

सम्पर्क नं. : +९७७-१-४२००७००, +९७७-१-४२००७४५, +९७७-१-४२००७०८, रामशाहपथ, काठमाडौं, पोष्ट बक्स नं. : २०४३८,
ईमेल :cjs@supremecourt.gov.np, cjnsecretariat@gmail.com, वेवसाईट : www.supremecourt.gov.np

# विशेष अदालत

काठमाडौं

☎ ०१-५३२६५३६
०१-५३४२६३६
बबरमहल

अध्यक्ष

प.सं.:

च.नं.:


विशेष अदालत
काठमाण्डौ
२०५९

## मन्तव्य

विशेष अदालतबाट भएका महत्वपूर्ण फैसलाहरूको प्रकाशनलाई निरन्तरता दिँदै यस वर्ष पनि प्रकाशन गर्ने निर्णय गरिएको छ। यस सन्दर्भमा विषयगत "फैसलाहरूको सँगालो, २०८२" प्रकाशन गर्न लागेकोमा मलाई अत्यन्त खुसी लागेको छ।

यस सँगालोमा घुस/रिसवत, अनियमितता, गलत लिखत तयार गर्ने, प्रश्नपत्रको गोपनीयता भङ्ग गर्ने, झुट्टा वा नक्कली प्रमाणपत्र बनाउने, सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गर्ने, गैरकानूनी लाभ वा हानि, गैरकानूनी सम्पत्ति आर्जन र सम्पत्ति शुद्धीकरण आदि सबै प्रकृतिका मुद्दाका फैसलाहरू समेटिएको छ।

सार्वजनिक पदमा रहेका राष्ट्रसेवकहरूले सम्पादन गर्ने कामकारवाहीमा भ्रष्टाचारजन्य कसुर भएको भन्ने आधारमा यस अदालतमा अभियोगपत्र दर्ता भएपछि कानूनी प्रक्रिया पुरा गरी मुद्दाको कारवाही र किनारा गरिँदै आएको छ। विशेष अदालतको स्थापना कालदेखि हालसम्मको इतिहासमा गत आ.व. २०८०।०८१ मा सबैभन्दा बढी ८८ प्रतिशत मुद्दा फछ्यौंट गरी यस अदालतले छिटो छरितो र सुलभ न्याय सम्पादनमा फड्को मारेको छ। वर्षौं वर्षसम्म मुद्दाको किनारा लाग्न नसक्दा छिटो छरितो न्याय पाउने न्याय सम्बन्धी हकबाट बञ्चित हुन पुगेका मुद्दाका पक्षहरुलाई कानूनले निर्दिष्ट गरेको समयावधिभित्र फैसला गरी "छिटो छरितो न्याय, सबैका लागि न्याय" भन्ने न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजनाको मूल मर्मलाई साकार तुल्याउन यस अदालतले महत्वपूर्ण भूमिका खेलेको छ।

गत आ.व. २०८०।०८१ मा कानूनले तोकेको मुद्दा अवधि ६ महिनाभित्र सबै मुद्दाको फछ्यौंट भएको र अवधि नाघेको मुद्दा नरहेको स्थितिमा यो प्रकाशन पाठकहरू समक्ष प्रस्तुत गर्न पाउनु आफैमा सुखद् उपलब्धि हो भन्ने मलाई लागेको छ। यस अदालतमा दायर भएका मुद्दाहरूमा विशेष अदालतले कसुर कायम गरी सजाय गर्दा वा अभियोग दावीबाट सफाइ हुने ठहऱ्याई फैसला गर्दा अवलम्बन गरिएको तथ्यको विश्लेषण, प्रमाणको मूल्याङ्कन र कानूनको व्याख्या बहुतै महत्त्वपूर्ण हुन्छ। त्यसको आधारमा निकालिने न्यायिक निष्कर्ष अन्य त्यस्तै मुद्दामा आफैमा एउटा महत्त्वपूर्ण दृष्टान्तको रूपमा सान्दर्भिक हुने हुँदा सम्बद्ध सरोकारवालाहरूको निम्ति यो प्रकाशन अत्यन्त उपयोगी हुनेछ भन्ने मेरो अपेक्षा रहेको छ।

विद्वान कानून व्यसायीहरूले पूर्व निर्णयलाई त्यस्तै तथ्य समावेश भएका विचाराधीन मुद्दामा बहस छलफलको समयमा दृष्टान्तको रूपमा समेत प्रस्तुत गर्ने गरेको पाइन्छ। यस दृष्टिकोणबाट हेर्दा विशेष अदालतले गरेका पूर्व फैसलाहरू स्वयम् यस अदालतको निम्ति पनि एकरुपताको सिद्धान्त अन्तर्गत हेरिएको हुन्छ। त्यसका अतिरिक्त सर्वोच्च अदालतबाट उस्तै प्रकृतिका मुद्दामा भएका व्याख्यासमेत विशेष अदालतका फैसलामा उद्धृत गर्दै नजिरको मान्यताअनुसार प्रयोग गरिएको हुन्छ। अतः फैसलाको सँगालो प्रकाशन गरिँदा विशेष अदालतका सदस्यहरूको लागि र विद्वान कानून व्यवसायी एवम् यसका अध्येताहरू सबैलाई उपयोगी अध्ययन सामग्री हुनेछ भन्ने मेरो विश्वास रहेको छ।

निश्चय नै अदालतका फैसलाहरू सार्वजनिक सम्पत्तिका रूपमा रहेका हुन्छन्। ती फैसलाहरू मुद्दाका पक्षहरूका लागि आवश्यक मात्र नभई सार्वजनिक सरोकारका विषयसमेत हुन्। अदालतका फैसला र अन्तिम आदेशहरू कानून र न्यायका अध्येताहरूका लागि सदैव अध्ययनको विषय हुने हुँदा यस्ता किसिमका प्रकाशनको निरन्तरता आवश्यक हुन्छ। यस प्रकाशनबाट फैसला लेखनमा गुणस्तरीयता र एकरुपता कायम गर्नसमेत सहयोग पुग्ने विश्वास मैले लिएको छु।

अन्त्यमा, यस फैसला सँगालो प्रकाशनको लागि गठित प्रकाशन समिति तथा फैसला छनौट सहजीकरण समितिमा रही महत्त्वपूर्ण जिम्मेवारी निर्वाह गर्नुहुने यस अदालतका माननीय सदस्यज्यूहरू, रजिस्ट्रारज्यूलगायत यस कार्यमा प्रत्यक्ष वा परोक्ष रूपमा संलग्न हुनुहुने यस अदालतका अधिकृत तथा कर्मचारीहरू, विशेष सरकारी वकिल कार्यालयका उपन्यायाधिवक्ता, विशेष अदालत बार एसोसिएसनका अध्यक्ष, सचिव र विद्वान कानून व्यवसायीज्यूहरू प्रति हार्दिक आभारसहित धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद।

२०८२, असार

टेकनारायण कुँवर
अध्यक्ष

विशेष अदालत
काठमाडौं
☎ ०१-५३२६५३६
०१-५३४२६३६
बबरमहल
सदस्य
प.सं.:
च.नं.:

विशेष अदालत
काठमाण्डौ
२०५९

## संयोजकको मन्तव्य

यस अदालतबाट भएका फैसलाहरुको प्रकाशन निरन्तरता दिने क्रममा **"विशेष अदालतबाट भएका केही फैसलाहरुको संगालो, २०८२"** प्रकाशनमा आएको छ। यस सँगालोमा गैरकानूनी सम्पत्ति आर्जन, सार्वजनिक सम्पत्तिको हानिनोक्सानी, गैरकानूनी लाभ, अनियमितता, राजस्व रकम हिनामिना, परीक्षा परिणाममा फेरबदल, गलत प्रतिवेदन तयार, नक्कली प्रमाण पत्र, रिसवत, सम्पत्ति शुद्धीकरण, सरकारी जग्गा व्यक्तिको नाममा दर्ता आदि प्रकृतिका ३८ वटा मुद्दाका फैसलाहरू समावेश गरिएको छ।

भ्रष्टाचार सम्बन्धी मुद्दाहरूको छिटो, छरितो तथा प्रभावकारी ढङ्गले कारवाही र किनारा गर्न विशेष अदालत गठन भएको देखिन्छ। भ्रष्टाचार सम्बन्धी मुद्दाको सुनुवाइ गर्ने एक मात्र अदालत विशेष अदालत हो। सर्वसाधारणको सुख, शान्ति र मुलुकको आर्थिक हितको लागि समाजमा आर्थिक अनुशासन, नैतिकता र सदाचार कायम गर्न भ्रष्टाचार निवारण हुन अपरिहार्य हुन्छ।

अदालतबाट हुने फैसलाहरु सम्बन्धित पक्षहरूका लागि व्यक्तिगत चासोको विषय मात्र होइन, सार्वजनिक सरोकारको विषय पनि हो। इजलासबाट हुने अन्तिम आदेश तथा फैसलाहरू सार्वजनिक सम्पत्ति हुने भएकोले सबैंको लागि उपयोगी हुने गर्दछ। वार्षिक रुपमा नियमित गरिने यस प्रकारका प्रकाशनले अदालतबाट हुने फैसलाहरूमा गुणस्तरीयता तथा एकरुपता कायम गर्न मद्दत मिल्ने अपेक्षा गर्न सकिन्छ।

अन्त्यमा, विशेष अदालतबाट भएको फैसलाहरूको सँगालो प्रकाशन समितिको संयोजकको जिम्मेवारी प्रदान गर्नु भएकोमा विशेष अदालतका अध्यक्षज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छु। यस प्रकाशनको क्रममा फैसला छनौट लगायत प्रकाशनको लागि महत्वपूर्ण योगदान दिनु भएकोमा प्रकाशन समितिका सदस्यज्यूहरूलाई धन्यवाद दिन चाहन्छु।

२०८२, असार

तेज नारायण सिंह राई
संयोजक
फैसला सँगालो प्रकाशन समिति

# विशेष अदालत
काठमाडौं

☎ ०१-५३२६५३६
०१-५३४२६३६
बबरमहल


विशेष अदालत
काठमाण्डौ
२०५९

रजिस्ट्रार

प.सं.:

च.नं.:

## धन्यवाद ज्ञापन

विगत वर्षहरूमा जस्तै यस वर्ष पनि विशेष अदालतबाट भएका फैसलाहरूमध्ये केही महत्त्वपूर्ण फैसलाहरू समेटी **"विशेष अदालतबाट भएका फैसलाहरूको सँगालो, २०८२"** प्रकाशन गर्न पाउँदा अत्यन्त खुशी लागेको छ।

नेपालको संविधानको धारा १२६ मा नेपालको न्यायसम्बन्धी अधिकार अदालतबाट प्रयोग हुने र धारा १५२ ले खास किसिम र प्रकृतिका मुद्दाहरूको कारवाही र किनारा गर्न सङ्घीय कानूनबमोजिम अन्य विशिष्टीकृत अदालत, न्यायिक निकाय वा न्यायाधीकरणको स्थापना र गठन गर्न सकिने संवैधानिक प्रावधान रहेको छ। खास किसिमका मुद्दाको कारवाही र किनारा छिटो छरितो र प्रभावकारी रूपमा गर्न नेपालमा वि.सं. २०१३ सालदेखि नै विशेष अदालतको स्थापना भएको देखिन्छ। नेपाल अधिराज्यको संविधान, २०४७ मा भएको संवैधानिक व्यवस्थाबमोजिम विशेष अदालत ऐन, २०५९ को दफा ३ मा भएको व्यवस्थाअनुसार नेपाल सरकारले २०५९ साल भदौ ६ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विशेष अदालत स्थापना भएको हो।

अदालत स्थापना भएदेखि नै आफ्ना कामकारवाहीलाई छिटोछरितो र प्रभावकारी बनाउँदै आएको छ। अदालतले आफ्ना प्रकाशनलाई निरन्तरता दिने क्रममा प्रस्तुत फैसला सँगालो प्रकाशन गरिएको छ। यस सँगालोमा विशेष अदालतमा दर्ता हुने मुद्दाको प्रकृतिअनुसारका महत्त्वपूर्ण फैसलाहरू समेटिएको छ। यस सँगालोले अदालतबाट सम्पादन हुने न्यायिक कामकारवाहीलाई जनसमक्ष प्रस्तुत गरी सुसूचित गर्नमा समेत सहयोग गर्ने र न्याय तथा कानूनका अध्येयताहरूका लागि मार्गदर्शनको रूपमा रहने भएकाले आगामी दिनमा समेत यस प्रकाशनले निरन्तरता पाउने विश्वास लिएको छु।

फैसला सँगालोका लागि सम्माननीय प्रधानन्यायाधीशज्यूले शुभकामना सन्देशमार्फत् दिनुभएको अभिभावकत्व, प्रेरणा र हौसलाका लागि सम्माननीयज्यूप्रति उच्च सम्मान एवम् हार्दिक आभार प्रकट गर्दछु। प्रकाशनका सन्दर्भमा निरन्तर उत्प्रेरणा दिनुहने श्रीमान् मुख्य रजिस्ट्रारज्यूप्रति कृतज्ञ छु। विशेष अदालत व्यवस्थापनदेखि प्रस्तुत प्रकाशनमा समेत नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने अध्यक्ष माननीय न्यायाधीश श्री टेक नारायण कुँवरज्यूप्रति आभार व्यक्त गर्दछु।

फैसला छनौट तथा प्रकाशन समितिका संयोजक सदस्य माननीय न्यायाधीश श्री तेज नारायण सिंह राईज्यू तथा सदस्यहरू श्री राम बहादुर थापा, श्री मुरारीबाबु श्रेष्ठ, श्री रितेन्द्र थापा र श्री विदुर कोइरालाज्यूले फैसला छनौटदेखि प्रकाशनसम्म आफ्नो ज्ञान, सीप र अनुभवका माध्यमबाट निर्वाह गर्नुभएको महत्त्वपूर्ण भूमिकाका लागि हार्दिक आभार व्यक्त गर्दछु।

यसैगरी फैसला छनौट तथा प्रकाशन समितिमा रही फैसला छनौट तथा प्रकाशनमा सहजीकरण गरी आफ्नो ज्ञान, सीप र अनुभव आदानप्रदान गर्नुहुने उपरजिस्ट्रार श्री कृष्णशरण लामिछाने, विशेष सरकारी वकिल कार्यालयका उपन्यायाधिवक्ता श्री विनोदलाल श्रेष्ठ, विशेष अदालत बार एसोसिएसनका सचिव श्री युवराज बन्जाडे तथा शाखा अधिकृतहरू, श्री नवराज सापकोटा, श्री सागर भण्डारी, श्री यज्ञराज रेग्मीलगायत कर्मचारीहरूप्रति हार्दिक आभार प्रकट गर्दछु।

अन्त्यमा, फैसला छनौट तथा प्रकाशन समितिमा नरहे तापनि फैसला सँगालो प्रकाशनको पूर्व तयारीदेखि अन्तिमसम्म सक्रियतापूर्वक सहभागी भई कार्यसम्पादन गर्नुहुने लेखा अधिकृत श्री सीताराम निरौला, शाखा अधिकृतहरू श्री प्रकाश नारायण श्रेष्ठ, प्रमिला काफ्ले, यमलाल पन्थी, गरिशा भट्टराई, नायब सुब्बाहरू श्री कल्पना पौडेल, सर्वराज खत्री, गिरीराज पार्धे, नारायणी अधिकारी खनाल, युवराज बस्नेत, लेखापाल श्री चेतप्रसाद चौधरी, कम्प्युटर अपरेटर श्री गीता घिमिरे गिरी, श्री कल्पना पराजुली, सूचना प्रविधि प्राविधिक श्री टामलाल भुसाललगायत सम्पूर्ण कर्मचारीहरूको योगदान उल्लेखनीय छ। फैसला सँगालोको प्रकाशनको गहन जिम्मेवारी निर्वाह गर्ने कालिका प्रिन्टिङ एण्ड सप्लायर्सका प्रोप्राइटर श्री लक्ष्मण रेग्मीप्रति कृतज्ञता प्रकट गर्दछु। साथै प्रस्तुत फैसलाको सँगालो प्रकाशनमा प्रत्यक्ष एवम् परोक्ष रूपमा भूमिका खेल्नुहुने सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु।

२०८२, असार

2082/3/18

जितेन्द्रबाबु भट्टराई
रजिस्ट्रार

# विषय सूची


| क्र.सं. | मुद्दा नं. | मुद्दाको नाम | वादीहरू | प्रतिवादीहरू | पेज नं. |
|---|---|---|---|---|---|
| गैरकानूनी सम्पत्ति आर्जन | | | | | |
| १ | ०७९-CR-०१५१ | गैरकानूनी सम्पत्ति आर्जन | नेपाल सरकार | कृष्ण प्रसाद यादवसमेत | १ |
| २ | ०८०-CR-००९३ | गैरकानूनी सम्पत्ति आर्जन | नेपाल सरकार | झुनाकुमारी कठेतसमेत | २५ |
| अनियमितता | | | | | |
| ३ | ०७७-CR-००६६ | सरकारी जग्गा व्यक्तिको नाममा | नेपाल सरकार | बुद्धिमान जैसीसमेत | ३२ |
| ४ | ०७७-CR-०११० | परीक्षाको परिणाम फेरबदल | नेपाल सरकार | पवन सुवेदीसमेत | ४७ |
| ५ | ०७८-CR-००७३ | गैरकानूनी लाभ | नेपाल सरकार | गोविन्द बहादुर खड्कासमेत | ५० |
| ६ | ०७८-CR-००८३ | सरकारी जग्गा व्यक्तिको नाममा दर्ता | नेपाल सरकार | कान्तुराम पनेरुसमेत | ७८ |
| ७ | ०७८-CR-००९३ | अनियमितता | नेपाल सरकार | राजकुमार गोइतसमेत | ८७ |
| ८ | ०७८-CR-०११२ | अनियमितता | नेपाल सरकार | राजु भाई कुस्मासमेत | ९३ |
| ९ | ०७९-CR-०००५ | अनियमितता | नेपाल सरकार | याम प्रसाद भुसालसमेत | १०५ |
| १० | ०७९-CR-००१२ | गैरकानूनी लाभ | नेपाल सरकार | नन्द प्रसाद पाण्डेसमेत | ११७ |
| ११ | ०७९-CR-००१५ | गैरकानूनी लाभ | नेपाल सरकार | राज बहादुर वम | १२० |
| १२ | ०७९-CR-००४३ | रकम हिनामिना | नेपाल सरकार | गौरी प्रसाद नाथसमेत | १२४ |
| १३ | ०७९-CR-००५० | परीक्षाको परिणाम फेरबदल | नेपाल सरकार | कमलेश डि.सी.समेत | १३४ |
| १४ | ०७९-CR-०१२१ | राजस्व रकम हिनामिना | नेपाल सरकार | मदनप्रसाद गुप्तासमेत | १३७ |
| १५ | ०७९-CR-०१२४ | अनियमितता | नेपाल सरकार | विकल पौडेलसमेत | १४३ |
| १६ | ०७९-CR-०१३१ | गलत लिखत तयार | नेपाल सरकार | पदम प्रसाद अर्यालसमेत | १६८ |
| १७ | ०८०-CR-००१३ | गलत प्रतिवेदन तयार गरेको | नेपाल सरकार | गमबहादुर विश्वकर्मासमेत | १७३ |
| १८ | ०८०-CR-००१८ | हानिनोक्सानी | नेपाल सरकार | जय कुमार खड्कासमेत | १७९ |
| १९ | ०८०-CR-००४७ | हानिनोक्सानी | नेपाल सरकार | डा.प्रदिप ढकालसमेत | १८४ |
| २० | ०८०-CR-००४८ | हानिनोक्सानी | नेपाल सरकार | संजय शर्मासमेत | १९७ |
| २१ | ०८०-CR-००५३ | हानिनोक्सानी | नेपाल सरकार | विजयकुमारसमेत | २४६ |
| २२ | ०८०-CR-००६१ | राजस्व रकम हिनामिना | नेपाल सरकार | हरिनारायण मिश्रसमेत | २७० |

| क्र.सं. | मुद्दा नं. | मुद्दाको नाम | वादीहरू | प्रतिवादीहरू | पेज नं. |
|---|---|---|---|---|---|
| २३ | ०८०-CR-००७० | हानिनोक्सानी | नेपाल सरकार | अभिनय पाठकसमेत | २८० |
| २४ | ०८०-CR-००७५ | अनियमितता | नेपाल सरकार | पृथीमान सार्कीसमेत | २८७ |
| २५ | ०८०-CR-०१०६ | हानिनोक्सानी | नेपाल सरकार | डा.संजय शर्मासमेत | ३०३ |
| २६ | ०८०-CR-०१३० | हानिनोक्सानी | नेपाल सरकार | हेमन्त प्रसाद साहसमेत | ३६० |
| २७ | ०८०-CR-०१४० | हानिनोक्सानी | नेपाल सरकार | गंगा पासमानसमेत | ३७७ |
| नक्कली प्रमाण पत्र | | | | | |
| २८ | ०७६-CR-०२९६ | नक्कली प्रमाणपत्र | नेपाल सरकार | चक्रपाणी भट्टराई | ३९३ |
| २९ | ०८०-CR-००८२ | नक्कली प्रमाणपत्र | नेपाल सरकार | सम्राट बहादुर शाह | ३९७ |
| ३० | ०८०-CR-०१५७ | झुट्टा विवरण पेस गरेको | नेपाल सरकार | विकल पौडेल | ४०६ |
| घुस/रिसवत | | | | | |
| ३१ | ०७६-CR-०२२२ | घुस/रिसवत | नेपाल सरकार | राजबाबु पाण्डेसमेत | ४१२ |
| ३२ | ०८०-CR-०१४६ | घुस/रिसवत | नेपाल सरकार | इ. सरोज भट्टराईसमेत | ४२५ |
| सम्पत्ति शुद्धीकरण | | | | | |
| ३३ | ०७९-CR-००१८ | सम्पत्ति शुद्धीकरण | नेपाल सरकार | कल्पना घलानसमेत | ४३५ |
| ३४ | ०७९-CR-००२२ | सम्पत्ति शुद्धीकरण | नेपाल सरकार | इच्छाराज तामाङसमेत | ४४४ |
| ३५ | ०७९-CR-००३२ | सम्पत्ति शुद्धीकरण | नेपाल सरकार | शिवनाथ यादवसमेत | ४६८ |
| ३६ | ०७९-CR-००९८ | सम्पत्ति शुद्धीकरण | नेपाल सरकार | मिना कार्कीसमेत | ४७८ |
| ३७ | ०८०-CR-००५५ | सम्पत्ति शुद्धीकरण | नेपाल सरकार | सपना मल्लसमेत | ५०१ |
| ३८ | ०८०-CR-००६३ | सम्पत्ति शुद्धीकरण | नेपाल सरकार | गुरुप्रसाद न्यौपानेसमेत | ५१७ |

अनुसूची - १ : पूर्व अध्यक्षहरू ......................................................................५२५
अनुसूची - २ : पूर्व सदस्यहरू .........................................................................५२५
अनुसूची - ३ : पूर्व रजिस्ट्रारहरू ......................................................................५२६

**श्री विशेष अदालत**
**सदस्य माननीय न्यायाधीश डा. श्री  खुशी प्रसाद थारु**
**सदस्य माननीय न्यायाधीश श्री मुरारीबाबु श्रेष्ठ**
**सदस्य माननीय न्यायाधीश श्री रितेन्द्र थापा**

**फैसला**
**इजलास नं. २**
**मुद्दा नं.: ०७९-CR-०१५१**
**दर्ता मिति : २०८०।०३।०७**

**मुद्दा : गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको ।**
**निर्णय नं.: १४३**
**फैसला मितिः २०८१।०२।२२**

**बादी** : अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौंको तर्फबाट अनुसन्धान अधिकृत कमल कुमार खड्काको प्रतिवेदनले नेपाल सरकार।

**विरुद्ध**

**प्रतिवादी** : जिल्ला बारा, करैयामाई गाउँपालिका वडा नं. ७, सिसवा (साबिकः जिल्ला बारा उमजन गा.वि.स. वडा नं. ०९) स्थायी घर भई हाल काठमाडौं जिल्ला बुढानीलकण्ठ नगरपालिका वडा नं. १० कपन, ढलाने पुल बस्ने रामेश्वर राय यादवको नाति, काशी प्रसाद यादवको छोरा नेपाल विद्युत प्राधिकरणका तत्कालीन मेकानिकल इन्जिनियर (हाल अवकाश प्राप्त) वर्ष ५८ को **कृष्ण प्रसाद यादव** (ना.प्र.नं. १४५३/०१०३, मिति २०३९/०४/१७ गते, बारा) सम्पर्क नं. ९८५१०८२१७४) समेत।

- **"कानूनले रोक्न खोजेको दुष्कार्य रोक्ने गरी र अन्तरनीहित उपचार अघि बढ्ने गरी र दुष्कार्यका हरेक छिद्र र तिकडमहरू रोकथाम हुने गरी व्याख्या गर्नुपर्छ। कानूनको उद्देश्य प्राप्तिका लागि कानूनको व्याख्या यसरी गर्नुपर्छ, जसबाट कानूनले निषेध गरेका कार्यहरू छल्ने हरेक अप्रत्यक्ष र दिग्भ्रमित गर्ने प्रयासहरू विफल होस्। यसका दुई अवधारणाहरू छन्. पहिलो, अदालतले दुष्कार्यको नियमलाई ध्यानमा राखी कानूनमा प्रयुक्त भाषालाई सङ्कुचित अर्थ गर्नु हुँदैन, जसबाट कानूनको जालोबाट उम्किने बाटो मिलोस्। अर्को, कानूनको प्रयोग सोको अन्तरवस्तुमा (सारमा) गर्नुपर्छ। भाषा (रुप) मा सीमित गर्नुहुँदैन जसबाट कानूनको पन्जाबाट उम्किने कुटिलता र दुष्प्रयासहरू विफल होस्। उम्किने प्रयास रहेको लागेमा अदालतले सबै जालझेल बढार्नुपर्छ र यसको साँचो अर्थ सिद्ध गर्नुपर्छ।"[1]**

**(प्रकरण नं. ८)**

1 Maxell on The Interpretation of Statutes, Twelfth edition, LexisNexis Butterworth Wadhwa Nagpur, at 137 (2010): There is no doubt that "the office of the judge is, to make such construction as will suppress the mischief and advance the remedy, and to suppress all evasions for the continuance of the mischief." To carry out effectually the object of a statute, it must be so construed as to defeat all attempts to do, or avoid doing, in an indirect or circuitous manner that which it has prohibited or enjoined: *quondo aliquid prohibetur et omne per quod devenitur ad illud.*
The manner of construction has two aspects. One is that the courts, mindful of the mischief rule, will not be astute to narrow the language of a statute so as to allow persons within its purview to escape its net. The other is that the statute may be applied to the substance rather than the mere form of transactions, thsu defeating any shifts and contrivances which parties may have devised in the hope of thereby falling outside the Act. When courts find an attempt at concealment, they will, in the words of Wilmot CJ, "brush away the cobweb varnish, and shew the transactions in their true light."

## ठहर खण्ड

१. नियम बमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा बादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालयका विद्वान सहन्यायाधिवक्ता ज्ञान प्रसाद भुसाल र पुजा पन्थीले प्रतिवादीले सार्वजनिक सेवामा प्रवेश गरे पश्चात जाँच अवधिसम्ममा आय आर्जन गरेको रकम को तुलनामा विभिन्न शीर्षकहरूमा गरिएका लगानी तथा खर्च आय भन्दा बढी गरेको, रकमहरूको स्रोत खुल्न आएको नदेखिएको र निजको सम्पत्ति विवरण अमिल्दो र अस्वाभाविक देखिन आएकोले गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरेको पुष्टि हुनआएकोले प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय होस भनी बहस प्रस्तुत गर्नुभयो।

२. प्रतिवादीहरूका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरू श्री सुबास आचार्य र श्री यज्ञ खतिवडाले प्रतिवादीको आरोपदाबी बमोजिम आय भन्दा व्यय अस्वाभविक रुपमा बढी छैन। मौकाको बयान स्वतन्त्र रुपमा गरेको होइन। आय व्ययको यथार्थ विवरण अदालतको बयानसाथ पेस गरिएकै छ। आयोगले गरेको अवधिगत शीर्षकमा रहेका सम्पत्तिहरूको मूल्याङ्कन निकै न्युन रही त्रुटिपूर्ण छ। सवै सम्पत्तिहरू कानूनी रुपमा नै आर्जन गरिएका हुन।मेरो पक्षलाई प्रस्तुत अभियोगदाबीबाट सफाइ दिलाई पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

३. प्रस्तुत मुद्दामा निम्न प्रश्नहरूमा केन्द्रित रही न्याय निरुपण गर्नुपर्ने देखियो।

- प्रतिवादीको सम्पत्तिको वैधता परीक्षण गर्दा बादी दाबी अनुरूप विभिन्न जाँच अवधि कायम गरी जाँच गरिने हो वा सेवा अवधिको आय-व्यय समग्रतामा जाँच गरिने हो वा होइन ?
- प्रतिवादीहरूको व्ययको तुलनामा वैधानिक आय स्रोत पुग्ने हो वा होइन ?
- प्रतिवादीले आरोप दाबीबमोजिम साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५,१६ग. एवम् हाल प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २० बमोजिमको कसुर गरेको हो वा होइन?

४. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० अन्तर्गतको गैरकानूनी सम्पत्ति आर्जनको कसुर मुलतः राष्ट्रसेवकले "कानूनी रुपमा आर्जन गरेको सम्पत्तिसँग असमानुपातिक देखिने सम्पत्ति" नै हो। संयुक्त राष्ट्रसंघीय भ्रष्टाचार विरुद्धको महासन्धी २००३ अनुसार अवैध सम्बृद्धि भनेको राष्ट्रसेवकको सम्पत्तिमा उल्लेखनीय सम्बृद्धि हो, जसलाई उसले आफ्नो वैध आर्जनको रुपमा तर्कसङ्गत रुपमा स्पष्ट गर्न सक्दैन।[२] African Union Convention on Preventing and Combating Corruption (AUCPCC)[3] article 1 मा UNCAC को article 20 सँग हुबहु समान प्रावधान राखेको पाइन्छ। Inter-American Convention Against Corruption[4], मा अलिक फरक रुपमा "During Performance of his functions" (ओहदाको कार्यसम्पादनको अवधिमा) वाक्यांश थपिएको पाइन्छ। UNCAC को प्रावधानको आशय पनि ओहदाको कार्य सम्पादनको अवधिमा गरेको अवैध सम्बृद्धि भन्ने नै हो। सारमा UNCAC, AUCPCC र IACAC मा कुनै फरक छैन। नेपालले UN Convention Against Corruption मा हस्ताक्षर गरेकोले सो प्रावधान हाम्रो लागि आधिकारिक सन्दर्भ सामाग्री हुन्।

५. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० मा "प्रचलित कानूनबमोजिम सार्वजनिक पद धारण गरेको मानिने राष्ट्रसेवकले प्रचलित कानूनबमोजिम पेस गरेको सम्पत्ति विवरण अमिल्दो तथा अस्वाभाविक देखिन आएमा वा निजले

2 UNCAC Article 20.Illicit enrichment "Subject to its constitution and the fundamental principles of its legal system, each State Party shall consider adopting such legislative and other measures as may be necessary to establish as a criminal offence, when committed intentionally, illicit enrichment, that is, a significant increase in the assets of a public official that he or she cannot reasonably explain in relation to his or her lawful income."

3 AUCPCC art. 1 "Illicit enrichment" means the significant increase in the assets of a public official or any other person which he or she cannot reasonably explain in relation to his or her income.

4 Article IX Illicit Enrichment: Subject to its Constitution and the fundamental principles of its legal system, each State Party that has not yet done so shall take the necessary measures to establish under its laws as an offense a significant increase in the assets of a government official that he cannot reasonably explain in relation to his lawful earnings during the performance of his functions.

मनासिब कारण बिना अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर यापन गरेमा वा आफ्नो हैसियतभन्दा बढी कसैलाई दान, दातव्य, उपहार, सापटी, चन्दा वा बकस दिएको प्रमाणित भएमा त्यस्तो सम्पत्ति के कस्तो स्रोतबाट आर्जन गरेको हो भन्ने कुराको निजले प्रमाणित गर्नुपर्नेछ र नगरेमा त्यस्तो सम्पत्ति गैरकानूनी रूपमा आर्जन गरेको मानिनेछ" भन्ने प्रावधान रहेको छ।

६. राष्ट्रसेवकको स्रोत नखुलेको सम्पत्ति गैरकानूनी स्रोतको सम्पत्तिको देखिने रुप (manifestation of corruption) हो। आर्जित सम्पत्तिको वैध स्रोत तर्कसङ्गत रुपमा पुष्टि हुन नसकेमा अवैध सम्बृद्धिको कसुर ठहर्ने हो। यसरी हेर्दा अवैध सम्बृद्धि सम्पत्तिको स्रोत र सोको वैधतासँग सम्बन्धित छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को संरचना हेर्दा "त्यस्तो सम्पत्ति के कस्तो स्रोतबाट आर्जन गरेको हो भन्ने कुरा निजले प्रमाणित गर्नुपर्छ" भन्ने व्यवस्थाले यस कसुरलाई बहुरुपी स्रोतको एकीकृत रुप (multifaceted source) रहेको अर्थ दिन्छ। यसलाई पृथक र एकल कसुरको रुपमा बुझ्न मिल्दैन। तसर्थ भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४५ मा दफा २० को कसुर व्यक्त रुपमा उल्लेख नगरिएको भन्ने आधारमा मात्र यसलाई दफा ४५ ले बाहेक गरेको अर्थ गर्न मिल्दैन। दफा २० को प्रावधान भ्रष्टाचारको सबै छिद्रहरू रोकथाम गर्ने विधायिकी मनसायले आएको देखिंदा र बहुरुपी गैरकानूनी स्रोतको कसुर रहेकोले सरकारी सम्पत्तिको हानिनोक्सानी वा हिनामिना समेत यसको स्रोत रहन सक्ने भएकोले दफा ४५ ले दफा २० को कसुर समेत समेटेको विधायिकी मनसाय रहेको देखिन्छ।

७. स्रोत नखुलेको सम्पत्ति राष्ट्रसेवकका हकमा कसुरबाट प्राप्त सम्पत्ति (Proceeds of crime) मानिन्छ र भ्रष्टाचारबाट आर्जित सम्पत्तिको दृश्य अभिव्यक्ति (visible manifestation of corruption) रहेकाले यस्ता सम्पत्तिलाई कानूनले कसुरको रुपमा परिभाषित गरेको पाइन्छ। यसमा कसुरदारलाई कसुरबाट उम्किने हरेक क्षिद्रहरू बन्द गर्नुपर्छ भन्ने विधायिकी मनसाय रहेको देखिन्छ। राष्ट्रसेवकले ओहदाको दुरुपयोग गरी आर्जन गरेको गैरकानूनी सम्पत्तिको सङ्ग्रहित रुप रहेको अवस्था हुँदा यसको गैरकानूनी स्रोत सरकारी सम्पत्तिको हानिनोक्सानी वा हिनामिना हुन सक्ने अवस्थालाई सोझै इन्कार गर्न मिल्दैन। तसर्थ यस दफा ४५ को परिधि (extent) को व्याख्यामा सयमतापूर्वक तिकडमका (evasion) हरेक सम्भावनाहरू बन्द गर्ने व्याख्याको नियम (Construction to prevent evasion) र शक्तिको दुरुपयोग रोक्ने व्याख्याको (Construction to prevent abuse of powers) नियम आकर्षित हुन्छ।

८. “कानूनले रोक्न खोजेको दुष्कार्य रोक्ने गरी र अन्तरनीहित उपचार अघि बढ्ने गरी र दुष्कार्यका हरेक छिद्र र तिकडमहरू रोकथाम हुने गरी व्याख्या गर्नुपर्छ। कानूनको उद्देश्य प्राप्तिका लागि कानूनको व्याख्या यसरी गर्नुपर्छ, जसबाट कानूनले निषेध गरेका कार्यहरू छल्ने हरेक अप्रत्यक्ष र दिग्भ्रमित गर्ने प्रयासहरू विफल होस्। यसका दुई अवधारणाहरू छन्. पहिलो, अदालतले दुष्कार्यको नियमलाई ध्यानमा राखी कानूनमा प्रयुक्त भाषालाई सङ्कुचित अर्थ गर्नु हुँदैन, जसबाट कानूनको जालोबाट उम्किने बाटो मिलोस्। अर्को, कानूनको प्रयोग सोको अन्तरवस्तुमा (सारमा) गर्नुपर्छ। भाषा (रुप) मा सीमित गर्नुहुँदैन जसबाट कानूनको पन्जाबाट उम्किने कुटिलता र दुष्प्रयासहरू विफल होस्। उम्किने प्रयास रहेको लागेमा अदालतले सबै जालझेल बढार्नुपर्छ र यसको साँचो अर्थ सिद्ध गर्नुपर्छ।"[५]

९. अब दोस्रो प्रश्नतर्फ विचार गर्दा, बादीले मिति २०४६/०३/०१ देखि २०७८/११/२५ सम्म १० जाँच अवधि

5 Maxell on The Interpretation of Statutes, Twelfth edition, LexisNexis Butterworth Wadhwa Nagpur, at 137 (2010): There is no doubt that “the office of the judge is, to make such construction as will suppress the mischief and advance the remedy, and to suppress all evasions for the continuance of the mischief.” To carry out effectually the object of a statute, it must be so construed as to defeat all attempts to do, or avoid doing, in an indirect or circuitous manner that which it has prohibited or enjoined: *quondo aliquid prohibetur et omne per quod devenitur ad illud.*
The manner of construction has two aspects. One is that the courts, mindful of the mischief rule, will not be astute to narrow the language of a statute so as to allow persons within its purview to escape its net. The other is that the statute may be applied to the substance rather than the mere form of transactions, thsu defeating any shifts and contrivances which parties may have devised in the hope of thereby falling outside the Act. When courts find an attempt at concealment, they will, in the words of Wilmot CJ, “brush away the cobweb varnish, and shew the transactions in their true light.”

कायम गरी प्रतिवादीको आय व्यय जाँच गरेको पाइन्छ भने प्रतिवादीले समग्रमा सम्पत्ति जाँच हुनुपर्ने भन्ने जिकिर लिएको पाइन्छ। विभिन्न जाँच अवधि कायम गर्दा अवैध सम्पत्तिबाट बढे बढाएको सम्पत्ति वैध मान्न मिल्दैन भन्ने सिद्धान्तको आधारमा प्रतिवादीको स्रोतले नखामेको हदसम्म आय घटाएको पाइन्छ। प्रतिवादीको सम्पत्ति समग्रतामा जाँच गर्दा सो अवस्था नआउने र प्रतिवादीलाई परिणमतः केही लाभ हुने अवस्था आउँछ। सो सम्बन्धमा हेर्दा, प्रतिवादीको सम्पत्ति जाँच गर्ने विषय अनुसन्धानात्मक क्षेत्राधिकार भित्र पर्ने भएकोले बादीले नै अनुसन्धान पद्धति रोज्ने हो। अदालतले न्याय र स्वच्छताको रोहमा अनुसन्धान गरेको मिलेको छ, छैन भनी विचार गर्ने हो। सम्पत्ति जाँच गर्ने विषयमा दक्षिण एसियाली मुलुकहरू भारत समेतमा स्रोत र खर्च विश्लेषण (Source and Application Analysis) पद्धति प्रचलनमा रहेको पाइन्छ। भारतीय सर्वोच्च अदालतबाट Krishnanand vs The State Of Madhya Pradesh, (AIR 1977 SC 796, 1977 CriLJ 566, (1977) 1 SCC 816) को मुद्दामा र हङकङमा Ernest Percival Max Hunt v the Queen [1974] HKCA 111 को मुद्दामा उक्त पद्धतिले मान्यता पाएको देखिन्छ। संयुक्त राज्य अमेरिका लगायतका केही मुलुकहरूमा Net Worth Analysis पद्धति प्रचलनमा रहेको पाइन्छ।[६] नेपालमा Source and Application Analysis पद्धति अनुसरण गरी आय र व्ययको विश्लेषण गरिएको पाइन्छ। सो पद्धतिले न्यायिक मान्यता पाइसकेकोले त्यसतर्फ विवेचना गरिरहन परेन।

१०. Source and Application Analysis पद्धति अन्तर्गत विभिन्न जाँच अवधि कायम गर्न त मिल्छ तर सोको औचित्य पुष्टि हुनुपर्छ। अदालतले न्याय र स्वच्छताको कसीमा जाँच अवधि विचार गर्ने हो। यस सम्बन्धमा भारतको सर्वोच्च अदालतबाट State Of Maharashtra vs Pollonji Darabshaw Daruwalla (1987) को मुद्दामा प्रतिपादित सिद्धान्त हाम्रा हकमा सन्दर्भ सामाग्रीको रुपमा ग्रहणीय रहेको पाइन्छ। जाँच अवधि बादीले नै तय गर्ने हो तथापी जाँच अवधिमा राष्ट्रसेवकको आयस्रोत र सम्पत्तिको सही र बोधगम्य अनुहार झल्किनुपर्छ। जाँच अवधि छनौट गर्दा राष्ट्रसेवकले धनोपार्जन गर्ने क्रियाकलाप छानी विश्लेषण गरी अनुसन्धानकर्ताले जाँच अवधि छुट्टयाउनु पर्छ। जाँच अवधिको औचित्य पुष्टि हुन नसकेमा अवधिलाई अदालतले इन्कार गर्न सक्ने देखिन्छ।

"There can be no general rule or criterion, valid for all cases, in regard to the choice of the period for which accounts are taken to establish criminal misconduct under section S(1)(e) of the Act. The choice of the period must necessarily be determined by the allegations of fact on which the prosecution is founded and rests. However, the period must be such as to enable a true and comprehensive picture of the known sources of the income and the pecuniary resources and property in possession of the public servant either by himself or through any other person on his behalf which are alleged to be so disproportionate. The assets spilling-over from the anterior period, if their existence is probablised, would, of course, have to be given credit to on the income side and would go to reduce the extent and quantum of the disproportion. It is for the prosecution to choose what is the period, having regard to the acquisitive activities of the public servant, and characterise and isolate that period for special scrutiny."[७]

११. आयोगले जाँच अवधि वर्गीकृत गर्दा त्यसको युक्तियुक्त आधार र कारण उल्लेख गरेको देखिँदैन। उक्त वर्गीकृत जाँच अवधिको न त कुनै वैज्ञानिक आधार भेटिन्छ न त कुनै सैद्धान्तिक आधार नै बादी पक्षले आत्मनिष्ठ तरिकाले २० वटा जाँच अवधि कायम गरी नगद प्रवाहलाई आधार लिई जाँच अवधिको बीचमै स्रोत पुगेको र नपुगेको सम्पत्ति भनी छुट्टयाई प्रतिवादीको वैध र अवैध सम्पत्तिको विगो कायम गरेको तथ्य सर्वोच्च अदालतबाट स्थापित न्यायिक मान्यता विपरीत रहेको देखिन्छ। यस सम्बन्धमा सर्वोच्च अदालतबाट स्थापित न्यायिक मान्यताहरू के कस्ता छन भनी स्थापित सिद्धान्त र व्याख्याहरूलाई मनन गरी हेर्नुपर्ने हुन्छ।

१२. सम्मानित सर्वोच्च अदालतवाट नेपाल सरकार विरुद्ध श्रीराम पन्त (मुद्दा नं. ०६४-CR-०८३० फैसला मिति

6 Source: Basel Institute on Governance, Annex II, Proving illicit enrichment using financial investigation and Source and Application Analysis, Technical Guidance for Investigators and Prosecutors at 13 (2021)

7 State Of Maharashtra vs Pollonji Darabshaw Daruwalla, 1988 AIR 88, 1988 SCR (1) 906

२०७२।३।१६) भएको भ्रष्टाचार मुद्दामा" राष्ट्रसेवकले परीक्षण योग्य सम्पत्ति र आयको विवरण सहितको लेखा राख्नुपर्ने कुनै कानूनी व्यवस्था रहे भएको देखिँदैन। घर जग्गा जस्तो अचल सम्पत्ति जोड्ने क्रममा निर्माण सामाग्री जस्तो वस्तुको मोल तत्कालै तिर्न नसकी पछिसम्म तिर्दै जाने गरेको, त्यसैगरी आफन्तबाट सरसापट लिई तत्काल काम सम्पन गर्ने र पछि तिर्दै जाने प्रचलन हाम्रो समाजमा नरहेको होइन। कानूनको व्याख्या सामाजिक परिवेशमा गर्न न्यायोचित हुन्छ। यान्त्रिक रुपबाट कानूनको प्रयोग र व्याख्या गर्नुपर्ने मान्यता कानूनले राख्दैन र त्यसरी प्रयोग गरेमा अन्याय पर्न जाने अवस्था आउन सक्छ। यी सबै कुरा विचार गरी जाँच अवधि भएको आय र व्ययको हिसाब एकमुष्ठ रुपमा गर्ने कार्य यस्तै प्रकृतिका अन्य मुद्दामा यस अदालतले गर्दै आएको पनि छ। अतः सम्पत्ति आर्जन गर्दाको अवस्थाको स्रोत हिसाब नगरी जाँच अवधिमा प्राप्त सम्पत्ति र आम्दानीको परीक्षणबाट निष्कर्षमा पुग्न औचित्यपूर्ण हुने" भनी सिद्धान्त कायम भएको पाईन्छ। सर्वोच्च अदालतले नेपाल सरकार वि. वीरेन्द्र कुमार सिंह[८] मुद्दामा "विपक्षीको आयको गणना गर्दा नगद प्रवाह तालिका (Cash flow Chart) लाई आधार मानी वा पूरै जाँच अवधि (Check Period) लाई एउटै समयावधि मानी आयको यकिन गरिनुपर्ने हो?" भन्ने निर्णयार्थ प्रश्न राखी विवेचना गरेको पाइन्छ। सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरू नि.नं. ८५१९, ८६३०, ८७२२, ८८३२, ८८७० समेतमा लिइएका निर्णयाधारका आधारमा यस मुद्दामा "अवधि गणनाका सम्बन्धमा उल्लिखित मुद्दाहरूमा समेत मानी आएको पूरै जाँच अवधिलाई आधार मान्नु नपर्ने कुनै त्यस्तो आधार कारण बादीबाट पेस भएको नहुँदा र प्रस्तुत मुद्दालाई पनि स्वतः सोही प्रतिपादित सिद्धान्तहरूको आधारबाट हेरिनु वाञ्छनीय देखिँदा र नगद प्रवाह तालिका अनुसारको अभियोगपत्र एवम त्यस अनुसारको प्रमाण समेत बादी पक्षबाट स्पष्ट रुपमा प्रस्तुत हुन नसकेकोले प्रतिपादित सिद्धान्तबमोजिम नै आयको गणना गर्दा जाँच अवधिलाई एउटै समयावधि मानी आयको जाँच गर्नुपर्ने" सिद्धान्त प्रतिपादन भएको पाइन्छ।

१३. अवैध सम्पत्तिबाट बढे बढाएको सम्पत्ति अवैध हुन्छ भन्ने सिद्धान्त लागू हुनका लागि सर्वप्रथम प्रतिवादीको सम्पत्ति अवैध देखिनुपर्छ। बादीले अवैध सम्पत्ति हो भनी आफै निर्णय गरी सोही आधारमा अवैध सम्पत्तिबाट वढे वढाएको सम्पत्ति अवैध मानी सम्पत्ति जाँचमा नै स्रोत घटाउन मिल्दैन। हचुवाको भरमा सो कुरा मानेमा व्यक्तिको सम्पत्ति सम्बन्धी हकमा अनुचित अतिक्रमण हुन सक्ने विषयमा अदालत संवेदनशील रहन्छ। प्रतिवादीको विभिन्न जाँच अवधि किन कायम गरिएको हो ? सो को औचित्य पुष्टि हुन नसकेको, पटके जाँच अवधिले प्रतिवादीको आयको सही चित्र दिन नसकेको र यसबाट प्रतिवादीको सम्पत्तिको जाँचमा अनुचित तवरले आय-व्ययमा असमानुपातिकता उत्पन्न गर्ने भएकोले समग्र जाँच अवधिलाई एउटै समयावधि मानी जाँच गर्नु नै न्यायोचित देखिन आयो। कायम अवधिमा प्रतिवादीले गरेको नगद प्रवाह अवैध भएको कुरा बादीले खुलाउन नसकेको र स्पष्ट प्रमाणको अभाव समेतको आधारमा स्रोतले नखामेको हदसम्मको आय मान्यता दिन नमिल्ने भन्ने बादी दाबी पुग्न सक्दैन।

१४. अब तेस्रो प्रश्नतर्फ विचार गर्दा, बादी आयोगले सार्वजनिक पद धारण गरेका अबकाश प्राप्त इन्जिनियर कृष्ण प्रसाद यादवले सार्वजनिक पदको दुरुपयोग गरी रू.१,४२,५२,५५०।४१ (एक करोड बयालिस लाख बाउन्न हजार पाँच सय पचास रूपैयाँ एकचालिस पैसा) गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको हुँदा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवम् प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज कृष्ण प्रसाद यादवलाई विगो रू.१,४२,५२,५५०।४१ (एक करोड बयालिस लाख बाउन्न हजार पाँच सय पचास रूपैयाँ एकचालिस पैसा) कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ एवम् प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम कैद तथा जरिवानाको सजाय हुन मागदाबी लिईएको देखिन्छ।

१५. <u>भ्रष्टाचार निवार</u>ण ऐन, २०५९ को दफा २०(१) को प्रावधानको सारतत्व निम्न बमोजिम रहेको पाइन्छ।

8 ने.का.प. २०७२, अंक ३, नि.नं. ९३६६

- प्रतिवादी राष्ट्रसेवकसँग वैधानिक स्रोत खाम्न नसकेको असमानुपातिक सम्पत्ति रहेको तथ्य बादीले पुष्टि गर्नुपर्छ।
- प्रतिवादीको साथमा रहेको सम्पत्तिको वैधानिक स्रोत पुष्टि गर्ने प्रमाणको भार प्रतिवादीमा रहन्छ अर्थात अवैध सम्बृद्धि (illicit enrichment) होइन भनी पुष्टि गर्ने भार प्रतिवादीमा रहन्छ।
- निर्दोषिताको सिद्धान्त (Principle of innocence) अपवादात्मक रुपमा आकर्षित हन्छ।
- बादीले गर्ने सम्पत्तिको जाँच र प्रतिवादीले गर्ने सम्पत्तिको स्रोतको पुष्ट्याई मनासिब र कानूनका आधारभूत सिद्धान्तमा आधारित हुनुपर्छ। प्रमाणको प्रचुरताका (preponderance of evidence) आधारमा सम्पत्तिको स्रोतको वैधानिकताको परीक्षण गर्नुपर्छ।
- प्रतिवादीको साथमा रहेको सम्पत्ति वैधानिक स्रोतले खाम्न नसकेको देखिएमा अर्थात सम्पत्तिको वैधानिक स्रोत पुष्टि हुन नसकेको देखिएमा अवैध सम्बृद्धि (illicit enrichment) को कसुर गरेको मानिन्छ।

१६. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को संरचना हेर्दा राष्ट्रसेवकले आफ्नो आय स्रोतले खाम्न नसक्ने अस्वाभाविक र अमिल्दो व्यय गरेको अर्थात सम्पत्ति आर्जन गरेको कुरा प्रमाणित गर्ने भार बादीमा नै रहन्छ। बादीले सो कुरा प्रमाणित गरेमा आफ्नो साथमा रहेको सम्पत्तिको वैधानिकता पुष्टि गर्ने भार प्रतिवादीमा सर्छ। यसरी प्रतिवादीको कसुर प्रमाणित गर्ने कानूनी भार (Legal burden of proof) बादीमा नै रहन्छ र यो स्थानान्तरण हुन सक्दैन (non-transferable) । आफ्नो निर्दोषिता पुष्टि गर्ने भए प्रतिवादीमा रहन्छ (evidentiary burden of proof), जसलाई फौजदारी कानूनमा अपवादको रुपमा लिन सकिन्छ। यस संरचनालाई आफ्नो निर्दोषिता प्रमाणित गर्न कानूनले दिएको सुविधाको रुपमा पनि लिन सकिन्छ। सम्पत्तिको वैधानिकताको विषय रहेकोले दफा २० लाई देवानी विषयको फौजदारी कसुरको रुपमा बुझ्न सकिन्छ। प्रतिवादीले आफ्नो निर्दोषिता शङ्कारहित तवरले पुष्टि गर्नुपर्ने (beyond reasonable doubt) फौजदारी कानूनको सिद्धान्त यसमा आकर्षित हुन सक्दैन, अपितु प्रतिवादीले आफ्नो सम्पत्तिको वैधानिकताको प्रमाण पेस गरी अदालतले प्रमाणको प्रचुरताका (preponderance of evidence) आधारमा सत्य तथ्य निक्यौल गर्ने हो। सम्पत्तिको स्रोतको वैधानिकता पुष्टि गर्न निश्चय नै उच्चकोटिको प्रमाण ( Higher standard of Proof) आवश्यक पर्छ। यसमा absolute standard आकर्षित हुने नभई अदालतलाई विश्वास हुने उच्चकोटीको प्रमाण (degrees of proof ) आवश्यक पर्छ। देवानी विषयमा प्रमाणको स्तरीयताको आधारमा प्रमाणको प्रचुरता रहे वा नरहेको हेरिनुपर्छ। प्रमाणको स्तरियता मुद्दाको विषयवस्तुसँग आनुषांगिक र आनुपातिक हुन्छ। अकुत सम्पत्तिको मुद्दामा सम्पत्तिको विविध स्रोतको विषय समावेश हुने भएकोले तत् तत विषयमा आकर्षित हुने कानून र प्रमाणको प्रचुरता हेरिनुपर्छ। यसमा फौजदारी प्रकृतिको मुद्दा रहेपनि फौजदारी कसुरमा जस्तो उच्च कोटीको प्रमाण त आवश्यक पर्दैन तथापि यसमा सम्भाव्यता पुष्टि हुने स्तरको प्रमाण आवश्यक पर्छ जुन विषय सापेक्षित हुन्छ। तसर्थ विषय वस्तुको विविधतासँग आनुषाङ्गिक, आनुपातिक र सापेक्षित प्रमाणको प्रचूरताका (preponderance of evidence) आधारमा तत् तत विषयका सम्पत्तिको स्रोतको वैधानिकताको परीक्षण गर्नुपर्छ। प्रमाणको प्रचुरताको निरपेक्षताको सिद्धान्त आकर्षित हुन सक्दैन।[९]

१७. सार्वजनिक पद धारण गरेका अबकाश प्राप्त इन्जिनियर कृष्ण प्रसाद यादवले सार्वजनिक पदको दुरुपयोग गरी रू.१,४२,५२,५५०।४१ (एक करोड बयालिस लाख बाउन्न हजार पाँच सय पचास रूपैयाँ एकचालिस पैसा) गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको हुँदा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवम् प्रचलित

9 Bater v Bater: CA 1951: "The difference of opinion which has been evoked about the standard of proof in recent cases may well turn out to be more a matter of words than anything else. It is of course true that by our law a higher standard of proof is required in criminal cases than in civil cases. But this is subject to the qualification that there is no absolute standard in either case. In criminal cases the charge must be proved beyond reasonable doubt, but there may be degrees of proof within that standard." "It does not adopt so high a degree as a criminal court, even when it is considering a charge of a criminal nature; but still it does require a degree of probability which is commensurate with the occasion."

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज कृष्ण प्रसाद यादवलाई बिगो रू.१,४२,५२,५५०।४१ (एक करोड बयालिस लाख बाउन्न हजार पाँच सय पचास रूपैयाँ एकचालिस पैसा) कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ एवम् प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम कैद तथा जरिवानाको सजाय हुन मागदाबी लिइएको देखिन्छ।

१८. बादी आयोगले प्रतिवादीको समग्र आय र व्ययको विवरण निम्न तालिकाबमोजिम रहेको आरोप दाबी रहेको देखिन्छः

**आय व्ययको समग्र अवस्था खुल्ने तालिका र बिश्लेषण :**

| आय | | | व्यय तथा सम्पत्ति | | |
|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम रु. | सि.नं. | विवरण | रकम रु. |
| १ | पारिश्रमिक, विविध भत्ता समेतको बचत | ६,६७३,५८१.५० | १ | जग्गा खरिद | २,१३१,७८५.०० |
| २ | प्रोत्साहन भत्ता | १७५,३३७.०० | २ | घर निर्माणमा भएको खर्च | ६,८४०,६२०.४५ |
| ३ | विदेश भ्रमण भत्ता | ४७७,६९६.१० | ३ | घरजग्गा खरीद | २,८००,०००.०० |
| ४ | जाँच अवधिमा प्राप्त गरेको खुद कृषि आय | २,०४६,७२५.७५ | ४ | घर जग्गा/बहाल कर | १३५,२८२.०० |
| ५ | जग्गा सडकमा परेबापत प्राप्त मुआब्जा | ४२१,८७५.०० | ५ | जम्मा शैक्षिक खर्च | २,७९२,१२९.५० |
| ६ | सेयर बिक्रीबाट भएको आय(कर पश्चात) | ३६१,७९३.८८ | ६ | सेयर खरिद | ५,९०१,९०७.०८ |
| ७ | घरबहाल आय | १६७,०२८.९५ | ७ | राज यादव बीमा शुल्क(प्रिमियम) | २२०,०६८.०० |
| ८ | LIC NEPAL बीमा आय | ५५२,७८८.०० | ८ | LIC NEPAL बीमा शुल्क (प्रिमियम) | ३२२,६५०.०० |
| ९ | LIC INDIA बीमा आय | १,१८४,०००.०० | ९ | LIC INDIA बीमा शुल्क (प्रिमियम) | १,०११,३१२.०० |
| १० | नेपाल विद्युत प्राधिकरण बाट लिएको ऋण | २५९,६७०.०० | १० | नेपाल विद्युत प्राधिकरणको ऋण चुक्ता | ३२१,२०९.३३ |
| ११ | कर्मचारी सञ्चय कोषबाट लिएको ऋण | २१३,६००.०० | ११ | कर्मचारी सञ्चय कोषबाट लिएको ऋण चुक्ता | १००,०००.०० |
| १२ | नागरिक लगानी कोषबाट लिएको ऋण | १,०००,०००.०० | १२ | नागरिक लगानी कोषबाट लिएको ऋण चुक्ता | १,०४०,०००.३५ |

| आय | | | व्यय तथा सम्पत्ति | | |
|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम रु. | सि.नं. | विवरण | रकम रु. |
| १३ | ज्योति विकास बैक बाट लिएको ऋण | ७५०,०००.०० | १३ | ज्योति विकास बैक बाट लिएको ऋण चुक्ता | ७५०,०००.०० |
| १४ | श्रमज्योती सहकारीबाट लिएको ऋण | ४३४,०००.०० | १४ | श्रमज्योती सहकारीबाट लिएको ऋण चुक्ता | ४६७,०६८.१७ |
| १५ | सवारी साधन बिक्री बापतको आय | ७१,९८४.०० | १५ | सवारी खरिद | ४४७,७४८.०० |
| १६ | सेयरबाट प्राप्त नगद लाभांश(कर पश्चात) | ६६८,७५०.९६ | १६ | रजिस्ट्रेसन दस्तुर | १५२,००५.०० |
| १७ | विभिन्न बैंकहरूमा रहेको मौज्दातबाट प्राप्त ब्याज | १,६८७,२१३.३४ | १७ | छोरीहरू विदेश अध्ययन जाँदाको खर्च | २,४८९,७१०.९० |
| | | | १८ | बैक मौज्दात | ३,४७५,०९९.१२ |
| **जम्मा आय** | | **१७,१४६,०४४.४९** | **जम्मा व्यय** | | **३१,३९८,५९४.९०** |
| **समग्र जाँच अवधिमा भए गरेको खर्च तथा लगानी (सम्पत्ति आर्जन) मा स्रोत नखुलेको रकम रु.** | | | | | **(१४,२५२,५५०.४१)** |

(क) <u>आय तर्फ :</u>

१९. बादीले आरोपपत्रमा कायम गरेको आय शीर्षकहरूमध्ये प्रतिवादीले देहायका शीर्षकहरूमा विवाद नगरी स्वीकार गरी बसेकोले आरोपपत्रमा कायम रकम नै गणना हुने देखियोः

| क्र.सं. | विवरण | आय (रु.) |
|---|---|---|
| १. | जग्गा सडकमा परे बापत प्राप्त मुआब्जा | ४,२१,८७५ |
| २. | LIC Nepal बीमा आय | ५,५२,७८८ |
| ३. | LIC India बीमा आय | ११,८४,००० |
| ४. | नेपाल विद्युत प्राधिकरणबाट लिएको ऋण | २,५९,६७० |
| ५. | कर्मचारी सञ्चय कोषबाट लिएको ऋण | २,१३,६०० |
| ६. | नागरिक लगानी कोषबाट लिएको ऋण | १०,००,००० |
| ७. | ज्योति विकास बैंकबाट लिएको ऋण | ७,५०,००० |
| ८. | श्रम ज्योति सहकारीबाट लिएको ऋण | ४,३४,००० |
| | जम्मा | <u>४८,१५,९३२</u> |

**२०. पारिश्रमिक आयः-**

प्रतिवादी कृष्ण प्रसाद यादवले सरकारी सेवा प्रवेश गरेको मिति २०४८/११/०९ गते देखि जाँच अवधिसम्म प्राप्त निजामती नेपाल विद्युत प्राधिकरणबाट प्राप्त तलबी विवरण अनुसारको वार्षिक तलब आयमा कर्मचारी सञ्चय कोषमा

कट्टी भएको १० प्रतिशत र नागरिक लगानी कोषमा जम्मा गरेको रकम घटाई खुद भुक्तानी प्राप्त आयमा चाडबाड खर्च, नियमित भत्ता समेत संलग्न गरी हुने कुल रकम रू.९५,३३,६८७।८५ मा ३० प्रतिशत जीवन निर्वाह खर्च कट्टा गरी बाँकी ७० प्रतिशत रकमले हुने जम्मा रू.६६,७३,५८१।४९ लाई निजको पारिश्रमिक वचतमा गणना गरिएको बादी दाबी रहेकोमा प्रतिवादीले त्यसतर्फ विवाद गरेको देखिन्छ।

सो सम्बन्धमा हेर्दा, प्रतिवादी कृष्ण प्रसाद यादवको नेपाल विद्युत प्राधिकरणबाट पाएको तलब, नियमित भत्ता, ज्योति स्पिनिङ मिलबाट प्राप्त तलब र भत्ता गणना गर्नुपर्ने देखिन्छ।

- **<u>नेपाल विद्युत प्राधिकरणबाट प्राप्त तलब र भत्ता</u>**

नेपाल विद्युत प्राधिकरणबाट ३ पटक कृष्ण प्रसाद यादवको तलब भत्ताको फरक फरक विवरण प्राप्त भएको देखिन्छ। कागजातमा उल्लेख भएको आय र सारंश विवरणमा उल्लेख भएको कतिपय आयहरूमा एक रूपता भएको देखिएन। तसर्थ मिसिल संलग्न नेपाल विद्युत प्राधिकरणको मिति २०७९/९/१४ च.न. ३१३ को पत्र (फाइल नं. ३ पन्जिका नं. १२१४०) को पत्र साथ अर्थ महाशाखाको च.न. ७७ मिति २०७९/७/२० को पत्र साथ कृष्ण प्रसाद यादवले नेपाल विद्युत प्राधिकरण अन्तर्गत कार्यालयमा रहँदा प्राप्त गरेको तलब सुविधाको विवरणहरू कृष्ण प्रसाद यादवको तलब विवरण नेपाल विद्युत प्राधिकरणको मिति २०८०/१/३ च.न. ५२९ को पत्रसाथ प्राप्त विवरण सँग मेल खाने हुँदा सोही तलबी विवरण कायम गरिएको छ।

मिसिल संलग्न कागजातबाट प्रतिवादीले जाँच अवधिमा प्राप्त तलब रु. ८१,३२,९११।५१ हो । जसबाट १०% सञ्चय कोष रु. ८,१३,२९१।१५ र नागरिक लगानी कोष रु. ८,६२,१०२.।२ समेत कट्टी गर्दा खुद भुक्तानी तलब रु. ६४,५७,५१८।१५ हुन्छ । सो रकमको ७०% बचत आय रु. <u>४५,२०,२६२।७१</u> वास्तविक बचत कायम गरी गणना हुने देखियो।

कृष्ण प्रसाद यादवले नेपाल विद्युत प्राधिकरणबाट उक्त नियमित भत्ताहरू कठिन कार्य भत्ता, EPR (Efficiency Performance Reward), पर्व खर्च, औषधो उपचार बापत रु. ४१,३४,४४२।१२ भत्ता प्राप्त गरेको देखिन्छ जुन मोदी खोला जलविद्युत केन्द्रको मिति २०७८/५/१६ च.न. ७६ को पत्र (फाइल नं. ३ पन्जिका नं. १२/१२०) बाट पुष्टि भएको छ। आयोगले कृष्ण प्रसाद यादवले प्राप्त गरेका उक्त भत्ताहरूलाई छुट्टै कायम नगरी पारिश्रमिकसँग जोडेर ३०% कट्टी गरेर ७०% मात्र कायम गरेको मिलेको देखिएन । अतः नेपाल विद्युत प्राधिकरणको मिति २०८०/१/३ च.न. ५२९ को पत्रबाट प्राप्त नेपाल विद्युत प्राधिकरण, उत्पादन निर्देशनालयको मिति २०७९/१२/२८ च.न. १७२ को पत्र साथ प्राप्त विवरणमा उल्लेख भएको नियमित भत्ता रु. <u>४१,३४,४४२।१२</u> लाई शत् प्रतिशत आयमा गणना हुने देखियो।

- **<u>ज्योति स्पिनिङ मिलबाट प्राप्त तलब र भत्ता</u>**

कृष्ण प्रसाद यादवले मिति २०४७/७/१८ देखि मिति २०४८/१०/८ सम्म ज्योति स्पिनिङ मिलमा मासिक रु. ५३००। का दरले तलब पाउने गरी काम गरी प्राप्त गरेको जम्मा तलब रु ८३,०३३। को ७०% बचत आय रु. ५८,१२३।१ आयोगले गणना गरेको नै देखिन्छ।

ज्योति स्पिनिङ मिल्स लि.को 23 FEB 1992 (मिति २०४८/११/११) को पत्र र मिति २०४८/११/२५ को पत्रबाट एक महिनाको तलब चाडपर्व भत्ताबापत आ.ब. ४८/४९ मा प्राप्त गरेको दशैं भत्ता रु. ५,३००। आयमा गणना नगरेको मिलेको नदेखिदा दशैं भत्ता रु. ५,३००। गणना हुने देखियो।

आयोगले पारिश्रमिक आय शीर्षकमा कायम गरेको तलब तथा नियमित भत्ता तर्फ देहाय बमोजिम हुने देखियो

| शीर्षक | आयोगको गणना | वास्तविक आय | थप हुने रकम |
|---|---|---|---|
| ने.वि. प्रा. तलब | ६६,७३,५८१।५ | ४५,२०,२६२।७१ | २०,४४,५४६।५ |
| ज्योति स्पिनिङ तलब | | ५८,१२३।१० | |
| ने.वि.प्रा. नियमित भत्ता | | ४१,३४,४४२।१२ | |
| ज्योति स्पिनिङ दशैं भत्ता | | ५३०० | |
| जम्मा | ६६,७३,५८१।५ | ८७,१८,१२८। | <u>२०,४४,५४६।५</u> |

२१. <u>कृष्ण प्रसाद यादवले प्राप्त गरेको प्रोत्साहन भत्ताः</u>

अनुसन्धानको क्रममा निजले नेपाल विद्युत प्राधिकरण अन्तर्गतका विभिन्न कार्यालयमा कार्यरत रहँदा प्राप्त गरेको प्रोत्साहन भत्ता शीर्षकमा रू. १,७५,३३७।०० निजको आयमा गणना गरिएको देखिन्छ भने प्रतिवादीले त्यस तर्फ विवाद गरेको देखिन्छ।

सो सम्बन्धमा हेर्दा, आरोपपत्रको पृष्ठ ६, ७१ र ९१ मा देहायबमोजिमको रु. १,७५,३३७। प्रोत्साहन भत्ता गणना गरेको देखिन्छः

| विवरण | रकम | आ.व्य.क्र.सं. |
|---|---|---|
| कृष्ण प्रसाद यादव ०१ जनवरी १९९३ देखि ३० अप्रिल १९९३ सम्म नेपाल विद्युत प्राधिकरणको निर्णय अनुसार नेपालको तर्फबाट समकक्षी भएर जापानी प्रोजेक्ट काम गरे बापतको कर कट्टी पश्चातको रकम | ८०,६०० | ४ |
| कृष्ण प्रसाद यादव १२ मार्च १९९५ देखि ३१ डिसेम्बर १९९५ सम्म नेपाल विद्युत प्राधिकरणको निर्णय अनुसार नेपालको तर्फबाट समकक्षी भएर त्रिशुली देबिघाट प्रोजेक्टमा काम गरेबापतको रकम | ९४,७३७ | ८ |
| **जम्मा** | **१,७५,३३७** | |

- प्रतिवादीले NEA Engineering Company Ltd. दर्ता नं. १६४८६३/०७३/७४, मूल्य अभिवृद्धि कर दर्ता न. ६०५९८६८६४ बाट coordinator management को कार्य गरे बापत रु. १,०५,६७२।३० मा कर रु. १५,८५०।८५ कट्टी पछि रु. ८९,८२१।४५ प्राप्त गरेको देखिन्छ। सो प्रोत्साहन भत्ता प्रतिवादीको नामको ज्योति विकास बैंक लि., खाता नं. ००१०१५००००१६६९०००००१ मा 12 July 2021 (2078/3/28)मा जम्मा हुन आएको भन्ने फाइल नं. ४ पन्जिका नं. ९/२९ बाट देखिदा देहायबमोजिम गणना हुने देखियो।

**वास्तविक प्रोत्साहन भत्ताः**

| | |
|---|---|
| आयोगले गणना गरेको | रु. १,७५,३३७ |
| छुट भएकाले थप हुनुपर्ने | रु. ८९,८२१।४५ |
| **जम्मा प्रोत्साहन भत्ता** | **रु. २,६५,१५८।४५** |

२२. <u>विदेश भ्रमण भत्ताः</u>

अनुसन्धानको क्रममा निजले विभिन्न कार्यालयमा कार्यरत रहँदा विदेश भ्रमणमा जाँदा प्राप्त गरेको रकम रू. ४,७७,६९६।१० निजको आयमा गणना गरिएको देखिन्छ भने प्रतिवादीले त्यस तर्फ विवाद गरेको देखिन्छ।

सो सम्बन्धमा हेर्दा,

- आरोपपत्रको पृष्ठ ७१ र ९१ मा प्रतिवादीको वैदेशिक भ्रमण भत्ता रु. ४,७७,६९६।१० कायम गर्दा देहाय बमोजिम कायम गरेको देखिन्छः

| क्र.सं. | आय व्यय सिनं. | आय |
|---|---|---|
| १ | ७ | ४७,६००.०० |
| २ | १२ | २१,०००.०० |
| ३ | ६४ | ६४,४००.०० |
| ४ | ९६ | २८,०००.०० |
| ५ | ९८ | २७,४३३.०० |
| ६ | ११२ | ३५,००५.६० |
| ७ | १३८ | ४२,०००.०० |
| ८ | १४३ | ५९,१६७.५० |
| ९ | १५० | ६२,०९०.०० |
| १० | ३०६ | ९१,०००.०० |
| जम्मा | | ४,७७,६९६.१ |

२३. <u>कम गणना गरेको वैदेशिक भ्रमण भत्ता रकम</u>

- आय प्रवाह विवरणको सि.नं. १३८ मा कृष्ण प्रसाद यादव Saxion University of applied science मा अक्टोबर ३० २०१२ देखि नोभेम्बर १०,२०१२ सम्म सहभागी भए बापतको रकम रु. ६०,०००।- को ७०% बचत रकम भनी रु. ४२,०००। मात्र कायम गरेको मिलेको छैन। मिसिल संलग्न नेपाल विद्युत प्राधिकरणको च.न.३१३ मिति २०७९/९/१४ को पत्र सहित संलग्न भ्रमण सम्बन्धी विवरणबाट प्रतिवादीले saxion university of applied science को training भारतको नयाँ दिल्लीमा लिएको देखिन्छ । आयोगले पेस गरेको फाइल नं. ३ पन्जिका नं.१२/७३ को कागजातमा प्रतिवादीले सो training बाट जम्मा ५०,०००। भारु बुझेको देखिन्छ । सो भारु ५०,०००। नेपाली विनिमयदर ५०,०००।१.६ बाट रु. ८०,०००। हुन्छ ।सो वास्तविक रकमबाट ३०% खर्च (रु.२४०००) कट्टी गर्दा बचत रु. ५६,०००। हो तर आयोगले रु. ४२,०००। मात्र आम्दानी कायम गरी १४,०००। कम गणना गरेकोले सो रकम थप हुने गरी गणना हुने देखियो।

- आय प्रवाह विवरणको सि.नं. ३०६ मा कृष्णप्रसाद यादव KEI Industries Ltd, INDIA मा सहभागी भएबापतको रकम रु. 1,30,008।- को 70% बचत रकम भनी रु. ९१,०००। मात्र आयमा कायम गरेको मिलेको छैन। यसमा कृष्ण प्रसाद यादव भारतमा इन्सपेक्सनमा जाँदा ०७६/८/३० मा दैनिक भ्रमण भत्ताबापत रु. १,५२,७३६। रुपैयाँ बुझेको नेपाल विद्युत प्राधिकरणको मिति २०८०/२/२३ च.न. ३४८ बाट देखिन्छ । त्यस्तै सोही दैनिक भ्रमण भत्ताको रकम प्रतिवादीको ज्योति विकास बैंकको खातामा 19Dec 2019 (२०७६/९/३) मा जम्मा भएको देखिन्छ । यसरी पत्र तथा कागजातबाट खुलेको सो वैदेशिक भ्रमण भत्ता रु. १,५२,७३६। को ३०% खर्च (रु.४५,८२०।८) कट्टी गरी बचत रु. १,०६,९१५।२ हो । तर आयोगले रु. ९१,०००। मात्र आयमा गणना गरी <u>१५,९१५।२</u> कम आय गणना गरेकोले सो रकम थप हुने गरी गणना हुने देखियो।

२४. <u>गणना छुट भएको वैदेशिक भ्रमण भत्ता आय</u>

- प्रतिवादीले सम्पति विवरण फारम भरेपश्चात पनि भ्रमण भत्ता प्राप्त गर्दै आएको भनी अनुसन्धानको बयानको स.ज. १४ मा खुलाएको ।

- प्रतिवादीले Supply and Delivery of spare parts for 3*5 MW Devighat HPP under variation order (Lot-4) सामानहरूको भारतको Bangalore र Bhopal मा inspection मा जाँदा नेपाल विद्युत प्राधिकरणबाट मिति २०७८/८/२४ मा रु. १,८४,२८२।१२ भ्रमण भत्ता प्राप्त गरेको प्राधिकरणको मिति २०८०/१/२९ च.न.

३१५ को पत्रबाट देखिन्छ । सो पत्र प्रतिवादीले यस अदालतमा मिति २०८०/७/१५ द.न. ११६९ को निवेदन साथ पेस गरेको देखिन्छ । सो भत्ता बापतको रकम प्रतिवादीको ज्योति विकास बैंक लि. को खातामा 22 Dec 2012 (२०७८/९/७) मा जम्मा भएको पनि देखिन्छ । उक्त दैनिक भ्रमण भत्ता रु. १,८४,२८२।१२ बाट ३०% खर्च (रु ५५,२८४।६) कट्टी गरी बचत रु. १,२८,९९७।५ आयमा गणना हुने देखियो। ।

- प्रतिवादी नेपाल विद्युत प्राधिकरण उत्पादन निर्देशनालयको मिति २०७९/१/९ को निर्णयअनुसार नयाँ दिल्ली स्थित spectro Analytical Labs Pvt. Limited मा ७ दिनको भ्रमणमा गएको नेपाल विद्युत प्राधिकरणको मिति २०७९/१/११ च.न. ८५ को पत्रबाट देखिन्छ। उक्त भ्रमण भत्ता रु. १,६८,२१०।९४ प्रतिवादीको NIC ASIA बैंक खाता नं. २८६३४५२५८४५२४००१ मा 22nd Aug 2022 मा जम्मा भएको देखिन्छ। उक्त रकम रु. १,६८,२१०।९४ को ३०% खर्च (रु. ५०,४३६।२८) कट्टी पछिको बचत रु. १,१७,७४७।६५ लाई आयमा गणना हुने देखियो।

- यसरी प्रतिवादीको वास्तविक वैदेशिक भ्रमण भत्ताबापत जम्मा रु. ७,५४,३५६।४५

२५. **कृषि आयः**

- आयोगका कृषि विज्ञले दिएको प्रतिवेदन अनुसार निज कृष्ण प्रसाद यादव, निजको बुवा काशि प्रसाद यादव, निजको आमा जगिया अहिरिन नाममा रहेको जिल्ला बारा हरैया, तेतरिया, उमजन स्थित जग्गाहरू, निज कृष्ण प्रसाद यादवको नाममा रहेको जिल्ला बारा उमजन- ०८ स्थित कि.न २९०, २९४, १२९, १७१, १७४, १२१, १२३, १२६, १२७, १७३, २९६ क्षेत्रफल ४-८-१४ भएको जग्गा, निजको श्रीमती मञ्जुदेवी यादवको नाममा रहेको जिल्ला बारा बरेवा रामपुर, भवानीपुर स्थित जग्गाबाट आ.ब. २०५२/५३ साल देखि २०७८/७९ सम्ममा निजको भागमा पर्ने जम्मा **रू.२०,४६,७२५।७५** गरेको आम्दानीलाई निजको कृषि आयमा गणना गरिएको देखिन्छ भने प्रतिवादीले सम्पत्ति विवरण साथ पेस गरेको कृषि आय रु. ५,७७,२६,४४९।- रहेको देखिन्छ।

सो सम्बन्धमा हेर्दा, आयोगले कृषि ज्ञान केन्द्र बाराको मिति २०७८/५/९ च.न ५० को पत्रको विवरणका आधारमा कृष्ण प्रसाद यादवले निज तथा निजको परिवारका सदस्यहरूको नाममा रहेको जग्गाहरूबाट अंशबण्डा अघि र पछि कृषि उपजहरूबाट वार्षिक रुपमा प्राप्त गरेको कृषि आयको विवरण रहेको देखिन्छ।

- प्रतिवादीले सम्पत्ति विवरण साथ आ.ब. ५२/५३ देखि आ.ब. ७७/७८ सम्मको चैते धानबालीबाट रु. १,६५,००,९४७।३, वर्षे धानबालीबाट रु. १,६५,००,९४७।३ र हिउँदे मकैबालीबाट रु. २,४७,२४,५५४।४५ समेत गरी रु. ५,७७,२६,४४९।को कृषि आय पेस गरेको देखिन्छ। प्रतिवादीसँग कृषियोग्य जग्गा रहेको देखिंदा देखिंदै सोको आम्दानी शुन्य रहेको ठानी गणना नगर्दा प्रतिवादीको सम्पत्तिको सही चित्र आउन नसक्ने अवस्था एकातिर छ भने कृषि आयको ठोस मापन हुन नसक्ने अवस्था अर्कोतिर छ। मूलतः कृषि आय उत्पादनमा निर्भर गर्छ। जग्गाको उर्वरशीलता, खेतीपातीको तौरतरिका एवम् कौशल, लगनशीलता, सिंचाईको उपलब्धता, आकाशे पानी वा सुक्खापन जस्ता तत्वले कृषि उत्पादनको मात्रा तय हुन सक्छ। यस सम्बन्धमा सर्वोच्च अदालतबाट युवराज शर्मा वि. नेपाल सरकार (०७१-NF-००२१) को मुद्दामा मा कृषि आय गणनाको सामान्य मापदण्ड तोकिएको पाइन्छ तथापी हालको अवस्थामा मुद्रास्फितिसमेतका कारणले उत्पादनको मौद्रिक (Monitory value) गणना तुलनात्मक रुपमा बढेको यथार्थ पनि विर्सन मिल्दैन। तसर्थ उत्पादनको मौद्रिक मूल्य (Monitory value) अद्यावधिक गरी मापदण्ड तय हुन आवश्यक देखिन्छ। प्रतिवादीले पेस गरेको स्थानीय निकायको प्रतिवेदन यथार्थपरक नदेखिंदा प्रमाणमा ग्रहणयोग्य देखिएन। कृषि ज्ञान केन्द्रको प्रतिवेदन प्रमाणमा ग्रहणयोग्य नै देखिदा सोही आय **रू.२०,४६,७२५।७५** कायम हुने देखियो।

२६. <u>जग्गा मुआब्जा आयः</u>

- आ.व.२०७५/०७६ मा मञ्जुदेवी यादवको नाममा रहेको जिल्ला बारा कलैया स्थित कि.न. ५८९, क्षे. ०-२-० मध्ये ०-०-४ जग्गा मानमत मटिअरवा सडक आयोजनामा पर्न गएको जग्गाको जिल्ला प्रशासन कार्यालयबाट मुआब्जा स्वरूप प्राप्त रकम रु. ४,२१,८७५।०० लाई निजको आयमा गणना गरिएको देखिन्छ। त्यसतर्फ प्रतिवादीले विवाद नगरेकाले सोही आय कायम हुने देखियो।

<u>२७. सेयर बिक्रीबाट प्राप्त रकमः</u>

- निज कृष्ण प्रसाद यादव र निजको परिवारको नाममा खरिद गरिएका विभिन्न कम्पनीहरूको सेयरहरू विभिन्न मितिमा बिक्री गरेर निजले जम्मा रू. ६३५,८७१।१५ प्राप्त गरेको देखिन्छ तर खरिद गर्दा स्रोत नपुगेको सेयर बिक्री बापत प्राप्त आयलाई समावेश नगरिएकाले सेयर बिक्री शीर्षकमा जम्मा रु. ३,६१,७९३।८८ रकमलाई निजको आयमा गणना गरिएको देखिन्छ।
- सो सम्बन्धमा हेर्दा, सर्वोच्च अदालतले नेपाल सरकार वि. बिरेन्द्र कुमार सिंह[10] मुद्दामा "आयको गणना गर्दा जाँच अवधिलाई एउटै समयावधि मानी आयको जाँच गर्नुपर्ने" प्रतिपादित सिद्धान्त र सर्वोच्च अदालत पूर्ण इजलासबाट युवराज शर्मा वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग ०७१-NF-००२१ को मुद्दामा प्रतिपादित सिद्धान्त समेतका आधारमा खरिद गर्दा स्रोत नपुगेको भन्ने आधारमा आय घटाउन मिल्ने नदेखिंदा समग्र आय कायम गरी सेयर बिक्रीबाट प्राप्त आय जम्मा रू. ६३५,८७१।१५ कायम हुने देखियो।

<u>२८. घरबहाल आयः</u>

- आरोपपत्रमा निजले सम्पत्ति विवरण फारममा घर बहाल रकम दाबी गरेको भएतापनि उक्त रकम मध्ये निज कृष्ण प्रसाद यादवको श्रीमती मन्जु देवी यादवको नाममा दर्ता कायम जिल्ला पर्सा वीरगञ्ज स्थित घरको बहाल कर तिरेबमोजिमको रकमलाई मात्र आयमा गणना गरिएकोमा निजको कर बुझाएको बहाल आम्दानी रकम रू. ५,७७,३५५।५३ भएता पनि उल्लेखित घर जग्गा खरिद गर्दा लागेको लागतमा २८.९३% रकमको मात्र स्रोत पुगेको देखिएकोले रू. ५७७३५५।५३ को २८.९३% ले हुन आउने बहाल आय रु.१,६७,०२८।९५ लाई निजको आयमा गणना गरिएको देखिन्छ।
- सो सम्बन्धमा हेर्दा, सर्वोच्च अदालतले नेपाल सरकार वि. वीरेन्द्र कुमार सिंह[11] मुद्दामा "आयको गणना गर्दा जाँच अवधिलाई एउटै समयावधि मानी आयको जाँच गर्नुपर्ने" प्रतिपादित सिद्धान्त र सर्वोच्च अदालत पूर्ण इजलासबाट युवराज शर्मा वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग ०७१-NF-००२१ को मुद्दामा प्रतिपादित सिद्धान्तसमेतका आधारमा खरिद गर्दा स्रोत नपुगेको भन्ने आधारमा आय घटाउन मिल्ने नदेखिंदा समग्र आय कायम गरी घरबहाल आय जम्मा रू. ५,७७,३५५।५३ कायम हुने देखियो।

**२९. लाइफ इन्सुरेन्स क. नेपाल लिमिटेडको बीमा आयः**

कृष्ण प्रसाद यादवले लाइफ इन्सुरेन्स कम्पनी नेपाल लिमिटेडमा गरेको जीवन बीमा म्याचुयर्ड भई प्राप्त रकम रू. ५,५२,७८८।०० लाई निजको आयमा गणना गरिएको र त्यसतर्फ प्रतिवादीले विवाद नगरेकाले सोही आय कायम हुने देखियो।

**३०. लाइफ इन्सुरेन्स कर्पोरेसन लिमिटेड (LIC INDIA)को बीमा आयः** कृष्ण प्रसाद यादवको नाममा रहेको भारत स्थित लाईफ इन्सुरेन्स कम्पनी लिमिटेडमा गरेको जीवन बीमा मिति २०७४।११।१५ मा म्याचुयर्ड भई प्राप्त रकम रू.

10 ने.का.प. २०७२, अंक ३, नि.नं. ९३६६
11 ने.का.प. २०७२, अंक ३, नि.नं. ९३६६

११,८४,०००।०० लाई निजको आयमा गणना गरिएको र त्यसतर्फ प्रतिवादीले विवाद नगरेकाले सोही आय कायम हुने देखियो। ।

**३१. नेपाल विद्युत प्राधिकरणबाट लिएको ऋणः**

कृष्ण प्रसाद यादवले मिति २०५९-११-०१ मा रु. १,५९,६७०।- र मिति २०६८-१०-२३ मा रू. १,००,०००।— गरी जम्मा रू. २,५९,६७०।— नेपाल विद्युत प्राधिकरणबाट ऋण कर्जा उपभोग गरेको देखिएकाले उक्त रकमलाई पनि निजको आयमा गणना गरिएको र त्यसतर्फ प्रतिवादीले विवाद नगरेकाले सोही आय कायम हुने देखियो।

**३२. कर्मचारी सञ्चय कोषबाट लिएको कर्जाः**

कृष्ण प्रसाद यादवले सार्वजिक सेवामा कार्यरत रहँदा अनुसन्धान अवधिमा आफ्नो नाममा कर्मचारी सञ्चय कोषबाट विशेष सापटी रू.२,१३,६००।- ऋण आय प्राप्त गरेको देखिन्छ । उक्त रकमलाई निजको आयमा गणना गरिएको र त्यसतर्फ प्रतिवादीले विवाद नगरेकाले सोही आय कायम हुने देखियो।

**३३. नागरिक लगानी कोषबाट लिएको ऋणः**

कृष्ण प्रसाद यादवले सार्वजिक सेवामा कार्यरत रहँदा अनुसन्धान अवधिमा आफ्नो नाममा नागरिक लगानी कोषबाट मिति २०७८।०७।१४ मा रू. ५,००,०००।- र २०७८।०८।१९ मा रू.५,००,०००।- गरी जम्मा रू.१०,००,०००।- ऋण रकम लिएको देखिन आएकोले उक्त रकमलाई समेत निजको आयमा गणना गरिएको र त्यसतर्फ प्रतिवादीले विवाद नगरेकाले सोही आय कायम हुने देखियो।

**३४. ज्योति विकास बैंक बाट लिएको ऋणः** निज कृष्ण प्रसाद यादवले २०७९ जेठमा ज्योति विकास बैंकबाट लिएको कर्जा रकम रू. ७,५०,०००।- लाई निजको आयमा गणना गरिएको छ। जाँच अवधिपश्चात निजले ज्योति विकास बैंकबाट लिएको ऋण कर्जालाई समावेश गरिएको र त्यसतर्फ प्रतिवादीले विवाद नगरेकाले सोही आय कायम हुने देखियो।

**३५. श्रमज्योती सहकारीबाट लिएको ऋणः** निज कृष्ण प्रसाद यादवले आ.व. २०६४/०६५ मा श्रम ज्योति ऋण तथा बचत सहकारी संस्था लिमिटेडबाट लिएको विविध कर्जा रू. ३,३४,०००।- र सामाजिक ऋण कर्जा रू.१,००,०००।- गरी जम्मा ऋण रू.४,३४,०००।- रकमलाई निजको आयमा गणना गरिएको र त्यसतर्फ प्रतिवादीले विवाद नगरेकाले सोही आय कायम हुने देखियो।

**३६. सवारी साधन बिक्रीः**

- कृष्ण प्रसाद यादवले निजको श्रीमती मन्जु देवी यादवको नाममा मिति २०७२ सालमा यमाहा कम्पनीको बा ७४ प ३६९६ नं को सवारी साधन रु.१,९०,१९३।-मा करसहित खरिद गरकोमा उक्त रकमको ६५.४४% मात्र स्रोत पुगेको देखिएकाले सो सवारी साधन बिक्रीबाट प्राप्त आय रु.१,१०,०००।-को ६५.४४% अर्थात रु. ७१,९८४।- लाई मात्र आयमा रखिएको देखिन्छ।
- सो सम्बन्धमा हेर्दा, सर्वोच्च अदालतले नेपाल सरकार वि. वीरेन्द्र कुमार सिंह[१२] मुद्दामा "आयको गणना गर्दा जाँच अवधिलाई एउटै समयावधि मानी आयको जाँच गर्नुपर्ने" प्रतिपादित सिद्धान्त र सर्वोच्च अदालत पूर्ण इजलासबाट युवराज शर्मा वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग ०७१-NF-००२१ को मुद्दामा प्रतिपादित सिद्धान्तसमेतका आधारमा खरिद गर्दा स्रोत नपुगेको भन्ने आधारमा आय घटाउन मिल्ने नदेखिंदा समग्र आय कायम गरी घरबहाल आय जम्मा रु.१,९०,१९३। कायम हुने देखियो।

**३७. सेयरबाट प्राप्त नगद लाभांश (कर पश्चात)ः**

12 ने.का.प. २०७२, अंक ३, नि.नं. ९३६६

- कृष्ण प्रसाद यादव र निजको एकाघरका सदस्यका नाममा रहेको विभिन्न कम्पनीको सेयरबाट विभिन्न मितिमा प्राप्त खुद लाभांशबापतको कर कट्टीपश्चातको रकम रू.६,६८,७५०।९६ लाई निजको आयमा गणना गरिएकोमा प्रतिवादीले त्यसतर्फ विवाद गरेको देखिन्छ।
- सो सम्बन्धमा हेर्दा, आरोपपत्रमा कृष्ण प्रसाद यादव र निजको परिवारका सदस्यको नाममा रहेको सेयरबाट प्राप्त नगद लाभांश विवरण यसप्रकार रहेको देखिन्छः

| सि.नं. | मिति | विवरण | आय (रु.) | कै. |
|---|---|---|---|---|
| १ | २०६२-०४-०१ | आ.व.२०६२/०६३ मा कृष्ण प्रसाद यादव र निजको एकाघरका सदस्यका नाममा रहेको विभिन्न कम्पनीको सेयरबाट प्राप्त खुद लाभांश | ८,५५०.०० | |
| २ | २०६३-०४-०१ | आ.व.२०६३/०६४ मा कृष्ण प्रसाद यादव र निजको एकाघरका सदस्यका नाममा रहेको विभिन्न कम्पनीको सेयरबाट प्राप्त खुद लाभांश | १२,८२५.०० | |
| ३ | २०६४-०४-०१ | आ.व.२०६४/०६५ मा कृष्ण प्रसाद यादव र निजको एकाघरका सदस्यका नाममा रहेको विभिन्न कम्पनीको सेयरबाट प्राप्त खुद लाभांश | १४,९६२.५० | |
| ४ | २०६५-०४-०१ | आ.व.२०६५/०६६ मा कृष्ण प्रसाद यादव र निजको एकाघरका सदस्यका नाममा रहेको विभिन्न कम्पनीको सेयरबाट प्राप्त खुद लाभांश | १९,२३७.५० | |
| ५ | २०६६-०४-०१ | आ.व.२०६६/०६७ मा कृष्ण प्रसाद यादव र निजको एकाघरका सदस्यका नाममा रहेको विभिन्न कम्पनीको सेयरबाट प्राप्त खुद लाभांश | २७,७४०.०० | |
| ६ | २०६७-०४-०१ | आ.व.२०६७/०६८ मा कृष्ण प्रसाद यादव र निजको एकाघरका सदस्यका नाममा रहेको विभिन्न कम्पनीको सेयरबाट प्राप्त खुद लाभांश | १७,१९१.०० | |
| ७ | २०६८-०४-०१ | आ.व.२०६८/०६९ मा कृष्ण प्रसाद यादव र निजको एकाघरका सदस्यका नाममा रहेको विभिन्न कम्पनीको सेयरबाट प्राप्त खुद लाभांश | १४,१८५.०० | |
| ८ | २०६९-०४-०१ | आ.व.२०६९/०७० मा कृष्ण प्रसाद यादव र निजको एकाघरका सदस्यका नाममा रहेको विभिन्न कम्पनीको सेयरबाट प्राप्त खुद लाभांश | १३,२२२.०० | |
| ९ | २०७०-०४-०१ | आ.व.२०७०/०७१ मा कृष्ण प्रसाद यादव र निजको एकाघरका सदस्यका नाममा रहेको विभिन्न कम्पनीको सेयरबाट प्राप्त खुद लाभांश | ३०,९०१.४५ | |
| १० | २०७१-०४-०१ | आ.व.२०७१/०७२ मा कृष्ण प्रसाद यादव र निजको एकाघरका सदस्यका नाममा रहेको विभिन्न कम्पनीको सेयरबाट प्राप्त खुद लाभांश | १३,६०६.८७ | |

| सि.नं. | मिति | विवरण | आय (रु.) | कै. |
|---|---|---|---|---|
| ११ | २०७२-०४-०१ | आ.व.२०७२/०७३ मा कृष्ण प्रसाद यादव र निजको एकाघरका सदस्यका नाममा रहेको विभिन्न कम्पनीको सेयरबाट प्राप्त खुद लाभांश | १४,५५८.२३ | |
| १२ | २०७३-०४-०१ | आ.व.२०७३/०७४ मा कृष्ण प्रसाद यादव र निजको एकाघरका सदस्यका नाममा रहेको विभिन्न कम्पनीको सेयरबाट प्राप्त खुद लाभांश | १९,१३०.११ | |
| १३ | २०७४-०४-०१ | आ.व.२०७४/०७५ मा कृष्ण प्रसाद यादव र निजको एकाघरका सदस्यका नाममा रहेको विभिन्न कम्पनीको सेयरबाट प्राप्त खुद लाभांश | ४८,३९८.७५ | |
| १४ | २०७५-०४-०१ | आ.व.२०७५/०७६ मा कृष्ण प्रसाद यादव र निजको एकाघरका सदस्यका नाममा रहेको विभिन्न कम्पनीको सेयरबाट प्राप्त खुद लाभांश | ७१,०२२.७८ | |
| १५ | २०७६-०४-०१ | आ.व.२०७६/०७७ मा कृष्ण प्रसाद यादव र निजको एकाघरका सदस्यका नाममा रहेको विभिन्न कम्पनीको सेयरबाट प्राप्त खुद लाभांश | ६७,६०५.६४ | |
| १६ | २०७७-०४-०१ | आ.व.२०७७/०७८ मा कृष्ण प्रसाद यादव र निजको एकाघरका सदस्यका नाममा रहेको विभिन्न कम्पनीको सेयरबाट प्राप्त खुद लाभांश | १८९,२८५.५१ | |
| १७ | २०७८-०४-०१ | आ.व.२०७८/०७९ मा कृष्ण प्रसाद यादव र निजको एकाघरका सदस्यका नाममा रहेको विभिन्न कम्पनीको सेयरबाट प्राप्त खुद लाभांश | ८६,३२८.६२ | |
| **सेयरबाट प्राप्त जम्मा नगद लाभांश रु.** | | | ६,६८,७५०.९६ | |

- प्रतिवादीको परिवारका सदस्यहरूले प्राप्त गरेको कर कट्टी पछि प्राप्त गरेको नगद लाभांश निजहरूको बैंक खातामा जम्मा भएकोले सोही खातामा प्राप्त आयलाई कायम गर्नुपर्ने देखियोः

| व्यक्ति | नगद लाभांशको विवरण | | | |
|---|---|---|---|---|
| | बैंक | खाता नं. | प्राप्त गरेको खुद लाभांश | कैफियत |
| कृष्ण प्रसाद यादव | NIC ASIA | २८६३४५२५८४५२४००१ | ८,२५,८८६।५४ | फाइल नं. ४, पन्जिका नं ८/६४ देखि ८/७३ |
| ,, | Prime bank | ०१८०१०००००४८१७०१६०५ | १०,२७०।२ | |
| मञ्जुदेवी यादव | NIC ASIA | २८६३४५२५९४५२४०००१ | १,३४,२८०।२१ | फाइल नं. ४, पन्जिका नं ८/४१ देखि ८/४९ |
| कृति यादव | ,, | २८६३४५२५५३५२४०००१ | ४६,९८०।८ | फाइल नं. ४, पन्जिका नं ८/५ देखि ८/८ |

| व्यक्ति | नगद लाभांशको विवरण | | | |
|---|---|---|---|---|
| | बैंक | खाता नं. | प्राप्त गरेको खुद लाभांश | कैफियत |
| मार्भी यादव | ” | २८६३४५२५४०५२४०००१ | ७८,६२१।९७ | फाइल नं. ४, पन्जिका नं ८/१ देखि ८/४ |
| राज यादव | ” | २८६३४५२६०६५२४०००१ | ४३,९६५।८३ | फाइल नं. ४, पन्जिका नं ८/१२ देखि ८/१५ |
| जम्मा | | | ११,४०,००५।५५ | |
| आयोगले गणना गरेको आय | | | ६,६८,७५०।९३ | |
| थप हुनु पर्ने सेयरबाट प्राप्त नगद लाभांश | | | ४,७१,२५४।५९ | |

**३८. विभिन्न बैंकबाट प्राप्त ब्याजः**

❖ आरोपपत्रमा कृष्ण प्रसाद यादव र निजको एकाघरका सदस्यका नाममा खोलिएका विभिन्न बैक तथा वित्तीय संस्थामा रहेको विभिन्न मुद्दती र बचत खातामा रहेको मौज्दातबाट विभिन्न मितिमा प्राप्त खुद ब्याज रू. १६,८७,२१३।३४ लाई निजको आम्दानीमा देखाइएकोमा प्रतिवादीले त्यसतर्फ विवाद गरेको देखिन्छ।

❖ सो सम्बन्धमा हेर्दा, प्रतिवादी र निजका परिवारका सदस्यले प्राप्त गरेको बैंक ब्याज आय देहाय बमोजिम रहेको बैंक स्टेटमेण्टबाट देखिमा सोहीबमोजिम गणना हुने देखियोः

- Nepal SBI बैंकको विशेष अदालतलाई प्राप्त मिति २०८०/९/२९ को पत्र अनुसार मञ्जुदेवी यादवको खाता नं. १७८१५२४३३००३१९ मा प्राप्त ब्याज रु. <u>१४९१।११</u>
- Nepal SBI बैंकको विशेष अदालतलाई प्राप्त मिति २०८०/९/२९ को पत्र अनुसार मार्भी यादवको खाता नं. १७७१५२४१४१५१४३ मा प्राप्त ब्याज रु. <u>२,७६५।९१</u>
- विशेष अदालतलाई प्राप्त NIC ASIA बैंक को मिति २०८०/९/५ च.न. ४१३३ को पत्रबाट कृष्ण प्रसाद यादवको खाता नं. २८६३४५२५८४५२४००१ मा प्राप्त ब्याज रु. <u>१,१९,८४७।०४</u>
- विशेष अदालतलाई प्राप्त NIC ASIA बैंक को मिति २०८०/९/५ च.न. ४१३३ को पत्रबाट मञ्जुदेवी यादवको खाता नं. २८६३४५२५९४५२४००१ मा प्राप्त ब्याज रु. <u>७१,१५९।२८</u>
- विशेष अदालतलाई प्राप्त NIC ASIA बैंक को मिति २०८०/९/५ च.न. ४१३३ को पत्रबाट राज यादवको खाता नं. २८६३४५२६०६५२४००१ मा प्राप्त ब्याज रु. <u>५६,६५८।</u>
- विशेष अदालतलाई प्राप्त NIC ASIA बैंक को मिति २०८०/९/५ च.न. ४१३३ को पत्रबाट मार्भी यादव खाता नं. २८६३४५२५४०५२४००१ मा प्राप्त ब्याज रु. <u>९७,६८९।५६</u>
- विशेष अदालतलाई प्राप्त NIC ASIA बैंक को मिति २०८०/९/५ च.न. ४१३३ को पत्रबाट कृति यादवको खाता नं. २८६३४५२५५३५२४००१ मा प्राप्त ब्याज रु. <u>३७,५९९।८२</u>
- ज्योति विकास बैंक लि, को विशेष अदालतलाई प्राप्त मिति २०८०/९/११ च.न. ९१० को पत्र अनुसार कृष्ण प्रसाद यादवको खाता नं. ००१०१५००००१६६९००००००१ मा प्राप्त खुद ब्याज रु. <u>८,०२,३१०।९३</u>
- प्राइम बैंक लि. को विशेष अदालतलाइ प्राप्त मिति २०८०/११/१ को पत्र साथ प्राप्त कृष्ण प्रसाद यादवको खाता नं. ०१८०१००००००४८१७०१६०५ बाट देखिएको खुद ब्याज रु. <u>६२००।४९</u> (गणना विवरण बहस नोट अनुसूची ५मा छ)
- मञ्जुदेवी यादवको नेपाल इन्भेस्टमेन्ट बैंक लि. खाता नं.००१०९०४८०६००६ मा प्राप्त खुद ब्याज रु.

२,८४,४८६।९४ (फाइल नं. ४ पन्जिका नं. ४/१ देखि ४/६)

- कृष्ण प्रसाद यादवको साविक नेपाल इन्भेस्टमेन्ट बैंक हाल नेपाल इन्भेस्टमेन्ट मेगा बैंकको खाता नं. ००१०९०४९०६००६ मा प्राप्त ब्याज रु. २,३९,७६७।४८ (फाइल नं. ४ पन्जिका नं. ४/७ देखि ४/४४)
- कृष्ण प्रसाद यादवको NCC बैंक लिमिटेडमा रहेको खाता नं. ००३०००३४१२३०D मा प्राप्त ब्याज रु. १,६८,४२८।०२ (फाइल नं. ४ पन्जिका नं. ५/१ देखि ५/३१)
- कृष्ण प्रसाद यादवको बैंक अफ काठमाडौंको खाता नं ०७०४००००००४७५२४ मा प्राप्त खुद ब्याज रु. ८०,३१०।६४ (फाइल नं. ४ पन्जिका नं. ६/१ देखि ६/४)
- मञ्जुदेवी यादवको बैंक अफ काठमाडौंको खाता नं. ०७००००६४४०१ मा प्राप्त खुद ब्याज रु. २८,४२४।४ (फाइल नं. ४ पन्जिका नं. ६/५ देखि ६/८)
- मञ्जुदेवी यादवको नबिल बैंक लि. खाता नं. १७१००१७५०९२१९ मा प्राप्त खुद ब्याज रु. १,०८,२५६।८८ (फाइल नं. ४ पन्जिका नं. ७/१ देखि ७/५)

| | |
|---|---|
| जम्मा ब्याज आय | २१,०५,४०६।६ |
| आयोगले गणना गरेको ब्याज आय | १६,८७,२१३।३४ |
| थप हुनुपर्ने ब्याज आय | ४,१८,१९३।१६ |

३९. आयोगले गणना गर्न छुटाएको शीर्षकहरूको आय निम्नबमोजिम रहेको देखिन्छ

४०. नेपाल विद्युत प्राधिकरणबाट प्राप्त सावधिक जीवन विमाको रकम

- प्रतिवादी कृष्ण प्रसाद यादवले २०७१ सालमा नेपाल विद्युत प्राधिकरणबाट साबधिक जीवन बिमा रकम रु. १२,१९,८३४।७४ प्राप्त गरेको तथ्य नेपाल विधुत प्राधिकरण, कुलेखानी दोस्रो जलविद्युत केन्द्रको मिति २०७८/५/१६ को पत्र (फाइल नं. २ पन्जिका नं. ७४), त्यस्तै फाइल नं. ३ पन्जिका नं.१२/११४) बाट र नेपाल विद्युत प्राधिकरणको मिति २०८०/१/३ च.न. ५९५ को पत्र साथ संलग्न ऐ. को उत्पादन निर्देशानलयको मिति २०७९/१२/२८ च.न. १७२ को पत्र (फाइल नं. ३ पन्जिका नं. १२/१६४ देखि १२/१६८) बाट र उक्त बिमा रकम प्रतिवादी कृष्ण प्रसाद यादवको बैंक अफ काठमाडौंको खाता नं ०७०४००००००४७५२४ मा जम्मा भएको समेतबाट पुष्टि भएको देखिदा सावधिक जीवन विमाको रकम रु. १२,१९,८३४।७४ गणना हुने देखियो।

४१. विवाहमा प्राप्त टिकाटालो, उपहार

- कृष्ण प्रसाद यादव र मञ्जुदेवी यादवको मिति २०४८/११/२३ मा सामाजिक परम्पराअनुसार मागी विवाह भएको ।विवाह हुँदाको समयमा रहेको विशिष्ट सामाजिक परम्परा अनुसार विवाहको समयमा टिकाटालो, उपहार स्वरूप ससुरालीबाट रु. ५,००,०००। आम्दानी प्राप्त गरेको भनी प्रतिवादी कृष्ण प्रसाद यादवले अनुसन्धानको बयानको स.ज. ११ मा आय दाबी लिएको । त्यस्तै मञ्जुदेवी यादवले अदालतसमक्षको बयानको स.ज. १५ मा विवाहमा रु. ५ लाख प्राप्त गरेको भनी दाबी लिएको हुँदा विवाहमा प्राप्त दान दक्षिणा उपहार बापतको उक्त आय रु. ५,००,०००। समेत प्रतिवादीको आयमा गणना गरिनु पर्ने भन्ने जिकर रहेकोमा सामाजिक परम्परा प्रतिवादीको आर्थिक सामाजिक हैसियत समेतका आधारमा प्रतिवादीले विवाहमा टिकाटालो बापत दक्षिणा प्राप्त गर्ने न्यायिक अनुमानका आधारमा निजको सो आय जम्मा रु. ३,००,०००। गणना हुने देखियो।

४२. ऋण सापटी

प्रतिवादी कृष्ण प्रसाद यादवले छोरा छोरीको अध्ययन तथा थप अध्ययनका लागि विदेश पठाउनको लागि आवश्यक

पर्ने भिसा प्रोसेसिङलगायतको कार्य गर्न लिएको देहायबमोजिम ऋण सापटी आयोगले गणना नगरेको हुँदा आयमा समावेश गरिनु पर्ने भन्ने जिकिर प्रतिवादीले उक्त सापटीबाट प्राप्त गरेको आयहरू समेत गरी बैंकमा जम्मा हुन आएको बैंक मौज्दात रु. ३४,७५,०९९।१२ लाई व्ययमा गणना गरेको समेतबाट पुष्टि भएकोले सो आय जम्मा रु. १८,००,०००। गणना हुने देखियो।

- कृष्ण प्रसाद यादवले 8 Jun 2017 (मिति २०७४/२/२५) मा व्यापार व्यवसाय गर्ने जेठान राजेश यादवबाट रु. ५,००,०००। सापटी लिएको। सो सापटी रकम राजेश यादवले प्रतिवादी कृष्ण प्रसाद यादवको ज्योति विकास बैंक खाता नं. ००१०१५०००००१६६९००००००१ मा जम्मा गरिदिएको।
- कृष्ण प्रसाद यादवले 4 July 2018 (मिति २०७५/३/२०) मा व्यापार व्यवसाय गर्ने जेठान लालबाबु यादवबाट रु. २,००,०००।सापटी लिएको।सो सापटी रकम लालबाबु यादवले प्रतिवादी कृष्ण प्रसाद यादवको NCC बैंक खाता नं. ००३०००३४१२३०D मा जम्मा गरिदिएको।
- मञ्जुदेवी यादवले 30 Sep 2018 (मिति २०७५/६/१४)व्यापार व्यवसाय गर्ने रबिन्द्र प्रसाद यादवबाट रु. ५,००,०००। सापटी लिएको। सो सापटी रकम रवीन्द्र प्रसाद यादवले मञ्जुदेवी यादवको नामको नबिल बैंक खाता नं. ७१००१७५०९२१९ मा जम्मा गरिदिएको।
- कृष्ण प्रसाद यादवले 9 Sep 2020 (मिति २०७७/५/२४) मा जेठान राजेश यादवको छोरा राहुल यादवबाट रु. १,००,०००। सापटी लिएको । सो सापटी रकम राहुल यादवले प्रतिवादीको NIC ASIA बैंक खाता नं. 2863452584524001 मा जम्मा गरिदिएको ।
- कृष्ण प्रसाद यादवले 28 Feb 2021 मा (२०७७/११/१६) मा साथी राम दुलार यादवबाट रु. ५,००,०००। सापटी लिएको । सो सापटी रकम राम दुलार यादवले NMB बैंकको चेक मार्फत प्रतिवादी कृष्ण प्रसाद यादवको ज्योति विकास बैंक खाता नं. ००१०१५०००००१६६९००००००१ मा जम्मा गरिदिएको।

४३. विप्रेषण आय

- प्रतिवादीको छोरी कृति यादवले अस्ट्रेलियाबाट जाँच अवधिमा 29 Jul 2020 (२०७७/४/१४) मा St. George Bank मार्फत receipt number: M 1119 7750 (Au $ 1910), M 4115 4733 (Au $5000), M 2114 7713 (Au $ 5000) र M 2106 1437 (Au $ 4000) समेत गरी जम्मा Au $ 15,910 नेपाल विप्रेषण गरेको।
- सो विप्रेषण भएको रकम प्रतिवादी मञ्जुदेवी यादवको NIC ASIA बैंकको खाता नं. २८६३४५२५९४५२४००१ मा 30 Jul 2020 र 31 Jul 2020 (२०७७/४/१५ र २०७७/४/१६) मा गरी रु. १०,१२,७००। प्राप्त भएको।

  कृति यादवले अस्ट्रेलियाबाट विप्रेषण गरेको रु. १०,१२,७००। लाई प्रतिवादीको आयमा गणना हुने देखियो।

४४. नागरिक लगानी कोष फिर्ता

- अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नागरिक लगानी कोषको मिति २०७९/६/९ को च.न. १०९ को पत्रमा उल्लेख भएको मिति २०७८/७/१४ मा लिएको ऋण रु. ५,००,०००। (आय व्यय प्रावाह विवरणको सि.नं. ३६२), मिति २०७८/९/१९ मा लिएको ऋण रु. ५,००,००० (आय व्यय प्रवाह विवरणको सि.न. ३६४) गरी रु. १०,००,०००। आयमा गणना गरेको।
- त्यस्तै सोही पत्रमा उल्लेख भएको ऋण तिरेको रकम रु. १०,४०,०००।३५ लाई (आय व्यय प्रवाह विवरण को सी.न. ३७०) मा व्यय कायम गरेको।
- तर नागरिक लगानी कोषको सोही मिति २०७९/६/९ च.न. १०९ मा स्पष्टसँग उल्लेख भएको मिति २०७९/२/४ मा प्रतिवादीले फिर्ता प्राप्त गरेको लगानी कोष फिर्ता रकम रु. २२,७१,११४।०८ लाई आयमा गणना नगरेको मिलेको देखिएन।

- तसर्थ, प्रतिवादीले नागरिक लगानी कोषबाट लिएको ऋण रकम सोही कोष फिर्ताको रकमबाट कट्टी गरी बाँकी रकम प्रतिवादीले २०७९/२/४ मा फिर्ता प्राप्त गरेको तथ्य नगारिक लगानी कोषको मिति २०७९/६/९ च.न. १०९ को पत्रबाट देखिन्छ। आयोगले ऋण फिर्ता रकमलाई आय व्यय प्रवाह विवरणको सि.न. ३७०, मा छुट्टै खर्च गणना गरिसकेको हुँदा प्रतिवादीले प्राप्त गरेको लगानी कोष फिर्ताको पुरा रकम रु. २२,७१,११४।०८ पैसा प्रतिवादीको आयमा गणना हुने देखियो।

४५. माथि गरिएको विवेचनाका आधारमा प्रतिवादीको समग्र आय निम्न तालिकाबमोजिम हुने देखियो:

| आय तालिका | | | |
|---|---|---|---|
| सि.नं. | जाँच अवधिमा गरेको आयका शीर्षक / विवरण | आयोगबाट कायम भएको रकम रु. | अदालतबाट कायम भएको रकम रु. |
| १ | पारिश्रमिक, विविध भत्ता समेतको बचत | ६,६७३,५८१.५० | ८७१८१२८ |
| २ | प्रोत्साहन भत्ता | १७५,३३७.०० | २६५१५८ |
| ३ | बिदेश भ्रमण भत्ता | ४७७,६९६.१० | ७५४३५६.४५ |
| ४ | जाँच अवधिमा प्राप्त गरेको खुद कृषि आय | २,०४६,७२५.७५ | २०४६७२५.७५ |
| ५ | जग्गा सडकमा परे वापत प्राप्त मुआब्जा | ४२१,८७५.०० | ४२१,८७५.०० |
| ६ | शेयर बिक्रीबाट भएको आय(कर पश्चात) | ३६१,७९३.८८ | ६३५८७१.१४ |
| ७ | घरबहाल आय | १६७,०२८.९५ | ३३१८७५१ |
| ८ | LIC NEPAL बीमा आय | ५५२,७८८.०० | ५५२,७८८.०० |
| ९ | LIC INDIA बीमा आय | १,१८४,०००.०० | १,१८४,०००.०० |
| १० | नेपाल बिद्युत प्राधिकरण बाट लिएको ऋण | २५९,६७०.०० | २५९,६७०.०० |
| ११ | कर्मचारी संचय कोषबाट लिएको ऋण | २१३,६००.०० | २१३,६००.०० |
| १२ | नागरिक लगानी कोषबाट लिएको ऋण | १,०००,०००.०० | १,०००,०००.०० |
| १३ | ज्योति बिकास बैक बाट लिएको ऋण | ७५०,०००.०० | ७५०,०००.०० |
| १४ | श्रमज्योती सहकारीबाट लिएको ऋण | ४३४,०००.०० | ४३४,०००.०० |
| १५ | सवारी साधन बिक्री बापतको आय | ७१,९८४.०० | ११०,०००.०० |
| १६ | शेयरबाट प्राप्त नगद लाभांश(कर पश्चात) | ६६८,७५०.९६ | १,१४०,००५.५५ |
| १७ | विभिन्न बैंकहरुमा रहेको मौज्दातबाट प्राप्त ब्याज | १,६८७,२१३.३४ | २,१०५,३९६.५० |
| | **अदालतबाट कायम भएको आयका थप शीर्षकहरु:** | | |
| १८ | सावधिक जीवन विमा | | १,२१९,८४३.७४ |
| १९ | जग्गा विक्री | | |
| २० | विवाहमा प्राप्त गरेको | | ३००,०००.०० |
| २१ | सापटी | | १,५००,०००.०० |
| २२ | विप्रेषण | | १,०१२,७००.०० |
| २३ | नागरिक लगानी कोषबाट फिर्ता | | २,२७१,११४.०८ |
| | **जम्मा** | **१७,१४६,०४४.४८** | **३०,५१३,९८३.२१** |

(ख) व्यय तर्फ :

४६. बादीले आरोपपत्रमा कायम गरेको व्यय शीर्षकहरूमध्ये प्रतिवादीले देहायका शीर्षकहरूमा विवाद नगरी स्वीकार गरी बसेकोले आरोपपत्रमा कायम व्यय रकम नै गणना हुने देखियोः

| सि.नं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | जग्गा खरिद | २,१३१,७८५.०० |
| २ | घर निर्माणमा भएको खर्च | ६,८४०,६२०.४५ |
| ३ | घरजग्गा खरीद | २,८००,०००.०० |
| ४ | घर जग्गा/बहाल कर | १३५,२८२.०० |
| ५ | जम्मा शैक्षिक खर्च | २,७९२,१२९.५० |
| ६ | सेयर खरिद | ५,९०१,९०७.०८ |
| ७ | राज यादव बीमा शुल्क (प्रिमियम) | २२०,०६८.०० |
| ८ | LIC NEPAL बीमा शुल्क (प्रिमियम) | ३२२,६५०.०० |
| ९ | LIC INDIA बीमा शुल्क(प्रिमियम) | १,०११,३१२.०० |
| १० | नेपाल विद्युत प्राधिकरणको ऋण चुक्ता | ३२१,२०९.३३ |
| ११ | कर्मचारी सञ्चय कोषबाट लिएको ऋण चुक्ता | १००,०००.०० |
| १२ | नागरिक लगानी कोषबाट लिएको ऋण चुक्ता | १,०४०,०००.३५ |
| १३ | ज्योति विकास बैक बाट लिएको ऋण चुक्ता | ७५०,०००.०० |
| १४ | श्रमज्योती सहकारीबाट लिएको ऋण चुक्ता | ४६७,०६८.१७ |
| १५ | सवारी खरिद | ४४७,७४८.०० |
| १६ | रजिस्ट्रेसन दस्तुर | १५२,००५.०० |
| १७ | छोरीहरू विदेश अध्ययन जादाको खर्च | २,४८९,७१०.९० |
| १८ | बैंक मौज्दात | ३,४७५,०९९.१२ |
| **जम्मा व्यय** | | **३१,३९८,५९४.९०** |

४७. उपरोक्त उल्लिखित प्रकरणहरू एवम् आयव्यय प्रवाह विवरणको विश्लेषण गर्दा अनुसन्धान जाँच अवधिमा कृष्ण प्रसाद यादवको निम्नानुसारका क्षेत्रहरूबाट व्यय अर्थात खर्च भएको देखिन्छ ।

४८. घर निर्माण खर्चः

- कृष्ण प्रसाद यादवले आयोगमा पेस गरेको सम्पत्ति विवरण फाराम र निजले बयानको सवाल नं. २९ मा र निजको श्रीमती मञ्जुदेवी यादवले बयानको सवाल नं. ११ मा खुलाए अनुसार जिल्ला बारा, कलैया उ.म.न.पा.-०६ स्थित कृष्ण प्रसाद यादवको नाममा रहेको कि.न. ५८९ क्षेत्रफल ०-१-०२ भएको जग्गामा, जिल्ला काठमाडौं, बुढानीलकण्ठ न.पा. १०, कपन स्थित मञ्जुदेवी यादवको नाममा रहेको कि.न. १४० को जग्गामा र जिल्ला पर्सा वीरगन्ज म.न.पा. -१५ स्थित मञ्जुदेवी यादवको नाममा रहेको कि.न. ३५९ क्षेत्रफल ०-०-८-१२ भएको जग्गामा गरि जाँच अवधिमा विभिन्न तीन (३) स्थानमा घर निर्माण भएको देखिन्छ । यस आयोगका विज्ञ मूल्याङ्कन कर्ताहरूबाट प्राप्त पत्रसहितको लागत मूल्याङ्कन प्रतिवेदन अनुसार मिति २०५७।०६।१२ मा निर्माण इजाजत लिई जिल्ला बारा, कलैया उमनपा ०६ स्थित कृष्ण प्रसाद यादवको नाममा रहेको कि.न. ५८९ क्षेत्रफल ०-१-०२ भएको जग्गामा आ.व.२०५७/०५८ मा पहिलो तला घर निर्माणमा लागेको जम्मा

रु. १०,५२,७०७।८८ निर्माण खर्चमा ४ जना अंशियार मध्ये निजको हिस्सामा आउने खर्च रु. २,६३,१७६।९७, सोही जग्गामा आ.व.२०५८/०५९ मा दोस्रो तला घर निर्माणमा लागेको जम्मा रु. १२,९२,१९८।९२ निर्माण खर्चमा ४ जना अंशियार मध्ये निजको हिस्सामा आउने खर्च रु. ३,२३,०४९।७३, आ.व.२०६२/०६३ मा जिल्ला काठमाडौं, बुढानीलकण्ठ न.पा. १०, कपन स्थित मञ्जुदेवी यादवको नाममा रहेको कि.न. १४० मा घर निर्माणमा लागेको खर्च तथा खरिद गरिएका इलेक्ट्रिकल उपकरण र फर्निसिङ सहितको व्यय रु. ३०,६१,६८१।४४ र आ.व.२०७८/०८९ मा निर्माण इजाजत लिई जिल्ला पर्सा वीरगन्ज म.न.पा. १५ स्थित मञ्जुदेवी यादवको नाममा रहेको कि.न. ३५९ क्षेत्रफल ०-०-८-१२ भएको जग्गामा पहिलो तला घर निर्माणमा लागेको लागत रु. ३१,९२,७१२।३१ समेत गरी विभिन्न तिन स्थानमा जाँच अवधिको दोरान घर निर्माणमा जम्मा रू. ६८,४०,६२०।४५ खर्च गरेको देखिन्छ। जसलाई आयोगले निजको व्ययमा गणना गरिएको देखिन्छ। प्रतिवादीले त्यसतर्फ विवाद गरेको देखिन्छ।

- सो सम्बन्धमा हेर्दा, कृष्ण प्रसाद यादवले आफूले नै घर बनाएको भन्ने देखिंदा घर निर्माणमा जम्मा रू. ६८,४०,६२०।४५ को ठेक्काकर १५% र ओभरहेड खर्चसमेत ५% ले हुने रु. १३,६८,१२४। घटाउँदा संरचना तर्फको मूल्य जम्मा रु. ५४,७२,४९६। हुने देखियो।

४९. **अध्ययन खर्चः**

- कृष्ण प्रसाद यादवले आयोगमा पेस गरेको सम्पत्ति विवरण फारामसाथ संलग्न रहेको कागजात, विभिन्न शैक्षिक संस्थाहरूबाट प्राप्त पत्र र अन्य विवरणअनुसार निजको छोरा राज यादव, छोरी कृति यादव र छोरी मार्भी यादवलाई विभिन्न शैक्षिक संस्थाहरूमा विभिन्न तहमा अध्ययन गराउँदा जम्मा रू.२७,९२,१२९।५० खर्च भएकोलाई निजको व्ययमा गणना गरिएको देखिन्छ। त्यस्तै अवधिगत तालिकामा अध्ययन खर्च देहायबमोजिम देखाइएको छः

| सि.नं. | रकम |
|---|---|
| २२ | २४,००० |
| २५ | २४,००० |
| २९ | २४,००० |
| ३६ | २४,००० |
| ४० | २४,००० |
| ४५ | २९,१२० |
| ५४ | ४२,५४९ |
| ६३ | ४०,३८५ |
| ९० | ५३,४४० |
| ७७ | ४३,६४० |
| १०४ | ६४,८४७ |
| १२० | १०३८८४ |
| १३१ | १५८,२३१।५ |
| १४२ | १६४,८२३ |

| सि.नं. | रकम |
|---|---|
| १५७ | १,०७,४५० |
| १६६ | १३९१०७ |
| १८२ | १६२,३८९ |
| २०४ | १३७,५२५ |
| २५८ | १२८,९९८ |
| २८९ | १३४,६९१ |
| ३१० | ६१८०२५ |
| जम्मा | २२,४९,१०५ |

- अनुसन्धानमा सङ्कलित कागजातहरूबाट प्रतिवादीको परिवारको अध्ययन खर्च देहायबमोजिम देखिन्छः

| क्र.सं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १. | Kathmandu model secondary school को मिति २०७९/६/१३ च.न. ००५ को पत्र बाट मार्भी यादवको कक्षा ११ र १२ को अध्ययन खर्च | १,७६,७५० | फाइल नं. ३, पन्जिका नं. १३/४ |
| २. | Rato bangala school को मिति २०७९/६/२४ को पत्र बाट राज यादवको ए लेभलको अध्ययन खर्च | १०,६०,२५० | फाइल नं. ३ पन्जिका नं. १३/५ |
| ३. | St. Xavier's school को मिति २०७९/७/३ को पत्रबाट राज यादवको कक्षा १ देखि १० सम्मको अध्ययन खर्च | ५,६३,६४० | फाइल नं. ३ पन्जिका नं. १३/६ देखि १३/८ |
| ४. | जेम्स स्कुलको मिति २०७९/६/२५ च.न. ३५ को पत्रबाट मार्भी यादवको कक्षा १० सम्मको अध्ययन खर्च | ४,९६,२३९।१० | फाइल नं. ३, पन्जिका नं. १३/१० |
| ५. | St, Mary's Secondary School को पत्रबाट कृति यादवको कक्षा ५ देखि १० सम्मको अध्ययन खर्च | १,१७,५९० | फाइल नं. ३ पन्जिका नं. १३/११ |
| जम्मा | | २४,१४,४६९।१ | |

- तसर्थ अनुसन्धानको क्रममा सङ्कलित उक्त कागजातबाट प्रतिवादीको परिवारको शैक्षिक खर्च रु.२४,१४,४६९।१ मात्र देखिन आएको हुँदा आयोगले रु. २७,९२,१२९।५० गणना गरेको त्रुटिपूर्ण छ। अत अध्ययन खर्च शीर्षकमा रु. ३,७७,६६०।४ कम गरी रु.२४,१४,४६९।१ मात्र गणना हुनुपर्ने देखियो।

५०. माथि गरिएको विवेचनाका आधारमा प्रतिवादीको समग्र व्यय निम्न तालिकाबमोजिम हुने देखियो।

| | व्यय तालिका | | |
|---|---|---|---|
| सि.नं. | व्ययका शीर्षक / विवरण | आयोगबाट कायम भएको रकम | अदालतबाट कायम भएको रकम |
| १ | जग्गा खरिद | २,१३१,७८५.०० | २,१३१,७८५.०० |
| २ | घर निर्माणमा भएको खर्च | ६,८४०,६२०.४५ | ५,४७२,४९६.०० |
| ३ | घरजग्गा खरीद | २,८००,०००.०० | २,८००,०००.०० |
| ४ | घर जग्गा/बहाल कर | १३५,२८२.०० | १३५,२८२.०० |
| ५ | जम्मा शैक्षिक खर्च | २,७९२,१२९.५० | २,४१४,४६९.१० |
| ६ | शेयर खरिद | ५,९०१,९०७.०८ | ५,९०१,९०७.०८ |
| ७ | राज यादव बीमा शुल्क(प्रिमियम) | २२०,०६८.०० | २२०,०६८.०० |
| ८ | LIC NEPAL बीमा शुल्क(प्रिमियम) | ३२२,६५०.०० | ३२२,६५०.०० |
| ९ | LIC INDIA बीमा शुल्क(प्रिमियम) | १,०११,३१२.०० | १,०११,३१२.०० |
| १० | नेपाल बिद्युत प्राधिकरणको ऋण चुक्ता | ३२१,२०९.३३ | ३२१,२०९.३३ |
| ११ | कर्मचारी संचय कोषबाट लिएको ऋण चुक्ता | १००,०००.०० | १००,०००.०० |
| १२ | नागरिक लगानी कोषबाट लिएको ऋण चुक्ता | १,०४०,०००.३५ | १,०४०,०००.३५ |
| १३ | ज्योति बिकास बैंक बाट लिएको ऋण चुक्ता | ७५०,०००.०० | ७५०,०००.०० |
| १४ | श्रमज्योती सहकारीबाट लिएको ऋण चुक्ता | ४६७,०६८.१७ | ४६७,०६८.१७ |
| १५ | सवारी खरिद | ४४७,७४८.०० | ४४७,७४८.०० |
| १६ | रजिस्ट्रेसन दस्तुर | १५२,००५.०० | १५२,००५.०० |
| १७ | छोरीहरु विदेश अध्ययन जादाको खर्च | २,४८९,७१०.९० | २,४८९,७१०.९० |
| १८ | बैंक मौज्दात | ३,४७५,०९९.१२ | ३,४७५,०९९.१२ |
| | जम्मा | **३१,३९८,५९४.९०** | **२९,६५२,८१०.०५** |

५१. यसरी माथि गरिएको विवेचनाबमोजिम जाँच अवधिभित्र प्रतिवादीको व्यय जम्मा रु. २,९६,५२,८१०।०५ रहेको देखिएको र जाँच अवधिभित्र प्रतिवादीको वैधानिक आय रु. ३,०५,१३,९८३।२१ रहेको देखियो। प्रतिवादीको आय अङ्क भन्दा व्यय अङ्क घटि नै रहेकोले प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० बमोजिमको कसुर गरेको देखिएन।

५२. तसर्थ, प्रतिवादीहरू कृष्ण प्रसाद यादव र मञ्जुदेवी यादवको जाँच अवधिभित्रको व्यय भन्दा वैधानिक आय बढी रहेको देखिंदा प्रतिवादीहरू उपरको आरोपदाबी पुष्टि हुन नसकी प्रतिवादीहरू कृष्ण प्रसाद यादव र मञ्जुदेवी यादवले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ।

**सदस्य** **सदस्य** **सदस्य**

**फैसला तयार गर्न सहयोग पुऱ्याउनेः-**
इजलास अधिकृतः सुधा लामिछाने
कम्प्युटर अपरेटरः गीता घिमिरे गिरी
**इति संवत् २०८१ साल जेठ महिना २२ गते ३ रोज शुभम्.....................................................................।**

**श्री**
**विशेष अदालत काठमाडौं**
**अध्यक्ष माननीय श्री टेक नारायण कुँवर**
**सदस्य माननीय श्री मुरारीबाबु श्रेष्ठ**
**सदस्य माननीय श्री रितेन्द्र थापा**
**फैसला**
**इजलास नं. १**
**मुद्दा नं.: ०८०-CR-००९३**
**दर्ता मिति : २०८०/१०/१६**
**फैसला मिति : २०८१/०३/०९/०१**
**नि.नं.: ३१३**

**मुद्दा : गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको।**

**बादी** : अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौंको तर्फबाट अनुसन्धान अधिकृत बासुदेब पाठकको प्रतिवेदनले नेपाल सरकार।

**विरुद्ध**

**प्रतिवादी** : जिल्ला उदयपुर, बेलका नगरपालिका वडा नं. ०२ स्थायी वतन भई हाल जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. ३२, कोटेश्वर बस्ने मिन बहादुर भट्टराईको श्रीमती **झुना कुमारी कठेत** (ना.प्र.नं. ७४०९७, उदयपुर २०६२।०३।२७ सम्पर्क नं. ९८४१५८६६७१) समेत।

**<u>ठहर खण्ड</u>**

१. विशेष अदालत नियमावली, २०८० को नियम ४३ र ४४ बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको आरोपपत्र लगायत समग्र मिसिल अध्ययन गरियो।

२. वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालयका विद्वान् उपन्यायाधिवक्ता श्री श्रीधर अर्यालले प्रतिवादी मिन बहादुर भट्टराईको जाँच अवधिमा निज राष्ट्र सेवक कर्मचारीको सम्पत्ति विवरण चेकजाँच गर्दा जम्मा वैध आय **रू.५,९४,६७,१४८।१०** को अनुपातमा सोही अवधिमा निजले सिर्जना गरेका खर्च तथा लगानी **रू.१०,२३,९२,२८८।१५** देखिन आई सो सिर्जित आयबाट निजको व्यय घटाउँदा हुन आउने जम्मा ऋणात्मक रकम **रू.४,२९,२५,१४०।०५(चार करोड उनन्तीस लाख पच्चिस हजार एक सय चालिस रुपैया पाँच पैसा)** भए तापनि सो अनुसन्धान अवधिमा स्रोत नखुलेका विभिन्न Cutoff मितिहरूमा निजको **रु.४,४०,१५,९२५।८६ (चार करोड चालिस लाख पन्ध्र हजार नौ सय पच्चिस रुपैया छयासी पैसा)** बराबरको खर्च तथा लगानी (सम्पत्ति) को वैधानिक स्रोत खुलेको नदेखिएकोले वैधानिक आय भन्दा **रु.४,४०,१५,९२५।८६ (चार करोड चालिस लाख पन्ध्र हजार नौ सय पच्चिस रुपैया छयासी पैसा)** गैरकानूनी सम्पत्ति आर्जन गरेको, परिवारको नाममा गैरकानूनी सम्पत्ति आर्जन गरी अमिल्दो र अस्वाभाविक जीवनस्तर यापन गरेको देखिन आएकोले निज प्रतिवादीलाई अभियोग दाबी बमोजिम कसूर कायम गरी आरोपदाबी बमोजिम सजाय गरिपाउँ र प्रतिवादीहरू निज मिन बहादुर भट्टराई र श्रीमती झुना कुमारी कठेतको नाममा हाल कायम रहेको गैरकानूनी सम्पत्ति समेत आरोप दाबी बमोजिम जफत गरिपाउँ भनी गर्नु भएको तर्कपूर्ण बहस सुनियो।

३. प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री कृष्ण प्रसाद सापकोटा, विद्वान् अधिवक्ताद्वय श्री अपूर्व खतिवडा र श्री सुजन पाण्डेले प्रतिबादी मिन बहादुर भट्टराईको check period को कूल आय **रु.१२,७१,९०,१३३।०५** र कूल खर्च रु.९,८३,०१,१७२।८३ भई व्ययभन्दा आय बढी भएको अवस्था रहेकोले निजको check period को

सम्पूर्ण खर्चको स्रोत पुगेको छ। समग्र प्रमाणबाट निजको सम्पत्ति वैध आयस्रोतसँग अमिल्दो र अस्वाभाविक छैन। निजको जीवन यापनको स्तर सामान्य रहेको छ। निजले आफ्नो हैसियतभन्दा बढी कसैलाई दान दातव्य उपहार चन्दा सापटी वा बकस दिएको भन्ने कुनै दावीसमेत नरहेको हुँदा निजलाई अभियोग दावीअनुसार सजाय हुनु पर्ने होइन, कुनैपनि सम्पत्ति जफत हुनुपर्ने होइन। तसर्थ निज प्रतिवादीहरू उपरको आरोप दाबी पुष्टि हुन नसक्ने हुँदा निज प्रतिवादीहरूलाई सफाइ दिलाई पाउँ भनी गर्नुभएको तर्कपूर्ण बहस सुनियो।

४. तत्कालीन भूमि सुधार तथा मालपोत कार्यालय, ललितपुरका मालपोत अधिकृत मिन बहादुर भट्टराईले पदको दुरुपयोग गरी गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने उजुरी निबेदन परी प्रस्तुत मुद्दाको अनुसन्धान भई कारवाही प्रारम्भ भएको देखियो।

५. सार्वजनिक पद धारण गरेका राष्ट्रसेवक हाल निलम्बनमा रहेका मिन बहादुर भट्टराईले साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवम् प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएकोले निज मिन बहादुर भट्टराईलाई **रु.४,४०,१५,९२५।८६** बिगो कायम गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ र दफा २९ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांश एवम् प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम बिगोबमोजिम जरिवाना र कैद सजाय गरी निज मिन बहादुर भट्टराईले जाँच अवधिमा आर्जन गरेको स्रोत नखुलेको सम्पत्ति तथा लगानी एवम् घर निर्माण लागत लगायतका खर्चहरू तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग., दफा २९ को उपदफा (१) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. बमोजिम गैरकानूनी रुपमा आर्जन गरेको बिगो बराबरको सम्पत्ति असुल एवम् जफत गरिपाउँ भन्ने मुख्य अभियोगदाबी देखिन्छ।

६. निज मिन बहादुर भट्टराईले सार्वजनिक सेवाको पदमा रहँदाका बखत अख्तियारको दुरुपयोग गरी गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरेको स्रोत नखुल्ने सम्पत्तिहरूबाट निज मिन बहादुर भट्टराई र निजको कान्छी श्रीमती झुना कुमारी कठेतको नाममा रहेका घर/जग्गा, शेयर, र बीमा प्रिमियम भुक्तानी रकमलगायतमा गरिएका खर्चहरूमध्ये निज आफ्नो र कान्छी श्रीमती झुना कुमारी कठेतको नाममा रहेका स्रोत नखुलेको सम्पत्ति र त्यसबाट बढेबढाएको सम्पत्ति समेत जफत गरी पाउन मागदाबी लिई निजको कान्छी श्रीमती झुना कुमारी कठेतलाई समेत जफत प्रयोजनार्थ प्रतिबादी बनाएको देखिन्छ।

७. दुवै पक्षका विद्वान् कानून व्यवसायीहरूको तर्कपूर्ण बहस सुनी आरोपदाबी, प्रतिवादीको बयान, मिसिल संलग्न प्रमाण कागजहरूको अध्ययनबाट प्रस्तुत मुद्दामा निम्न प्रश्नहरूको निर्णय गरी न्यायिक निष्कर्षमा पुग्नु पर्ने देखियोः

**(क) प्रतिवादीको आय तथा व्यय गणना गर्दा आय भन्दा व्यय बढी देखिन्छ वा देखिदैन ?**

**(ख) प्रतिवादीले आरोपदाबी बमोजिम गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरेको देखिन्छ वा देखिदैन ?**

**(ग) प्रतिवादी मिन बहादुर भट्टराईलाई आरोपदाबी बमोजिम कसूरमा सजाय हुनुपर्ने हो वा होइन ?**

**(घ) अर्का प्रतिवादी झुना कुमारी कठेतको हकमा निजको नाममा रहेको सम्पत्ति जफत हुनु पर्ने हो वा होइन ?**

८. अव न्याय निरुपणार्थ विचार गर्दा, प्रतिवादी मिन बहादुर भट्टराई उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को कसूर गरेको भन्ने आरोपदाबी रहेको देखियो। तसर्थ निज उपरको आरोपदाबी स्थापित हुन सक्छ वा सक्दैन ? भन्ने सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिप्रेक्ष्यमा भएका व्याख्या तथा विश्लेषणले के कस्तो सम्पत्तिलाई वैध वा कानूनी मान्ने के कस्तो सम्पत्तिलाई अवैध मान्ने भन्ने सन्दर्भमा विवेचना गर्नु उपयुक्त हुने देखियो। सो दफामा *"प्रचलित कानूनबमोजिम सार्वजनिक पद धारण गरेको मानिने राष्ट्रसेवकले प्रचलित कानूनबमोजिम पेस गरेको सम्पत्ति विवरण अमिल्दो तथा अस्वाभाविक देखिन आएमा वा निजले मनासिब कारण विना अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर यापन गरेमा वा आफ्नो हैसियत भन्दा बढी कसैलाई दान दातव्य उपहार सापटी चन्दा वा बकस दिएको प्रमाणित भएमा त्यस्तो सम्पत्ति के कस्तो स्रोतबाट आर्जन गरेको हो भन्ने कुरा निजले प्रमाणित गर्नुपर्नेछ र नगरेमा त्यस्तो सम्पत्ति गैरकानूनी रुपमा आर्जन गरेको मानिनेछ"*[1] भन्ने कानूनी प्रावधान रहेको छ। उक्त कानूनी प्रावधानको विधायिकी मनसाय गैरकानूनी सम्पत्ति आर्जनको कसूर कायम हुनुको निमित्त कुनै पनि राष्ट्र सेवकले कानूनी रुपमा

1 भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०

आर्जन गरेको सम्पत्ति भन्दा अमिल्दो वा अस्वाभाविक देखिने सम्पत्तिको सङ्कलन वा अधिक खर्च (व्यय) वा दान दातब्यको विवरण नै पर्याप्त हुन्छ र त्यसरी सङ्कलित वा खर्च वा दान दातब्यको स्रोत खुलाउने दायित्व प्रतिवादी उपर नै हुने भन्ने देखिन्छ।

९. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० ले गैरकानूनी सम्पत्ति आर्जनको कसूर स्थापित हुनको निमित्त मूलतः राष्ट्र सेवकले कानूनी रुपमा आर्जन गरेको सम्पत्ति भन्दा अमिल्दो वा अस्वाभाविक रुपमा सम्पत्ति धारण गरेको देखिनु पर्छ। यस्ता अमिल्दो र अस्वाभाविक रुपमा स्वामित्व धारण गरेको सम्पत्तिको स्रोत खुलाउने प्रमाणको भार त्यस्ता राष्ट्रसेवक उपर नै हुने भन्ने उक्त कानूनी प्रावधानको मकसद देखिन्छ। स्रोत नखुलेको सम्पत्ति देखिएमा अन्यथा प्रमाणित नभएसम्म भ्रष्टाचारको सूचक (Manifestation of Corruption) को रुपमा मान्नुपर्ने हुन्छ।

१०. कुनै पनि राष्ट्र सेवकले आर्जित सम्पत्तिको वैध स्रोत खुलाउने दायित्व (Burden of proof) त्यस्तो राष्ट्रसेवक उपर नै हुन्छ। वैध स्रोत ठोस एवम् बस्तुनिष्ट रुपमा पुष्टि हुन नसकेमा अवैध समृद्धिको रुपमा लिनु पर्ने हुन्छ। तसर्थ अवैध समृद्धि सो सम्पत्तिको स्रोत एवम् सोको वैधतासँग सम्बन्धित हुन्छ।

११. राष्ट्रसेवकको सम्पत्तिको स्रोत वैध नदेखिएमा त्यो गैरकानूनी आर्जनको रुपमा मानिन्छ। यसको अर्थ हो यदि कुनै राष्ट्रसेवकले आफ्नो सम्पत्तिको स्रोतको स्पष्टता प्रस्तुत गर्न सक्दैन भने त्यो सम्पत्ति आर्जनका लागि अवैध तरिका अपनाइएको रहेछ भनी विश्वास गर्नुपर्ने हुन्छ। यस्तो अवैध आर्थिक गतिविधिले पारदर्शिता र उत्तरदायित्वको सिद्धान्तलाई चुनौती दिन्छ। जसले समग्रमा सार्वजनिक विश्वासमा कमी ल्याउन सक्दछ। यसकारण सरकारी कर्मचारीहरूको स्रोतको बारेमा नियमित अनुगमन र मूल्याङ्कन महत्वपूर्ण हुन्छ।

१२. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४५ मा दफा २० को कसूर व्यक्त रुपमा उल्लेख गरिएको भन्ने आधारमा मात्र यसलाई दफा ४५ ले बाहेक गरेको अर्थ गर्न मिल्दैन। दफा २० को प्रावधान भ्रष्टाचारको सवै क्षिद्रहरू (Pitfalls) रोकथाम गर्ने विधायिकी मनसायले आएको देखिंदा बहुआयामिक गैरकानूनी स्रोतको कसूर रहेकोले सरकारी सम्पत्तिको हानिनोक्सानी वा हिनामिनासमेत यसको स्रोत रहन सक्ने भएकोले दफा ४५ को दफा २० को कसूरसमेतको भन्ने विधायिकी मनसाय रहेको देखिन्छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को संरचना हेर्दा त्यस्तो सम्पत्ति के कस्तो स्रोतबाट आर्जन गरेको हो भन्ने कुरा निज राष्ट्र सेवकले नै प्रमाणित गर्नुपर्ने हुन्छ।

१३. यस्तो प्रकृतिको मुद्दामा स्रोत नखुलेको सम्पत्ति राष्ट्र सेवकका हकमा कसूरबाट प्राप्त सम्पत्ति (Proceeds of Crime) मानिन्छ र भ्रष्टाचारबाट आर्जित सम्पत्तिको दृश्य अभिब्यक्ति (Visible manifestation of corruption) रहेकोले यस्ता सम्पत्तिलाई कानूनले कसूरको रुपमा परिभाषित गरेको पाइन्छ राष्ट्रसेवक ओहोदाको दुरुपयोग गरी आर्जन गरेको गैरकानूनी सम्पत्तिको सङ्ग्रहित स्वरुप (Collective) रहेको अवस्था हुँदा यसको गैरकानूनी स्रोत सरकारी सम्पत्तिको हानिनोक्सानी वा हिनामिना हुन सक्ने अवस्थालाई इन्कार गर्न सकिदैन।

१४. अब दोस्रो प्रश्न तर्फ विचार गर्दा, वादीले मिति २०५४।०४।२६ देखि मिति २०७९।०२।३० सम्म जाँच अवधिलाई Cash flow को आधारमा अवधि खण्डीकृत गरी प्रतिवादीको आय व्यय गणना गरी आरोपपत्र दायर गरेको देखिन्छ। त्यस्तै प्रतिवादीले समग्र जाँच अवधिलाई एउटै अवधि मानी आय व्ययको गणना हुनु पर्ने भन्ने जिकिर लिएको देखिन्छ। विभिन्न जाँच अवधि कायम गर्दा अवैध सम्पत्तिबाट बढे बढाएको सम्पत्ति वैध मान्न मिल्दैन भन्ने सिद्धान्तको आधारमा प्रतिवादीको स्रोतले नखामेको हदसम्म आय घटाएको देखिन्छ। प्रतिवादीको सम्पत्ति समग्रतामा जाँच गर्दा सो अवस्था नआउने र परिणामत प्रतिवादीलाई केही लाभ हुने अवस्था आउँछ। प्रतिवादीको सम्पत्ति जाँच गर्ने विषय अनुसन्धात्मक क्षेत्राधिकार भित्र पर्ने भएकोले वादीले नै अनुसन्धान पद्धति रोज्ने हो ? वा न्याय र स्वच्छताको रोहमा अनुसन्धान गरेको मिलेको छ वा छैन भन्ने विषयमा अदालतले न्याय निरुपण गर्नुपर्ने हो ? भन्ने विषयमा विवेचना गर्नुपर्ने देखियो।

१५. सम्पत्ति जाँच गर्ने विषयमा दक्षिण एसियाली मुलुकहरू भारतमा समेत स्रोत र खर्च विश्लेषण (Source and application analysis) पद्धति प्रचलनमा रहेको देखिन्छ। भारतीय सर्वोच्च अदालतबाट Krishnanand Vs. state of Madhya Pradesh (Air 1977 SC 796, 1977 CriLI 566 (1977) 1 scc 816) को मुद्दामा तथा हङकङमा Ernest Percival Max Hunt vs. The queen (1974) HKCA 111 को मुद्दामा उक्त पद्धतिले मान्यता पाएको

देखिन्छ। संयुक्त राज्य अमेरिका लगायतका केही मुलुकहरूमा कूल सम्पत्तिको विश्लेषण (Net worth analysis) पद्धति प्रचलनमा रहेको देखिन्छ।[२]यस सम्बन्धमा भारतको सर्वोच्च अदालतबाट State of Maharasthra Vs. Pollonji Darabshaw Daruwalla (1987) को मुद्दामा प्रतिपादित सिद्धान्त हाम्रा हकमा अनुशरणयोग्य सान्दर्भिक सामाग्री हुन सक्छ। *"There can be no general rule of criterion, valid for all cases, in regard to the choice of the period for which accounts are taken to establish criminal misconduct under section S(1) (e) of the Act. The choice of the period must necessarily be determined by the allegations of fact on which the prosecution is founded and rests, However, the period must be such as to enable a true and comprehensive picture of the known sources of the income and the pecuniary resources and property in possession of the public servant either by himself or through and other person on his behalf which are alleged to be so disproportionate. The assets spilling over from the anterior period, if their existence is probabilities, would, of course, have to be given credit to on the income side and would go to reduce the extent and quantum of the disproportion. It is for the prosecution to choose what is the period, having regard to the acquisitive activates of the public servant, and characterize and isolate that period for special scrutiny."*[३] उक्त भारतीय सर्वोच्च अदालतको व्याख्या एवम् विश्लेषणले जाँच अवधि वादीले नै तय गर्ने हो भन्ने निष्कर्ष निकालेको पाइन्छ।

१६. प्रस्तुत मुद्दामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जाँच अवधि वर्गीकृत गर्दा त्यसको युक्तियुक्त आधार र कारण उल्लेख गरेको देखिंदैन। उक्त वर्गीकृत जाँच अवधिको न त कुनै वैज्ञानिक आधार भेटिन्छ न त कुनै सैद्धान्तिक आधार नै। वादी पक्षले आत्मनिष्ठ तवरले नगद प्रवाह (Cash flow) को आधारमा विभिन्न जाँच अवधि बीच मै स्रोत पुगेको सम्पत्ति भनी छुट्टयाई प्रतिवादीको वैध र अवैध सम्पत्तिको बिगो कायम गरेको तथ्यतर्फ विवेचना गर्नुपर्ने देखिन्छ। सो सम्बन्धमा हाम्रो सर्वोच्च अदालतबाट स्थापित न्यायिक मान्यताहरू के कस्ता छन भनी स्थापित मान्य सिद्धान्त तथा व्याख्या विवेचना तर्फ सिंहावलोकन गर्नु वाञ्छनीय देखियो। सम्मानित श्री सर्वोच्च अदालतबाट नेपाल सरकार विरुद्ध श्री राम पन्त भएको भ्रष्टाचार मुद्दामा *"राष्ट्र सेवकले परीक्षण योग्य सम्पत्ति र आयको विवरण सहितको लेखा राख्नु पर्ने कुनै कानूनी व्यवस्था रहेको भएको देखिंदैन। घर जग्गा जस्तो अचल सम्पत्ति जोड्ने क्रममा निर्माण सामग्री जस्तो वस्तुको मोल तत्कालै तिर्न नसकी पछि सम्म तिर्दै जाने प्रचलन हाम्रो समाजमा नरहेको होइन। कानूनको व्याख्या सामाजिक परिवेशमा गर्न न्यायोचित हुन्छ। यान्त्रिक रुपमा कानूनको प्रयोग र व्याख्या गर्नुपर्ने मान्यता कानूनले राख्दैन र त्यसरी प्रयोग गरेमा अन्याय पर्न जाने अवस्था आउन सक्छ। यी सबै कुरा विचार गरी जाँच अवधिमा भएको आय र व्ययको हिसाब एकमुष्ट रुपमा गर्ने कार्य यस्तै प्रकृतिका अन्य मुद्दामा यस अदालतले गर्दै आएको पनि छ। अतःसम्पत्ति आर्जन गर्दाको अवस्थाको स्रोत हिसाब नगरी जाँच अवधिमा प्राप्त सम्पत्ति र आम्दानीको परीक्षणबाट निष्कर्षमा पुग्न औचित्यपूर्ण हुने"*[४] भनी मान्य सिद्धान्त कायम भएको देखिन्छ।

१७. श्री सर्वोच्च अदालतले नेपाल सरकार विरुद्ध वीरेन्द्र कुमार सिंहको मुद्दामा विपक्षीको आयको गणना गर्दा नगद प्रवाह तालिका (Cash flow chart) लाई आधार मानी वा पूरै जाँच अवधि (Check period) लाई एउटै समयावधि मानी आयको यकिन गरिनु पर्ने हो ? भन्ने निर्णयार्थ प्रश्न राखी व्याख्या विश्लेषण गरेको देखिन्छ। केवल नगद प्रवाह (Cash flow) को आधारमा निश्चित अवधिको आयमा स्रोत नखुलेको सम्पत्तिलाई गणना गर्नुको पछाडिको कारण एवम् तर्क अवैध सम्पत्तिबाट बढे बढाएको सम्पत्ति पनि अवैध नै हुन्छ भन्ने सिद्धान्त रहेको देखिन्छ। तर उक्त सिद्धान्त लागु हुनको लागि सर्वप्रथम प्रतिवादीको सम्पत्ति अवैध देखिनु पर्छ। वादी पक्षले ठोस र वस्तुनिष्ठ प्रमाणद्धारा सोको पुष्ट्याई गर्नुपर्छ। हचुवा वा मनोगत रुपमा सो तथ्य अदालतले स्वीकार गरिदिएमा व्यक्तिको सम्पत्ति सम्बन्धी हक माथि अनुचित अतिक्रमण हुन सक्ने हुँदा सो विषयमा न्याय सम्पादन गर्दा सदैव संवेदनशील हुनुपर्छ। कायम अवधिमा प्रतिवादीले गरेको नगद प्रवाह अवैध भएको तथ्य वादीले खुलाउन नसकेको तथा स्पष्ट प्रमाणको अभावमा

2 Basel institute on Governance, Annex II, proving illicit enrichment using financial investigation and source and Application Analysis, Technical Guidance for investigators and prosecutors at 13(2021)

3 State of Maharasthra Vs. Pollonji Darabshaw Daruwalla 1988 AIR88, 1988 SCR (1) 906

4 नेपाल सरकार विरुद्ध श्री राम पन्त भएको मुद्दा नं ०६४-CR-०८३० को भ्रष्टाचार मुद्दा फैसला मितिः २०७२।०३।१६

स्रोतले नखामेको हदसम्मको आय मान्यता दिन नमिल्ने भन्ने वादी दावी पुग्न सक्ने देखिएन भनी सर्वोच्च अदालत निष्कर्षमा पुगेको देखिन्छ।

१८. श्री सर्वोच्च अदालतबाट फैसला भएको नि. नं. ८५१९, ८६३०, ८७२२, ८८३२ र ८८७० को मुद्दाहरूमा प्रतिपादित मान्य सिद्धान्त समेतको आधारमा प्रस्तुत मुद्दामा अवधि गणनाका सम्बन्धमा उल्लिखित मुद्दाहरूमा समेत मानी आएको पूरै जाँच अवधिलाई आधार मान्नु नपर्ने कुनै त्यस्तो आधार र कारण वादीबाट पेस भएको देखिँदैन। त्यसकारण प्रस्तुत मुद्दाका सन्दर्भमा समेत माथि उल्लिखित श्री सर्वोच्च अदालतबाट प्रतिपादित मान्य सिद्धान्तहरूको आधारबाट नगद प्रवाह (Cash flow) तालिका अनुसारको आरोपदाबी एवम् सोलाई पुष्टि गर्ने आधार कारण औचित्य सहितको युक्तियुक्त प्रमाण समेत वादी पक्षबाट स्पष्ट रुपमा प्रस्तुत हुन नसकेकोले प्रतिपादित सिद्धान्त बमोजिम नै आयको गणना गर्दा समग्र जाँच अवधिलाई एउटै समयावधि मानी आयको गणना गर्नुपर्ने देखिन्छ। तसर्थ प्रतिवादीको विभिन्न जाँच अवधि किन कायम गरिएको हो ? सोको औचित्य पुष्टि हुन नसकेको र त्यसबाट प्रतिवादीको सम्पत्तिको जाँचमा अनुचित तवरले आय व्ययमा असमानुपातिकता उत्पन्न गर्ने भएकोले समग्र जाँच अवधिलाई एउटै समयावधि मानी जाँच गर्नु नै उपयुक्त एवम् न्यायोचित देखिन्छ।

१९. वादी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निज प्रतिवादी मिति २०५४।०४।२६ मा सार्वजनिक सेवा प्रवेश गरेको मितिदेखि मिति २०७९।०२।३० सम्मको जाँच अवधिलाई नगद प्रवाह Cash flow को आधारमा आय व्ययको विश्लेषण गरी निजले गरेको खर्च तथा लगानीको सम्पत्तिलाई निजको वैधानिक स्रोत नखुलेको ऋणात्मक रकम कायम गरी तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, १०१७ को दफा १५ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० बमोजिमको कसूर गरेको भन्ने आरोपदाबी गरेको देखिन्छ। उक्त कानूनी व्यवस्थाअनुरुप आरोपदाबी बमोजिमको कसूर स्थापित हुनको लागि निम्नबमोजिमको तत्व एवम् अवस्था देखिनुपर्छ।

(क) प्रतिवादीसंग वैधानिक स्रोत खाम्न नसकेको असमानुपातिक सम्पत्ति रहेको तथ्य वादीले पुष्टि गर्नुपर्छ।

(ख) प्रतिवादीको साथमा रहेको सम्पत्तिको वैधानिक स्रोत पुष्टि गर्ने प्रमाणको भार प्रतिवादीमा रहन्छ। अवैध सम्बृद्धि (Illicit enrichment) होइन भनी पुष्टि गर्ने भार प्रतिवादीमा रहन्छ।

(ग) निर्दोषिताको सिद्धान्त (Principle of innocence) अपवादात्मक रुपमा आकर्षित हुन्छ।

(घ) वादीले गर्ने सम्पत्तिको जाँच र प्रतिवादीले गर्ने सम्पत्तिको स्रोतको पुष्ट्याईं मनासिब र कानूनका आधारभूत सिद्धान्तमा आधारित हुनु पर्छ। प्रमाणको प्रचुर्यता (Preponderance of evidence) का आधारमा सम्पत्तिको स्रोतको वैधानिकताको परीक्षण गर्नुपर्छ।

(ङ) प्रतिवादीको साथमा रहेको सम्पत्ति वैधानिक स्रोतले खाम्न नसकेको देखिएमा अर्थात सम्पत्तिको वैधानिक स्रोत पुष्टि हुन नसकेको देखिएमा अवैध सम्बृद्धि (Illicit enrichment) को कसूर गरेको मानिन्छ।

२०. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को कानूनी संरचना हेर्दा राष्ट्रसेवकले आफ्नो आयस्रोतले खाम्न नसक्ने अस्वाभाविक र अमिल्दो व्यय गरेको अर्थात सम्पत्ति आर्जन गरेको तथ्य प्रमाणित गर्ने भार वादीमा नै रहन्छ। वादीले सो कुरा प्रमाणित गरेमा आफ्नो साथमा रहेको सम्पत्तिको वैधानिकता पुष्टि गर्ने भार प्रतिवादीमा सर्छ। यसरी प्रतिवादीको कसूर प्रमाणित गर्ने कानूनी भार (Legal burden of proof) वादीमा नै रहन्छ। आफ्नो निर्दोषिता पुष्टि गर्ने प्रमाणको भार (Evidentiary burden of proof) भने प्रतिवादीमा हुन्छ। सम्पत्तिको वैधानिकताको विषय रहेकोले दफा २० लाई देवानी विषयको फौजदारी कसूरको रुपमा लिनु पर्ने हुन्छ। प्रतिवादीले आफ्नो निर्दोषिता शङ्कारहित तवरले पुष्टि गर्नुपर्ने (Beyond reasonable doubt) फौजदारी कानूनको मान्य सिद्धान्त यसमा आकर्षित हुन सक्दैन। तथापि प्रतिवादीले आफ्नो सम्पत्तिको वैधानिकताको प्रमाण पेस गरी अदालतले प्रमाणको प्रचुर्यता (Preponderance of evidence) का आधारमा सत्य तथ्य निक्यौंल गर्नुपर्ने हुन्छ।

२१. सम्पत्तिको स्रोतको वैधानिकता पुष्टि गर्न निश्चयनै उच्चकोटीको प्रमाण (Higher stander of proof) आवश्यक पर्छ। यसमा Absolute standard आकर्षित हुने नभई अदालतलाई विश्वास हुने उच्चकोटीको प्रमाण आवश्यक पर्छ। देवानी विषयमा प्रमाणको स्तरीयताको आधारमा प्रमाणको प्रचुरता रहे वा नरहेको सम्बन्धमा न्याय सम्पादनको क्रममा हेरिनु उपयुक्त हुन्छ। प्रमाणको स्तरीयता मुद्दाको विषयवस्तुसँग आनुषाङ्गिक तथा आनुपातिक हुन्छ। अकूत सम्पत्तिको मुद्दामा सम्पत्तिको विविध स्रोतको विषयमा विवेचना गर्नुपर्ने भएकोले तत् तत् विषयमा आकर्षित हुने कानून

र प्रमाणको प्राचुर्यता हेरिनुपर्छ। प्रस्तुत मुद्दा फौजदारी प्रकृतिको मुद्दा रहे पनि फौजदारी कसूरमा जस्तो फौजदारी कसूर कायम हुने प्रकृतिको प्रमाण भन्दा पनि सम्पत्तिको स्रोत पुष्टि हुने स्तरको प्रमाणको विवेचना गर्नु उपयुक्त हुन्छ। तसर्थ विषय वस्तुको विविधतासँग आनुषाङ्गिक आनुपातिक र सापेक्षित प्रमाणको प्राचुर्यता (Preponderance of evidence) का आधारमा तत् तत् विषयका सम्पत्ति स्रोतको वैधानिकता परीक्षण गर्नुपर्छ। प्रमाणको प्राचूर्यताको निरपेक्षताको सिद्धान्त आकर्षित हुन सक्दैन।

२२. यस प्रसंगमा Bater Vs Bater (1951) को case मा यसप्रकार व्याख्या भएको पाइन्छ। "The difference of opinion which has been evoked about the standard of proof in recent cases may well turn out to be more a matter of words than anything else. It is of course true that by our law a higher standard of proof is required in criminal cases than in civil cases. But this is subject to the qualification that there is no absolute standard in either case. In criminal cases the charge must be proved beyond reasonable doubt, but there may be degrees of proof within that standard" "It does not adopt so high a degree as a criminal court, even when it is considering a charge of a criminal nature; but still, it does require a degree of probability which is commensurate with the occasion.[5] अर्थात् (मतभेदको कारणले उत्पन्न भएको प्रमाणको स्तरबारे हालैका मुद्दाहरूमा उठेका प्रश्नहरू शब्दहरूको खेलभन्दा बढी केही नहुन सक्छ। हाम्रो कानूनअनुसार, अपराध मुद्दाहरूमा प्रमाणको उच्च स्तर आवश्यक छ, जबकि देवानी मुद्दाहरूमा कम। तर, यो कुनै पनि अवस्थामा पूर्णरूपमा निश्चित मानक होइन। फौजदारी मुद्दाहरूमा आरोपलाई कुनै पनि उचित शङ्का बाहिर प्रमाणित गर्नुपर्छ। तथापि, त्यो स्तरभित्र पनि प्रमाणको विभिन्न स्तरहरू हुन सक्छन्। यो फौजदारी अदालतले प्रयोग गर्ने जति उच्च प्रमाणको स्तर ग्रहण गर्दैन, चाहे त्यो आपराधिक प्रकृतिको आरोपको मूल्याङ्कन गरिरहेकै किन नहोस्। तर, त्यस अवस्थामा आवश्यक पर्ने सम्भाव्यताको स्तर भने सम्बन्धित परिस्थितिसँग मेल खाने हुनुपर्छ।

२३. यसप्रकार माथिका प्रकरणमा वर्णित मान्य सिद्धान्त समेतको आधारमा समग्रतामा नै आय तथा व्ययको गणना गर्नुपर्दछ भन्ने सिद्धान्त श्री सर्वोच्च अदालतबाट प्रतिपादन हुनुको अतिरिक्त सर्वोच्च अदालतको पूर्ण इजलासबाट युवराज शर्मा विरुद्ध नेपाल सरकार भएको गैरकानूनी सम्पत्ति आर्जन मुद्दामा[6] समेत समग्र जाँच अवधिको आय तथा व्यय गणना गर्नुपर्छ भन्ने व्याख्या भएको अवस्था हुँदा प्रस्तुत मुद्दामा प्रतिवादी मिन बहादुर भट्टराईको आय तथा व्ययको गणना गर्दा सेवा प्रवेश गरेको मिति २०५४।०४।२६ देखि नै मुद्दा दर्ता गर्ने निर्णय भएको मिति २०८०।१०।०४ सम्मलाई समग्र जाँच अवधिलाई एउटै अवधि मानी निज प्रतिवादीको सम्पत्ति आय तथा व्ययको गणना गर्नुपर्ने देखियो।

२४. **अतः प्रतिवादी मिनबहादुर भट्टराईको** विरुद्धमा गैरकानूनी सम्पत्ति आर्जन मुद्दामा उजुरी परी अनुसन्धान गरिएकोमा निज प्रतिवादीको सेवा प्रवेश २०५४/०४/२६ मा भएको देखिन्छ। निज विरुद्ध परेको पहिलो उजुरीका सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट छानबिन गर्दा निजको व्यय भन्दा आय रु.१५,७९,९५३/- बढी देखिएको भनी मिति २०७०/०३/१९ मा उक्त उजुरी तामेलीमा राख्ने आदेश भएको पाइन्छ यी प्रतिवादी उपर पुनः यसै विषयमा उजुरी परी अनुसन्धान प्रारम्भ गरेकोमा उपर्युक्त मिति २०७०।३।१९ भन्दा अघि अर्थात् मिति २०६७/०२/१० मा रु.२६,००,०००/- मा खरिद गरेको जग्गा र सो जग्गामा बनेको घर समेतको खरिद मूल्यलाई स्रोत नखुल्ने भनी मिति २०७८/५/९ मा र.नं. १२९ ग बाट उक्त घर जग्गा बिक्री गरी प्राप्त भएको रु.३,९०,००,०००/- रकम आयमा गणना गर्न इन्कार गरेको देखिन्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग आफैले मिति २०७०/०३/१९ सम्म निज प्रतिवादीको रु.१५,७९,९५३/- आय निजको खर्च भन्दा बढी भएको भन्ने मान्यता राखी बढी आम्दानी देखाई स्वीकार गरिसकेको स्थिति छ र सो स्थितिमा पुनः सो अवधिको आयलाई अस्वीकार गरी सो हदसम्म आय गणना नगर्नु स्वच्छ अनुसन्धान मान्न सकिँदैन। यसका अतिरिक्त निज प्रतिवादी उपर पुनः अनुसन्धान गरेकोमा अनुसन्धानबाट जाँच अवधि कायम गर्दा पनि स्वच्छ अनुसन्धानका मान्य सिद्धान्त अवलम्बन गरेको देखिन आउँदैन।

5 Bater Vs Bater: CA 1951 website address: https://www.alexi.com/matters/issues/the-standard-of-proof-in-criminal-cases, visit date: 24th Dec,2023

6 मुद्दा नं. ०७१-NF-००२१ पूर्ण इजलास फैसला मितिः २०७९/०३/२८

२५. यी प्रतिवादीले मिति २०७९/०४/१९ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमक्ष सम्पत्ति विवरण पेस गरेकोमा अभियोजक निकायले मिति २०५४/०४/२६ देखि २०७९/०२/३० लाई जाँच अवधि कायम गरेको देखिन्छ। त्यसैगरी प्रतिवादीले मिति २०७९/०३/१९ मा रु.८०,००,०००/- मा जग्गा बिक्री गरेको राजीनामा लिखतसमेत आफ्नो सम्पत्ति विवरण साथ पेस गरेकोमा निज प्रतिवादीको उक्त आय रकम बहिस्कृत गर्ने मनसायबाट जाँच अवधिलाई बिना कुनै कानूनी र सैद्धान्तिक आधारमा हचुवाको भरमा कायम गरेको देखिन्छ। अभियोगपत्रको पृष्ठ ४९ मा आयोग आफैले २०७९/०३/३० गते सम्मको आय व्ययको विवरण शीर्षकमै उल्लेख गरेको देखिएकोमा कि.नं. ७८९२ को मिति २०७९/०३/१९ मा रु.८०,००,०००/- मा बिक्री भएको विवरण बाहेक गरी गणना अवधि २०७९/०२/३० कायम गरेको देखियो। यसरी एक महिना अगावै अन्तिम गणना मिति कायम गर्नुपर्ने कारण र आधार समेत आरोपपत्रमा खुलाइएको पाइएन। अभियोगपत्रमा उल्लिखित प्रतिवादीको आय व्ययहरू विभिन्न शीर्षकमध्ये आयमा गणना नगरिएका २ कित्ता घरजग्गा खरिद बिक्रीको लिखतमा उल्लिखित रकम नै क्रमशः रु.३,९०,००,०००/- र रु.८०,००,०००/- समेत जोड गर्दा रु.४,७०,००,०००/- हुन आउँछ। उक्त बिगो बराबरको रकम अभियोग दाबीमा अभियोजनकर्ताले गैरकानूनी आर्जन मानी दाबी गरेको रु.४,४०,१५,९२५/८६ भन्दा रु.२९,८४,०७४/१४ बढी नै वैध आयको रुपमा देखिन आएकोले आरोपदाबीका अन्य शीर्षकहरूतर्फ विचार विमर्श र विश्लेषण नै गर्नुपर्ने देखिएन। तसर्थ यी प्रतिवादी मिन बहादुर भट्टराईको व्यय भन्दा आय नै बढी देखिन आएको परिप्रेक्ष्यमा निज प्रतिवादी र अर्का प्रतिवादी झुना कुमारी कठेतले आरोपदाबीबाट सफाइ पाउने ठहर्छ।

**सदस्य** **सदस्य** **अध्यक्ष**

**फैसला तयार गर्न सहयोग पुऱ्याउनेः**

इजलास अधिकृतः यमलाल पन्थी

कम्प्युटर अपरेटरः भानु बस्नेत

**इति संवत् २०८१ साल असार महिना ०९ गते रोज ०१ शुभम्.........................................................।**

श्री
विशेष अदालत, काठमाडौं
इजलास
अध्यक्ष माननीय श्री टेकनारायण कुँवर
सदस्य माननीय श्री तेज नारायण सिंह राई
सदस्य माननीय श्री मुरारीबाबु श्रेष्ठ
फैसला
इजलास नं. १
मुद्दा नं.: ०७७-CR-००६६
दर्ता मितिः २०७७/०९/२६
फैसला मितिः २०८०/१०/१५
नि.नं. : १३४

मुद्दाः गलत फाइल नक्सासमेत बनाई सरकारी जग्गालाई कम्पनीको जग्गामा घुसाई भ्रष्टाचार गरेको।

**वादी** : अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकृत रेशम बहादुर पराजुलीको प्रतिवेदनले नेपाल सरकार।

विरुद्धः

**प्रतिवादी** : पदमलाल गौडेलको नाती, दुर्गाप्रसाद गौडेलको छोरा जिल्ला पर्वत फलेवास न.पा.वडा नं.४ मुडीकुवा स्थायी घर भई हाल जिल्ला काठमाडौं का.म.न.पा. वडा नं.३१ शान्तिनगर बस्ने तत्काल नापी कार्यालय ललितपुरका तत्काल प्रमुख नापी अधिकृत हाल अवकास प्राप्त वर्ष ६१ को **बुद्धिमान जैसीसमेत**।

- सरकारी सार्वजनिक जग्गा व्यक्ति विशेषको भनी गलत टायल चेक गरी जग्गा बढ कायम गर्ने, गराउने निर्णयमा संलग्न पदाधिकारी र व्यक्तिहरूलाई अभियोजकले कुनै आधार र कारण उल्लेख नै नगरी उन्मुक्ति दिएको देखिन्छ। "जसको निर्णयबाट असर पर्छ, प्रथम दृष्टिमा उही नै जिम्मेवार हुने मान्य सिद्धान्त नै हो।" यो भनेको एक महत्वपूर्ण नैतिक र व्यवस्थापकीय अवधारणा हो। यस सिद्धान्त अनुसार, कुनै पनि निर्णयको परिणामहरूमा प्रभाव पर्ने व्यक्तिहरूले ती निर्णयहरूको लागि जिम्मेवार हुनुपर्छ। यसले निर्णय गर्ने प्रक्रियामा पारदर्शिता र उत्तरदायित्वको महत्त्वलाई उजागर गर्छ। यस सिद्धान्तको सार तत्त्व भनेको उत्तरदायित्वको सवाल हो। जसले निर्णय लिन्छ, उसले त्यस निर्णयका परिणामहरूको जिम्मेवारी लिनुपर्छ। यसले संस्थागत निर्णयहरूमा उचित जवाफदेहिता सुनिश्चित गर्न मद्दत गर्छ।

  (प्रकरण नं. ५५)
- कुनै पनि निकायमा निर्णयकर्ताले लिएका निर्णयहरूले कार्यान्वयनमा महत्वपूर्ण भूमिका खेल्छन्। यदि निर्णय गलत भयो भने त्यसको प्रभाव कार्यान्वयन गर्ने व्यक्तिहरूमा पर्न सक्छ। यस कारणले गर्दा निर्णयकर्तालाई जवाफदेहि बनाउनुपर्छ भनिएको हो। यदि गरिएको निर्णय नै कानून विपरित भई कानूनको नजरमा अपराधजन्य कार्य हो भने सो कार्यबाट निःसृत हुने गलत परिणमको पहिलो जिम्मेवारी पनि निर्णयकर्ताकै हुन जान्छ। निर्णयकर्तालाई जवाफदेही नबनाउँदा त्यसबाट उत्पन्न परिणाम हेरी कार्यान्वयनकर्तालाई दायित्व थोपर्दा यो अन्य कर्मचारीहरूको लागि अन्यायपूर्ण कारबाही हुन जान्छ।

  (प्रकरण नं. ५६)
- यदि निर्णय नै गलत छ भने कार्यान्वयनकर्तालाई दोषी ठहराउने कुरा जटिल हुन्छ। यदि कार्यान्वयनकर्ताले प्रक्रिया, नीति वा निर्देशनहरू ठीकसँग अनुशरण गरेन भने मात्र त्यसले असफलता वा समस्या उत्पन्न

गर्न सक्छ। यस अवस्थामा, उनीहरूलाई दोषी मान्न सकिन्छ। यदि निर्णयकर्ताहरूले कमजोर, गलत, वा अनियोजित आधारमा निर्णय लिए भने त्यसले कार्यान्वयनमा अव्यवस्थितता र समस्याहरूको सृजना गर्न सक्छ। यो भनेको रुखको जरो कुहिनु जस्तै हो, जसले सम्पूर्ण संरचनालाई नै कमजोर बनाउँछ। यदि मूल संरचना कमजोर छ भने त्यसको परिणामस्वरूप हुने समस्याहरूको जिम्मेवारी त्यही मूल संरचनामा पर्ने हुन्छ।

**(प्रकरण नं. ५७)**

## ठहर खण्ड

१. विशेष अदालत नियमावली, २०८० नियम ४३ र ४४ बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा प्रतिवादीहरू उपरको आरोपदाबी सहितको मिसिल अध्ययन गरियो। प्रस्तुत मुद्दामा वादी नेपाल सरकार तथा प्रतिवादीका तर्फबाट भएको बहस निम्न अनुसार छः

२. प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री ज्ञान प्रसाद भुसाल र विद्वान् उपन्यायाधिवक्ता श्री भगवती गौतमले प्रतिवादीहरू नापी अधिकृत बुद्धिमान जैसीसमेत, यूरो हाउजिङ्ग डेभलपर्स प्रा.लि.का संचालक अध्यक्ष गुनीकाजी मानन्धरसमेतका संचालक र काठमाडौं हस्पिटल प्रा.लि.का संचालक अध्यक्ष डा. श्यामबहादुर कर्माचार्यसमेतका संचालकहरू समेतका व्यक्तिहरूको एकआपसमा मिलेमतो तथा प्रत्यक्ष संलग्नतामा कर्मनासा खोलाको सरकारी जग्गा फाइल नक्सा बनाउने बाहनामा जम्मा क्षेत्रफल ८-१२-३-२ जग्गा कम्पनीहरूको जग्गामा घुसाई सरकारी सम्पत्तिको हिनामिना गरी आ.ब. २०७०/०७१ को सरकारी मूल्याङ्कनअनुसार धापाखेल गा.वि.स.को प्रतिरोपनी रू.२३,०००००।- र हरिसिद्धि गा.वि.स.को प्रति रोपनी रू.२२,७०,०००।- का दरले जम्मा क्षेत्रफल ८-१२-३-२ जग्गाको जम्मा रू.२,०२,३३,६७१.८८ बराबरको जग्गा हिनामिनासमेत गरी गैरकानूनी तथा भ्रष्टाचारजन्य कार्य गरेको हुँदा निज प्रतिवादीहरूलाई समेत आरोपदाबी बमोजिम कसुर कायम गरी सजाय गरी पाउँ भनी गर्नुभएको तर्कपूर्ण बहस सुनियो।

३. प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री हरिहर दाहाल, डा. श्री पूर्णमान शाक्य, श्री सतिषकृष्ण खरेल, श्री कृष्ण सापकोटा, श्री नैनबिनोद न्यौपाने, श्री द्रोणराज रेग्मी र श्री मुकुन्द शर्मा पौडेल र विद्वान अधिवक्ताहरू श्री मुरारीप्रसाद पौडेल, श्री ठोकप्रसाद सिवाकोटी, श्री लम्बप्रसाद शिवाकोटी, श्री खम्बबहादुर खाती, श्री धर्मराज रेग्मी, श्री रामचन्द्र सुवेदी, श्री युवराज भण्डारी, श्री विश्वनाथ खनाल, श्री सुवास आचार्य, श्री शशिराम मरासैनी, श्री विकास ठाकुर, श्री भरतचन्द्र अर्याल, श्री निर्मल देवकोटा र श्री सुशिलकेसर खनालले राष्ट्र सेवकको रुपमा कार्यरत प्रतिवादीहरूले सरकारी जग्गा व्यक्ति विशेषको नाममा बढ कायम हुने गरी निर्णय गरेको होइन। पहिले भएको निर्णयलाई कार्यान्वयनसम्म गरेको हो। निर्णय गर्ने अधिकारी उपर मुद्दा चलाइएको छैन। सरकारी जग्गा कति क्षेत्रफल कुन कित्तामा घुसाइएको भन्ने आरोपपत्रमानै उल्लेख गरिएको छैन। प्रतिवादीहरू उपरको आरोपदाबी वस्तुनिष्ठ प्रमाणबाट प्रमाणित नभएकोले आरोपदाबी बमोजिम हुनु नपर्ने भन्ने बेहोराको बहस जिकिर लिनु भयो।

४. प्रस्तुत मुद्दाको आरोपदाबीमा निम्न आधार कारण उल्लेख गरी प्रतिवादीहरू उपर सजायको मागदाबी गरेको देखिन्छः

क) हरिसिद्धि गा.वि.स.तर्फ खोलाले छाडेको जग्गाको आसपासको जग्गा यूरो हाउजिङ्ग डेभलपर्स प्रा.लि., यूरो ल्याण्ड डेभलपर्स प्रा.लि. र काठमाडौं हस्पिटल प्रा.लि.का नाममा खरिद गरेको,

ख) यूरो हाउजिङ्ग डेभलपर्स प्रा.लि. समेतले सो जग्गाको टायल चेक गरी पाउँ भनी मालपोत कार्यालय, ललितपुरमा निवेदन दिएको,

ग) मालपोत कार्यालय, ललितपुरले टायल चेकको नापी कार्यालय, ललितपुरमा पत्राचार गरेको,

घ) नापी कार्यालय, ललितपुरले टायल चेक गर्दा सो सार्वजनिक खोलाको जग्गा पर्ने भए तापनि सार्वजनिक जग्गा नपर्ने भनी कर्मनासा खोलाको जग्गालाई बढ जग्गा कायम गरी ऐलानी, पर्ती, सार्वजनिक जग्गा नपर्ने भनी मालपोत कार्यालय, ललितपुरलाई जवाफ पठाएको,

ङ) यूरो हाउजिङ्ग डेभलपर्स प्रा.लि. तथा काठमाडौं हस्पिटल प्रा.लि. तर्फबाट नक्सा संशोधन तथा कित्ता एकीकरणको लागि मालपोत कार्यालय, ललितपुरमा मिति २०६९/१०/११ गते निवेदन दिएको,

च) मालपोत कार्यालय, ललितपुरमा तत्काल कार्यरत उपसचिव बाबुराम खनाल, कर्मचारी ना.सु. ख्यामनारायण पौडेल, ना.सु. दिनेश नेउपाने, खरिदार आत्माराम लुइटेलसमेतको मिलेमतोमा भोग अनुसारको नक्सा संशोधन तथा कित्ता एकीकरणको लागि नापी विभागमा नपठाई नापी कार्यालय, ललितपुरमा पठाएको,

छ) नापी कार्यालयमा तत्काल कार्यरत कार्यालय प्रमुख बुद्धिमान जैसी, नापी अधिकृत बालेश्वर यादव र सर्भेक्षक केशव थापा मगरले गलत पत्रलाई आधारमानी गैरकानूनी तरिकाले सर्भेक्षक केशव थापा मगर, प्रमुख नापी अधिकृत बुद्धिमान जैसी र नापी अधिकृत बालेश्वर यादवसमेतले सो भोग बमोजिमको नक्सा संशोधन र कित्ता एकीरण तथा फाइल नक्सा मिति २०७०/०६/२१ मा तयार गरी मालपोत कार्यालय, ललितपुरमा पठाएको,

ज) मालपोत कार्यालय, ललितपुरमा तत्काल कार्यरत उपसचिव बाबुराम खनाल, ना.सु. ख्याम नारायण पौडेल, ना.सु. दिनेश नेउपाने, खरिदार आत्माराम लुइटेल समेतलेले सो फाइल नक्सालाई मिति २०७०/०६/२३ गतेको टिप्पणी निर्णयमा सहीछाप गरी सदर गरिदिएको र

झ) नापी कार्यालय, ललितपुर तथा मालपोत कार्यालय, ललितपुरका तत्काल निर्णय प्रक्रियामा सामेल भएका कर्मचारीहरू, यूरो हाउजिङ्ग डेभलपर्स प्रा.लि.का संचालक र काठमाडौं हस्पिटल प्रा.लि.का संचालकहरू एकआपसमा मिलेमतो तथा प्रत्यक्ष संलग्नतामा कर्मनासा खोलाको सरकारी जग्गा फाइल नक्सा बनाउने बाहनामा जम्मा **क्षेत्रफल ८-१२-३-२** उक्त कम्पनीहरूको जग्गामा घुसाई सरकारी सम्पत्तिको हिनामिना गैरकानूनी तथा भ्रष्टाचारजन्य कार्य गरेको।

५. प्रतिवादीहरू विरुद्ध निम्न बमोजिमको कसुरमा निम्नअनुसारको सजाय मागदाबी गरेको देखिन्छः

| सि.नं. | प्रतिवादीहरूको नाम | प्रतिवादीहरूले गरेको कसुर | प्रतिवादीहरू उपर माग गरिएको सजाय | प्रतिवादीहरूबाट असुल हुने बिगो |
|---|---|---|---|---|
| १. | बुद्धिमान जैसी, बालेश्वर यादव, केशव थापा मगर, बाबुराम खनाल, ख्यामनारायण पौडेल, दिनेश न्यौपाने र आत्माराम लुईटेल | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा ८ को उपदफा (१) को देहाय (ज) | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय र दफा ८ को उपदफा (१) र दफा ४७ बमोजिम बिगो असुलउपर | २,०२,३३,६७१।८८ |
| २. | गुनीकाजी मानन्धर, योगेश्वरकृष्ण पराजुली, कृष्णराज श्रेष्ठ, टंकबहादुर श्रेष्ठ, गोपालदास मानन्धर, बविन मानन्धर, उज्जल मानन्धर, इश्वरलाल आचार्य, दुर्गामान जोशी र दुर्गेसनन्दिनी भट्टचन | ऐ.ऐ ऐनको दफा ८ को उपदफा (४) | ऐ.ऐ ऐनको को दफा ८ को उपदफा (४) बमोजिम सजाय र सोही दफा ८ को उपदफा (४) र दफा ४७ | २,०२,३३,६७१।८८ |
| ३. | सोमनाथ प्रसाई, कुमारी कंचन साह, कृष्ण साल्की, गोपाल तिमल्सिना, तीर्थबहादुर कार्की, त्रिलोकराज शाक्य, देवनारायण तिमल्सिना, नारायणदेवी मानन्धर, निर्मला शाक्य, पूर्णगोविन्द लाखे श्रेष्ठ, विरोदेवी यादव, भुवनेश्वरी पराजुली, पंकज पराजुली, मिनाकुमारी कार्की, रस्मी महर्जन, राजेन्द्रप्रसाद रुपाखेती, राज्यलक्ष्मी अमात्य, रामदुलारीदेवी साह, राममाया महर्जन, रुपा श्रेष्ठ, लोकबहादुर डंगोल, लोकेश महर्जन, शकुन्तला श्रेष्ठ, शुशिल मानन्धर, सरिताकुमारी ठाकुर, सुनिल मानन्धर, सुरेन्द्रकुमार मण्डल, सोनिया पोखेल र नर्मदा उपाध्याय शर्मा | - | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा ४७ बमोजिम निजहरूको नाममा रहेको जग्गा जफत | |

६. उपर्युक्त तथ्य एवम् आरोपदाबी रहेको प्रस्तुत मुद्दामा देहायका प्रश्न उपर न्याय निरुपण गर्न पर्ने देखिन आयोः

*क) नापी कार्यालय, ललितपुर तथा मालपोत कार्यालय, ललितपुरका तत्काल निर्णय प्रक्रियामा सामेल भएका कर्मचारीहरू, यूरो हाउजिङ्ग डेभलपर्स प्रा.लि.का संचालक र काठमाडौं हस्पिटल प्रा.लि.का संचालकहरू एकआपसमा मिलेमतो गरी कर्मनासा खोलाको सरकारी जग्गा क्षेत्रफल ८-१२-३-२ कम्पनीहरूको जग्गामा घुसाई सरकारी सम्पत्तिको हिनामिना गैरकानूनी तथा भ्रष्टाचारजन्य कसुर गरेको हो वा होइन ?*

*ख) यदि सो कसुर गरेको हो भने कसुरमा कुन कुन प्रतिवादीहरूको के कस्तो संलग्नता रहेको छ ?*

*ग) कसुरमा संलग्न प्रतिवादीहरूलाई आरोपदाबी अनुसार कसुर कायम गरी सजाय गर्नु पर्ने हो होइन ?*

*ङ) यदि कसुर गरेको हो भने के कस्तो सजाय हुनु पर्ने हो ?*

७. सर्वप्रथम पहिलो प्रश्नमा विचार गर्दा, जिल्ला ललितपुर साबिक हरिसिद्धि गा.वि.स. वडा नं.१/क हाल ललितपुर महानगरपालिका वडा नं.२८ र साबिक ऐ. धापाखेल गा.वि.स. वडा नं.१/घ(२) हाल ललितपुर महानगरपालिका वडा नं.२३ स्थित सिलौटेमा पर्ने कर्मनासा नामको सार्वजनिक खोला एवम् सो खोला आसपासको सरकारी/सार्वजनिक जग्गा यूरो हाउजिङ्ग डेभलपर्स कम्पनीले मालपोत तथा नापी कार्यालय ललितपुरका कर्मचारीहरूको मिलेमतोमा २०२२ सालको नापी नक्सालाई तोडमोड गरी नयाँ फाइल नक्सा बनाई ७ देखि १० रोपनी सार्वजनिक जग्गा प्लटिङ्ग गरी व्यक्ति विशेषलाई बिक्री वितरण गर्न लागेकोले आवश्यक कारवाही गरी पाउँ भन्ने उजुरी परी अनुसन्धान तहकिकात भएको देखिन्छ।

८. उजुरीमा उल्लखित जग्गाको विगतको पृष्ठभूमि हेर्दा, ललितपुर जिल्ला साबिक हरिसिद्धि गा.वि.स. वडा नं. १क, ऐ. धापाखेल गा.वि.स. वडा नं. १क तथा ऐ. १घ का जग्गाहरू कर्मनासा खोलासँग आबद्ध रहेको देखिन्छ। उक्त खोलामा सम्वत २०२१ साल तथा संवत् २०२२ सालमा सर्वे नापी हुँदा कायम भएको कर्मनासा (कोड्कु) खोलाको हरिसिद्धि १क को कि.नं.२०५ लगायत विभिन्न कित्ता २०३२ साल लगायत विभिन्न समयमा भेलबाढी आई धार परिवर्तन गरी हरिसिद्धि गा.वि.स.तर्फको भाग छाडी धापाखेल गा.वि.स.तर्फ सर्न गएको देखिन्छ। यसबाट खोलाले आफ्नो पहिलेको धार त्याग गरी धार परिवर्तन गरेको अवस्थामा धार त्याग गरेको स्थान खाली जग्गाको रुपमा रहन गएको देखिन्छ।

९. यसरी खाली रहेको जग्गा अर्थात कर्मनास खोला आसपासको हरिसिद्धि १क को कि.नं. १५४ र १५५ का जग्गा र धापाखेल १ख को कि.नं. १९६० र १९६१ जग्गा यूरो हाउजिङ्ग डेभलपर्स प्रा.लि. र यूरो ल्याण्ड डेभलपर्सका संचालकहरूले खरिद गरेकोमा विवाद छैन। प्रतिवादी गुनीकाजी मानन्धरसमेतका उक्त कम्पनीको संचालकहरूले मिति २०६४।५।२० मा मालपोत कार्यालय, ललितपुरमा टायल चेकको लागि निवेदन दिएको देखिन्छ। मालपोत कार्यालयले टायल चेकको लागि च.नं. ३१ मिति २०६४/०५/२६ गतेको पत्रबाट नापी कार्यालय, ललितपुरलाई अनुरोध गरेको पाइन्छ। मालपोतबाट नापीलाई लेखी नापी कार्यालय, ललितपुरले टायलचेक गर्दा निवेदनमा उल्लेख भएको जग्गा सार्वजनिक नरहेको भनी टायल चेक गरी च.नं. ४३९ मिति २०६४/०७/२२ गतेको पत्रसमेत मालपोत कार्यालय, ललितपुरलाई पठाई दिएको मिसिल संलग्न प्राप्त पत्रबाट देखिन्छ।

१०. त्यस्तै नापी कार्यालय ललितपुरले मिति २०६४/७/२२ मा टायलचेक गरी बढ कायम भई आएको जग्गाको लाग्ने नियमानुसारको राजस्व, मालपोत र सेवा दस्तुर समेत असुल गर्नू भनी २०६४/८/२० मा मालपोत कार्यालय, ललितपुरबाट निर्णय भएको देखिन्छ। यो निर्णय नै प्रस्तुत मुद्दाको महत्वपूर्ण कडीको रुपमा रहेको पाइन्छ। यसै निर्णयको आधारबाट प्रतिवादी यूरो हाउजिङ्ग डेभलपर्स प्रा.लि. र यूरो ल्याण्ड डेभलपर्सका नाममा खरिद गरिएको जग्गा साबिकमा भन्दा क्षेत्रफल बढ्न गएको देखिन्छ। यस सन्दर्भमा आरोपदाबीको रोहमा **उक्त बढ कायम भएको जग्गा वास्तविक रुपमा बढ्नु पर्ने जग्गा हो वा प्रतिवादीहरूको अनियमति कार्यले गर्दा उक्त जग्गाहरूको क्षेत्रफल बढ्न गएको हो** भन्ने सन्दर्भमा हेर्नुपर्ने देखिन आएको छ।

११. यसरी प्रतिवादी यूरो हाउजिङ्ग डेभलपर्स प्रा.लि. र यूरो ल्याण्ड डेभलपर्सका संचालकहरूले मालपोत कार्यालय, ललितपुरमा टायल चेकको लागि निवेदन दिई सो मालपोत कार्यालयले टायल चेकको लागि नापी कार्यालय, ललितपुरलाई पत्राचार गरेकोमा नापी कार्यालय, ललितपुरले नाप नक्सा तथा टायलचेक गरी पुनः मालपोत कार्यालयमा पठाएको पाइन्छ। मालपोत कार्यालय, ललितपुरले बढ कायम भई आएको जग्गाको लाग्ने नियमानुसार राजस्व, मालपोत र सेवा दस्तुरसमेत असुल गर्नू भनी निर्णय गरेको हुँदा ती निर्णयाधिकारीको समेत प्रस्तुत मुद्दाका प्रमुख पात्र हुन् भन्नेमा दुइमत छैन। जुन निर्णयको आधारमा जग्गाको बढ कायम भएको छ त्यसका निर्णयकर्ताको जवाफदेहिता हुने पनि यस मुद्दाको आरोपित कसुरका सम्बन्धमा महत्वपूर्ण तथ्यको रुपमा रहन गएको छ।

१२. त्यस्तै, यूरो हाउजिङ्ग डेभलपर्स प्रा.लि. तथा काठमाडौं हस्पिटल प्रा.लि.ले मिति २०६४/८/२० मा मालपोत कार्यालय, ललितपुरबाट भएको निर्णयका आधारमा नक्सा संशोधन तथा कित्ता एकीकरणको लागि मालपोत कार्यालय, ललितपुरमा मिति २०६९/१०/११ गते निवेदन दिएको देखिन्छ। मालपोत कार्यालयबाट निर्णय भएको करीब ५ वर्ष समय व्यतित भएपछि मात्र निर्णय कार्यान्वयन गर्न गएको देखिन्छ। सो निवेदन उपर उक्त मालपोत कार्यालय, ललितपुरले भोगअनुसारको नक्सा संशोधन तथा कित्ता एकीकरणको लागि नापी कार्यालय, ललितपुरमा लेखी पठाएको पाइन्छ। उक्त नापी कार्यालयबाट भोगबमोजिमको नक्सा संशोधन र कित्ता एकीकरण तथा फाइल नक्सा मिति २०७०/०६/२१ मा तयार गरी मालपोत कार्यालय, ललितपुरमा ऐ.२३ गते नै पठाएको देखिन्छ। फलतः मालपोत कार्यालय, ललितपुरबाट सो फाइल नक्सालाई मिति २०७०/०६/२३ गतेको टिप्पणी निर्णय लेखी सहीछाप गरी सदर गरिदिएको देखिन्छ। यसप्रकार नापी कार्यालय ललितपुरबाट मिति २०६४/७/२२ मा टायलचेक भई सोही आधारमा मिति २०६४/०८/२० मा भएको मालपोत कार्यालय ललितपुरको निर्णय अनुसार जम्मा क्षेत्रफल ५-९-०-० जग्गा बढ कायम हुने गरी निर्णय गरेको देखिएको र सो निर्णयबमोजिम उक्त प्रा.लि.ले जग्गा दर्ता स्रेस्ता सुधार गरी स्वामित्व ग्रहण गरी सरकारी सार्वजनिक खोलासँग सन्निहित जग्गा आफुहरूको जग्गामा मिसाई लाभ लिएको तथ्यमा कुनै विवाद रहेको देखिंदैन।

१३. उल्लिखित तथ्य रहेको प्रस्तुत मुद्दामा सामान्यतः फौजदारी कसुरमा प्रत्येक अभियुक्त उपरको कसुर छुट्टाछुट्टै रुपमा प्रति व्यक्ति प्रति कसुर प्रमाणित हुनुपर्ने तथा कसुरको मात्रासमेत प्रति अभियुक्त स्थापित हुनुपर्ने हुन्छ। यस सन्दर्भमा **यी प्रतिवादीहरू मध्ये के कुन प्रतिवादीहरूले के, कुन कार्य गरी आरोपित कसुर गरेको हो र कसुर गर्ने कार्यमा के कुन प्रतिवादीको के कस्तो संलग्नता रहेको छ ?** भनी हेर्नुपर्ने देखियो।

१४. यस परिप्रेक्ष्यमा सर्वप्रथम नापी कार्यालय, ललितपुरमा तत्कालीन अवस्थामा कार्यरत कार्यालय प्रमुख बुद्धिमान जैसी, नापी अधिकृत बालेश्वर यादव र सर्भेक्षक केशव थापा मगर तथा मालपोत कार्यालय, ललितपुरका तत्कालीन कार्यरत कार्यालय प्रमुख उपसचिव बाबुराम खनाल, ना.सु. ख्यामनारायण पौडेल, ना.सु. दिनेश न्यौपाने र खरिदार आत्माराम लुईटेलको हकमा लगाइएको आरोपदाबीका सम्बन्धमा हेर्दा, यी प्रतिवादीहरू उपर यूरो ल्याण्ड डेभलपर्स प्रा.लि., यूरो हाउजिङ डेभलपर्स प्रा.लि. र काठमाडौं हस्पिटल प्रा.लि.का संचालक सदस्यहरूसँग मिलेमतो गरी जिल्ला ललितपुर साबिक हरिसिद्धि गा.वि.स. वडा नं. १क, ऐ. धापाखेल गा.वि.स. वडा नं. १क तथा ऐ.१घ का हाल जिल्ला ललितपुर, ललितपुर महानगरपालिका वडा नं. २८ र २३ का जग्गाहरूको जम्मा **क्षेत्रफल ८-१२-३-२** (आठ रोपनी बाह्र आना तीन पैसा दुई दाम) जग्गाको नियम विपरीतको टायल चेक गर्ने, भोगअनुसारको नक्सा संशोधन तथा कित्ता एकीकरण र गलत फाइल नक्सा तयार गर्ने कार्यमा संलग्न भई आफ्नो सार्वजनिक पद र ओहदाको दुरूपयोग गरी आफू र अन्य व्यक्तिलाई फाइदा र नेपाल सरकारलाई हानि नोक्सानी हुने गरी सरकारी जग्गा कम्पनीको नाममा घुसाई दर्ता गरी गराई **भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा ८ को उपदफा (१) को देहाय (ज)** बमोजिमको कसुरमा सजाय गरी पाउँ भन्ने आरोपदाबी रहेको देखियो।

१५. प्रतिवादी नापी कार्यालय प्रमुख बुद्धिमान जैसीले मैले कानून बमोजिम तथा मा.पो.का. ललितपुरको मिति २०६९/१०।२२ च.नं.३६३९ को र मिति ०७०।६।१० को च.नं.१३९८ लगायतका मालपोत कार्यालयको पत्रादेश अनुसार मबाट

आफ्नो पदिय जिम्मेवारी भित्र रही आवश्यक स्थलगत प्राविधिक नापजाँच गराई सम्बन्धित कर्मचारीहरूबाट चेकजाँच भई पेस भएका नक्सा समेतको आधारमा कार्य सम्पादन गरेको हुँ भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिन्छ।

१६. प्रतिवादी बालेश्वर यादवले मैले मालपोत कार्यालयको च.नं.१९२६,१९२७ मिति २०७०/६/२१ को पत्रबमोजिम फाँटबाट कार्यगरी संयुक्त हरिसिद्ध-१क धापाखेल-१क धापाखेल-१घ को केही कित्ताहरूलाई एकीकरण गरी ११९७, ११९८, ११९९, १२००, १२०१ र १२०२ धापाखेल ४६०२ र १५४८ अन्तिम कित्ता कायम भएको एकीकरण गरेको नक्सामा मात्र मेलै नापी अधिकृतको हैसियतले फाँटबाट भैपरी आउने कार्यलाई चेकगरी सहीछाप गरी माथिल्लो कार्यालय प्रमुखकोमा पठाउने भूमिका रहे अनुसार गरेको छु। मालपोत ऐन, २०३४ को दफा ८(क), जग्गा नापजाँच ऐन, २०१९, सोही ऐनअन्तर्गतको नियमावली र निर्देशिकाबमोजिम मालपोत कार्यालयको मिति २०६९/१०/२२ च.नं.३६३९ मा मिति २०७०/०६/१० को च.नं.१३९८ को मालपोत कार्यालयको आदेशअनुसार आफूले पदको अधिकारक्षेत्र भित्र रही फाँटबाट आएको कार्यलाई चेक गरी सहीछाप गरी माथिल्लो अधिकारी कार्यालय प्रमुख कहाँ अन्तिम सदर प्रमाणितको लागि पठाइएको हो भनी आरोपित कसुरमा इन्कारी रही बयान गरेको देखिन्छ।

१७. प्रतिवादी केशव थापा मगरले यूरो हाउजिङ्ग डेभलपर्स प्रा.लि. समेतले कित्ता एकीकरण गर्न मालपोतबाट आएको पत्रानुसार नापी कार्यालयबाट गर्नुपर्ने कार्य गरी मालपोत पठाएको हो। कित्ता एकीकरण गरी पठाउँदा साबिक क्षेत्रफल भन्दा घटी क्षेत्रफल कायम भएकोले यसमा सरकारी सार्वजनिक जग्गा घुसेको र घुसाएको छैन। २०२२ सालको सर्भे नापी नक्सालाई आधार मानी कित्ताहरू एकीकरण गरी नक्सा बनाई मालपोत कार्यालय पठाएको हो। साबिक नापी नक्सामा भएको कर्मनासा खोला साबिकको ठाउँबाट नबगी हाल वहाव परिवर्तन भई अन्यत्रैबाट बगिरहेको छ। सर्जमिन मुचुल्का गर्ने कार्य मालपोत कार्यालयको भएको र नापी विभागमा स्वीकृति लिनुपर्ने भए मालपोत कार्यालयले पत्राचार गर्नुपर्ने प्रावधान रहेको छ। साबिकका कित्ताहरू कित्ता एकीकरण गर्दा साबिकको नक्सा भन्दा आकार प्रकारमा फरक नपारिएको र क्षेत्रफलसमेत घटी कायम भएकोले सरकारी सार्वजनिक जग्गा घुसाएको भन्ने आरोप झुठ्ठा हो भनी आरोपित कसुरमा इन्कारी रही बयान गरेको देखिन्छ।

१८. प्रतिवादी प्रमुख मालपोत अधिकृत बाबुराम खनालले मैले नापी कार्यलयको पत्रबमोजिम कित्ता एकीकरण मात्र गरेको हुँ। सो मध्ये क्षे.फ. ८-१२-१३-२ बढाएको सम्बन्धमा म समावेस छैन। म लगायत २०७०।०६।२३ को कित्ता एकीकरणको कारवाही र निर्णयमा मालपोत कार्यालय ललितपुरका कुनै पनि कर्मचारीको कुनै संलग्नता छैन। मालपोत कार्यालय ललितपुरको च.नं. १९२७ मिति २०७०।०६।२० को पत्र तथा नापी कार्यालय ललितपुरको च.नं. ४०४ र ४०५ को मिति २०७०।०६।२३ को पत्रबमोजिम उठेको टिप्पणीसम्म मैले सदर गरेको हुँ भनी आरोपित कसुरमा इन्कारी रही बयान गरेको देखिन्छ।

१९. प्रतिवादी ख्यामनारायण पौडेलले निवेदकको निवेदन मा.पो.का.मा पेस हुँदा यसमा भोगबमोजिमको नक्सा गर्न मिल्छ, मिल्दैन? सार्वजनिक सरकारी जग्गा वा व्यक्ति विशेषको जग्गा पर्छ पर्दैन अवस्था खुलाई प्रतिवेदन पठाउनु भनेर पत्राचार हाम्रो कार्यालयबाट भएको थियो। त्यसमा प्रस्तावित नक्सा सहित नापी कार्यालयबाट २०७०।६।१४ मा पत्र प्राप्त हुँदा पत्रमा खोलाको जग्गासमेत पर्ने र २ वटा गा.वि.स.को सिमानासमेत देखिएकोले मालपोत ऐन, २०३४ को दफा ८ (क) (२) बमोजिम नक्सा र भोग नमिलेकै आधारमा विभागीय सहमति लिई संसोधन गर्न पाउने भनिए तापनि सरकारी जग्गा र सिमानामा असर पर्ने देखिंदा विभागीय सहमतिका लागि पत्राचार गर्न नमिल्ने भई सम्बन्धित जग्गाधनीलाई सोही बेहोरा मौखिक जानकारी दिंदा मिति २०७०।६।२० मा दुबै **जग्गाधनीबाट आ-आफ्ना नाममा दर्ता कायम भएका कित्ताहरू मात्र साबिक नक्सा बमोजिम कित्ता एकीकरण गरी पाउँ** भनी पुनः निवेदन पेस हुँदा नक्सा संसोधन नभइ कित्ता एकीकरणको मात्र निर्णय भएको हो भनी आरोपित कसुरमा इन्कारी रही बयान गरेको देखिन्छ।

२०. प्रतिवादी दिनेश न्यौपानेले मैले कित्ता एकीकरणको अभिलेखन गर्दा कार्यालयमा रहेको स्रेस्ता अभिलेख तथा पुर्जामा कायम साबिकको क्षेत्रफलमा नबढ्ने गरी कित्ता एकीकरणको अभिलेखन गरेको हुँ। म लगायत मेरो कार्यालय, मालपोत कार्यालय ललितपुरबाट भोग अनुसारको नक्सा सुधार तथा गलत फाइल नक्सा तयार गर्नु भन्ने कुनै आदेश तथा पत्राचार गरेको छैन। मैले नापी कार्यलयको पत्र बमोजिम कित्ता एकीकरण मात्र गरेको हुँ। **कित्ता एकीकरण गर्दा साबिक भन्दा क्षेत्रफल घटेको छ। सो कुरा कित्ता एकीकरण गर्नु अघि र कित्ता एकीकरण गरे पश्चातको मालपोत कार्यालय ललितपुरमा रहेको स्रेस्ताबाट प्रष्ट नै छ।** साथै अभियोग पत्रको पाना नं ३६ मा हिनामिना गरेको भनी उल्लेख भएका सरकारी सार्वजनिक साबिक हरिसिध्दि गा.वि.स. वार्ड नं. १/क कि.नं. २०५, धापाखेल १/क कि.नं.१००५, ऐ ऐ वार्ड नं. १/घ कि.नं.४८६ को जग्गा साबिक नापीको समयदेखि हालसम्म यथावत नेपाल सरकारको नाममा कायम रहेको छ। सो मा क्षेत्रफल लगायत सम्पूर्ण बेहोरा यथावत् कायम छ। ट्रायल चेक गरी क्षे.फ. ८-१२-१३-२ बढाएको सम्बन्धमा म समावेश छैन भनी आरोपित कसुरमा इन्कारी रही बयान गरेको देखिन्छ।

२१. त्यस्तै प्रतिवादी आत्माराम लुइटेलले मेरो कुनै कर्मचारी वा व्यक्ति विशेषसँग कुनै पनि मिलेमतो छैन। प्रस्तुत जग्गा कित्ता एकीकरण गर्ने सम्बन्धीका सम्पूर्ण कार्य सम्पन्न पहिले नै भएपश्चात् मैले केवल उक्त फायल पञ्जिका तयार गरी मोठ फाँटमा पठाइदिएको सम्म हो। टिप्पणी उठाउने, पत्राचार गर्ने, निर्णय गर्ने आदि कुनै पनि कार्यमा मेरो कुनै पनि भूमिका छैन। मैले केवल उक्त फायलको पञ्जिकासम्म तयार गरेको हो भनी आरोपित कसुरमा इन्कारी रही बयान गरको देखिन्छ।

२२. यी प्रतिवादीहरू नापी कार्यालय, ललितपुरमा तत्कालीन अवस्थामा कार्यरत कार्यालय प्रमुख बुद्धिमान जैसी, नापी अधिकृत बालेश्वर यादव र सर्भेक्षक केशव थापा मगर तथा मालपोत कार्यालय, ललितपुरका तत्कालीन कार्यरत कार्यालय प्रमुख उपसचिव बाबुराम खनाल, ना.सु. ख्यामनारायण पौडेल, ना.सु. दिनेश न्यौपाने र खरिदार आत्माराम लुइटेलले अनुसन्धान तथा यस अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कारी भई बयान गरेको देखिए तापनि नापी कार्यालयमा कार्यारत कर्मचारीहरू कित्ता एकीकरणको कार्य तथा प्रक्रियामा समावेश भएको भनी बयानमा खुलाएको अवस्था रहेको छ भने मालपोत कार्यालयका कर्मचारीहरूले आफुहरूले नापी कार्यालयबाट प्राप्त टायल चेक तथा नक्सा गरी आएपश्चात् कानूनबमोजिमको प्रक्रिया पुऱ्याएको सम्म हो जुन कर्मचारीको पदीय उत्तरदायित्वभित्र पर्दछ भनी बयान गरेको देखिन्छ।

२३. निज **प्रतिवादीहरूले गरेको उल्लिखित कार्यहरू आरोपदाबी अनुसारको कसुर हो, वा होइन ?** भन्ने प्रश्न तर्फ हेर्दा, सामान्यतः सरकारवादी फौजदारी मुद्दामा कसुरदारको कसुर प्रमाणित गर्ने भार वादीमा रहन्छ। त्यसको निम्ति केवल अभियोग लगाएर मात्र हुँदैन। सो अभियोग पुष्टि हुने प्रमाण वादी पक्षले प्रस्तुत गर्न सक्नुपर्छ। जसलाई प्रमाण ऐन, २०३१ को दफा २५ ले स्पष्ट गरेको छ। यी प्रतिवादीहरूले के कस्ता कार्य गरेका छन् र के कस्तो कार्यबाट के कस्तो कानूनको उल्लङ्घन भई अपराधजनित कार्य भयो र त्यस्तो कार्यमा को कसको के कसरी संलग्नता रहेको छ ? साथै जिल्ला ललितपुर साबिक हरिसिद्धि गा.वि.स. वडा नं. १क, ऐ. धापाखेल गा.वि.स. वडा नं. १क तथा ऐ.१घ का हाल जिल्ला ललितपुर ललितपुर महानगरपालिका वडा नं. २८ र २३ का जग्गाहरूको जम्मा **क्षेत्रफल ८-१२-३-२ (आठ रोपनी बाह्र आना तीन पैसा दुई दाम)** जग्गाको नियम विपरीतको टायल चेक गर्ने, भोगअनुसारको नक्सा संशोधन तथा कित्ता एकीकरण र गलत फाइल नक्सा तयार गर्ने कार्यमा संलग्न भई आफ्नो सार्वजनिक पद तथा ओहोदाको दुरूपयोग गरी आफू र अन्य व्यक्तिलाई फाइदा र नेपाल सरकारलाई हानिनोक्सानी हुने गरी सरकारी जग्गा कम्पनीको नाममा घुसाई दर्ता गरी भ्रष्टाचार गरेको भन्ने कुरा पनि अभियोजन पक्षले शङ्कारहित तवर (Beyond the reasonable doubt) ले पुष्टि गर्नुपर्छ।

२४. प्रस्तुत मुद्दामा मूल विषय भनेको नै नापी कार्यालय ललितपुरले मिति २०६४/७/२२ मा बढ कायम गरी भएको टायल चेक र सोही आधारमा भई आएको बढ जग्गाको लाग्ने नियमानुसारको राजस्व, मालपोत र सेवा दस्तुर समेत

असुल गर्नू भनी २०६४/८/२० मा मालपोत कार्यालय, ललितपुरबाट भएको निर्णय हो। **उक्त कार्य गर्न कुनै प्रकारले जोडिई निज प्रतिवादीहरूको संलग्नता रहेको छ, छैन** ? भनी हेरिनु पर्ने आवश्यक रहेको देखियो।

२५. प्रतिवादी बुद्धिमान जैसी २०६९ सालदेखि २०७० सम्म नापी कार्यालय ललितपुरमा कार्यरत रहेको देखिन्छ। यूरो हाउजिङ्ग डेभलपर्स प्रा.लि. तथा काठमाडौं हस्पिटल प्रा.लि.ले मिति २०६४/८/२० मा मालपोत कार्यालय, ललितपुरबाट भएको निर्णयका आधारमा नक्सा संशोधन तथा कित्ता एकीकरणको लागि मालपोत कार्यालय, ललितपुरमा मिति २०६९/१०/११ गते दिएको निवेदन उपर प्रक्रियागत रुपमा कार्य अगाडि बढाएकोमा विवाद रहेको देखिंदैन। आफ्नो कार्यालयमा दर्ता हुन आएको निवेदन उपर कारबाही गर्ने दायित्व तथा कर्तब्य निज उपर नै रहने देखिन्छ। निजले आफ्नो कर्तब्य पालना गरेको विषयलाई अन्यथा प्रमाणित नभएसम्म विधिवत नै हो भनी विश्वास गरिनुपर्ने हुन्छ। निज प्रतिवादी बुद्धिमान जैसी मिति २०६९ सालमा हाजिर भएको र २०६४/७/२२ मा बढ कायम गरी भएको टायल चेकको बारेमा निजलाई जानकारी नहुने भन्ने विषयलाई स्वभाविक रुपमै लिनु पर्ने देखिन्छ। यी प्रतिवादी कार्यालयमा हाजिर नै नभएको समयको टायल चेकको विषयलाई लिई निजलाई उत्तर दायित्व ठहराउनु न्यायोचित हुने देखिंदैन।

२६. प्रतिवादी बालेश्वर यादवको हकमा हेर्दा निज नापी कार्यालय ललितपुरमा मिति २०६९।०१।२० गते देखि २०७०।०८।२१ गतेसम्म कार्यरत रहेको देखिन्छ। निजको कार्य भनेको सर्वेक्षकले लिई आएको नक्सालाई प्रमाणित गर्ने तथा निर्णयार्थ कार्यालय प्रमुख समक्ष पेस गर्ने दायित्व रहेकोमा विवाद छैन। निज प्रतिवादी कार्यालयमा हाजिर नभएको समयको काम कारबाहीको बारेमा निजलाई उत्तरदयी बनाई निज उपर कसुर ठहर गर्नु कानूनको मक्सद पनि होइन। निज प्रतिवादीले नगरेको कार्य उपर कसुर ठहर गर्नु हाम्रै परिवेसमा जन्मेर विकसित फौजदारी न्यायको मान्य सिद्धान्त अर्थात १७ औं शताब्दीमा गोरखा राज्यका तत्कालीन राजा राम शाहले प्रतिपादन गरेको सिद्धान्त "जसको पाप उसको गर्धन" विपरित हुन जाने देखिन्छ। करिब ३०० वर्ष पहिलाको समाजले समेत आफूले नगरेको कार्यलाई दोषी ठहर गर्नु हुन्न भनी मानेकोमा अहिले हामी आधुनिक समाजमा त्यसको परिकल्पना पनि गर्न सक्दैनौं।

२७. त्यस्तै प्रतिवादी केशव थापा मगरको हकमा हेर्दा निज प्रतिवादी नापी कार्यालय ललितपुरमा २०६३ साल देखि २०६६ सालसम्म र पुनः २०६८ साल देखि २०७२ सालसम्म कार्यरत रहेको देखियो। निजले विवाद रहेको जग्गाको आदेशानुसार भएको स्थिति खुलाई नापी नक्सा बनाई फिल्डमा भएको स्थिति पेस गरेको देखिन्छ। निज प्राविधिक कर्मचारी रहेकोले प्राविधिक हिसाबले नक्सा गरी पेससम्म गरेको देखिन्छ। साबिकमा भएको नक्सा अनुसार खोलाको बहाब हाल परिवर्तन भएको कारणबाट हालको नक्सा साबिकको नक्सासँग भिडिएको देखिंदैन। त्यस्तो हुनु स्वाभाविक र मानवीय नियन्त्रण बाहिरको कुरा हो। निजले नक्सा गर्दा साबिक र हालको नक्सा भिन्दा भिन्दै भएको कारण हाल भएको खोलाको स्थिति र साबिकमा भएको खोलाको स्थिति उल्लेख गरी आफ्नो कार्यालयमा पेस गरेको देखिन्छ। फिल्ड नापजाँचबाट देखिन आएको वस्तुगत स्थिति जे छ सोही पेस गर्नु निजको कर्तव्य पनि हो। निजबाट कुनै निर्णय भएको देखिंदैन र निज निर्णय गर्ने अधिकारी समेत रहेको देखिंदैन। यस परिप्रेक्ष्यमा निजले कुनै कसुर गरेको नदेखिंदा निजलाइ आरोपदाबी बमोजिम कसुरमा सजाय गर्न मानसिब देखिंदैन।

२८. त्यस्तै प्रतिवादीहरू मालपोत कार्यालय, ललितपुरका तत्कालीन कार्यरत कार्यालय प्रमुख उपसचिव बाबुराम खनाल २०६८ चैत्र देखि २०७० आश्विनसम्म मा.पो.का. ललितपुरमा उपसचिव पदमा कार्यरत रहेको, प्रतिवादी ख्याननारायण पौडेल मालपोत कार्यालय ललितपुरमा २०६८ साल देखि २०७० साल कार्तिक महिनासम्म कार्यरत रहेको, प्रतिवादी दिनेश न्यौपाने मालपोत कार्यालय ललितपुरमा २०६५ चैत्र ३ गते हाजिर भै सो कार्यालयमा २०७१ सम्म कार्यरत रहेको र प्रतिवादी आत्माराम लुईटेल मालपोत कार्यालय ललितपुरमा २०६८ भाद्र २८ गते हाजिर भई सो कार्यालयमा २०७० साल असोज २३ सम्म कार्यरत रहेको देखिन्छ। द यूरो हाउजिङ्गले कित्ता एकीकरणको लागि निवेदन दिएको

र नापी कार्यालयबाट जग्गा नाप जाँच, फिल्ड निरीक्षण गरी आवश्यक प्रक्रिया पुऱ्याई एकीकरण गर्न मिल्ने भनी प्रतिवेदन सहित पेस भएको कागजातको आधारमा मालपोत कार्यालयको फाँटबाट टिप्पणी तयार भई प्रतिवादीहरू ख्याननारायण पौडेल, दिपेस न्यौपाने र आत्माराम लुइटेलले सही गरी पेस भएको एकीकरण गरीदिने बेहोरा भएको टिप्पणी आदेशलाई सदर प्रतिवादी बाबुराम खनालले गरेको सम्ममा विवाद रहेको देखिंदैन। तत्पश्चात नापी कार्यालय ललितपुरले मिति २०६४/७/२२ को टायल चेक र सोही आधारमा भई आएको बढ जग्गाको लाग्ने नियमानुसारको राजस्व, मालपोत र सेवा दस्तुर समेत असुल गर्नू भनी २०६४/८/२० मा मालपोत कार्यालय, ललितपुरबाट भएको निर्णयको कार्यान्वयनसम्म गरेको पाइन्छ। प्रस्तुत मुद्दाको मुख्य कडिको रुपमा रहेको यी प्रतिवादीहरू सो कार्यालयमा आउनु पूर्वको निर्णयबाट निस्केको परिणाम कार्यान्वयन हुँदा निज प्रतिवादीहरू उक्त समयमा कार्यालयमा नै हाजिर नभएकोले निजहरूले उक्त कसुरजन्य कार्य गरेको अनुमान गर्न नसकिने र अन्य कसैले गरेको भए निजहरू उक्त निर्णयको उत्तरदायी हुने होइनन्। निज प्रतिवादीहरूले गर्दै नगरेको कार्य उपर जिम्मेवार बनाई कसुर ठहर गर्नू फौजदारी न्यायको मान्य सिद्धान्त विपरितसमेत हुन जान्छ।

२९. अब, प्रतिवादीहरूले आरोपित दाबीलाई इन्कार गरी अनुसन्धान तथा यस अदालतमा बयान गरेको र निजहरूले गरेको बयानलाई समर्थन गर्ने गरी निजका साक्षीहरूले यस अदालतमा उपस्थित भई बकपत्र गरेको पाइन्छ। आरोप लागेकै आधारमा मात्रै यी प्रतिवादीहरू आफ्नो अहोदामा बसी आफूले गर्नुपर्ने कर्तव्य गरेकोलाई भ्रष्टाचार जस्तो गम्भीर प्रकृतिको कसुरमा सजाय गर्दा न्यायोचित हुने देखिंदैन। मुद्दाको सिलसिलेवार तथ्यहरू अध्ययन गर्दा नापी कार्यालय ललितपुरले मिति २०६४/७/२२ मानै टायलचेक गरी बढ कायम भई आएको जग्गाको लाग्ने नियमानुसारको राजस्व, मालपोत र सेवा दस्तुरसमेत असुल गर्नू भनी २०६४/८/२० मा मालपोत कार्यालय, ललितपुरबाट निर्णय भएको देखिन्छ। यी प्रतिवादीहरू आफैले उक्त निर्णय गरेको भनी अभियोजकले आरोपित गर्न सकेको पनि देखिन आउँदैन। केही वर्ष पहिले नै निर्णय भई सकेको कार्यको आधारमा सम्बन्धित पक्षको निवेदन परेपछि सो निर्णयको कार्यान्वयनसम्म गरेको आधारमा निज प्रतिवादीलाई दोषी करार गर्नु न्यायोचित हुन आउँदैन। यी प्रतिवादीहरूले कुनै फाइदा लिएको वा त्यस्तो बदनियत राखेको भन्ने समेत वादी पक्षले प्रमाण प्रस्तुत गरी पुष्टि गर्न सकेको पाईंदैन। तसर्थ, मालपोत कार्यालय, ललितपुर र नापी कार्यालय, ललितपुरका आरोपित प्रतिवादीहरूले साबिकमा कायम जग्गाहरूको कित्ता एकीकरण गर्ने कार्यसम्म गरेको देखिन्छ। यसरी निजहरूभन्दा पहिले भएको निर्णयको परिणाम स्वरुप भए गरेको हानिनोक्सानीलाई यी प्रतिवादीहरूको बदनियत मान्न मिलेन। त्यस्तो कार्यले व्यक्तिलाई फाइदा र नेपाल सरकारलाई हानि नोक्सानी भएको अवस्थामा सो कार्य गर्ने तत्कालीन व्यक्तिहरू नै जिम्मेवार हुन्छन्। उल्लिखित प्रतिवादीहरूको हकमा अभियोजन पक्षले वस्तुनिष्ठ प्रमाणबाट कसुर पुष्टि गर्न सकेको देखिएन। आरोप लागेकै आधारमा मात्रै यी प्रतिवादीहरू आफ्नो अहोदामा बसी आफुले गर्नुपर्ने कर्तव्य गरेकोलाई भ्रष्टाचार जस्तो गम्भीर प्रकृतिको मुद्दाको कसुरमा सजाय गर्दा न्यायोचित हुने देखिंदैन।

३०. तसर्थ, नापी कार्यालय, ललितपुरमा तत्कालीन अवस्थामा कार्यरत कार्यालय प्रमुख बुद्धिमान जैसी, नापी अधिकृत बालेश्वर यादव र सर्भेक्षक केशव थापा मगर तथा मालपोत कार्यालय, ललितपुरका तत्कालीन कार्यरत कार्यालय प्रमुख उपसचिव बाबुराम खनाल, ना.सु. ख्यामनारायण पौडेल, ना.सु. दिनेश न्यौपाने र खरिदार आत्माराम लुइटेलले गरेको सो कार्यबाट साबिकमा कायम भएको जग्गा भन्दा बढी क्षेत्रफल हुने गरी कुनै निर्णय भए गरेको नदेखिएको, निर्णयमा सहभागिता नभएको स्थितिमा निज प्रतिवादीहरूले आरोपदाबीबाट सफाइ पाउने ठहर्छ।

३१. त्यस्तै प्रतिवादीहरू काठमाडौं हस्पिटल प्रा.लि.का सञ्चालक डा. ईश्वरलाल आचार्य, डा. दुर्गामान जोशी र दुर्गेशनन्दिनी भट्टचनको हकमा हेर्दा, यी प्रतिवादीहरू समेतले कर्मनासा खोलाको सार्वजनिक जग्गा लिनेखाने गलत मनसायले आफ्नो कम्पनीको नाममा सो जग्गा आसपासका जग्गाहरू खरिद गरी मालपोत कार्यालय, ललितपुर तथा नापी कार्यालय, ललितपुरका राष्ट्रसेवक कर्मचारीहरूसँग एकआपसमा मिलेमतो गरी कर्मनासा खोलाको सरकारी सार्वजनिक जग्गा कम्पनीको नामको जग्गामा घुसाई भोगअनुसारको नक्सा संशोधन तथा कित्ता एकीकरण गरी व्यक्ति विशेषलाई

सुक्रीबिक्री गरी उक्त सरकारी जग्गा जम्मा क्षेत्रफल ८-१२-३-२ (आठ रोपनी बाह्र आना तीन पैसा दुई दाम) को सो समयको (आ.व. २०७०/०७१) न्यूनतम सरकारी मूल्याङ्कनअनुसार हुन आउने **जम्मा रू.२,०२,३३,६७१.८८** (अच्छेरुपि दुई करोड दुई लाख तेत्तीस हजार छ सय एकहत्तर रूपैयाँ पैसा अठासी) आफू तथा अन्य व्यक्तिलाई फाइदा र नेपाल सरकारलाई हानिनोक्सानी हुने गरी कार्य गरेकोले **भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४)** बमोजिमको कसुरमा सजाय गरी पाउँ भन्ने आरोपदाबी रहेको देखिन्छ।

३२. प्रतिवादी ईश्वरलाल आचार्यले जग्गा खरिद गर्दा देखि बिक्री गर्दासम्म काठमाडौं अस्पतालले हाल भएको खोलाको धार परिवर्तन गरेको सम्झना छैन। कारणवस अस्पताल बनाउन नसक्दा यूरो हाउजिङ्गको समन्वयमा एपेक्स कलेज बानेश्वर दुवैले पठाएको वकिल थिरराज दाहालको सर सल्लाहमा बेचेको सम्झना छ। २०६५ सालतिर करिब ४ करोडले यूरो हाउजिङ्गसँग किनेको सम्झना छ। कर्मनासा खोलाको धारै परिवर्तन गरेको बारे केही थाहा भएन भनी आरोपित कसुरमा इन्कारी रही अनुसन्धानको क्रममा बयान गरेको देखिन्छ। यस अदालतमा भने निज हाजिर भएको देखिंदैन।

३३. प्रतिवादी डा. दुर्गामान जोशीले मैले कुनै सरकारी सार्वजनिक जग्गा हस्पिटल प्रा.लि.को जग्गामा घुसाउने कार्य गरेको छैन। मैले आरोपदाबी बमोजिमको कुनै कार्य गरेको छैन भनी आरोपित कसुरमा इन्कारी रही बयान गरेको देखिन्छ।

३४. प्रतिवादी दुर्गेशनन्दिनी भट्टचनले मैले सरकारी सार्वजनिक जग्गा काठमाडौं हस्पिटल प्रा.लि.को जग्गामा घुसाउने कार्य गरेकी छैन। प्रस्तुत मुद्दामा म निर्दोष छु। मैले आरोप मागदाबी बमोजिमको कुनै कार्य गरेको छैन भनी आरोपित कसुरमा इन्कारी रही बयान गरेको देखिन्छ।

३५. डा. ईश्वरलाल आचार्य, डा. दुर्गामान जोशी र दुर्गेशनन्दिनी भट्टचनले मिति २०६४/८/२० मा मालपोत कार्यालयबाट भएको निर्णय पश्चात जग्गा खरिद गरेको मिसिल संलग्न कागजात तथा निजहरूको बयानबाट देखिन्छ। नापी कार्यालय ललितपुरले मिति २०६४/७/२२ मानै टायलचेक गरी बढ कायम भई आएको जग्गाको लाग्ने नियमानुसारको राजस्व, मालपोत र सेवा दस्तुरसमेत असुल गर्नू भनी २०६४/८/२० मा मालपोत कार्यालय, ललितपुरबाट भएको निर्णयमा निजहरूको के-कुन कारणबाट संलग्नता रहेको भनी वादी पक्षले प्रमाणद्वारा पुष्टि गर्न सकेको देखिंदैन। निज प्रतिवादीहरूले जग्गा खरिद गरिनु पूर्व नै जग्गा बढ सम्बन्धी भएको निर्णयको जानकरी निजमा हुनुपर्छ भनी अनुमान गर्न मिल्ने देखिंदैन र निजहरू सरिक नभएको विषयमा निजहरूले नै कार्य गरेको भनी आरोपदाबी बमोजिम सजाय गर्न मानसिब र न्यायोचित देखिंदैन।

३६. त्यस अवस्थामा निजहरूले कर्मनासा खोलाको सरकारी सार्वजनिक जग्गा कम्पनीको नामको जग्गामा घुसाई भोगअनुसारको नक्सा संशोधन तथा कित्ता एकीकरण गरी व्यक्ति विशेषलाई सुक्रीबिक्री गरी आफू तथा अन्य व्यक्तिलाई फाइदा र नेपाल सरकारलाई हानिनोक्सानी हुने गरी कार्य गरेको भनी लगाइएको आरोपदाबी वस्तुनिष्ठ प्रमाणको अभावमा पुग्न सक्ने देखिएन।

३७. सामान्यतः सरकार वादी फौजदारी मुद्दामा कसुरदारको कसुर प्रमाणित गर्ने भार वादीमा रहन्छ। त्यसको निम्ति केवल अभियोग लगाएर मात्र हुँदैन। सो अभियोग पुष्टि हुने प्रमाण वादी पक्षले प्रस्तुत गर्न सक्नुपर्छ। जसलाई प्रमाण ऐन, २०३१ को दफा २५ ले स्पष्ट गरेको छ। अनुमान कै आधारमा प्रतिवादीहरूलाई दोषी करार गर्नु न्यायको मक्सद होइन। ठोस प्रमाणको अभावमा निजहरू कसुरदार रहेछन् भनी अनुमान गर्न सकिने अवस्था नदेखिएकोले निजहरूले गरेको इन्कारी बयानलाई अन्यथा भन्न सकिएन। अतः निजहरूको हकमा अभियोजन पक्षले ठोस तथा वस्तुनिष्ठ प्रमाणबाट कसुर पुष्टि गर्न सकेको देखिएन।

३८. तसर्थ, प्रतिवादी काठमाडौं हस्पिटल प्रा.लि.का सञ्चालक डा. ईश्वरलाल आचार्य, डा. दुर्गामान जोशी र दुर्गेशनन्दिनी भट्टचनको हकमा जग्गा बढ कायम गर्ने गरी मालपोत कार्यालय, ललितपुरबाट मिति २०६४/०८/२० मा निर्णय भए पश्चात जग्गा खरिद गरेको देखिन आएकोले निज प्रतिवादीहरूले जग्गाको क्षेत्रफल बढाइ लाभ प्राप्त गरेको नदेखिंदा आरोपदाबीबाट सफाइ पाउने ठहर्छ।

३९. त्यस्तै प्रतिवादीहरू सोमनाथ प्रसाई, कुमारी कंचन साह, कृष्ण साल्की, गोपाल तिमल्सिना, तीर्थबहादुर कार्की, त्रिलोकराज शाक्य, देवनारायण तिमल्सिना, नारायणदेवी मानन्धर, निर्मला शाक्य, पूर्णगोविन्द लाखे श्रेष्ठ, विरोदेवी यादव, भुवनेश्वरी पराजुली, पंकज पराजुली, मिनाकुमारी कार्की, रस्मी महर्जन, राजेन्द्रप्रसाद रुपाखेती, राज्यलक्ष्मी अमात्य, रामदुलारीदेवी साह, राममाया महर्जन, रुपा श्रेष्ठ, लोकबहादुर डंगोल, लोकेश महर्जन, शकुन्तला श्रेष्ठ, शुशिल मानन्धर, सरिताकुमारी ठाकुर, सुनिल मानन्धर, सुरेन्द्रकुमार मण्डल, सोनिया पोखेल र नर्मदा उपाध्याय शर्माको हकमा हेर्दा, यी प्रतिवादीहरूको नाममा रहेको जग्गा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा ४७ बमोजिम निजहरूको नाममा रहेको जग्गा जफत गरी पाउँ भनी यी प्रतिवादीहरूको नाममा भएको जग्गा जफतसम्मको दाबी भएको र कसुरमा दाबी लिएको नहुँदा निजहरूले गरेको कसुरको सम्बन्धमा थप विश्लेषण गर्नुपर्ने विद्यमानता देखिएन।

४०. अब, प्रतिवादीहरू गुनीकाजी मानन्धर, योगेश्वरकृष्ण पराजुली, कृष्णराज श्रेष्ठ, टंकबहादुर श्रेष्ठ, गोपालदास मानन्धर, बविन मानन्धर र उज्वल मानन्धरको हकमा हेर्दा, यी प्रतिवादीहरू समेतले कर्मनासा खोलाको सार्वजनिक जग्गा लिने खाने गलत मनसायले आफ्ना कम्पनीको नाममा सो जग्गा आसपासका जग्गाहरू खरिद गरी मालपोत कार्यालय, ललितपुर तथा नापी कार्यालय, ललितपुरका राष्ट्रसेवक कर्मचारीहरूसँग एकआपसमा मिलेमतो गरी कर्मनासा खोलाको सरकारी सार्वजनिक जग्गा कम्पनीको नामको जग्गामा घुसाई भोगअनुसारको नक्सा संशोधन तथा कित्ता एकीकरण गरी व्यक्ति विशेषलाई सुक्रीबिक्री गरी उक्त सरकारी जग्गा जम्मा क्षेत्रफल ८-१२-३-२ **(आठ रोपनी बाह्र आना तीन पैसा दुई दाम)** को सो समयको (आ.व. २०७०/०७१) न्यूनतम सरकारी मूल्याङ्कनअनुसार हुन आउने **जम्मा रू.२,०२,३३,६७१.८८** (अच्छेरुपि दुई करोड दुई लाख तेत्तीस हजार छ सय एकहत्तर रूपैया पैसा अठासी) आफू तथा अन्य व्यक्तिलाई फाइदा र नेपाल सरकारलाई हानिनोक्सानी हुने गरी कार्य गरेकोले **भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४)** बमोजिमको कसुरमा सजाय गरी पाउँ भन्ने आरोपदाबी रहेको देखिन्छ।

४१. प्रतिवादी गुनीकाजी मानन्धरले साबिक धापाखेल तथा हरिसिद्धि गा.वि.स.को सिमाना छुट्टाउने गरी विचमा कर्मनासा खोला रहेको छ। खोलाको जग्गा यकिन गरी व्यक्ति विशेष र संस्थाको जग्गा यकिन गर्नुपर्ने अवस्थाको आधारमा यूरोहाउजिङ्ग डेभलपर्स प्रा. लि. बाट नक्सा संसोधनका लागि मिति २०६६ सालमा निवेदन दिएको हो र लामो समयसम्म निर्णय नभएकोले पुनः मिति २०६९ सालमा अनुरोध गरिएको हो। उक्त निवेदन उपर कारवाही हुँदा एकीकरणपश्चात् कायम भएको जग्गा कित्ताहरूमा साबिक नक्साको क्षेत्रफल अर्थात् साबिक पुर्जामा भन्दा एकीकरणबाट कायम हुन आएको क्षेत्रफलसमेत घटेको छ। कम्पनीको नाममा जग्गा खरिद गरी लिएपछि सो जग्गा सुधार गर्ने, विकास गर्ने, नापजाँच गर्न जाँदा जग्गा साध सिमाना र भौतिक अवस्था नक्साअनुसार नमिलेकोले यकिन हुन र जग्गा एकीकरण गर्न कम्पनीले मिति २०६४/१०/१४ मा मालपोत कार्यालयमा निवेदन दिएकोमा कारवाहीको क्रममा आवश्यक कुरा बुझी स्थानीय साँधसंधियारलाई रोहबरमा राखी सर्जनिम गराई जनप्रतिनिधिको काम गर्ने हैसियत पाएको तत्कालीन ७ राजनीतिक दलको प्रतिनिधिको रोहबरमा सर्जमिनसमेत गर्दा खोलाको अवस्थिति फिल्डमै नक्सा जाँच गर्दा देखेको स्थानमा साँध सिमाना कायम गरी जग्गा यकिन गरिएको हो। सो अनुसार नक्सा सुधार गर्न र खोला यकिन गर्न हरिसिद्धि गा.वि.स.को कार्यालयले मिति २०६६/०५/१७ मा निर्णय गरी मालपोत कार्यालायलाई मिति २०६६/०५/२३ मा च.नं. २२२ बाट गरेको पत्राचारले पनि खोलाको सिमाना नमिलेको, नक्सा र फिल्ड नमिलेको, नक्सा खप्टिएकोले खोला २०२१/२२ सालको नक्सा अनुसारको नभई हाल बगेको ठाउँ नै कायम गर्दा विवाद नहुने गरी पत्राचार गरेको पाइन्छ। मालपोत कार्यालय, नापी कार्यालय, गा.वि.स.को कार्यालय समेतले विस्तृत रुपमा अध्ययन गर्दा २०२१/२२ सालको सर्भे नक्सा त्रुटिपूर्ण भएकोले खोलाको अवस्थिति साइज र आकार प्रकार नमिलेको हुँदा हाल बगी आएको बहाव अनुसार नै खोलाको खास अवस्थिति र आकार प्रकार हो भनी यकिन गरी नक्सा सुधार गरी जग्गा एकीकरण गरेको हुँदा अभियोगदाबी त्रटिपूर्ण छ भनी आरोपित कसुरमा इन्कारी रही बयान गरेको देखिन्छ।

४२. प्रतिवादी योगेश्वरकृष्ण पराजुलीले यूरो हाउजिङ डेभलपपर्स प्रा.लि.को जग्गा फिल्डअनुसार साबिक वमोजिम क्षेत्रफल

कायम हुने गरी नक्सा सुधार एवम् एकीकरणसमेत गर्ने भनी मालपोत कार्यालय ललितपुरमा पत्राचार गर्ने मिति २०६९।१०।११ को संचालक समितिको बैठकमा म उपस्थित छैन। मैले आरोपदाबी बमोजिमको कुनै कार्य गरेको छैन भनी आरोपित कसुरमा इन्कारी रही बयान गरेको देखिन्छ।

४३. प्रतिवादी कृष्णराज श्रेष्ठले साबिकका धापाखेल गा.वि.स तथा हरिसिद्दि गा.वि.स.को सिमाना छुट्टाउने गरी कर्मनासा खोला रहेकोमा उक्त खोलाले हामीले जग्गा खरिद गर्नुभन्दा धेरै अगाडि नै प्राकृतिक रुपमा धार परिवर्तिन गरी विभिन्न व्यक्ति तथा संस्थाको जग्गाबाट बगेको रहेछ। यसरी अन्य व्यक्तिको जग्गाबाट खोला बगेपछि यही आधारमा यस यूरो हाउजिङ्ग डेभलपर्स प्रा. लि. बाट नक्सा संसोधनका लागि सम्बन्धित मालपोत कार्यालयलाई लिखित निवेदन साथ नक्सा संसोधन तथा कित्ता एकीकरण समेत गरी पाउँ भन्ने निवेदन दिई सो उपर कारवाही हुँदा एकीकरणपश्चात् कायम भएका जग्गा कित्ताहरूमा साबिक नक्सा अनुसारको क्षेत्रफल कायम नभई साबिक नक्सामा भएको क्षेत्रफल भन्दा कम क्षेत्रफल अर्थात साबिक नक्सा पूर्जामा भन्दा एकीकरणबाट कायम हुनआएको क्षेत्रफलसमेत घट्न गएको छ। मैले कुनै सरकारी सार्वजनिक जग्गा यूरो हाउँजिङ कम्पनी प्रा.लि. को नाममा घुसाउने कार्यसमेत नगरेको हुँदा उजुरी बेहोरा गलत हो भनी आरोपित कसुरमा इन्कारी रही बयान गरेको देखिन्छ।

४४. प्रतिवादी टंकबहादुर श्रेष्ठले यूरो हाउँजिङले सरकारी/सार्वजनिक जग्गा कहीं कतै पनि नापी नक्सालाइ तोडमोड गरेको छैन र कुनै कर्मचारीसँग मिलेमतो गरेको पनि छैन। साबिकको नापनक्सा अनुसार जग्गा यकिन गरी साबिकको पुर्जा र स्रेस्ता अनुसार जग्गाहरूमात्र एकीकरण गरी स्रेस्ता पुर्जा मिलान गरिदिन यूरो हाउजिङ कम्पनीबाट मालपोत कार्यालय ललितपुर र नापी कार्यालयमा लेखी पठाएको हो भनी आरोपित कसुरमा इन्कारी रही बयान गरेको देखिन्छ।

४५. प्रतिवादी गोपालदास मानन्धरले साबिक धापाखेल तथा हरिसिद्धि गा.वि.स.को सिमाना छुट्टाउने गरी बिचमा कर्मनासा खोला रहेको र उक्त कर्मनासा खोलाले म समेत संचालक रहेको यूरो हाउजिङ्ग डेभलपर्स प्रा.लि.ले जग्गा खरिद गर्नु भन्दा धेरै अगाडि नै धार परिवर्तन गरी विभिन्न व्यक्ति तथा संस्थाको जग्गाबाट बगेको थियो। खोलाको जग्गा एकिन गरी व्यक्ति विशेष र संस्थाको जग्गा एकिन गर्नु पर्ने अवस्थाको आधारमा यूरो हाउजिङ्ग डेभलपर्स प्रा.लि.बाट नक्सा संसोधनको लागि मिति २०६६ सालमा निवेदन दिएका र लामो समयसम्म पनि निर्णय हुन नसकेकोले पुनः मिति २०६९ सालमा दिएको निवेदनन उपर कारवाही हुँदा एकीकरण पश्चात् कायम भएको जग्गा कित्ताहरूमा साबिक नक्सा क्षेत्रफल अर्थात् साबिक नक्सापुर्जामा भन्दा एकीकरणबाट कायम हुनआएको क्षेत्रफल समेत घटेको छ। कम्पनीको निवेदन पूर्व नै गा.वि.स.को सर्वदलीय प्रतिनिधिको निर्णय एवम् फिल्डमा सर्जमिन गर्दा देखिएको यथार्थ विवरणबमोजिम कम्पनीले साबिकको नाप नक्साअनुसार जग्गा एकिन गरी साबिकको पुर्जा र स्रेस्ता अनुसारका जग्गाहरू मात्र एकीकरण गरी स्रेस्ता पुर्जा मिलान गर्नको लागि रितपूर्वकको निवेदन दिनुका अतिरिक्त कारवाही कै क्रममा मिति २०७०।०६।२० मा मालपोत कार्यालय, ललितपुर समक्ष पत्राचार गरी निवेदन माग बमोजिमका कित्ता जग्गाहरू साबिकको नक्सामा फरकन पर्ने गरी मिलान हुन सक्ने कित्ता जग्गाहरू एकीकरण गरी हाम्रो पूर्जा समेत मिलान गरी दिनु हुन अनुरोध गरी सो उपर भएको काम कारबाहलाई अन्यथा भन्न मिल्ने होईन भनी आरोपित कसुरमा इन्कारी रही बयान गरेको देखिन्छ।

४६. प्रतिवादी बविन मानन्धरले कम्पनीको नाममा जग्गा खरिद गरी लिएपछि सो जग्गा सुधार गर्न विकास गर्न नाप जाँच गर्न जाँदा जग्गाको साँध सिमाना र भौतिक अवस्था नक्साअनुसार नमिलेकोले एकीन हुन र जग्गा एकीकरण गर्न कम्पनीले २०६४।१०।१४ मा मालपोत कार्यालयमा निवेदन दिएकोमा कारवाहीको क्रममा आवश्यक कुरा बुझी स्थानीय साँध सँधियारलाई रोहबरमा राखी सर्जमिन गराई जनप्रतिनिधिको काम गर्ने हैसियत पाएको तत्कालीन ७ राजनीतिक दलको प्रतिनिधिको रोहबरमा सर्जमिनसमेत गर्दा खोलाको अवस्थिति फिल्डमै नापजाँच गर्दा देखिएको स्थानमा साँधसिमाना कायम गरी जग्गा एकीन गरिएको हो। मैले आरोपदाबी बमोजिमको कुनै कार्य गरेको छैन भनी आरोपित कसुरमा इन्कारी रही बयान गरेको देखिन्छ।

४७. प्रतिवादी उज्वल मानन्धरले कम्पनीको नाममा जग्गा खरिद गरी लिए पछि सो जग्गा सुधार गर्न विकास गर्न नाप जाँच गर्न जाँदा जग्गाको साँध सिमाना र भौतिक अवस्था नक्सा अनुसार नमिलेकोले एकीन हुन र जग्गा एकीकरण गर्न कम्पनीले २०६४।१०।१४ मा मालपोत कार्यालयमा निवेदन दिइएको थियो। कारवाहीको क्रममा आवश्यक कुरा बुझी स्थानीय साँध सधियारलाई रोहबरमा राखी सर्जमिन गराई जनप्रतिनिधिको काम गर्ने हैसियत पाएको तत्कालीन ७ राजनीतिक दलको प्रतिनिधिको रोहबरमा सर्जमिनसमेत गर्दा खोलाको अवस्थिति फिल्डमै नाप जाँच गर्दा देखिएको स्थानमा साध सिमाना कायम गरी जग्गा एकीन गरिएको हो। मालपोत कार्यालय, नापी कार्यालय, गा.वि.स.कार्यालय समेतले विस्तृत रुपमा अध्ययन गर्दा २०२१।२२ सालको सर्भे नक्सा त्रुटिपूर्ण भएकोले खोलाको अवस्थिति, साइज र आकार प्रकार नमिलेको हुँदा हाल बगि आएको बहावअनुसार नै खोलाको खास अवस्थिति र आकार प्रकार हो भनी एकीन गरी नक्सा सुधार गरी जग्गा एकीकरण गरेको हुँदा अभियोग दाबी त्रुटिपूर्ण छ भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिन्छ।

४८. यस प्रकार माथि उल्लिखित यी प्रतिवादीहरूले आरोपित कसुरमा इन्कारी रही बयान गरेको भए तापनि गुनीकाजी मानन्धरसमेतका यूरो हाउजिङ्ग डेभलपर्स प्रा.लि. र यूरो ल्याण्ड डेभलपर्सका संचालकहरूले २०६४।५।२० मा मालपोत कार्यालय, ललितपुरमा टायल चेकको निवेदन दिई मालपोत कार्यालयले टायल चेकको लागि मिति २०६४/०५/२६ गतेको पत्रबाट नापी कार्यालय, ललितपुरमा पत्राचार गरेको देखिन्छ। त्यसपश्चात् नापी कार्यालय, ललितपुरले टायलचेक गर्दा निवेदनमा उल्लेख भएको जग्गा सार्वजनिक नरहेको भनी टायल चेक गरी मिति २०६४/०७/२२ गतेको पत्रसमेत मालपोत कार्यालय, ललितपुरलाई पठाई दिएको पाइन्छ। नापी कार्यालय ललितपुरले मिति २०६४/७/२२ मा टायलचेक गरी बढ कायम भई आएको जग्गाको लाग्ने नियमानुसार राजस्व, मालपोत र सेवा दस्तुर समेत असुल गर्नू भनी २०६४/८/२० मा मालपोत कार्यालय, ललितपुरबाट निर्णय भएको देखिन्छ। यसबाट यूरो हाउजिङ्ग डेभलपर्स प्रा.लि. र यूरो ल्याण्ड डेभलपर्सका नाममा खरिद गरिएको जग्गा साबिक भन्दा बढ्न गएकोमा विवाद रहेको देखिंदैन।

४९. यसरी बढ कायम भएको जग्गा भोगको आधारमा नक्सा संशोधन तथा कित्ता एकीकरण गरी पाउँ भनी दुवै कम्पनीहरूको तर्फबाट मालपोत कार्यालय, ललितपुरमा एकै मिति २०६९/१०/११ गते निवेदन दिएकोमा मालपोत कार्यालय, ललितपुरले नापी कार्यालय, ललितपुरमा नक्सा संशोधन तथा कित्ता एकीकरणको लागि च.नं. ३६३९ मिति २०६९/१०/२२ गते पत्राचार गरेको देखिन्छ। सोपश्चात् नापी कार्यालय, ललितपुरले फाइल नक्सा बनाई सरकारी, सार्वजनिक, ऐलानी, पर्ती जग्गा पर्दैन भनी कित्ता एकीकरण गरी मालपोत कार्यालयमा पठाएको देखिन्छ। मालपोत कार्यालय, ललितपुरमा तत्काल कार्यरत कार्यालय प्रमुख उपसचिव बाबुराम खनालसमेतका कर्मचारीहरूले मिति २०७०/०६/२३ गतेको टिप्पणी आदेशमा सहीछाप गरी सो फाइल नक्सालाई सदर गरी सोको आधारमा जग्गाधनी दर्ता स्रेस्तासमेत तयार गरेको देखिन्छ।

५०. यसरी दर्ता स्रेस्ता तयार भएपछि जग्गाहरूलाई यी समेतका प्रतिवादीहरूले **Planning** तथा **प्लटिङ्ग** समेत गरी ललितपुर जिल्ला साबिक हरिसिद्धि गा.वि.स. वडा नं. १क, ऐ. धापाखेल गा.वि.स. वडा नं. १क तथा ऐ.१घ का विभिन्न कित्ता आसपासको सरकारी सार्वजनिक कर्मनासा (कोड्कु) खोलाको हरिसिद्धि १क को **कि.नं. २०५**, धापाखेल १क को **कि.नं. १००५** र ऐ. १घ को **कि.नं. ४८६** जग्गा व्यक्ति विशेषलाई सुक्रीबिक्री गरेको देखिन्छ।

५१. यसबाट यी प्रतिवादीहरूले कर्मनासा खोलाको सार्वजनिक जग्गा लिनेखाने गलत मनसायले आफ्नो कम्पनीको नाममा सो जग्गा आसपासका जग्गाहरू खरिद गरी कर्मनासा खोलाको सरकारी सार्वजनिक जग्गा कम्पनीको नामको जग्गामा घुसाई भोगअनुसारको नक्सा संशोधन तथा कित्ता एकीकरण गरी व्यक्ति विशेषलाई सुक्रीबिक्री गरी आफू तथा अन्य व्यक्तिलाई फाइदा र नेपाल सरकारलाई हानिनोक्सानी हुने गरी कार्य गरेको देखिन्छ।

५२. तसर्थ, प्रतिवादी यूरो हाउजिङ्ग प्रा.लि. का सञ्चालकहरूको हकमा हेर्दा, सो हाउजिङ्गको अध्यक्ष गुनीकाजी मानन्धरले

उक्त प्रा.लि.को तर्फबाट जग्गाको क्षेत्रफल बढ कायमसमेत गरी पाउँ भनी मालपोत कार्यालय, ललितपुरमा मिति २०६४/०५/२० मा निवेदन दिई नापी कार्यालय, ललितपुरको टायल चेक समेतको प्रतिवेदन अनुसार मालपोत कार्यालय, ललितपुरबाट मिति २०६४/०८/२० मा जग्गाको बढ कायम हुने निर्णय भएको देखिन्छ। तर, उक्त टायल चेक कार्य र क्षेत्रफल बढ कायम गर्ने निर्णयमा संलग्न सरकारी अधिकृत तथा कर्मचारीहरूलाई अभियोजनकर्ताबाट आरोपपत्रको पृष्ठ ४७ मा **"गलत टायल चेक गरेको पाइएको देखिएको"** भन्ने बेहोरासम्म उल्लेख गरेर निर्णयकर्तालाई प्रतिवादी नै बनाएको पाईंदैन। **निजहरू उपर कुनै अभियोजन गरेको देखिन आउँदैन। यसरी गलत टायल चेक गरेको देखिएको भनी गरेको कार्यको वैधतामा प्रश्न उठाई सकेपछि सो कार्य गर्ने बाटो खुला गरिदिने निर्णयका जिम्मेवार व्यक्तिलाई उन्मुक्ति दिनुको वस्तुनिष्ठ आधार र कारण अभियोजकले अभियोगपत्रमा खुलाउन सकेको पाईंदैन। तत्कालीन पदाधिकारीले "गलत टायल चेक गरेको पाइएको देखिएको" भन्ने उल्लेख गरिसकेपछि अभियोजककै नजरमा सो कार्य खराब नियतबाट भएको हो भन्ने निष्कर्ष निस्कन्छ। तर सो खराब नियत राखेको पदाधिकारीलाई अभियोजन नगरिनुको आधार र कारण भने प्रष्ट पारिनु अभियोजन पक्षकै कर्तब्य हुन्छ।** जब कुनै व्यक्तिले जिम्मेवारीको पालन गर्न सक्दैन भने त्यस्तो अवस्थामा पनि उन्मुक्ति दिनुले उसलाई आफ्नो कार्यप्रति भविष्यमा पनि लापरवाह बनाउने मौका दिन्छ। यसले अन्य व्यक्तिहरूको लागि पनि नकारात्मक असर पार्न सक्छ। कुनै पनि पदाधिकारीले जिम्मेवारीको मान्यता राख्नु र जिम्मेवारी पालन गर्नु महत्त्वपूर्ण हुन्छ। सो महत्वलाई अभियोजकले नजरअन्दाज गर्नु हुँदैनथ्यो भन्ने यस इजलासको दृष्टिकोण रहेको छ।

५३. उपर्युक्त मिति २०६४/०८/२० को निर्णय हेर्दा, क्षेत्रफल ५-९-०-० जग्गा बढ कायम हुने गरी निर्णय गरेको पाइन्छ। सो निर्णय बमोजिम उक्त प्रा.लि.ले जग्गा दर्ता स्रेस्ता सुधार गरी स्वामित्व ग्रहण गरी सरकारी सार्वजनिक खोलासँग सन्निहित जग्गा गैरकानूनी रुपमा स्वामित्व हासिल गरी निजी लाभ प्राप्त गरेको देखिंदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (४) अन्तर्गतको कसुर गरेको ठहर्छ। उक्त बढ कायम भएका जग्गाहरू कर्मनासा खोलाको कि.नं. १००५, २०५ र ४८६ बाट बढ कायम गरेको देखिंदा सो कार्य आरोपदाबीमा उल्लिखित प्रति रोपनीको औसत मूल्य रु.२२,८५,०००/- ले हुने बिगो रु.१,२७,१०,३१२/५० को सात जना प्रतिवादीहरू गुनीकाजी मानन्धर, योगेश्वरकृष्ण पराजुली, कृष्णराज श्रेष्ठ, टंकबहादुर श्रेष्ठ, गोपालदास मानन्धर, बविन मानन्धर र उज्वल मानन्धरलाई उक्त ऐनको सोही दफा ८ (४) अनुसार दामासाहीले हुने प्रति व्यक्ति रु.१८,१५,७५८/९३ जरिबाना हुने ठहर्छ।

५४. कि.नं. १००५, २०५ र ४८६ बाट बढ कायम गरिएका जग्गाहरू हाल जुन जुन कित्ता नं. मा परेका छन् ती कित्ताका जग्गाहरूबाट क्षेत्रफल ५-९-०-० जग्गा हुने गरी उक्त ऐनको दफा ८(४) र दफा ४७ बमोजिम जफत हुने ठहर्छ।

५५. माथि विवेचना गरिए अनुसार **सरकारी सार्वजनिक जग्गा व्यक्ति विशेषको भनी गलत टायल चेक गरी जग्गा बढ कायम गर्ने, गराउने निर्णयमा संलग्न पदाधिकारी र व्यक्तिहरूलाई अभियोजकले कुनै आधार र कारण उल्लेख नै नगरी उन्मुक्ति दिएको देखिन्छ। "जसको निर्णयबाट असर पर्छ, प्रथम दृष्टिमा उही नै जिम्मेवार हुने मान्य सिद्धान्त नै हो।" यो भनेको एक महत्वपूर्ण नैतिक र व्यवस्थापकीय अवधारणा हो। यस सिद्धान्त अनुसार, कुनै पनि निर्णयको परिणामहरूमा प्रभाव पर्ने व्यक्तिहरूले ती निर्णयहरूको लागि जिम्मेवार हुनुपर्छ। यसले निर्णय गर्ने प्रक्रियामा पारदर्शिता र उत्तरदायित्वको महत्त्वलाई उजागर गर्छ। यस सिद्धान्तको सार तत्त्व भनेको उत्तरदायित्वको सवाल हो। जसले निर्णय लिन्छ, उसले त्यस निर्णयका परिणामहरूको जिम्मेवारी लिनुपर्छ।** यसले संस्थागत निर्णयहरूमा उचित जवाफदेहिता सुनिश्चित गर्न मद्दत गर्छ।

५६. कुनै पनि निकायमा निर्णयकर्ताले लिएका निर्णयहरूले कार्यान्वयनमा महत्वपूर्ण भूमिका खेल्छन्। यदि निर्णय गलत भयो भने त्यसको प्रभाव कार्यान्वयन गर्ने व्यक्तिहरूमा पर्न सक्छ। यस कारणले गर्दा निर्णयकर्तालाई जवाफदेहि

बनाउनुपर्छ भनिएको हो। यदि गरिएको निर्णय नै कानून विपरित भई कानूनको नजरमा अपराधजन्य कार्य हो भने सो कार्यबाट निःसृत हुने गलत परिणमको पहिलो जिम्मेवारी पनि निर्णयकर्ताकै हुन जान्छ। निर्णयकर्तालाई जवाफदेही नबनाउँदा त्यसबाट उत्पन्न परिणाम हेरी कार्यान्वयनकर्तालाई दायित्व थोपर्दा यो अन्य कर्मचारीहरूको लागि अन्यायपूर्ण कारबाही हुन जान्छ।

५७. जब जिम्मेवारी स्पष्ट हुँदैन, तब काम गर्ने व्यक्तिहरू आफूलाई असुरक्षित महशुस गर्न सक्छन्, जसले समग्र उत्पादकत्वमा नकारात्मक असर गर्न सक्छ। तसर्थ, **यदि निर्णय नै गलत छ भने कार्यान्वयनकर्तालाई दोषी ठहराउने कुरा जटिल हुन्छ। यदि कार्यान्वयनकर्ताले प्रक्रिया, नीति वा निर्देशनहरू ठीकसँग अनुशरण गरेन भने मात्र त्यसले असफलता वा समस्या उत्पन्न गर्न सक्छ। यस अवस्थामा, उनीहरूलाई दोषी मान्न सकिन्छ। यदि निर्णयकर्ताहरूले कमजोर, गलत, वा अनियोजित आधारमा निर्णय लिए भने त्यसले कार्यान्वयनमा अव्यवस्थितता र समस्याहरूको सृजना गर्न सक्छ। यो भनेको रुखको जरो कुहिनु जस्तै हो, जसले सम्पूर्ण संरचनालाई नै कमजोर बनाउँछ। यदि मूल संरचना कमजोर छ भने त्यसको परिणामस्वरूप हुने समस्याहरूको जिम्मेवारी त्यही मूल संरचनामा पर्ने हुन्छ।** त्यसैले, सार्वजनिक निकायमा कार्यरत निर्णयकर्तालाई जवाफदेही बनाउनु अत्यावश्यक हुन्छ।

५८. तसर्थ माथि विवेचित आधार तथा कारणहरूबाट मिति २०६४/०८/२० मा सरकारी सार्वजनिक जग्गा व्यक्ति विशेषको नाममा जग्गा बढ कायम गर्ने, गराउने निर्णयमा संलग्न पदाधिकारी र व्यक्तिहरूका हकमा समेत पुनः अनुसन्धान गरी आवश्यक कारवाही गर्नु भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगका नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको छ। अरुमा तपसिलबमोजिम गर्नू।

| | | |
|---|---|---|
| **सदस्य** | **सदस्य** | **अध्यक्ष** |

<u>फैसला तयार गर्न सहयोग पुऱ्याउनेः</u>

*इजलास अधिकृतः सागर भण्डारी*

*कम्प्युटर अपरेटरः कल्पना पराजुली*

इति संवत् २०८० साल माघ महिना १५ गते रोज ०२ शुभम्.........................................................।

श्री
विशेष अदालत काठमाडौं
इजलास
अध्यक्ष माननीय श्री टेकनारायण कुँवर
सदस्य माननीय श्री तेज नारायण सिहं राई
सदस्य माननीय श्री मुरारीबाबु श्रेष्ठ

# फैसला

(इजलास नं.१)
मुद्दा नं.: ०७७-CR-०११०
दर्ता मितिः२०७७/१२/२६
फैसला मितिः२०८०/१०/२४
नि.नं.: १४७

मुद्दाः सवारी चालक अनुमतिपत्रको लिखित परीक्षाको परिणाम फेरबदल गरी भ्रष्टाचार गरेको।

**बादी** : अख्तियार दुरुपयोग अनुसन्धान आयोग अनुसन्धान अधिकृत श्याम बाबु ओलिया समेतको प्रतिवेदनले नेपाल सरकार।

**विरुद्ध**

**प्रतिवादी** : जिल्ला झापा,हल्दिबारी गाँउपालिका-४ (साबिक जिल्ला झापा,जलथल गा.वि.स.७) स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा.१६ बालाजु माछापोखरी बस्ने देबदत्त सुवेदीको नाती भरत कुमार सुवेदीका छोरा यातायात ब्यवस्था कार्यालय भेरी, नेपालगन्जका तत्कालीन कार्यालय प्रमुख (उप सचिव) हाल निलम्बित,वर्ष ५३ का **पवन सुवेदीसमेत।**

## ठहर खण्ड

१. विशेष अदालत नियमावली, २०८० को नियम ४४ बमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरियो। वादी नेपाल सरकारका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालयका विद्वान् उपन्यायाधिवक्ता श्री विमल थापाले यातायात व्यवस्था कार्यालय भेरीबाट आ.व.२०७३/०७४ मा सञ्चालित दुईपाङ्ग्रे सवारी चालक अनुमतिपत्रको लिखित परीक्षाको परीक्षण भएका उत्तरपुस्तिकालाई यातायात व्यवस्था विभागको टोलीले पुनः परीक्षण गर्दा ४,७१७ जना अनुत्तीर्ण भएका परीक्षार्थीहरूलाई उत्तीर्ण गराइएको भन्ने देखिएको छ। उत्तरपुस्तिका परीक्षण गर्ने कर्मचारीहरूले अनुत्तीर्ण भएका परीक्षार्थीहरूलाई उत्तीर्ण गराई आरोपदाबी बमोजिम परीक्षाको परिणाम फेरबदल गरेको पुष्टि भएको छ। परीक्षा सञ्चालन गर्ने कार्यालय प्रमुख प्रतिवादी पवन सुवेदीले परीक्षा समितिको अध्यक्षको हैसियतमा कार्य नगरी आफूखुशी मौखिक आदेशमा उत्तरपुस्तिका परीक्षण गर्न लगाई परीक्षाको परिणाम फेरवदल गर्ने कार्यमा निजको प्रत्यक्ष संलग्नता रहेको देखिन्छ। अतः कार्यालयको प्रमुखको प्रत्यक्ष संलग्नतामा उत्तरपुस्तिका परीक्षण गर्ने कर्मचारीहरूले परीक्षाको परिणाम फेरबदल गरेको हुँदा प्रतिवादीहरूलाई आरोपदाबी बमोजिम सजाय हुने गरी फैसला हुन अनुरोध छ भन्ने बहस प्रस्तुत गर्नुभयो।

२. प्रतिवादी पवन सुवेदीको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री प्रेमराज सुवेदी, प्रतिवादीहरू डेकराज पोखरेल, हुतराज पौडेल र गणेशमान आचार्यको तर्फबाट विद्वान् अधिवक्ता श्री अपूर्व खतिवडा, प्रतिवादी डिलाराम खनालबाट विद्वान्

वरिष्ठ अधिवक्ता श्री सुरेश कुमार पौडेल, प्रतिवादीहरू ध्रुव प्रसाद देवकोटा र ओम बहादुर बस्नेतको तर्फबाट विद्वान् अधिवक्ताहरू श्री निर्मल देवकोटा र श्री सुशिल केशर खनाल, प्रतिवादी चन्द्रमणि नेपालीको तर्फबाट विद्वान् अधिवक्ता श्री निर्मल देवकोटा, प्रतिवादीहरू अरुण कुमार गौतम र सतानन्द उपाध्याय (न्यौपाने) तर्फबाट विद्वान् अधिवक्ता श्री भिमार्जुन आचार्य, प्रतिवादीहरू सावित्री पौडेल र ध्रुवराज अर्यालबाट विद्वान् अधिवक्ता श्री शालिकराम सापकोटा, प्रतिवादीहरू पवन सुवेदी, धर्मदत्त चौलागाई, केशर चपाई, ओम प्रसाद देवकोटा, केशवराज डागीको तर्फबाट विद्वान् अधिवक्ताहरू श्री सुवास आचार्य र श्री यज्ञ खतिवडा, प्रतिवादीहरू सिताराम खनाल र डेकराज पोखरेलबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री सतिषकृष्ण खरेल र विद्वान् अधिवक्ता श्री शिव प्रसाद कोइरालाले बहस गर्नु भयो। विद्वान् वरिष्ठ अधिवक्ताहरू एवम् विद्वान् अधिवक्ताहरूले गर्नुभएको बहसमा आरोपदाबी बमोजिमको कसुर हुनलाई परीक्षाको परिणामलाई फेरबदल गरेको हुनु पर्छ। परीक्षाको परिणाम नआएको हुँदा आरोपदाबी बमोजिम परीक्षाको परिणाम फेरबदल गरेको अवस्था छैन। उत्तरपुस्तिका परीक्षण गर्दा अनुत्तीर्णलाई उत्तीर्ण गराएको भन्ने आरोपदाबी छ। सो कार्य परीक्षाको परिणाम फेरबदल गरेको कार्य होइन। भ्रष्टाचारको कसुर हुनलाई कुनै कार्य बदनियतपूर्वक भएको हुनुपर्छ। प्रतिवादीहरूले उत्तरपुस्तिका परीक्षण गर्दा बदनियतपूर्वक उत्तीर्णाङ्क दिएको भन्ने पुष्टि भएको छैन। प्रतिवादीहरूले आरोपदाबी बमोजिमको कसुर नगरेको हुँदा प्रतिवादीहरूले आरोपदाबीबाट सफाइ पाउने गरी फैसला हुनु पर्छ भन्ने जिकिर लिनु भयो।

३. यातायात व्यवस्था कार्यालय भेरीबाट भएको दुई पाङ्ग्रे (A) वर्गको लिखित परीक्षाको उत्तरपुस्तिका परीक्षण गर्दा सो कार्यालयका प्रमुख एवं परीक्षा समितिको अध्यक्ष प्रतिवादी पवन सबुदीको प्रत्यक्ष संलग्नतामा उत्तरपुस्तिका परीक्षणमा खटिएका प्रतिवादीहरूले बदनियतपूर्वक अनुत्तीर्ण भएका ४,७१७ जना परीक्षार्थीलाई उत्तीर्ण गराई नतिजा फेरबदल हुने गरी उत्तरपुस्तिका परीक्षण गरेकोले प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ बमोजिमको कसुरमा सोही दफा १३ बमोजिम सजाय हुन आरोपदाबी भएको देखियो।

४. उपर्युक्त आरोपदाबी भएको प्रस्तुत मुद्दामा विद्वान् उपन्यायाधिवक्ता तथा विद्वान् वरिष्ठ अधिवक्ताहरू एवम् विद्वान् अधिवक्ताहरूले गर्नुभएको बहस जिकिर समेतलाई दृष्टिगत गरी **प्रतिवादीहरूले आरोपदाबी बमोजिमको कसुर गरे/नगरेको भन्ने प्रश्नको निरुपण गरी प्रतिवादीहरूलाई आरोपदाबी बमोजिम सजाय हुनु पर्ने हो वा होइन** भन्ने सम्वन्धमा निर्णय दिनुपर्ने देखियो।

५. प्रतिवादीहरूले आरोपदाबी बमोजिम परीक्षाको परिणाम फेरबदल गर्ने कार्य गरे, नगरेको सम्बन्धमा विचार गर्दा, कार्यालय प्रमुखको भूमिकामा रहेका प्रतिवादी पवन सुवेदीले अदालतमा गरेको बयानमा आफूबाट परीक्षाको परिणाम फेरबदल गर्ने काम नभएको, परीक्षाको सबै प्रक्रियाहरू पूरा नभई परीक्षणकै क्रममा रहेको हुँदा आफूले आरोपदाबी बमोजिमको कसुर नगरेको भनी आरोपित कसुरमा इन्कार भएको देखिन्छ। अदालतमा बयान गर्ने अन्य प्रतिवादीहरूले उत्तरपुस्तिका परीक्षण गरेको कुरालाई स्वीकार गरे पनि बदनियतपूर्क परीक्षण नगरेको र आफूहरूले गरेको परीक्षणमा पुनः परीक्षण गर्ने कार्य बाँकी नै रहेको हुँदा आरोपदाबी बमोजिम परीक्षाको परिणाम फेरबदल गर्ने काम आफूहरूबाट नभएको भन्ने बेहोरा उल्लेख गरी आरोपित कसुरमा इन्कार भएको पाइन्छ।

६. प्रस्तुत मुद्दामा लिखित परीक्षाको उत्तरपुस्तिका परीक्षण गर्दा अनुत्तीर्ण परीक्षार्थीलाई उत्तीर्णाङ्क प्रदान गरेर परीक्षाको परिणाम फेरबदल गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ बमोजिमको कसुरजन्य कार्य भएको भन्ने आरोपदाबी रहेको छ। उक्त ऐनको दफा १३ ले कुनै राष्ट्रसेवकले आफू वा अरु कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याउने बदनियतले परीक्षाको परिणाम फेरबदल गर्ने वा गर्न लगाउने कार्यलाई निषेध गरी राष्ट्रसेवकले त्यस्तो कार्य गरे वा गर्न लगाएमा कसुरजन्य कार्य हुने व्यवस्था गरेको पाइन्छ। उक्त कानूनी व्यवस्था अनुसार परीक्षाको परिणाम फेरबदल गर्ने वा गर्न लगाउने कार्य हुनको लागि सो कार्य हुनुभन्दा पूर्व परीक्षाको परिणाम आइसकेको हुनुपर्छ।

७. परीक्षाको परिणाम अर्थात जाँच दिएका परीक्षार्थीको परीक्षाफल (Result) नै नआएको अवस्थामा परीक्षाको परिणाम फेर

बदल गरेको भन्ने प्रश्नै आउँदैन। कुनै पनि परीक्षाको परिणाम फेर बदल गर्नलाई परीक्षाफल (Result) आइ सकेको हुनुपर्दछ। परिणाम निस्कने प्रक्रियामा रहेको कार्यलाई परिणाम निस्के सरह मानी परिणाम फेरबदल भएको भन्नु परिकल्पना मात्र हो। यथार्थमा त्यस्तो होइन।

८. यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०६० को परिच्छेद ४ को दफा १२.११ ले परीक्षण भएका उत्तरपुस्तिका रुजु गर्नुपर्ने व्यवस्था गरेको पाइन्छ। उत्तरपुस्तिका रुजु गर्दा परीक्षार्थीले लेखेको सबै उत्तर परीक्षण गरी अङ्क दिएको छ/छैन, प्रश्नपत्रमा तोकिए अनुसार सबै प्रश्नहरूको उत्तर ठीक दिएको छ/छैन, परीक्षकले दिएका सबै अङ्कहरू ठीकसँग जोडिएका छन्/छैनन्, उत्तर तालिकामा उल्लेख गरिएको उत्तर भिडाई ठीक बेठीक के हो निश्चित गर्नुपर्ने भनी उक्त दफा १२.११ ले निर्देशित गरेको पाइन्छ। प्रस्तुत विवादमा परीक्षकले परीक्षण गरेको उत्तरपुस्तिका रुजु गर्ने कार्य बाँकी नै रहेको देखिन्छ। उत्तरपुस्तिका रुजु गर्ने कार्य बाँकी नै रहेको हुँदा उत्तरपुस्तिका पूर्ण रुपमा परीक्षण हुने कार्य बाँकी रही लिखित परीक्षाको परिणाम निस्कने प्रक्रियामा रहेको देखियो।

९. अतः माथिका प्रकरणहरूमा विवेचना गरिएबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ ले निषेध गरेको परीक्षाको परिणाम फेरबदल गर्ने वा गर्न लगाउने कार्य हुनको लागि सो कार्य हुनुभन्दा पूर्व परीक्षाको परिणाम आइसकेको हुनुपर्छ। उत्तरपुस्तिका रुजु गर्ने कार्य बाँकी रही परीक्षाको परिणाम आउने प्रक्रियामा रहेको अवस्थामा आरोपपत्रमा उल्लेख भए अनुसार उत्तरपुस्तिका परीक्षण गर्दा उत्तीर्णाङ्क प्राप्त नगरेका परीक्षार्थीलाई उत्तीर्णाङ्क प्रदान गरिएको भन्न मिल्दैन। जबसम्म कानूनले कुनै कार्य गर्न प्रष्ट रुपमा निषेध गरेको हुँदैन, त्यस्तो कार्यलाई कसुरजन्य कार्य मान्न मिल्दैन। उत्तरपुस्तिका परीक्षण गर्दा उत्तीर्णाङ्क प्राप्त नगरेका परीक्षार्थीलाई उत्तीर्णाङ्क प्रदान गर्ने कार्यलाई भ्रष्टाचार निवारण ऐन, २०५९ ले कसुरजन्य कार्य मानेको पाइदैन। यसरी कानूनले नै कसुर नमानेको कार्यलाई कसुरजन्य कार्य भनी गरिएको अभियोग दाबी कानूनसम्मत देखिन आएन। प्रस्तुत मुद्दाको तथ्यगत अध्ययनबाट उत्तरपुस्तिका पूर्ण रुपमा परीक्षण हुने कार्य बाँकी नै रहेको देखिएको र प्रतिवादीहरूले जुन कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ बमोजिमको कसुर गरेको भन्ने आरोपदाबी लिइएको छ, सो कार्यलाई भ्रष्टाचार निवारण ऐन, २०५९ ले कसुरजन्य कार्य नमानेको अवस्थामा प्रतिवादीहरूले आरोपदाबी बमोजिम परीक्षाको परिणाम फेरबदल गर्ने वा गर्न लगाउने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ को कसुर गरेको भन्ने आरोपदाबी मनासिब देखिन आएन। तसर्थ प्रतिवादीहरूले आरोपदाबी बमोजिमको कसुर गरेको नदेखिएकोले सो आरोपदाबी बमोजिम सजाय हुनु पर्ने देखिएन।

१०. अतः दुई पाङग्रे सवारी चालक अनुमतिपत्रको लागि लिइएको लिखित परीक्षामा अनुत्तीर्ण भएका परीक्षार्थीहरूको नतिजा फेरबदल गरेको भनी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ बमोजिमको कसुर गरेको भन्ने अभियोग दाबी रहेको छ। उक्त दफा १३ ले परीक्षाको परिणाममा फेरबदल गर्ने वा गर्न लगाउने कार्यलाई कसुरजन्य कार्य मानेको पाइन्छ। प्रस्तुत मुद्दामा लिखित परीक्षाको उत्तरपुस्तिका परीक्षण गर्दा अनियमितता भएको भन्ने आरोपदाबी लिएको देखिन्छ। प्रस्तुत मुद्दामा लिखित परीक्षाको परिणाम नै प्रकाशित गरिसकेको भन्ने अवस्था नदेखिई उत्तर पुस्तिकाको पुनः परीक्षणको चरणमा रहेको देखिन्छ। अतः यस अवस्थामा प्रतिवादीहरूले आरोपदाबी बमोजिम ऐ.ऐनको दफा १३ को कसुर गरेको भन्ने पुष्टि भएको देखिएन। तसर्थ सबै प्रतिवादीहरूले आरोपदाबीबाट सफाइ पाउने ठहर्छ। अरूमा तपसिलबमोजिम गर्नू।

| | | |
|---|---|---|
| **सदस्य** | **सदस्य** | **अध्यक्ष** |

**फैसला तयार गर्ने**

इजलास अधिकृतः रोशनकुमार झा

कम्प्युटर ओपरेटरः कल्पना पराजुली

इति संवत् २०८० साल माघ महिना २४ गते रोज ४ शुभम्................................................................।

**श्री**
**विशेष अदालत काठमाडौं**
**इजलास**
**अध्यक्ष माननीय श्री टेक नारायण कुँवर**
**सदस्य माननीय श्री तेज नारायण सिंह राई**
**फैसला**
**मुद्दा नं.०७८-CR-००७३**
**दर्ता मितिः२०७८/१२/१७**
**फैसला मितिः२०८०/१२/१२**
**निर्णय नं.-२३६**

<u>मुद्दा : गैरकानूनी लाभ, हानि।</u>

**वादी** : अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंका अनुसन्धान अधिकृत चक्रबहादुर मल्लको प्रतिवेदनले नेपाल सरकार।

<u>विरुद्ध</u>

**प्रतिवादी** : जिल्ला रामेछाप साविक बिजुलीकोट गा.वि.स. वडा नं. २ हाल लिखु तामाकोशी गाउँपालिका वडा नं. ३ धोबी, चित्रे स्थायी घर भई काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३२ पेप्सीकोला बस्ने मानबहादुर खड्काको नाती पदमध्वज खड्काको छोरा लिखु तामाकोशी गाउँपालिका, रामेछापको अध्यक्ष **गोविन्दबहादुर खड्कासमेत।**

- **यस मुद्दामा यी प्रतिवादीहरूको खरिद तथा भुक्तानी समेतका कार्यमा अहम् भूमिका रहेकोले निज प्रतिवादीहरू कुनै न कुनै तरिकाले उत्तरदायी भएको संस्थामा यदि रकम हिनामिना हुन्छ भने सोको जवाफदेही निजै प्रतिवादीहरू हुने र अन्यथा प्रमाणित नभएमा हिनामिना भएको रकम निज प्रतिवादीहरूकै मिलेमतोमा हिनामिना गरेको भनी मान्नु पर्ने देखिन्छ।**

**(प्रकरण नं. ९६)**

- **स्वीकृत बजेटको आकार हेर्दा, बोलपत्र आह्वान गरी कानूनी प्रक्रिया पूरा गरी मात्र योजना कार्यान्वयनमा लैजानु पर्नेमा सो नगरी छुट्टाछुट्टै सातवटा उपभोक्ता समिति गठन गरी गराई टुक्रे योजनाको रुपमा गरेको कार्यमा निज प्रतिवादीहरूको बदनियत देखिन आयो।**

**(प्रकरण नं. ९७)**

<u>ठहर खण्ड</u>

१. विशेष अदालत नियमावली, २०८० नियम ४३ र ४४ बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा प्रतिवादीहरू उपरको आरोपदाबी सहितको मिसिल अध्ययन गरियो।

२. प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट तथा प्रतिवादीहरूको तर्फबाट निम्नबमोजिमका कानून व्यावसायीहरूले प्रस्तुत गर्नु भएको बहस सुनियोः

| सि.न. | पक्षको नाम | विद्वान् कानून व्यवसायीहरू |
|---|---|---|
| | वादी नेपाल सरकार | उप-न्यायधिवक्ता श्री गोपाल लामिछाने |
| १. | अस्मिन रोका | अधिवक्ता श्री टिकाध्वज खड्का |
| २. | युवराज सुनुवार | |
| ३. | तारा गुरुङ्ग | |
| ४. | असोक कुमार सुनुवार | |
| ५. | प्रकाश सुनुवार | |
| ६. | वेत बहादुर पुँवार | अधिवक्ता श्री महानन्द दहाल<br>अधिवक्ता श्री टिकाध्वज खड्का |
| ७. | गोविन्द बहादुर खड्का | वरिष्ठ अधिवक्ता श्री योगेन्द्र बहादुर अधिकारी<br>अधिवक्ता श्री नरबहादुर योगी<br>अधिवक्ता श्री जस्मिन भण्डारी<br>अधिवक्ता श्री जयलाल भण्डारी<br>अधिवक्ता श्री प्रितम घिमिरे |
| ८. | राजु प्रसाद चौलागाई | वरिष्ठ अधिवक्ता श्री डा. श्याम बहादुर के.सी |
| ९. | टंक प्रसाद चौलागाई | वरिष्ठ अधिवक्ता श्री कृष्ण प्रसाद सापकोटा<br>वरिष्ठ अधिवक्ता श्री सतिषकृष्ण खरेल<br>वरिष्ठ अधिवक्ता श्री डा. श्याम बहादुर के.सी<br>अधिवक्ता श्री सुकदेव सापकोटा<br>अधिवक्ता श्री तिल प्रसाद गौतम |
| १०. | दुर्गाबहादुर डिम्दोङ तामाङ | वरिष्ठ अधिवक्ता श्री कृष्ण प्रसाद सापकोटा<br>वरिष्ठ अधिवक्ता श्री सतिषकृष्ण खरेल<br>वरिष्ठ अधिवक्ता श्री डा. श्याम बहादुर के.सी<br>अधिवक्ता अपूर्व खतिवडा |
| ११. | नोर्बु लामा | वरिष्ठ अधिवक्ता श्री कृष्ण प्रसाद सापकोटा<br>वरिष्ठ अधिवक्ता श्री सतिषकृष्ण खरेल<br>वरिष्ठ अधिवक्ता श्री डा. श्याम बहादुर के.सी<br>अधिवक्ता श्री अपूर्व खतिवडा<br>अधिवक्ता श्री तिल प्रसाद गौतम |
| १२. | ममिता श्रेष्ठ | अधिवक्ता श्री टिकाध्वज खड्का<br>अधिवक्ता श्री महानन्द दहाल |
| १३. | सुब्बा थापा मगर | |
| १४. | सुन बहादुर तामाङ | |
| १५. | करिष्मा परियार | |
| १६. | दल बहादुर तामाङ | |

| सि.न. | पक्षको नाम | विद्वान् कानून व्यवसायीहरू |
|---|---|---|
| १७. | होम बहादुर महत | अधिवक्ता श्री टिकाध्वज खड्का |
| १८. | अनिता श्रेष्ठ | |
| १९. | डिल्ली बहादुर सुनुवार | |
| २०. | बुद्धि बहादुर तामाङ | अधिवक्ता श्री दुर्गाकुमार कोइराला<br>अधिवक्ता श्री शुभद्रा थापा<br>अधिवक्ता श्री रमेश राज कार्की<br>अधिवक्ता श्री सृजना सुवेदी |
| २१. | मेनुका खड्का | अधिवक्ता श्री बाबुराम राई |
| २२. | प्रचण्ड सुनुवार | |
| २३. | घन्टीकादेवी सुनुवार | |
| २४. | दिलमाया थापा | |
| २५. | अमृत बहादुर तामाङ | अधिवक्ता श्री राधाकृष्ण पाठक<br>अधिवक्ता श्री चित्रबहादुर विष्ट<br>अधिवक्ता श्री उद्धव कार्की |

३. वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वानहरूले लिखु तामाकोशी गाउँपालिकामा आ.व. २०७४/७५ र २०७५/७६ मा विद्युत विस्तार योजनामा भएको अनियमितता र भ्रष्टाचारजन्य क्रियाकलापलाई औंल्याएको छ। यहाँ प्रतिवादीहरूले योजनाको कार्यान्वयन गर्दा निम्नबमोजिम विभिन्न कानूनी प्रावधान र प्रक्रिया उल्लङ्घन गरी गैरकानूनी लाभ लिएको देखिएको हुँदा प्रतिवादीहरूलाई आरोपदाबी बमोजिम सजाय गरी पाउँ भनी बहस प्रस्तुत गर्नु भयो।

क. विद्युत जस्तो जटिल प्राविधिक कार्य अनुभव र कार्यक्षमता नभएका समितिहरूसँग सम्झौता गरेको,

ख. लागत अनुमान बिना योजना स्वीकृत गराई थप खर्च गरिएको र प्राविधिक मूल्याङ्कन प्रतिवेदन विना कार्य सम्पन्न गरेको,

ग. ट्रान्सफर्मर, ACSR कन्डक्टर, पोल लगायतका सामग्री खरिद गर्दा स्पेसिफिकेसन बिना उच्च दरमा खरिद गरेको,

घ. श्रमिक कार्य उपभोक्ता समितिबाट गर्नुपर्नेमा सिधै पाइक कन्स्ट्रक्सन प्रा.लि.सँग सम्झौता गरी गरेको,

ङ. श्रमिक खर्चमा समावेश भएको VAT उपभोक्ता समितिलाई भुक्तानी गरेको,

च. सामान प्राप्ती, खर्च र बाँकी रकमको अभिलेख नराखी अनियमितता गरेको।

४. **प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वानहरूको बहसः माथि उल्लिखित विद्वानहरूले निम्नबमोजिम आ-आफ्नो पक्षको तर्फबाट बहस प्रस्तुत गर्नु भयोः**

क. प्रतिवादीहरू अस्मिन रोका, युवराज सुनुवार, तारा गुरुङ्ग, असोक कुमार सुनुवार र प्रकाश सुनुवारको तर्फबाट उपस्थित विद्वान अधिवक्ताले यी प्रतिवादीहरूले आरोपदाबीबमोजिम कसुर गरेका छैनन्। यी प्रतिवादीहरू खरिद तथा खर्च प्रक्रियाका उत्तरदायी व्यक्ति पनि होइनन्। प्रशासनिक लगायतका सम्पूर्ण कार्यहरू पनि अध्यक्षज्यूले नै गर्नुहुन्थ्यो। प्रतिवादीहरू आफ्नो टोलमा बिजुलीका पोलहरू राख्ने कार्यमा संलग्न रहेको र पोलमा तार टाग्ने, पोल बोक्ने लगायतका काम गर्दथे। गाउँमा बत्ती पनि बलेको अवस्था छ। सम्झौता अनुरुपका सम्पूर्ण काम कारवाहीहरू सम्पन्न भएका छ। प्रतिवादीहरूले सम्पूर्ण काम कारवाहीहरू असल नियतले गरेका हुँदा यी प्रतिवादीहरूलाई आरोपदाबीबमोजिम सजाय हुनु पर्ने होइन भनी बहस गर्नु भयो।

ख. प्रतिवादी वेत बहादुर पुँवारको तर्फबाट उपस्थित विद्वान अधिवक्ताले यी प्रतिवादीले आरोपदाबीबमोजिम कसुर

गरेका छैनन्। निजले लिखु तामाकोसी गा.पा.वडा नं. ५ को उपभोक्ता समितिको अध्यक्षको रुपमा काम गरेको हो। गाउँमा विद्युतीकरण गर्नुपर्यो भनी उपभोक्ता समिति बनाइएको हो। यी प्रतिवादी उपभोक्ता समितिका अध्यक्ष भए तापनि सबै काम गाउँपालिका अध्यक्षले नै गर्दथे। निजले गलत नियतले कार्य नगरेको हुँदा निजले आरोपदाबीबमोजिम सजाय पाउनु पर्ने होइन भनी बहस प्रस्तुत गर्नु भयो।

ग. प्रतिवादी गोविन्दबहादुर खड्काको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरूले यी प्रतिवादीले आरोपदाबीबमोजिम कसुर गरेका छैनन्। गाउँपालिकाको विकास र भलाईको लागि निज अग्रसर भइ कार्य गरेका हुन्। गाउँपालिकाबाट रु.१० करोड ६१ लाख खर्च भएको छ भने अख्तियारले भुक्तानी नभएको रकमसमेत जोडेर रु.१७ करोड ७ लाखको बिगो देखाउँदै रु.४ करोड २१ लाख जरिबाना माग गरेको छ जुन सरासर गलत छ। नभएको कार्यसमेत जोडी अभियोग लगाईएको छ। अख्तियारले मौज्दात सामानको मूल्यसमेत बिगोमा जोडेर गलत आरोप लगाएर दाबी गरिएको छ। सामान खरिद गर्दा प्रतिस्पर्धात्मक प्रक्रिया अपनाइएको छ। लागत अनुमानभन्दा कम सामान खरिद भएको भनी भान गराई झुठ्ठा तथ्य प्रस्तुत गरिएको छ। हाम्रो पक्ष विरुद्ध लागत अनुमानभन्दा बढी खर्च देखाएर गलत आरोप लगाइएको छ। जनताको माग अनुसार फेज परिवर्तन र बजेट रकमान्तर गरिएको हो। निज प्रतिवादीको एकल निर्णयले खरिद गरी कार्य गरेको होइन। राजनीतिक स्वार्थबस आरोप लगाइएको र निजलाई दोषी देखाउन मात्र षडयन्त्र गरिएको हुँदा आरोपदाबीबमोजिम यी प्रतिवादीले कसुर नगरेकोले सफाइ पाउनु पर्दछ भनी बहस प्रस्तुत गर्नु भयो।

घ. प्रतिवादी राजुप्रसाद चौलागाईको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरूले यी प्रतिवादीले आरोपदाबीबमोजिम कुनै कसुर गरेका छैनन्। सामानको खरिद र ढुवानी खर्च, श्रमिक शुल्कको भुक्तानी उपभोक्ता समितिको खातामा अध्यक्षको आदेशअनुसार दिइएको हो। यसमा कुनै जनसहभागिताको कटौतीको अवस्था छैन। निर्माण कार्यको हकमा मात्रै रकम कट्टा गरिने व्यवस्था छ। मूल्याङ्कनमा त्रुटि भएको छ। गलत आधारमा बिगो कायम गरी दाबी गरिएको छ। यसमा उपभोक्ता समितिले भुक्तानी गरेको सामान र ढुवानी खर्चको तथ्यलाई सही रूपमा सम्बोधन गरिएको छ। पोलतार जडानको लेवरचार्ज र विद्युतीकरण कार्यमा भुक्तानी गरिएको रकमको मूल्याङ्कनले नै देखाउँछ कि काम पूरा नगरेका कारण उपभोक्ता समितिले अझै बाँकी रकम भुक्तानी गर्नुपर्ने छ। यसमा कुनै अनियमितता छैन।भुक्तानी सही रूपमा गरिएको हुँदा यी प्रतिवादीलाई आरोपदाबीबमोजिम सजाय हुनु पर्ने होइन भनी बहस प्रस्तुत गर्नु भयो।

ङ. प्रतिवादी टंकप्रसाद चौलागाईको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरूले यी प्रतिवादीले आरोपदाबीबमोजिम कसुर गरेका छैनन्। विद्युतीकरण योजना दुरागाउँ र बिजुलीकोट क्षेत्रमा लागू गरिएको थियो। यसका लागि गाउँपालिका र उपभोक्ता समितिहरूसँग सम्झौतासम्म हस्ताक्षर गरिएको थियो। यसमा हाम्रो पक्षले कुनै कानूनी चुकको उल्लङ्घन नगरेको र कार्यपालिका र गाउँसभाका निर्णयका आधारमा रकम र खर्च व्यवस्थापन गरिएको स्पष्ट पारिएको हुँदा हुँदै गलत नियतले यी प्रतिवादी उपर आरोपदाबी लिएको छ। विद्युतीकरणका लागि नेपाल विद्युत प्राधिकरण रामेछाप प्रसारण केन्द्रले लागत अनुमान गरेको हो। सो अनुसार सामान खरिद गरिएको छ। खरिद र भुक्तानीमा कन्टेन्जेन्सी र जनसहभागिता रकम कट्टा गर्नुपर्ने अवस्था छैन। केबल निर्माण कार्यको विलमा मात्र त्यस्तो कटौती गर्नुपर्ने हो। यसले सामग्री खरिदको प्रक्रियामा कुनै गल्ती वा अनियमितता भएको छैन भन्ने कुरा पुष्टि गर्दछ। त्यसकारण यी प्रतिवादीले कुनै अनियमितता वा गैरकानूनी कार्य नगरी, असल नियत र तोकिएको कार्यप्रणाली अनुसार काम गरेका छन्। त्यसबाट कुनै हानिनोक्सानी नभएको हुँदा यी प्रतिवादीलाई आरोपदाबीबमोजिम सजाय हुनु पर्ने होइन भनी बहस प्रस्तुत गर्नु भयो।

च. प्रतिवादी दुर्गा बहादुर डिम्दोङ तामाङको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूले यी प्रतिवादीले उपभोक्ता समितिहरूले सामान खरिद गर्दा अध्यक्षको आदेश र प्रमुख प्रशासकीय अधिकृतको निर्देशनमा काम गरिएको हो। बिल बमोजिमको रकम उपभोक्ता समितिको खातामा भुक्तानी गरिएको छ। जनसहभागिता र कन्टेन्जेन्सी

रकम कट्टा नगर्ने र केवल निर्माण कार्यको लागतमा मात्र उक्त रकम कट्टा गर्नुपर्ने हो। जसको आधार लागत अनुमानको वास्तविकतामा आधारित छ। ढुवानीको लागि खुद लाग्ने खर्च हिसाब गरी स्थान स्थानमा फरक दरको लागत अनुमान बनाइएको छ। यसले गर्दा भुक्तानीमा अन्तर देखिएको हो। नेपाल विद्युत प्राधिकरणको मूल्याङ्कनले दुई क्षेत्रको विद्युतीकरणको कार्यलाई अलग-अलग मूल्याङ्कन गरेको छ, जसले योजनाको पूरा हिसाब मिलान गर्न बाँकी राखेको छ। यस सम्बन्धमा उपभोक्ता समितिहरूसँग हिसाब मिलाएर मात्र सही परिणाम आउने हुँदा हचुवामा यी प्रतिवादी उपर आरोपदाबी लिएको छ। यी प्रतिवादी उपरको आरोप असत्यता र त्रुटीपूर्ण मूल्याङ्कनको आधारमा लिएको हुँदा निजले सफाइ पाउनु पर्छ भनी बहस प्रस्तुत गर्नु भयो।

छ. प्रतिवादी नोर्बु लामाको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरूले प्रस्तुत मुद्दामा उपभोक्ता समितिहरूको गठन र कार्य प्रारम्भ गर्नु नियम तथा प्रक्रिया अनुरूप नै भएको छ। सामान खरिदको समयमा बजार भाउ र ढुवानीमा भएको वृद्धिको कारणले अनुमानभन्दा बढी खर्च देखिएको हो। यसमा यी प्रतिवादीको कुनै संलग्नता छैन। खरिद गरिएको सामानको मूल्यमा लगभग १०% वृद्धि भएको तथा अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतबाट बिलबमोजिम रकम भुक्तानी दिने आदेशबमोजिम दिएको हो। आरोपपत्रमा उल्लिखित नेपाल विद्युत प्राधिकरणको मूल्याङ्कनमा ३ करोड ३४ लाख ४९ हजार ४०३ रुपैयाँ र उपभोक्ता समितिहरूको बिलबमोजिम भुक्तानी गरिएको रकम जोडी रु.५ करोड ६२ हजार ६५८ रुपैयाँ बिचको अन्तरलाई बिगो कायम गरिएको छ, जुन झुट्टा हो। यी प्रतिवादीले गलत नियतले कार्य गरेका छैनन्। यी प्रतिवादीलाई लगाइएको आरोप पुष्टि हुने आधार छैन। तसर्थ, यी प्रतिवादीले आरोपदाबीबाट सफाइ पाउनु पर्छ भनी बहस प्रस्तुत गर्नु भयो।

ज. प्रतिवादीहरू ममिता श्रेष्ठ, सुब्बा थापा मगर, सुन बहादुर तामाङ, करिष्मा परियार र दल बहादुर तामाङको तर्फबाट उपस्थित विद्वान्हरुले यी प्रतिवादीहरूले आरोपदाबीबमोजिम कसुर गरेका छैनन्। यी प्रतिवादीहरू उल्लिखित योजना कार्यान्वयनको उत्तरदायी व्यक्ति होइनन्। प्रशासनिक लगायतका सम्पूर्ण कार्यहरू पनि अध्यक्ष जयूले नै गर्नुहुन्थ्यो। यी प्रतिवादीहरूले कुनै रकम हिनामिना पनि गरेको छैनन्। गाउँमा बत्ती बल्ने भयो भनी सही नियतले कार्य गरेको हुँदा निजहरूले आरोपदाबीबमोजिम सजाय पाउनु पर्ने होइन भनी बहस प्रस्तुत गर्नु भयो।

झ. प्रतिवादीहरू होम बहादुर महत, डिल्ली बहादुर सुनुवार र अनिता श्रेष्ठको तर्फबाट उपस्थित विद्वान्हरुले यी प्रतिवादीहरूले आरोपदाबी बमोजिम कार्य गरेका छैनन्। सम्झौता अनुरुपका सम्पूर्ण कारवाहीहरू भएका हुन् र गाउँमा बिजुली बत्ती बलेको पनि छ। निज प्रतिवादीहरूले जति कामहरू गरेको छन् र ती कार्य असल नियतले गरेका हुन्। यी प्रतिवादीहरूले कुनै प्रकारको निजी लाभ लिएका समेत छैनन्। वादी नेपाल सरकारबाट उक्त आरोप पुष्टि गर्ने प्रमाण समेत पेस भएको छैन। यी प्रतिवादीहरूले आरोपदाबीबमोजिम कसुर नगरेको हुँदा निजहरूलाई सफाइ पाउनु पर्ने हो भनी बहस प्रस्तुत गर्नु भयो।

ञ. प्रतिवादी बुद्धि बहादुर तामाङको तर्फबाट उपस्थित विद्वान्हरुले यी प्रतिवादीलाई उपभोक्ता समितिको अध्यक्षको जिम्मेवारी दिएपनि सम्पूर्ण कामहरू अध्यक्षले गर्नुहुन्थ्यो। निज प्रतिवादीले सम्पूर्ण काम कारबाहीहरूअसल नियत एवम् अध्यक्षको विश्वासमा गरेको हो। निजले कुनै रकम हिनामिना गरेका छैनन् र आरोपदाबीबमोजिम निजले सजाय पाउनु पर्ने समेत होइन भनी बहस प्रस्तुत गर्नु भयो।

ट. प्रतिवादीहरू मेनुका खड्का, प्रचण्ड सुनुवार, घन्टीकादेवी सुनुवार र दिलमाया थापा समेतको तर्फबाट उपस्थित विद्वान्हरुले यी प्रतिवादीहरूले आरोपदाबीबमोजिम कसुर गरेका छैनन्। यी खरिद सम्बन्धी प्रतिवादीहरू उत्तरदायी व्यक्ति होइनन्। सम्झौता अनुरुपका सम्पूर्ण कारवाहीहरू भएका हुन् र गाउँमा बिजुली बत्ती बलेको पनि छ। निज प्रतिवादीहरूले जति कामहरू गरेको छन् र ती कार्य असल नियतले गरेका हुन्। यी प्रतिवादीहरूले कुनै प्रकारको लाभ लिएका समेत छैनन्। यी प्रतिवादीहरूले कुनै रकम हिनामिना पनि गरेको छैनन्। गाउँमा बत्ती बल्ने भयो भनी सही नियतले कार्य गरेको हुँदा निजहरूले आरोपदाबी बमोजिम सजाय पाउनु पर्ने होइन भनी बहस प्रस्तुत गर्नु भयो।

ठ. प्रतिवादी अमृत बहादुर तामाङको तर्फबाट उपस्थित विद्वान्‌हरुले यी प्रतिवादीले आरोपदाबीबमोजिम कसुर गरेका छैनन्। निजले कानून तथा सम्झौताबमोजिम काम गरेका छन्। नभएको कामको बिल बनाई भुक्तानी लिएका छैनन्। साथै, काम गरेको सम्झौताबमोजिमको रकमसमेत प्राप्त भएको छैनन्। यी प्रतिवादीले आफूले पाउनुपर्ने भुक्तानीसमेत नपाएको अवस्थामा अभियोजन पक्षले आरोप लगाउनु अन्यायपूर्ण हुने हुँदा यी प्रतिवादीलाई सफाइ दिलाई पाउँ भनी बहस प्रस्तुत गर्नु भयो।

**५. वादी तथा प्रतिवादी पक्षको उपर्युक्त बमोजिमको छलफल र बहस सुनी मिसिल संलग्न कागजातहरू समेत अध्ययन गरियो। प्रतिवादीहरू विरुद्ध निम्नबमोजिमको कसूरमा निम्न अनुसारको सजाय मागदाबी गरेको देखिन्छः-**

| सि.नं. | प्रतिवादीहरूको नाम | प्रतिवादीहरूले गरेको कसूर | प्रतिवादीहरू उपर माग गरिएको सजाय | प्रतिवादीहरूबाट असुल हुने बिगो |
|---|---|---|---|---|
| १. | गोविन्दबहादुर खड्का | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ),(च) र (ज) र दफा ८ को उपदफा (३) | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) बमोजिम कैद र बिगो बमोजिम जरिबाना,<br>ऐ.ऐ को दफा ८ को उपदफा (१) बमोजिम बिगो असुल | ४,२१,००,७०६।२४ |
| २. | राजुप्रसाद न्यौपाने | ऐ.ऐ | ऐ.ऐ | १,१२,८२,१७८।०९ |
| ३. | दुर्गाबहादुर डिम्दोङ तामाङ | ऐ.ऐ | ऐ.ऐ | १,२६,७५,५०३।६२ |
| ४. | वेतबहादुर पुँवार, ममता श्रेष्ठ सुब्बा थापा मगर | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) | ३५,०२,६१४।८४ (प्रति ब्यक्ति बिगो) |
| ५. | सुनबहादुर तामाङ, करिष्मा नेपाली भन्ने करिष्मा परियार र दलबहादुर तामाङ | ऐ.ऐ | ऐ.ऐ | ३७,८६,९०२।६१ (प्रति ब्यक्ति बिगो) |
| ६. | होमबहादुर महत, अनिता श्रेष्ठ र डिल्लीबहादुर सुनुवार | ऐ.ऐ | ऐ.ऐ | ४२,५३,३८२।२८ (प्रति ब्यक्ति बिगो) |
| ७. | अमृतबहादुर तामाङ (रुम्बा) भन्ने अमृतबहादुर तामाङ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१), ऐ. ऐनको दफा ८ (१) देहाय (ङ) तथा दफा ८(४) को कसुरको मतियार भई ऐ.ऐ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांश | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम ऐ.ऐ को दफा ८ को दपउफा (१) र दफा ८ को उपदफा (४) | ४२,३५,६८६।४७ |

| सि.नं. | प्रतिवादीहरूको नाम | प्रतिवादीहरूले गरेको कसूर | प्रतिवादीहरू उपर माग गरिएको सजाय | प्रतिवादीहरूबाट असुल हुने बिगो |
|---|---|---|---|---|
| ८. | काजीबाबु थापा, तारा गुरुङ र युवराज सुनुवार | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) | १,०२,५१,९९५।९९ |
| ९. | बुद्धिबहादुर तामाङ, मेनुका खड्का र अस्मिन रोका | ऐ.ऐ | ऐ.ऐ | ८४,९१,६०८।५८ |
| १०. | प्रचण्ड सुनुवार, घन्टिका देवी सुनुवार र क्याल्बु तामाङ | ऐ.ऐ | ऐ.ऐ | ३२,२९,७३८।६१ |
| ११. | अशोककुमार सुनुवार, दिलमाया थापा र प्रकाश सुनुवार | ऐ.ऐ | ऐ.ऐ | ६६,७०,७०८।९६ |
| १२. | नोर्बु लामा | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ),(च) र (ज) र दफा ८ को उपदफा (३) | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) बमोजिम कैद र बिगो बमोजिम जरिबाना,<br>ऐ.ऐ को दफा ८ को उपदफा (१) बमोजिम बिगो असुल | २,९४,२५,२०२।६२ |
| १३. | टंकप्रसाद चौलागाई | ऐ.ऐ | ऐ.ऐ | ३,०८,१८,५२८।१५ |

६. *(नोटः प्रतिवादी क्याल्बु तामाङको मृत्यु भएकोले निजको हकमा जफत प्रयोजनको लागि प्रतिवादी कायम गरिएको भनी आरोपपत्रमा उल्लेख भएको)*

७. उपर्युक्त तथ्य एवम् आरोपदाबी रहेको प्रस्तुत मुद्दामा देहायका प्रश्न उपर न्याय निरुपण गर्न पर्ने देखिन आयोः

*क) खरिद प्रक्रिया निर्धारित कानूनी प्रक्रिया अबलम्बन गरी सम्पन्न भएको छ छैन ?*

*ख) खरिद कार्यमा प्रतिवादीहरूको कुनै बदनियत रहेको पाइन्छ पाइदैन ?*

*ग) प्रतिवादीहरूले आरोपदाबीबमोजिम कार्य गरी भ्रष्टाचारजन्य कसुर गरेको हुन् वा होइनन् ?*

*घ) यदि सो कसूर गरेको हो भने कसूरमा कुन कुन प्रतिवादीहरूको के कस्तो संलग्नता रहेको छ ?*

*ङ) कसुर ठहर भएमा को कसलाई के कस्तो सजाय हुनु पर्ने हो ?*

८. अब माथि उल्लिखित प्रश्नहरूको सन्दर्भमा निर्णयतर्फ विचार गर्दा, प्रस्तुत मुद्दा लिखु तामाकोशी गाउँपालिका, रामेछापका अध्यक्ष गोविन्दबहादुर खड्का समेतको मिलेमतोमा उक्त गाउँपालिका वडा नं. ४ विजुलिकोट, वडा नं. ५ नागदह र वडा नं. १ दुरागाउँ गरी तीनवटा वडामा विद्युतीकरण गर्न विद्युतीय सामानहरू खरिद गर्दा खरिद समिति नबनाई, टेन्डर तथा सूचना जारी नगरी आफू अनुकुलको उपभोक्ता समिति गठन गरी उक्त कार्यको अनुगमन र प्राविधिक नापजाँच समेत नगरी भुक्तानी दिई भ्रष्टाचार गरेको भन्ने उजुरीबाट अनुसन्धान तथा तहकिकात भएको देखिन्छ।

९. प्रस्तुत मुद्दामा माथि उल्लिखित प्रश्नहरूको निरुपण गर्नु पूर्व मुद्दाको मुख्य मुख्य तथ्यमा प्रकाश पार्न उपयुक्त देखिन्छ। जस अनुसार आ.व. ०७४/०७५ मा उज्यालो लिखु कार्यक्रम अन्तर्गत रु.३ करोड बजेट बिनियोजन भएको देखिन्छ। जसमा विद्युतीकरण शीर्षकमा नागदहको लागि रु.२,००,००,०००।-, बिजुलीकोटका लागि रु.७२,००,०००।- र वडा नं. ४ को वडा स्तरीय योजना अन्तर्गत पुर्वाधार विकास तर्फ विद्युतीकरण योगदान शीर्षकमा रु.२८,००,०००।- रकम विनियोजन गर्ने योजना रहेको पाइन्छ। गाउँपालिकाबाट आ.व. ०७४/०७५ मा सम्पन्न हुने योजना तथा कार्यक्रमहरू अनुगमन तथा मूल्याङ्कन गरी फरफारकका लागि सिफारिस गर्न एउटा समिति नै बनाएको पाइन्छ। जसमा **"गाउँपालिका अध्यक्षको संयोजकत्वमा गाउँपालिका उपाध्यक्ष, वडा अध्यक्षहरू, प्राविधिक शाखा प्रमुख तथा प्रतिनिधि र कार्यकारी अधिकृत समेत रहने गरी अनुगमन तथा मूल्याङ्कन समिति गठन गर्ने"** भनी मिति २०७४/०३/३० मा गाउँसभाबाट निर्णय भएको तथ्यमा विवाद रहेको देखिंदैन।

१०. **त्यस्तै,** गाउँसभाले विनियोजन गरेको वडा नं. ४ र ५ मा रु.३ करोडको विद्युतीकरण योजना कार्यान्वयन गर्न ३ वटा उपभोक्ता समितिहरू मार्फत प्रति समिति १ करोड बराबरको रकम बिनियोजन गरिएको पाइन्छ। उपभोक्ताहरूबाट पनि जम्मा रकमको १५% बराबरको श्रमदान गर्ने गरी निर्णय तथा सम्झौता भएको पाइन्छ। साथै, **"विद्युत प्राधिकरणको कार्यालय, मन्थलीको प्राविधिक समन्वयमा उक्त योजना सम्पन्न गर्ने गराउने र प्राविधिक प्रगति, आर्थिक प्रगति र विद्युत प्राधिकरणको प्राविधिक निरीक्षण तथा प्रतिवेदनको आधारमा रनिङ बिल भुक्तानी गर्दै जाने गरी भुक्तानी प्रक्रिया मिलाउने"** भनी गाउँ कार्यपालिकाको मिति २०७४/१०/०९ मा बसेको बैंठकको निर्णय भएको पाइन्छ।

११. सोही मिति २०७४/१०/०९ को गाउँकार्यपालिकाको निर्णयानुसार प्रति समिति एक करोड रकम छुट्याई वडा नं. ५ (साविक नागदह गा.वि.स. वडा नं. १ देखि ५, वडा नं. ६ देखि ९) र वडा नं. ४ (साविक बिजुलीकोट गा.वि.स.) को Erection of 11 KV & 400/230 Volt Line को लागि नेपाल विद्युत प्राधिकरण, रामेछाप वितरण केन्द्र, मन्थलीबाट क्रमशः रु.९९,९६,४४१।७०, रु.९९,९९,९६६।६६ र रु.९९,६८,४४६।९९ बराबरको लागत अनुमानहरू तयार गर्न लगाई गाउँपालिका अध्यक्ष गोविन्दबहादुर खड्काले टिप्पणी सदर गरेको देखिन्छ। सो टिप्पणी सदर गरेबाट उक्त लागत अनुमानहरू स्वीकृत हुने भई सोही आर्थिक वर्षको आषाढ मसान्तभित्र विद्युतीकरणको काम सम्पन्न गर्ने गरी तीनवटा उपभोक्ता समिति गरठन गरिएको रहेछ। जसमाः

(१) **वेतबहादुर पुँवारको अध्यक्षताको** विद्युतीकरण उपभोक्ता समिति (लिखु तामाकोशी, गा.पा.-५ साविक नागदह गा.वि.स. १-५),

(२) **सुनबहादुर तामाङको अध्यक्षताको** विद्युतीकरण उपभोक्ता समिति, (लिखु तामाकोशी, गा.पा.-५ साविक नागदह गा.वि.स. ६-९)

(३) **होमबहादुर महतको अध्यक्षताको** विद्युतीकरण उपभोक्ता समिति, (लिखु गा.पा.-४ साविक बिजुलीकोट) रहको पाइन्छ।

ती उपभोक्ता समिति र गाउँकार्यपालिकाको कार्यालय बिच सम्झौता भई कार्यादेश प्राप्त भए पश्चात विद्युतीकरण कार्य अगाडि बढाएको देखिन्छ।

१२. यसरी लिखु तामाकोशी गाउँपालिका वडा नं. ५.(साविक नागदह १-५, ६-९) र वडा नं. ४ (साविक बिजुलीकोट) को विद्युतीकरण योजनाहरूमा निम्नानुसारको कार्यको लागि उक्त गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय र उपभोक्ता समितिहरूको नाममा विभिन्न मितिमा दररेट पेसगर्ने र सप्लाई तथा पोल तार जडान लेवर कार्य गर्ने निम्नानुसारका फर्म रहेको देखिन्छ।

| सि.नं | विवरण | दररेट पेसगर्ने फर्म | सप्लाई/कार्य गर्ने फर्म | कै. |
|---|---|---|---|---|
| १ | ट्रान्सफर्मर | नेपाल इकरात इन्जिनियरिङ्ग क. प्रा.लि.<br>अमुषा प्रगती निर्माण सेवा<br>जि.एम.ट्रेड एण्ड सप्लायर्स | नेपाल इकरात इन्जिनियरिङ्ग क. प्रा.लि. | |
| २ | Full Galvanize Steel Tubular Pole (8 & 10 m) | जय माई इन्टरप्राईजेज प्रा.लि.<br>I.D. Construction<br>Renu Construction Company Pvt.Ltd. | जय माइ इन्टरप्राईजेज प्रा.लि. | |
| ३ | च्यानल | एम.एस.आई.टि. सप्लायर्स<br>ए.एन.के. सप्लायर्स एण्डट्रेडर्स<br>तेज टेक्निकल इन्टरईजेज | एम.एस.आई.टि. सप्लायर्स | |
| ४ | पोल तारजडान लेवर कार्य | पाईक कन्स्ट्रक्सन प्रा.लि.<br>ओम बालाजी मल्टीपर्पोज क.प्रा.लि.<br>डि. फोर एस. इन्भेष्टमेन्टकम्पनी प्रा.लि.<br>पल्लभी मल्टिपर्पोज कम्पनी प्रा.लि. | पाइक कन्स्ट्रक्सन प्रा. लि. | सम्झौता गरी सकेपछि दररेट पेसगरेको |
| ५ | ०.०३, ०.०५ ACSR तार, Disc Insulatior, Pin Insulatior, Cable Socket,Core Cable, Transformer Tower, लगायतका अन्य सबै विद्युतीय सामानहरू | डि.जे. सप्लायर्स, जे.बी. सप्लायर्स, पि.ए.एस. सप्लायर्स, पिण्डेश्वरी इन्टरप्राईजेज, के.बि. ट्रेड कन्सर्न, एन.एस. ट्रेड कन्सर्न, अलिजट्रेड लिंक, मञ्जुश्री स्टेसनरी एण्ड जनरल सप्लायर्स, बि.एस. इम्पेक्स, यदुवंशी ट्रेड कन्सर्न, अभिलेष सप्लायर्स प्रा.लि., मुकेश सप्लायर्स प्रा.लि. गौरी ट्रेड सर्भिस प्रा. लि., यस. ट्रेड लिंक, कुसाग्र इन्टरप्राईजेज, श्री मण्ठ बराह ट्रेड लिंक, युगतेश्वरी इन्टरनेसनल, सत्य साइबाबा इन्टरप्राइजेज, पाथिभरा सप्लायर्स, आनन्दीदेवी ट्रेड लिङ्क, निलमाधव सप्लायर्स, न्यु विनय इन्टरप्राइजेज, श्याम श्री इन्टरप्राइजेज, राधे ट्रेडर्स | उल्लिखित फर्महरू मध्ये कुनै एउटा फर्म | उल्लिखित सबै फर्महरूको नामबाट ३/३ वटाको दरले डि.जे. सप्लायर्सको प्रोप्राइटर दिपेन्द्र संग्रौलाले दररेट पेसगरेको। |

१३. लिखु तामाकोशी गाउँपालिकाले चालु आ.व.०७४/०७५ मा विद्युतीकरण तर्फ विनियोजन भई तय गरेको योजना कार्यान्वयन गर्दा लागत अनुमानबमोजिमको प्राविधिक कार्यहरू गर्न गराउन दुवै पक्ष मन्जुर भई सम्झौता गरी लियौं दियौं भन्ने बेहोराको विद्युतीकरण उपभोक्ता समितिहरू र पाईक कन्स्ट्रक्सन प्रा.लि. महाराजगञ्ज, काठमाडौं बिच उक्त गाउँपालिकाका लेखापालको रोहबरमा मिति २०७४/१२/१५ मा छुट्टा-छुट्टै सम्झौता भएको देखिन्छ।

१४. गाउँसभाले सो पालिकाका अध्यक्ष गोविन्द बहादुर खड्काको संयोजकत्वमा गठन गरेको योजना अनुगमन तथा मूल्याङ्कन समिति कार्य सम्पादनको दृष्टिकोणमा अत्यन्त जटिल महसुस गरिएकोले उक्त समिति पुनः गठन तथा विस्तार गर्ने भन्ने गाउँकार्यपालिकाको मिति २०७४/११/२३ मा निर्णय भएको देखियो। सो अनुसार साविकको पदाधिकारीहरू

हेरफेर गरी गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा सम्बन्धित वडाका वडाअध्यक्ष समेत रहेको समिति पुनः गठन गरी जिम्मेवारी दिने भन्ने उक्त गाउँ कार्यपालिकाको मिति २०७५/०१/२५ मा निर्णय भएको देखियो।

१५. विद्युतीकरण गर्न २ लाइन तार इष्टिमेट गरेकोमा ३ लाइनको प्रयोग भएको देखिन्छ। जनताको मागअनुसार क्षेत्र विस्तार भई थप तार, पोल र विद्युतीकरण विस्तारमा आवश्यक पर्ने थप सामानहरू खरिद भएको हुँदा थप इस्टमेट तयार गरी पठाई सहयोग गरी दिन हुन भन्ने बेहोराको पत्र विद्युत वितरण केन्द्र, मन्थली रामेछापलाई **गाउँ कार्यपालिकाको कार्यालयबाट लेखिएको पाइन्छ।** यसरी शुरू लागत अनुमानमा २ लाईन तार भएको ठाउँमा ३ लाइन तार जडान गर्नको लागि पत्राचार भएको र मिति २०७४/०३/३० को गाउँसभाले विनियोजन गरेको पुँजीगत तर्फको बजेट तथा कार्यक्रम संशोधन गरी जगेडा तर्फको बाँकी र कन्टिन्जेन्सीको रकमबाट वडा नं. ७ मा स्टमेट अनुसार विद्युतीकरण गर्न अधिकतम १५ लाखसम्म दिई सम्पन्न गर्ने भनी मिति २०७५/२/२४ मा गाउँ कार्यपालिकाको निर्णय भएको पाइन्छ।

१६. ट्रान्सफर्मर जडानको क्रममा लिखु तामाकोशी गा.पा. वडा नं. ५ घ्याङडाँडा भन्ने ठाउँमा दुर्घटनाबस १०० KVA 11/0.4kv 3PH (LL) T/R को ट्रान्सफर्मर क्षति भई काम नलाग्ने भएको हुँदा चालु तर्फको सार्वजनिक निर्माण शीर्षकमा ख.शि.नं. २९६११ बाट खर्च व्यहोर्ने गरी साविक कै लागत अनुमान अनुसार र क्षमताको ट्रान्सफर्मर खरिद भएको देखिन्छ। उक्त कार्य सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १ को खण्ड (क) को (३क) बमोजिम उक्त सामानको अन्य उपयुक्त वैकल्पिक उत्पादक तथा आपूर्तिकर्ता भएको नपाइएको र नेपाल इकरात इन्जिनियरिङ्ग प्रा.लि.ले मात्र आपूर्ति गर्न सक्ने देखिएकोले सोही प्रा.लि.सँग सोझै खरिद गर्न पत्राचार गरी खरिद प्रक्रिया अगाडि बढाउने भनी गाउँपालिका अध्यक्षबाट टिप्पणी सदर भएको देखिन्छ।

१७. कार्यान्वयन भई रहेका विद्युतीकरण योजना मार्फत मुख्य-मुख्य वस्तीहरूसम्म केन्द्रीय प्रसारण लाइन विस्तार भई सकेकोमा विवाद छैन। प्रमुख लाईन वरपरको साना गाउँ वस्तीहरूमा पनि लाइन विस्तार गर्न आमनागरिकको माग भई आएबमोजिम शाखा लाइनहरूको लागि आवश्यक पर्ने सामानहरू गाउँपालिका कार्यालयबाट नै व्यवस्थापन गर्ने गाउँपालिका अध्यक्षको आदेश भएको पाइन्छ। सो आदेश अनुसार गाउँपालिकालाई प्राप्त अख्तियारी भित्रको वित्तीय समानिकरण तर्फको संचालन तर्फ विन्यास भएको शीर्षक नं.२९६२१ पुंजीगत सुधार खर्च सार्वजनिक निर्माण ख. शि.नं.बाट खर्च लेख्ने गरी टिप्पणी सदर भएको देखिन्छ। सो टिप्पणी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (१) को खण्ड (क) बमोजिमको रु.५ लाख सम्मको सोझै खरिद गर्न सकिने प्रावधान अनुसार सदर भएको पाइन्छ। त्यसका लागि यस कार्यालयमा सूचीकृत रहेको विभिन्न मर्मत तथा आपूर्ति सम्बन्धी कार्य गर्ने फर्महरूलाई पत्राचार गरी विस्तृत दररेट सहितको विवरण माग गरी खरिद कार्य अगाडि बढाउने भन्ने बेहोराका गाउँपालिका अध्यक्षबाट बेहोरा जनाई सदर भएका छुट्टा-छुट्टै थान-५ को टिप्पणी आदेश भएको देखिन्छ।

१८. तीन लाइन तार खरिदका लागि कार्यालयमा सुचिकृत रहेको विभिन्न आपूर्ति गर्ने तथा सप्लायर्स सम्बन्धी कार्य गर्ने फर्महरूलाई पत्राचार गरी विस्तृत दररेट सहितको विवरण माग गरी खरिद कार्य अगाडि बढाउने भन्ने एकै बेहोराका गाउँपालिका अध्यक्षबाट सदर भएका मिति २०७५/०३/१७ र मिति उल्लेख नभएका अन्य ४ थान टिप्पणी आदेश भएको पाइन्छ। सोही अनुसार खरिद तथा मर्मत कार्यको प्रक्रिया अगाडि बढाउने योजना भएकोले सो सिमाभित्र रही कार्य गर्न विस्तृत विवरण सहितको कोटेसन पेसगर्न डि.जे. सप्लायर्स, जे.बी. सप्लायर्स, पि.ए.एस. सप्लायर्स, यदुवंशी ट्रेड कन्सर्न, अभिलेष सप्लायर्स प्रा.लि., मुकेश सप्लायर्स प्रा.लि. गौरी ट्रेड सर्भिस प्रा.लि., सत्य साइबाबा इन्टरप्राइजेज, आनन्दी देवी ट्रेड लिङ्क, निलमाधव सप्लायर्स, न्यु विनय इन्टरप्राइजेज, श्याम श्री इन्टरप्राइजेज,राधे ट्रेडर्ससँग विभिन्न मितिमा माग गरेका छुट्टा-छुट्टै कोटेसन मिसिल सामेल रहेको देखिन्छ।

१९. यसरी आ.व. ०७४/०७५ मा विनियोजित भएको चालु तर्फको सार्वजनिक निर्माण शीर्षकमा ख.शि.नं. २९६११,

पुँजीगत तर्फको कन्टिन्जेन्सी, खर्च नभएको र फ्रिज गर्न नपर्ने (वित्तीय समानिकरण तर्फको) विभिन्न कार्यक्रममा बाँकी रहेको रकमबाट खर्च लेखी विभिन्न फर्म तथा कम्पनीहरूको नामबाट दररेट पेस भएको देखाई डि.जे. सप्लायर्सको प्रोप्राइटर दिपेन्द्र संग्रौला मार्फत विभिन्न विद्युतीय सामाग्रीहरू खरिद ढुवानी गराई केन्द्रीय प्रसारण लाइन वरपरका गाउँ बस्तीहरूको विद्युतीकरणको लागि रु.२५,२८,४३९।- र साविक वडा नं. ६-९ को विद्युतीकरणको लागि रु.२२,८३,७९८।- बराबरका ०.०३ कन्डक्टर तार लगायतका विद्युतीय सामानहरू गाउँकार्यपालिकाको कार्यालयबाट केही दिनको फरक देखाई खरिद गरी भुक्तानी भएको देखिन्छ।

२०. आ.व. ०७५/०७६ मा विद्युतीकरण शीर्षकमा नागदहको लागि रु.२५,००,०००।-(पच्चीस लाख), सैपुको लागि रु.१,७५,००,०००।-(एक करोड पछहत्तर लाख), दुरागाउँको लागि रु.२,५०,००,०००।-(दुई करोड पचास लाख) र बिजुलीकोटका लागि रु.४०,००,०००।-(चालिस लाख) गरी जम्मा रु.४,९०,००,०००।- (चार करोड नब्बे लाख) गाउँसभाबाट बजेट स्विकृत भएको पाइन्छ। त्यस्तै लिखु गा.पा.-०७, तिलपुङ, रामेछापको Erection of ४००/२३० Volt Line& Transformer Installation को MaterialsCost तर्फ रु.१२,०२,३७६।५० र Labor Charge तर्फ रु.२,९७,५५६।८० गरी जम्मा रु.१४,९९,९३३।३० बराबरको लिखु गा.पा. ०७, तिलपुङ, रामेछापको विद्युतीकरण योजनाको लागत अनुमान पेस भएको देखिन्छ।

२१. गाउँपालिका अध्यक्षबाट सदर भएका टिप्पणी आदेशहरू र अन्य विभिन्न शीर्षकको रकमबाट लागत अनुमान तयार नगरी थप तार लगायतका अन्य विद्युतीय सामाग्रीहरू र पोल तार जडानको कार्य गरी गाउँ कार्यपालिकाको कार्यालयबाट विद्युतीकरण उपभोक्ता समितिहरूलाई रकम उपलब्ध गराइएको पाइन्छ। सो अनुसार लिखु तामाकोशी, गा.पा.-५ साविक (नागदह गा.वि.स. १-५) को बैंक खातामा रु.५०,३४,९३८।-, विद्युतीकरण उपभोक्ता समिति, लिखु तामाकोशी, गा.पा.-५ (साविक नागदह गा.वि.स. ६-९) को बैंक खातामा रु.६२,४१,२३०।-र विद्युतीकरण उपभोक्ता समिति, लिखु गा.पा.-४ (साविक बिजुलीकोट) को बैंक खातामा रु.८२,४४,६३५।-रकम थप भुक्तानी भई उपभोक्ता समितिहरूको बैंक चेकमार्फत सम्बन्धित फर्म तथा कम्पनीहरूलाई भुक्तानी भएको देखिन्छ।

२२. यसरी आ.व. ०७४/०७५ र ०७५/०७६ मा लिखु तामाकोशी गाउँपालिका वडा नं. ५ (साविक नागदह वडा नं.१-५) को विद्युतीकरणको लागि रु.१,४८,८२,२३८।-, वडा नं. ६-९ को लागि रु.१,८३,७४,०२१।- वडा नं. ४ (साविक बिजुलीकोट) को लागि रु.१,८०,७२,१६९।- र केन्द्रीय प्रसारण लाइनको वरपरका गाउँबस्तीहरूमा विद्युतीकरण गर्न रु.२५,२८,४३९।-गरी गाउँकार्यपालिकाको कार्यालयबाट जम्मा रु.५,३८,५६,८६७।- खर्च भुक्तानी भएको पाइन्छ।

२३. उक्त मध्ये विद्युतीकरण सामाग्री खरिद तर्फ रु.३,८२,२५,६४१।- ढुवानीतर्फ रु.१८,५५,३५१।- र पोल तार जडान समेतको श्रमिक कार्य तर्फ रु.१,३७,७५,८४५।- खर्च भएको देखिन्छ। यसप्रकार माथिका विभिन्न प्रकारका वर्गित योजना सम्बन्धी कामको लागि गा.पा. अध्यक्ष प्रतिवादी गोविन्द बहादुर खड्का आफैले एकल निर्णय गरी सार्वजनिक खरिद ऐन र नियमको प्रावधान विपरीत खर्च गर्ने र भुक्तानी गर्ने गरेको कार्यबाट सरकारी रकम दुरुपयोग भई नेपाल सरकारलाई हानिनोक्सानी हुन पुगेको देखिन्छ।

२४. **लिखु तामाकोशी गाउँ कार्यपालिकाको कार्यालयको मिति २०७५/६/१५को निम्न बेहोराको टिप्पणी आदेश पनि महत्वपूर्ण रहेको छः**

*वडा नं ५ (साविक नागदह १-५ र ६-९) र साविक बिजुलीकोट हाल वडा नं. ४ को उपभोक्ता समिति मार्फत विद्युतीकरण कार्य सुरु लागत अनुमानबमोजिम २ लाईन तार भएको ठाउँमा आम नागरिकहरूबाट ३/४ लाईन तारको माग भएबमोजिम ३/४ लाईन तार जडान गर्न आवश्यक तार, पोल तथा अन्य मालसामानहरू खरिद गर्नु परेकोले चालु आ.व. ०७५/०७६ मा गत आ.व. को वित्तीय समानिकरण तर्फको प्राप्त बजेट मध्ये खर्च हुन बाँकी रहेको*

*रकमलाई संचित कोषमा आम्दानी बाँधी आन्तरिक आय सो सरह आम्दानी कायम गरिएको उक्त रकम मध्येबाट रु.२१,१७,६२०।-खर्च व्यहोर्ने गरी र कार्यपालिका बैठकसमेतले उक्त विद्युतीकरण योजनालाई क्रमागत योजनाको मान्यता दिई चालु आ.व.मा सम्पन्न गर्ने निर्णय भएको तर स्रोत सुनिश्चित भई नसकेको अवस्थामा गा.पा. अध्यक्ष गोविन्द बहादुर खड्काको आदेशानुसार माथि उल्लिखित आन्तरिक आयको खर्च स्वयम् अध्यक्षज्युबाट नै कार्यपालिका बैठकमा पेसगरी आगामी गाउँ सभामा समेत अनुमोदन गर्ने गराउने प्रत्याभुत भएको हुँदा हाललाई उक्त रकमबाट उपभोक्ता समितिलाई थप बजेट विनियोजन गर्न भएको निर्देशन अनुसार उक्त रकम पुँजीगत खर्च खातामा ट्रान्सफर गरी उपभोक्ता समितिहरूलाई थप बजेट उपलब्ध गराई खर्च हुदै जाने क्रममा प्राप्त रनिङ बिलको भुक्तानी गर्दै जाने प्रक्रिया अपनाउने गरी विद्युतीकरण योजना कार्यान्वियन गर्ने गराउने भन्ने बेहोराको गाउँपालिका अध्यक्षबाट सदर भएको टिप्पणी आदेश।*

२५. **४ नं. वडा कार्यालय, बिजुलीकोटको मिति २०७५/०७/१२ को पत्रमा** यस वडाको साविक बिजुलीकोट गा.वि.स. वडा नं. ६-९ मा केन्द्रीय प्रशारण लाइनको थप विद्युतीकरण गर्न पाइक कन्स्ट्रक्सन प्रा.लि.लाई जिम्मा दिएकोमा जिम्मेवारी अनुसार नै उक्त कम्पनीबाट लागत स्टमेट अनुसार कार्य सम्पन्न भई सम्पूर्ण वडाहरूमा विद्युतीकरण समेत भई सकेकोले उपभोक्ता समिति मार्फत उक्त कम्पनीलाई भुक्तानी व्यवस्था मिलाई दिन हुन निर्णय प्रतिलिपि सहित सिफारिस गरिन्छ भन्ने बेहोरा रहेको देखिन्छ।

२६. **मिति २०७५/७/१६ को टिप्पणी अनुसार** गाउँसभाले वडा नं. ४ को लागि विनियोजन गरेको वजेटको सिमा भित्र रही वडा समितिबाट तर्जुमा भएको योजनाहरू मध्ये भैपरी आउने योजना तथा कार्यक्रमअन्तर्गत वडा समितिले विद्युतीकरण योजनामा खर्च गर्ने निर्णय गरेको हुँदा साविककै उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्ने तथा उक्त कार्य पाइक कन्स्ट्रक्सन प्रा.लि. मार्फत गर्ने गराउने निर्णयअनुसार भुक्तानीको विल पेसहुँदा आवश्यक कागजात केही पनि नभएको र अति आवश्यक कागजातहरू जस्तै लागत अनुमान, कार्य सम्पन्न प्रतिवेदन लगायतको कागजात प्राप्त नभएको तर तत्काल भुक्तानी गर्नुपर्ने भएकोले उक्त कागजहरू उपलब्ध गराउने जिम्मेवारी गा.पा. अध्यक्ष गोविन्द बहादुर खड्का, वडा नं. ४ को वडा अध्यक्ष लिला बहादुर बस्नेत र सोही वडाको वडा सदस्य मोहन क्यापछाकी मगरले उपलब्ध गराई सम्भावित वेरुजु न्युनीकरण गर्ने प्रतिवद्धता भएको हुँदा हाललाई भुक्तानी गर्ने भन्ने गाउँपलिका अध्यक्षबाट सदर टिप्पणी आदेशमा उल्लेख छ।

२७. यसप्रकार प्रस्तुत मुद्दामा माथि उल्लिखित तथ्यहरूको अध्ययनबाट रामेछाप जिल्लाको लिखु तामाकोशी गाउँपालिकामा विद्युतीकरण परियोजनामा भएको अनियमितताको विषय जोडिएको पाइन्छ। गाउँपालिकाले **"उज्यालो लिखु"** कार्यक्रम अन्तर्गत ३ करोड रुपैयाँ विनियोजन गरेको देखिन्छ। यो रकम तीनवटा उपभोक्ता समितिमार्फत खर्च गर्ने निर्णय भएको पाइन्छ। विद्युतीकरणका लागि वडा नम्बर ४ र ५ मा नेपाल विद्युत प्राधिकरण, रामेछाप वितरण केन्द्रबाट लागत अनुमान तयार पारिएको पाइन्छ। गाउँपालिका अध्यक्षले उक्त लागत अनुमान स्वीकृत गरेपछि तीनवटा उपभोक्ता समितिसँग सम्झौता गरी काम अघि बढाइएको देखिन्छ।

२८. **अनुसन्धान अधिकृतबाट सङ्कलित यस मुद्दामा निम्न कागजातहरू प्रमाणको रूपमा प्रयोग भएका छन्। यिनै कागज प्रमाणको विश्लेषण गरी निर्णय निष्कर्षमा पुग्नु पर्ने देखिन्छ।**

क) उजुरीहरू,

ख) गाउँसभा र गाउँकार्यपालिकाका निर्णयहरू,

ग) टिप्पणी आदेशहरू,

घ) विद्युतीकरणको लागत अनुमान,

ङ) योजना सम्झौताहरू,

च)  उपभोक्ता समितिका निर्णय र भुक्तानी निवेदनहरू,

छ)  विभिन्न फर्म र कम्पनीका दररेट, बिल र भौचरहरू,

ज)  प्राविधिक जाँच प्रतिवेदन,

झ)  नेपाल विद्युत प्राधिकरणको मूल्याङ्कन प्रतिवेदन,

ञ)  बैंक स्टेटमेन्टहरू,

ट)  सम्बन्धित पदाधिकारी र व्यक्तिहरूको बयान र

ठ)  विभिन्न साक्षीहरूको बकपत्र।

२९. **अनियमितताको आरोपः** प्रतिवादीहरू उपर माथि उल्लिखित यी कागजात र बयानहरूका आधारमा, विद्युतीकरण परियोजनामा अनियमितता भएको आरोपपत्र दायर भएको छ। विशेष गरी लागत अनुमान, सम्झौता, खरिद प्रक्रिया र भुक्तानी प्रक्रियामा प्रश्नहरू उठाइएको छ। यस मुद्दामा गाउँपालिकाका अध्यक्ष, वडा अध्यक्षहरू, उपभोक्ता समितिका पदाधिकारीहरू, गाउँपालिकाका कर्मचारीहरू, नेपाल विद्युत प्राधिकरणका कर्मचारीहरू र विभिन्न फर्म तथा कम्पनीका सञ्चालकहरूको संलग्नता देखिएको भनी प्रतिवादीहरू उपर अभियोजनपक्षले आरोपदाबी लिएको देखिन्छ। प्रस्तुत प्रमाण र तथ्यहरूले मुद्दाको आरोप पुष्टि गर्न थप आधार प्रदान गर्नेछ भन्ने वादी पक्षको अपेक्षा रहेको देखिन्छ। यसमा संलग्न व्यक्तिहरूलाई कानूनबमोजिम कारबाहीको माग गरिएको देखिन्छ।

३०. **अब के कस्ता प्रक्रियागत त्रुटि हुन गएको छ**? भन्ने तर्फ हेर्दा, विद्युतीकरण कार्यका लागि आवश्यक विद्युतीय सामग्री खरिद गर्दा गाउँ कार्यपालिकाको कार्यालय र उपभोक्ता समितिहरूले विधिवत रुपमा कोटेशन (दरभाउ) मागेको देखिंदैन। तर, विभिन्न फर्म तथा कम्पनीहरूको नामबाट उपभोक्ता समिति र गाउँ कार्यपालिकाको कार्यालयको नाममा दररेट पेस भएको देखिन्छ जुन निम्न बमोजिम छः

क)  नेपाल इकरात इन्जिनियरिङ क. प्रा.लि. बाट ट्रान्सफर्मर,

ख)  जय माई इन्टरप्राइजेज प्रा.लि.बाट फुल ग्याल्भेनाइज्ड स्टिल ट्युबुलर पोल (८ र १० मिटर),

ग)  एम.एस.आई.टी. सप्लायर्समार्फत विभिन्न च्यानलहरू र

घ)  डी.जे. सप्लायर्सका प्रोप्राइटर दिपेन्द्र संग्रौलामार्फत विभिन्न फर्म तथा कम्पनीहरूको नामबाट ०.०३ र ०.०५ कन्डक्टर तार, डिस्क इन्सुलेटर, पिन इन्सुलेटर, केबल सकेट, कोर केबल, ट्रान्सफर्मर टावर, नटबोल्ट, स्टे सेट लगायतका सम्पूर्ण विद्युतीय सामग्रीहरू खरिद तथा ढुवानी गरिएको देखिन्छ।

ङ)  उपभोक्ता समिति मार्फत गरिएको भनिएको काममा पोल तथा तार जडानको श्रमिक कार्य उपभोक्ता समितिहरू र पाइक कन्स्ट्रक्सन प्रा.लि. बिच सम्झौता भई सम्पन्न भएको देखिन्छ।

३१. खरिद गरिएका विद्युतीय सामग्रीहरूका कतिपय बिलहरू उपभोक्ता समितिको नाममा र कतिपय बिलहरू गाउँ कार्यपालिकाको कार्यालयको नाममा जारी भएको देखिन्छ। उपभोक्ता समिति गठन गरी सोही समिति मार्फत नै काम गर्नु गराउनु पर्नेमा दोहोरो अनिश्चित मापदण्ड अपनाइएको देखिन्छ। यसरी केही सामग्री खरिद, ढुवानी र पोल तथा तार जडान कार्य गरेको भनी जारी भएका बिलहरू संलग्न राखी उपभोक्ता समितिहरूले विभिन्न मितिमा भुक्तानीका लागि गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन पेस गरेको पाइन्छ भने केहीमा सोझै गाउँ कार्यपालिकामा। ती निवेदनहरूमा गाउँपालिका अध्यक्षले भुक्तानी प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतको नाममा तोक आदेश गरेको देखिन्छ।

३२. अध्यक्षबाट तोक लगाएपछि गाउँ कार्यपालिकाको कार्यालयबाट विभिन्न मिति र नम्बरका गोश्वारा भौचर मार्फत विद्युतीकरण उपभोक्ता समिति, लिखु तामाकोशी, गा.पा.-५ (साविक नागदह गा.वि.स. १-५) को नाममा जम्मा रु.९८,४७,२६०/- विद्युतीकरण उपभोक्ता समिति, लिखु तामाकोशी, गा.पा.-५ (साविक नागदह गा.वि.स. ६-९) को नाममा रु.९८,४८,९९३/- र विद्युतीकरण उपभोक्ता समिति, लिखु गा.पा.-४ (साविक बिजुलीकोट) को नाममा

रु.९८,२७,५३४/- भुक्तानी भएको देखिन्छ। यी भुक्तानीहरू उपभोक्ता समितिका बैंक चेक मार्फत सम्बन्धित फर्म तथा कम्पनीहरूलाई गरिएको पाइन्छ। पोल ढुवानीको रकम भने गाउँ कार्यपालिकाको कार्यालयबाट भर्पाई गरी बुझाइएको देखिएकोले उक्त रकम पनि माथि उल्लिखित रकममा नै समावेश भएको देखिन्छ।

३३. उक्त विद्युतीकरण कार्य उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्ने निर्णय भएको देखिन्छ। तर ३ लाइन तार जडान गर्न आवश्यक पर्ने सामानहरू गाउँ कार्यपालिकाको निर्णय बिना नै खरिद गरिएको देखिन्छ। गाउँपालिका अध्यक्षको आदेश र उनले सदर गरेका टिप्पणीहरूको आधारमा सूचीकृत रहेका फर्महरूबाट दररेट माग गरी आ.व. २०७४/०७५ मा विनियोजित चालुतर्फको सार्वजनिक निर्माण शीर्षकमा रहेको रकमबाट सोझै खरिद खर्च लेखिएको देखिन्छ।

३४. यसरी, पुँजीगततर्फको कन्टिन्जेन्सी खर्च नभएको र फ्रिज गर्न नपर्ने (वित्तीय समानीकरणतर्फको) विभिन्न कार्यक्रममा बाँकी रहेको रकमबाट खर्च लेखी विभिन्न फर्म तथा कम्पनीहरूको नामबाट दररेट पेस भएको देखाइएको रहेछ। **डी.जे. सप्लायर्सका प्रोप्राइटर दिपेन्द्र संग्रौला** मार्फत विभिन्न विद्युतीय सामग्रीहरू खरिद गरी ढुवानी गराई केन्द्रीय प्रसारण लाइन वरपरका गाउँबस्तीको विद्युतीकरणका लागि रु.२५,२८,४३९। र साविक वडा नं. ६-९ को विद्युतीकरणका लागि रु.२२,८३,७९८। बराबरका ०.०३ कन्डक्टर तार लगायतका विद्युतीय सामानहरू गाउँ कार्यपालिकाको कार्यालयबाट केही दिनको फरकमा खरिद गरी भुक्तानी भएको देखिन्छ।

३५. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (१) को (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक-पटक गरी ५ लाखको सीमाभन्दा बढी रकमको एउटै व्यक्ति, फर्म वा कम्पनीबाट सोझै खरिद गर्न नसकिने उल्लेख भएको छ। तर, यहाँ गाउँ कार्यपालिकाको कार्यालयबाट भएको उल्लिखित खरिद कार्य उक्त कानूनी प्रावधान विपरीत भएको देखिन्छ।

३६. यसरी उक्त विद्युतीकरणका लागि क्रमशः २५ लाख र ४० लाख रुपैयाँ विनियोजन गरेकोमा केही ठाउँमा विद्युतीकरण कार्य सम्पन्न नभएकोले नागदह र बिजुलीकोटमा संचालित विद्युतीकरण योजनाहरूलाई क्रमागत योजनाको रूपमा निरन्तरता दिने निर्णय २०७५/०५/०२ मा गाउँकार्यपालिकाले गरेको देखिन्छ। सुरुको लागत अनुमानअनुसार २ लाइन तार भएको ठाउँमा ३/४ लाइन तार जडान गर्न विनियोजित रु.२५ लाखमध्ये रु.१८,४९,९४१। साविक वडा नं. ६-९ को उपभोक्ता समितिलाई र रु.६,५०,०५९। साविक १-५ को उपभोक्ता समितिलाई बाँडफाँड गरी खर्च गर्ने भनी निर्णय भएको पाइन्छ।

३७. यसरी स्रोत सुनिश्चित नभइसकेको अवस्थामा गाउँपालिका अध्यक्षको आदेशानुसार नपुग रकम **आइतबारे थान व्यवस्थापन** शीर्षकमा विनियोजन गरिएको २५ लाख रुपैयाँमध्ये रु.१४,७२,०२३। दिने र **विविध कोषहरू स्थापना** शीर्षकमा विनियोजन गरिएको २४ लाख रुपैयाँमध्ये रु.१२,०१,३३६। वडा नं. ४ साविक बिजुलीकोट गा.वि.स.को उपभोक्ता समितिलाई दिई विद्युतीकरण कार्य सम्पन्न गर्ने निर्णय भएको पाइन्छ। सोही आ.व. को वित्तीय समानीकरणतर्फको प्राप्त बजेटमध्ये खर्च हुन बाँकी रहेको रकमलाई सञ्चित कोषमा आम्दानी बाँधी आन्तरिक आय सरह कायम गरिएको रकममध्येबाट रु.२१,१७,६२०। खर्च व्यहोर्ने र वडा नं. ४ को लागि विनियोजित बजेटको सीमाभित्र रही वडा समितिबाट तर्जुमा भएको योजनामध्ये भैपरी आउने योजना तथा कार्यक्रम अन्तर्गत वडा समितिले विद्युतीकरण योजनामा खर्च गर्ने निर्णय भएको देखिन्छ।

३८. गाउँपालिका अध्यक्षबाट सदर भएका टिप्पणी आदेशहरू र अन्य विभिन्न शीर्षकको रकमबाट लागत अनुमान नै तयार नगरी थप तार लगायतका अन्य विद्युतीय सामग्रीहरू र पोल तार जडानको कार्य गरी गाउँ कार्यपालिकाको कार्यालयबाट विद्युतीकरण उपभोक्ता समिति, लिखु तामाकोशी, गा.पा.-५ साविक (नागदह गा.वि.स. १-५) को बैंक खातामा रु.५०,३४,९३८।, विद्युतीकरण उपभोक्ता समिति, लिखु तामाकोशी, गा.पा.-५ (साविक नागदह गा.वि.स. ६-९) को बैंक खातामा रु.६२,४१,२३०। र विद्युतीकरण उपभोक्ता समिति, लिखु गा.पा.-४ (साविक बिजुलीकोट)

को बैंक खातामा रु.८२,४४,६३५। रकम थप भुक्तानी भएको देखिन आउँछ। यी भुक्तानीहरू उपभोक्ता समितिका बैंक चेकमार्फत सम्बन्धित फर्म तथा कम्पनीहरूलाई गरिएको पाइन्छ।

३९. यसरी, आ.व. २०७४/०७५ र २०७५/०७६ मा जम्मा रु.५,३८,५६,८६७/- खर्च देखाई रकम भुक्तानी भएको देखिन्छ। यसमध्ये विद्युतीकरण सामग्री खरिदतर्फ रु.३,८२,२५,६४१/-, ढुवानीतर्फ रु.१८,५५,३५१/- र पोल तार जडानसमेतको श्रमिक कार्यतर्फ रु.१,३७,७५,८४५/- खर्च भएको देखिन्छ। राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको बैंक स्टेटमेन्टबाट गाउँ कार्यपालिकाको कार्यालयले उक्त उपभोक्ता समितिहरूलाई भुक्तानी गरेको कुल रकम र गाउँ कार्यपालिका आफैले भुक्तानी गरेको रकमसमेत जोड्दा हुने हिसाब उल्लिखित भुक्तानी खर्चसँग मिल्न आउँछ।

४०. उल्लिखित विद्युतीकरण कार्य गर्न लिखु तामाकोशी गाउँकार्यपालिकाको कार्यालयको च.नं. २४२ मिति २०७४/१०/११ मा **गाउँपालिका अध्यक्ष गोविन्दबहादुर खड्काले** हस्ताक्षर गरी सामानहरू उपलब्ध गराइदिन र उक्त सामानहरूको भुक्तानी प्राप्त बिल भरपाईको आधारमा कार्यालयबाट हुने भनी जे.बी. सप्लायर्स, डी.जे. सप्लायर्स र पी.ए.एस. सप्लायर्सलाई लेखेको पत्रबाट उपभोक्ता समितिहरू मार्फत गर्ने भनिएको नागदह र बिजुलीकोटको विद्युतीकरण कार्यमा गाउँ कार्यपालिकाको कार्यालयबाट नै दररेट मागिएको देखिन्छ।

४१. यसरी उपभोक्ता समितिको कार्यक्षेत्र भित्र पर्ने दररेट निर्धारण कार्य समेत गाउँ कार्यपालिका अन्तर्गत ल्याई केही दररेट मात्र उपभोक्ता समितिको नाममा खरिद गरी बाकी रहेको जति गाउँ कार्यपालिकाले नै खरिद गरेको र त्यसमा अध्यए यी प्रतिवादी गोविन्द बहादुर खड्काले आदेश दिने गरेको देखिंदा निजको सो आदेश खरिद प्रक्रिया मिचेर बदनियतपूर्वक आदेश गरी कार्यान्वयन गर्दै आएको पाइन्छ। निज अध्यक्षले नै केही दररेट गाउँपालिकाको नाममा र केही दररेटहरू उपभोक्ता समितिहरूको नाममा पेस गर्न लगाई विद्युतीकरण सामग्रीहरू खरिद गरेको पाइयो।

४२. यसैगरी, उपभोक्ता समितिहरूका अध्यक्षहरूको दस्तखत र उपभोक्ता समितिको छापसमेत नभएका भुक्तानीसम्बन्धी कतिपय निवेदनहरूमा गाउँपालिका अध्यक्षबाट तोक आदेश भएको र ग्राहकको नाम उल्लेख नभएका बिलहरूमा समेत भुक्तानी भएको देखिन्छ। यस्तो विद्युतीकरण गर्न विनियोजित बजेटभन्दा बाहेक जनताबाट माग भएको देखाई प्राविधिक लागत अनुमान बिना २ लाइनको ठाउँमा ३/४ लाइन प्रयोग गर्न र सुरु लागत अनुमान तयार भएको स्थानभन्दा बाहेकको स्थानमा पनि विद्युतीकरण गर्न गा.पा.अध्यक्षले आदेश दिएको पाइन्छ। लगत स्टमेटमा नपरेका कामहरू अघि सार्नु पनि बदनियतको सङ्केत हो।

४३. यसरी कानून विपरीत गाउँ कार्यपालिका र गाउँसभाको निर्णय बिना गाउँपालिका अध्यक्षबाट सदर भएका टिप्पणी आदेशबमोजिम अन्य विभिन्न शीर्षकहरूबाट खर्च लेख्न लगाइएको देखिन्छ। उक्त रकम पछि अनुमोदन गराउने र भुक्तानीको लागि तत्काल पेस नभएका तर आवश्यक लागत अनुमान, कार्य सम्पन्न प्रतिवेदन लगायतका कागजातहरू उपलब्ध गराउने जिम्मेवारीसमेत गाउँपालिका अध्यक्ष आफैंले लिई सोही बेहोराका टिप्पणी आदेशसमेत आफैंले सदर गरी तत्कालीन समयमा भुक्तानी गराएको देखियो। प्रचलित कानूनी प्रक्रिया र उक्त प्रणालिका मान्यताहरू मिचेर काम गर्ने कार्यको वैधानिकतामा अभियोजकले प्रश्न उठाउनु स्वाभाविक नै हुन्छ। यही विद्यमान कानूनको परिचालन गर्दै नगरी गा.पा. अध्यक्षले जथाभावी निर्णय गर्दै खर्च गर्ने र भुक्तानी लेख्ने कार्यले भ्रष्टाचारलाई नै प्रोत्साहन गर्दछ।

४४. यसै गरी विभिन्न शीर्षकबाट भएका खर्च विवरण हेर्दा, रकमान्तर गरिएको रकममध्ये पुंजीगततर्फको जगेडा रकम शीर्षकबाट रु.१५ लाख, आईतबारे थान व्यवस्थापन शीर्षकबाट रु.२५ लाख, समपुरक कोषबाट रु.३५ लाख र विभिन्न कोषहरू स्थापना शीर्षकबाट रु.१२ लाख रकम मिति २०७५/०८/०४ को गाउँकार्यपालिकाबाट अनुमोदन गराएको देखियो। मिति २०७४/०४/०१ देखि २०७५/०२/१३ सम्म गाउँ कार्यपालिकाबाट गरेको बजेट खर्च मिति २०७५/०२/१४ को गाउँसभाबाट अनुमोदन भएको देखिए तापनि सो बाहेकका रकमान्तर गरिएका विभिन्न शीर्षकका रकमहरू अनुमोदन भएको देखिँदैन। यसरी कुनै रकम गाउँसभाबाट अनुमोदन गराउने र कुनै अनुमोदन नगराउने

कार्यबाट पनि उक्त खर्च बेथिति तरिकाले मनोगत रुपमा खर्च गरेको प्रष्ट हुन्छ।

४५. उल्लिखित खर्च गर्ने सीमारेखा पनि कानूनले तोकिदिएको अवस्था छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ को उपदफा (७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने र दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधीनमा रही कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ। यसरी, उल्लिखित कानूनी व्यवस्था विपरीत गाउँपालिका अध्यक्षले गाउँ कार्यपालिका र गाउँसभालाई भएको अधिकारसमेत आफैंले प्रयोग गरी अन्य विभिन्न शीर्षकको रकम खर्च गर्न लगाएको देखिन्छ। गा.पा. अध्यक्षको यस प्रकारको बलमिच्याईं र कानून विपरीतको खर्च अनुमोदन निजको बदनियतपूर्ण कार्यको द्योतक हो।

४६. नेपाल विद्युत प्राधिकरण, रामेछाप वितरण केन्द्र, मन्थलीलाई गाउँ कार्यपालिकाको कार्यालयको च.नं. ५४३ मिति २०७५/०२/२२ को पत्रमा उल्लिखित विद्युतीकरणको लागि २ लाइन तार स्टिमेट गरेकोमा क्षेत्र विस्तार भई आवश्यक पर्ने थप तार, पोल र अन्य सामग्री खरिद भई ३ लाइनको प्रयोग भएकोले थप स्टिमेट तयार गरी पठाइदिने भन्ने व्यहोराबाट लागत अनुमान बिना प्राविधिकसँग समन्वय नगरी आफूखुशी फेज परिवर्तन गराई विद्युतीकरणको कार्य सम्पन्न गरिसकेपछि मात्र लागत अनुमान तयार गर्न लगाउने गरेको तथ्य स्पष्ट हुन आउँछ। यसबाट सुरु लागत अनुमानबमोजिम भएको विद्युतीकरण कार्यबाहेक अन्य सबै विद्युतीकरण कार्य लागत अनुमान बिना सम्पन्न गरेको भन्ने नै देखिन्छ।

४७. त्यस्तै नेपाल विद्युत प्राधिकरण, रामेछाप वितरण केन्द्र, मन्थलीको मिति २०७५/०३/२५ को पत्रबाट लिखु गा.पा.-७, तिलपुङको विद्युतीकरण योजनाको लागि रु.१४,९९,९३३।३०/- बराबरको लागत अनुमान तयार भएको र गाउँ कार्यपालिकाबाट उक्त स्थानमा विद्युतीकरण गर्न रु.१५ लाखसम्म खर्च गर्ने निर्णयसमेत भएको देखिए तापनि उक्त स्थानमा को कसले के कसरी विद्युतीकरणको कार्य गरेको हो भन्ने सम्बन्धमा मिसिल संलग्न कागजातबाट प्रष्ट खुल्न आउँदैन।

४८. अनुसन्धान गर्दा, लिखु तामाकोशी-५, साविक नागदह १-५ का उपभोक्ता समितिका अध्यक्ष वेत बहादुर पुँवार, कोषाध्यक्ष ममिता श्रेष्ठ, सचिव सुब्बा थापामगर, लिखु तामाकोशी-५, साविक नागदह ६-९ का अध्यक्ष सुन बहादुर तामाङ, कोषाध्यक्ष करिष्मा परियार, सचिव दल बहादुर तामाङ र लिखु गा.पा.-४, साविक बिजुलीकोटका अध्यक्ष होम बहादुर महत, कोषाध्यक्ष अनिता श्रेष्ठ र सचिव डिल्ली बहादुर सुनुवारले गाउँपालिका अध्यक्षले 'बत्ती बल्छ भनेपछि मात्रै आफूहरू समितिमा बसेको बेहोरा लेखाएका छन्। उनीहरूले आ-आफू रहेको उपभोक्ता समितिले कुनै पनि सामान नकिनेको र जडान पनि नगरेको भनी बयानमा उल्लेख गरेको पाइन्छ। सामान किन्ने, पोल गाड्ने र तार जोड्ने सबै काम गाउँपालिका **अध्यक्ष गोविन्द बहादुर खड्काले** गरेका हुन्। भन्ने उनीहरूको भनाइ रहेको देखिन्छ। निज अध्यक्ष खड्काले पैसा दिने बेलामा सबैजना नआउने र सही पनि नमिल्ने भनेपछि उहाँलाई विश्वास गरेर खाली चेक र कागजमा सही मात्र गरेको हो भन्ने उनीहरूको भनाइ रहेको पाइन्छ। त्यसैले, सबै कामको जिम्मेवार गाउँपालिका अध्यक्ष नै हुनुपर्ने हो भनी अन्य प्रतिवादीहरूले निजहरूको बयानमा बेहोरा उल्लेख गरेका छन्। यस प्रकार उपभोक्ता समितिका पदाधिकारीहरूले नै गा.पा.अध्यक्ष प्रति लक्षित गरी लेखाएको बयान निज अध्यक्षले सदर गरेका टिप्पणी आदेशबाट पुष्टि हुन आएकोले उक्त कार्य बदनियत तरिकाले भएकोमा शङ्का गर्नुपर्ने अवस्था रहेन।

४९. तत्कालीन **प्रमुख प्रशासकीय अधिकृत राजुप्रसाद न्यौपानेले** बिजुलीकोट र नागदहको सम्पूर्ण विद्युतीकरण कार्य गाउँपालिका अध्यक्षको निर्देशनमा गरिएको बताएका छन्। उनका अनुसार, फेज परिवर्तन भई लागत अनुमान बिना नै तार लगायतका थप सामान गाउँपालिकाबाट खरिद गरिएको थियो। पाइक कन्स्ट्रक्सन प्रा.लि.सँगको सम्झौता बमोजिम पोल तार जडानको काम गरी विभिन्न शीर्षकको रकमबाट प्राविधिक प्रतिवेदन र अनुगमन प्रतिवेदन बिना

जनसहभागिताको अंश र कन्टिन्जेन्सीको रकम कट्टा नगरी तत्काल भुक्तानी दिइएको थियो। उनले अर्को आ.व.मा दुरागाउँ र सैपुमा विद्युतीकरण गर्ने उद्देश्यले गाउँपालिका अध्यक्षको आदेश बमोजिम अस्वाभाविक रूपमा बढी सामान खरिद भएकोले आफूले भुक्तानी रोक्न नसकेको बताएका छन्। निज प्रतिवादीको बयान बेहोराबाट सामान खरिदमा अनियमितता भएको तथ्य स्वीकार गरी बदनियत राखी काम भएको भन्ने प्रष्ट हुन्छ।

५०. तत्कालीन **लेखापाल दुर्गाबहादुर डिम्दोङ तामाङले** पनि उक्त स्थानमा विद्युतीकरण कार्य पूर्ण रूपमा सम्पन्न नभएको र ३/४ लाइन जडान गर्न नपुग रकमहरू विभिन्न शीर्षकबाट लेख्ने भनी गाउँपालिका अध्यक्षको आदेशबमोजिम निजकै संलग्नतामा निज मार्फत आएका फर्महरूबाट दररेट माग गरिएको बताएका छन्। उनले सम्पूर्ण खरिद कार्य र पाइक कन्स्ट्रक्सनसँगको सम्झौताबमोजिमको काम सम्पन्न भई प्राप्त भएका बिलहरू प्राविधिक प्रतिवेदन लगायतका कागजात बिना नै गाउँपालिका अध्यक्षकै निर्देशनमा भुक्तानी भएको बताएका छन्। उनका अनुसार, गाउँपालिका अध्यक्ष नै यसको मुख्य जिम्मेवार र जवाफदेही हुन् भन्ने देखिन्छ भने त्यस्तो गलत कार्यलाई दबाबमा साथ दिने कार्य पनि भ्रष्टाचार जन्य कसूर अन्तर्गत पर्दछ।

५१. जिल्ला प्रशासन कार्यालय, रामेछापका **शाखा अधिकृत संजय अधिकारीले** लिखु तामाकोशी गाउँपालिका साबिक नागदह गा.वि.स. १-५, ६-९ र साबिक बिजुलीकोटमा उपभोक्ता समितिमार्फत भएको विद्युतीकरण योजनाहरूमा खरिद समिति समेत गठन नगरी, उपभोक्ता समितिबाट कुनै निर्णय नभई, सामान खरिदको अभिलेख नै नराखी र प्राविधिक प्रतिवेदन बिना भुक्तानी दिएको भन्ने व्यहोरा उल्लेख गरी प्रतिवेदन दिएका छन्। त्यस्तै **इन्जिनियर रजल श्रेष्ठले** पनि लिखु तामाकोशी गाउँपालिकाले साविक नागदह वडा नं १-५ र ६-९ को योजना सम्झौतामा उपभोक्ता समितिबाट कुनै योगदान उल्लेख नगरी, प्रतिस्पर्धा नगराई, बिना कुनै स्पेसिफिकेसन आपूर्तिकर्तासँग दररेट मागी सामग्री खरिद गरेको र उपकरण जडान गर्न निर्माण व्यवसायीसँग सोझै सम्झौता गरी कार्य गरेको देखिएकोले सार्वजनिक खरिद ऐन, नियमावली विपरीत कार्य गरेको भनी प्रतिवेदन दिएका छन्। पेस भएका उक्त प्रतिवेदनमा औंल्याइएका आर्थिक अनियमितताहरूलाई गा.पा. अध्यक्ष, प्रशासकीय प्रमुख र लेखा प्रमुखले गरेको बयान बेहोराले थप पुष्टि गरिदिएको छ।

५२. त्यसैगरी, आ.व. २०७५/०७६ मा लिखु तामाकोशी गाउँपालिका वडा नं. १ (साबिक दुरागाउँ गा.वि.स.को वडा नं. १-९) मा विद्युतीकरण गर्न मिति २०७५/०३/२३ को गाउँसभाले रु.२ करोड ५० लाख विनियोजन गरी उपभोक्ता समिति मार्फत काम गर्न साविक वडाहरूलाई (१-५, ४-६ र ७-९ मा} बाँडी प्रति उपभोक्ता समिति रु.८३,३३,३३३। छुट्याइएको थियो। नेपाल विद्युत प्राधिकरण, रामेछाप वितरण केन्द्र, मन्थलीबाट क्रमशः रु.८२,०४,६०४.३४।, रु.८२,०३,५६१.१८ र रु.८२,०७,१६०.८३ बराबरको लागत अनुमान तयार गर्न लगाई उक्त लागत अनुमानहरू स्वीकृत गरी **काजीबाबु थापा अध्यक्ष** रहेको विद्युतीकरण उपभोक्ता समिति, लिखु तामाकोशी गा.पा.-१ दुरागाउँ १-३, **बुद्धिबहादुर तामाङ अध्यक्ष** रहेको विद्युतीकरण उपभोक्ता समिति, लिखु तामाकोशी गा.पा.-१ दुरागाउँ ४-६ र **प्रचण्ड सुनुवार अध्यक्ष** रहेको विद्युतीकरण उपभोक्ता समिति, लिखु तामाकोशी गा.पा.-१ दुरागाउँ ७-९ र गाउँ कार्यपालिकाको कार्यालय बिच सम्झोता भएको देखिन्छ। उपभोक्ता समिति र गाउँ कार्यपालिका बिच भएको सम्झौता लागू गर्ने दायित्व सम्झौताका पक्षहरू नै भएकोमा गा.पा. अध्यक्षको हस्तक्षेपकारी संलग्नता प्रत्येक खरिदका चरणमा भएको देखिन्छ।

५३. उपभोक्ता समितिहरूबाट निर्णय भएबमोजिम गाउँपालिका अध्यक्षबाट टिप्पणी सदर भई गाउँकार्यपालिकाको कार्यालयबाट विद्युतीकरणका लागि आवश्यक सामग्रीहरू सप्लाई गर्न विभिन्न फर्महरूलाई स्वीकृति दिएको पाइन्छ। जसअनुसार निम्न उल्लिखित फर्महरू **दिपेन्द्र संग्रौलाले** प्रयोग गरेको देखिन्छ। जस्तै डी.जे. सप्लायर्स, जे.बी. सप्लायर्स, पी.ए.एस. सप्लायर्स, यस ट्रेड लिंक, यदुवंशी ट्रेड कन्सर्न, अभिलेष सप्लायर्स प्रा.लि., पिण्डेश्वरी इन्टरप्राइजेज, एन.एस. कन्सर्न, के.बी. ट्रेड कन्सर्न, पाथीभरा सप्लायर्स, सत्य साई बाबा इन्टरप्राइजेज, राधे ट्रेडर्स, आनन्दी देवी ट्रेड लिंक, बि.एस. इम्पेक्स, गौरी ट्रेड सर्भिस प्रा.लि., उपाध्याय सप्लायर्स, जि.एस.डि. इन्टरप्राइजेज र मुकेश सप्लायर्सलाई

कार्यदिश दिई सामाग्रीहरू झिकाइएको पाइन्छ। ती सामाग्रीहरूमा ट्रान्सफर्मर, पोल, तार लगायतका विद्युतीय सामग्रीहरू यिनै फर्महरू तथा कम्पनीहरूको नामबाट **दिपेन्द्र संग्रौला** मार्फत खरिद र ढुवानी गरी ल्याइएको पाइन्छ। उपभोक्ता समितिहरूको नाममा जारी भएका बिलहरू संलग्न राखी विभिन्न मितिमा भुक्तानीका लागि उपभोक्ता समितिहरूले दिएका निवेदनहरूमा **गाउँपालिका अध्यक्ष गोविन्द बहादुर खडकाले** बिल भरपाईबमोजिम उपभोक्ता समितिहरूको खातामा रकम जम्मा गर्ने व्यवस्था मिलाउनु भनी प्रमुख प्रशासकीय अधिकृतको नाममा गा.पा.अध्यक्षले लगाएको तोक बमोजिम गाउँ कार्यपालिकाको कार्यालयबाट विभिन्न मिति र नं. का गोश्वरा भौचरबाट भुक्तानी लेखेको पाइन्छ। सो अनुसार विद्युतीकरण उपभोक्ता समिति, लिखु तामाकोशी गा.पा.-१ दुरागाउँ १-३ को बैंक खातामा रु.१,८२,३३,३९६.३६/- विद्युतीकरण उपभोक्ता समिति, लिखु तामाकोशी गा.पा.-१ दुरागाउँ ४-६ को बैंक खातामा रु.१,५१,०२,५०९.३१/- र विद्युतीकरण उपभोक्ता समिति, लिखु तामाकोशी गा.पा.-१ दुरागाउँ ७-९ को बैंक खातामा रु.५७,४४,१५९.८९/- भुक्तानी भई उपभोक्ता समितिको चेक मार्फत सम्बन्धित फर्म तथा कम्पनीहरूलाई भुक्तानी भएको देखिन्छ।

५४. सैपुमा विद्युतीकरण कार्य कार्यान्वयन नभएकोले सैपुको विद्युतीकरणमा विनियोजित रकममध्ये गाउँकार्यपालिकाको मिति २०७५/११/१३ को निर्णयानुसार दुरागाउँको विद्युतीकरणका लागि रकमान्तर गरिएको १ करोड रकमबाट दुरागाउँको होपिनामा विद्युतीकरणको कार्य गर्न **अशोककुमार सुनुवारको अध्यक्षतामा** थप विद्युत प्रसारण योजना उपभोक्ता समिति, लिखु तामाकोशी गा.पा.-१ गठन गरिएको समेत देखियो। त्यसका लागि सोही मितिको कार्यपालिकाले स्वीकृत गरेको रु.९,४४,३८,४४७.७३/- को लागत स्टिमेटबमोजिम गाउँकार्यपालिकाको कार्यालयसँग सम्झौता गरिएको देखिन आउँछ। प्र. **दिपेन्द्र संग्रौला** मार्फत लिखु तामाकोशी गाउँपालिका वडा नं. १ (साविक दुरागाउँ १ देखि ९ सम्म) को विद्युतीकरणमा सामान सप्लाई ढुवानी गर्ने विभिन्न फर्म तथा कम्पनीहरूको नामबाट नै विद्युतीकरण सम्बन्धी सामानहरू खरिद ढुवानी गरी उपभोक्ता समितिले विभिन्न मितिमा भुक्तानीका लागि बिलसहित गाउँ कार्यपालिकाको कार्यालयमा पेसगरेका निवेदनहरूमा गाउँपालिका अध्यक्षबाट तो आदेश भएपछि गाउँ कार्यपालिकाको कार्यालयबाट रु.१,१८,६४,०००/- उपभोक्ता समितिको बैंक खातामा जम्मा गरी भुक्तानी भई उपभोक्ता समितिको चेकमार्फत सम्बन्धित फर्म तथा कम्पनीहरूलाई भुक्तानी भएको देखिन्छ।

५५. उक्त गाउँपालिका वडा नं. १ दुरागाउँमा सञ्चालित विद्युतीकरण योजनाहरूको लागि आवश्यक सामानहरू दुई टन भाइस, टंग, १२/१२ (२४ फिट) आल्मुनियम फोल्डिङ भऱ्याङ, १२/१२ (२४ फिट) आल्मुनियम फाइबर फोल्डिङ भऱ्याङ, फोर फोल्ड फाइबर अपरेटिङ रड, हार्नेस सेफ्टी बेल्ट, ह्यान्ड ग्लोभ लगायतका सामग्रीहरू प्र.दिपेन्द्र संग्रौला मार्फत जे.बी. सप्लायर्स, डी.जे. सप्लायर्स र पी.ए.एस. सप्लायर्स समेतका फर्महरूबाट दररेट मागी खरिद ढुवानी गराएको देखिन्छ। सो कार्यका लागि रु.१३,८९,२९३/- सम्बन्धित फर्महरू र व्यक्तिलाई गाउँ कार्यपालिकाको कार्यालयबाटै भुक्तानी दिएको देखिन्छ।

५६. यसरी साविक दुरागाउँ वडा नं. १-९ तथा थप विद्युत प्रसारण योजना होपिनामा उल्लिखित चारवटै उपभोक्ता समितिमार्फत सञ्चालित सबै विद्युतीकरण कार्यमा गाउँ कार्यपालिकाको कार्यालयबाट भुक्तानी भएको जम्मा रु.५,२३,३३,३५८.५६/- मध्ये सामग्री खरिद तर्फ रु.५,००,६२,६५८.५६/- र ढुवानी तर्फ रु.२२,७०,७००/- खर्च भुक्तानी भएको पाइन्छ। नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडको बैंक स्टेटमेन्टबाट गाउँ कार्यपालिकाको कार्यालयले उक्त उपभोक्ता समितिहरूलाई भुक्तानी गरेको कुल रकम र गाउँकार्यपालिका आफैंले भुक्तानी गरेको रकमसमेत जोड्दा हुने हिसाब उल्लिखित भुक्तानीसँग मिल्न आउँछ।

५७. त्यस्तै उल्लिखित साबिक दुरागाउँ गा.वि.स. वडा नं. १-९ को विद्युतीकरणको लागि गठित ३ वटा उपभोक्ता समितिहरूबाट पहिलो सम्झौताबमोजिमको प्रति समिति रु.८३,३३,३३३/- र थप विद्युत प्रसारण योजना होपिनाको विद्युतीकरणका लागि गठित उपभोक्ता समितिबाट पहिलो सम्झौताबमोजिमको १ करोड रकमको कार्य सम्पन्न

भइसकेपछि पनि गाउँपालिका अध्यक्ष र सम्बन्धित उपभोक्ता समितिहरूको भेलाले थप रकमबाट पुरानै समितिहरू मार्फत विद्युतीकरणको थप कार्य गर्ने निर्णय गरिएको देखिन्छ। त्यसपछि प्रति उपभोक्ता समिति रु.९९ लाख ५० हजार बराबरको काम गर्न प्रत्येक उपभोक्ता समितिहरू र गाउँ कार्यपालिकाको कार्यालय बिच दोस्रो सम्झौता भएको पाइन्छ।

५८. सो रकम अन्य फरक फरक शीर्षकमा विनियोजन भए पनि विद्युतीकरण तर्फ तानेर खर्च भएको पाइन्छ। जस्तैः महिला बालबालिका, युवा स्वरोजगार, कृषि, पशु, शिक्षा क्षेत्र, अपाङ्ग, ज्येष्ठ नागरिक, समपुरक कोष, शव वाहन खरिदसमेतको अन्य विभिन्न शीर्षकको रकमबाट कार्यपालिकाको निर्णय बिना गाउँपालिका अध्यक्षको तोक र उनले नै सदर गरेका टिप्पणीबमोजिम खर्च लेखी पहिलेकै फर्म तथा कम्पनीहरूबाट विद्युतीय सामग्रीहरू खरिद ढुवानी गरी उपभोक्ता समितिहरूलाई भुक्तानी गरेको देखिन्छ। गा.पा.अध्यक्षले तोक आदेश गरी प्रचलित कानूनी व्यवस्थालाई अनदेखा गरी वा चुनौती दिई गरिएको रकमान्तर स्वरुपको कार्य प्रचलित कानूनको उल्लङ्घनमात्र नभइ वदनियतपूर्ण कार्य तथा आफ्नो पदीय दायित्व प्रतिकूल कार्य हो।

५९. उक्त गाउँपालिकाको कुभिण्डे, खाल्टाबेसरी तथा सैपु-ढाडे-सतिघाट-पिङगति दुरागाउँसम्मको विद्युतीकरणका लागि रु.१,२६,०७,१०४.३१ र वडा नं. ४ बिजुलीकोटको रादुम दुसिम क्षेत्रका बस्तीहरूमा विद्युतीकरण गर्न रु.५१,०७,८९४.२१ बराबरको लागत अनुमान नेपाल विद्युत प्राधिकरण, रामेछाप वितरण केन्द्रलाई तयार गर्न लगाइएको देखिए पनि ती स्थानहरूमा उपभोक्ता समितिमार्फत कार्य सम्पन्न भएको देखिँदैन।

६०. गाउँकार्यपालिकाको कार्यालयबाट वडा नं. १, दुरागाउँमा पूर्ण रूपमा विद्युतीकरण गर्न सुरुवातमा रु.२,४९,९६,११८/३९ र पछि रु.९,४४,३८,४४७/७३ को एकमुष्ट लागत अनुमान तयार गरिएको पाइन्छ। साथै, दुरागाउँ वडा नं. १-९ सम्मको केही पोलमा थप दुई लाइन तार तान्न रु.७८,९०,६०६/२६ को लागत अनुमान तयार गराइएको देखिन्छ। यी लागत अनुमानहरू क्रमशः मिति २०७५/११/१३ र आर्थिक वर्ष ०७५/०७६ को आठौं गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत गरिएको तथ्यमा भने विवाद छैन।

६१. उक्त स्वीकृत योजनाअनुसार साविक दुरागाउँ वडा नं. १-९ का उपभोक्ता समितिहरूसँग दोस्रो सम्झौता गरी, साथै होपिनाको पहिलो र दोस्रो सम्झौताअनुसार समग्र दुरागाउँमा रु.९,४४,३८,४४७/७३ को लागत अनुमानअनुसार कार्यान्वयन भएको देखिन्छ। तर, यो प्रक्रिया सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१) अनुसार रु.१ करोडसम्मको लागत भएको निर्माण कार्यमात्र उपभोक्ता समितिमार्फत गराउन सकिने प्रावधान विपरीत देखिन्छ। उक्त नियम ९७ को उपनियम (१) मा "यस नियमावलीमाअन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिनेछ"। त्यस्तै, (१क) मा "उपनियम (१) मा उल्लिखित एक करोड रुपैयाँसम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिजेन्सि रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुनेछ"। भन्ने व्यवस्था रहेको देखिन्छ।

६२. त्यस्तै, आर्थिक वर्ष ०७५/०७६ को आठौं गाउँ कार्यपालिका बैठकबाट आम जनताको मागअनुसार होपिना, केराबोटे, बासे पनौती र जगमाने क्षेत्रमा चारवटा ट्रान्सफर्मर तथा चार-फेज प्रसारण लाइनका लागि आवश्यक तार र अन्य सामग्रीको व्यवस्था गर्ने निर्णय गरिएको रहेछ। साथै, ज्यामी खर्चबाहेक थप रकम समेत भुक्तानी दिने निर्णयले कतिपय विद्युतीकरण कार्य लागत अनुमानबिनै गरिएको देखिन्छ। लगत अनुमान नै तयार नगरी गरिएको खर्च र भुक्तानी बदनियत राखी भएको स्वतः प्रष्ट हुन्छ।

६३. खरिद प्रक्रियाको सम्बन्धमा कानूनी व्यवस्था हेर्दा, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) अनुसार प्रतिस्पर्धा सीमित हुने गरी टुक्राटुक्रा पारेर खरिद गर्न नहुने व्यवस्था छ। साथै, सार्वजनिक खरिद नियमावली, २०६४ को

नियम ९७ (९) मा जटिल प्रकृतिको कार्य उपभोक्ता समितिमार्फत गराउन नसकिने तथा नियम ९७ (१०) मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने उल्लेख छ। तर, लिखु तामाकोशी गाउँपालिकाले आर्थिक वर्ष ०७४/०७५ र ०७५/०७६ मा नागदह, बिजुलीकोट, दुरागाउँमा विद्युतीकरणका लागि विनियोजित रकमलाई टुक्राटुक्रा पारेर अत्यन्त जटिल र प्राविधिक ज्ञान आवश्यक पर्ने कार्य अनुभव तथा दक्षता नभएका उपभोक्ता समितिमार्फत गराउने निर्णय गरेको देखिन्छ। अतः यो कार्य प्रक्रिया उल्लिखित कानून परिपालना नगरी कानून विपरीत अपनाइएको र निजहरूको कार्यमा बदनियत रहेको पाइयो।

६४. सम्झौताअनुसार, उपभोक्ता समितिहरूले लिएको कार्य पाइक कन्स्ट्रक्सन प्रा.लि.सँग पुनः सम्झौता गरी पोल, तार जडान तथा श्रमिक कार्य सम्पन्न गराएको देखिन्छ। यस कार्यको बिलहरूमा उल्लेख गरिएको श्रमिक खर्चमा मूल्य अभिवृद्धि कर (VAT) समेत समावेश भई उपभोक्ता समितिहरूले भुक्तानी लिएको पाइन्छ। यसले मौजुदा कानूनको पालना नहुने गरी निर्णय गरिनुका साथै कार्यान्वयनमा पारदर्शिता, मितव्ययिता तथा असल खरिद प्रक्रिया अपनाइएको देखिँदैन।

६५. लिखु तामाकोशी गाउँपालिकाको मिति २०७४/१०/०९ को गाउँ कार्यपालिकाबाट वडा नं. ५ नागदह र वडा नं. ४ बिजुलीकोटमा कार्यान्वयन गरिने योजनाहरूमा उपभोक्ताहरूबाट १५% बराबरको श्रमदान गर्ने निर्णय पाइन्छ भने मिति २०७५/०३/०९ को गाउँसभाबाट आर्थिक वर्ष ०७५/०७६ मा कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरूको कूल विनियोजित बजेटको ३% कट्टा गर्ने निर्णय गरिएको पाइयो।

६६. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१) (१क) अनुसार, उपभोक्ता समितिमार्फत गराइने १ करोडसम्मको लागत अनुमानमा ओभरहेड, कन्टिन्जेन्सी रकम तथा जनसहभागिताको अंशसमेत समावेश हुनुपर्ने व्यवस्था छ। साथै, नियम ९७ (३) (क१) अनुसार, ६० लाखभन्दा बढी लागत अनुमान भएको कार्यमा उपभोक्ता समिति वा लाभग्राही समुदायको योगदान उल्लेख गर्नुपर्नेछ। त्यस्तै, नियम ९७ (४) अनुसार, लागत अनुमानमा समावेश गरिएको ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश कटाएर मात्र भुक्तानी दिनुपर्ने प्रावधान छ। यी कानूनी प्रावधानहरूको परिपालनाको अभाव यस खरिद कार्यमा देखिएको छ। जसले गर्दा आर्थिक अनुशासन उल्लङ्घन हुन गई प्रतिवादीको बदनियतका कारणबाट जथाभावी खर्च हुन गएको देखिन्छ।

६७. त्यस्तै, लिखु तामाकोशी गाउँपालिकाले नागदह र बिजुलीकोटको विद्युतीकरण योजनाको लागत अनुमानमा कन्टिन्जेन्सी तथा जनसहभागिताको रकम उल्लेख समेत नगरी स्वीकृति प्रदान गरेको देखिन्छ। दुरागाउँको लागत अनुमानमा समेत जनसहभागिताको अंश समावेश नगरिएको अवस्था छ। उपभोक्ता समितिहरूसँग सम्झौता गरी कार्य सम्पन्न भई भुक्तानी दिँदा पनि कन्टिन्जेन्सी तथा जनसहभागिताको अंश नकाटी भुक्तानी गरिएको पाइन्छ। यसले गाउँपालिकाले आफैंले गरेका निर्णय र भइरहेका कानूनी प्रावधान विपरीत कार्य गरेको देखिन्छ। साथै, यस प्रक्रियाबाट गाउँपालिकाले व्यहोर्नु नपर्ने थप आर्थिक भार समेत व्यहोर्नु परेको देखिन्छ। फलस्वरुप प्रत्यक्ष रुपमा नै भ्रष्टाचारजन्य कसूर स्थापित हुन पुगेको पाइन्छ।

६८. उक्त गाउँपालिकाको मिति २०७४/१०/०९ र २०७५/०९/०२ को गाउँकार्यपालिका बैठकबाट वडा नं. ५ नागदह, वडा नं. ४ बिजुलीकोट, तथा वडा नं. १ दुरागाउँमा सञ्चालन गरिने विद्युतीकरण योजनाहरूको भुक्तानी प्रक्रिया प्राविधिक निरीक्षण तथा प्रतिवेदनको आधारमा रनिङ बिल भुक्तानी गर्दै जाने गरी मिलाउने निर्णय भएको देखिन्छ।

६९. **सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार, सार्वजनिक निकायले उपभोक्ता समितिमार्फत गरिने कार्यमा प्राविधिक सल्लाह, नापजाँच, जाँचपास, सुपरिवेक्षण गर्ने तथा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनुपर्ने व्यवस्था छ। साथै, यदि सो कार्य गर्न नसक्ने अवस्था भए, समितिले आवश्यक जनशक्ति करारमा नियुक्त गर्न सक्ने प्रावधान रहेको छ। यी शर्तहरू उपभोक्ता समितिहरू र गाउँकार्यपालिकाको कार्यालयबिच भएको सम्झौतामा पनि**

**उल्लेख गरिएको पाइन्छ। तर, नागदह, बिजुलीकोट, तथा दुरागाउँको विद्युतीकरण कार्यमा अनुगमन र सुपरिवेक्षण नगरी, आवश्यक प्राविधिक मूल्याङ्कन, नापी किताब, तथा कार्य सम्पन्न प्रतिवेदन तयार नगरी भुक्तानी गरिएको देखिन्छ। यसकारण, उक्त विद्युतीकरण कार्यहरू नियमित रूपमा सम्पन्न भएको मान्न सकिने अवस्था देखिँदैन। जब उल्लिखित सम्झौताका शर्तहरूको परिपालना नै भएको छैन भने र प्राविधिक मूल्याङ्कन पनि गरिएको देखिन्न भने त्यसरी गरिएको खर्चको सही हिसाब किताब राखिएको थियो भनी मान्न सकिने अवस्था समेत हुँदैन।**

७०. नेपाल विद्युत प्राधिकरण, रामेछाप वितरण केन्द्रले यसअघि नै भुक्तानी भइसकेको कार्यको लागि पछि प्राविधिक मूल्याङ्कन गरी नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन बनाउनुको औचित्य नरहेको उल्लेख गर्दै उक्त गाउँपालिकालाई जवाफ लेखी पठाएको देखिन्छ। बिजुलीकोट, नागदह, र तिपुङ क्षेत्रका स्थानीय उपभोक्ताहरू विद्युत विस्तारबाट लाभान्वित भएको मात्र औपचारिक जानकारी दिएको भन्ने आधारमा मात्र विधिसम्मत रुपमा नगरे नभएका कार्यले कानूनी वैद्यता प्राप्त गरेको मान्न मिल्दैन।

७१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (१) अनुसार, गाउँपालिकाले सार्वजनिक खरिद गर्दा संघीय सार्वजनिक खरिद ऐनबमोजिम गर्नुपर्नेछ। त्यस्तै, उपदफा (२) अनुसार, गाउँपालिकाले सार्वजनिक खरिद ऐनको अधीनमा रही आफ्नै सार्वजनिक खरिद नियमावली बनाई कार्यान्वयन गर्न सक्ने व्यवस्था रहेको छ। तर, उक्त विद्युतीकरण आयोजनामा तथा थप विद्युत प्रसारण योजना (होपिना) कार्यान्वयन गर्दा, सार्वजनिक खरिद ऐनबमोजिम प्रक्रिया अपनाएको वा नियमावली बनाई लागू गरेको देखिँदैन।

७२. अनुसन्धानका क्रममा बुझिएका व्यक्तिहरूको बयानअनुसार, सम्पूर्ण विद्युतीकरणका सामग्रीहरू गाउँपालिका अध्यक्षकै व्यवस्थापनमा खरिद गरी दुरागाउँमा ल्याइएका थिए। त्यसपछि, सबै उपभोक्ता समितिहरूले सामूहिक रूपमा पोलहरू बोक्ने, गाड्ने कार्यमा सहयोग गरेका थिए। भुक्तानीका लागि गाउँपालिका अध्यक्षकै निर्देशनमा निवेदन दिइएको थियो। उपभोक्ता समितिका पदाधिकारीहरूले समितिको खातामा रहेको रकमबाट खाली चेकमा मात्र हस्ताक्षर गरेको र प्रक्रियागत कार्यहरू अध्यक्षकै निर्देशनमा भएकोले निजहरूले के-के गर्नुपर्‍यो भन्ने स्पष्ट थाहा नभए भनीको बताएका पाइन्छ। साथै, प्राविधिक मूल्याङ्कन र अनुगमन विना नै बिलका आधारमा भुक्तानी गरिएको भन्ने लगभग सबैको समान अभिव्यक्ति रहेको देखिन्छ। यसबाट गा.पा. अध्यक्षको योजनावद्ध संलग्नतामा प्रस्तुत आरोपदाबीको कसूर भएको देखिन्छ।

७३. यसैगरी, गाउँपालिका उपाध्यक्ष दीपशिखा न्यौपाने, वडा अध्यक्षहरू निङमार लामा, पदम बहादुर तामाङ, यम बहादुर महत, लिला बहादुर बस्नेत, सोम बहादुर तामाङ, सुभाष बोहरा, शिवप्रसाद न्यौपाने लगायतका जनप्रतिनिधिहरूले, गाउँसभाबाट नीति निर्माण गरी उपभोक्ता समितिमार्फत छिटोभन्दा छिटो विद्युतीकरण कार्य सम्पन्न गर्ने, साथै विनियोजित रकम नपुगेमा रकम अन्तरसमायोजन गरी खर्च गर्ने तथा खर्च अनुमोदन गर्ने भनी निर्णय गरिएको बेहोरा लेखाएको पाइन्छ। तर, विद्युतीकरणका सामग्रीहरूको खरिद तथा जडान कार्य पूर्ण रूपमा गाउँपालिका अध्यक्षकै अग्रसरतामा भएको देखिन्छ। अनुगमनसमेत उपाध्यक्षको काम, कर्तव्य अधिकार भित्र पर्ने (स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ को उपदफा (४) को देहाय (ख)) भएपनि अध्यक्षकै नियन्त्रणमा रहेकाले आवश्यक प्राविधिक मूल्याङ्कनबिना नै भुक्तानी गरिएको पाइन्छ। मिसिल संलग्न उल्लिखित व्यक्तिहरूका बयान बेहोराबाट सम्पूर्ण कार्यान्वयनको जिम्मेवारी गाउँपालिका अध्यक्षकै पकडमा राखिएको भन्ने प्रमाणित भएको छ।

७४. त्यसैगरी तत्कालिन लेखापाल नोर्बु लामाका अनुसार, दुरागाउँको विद्युतीकरण कार्यमा उपभोक्ता समितिहरूले विभिन्न कम्पनी तथा सप्लायर्सबाट खरिद गरेका बिल तथा निवेदनहरू गाउँपालिका अध्यक्षमार्फत पेसगरिएका थिए। ती निवेदनहरूमा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतको नाममा तोक लगाई पठाएपछि, प्रमुख प्रशासकीय अधिकृतले तोक आदेश बमोजिम भुक्तानी जारी गरेका थिए। तर, विनियोजित रकमको भुक्तानी गर्दा आवश्यक प्राविधिक मूल्याङ्कन

प्रतिवेदनबिना नै जनसहभागिताको रकम कटौती नगरी भुक्तानी गरिएको देखिन्छ। भुक्तानी प्रयोजनमा पनि गा.पा. अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको नियत सफा देखिन आउँदैन।

७५. त्यस्तै, पोल तार जडानको कार्य उपभोक्ता समितिले स्वयं नगरी पाइक कन्स्ट्रक्सन प्रा.लि.सँग सम्झौता गरी गराएको देखिन्छ। लेखापाल नोर्बु लामाले फिल्डमा कति काम भयो, आवश्यक भन्दा बढी सामान किन खरिद गरियो भन्ने विषयमा आफूलाई जानकारी नभएको भनी बयान दिएको पाईंदा उल्लिखित कामसमेत अध्यक्षको नेतृत्वमा प्रशासकीय अधिकृतसँगको मिलोमतोमा सम्पन्न गरेको देखिन्छ।

७६. तत्कालीन प्रमुख प्रशासकीय अधिकृत टंकप्रसाद चौलागाईंले पनि नागदह, बिजुलीकोट र दुरागाउँको विद्युतीकरणका लागि विनियोजित तथा संशोधित बजेटबाट गरिएको कार्यमा गाउँपालिका अध्यक्षकै निर्देशनअनुसार उपभोक्ता समितिमार्फत भुक्तानी प्रक्रिया अघि बढाइएको भनी बयान गरेको पाइन्छ। सम्झौताका शर्त र भुक्तानीका मापदण्डहरू पालना नगरी, अध्यक्षकै दबाबमा, तोक आदेश जारी गरी समितिको खातामा रकम निकासा गरिएको बहोरा निजले प्रष्टसंग राखेको पाइन्छ। त्यसपछि, समितिहरूले चेकमार्फत सप्लायर्सहरूलाई भुक्तानी दिएको देखिन्छ। जसमा जनसहभागिता र कन्टिन्जेन्सी रकम कटाई भुक्तानी दिनुपर्नेमा सो नकाटी भुक्तानी गरिएको देखिन्छ। साथै, गाउँपालिका अध्यक्ष स्वयमले सामानहरू खरिद गर्न सक्ने भनी बयानमा बेहोरा लेखिएको पाइन्छ। कुन-कुन सामग्री मगाइयो भन्ने कुरा आफूलाई जानकारी नभएको भनी निज प्रशासकीय अधिकृतले बेहोरा लेखाई बयान दिएका छन्। यसको अर्थ गा.पा.प्रमुखले सम्पूर्ण खरिद कार्यमा प्रत्यक्ष हस्तक्षेप गरी अनियमितता गरेको भन्ने आरोप नै पुष्टि हुन आउँछ।

७७. नेपाल विद्युत प्राधिकरण, रामेछाप वितरण केन्द्र, मन्थलीका तत्कालीन केन्द्र प्रमुख विनोद अधिकारीका अनुसार, गाउँपालिकाको माग अनुसार नागदह, बिजुलीकोट र दुरागाउँको विद्युतीकरण कार्यका लागि लागत अनुमान मात्र तयार गरी पठाइएको थियो। तर, नापजाँच गर्ने, बिल बनाउने तथा नापी किताब बनाउने कार्य वितरण केन्द्रले नगरेको हुँदा खरिद तथा भुक्तानी सम्बन्धी कुनै जानकारी नभएको उनले बयान दिएका छन्। निजको यो बयान बेहोराले पनि गा.पा.अध्यक्षको मनोमालिन्यपूर्ण कार्य सम्पादन शैलीको प्रतिविम्बित गर्दछ।

७८. **गाउँपालिका अध्यक्ष गोविन्दबहादुर खड्काले** आफ्नो बयानमा स्वीकार्दै भनेका छन् कि, नागदह, बिजुलीकोट र दुरागाउँको विद्युतीकरणका लागि विनियोजित तथा रकमान्तर गरिएको रकमबाट कार्यपालिकाको निर्णयअनुसार उपभोक्ता समिति गठन गरी कार्यान्वयन गरिएको थियो। तर, केही विद्युतीकरण कार्य लागत अनुमान (स्टिमेट) बिना नै सम्पन्न गरिएको थियो। उनले स्वयंले उपभोक्ता समितिहरूका निवेदनमा तोक आदेश लगाइ दिई, प्राविधिक मूल्याङ्कन र अनुगमन प्रतिवेदन बिना नै भुक्तानी गराएको पनि स्वीकार गरेको हुँदा त्यस्तो कार्यलाई कानूनसम्मत मान्न मिलेन।

६९. त्यस्तै, पोल तार जडानको काम पाईक कन्स्ट्रक्सन प्रा.लि. सँग सम्झौता गरी गरिएको थियो। साथै, दुरागाउँको माथिल्लो क्षेत्रमा पर्ने गुम्बा, कान्ले, गिद्धेडाँडा जस्ता स्थानमा पछि मात्र बत्ती बाल्न सामग्रीहरू झिकाइएको हुँदा भुक्तानीमा १०% भन्दा बढी जोडी बिल बनाइएको देखिएको भनी उनले बयान दिएको हुँदा बढी रकमको बिल बनाउने र भुक्तानी दिने/लिने कार्य भ्रष्टाचारजन्य कसुर भित्रै पर्ने हुन्छ।

८०. यसरी लिखु तामाकोशी गाउँपालिका, रामेछापमा आर्थिक वर्ष २०७४/०७५ र २०७५/०७६ मा विद्युत विस्तारका क्रममा अनियमितता भएको भनी आरोप माथिका विभिन्न प्रकरणहरूमा गरिएको विश्लेषणबाट पुष्टि हुन आएको छ। विद्युत योजना कार्यान्वयन गर्दा कार्य अनुभव र क्षमता नभएका उपभोक्ता समितिसँग सम्झौता गरिएको पाइन्छ। यस क्रममा जनसहभागिता र कन्टिन्जेन्सी रकम समावेश नगरी लागत अनुमोदन गरिएको र खरिद समिति बिना नै महत्त्वपूर्ण सामग्रीहरू आपूर्तिकर्ताबाट सिधा दररेट माग गरी आपूर्ति गरेको पाइयो। सामानहरू आवश्यकता भन्दा

बढी परिमाणमा र अस्वाभाविक रूपमा महँगोमा खरिद गरिएको समेत देखियो। कतिपय सामानहरू हिनामिना गरिएको भन्ने समेत दाबीमा उल्लेख छ।। श्रमिक कार्य पाइक कन्स्ट्रक्सन प्रा.लि.सँग गैरकानूनी रूपमा ठेक्का दिएको र झुठा बिल पेस गरिएको भन्ने आरोप रहेको देखिन्छ। त्यसैगरी, आर्थिक वर्ष २०७५/०७६ मा दुरागाउँ (वडा नं. १) र होपिना प्रसारण योजनामा पनि मिलेमतो गरी उपभोक्ता समितिहरूसँग कार्य गराएको। लागत अनुमान बिना नै महँगो सामग्री खरिद गरिएको र अभिलेख नराखी काम सम्पन्न गरिएको भन्ने लगायतका आरोपदाबी रहेको र त्यसको समुचित खण्डन प्रतिवादीले गर्न सकेको पाईंदैन। अतः यस क्रममा पनि पाइक कन्स्ट्रक्सन प्रा.लि.सँग सम्झौता गरी भ्रष्टाचारजन्य कार्य भई सरकारी रकममा हानिनोक्सानी पुऱ्याइएकोमा विवाद रहेको देखिएन।

८१. प्रस्तुत मुद्दामा माथि प्रकरण-प्रकरणमा विवेचना भए अनुसार बदनियतसमेत पुष्टि भएको अवस्थामा ***प्रतिवादीहरूले आरोपदाबीबमोजिम कसुर गरी भ्रष्टाचारजन्य कसुर गरेको हुन् वा होइनन् ?*** भन्ने प्रश्नको सन्दर्भमा बिचार गर्नु वाञ्छनीय हुन आयो। सामान्यतः फौजदारी कसूरमा प्रति अभियुक्त उपरको कसूर छुट्टाछुट्टै प्रमाणित हुनुपर्ने तथा कसूरको मात्रासमेत प्रति अभियुक्त स्थापित हुनुपर्ने हुन्छ। यी प्रतिवादीहरू **गोविन्दबहादुर खड्का, राजुप्रसाद न्यौपाने, टंकप्रसाद चौलागाई, दुर्गाबहादुर तामाङ, नोर्बु लामा, अमृतबहादुर तामाङ, बेतबहादुर पुँवार, सुब्बा थापा मगर, ममिता श्रेष्ठ, सुनबहादुर तामाङ, करिष्मा परियार, दलबहादुर परियार, मेनुका खड्का, घन्टिदेवी सुनुवार, दिलमाया सुनुवार, अशोककुमार सुनुवार, प्रकाश सुनुवार, अश्मिन रोक्का, युवराज सुनुवार, तारा गुरुङ्ग, प्रचण्ड सुनुवार, बुद्धिबहादुर तामाङ्ग, डिल्लीबहादुर सुनुवार, होमबहादुर महत, अनिता श्रेष्ठ, क्याल्बु तामाङ र काजीबाबु तामाङ** मध्ये ***के कुन प्रतिवादीले के, कुन कार्य गरी आरोपित कसूर गरेको हुन् वा होइनन् ? र कसूर गर्ने कार्यमा के कुन प्रतिवादीको के कस्तो संलग्नता रहेको छ?*** भन्ने सन्दर्भमा प्रस्तुत मुद्दामा निरोपण गर्नुपर्ने देखिन्छ।

८२. सर्वप्रथम **प्रतिवादीमध्ये क्याल्बु तामाङ्गको मृत्यु भैसकेको भनी आरोपपत्रमा नै उल्लेख भएकोमा निजलाई जफत प्रयोजनार्थ प्रतिवादी कायम भएको देखिन्छ।** निजको नाममा यस अदालतबाट जारी भएको समह्वान म्याद निजको घर दैलोमा टाँस भई तामेल भएकोमा निजको तर्फबाट निजको एकाघरको व्यक्ति वा निजको हक खानेले प्रतिवाद नगरी म्याद गुजारी बसेको देखिन्छ। प्रतिवादीमध्ये काजिबाबु थापाको नाममा यस अदालतमाबाट जारी भएको समाह्वान म्याद मिति २०७९/०२/२३ मा घर दैलोमा टाँस भई तामेल भएकोमा निज यस अदालतमा उपस्थित नभई फरार भई बसेको देखिए तापनि मिसिल संलग्न प्रमाणहरूको आधारमा फैसला गर्न कुनै कानूनी बाधा पर्ने देखिंदैन।

८३. **प्रतिवादीहरू बेतबहादुर पुँवार, सुब्बा थापा मगर, ममिता श्रेष्ठ, सुनबहादुर तामाङ, करिष्मा परियार, दलबहादुर परियार, मेनुका खड्का, घन्टिदेवी सुनुवार, दिलमाया सुनुवार, अशोककुमार सुनुवार, प्रकाश सुनुवार, अश्मिन रोक्का, युवराज सुनुवार, तारा गुरुङ्ग, प्रचण्ड सुनुवार, बुद्धिबहादुर तामाङ्ग, डिल्लीबहादुर सुनुवार, होमबहादुर महत, अनिता श्रेष्ठ, क्याल्बु तामाङ र काजीबाबु तामाङको** हकमा बिचार गरी निर्णय दिनुपर्ने देखियो। यी प्रतिवादीहरूले कार्यको अनुभव र कार्यक्षमता नभएको उपभोक्ता समितिहरूसँग विद्युतीकरण जस्तो प्राविधिक कार्य गर्न सम्झौता गरी जिम्मा लिई आवश्यक पर्ने भन्दा बढी विद्युतीकरण सम्बन्धी सामाग्रीहरू खरिद गरी तथा थप कार्य गर्दा ०.०३ र ०.०५ कन्डक्टर तार बढी मुल्य तिरी ल्याएको भन्ने आरोप लगाइएको पाइन्छ। त्यस्तै, आवश्यक पर्ने भन्दा बढी परिमाणमा सामान खरिद गरी सामान प्राप्ती, खर्च र मौज्दातको अभिलेख नै नराखी त्यस मध्ये कतिपय सामानहरू हिनामिना गरेको भन्ने आरोप रहेको छ। सम्झौता गरी लिएको विद्युतीकरण कार्यको पोल गाड्ने, तार तान्ने कार्य कानून विपरीत पाइक कन्स्ट्रक्सन प्रा.लि.सँग सम्झौता गरी सम्पन्न गराई श्रमको काममा समेत मूल्य अभिवृद्धि कर समावेश भएको बिलहरूबाट भुक्तानी लिनु गैरकानूनी हुने भनी दाबी लिएको देखिन्छ। तार तान्ने कामको फिल्डमा खुद गरेको काम भन्दा बढी काम गरेको देखाई जारी बिल समेतमा विद्यमान कानून र सम्झौताका शर्तहरू विपरीत कार्य गरेको आरोपदाबी रहेको पाइन्छ। त्यस्तै, प्राविधिकबाट निरीक्षण, सुपरीवेक्षण तथा नापजाँच नगराई प्राविधिक प्रतिवेदन, नापी किताब, कार्य सम्पन्न प्रतिवेदन, अनुगमन प्रतिवेदनसमेतका कागजातहरू बिना तथा सार्वजनिक सुनुवाई नै नगरेको

भनी प्रक्रियागत त्रुटि भै आरोपदाबी लिएको देखिन्छ। सो सम्बन्धमा समितिबाट कुनै निर्णय समेत नगरी सामानहरू खरिद तथा ज्यालाको कामको बिलहरूको आधारमा मात्र भुक्तानी हुन गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिई भुक्तानी लिएपश्चात उपभोक्ता समितिको चेकमार्फत सम्बन्धित फर्महरूलाई भुक्तानी दिई भ्रष्टाचार गरेको भनी आरोपदाबी लिएको देखिन्छ।

८४. प्रमाण ऐन, २०३१ को दफा २५ ले सरकारवादी फौजदारी मुद्दामा कसूरदार उपरको कसूर प्रमाणित गर्ने भार (Burden of proof) वादीमा रहन्छ। अभियोग लगाएर मात्र हुँदैन सो अभियोग पुष्टि हुने प्रमाण पनि वादी पक्षले प्रस्तुत गर्न सक्नुपर्छ। जसलाई प्रमाण ऐन, २०३१ को दफा २५ ले स्पष्ट गरेको छ। यी प्रतिवादीहरूले आरोप दाबीबमोजिम कसूर गरेको भनी अभियोजन पक्षले शङ्कारहित तवर (Beyond the reasonable doubt) ले पुष्टि गर्नुपर्छ। यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट नेपाल सरकार विरुद्ध मगरे खाँ समेत भएको मुद्दामा "**अपराध जतिसुकै गम्भीर, शङ्का जतिसुकै बलियो, चरित्र र चालचलन जतिसुकै खराब, गतिबिधि जस्तोसुकै शङ्कास्पद भएपनि यस्ता कुराहरूले प्रमाणको ठाउँ लिन नसक्ने"[1] भनी सिद्धान्तसमेत प्रतिवादित भएको छ।** यसको अर्थ कुनै पनि प्रतिवादीहरू उपर लगाइएको कसुर शङ्कारहित तवरबाट पुष्टि हुनु पर्छ भन्ने हो।

८५. **प्रतिवादीहरू बेतबहादुर पुँवार, सुब्बा थापा मगर, ममिता श्रेष्ठ, सुनबहादुर तामाङ, करिष्मा परियार, दलबहादुर परियार, मेनुका खड्का, घन्टिदेवी सुनुवार, दिलमाया सुनुवार, अशोककुमार सुनुवार, प्रकाश सुनुवार, अश्मिन रोक्का, युवराज सुनुवार, तारा गुरुङ्ग, प्रचण्ड सुनुवार, बुद्धिबहादुर तामाङ्ग, डिल्लीबहादुर सुनुवार, होमबहादुर महत, अनिता श्रेष्ठ, क्याल्बु तामाङ र काजीबाबु तामाङको हकमा निर्णय तर्फ हेर्दा, यी प्रतिवादीहरू समग्रमा भन्नु पर्दा निजहरू कुनै निर्णायक पदमा बहाल रहेको तथा निजहरूको उक्त कार्यमा महत्वपूर्ण भूमिका रहेको देखिंदैन। यी प्रतिवादीहरूको भूमिका भनेको माथिल्ले अधिकारीहरूले तयार पारी स्वीकृत गरेको योजना कार्यान्वयनमा सहयोगी भूमिका सम्म निर्वाह गर्ने देखिन्छ। खरिद सम्बन्धी टिप्पणी आदेश र भुक्तानीमा निज प्रतिवादीहरूको कुनै मनसाय, बदनियत, मिलेमतो र प्रत्यक्ष वा परोक्ष संलग्नता रहेको अवस्था अभियोजन पक्षले देखाउन सकेको पाइदैन। यी प्रतिवादीहरूको कारणबाट आरोपदाबीबमोजिमको कार्य भएको देखिंदैन र निजहरूले आरोपदाबीबमोजिम कसुर गरेको भनी वादी नेपाल सरकारबाट ठोस तथा वस्तुनिष्ठ प्रमाणसमेतले पुष्टि गर्न सकेको समेत देखिएन।**

८६. यस परिप्रेक्ष्यमा सम्मानित सर्वोच्च अदालतबाट ***वादी नेपाल सरकार वि. देवर्षि सापकोटा समेत भएको भ्रष्टाचार मुद्दामा***[2] *"भ्रष्टाचार जस्तो गम्भीर कसुरमा अभियोग लगाउँदा एवम् कसुर कायम गर्दा प्रस्ट रूपमा सबुद प्रमाणहरूबाट पुष्टि हुनुपर्ने र त्यस्तो सबुद प्रमाण प्रत्यक्षरूपमा हुनु र देखिनु पर्ने। कसैले कुनै व्यक्तिउपर दोष वा अभियोग लगाउँछ भने त्यसरी दोष वा अभियोग लगाउन मात्र पर्याप्त हुँदैन, सो कुरा प्रमाणको आधारमा पुष्टि पनि गर्नुपर्छ। फौजदारी मुद्दामा प्रतिवादीको कसुर प्रमाणित गर्नुपर्ने भार वादी वा अभियोग दाबी गर्ने पक्षमा रहने हुन्छ। प्रत्यक्ष एवम् स्वतन्त्र प्रमाणको अभावमा केवल अनुमान, आशङ्का र अन्दाजको भरमा लिइएको अभियोग दाबीबाट अभियुक्तलाई कसुरदार ठहऱ्याई सजाय दिनु फौजदारी न्यायको मान्य सिद्धान्त विपरीत हुनुका साथै शङ्काको सुविधा अभियुक्तले पाउने"* भनी सिद्धान्त समेत प्रतिपादित भएको पाइन्छ। प्रतिपादित यो सिद्धान्त प्रस्तुत मुद्धाका यी प्रतिवादीहरूको हकमा समेत लागू हुने देखिन्छ। यसरी माथि उल्लेख भएअनुरुप प्रस्तुत मुद्दामा आरोपदाबीको कसुर यी प्रतिवादीहरू उपर कसुर नै स्थापित हुन नआएकोले प्रतिवादीहरूको संलग्नताको मात्रा, तरिका र दायरा एवम् सजाय सम्बन्धी निर्णय निरुपणको प्रश्नतर्फ बिचार गर्नु पर्ने देखिएन।

८७. **अतः प्रतिवादीहरू बेतबहादुर पुँवार, सुब्बा थापा मगर, ममिता श्रेष्ठ, सुनबहादुर तामाङ, करिष्मा परियार, दलबहादुर परियार, मेनुका खड्का, घन्टिदेवी सुनुवार, दिलमाया सुनुवार, अशोककुमार सुनुवार, प्रकाश सुनुवार, अश्मिन रोक्का,**

१ नेपाल सरकार बि. मगरे खाँ समेत, ने.का.प २०६६, अंक १०, नि.नं. ८२४३।

२ नेपाल सरकार वि. देवर्षि सापकोटा समेत, ने.का.प, २०७६ ,नि.नं. १०३७६।

**युवराज सुनुवार, तारा गुरुङ्ग, प्रचण्ड सुनुवार, बुद्धिबहादुर तामाङ्ग, डिल्लीबहादुर सुनुवार, होमबहादुर महत, अनिता श्रेष्ठ, क्याल्बु तामाङ र काजीबाबु तामाङको कसुरमा कुनै संलग्नता रहेको भन्ने प्रमाणबाट पुष्टि हुन नआएकोले आरोपदाबीबाट सफाइ पाउने ठहर्छ।**

८८. **अब, प्रतिवादीहरू गोविन्दबहादुर खड्का, राजुप्रासद न्यौपाने, कप्रसाद चौलागाई, दुर्गाबहादुर डिमडोङ तामाङ, नोर्बु लामा र अमृतबहादुर तामाङको हकमा बिचार गरी हेर्दा, प्रतिवादी गोविन्दबहादुर खड्काले** आर्थिक वर्ष २०७४/०७५ र २०७५/०७६ मा वडा नं. ५ (साविक नागदह गा.वि.स. वडा नं. १-५ र ६-९), वडा नं. ४ (साविक बिजुलीकोट), र वडा नं. १ (साविक दुरागाउँ वडा नं. १-९) साथै थप विद्युत प्रसारण योजना होपिनामा विद्युतीकरण योजनाहरू कार्यान्वयन गर्दा गम्भीर अनियमितता गरेको, योजनाहरू कार्यान्वयन गर्दा प्राविधिक अनुभव र कार्यक्षमता नभएका उपभोक्ता समितिहरू गठन गराई, विनियोजित रकमलाई विभाजन गरी ती समितिहरूमा बाँडिएको, लागत अनुमान बिना, प्राविधिक परामर्श नगरी, र गाउँसभा तथा कार्यपालिकाको अधिकार आफैं प्रयोग गरी विभिन्न शीर्षकहरूमा खर्च स्वीकृत गरेको, प्रतिस्पर्धा नहुने गरी डि.जे. सप्लायर्सका प्रोप्राइटर दीपेन्द्र संग्रौलाबाट सामग्रीहरू अस्वाभाविक रूपमा महँगो मूल्यमा खरिद गरिएको, आवश्यकभन्दा बढी सामग्री किनिएको, गाउँ कार्यपालिकाको कार्यालयबाट पनि सामग्री खरिद गराई कतिपय सामान हिनामिना गरिएको, पोल गाड्ने, तार तान्ने, ट्रान्सफर्मर जडान जस्ता श्रमिक कार्यहरू पाइक कन्स्ट्रक्सन प्रा.लि.सँग सम्झौता गरी सम्पन्न गरेको देखिन्छ। वडा नं. ५ र वडा नं. ४ मा तार तान्ने कामको झुठा बिल देखाएर वास्तविक कामभन्दा बढी भुक्तानी लिइएको र गाउँ कार्यपालिकाको निर्णय, सम्झौताका शर्तहरू, र विद्यमान कानून विपरीत प्राविधिक मूल्याङ्कन र अनुगमन प्रतिवेदन बिना उपभोक्ता समितिहरूलाई भुक्तानीका लागि निवेदन दिन लगाइ भुक्तानीका लागि आवश्यक कागजातहरू पेस गरी समितिका खातामा रकम जम्मा गर्न प्रमुख प्रशासकीय अधिकृतको नाममा आदेश दिएको पाइन्छ। उपभोक्ता समितिका पदाधिकारीहरूलाई विश्वासमा लिई खाली बैंक चेकमा हस्ताक्षर गराई सम्बन्धित फर्म र कम्पनीहरूलाई रकम भुक्तानी गरिएको भनी निज प्रतिवादी उपर आरोपदाबी लिएको देखिन्छ।

८९. **प्रतिवादी राजुप्रसाद न्यौपानेले** आ.व. ०७४/०७५ र ०७५/०७६ मा उक्त गाउँपालिकाको विद्युतीकरण कार्यमा उपभोक्ता समितिसँग सम्झौता गरी कार्यान्वयन हुने विद्युतीकरण योजनाहरूको जनसहभागिताको अंश र कन्टिन्जेन्सीको रकम उल्लेख नभएको लागत अनुमानहरू स्वीकृत गरेको देखिन्छ। थप विद्युतीकरण कार्यको लागत अनुमान नै तयार नगरी प्रतिष्पर्धा नहुने गरी सबै उपभोक्ता समितिहरूको लागि विभिन्न फर्महरूको नामबाट दररेट लिएको देखाई ट्रान्सफर्मर पोल बाहेकका सम्पूर्ण सामाग्रीहरू एउटै व्यक्ति डि.जे. सप्लायर्सको प्रोप्राइटर दिपेन्द्र संग्रौलाबाट खरिद गराएको पाइन्छ। त्यस्तै आवश्यक पर्ने भन्दा अस्वभाविक रुपमा बढी सामान खरिद गरी गराई तथा थप कार्य गर्दा ०.०३ र ०.०५ कन्डक्टर तार बढी मूल्य तिरेको समेत माथिका प्रकरणहरूमा व्याख्या गरिएको छ। पालिकालाई आवश्यक पर्ने भन्दा बढी खरिद गरी सामानहरू प्राप्ति, खर्च र बाँकिको अभिलेख नै नराखी विद्युतीकरणको पोल गाड्ने, तार तान्ने, ट्रान्सफर्मर जडान समेतको लेवर कार्य कानून विपरीत पाईक कन्स्ट्रक्सन प्रा.लि.सँग सम्झौता गरी/गराई काम गराएको देखिन्छ। श्रमिक खर्चमा समावेश भएको मूल्य अभिवृद्धि करसमेत उपभोक्ता समितिहरूलाई भुक्तानी दिई तार तान्ने, ज्यालाको कामको फिल्डमा खुद भए गरेको काम भन्दा बढी परिमाण देखाई झुट्टा बिलहरू जारी गरिएको पाइन्छ। उक्त झुट्टा बिलहरू समेतमा योजना सम्झौताका शर्तहरू, गाउँ कार्यपालिकाको निर्णय र विद्यमान कानून विपरीत प्राविधिक मूल्याङ्कन प्रतिवेदन, नापी किताब, कार्य सम्पन्न प्रतिवेदन र अनुगमन प्रतिवेदन बिना सामानहरू खरिद र ज्यालाको बिलहरू मात्रको आधारमा निजले भुक्तानी दिएको भनी निज प्रतिवादी उपर लिएको आरोपदाबी अन्यथा देखिन आउँदैन।

९०. **प्रतिवादी दुर्गाबहादुर डिम्दोङ तामाङले** लिखु तामाकोशी गाउँपालिकाले आ.व. ०७४/०७५ र ०७५/०७६ मा उक्त गाउँपालिकाको वडा नं. ५ (साबिक नागदह गा.वि.स. वडा नं. १-५ र ६-९) तथा वडा नं. ४ (साविक बिजुलीकोट)

मा गरेको विद्युतीकरण कार्यमा प्रतिष्पर्धा नहुने गरी सबै उपभोक्ता समितिहरूको लागि विभिन्न फर्महरूको नामबाट दररेट लिएको देखाई ट्रान्सफर्मर, पोल बाहेकका सम्पूर्ण सामाग्रीहरू एउटै व्यक्तिबाट आवश्यक पर्ने भन्दा अस्वभाविक रुपमा बढी सामान खरिद गरी गराई तथा थप कार्य गर्दा ०.०३ र ०.०५ कन्डक्टर तार बढी मुल्य तिरी आवश्यक पर्ने भन्दा बढी खरिद गरी सामान प्राप्ति, खर्च र मौज्दातको अभिलेख नराखी उपभोक्ता समितिले सम्झौता गरी जिम्मा लिएको विद्युतीकरण कार्यको पोल गाड्ने, तार तान्ने जडान समेतको श्रमिक कार्य कानून विपरीत पाईक कन्स्ट्रक्सन प्रा.लि. सँग सम्झौता गरी गराई श्रमिक खर्चमा समावेश भएको मुल्य अभिवृद्धि कर समेत उपभोक्ता समितिलाई भुक्तानी दिई तार तान्ने ज्यालाको कार्य फिल्डमा खुद भए गरेको भन्दा बढी देखाई जारी गरिएको झुट्टा बिल समेतमा योजना सम्झौताका शर्तहरू, गाउँ कार्यपालिकाको निर्णय र विद्यमान कानून विपरीत प्राविधिक मूल्याङ्कन प्रतिवेदन, नापी किताब, कार्य सम्पन्न प्रतिवेदन र अनुगमन प्रतिवेदन विना खरिद बिलहरू र ज्यालाको काम गरेको बिल मात्रको आधारमा जनसहभागिताको अंश र कन्टिजेन्सीको रकम कट्टा नगरी भुक्तानी दिई निज प्रतिवादी उपर आरोपदाबी लिएको देखिन्छ।

९१. **प्रतिवादीहरू अमृत बहादुर तामाङ (रुम्बा) भन्ने अमृत बहादुर तामाङले** उपभोक्ता समितिहरूसँग सम्झौता गरी काम सम्पन्न गरेकोमा ०.०५ र ०.०३ कन्डक्टर तार तान्ने ज्यालाको खुद गरेको काम भन्दा बढीको काम गरेको देखाई तथा फिल्डमा कनेक्टिङ स्वीच जडान नभएको अवस्थामा समेत जडानको काम गरेको देखाई झुट्टा बिलहरू जारी गरी गर्न लगाई उक्त बिलहरूबाट नभएको नगरेको कामको भुक्तानी लिने/दिने कार्य गरेको भनी निज प्रतिवादी उपर मतियारको आरोपदाबी लिएको देखिन्छ।

९२. **प्रतिवादी टंक प्रसाद चौलागाईले** लिखु तामाकोशी गाउँपालिकाले आ.व. ०७५/०७६ मा वडा नं. ५ नागदह १-५ र ६-९ तथआ वडा नं. ४ बिजुलीकोट र वडा नं. १ साविक दुरागाउँ गा.वि.स. वडा नं. १-९ र थप विद्युत प्रसारण योजना होपिनामा गरेको विद्युतीकरण कार्यमा निज टंक प्रसाद चौलागाईले विभिन्न शीर्षकको रकमबाट गाउँकार्यपालिका र गाउँसभाको निर्णय बिना गाउँपालिका अध्यक्षबाट सदर भएका टिप्पणी आदेश र निजको तोक बमोजिम खर्च लेखी सम्झौताका शर्तहरू र गाउँसभा र गाउँ कार्यपालिकाबाट भएका निर्णय तथा खरिद निर्माण सम्बन्धी विद्यमान कानून विपरीत उपभोक्ता समितिहरू र गाउँ कार्यपालिकाको कार्यालयको नाममा लागत अनुमानको मूल्य भन्दा अस्वाभाविक रुपमा बढी मूल्य तिरी आवश्यक पर्ने भन्दा अस्वाभाविक रुपमा बढी खरिद गरिएका विद्युतीकरण सम्बन्धी सामाग्रीहरूको प्राप्ति, खर्च र बाँकीको अभिलेख नराखी त्यस मध्ये कतिपय सामानहरू हिनामिना गरी प्राविधिक मूल्याङ्कन, नापी किताब कार्य सम्पन्न प्रतिबदन, अनुगमन समितिको प्रतिवेदन लगायतका भुक्तानी सम्बन्धी अत्यावश्यक कागजातहरू विना खरिद बिलहरू मात्रको आधारमा जनसहभागिताको अंश र कन्टिन्जेन्सीको रकम कट्टा नगरी भुक्तानी दिई लिखु तामाकोशी गाउँपालिका, वडा नं. १ साविक नागदह गा.वि.स. र वडा नं. ४ साविक बिजुलीकोटगा. वि.स.को विद्युतीकरण कार्यमा निजले भुक्तानी दिएको भनी निज प्रतिवादी उपर आरोपदाबी लिएको देखिन्छ।

९३. **यी प्रतिवादीहरूले अनुसन्धानको क्रममा तथा यस अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कारी रही बयान गरेको भएता पनि निज** प्रतिवादी गोविन्दबहादुर खड्का **गाउँपालिका अध्यक्ष रहेको, प्रतिवादी** टंकप्रसाद चौलागाईं तत्कालीन प्रमुख प्रशासकीय अधिकृत रहेको, **प्रतिवादी राजुप्रसाद न्यौपानेसमेत** तत्कालिन प्रमुख प्रशासकीय अधिकृत **रहेको र निजहरूको भूमिका निर्णायक रहेकोमा विवाद छैन। त्यस्तै, प्रतिवादीहरू दुर्गाबहादुर डिम्दोङ तामाङ र नोर्बु लामा** गाउँपालिका रामेछापको तत्कालीन लेखापाल रहेकोमा निजहरूको भुक्तानी कार्यमा निर्णायक भूमिका नै रहेको देखिन्छ।

९४. यी प्रतिवादीहरूको भूमिका निर्णायक र उत्तरदायी हुने भन्ने सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट भएका व्याख्याको सन्दर्भमा पनि हेरिनु मनासिब हुन आउँछ। यस सम्बन्धमा "*सम्बन्धित अधिकृत मातहत काम गर्ने कर्मचारीहरूका काम कारवाहीको प्रत्यक्ष नियन्त्रण गर्ने, संस्थाको हितमा निजहरूलाई परिचालन गर्ने र मातहतकालाई निर्देशित गरी*

*अमूक काम अमूक ढङ्गबाट अमूक परिणाम आउने गरी सम्पादन गराउने जिम्मेवारी भएको अधिकृत व्यक्ति आफू मातहतका मानिसका काम प्रति जिम्मेवारी रहन्छ। यदि त्यस्तो नहुने हो र हरेक व्यक्ति आफ्नो कार्य सम्पादन प्रति स्वतन्त्र रहन जाने हो भने संस्थाको एकिकृत नतिजा (Integrated Out put) प्राप्त नभई समन्वयको अभावमा जथाभावी कार्य सम्पादन हुन जाने कारण संस्थाको हित प्रतिकूल भएर संस्था असफल नहोस भन्नका लागि क्रमशः सानादेखि ठूलासम्मका कर्मचारीलाई पिरामीड ढङ्गबाट उपयूक्त समूह व्यवस्थित गरी उपल्लो तहको कर्मचारीलाई प्रमुख बनाई संस्थाको नीति नियमानुसार र निर्धारित जिम्मेवारी लिएका व्यक्तिले मातहतकाले गरेको कार्यको जिम्मेवारी वहन गर्न पर्ने होइन भन्न नमिल्ने*[३]" भनी श्री सर्वोच्च अदालतबाट मान्य सिद्धान्त समेत प्रतिपादित भएको देखिन्छ। प्रस्तुत मान्य सिद्धान्त प्रतिवादीहरू गोविन्दबहादुर खड्का, टंकप्रसाद चौलागाई, राजुप्रसाद न्यौपाने, दुर्गाबहादुर डिम्दोङ तामाङ र नोर्बु लामाको हकमा समेत लागू हुने देखिन्छ।

९५. त्यस्तै अर्को मुद्दा राजेश अधिकारी विरुद्ध नेपाल सरकार भएको मुद्दामा "*सामान खरिद गर्दा नगरपालिकाको बोर्डको निर्णय वा नगर प्रमुखको आदेशबिना खरिद हुन सक्ने कानूनी अख्तियारी नै देखिन्न र त्यसरी खरिद भएको भन्ने पनि छैन। नगरपालिकाद्वारा खरिद गरिएको सामानमा भ्रष्टाचार भएको भए सामान खरिद गर्न आदेश दिने वा अनुमोदनको निर्णय गर्ने मुख्य निर्णयकर्ता पदाधिकारीले नै पहिलो जिम्मेवारी लिनुपर्ने*"[४] भनी सिद्धान्त प्रतिपादित भएको देखिन्छ। उल्लिखित प्रतिपादित सिद्धान्त यस मुद्दामा समेत ग्रहण गर्न सकिने देखिन्छ। जसअनुसार निर्णायक तहमा रहेका गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतहरू एवम् लेखा अधिकृतहरूले प्रमुख रुपमा जिम्मेबार हुनु पर्ने देखिन्छ।

९६. यस मुद्दामा यी प्रतिवादीहरूको खरिद तथा भुक्तानी समेतका कार्यमा अहम् भूमिका रहेकोले निज प्रतिवादीहरू कुनै न कुनै तरिकाले उत्तरदायी भएको संस्थामा यदि रकम हिनामिना हुन्छ भने सोको जवाफदेही निजै प्रतिवादीहरू हुने र अन्यथा प्रमाणित नभएमा हिनामिना भएको रकम निज प्रतिवादीहरूकै मिलेमतोमा हिनामिना गरेको भनी मान्नु पर्ने देखिन्छ।

९७. अतः प्रतिवादीहरू गोविन्दबहादुर खड्का, राजुप्रसाद न्यौपाने, टंकप्रसाद चौलागाई, दुर्गाबहादुर तामाङ र नोर्बु लामाको हकमा मिति २०७४/३/२८ को गाउँ कार्यपालिकाको निर्णयअनुसार **"उज्यालो लिखु गाउँपालिका"** बनाउने निर्णय गरी बिद्युतीकरण योजना प्रारम्भ गरेको देखिन्छ। सो योजना अन्तर्गत उक्त गाउँपालिकाको मिति २०७४/३/३० को गाउँसभाबाट भएको निर्णयबमोजिम आ.ब. २०७४/०७५ का लागि रु.३,००,००,०००। (तीन करोड रुपैयाँ) बिनियोजन गर्ने निर्णय भएको पाइन्छ। त्यसैगरी आ.ब. २०७५/०७६ का लागि उक्त गाउँसभाको मिति २०७५/३/२३ को निर्णय अनुसार रु.४,०९,००,०००। (चार करोड नब्बे लाख) बजेट बिनियोजन गरी स्वीकृत गरेको देखिन्छ। त्यस्तै गाउँपालिकाको कार्यपालिकाबाट विभिन्न मितिमा टिप्पणी आदेशको माध्यमबाट बजेट रकमान्तर गरी उक्त योजनामा खर्च गरेको देखिन्छ। यसरी बिनियोजित बजेट खर्च गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उल्लिखित कानूनी ब्यवस्थाको परिपालना गर्नुपर्नेमा सो नगरी कानून विपरीत एउटै योजनाको निमित्त बिनियोजित रु.एक करोड भन्दा बढीको बजेटलाई टुक्र्याई खर्च गरेको देखिन्छ। निज प्रतिवादीहरूले प्रचलित कानून विपरीत प्राविधिक मूल्याङ्कन प्रतिवेदन, नापी किताब, कार्य सम्पन्न प्रतिवेदन समेत नलिई सो बिना समान खरिद र ज्यालाको बिलको आधारमा मात्र भुक्तानी दिएको पाइन्छ। स्वीकृत बजेटको आकार हेर्दा, बोलपत्र आह्वान गरी कानूनी प्रक्रिया पूरा गरी मात्र योजना कार्यान्वयनमा लैजानु पर्नेमा सो नगरी छुट्टाछुट्टै सातवटा उपभोक्ता समिति गठन गरी गराई टुक्रे योजनाको रुपमा गरेको कार्यमा निज प्रतिवादीहरूको बदनियत देखिन आयो।

---

३ नेपाल सरकार बि. लक्ष्मण श्रेष्ठ समेत, ने.का.प २०६४, अंक ५ निर्णय नं. ७८१५।

४ पुनरावेदक राजेश अधिकारी विरुद्ध नेपाल सरकार, ने.का.प, २०६८ निर्णय नं.८६३६।

९८. माथि प्रकरणहरूमा प्रतिवादीहरू गोविन्दबहादुर खड्का, राजुप्रसाद न्यौपाने, टंकप्रसाद चौलागाई, दुर्गाबहादुर तामाङ र नोर्बु लामाले गरेको उल्लिखित कार्यबाट सरकारलाई गैरकानूनी हानिनोक्सानी पुग्न गएको देखिंदा निज प्रतिवादीहरूबाट भएको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा १ को खण्ड (ङ) र (च) अन्तर्गतको कसूर पुष्टि हुन आयो।

९९. तसर्थ निज प्रतिवादीहरूलाई सोही ऐनको दफा ८(१) बमोजिम प्रतिवादी गोविन्दबहादुर खड्कालाई निजको पदीय दायित्व र जिम्मेवारीसमेतलाई मध्यनजर गरी ६ महिना कैद र सोही पदीय हैसियत र जिम्मेवारी अनुसार **रु.१,९९,३२,५०९।८८ (एक करोड उनान्सय लाख बत्तीस हजार पाँच सय नौ रुपैयाँ अठासी पैसा)** जरिबाना समेत हुने ठहर्छ। अर्का प्रतिवादी **राजुप्रसाद न्यौपाने र टंकप्रसाद चौलागाई**को हकमा जनही कैद **३ महिना कैद र निजहरूको पदीय जिम्मेवारी अनुसार जनही रु.६३,१०,८३६।६२ (त्रिसठ्ठी लाख दश हजार आठ सय छत्तीस रुपैयाँ बैसठ्ठी पैसा)** जरिबाना हुने ठहर्छ। त्यस्तै प्रतिवादीहरू **दुर्गा बहादुर डिमडोङ तामाङ र नोर्बु लामा**को हकमा जनही कैद ३ महिना कैद र निजहरूको पदीय हैसियतअनुसार जनही **रु.३१,५५,४१८।३१** जरिबाना हुने ठहर्छ। उपर्युक्त प्रतिवादीहरूलाई ठहर भएको जरिबाना बराबरको रकम निज प्रतिवादीहरूबाट बिगो असुल उपर हुनेसमेत ठहर्छ। अन्यमा दावी पुग्दैन।

१००. पाइक कन्स्ट्रक्सन प्रा.लि. का संचालक अमृतबहादुर तामाङ (रुम्बा) को हकमा हेर्दा, खुद गरेको काम भन्दा बढीको काम देखाई झुट्टा बिल जारी भुक्तानी लिएको देखिंदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) को कसूरको मतियार भई सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिमको कसूर गरेको देखिंदा निजलाई सोही ऐनको दफा २२ बमोजिम ३ महिना कैद र बिगो बमोजिम **रु.४२,३५,६८६।४७** जरिबाना तथा सो बिगो रकमसमेत निजबाट असुल उपर हुने ठहर्छ। अन्य प्रतिवादीहरूको कार्यमा कुनै बदनियत पुष्टि हुन नआएको हुँदा अभियोग दावीबाट सफाइ पाउने ठहर्छ। अरुमा तपसिलबमोजिम गर्नू।

**सदस्य** **अध्यक्ष**

**फैसला तयार गर्न सहयोग पुऱ्याउनेः**
*इजलास अधिकृतः सागर भण्डारी*
*कम्प्युटर अपरेटरः भानु बस्नेत*
इति संवत् २०८० साल चैत्र महिना १२ गते रोज २ शुभम्.............................................................।

**श्री**
**विशेष अदालत काठमाडौं**
**इजलास**
**अध्यक्ष माननीय श्री टेक  नारायण कुँवर**
**सदस्य माननीय श्री मुरारीबाबु श्रेष्ठ**
**फैसला**
**इजलास नं.१**
**मुद्दा नं.: २०७८-CR-००८३**
**दर्ता मितिः २०७९/०१/११**
**फैसला मितिः २०८१/०१/२४**
**नि.नं.: २६१**

**मुद्दा :- सरकारी सार्वजनिक सम्पत्तिको गैरकानूनी रुपमा दर्ता भोग चलन।**

**वादी** : अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकृत प्रकाश बुढाथोकी  समेतको प्रतिवेदनले नेपाल सरकार।

**विरुद्ध**

**प्रतिवादी** : जिल्ला कञ्चनपुर भीमदत्त नगरपालिका वडा नं. ४ (साविक महेन्द्रनगर नगरपालिका वडा नं. ४) बस्ने केशव दत्त पनेरुको नाति, महानन्द पनेरुको छोरा तत्कालीन महेन्द्रनगर नगर विकास समितिको अध्यक्ष पदमा कार्यरत **कान्तुराम पनेरु**समेत।

**ठहर खण्ड**

१. विशेष अदालत नियमावली, २०८० को नियम ४४ बमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरियो। वादी नेपाल सरकारको तर्फबाट विशेष सरकारी वकिल कार्यालयका विद्वान् उपन्यायाधिवक्ता श्री गोपाल लामिछानेले नगरको विकासको लागि महेन्द्रनगर विकास समितिको नाममा प्राप्त भएको जग्गा गुरु योजनाबमोजिम उपयोग गरेर विकास गर्नुपर्ने हो। नगर विकास समितिबाट निर्णय नगराई गैरकानूनी रुपमा सो नगर विकास समितिका कर्मचारीहरूलाई जग्गा वितरण गर्ने टिप्पणी उठाई, पेस गरी सो समितिका अध्यक्ष कान्तुराम पनेरुले आफूमा हुँदै नभएको अधिकार प्रयोग गरी टिप्पणी सदर गरेको देखिन्छ। भुमिसुधार तथा मालपोत कार्यालय कञ्चनपुरका प्रमुख तथा कर्मचारीहरू समेतको संलग्नतामा महेन्द्रनगर नगर विकास समितिको ३४६८.२० वर्गमिटर जग्गा नगर विकास समितिका कर्मचारीहरूको नाममा कायम गरी गराई सो नगर विकास समितिलाई हानि पुऱ्याएको देखिदा आरोपदाबी बमोजिम हुन अनुरोध छ भन्ने बहस प्रस्तुत गर्नुभयो।

२. प्रतिवादीहरू कान्तुराम पनेरु र गंगादत्त भट्टको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री विश्वदीप अधिकारी र विद्वान् अधिवक्ता श्री कमलनयन पन्तले, प्रतिवादी लाल बहादुर ओखेडाको तर्फबाट विद्वान् अधिवक्ता श्री राजेन्द्र पाण्डेले, प्रतिवादीहरू लक्ष्मणदत्त जोशी र दुर्गा प्रसाद पनेरुको तर्फबाट विद्वान् अधिवक्ता श्री रमेश प्रसाद जोशीले, प्रतिवादीहरू विशन सिंह थापा, जय बहादुर विष्ट र नमराज भट्टको तर्फबाट विद्वान् अधिवक्ता श्री सुवास आचार्यले, प्रतिवादी चन्द्र प्रसाद चौधरीको तर्फबाट विद्वान् अधिवक्ता श्री गोपी शर्मा सुवेदीले, प्रतिवादीहरू मोहनदेव भट्ट र पुष्पराज भट्टको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री गोपालकृष्ण घिमिरेले बहस गर्नुभयो।

३. प्रतिवादीहरूको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ताहरू एवम् विद्वान् अधिवक्ताहरूले गर्नुभएको बहसमा महेन्द्रनगर नगर

विकास समितिको मिति २०६४/०७/३० को निर्णयको आधारमा सो नगर विकास समितिका कर्मचारीहरूले जग्गा प्राप्तिको लागि निवेदन दिएको देखिन्छ। सो निर्णयको आधारमा कर्मचारीहरूलाई जग्गा वितरण गर्ने टिप्पणी सदर भएको हो। मूल्य नलिई जग्गा बिक्री गरेको भन्ने दाबी छ। तोकिएको मूल्य बुझाएर, लिएर जग्गा वितरण गरिएको हो। सरकारी जग्गा वितरण गरेको नभई स्वायत्त संस्थाको रुपमा रहेको महेन्द्रनगर विकास समितिको जग्गा सो संस्थाले वितरण गरेको हो। सो संस्थाको जग्गा बिक्री गर्न नपाइने कानूनले व्यवस्था गरेको छैन। नगर विकास समितिको स्वामित्वको जग्गा मूल्य लिएर वितरण गरिएको हो। कानूनले नगर्नु भनेको काम गरिएको छैन। नगर विकास समितिले वितरण गरेको जग्गा सम्बन्धित व्यक्तिको नाममा दर्ता गर्न जग्गाको अभिलेख राख्ने निकाय मालपोत कार्यालयमा लेखी पठाएबमोजिम मालपोत कार्यालयबाट जग्गाको फिल्डबुक मागेर दा.खा. गरेको हो। जग्गा वितरण गर्ने कार्यमा मालपोत कार्यालयका कर्मचारीको संलग्नता छैन। प्रतिवादीहरूले आरोपदाबी बमोजिमको कसुर गरेको पुष्टि नभएको हुँदा आरोपदाबी बमोजिम हुनु नपर्ने भन्ने बेहोराको जिकिर लिनुभयो।

४. जग्गा वितरण गर्ने सम्बन्धमा कानून बमोजिम कुनै कारवाही नभएको अवस्थामा महेन्द्रनगर नगर विकास समितिको स्वामित्वमा रहेको तत्कालीन मूल्याङ्कनबमोजिम रु.२९,७४,३६०।- मूल्यको ३४६८.२० वर्ग मिटर जग्गा सो समितिका कर्मचारीहरूलाई वितरण गर्ने समितिका अध्यक्ष प्रतिवादी कान्तुराम पनेरुले टिप्पणी सदर गरी सो निर्णयको आधारमा भुमिसुधार तथा मालपोत कार्यालय कन्चनपुरबाट सो नगर विकास समितिका कर्मचारीहरूको नाममा कायम गरी/गराई महेन्द्रनगर नगर विकास समितिलाई हानि पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कसुर भएकोले सो कसुरमा संलग्न देहायका प्रतिवादीहरूलाई देहायबमोजिम आरोपित गरी सजायको माग दाबी लिएको देखिन्छः

| सि.नं. | प्रतिवादीको नाम | आरोपित कसुर | बिगो | सजाय माग दाबी |
|---|---|---|---|---|
| १. | कान्तुराम पनेरु | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) | रु.२९,७४,३६०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र दफा २४ बमोजिम सजाय गरी दफा ८ को उपदफा (१) बमोजिम बिगो असुल। |
| २. | चन्द्र प्रसाद चौधरी | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) | रु.२९,७४,३६०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र दफा २४ बमोजिम सजाय गरी दफा ८ को उपदफा (१) बमोजिम बिगो असुल। |
| ३. | पुष्पराज भट्ट | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) | रु.२९,७४,३६०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी दफा ८ को उपदफा (१) बमोजिम बिगो असुल। |
| ४. | हिरा सिंह विष्ट | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) | रु.३,९५,४३७।५० | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी दफा ८ को उपदफा (१) बमोजिम बिगो असुल। |
| ५. | लक्ष्मणदत्त जोशी | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) | रु.३,८६,१८७।५० | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी दफा ८ को उपदफा (१) बमोजिम बिगो असुल। |
| ६. | दुर्गा प्रसाद पनेरु | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) | रु.३,१७४६०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी दफा ८ को उपदफा (१) बमोजिम बिगो असुल। |

| सि.नं. | प्रतिवादीको नाम | आरोपित कसुर | बिगो | सजाय माग दाबी |
|---|---|---|---|---|
| ७. | गंगादत्त भट्ट | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) | रु.३,६२,१००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी दफा ८ को उपदफा (१) बमोजिम बिगो असुल। |
| ८ | मोहन देव भट्ट | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) | रु.३,०४,८३७।५० | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी दफा ८ को उपदफा (१) बमोजिम बिगो असुल। |
| ९ | लाल बहादुर ओखेडा | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) | रु.३,९५,४३७।५० | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी दफा ८ को उपदफा (१) बमोजिम बिगो असुल। |
| १० | हर्क नारायण जोशी | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) | रु.२,५१,२६०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी दफा ८ को उपदफा (१) बमोजिम बिगो असुल। |
| ११ | विशन सिंह थापा | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) | रु.२९,७४,३६०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी दफा ८ को उपदफा (१) बमोजिम बिगो असुल। |
| १२ | दलजित भट्ट | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) को कसुरको मतियार | रु.२६,६३,९८०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम दफा ८ को उपदफा (१) बमोजिम हुने सजायको आधा सजाय गरी आधा बिगो असुल। |
| १३ | जय बहादुर विष्ट | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) को कसुरको मतियार | रु.३,१०,३८०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम दफा ८ को उपदफा (१) बमोजिम हुने सजायको आधा सजाय गरी आधा बिगो असुल। |
| १४ | नमराज भट्ट | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) को कसुरको मतियार | रु.२९,७४,३६०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम दफा ८ को उपदफा (१) बमोजिम हुने सजायको आधा सजाय गरी आधा बिगो असुल। |
| १५ | दिपा कुमारी भट्ट | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम निजको नाममा कायम रहेको कि.नं.१५६७ को जग्गा जफत हुन। | – | – |
| १६ | विन्दु जोशी पाण्डेय | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम निजको नाममा कायम रहेको कि.नं.३६८० को जग्गा जफत हुन। | – | – |

| सि.नं. | प्रतिवादीको नाम | आरोपित कसुर | बिगो | सजाय माग दाबी |
|---|---|---|---|---|
| १७ | कमला भट्ट | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम निजको नाममा कायम रहेको कि.नं.३६३७ को जग्गा जफत हुन। | – | – |
| १८ | तारा देवी नाथ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम निजको नाममा कायम रहेको कि.नं.८२२१ को जग्गा जफत हुन। | – | – |
| १९ | राधा देवी पन्त | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम निजको नाममा कायम रहेको कि.नं.८२२२ को जग्गा जफत हुन। | – | – |
| २० | जयन्द्र राज पाण्डे | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम निजको नाममा कायम रहेको कि.नं.७८५९ को जग्गा जफत हुन। | – | – |
| २१ | जयराज पन्त | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम निजको नाममा कायम रहेको कि.नं.७८६० को जग्गा जफत हुन। | – | – |
| २२ | सरस्वती देवी गुरु | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम निजको नाममा कायम रहेको कि.नं.४७९२ र ४७९३ को जग्गा जफत हुन। | – | – |

५. प्रतिवादीहरूले अदालतमा गरेको बयानमा महेन्द्रनगर नगरविकास समितिका कर्मचारीहरूले घडेरी जग्गा माग गरेको सम्बन्धमा छलफल हुँदा समितिले घडेरी जग्गा वितरण गरेका बखत कर्मचारीहरूको मागलाई मध्यनजर गरी सहानुभूतिपूर्वक प्राथमिकता दिने भन्ने समितिको मिति २०६४।७।३० को निर्णयको आधारमा कर्मचारीहरूलाई समितिको जग्गा दिने निर्णय भएको, समितिले तोकेको मूल्य बुझाएर जग्गा प्राप्त गरेको, समितिको निर्णय र पत्रबमोजिम जग्गा प्राप्त गर्ने व्यक्तिहरूको नाममा भुमिसुधार तथा मालपोत कार्यालयबाट दर्ता गरेको, मूल्य तिरेर जग्गा प्राप्त गरेको हुँदा महेन्द्रनगर नगर विकास समितिलाई कुनै हानिनोक्सानी नभएको भन्ने बेहोराको जिकिर लिई आरोपित कसुरमा इन्कार भएको देखिन्छ।

६. उपर्युक्त आरोपदाबी र प्रतिवादीहरूको बयान जिकिर भएको प्रस्तुत मुद्दामा विद्वान् उपन्यायाधिवक्ता एवम् विद्वान् वरिष्ठ अधिवक्ताहरू र विद्वान् अधिवक्ताहरूको बहस जिकिर समेतलाई दृष्टिगत गरी प्रस्तुत मुद्दामा निम्न प्रश्नमा निर्णय दिनुपर्ने देखियोः

**क) आरोपदाबी बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कसुर भए/नभएको ?**

**ख) आरोपदाबी बमोजिमको उक्त कसुर भएको भए सो कसुरमा कुन कुन प्रतिवादीको संलग्नता रही आरोपित कसुरमा संलग्न प्रतिवादीहरूलाई के कस्तो सजाय हुनुपर्ने हो ?**

७. पहिलो प्रश्नको सम्बन्धमा विचार गर्दा, महेन्द्रनगर नगर विकास समितिको स्वामित्वमा रहेको देहाय बमोजिमको जग्गा सो समितिका देहायका कर्मचारीहरूलाई वितरण गर्ने सो समितिका अध्यक्षबाट मिति २०६४/०९/०६ मा निर्णय भई सो निर्णयको आधारमा निम्नबमोजिमको जग्गाहरू निज कर्मचारीहरूको नाममा दर्ता गरिएको देखिन्छः

| सि.नं. | जग्गा प्राप्त गर्ने कर्मचारीको नाम | जिल्ला | नगरपालिका | वडा नं. | कि.नं. | क्षेत्रफल वर्ग मिटर |
|---|---|---|---|---|---|---|
| १ | पुष्पराज भट्ट | कञ्चनपुर | भीमदत्त | १८ | ३६७६ | ४२०.०० |
| २ | मोहन देब भट्ट | | | १८ | ३६८० | ४१२.५० |
| ३ | हिरा सिंह विष्ट | | | १८ | ३६७७ | ४२७.५० |
| ४ | दानसिंह कार्की | | | १८ | ३८५१ | ३४०.०० |
| ५ | लक्ष्मण दत्त जोशी | | | १८ | ३६७८ | ४१७.५० |
| ६ | दुर्गा प्रसाद पनेरु | | | ४ | १५६७ | ३४३.२० |
| ७ | हर्क नारायण जोशी | | | १८ | ३६३७ | ३४०.०० |
| ८ | गंगा दत्त भट्ट | | | १८ | ४७९२, ४७९३ | ३४०.०० |
| ९ | लाल बहादुर ओखेडा | | | १८ | ३६७९ | ४२७.५० |

८. नगर विकास ऐन, २०४५ को दफा ४ मा नगर विकास समितिको गठन सम्बन्धी व्यवस्था भएको पाइन्छ। सो ऐनको दफा ११ ले नगर विकास समितिको काम कर्तब्य र अधिकारको व्यवस्था गरेको पाइन्छ। सो व्यवस्थाअनुसार नगर विकास समितिको नाममा रहेको विकसित घडेरी वा जग्गा वितरण गर्ने अधिकार नगर विकास समितिलाई मात्र भएको देखिन्छ। कर्मचारीको हकमा समितिको निर्णयबिना नै समितिको अध्यक्षले समितिको जग्गा वितरण गर्न सक्ने कुनै कानूनी व्यवस्था भएको पाईंदैन। मिति २०६४/०९/०६ मा उपर्युक्त जग्गाहरू समितिका कर्मचारीलाई दिने गरी नगर विकास समितिबाट निर्णय नभई समितिको अध्यक्ष प्रतिवादी कान्तुराम पनेरुको एकल निर्णयबाट वितरण गर्ने निर्णय भएको देखिन्छ। निज अध्यक्षले कुन कानूनी आधार लिई जग्गा वितरण गर्ने निर्णय गरेका हुन, सो कुरा निर्णयमा खुलाउन सकेको पाइदैन।

९. **"महेन्द्रनगर नगर विकास समितिका कर्मचारीहरूले घडेरी जग्गा माग गरेको सम्बन्धमा छलफल हुँदा यस समितिले घडेरी जग्गा वितरण गरेका वखत कर्मचारीको मागलाई मध्यनजर गरी सहानुभूतिपूर्वक प्राथमिकता दिने निर्णय गरियो"** भन्ने महेन्द्रनगर नगर विकास समितिबाट मिति २०६४/०७/३० मा भएको निर्णयको आधारमा मिति २०६४/०९/०६ मा समितिका अध्यक्षबाट समितिका कर्मचारीहरूलाई महेन्द्रनगर विकास समितिको स्वामित्वमा रहेको जग्गाहरू वितरण गर्ने निर्णय भएको देखिन्छ। उक्त मिति २०६४/०७/३० मा भएको निर्णयमा कर्मचारीले माग गरेमा समितिमा पेस नगरी अध्यक्षले सिधै दिन सक्ने भन्ने निर्णय भएको देखिंदैन। कर्मचारीको मागलाई मध्यनजर गरी सहानुभूतिपूर्वक प्राथमिकता दिने भन्ने समितिबाट पहिले भएको निर्णयको आधारमा कर्मचारीहरूले माग गरेमा समितिमा पेस नगरी अध्यक्षको एकल निर्णयबाट समितिको जग्गा वितरण गर्न मिल्ने देखिएन। सार्वजनिक निकायको नाममा रहेको अचल सम्पत्ति जग्गा जस्तो कुरा कसैलाई सहानुभूति राखी वितरण गर्ने, बाँडीचुडी लिने र सरकारी सार्वजनिक सम्पत्ति व्यक्तिको निजी सम्पत्तिमा परिणत गर्ने कार्य कानूनतः मान्य हुन सक्दैन। कर्मचारीहरूको सेवा, सर्त, सुबिधा कानूनले निर्धारण गरेको हुन्छ। कानूनद्वारा निर्धारित सेवा, सर्त, सुबिधा बाहेक अतिरिक्त सुबिधा प्राप्त गर्न पनि कानूनकै बाटो अवलम्वन गरिनु पर्छ। कानून विपरीत कर्मचारीहरूलाई कुनै छुट, सुबिधा वा सार्वजनिक सम्पत्ति उपलब्ध गराइएको रहेछ भने त्यस्तो सुबिधा दिने कार्य अवैध हुन्छ।

१०. यसरी नगर विकास समितिको स्वामित्वमा रहेको जग्गाहरू के कति मूल्यमा कस्तो वर्गका व्यक्तिहरूलाई वितरण गर्ने भन्ने अधिकार नगर विकास समितिलाई भएकोमा महेन्द्रनगर विकास समितिका अध्यक्षले आफूमा हुँदै नभएको अधिकार गैरकानूनी रुपमा प्रयोग गरी जग्गा वितरण गर्दा अपनाउनु पर्ने प्रक्रियासमेत पूरा नगरी समितिका कर्मचारीहरूले जग्गा माग गरेको निवेदनको आधारमा महेन्द्रनगर विकास समितिको जग्गा समितिका कर्मचारीहरूलाई वितरण गर्ने निर्णय गरेको देखियो। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) मा **"आफू वा अरु कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याउने वा नेपाल सरकार वा सार्वजनिक संस्थालाई गैरकानूनी हानि पुऱ्याउने बदनियत राखेर देहायको कुनै काम गरेमा कसुरको मात्राअनुसार तीन महिनादेखि तीन वर्षसम्म कैद र बिगो खुलेकोमा बिगोबमोजिम जतिबाना गरी बिगो असुल उपर गरिनेछ। बिगो नखुलेकोमा तीन महिनादेखि तीन वर्षसम्म कैद र दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ"** भन्ने उल्लेख भई सो उपदफाको देहाय खण्ड (ज) मा **"सरकारी वा सार्वजनिक सम्पत्ति गैरकानूनी रुपमा आफ्नो वा अरु कसैको नाममा दर्ता, भोग चलन गर्ने गराउने"** भन्ने उल्लेख भएको पाइन्छ। जुन कार्यलाई कसुरजन्य कार्य मानिएको छ। उक्त व्यवस्था अनुसार आफू वा अरु कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याउने वा नेपाल सरकार वा सार्वजनिक संस्थालाई गैरकानूनी हानि पुऱ्याउने बदनियत राखेर सरकारी वा सार्वजनिक सम्पत्ति गैरकानूनी रुपमा आफ्नो वा अरु कसैको नाममा दर्ता तथा भोग चलन गरे गराएमा प्रस्तुत मुद्दामा दाबी गरिएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कसुर हुने देखियो।

११. नगर विकास समितिको स्वामित्वमा रहेको प्रस्तुत मुद्दाको विवादको जग्गाहरू वितरण गर्ने सम्बन्धमा नगर विकास समितिबाट आधिकारिक निर्णय नभएको अवस्थामा समितिको अध्यक्षले आफूमा नभएको अधिकार प्रयोग गरी समितिका कर्मचारीहरूलाई जग्गा वितरण गर्ने निर्णय गरेको देखिन्छ। कुनै कार्यको प्रकृतिबाट सो कार्य कस्तो मनसाय राखेर गरिएको भन्ने देखिन आउछ। समितिको स्वामित्वको जग्गा वितरण गर्ने अधिकार समितिलाई भएकोमा समितिमा पेस नै नगरी आफूलाई नभएको अधिकार प्रयोग गरेर समितिको कर्मचारीहरूलाई जग्गा वितरण गर्ने कार्यको प्रकृतिबाट सो कार्य बदनियत राखेर गरेको मान्नुपर्ने देखिन आयो। समितिको जग्गा वितरण गर्ने अधिकार समितिको अध्यक्षलाई नभएको अवस्थामा समितिको अध्यक्षले अनधिकृत तथा गैरकानूनी रुपमा समितिको जग्गा समितिका कर्मचारीहरूलाई वितरण गर्ने निर्णय गरी सो निर्णयको आधारमा कर्मचारीहरूको नाममा जग्गा दर्ता गरिएको हुँदा आरोपदाबी बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) को कसुरजन्य कार्य भएको देखिन आयो।

१२. महेन्द्रनगर विकास समितिको स्वामित्वमा रहेको जग्गा अनधिकृत तथा गैरकानूनी रुपमा वितरण गरी आरोपदाबी बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) को कसुरजन्य कार्य भएको देखिंदा अब सो कसुरजन्य कार्यमा कुन कुन प्रतिवादीहरूको के कस्तो संलग्नता रहेको भन्ने दोस्रो प्रश्नको सम्बन्धमा विचार गर्नुपर्ने देखियो। त्यस सम्बन्धमा सर्बप्रथम प्रतिवादीहरू कान्तुराम पनेरु, चन्द्र प्रसाद चौधरी र पुष्पराज भट्टको हकमा विचार गर्दा, विवादको जग्गाहरू वितरण गर्दाको अवस्थामा महेन्द्रनगर विकास समितिको प्रतिवादी कान्तुराम पनेरु अध्यक्ष, प्रतिवादी चन्द्र प्रसाद चौधरी सदस्य सचिव र प्रतिवादी पुष्पराज भट्ट ना.सु. पदमा बहाल रहेको देखिन्छ। महेन्द्रनगर नगर विकास समितिको नाममा रहेको जग्गा सो समितिका कर्मचारीहरूलाई वितरण गर्नको लागि प्रतिवादी पुष्पराज भट्टले टिप्पणी उठाएको, प्रतिवादी चन्द्र प्रसाद चौधरीले रायसाथ पेस गरेको र प्रतिवादी कान्तुराम पनेरुले पेस भएको टिप्पणी सदर गरेको भन्ने आधारमा यी प्रतिवादीहरूलाई आरोपित गरेको देखिन्छ। यी प्रतिवादीहरूले अनुसन्धानको क्रममा र यस अदालतमा गरेको बयानमा समेत विवादको जग्गाहरू वितरण गर्ने सम्बन्धमा प्रतिवादी पुष्पराज भट्टले टिप्पणी उठाएको, प्रतिवादी चन्द्र प्रसाद चौधरीले पेस गरेको र प्रतिवादी कान्तुराम पनेरुले टिप्पणी सदर गरेको कुरालाई स्वीकार गरेको देखिन्छ।

१३. महेन्द्रनगर विकास समितिको नाममा दर्ता रहेको जग्गाहरू प्राप्त गर्न माथि उल्लेख गरिएका कर्मचारीहरूले निवेदन दिएको भन्ने देखिन्छ। सो निवेदनबमोजिम कर्मचारीहरूलाई जग्गा वितरण गर्ने सम्बन्धमा समितिबाट कुनै आधिकारिक निर्णय नभएको अवस्थामा कर्मचारीहरूको निवेदन माग बमोजिम जग्गा वितरण गर्न प्रतिवादी पुष्पराज भट्टले टिप्पणी उठाएको, जग्गा वितरण गर्ने राय सहित प्रतिवादी चन्द्र प्रसाद चौधरीले टिप्पणी पेस गरेको र सो टिप्पणी प्रतिवादी कान्तुराम पनेरुले सदर गरेको अवस्थामा महेन्द्रनगर विकास समितिको स्वामित्वमा रहेको विवादको जग्गाहरू गैरकानूनी रुपमा वितरण गर्ने कार्यमा प्रतिवादीहरू **कान्तुराम पनेरु, चन्द्र प्रसाद चौधरी र पुष्पराज भट्टको** प्रत्यक्ष रुपमा संलग्नता रहेको देखियो। त्यसरी सार्वजनिक सम्पत्तिको रुपमा रहेको महेन्द्रनगर नगर विकास समितिको नाममा रहेको मूल्य रु.२९,७४,३६०।- को जग्गाहरू गैरकानूनीरुपमा व्यक्ति विशेषको नाममा हक हस्तान्तण गर्ने कार्यमा निज प्रतिवादीहरूको संलग्नता रहेको देखिन आएकोले निज प्रतिवादीहरूले आरोपदाबी बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) अन्तर्गतको कसुर गरेको देखिन आयो।

१४. प्रतिवादीहरू **मोहन देव भट्ट, हिरा सिंह विष्ट, लक्ष्मण दत्त जोशी, दुर्गा प्रसाद पनेरु, गंगादत्त भट्ट, लाल बहादुर ओखेडा र हर्क नारायण जोशीको** हकमा विचार गर्दा, यी प्रतिवादीहरू महेन्द्रनगर नगर विकास समितिको तत्काल कर्मचारी भई सो समितिको जग्गा प्राप्त गर्ने व्यक्ति भएको देखिन्छ। यी प्रतिवादीहरूले महेन्द्रनगर विकास समितिको नाममा रहेको विवादको जग्गाहरू आफ्नो नाममा दर्ताको लागि निवेदन दिई गैरकानूनी रुपमा आफ्नो नाममा दर्ता गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) बमोजिमको कसुर गरेको भन्ने आरोपदाबी भएको देखिन्छ। यी प्रतिवादीहरूले गरेको बयानमा आफूहरू सो समितिको कर्मचारी भएको नाताले सो समितिको अध्यक्षको निर्णयको आधारमा तोकिएको मूल्य बुझाई जग्गा प्राप्त गरेको भन्ने जिकिर लिएको देखिन्छ।

१५. यी प्रतिवादीहरूको निवेदन मागबमोजिम निज प्रतिवादीहरूलाई जग्गा वितरण गर्ने निर्णय भई निज प्रतिवादीहरूको नाममा जग्गा दर्ता भएको देखिन्छ। यी प्रतिवादीहरूले समितिको जग्गा आफ्नो नाममा दर्ताको लागि निवेदनसम्म दिएको देखिन्छ। कर्मचारीहरूलाई सहानुभूतिपूर्वक प्राथमिकता दिने भन्ने पहिला समितिबाट भएको निर्णयको आधारमा समितिको जग्गा यी प्रतिवादीहरूलाई वितरण गर्ने भनी अध्यक्ष कान्तुराम पनेरुले निर्णय गरेको र यी प्रतिवादीहरूले कर्मचारीको नाताले जग्गा प्राप्त गर्न माग गरी निवेदनसम्म गरेको अवस्थामा माग गर्नु नै कसुरजन्य कार्य हो भन्न मिल्ने हुँदैन। माग गर्नेले गैरकानूनी माग राखेको रहेछ भने पनि निर्णयकर्ताले विचार पुऱ्याउनु पर्ने हुन्छ। कानूनतः दिन मिल्ने भए माग पूरा हुने र नमिल्ने भए माग पूरा नहुने परिणामसम्म आउने अवस्था रहन्छ। सरकारी वा सार्वजनिक सम्पत्ति गैरकानूनीरुपमा आफ्नो वा अरु कसैको नाममा दर्ता, भोग चलन गर्ने गराउने कार्य गरेको अवस्थामा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कसुर हुने हो। जग्गा वितरण गर्ने निर्णय प्रक्रियामा यी प्रतिवादीहरूको कुनै भूमिका भएको देखिंदैन। यी प्रतिवादीहरूको निवेदन मागबमोजिम जग्गा वितरण गर्न मिल्ने/नमिल्ने सम्बन्धमा विचार गर्नुपर्ने दायित्व सम्बन्धित निर्णयकर्ताको हुन्छ। यी प्रतिवादीहरूको निवेदन मागबमोजिम जग्गा वितरण गर्न नमिल्नेमा निवेदन मागबमोजिम जग्गा वितरण गर्ने कारबाही तथा निर्णय नगरी निवेदन मागबमोजिम जग्गा वितरण नगर्न सकिने अवस्था भएको देखिन्छ। दिन नहुने कुनै सार्वजनिक सम्पत्ति कसैले दिएमा त्यस्तो सम्पत्ति फिर्ता गर्नुपर्ने दायित्वसम्म लिने व्यक्तिको हुन्छ। दिन नमिल्ने कुनै सार्वजनिक सम्पत्ति माग गर्दैमा कसैले दिन्छ भने सार्वजनिक सम्पत्ति माग गर्ने व्यक्तिलाई दिने भनी गरिएको निर्णय प्रक्रियामा संलग्न नभएका माग गर्ने व्यक्तिले बदनियत राखेर सरकारी वा सार्वजनिक सम्पत्ति गैरकानूनी रुपमा आफ्नो नाममा दर्ता गरेको मान्न मिल्ने अवस्था हुँदैन। यी प्रतिवादीहरूको निवेदन मागबमोजिम यी प्रतिवादीहरूलाई जग्गा वितरण गरिएको भए पनि जग्गा वितरण गर्ने निर्णय प्रक्रियामा यी प्रतिवादीहरूको प्रत्यक्ष संलग्नता भएको देखिन नआएकोले यी प्रतिवादीहरू **मोहन देव भट्ट, हिरा सिंह विष्ट, लक्ष्मण दत्त जोशी, दुर्गा प्रसाद पनेरु, गंगादत्त भट्ट, लाल बहादुर ओखेडा र हर्क नारायण जोशी**ले आरोपित कसुर गरेको पुष्टि भएको देखिएन।

१६. अव प्रतिवादीहरू **विशन सिंह थापा, दलजित भट्ट, जय बहादुर विष्ट र नमराज भट्टको** हकमा विचार गर्दा, महेन्द्रनगर विकास समितिको नाममा रहेको विवादको जग्गाहरू सो समितिका कर्मचारीहरूको नाममा दर्ता हुँदाको अवस्थामा प्रतिवादी विशन सिंह थापा मालपोत अधिकृत, प्रतिवादीहरू दलजित भट्ट र जय बहादुर विष्ट मालपोत कार्यालयको शाखा अधिकृत र प्रतिवादी नम राज भट्ट मालपोत कार्यालयको खरिदार पदमा कार्यरत रहेको देखिन्छ। महेन्द्रनगर विकास समितिको बैठकबाट निर्णय नगराई केवल अध्यक्षको एकल तोक आदेशको आधारमा समितिको जग्गा कर्मचारीहरूको नाममा दर्ता स्रेस्ता कायम गर्ने भनी समितिबाट प्राप्त पत्रको आधारमा महेन्द्रनगर नगर विकास समितिको स्वामित्वमा रहेको जग्गा सो समितिको कर्मचारीहरूको नाममा दर्ता गर्ने कार्यमा यी प्रतिवादीहरूको संलग्नता भएको भन्ने आधारमा प्रतिवादीहरू विशन सिंह थापाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कसुर तथा प्रतिवादीहरू दलजित भट्ट, जय बहादुर विष्ट र नमराज भट्टले सो कसुरको मतियार हुने कसुर गरेको भन्ने आरोपदाबी भएको देखिन्छ। यी प्रतिवादीहरूले अनुसन्धानको क्रममा र यस अदालतमा गरेको बयानमा जग्गाको आधिकारिक स्वामित्ववाला महेन्द्रनगर नगर विकास समितिले आफ्नो स्वामित्वमा भएको जग्गाको स्रेस्ता अद्यावधिक र जग्गा धनी प्रमाण पुर्जा उपलब्ध गराईदिनुहुन भनी पत्राचार गरेबमोजिम सो सम्बन्धमा प्राप्त निर्णय, निर्णय अनुसारको पत्र र जग्गा प्राप्त गर्ने व्यक्तिको निवेदनलगायत आवश्यक कागजात आधारमा प्रक्रियागत रुपमा टिप्पणी पेस गरी सदर गरेको हुँदा आरोपदाबी बमोजिमको कसुर नगरेको भन्ने जिकिर लिएको देखिन्छ।

१७. महेन्द्रनगर विकास समितिको अध्यक्षले मिति २०६४/०९/०६ मा सो समितिका कर्मचारीहरूलाई सो समितिको स्वामित्वमा भएको विवादको जग्गाहरू वितरण गर्ने निर्णय गरी सो निर्णयबमोजिम जग्गा प्राप्त गर्ने कर्मचारीहरूको नाममा दर्ता स्रेस्ता कायम गर्नको लागि सो नगर विकास समितिले भुमिसुधार तथा मालपोत कार्यालय कञ्चनपुरलाई पत्र पठाएको देखिन्छ। सो निर्णय तथा पत्र बमोजिम जग्गा दर्ता स्रेस्ता खडा गर्नको लागि टिप्पणी उठाउने, पेस गर्ने र सदर गर्ने कार्य यी प्रतिवादीहरूबाट भएको देखियो। महेन्द्रनगर नगर विकास समितिको अध्यक्षबाट भएको निर्णय अनुसार लेखिएको पत्रलाई कार्यान्वयन गर्ने कार्यमा यी प्रतिवादीहरूको भूमिका भएको देखिन्छ। कुनै संस्थाले आफ्नो नाममा दर्ता रहेको जग्गा कुनै व्यक्ति विशेषको नाममा दर्ता गर्ने निर्णय भएको भनी निर्णय अनुसार जग्गाको दर्ता स्रेस्ता राख्ने सम्बन्धित मालपोत कार्यालयमा लेखिपठाएको अवस्थामा पत्रमा उल्लेख भए अनुसारको कार्य गर्नुपर्ने सम्वन्धित मालपोत कार्यालयका प्रमुख तथा कर्मचारीको पदीय दायित्व हुन्छ। त्यस्तो पदीय दायित्व पूरा गर्ने क्रममा यी प्रतिवादीहरूले जग्गा प्राप्त गर्ने व्यक्तिहरूको नाममा दर्ता स्रेस्ता खडा गर्नको लागि टिप्पणी उठाउने, पेस गर्ने र टिप्पणी सदर गरेको देखिन्छ। जग्गा वितरण गर्ने निर्णय कानूनबमोजिम भए/नभएको सम्बन्धमा विचार गर्नसक्ने अधिकार यी प्रतिवादीहरूमा भएको देखिदैन।

१८. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कसुर हुनलाई गैरकानूनी रुपमा सरकारी वा सार्वजनिक सम्पत्ति आफ्नो वा अरुको नाममा दर्ता भोग चलन गर्ने गराउने कार्य गरेको हुनुपर्ने देखिन्छ। महेन्द्रनगर विकास समितिको नाममा दर्ता स्रेस्ता कायम रहेको जग्गा व्यक्ति विशेषको नाममा दर्ता गर्ने क्रममा यी प्रतिवादीहरूले कुनै कानूनको उल्लघंन गरेको भन्ने देखिदैन। सम्वन्धित स्वामित्ववाला संस्थाले आफ्नो नाममा रहेको जग्गा वितरण गर्ने निर्णय भएको भनी निर्णयअनुसार स्रेस्ता कायम गर्नको लागि पठाएको पत्रको आधारमा यी प्रतिवादीहरूले आफ्नो पदीय दायित्व अन्तर्गत दर्ता स्रेस्ता कायम गरेको कार्यलाई बदनियतपूर्वक तथा गैरकानूनी रुपमा सार्वजनिक सम्पत्ति अरुको नाममा दर्ता गरेको मान्न मिल्ने देखिएन। अतः सार्वजनिक सम्पत्ति अरुको नाममा दर्ता गर्ने कार्यमा यी प्रतिवादीहरूको बदनियतपूर्वक संलग्नता भएको नदेखिएकोले प्रतिवादीहरू **विशन सिंह थापा, दलजित भट्ट, जय बहादुर विष्ट र नमराज भट्टले** आरोपित कसुर गरेको पुष्टि भएको देखिएन।

१९. महेन्द्रनगर विकास समितिको जग्गा वितरण गर्ने अधिकार सो समितिको अध्यक्षलाई नभएको अवस्थामा प्रतिवादी

कान्तुराम पनेरुले समितिको अध्यक्षको हैसियतमा अनधिकृतरुपमा समितिको स्वामित्वमा रहेको जग्गा वितरण गर्ने निर्णय गरी कि.नं.३६७६, ३६८०, ३६७७, ३८५१, ३६७८, १५६७, ३६३७, ४७९२, ४७९३ र ३६७९ जग्गा समितिका कर्मचारीहरूको नाममा दर्ता गरिएको हुँदा आरोपदाबी बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) को कसुरजन्य कार्य भएको देखिएको छ। उक्त जग्गाहरू अन्य व्यक्तिहरूलाई हक हस्तान्तरणसमेत भएको देखिन्छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ ले भ्रष्टाचार गरेको मानिने कुनै कार्य गरी आर्जन गरेको सम्पत्ति र सोबाट बढे बढाएको अन्य सम्पत्तिसमेत आफ्नो वा अरु कसैको नाममा राखेको प्रमाणित भएमा त्यस्तो सम्पत्ति जफत हुने व्यवस्था गरेको पाइन्छ। सो व्यवस्था अनुसार उपर्युक्त कि.नं. तथा सो कि.नं. बाट कायम हुन आएका आरोपपत्रमा उल्लिखित कि.नं. का जग्गाहरू जफत हुनुपर्ने देखियो। बिगो असुल तर्फको आरोपदाबीको सम्बन्धमा सार्वजनिक संस्थाको दर्ता गरेको जग्गा जफत भएपछि सोही जफत हुने जग्गा नै बिगो सरह भई फेरि सोही जग्गाको हुने बिगो असुल गर्न मिल्ने अवस्था भएन। प्रतिवादी कान्तुराम पनेरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) बमोजिमको कसुर गरेकोमा निज प्रतिवादी महेन्द्रनगर विकास समितिको अध्यक्ष पदमा कार्यरत रहेको अवस्थामा सो कसुर गरेको देखिन आएको हुँदा सो ऐनको दफा २४ को व्यवस्था बमोजिम निज प्रतिवादीलाई थप कैद सजाय हुनुपर्ने देखियो।

२०. अतः माथि उल्लेख भएबमोजिम प्रतिवादीहरूमध्ये कान्तुराम पनेरु महेन्द्रनगर नगर विकास समितिको अध्यक्ष, प्रतिवादी चन्द्र प्रसाद चौधरी सदस्य सचिव र प्रतिवादी पुष्पराज भट्ट ना.सु. पदमा बहाल रहेको अवस्थामा नगर विकास समिति ऐन, २०४५ ले गरेको कानूनी व्यवस्था विपरीत उक्त समितिको स्वामित्वमा रहेको जग्गा समितिको बैठकबाट निर्णय नगराई नगर विकास समितिका ना.सु. पुष्पराज भट्टले टिप्पणी उठाई, सदस्य सचिव चन्द्र प्रसाद चौधरीले राय साथ टिप्पणी पेस गरी अध्यक्ष कान्तुराम पनेरुले टिप्पणी सदर गरी सार्वजनिक सम्पत्तिको रुपमा रहेको नगर विकास समितिको जग्गाहरू बिक्री वितरण गरेको देखियो। निज प्रतिवादीहरूले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) अन्तर्गतको कसुर भएकोले सो कसुरमा निज प्रतिवादीहरूलाई सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम जनही एक वर्ष ६ महिना कैद र बिगो रु.२९,७४,३६०।- को दामासाहीले हुन आउने रु.९,९१,४५३।३३ (नौ लाख एकानब्बे हजार चार सय त्रिपन्न रुपैयाँ तेत्तिस पैसा) जरिबाना हुने ठहर्छ। प्रतिवादी कान्तुराम पनेरुको हकमा सो ऐनको दफा २४ बमोजिम थप छ महिना कैद हुन्छ।

अभियोग दाबीमा उल्लिखित विभिन्न प्रतिवादीहरूको नाममा रहेका कि.नं. र सोबाट परिवर्तन भएका कित्ता जग्गाहरू समेत सोही ऐनको दफा ४७ बमोजिम जफत भई उक्त नगर विकास समितिको नाउँमा कायम हुने ठहर्छ। बिक्री वितरण गरिएका जग्गा जफत हुने ठहरेकोले सोही जफत हुने जग्गाबाट बिगो असुल हुने हुँदा छुट्टै बिगो असुल गर्नुपर्ने देखिएन। अन्य प्रतिवादीहरूको हकमा कसुरमा संलग्नता रहेको भन्ने प्रमाणबाट पुष्टि हुन नआएकोले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ। अरूमा तपसिलबमोजिम गर्नू।

सदस्य | अध्यक्ष

**फैसला तयार गर्न सहयोग पुऱ्याउनेः**
इजलास अधिकृतः प्रकाश नारायण श्रेष्ठ
कम्प्युटर अपरेटरः कल्पना पराजुली
इति संवत् २०८१ साल वैशाख २४ गते रोज २ शुभम्.........................................................................।

विशेष अदालत, काठमाडौं

**इजलास**

सदस्य माननीय न्यायाधीश श्री तेज नारायण सिंह राई

सदस्य माननीय न्यायाधीश श्री मुरारीबाबु श्रेष्ठ

सदस्य माननीय न्यायाधीश श्री रितेन्द्र थापा

**फैसला**

(इजलास नं.२)

**मुद्दा नं. ०७८-CR-००९३**

दर्ता मितिः २०७९।०१।२७

मुद्दाः गैरकानूनी लाभ वा हानि पुऱ्याउने बदनियतले कार्य गरी भ्रष्टाचार गरेको।

फैसला मितिः २०८०।११।०८।३

**निर्णय नं. ७८**

**वादी** : अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंका अनुसन्धान अधिकृत ज्योती तामाङ्गको प्रतिवेदनले **नेपाल सरकार।**

**विरुद्ध**

**प्रतिवादी** : जिल्ला सप्तरी, मैनाकडेरी गाउँपालिका वडा नं. ५ बस्ने दुर्गादत्त गोइतको नाति, जयकान्त गोइतको छोरा तत्कालीन जिल्ला प्राविधिक कार्यालय, सप्तरीका कार्यालय प्रमुख वर्ष ५१ (ना.प्र.प.नं. ९७९९२२९५, सप्तरी) को **राजकुमार गोइतसमेत।**

**ठहर खण्ड**

१. **विशेष अदालत नियमावली, २०८०** को नियम ४३ र ४४ बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरियो। वादी नेपाल सरकारको तर्फबाट विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान् सहायक न्यायाधिवक्ता श्री बिमल पन्थीले आरोप पत्रमा उल्लिखित सातवटा सडकमा पाँचवटा प्याकेज ठेक्काको "supply and place of gravel at different road" र "plantation and bamboo guard" कार्यक्रममा प्रतिवादीहरूले फिल्डमा सम्पन्न भएको कामभन्दा रु.६६,६४,६९२।२२ बढी रकम भुक्तानी लिनु दिनु गरेको देखिन्छ। प्रतिवादीहरूको मिलेमतोमा बदनियतपूर्वक कार्यसम्पन्न प्रतिवेदन बनाइएको अवस्था छ। झुट्टा कागजात तयार गरी गराई बढी रकम भुक्तानी गरी नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याई प्रतिवादीहरूले दाबीको कसुर गरेका छन्। खरिद गुरुयोजना तयार गरेको देखिंदैन। खरिद सम्झौता पूर्व आशय पत्र निकालिएको छैन। कार्यालयमा पेस भएका खरिद प्रस्तावहरूको मूल्याङ्कन प्रतिवेदन माथिल्लो निकायमा पठाइएको देखिंदैन। ग्राभेल नभएको र बिरुवा नरोपेको ठाउँमासमेत कार्यसम्पन्न भनी मूल्याङ्कन गरी भुक्तानी भएको छ। भुक्तानी गरिए बराबरको काम नभएको भन्ने प्रतिवेदन बेहोरा समर्थन हुने गरी प्रतिवेदकहरूले बकपत्र गरिदिएका छन्। प्रतिवादीहरूलाई आरोप दाबीबमोजिम सजाय गरिपाउँ भनी गर्नु भएको बहस सुनियो।

२. **प्रतिवादी**हरू राजकुमार गोइत र उग्रानन्द पाठकको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री सतीशकृष्ण खरेल एवम् विद्वान् अधिवक्ताहरू श्री पवनकुमार जयसवाल र श्री शिवप्रसाद कोइराला, प्रतिवादी छत्रबहादुर श्रेष्ठको तर्फबाट विद्वान् अधिवक्ता श्री केदार ढकाल तथा प्रतिवादीहरू विजयकुमार यादव, भुपेन्द्र यादव र ममतादेवी यादवको तर्फबाट विद्वान्

अधिवक्ताहरू श्री अपूर्व खतिवडा, श्री रोशनकुमार दाहाल र श्री सन्तोषराज ढकालले उल्लिखित पाँचवटा ठेक्कामा लागत अनुमान, सम्झौता र कार्यसम्पन्न प्रतिवेदनभन्दा बढी रकम भुक्तानी भएको अवस्था छैन। सम्झौतामा Laying गर्ने कार्य उल्लेख गरिएकै छैन। ठाउँठाउँमा सडक ग्राभेल झार्ने तथा सडक किनारमा वृक्षारोपण (Supply & place of gravel and plantation with bamboo) गर्नेसम्म हो। भुक्तानी भएको बिल VAT Bill हो। उक्त बिल नक्कली हो भन्ने दाबी पनि छैन। प्रतिवादीमध्येका अन्नपूर्ण कन्स्ट्रक्सनका प्रोप्राइटर ममतादेवी यादवले महालेखापरीक्षकको प्रतिवेदनबमोजिम बढी भुक्तानी भई असुल हुनुपर्ने रकम रु.२,५४,७७१।- कार्यालयमा राखेको आफ्नो धरौटी रकमबाट फिर्ता गर्न तयार रहेको भनी अदालतमा आई बयान गरेको अवस्था छ। असुल उपर एवम् फरफारक गर्न उक्त प्रतिवादीको धरौट रकम कार्यालयमै छ। निर्माण सामग्रीको गुणस्तर र स्रोतको सम्बन्धमा अनुसन्धान नै गरिएन। बाढी, स्थानीय व्यक्तिहरूको चोरी र पशु चौपायाहरूको चरिचरणले गर्दा सम्पन्न कामको ९ महिनापछि अनुगमनमा जाँदा आयोगको प्रतिवेदनमा कमी देखिनु स्वाभाविकै हो भनी वादी एवम् प्रतिवादीका साक्षीहरूले अदालतमा आई बकपत्र गरी पुष्टि गरिदिएका छन्। प्रतिवादीहरूले गैरकानूनी रुपमा केही लिए खाएको प्रमाणित छैन। भ्रष्टाचारको कसुर स्थापित हुन बदनियत पुष्टि हुनु पर्छ। सरकारलाई हानिनोक्सानी पुऱ्याउने प्रतिवादीहरूको बदनियत भएको नदेखिएकोले प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिलाइपाउँ भनी गर्नु भएको बहससमेत सुनियो।

३. **तत्कालीन जिल्ला प्राविधिक कार्यालय, सप्तरी**ले ठेक्का नं. SNRTP/SAP/SQ/01/074-75, SNRTP/SAP/SQ/02/074-75, SNRTP/SAP/SQ/03/074-75, SNRTP/SAP/SQ/04/074-75 र SNRTP/SAP/SQ/05/074-75 मा "supply and place of gravel at different road" र "plantation and bamboo guard" कार्यक्रममा पाँचवटा प्याकेजको झुट्टा नापी किताब, कार्यसम्पन्न प्रतिवेदन र बिल बनाई उल्लिखित पाँचवटा ठेक्काहरूमा जम्मा रु.३५,६१,१९१।७३ बराबरको कार्य भएको देखिए तापनि सो कामभन्दा बढी रकम रु.६६,६४,६९२।२२ भुक्तानी दिने र लिने कार्य गरेको देखिएबाट नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याई प्रतिवादीहरूले दाबीको कसुर गरेको हुँदा प्रतिवादीहरूलाई देहायबमोजिम बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम उक्त बिगो असुल उपर एवम् जफत गरिपाउँ भन्ने आरोप दाबी रहेको देखिन्छः

| प्रतिवादी | आरोप दाबी | बिगो दाबी रु . |
|---|---|---|
| **राजकुमार गोइत र उग्रानन्द पाठक** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ङ) | ६६,६४,६९२।२२ |
| **विजयकुमार यादव** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) | २६,५४,२१४।४५ |
| **छत्रबहादुर श्रेष्ठ** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ङ) | २,५४,७१०।७६ |
| **भुपेन्द्र यादव** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) | २१,००,२४०।९७ |
| **ममतादेवी यादव** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) | १९,१०,२३६।७९ |

४. **उपरोक्त आरोप दाबी** भएको प्रस्तुत मुद्दामा विद्वान् सहायक न्यायाधिवक्ता तथा विद्वान् कानून व्यवसायीहरूले गर्नु भएको बहस जिकिरसमेतलाई दृष्टिगत गरी निम्न प्रश्नहरूको निरूपण गरी आरोप दाबी पुग्न सक्ने हो वा होइन ? भन्ने निर्णय दिनुपर्ने देखियोः-

(क) **प्रतिवादीहरूले नभए नगरेको कामलाई भए गरेको भनी नापी किताबमा चढाई झुट्टा बिल भरपाई बनाई बढी भुक्तानी लिनु दिनु गरी सार्वजनिक सम्पत्तिको हानि नोक्सानी एवम् गैरकानूनी लाभ तथा हानि पुऱ्याई दाबीको कसुर गरेका हुन्, होइनन् ?**

(ख) **प्रतिवादीहरूलाई वादी दाबीबमोजिम सजाय हुन्छ, हुँदैन ?**

५. **पहिलो प्रश्नको सम्बन्धमा विचार गर्दा**, ग्रामीण यातायात सुदृढीकरण कार्यक्रम (SNRTP) तर्फको नियमित मर्मत संभार र रुख विरूवा रोप्ने कार्य अन्तर्गत जिल्ला प्राविधिक कार्यालय, सप्तरीको तर्फबाट विभिन्न ७ वटा सडकमा मर्मत संभारको कार्य गर्दा जिल्ला प्राविधिक कार्यालय, सप्तरीबाट अधिकार क्षेत्रभन्दा बाहिर गई आर्थिक हिनामिना भएकोले उक्त विषयमा थप छानबिन गरी आवश्यक कारवाहीको लागि सक्कलै फायल अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गालमा पठाउने भनी नेपाल सरकार, सचिवस्तरको मिति २०७५।०९।१६ को निर्णयानुसार अनुरोध गरिएको भन्नेसमेत बेहोराको नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको उजुरी पत्रबाट प्रस्तुत मुद्दाको उठान भएको देखियो।

६. उल्लिखित **ठेक्का नं. SNRTP/SAP/SQ/01/074-75** अन्तर्गत भारदह-डण्डा-पकरी, पोरताह-बकदुवा, महुली-लोहरजारा-हनुमाननगर र सिमरा-बरमझिया-मालकोट सडकको "supply and place of gravel at different road" कार्यको लागि रू.१९,९७,०३७।०३ को लागत अनुमान रहेको, रु.१७,६६,४२०।४४ मा माँ जानकी निर्माण सेवा र जिल्ला प्राविधिक कार्यालय, सप्तरीबिच सम्झौता भएको, नापी किताब अनुसार १११३।६९ घन मिटर ग्राभेल कार्यको लागि रू.१९,९६,०५५।१० भुक्तानी भएको देखियो। तर जम्मा ८४०।५८ घन मिटरको मात्र ग्राभेलको कार्य भएकोले रू.१५,१३,०४४।१३ भुक्तानी हुनुपर्नेमा रू.४,८३,०१०।९६ बढी भुक्तानी भएको भन्ने बेहोराको प्रतिवेदन मिति २०७६।०१।०४ मा अनुगमन गरी इन्जिनियर द्रोणमानदेव कटुवालसमेतले आयोग समक्ष पेस गरेको पाइयो।

७. **ठेक्का नं. SNRTP/SAP/SQ/02/074-75** अन्तर्गत कादरबोना-रौतहट, खरचिमा-काचन-देउरी, राजविराज पम्प क्यानल-दिग्हवा-हरिहरपुर र इनरुवा-कुनौली सडकको कार्यको लागि रू.१९,९९,२२४।९९ को लागत अनुमान रहेको, रु.१७,६५,७९३।३५ मा एभरेष्ट निर्माण सेवा र उक्त कार्यालयबीच सम्झौता भएको, १४४५.२९ घन मिटरको काममा जम्मा रू.१९,९५,३४६।४९ भुक्तानी भएको पाइन्छ। तर जम्मा ६११ घन मिटरको मात्र कार्य भएकोले रू.९,६१,१००।०३ भुक्तानी हुनुपर्नेमा रू.१०,३४,२४६।४५६ बढी भुक्तानी भएको भन्ने बेहोराको प्रतिवेदन प्राविधिक टोलीले आयोग समक्ष पेस गरेको देखियो।

८. **ठेक्का नं. SNRTP/SAP/SQ/03/074-75** अन्तर्गत कादरबोना-रौतहट, खरचिमा-काचन-देउरी, कल्यानपुर-इनरुवा-फुलबरिया-बनउला-बनउली-बाराही-कुशाहा र हरिहरपुर-पकरी-बिसहरिया-तिलाठी सडकको कार्यको लागि रू.१९,९९,५०१।६७ लागत अनुमान रहेको, रु.१७,६३,६५२।- मा माँ जानकी निर्माण सेवासँग निर्माण सम्झौता भएको, नापी किताब अनुसार १७२४ सङ्ख्यामा बाँसको घेरा लगाई आँपको विरूवा वृक्षारोपण गर्ने कार्यको लागि जम्मा रू.१९,९२,९२६।७६ भुक्तानी भएको देखिन्छ। तर जम्मा ३२५ आँपको विरूवा वृक्षारोपण गर्ने कार्य भएकोले रू.३,७५,६९६।७५ भुक्तानी हुनुपर्नेमा रू.१६,१७,२३०।०१ बढी भुक्तानी भएको भन्ने बेहोराको प्रतिवेदन प्राविधिक टोलीले आयोग समक्ष पेस गरेको देखियो।

९. **ठेक्का नं. SNRTP/SAP/SQ/04/074-75** अन्तर्गत भारदह-डण्डा-पकरी, इनरुवा-कुनौली, महुली-लोहरजारा-हनुमाननगर र सिमरा-बरमझिया-मालकोट सडकको कार्यको लागि रू.१९,९९,५०१।६७ लागत अनुमान रहेको,

रु.१७,६५,३७६।- मा एभरेष्ट निर्माण सेवासँग सम्झौता भएको, नापी किताब अनुसार जम्मा १७२४ सङ्ख्यामा बाँसको घेरा लगाई आँपको विरूवा वृक्षारोपण गर्ने कार्यको लागि जम्मा रू.१९,९४,८७४।८८ भुक्तानी भएको देखिन्छ। तर जम्मा ३२४ वटा बाँसको घेरा लगाई आँपको विरूवा वृक्षारोपण गर्ने कार्य भएकोले रू.३,७४,९०६।८८ हुनुपर्नेमा रू.१६,१९,९६८।- बढी भुक्तानी भएको भन्ने बेहोराको प्रतिवेदन प्राविधिक टोलीले आयोग समक्ष पेस गरेको देखियो।

१०. **ठेक्का नं. SNRTP/SAP/SQ/05/074-75** अन्तर्गत रुपनगर-सवानपुर-घोघनपुर र रुपनगर-कञ्चनपुर-पथरी-पदेमरा सडकको कार्यको लागि रू.१९,९७,४०७।४४ को लागत अनुमान रहेको, रु.१७,६२,८०४।६४ मा अन्नपूर्ण कन्सट्रक्सनसँग सम्झौता भएको र नापी किताब अनुसार ग्राभेलको कार्य जम्मा ५७२.६४ घ.मि. र बाँसको घेरासहित आँपको विरूवा वृक्षारोपण गर्ने कार्य जम्मा ८६२ सङ्ख्यामा भएकोले जम्मा रू.२२,४६,६८०।-भुक्तानी भएको देखिन्छ। तर जम्मा १२१.५ घन मिटर ग्राभेलको कार्य र १०८ सङ्ख्यामा बाँसको घेरासहित आँपको विरुवा वृक्षारोपण गर्ने कार्य भएकोले जम्मा रू.३,३६,४४३।९४ भुक्तानी हुनुपर्नेमा रू.१९,१०,२३६।७९ बढी भुक्तानी भएको भन्ने बेहोराको प्रतिवेदन प्राविधिक टोलीले आयोग समक्ष पेस गरेको पाइन्छ। उक्त पाँचवटा ठेक्कामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले पेस गरेको उल्लिखित प्रतिवेदनको आधारमा नै प्रस्तुत मुद्दाको आरोप-पत्र दायर भएको देखियो।

११. **प्रतिवादीहरू**ले सम्पन्न भएका उल्लिखित आयोजनाको स्वरुप नै ठाँउठाँउमा ग्राभेल सप्लाई गर्ने, RMG बाट नियमित मर्मत सम्भार गर्ने रहेको, बिरुवा र मर्मतस्थलमा राखिएको ग्राभेल बाढी, स्थानीयहरूको चोरी र चरिचरणले केही क्षति भएको, आयोगको तर्फबाट ९ (नौ) महिनापछि भएको निरीक्षणबाट निर्माण कार्यमा कमी देखिनु स्वाभाविक रहेको, Package ५ अन्तर्गत बढी भुक्तानी भएको रकम रु.२,५४,७१०।७६ महालेखा परीक्षकबाट बेरुजु औंल्याई असुल उपर गर्नु भनेकोले सो रकम फिर्ता गर्न आफू तयार रहेको भनी दाबीको कसुरमा इन्कार रही बयान गरेको देखियो।

१२. **समग्र आरोप दाबी अध्ययन गर्दा**, प्रतिवादीहरूले अधिकार क्षेत्रबाहिर गएर आयोजनाको खर्च गरेको, नभए नगरेको कामको झुट्टा बिलको आधारमा गलत नापी किताब तयार गरेको, अलग-अलग प्याकेजको बोलपत्र दाखिल गर्ने अलग-अलग कम्पनीको प्रोप्राइटर पति पत्नी रहेको, न्यून प्रतिशत घटी घटाउमा सम्झौता गरिएको, प्रतिस्पर्धा सीमित हुने अवस्था सृजना गरेकोजस्ता त्रुटिहरू विश्लेषण गरिएको देखिन्छ, तथापि दाबी भने पाँचवटा ठेक्काहरूमा जम्मा रु.३५,६१,१९१।७३ मात्रको कार्य गरी रु.१,०२,५,८८३।९५ भुक्तानी दिएको भन्ने आधारमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम राष्ट्र सेवकलाई र ऐ. दफा ८ को उपदफा (४) बमोजिम ठेकेदार कम्पनीको प्रोप्राइटर उपर सजायको मागदाबी गरिएको पाइन्छ। उक्त मागदाबीको मूल आधारको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंका इन्जिनियर द्रोणमानदेव कटुवालसमेतको टोलीले मिति २०७६।०३।०३ मा पेस गरेको प्रतिवेदनमा आधारित रहेको देखियो।

१३. **आयोजनाको कार्य** मिति २०७५।०३।२५ मा सम्पन्न भई मिति २०७५।०३।२६ मा भुक्तानी गरिएकोमा मिति २०७६।०३।०३ मा अर्थात् एघार महिनापछि स्थलगत निरीक्षण भएको देखिन्छ। आयोजनाको प्रकृति नै भत्केर खाल्डाखुल्डी भएको ग्रामीण सडकको ठाउँठाउँमा ग्राभेल सप्लाइ गर्नु रहेको देखिन्छ। सप्लाइ भएको ग्राभेल Laying गर्ने दर नराखिएको तथ्य आयोगका इन्जिनियर ज्योती तामाङ्गसमेतको बकपत्रबाट देखिन्छ भने प्रतिवादीहरूको बयानबाट तत्काल केही ग्राभेल ठेकेदारबाट Laying गर्न लगाइएको भन्ने देखिन्छ। सडक मर्मत गर्ने समूह RMG बाट नियमित मर्मत र संरक्षण गर्नुपर्नेमा तत्वखत् RMG राख्न नसकिएकोले रुख बिरुवा तथा ग्राभेलको संरक्षण हुन नसकेको, गाडी चल्दा र वर्षाको समयमा सडकमा खाडल (Pothole) हुनुका साथै Loose Gravel Loss हुन जाने भनी प्रतिवादी राजकुमार गोइतले लेखाएको बयान बेहोरा विश्वास गर्नु नपर्ने कारण देखिंदैन। आयोजनाको प्रारुप (Modality) मै प्रश्न गरिएको पनि पाइँदैन। यसरी, खसालिएको ग्राभेल खाल्डाखुल्डी भएको ठाउँमा Gravel Carrier बाट पुर्ने प्रयोजन रहेको देखिन्छ, जुन निरन्तर गर्नुपर्ने प्रकृतिको देखिन आउँछ। ग्राभेल झार्ने कार्य नै वर्षाको सुरुवातमा भएको देखिन्छ। ग्राभेलको घनमिटर इकाइको आधारमा कम काम भएको भनी प्रतिवेदन दिंदा त्यस्तो ग्राभेल थुपारिएको

ठाउँमा सूत्र प्रयोग गरी नापजाँच गरिएको देखिंदैन। सडकमा मर्मत गरिएको स्थानको नापीबाट परिमाण निकालिएको समेत देखिदैन। उक्त प्रतिवेदनलाई प्रतिवादीहरूले अस्विकार गरी यस अदालतमा बयान गरेको देखिन्छ। यस अवस्थामा मिसिल संलग्न तथ्य प्रमाणबाट उक्त प्रतिवेदनको परिमाण र परिणाम विश्वसनीय रहे भएको देखिएन।

१४. यस अवस्थामा **विशेष अदालत ऐन, २०५९** को दफा ७ (क) बमोजिम बुझिएका साक्षीमध्ये **ज्योती तामाङ्ग**ले Measurement Sheet मा उल्लेख भएको टिप्परको Size अनुसार ग्राभेलको Quantity निकाली नापजाँच गरिएको, **प्रभाकर यादव, अवधेशकुमार झा, जितेन्द्र झा र बैद्यनाथ यादव**ले सप्तरी जिल्ला बाढी प्रभावित जिल्ला रहेकोले उक्त सडकहरूलाई पनि बाढीले असर गरेको, **रामएकवाल चौधरी**ले शान्ति सुरक्षामा खटी गएकोले गर्दा उक्त मुचुल्कामा सहीछाप गरेको, **अरुणकुमार यादव र दिपेन्द्रराज शाही**ले जिल्लामा खटिएका DRME (consultant district road maintenance engineer) र DRMSE (district road maintenance sub-engineer) ले बुझाएको नापजाँचको आधारमा प्रतिवेदन दिएको तथा **तेजश्वी शर्मा**ले ग्राभेलको Visual Site Inspection गरिएको, तर Vehicle Per Day (VPD), Sub-grade Level of Road र Hydrological High Flood Level को चेक नगरिएको भनी बकपत्र गरिदिएको देखियो। उल्लिखित बकपत्र हेर्दा, उक्त निर्माण कार्यमा बाढीले असर पुऱ्याएको, सुरक्षामा खटिएका व्यक्तिले मुचुल्कामा सही गरेको र जिल्लास्थित अन्य इन्जिनियरले बुझाएको प्रतिवेदनलाई आधार मानी फिल्डमा खटिएका प्राविधिकले प्रतिवेदन दिएको पाइन्छ।

निर्माण कार्यको manual inspection, Vehicle Per Day (VPD), Sub-grade Level of Road र Hydrological High Flood Level परीक्षण नगरी दिएको प्रतिवेदनकै आधारमा उक्त नापजाँच प्राविधिक रुपमा पूर्ण (complete & competent) हो भनी पुष्टि हुन सक्तैन। निर्माण कार्यको Manually Inspection नगरी Visual Site Inspection को आधारमा परिमाणको यकिन गर्नु नै वैज्ञानिक आधार हो भनी वादीले पुष्टि गर्ने प्रमाण पेस गर्न नसकेबाट बिरुवाको गणना र ग्राभेलको परिमाण यकिन गर्ने विश्वसनीय आधार देखिएन।

१५. **आरोप-पत्र**को आधारको रुपमा प्रतिवेदन पेस गर्ने इन्जिनियर द्रोणमानदेव कटुवालले सम्पन्न कामको मिति २०७६।०१।०४ मा स्थलगत नापजाँच गरी ग्राभेल हालसम्म Laying नगरेको भनी आयोगमा दिएको प्रतिवेदन हेर्दा, ठाउँठाउँमा ग्राभेल झारेको तथ्य स्वीकार गरेको देखिन्छ भने पुरै काम नभएको भनी जिकिर लिएको देखिंदैन। निर्माण सम्पन्न भएको आयोजनाको सम्झौता हेर्दा, ठाउँठाउँमा ग्राभेल सप्लाइ गर्ने, बाँसको छेकाबार लगाइ बिरुवा रोप्ने र RMG (Road Maintenance Group) बाट नियमित मर्मत सम्भार गर्नेसम्मको कार्य गर्नु पर्ने देखिन्छ। तर ग्राभेल Laying गर्ने कार्य सम्झौतामा समावेश भएको देखिंदैन। RMG सेवा पनि निरन्तर रुपमा नवीकरण रहे भएकोसमेत देखिदैन। जिल्ला समन्वय समिति, सप्तरीका प्रमुख प्रभाकर यादवले लागत इस्टिमेट अनुसार काम भएको भनी निर्माण कार्यको अनुगमन गरी मिति २०७५।०४।०१ मा प्रारम्भिक प्रतिवेदन दिएको देखिन्छ। यसरी, उल्लिखित प्रतिवादीहरूको बयान जिकिर, वादीका साक्षीहरू र अदालतबाट बुझिएका साक्षीहरूको बकपत्र बेहोरा हेर्दा आयोगको उक्त प्रतिवेदन नै खण्डित भएको र प्रतिवादीहरूको बयान जिकिर खम्बीर भएको देखिन्छ।

१६. **प्रमाण ऐन, २०३१** को दफा २५ बमोजिम प्रतिवादी उपरको आरोप दाबी निश्चयात्मक, ठोस, वस्तुगत एवम् सबुत प्रमाणबाट शङ्कारहित तवरले पुष्टि गर्ने प्रमाणको भार वादीमा निहित हुन्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले स्थलगत नापजाँच गर्दा नापी किताबमा उल्लेख भएभन्दा कम परिमाणको निर्माण कार्य भएको भन्ने आधारमा गलत नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन तयार गरी प्रतिवादीहरूले भ्रष्टाचारको कसुर गरेको भन्ने दाबी लिएको भए तापनि कार्यसम्पन्न भएको ९ महिनापछि स्थलगत नापजाँच गर्नुभन्दा अघि बाढी आएको र निर्माण सामग्री बगाएको, केही सामग्री चोरी भएको तथा चरिचरणले केही बिरुवामा क्षति पुगेको भन्ने प्रतिवादीहरूको जिकिर भएतर्फ अभियोजनकर्ताले नजरअन्दाज गरेको देखिन्छ। ठाउँठाउँमा ग्राभेल झारेको भन्ने तथ्य स्थलगत नापजाँच गरी पेस गरेको प्रतिवेदनमै उल्लेख गरेको देखिएको छ। तसर्थ, सो प्रतिवेदनकै आधारमा पनि नापी किताब र बिल बमोजिमको निर्माण कार्य नभएको, कम परिमाणको काम गरी बढी परिमाणमा काम भएको भनी नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन तयार गरेको भन्ने आरोप दाबी वस्तुनिष्ठ, ठोस र सबुत प्रमाणमा आधारित रहेको भन्न मिलेन।

१७. **यस अदालत**बाट माग भई महालेखापरीक्षकको कार्यालय, काठमाडौंको मिति २०७९।०९।०५, च.नं. ३८२ को पत्रसाथ प्राप्त जिल्ला प्राविधिक कार्यालय, सप्तरीको आ.व. २०७४/०७५ को आर्थिक कारोबारको लेखापरीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि हेर्दा, वादी दाबीको निर्माण कार्यमा कुनै अनियमितता भएको देखिँदैन। ठेक्का नं. ५/२०७४/०७५ अर्थात् Package ५ मा पुनः भुक्तानीबाट रु.२,५४,७७१।-बढी भुक्तानी हुन गएकोले सो रकम असुल उपर हुनुपर्ने उल्लेख भएको देखिन्छ। सोहीबमोजिम भुक्तानी लिने प्रतिवादी अन्नपूर्ण कन्स्ट्रक्सनका प्रोप्राइटर ममतादेवी यादवले कार्यालयमै आम्दानी बाँधिएको धरौटी रकमबाट असुल उपर भएमा मञ्जुर छ भनी मौकामा र अदालतको बयानमा खुलाइदिएको पाइन्छ। प्रतिवादी छत्रकुमार श्रेष्ठले पनि उक्त बेरुजु रकम असुल हुन मिति २०७६।०५।३० मा पत्र लेखेको बेहोरा खुलाएको देखिन्छ। ठेक्का स्वीकृत गर्दा नै ठेकेदार कम्पनीबाट धरौटी लिइने हुन्छ। यो ठेक्का प्रक्रियामा पनि अन्नपूर्ण कन्स्ट्रक्सनले राखेको धरौटी रकमबाट उक्त बेरुजु उठेको रकम रु.२,५४,७७१।-असुल उपर हुन सक्ने वा नियमानुसार बेरुजु फछ्र्यौट हुन सक्ने नै देखिन्छ।

१८. वादीले ठेकेदारलाई भुक्तानी गरिएको रकमको दर नमिलेको भन्ने जिकिर लिएको पनि देखिँदैन। झुट्टा नापी किताब बनाएको सम्बन्धमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको वादी दाबी लिएको देखिँदैन। प्रतिवादीहरूले पोल बयान गरेको र सरकारी रकम लिई खाई मासेको पुष्टि हुने आधार वादीले पेस गरेको पाइँदैन। तसर्थ, निर्माण कार्य पुरा भई निर्माण व्यवसायीले सम्पन्न भए गरेको निर्माण कार्यको मात्र भुक्तानी बुझिलिएको अवस्थामा शङ्काको सुविधा प्रतिवादीहरूले पाउने (Benefit of doubt goes to accused) भन्ने फौजदारी न्यायको मान्य सिद्धान्तबमोजिम प्रतिवादीहरू उपर कसुर कायम गर्नु न्यायसङ्गत देखिएन।

१९. **दोस्रो प्रश्न**को सम्बन्धमा विचार गर्दा, माथि विवेचना भए बमोजिम प्रतिवादीहरूले वादी दाबी अनुरुपको कसुर गरेको तथ्य नै स्थापित हुन नआएको अवस्थामा आरोप मागदाबीबमोजिम प्रतिवादीहरूलाई सजाय हुने नहुने भन्ने सम्बन्धमा विवेचना गरी रहन परेन। दाबीको कसुर स्थापित नभएको अवस्थामा सजाय हुन सक्ने अवस्था नै रहेन।

२०. **अतः** माथि विवेचित आधार र कारणबमोजिम मिति २०७५/०३/२५ मा सम्पन्न आयोजनाको स्वरुप नै ग्राभेल ठाँउठाँउमा सप्लाई गरी RMG बाट नियमित मर्मत सम्भार गर्ने रहेकोमा प्रारम्भिक अनुगमनकर्ताले सम्पन्न गर्नुपर्ने कार्य सम्पन्न भएको भनी मिति २०७५/०४/०१ मा प्रतिवेदन पेस गरेको, आयोगको तर्फबाट ९ (नौ) महिनापछि मिति २०७६/०१/०४ मा भएको निरीक्षणबाट पनि पुरै काम नभएको भन्ने नपाइएको, कमी भयो भनी गरिएको बिरुवाको गणना र ग्राभेलको परिमाण यकिन गर्ने विश्वसनीय आधार नदेखिएको, यति लामो अवधिसम्म बिरुवा र मर्मतस्थलमा राखिएको ग्राभेल शतप्रतिशत जस्ताको तस्तै रहनु अस्वाभाविक भएको, Package ५ मा बढी भुक्तानी दिइएको दाबी गरिएको रकम रु.२,५४,७१०।७६ (दुई लाख चौवन्न हजार सात सय दस रुपैयाँ छयहत्तर पैसा) महालेखा परीक्षकबाट बेरुजु औँल्याई सो रकम फिर्ता गर्न तयार रहेको भनी भुक्तानी लिने प्रतिवादीले बयानमा उल्लेख गरेको हुँदा प्रस्तुत मुद्दामा प्रतिवादीहरूका विरुद्ध दाबी गरिएको कसुर स्थापित हुन आएन। तसर्थ, प्रस्तुत मुद्दाबाट प्रतिवादीहरू राजकुमार गोइत, उग्रानन्द पाठक, विजयकुमार यादव, छत्रबहादुर श्रेष्ठ, भुपेन्द्र यादव र ममतादेवी यादवले सफाइ पाउने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नू।

**सदस्य** **सदस्य** **सदस्य**

**फैसला तयार गर्न सहयोग पुऱ्याउनेः**
**इजलास अधिकृतः** राजन महत
कम्प्युटर अपरेटरः गीता घिमिरे गिरी
इति संवत् २०८१ साल फागुन महिना ८ गते रोज ३ शुभम्.................................................................।

श्री

विशेष अदालत काठमाडौं

अध्यक्ष माननीय श्री टेक नारायण कुँवर

सदस्य माननीय श्री तेज नारायण सिंह राई

सदस्य माननीय श्री रितेन्द्र थापा

फैसला

(इजलास नं.१)

मुद्दा नं.०७८-CR-०११२

दर्ता मितिः२०७९/०३/०७

फैसला मितिः२०८०/११/३०

नि.नं.-२२१

मुद्दाः सरकारी कागजात सच्याई भ्रष्टाचार गरेको।

**वादी** : अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकृत टेक बहादुर तामाङको प्रतिवेदनले नेपाल सरकार।

विरुद्ध

**प्रतिवादी** : जिल्ला भक्तपुर, भक्तपुर नगरपालिका वडा नं.-७ (साविक भक्तपुर नगरपालिका-६) बस्ने भगतकृष्ण कुस्माको नाती, आशाराम कुस्माको छोरा, तत्काल यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, एकान्तकुना, ललितपुरका तत्कालीन निमित्त कार्यालय प्रमुख (अधिकृत आठौं) **राजुभाइ कुस्मासमेत**।

ठहर खण्ड

१. विशेष अदालत नियमावली २०८० को नियम ४४ बमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी प्रतिवादीतर्फबाट उपस्थित हुनु भएका विद्वान कानून व्यवसायीहरूले गर्नु भएको वहस जिकीरको संक्षिप्त यस प्रकार रहेको छः

२. **वादी नेपाल सरकार तर्फबाट उपस्थित हुनुभएका विद्वान् उपन्यायाधिवक्ता श्री भगवतीदेवी गौतम तथा सहायक न्यायाधिवक्ता श्री विमल पन्थीः** पत्रिकामा प्रकाशित सूचनाका आधारमा यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, एकान्तकुनाबाट जारी भएको सवारी चालक अनुमति पत्र अनुसन्धान गरिँदा ५३३ जनाको म्याद सकिएका अनुमतिपत्रको नवीकरण गर्ने नाउँमा आर्थिक चलखेल गरी नयाँ व्यक्तिको नाउँमा अनुमतिपत्र उपलब्ध गराइएको पाइएको छ। मोठ ढड्डा हेरिएको छैन। प्रतिवादीहरूको आआफ्नो भूमिकामा निजहरूले इन्कारी गरेका छैनन्। एकअर्कालाई दोषारोपण गरेकाछन्। हरिभक्त श्रेष्ठ, उद्धव बहादुर खत्री समेतसँग प्रतिवादीहरूको साँठगाँठ रहेको तथ्य टेलिफोन कल डिटेलबाट पुष्टि हुन्छ। निजहरूले नै व्यक्तिहरूसँग सम्पर्क गराई उक्त कार्य गरिएको हुँदा माग दाबीबमोजिम प्रतिवादीहरूलाई सजाय गरिपाउँ।

३. **प्रतिवादी राजुभाइ कुस्माकातर्फबाट रहनु भएका विद्वान् अधिवक्ता श्री सुभाष आचार्यः** मेरो पक्ष २०७७।१०।१४ देखि २०७८।१०।२७ सम्म कार्यालय प्रमुख रहेको हो। आफ्ना कर्मचारीहरूलाई पासवर्ड दिनुपर्ने मेरो पक्षको कर्तव्य हो। विजय गिरीलाई मेरो पक्षले पासवर्ड दिएको होईन एडिट अप्सन राजुभाइ आउनु अघि नै निजले प्रयोग गरेका छन्। निजहरूको पासवर्डबाट भएको गल्तीको दायित्व मेरो पक्षले लिने होईन। EDLRS मा Edit log history हेर्ने व्यवस्था छैन। Super admin control मद्रास सेक्युरिटी प्रिन्टर्ससँगै थियो। यस अवस्थामा अनुगमन गरी गल्ती पत्ता लगाउन नसक्नु भ्रष्टाचार होईन। प्रतिवादीको बदनियत छैन, सफाई पाउनुपर्दछ।

४. **प्रतिवादी सम्मर बहादुर कार्कीका तर्फबाट रहनुभएका विद्वान् वरिष्ठ अधिवक्ता श्री रमेश बडाल र अधिवक्ताहरू श्री निलिन प्रसाद ढुङ्गाना र श्री राजकुमार खतिवडाः** सम्मर बहादुर कार्की २०७७।१।७ देखि २०७७।९।२९ सम्म कार्यरत थिए।यसै विच दुई पटक सरुवा माग गरेका हुँदा बदनियत छैन। विभागले नै विजय गिरीलाई युजर आई डि दिएको हो। हरिभक्त श्रेष्ठले नै मेरो पक्षलाई फोन गरेकोमा निजले एक पटक पनि फोन गरेका छैनन्। मेरो पक्षले विजयलाई दैनिक भ्रमण भत्ता नदिएको भनी कार्यालयले नै लेखेको पत्रबाट खुल्दछ। निजले सफाई पाउनुपर्दछ।

५. **प्रतिवादी विजयराज गिरीबाट विद्वान वरिष्ठ अधिवक्ता श्री सतीशकृष्ण खरेल र विद्वान अधिवक्ता श्री राधिका खतिवडाः** विजयराज गिरीले जिम्मेवारी वाहिरको काम गरेको आरोप रहेको छ। निजलाई ट्रायल सेन्टरको मात्र जिम्मेवारी दिइएको छ। निजले सोही काम मात्र गरेको हो। वादीकै प्राविधिकका रुपमा रहेका सन्तोष पोखरेलले ऐडिटिङ्गको काम यातायात कार्यालयको आई. टी. शाखाले गरेको भनी जवाफ दिएका छन्। परिवर्तन गरिएका डाटाहरू मेरै पक्षको कम्प्युटरबाट भएका हुन् भनी पुष्टि गर्नु पर्ने दायित्व वादीकै हो। पोलका आधारमा लगाइएको आरोपबाट मेरो पक्षले सफाई पाउनुपर्दछ।

६. **प्रतिवादी कमल स्याङ्गतानबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री मुक्ति प्रसाद प्रधान र विद्वान अधिवक्ता श्री अम्बर बहादुर थापाः** चौथो तहका प्रतिवादीले विवरण फेर्न सक्ने अधिकार रहँदैन। Applicant modify अप्सनबाट सामान्य त्रुटिमात्र सच्चयाउन मिल्दछ। निज विदामा बसेको अवधिमा पनि निजको आई. डी. बाट सच्याइएको छ। सफाई पाउनुपर्दछ।

७. **प्रतिवादी अच्युतम् प्रसाद फुँयाल तर्फबाट रहनु भएका विद्वान् अधिवक्ताहरू श्री मुरारी प्रसाद श्री पौडेल एरिना कार्की र श्री उपेन्द्रराज चुँडालः** प्रतिवादी मेकानिकल कर्मचारीलाई बायोमेट्रिक्स लिने तोकिएपछि निजको वैधानिक बाध्यता हो। अनुमति पत्र नवीकरण गर्ने अधिकार थिएन। पार्सियल पेपर कार्डबाट विवरण ठिक गरिएपछि अन्तिममा बायोमेट्रिक लिने काम गरेको हो। निजले सफाई पाउनुपर्दछ।

८. **प्रतिवादी प्रकाश कार्की, रोज भट्टराई, श्यामसुन्दर चौधरी, लक्ष्मी श्रेष्ठ रोशन राजभण्डारी समेतका तर्फबाट विद्वान अधिवक्ता श्री प्रवल शर्माः** वादीले तयार गरेको कामको आधिकारिक चार्ट वैधानिक होईन। डाटा ट्रान्सफर गर्ने कार्य विभागमा मात्र छ मातहतमा छैन। यी प्रतिवादीकोमा डाटा आउनु अघि नै अनलाइन फर्म भरी रजिस्ट्रेसन भैसकेपछि निजहरूले बायोमेट्रिक्स लिने फोटो रगत समूह लिने कार्य मात्र गर्ने हो। करारका कम्प्युटर अप्रेटरलाई आरोप लगाईएको अधिकार हुँदैन। निजहरूले सफाई पाउनु पर्दछ।

९. **प्रतिवादी नरेन शाक्य तर्फबाट रहनु भएका विद्वान् अधिवक्ताहरू श्री प्रशंसा चुडाल र श्री युवराज सुवेदी**ले मेरो पक्ष आँखा दृष्टीको स्थिति जांच्ने मात्र हो। विवरण अपडेट गर्ने कार्यमा निजको कुने भूमिका हुंदैन। निजलाई कुनै लग ईन आई डि दिईएको पनि छैन। निजले सफाई पाउनुपर्दछ।

१०. प्रतिवादिहरू विरुद्धको आरोप मागदाबी, प्रतिवादीहरूको बयान तथा विद्वान कानून व्यवयसायीहरूको बहस जिकिरसमेतलाई मध्यनजर गर्दा यस मुद्दामा निम्न प्रश्नहरूमा निर्णय गर्नुपर्ने देखियोः

**(क) आरोप मागदाबी अनुरुपको कसूर स्थापित हुन्छ, हुँदैन ?**

**(ख) हुन्छ भने उक्त कार्यमा यी प्रतिवादीहरूको संलग्नता छ छैन ? भए को कसको संलग्नता रहेको छ ?**

**(ग) आरोप मागदाबी पुग्ने हो, होईन ?**

**(घ) आरोप दाबी पुग्ने हो भने को कसलाई के कस्तो सजाय हुने हो?**

११. प्रस्तुत मुद्दाको मिसिलबाट खुल्न आएका तथ्य, प्रतिवादीहरूको बयान तथा विद्वान कानून व्यवसायीहरूको बहससमेतबाट नेपालमा सवारी चालक अनुमति पत्रको **(यसपछि अनुमति पत्र भनी उल्लेख हुने)** अभिलेख सम्बन्धमा वि.सं. २०६६ सालसम्म ढड्डा किताबमा हस्तलिखित रुपमा अभिलेख राखिने गरिएको पाईन्छ। २०६७ सालदेखि ढड्डा किताबमा रहेका विवरणहरू Driving License Registration System (यसपछि DLRS भनी उल्लेख हुने) मा लगिएको देखिन्छ।

२०७३ सालमा Electronics Driving License Vehicle Registration System (यसपछि EDLVRS भनी उल्लेख हुने) लागू भएको देखिन्छ। उक्त प्रणाली शुरू भएपश्चात DLRS प्रणालीमा भएका सवारी चालक अनुमतिपत्रको सम्पूर्ण विवरण (Data) हरू EDLVRS मा विवरण तान्ने (Data Migrate) गरिएको पाइन्छ। यो प्रणाली लागू भएपछि सवारी चालक अनुमतिपत्र जारी भएको कार्यालयबाट मात्र नभई देशभरिका जुनसुकै यातायात कार्यालयबाट नवीकरण गर्न सकिने देखिन्छ।

१२. उल्लिखित तीनवटै प्रणालीमा रहेका सवारी चालकको अनुमति पत्र नम्बर र नामथर एकापसमा मिलेको हुनुपर्ने र DLRS बाट EDLVRS मा डाटा सार्दा अनुमतिपत्रवालाको नामथर, बाबुको नामथर, जन्ममिति, वतन, नागरिकता नं., रक्त समूह जस्ता विवरणहरू पनि एउटै हुनुपर्ने हुन्छ। EDLVRS मा उक्त विवरणहरूको अतिरिक्त सवारी चालकको बायोमेट्रिकको विवरण (फोटो, औंठाछाप, हस्ताक्षर) समेत थप गरी अझ विस्तृत र व्यवस्थित किसिमले विवरणहरू राखिएको पाईन्छ। यसरी थप भएका विवरण बाहेक पुराना विवरणहरू EDLVRS प्रणालीको अभिलेखमा यथावत् रही मिल्नुपर्ने हुन्छ अन्यथा पुरानो अभिलेख अनुरुप नयाँ अभिलेख नमिलेको अवस्था हुने हुन्छ।

१३. अनुसन्धानको क्रममा प्रतिवेदन पेस गर्ने तथा यस अदालतबाट बुझिएका इन्जिनियर श्री सन्तोष पोखेलको बकपत्रको स ज १० बाट EDLRS system को प्राविधिकीय पक्ष र प्राविधिक समस्या समाधान गर्ने कार्य र यसको केन्द्रिकृत संचालन २०७३ सालदेखि २०७९ साल असोज महिनासम्म मद्रास सेक्युरिटी प्रिन्टर्सले गर्ने गरेको र सो समयपछि यातायात व्यवस्था विभागले सम्पूर्ण प्रणाली बुझेर आफैं संचालन गरिरहेको भन्ने देखिन्छ। निजको स ज ७ बाट यस प्रणालीमा कार्यालयबाट Edit Log History Report हेर्ने व्यवस्था यातायात कार्यालय एकान्तकुनामा नरहेको भन्ने खुल्दछ। साथै स ज ११ बाट EDLRS system नवीकरण मिति नचढेको अवस्थामा Partial Paper Card Module प्रयोग गरेर नवीकरण मिति चढाउन सकिने र वर्ग छुटेको सच्च्याउन वा थप गर्न परेमा License Category Direct System मा चढाउन सकिने र यस्तो कार्यलाई Partial Paper Card भनिने एवम् हालसम्म पनि यही प्रणाली कायम रहेको भन्ने देखिन्छ।

१४. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ५४ को उपदफा (४) मा अनुमतिपत्रको म्याद पाँच वर्षको हुने र उक्त अवधि नाघेपछि दफा ५६ को उपदफा (४) बमोजिम पाँच वर्षसम्ममा नवीकरण गराउने व्यवस्था भएको देखिन्छ। उक्त पाँच वर्षसम्म नवीकरण नगराइएको चालक अनुमतिपत्र दफा ५७ को उपदफा (१) बमोजिम स्वतः रद्द हुने व्यवस्था भएको पाईन्छ। यस्तो रद्द भएको अनुमतिपत्र लगत दर्ता किताबबाट कट्टा गरिने र पुनः नवीकरण नहुने समेतको व्यवस्था सोही दफा ७ को उपदफा (२) र (३) ले गरेको पाइन्छ। कम्प्युटर इन्जिनियर सन्तोष पोखरेलले २०७८/१२/२० मा पेस गरेको प्रतिवेदन हेर्दा प्रकरण १५ मा यस विभागले नवीकरणको हदम्याद गुज्रेर स्वतः रद्ध भएका अनुमतिपत्रहरू खारेज गर्ने गरेको छैन। त्यस्ता स्वतः रद्ध भएका अनुमतिपत्रहरू कानूनतः पुनः सुचारु गर्न सकिदैन तर कुनै कर्मचारीले गैरकानूनी तरिकाले Partial Paper Card Entry गरेर नवीकरणको हदम्याद (Date of Expiry) बढाई पुनः सुचारु गराउन सक्दछन् भनी उल्लेख गरेको पाइन्छ। यसबाट उक्त कानूनी व्यवस्थालाई चालु डिजिटल प्रणालीमा यसरी नवीकरण गर्दा Partial Paper Card प्रयोग गरी नवीकरण गर्न सकिने व्यवस्था गरिएको तथ्य विज्ञको रुपमा प्रतिवेदन पेस गर्ने र यस अदालतमा बकपत्र गर्ने डा सन्तोष पौडेलको बकपत्रबाट समेत देखिन्छ।

१५. यस मुद्दाको तथ्य सम्बन्धमा हेर्दा कोही व्यक्ति विशेषले उजुरी दिएको नभई “यातायातमा सेटिङको जालोः नवीकरणको बाटोबाट नयाँ चालकलाई लाइसेन्स” शीर्षकमा शिलापत्र डट कम (अनलाइन न्युज पोर्टल) मा मिति २०७८/०६/०९ मा प्रकाशित समाचारमा आधारित भई अनुसन्धान प्रारम्भ भएको देखिन्छ। उक्त समाचार प्रकाशनको आधारमा भएको अनुसन्धानको क्रममा आ.ब. २०७७/७८ र आ.व.२०७८/७९ को श्रावण र भाद्र महिना गरी १४ महिनाको अवधिमा ५३३ जना सवारी चालकको ड्राइभिङ लाइसेन्स EDLVRS प्रणालीमा लगिएपछिको सवारी चालक अनुमतिपत्र नम्बर र नाम थर सहितको विवरण एकाआपसमा फरक पारी DLRS प्रणालीमा भएका अनुमतिपत्र नम्बर र सवारी

चालकको नामथर सहितको विवरणहरू EDLVRS मा लगिएपछि DLRS प्रणालीको विवरणबाट स्वचालित रुपमा आउने सवारी चालक अनुमतिपत्र नम्बर राखी वास्तविक सवारी चालकको नामथर लगायतका विवरण हटाई लिखित तथा ट्रायल परीक्षामा सहभागी नै नभएका अर्का नयाँ व्यक्तिहरूको नाममा नवीकरण गरेर अनुमतिपत्र जारी गरेको थप पाँच वर्षसम्म नवीकरण नगरिएका अनुमति पत्र पनि Partial Paper Card प्रयोग गरी नयाँ व्यक्तिको नाउँमा जारी भएको भन्ने वादीको निष्कर्ष रहेको देखिन्छ।

१६. प्रतिवादीहरू सबैले यस अदालतमा बयान गर्दा आआफ्नो निर्धारित कर्तव्य अनुरुप नै कार्य गरेको हुँदा आफूले कसूर नगरेको भनी आरोपित कसूरमा सवै प्रतिवादीहरू इन्कारी रही बयान गरेको देखिन्छ। तथापि कसैले पनि आरोप दाबीको उल्लिखित तथ्यहरू र आरोपपत्रमा गरिएको ५३३ जनाको अनुमति पत्रको विवरणमा भएको कैफियत सहितको निष्कर्षलाई होईन भनी इन्कारी गरेको पाईंदैन। यसरी माथि उल्लेख भएबमोजिम प्रारम्भदेखि रहेको अभिलेख प्रणालीबाट हाल प्रचलनमा आएको प्रणालीमा उक्त उल्लेख भएबमोजिमका तथ्यहरू फरक परेको देखिएको र प्रतिवादीहरूले यस सम्बन्धमा अन्यथा जिकिर गर्न नसकेको स्थितिमा वादीको निष्कर्ष अनुरुप अभिलेख सच्याइएको नै देखिन आयो।

१७. यसै सिलसिलामा अनुसन्धानकर्ताले बुझेका केही सेवाग्राहीहरूको भनाई निम्नबमोजिम रहेको पाइन्छः

(क) राकेश तामाङः लाइसेन्स बनाउने बारेमा बुझ्नको लागी यातायात कार्यालय एकान्तकुनामा गएको थिएँ। मेरो उक्त कार्यालयको गेटमा एक जना दलालसँग भेट भएको हो। निजले मसँग भित्रको कर्मचारीसँग चिनजान रहेको छ तपाईको लाइसेन्स बनाइदिन्छु भनेकाले मैले उसलाई अग्रिम रुपमा रु.४,०००/- र पछि रु.२०,०००/- मैले दिएको हो।

(ख) जगत बहादुर कार्कीः मैले निरन्तर ड्राइभिङ सेन्टरमा गएर सिक्दा बारम्बार फेल भएको र मिति २०७८ भाद्र २९ गते तिर यातायात व्यवस्था कार्यालय, एकान्तकुनामा जाँदा एकजना नामथर थाहा नभएका दलाल मानिसलाई रु.३०,०००।- रकम दिएर लिखित तथा ट्रायल परीक्षा नै नदिई A,B वर्गको अनुमतिपत्र बनाएको हो। निज दलालले मलाई उक्त कार्यालयमा लगेपछि फोटो खिच्ने र अन्य कामहरू निज दलालले नै गरेका हुन्। लाईसेन्स नम्बर ०१-०६-००९५६४५७ उल्लेख भएको नवीकरण बापतको राजस्व तिरेको रसिद निज दलालमार्फत प्राप्त गरेको हो।

(ग) केशव खड्काः यातायात व्यवस्था कार्यालय, एकान्तकुना, ललितपुरका नामथर थाहा नभएका एक जना दलाल मानिसलाई रु.६०,०००।- रकम दिएर लिखित तथा ट्रायल परीक्षा नै नदिई A र B वर्गको लाइसेन्स बनाएको हो।२०७७ मङ्सिरतिर निज दलालले मलाई उक्त कार्यालयमा लगेर त्यँहाका कर्मचारीमार्फत फोटो खिच्ने काम गराएका हुन्, त्यसपछिका सबै कामहरू निज दलालले नै गरेका हुन्। निजले को कुन कर्मचारीसँग मिलेर कसरी मेरो लाइसेन्स बनाइदिएका हुन्, जानकारी भएन।

(घ) संजय घिसिङ्गः-यातायात व्यवस्था कार्यालय, एकान्तकुना, ललितपुरका नामथर थाहा नभएका एकजना दलाल मानिसलाई रु.८०,०००।- मा सहमति भएकोमा तत्काल रु.१५,०००।- रकम दिएर लिखित तथा ट्रायल परीक्षा नै नदिई B,G वर्गको लाइसेन्स बनाएको हो। करिब १ वर्ष अगाडी निज दलालले मलाई यातायात कार्यालय, एकान्तकुनामा लगेर त्यँहाका कर्मचारीमार्फत फोटो खिच्ने, हस्ताक्षर लगायतका विवरण इन्ट्री गर्ने काम गराएका हुन्, मेरो राजस्व तिर्ने लगायतका सम्पूर्ण काम निज दलालले नै गरेका हुन्।

१८. सेवाग्राहीको रुपमा रहेका उल्लिखित कागज गर्नेहरूले यस अदालतमा समेत उपस्थित भई आफ्नो अनुसन्धान अधिकारी समक्षको कागज बेहोरा समर्थन हुने गरी बकपत्र गरेकोसमेत अवस्थामा सेवाग्राहीहरूले दलाललाई रकम दिने र निजहरूले कर्मचारीसँग मिलोमतो गरी अवैधानिक रुपमा अनुमतिपत्र बनाउने गरिएको तथ्य पुष्टि हुन्छ।

१९. आरोपित कानून भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ ले सरकारी निकाय वा सार्वजनिक संस्थाको कागजातमा

अनाधिकार वा गैरकानूनी तरिकाले सच्याउने, केरमेट गर्ने, थपघट गर्ने वा हेरफेर गर्ने राष्ट्रसेवक वा अन्य व्यक्तिलाई कसूरको मात्रा अनुसार तीन महिनादेखि दुई वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने व्यवस्था गरेको पाईन्छ। अनुमतिपत्र नम्बर र नाम थर सहितको विवरण एकाआपसमा फरक पारी DLRS प्रणालीमा भएका सवारी चालक अनुमतिपत्र नम्बर र सवारी चालकको नामथर सहितको विवरणहरू EDLVRS मा लगिएपछि DLRS प्रणालीको विवरणबाट स्वचालित रुपमा आउने अनुमतिपत्र नम्बर राखी वास्तविक सवारी चालकको नामथर लगायतका विवरण हटाई लिखित तथा ट्रायल परीक्षामा सहभागी नै नभएका अर्का नयाँ व्यक्तिहरूको नाममा नवीकरण गरेर सवारी चालक अनुमतिपत्र जारी गर्ने कार्य स्वाभाविक रुपमा दफा ११ मा लेखिए अनुरुपको कसूर भएको देखिन आयो।

२०. अब उक्त कसूरमा यी प्रतिवादीहरूको संलग्नता छ, छैन ? भए को कसको संलग्नता रहेको छ ? भन्ने सम्बन्धमा विचार गर्नु पर्ने हुन आयो। आरोप पत्रमा राष्ट्रसेवकको रुपमा कार्यरत रहेका प्रतिवादीहरू राजुभाइ कुस्मा, सम्बर बहादुर कार्की, विजयराज गिरी कमल स्याङ्तान, अच्युत प्रसाद फुँयाल, प्रकाश कार्की, रेजु भट्टराई, लक्ष्मी श्रेष्ठ, श्याम सुन्दर चौधरी, माया सेठी, रोशनराज भण्डारी, रिचा श्रेष्ठका हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ अनुसारको कसुरमा निजहरूलाई सोही दफा ११ बमोजिम सजाय हुन मागदाबी लिइएको देखिन्छ। यसैगरी राष्ट्रसेवक बाहेकका प्रतिवादीहरू हरिभक्त श्रेष्ठ, दिपक विश्वकर्मा तथा फोटोकपी संचालन गर्ने बाबुराम शर्मा भन्ने उद्धब बहादुर तथा नरेन शाक्य उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ अनुसारको कसुरमा निजहरूलाई दफा २२ को प्रतिबन्धात्मक वाक्यांश अनुसार सोही दफा ११ बमोजिम सजाय हुन मागदाबी लिइएको देखिन्छ। प्रतिवादी नरेन शाक्यका हकमा बिचौलिया भनी दाबी गरिएको भएपनि निज यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, एकान्तकुनामा मेडिकल सहयोगीको काम गर्ने भनी प्रतिवादी खण्डमा लेखिएको पाईन्छ। निजले बयानमा पनि उक्त तथ्य स्वीकार गरेको देखिन्छ।

२१. **सर्वप्रथम प्रतिवादी सम्वर बहादुर कार्की र राजुभाइ कुस्माका हकमा विचार गर्दा** यातायात कार्यालय एकान्त कुनामा निमित्त कार्यालय प्रमुखको रुपमा कार्य गर्दा प्रतिवादी सम्बर बहादुर कार्कीको पालामा १५० थान अनुमति पत्र बनेको तथा प्रतिवादी राजुभाइ कुस्माको पालामा ३८३ जनालाई सवारी चालक अनुमतिपत्र बनाइएको, निजहरूले विजय राज गिरीलाई बिचौलिया हरिभक्त श्रेष्ठको काम गरिदिनु भनेर नवीकरण प्रमाणित गर्ने, Applicant Modify गर्ने समेतको Data Edit गर्ने अख्तियारी दिएको भन्ने आधारमा उक्त दाबी आएको पाईन्छ। प्रतिवादीहरू कार्यालय प्रमुख रहेको हुँदा विद्युतीय प्रणालीमा काम गर्ने कर्मचारीलाई सफ्टवेयर खोल्न, सोही माध्यममा काम गर्न, बन्द गर्न तथा कार्यको अभिलेख रहन समेत अलग अलग पर्सनल आई डि नम्बर दिनुपर्ने हुन्छ। भिडभाडयुक्त कार्यालय भएको र कोभिड १९ को महामारीका बखत कर्मचारीको संकटसमेतलाई मध्येनजर गरी बेगल प्रकृतिका कर्मचारीसमेतलाई प्रणालीमा रहेर काम लगाउन पनि आई. डी. र पासवर्ड दिनुपर्ने नै हुन्छ। सार्वजनिक सेवा प्रवाहको गतिमा वाधा नआवस् भनी संस्थामा भएको जनशक्ति र साधन स्रोतको प्रयोगमा असल नियतले दिइएको कार्य आफैं गलत हुँदैन। बदनियतपूर्वक काम गर्ने वा दुरुपयोग गर्ने कार्य गलत हुन्छ। जसले दुरुपयोग गर्दछ उही दायित्ववान पनि रहनु पर्ने हुन्छ।

२२. कार्यालय प्रमुखको काम अनुगमन र निरीक्षण गरी दुरुपयोग रोक्नु हुन्छ। यसका लागि निजलाई जानकारी पनि हुनुपर्ने हुन्छ। यी कार्यालय प्रमुख भई काम गर्ने प्रतिवादीहरूलाई कुन कर्मचारीले आफ्नो पासपोर्ट प्रयोग गरी पर्सनल आई. डी. लग ईन गरेर गरेको काममा दुरुपयोग भएको तथ्यको जानकारी थियो वा त्यस्तो दुरुपयोगमा निजको समेत मिलोमतो रहेको थियो भन्ने तथ्य वादीले नै प्रमाणित गर्नुपर्ने हुन्छ। विद्युतीय प्रणालीमा यसरी हेर्ने माध्यम भनेको Log History Report हेर्ने व्यवस्था नै हो। तर यातायात व्यवस्था कार्यालय एकान्तकुनामा यस प्रणालीमा कार्यालयबाट Edit Log History Report हेर्ने व्यवस्था नरहेको तथ्य बुझिएका प्राविधिक सन्तोष पोखेलको बकपत्रको स ज ७ बाट नै देखिन्छ। यी प्रतिवादीहरूले बयानको क्रममा उक्त तथ्य खुलाएको पनि पाईन्छ। वादीले पनि यी प्रतिवादीहरूले Log History हेर्न पाउने अवस्था हुँदा हुँदै पनि नहेरेको वा हेरेर पनि कारवाही नगरी मिलोमतो गरेको भन्ने तथ्य पक्रेर दाबी गरेको देखिंदैन।

२३. आफ्ना पालामा अनुमति पत्र बनेकै आधारमा कसूर स्थापना हुने नभई बनेको अनुमति पत्रमा दफा ११ बमोजिम अनाधिकार वा गैरकानूनी तरिकाले सच्याउने, केरमेट गर्ने, थपघट गर्ने वा हेरफेर गरिएको कार्यमा संलग्नताको आधारमा कसूर स्थापित हुने हुन्छ। आरोप मागदाबी हेर्दा यीनै प्रतिवादीले ती कार्यहरू गरेको भन्ने आधार लिएको पनि देखिंदैन। आरोप पत्रमा खास गरी अन्य प्रकृतिको कार्य गर्ने सहप्रतिवादी विजय राज गिरीलाई अपारदर्शी किसिमले जिम्मेवारी स्पष्ट खुलाइएको लिखित पत्रसमेत नदिई गलत नियतका साथ नवीकरण प्रमाणित गर्ने तथा Data edit गर्ने अख्तियारी दिएको भनी दुवै प्रतिवादीहरू उपर आरोप लगाईएको पाईन्छ। जबकी यस अदालत समक्ष बयान गर्दा प्रतिवादी दुवै जना तथा विजय राज गिरी स्वयंले पनि यिनै प्रतिवादीहरूले निज विजय राज गिरीलाई युजर आई.डी. दिएको बेहोरा लेखाएको देखिंदैन, इन्कारी गरेको पाइन्छ। उक्त तथ्य पुष्टि हुने प्रमाण पनि रहेको देखिंदैन। दुवै प्रतिवादीहरूले आफूहरू हाजिर हुनु अघिदेखि नै प्रतिवादी विजयराज गिरीले काम गर्दै आएको र पहिले नै काम गर्ने युजर आई.डी. प्रयोग गरेर निजले कार्य गरेको भनी यस अदालतमा बयान गरेको देखिंदा निजहरूले नै विजय राज गिरीलाई युजर आई.डी. दिएको भन्ने दाबीको तथ्य पुष्टि हुन आएन।

२४. यी प्रतिवादी कार्यालय प्रमुखहरू सम्बर बहादुर कार्की र राजुभाइ कुस्मा उपर यो दाबी गर्दा बदनियत तत्वको रुपमा निजहरूले नै प्रतिवादी विजय राज गिरीलाई बिचौलिया भनिएका प्रतिवादीहरू हरिभक्त श्रेष्ठले ल्याएका अनुमतिपत्र नवीकरण सम्बन्धी कामहरू गरिदिनु भनेर मौखिक आदेशसहित अनुमतिपत्रको नवीकरण प्रमाणित (Approve) गर्ने अख्तियारी दिएको, हरिभक्त श्रेष्ठले ल्याएका सवारी चालक अनुमतिपत्रको नवीकरण गरिदिएको र सो बापत कार्यालय प्रमुखहरूले बेलामौकामा दैनिक भ्रमण भत्ता (TADA) मिलाइदिने गरेको भनी प्रतिवादी विजय राज गिरीको अनुसन्धान अधिकारी समक्षको बयानलाई आधार बनाईएको पाईन्छ। तर प्रतिवादी विजय राज गिरी स्वयंले यस अदालत समक्ष बयान गर्दा उक्त अनुसन्धान अधिकारी समक्षको बयानलाई इन्कारी गरी बयान गरेको देखिन्छ। उक्त बयानको सत्यता स्थापित गर्न निज विजय राज गिरीलाई यी प्रतिवादीहरूले को कसले कहिले कति दैनिक भ्रमण भत्ता दिएका थिए भन्ने पुष्टि हुने कुनै प्रमाण मिसिलबाट देखिंदैन। दुवै प्रतिवादीहरूले आफ्नो पालामा निज विजय राज गिरीलाई एक पैसा पनि दैनिक भ्रमण भत्ता नदिएको भनी उक्त तथ्यसमेत इन्कारी गरेको देखिन्छ।

२५. यसैगरी कमल स्याङतानको अनुसन्धान क्रमकै बयानमा राजुभाइ कुस्मा र विजय राज गिरीसँग मिलेर हरिभक्त श्रेष्ठले एक व्यक्तिको नामको सवारी चालक अनुमतिपत्र अर्को व्यक्तिको नाममा नवीकरण गरेर अनुमतिपत्र बनाईदिने काम गरेका हुन्, तत्कालीन कार्यालय प्रमुख राजुभाइ कुस्माको आदेश मानेर विचौलिया हरिभक्त श्रेष्ठले ल्याएका मानिसहरूको बायोमेट्रिक लिने र Applicant Modify गर्ने काम गरेको हुँ भनी उल्लिखित बेहोरालाई पनि प्रमाणको रुपमा प्रस्तुत गरेको देखिन्छ। निज कमल स्याङतानले यस अदालतमा बयान गर्दा उक्त बयान इन्कारी गरी यी प्रतिवादीहरूले त्यस्तो आदेश दिएको भनी लेखाएको देखिंदैन। तसर्थ यी प्रतिवादीहरू सम्बर बहादुर कार्की र राजुभाइ कुस्माको पालामा अनुमति पत्रहरू बनेको भएपनि अनुमति पत्र बन्ने हरेक चरणमा आबद्ध कर्मचारीहरूले आआफ्नो युजर आईडी लग ईन गरी गरी तयार गरेको विवरणबाट नै अनुमति कार्ड तयार हुने भएको हुँदा विना निश्चयात्मक र वस्तुगत् आधार यी प्रतिवादीहरूको पालामा अनुमति पत्र बनेकै आधारमा निजहरूले आरोपित कसूर गरेको मान्न मिलेन।

२६. **प्रतिवादी विजय राज गिरीका हकमा विचार गर्दा** निज उपर अख्तियारीको दुरुपयोग गरेर एक सवारी चालकको नाममा जारी भएको अनुमति पत्र अर्को नयाँ व्यक्तिको नाममा नवीकरण गरेर जारी गरेको, २३३ जनाको partial paper card entry गरेर स्वतः रद्द भएका सवारी चालक अनुमति पत्रको बदनियतपुर्वक नवीकरणको म्याद थप्ने काम गरेर पुनःनवीकरण गर्न मिल्ने बनाई अर्को नयाँ व्यक्तिको नाममा सवारी चालक अनुमतिपत्र बनाइदिएको, साथै ६७ जना सवारी चालकको व्यक्तिगत विवरण परीवर्तन (Applicant Modify) गरेको एवम् ५०६ जना सवारी चालकको सवारी चालक अनुमति पत्र नवीकरण प्रमाणित गरेर निज विजय राज गिरीले बदनियत साथ अनाधिकृत एवम् गैरकानूनी तरिकाले सरकारी कागजात सच्याउने कार्य गरेको हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ अनुसारको कसुर गरेको भन्ने आरोप रहेको देखियो।

२७. यस अदालतमा बयान गर्दा निजले आफू २०७४ सालदेखि यातायात व्यवस्था कार्यालय एकान्तकुनामा कार्यरत रहेको तथ्य स्वीकार गरेको पाईन्छ। तथापी आरोपित कसूरलाई इन्कारी गर्दै आफूलाई प्रतिवादी "कार्यालय प्रमुखहरूले डाटा एडिट अप्सन दिएको कुरा झुठा भएको, नवीकरण प्रक्रियामा कहिंकतै पनि आफू संलग्न नरहनेमा कसरी मेरो User Id बाट इन्ट्री भयो थाहा नभएको, उक्त कार्यको लागि कार्यालय प्रमुखबाट अख्तियारी प्रदान गरी १३ नं. फाँटबाट मात्र कार्य सम्पादन गर्न मिल्नेमा प्रायः फिल्डमै रहने मेरो User Id बाट कसरी यति धेरै इन्ट्री भएको हुँदा आफ्नो संलग्नता नरहेको" बेहोरा लेखाएको पाईन्छ।

२८. प्रतिवादी विजय राज गिरीले apoff-vizay-lalitpur नामको User Id आफ्नो होइन भनी भन्न सकेको देखिंदैन। आरोप पत्र साथ संलग्न ७ पृष्ठको प्रतिवेदन निजलाई देखाईएको छ उक्त विवरणलाई गल्ती भएको भनी जिकिर लिन सकेको समेत देखिंदैन। उक्त प्रतिवेदन हेर्दा ५३४ जनामध्ये अनुमति पत्र नवीकरण गरी जारी गर्ने कार्य २३ जनाको बाहेक अन्य सबैको यी प्रतिवादीकै User Id बाट भएको, Partial Paper Card entry गरेर अनुमतिपत्रको म्याद बढाउने कार्य सबै निजको User Id बाटमात्र भएको र २५ जनाको बाहेक अनुमतिपत्र प्रमाणित गर्ने कार्यसमेत निजकै User Id बाट भएको देखिन्छ। निजको पासवर्डबाट मात्र खुल्ने युजर आई.डी. बाट उक्त ठूलो मात्रामा कसरी काम भयो भनी निजले खुलाउन सकेको देखिंदैन। युजर आई.डी. सम्बन्धितको औंला प्रिण्ट मेल खाएमा मात्र खुल्ने भनी आरोप पत्रमा उल्लेख भएकोमा यी प्रतिवादीले उक्त तथ्यको खण्डन नगरेबाट अन्यथा भएको भन्न मिलेन। आफूले गर्दै नगरेकोमा पनि आफ्नो युजर आई डी बाट यति धेरै परिमाणमा काम भएको भनी समयमै सम्बन्धित अधिकारीसमक्ष निजले उजुरी निवेदन दिएको पनि देखिंदैन।

२९. यसरी अनुमति पत्रको दर्ता नै खारेज हुने अवस्थामा पनि Partial Paper Card entry गर्ने कार्य निजको युजर आई. डी. र पासवर्डबाट नै भएको देखिंदा निजको संलग्नता वस्तुगत आधारमै पुष्टि हुन आयो। यसका अतिरिक्त निजले आफैं मातहतका कर्मचारीले गर्ने कार्यमा मानिस लिएर काम गर्न लगाउने गरेको तथ्य प्रतिवादीमध्येका नरेन शाक्यले आफ्नो यस अदालतसमक्षको बयानको स ज १२ मा “ईसारा टेस्ट उहाँका चिनजानका व्यक्तिको गर्नुपरेमा उहाँ आफै आएर मलाई भन्ने गर्नुहुन्थ्यो” भनी लेखाएबाट समेत पुष्टि हुन्छ। साथै निज र बिचौलिया भनी आरोप गरिएका प्रतिवादी हरिभक्त श्रेष्ठको मोवाईल नम्बर ९८५१०७०४८० र यी प्रतिवादीको मो नं. ९८४३७७५६८२ बिचमा २०७८।४।३ गते (१८/०७/२०२१) देखि २०७८।५।२९ (१४/०९/२०२१) सम्ममा ६५ पटक, २०७७।९।२ गते (१२/१७/२०२०) सम्ममा ७६ पटक फोन सम्पर्क भएको देखिन्छ। फोन सम्पर्क हुनाको कारण निजले खुलाउन सकेको नदेखिंदा समेत यी प्रतिवादीले आफ्नो जिम्मेवारीको कार्य गर्दा अवान्छित व्यक्तिसँग मिलोमतो गर्ने गरेको तथ्य पुष्टि हुन आएको छ। यसबाट निजको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ अनुसारको कसुरजन्य कार्य भएको देखिंदा निजलाई सोही दफाबमोजिम १ बर्ष ४ महिना कैद तथा रु.३०,०००।- (तीस हजार रुपैया) जरिवानाको सजाय हुने ठहर्छ।

३०. अन्य प्रतिवादीहरू **कमल स्याङतान**ले २८२ जनाको बायोमेट्रिक गरेको र २२३ जनाको बायोमेट्रिक र Applicant Modify दुवै गरेको साथै ३१२ जनाको Applicant Modify समेत गरेको, **सिनियर मेकानिक्स अच्युत प्रसाद फुयाल**ले २६ जनाको बायोमेट्रिक र ६ जनाको बायोमेट्रिक र Applicant Modify दुवै गरेको साथै ७ जनाको Applicant Modify समेत गरेको, **कम्प्युटर अपरेटेर (करार सेवा) प्रकाश कार्की**ले ६६ जनाको बायोमेट्रिक र ३० जनाको बायोमेट्रिक र Applicant Modify दुवै गरेको साथै ५६ जनाको Applicant Modify समेत गरेको, **कम्प्युटर अपरेटर (करार सेवा) रेजु भट्टराई**ले ३७ जनाको बायोमेट्रिक र ११ जनाको बायोमेट्रिक र Applicant Modify दुवै गरेको साथै २६ जनाको Applicant Modify समेत गरेको, **कम्प्युटर अपरेटर (करार सेवा) रिचा श्रेष्ठ**ले ७५ जनाको बायोमेट्रिक लिएको र, **कम्प्युटर अपरेटर (करार सेवा) लक्ष्मी श्रेष्ठ**ले १३ जनाको बायोमेट्रिक र ६ जनाको बायोमेट्रिक र Applicant Modify दुवै गरेको साथै ८ जनाको Applicant Modify समेत गरेको, **कम्प्युटर अपरेटर (करार सेवा) माया सेठी**ले ७ जनाको बायोमेट्रिक र ४ जनाको बायोमेट्रिक र Applicant Modify दुवै गरेको साथै ८ जनाको Applicant Modify समेत

गरेको, **कम्प्युटर अपरेटेर (करार सेवा) श्याम सुन्दर चौधरी**ले १५ जनाको बायोमेट्रिक र ६ जनाको बायोमेट्रिक र Applicant Modify दुवै गरेको साथै ६ जनाको Applicant Modify समेत गरेको र **कम्प्युटर अपरेटेर (करार सेवा) रोसन राजभण्डारी**ले ६ जनाको बायोमेट्रिक मात्रै र ४ जनाको बायोमेट्रिक र Applicant Modify दुवै गरेको साथै ५ जनाको Applicant Modify समेत गरेको भनी आरोप पत्रमा विश्लेषण गर्दै निजहरू सबैलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ को कसुरमा सोही दफाबमोजिम सजायको माग गरिएको देखियो।

३१. निज प्रतिवादीहरूले अभियोग दाबीको खण्डन गर्दै आरोपित कसूरमा इन्कारी बयान गरेको देखिन्छ। प्रतिवादीहरूले आफ्नो भूमिका सम्बन्धमा प्राप्त जिम्मेवारीको आधारमा अति सामान्य कार्य बायोमेट्रिक र applicant modify भएको गरेको कार्य जुन व्यक्तीको भौतिक उपस्थितिमा गराई लिईने, फोटो खिच्ने, दाँया वायाँ औंठा छाप लिने र डिजिटल सहिछाप लिने कार्य हो र सोही कार्य सवारी चालक अनुमति पत्रको नवीकरणको विषयमा पनि स्वयम् व्यक्तिले लिएर आएको सक्कल लाइसेन्स र नागरिकताको आधारमा ब्यक्तिको भौतिक उपस्थितिमा गरिन्छ यो एउटा सामान्य कार्य हो भनी लेखाएको पाईन्छ।

३२. निज सबैले सेवाग्राहीहरूको बायोमेट्रिक्स लिने कार्य गरेको देखिन्छ भने केही बाहेक सबैले सेवाग्राहीहरूको बायोमेट्रिक लिने र Applicant Modify गरेको समेत देखिन्छ। यस बाहेक यी प्रतिवादीहरू कसैले पनि Partial Paper Card प्रयोग गर्ने, नवीकरण गर्ने जस्ता कार्य गरेको देखिंदैन। बायोमेट्रिकका सम्बन्धमा विशेषज्ञ सन्तोष पोखरेलले यस अदालतमा गरेको बकपत्रको स ज १५ मा बायोमेट्रिक भनेको प्रथम पटक सवारी चालक अनुमतिपत्र लिंदा व्यक्तिको औंठाछाप फोटो र हस्ताक्षर सिस्टममा अभिलेख गर्ने नियमित कार्यलाई बायोमेट्रिक भनिन्छ। एकपटक बायोमेट्रिक गरिसकेपछि व्यक्ति प्रमाणपत्र नवीकरण गर्न आउँदा, वर्ग थप गर्न आउँदा र व्यक्तिलाई आफ्नो फोटो चित्त नबुझेमा व्यक्तिले परिवर्तन गर्न चाहेमा परिवर्तन गर्दा औंठाछाप प्रयोग गर्नुपर्दछ भनी लेखाएको पाईन्छ।

३३. Applicant Modify का सम्बन्धमा पनि निज विशेषज्ञ सन्तोष पोखरेलले यस अदालतमा गरेको बकपत्रको स ज १६ मा EDLRS मा अनुमतिपत्रको विवरण सच्याउन पाउने व्यवस्थालाई Applicant Modify भनिन्छ। विवरणहरू भन्नाले सम्बन्धीत व्यक्ति कार्यालयमा गई आफ्नो नाम, नागरिकता नम्बर, फोन नम्बर, बुबा आमाको नाम, जन्म मिति, ठेगाना र ब्लड ग्रुप बिग्रिएको खण्डमा Applicant Modify गरिन्छ भनी लेखाएको पाईन्छ। यो सानातिना त्रुटिहरू सच्याउने अप्सन मात्र हो। फेरी निज सन्तोष पौडेलको बकपत्रको स ज १८ मा २०७३ सालदेखि २०७९।१।९ सम्म जसले पछिल्लो पटक विवरण सच्याउँछ सोही कर्मचारीको नाम लग हिस्टोरीमा बस्ने गरेकोमा २०७९ पछिमात्र जुन युजर आईडीले जतिपटक Applicant Modify गर्यो सबै लग हिस्टोरी डाटामा बस्ने व्यवस्था भएको भनी लेखाएको पाईन्छ।

३४. प्रतिवादीहरूले बयान गर्दा पनि सबैभन्दा पछिल्लो पटक जसको युजर आई.डी. बाट काम भएकोछ सोही व्यक्तिको Applicant Modify भएको गणना हुने हुँदा अघि भएका कार्यको समेत आरोप लागेको तथा यो प्रणाली पछि जुनसुकै कार्यालयबाट पनि नवीकरण हुन सक्ने हुँदा Applicant Modify गरेकै आधारमा कसुरदार हुन नहुने भनी प्रतिरक्षा गरेको पाईन्छ। आरोप पत्रको पृष्ठ ५३ र ५४ मा समेत "EDL System मा देशभरका जुनसुकै यातायात कार्यालयबाट सवारी चालक अनुमतिपत्रको नवीकरण गर्न सकिने व्यवस्था रहेको पाईन्छ। नवीकरण गर्दा बायोमेट्रिक लिने र Applicant Modify गर्ने काम एक कार्यालयबाट र नवीकरण प्रमाणित गर्ने, स्वास्थ्य परीक्षण गर्ने र राजस्व रसिद काट्ने काम अर्को कार्यालयबाट गर्न मिल्ने देखिन्छ भने नवीकरणपश्चात सवारी चालक अनुमतिपत्रमा कुनै विवरण सच्याउने काम Applicant Modify जुनसुकै कार्यालयबाट समेत गर्न मिल्ने देखिन्छ। DL System बाट EDL System मा अभिलेख लग्दा (Data Migrate गर्दा) DL System मा पछिल्लो पटक नवीकरण भएको देखिएको विवरण EDL System मा नदेखिएमा Partial Paper Card इन्ट्री गरेर उक्त विवरण चढाइन्छ जसले गर्दा EDL System मा पछिल्लो पटक नवीकरण नभएको देखिएर म्याद गुज्रेका सवारी चालक अनुमतिपत्रको नवीकरणको हदम्याद बढ्छ र सवारी चालक अनुमतिपत्र नवीकरण

गर्न मिल्दछ। तर partial paper card इन्ट्री गर्ने काम जुन यातायात कार्यालयबाट सवारी चालक अनुमतिपत्र जारी भएको हो त्यहि कार्यालयले मात्र गर्न मिल्दछ" भनी उल्लेख भएको पाईन्छ।

३५. यसबाट बायोमेट्रिकले सम्बन्धित व्यक्तिको औँठामा रहेको रेखा तथा डिजिटल सहीछाप अभिलेख गर्ने कार्यसम्म गर्ने हुँदा आरोपमा उल्लेख भएअनुरुप म्याद समाप्त भएको व्यक्तिको स्थानमा अर्कै व्यक्ति राख्ने, टेष्टमा उपस्थित नै नभएको व्यक्तिलाई अनुमतिपत्र दिने, नवीकरण गर्ने जस्ता कार्यमा निजहरूको निर्णायक भूमिका हुने देखिंदैन। Applicant Modify गरेको भन्ने आरोप सम्बन्धमा हेर्दा समेत माथि उल्लेख भएबमोजिम पछिल्लो पटक उक्त कार्य गर्ने व्यक्तिको युजर आई.डी. मा नै Applicant Modify गरेको देखिने र देशभरीका जहाँसुकैबाट उक्त कार्य हुन सक्ने अवस्थामा यी प्रतिवादीहरू उपर नै यकिन गरी निजहरूले नै उक्त कार्य गरेको मानी भ्रष्टाचार जस्तो कसूर स्थापित गर्न मिलेन। निजहरूले सफाई पाउने देखियो।

३६. प्रतिवादीहरू **हरिभक्त श्रेष्ठ, दिपक विश्वकर्मा तथा फोटोकपी संचालन गर्ने बाबुराम शर्मा भन्ने उद्धव बहादुर तथा नरेन शाक्य**लाई बिचौलियाको आरोपमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ को कसुरमा दफा २२ को प्रतिबन्धात्मक वाक्यांश अनुसारको मतियारका रुपमा कसुर गरेकाले प्रतिबन्धात्मक वाक्यांश अनुसार ऐ.ऐनको दफा ११ बमोजिम नै सजाय हुन मागदाबी लिइएको देखिन्छ। यद्यपी विचौलियालाई रकम दिई निजहरू मार्फत नै अनुमतिपत्र लेनदेन हुने गरेको तथ्य भोगाई प्राप्त सेवाग्राहीहरूको भनाईबाट माथि उल्लेख भएबमोजिम देखिएको छ, तथापी यी प्रतिवादीहरू उपर यो यति रुपैयाँ यो यस कर्मचारीलाई रिसवतबापत दिएको भनी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) को कसूरमा दाबी गरिएको पाईदैन। प्रतिवादी मध्येका विजय राज गिरीले वदनियतपूर्वक आरोपित कसूर गरी भ्रष्टाचार गरेको तथ्य माथि स्थापित भईसकेको छ।

३७. निज प्रतिवादीहरू मध्येका प्रतिवादी गणेश बहादुर अधिकारी चितवन जिल्ला भरतपुर वडा नं १० मा "हाम्रो ड्राइभिङ सेन्टर" का सन्चालक भएको तथ्य आरोपपत्रको प्रतिवादी खण्डमा उल्लेख भएको देखिन्छ। प्रतिवादीले उक्त तथ्य स्वीकार गरेको पनि देखिन्छ। आरोप पत्रमा निज गणेश अधिकारी समेतले तत्कालीन कार्यालय प्रमुख तथा कर्मचारीहरूलाई प्रलोभनमा पारी निजको मिलोमतोमा उक्त कसूर गरिएको भनी पृष्ठ ९४ र ९५ मा विश्लेषण गरिएको देखिन्छ। वादीले आयोग समक्षको बयानमा उल्लिखित बेहोरालाई आधारमा लिएको पाईन्छ। उक्त बयानलाई डर त्रासमा परेर गरेको हो भनी प्रतिवादीले यस अदालतसमक्ष बयान गर्दा खण्डन गरेको देखिन्छ। बयानमा जे जस्तो बेहोरा उल्लेख भएको भएपनि कसूर स्थापित भएका विजय राज गिरी र यी प्रतिवादी विच टेलिफोन वा भेटघाट वा अन्य कुनै सम्बन्ध रहेको तथ्य वादी पक्षले पुष्टि गर्न सकेको पाईदैन। अन्य कर्मचारीलाई पनि यो यस्तो रितबाट प्रलोभन पारेको भन्ने कुनै तथ्य मिसिलबाट देखिंदैन।

३८. भरतपुर चितवनमा ड्राइभिङ सिकाउने यी प्रतिवादी राजधानीमा रहेको कार्यालयका कर्मचारीको मतियार कसरी भए भन्ने वस्तुगत तथ्यबाट देखिन आउँदैन। आरोपित मध्येकै दिपक विश्वकर्मासँग भेट गर्न भनी तुलबहादुर गुरुङ्ग र जय बहादुर गुरुङ्गलाई भनेको तथ्यसम्म निजले यस अदालतमा स्वीकार गरेको देखिन्छ। अनुसन्धानकै क्रममा निज तुलबहादुर गुरुङ्ग र जय बहादुर गुरुङ्गलाई बुझिएको देखिन्छ। दुवैले बयान गर्दा आफूले यी प्रतिवादी वा भरतपुरका दलाललाई रकम दिएको भनी लेखाएको देखिंदैन। दुवै प्रतिवादीको बयानबाट यातायात व्यवस्था कार्यालय, एकान्तकुनाका एकजना दलाललाई रकम दिएको भनी लेखाएको देखिंदा यी प्रतिवादीले कर्मचारीलाई सहयोग गरेको भन्न मिलेन। यसबाट सोही तथ्यका आधारमा काठमाण्डौंमा रहेको सरकारी कार्यालयको कागजात सच्याउने कार्यमा चितवनमा रहने यी प्रतिवादीको मिलोमतो वा सहयोग भएको भन्न मिल्ने देखिएन। यस अवस्थामा प्रतिवादी गणेश बहादुर अधिकारी विरुद्धको आरोप सवुत प्रमाणबाट स्थापित हुन सकेन। निजले सफाई पाउने देखियो।

३९. अब प्रतिवादी नरेन शाक्यका हकमा विचार गर्दा आरोपपत्रको प्रतिवादी खण्डमा यातायात कार्यालय एकान्तकुनामा मेडिकल शाखामा कार्यरत भनी उल्लेख गरेकोमा आरोप खण्डमा (पृष्ठ ९५) बिचौलिया भनी उल्लेख गरेको पाईन्छ।

यी प्रतिवादी उक्त कार्यालयको मेडिकल शाखामा कार्यरत डा सुजल मेहर श्रेष्ठको सहयोगीको रुपमा मात्र देखिन्छ। निज सुजल मेहर श्रेष्ठ उपर कुनै आरोप रहेको पाईंदैन। आरोप पत्र अध्ययन गर्दा आयोग समक्षको बयानमा "मेरो साथीको बुबा चुना बहादुर तामाङलाई लिखित तथा ट्रायल परीक्षामा सहभागी नै नगरी नवीकरणको माध्यमबाट रु.३०,०००।- लिएर A वर्गको सवारी चालक अनुमतिपत्र बनाइदिएको हो तर उक्त काम मैले हरिभक्त श्रेष्ठलाई भनेर उक्त रु.३०,०००।- रकम निज हरिभक्त श्रेष्ठलाई नै दिएर बनाउन लगाएको हो" भन्ने लेखिएको आधारमा निज उपर यो आरोप लगाइएको देखियो।

४०. तर यी प्रतिवादीले यस अदालतमा बयान गर्दा अख्तियारका कर्मचारीले भनेबमोजिम नलेखे थुनिदिने डर धम्की दिएका हुँदा कर्मचारीले भनेको कुरा लेखाएको भनी उक्त बयानलाई इन्कारी गरेको देखिन्छ। आँखाको दृष्टि टेष्टमात्र लिने भूमिकामा रहेका व्यक्तिले यातायातका कर्मचारीलाई आरोपित सरकारी लिखत सच्याउने कसूरमा मतियारको भूमिका खेल्न सक्ने अवस्था अनुसन्धानको मिसिलबाट देखिंदैन। नगद रकम वा अन्य सुविधा उपलब्ध गराएर सहयोग गरेको भन्ने दाबी पनि छैन। अनुसन्धानको क्रममा कागज गर्ने निज चुनाबहादुर तामाङलाई वादीले यस अदालतमा उपस्थित गराई अनुसन्धानक्रमको उक्त कागज बेहोरा पुष्टी गराउन सकेको पाईंदैन। यसबाट अनुसन्धान अधिकारी समक्षको कागजमात्रको आधारमा यी प्रतिवादी उपरको आरोप पुष्टि भएको भन्न मिलेन।

४१. प्रतिवादी हरिभक्त श्रेष्ठ यातायात व्यवस्था कार्यालय, एकान्तकुनामा लेखापढी काम गर्ने भनी आरोप पत्रमा परिचय उल्लेख गरिएकोमा निजले यस अदालतमा बयान गर्दा समेत उक्त तथ्य स्वीकार गरेको पाईन्छ। आरोपित कसूरमा भने इन्कारी बयान गरेको पाईन्छ। यस अदालत समक्ष बयान गर्दा निजले आफूले गर्ने कार्यमा "मैले साधारणतया सो कार्यालयमा सेवा लिन आउँने व्यक्तिलाई सहजीकरण गर्ने विभिन्न फारमहरू भरिदिने लगायतका कार्यहरू गर्ने गर्दथें भनी लेखाएको पाईन्छ। बयानकै क्रममा स ज १० र १५ मा कार्यालय बाहिर (यातायात व्यवस्था कार्यालय, एकान्तकुना बाहिर) बसेर नै काम गर्ने र कार्यालयसम्म पहुँच नभएको भनी लेखाएकोमा निजको उक्त बेहोरा सत्य भए निजकै जिकिर अनुरुप सेवाग्राहीहरूलाई "सहजीकरण" हुन सम्भव पनि हुँदैन। यसबाट निजले पनि सत्य बेहोरा लेखाएको देखिन आएन।

४२. निजले आफ्नो बयानको स ज ७ र १० मा प्रतिवादी कर्मचारीहरूलाई नचिन्ने गरेको भनी लेखाएकोमा फोन कल डिटेलबाट निजको मोबाइल नम्बर ९८५१०७०४८० र कसूरदार ठहर भएका विजयराज गिरीको मो नं. ९८४३७७५६८२ बिचमा २०७८।४।३ गते (१८/०७/२०२१) देखि २०७८।५।२९ (१४/०९/२०२१) सम्ममा ६५ पटक, २०७७।९।२ गते (१२/१७/२०२०) सम्ममा ७६ पटक फोन सम्पर्क भएको देखिएबाट समेत निजको बयान सत्य तथ्यमा आधारित देखिएन।

४३. अर्का प्रतिवादी बाबुराम शर्मा भन्ने उद्धब बहादुर खत्रीका सम्बन्धमा विचार गर्दा निज फोटोकपि व्यवसायी रहेको देखिन्छ। निजको व्यवसाय पनि यातायात व्यवस्था कार्यालय, एकान्तकुना अगाडि सिन्धुली फोटोकपी सेन्टर सञ्चालन गर्दै आइरहेको तथ्य निजले आयोगसमक्ष बयान गर्दा खुलाएको पाईन्छ। आफू विरुद्धको कसूर सम्बन्धमा निजले इन्कारी बयान गरेको देखिन्छ। यस अदालतमा बयान गर्दा अर्का प्रतिवादी दिपक विश्वकर्मा, हरिभक्त श्रेष्ठ लगायतका यस मुद्दाका प्रतिवादीहरू तथा बयान कागज गरेका कसैलाई चिनेको छैन भनी बयान गरेको देखिन्छ भने आयोगसमक्ष बयान गर्दा पनि मेरो कर्मचारीसँग प्रत्यक्ष चिनजान छैन भनी लेखाएको पाईन्छ। तर मिसिल सामेल फोन कल डिटेलबाट यी प्रतिवादीको मोबाइल नं. ९७४१०२९२१० र ९८४९६१०७३८ सँग कसूरमा संलग्नता ठहर भएका अर्का प्रतिवादी हरिभक्त श्रेष्ठको मोबाइल न.९८५१०७०४८० बिचमा क्रमश २०७७।९।१० (२५/१२/२०२०) देखि मिति २०७७।११।१६ (२८/०२/२०२१) सम्ममा ११ पटक र मिति २०७७।९।१ (१६/१२/२०२०) देखि ऐ. पुष १८ गते (०२/०१/२०२१) सम्म १८ दिनको अन्तरालमा १० पटक फोन सम्पर्क भएको देखिंदा निजको इन्कारी खण्डित हुन आउँछ।

४४. यी प्रतिवादीले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा पनि कर्मचारीसँग सोझै मिलोमतो नगरेको भनी लेखएपनि यातायात व्यवस्था कार्यालय, एकान्तकुनामा लेखापढी काम गर्ने भक्तपुर घर बताउने हरि श्रेष्ठमार्फत काम गराउदै आएको हो भनी लेखाएको पाईन्छ। उक्त तथ्य माथि उल्लिखित फोट डिटेलबाट पुष्टि भएकोछ।

४५. यसैगरी प्रतिवादी दिपक विश्वकर्माका सम्बन्धमा विचार गर्दा मैले कुनै सरकारी कर्मचारीलाई चिनेको पनि छैन। मैले कसैसँग रकम उठाएको पनि छैन। जीवन धान्नको लागि ड्राइभिङ सेन्टरमा काम गर्ने गरेको मात्र हो भनी इन्कारी बयान गरेको देखिन्छ। निजले एकान्तकुना स्थित प्याराडाइज ड्राइभिङ सेन्टरमा चलाउन सिकाउने काम गर्ने भनी स ज ८ मा लेखाएको देखिंदा निजको प्रत्यक्ष कार्य यातायात कार्यालय एकान्तकुना लक्षित नै देखिन्छ। निजले बयान गर्दा गणेश अधिकारीलाई चिन्दिन भनी लेखाएकोमा निज गणेश अधिकारीले पहिले देखि चिनेको र आफु कहाँ सिक्न आउने दिपक विश्वकर्मासँग भेट गर्न भनी तुलबहादुर गुरुङ्ग र जय बहादुर गुरुङ्गलाई भनेको भनी यस अदालतमा बयान गर्दा लेखाएको हुँदा निजले सत्य बयान गरेको भन्न मिलेन।

४६. यसरी प्रतिवादीहरू हरिभक्त श्रेष्ठ, दिपक विश्वकर्मा तथा बाबुराम शर्मा भन्ने उद्धव बहादुर खत्रीहरू उक्त यातायात कार्यालयलाई नै लक्षित गरी सोही ठाउँमा लेखापढी व्यवसाय, सवारी चालकलाई सकाउने व्यवसाय तथा फोटोकपि व्यवसाय संचालन गरिआएको देखिन्छ। कसूरदार ठहर भएका प्रतिवादी विजय राज गिरीसँग प्रतिवादी हरिभक्त श्रेष्ठको सम्पर्क रहेको र निजसँग यी प्रतिवादी उद्धब बहादुर खत्री समेतसँग सम्बन्ध रहेको तथ्य फोन कल डिटेलले पुष्टि गरेको देखिन्छ। यसका अतिरिक्त "यातायातका कर्मचारीलाई पैसा नदिएसम्म काम हुँदैन भनी दलालले भनेका थिए" भनी यस अदालतमा उपस्थित भई बकपत्र गर्ने सुनिल डल्लाकोटी, सन्तोष खत्री, खेमराज गजुरेल, राम बहादुर बराईली, लिला दाहाल, रामेश्वर महतो समेतले लेखाएको देखिन्छ। साथै स्वयम् सेवाग्राहीको रुपमा रहेका सन्जय घिसिङ्ग, जय बहादुर गुरुङ, अजय माझी, समिर ङयाङ्जो समेतले आफूहरूले वैध प्रक्रियाबाट अनुमतिपत्र प्राप्त गर्न नसकेकोमा दलाललाई रकम दिएपछि निजले नै कार्यालयमा लगी काम गराई अनुमतिपत्र प्राप्त गरेको भनी आफूहरूले दिनु परेको रकमसमेत खुलाई बकपत्र गरिदिएको देखिन्छ। यसबाट निज प्रतिवादीहरू हरिभक्त श्रेष्ठ, दिपक विश्वकर्मा तथा बाबुराम शर्मा भन्ने उद्धब बहादुर खत्रीमार्फत नै प्रतिवादी विजय राज गिरीले दाबीको कसूर गरेको देखिन आएकोले यी प्रतिवादीहरूको मिलोपतो स्थापित हुन आयो।

४७. आरोपित कानून भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ मा मतियारलाई सजाय हुने व्यवस्था भएको पाईन्छ। यस दफाको पहिलो अनुच्छेदमा **"कुनै कसुरको मतियारलाई त्यस्तो कसुर गर्ने मुख्य राष्ट्रसेवक वा अन्य ब्यक्तिलाई हुने सजायको आधा सजाय हुनेछ"** उल्लेख भएको पाईन्छ भने सोही दफाको दोस्रो अनुच्छेदमा **"तर कसुर गर्ने राष्ट्रसेवक वा अन्य ब्यक्तिलाई त्यस्तो कसुर गरेबापत नगद, जिन्सी वा अन्य कुनै सुविधा वा लाभ उपलब्ध गराई दिने वा आफुले लिने मतियारलाई कसुर गर्ने ब्यक्ति सरह नै सजाय हुनेछ"** भनी उल्लेख भएको पाईन्छ। यी प्रतिवादीहरू उपर दाबी गर्दा यो यस प्रतिवादीले यो यस कर्मचारीलाई यो यति रकम दिएको भनी सोही ऐनको दफा ३ को उपदफा (२) अन्तर्गतको दाबी आएको देखिंदैन। नत यो यति रकम प्रतिवादी विजय राज गिरीलाई यी प्रतिवादीहरूले दिएको भनी सोही ऐनको दफा ३ अन्तर्गत नै दाबी गरिएको छ। यस अवस्थामा यी प्रतिवादीहरूले उक्त प्रतिबन्धात्मक वाक्यांशमा लेखिए अनुरुप नगदी जिन्सी वा कुनै सुविधा वा लाभ दिएको वा लिएको भनी अनुमानका आधारमा भन्न मिल्ने नदेखिंदा निजहरूको कसूरको गाम्भीर्यता उक्त दफा २२ को पहिलो अनुच्छेद अनुरुपकै मान्नु पर्ने देखियो।

४८. अतः नवीकरण प्रक्रियामा अर्को व्यक्तिको नाम अभिलेखाङ्कन (data entry) गर्दा वा EDLVRS प्रणालीमा तथ्याङ्क सार्ने क्रममा (Data migration) छुटफुट भएकोमा सच्याउन पर्दा (Partial paper card/add catagory entry) प्रतिवादी विजयराज गिरिकै User ID बाट भएको तथ्य मिसिल सामेल तालिकाबाट पुष्टि भएको, निजकै User ID बाट उक्त परिवर्तन भएको तथ्य निजले इन्कारी गरेको अवस्था नदेखिंदा निज प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को

दफा ११ को कसुर गरेको देखिन आएकोले निजलाई कसुरको मात्रा र प्रकृतिसमेतका आधारमा सोही दफाबमोजिम १ वर्ष ४ महिना कैद र रु.३०,०००।- (तीस हजार रुपैया) जरिवाना सजाय हुने ठहर्छ। प्रतिवादी विजयराज गिरिको उक्त कार्यमा मतियारको भूमिका निर्वाह गर्ने एकान्तकुनामा ड्राइभिङ सेन्टर चलाउने प्रतिवादीहरू हरिभक्त श्रेष्ठ, दिपक विश्वकर्मा तथा फोटोकपी संचालन गर्ने बाबुराम शर्मा भन्ने उद्धब बहादुर खत्रीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को दाबी नरहेको अवस्था हुँदा सवारी चालक अनुमतिपत्र लिन चाहाने व्यक्तिलाई सम्पर्क सम्म गराएको अवस्था हुँदा सोही ऐनको दफा २२ बमोजिम मूल प्रतिवादीलाई भएको सजायको आधा अर्थात जनही ८ (आठ) महिना कैद र जनही पन्ध्र हजार जरिवानाको सजाय हुने ठहर्छ। चितवनमा ड्राइभिङ सेन्टर चलाउने प्रतिवादी गणेश अधिकारिको प्रतिवादी विजयराज गिरिसँग सम्पर्क रहेको तथ्य पुष्टि हुन नआएका हुँदा निजले आरोप दाविबाट सफाई पाउने ठहर्छ। सिस्टममा सम्बन्धीत व्यक्तिको नाम modification भएपछि बायोमेट्रिक लिने, Apply modification गर्ने भनिएका प्रतिवादीहरू कमल स्याङ्तान, अच्युत प्रसाद फुँयाल, प्रकाश कार्की, रेजु भट्टराई, लक्ष्मी श्रेष्ठ, श्याम सुन्दर चौधरी, माया सेठी, रोशनराज भण्डारी, रिचा श्रेष्ठ तथा नरेन शाक्यको कार्य बदनियतपूर्वक भएको देखिन नआएकोले निजहरूले सफाई पाउने ठहर्छ। साथै प्रतिवादीहरू राजुभाइ कुस्मा र सम्बर बहादुर कार्की आफ्नो कार्यालयमा आउनु पूर्व नै प्रतिवादी विजयराज गिरिले User ID प्रयोग गरी विवादित कार्य गर्दै आएको अवस्थामा निजहरू कार्यालय प्रमुख भएकै आधारमा आरोपित कसुर गरेको भन्न मिलेन, निजहरूले समेत आरोप दाबीबाट सफाई पाउने ठहर्छ। अरुमा तपसिल अनुसार गर्नू।

| | | |
|---|---|---|
| **सदस्य** | **सदस्य** | **अध्यक्ष** |

**फैसला तयार गर्न सहयोग पुऱ्याउनेः**

इजलास अधिकृतः प्रकाश नारायण श्रेष्ठ

कम्प्युटर अपरेटरः भानु बस्नेत

**इति संवत् २०८० साल ११ महिना ३० गते रोज ४ शुभम्..........................................................।**

श्री

विशेष अदालत काठमाडौं

अध्यक्ष माननीय न्यायाधीश श्री टेक नारायण कुँवर

सदस्य माननीय न्यायाधीश श्री  तेज नारायण सिहं राई

सदस्य माननीय न्यायाधीश श्री मुरारीबाबु श्रेष्ठ

फैसला

(इजलास नं.१)

मुद्दा नं.०७९-CR-०००५

दर्ता मितिः२०७९/०४/१८

फैसला मितिः२०८०/१०/११

नि.नं.-१३०

मुद्दाः- साइकल खरिदमा अनियमितता गरी भ्रष्टाचार गरेको।

**वादी** : अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगाल, काठमाडौंका अनुसन्धान अधिकृत सुजन भट्टराईको प्रतिवेदनले नेपाल सरकार।

विरुद्ध

**प्रतिवादी** : जिल्ला नवलपरासी, सुस्ता गाउँपालिका, वडा नं. १ स्थायी वतन भई हाल जिल्ला काठमाडौं, काठमाण्डौं महानगरपालिका वडा नं. १४ कलंकी वस्ने गोवर्द्धन भुसालको नाति तुलसीराम भुसालको छोरा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, साविक प्रदेश नं.२, हाल मधेश प्रदेश, जनकपुरधाम, धनुषाका तत्कालीन प्रदेश सचिव हाल नेपाल सरकार सामान्य प्रशासन मन्त्रालयमा सहसचिव पदमा कार्यरत **यामप्रसाद भुसालसमेत**।

ठहर खण्ड

१ नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालयका विद्वान्  उपन्यायाधिवक्ता श्री श्रीधर अर्यालले प्रतिवादीहरूले बदनियतका साथ सम्झौता अनुसारको अम्बिका ब्रान्डको लेडिज साइकल आपूर्ति नगरी सम्झौता विपरित ब्रान्ड नखुलेको कमसल र गुणस्तरहीन साइकल आपूर्ति गरी भुक्तानीसमेत गरेकाले आरोप माग दाबीबमोजिमको कसुरमा सजाय गरी बिगोसमेत असुल गरी पाउँ भनी गर्नु भएको बहस सुनियो।

२ प्रतिवादी याम प्रसाद भुसालको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री कृष्णप्रसाद सापकोटा, विद्वान् अधिवक्ताहरू श्री सुवास आर्चाय, श्री यज्ञ खतिवडाले अभियोग पत्रमा सम्झौता भन्दा कम परिमाणमा साइकल आफुर्ति भएको भनी दाबा नभएको, कोभिडको कारणले सम्झौताबमोजिमको ब्रान्डको साइकल आपूर्ति हुन नसकेको, साइकल खरिद प्रक्रियामा याम प्रसाद भुलासको कुनै बदनियत नभएको, कुनै रकम पनि लिने खाने नगरेकोले आरोप दाबीबाट सफाई दिलाई पाउँ भनी गर्नु भएको बहस सुनियो।

३ प्रतिवादी भगवान झाको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री शम्भु थापा, विद्वान् अधिवक्ताहरू श्री प्रभुकृष्ण कोइराला, श्री बल्लभ थापा, श्री श्यामबहादुर शाही, श्री मुरारीप्रसाद पौडेल, श्री अरुण ज्ञवालीले प्रतिवादी भगवान झा मुख्य मन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको कर्मचारी नभएको, निज जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालयको कर्मचारी भएको, आफुलाई प्रत्यायोजन गरेको अधिकार प्रयोग गरी साइकल खरिदको सम्झौता गरेको, प्रतिवादीले यस योजनामा लिने खाने कार्य नगरेकोले आरोप दाबीबाट सफाई दिलाई पाउँ भनी बहस गर्नुभयो।

४ प्रतिवादी राजाराम मण्डलको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री रामकृष्ण काफ्ले, विद्वान् अधिवक्ताहरू श्री विमला यादव, श्री शुशीला न्यौपानेले प्रतिवादी राजाराम मण्डल सहलेखापाल पदका साना दर्जाका कर्मचारी हुन्। निजको काम माथिल्लो अधिकारीले अह्राए खटाएको काम गर्नेसम्म हो। साइकल खरिद प्रक्रियामा यी प्रतिवादीको कुनै भुमिका नभएको तथा लिनु खानु केही नगरेकोले आरोप दाबीबाट सफाई दिलाई पाउँ भनी गर्नु भएको बहस सुनियो।

५ प्रतिवादी रामस्वार्थ महतोको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री सुनिलरंजन सिंह र श्री सरिता थापाले प्रतिवादी रामस्वार्थ महतोको साइकल खरिद प्रक्रियामा कुनै भूमिका थिएन। निजले फरक ब्रान्डको साइकल आपूर्ति हुँदा सम्झौता अनुसारको अम्बीका ब्राण्ड नै भनी दाखिला गरेको होइन। यी प्रतिवादीले लिनु खानु केही नगरेकोले आरोप दाबीबाट सफाई दिलाई पाउँ भनी गर्नु भएको बहस सुनियो।

६ यसै गरी प्रतिवादी जितमोहन कुमार दासको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री गणेशविक्रम कार्कीले प्रतिवादी जितमोहन कुमार दास खरिदार पदका साना दर्जाका कर्मचारी हुन्। निजको काम माथिल्लो अधिकारीले लगाए खटाएको काम गर्नेसम्म हो। साइकल खरिद प्रक्रियामा कुनै सम्लग्न नभएको तथा लिनुखानु जस्ता कार्य पनि नगरेको झुट्टा आरोप दाबीबाट सफाई दिलाई पाउँ भनी गर्नु भएको बहस सुनियो।

७ प्रतिवादी ओम सत्यसाई प्राइभेट लिमिटेड  तथा प्रतिवादी रेनु अग्रवालको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री हरिहर दाहाल, श्री शम्भु थापा, श्री सतिषकृष्ण खरेल, विद्वान् अधिवक्ता श्री दिपेन्द्र झाले प्रतिवादी ओम सत्यसाई प्राइभेट लिमिटेडले सम्झौता अनुसारको परिमाणमा साइकल आपूर्ति गरेको, तत्कालीन अवस्थामा विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ महामारीको कारण अम्बीका ब्रान्डको निर्माताले उत्पादन बन्द गरेको, सोको जानकारी मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिइ ब्रान्ड परिवर्तन गर्नका लागि निवेदनसमेत गरेको थियो। यी प्रतिवादीले इमान्दारी साथ सम्झौता कार्यान्वयन गरेको र कुनै बदनियद नभएकोले आरोपित कसुरबाट सफाई दिलाई पाउँ भनी गर्नु भएको बहस सुनियो।

८ अभियोग दाबी हेर्दा, **प्रतिवादी याम प्रसाद भुसाललाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कसुरमा बिगो रु.१०,३३,००७५८। (अक्षरेपी दश करोड तेत्तिस लाख सात सय अन्ठाउन्न रुपैयाँ) कायम गरी सोही दफा बमोजिम सजाय गरी बिगोसमेत असुल उपर हुन तथा ऐ.ऐनको दफा ९ अनुसारको थप कसुरमा समेत सोही दफा बमोजिम सजाय गरी पाउँ भनी माग दाबी लिएको पाइयो।

९ त्यस्तै **प्रतिवादी भगवान झालाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कसुरमा निजलाई बिगो रु.१०,३३,००७५८। (अक्षरेपी दश करोड तेत्तिस लाख सात सय अन्ठाउन्न रुपैयाँ) कायम गरी सोही दफा बमोजिम सजाय गरी बिगोसमेत असुल उपर हुन तथा **ऐ. ऐनको दफा १५ अनुसार कसुरमा समेत सोही दफा बमोजिम सजाय हुन** मागदाबी रहेको देखिन्छ।

१० प्रतिवादी **राजाराम मण्डल**ले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कसुरमा निजलाई बिगो रु. १०,३३,००७५८। (अक्षरेपी दश करोड तेत्तिस लाख सात सय अन्ठाउन्न रुपैयाँ) कायम गरी सोही दफा बमोजिम सजाय तथा बिगो असुलउपर हुन भनी माग दाबी लिएको देखिन्छ।

११ यसै गरी प्रतिवादी **रामस्वार्थ महतो**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ अनुसार कसुरमा सोही दफा सजायको माग दाबी देखिन्छ। प्रतिवादी **जितमोहन कुमार दास**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ अनुसार कसुरमा सोही दफा बमोजिम सजायको माग दाबी लिएको देखिन्छ।

१२ यसै गरी **ओम सत्य साई प्रा.लि., वीरगंज, पर्सा** र उक्त संस्थाको प्रबन्धक निर्देशक  प्रतिवादी **रेनु अग्रवाल**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) अनुसारको कसुरमा बिगो रु.१०,३३,००७५८।- (अक्षरेपी दश करोड तेत्तीस लाख सात सय अन्ठाउन्न रुपैयाँ) कायम गरी सोही दफा बमोजिम सजाय तथा बिगोसमेत जफत गरी पाउँ भन्ने मुख्य आरोप मागदाबी रहेको देखिन आएको छ।

१३ उपर्युक्त तथ्य एवम् आरोप दाबी रहेको प्रस्तुत मुद्दामा निम्न प्रश्नहरूमा निर्णय दिनुपर्ने देखियो।

१ **प्रतिवादीहरूले सम्झौताबमोजिमको ब्राण्डका साइकल खरिद गरेका हुन् होइनन् ?**

२ **सम्झौतामा उल्लिखित ब्राण्डभन्दा फरक ब्राण्डका साइकल खरिद गर्न मिल्ने हो होइन ?**

३ **प्रतिवादीहरूले खरिद प्रक्रिया सम्पन्न गर्दा गलत विवरण उल्लेख गरी प्रतिवेदन तयार पारेका हुन् होइनन् ?**

४ **खरिद प्रक्रिया अपनाउँदा कुनै कानूनी त्रुटि रहेको छ छैन ?**

५ **खरिद गरिएका साइकल र सम्झौतामा उल्लखित ब्राण्डका साइकलको मूल्य खुलाई अभियोजन गरिएको छ, छैन ?**

६ **खरिद गरिएका साइकल वितरण अवस्था के छ ?**

७ **प्रतिवादीहरूले आरोपित कसुर गरेका हुन् होइनन् ?**

८ **यदि कसुर गरेको भए के कस्तो सजाय हुनुपर्ने हो ?**

१४ माथि उल्लिखित ठहर गर्नुपर्ने प्रश्नहरूमा मुद्दाको तथ्य सङ्कलित प्रमाण र विद्यमान कानूनी व्यवस्थाको आधारमा समग्रतामा विश्लेषण गरी निर्णयमा पुग्नुपर्ने हुन्छ। यस सन्दर्भमा प्रथमतः प्रतिवादीहरू विरुद्ध परेको उजुरीका बुँदाहरू के रहेका छन् त्यसतर्फ विचार गरौं। सो उजुरीमा मूलतः निम्नलिखित आरोप उल्लेख भएको देखिन्छः

१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ बमोजिम रु १० करोडभन्दा बढीको खरिदमा खरिद गुरुयोजना बनाउनुपर्नेमा सो नगरिएको।

२. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ को उपनियम (२) ले व्यवस्था गरेको विभिन्न आधारहरू मध्ये कुनैपनि आधारलाई अवलम्बन नगरी दररेट कायम गरिएको।

३. मूल्याङ्कन समितिबाट सिफारिस भएबमोजिम न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही श्री ओम सत्य साई प्रा.लि. वीरगंज २१ पर्साको नाममा हिमालय टाइम्समा मंसिर ४, २०७७ मा रु.११,१०,२९,९५८।(एघार करोड दश लाख उनन्तिस हजार नौ सय अन्ठाउन्न रुपैयाँ) मा बोलपत्र स्वीकृत गर्न आसयको सूचना (Letter of Intention) स्वीकृत नगरी प्रकाशन गरिएको।

४. Om Satya Sai Pvt. Ltd. ले म्याद थपको निवेदन पेस गरेको देखिन्छ तर स्वीकृत भएको पाईदैन।

५. मालसमान खरिद गर्दा सो को गुणस्तर परीक्षण गरी स्टोर दाखिला गर्नुपर्नेमा गुणस्तर परीक्षण सम्बन्धी कुनै कागजात संलग्न नरहेको।

६. सूचना प्रकाशन गर्नका लागि लागत अनुमान सम्बन्धी निर्णय गरिएको तर लागत अनुमानमा कार्यालय प्रमुखको हस्ताक्षर गर्ने महलमा हस्ताक्षर नभएको।

७. बिडिङ्ग कार्यको सूचनाबमोजिम २७ अगस्ट २०२० मा ११ बजे बोलपत्र सम्बन्धी पूर्व बैठक (प्रि-बिड मिटिङ) गर्ने व्यवस्था सूचनामा रहेको तर सो बैठक नगरेको।

१५ यिनै माथि उल्लिखित उजुरी बेहोराका आधारमा अनुसन्धान भई प्रतिवादीहरूको विरुद्धमा अभियोग मागदाबी गरेको पाइन्छ। अनुसन्धानको सिलसिलामा मेकानिकल इन्जिनियर (प्राविधिक सहायक विशेषज्ञ) दिपक प्रसाद देवकोटालाई **"बेटी पढाउ, बेटी बचाउ"** कार्यक्रम अन्तर्गत वितरण गरिएका साइकलहरूको गुणस्तर स्वीकृतिको कार्य प्राविधिक स्पेसिफिकेसनबमोजिमको रहे-नरहेको बारेमा मधेश प्रदेशका आठ वटै जिल्लाका एक-एक माध्यमिक विद्यालयको स्थलगत अनुगमन गरी वितरण गरिएका साइकलहरूको जाँच गरी प्रतिवेदन पेस गर्न खटाइएकोमा प्रतिवेदनको बेहोरा निम्नानुसार रहेको पाइन्छः

१ अनुगमन/परीक्षण गरिएका साइकलहरूमा कम्पनी, ब्राण्ड खुल्ने लोगो, स्टिकर नभएको।

२ साइकलको स्पेसिफिकेसनमा “Improved anti-skid body pedals” उल्लेख गरिएकोमा अनुगमन गर्दा Anti-skid pedal नपाईएको हुँदा स्पेसिफिकेसन अनुसार नभएको तथा छात्राहरूले नयाँ पेडल खरिद गरी परिवर्तन गरेको पाईएको।

३ साइकलको चेन कवर, मडगार्ड, सेफ्टी लक, सारी गार्ड, पेडल, मडगार्ड रेफ्लेक्टर अत्यन्तै कमसल रहेको पाईएको।

४ अधिकांश साईकलको अनुगमन तथा जाँच गर्दा पन्चर भईरहने, चेन चुडिरहने, हेन्डल हल्लिने, हेन्डलको ग्रीप खुस्किरहने, बस्केट भाँचिने, कुच्चिने, सारीगार्ड खुस्किने, चेन कवर हल्लने, स्ट्याण्ड कमसल रही साईकल नधान्ने, पेडल बिग्रिरहने आदि कारणले राम्रोसङ्ग चल्न सक्ने अवस्थामा रहेको पाईएको।

५ आधिकारिक कम्पनीबाट उत्पादित साइकलहरूमा साईकलकको ह्याण्डलमा पन्चिङ अक्षरले ब्राण्ड लेखिएको तथा फ्रन्ट चेसिस, सिट र पछाडिको मडगार्डमा कम्पनी/ब्राण्डको लोगो/Tag हुनु पर्नेमा सो नभएको।

६ आधिकारिक कम्पनीबाट उत्पादित साइकलहरूको सेफ्टी लकमा एकै किसिमका ब्राण्डका सेफ्टी लक हुनु पर्नेमा अनुगमनको क्रममा फरक-फरक रेहको पाईएको। Janta, Suzuki, Prince, Laser, Sumo, Star, Doner जस्ता उल्लेख भएका सेफ्टी लक जडान गरिएको पाईएको हुँदा आधिकारिक कम्पनीबाट उत्पादन गरिएका हुन् भन्न सक्ने अवस्था नरहेको।

७ प्राविधिक स्पेसिफिकेसनमा “Attractive Steel Chain Cover” हुनुपर्ने भनिएकोमा एकदमै सामान्य साथै कम गुणस्तरको रहेको पाईएको।

८ प्राविधिक स्पेसिफिकेसनमा Seat Cover हुनुपर्ने भनी उल्लेख भएकोमा अनुगमन गर्दा साइकलमा सिट कभर नपाईएकोले स्पेसिफिकेसन अनुसार नभएको।

१६ अतः माथि उल्लिखित जाँच प्रतिवेदनबाट सम्झौताभन्दा फरक ब्राण्ड र कम गुणस्तरको साइकल आपूर्ति गरिएको भन्ने आरोप दाबी स्थापित भएको देखिन्छ।

१७ यस सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जनकपुरधाम, धनुषाको च.नं. १५२२, मिति २०७८/१२/२८ गतेको पत्रमा लेखिएको बेहोरा महत्वपूर्ण छ। सो पत्रमा “**यस कार्यालयमा उपलब्ध फाइल, कागजात, अभिलेख हेर्दा कम्पनी/ब्राण्ड पुष्टि हुने प्रमाणित कागजातहरू देखिएन। सप्लायर्सबाट भुक्तानीका समयमा प्राप्त बिलमा साइकलको ब्राण्ड र स्पेसिफिकेसन उल्लेख भएको पाइएन। केवल लेडिज साइकल भन्ने मात्र उल्लेख भएको देखियो**” भनी बेहोरा उल्लेख गरेको देखिन्छ। यस पत्रको बेहोराबाट पनि सम्झौता विपरित फरक ब्राण्डका साइकल आपूर्ति गरिएको भन्ने पुष्टि हुन्छ।

१८ अब उपर्युक्त तथ्य प्रमाणको रोहमा प्रति व्यक्ति आरोपित कसुरको विश्लेषण गरी हेर्नु पर्ने देखियो। सर्वप्रथम **प्रतिवादी राजाराम मण्डल**को हकमा हेर्दा, निज प्रतिवादी सहलेखापाल पदमा कार्यरत रहेको देखिन्छ। निजले अधिकार प्राप्त अधिकारी र अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कार रहेको देखिन्छ। सो इन्कारी बयानलाई समर्थन हुने गरी निजका साक्षी गुदर यादवले बकपत्र गरेको देखिन्छ। Specification बमोजिम साइकल खरिद भएको भन्ने सि.डि.ई. भगवान झाको प्राविधिक प्रतिवेदन सहितको सिफारिस रहेको आधारमा अख्तियार प्राप्त अधिकारीसमक्ष भुक्तानीका लागि पेस गर्नु भन्ने किटानीसाथ भएको तोक आदेशबमोजिम यी प्रतिवादीले भुक्तानीका लागि पेस गरेको देखिन्छ। यी प्रतिवादीको साइकल खरिद सम्बन्धी कुनै पनि निर्णय, बोलपत्र, सम्झौता, खरिद, दाखिला तथा खरिद प्रक्रियामा संलग्नता रहेको देखिदैन। निज प्रतिवादीले लिनु खानु गरी बदनियतका साथ साइकल खरिदमा भुक्तानीका लागि पेस गरेको भन्ने समेत देखिन आउँदैन। यस अवस्थामा निज प्रतिवादी उपरको आरोपदाबी वस्तुनिष्ठ प्रमाण प्रस्तुत गरी अभियोजनकर्ताले पुष्टि गर्न सकेको पाइएन।

१९ यसै गरी **प्रतिवादी राम स्वार्थ महतो** अधिकृत छैटौं तहका कर्मचारी देखिन्छन्। निजको जिम्मेवारी भण्डार तथा जिन्सी शाखा प्रमुखको रुपमा रहेको देखिन्छ। निजले अधिकार प्राप्त अधिकारी र अदालतमा बयान गर्दा साइकल खरिद सम्बन्धी कुनै पनि निर्णय तथा खरिद प्रक्रियामा संलग्नता नरहेको, कुनै पनि गलत लिखत तथा प्रतिवेदन तयार नगरेको र प्रदेश सरकारलाई हानिनोक्सानी पुर्‍याउने कार्य नगरेको भनी आरोपित कसुरमा इन्कार रहेको पाइन्छ। सो इन्कारी बयानलाई समर्थन हुने गरी निजका साक्षी भवेश्वर यादवले बकपत्र गरेको देखिन्छ। यी प्रतिवादीले भण्डार दाखिला गर्दा अम्बीका ब्राण्डको साइकल नै भनी उल्लेख गरी अभिलेख राख्ने कार्य गरेको भन्ने पनि देखिन आउँदैन। भण्डार दाखिला लिखतमा **"लेडिज साइकल"** भन्ने सम्म उल्लेख भएको भनी आरोप पत्रमा नै उल्लेख भएको देखिन्छ। यसबाट निज प्रतिवादीको इन्कारी बयानलाई अन्यथा भन्नुपर्ने देखिदैन भने वादी नेपाल सरकारले निज विरुद्धको आरोपदाबी ठोस तथा वस्तुनिष्ठ प्रमाण प्रस्तुत गरी पुष्टि गर्न सकेको पाइदैन।

२० यसै गरी अर्का **प्रतिवादी जितमोहन कुमार दास** खरिदार पदमा कर्मचारी रहेको देखिन्छ। निजलाई भण्डार शाखामा जिम्मेवारी दिएको देखिन्छ। निजले अधिकार प्राप्त अधिकारी र अदालतमा बयान गर्दा, सि.डि.इ. भगवान झाले BOQ मा रहेको स्पेसीफिकेसन अनुसार सामान रहेको भनी सिफारिस गरेको, सो टिप्पणीमा कार्यालय प्रमुखले प्राविधिक प्रतिवेदन आइसकेको हुनाले स्टोर दाखिला गर्नु भनी लगाएको तोक आदेश लगाई अनुपालन गर्दै स्टोर दाखिला गर्न लगाईएको हो। माथिल्लो तहबाट बील अनुसार दाखिला प्रतिवेदन तयार गर्न भने बमोजिम दाखिला प्रतिवेदन तयार गरेको हो। कुनै बदनियत राखेर प्रदेश सरकारलाई हानिनोक्सानी हुने काम गरेको छैन भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिन्छ। सो इन्कारी बयानलाई निजका साक्षी नवीन कुमार सिंहले समर्थन हुने गरी बकपत्र गरेको देखिन्छ। यी प्रतिवादीले दाखिला लिखतमा अम्बिका ब्राण्डको साइकल भनी उल्लेख नगरी **"लेडिज साइकल"** भनी उल्लेख गरेको देखिन्छ। अम्बिका ब्रान्ड साइकल नै दाखिला भएको भन्ने निज उपरको आरोपदाबी दाखिला विवरणबाट पुष्टि भएको देखिदैन। अतः निज उपरको दाबी पनि अभियोजकर्ताले सप्रमाण पुष्टि गर्न सकेको देखिन आएन।

२१ यसप्रकार **प्रतिवादीहरू राजाराम मण्डल, राम स्वार्थ महतो र जितमोहन कुमार दास** तीनै जना निर्णयाधिकारी नभई अह्राएको, खटाएको जिम्मेवारी वहन गर्ने सहायक स्तरको कर्मचारीहरू भएकोमा विवाद छैन। सो जिम्मेवारी पुरा गर्ने शिलशिलामा निज प्रतिवादीहरूले आफुलाई गैरकानूनी लाभ लिने वा सरकारलाई हानी पुर्‍याउने बदनियत लिई कार्य गरेको भन्नेसमेत मिसिल सम्लग्न कागज प्रमाणबाट पुष्टि भएको देखिन आएन। कुनै ठोस तथा वस्तुनिष्ठ प्रमाणको अभावमा निज प्रतिवादीहरूलाई कसुरदार कायम गर्न मिल्ने देखिदैन।

२२ **प्रतिवादी श्री ओम सत्य साई प्रा.लि.** र सो प्रा.लि.का प्रवन्ध निर्देशक **रेनु अग्रवाल**को हकमा हेर्दा, "मुख्यमन्त्री **"बेटी पढाउ, बेटी बचाउ अभियान"** अन्तर्गत प्रदेशभित्र रहेका सामुदायिक विद्यालयमा कक्षा ८ मा अध्ययनरत छात्राहरूको लागि साइकल वितरण गर्ने योजना प्रदेश सरकारको रहेकोमा विवाद छैन। सो कार्य गर्नका लागि साइकल खरिदका लागि बोलपत्र आव्हान भएको देखिन्छ। सो अनुरुप पर्न आएका बोलपत्रहरू मध्ये सबैभन्दा योग्य बोलपत्रदाता छनौट गर्नुपर्ने हुन्छ। बोलपत्र मूल्याङ्कन समितिको प्रतिवेदनमा Lowest Evaluated Bidder- M/S Om Satya Sai Pvt. Ltd. लाई छनौट गरेको देखिन्छ। वोलपत्र छनौटसम्म पनि अभियोजकबाट कुनै प्रश्न उठाएको पाइदैन। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २५ अनुसार Lowest Evaluated Substainsive Responsive bid भनी सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ बमोजिम M/S Om Satya Sai Pvt. Ltd गरेको प्रस्तावतर्फ समितिले योग्य ठहर्‍याएको पाइन्छ।

२३ सप्लार्यसको योग्यताको सम्बन्धमा पनि विवाद देखिंदैन। प्रस्ताव गरेको रु.११,१०,२९,९५८।(अक्षरेपी एघार करोड दश लाख उनन्तिस हजार नौ सय अन्ठाउन्न रुपैयाँ) निज प्रतिवादीलाई स्वीकृति दिइ दुई पक्ष बीच सम्झौता गरेको देखिन्छ। सो सम्झौता अनुसार जम्मा १७२३८ थान अम्बीका कम्पनी/ब्रान्डको लेडीज साइकल आपूर्ति गर्नु पर्ने

सम्झौताको शर्त रहेको देखिन्छ। सो अनुसार अम्बिका ब्राण्डकै साइकल आपूर्ति गर्नुपर्नेमा सो नगरी आपूर्तिकर्ता ओम सत्य साई प्रा.लि. ले केबल १२०० थान मात्र अम्बीका कम्पनी/ब्रान्डको लेडीज साइकल आपूर्ति गरेको देखिन्छ। ठूलो सङ्ख्याको १६०३८ थान साइकल कुनै ब्राण्ड नखुलेका र सम्झौताले निर्दिष्ट नगरेका साइकल आपूर्ति गरेको जाँच तथा परीक्षण प्रतिवेदनबाट देखिन आउँछ। यस तथ्यलाई प्रतिवादीहरू सबैले स्वीकार गरेको पाइन्छ।

२४ ओम सत्य साई प्रा.लि.का वित्तिय प्रमुख संजय प्रसाद रौनियारले मौकामा बयान गर्दा, आ.व. **२०७७।०७८ मा कुल १७,२३८ थान साइकल आपूर्ति गरेकोमा सो मध्ये १२०० थान साइकल मात्र अम्विका ब्राण्डको र बाँकी १६०३८ थान साइकल भने फरक ब्राण्डको आपूर्ति गरेको तथ्य स्वीकार गर्न्दै बयान गरेको देखिन्छ। निजले एक्जिम प्रा.लि. (पान नं. ६०६६५७५०५, कम्पनी रजिस्ट्रारको दर्ता नं. १९३६८५।०७५।०६ बाट स्थानीय खरिद गरी आपूर्ति गरिएको हो भनी बयान गरेको देखिन्छ।** सम्पूर्ण साइकल तोकेको समयमा आपूर्ति गर्न नसकेको हुनाले सो अवस्था अवगत गराउँदै पत्र लेखी अनुरोध गरी अन्य साइकल आपूर्ति गरिएको हो भन्ने निजको कथन रहेको छ।

२५ निज संजय प्रसाद रौनियारले गरेको मौकाको कागज बेहोरामा प्रदेश सचिव याम प्रसाद भुसाल र सि.डि.ई. भगवान झाको सुझावमा अर्को ब्राण्डको साइकलको आपूर्ति गरेको हो भन्ने बेहोरा लेखाएको देखिन्छ। निज संजय प्रसाद रौनियारले अदालतमा उपस्थित भइ बकपत्र गर्दासमेत सम्झौता गरेको साइकल कम्पनीले कोभिड महामारीका कारण सबै परिणाममा उपलब्ध गराउन नसकेको कारणले गर्दा त्यो भन्दा राम्रो र महङ्गो अर्को ब्रान्डको साइकल उपलब्ध गराएको हो भनी बेहोरा उल्लेख गरेको देखिन्छ।

२६ कोभिड-१९ को कारणबाट निर्धारित स्पेसिफिकेसनबमोजिमको साइकल उपलब्ध गराउन नसक्ने हुँदा ब्राण्ड परिवर्तनका लागि प्रदेश मन्त्रिपरिषद्मा निवेदन दिई सि.डि.ई. भगवान झाले स्वीकृति दिएबमोजिम अन्य ब्राण्डको साइकल खरिद गरिएको हो भन्ने उक्त प्रतिवादीको जिकिर रहेको छ। फरक खालको साइकल उपलब्ध गराइनु पर्ने कारण सहितको निवेदन स्वीकृतिका लागि पत्र सम्बन्धित निकायमा दर्ता गराएर साइकल उपलब्ध गराएको हो भनी बयान बेहोरा लेखाएको देखिन्छ। श्री ओम सत्य साई प्रा.लि.का प्रवन्ध निर्देशक रेनु अग्रवालले अदालतमा बयान गर्दा सम्झौतामा उल्लिखित स्पेसिफिकेसनबमोजिमको १७२३८ थान गुणस्तरीय साइकल उपलब्ध गराएको हो। १६०३८ थान लेडिज साइकल प्रीन्स ब्राण्डको र १२०० थान लेडिज साइकल अम्बीका ब्राण्डको उपलब्ध गराएको हो। कोभिड-१९ महामारी फैलिएको र फलामको आपूर्तिमा समस्या भई निर्माताहरूले उत्पादन बन्द गरेको एवम् यातायातसमेत ठप्प रहेको अवस्थामा अम्बिका कम्पनीको निर्धारित स्पेसिफेकेसनबमोजिम साइकल उपलब्ध गराउन नसकेको हो भनी आरोपित कसुरमा इन्कार रहेको पाइन्छ।

२७ यसरी माथि विवेचित आधारबाट आपूर्तिकर्ताले Non Branded साइकल आपूर्ती गरेको देखिए तापनि सम्झौता अनुरुपको साइकल उपलब्ध गराउन असम्भव भएको भनी लिखित अनुरोध गरी सि.डि.इ. भगवान झा समेतको मौखिक स्वीकृतिमा फरक प्रकारको साइकल आपूर्ति गरेको हुँ भनी जिकिर लिएकोमा प्रदेश सरकारका प्रमुख जिम्मेवार पदाधिकारीले त्यसलाई इन्कार नगरी जेजस्ता साइकल आपूर्ति गरेको भए पनि स्वीकार गरी साइकल बुझिलिने र स्टोर दाखिला गरी सबै साइकल वितरणसमेत गरेको देखिन्छ।

२८ आपूर्तिकर्ताको गलत कार्यका लागि खरिद भएका साइकलको मूल्य र सम्झौताबमोजिम खरिद गर्नुपर्ने ब्राण्डका साइकल बिचको मूल्यको फरक कति हो भन्ने वस्तुनिष्ठ मूल्याङ्कनको आधारमा अभियोग दाबी नआएसम्म सप्लायर्सको आर्थिक दायित्व कति हुने भन्ने छुट्ट्याउन सकिंदैन। यसका अतिरिक्त अभियोजकबाट आपूर्तिकर्ताले आपूर्ति गरेको साइकलको मूल्य के कति पर्ने हो सो केही नखुलाई पुरै बिगो कायम गरी आरोपदाबी लिएकोबाट वितरण भैसकेको साइकलको बिगो यकीन गरी वास्तिवक हानिनोक्सानीको रकम कति हो भनी मूल्याङ्कन गर्न मिसल कागजबाट सम्भव हुने देखिन आएन। यस अवस्थामा आपूर्तिकर्ताले सम्झौतामा उल्लेख भएको थान १७२३८ साइकल उपलब्ध गराएको तथ्यमा अभियोजन पक्षले अन्यथा दाबी लिएको नदेखिंदा र आपूर्तिकर्ताले अम्बीका ब्राण्ड भन्दा फरक रहेको १६०३८

थान लेडिज साइकल उपलब्ध गराएको अवस्था हुँदा सो साइकलको मूल्य शून्य नै हुन्छ भनी हचुवा मूल्य कायम गर्नु न्यायोचित हुने देखिदैन। अतः आपूर्ति गरेको साइकलको मुल्य र वास्तविक नोक्सानीको बिगो अभियोजन पक्षबाटै यकीन गरी मागदाबी लिनुपर्नेमा पूरै बिगो माग गरी आएको देखिएको हुँदा आपूर्तिकर्तालाई वास्तविक हानिनोक्सानीको बिगो कायम गर्न मिल्ने देखिएन।

२९ यसमा आपूर्तिकर्ताको बदनियत रहेको छ छैन भन्ने तर्फ पनि हेरिनुपर्दछ। बदनियत पक्षको कार्यबाट देखिनु पर्ने हुन्छ। कोभिड-१९ को कारण सम्झौतामा तोकिएको अम्बीका ब्राण्ड आपूर्ति गर्न नसकी अन्य ब्राण्ड आपूर्ति गर्ने भनी यी आपूर्तिकर्ताले समयमा नै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा निवेदन दिएको देखिन्छ। सम्झौतामा उल्लेख भएको सबै १७२३८ साइकल उपलब्ध गराएकोमा विवाद नदेखिंदा र खरिदकर्ताले सो आपूर्तिलाई स्वीकार गरी भुक्तानी गरेको हुँदा आपूर्तिकर्ताले कुनै बदनियत लिई आरोपित कसुर अनुरुपको मूल्य बराबर हानिनोक्सानी भएको भन्न मिल्ने देखिएन। तसर्थ खरिदकर्तालाई लिखित रुपमा पूर्व जानकारी गराई फरक प्रकृतिका साइकल उपलब्ध गराएकोमा त्यस्तो फरक आपूर्तिमा कुनै विमति नजनाई सोलाई स्वीकार गर्ने पक्षले नै पूर्ण जिम्मेवारी लिनुपर्ने हुन्छ।

३० सम्झौताको प्रथम पक्ष खरिदकर्ताले दोस्रो पक्ष आपूर्तिकर्ताले सम्झौता विपरित सामान आपूर्ति गरेको अवस्थामा सो समान अस्वीकार गर्ने सम्झौताका शर्तहरू संशोधन गर्ने र गुणस्तरीय समानको प्रत्याभूति दिने सम्पूर्ण कार्यको दायित्व प्रथम पक्ष उपर नै रहेको हुन्छ। त्यसतर्फ अनदेखा गरी सहज रुपमा फरक प्रकृतिको सामान आपूर्ति गर्दा समेत कुनै objection नगरी स्वीकार गरेको देखिंदा त्यस्तोमा आपूर्तिकर्तालाई बदनियत राखेको अनुमान गरी उत्तरदायी ठहर गर्नु न्यायोचित हुने देखिंदैन। यदि खरिदकर्ताले यथा समयमै फरक खालको आपूर्तिलाई अस्वीकार गरिदएको भए आपूर्तिकर्ताले बाध्यात्मक रुपमा सम्झौताको परिपालना गर्नु पर्नेमा दुइमत हुन सक्तैन। करारको सामान्य सिद्धान्त अनुसार पनि सम्झौताका पक्षहरूमध्ये कुनै एक पक्षले गरेको संशोधित परिणाम दिने प्रस्ताव आचरण वा व्यवहारबाट स्वीकार गर्दछ भने स्वीकार गर्ने पक्षले त्यसबाट उत्पन्न हुने परिणामको लागि दायित्व बहन गर्नु पर्दछ। अतः आपूर्तिकर्ताले कुनै बदनियत राखी जबर्जस्ती भिडाएको अवस्था नभई खरिदकर्ताले सहज रुपमा स्वीकारेको कारणबाट गुणस्तर, मूल्य र ब्राण्डमा फरक पर्न गएका कारणले त्यसबाट उत्पन्न हुने खराब नतिजाको लागि सो प्रस्ताव स्वीकार गर्ने पक्षले नै मूल रुपमा त्यसको जस अपजस लिनु स्वाभाविक हुन्छ।

३१ **प्रतिवादी याम प्रसाद भुसालको हकमा हेर्दा**, निज प्रतिवादीलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जनकपुरधामका प्रमुख सचिवबाट विभिन्न मितिमा अधिकार प्रत्यायोजन गरेका पत्रहरू मिसिल संलग्न रहेको देखिन्छ। च.नं. ४६२ मिति २०७७/६/६ गतेको अधिकार प्रत्यायोजन एवम् कार्य जिम्मेवारी दिईएको भन्ने बेहोराको पत्रमा प्रमुख सचिव अर्जुन प्रसाद पोखरेलले निम्न अधिकार प्रत्यायोजन एवम् कार्य जिम्मेवारी दिएको देखिन्छः

(१) आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११५ को उपनियम (२) अनुसार राजपत्राङ्कित प्रथम श्रेणीको कार्यालय प्रमुखले प्रयोग गर्ने आर्थिक अधिकार प्रयोग गरी यस कार्यालयको आर्थिक प्रशासन संचालन गर्ने।

(२) कार्यालयको आर्थिक प्रशासन सम्बन्धी सम्पूर्ण कार्यहरू गर्ने।

(३) कार्यालय अन्तर्गत रहेका आयोजना एवम् कार्यक्रम व्यवस्थापन गर्ने।

(४) कार्यालयको चालु र विनियोजनको खर्च ब्यबस्थापन एवम् आर्थिक प्रशासन सम्बन्धी कार्यहरू गर्ने गराउने।

३२ त्यस्तै च.नं. २५७१ मिति २०७७/०१/१६ गतेको पत्रबाट पनि अधिकार प्रत्यायोजन एवम् कार्य जिम्मेवारी दिएको देखिन्छ। सो पत्रमा मुख्यमन्त्री **"बेटी पढाउ बेटी बचाउ"** कार्यक्रम र मुख्यमन्त्री स्वच्छता अभियानसङ्ग सम्बन्धित सम्पूर्ण कार्यसहितको अधिकार दिएको देखिन्छ। यसै गरी च.नं. ४६२ मिति २०७७/६/६ गतेको पत्रले निजलाई अधिकार प्रत्यायोजन एवम् कार्य जिम्मेवारी दिइएको देखिन्छ, जसमा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११५ को उपनियम (२) अनुसार राजपत्राङ्कित प्रथम श्रेणीको कार्यालय प्रमुखले प्रयोग गर्ने आर्थिक अधिकार प्रयोग गरी यस कार्यालयको आर्थिक प्रशासन संचालन गर्ने, कार्यालयको आर्थिक प्रशासन सम्बन्धी सम्पूर्ण कार्यहरू गर्ने,

कार्यालय अन्तर्गत रहेका आयोजना एवम् कार्यक्रम व्यवस्थापन गर्ने, कार्यालयको चालु र विनियोजनको खर्च ब्यबस्थापन एवम् आर्थिक प्रशासन सम्बन्धी कार्यहरू गर्ने गराउने भन्ने उल्लेख भएको देखिन्छ।

३३ यसै गरी च.नं. १०२४ मिति २०७७/०९/०५ गतेको पत्रले निज प्रतिवादीलाई राजपत्राङ्कित प्रथम श्रेणीको कार्यालय प्रमुखले प्रयोग गर्ने आर्थिक अधिकार प्रयोग गरी कार्यालयको आर्थिक प्रशासन संचालन गर्ने, कार्यालयको आर्थिक प्रशासन सम्बन्धी सम्पूर्ण कार्यहरू गर्ने, कार्यालय र अन्तर्गत रहेका आयोजना एवम् कार्यक्रम व्यवस्थापन गर्ने, मुख्यमन्त्री स्वच्छता अभियान कार्यक्रम अन्तर्गतका आयोजनाहरूको कार्यान्वयन गर्ने गराउने भन्ने समेत बेहोराको अधिकार प्रत्यायोजन एवम् कार्य जिम्मेवारी दिएको भन्ने उल्लेख भएको देखिन्छ। यसरी निज प्रतिवादीलाई आर्थिक अधिकारसहित मुख्यमन्त्री **"बेटी पढाउ बेटी बचाउ"** कार्यक्रमको सम्पूर्ण कार्यहरू गर्ने अधिकार दिएकोमा विवाद देखिँदैन।

३४ यसैगरी च.नं.२४९ मिति २०७८/०५/०८ गतेको पत्रबाट प्रमुख सचिव हरिप्रसाद मैनालीले प्रदेश सचिव याम प्रसाद भुसाललाई आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११५ को उपनियम (२) अनुसार राजपत्राङ्कित प्रथम श्रेणीको कार्यालय प्रमुखले प्रयोग गर्ने आर्थिक अधिकार प्रयोग गरी कार्यालयको आर्थिक प्रशासन संचालन गर्ने, कार्यालयको आर्थिक प्रशासन सम्बन्धी सम्पूर्ण कार्यहरू गर्ने, कार्यालय र अन्तर्गत रहेका आयोजना एवम् कार्यक्रम व्यवस्थापन गर्ने, मुख्यमन्त्री स्वच्छता अभियान कार्यक्रम अन्तर्गतका योजनाहरूको कार्यान्वयन गर्ने गराउने भन्ने समेत बेहोराको अधिकार प्रत्यायोजन एवम् कार्य जिम्मेवारी दिएको पाइन्छ। अतः प्रत्यायोजित यी अधिकारहरूको आधारमा साइकल खरिद समेतका सार्वजनिक खरिद सम्बन्धी कार्यमा निज प्रतिवादी यामप्रसाद भुसालको महत्पूर्ण र निर्णायक भूमिका रहे भएको तथ्यमा कुनै विवाद देखिँदैन।

३५ मुख्यमन्त्रीबाट घोषणा गरिएको र प्रदेश सरकारले अनुमोदन गरेको उल्लिखित प्रदेशस्तरीय महत्वको **"बेटी बचाओ बेटी पढाओ"** कार्यक्रम सफल बनाउन यी प्रतिवादीले महत्वपूर्ण अधिकार प्राप्त गरेको विद्यमान परिवेशमा साइकल खरिद गर्दा योजनामा उल्लेख भएको र सम्झौताले निर्दिष्ट गरेका शर्तहरू विपरित नहुने गरी कार्य सम्पादन गर्नु निजको पदीय कर्तव्य र दायित्व दुवै हुन आउँछ। साइकल खरिदका लागि बोलपत्र आह्वान गरिसकेपछि तोकिएको स्पेसिफिकेसन र ब्राण्डका साइकल खरिद गर्ने, सम्झौता बमोजिमको ब्राण्ड र तोकिएको स्पेसिकेसन अनुरुपको साइकल आपूर्ति भए नभएको हेरी जाँची स्टोर दाखिला गराउने, सम्झौता विपरितको साइकल आपूर्ति गरेको रहेछ भने त्यस्तो साइकल अस्वीकार गर्ने, कुनै अपरिहार्य कारण र अवस्था सृजना भई सम्झौता अनुसारको साइकल आपूर्ति गर्न सम्भव नै नभएको स्थितिमा कानूनको अधीनमा रही सम्झौताका शर्तहरू बदल्न मिल्ने भए सो प्रक्रियासमेत पूरा गरी खरिद र आपूर्ति गर्नु गराउनु पर्ने दायित्व निज प्रतिवादी माथि नै रहेको देखिन्छ। प्रस्तुत मुद्दामा यी प्रतिवादीले आपूर्तिकर्ताबाट सम्झौता विपरितका साइकल आपूर्ति गरेकोमा समेत त्यसलाई स्वीकार गरी स्टोर दाखिला गर्न अनुमति दिएको पाइन्छ। गुणस्तरमा कमजोर र सम्झौताले नचिनेका साइकल अस्वीकार गर्नेतर्फ कुनै वैधानिक प्रक्रिया अवलम्बन गरेको समेत देखिंन आउँदैन।

३६ मिसिलमा साइकलको विभिन्न मितिका दाखिला प्रतिवेदन संलग्न राखी प्रमाणको रुपमा प्रस्तुत गरेको देखिन्छ। सो अनुसार हेर्दा दाखिला प्रतिवेदन नं. १ मिति २०७७/११/२३ गते, दाखिला प्रतिवेदन नं. २ मिति २०७७/१२/४ गते, दाखिला प्रतिवेदन नं. ३ मिति २०७७/१२/२५ गते, दाखिला प्रतिवेदन नं. ४ मिति २०७७/१२/२७ गते, दाखिला प्रतिवेदन नं. ५ मिति २०७८/२/१८ मा सबै जाँच गर्ने भण्डार प्रमुख अधिकृत छैठौं राम स्वार्थ महतो रहेका छन्। उक्त प्रतिवेदन प्रमाणित गर्ने प्रदेश सचिव यी प्रतिवादी याम प्रसाद भुसाल रहेको पाइन्छ। त्यस्तै दाखिला प्रतिवेदन नं. ६ मिति २०७८/२/१८ गते, दाखिला प्रतिवेदन नं. ३७१ मिति २०७८/३/३० गते, दाखिला प्रतिवेदन नं. ३७२ मिति २०७८/३/३० मा दाखिला प्रतिवेदनमा दाखिला प्रतिवेदन तयार गर्ने जित मोहन कुमार दास, जाँच गर्ने राम स्वार्थ महतो र प्रमाणित गर्ने प्रदेश सचिव याम प्रसाद भुसाल रहेको देखिन्छ। यसबाट निज प्रतिवादीले

भूलचुकबाट ब्राण्ड फरक परेको जानकारी भएन भनी प्रतिवाद गर्ने आधारसमेत देखिन नआई जानीबुझी फरक ब्राण्डको साइकल स्वीकार गरेको पुष्टि हुन आउँछ।

३७ खरिद गरिएका साइकलको बिल भुक्तानी हुन भनी सि.डि.ई. भगवान झाले सिफारिस सहितको टिप्पणी पेस गरेकोमा निज प्रदेश सचिव याम प्रसाद भुसालले मिति २०७८।०३।३० गते स्टोर शाखालाई संलग्न निवेदन र प्राविधिक प्रतिवेदन समेतका आधारमा साइकल दाखिला गरी भुक्तानीका लागि पेस गर्ने भन्ने बेहोरा उल्लेख गरेको प्रमाणबाट पुष्टि हुन्छ। सार्वजनिक खरिद व्यवस्थपनको मुख्य उद्दयेश्य नै सार्वजनिक अधिकारीको जवाफदेहिताबाट सफल हुने हो। खरिद गरिएको मालसामानको गुणस्तरीयता र सार्वजनिक अधिकारीको कार्यकुशलता मात्र होइन उत्तरदायित्वपूर्ण कार्यबाट सरकारी कोषको उपयोगमा इमान्दारितासमेत देखिनु पर्दछ। प्रस्तुत खरिद कार्यमा सहप्रतिवादी सि.डि.ई. भगवान झाले बदनियतपूर्वक फरक खालको साइकल आपूर्ति भएको तथ्य लुकाइ सम्झौता अनुरुपकै साइकल आपूर्ति भएको भनी झुट्टा बेहोरा उल्लेख गरी पेस गरेको टिप्पणी अनुसार प्राप्त मालवस्तु के कस्तो हो भनी कुनै चेकजाँच नगरी स्टोर दाखिला गर्न र बिल भुक्तानी गर्नु भनी निज सचिवबाट टिप्पणी सदर गर्नु अन्जानमा भएको सामान्य त्रुटि मान्न सकिंदैन। यसबाट यी दुवैजना प्रतिवादीहरूको बदनियत पुष्टि हुन्छ।

३८ सार्वजनिक जवाफदेहीको पदमा रहेका हरेक राष्ट्रसेवकहरूसँग कानूनसङ्गत व्यवहार र इमानदारिताको अपेक्षा गर्नु स्वाभाविक हुन्छ। त्यसको अतिरिक्त निजबाट पदीय जिम्मेवारी पूरा गर्नसक्ने व्यावसायिक क्षमता, दुरदर्शिता, नेतृत्व गुण आदि कुराहरूको पनि अपेक्षा गरिएको हुन्छ। त्यसमा पनि सरकारले व्यावसायिक वा व्यापारिक प्रकृतिको जिम्मेवारी सुम्पेको छ भने ती पदाधिकारीले तदनुकूलको इमान्दारिता, सक्षमता र व्यवस्थापकीय कौशल पनि प्रदर्शित गर्नुपर्ने हुन्छ। अधिकारप्राप्त अधिकारीबाट हमेसा कानूनसङ्गत र व्यावसायिक हिसावले सही निर्णय गर्नुपर्ने आमअपेक्षा गरिएको हुन्छ। प्रस्तुत मुद्दामा प्रतिवादी याम प्रसाद भुसालले आफैले साइकल उत्पादन स्थल भारतको लुधियानासम्म पुगेर सही ब्राण्डको साइकल खरिद गरिएको निष्कर्षमा पुगिसकेर पनि उपलब्ध गराइएका साइकल आफूले निरीक्षण र अवलोकन गरेबमोजिमकै ब्राण्डका प्राप्त भए वा भएनन् भन्नेसम्म पनि जाँचबुझ गरिएन भन्नु करोडौं मूल्यको सरकारी रकम लगानीप्रति निजको उदासिनता र उच्च लापरवाही मात्र नभई बदनियतपूर्ण कार्य हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ।

३९ यसै गरी अर्का **प्रतिवादी सि.डि.ई. भगवान झा**लाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जनकपुरधाम धनुषाको च.नं. ७०० मिति २०७७/०३/३१ गतेको पत्रबाट आ.व. २०७७/०७८ लागि निम्नलिखित जिम्मेवारी तोकिएको पाइन्छः

१ योजनाहरूको सबै डिजाईन, लागत अनुमान, DPR तयार गर्ने, रुजु गर्ने, प्रमाणित गर्ने,

३ आयोजनाहरूको खरिद कार्यका लागि Bid Documents र Technical Specification तयार गर्ने

४ Bidding प्रक्रियाका सम्पूर्ण कार्यहरू गरी E-bid समेत गर्ने, गराउने,

५ बोलपत्र, दरभाउपत्र आदिको बोलपत्र मुल्याङ्कन समितिका विशेषज्ञको रुपमा कार्य गर्ने,

६ आयोजनाहरूको अनुगमन, सुपरीवेक्षण लगायतका कार्य गरी प्रतिवेदन पेस गर्ने,

७ आयोजनाहरूको कार्यान्वयन पश्चात नापजाँच, परीक्षण गरी ठेक्का विल प्रमाणित गरेर भुक्तानीको लागि सिफारिस साथ पेस गर्ने।

४० त्यसको अतिरिक्त सम्झौता अनुरुप साइकलको चलानी पूर्व र पश्चात निरीक्षण गर्नका लागि यी प्रतिवादी याम प्रसाद भुसालको संयोजकत्वमा Inspection टोली गठन भएको देखिन्छ। सो टोलीका सदस्यमा निज प्रतिवादी सि.डि.ई. भगवान झा पनि रहेको देखिन्छ। सो टोलीले Factory को साईकल उत्पादन स्थलगत अध्ययन गर्न भारतको लुधियानामा गइ Pre-shipment Inspection गरेको पाइन्छ। सो पश्चात निरीक्षण प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय जनकपुरमा पेस गरेको देखिन्छ। सो निरीक्षण प्रतिवेदनमा **"साइकल हेर्दा आकर्षक रहेको, हुनु पर्ने**

**आवश्यक सम्पूर्ण सामाग्रीहरू जडान भएको, भौतिक परीक्षण नाप जाँच सहित निरीक्षण गरेको"** भन्ने समेत बेहोरा उल्लेख भएको पाइन्छ। यसरी करार सम्झौता गरेको आपूर्तिकर्ताले खरिद गर्ने भनी तोकिएको ब्राण्डको साइकलको Manufacturing कारखानामा गई यी प्रतिवादीहरूले निरीक्षणसमेत गरेको देखिन्छ। तर आपूर्ति गरिएका साइकल जम्मा १२०० थान मात्र उक्त निरीक्षण प्रतिवेदन र सम्झौता बमोजिमका भएका र ठूलो सङ्ख्याको १६०३८ साइकल आपूर्ति चाहिँ बिना ब्राण्डका गरिएको देखिन्छ। त्यसैलाई सम्झौताका प्रथम पक्ष समेत रहेका प्रतिवादीले स्वीकार गरेको पाइन्छ। त्यसरी सम्झौता र Pre-shipment inspection का क्रममा निरीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिमका साइकल आपूर्ति भए नभएको चेक जाँच गर्ने दायित्व समेत निजै प्रतिवादीहरूको रहेकोमा विवाद हुन सक्तैन।

४१ आपूर्तिकर्ताले सम्झौता बमोजिमका साइकलहरू उपलब्ध गराएको छ वा छैन भन्ने विषयमा यी प्रतिवादीहरूले आयोजनाको अनुगमन, सुपरिवेक्षण लगायतका दायित्व पुरा गर्नु पर्ने समेत जिम्मेवारी निजै उपर रहेकोमा पनि विवाद छैन। तर निज प्रतिवादीहरूले सो दायित्व र जिम्मेवारी गम्भीरताकासाथ पुरा गरेको देखिदैन। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १६ अनुसार सार्वजनिक खरिद गर्ने प्रयोजनका लागि खरिद महाशाखा, शाखा वा ईकाई स्थापना गरी खरिद प्रक्रिया अघि बढाउनुपर्ने व्यवस्था रहेको पाइन्छ। प्रस्तुत खरिद कार्यमा उक्त बमोजिमको प्रक्रिया अवलम्बन गरेको समेत देखिदैन। माथि उल्लेख गरिए झैं आपूर्तिकर्ताले सम्झौता भन्दा फरक ब्राण्डको साइकल उपलब्ध गराउन आवश्यकता उल्लेख गरी निवेदन कार्यालयमा दर्ता गरेको भनिएकोमा सो पश्चात कानूनबमोजिम दुबै पक्षको सहमतिमा सोको निकास दिनु पर्ने दायित्व पनि सम्झौताका प्रथम पक्ष प्रतिवादीहरूमा रहेकोमा सो भए गरेको पनि देखिन आँउदैन। अतः यसबाट सप्लार्यसले जे जस्तो ब्राण्डका साइकल आपूर्ति गरेको भएपनि निज प्रतिवादीले मौन स्वीकृति दिएको भन्ने देखिन्छ। यदि मौन स्वीकृत नदिएको भए आपूर्तिकर्ताले अम्बिका ब्राण्डभन्दा फरक रहेको ठुलो सख्याको १६०३८ थान लेडिज साइकल उपलब्ध गराउँदा समयमा नै अनुगमन तथा रोकछेक गर्नुपर्नेमा सो गरेको मिसिलबाट देखिएन। यस्तो कार्यलाई मान्यता दिइनु प्रतिवादीहरूको बदनियतपूर्ण मनसाय नै हो भन्ने पुष्टि हुन्छ।

४२ माथिका तथ्यहरूको आधारमा प्रतिवादी प्रदेश सचिव **याम प्रसाद भुसालको** उक्त परियोजनाको सम्पूर्ण जिम्मेवारी निजमा नै रहेको देखिन्छ। आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११५ को उपनियम (२) अनुसार राजपत्राङ्कित प्रथम श्रेणीको कार्यालय प्रमुखले प्रयोग गर्ने आर्थिक अधिकार प्रयोग गरी कार्यालयको आर्थिक प्रशासन संचालन गर्ने, कार्यालयको आर्थिक प्रशासन सम्बन्धी सम्पूर्ण कार्यहरू गर्ने, कार्यालय र अन्तर्गत रहेका आयोजना एवम् कार्यक्रम व्यवस्थापन गर्ने, मुख्यमन्त्री स्वच्छता अभियान कार्यक्रम अन्तर्गतका योजनाहरूको कार्यान्वयन गर्ने गराउने भन्ने समेत बेहोराको अधिकार प्रत्यायोजन एवम् कार्य जिम्मेवारी प्रमुख सचिवहरूबाट लिखित रुपमा नै पाइसकेपछि मितव्ययिता गुणस्तरीयता र सम्झौताका शर्त अनुरुप हुने गरी निर्णय कार्यान्वयन गर्नु यी प्रतिवादीको परम कर्तव्य हुन आउँछ।

४३ निज प्रतिवादीले अख्तियारी पाएको आधारमा नै निजले साइकलको भुक्तानी खर्च लेखेको देखिन्छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ बमोजिम निरीक्षण तथा परीक्षण गर्ने दायित्व निजै उपर रहेको देखिन्छ। तर आपूर्ति गरिएका साइकलको निजले उक्त नियम ११५ बमोजिम निरीक्षण तथा परीक्षण नै नगरी जानजान सम्झौता विपरित उपलब्ध गराइएका फरक ब्राण्डका १६०३८ थान लेडिज साइकल स्वीकार गरी भुक्तानी गरेको देखिन्छ। निज प्रतिवादीबाट विल भुक्तानीको सिलसिलामा समेत ब्राण्ड कस्तो थियो भनी हेर्न सकिनेमा सो हेरिएको पाइदैन। तसर्थ निज प्रतिवादीले आरोप दाबीबमोजिम भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(१)(ञ) को कसुर गरेको देखिन आउँछ। तर यो प्रतिवादी याम प्रसाद भुसाल आफैले गलत लिखत तयार पारेको भन्ने मिसिल प्रमाणबाट पुष्टि हुन नआएकोले ऐ. दफा ९ को आरोप दाबी पुग्न सक्ने अवस्था देखिएन।

४४ **प्रतिवादी सि.डि.ई भगवान झाको हकमा** हेर्दा सम्झौतामा उल्लेख भएको ब्राण्डको साइकल आपूर्तिकर्ताबाट उपलब्ध

नभएकोमा समेत सम्झौता बमोजिमको साइकल प्राप्त भएको भनी भुक्तानीको लागि टिप्पणी पेस गरेको देखिन्छ। आफूसमेत भै Pre-shipment inspection मा भारतको लुधियाना पुगी प्रतिवेदनको एक सक्रिय सदस्यको रुपमा रहेका निज प्रतिवादीले जानाजान  टिप्पणीमा उल्लेख गरेको त्यस्तो बेहोरा नै झुट्टा र बदनियतपूर्ण देखिन्छ। आपूर्तिकर्तालाई यी प्रतिवादीले सिफारिस गरेको सोही टिप्पणी बेहोराको आधारमा भुक्तानी भएको देखिन्छ। तसर्थ निज प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ञ) को कसुर गरेको देखिन आयो। तर निज प्रतिवादीले विना अख्तियारी उक्त परियोजनामा सम्झौता गरेको भन्ने आरोप दाबी लिए तापनि सम्झौताका दुबै पक्षले सो सम्झौतामा विवाद गरेको नदेखिंदा निज प्रतिवादीलाई लगाइएको ऐ.ऐनको दफा १५ को आरोपदाबी पुग्न सक्ने देखिएन।

४५ बिगोको हकमा अभियोजन पक्षबाट मागदाबी गर्दा खरिद भई वितरण गरिएका पुरै साइकलको बिगो कायम गरी प्रस्तुत मुद्धा दायर भएको पाइन्छ। तर सम्झौतामा उल्लेख भए अनुरुपको ब्राण्डका साइकल आपूर्ति नभए पनि सम्झौतामा उल्लिखित सङ्ख्याबमोजिम नै साइकल खरिद गरी वितरणसमेत गरेको भन्ने तथ्यमा विवाद देखिदैन। कमसल गुणस्तर र फरक ब्राण्डका साइकल आपूर्ति भएकोमा विवाद नभए पनि अनुसन्धान र अभियोजन पक्षबाट के कति मूल्य फरक पर्न गएको छ सो तर्फ यथार्थ मूल्याङ्कन गरी बिगो कायम गर्नु पर्नेमा सो केही गरेको देखिदैन। पुरै खरिदलाई शून्यकरण गरी पुरै बिगो मागदाबी गरिएबाट यस इजलासलाई प्रति साइकल मूल्य नखुलेको स्थितिमा यकिन रुपमा बिगो कायम गर्न सम्भव स्थिति देखिन आएन।

४६ स्वयम् आपूर्तिकर्ताले समेत १६०३८ थान साइकल सम्झौता विपरितको उत्पादन र फरक खालका लेडिज साइकल एवम १२०० थान मात्र सम्झौता अनुरुपको अम्बीका ब्राण्डको उपलब्ध गराएको तथ्य समेत स्वीकार गरेको देखिन्छ। तर फरक ब्राण्डको भएपनि सम्झौता गरिएको ब्राण्डभन्दा महङ्गो र अझ बढी गुणस्तरीय साइकल आपूर्ति गरिएको हो भन्ने आपूर्तिकर्ताको भनाइ भने विश्वासनीय देखिन आउँदैन। सम्झौताको पहिलो पक्षले साइकल बुझिलिई वितरणसमेत गरिसकेको यस परिप्रेक्ष्यमा आपूर्ति भएको ठूलो सङ्ख्या १६०३८ थान लेडिज साइकललाई मूल्यहीन मानी सो को कुनै मूल्य नै नराखु न्यायोचित देखिएन। यसरी अनुसन्धानकर्ताले आपूर्ति भए गरेका साइकल के कति मूल्य पर्ने हो भन्ने कुरा नै यकीन नगरी प्रतिवादीहरू उपर पूरै बिगो कायम गरी मागदाबी गर्नु न्यायोचित देखिन आएन। अतः अभियोजन पक्षबाट वास्तविक हानिनोक्सानीको बिगो यकिन गर्न नसकेको स्थितिमा यकिन नै नभएको बिगो असुल गर्नु पर्ने भनी अदालतबाट बिगो कार्यम गर्न मिल्ने देखिएन।

४७ अब कुन कुन प्रतिवादीको हकमा अभियोग दाबी पुग्ने वा नपुग्ने के हो भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन्छ। सो तर्फ हेर्दा **प्रतिवादीहरू सहलेखापाल राजाराम मण्डल, (अधिकृत छैटौं) राम स्वार्थ महतो र खरिदार जितमोहन कुमार दासले** गरेको कार्य प्रकृति हेर्दा, अधिकारप्राप्त अधिकारीबाट भएको निर्णय कार्यान्वयनसम्म गरेको देखिएको र निज प्रतिवादीहरू निर्णय गर्ने भूमिकामा रहेको नदेखिंदा निजहरूको हकमा आरोपित कसुर प्रमाणबाट पुष्टि हुन नआएकोले आरोपदाबीबाट सफाई पाउने ठहर्छ। प्रतिवादी श्री ओम सत्य साई प्रा.लि र सो प्रा.लि.का प्रवन्ध निर्देशक रेनु अग्रवालको हकमा निजले आपूर्ति गरेको साइकलको मूल्य र वास्तविक हानि नोक्सानीको बिगो अभियोजन पक्षबाट खुलाएको नदेखिएको तथा सम्झौता अनुरुपको ब्राण्डका साइकल कोभिडको कारण आपूर्ति गर्न नसक्ने भएकोले अन्य प्रकारको साइकल आपूर्तिका लागि मन्त्रालय समक्ष अनुरोध समेत लेखी पठाएको स्थितिमा निजबाट आपूर्ति भएका साइकल खरिदकर्ता प्रथम पक्षले स्वीकार गरी त्यसमा खरिदकर्ता पक्षले प्रश्न नउठाएको स्थितिमा आरोप दाबीबमोजिम बिगो कायम गरी बिगो जफत गर्न मिल्ने नदेखिंदा निज प्रतिवादीले सो आरोपदाबीबाट सफाई पाउने ठहर्छ।

४८ **प्रतिवादी प्रदेश सचिव याम प्रसाद भुसाल**को हकमा हेर्दा, निज प्रतिवादीलाई प्रदेशका प्रमुख सचिवले प्रत्यायोजन गरेको अधिकार अन्तर्गत साइकल खरिद सम्बन्धी सम्पूर्ण जिम्मेवारी निजमा रहेको देखिंदा तहगत रुपमा निज समक्ष पेस गरेको प्रतिवेदन स्वीकृत गरी भुक्तानी खर्च लेखेको, खरिद हुनुपुर्व भारतको लुधियानासम्म गई आफैले Pre-shipment inspection  तथा अवलोकन गरी पेस गरेको प्रतिवेदन बमोजिम आपूर्तिकर्ताबाट साइकल प्राप्त भएपछि सार्वजनिक

खरिद नियमावली, २०६४ को नियम ११५ बमोजिम निरीक्षण तथा परीक्षण गर्ने दायित्व निजै उपर रहेकोमा सोसमेत नगरी सम्झौता विपरित सम्झौतामा उल्लेख नभएका ब्राण्डका साईकल स्वीकार गरी भुक्तानी गरेको समेत देखिन आएकोले निज प्रतिवादीले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(१)(ञ) को कसुर गरेको देखियो। तर अभियोजनकर्ताबाट वास्तविक हानि नोक्सानीको बिगो खुलाई दाबी गरेको अवस्था नदेखिंदा निज प्रतिवादी याम प्रसाद भुसाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) बमोजिम ३ (तीन) महिना कैद र रु १०,०००/- (दश हजार) जरिबाना हुने ठहर्छ। दावीको विगोको हकमा खरिद भएका साइकल र सम्झौतामा उल्लिखत ब्राण्डका साइकलको तुलनात्मक मूल्य नै नखुलाई आरोप दावी गरेको देखिंदा हानिनोक्सानीको यथार्थ विगो यकिन गर्न नसकिएको स्थितिमा विगो तर्फको आरोप दावी पुग्न सक्तैन। निज प्रतिवादीले उक्त ऐनको दफा ९ बमोजिमको कसुर गरेको प्रमाणबाट पुष्टि हुन नआएकोले उक्त दफा ९ को आरोप दाबीसमेत पुग्न सक्दैन।

४९ **अर्का प्रतिवादी सि.डि.ई भगवान झाको हकमा** साइकल खरिद सम्बन्धी प्रक्रियामा आफूसमेत गई भारतको लुधियाना स्थित अम्विका साइकल मेनुफेक्चरमा Pre-shipment inspection तथा अवलोकन भ्रमण गरी पेस गरेको प्रतिवेदन बमोजिम सम्झौतामा उल्लेख भएको ब्राण्डको साइकल आपूर्तिकर्ताबाट प्राप्त नभएको स्थितिमा समेत सम्झौता बमोजिमको साइकल प्राप्त भएको भनी भुक्तानीको लागि टिप्पणी पेस गरी सोही टिप्पणीको आधारमा भुक्तानी भएको देखिन्छ। तसर्थ निज प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ञ) को कसुर गरेको देखियो। तर अभियोजनकर्ताबाट ब्राण्ड नखुलेको साइकलको मूल्य नखुलाई आरोपपत्र पेस गरेको र वास्तविक हानिनोक्सानीको बिगो कायम गरी आरोप दाबी लिन सकेको नदेखिंदा निज प्रतिवादी भगवान झालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) बमोजिम ३ (तीन) महिना कैद र रु.१०,०००/-(दश हजार) जरिबाना हुने ठहर्छ। दावीको विगोको हकमा खरिद भएका साइकल र सम्झौतामा उल्लिखित ब्राण्डका साइकलको तुलनात्मक मूल्य नै नखुलाई आरोप दावी गरेको देखिंदा हानिनोक्सानीको यथार्थ विगो यकिन गर्न नसकिएको स्थितिमा विगो तर्फको आरोप दावी पुग्न सक्तैन। निज प्रतिवादीले उक्त ऐनको दफा १५ को कसुर गरेको प्रमाणबाट पुष्टि हुन नआएकोले सो दफा १५ को आरोप दाबीसमेत पुग्न सक्दैन। अरूमा तपसिल बमोजिम गर्नू।

**सदस्य** **सदस्य** **अध्यक्ष**

**फैसला तयार गर्ने**

इजलास अधिकृतः रोशनकुमार झा

कम्प्युटर अपरेटरः कल्पना पराजुली

फैसला मितिः २०८०।१०।११

**इति संवत् २०८० साल माघ महिना ११ गते रोज ५ शुभम्.........................................................।**

श्री

विशेष अदालत काठमाडौं

अध्यक्ष माननीय श्री टेक नारायण कुँवर

सदस्य माननीय श्री तेज नारायण सिंह राई

सदस्य माननीय श्री मुरारीबाबु श्रेष्ठ

फैसला

(इजलास नं.१)

मुद्दा नं.०७९-CR-००१२

दर्ता मितिः२०७९/०४/२४

फैसला मितिः२०८०/११/०६

नि.नं.-१७४

**मुद्दाः गैरकानूनी लाभ लिई भ्रष्टाचार गरेको।**

**वादी** : अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंका अनुसन्धान अधिकृत कृष्णमणी फुँयालको प्रतिवेदनले नेपाल सरकार।

**विरुद्धः**

**प्रतिवादी** : जिल्ला कालिकोट, खाडाचक्र नगरपालिका वडा नं ३ (साविक मान्म गा.वि.स. वडा नं. ९) स्थायी ठेगाना भई सोही स्थान बस्ने तुलाराम पाण्डेको नाती बालाराम पाण्डेको छोरा अल्लो भाँगो प्रशोधन केन्द्र भवन निर्माण उपभोक्ता समितिका तत्कालीन अध्यक्ष **नन्दप्रसाद पाण्डेसमेत**।

**ठहर खण्ड**

१. विशेष अदालत नियमावली, २०८० नियम ४४ बमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट विशेष सरकारी वकिल कार्यालयका विद्वान् सहायक न्यायाधिवक्ता श्री आदित्य कुमार यादवले अल्लो भागो प्रशोधन केन्द्र भवन निर्माण गर्दा सरिया सिमेन्ट खरिद गरेको सक्कली बिल पेस नगरी बढी रकमको नक्कली पेस गरी भुक्तानी लिने कार्य गरेको हुँदा प्रतिवादीहरूलाई आरोपदाबी बमोजिम सजाय हुनुपर्छ भन्ने बहस प्रस्तुत गर्नुभयो।

२. यसैगरी प्रतिवादी विनिता राना पाण्डेको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री शेर बहादुर के.सी., विद्वान् अधिवक्ताहरू श्री निरुजा चापागाईं र प्रतिवादी नन्द प्रसाद पाण्डेको तर्फबाट विद्वान् अधिवक्ता श्री जगदिश बमले बहस गर्नुभयो। विद्वान् वरिष्ठ अधिवक्ता र विद्वान् अधिवक्ताहरूले गर्नुभएको बहसमा सम्झौता र लागत अनुमानबमोजिम काम सम्पन्न भएको हो। यी प्रतिवादीहरूले नक्कली बिल पेस गरेको होइन। यी प्रतिवादीहरूले कुनै गैरकानूनी लाभ लिएको देखिंदैन। यी प्रतिवादीहरूको कुनै बदनियत छैन। तसर्थ यी प्रतिवादीहरूले आरोप दाबीबाट सफाइ पाउनुपर्छ भन्ने बेहोराको जिकिर लिनुभयो।

३. मुद्दाका दुवै पक्षबाट प्रस्तुत भएका तर्कपूर्ण बहस जिकिर समेतलाई दृष्टिगत गरी मिसिल कागजात र संलग्न प्रमाणहरूको समेत अध्ययन गरी निर्णयतर्फ विचार गर्दा निम्न प्रश्नमा निर्णय दिनु पर्ने देखिन आयोः-

क) **प्रतिवादीहरूले आरोप दाबी अनुसारको कसुर गरेको देखिन्छ वा देखिदैन ?**

ख) **कसुर गरेको देखिए प्रतिवादीलाई के कस्तो सजाय हुन सक्ने हो ?**

४. प्रतिवादीहरू उपर निम्नबमोजिमको अभियोग माग दाबी रहेको पाइन्छः

५. साविकको जिल्ला विकास समितिको कार्यालय, कालिकोटबाट आ.व. २०७०/०७१ मा निर्माण भएको अल्लो भाँगो प्रशोधन केन्द्र, मान्म-८ ताडी, कालिकोटको भवन निर्माण कार्यमा समाबेश गरिएको कौशल स्टोर्स, वीरेन्द्रनगर ६, सुर्खेतको नामबाट मिति २०७१।०३।१२ गते रु.२,२३,७०८।३६ को सरिया सिमेन्ट खरिद गरेको कर विजक नं. ५५६ को सक्कली बिल पेस नगरी झुट्टा बिल बनाई स्रेस्तामा समाबेश गरी भुक्तानी लिने कार्य गरेको खुल्न आएकोले सो भवन निर्माण उपभोक्ता समिति र सोका जिम्मेवार पदाधिकारी क्रमशः अध्यक्ष नन्द प्रसाद पाण्डे, सचिव नरेन्द्र प्रसाद पाण्डे र कोषाध्यक्ष बिनिता राना (पाण्डे) ले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसुर गरेको देखिंदा निज प्रतिवादीहरूलाई बिगो रु.२,५१,५२९। कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिमको कैद सजाय र बिगोबमोजिम जरिबाना हुन एवम् सोही दफा ८(१) बमोजिम हानिनोक्सानी पुऱ्याएको कुल रकम रु.२,५१,५२९।- बिगोसमेत निज प्रतिवादीहरूबाटै असुल उपर हुन मागदाबी लिएको देखिन्छ।

६. आरोपपत्रमा मुख्यतः अल्लो भाँगो प्रशोधन केन्द्र, मान्म-८ ताडी, कालिकोटको भवन निर्माण कार्यका सम्बन्धमा प्राविधिक सहितको स्थलगत निरीक्षण, निरीक्षणबाट प्राप्त भएका विवरण तथा कागजातहरू, स्रेस्तामा संलग्न गरिएका बिल भरपाईहरू एवम् जारी भई स्रेस्तामा खर्च लेखिएका कर विजक र सो जारी गर्ने पसल सञ्चालकको घटना विवरण कागज तथा बिल भेरिफिकेसन प्रतिवेदन समेतको अध्ययन र विश्लेषण गरी माथि उल्लिखित आरोप दाबी लिएको देखिन्छ। आर्थिक वर्ष २०७०।०७१ मा सञ्चालन भएका कार्यक्रमहरू द्वन्द्व प्रभावित क्षेत्र विशेष कार्यक्रम, कर्णाली रोजगार कार्यक्रम, नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम र दलित वर्ग उत्थान कार्यक्रममा अनियमितता र भ्रष्टाचार भएको हुनसक्ने शंकास्पद देखिएको भन्ने उजुरीको आधारमा प्रस्तुत मुद्दाको अनुसन्धान भएको पाइन्छ।

७. अनुसन्धानमा बुझिएका रंजित कौशलले गरेको घटना विवरण कागजको बेहोरा हेर्दा अल्लो भाँगो प्रशोधन केन्द्र भवन निर्माणको तत्कालीन उपभोक्ता समिति, कालिकोटले सरिया सिमेन्ट खरिद गरेको कौशल स्टोर्स, वीरेन्द्रनगर ६, सुर्खेतबाट मिति २०७१/०३/१२ मा जारी गरेको कर विजक नं. ५५६ बाट रु.२,२३,७०८।३६ को सामान खरिदको सक्कली बिल र सोही मिति जनाई रु.४,४७,८१५।३६ को सोही कौशल स्टोर्सबाट जारी नै नगरिएको नक्कली बिल पेस गरेको भन्ने खुलेको भनी लेखाएको पाइन्छ।

८. त्यस्तै तत्कालीन जिल्ला प्राबिधिक कार्यालय कालीकोटका इन्जिनियर चक्र बहादुर शाहीले गरेको बयानमा हामीले ल.ई. अनुसारको परिमाण मात्र चेक गरी सिफारिस गरेका हौं। उक्त योजनामा खर्च भएको बिल भरपाई रुजु गरेको छैन भन्ने बेहोरा लेखाएको देखिन्छ। त्यस्तै नेपाल सरकारका साक्षी निज रञ्जित कौशलले मिति २०८०/०६/१७ गते अदालतसमक्ष गरेको बकपत्रमा बिजक नं. ५५६ रहेको बिल हाम्रो स्टोरबाट जारी भएको सक्कली बिल हो। हाम्रो ठेलीभन्दा फरक रहेको बिजक नभएको बिल नक्कली हो। अर्को रु.४४७८१५/३६ को बिल मैले जारी गरेको होइन। बिलको भुक्तानी नगद भएको थियो। भरपाई सम्बन्धी याद छैन भनी कागज र बकपत्र गरेको देखिन्छ। अतः रु.४४७८१५/३६ को बिल मैले जारी गरेको होइन भनी सामान बिक्री गर्ने स्टोर्सका धनीले बकपत्र गरिदिएबाट आरोप दाबी अन्यथा देखिन नआए तापनि कसले नक्कली बिल पेस गरेको रहेछ भनी हेर्नुपर्ने देखियो।

९. यस सन्दर्भमा प्रतिवादी विनिता पाण्डेले अनुसन्धान अधिकारी तथा यस अदालतमा इन्कारी बयान दिएको देखिन्छ। निजको बयान अनुसार अल्लो भाँगो प्रशोधन केन्द्रको सामान खरिद सह प्रतिवादी नरेन्द्र प्रसाद पाण्डेले गर्नुभएको थियो। उक्त सामानको बिल मैले देखिंन। निजले यति सामानको बिल आएको छ दस्तखत गरिदेउ भनेको र मैले बिल खोई भनी सोध्दा आउँदैछ भन्नुभएको थियो। त्यसपछि मैले दस्तखत गर्दिन भन्दा सो विषयमा विवाद भयो। सो समयमा म डेलिभरी भएको कारण म त्यहाँ गएर बिल हेर्न पाइन। के को सामान खरिद भएको हो मलाई केही थाहा छैन भनी बेहोरा लेखाएको देखिन्छ।

१०. यसका अतिरिक्त भवन निर्माणको समयमा डेलिभरी भएको कारणले म त्यहाँ जान नपाएको कारणले के कस्तो काम भएको छ भनेर त्यसको बारेमा हेर्न पाइन र सामानको बिल के कति छ त्यो पनि नदेखाएको कारणले खाली मलाई चेकमा मात्रै दस्तखत गर्नुस भनी सचिव र अध्यक्ष दुवैले भनेकोले हस्ताक्षर गरेको हो। म त्यो समयमा सुत्केरी भएको थिएँ। अल्लो भाँगो प्रशोधन केन्द्रको भवनको निर्माण सामाग्रीहरू अध्यक्ष र सचिबले खरिद गरेका हुन्। बिलहरू समेत सबै उनीहरूले राखेका थिए। अन्तिम समयमा भुक्तानी दिने बेलामा चेकमा सही गर्न लगाए तर बिल देखाएनन् भनी बेहोरा लेखाएको पाइन्छ।

११. त्यस्तै अल्लो भाँगो प्रशोधन केन्द्र भवन निर्माण उपभोक्ता समितिका तत्कालीन अध्यक्ष नन्द प्रसाद पाण्डेले गरेको बयानमा बिलको कारोबार समितिका सचिव नरेन्द्र प्रसाद पाण्डेले गर्ने गर्दथे। बिलको सम्पूर्ण कुरा सचिव नरेन्द्र प्रसाद पाण्डेलाई सोधेमा प्रष्ट हुनेछ। मैले यस अल्लो भाँगो प्रशोधन केन्द्रको भवन निर्माण कार्यमा कुनै गलत काम गरेजस्तो लाग्दैन भन्ने समेत बेहोरा उल्लेख गरेको देखिन्छ।

१२. तर प्रतिवादी नरेन्द्र प्रसाद पाण्डेले भने अधिकार प्राप्त अधिकारी समक्ष उपस्थित नै नभई अदालतबाट म्याद जारी भएपछि पनि अदालतमा आएर बयान गरेको पाइदैन। यी प्रतिवादीले आफ्नो जो भएको बेहोरा सम्बन्धित निकायमा उपस्थित भई लेखबद्ध गर्नुपर्नेमा अदालतको आदेशलाई समेत अवज्ञा गरी भागी लुकी छिपि हिंडेको देखिन्छ। लुकिछिपि हिंड्दैमा आरोपित कसुरबाट उन्मुक्ति पाउने होइन। आफू निर्दोष भएमा अदालतमा उपस्थित भइ यथार्थ कुरा राखी न्यायिक कार्यमा सहयोग पुऱ्याउनु जो कोहीको पनि कर्तव्य रहन्छ। यी प्रतिवादीबाट त्यस्तो इमान्दारिता देखिन आएन।

१३. प्रतिवादी नन्द प्रसाद पाण्डेका साक्षी महाविर पाण्डेले अदालत समक्ष गरेको बकपत्रमा लेखाएको बेहोरा अझै महत्वपूर्ण रहेको छ। जसमा भवनको निर्माण सामाग्री खरिद गर्ने लगायतका सबै कार्य सचिव नरेन्द्र प्रसाद पाण्डेले गरेका हुन्। सचिवले सिमेन्ट सरिया लगायतका सामाग्री सुर्खेतबाट खरिद गरी ल्याएका हुन् भन्नेसम्म थाहा छ। अध्यक्ष नन्द प्रसाद पाण्डे खरिद कार्यमा संलग्न नभएका र बिल सम्बन्धमा निजलाई केही थाहा नभएकाले निज निर्दोष छन् भनी बेहोरा लेखाएको पाइन्छ। यसप्रकार प्रतिवादीहरूको माथि उल्लिखित बयान र साक्षीको बकपत्रको आधारमा हेर्दा उक्त नक्कली बिलको प्रयोग प्रतिवादी नरेन्द्र प्रसाद पाण्डेले नै गरेको भन्ने पुष्टि हुन आउँछ।

१४. अतः माथि विवेचित आधार र कारणबाट प्रतिवादीहरू नन्द प्रसाद पाण्डे र विनिता राना पाण्डेले आरोपित कसुर गरेको भन्ने आरोपदाबी प्रमाणबाट पुष्टि हुन नआएकोले सो दाबीबाट निज प्रतिवादीहरूले सफाई पाउने ठहर्छ।

१५. अर्का प्रतिवादी नरेन्द्र प्रसाद पाण्डेलेले उपभोक्ता समितिको सचिवको हैसियतले बिल भरपाई सम्बन्धी काम गर्ने जिम्मेवारी लिएको र भुक्तानीका लागि पेस भएका बिल मध्ये केही बिलहरू PAN/VAT बिल नभई अर्कै बिल भएकोमा विवाद नरहेकोले त्यस्ता फर्जी बिल निज प्रतिवादी बाटै पेस गरेको तथ्य उजुरी निवेदन, सह-प्रतिवादीहरूको बयान र साक्षीको बकपत्र समेतबाट पुष्टि हुन आयो। तसर्थ निज प्रतिवादी नरेन्द्र प्रसाद पाण्डेलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) को कसुर गरेकोमा सोही ऐनको दफा ८ (१) बमोजिम ३ (तीन) महिना कैद र बिगो रु.२,५१,५२९।—(दुई लाख एकाउन्न हजार पाँच सय उन्नतिस रुपैयाँ) कायम भई सो बिगो बराबर जरिबानासमेत हुने ठहर्छ। साथै सो बिगो रु. २,५१,५२९।- (दुई लाख एकाउन्न हजार पाँच सय उनन्तीस रुपैयाँ) निज प्रतिवादीबाट असुलउपर गर्ने ठहर्छ।

**सदस्य** **सदस्य** **अध्यक्ष**

**फैसला तयार गर्न सहयोग पुऱ्याउनेः-**

इजलास अधिकृतः सुदर्शन पुरी

कम्प्युटर ओपरेटरः भानु वस्नेत

इति संवत् २०८० साल फागुन महिना ६ गते रोज १ शुभम्...............................................।

श्री
विशेष अदालत काठमाडौं
इजलास
अध्यक्ष माननीय न्यायाधीश श्री टेकनारायण कुँवर
सदस्य माननीय न्यायाधीश श्री तेज नारायण सिहं राई
सदस्य माननीय न्यायाधीश श्री रितेन्द्र थापा
फैसला
(इजलास नं.१)
मुद्दा नं.: ०७९-CR-००१५
दर्ता मितिः २०७९/०४/२४
फैसला मितिः २०८०/१२/१३
नि.नं.: २३८

मुद्दाः गैरकानूनी लाभ लिई भ्रष्टाचार गरेको।

वादी : अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंका अनुसन्धान अधिकृत कृष्णमणी फुँयालको प्रतिवेदनले नेपाल सरकार।

विरुद्ध

प्रतिवादी : जिल्ला कालिकोट, पलाता गाउँपालिका वडा नं.- ९ (साविक थिर्पु गा.वि.स. वडा नं. ३) स्थायी घर भई जिल्ला सदरमुकाम मान्म खाडाचक्र बजारमा अस्थायी बसोबास गर्ने रणजीत बमको नाती विर्ख बहादुर बमको छोरा तत्कालीन जिल्ला विकास समितिको कार्यालय, कालिकोटका तत्कालीन खरिदार हाल पलाँता गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कालिकोटका नायब सुब्बा बर्ष ५५ का **राज बहादुर बम** ना.प्र.नं. ११६२/कालिकोट मोबाइल नं.९८४२३५४९३०/ ९७४८१४६४८२।

- **आरोप लगाइएको मुख्य विषयमा प्रश्न नसोधिनुको अर्थ सुनुवाईको मौका नै प्रदान नगरी आरोप लगाइएको भन्ने नै हुन्छ। आरोप लगाउँदा, कसूर कायम गर्दा वा सजाय गर्दासमेत सम्बन्धित विषयमा प्रतिवादीको भनाई बुझ्नुको अर्थ मुद्दाको तथ्य सम्बन्धमा स्पष्ट हुनुमात्र नभई स्वच्छ सुनुवाई ( Fair Trail ) को मापदण्ड पुरा गर्नु पनि हो। स्वच्छ सुनुवाईको मापदण्ड पुरा गर्नु सम्बन्धित अधिकारीको स्वेच्छिक कर्तव्य नभई प्रश्न गरिएका व्यक्तिको अधिकारको विषय हो। न्याय प्रणालीको सर्वोच्च मूल्यको रुपमा रहेको प्राकृतिक न्यायको सिद्दान्तको मुटु नै सुनुवाईको सिद्दान्त (Principle of Audi Aulteram partem) हो। यस्तो मापदण्डको पालना नगरिएको अनुसन्धानलाई मुद्दा हेर्ने अधिकारीले तथा मुद्दा हेर्ने अधिकारीको निर्णयलाई माथिल्लो पुनरावेदकीय क्षेत्राधिकार भएको अधिकारीले मान्यता दिन मिल्दैन। यो न्यायिक प्रक्रियाको मूल मन्त्र अर्थात् मान्यता हो। जसलाई इन्कार गर्न मिल्दैन। यसबाट आरोप लगाइएको विषयमा प्रतिवादीलाई सफाइको मौका नै नदिइएको अनुसन्धानका आधारमा गरिएको अभियोजनलाई मान्यता दिई निर्णय गर्न मिलेन।**

**(प्रकरण नं. १०)**

**ठहर खण्ड**

१. विशेष अदालत नियमावली, २०८० को नियम ४३ र ४४ बमोजिम दैनिक तथा साप्ताहिक मुद्दा पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित हुनु भएका विद्वान्

उपन्यायाधिवक्ता श्री संगीता ढुङ्गेलले सिलाई कटाई तथा मेसिन खरिद कार्यको लागि पेस्की लिएका हुन्। निजले पेस्की फछ्र्यौटका लागि पेस गरेको सगरमाथा सप्लायर्स नेपालगन्जको बिल सप्लायर्सले आफ्नो होइन आफूले दिएको बिल होइन भनी इन्कारी गरेका हुँदा नक्कली भएको पुष्टि भयो। खरिद गरेको मेसिन थान १५ को कसलाई बुझाएका हुन भनी प्रतिवादीले पुष्टि गर्न नसकेको हुँदा आरोप मागदाबीबमोजिम सजाय हुनुपर्दछ भनी गर्नु भएको बहस सुनियो।

२. प्रतिवादीको तर्फबाट रहनु भएका विद्वान् वरिष्ठ अधिवक्ता श्री गोपालकृष्ण घिमिरे, विद्वान् अधिवक्ताहरू श्री बासुदेव रिजाल, श्री शालिग्राम सापकोटा तथा श्री जगदिश बमले विवादित मिति २०७१।१।१३ को बिल सम्बन्धमा २०७६।१।२१ मा मात्र बुझिएको छ। आफूले दिएको होइन भनेकै भरमा नक्कली भनियो जबकी बिल अनुसारको पाइप ढुवानी गर्ने लक्ष्मी जनरल एण्ड अडर सप्लायर्सले आफ्नै बिल भएको र ढुवानी गरेको भनेका छन्। सर्वदलीय समितिको रोहबरमा सिलाई कटाई तालिम सञ्चालन भएको छ मेसिन नै नकिनेको भए त्यो सम्भव नै हुने थिएन। आयोगले प्रतिवादीलाई उक्त बिल र सिलाई मेसिनको बारेमा सोधेकै छैन। झोलाको बारेमा सोधेको थियो। एउटा विषयमा अनुसन्धान गरी मुद्दा अर्कै विषयमा चलाइयो। बदनियत पुष्टि हुने कुनै सबुत प्रमाण छैन । प्रतिवादीले सफाइ पाउनु पर्दछ भनी गर्नुभएको बहस सुनियो।

३. आरोप मागदाबी, प्रतिवादीहरूको बयान तथा विद्वान कानून व्यवसायीहरूको बहस जिकिरसमेतलाई मध्यनजर गर्दा यस मुद्दामा आरोप मागदाबी पुग्ने हो होइन भन्ने सम्बन्धमा नै निर्णय गर्नुपर्ने देखियो।

४. निर्णयतर्फ विचार गर्दा, साविकको जिल्ला विकास समितिको कार्यालय, कालिकोटबाट आ.व. २०७०/०७१ मा उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समितिअन्तर्गतको सिलाई कटाई तालिम कार्यक्रम सञ्चालन गरिएको रहेछ। उक्त कार्यक्रममा सगरमाथा सप्लायर्स, सुर्खेतरोड, धम्बोजी २, नेपालगन्ज, बाँकेको नामबाट जारी भएको मिति २०७१।०१।१३ को कर बिजक नं. १२११ बाट सिलाई मेसिन खरिद गरेको भनि रु.२,२५,०११।२५ खर्च लेखिएको र उक्त सामानको ढुवानी तथा लोड अनलोड बापत श्री लक्ष्मी जनरल एण्ड अर्डर सप्लायर्स मान्मा-५ कालिकोटको बिल नं. १७२ बाट रु. ९,०००।- को सोही सिलाई मेसिनहरू ढुवानी गरेको खर्च देखाई पेस्की फछ्र्यौट भएको रहेछ। साबिक जिल्ला विकास समितिको कार्यालय, कालिकोटका तत्कालीन खरिदार यस मुद्दाका प्रतिवादी राज बहादुर बमले नै पेस्की लिएको र उक्त बिल भरपाई पेस गरी फछ्र्यौटसमेत गरेको देखिन्छ। तर उक्त पेस गरेको बिलहरू नै झुट्टा बिल बनाई स्रेस्तामा समाबेश गरी भुक्तानी लिने कार्य गरेको भनी रु.२,३४,०११।२५ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसुरमा सोही उपदफा (१) बमोजिमको कैद सजाय र बिगोबमोजिम जरिबाना हुन एवम् नक्कली बिलको भुक्तानी लिएको कूल रकम रु.२,३४,०११।२५ सोही ऐनको दफा ८ (१) बमोजिम निज प्रतिवादी राज बहादुर बमबाटै बिगो असुल उपर हुन मागदावी लिइएको देखियो।

५. प्रतिवादी राज वहादुर वमले नै पेस्की लिएको र विवादित बिलहरू निजले नै पेस गरी फछ्र्यौट समेत भएको तथ्यमा विवाद देखिएन। कार्यक्रम नै सञ्चालन नगरी झुट्टा कागज खडा गरी खर्च देखाइएको भन्ने वादीको दावी रहेको देखिंदैन। सम्पूर्ण कार्यक्रमको खर्च रु.२,७६,५५०। भएकोमा सिलाई मेसिनको खरिद बिल र ढुवानी खर्चको रकम रु.२,३४,०११।२५ सम्बन्धमा मात्र दाबी गरिएको पाइन्छ। ढुवानी बिल नक्कली हो होईन भन्ने तर्फ कुनै अनुसन्धान भएको देखिंदैन। तथापि यस अदालतबाट झिकाइएका ढुवानीको बिल जारी गर्ने लक्ष्मी जनरल एण्ड अर्डर सप्लायर्सका लक्ष्मी चौलागाईंले नेपालगन्जबाट कालिकोट खाडाचक्रसम्म सामान ढुवानी गरेको हो। उक्त बिलमा भएको सहीछाप मेरो नै हो भनी यस अदालतमा बकपत्र गरिदिएको देखिन्छ।

६. प्रतिवादीले पेस गरेको सगरमाथा सप्लायर्स, सुर्खेतरोड, धम्बोजी २, नेपालगन्ज, बाँकेको नामबाट मिति २०७१।०१।१३ गते जारी भएको बिजक नं. १२११ बाट सिलाई मेसिन खरिद गरिएको भनिएको बिल नै नक्कली भनी वादीबाट दाबी गरिएकोमा दाबीको आधारमा उक्त सप्लायर्सका प्रोप्राईटर भोलानाथ सिटौलाले उक्त बिल झुट्टा हो भनी अनुसन्धान अधिकारी समक्ष कागज गरेको तथ्यलाई लिइएको देखियो। २०७१।१।१३ गते जारी भएको बिल सम्बन्धमा

२०७६।१।२१ मा प्रोप्राइटरलाई सोधिएको देखिन्छ। उक्त फर्मको समकालीन बिल भरपाई र बिक्रेताको हस्ताक्षर हेरिएको देखिंदैन। भ्याट बिल रहेकोमा बिलमा रु.२५८८६।२५ मूल्य अभिवृद्धि करसमेत उल्लेख भएको देखिन्छ। तर सो सम्बन्धमा सम्बन्धित अन्तरिक राजस्व कार्यालयमा बुझिएको पनि देखिंदैन। खरिद भएको सिलाई मेसिनहरू कार्यालयमा दाखिल भएका थिए थिएनन् भनी अनुसन्धान भएको मिसिलबाट देखिंदैन। प्रशिक्षणमा विवादै नगरिएकोमा प्रशिक्षणमा सहभागी हुने व्यक्तिहरूले के कस्तो सिलाई मेसिन प्रयोग गरी प्रशिक्षण लिएका थिए भनि बुझिएको समेत देखिंदैन।

७. आफूले गरेको कार्य के कसरी भएको थियो भनी बताउन सक्ने सम्बन्धित व्यक्ति अर्थात् प्रतिवादी नै हो। अनुसन्धानकर्ताले प्रतिवादीसँग यस मुद्दामा विवाद गरिएको १५ थान सिलाई मेसिनको बिल तथा मेसिनका सम्बन्धमा कुनै प्रश्न नै गरिएको देखिंदैन। अनुसन्धानको मिसिल संलग्न प्रतिवादीको बयान हेर्दा मुख्यतः निम्न प्रश्नहरू सोधिएको देखिन्छ भने प्रतिवादीले पनि सोधिएका पावर झोलाकै सम्बन्धमा जवाफ दिंदै उक्त तालिम कार्यक्रमका लागि पावर झोला स्वयम् मैले खरिद गरेको कुरामा स्पष्ट हुन सकिन। किनकी म झोला खरिद गर्न नगएको र जलवायु परिवर्तन कार्यक्रमका कर्मचारीबाट खरिद भएको हुनुपर्छ। मैले झोला खरिद नगरेको हुँदा पेस भएको बिल सक्कली हो या नक्कली विषयमा स्पष्ट छैन भनी जवाफ लेखाएको पाईन्छः

८. अनुसन्धानको क्रममा प्रतिवादी राज बहादुर वमलाई सोधिएका प्रश्नहरूः

१. सवाल नं १२ः उक्त तालीम कार्यक्रमको लागि पावर झोला कहाँबाट कसले खरिद गरेको हो खुलाई दिनुहोस्।

२. सवाल नं १३ः न्यू महालक्ष्मी इन्टरप्राइजेज नेपालगन्ज बाँकेको बिजक नं ८१, मिति २०७१।१।१८ गतेको बिलबाट खरिद गरिएको रकम रु.३५,०००।- को बिल तपाईलाई देखाईन्छ। यो बिल नक्कली हो भन्ने सम्बन्धमा तपाईंको भनाई के छ ?

३. सवाल नं १४ः तपाईले नेपाल जलवायू परिवर्तन सहयोग कार्यक्रमअन्तर्गत जि.वि.स. को कार्यक्रम कालिकोटमार्फत सञ्चालन भएको ५ दिने स्रोत व्यक्ति विकास तालिमको रकम हिनामिना गरेको सम्बन्धमा तपाईंलाई प्रचलित कानूनबमोजिम किन सजाय हुनु नपर्ने हो ? खुलाई दिनुहोस् ।

९. उल्लिखित प्रश्नहरू अध्ययन गर्दा जलवायु परिवर्तन कार्यक्रम अन्तर्गत ५ दिने स्रोत व्यक्ति विकास तालिम सम्बन्धमा पावर झोलाको विवादमा प्रश्न गरिएको देखिन्छ। यस मुद्दाको दाबी उक्त विषयसँग सम्बन्धित नै छैन। जुन विषय सगरमाथा सप्लायर्स, सुर्खेत रोड, नेपालगन्जको बिजक नं १२११ सम्बन्धमा यो आरोप गरिएको हो, सो विषयमा प्रतिवादीलाई प्रश्न नै सोधिएको देखिन आएन। सिलाई मेसिनका सम्बन्धमा पनि कुनै प्रश्न सोधिएको देखिंदैन। आरोपीका रुपमा अनुसन्धान अधिकृतको नियन्त्रणमा रहेका प्रतिवादी आफैंले आफूउपर के कुराको आरोप लाग्न सक्छ भनी अनुमान गरी सफाइ दिन सक्ने कुरा पनि भएन।

१०. आरोप लगाइएको मुख्य विषयमा प्रश्न नसोधिनुको अर्थ सुनुवाईको मौका नै प्रदान नगरी आरोप लगाइएको भन्ने नै हुन्छ। आरोप लगाउँदा, कसूर कायम गर्दा वा सजाय गर्दासमेत सम्बन्धित विषयमा प्रतिवादीको भनाई बुझ्नुको अर्थ मुद्दाको तथ्य सम्बन्धमा स्पष्ट हुनुमात्र नभई स्वच्छ सुनुवाई (Fair Trail)को मापदण्ड पुरा गर्नु पनि हो। स्वच्छ सुनुवाईको मापदण्ड पुरा गर्नु सम्बन्धित अधिकारीको स्वेच्छिक कर्तव्य नभई प्रश्न गरिएका व्यक्तिको अधिकारको विषय हो। न्याय प्रणालीको सर्वोच्च मूल्यको रुपमा रहेको प्राकृतिक न्यायको सिद्दान्तको मुटु नै सुनुवाईको सिद्दान्त (Principle of Audi Aulteram partem) हो। यस्तो मापदण्डको पालना नगरिएको अनुसन्धानलाई मुद्दा हेर्ने अधिकारीले तथा मुद्दा हेर्ने अधिकारीको निर्णयलाई माथिल्लो पुनरावेदकीय क्षेत्राधिकार भएको अधिकारीले मान्यता दिन मिल्दैन। यो न्यायिक प्रक्रियाको मूल मन्त्र अर्थात् मान्यता हो। जसलाई इन्कार गर्न मिल्दैन। यसबाट आरोप लगाइएको विषयमा प्रतिवादीलाई सफाइको मौका नै नदिइएको अनुसन्धानका आधारमा गरिएको अभियोजनलाई मान्यता दिई निर्णय गर्न मिलेन।

११. अतः प्रस्तुत मुद्दामा माथि विवेचना भएबमोजिम प्रतिवादी राज बहादुर बमले दलित बर्ग उत्थान कार्यक्रम अन्तर्गत

सिलाई कटाई तालिम सञ्चालन गर्ने क्रममा सिलाई मेसिनको नक्कली बिल भरपाई बनाई ढुवानी भाडा समेतको बिल देखाई जम्मा रु.२,३४,०११/२५ को हानिनोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को कसूर गरेको भन्ने अभियोग मागदावी रहेकोमा अनुसन्धानको क्रममा लिइएको बयानमा उक्त आरोप सम्बन्धमा निजलाई प्रश्न नै नगरी अन्य विषयमा प्रश्न सोधी सिलाई मेसिनको विषयमा आरोप लगाइएको देखिँदा सुनुवाइको मौका दिएको भन्न मिलेन। साथै, ढुवानी रकम सम्बन्धमा कुनै अनुसन्धानसमेत भएको देखिँदैन। तसर्थ, वादीले अनुसन्धान गर्दा अनिवार्य रुपमा पालन गर्नु पर्ने प्राकृतिक न्यायको सिद्धान्त र स्वच्छ सुनुवाईको सिद्धान्त पालन गरेको नदेखिँदा प्रस्तुत मुद्दाको आरोपपत्र खारेज हुने ठहर्छ। अन्य कुराका हकमा तपसिलबमोजिम गर्नूः-

| | | |
|---|---|---|
| **सदस्य** | **सदस्य** | **अध्यक्ष** |

**फैसला तयार गर्न सहयोग पुऱ्याउनेः**
इजलास अधिकृतः प्रमिला काफ्ले
कम्प्युटर अपरेटरः कल्पना पराजुली
फैसला प्रमाणीकरण मितिः २०८२।०२।०२
इति संवत् २०८० साल चैत्र १३ रोज ३ शुभम्.........................................................................।

श्री

विशेष अदालत काठमाडौं

इजलास

अध्यक्ष माननीय न्यायाधीश श्री टेकनारायण कुँवर

सदस्य माननीय न्यायाधीश श्री राम बहादुर थापा

सदस्य माननीय न्यायाधीश श्री मुरारीबाबु श्रेष्ठ

फैसला

मुद्दा नं. : ०७९-CR-००४३

दर्ता मिति : २०७९/०६/३०

कसूर निर्धारण मिति :२०८०/१२/०६

सजाय निर्धारण मिति : २०८१/०१/०२

कसूर निर्धारण निर्णय न : २३०

सजाय निर्धारण निर्णय नः २२

मुद्दाः- रकम हिनामिना गरी भ्रष्टाचार गरेको।

**बादी** : अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल काठमाडौंका अनुसन्धान अधिकृत भिषण बाबु राईको प्रतिवेदनले नेपाल सरकार।

विरुद्ध

**प्रतिवादी** : जिल्ला डोटी डि.सि. नगरपालिका २(साविक खतिवडा गा.वि.स.५) बस्ने हासु नाथको नाति नारायण नाथको छोरा जी.पी. नाथ ऐसोसिएट्समा कार्यरत रजिस्टर्ड लेखापरीक्षक बर्ष ५४ को **गौरी प्रसाद नाथ** (ना.प्र.नं. ३३३२ जारी मिति २०४४/०२/२७ डोटी सम्पर्क नं.९८४८४४५६६८ समेत।

कसुर निर्धारण खण्ड

१. विशेष अदालत नियमावली, २०८० नियम ४३ र ४४ बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णायार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा प्रतिवादीहरू उपरको आरोपदाबी एवम् समग्र अनुसन्धान मिसिल समेत अध्ययन गरियो।

२. वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालयका विद्वान सहायक न्यायाधिवक्ता श्री विमल पन्थीले गुप्तपानी सामुदायिक वन उपभोक्ता समूहको तत्कालीन अध्यक्ष प्रतिवादी मनिराम आचार्यले काठ दाउरा बिक्री गरी सङ्कलित वन उपभोक्ता समूहको कोषको रकम बदनियतपूर्वक व्यक्तिगतरुपमा लिए खाएको वा हिनामिना गरेको देखिन आएको र सो कार्यमा उक्त वन उपभोक्ता समूहको तत्कालीन सचिव हिक्मत सिंह भाट र कोषाध्यक्ष पृथ्वीराज विष्टले बैंक चेकहरूमा हस्ताक्षर गरी रकम निकाली मतियारको भूमिका निर्वाह गरेको र अर्का प्रतिवादी लेखापरीक्षक गौरी प्रसाद नाथले बदनियतपूर्वक अनियमिता वा हिनामिना गरेको तथ्यलाई लुकाइछिपाई लेखापरीक्षण गरी गलत प्रतिवेदन दिएको हुँदा निज प्रतिवादीहरूलाई समेत आरोपदाबी बमोजिमको कसूर ठहर गरी सजायसमेत गरी पाउँ भनी गर्नु भएको तर्कपूर्ण बहस सुनियो।

३. प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री राम बहादुर शाहले गुप्तपानी सामुदायिक वन उपभोक्ता समूहको तत्कालीन अध्यक्ष प्रतिवादी मनिराम आचार्यले सामुदायिक वनको कोषको रकम बदनियतपूर्वक व्यक्तिगतरुपमा लिए खाएको वा हिनामिना गरेको छैन। सामुदायिक वन संरक्षणकै कार्यमा खर्च भएको छ। सो बिल भर्पाईहरू पेस भएका

छन र वन उपभोक्ता समूहको खर्च र बिल भरपाईहरू साधारण सभाबाट अनुमोदन भएको अवस्था छ। तसर्थ निज प्रतिवादी मनिराम आचार्य उपरको आरोपदाबी ठोस र वस्तुनिष्ठ रुपमा पुष्टि हुन नसक्ने हुँदा निज प्रतिवादीलाई झुट्टा आरोपदाबीबाट सफाइ दिलाई पाउँ। तत्कालीन सचिव हिक्मत सिंह भाट र कोषाध्यक्ष पृथ्वीराज विष्टले समेत इमान्दारी पूर्वक पदीय जिम्मेवारीबमोजिमको कार्य गरेका हुन। निजहरूले कोषको रकम एक पैसा पनि लिए खाएको छैन। कोषको रकम बदनियतपूर्वक हिनामिना गर्ने कार्यमा निज प्रतिवादीहरूको कुनै पनि संलग्नता छैन। निज प्रतिवादीहरूले मतियारको भूमिका निर्वाह नगरेको हुँदा निजहरूलाई आरोपदाबीबाट सफाइ दिलाई पाउँ। साथै अर्का प्रतिवादी लेखापरीक्षक गौरी प्रसाद नाथ अत्यन्तै इमान्दार र धार्मिक आस्था र विश्वास भएको असल प्रवृतिका व्यक्ति हुन। निज स्वतन्त्र लेखा परिक्षक रहेको र निजले उक्त वन उपभोक्ता समूहको लेखापरीक्षण गर्दा कुनै पनि कैफियत गरेका छैनन। निजले यथार्थ र वास्तविक हरहिसावमा आधारारित रहेर लेखा परीक्षणका मान्य सिद्धान्त समेतको आधारमा स्वतन्त्र रुपमा लेखापरीक्षण गरी प्रतिवेदन दिएका हुन। निजले बदनियतपूर्वक कुनै पनि किसिमको तथ्यहरू लोप गरी गलत प्रतिवेदन दिएका होइनन्। निज प्रतिवादीलाई समेत आरोपदाबीबाट सफाइ दिलाई पाउँ। तसर्थ प्रस्तुत मुद्दाका सबै प्रतिवादीहरू निर्दोष रहेकोले आरोपदाबीबाट सफाइ दिलाई पाउँ भनी गर्नु भएको तर्कपूर्ण बहस सुनियो।

४. गुप्तपानी सामुदायिक वन उपभोक्ता समूह निगाली हाल चुरे गा.पा.३ कैलालीका तत्कालीन अध्यक्ष प्रतिवादी मनिराम आचार्यले गुप्तपानी सामुदायिक वनबाट भएको आम्दानी रकम बदनियतपूर्वक बिना बिलभरपाई खर्च गरेको देखाई सक्कल बिल भरपाई नभएको नक्कली फोटोकपी बिल भरपाईहरू राखी सामुदायिक वनको रकम खाई मासी गर्ने उद्देश्यले रकम हानिनोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गरेको स-प्रमाण पुष्टि हुन आएकोले निज प्रतिवादी मनिराम आचार्यलाई बिगो रकम रु. २५,२४,३४६।- (पच्चिस लाख चौबिस हजार तीन सय छयालीस रुपैयाँ मात्र) कायम गरी ऐ. ऐनको दफा १७ ले निर्देशित गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगोबमोजिम जरिबाना र ऐ.ऐनको दफा ३ को उपदफा (१) को खण्ड (छ) बमोजिम कैद सजाय गरी दफा १७ बमोजिम हानि नोक्सानी गरेको बिगो रकम रु.२५,२४,३४६।-(पच्चिस लाख चौबिस हजार तीन सय छयालीस रुपैयाँ) निज प्रतिवादी मनिराम आचार्यबाट असुलउपर गरी पाउँ भन्ने आरोपदाबी रहेको र गुप्तपानी सामुदायिक वनका तत्कालीन सचिव हिक्मत सिंह भाट र कोषाध्यक्ष पृथ्वीराज विष्टले सामुदायिक वनको रकम खर्च गर्नको लागि सामुदायिक वन उपभोक्ता समूहको निर्णय एवम् कार्ययोजना नै पास नभएको अवस्थामा उपभोक्ता समितिको चेकमा हस्ताक्षर गरी सोही उपभोक्ता समूहका अध्यक्ष मनिराम आचार्यलाई दिने एवम् औचित्य एवम् विना बिल भरपाई रकम खाइमासी गर्ने कार्यमा सहयोग गरी भ्रष्टाचार निवारण ऐन,२०५९को दफा १७ बमोजिमको कसूरको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर गरेको स-प्रमाण पुष्टि हुन आएकोले निज सचिव हिक्मत सिंह भाट र कोषाध्यक्ष पृथ्वीराज विष्टलाई बिगो रकम रु. १८,३८,३७२।११ (अठार लाख अठतिस हजार तीन सय बहत्तर रुपैयाँ एघार पैसा मात्र) कायम गरी ऐ.ऐ. दफा १७ मा उल्लेख भए अनुसार ऐ.ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (च) बमोजिम हुने सजायमा भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशबमोजिम मुख्य प्रतिवादी मनिराम आचार्य सरह सजाय गरी पाउँ भन्ने आरोपदाबी रहेको र लेखापरीक्षक गौरी प्रसाद नाथले बदनियतपूर्वक भए गरेका कुरा लुकाई छिपाई नभएको कुरा उल्लेख गरी लेखापरीक्षण प्रतिवेदन पेस गरी गुप्तपानी सामुदायिक वन उपभोक्ता समूहको रकम हिनामिना गर्नमा सहयोग गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १९ को उपदफा (१) बमोजिमको कसूर गरेको हुँदा निज लेखापरीक्षक गौरी प्रसाद नाथ उपर भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १९ को उपदफा (१) बमोजिम कैद र जरिबाना सहितको सजाय गरिपाउँ भन्ने प्रतिवादीहरू उपर आरोपदाबी रहेको देखियो ।

५. उपरोक्त तथ्य एवम् आरोपदाबी रहेको प्रस्तुत मुद्दा सामुदायिक वन उपभोक्ता समूह सार्वजनिक संस्था हो वा होइन ? सामुदायिक वन उपभोक्ता समूहको कोषको रकम हिनामिनाको विषय भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तरगत भ्रष्टाचारजन्य कसूरको रुपमा हेर्न मिल्छ वा मिल्दैन ? निज प्रतिवादीहरूले आरोपदाबी बमोजिमको भ्रष्टाचार जन्य कसूर

गरेको देखिन्छ वा देखिदैन ?वारदातमा निज प्रतिवादीहरूको भूमिका तथा संलग्नता देखिन्छ वा देखिदैन ?देखिन्छ भने के कस्तो भूमिका र संलग्नता देखिन्छ ?निज प्रतिवादीहरूलाई आरोपदाबी बमोजिमको कसूरमा सजाय गर्नु पर्छ वा पर्दैन ?भन्ने विषयमा न्याय निरुपण गर्नुपर्ने देखियो।

६. अव न्याय निरुपणार्थ विचार गर्दा, गत आ.व.मा गुसपानी सामुदायिक वनमा जिल्ला वनको अनुमतिमा ३०० सल्लाको रुख छपान भई सङ्कलित भएको १५००० क्युफिट सल्ला र ५०० क्युफिट टुनी दाउरा लिलाम बिक्री गरी बैंक खातामा जम्मा भएको राजस्व रकम रु. ३७,३७,४८४।- (सैतीस लाख सैंतिस हजार चार सय चौरासी रुपैयाँ) मध्येबाट कसैलाई जानकारी नगराई गुसपानी सामुदायिक वन उपभोक्ता समितिको खाता नं.०११००५०१२०३८१० को १२ थान चेकबाट रु. ३५,३५,०००-(पैतीस लाख पैतीस हजार रुपैयाँ) निकाली घोटाला भएको तथ्य चेक जाँच गर्दा देखिन आएकोले मनिराम आचार्य र हिक्मत सिं भाटलाई कडा भन्दा कडा कारवाही गरी पाउँ भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय महेन्द्रनगर कन्चनपुरमा मिति २०७३।१२।०६ द. नं. २३४२ को उजुरी दायर भई प्रस्तुत मुद्दाको अनुसन्धान तहकिकात भएको देखियो ।

७. प्रतिवादीहरू मध्ये मनिराम आचार्य गुसपानी सामुदायिक वन उपभोक्ता समूहको अध्यक्ष र हिक्मत सिंह भाट सचिव र पृथ्वीराज विष्ट कोषाध्यक्ष रहेको र प्रतिवादी मध्येका गौरी प्रसाद नाथले सो वन उपभोक्ता समूहको लेखापरीक्षक गरेको देखियो। निजहरू मध्ये मनिराम आचार्य उपर सो सामुदायिक वनको रकम खाई मासी गर्ने उद्देश्यले रकम हानिनोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गरेको, सो कार्यमा प्रतिवादीमध्येका हिक्मत सिंह भाट र पृथ्वीराज विष्टले मतियारको भूमिका निर्वाह गरेको भनी ऐ. ऐनको दफा १७ बमोजिमको कसूरको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर गरेको र अर्का प्रतिवादी गौरी प्रसाद नाथले सो सामुदायिक वन उपभोक्ता समूहको लेखापरीक्षण गर्दा हिनामिना भएको रकम नदेखाई गलत प्रतिवेदन दिएको भनी दफा १९ को उपदफा (१) बमोजिमको कसूर गरेको भनी प्रस्तुत मुद्दाको आरोप पत्र दायर भएको देखियो।

८. यसरी सामुदायिक वन उपभोक्ता समूहको कोषको रकम अनियमित तरिकाले झिकी खाए मासेको भन्ने आरोपदाबी रहेको प्रस्तुत मुद्दामा सामुदायिक वन उपभोक्ता समूह सार्वजनिक संस्था हो वा होइन? त्यस्तो संस्थाको रकम अनियमित तरिकाले भुक्तानी दिने र लिने कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को क्षेत्राधिकार भित्र पर्छ वा पर्दैन? भन्ने सम्बन्धमा सर्वप्रथम विवेचना गर्नुपर्ने देखियो । सर्वसाधारको सुख शान्ति र आर्थिक हितको निमित्त समाजमा आर्थिक अनुशासन नैतिकता र सदाचार कायम राख्न भ्रष्टाचार निवारणका सम्बन्धमा समायनुकूल कानूनी ब्यवस्था गर्न भ्रष्टाचार निवारण ऐन, २०५९को तर्जुमा भएको देखिन्छ। सो ऐनको दफा १७ मा *"कुनै राष्ट्र सेवकले आफ्नो ओहदाको वा सोसम्बन्धी कर्तब्य पालन गर्दा नेपाल सरकार र सार्वजनिक संस्थाको सम्पत्तिको लापरवाही वा बदनियत गरी हिनामिना, हानिनोक्सानी वा दुरुपयोग गरे गराएमा वा मासेमा वा निजी प्रयोगमा लगाएमा निजलाई कसूरको मात्रा अनुसार दफा ३ बमोजिमको सजाय हुनेछ र त्यसरी हिनामिना, हानिनोक्सानी वा दुरूपयोग गरेको वा मासेको वा मास्न दिएको सम्पत्ति पनि निजबाट असुल उपर गरिने छ"*[1] भन्ने कानूनी प्रावधान रहेको देखिन्छ।उक्त प्रावधानले पहिलो शर्तको रुपमा नेपाल सरकार र सार्वजनिक संस्थाको सम्पत्ति हुनुपर्ने भन्ने विधायिकी मनसाय देखिन्छ ।

९. सामुदायिक वन उपभोक्ता समूह नेपाल सरकारको निकाय नभएकोमा विवाद देखिंदैन।तथापि *"सार्वजनिक संस्था"* हो वा होइन? के कस्तो संस्थालाई सार्वजनिक संस्था मान्ने? भन्ने सन्दर्भमा सो ऐनको परिभाषा तर्फ सिंहावलोकन गर्नु उपयुक्त हुन्छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २ को परिभाषा खण्ड (ग) को उपखण्ड (५) मा *"उपखण्ड (१), (२), (३) वा (४) मा उल्लिखित संस्थाको पूर्ण वा आंशिक स्वामित्व भएको वा नियन्त्रण गरेको वा त्यस्तो संस्थाबाट अनुदान प्राप्त संस्था भन्ने सम्झनु पर्ने छ"*[2] भन्ने ब्यवस्था रहेको हुँदा वन उपभोक्ता समूहको विनियम डिभिजन वन कार्यालयमा दर्ता हुने र सो कार्यालयबाट नियमित नियमन वा नियन्त्रण हुने हुन्छ। समुदायिक वन व्यक्ति

१ भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७

२ भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २ को परिभाषा खण्ड (ग) को उपखण्ड (५)

विशेषको निजी स्वामित्वको जग्गामा संरक्षित वन नभई सरकारी जग्गा जमिनमा हुर्किएको रुख विरुवाको संरक्षण र नियमानुसार प्रयोग गर्ने अधिकार तथा दायित्व सृजना गरी स्थानीय उपभोक्ता समूहलाई सुम्पिएको सम्म हो। वन ऐन, २०७६ को दफा २ को खण्ड (त) बमोजिम सामुदायिक वन समेत राष्ट्रिय वन भित्र नै पर्ने देखिन्छ। तसर्थ यस्ता प्रकृतिको संस्थालाई "सार्वजनिक संस्था" को रुपमा लिनु पर्ने हुँदा वन उपभोक्ता समूहलाई पनि सार्वजनिक संस्थाको रुपमा लिनु पर्ने देखियो। यस्ता प्रकृतिका सार्वजनिक संस्थाको आर्थिक सुशासनको मेरुदण्डको रुपमा जिम्मेवारी लिएका अध्यक्ष, सचिव एवम् कोषाध्यक्ष जस्ता पदाधिकारीहरूले बदनियत पूर्वक गरेका हिनामिना वा खाएमासेको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को क्षेत्राधिकार भित्र पर्ने नै देखियो ।

१०. अव के कस्तो कार्यलाई हिनामिनाको कसूर मान्ने ? भन्ने सम्बन्धमा थप विवेचना गर्नु उपयुक्त देखिन आयो। संयुक्त राज्य अमेरिकाको सर्वोच्च अदालतले **Moore Vs. United States (1895)** को मुद्दामा हिनामिनाको परिभाषा गर्ने क्रममा "*कुनै सम्पत्तिको निष्ठा वा जिम्मेवारीको ओहदामा रहेका व्यक्तिले सो सम्पत्तिको जालसाजी पूर्वक दुरुपयोग गरेमा हिनामिनाको कसूर गरेको मानिन्छ। चोरीको भन्दा हिनामिना यस अर्थमा फरक छ की यसमा सम्पत्तिको जिम्मेवारी कानूनबमोजिम वा धनीको सहमतिमा प्राप्त गरेको अवस्थाको विद्यमानता रहन्छ भने चोरीमा कसूरजन्य मनसायले धनीलाई थाहा जानकारी नदिई सम्पत्ति लिनेखाने मनसाय रहेको हुन्छ*"[३] त्यस्तै गरी **United Nations Convention Against Corruption को Article 17** मा हिनामिनाको अन्तरवस्तु समेटिएको देखिन्छ । *"Each state party shall adopt such legislative and other measures as may be necessary to establish as criminal offences, when committed intentionally, the embezzlement, misappropriation or other diversion by a public official for his or her benefit of for the benefit of another person or entity, of any property, public or private funds or securities or any other thing of value entrusted to the public official by virtue of this or her position"*[4] सोको अतिरिक्त **Legislative Guide for the Implementation of UNCAC 2012** का अनुसार हिनामिनाको कसूर पुष्टि हुनका निमित्त निम्न सङ्घटक तत्वहरूको विद्यमानता देखिनु पर्छ।[५]

क राष्ट्र सेवक वा जिम्मेवार प्राप्त व्यक्तिले आफ्नो निजी लाभ वा अन्य कुनै व्यक्ति वा संस्थाको लाभको बदनियतले काम गरेको पुष्टि हुनुपर्छ।

ख ओहदा वा पदको कारणले सरकारी वा संस्थाको सम्पत्तिको जिम्मेवारी आएको देखिनु पर्छ।

ग महासन्धिको प्रयोजनको लागि कुनै पनि सम्पत्ति भन्नाले भौतिक वा अभौतिक चल वा अचल, मूर्त वा अमूर्त लगायतका कुनै पनि सम्पत्ति हुन सक्छ। हकभोग पुष्टि गर्ने लिखत पनि सम्पत्ति नै हो।

घ मूल्यवान वस्तु Terms of value भन्नाले कुनै पनि सार्वजनिक वा निजी वस्तु वा संरक्षण समेत बुझाउँछ।

११. माथि विवेचित आधार र कारणबाट सामुदायिक वन उपभोक्ता समूह सार्वजनिक प्रकिति संस्था हुनुको अतरिक्त सोको नेतृत्व सार्वजनिक रुपमा चुनिएर आएको देखिन्छ, त्यस्तो संस्थाको कोषमा सङ्कलित रकम सार्वजनिक वन जंगलको काठ दाउरा बिक्रीको श्रोतबाट आर्जित वा सङ्कलित हुने देखिन्छ । कानूनत् एवम् विनियमत् त्यस्तो रकम संरक्षण गर्ने दायित्व छ यी प्रतिवादीहरूमा नै रहे भएको देखिंदा यस्ता सर्वजनिक संस्थाका पदाधिकारीले गरेको अन्तरिक हिनामिनाको विषय भ्रष्टाचार निवारण ऐन,२०५९ अन्तरगत हेर्न मिल्ने नै प्रकृतिको देखियो ।

१२. अव प्रस्तुत मुद्दाको तथ्यगत विश्लेषण गर्दा, प्रतिवादी मनिराम आचार्यले यस अदालत समक्ष गरेको बयानमा आफू उक्त सामुदायिक वनमा २०६४/०६५ देखि २०७३/०७४ सम्म अध्यक्ष रहेको, सुख्खाखाडा सल्लो १८००० क्यु.फि. जति सङ्कलन भएको र १३००० क्यु.फि. जति लिलाम भएको, ५००० क्यु.फि. जति रुखहरू समूहमै रहि रु.१३२ का दरले लेवर खर्च तिरको, रकम हिनामिना गरेको छैन, काठ काट्दा भएको ज्याला बापतको खर्च भएको हो, आफूले भ्रष्टाचार नगरेको हुंदा सफाइ पाउँ भनी आरोपित कसूरमा पूर्ण इन्कार रहेको देखियो। निज प्रतिवादीका साक्षी

3 Supreme.justia.com/cases/federal/us/268 , Visit Date: 24 April, 2024

4 Unodc.org/document/brussels/UN_convention against corruption.pdf, Visit Date: 24 April, 2024

5 https://www.unodc.org/documents/treaties/UNCAC/Publications/LegislativeGuide/UNCAC_Legislative_Guide_E.pdf, Visit Date: 24 April, 2024

हेम बहादुर शाहले अदालत समक्ष बकपत्र गर्दा, भौगोलिक विकटता र दैनिक कामकाज गर्ने मजदुरलाई ज्याला भुक्तानी दिनु पर्ने र उक्त क्षेत्रबाट धनगढी बैंक टाढा भएको हुनाले उपभोक्ता र कार्य समितिको सल्लाह बमोजिम उक्त रकम अध्यक्षसँग रहन गएको हो। सामुदायिक वनको आफ्नो भवन नभएको, एकै भुगोलमा त्यही गाउँ टोल नभएको, पदाधिकारी सल्लाहबमोजिम नै सम्पूर्ण कागजात अध्यक्षसँग रहेको हो। निजलाई सफाइ हुनुपर्दछ। बिल भरपाई र भेलाका निर्णयहरू आम सभाले अनुमोदन गरेको हुँदा निज प्रतिवादीलाई आरोपदाबीबाट सफाइ दिलाई पाउँ भनी लेखाएको देखियो।

१३. वादी नेपाल सरकारका साक्षीहरू रोज बहादुर साँउद, विर बहादुर साउँद र देव बहादुर दमाईले यस अदालत समक्ष बयान गर्दा, मिति २०७८/०७/०९ गतेको कागजको बेहोरा र सोमा भएको सहीछाप आफ्नो हो। काठ काट्ने लेवर काम गरेको हो। के कति काठ काटेको हो थाहा भएन। आगलागी भएर पाँच हजार क्युव फिट काठ सडेको हो भन्ने अरु लेवरबाट थाहा पाएको हुँ भनी करिव एकै मिलानको बकपत्र गरेको देखियो । त्यसै गरी धनबहादुर तामाङ्गले यस अदालत समक्ष बकपत्र गर्दा, मिति २०७८/०८/०५ मा अनुसन्धान अधिकारीसमक्ष गरेको कागज बेहोरामा भएको सहिछाप आफ्नै हो। गुप्तपानी सामुदायिक वनको आ.व. ०७२/०७२, ०७३/०७४ मा काठ संकलन कति फुट भएको हो यस विषयमा मलाई कुनै जानकारी भएन भनी उल्लेख गरेको देखियो भने अम्मर बहादुर बोहराले बकपत्र गर्दा, गुप्तपानी सामुदायिक वनमा आ.व. २०७३/०७३ को समयमा काम गरेको सत्य हो, वृक्षारोपण, अग्नी नियन्त्रण र झाडी सफाइमा गरिएको खर्चको विवरणमा गरिएको भरपाईमा भएको बेहोरा र सहीछाप आफ्नो हो। उन्नाइस हजार क्युफिट काठ काटिएको हो। चौध हजार क्युफिट जति काठ लिलाम भएको हो। पाँच हजार क्युफिट काठ सडिगलि गएको, बगाएको, आगलागि भई नष्ट भएको हो भनी उल्लेख गरेको देखियो।

१४. यस अदालतको मिति २०८०/०४/१६ को आदेशबमोजिम श्रव्यदृश्य संवाद (Video Conference) मार्फत डिलबहादुर साउँद, नरबहादुर विष्ट र मिनिराम सापकोटाले बकपत्र गर्दा, मिति २०७८/०८/०५ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकृत समक्ष गरेको कागजमा भएको बेहोरा र सहीछाप आफूहरूसमेतको हो। २०७३/०७४ मा सकलित काठमध्ये ५२०० क्युफिट काठ लिलाम बिक्री नभई सडी गली गएको हो भनी करिव एकै मिलानको बकपत्र गरेको देखियो। त्यस्तै गरी श्रव्यदृश्य संवाद (Video Conference) मार्फत बकपत्र गर्ने डिलबहादुर साउँद र मिनिराम सापकोटाले मिति २०७८/०७/०९ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकृतसमक्ष गरेको कागजमा भएको बेहोरा र सहीछाप आफूहरूको हो। २०७३/०७४ मा सङ्कलित काठमध्ये ५२०० क्युफिट काठ लिलाम बिक्री नभई सडी गली गएको हो भन्ने समेत बेहोराको एकै मिलानको बकपत्र गरेको देखियो। यस अदालतको आदेशबमोजिम प्राप्त मिति २०७६/०८/२२ को गुप्तपानी सामुदायिक वन उपभोक्ता समूहको सक्कल निर्णय पुस्तिका (Minutes of meeting) समेत इजलासबाट अध्ययन तथा अवलोकन गरियो।

१५. गुप्तपानी सामुदायिक वन उपभोक्ता समूहकको प. सं.२०७४/७५ च. नं. १५ मिति २०७४।१०।२८ को पत्रबाट इलाका वन कार्यालय चुरे ३ सहजपुर कैलालीलाई लेखेको पत्रमा उक्त समूहको मिति २०७४।१०।१९ मा बसेको आमभेलामा पूर्व अध्यक्ष मनिराम आचार्यले निजको कार्यकालमा खर्च गरेको रकम रु.२८,१५,९४८।-को बिल भर्पाई फर्जी भएको र आमभेलाले उक्त बिल भरपाईहरू अनुमोदन नगर्ने निर्णय गरेको देखियो । निज प्रतिवादी मनिराम आचार्यले अनुसन्धानको क्रममा मौकामा बयान गर्दा स्पष्ट जवाफ दिन सकेको देखिएन (सवाल जवाफ नं. १६)। सो सामुदायिक वन उपभोक्ता समूहको तत्कालीन सचिव प्रतिवादी हिक्मत सिंह भाट र तत्कालीन कोषाध्यक्ष पृथ्वीराज विष्टले अनुसन्धानको क्रममा मौकामा आयोग समक्ष आफूहरू समेतको संयुक्त दस्तखतबाट एभरेष्ट बैंक धनगढी शाखाबाट समूहको खाता संचालन गरिएको थियो। निजहरूको कार्यकालमा सामुदायिक वनको चेकबुक, बिल भरपाई र निर्णय रजिस्टर लगायत सम्पूर्ण कागजातहरू तत्कालीन अध्यक्ष मनिराम आचार्यकै जिम्मामा राख्ने गरिएको थियो भनी बयान बेहोरा लेखेको देखियो।

१६. उक्त सामुदायिक वन उपभोक्ता समूहको कोषबाट रु. २८,१५,९४८।- (अट्ठाइस लाख पन्ध्र हजार नौसय अठचालिस रुपैयाँ) बराबरको खर्चको बिल भरपाई उक्त समूहको आमभेला साधारण सभा र बैठकहरूमा पेस नगरेको हुँदा उक्त रकम खर्च अनुमोदन नभएको निर्णय गरेको देखिन आयो। बाँकी रकम मध्ये रु. ६,८५,९७३।८९ (छ लाख पचासी हजार नौ सय त्रिहत्तर रुपैयाँ उनान्नब्बे पैसा) आफ्नै जिम्मामा रहेकोले १५ दिन भित्र समूहको बैंक खातामा जम्मा गरी सोको भौचर पेस गर्ने र बाँकी देखिएको रु २,७०,७३६।४० (दुइ लाख सत्तरी हजार सात सय छत्तिस रुपैयाँ चालिस पैसा) हिसाब मिलान गरेर बाँकी देखिएमा सोही १५ दिन भित्र पेस गर्नेछु, सोको आफू स्वयम् जिम्मेवारी हुनेछु भनी चुरे गाउँपालिका वार्ड नं ३ का वडा अध्यक्ष टेक बहादुर शाहको रोहवरमा प्रतिवादी मनिराम आचार्यले मिति २०७४।०९।११ मा कागज गरेको देखियो।

१७. वन उपभोक्ता समूहको कोषको संचालन तत्कालीन अध्यक्ष मनिराम आचार्य, कोषाध्यक्ष पृथ्वीराज विष्ट र सचिव हिक्मत भाटको नामबाट हुने गरेको थियो । समूहको कोषबाट हिनामिना भएको रकम हालसम्म समूहको कोषमा जम्मा भएको छैन भन्ने सुनेकोछु भन्ने समेत बेहोरा डिल बहादुर साउद, नर बहादुर विष्ट, टेक बहादुर बोहरा, अम्मर बहादुर बोहरा र शोभान सिंह साउदले वडा नं ३का वडार अध्यक्ष टेक बहादुर शाहको रोहवरमा मिति २०७४।०८।२७ मा स्थानीय मुचुल्का खडा गरेको देखियो। समूहको साधारण सभाको निर्णय समेतको आधारमा उक्त समूहको कोषको हिनामिना गर्ने पदाधिकारी उपर प्रचलित कानून बमोजिम कार्वाही हुनु पर्ने रायसहित इलाका वन कार्यालय खानीडाँडाका सहायक वन अधिकृत डबल बहादुर बोहराले मिति २०७४।०९।१६ मा प्रतिवेदन पेस गरेको देखियो।

१८. इलाका वन कार्यालय, सहजपुर, कैलालीमा प्रतिवादी मनिराम आचार्यले पेस गरेको फोटोकपी बिलहरू मध्ये मिनिराम आचार्य, धनबहादुर तामाङ्ग, केशव आचार्य, केशबराज सापकोटा, चक्रबहादुर शाही, पर्मानन्द जोशीले निजहरूसंग सम्बन्धीत बीलमा उल्लेखित सामानहरू मध्ये केही निश्चत सामानहरू मनिराम आचार्यले लगेको हो भनी उल्लेख गरेको देखियो। निज प्रतिवादीले गुप्तपानी सामुदायिक वनको नाममा खर्च गरेको पुष्टि भएको देखियो। मिसिल संलग्न एभरेष्ट बैंक लिमिटेडबाट प्राप्त बैंकिङ कारोबारको विवरण तथा गुप्तपानी सामुदायिक वन उपभोक्ता समूहको कोषमा काठ दाउरा बिक्रीबाट सङ्कलित रकम मध्ये मिसिल संलग्न गुप्तपानी सामुदायिक वन उपभोक्ता समूहको आमभेलाको निर्णयमा वन उपभोक्ता समूहको कोषको रु. ६,८५,९७३।८९ (छ लाख पचासी हजार नौसय त्रीहत्तर रुपैयाँ उनान्नब्बे रुपैयाँ) आफूले लिएको हो भनी प्रतिवादी मनिराम आचार्यले स्वीकार गरेको तथा निज प्रतिवादीले बिल भर्पाईबाट पुष्टि हुन नसकेको अनियमित तरिकाले हिनामिना एवम् हानिनोक्सानी भएको रकम रु.१८,३८,३७२।११ (अठार लाख अठतिस हजार तीन सय बहत्तर रुपैयाँ एघार पैसा) गरी सो सामुदायिक वन उपभोक्ता समूहको जम्मा रु.२५,२४,३४६।-(पच्चिस लाख चौविस हजार तीन सय छयालिस रुपैयाँ) हिनामिना भएको देखिन आएकोले निज प्रतिवादी मध्ये मनिराम आचार्यले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसूर गरेको देखिन आयो।

१९. प्रतिवादी हिक्मत सिंह भाटले अदालत समक्ष बयान गर्दा, आफू उक्त सामुदायिक वनमा २०६४/०६५ देखि २०७३/०७४ सम्म सचिव पदमा कार्यरत रहेको, काम गर्दा गर्दै कामदारहरूलाई ज्याला दिनका लागि अध्यक्षको सल्लाह अनुसार विश्वास र व्यावहारिकताका आधारमा चेकमा हस्ताक्षर गरिएको हो, मिति २०७४/१०/१९ मा आम भेलाको निर्णय मनिराम आचार्यले पेस गर्नु भएको हो, केही छुटफुट बिलहरू पछि पेस गरौंला भन्दा भेला बिना निष्कर्ष टुङ्गिएको हो। मिति २०७६/०८/२२ गते आमभेलाबाट बाँकी रकम मनिराम आचार्यको जिम्मा र सचिव र कोषाध्यक्षलाई सफाइ दिएको हो। आफूले रकम हिनामिना नगरेको र संस्थालाई हानिनोक्सानी नगरेको हुँदा सफाइ दिलाई पाउँ भनी आरोपित कसूरमा पूर्ण इन्कार सही बयान गरेको देखियो। निज प्रतिवादीका साक्षी टेक बहादुर शाहले यस अदालत समक्ष बकपत्र गर्दा, उक्त सामुदायिक वन उपभोक्ता समूहको कागजातहरू सबै अध्यक्ष मनिराम आचार्यकै जिम्मामा रहने गरेको, चेक, माइन्युट बुक लगायतका कागजातहरू प्रतिवादी हिक्मत सिंह भाटको जिम्मा नरहेको, धनगढी स्थित एभरेष्ट बैंकमा उक्त सामुदायिक बनको खाता रहेको र गुप्तपानी सामुदायिक वन धनगढी स्थित

एभरेष्ट बैंक देखि लगभग ७० कि.मि. टाढा रहेको र भौगोलिक विकटताले आवत जावत गर्न अप्ठ्यारो भएकाले सामुदायिक बन भित्र काठ कटानी तथा मजदुरको ज्याला भुक्तानीको लागि उक्त रकमको चेक सहजीकरणका लागि अध्यक्षको विश्वासमा प्रतिवादी हिक्मत सिंह भाटले चेकमा दस्तखत गरेका हुन। भौगोलिक विकटताले अध्यक्ष र सचिवको घर टाढा भई काठ कटानीमा लगाइएका मजदुरको ज्याला भुक्तानीका लागि अध्यक्षको विश्वासमा प्रतिवादी हिक्मत सिंह भाटले चेक साइन गरेका हुन। सबै काम उपभोक्ता समितिको निर्णायानुसार भएको हो। निज प्रतिवादी हिक्मत सिंह भाटले कोही कसैसँग मिलमतो गरेका छैनन्। निज प्रतिवादीले समूहको रकम हिनामिना नगरेकाले निजलाई सजाय हुनुपर्ने होइन भनी लेखाएको देखियो।

२०. प्रतिवादी पृथ्वीराज विष्टले अदालतसमक्ष बयान गर्दा, आफू उक्त सामुदायिक वनमा २०६४/०६५ देखि २०७३/०७४ सम्म कोषाध्यक्षको पदमा कार्यरत रहेको, कोषको रेकर्ड राख्ने काम आफूले गर्ने गरेको, काम गर्ने ठाउँ टाढा भएको, कामदारहरूलाई परिश्रमिक दिने र कामको रेखदेख गर्ने अध्ययक्षले गर्नु हुन्थ्यो। आफूबाट कुनै रकम हिनामिना भएको छैन। मैले कुनै भ्रष्टाचार र रकम हिनामिना गरी सामुदायिक वनलाई हानिनोक्सानी नगरेको हुँदा आरोपदाबी बाट सफाइ पाउँ भनी इन्कारी बेहोरा लेखाएको देखियो। निजको साक्षी किसन सिंह साउदले यस अदालत समक्ष बकपत्र गर्दा कागजातहरू सबै अध्यक्षकै जिम्मामा रहने गरेको, सामुदायिक वनको कार्यालय भवन पनि थिएन, कोषाध्यक्षको घर पनि टाढा रहेको थियो, दैनिक ज्याला मजदुरीमा लगाएका मजदुरहरूलाई दैनिक ज्याला भुक्तानी गर्नुपर्ने र बैंक टाढा रहेको हुनाले अध्ययक्षलाई चेकमा दस्तखत गरेर अध्यक्षलाई दिएको सम्म हो। निजले रकम हिनामिना गरेको छैन। निज प्रतिवादीलाई सफाइ दिलाई पाउँ भनी उल्लेख गरेको देखियो ।

२१. यस प्रकार प्रतिवादीहरू हिम्मत सिंह भाट र पृथ्वीराज विष्टले बयान गर्दा अध्यक्षको विश्वासमा परी आफूहरूले चेकमा सही गरिदिएको भन्ने तथ्य स्वीकार गरेको देखियो। निज प्रतिवादीहरूको समेत हस्ताक्षरबाट उक्त वन उपभोक्ता समूहको बैंक खाता संचालन रहेको देखिन्छ। कुनै पनि संस्थाका सचिव र कोषाध्यक्षको काम कर्ताब्य र अधिकार केवल अध्यक्षले भने मुताविक चेकमा हस्ताक्षर गर्ने मात्र होइन। संस्थाको विधान वा विनियमले निर्धारित गरेका पदिय जिम्मेवारी तथा जवाफदेहिता प्रति पनि उत्तरदायी हुनुपर्ने हुन्छ। बैठकको निर्णय वेगर खर्च शिर्षक विना संस्थाको रकम बैंकबाट निरन्तर झिक्ने कार्यमा यी प्रतिवादीहरूले आवश्यक सजगता अपनाएको देखिएन। प्रतिवादी मनिराम आचार्यले उपभोक्ता समूहको बैंक खाताबाट रकम झिक्ने क्रममा यी प्रतिवादीहरूले समेत हस्ताक्षर गरी रु.१८,३८,३७२/११ निकाली रकम हानामिना गर्ने गराउने कार्यमा मतियारको भूमिका निर्वाह गरेका रहेनछन वा अन्जानमा वा विश्वासमा परेर गरेछन भनी उन्मुक्ति दिन मिल्ने देखिएन। यस अवस्थामा निज प्रतिवादीहरूद्वय हिम्मत सिंह भाट र पृथ्वीराज विष्टले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरको दफा २२ बमोजिमको मतियारको कसूर गरेको नै देखियो।

२२. अर्का प्रतिवादी गौरी प्रसाद नाथले अदालत समक्ष बयान गर्दा, आफू उक्त सामुदायिक बनमा २०६५/०६६ देखि हालसम्म लेखा परीक्षकको रुपमा कार्य गरेको, आफ्नो जिम्मेवारी सामुदायिक वनको आय व्ययको लेखा परीक्षण गर्ने भएको, आफुले लेखापरीक्षण गरे बापत शुल्क लिने गरेको, अन्य बेहोरा आफुलाई थाहा छैन। आफूले बिल भरपाई हेर्ने हो। काम गरे वापत शुल्क लिने हो। आफूले कुनै रकम हिनामिना नगरेको र स्वतन्त्र लेखा परीक्षक भएको हुँदा निर्दोष छु, सफाइ पाउँ भनी आरोपित कसूरमा पूर्णतः इन्कार रही बयान गरेको देखियो। निज प्रतिवादीका साक्षी खगेन्द्र नाथ योगीले अदालत समक्ष बकपत्र गर्दा, ICAN को ऐन नियम अनुसार उहाँले लेखापरीक्षण गर्नु भएको हो। अडिट गर्दा सामुदायिक वन उपभोक्ता समूहबाट उपलब्ध गराइएका कागजपत्रहरू सबै नियमबमोजिम ठिक साँचो हुन् भनी समूहको साधारण सभाले निर्णय गरेको छ र समितिले पेस गरिएका सम्पूर्ण कागजपत्र ठिक हुन् भनी गौरीप्रसाद नाथलाई लेखाका कागजातहरू उपलब्ध गराएका हुन। उहाँ एक सरकारी कर्मचारी, धार्मिक विचार भएको व्यक्ति, शाकाहारी, योग शिक्षक आजसम्म कहीं कतै कहिले पनि अनैतिक कार्य नगरेको व्यक्ति भएकाले उहाँ दोषी हुनु होला भन्ने लाग्दैन भनी लेखाएको देखियो।

२३. यस प्रकार प्रतिवादी गौरी प्रसाद नाथ पेसाले स्वतन्त्र लेखापरीक्षक रहेको देखिए तापनि निज प्रतिवादी सो गुप्तपानी सामुदायिक वन उपभोक्ता समूहको वार्षिक लेखापरीक्षण गर्ने गरी नियुक्त स्वतन्त्र लेखा परिक्षक रहेको देखियो। निजले उक्त वन उपभोक्ता समूहको विवादित आ.व.२०७२/७३ र २०७३/७४को लेखा परीक्षण गरेको देखिन्छ। यस्ता स्वतन्त्र लेखापरीक्षकले स्वतन्त्ररुपमा गरेको लेखापरीक्षणको कार्य भ्रष्टाचार जन्य कसूर कायम हुन सक्छ वा सक्दैन? भन्ने सन्दर्भमा पनि यहाँ विवेचना गर्नु उपयुक्त देखिन्छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (१) मा "*सरकारी निकाया वा सर्वजनिक संस्थामा लेखापरीक्षण गर्ने अख्तियारी पाएको कुनै राष्ट्र सेवक वा अन्य व्यक्तिले लेखापरीक्षण गर्दा बदनियतपूर्वक कारोबारमा नभएको कुरा देखाउने वा भएगरेका तथ्यहरू लोप गरी लेखापरीक्षण प्रतिवेदन तयार गरेमा त्यस्तो राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिलाई कसूरको मात्रा अनुसार तीन महिनादेखि एक वर्षसम्म कैद र दश हजाररुपैयाँदेखि पचासहजार रुपैयाँसम्म जरिबाना हुनेछ*" भन्ने कानूनी प्रवधान रहेको देखिन्छ। उक्त कानूनी प्रावधानमा लेखापरीक्षण गर्ने अख्तियारी पाएको कुनै राष्ट्र सेवक वा अन्य व्यक्तिले भन्ने उल्लेख भएकोले स्वतन्त्र लेखापरीक्षकलाई पनि समेटने भन्ने को विधायिकी मनसाय (Intention of legislative) देखिन्छ। तसर्थ यी प्रतिवादीलाई उक्त ऐनबमोजिम कसूरदार कायम गर्न मिल्दैन भन्ने निजको जिकिर एवम् विद्वान अधिवक्ताको तर्कसँग सहमत हुन सकिएन।

२४. कुनै पनि संस्थाको आर्थिक व्यवस्थापन भनेको सो संस्थाको मेरुदण्ड हो। लेखापरीक्षकले सार्वजनिक जवाफदेहिता भएको संघसंस्थाको लेखापरीक्षण गर्दा पदाधिकारीले देखाएको आय तथा व्यय एवम् सम्पत्ति र दायित्वको हरहिसाव मात्र सूचिकृत गर्ने होइन। त्यस्ता आम्दानी तथा खर्चहरू लेखापरीक्षणका मान्य सिद्धान्तको आलोकमा बैध एवम् विधिसम्मत निर्णयअनुरुप भएको छ वा छैन ? सोको परीक्षण पनि गर्नुपर्ने हुन्छ। सार्वजनिक जवाफ देहिता रहेको संस्थाको लेखा परीक्षण गर्ने लेखा परिक्षकले त्यस्तो संस्थाको पदाधिकारीले आर्थिक सुशासन कायम गरे नगरेको वा वित्तीय जवाफदेहिता बहन गरे नगरेको तर्फ सदैव सचेत रहनु पर्ने हुन्छ। वास्तविक लेखापरीक्षण प्रतिवेदनले त्यस्तो संस्थाको वित्तीय हैसियत मात्र उजागर गर्दैन, सो संस्थाको भावी मार्गचित्र समेत निर्धारित गर्न मद्दत गर्दछ। संस्थाको साधारण सदस्यहरूलाई आफ्नो संस्थाले सही कार्य गरेनगरेको तथा आफूले चयन गरी पठाएका पदाधिकारीहरूले जवाफदेहीपूर्ण ढंगले वित्तीय सुशासन वा व्यवस्थापन गरे नगरेको यथार्थ जानकारी हुन्छ। सोको अतिरिक्त नेपाल सरकारको नियामक निकाय तथा आन्तरिक राजस्व कार्यालय समेतले सदैव सो संस्थाको वार्षिक आम्दानी खर्चको हरिहिसाबको लेजर, ढड्डा एवम् बिल भरपाई परीक्षण गर्न सम्भव हुँदैन। वार्षिक लेखापरीक्षण प्रतिवेदनलाई नै अन्तिम र आधिकारिक हरहिसाब मानी कारोबार गर्नु पर्ने हुन्छ। तसर्थ लेखापरीक्षक आफूलाई नियुक्त गर्ने पदाधिकारी वा वहालवाला पदाधिकारी प्रति मात्र उत्तरदायी हुने होइन, सो संस्थाको साधारण सदस्यहरू र राज्य प्रति पनि उत्तिकै उत्तरदायी हुनु पर्ने हुन्छ। लेखापरीक्षकले संस्था भित्रका पदाधिकारीले गरेको अनियमितता एवम् हिनामिनाको मुकदर्शक साक्षी हुने वा हिनामिनालाई लेखापरीक्षणबाट लुकाउने वा छिपाउने वा व्यवस्थापन गर्ने वा हिनामिनाकर्ताको मतियार हुने होइन। लेखापरीक्षकले संस्थाभित्रको हिसाव किताबको यथार्थ र वास्तविक चित्रण सहितको परीक्षण प्रतिवेदन दिनु पर्ने हुन्छ। संस्था भित्र गैरकानूनी वा वेरितपूर्ण रुपमा अनियमितता र हिनामिना भएको देखिन्छ भने सोही बेहोराको छुट्टै राय सुझवसहितको प्रतिवेदन दिनु पर्ने हुन्छ। तसर्थ स्वतन्त्र रुपमा लेखापरीक्षण गर्ने अख्तियारी पाएको लेखापरीक्षक यी प्रतिवादी गौरी प्रसाद नाथले उक्त गुप्तपानी सामुदायिक वन उपभोक्ता समूहको विवादित वर्षको वार्षिक लेखापरीक्षण गर्दा सो संस्थाको पदाधिकारीहरूले विना निर्णय एवम् विना बिल भरपाई गरेको हिनामिना तथा निजी अपचलनको तथ्यहरू लुकाई छिपाई वा सो तथ्यहरू लोप गर्ने गरी लेखापरीक्षण प्रतिवेदन तयार गरेको देखिन आएकोले निजले समेत भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (१) को कसूर गरेको देखिन आयो।

२५. अतः माथि विवेचित आधार र कारण एवम् मिसिल संलग्न प्रमाण कागजातहरूबाट गुप्तपानी सामुदायिक वन उपभोक्ता समूहका तत्कालीन अध्यक्ष प्रतिवादी मनिराम आचार्यले सो सामुदायिक वन उपभोक्ता समूहको आम्दानीको कोषको

रकम वास्तविक खर्च भन्दा बढी खर्च देखाई रु.२५,२४,३४६/- (पच्चिस लाख चौबिस हजार तीन सय छयालिस रुपैयाँ) बदनियतपूर्वक लिएखाएको एवम् मासेको देखिन आएकोले निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले उक्त बिगो बमोजिम कैद तथा जरिबाना गर्दा ऐ. ऐनको दफा १७ तथा दफा ३ को उपदफा १ को खण्ड (छ) बमोजिम ४ (चार) वर्ष देखि ६ (छ) वर्षसम्म कैद सजाय हुन सक्ने हुँदा निजको हकमा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ९, १० र ११ बमोजिम छुट्टै सुनुवाइ गर्नु पर्ने हुँदा ऐ. ऐनको दफा १२ बमोजिम आजको मितिले १५ कार्यदिन भित्र विशेष सरकारी वकील कार्यालय तथा प्रतिवादीको विद्वान अधिवक्ताबाट सजायपूर्वको प्रतिवेदन पेस गर्न लगाई सजाय निर्धारणको निमित्त मिति २०८०/१२/२८ को पेसी चढाई नियमानुसार पेस गर्नू।

२६. अन्य प्रतिवादीहरू मध्ये हिक्मत सिंह भाट र पृथ्वीराज विष्टको हकमा निजहरूको हस्ताक्षरबाट बैंक खाता संचालन रहेको र प्रतिवादी मनिराम आचार्यले उपभोक्ता समूहको बैंक खाताबाट रकम झिक्ने क्रममा हस्ताक्षर गरी रु.१८,३८,३७२।११ (अठार लाख अठतिस हजार तीन सय बहत्तर रुपैयाँ एघार पैसा) रकम निकाली रकम हिनामिना गर्ने गराउने कार्यमा मितयारको भूमिका निर्वाह गरेको देखिन आएकोले निज प्रतिवादीहरूद्धयले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिमको कसूरको दफा २२ बमोजिमको मतियारको कसूर गरेको देखियो । सो अवस्थामा उक्त ऐनको दफा ३ को उपदफा (१) को खण्ड (च) बमोजिम मुख्य कसूरदारलाई हुन सक्ने न्यूनतम कैदको आधा जनही १ (एक) वर्ष ३ (तीन) महिना कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोको दामासाहीले हुने जनही रु.९,१९,१८६।०५ (नौलाख उन्नाइस हजार एक सय छयासी रुपैयाँ पाँच पैसा) जरिबाना हुने ठहर्छ।

२७. अर्का प्रतिवादी गौरी प्रसाद नाथ रजिस्टर्ड लेखा परीक्षक रहेको र निजले गुप्तपानी सामुदायिक वन उपभोक्ता समूहको लेखा परीक्षण गर्दा हिनामिना गरेको रकम लुकाई छिपाई नभए नगरेको खर्चको विवरण देखाई गलत लेखा परीक्षण प्रतिवेदन पेस गरेको देखिन आएकोले निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (१) बमोजिमको कसूर गरेको देखिंदा निज प्रतिवादी गौरी प्रसाद नाथलाई ऐ. दफाको ऐ. उपदफा बमोजिम ३ (तीन) महिना कैद र रु.१०,०००।- (दश हजार रुपैयाँ) जरिबाना हुने ठहर्छ।

## <u>सजाय निर्धारण खण्ड</u>

२८. मिति २०८०/१२/०६ को कसूर कायम आदेशबमोजिम सजाय निर्धारणको निमित्त पेसी सूचीमा चढी आज इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी वादी नेपाल सरकारको तर्फबाट पेस हुन आएको सजाय पूर्वको प्रतिवेदन र निज प्रतिवादीले मौका र यस अदालतसमक्ष गरेको बयान समेत अध्ययन गरियो।

२९. विशेष सरकारी वकील कार्यालय काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री विमल पन्थीले कसूरको प्रकृति हेर्दा निज प्रतिवादीले सार्वजनिक पद र विश्वासको दुरुपयोग गरी आफ्नो संरक्षण र नियन्त्रणमा रहेको सम्पत्ति हिनामिना गरेको हुँदा निज प्रतिवादीलाई अधिकतम हदको सजाय निर्धारण गरी पाउँ भनी गर्नुभएको सजाय निर्धारण बहससमेत सुनियो।

३०. निज प्रतिवादीले के कस्तो परिस्थिति र अवस्थामा कसूर गरेको हो ? निजको शैक्षिक, आर्थिक, सामाजिक र पारिवारिक पृष्टभूमि र उत्तरदायित्व के कसो हो ? निजले कसूर गर्नुपूर्वको निजको चालचलन कस्तो रहेछ ? भन्ने विषयमा विवेचना गरी निज प्रतिवादीलाई के कति सजाय हुने हो ? भन्ने सम्बन्धमा निष्कर्षमा पुग्नुपर्ने देखियो।

३१. अव सजाय निर्धारण तर्फ विचार गर्दा, निज प्रतिवादी ५० वर्षको उमेर अवस्थाको देखिन आयो। निजको शैक्षिक अवस्था आई.ए.उत्तीर्ण गरेको भन्ने उल्लेख भएको देखियो। निजको पेसा व्यवसाय खेती किसानी गर्ने उल्लेख भएको

देखियो। निज प्रतिवादी उक्त गुसपानी सामुदायिक वन उपभोक्ता समूह निगाली हाल चुरे गाउँ पालिका-३ कैलालीको तत्कालीन अध्यक्ष रहेको र आफ्नो कार्यकालमा काठ दाउरा बिक्री बापत सङ्कलित रकम यी प्रतिवादीले आफ्नै कार्यकालमा आर्जित रकम ठानी आफैले खर्च गरी सिध्याउने मनसायले सामुदायिक वन उपभोक्ता समूहको रकम निकाली हिनामिना गरेको देखिन आयो।

३२. सामूहिक उत्तरदायित्व र जवाफदेहिता प्रतिको चेतनाको अभावमा यस्ता कसूरको वारदात घटने वा घटाउने हुन्छ। निज प्रतिवादीको ६ जनाको परिवार सङ्ख्या रहेको र निज प्रति निजको परिवार आश्रित रहेको समेत परिप्रेक्षमा यस्ता कसुरदारलाई के कस्तो सजाय गर्ने भन्ने सम्बन्धमा दण्डशास्त्रीय (Penology) दृष्टिकोणबाट पनि विवेचना गर्नु पर्ने हुन्छ। यस प्रकारको सार्वजनिक जवाफदेहिता रहेको संघसंस्थाका जिम्मेवार पदाधिकारीले संस्थागत आम्दानी आफ्नै निजी सम्पत्ति सरह ठानी आफूखशी हिनामिना वा खर्च गर्न हुदैन रहेछ त्यसो गरेमा दण्ड जरिबाना र खाए मासेको सम्पत्ति तिर्न बुझाउन पर्ने रहेछ भन्ने सन्देश पनि दिन उपयुक्त रहेकोले हतोत्साहको सिद्धान्त (Deterrant Theory) को दृष्टिकोणबाट पनि विचार गर्नुपर्ने देखिन्छ। अर्को तर्फ यस्ता कसूरदारहरू आफूले गरेको कसूरको पश्चाताप गरी भोलिका दिनमा जिम्मेवार, सवल, सक्षम, अनुशासित तथा नैतिकवान एवम् चरित्रवान नागरिकको रुपमा पुनर्स्थापित भई समाजलाई पुनः नेतृत्वदायी योगदान दिन सक्ने जिम्मेवार नागरिकको रुपमा परिणत हुने छ भन्ने अपेक्षा सहित सुधारात्मक दण्डको सिद्धान्त (Reformative Theory) तथा निज प्रतिवादी समाजमा पूर्ववत रुपमा पुनर्स्थापित होस् भन्ने हेतुले पुनर्स्थापनाको सिद्धान्त (Restorative Theory) लाई समेत विचार गरी यी प्रतिवादीसमेतको कसूरजन्य कार्यले उक्त गुसपानी सामुदायिक वन उपभोक्ता समूहको कोषमा क्षति पुग्न गएको देखिएकोले सोको परिपूरण समेत गर्नुपर्ने देखियो।

३३. अतः माथि विवेचित आधार र कारणबाट प्रतिवादी मनिराम आचार्य उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसूर ठहर भई सजाय निर्धारणको निमित्त पेस हुन आएको प्रस्तुत मुद्दामा नेपाल सरकारको तर्फबाट पेस हुन आएको सजाय पूर्वको प्रतिवेदन एवम् मिसिल संलग्न निज प्रतिवादीको बयान बेहोरासमेत अध्ययन गरी निज प्रतिवादीको उमेर अवस्था सामाजिक सांस्कृतिक एवम् पारिवारिक पृष्ठभूमि तथा दायित्व, कसूर गर्दाको अवस्था र परिस्थितिसमेतलाई सजायशास्त्र (Penology) को आलोकमा विचार गरी निज प्रतिवादी मिनराम आचार्यलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को खण्ड (छ) बमोजिम ५ (पाँच) वर्ष कैद र ऐ. ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम रु.२५,२४,३४६/- (पच्चिस लाख चौविस हजार तिन सय छ्यालिस रुपैयाँ) जरिबाना हुने र ऐ. ऐनको दफा १७ बमोजिम बिगो बराबरको रकम निज प्रतिवादीहरूबाट असूल उपर हुनेसमेत ठहर्छ। अरुमा तपसिलबमोजिम गर्नू ।

**सदस्य** **सदस्य** **अध्यक्ष**

**फैसला तयार गर्न सहयोग पुऱ्याउनेः**

इजलास अधिकृतः सुदर्शन पुरी

कम्प्युटर अपरेटरः कल्पना पराजुली

इति संवत् २०८१ साल वैसाख २ गते रोज १ शुभम्.....................................................................।

**श्री**
**विशेष अदालत काठमाडौं**
**अध्यक्ष माननीय न्यायाधीश श्री टेक नारायण कुँवर**
**सदस्य माननीय न्यायाधीश श्री तेज नारायण सिंह राई**
**सदस्य माननीय न्यायाधीश श्री मुरारीबाबु श्रेष्ठ**

**फैसला**
**(इजलास नं.१)**

**मुद्दा नं.: ०७९-CR-००५०**
**दर्ता मितिः २०७९/०८/२८**
**फैसला मितिः २०८०/११/०२**
**नि.नं. : १६३**

**मुद्दा : परीक्षाको परिणाम फेरबदल गर्ने गराउने काम गरी भ्रष्टाचार गरेको।**

**बादी** : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृत बद्री कुमार कार्कीको प्रतिवेदनले नेपाल सरकार।

**विरुद्ध**

**प्रतिवादी** : तुलसीरामको नाति अनबहादुर डाँगीको छोरा जिल्ला दाङ तुलसीपुर उपमहानगरपालिका वडा नं.,१३ हाल जि.सुर्खेत वीरेन्द्रनगर नगरपालिका वडा नं. १० बस्ने मध्यपश्चिमाञ्चल विश्वविद्यालय, सुर्खेतका सहायक डीन एवम् परीक्षा छनौट समितिका संयोजक **कमलेश डि.सी.समेत**।

**ठहर खण्ड**

१. विशेष अदालत नियमावली, २०८० को नियम ४३ र ४४ बमोजिम साप्ताहिक एवम् दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरियो। वादी नेपाल सरकारका तर्फबाट विशेष सरकारी वकिल कार्यालयका विद्वान् उपन्यायाधिवक्ता श्री संगिता न्यौपानेले आंशिक तथा करार उपप्राध्यापकको लागि लिइएको परीक्षाको अङ्ग्रेजी विषयको उत्तरपुस्तिका परीक्षण गर्ने प्रतिवादी डा. विनय कुमार दासले परीक्षाको परिणाम फेरबदल हुने गरी उत्तरपुस्तिकामा दिइएको अङ्कलाई केरमेट समेत गरेको देखिएको छ। परीक्षा समितिको संयोजक प्रतिवादी कमलेश डि.सी.ले उत्तरपुस्तिकाको संपरीक्षण गर्दा त्यसरी परीक्षाको परिणाम फेरबदल हुने गरी उत्तरपुस्तिकामा दिइएको अङ्कलाई केरमेट गरी संशोधन गरिएकोलाई स्वीकार गरेर मान्यता दिएको हुँदा प्रतिवादीहरूबाट परीक्षाको परिणाम फेरबदल हुने कार्य भएकोले प्रतिवादीहरूलाई आरोपदाबी बमोजिम सजाय हुन अनुरोध छ भन्ने बहस प्रस्तुत गर्नुभयो।

२. प्रतिवादी कमलेश डि.सी. को तर्फबाट विद्वान् अधिवक्ताहरू श्री भोजराज आचार्य र श्री गणेश बहादुर वलीले, प्रतिवादी विनय कुमार दासको तर्फबाट विद्वान् अधिवक्ताहरू श्री भोजराज आचार्य र श्री देबी प्रसाद कोइरालाले उत्तरपुस्तिका परीक्षण गर्दा परीक्षाको परिणाम फेरबदल हुने गरी उत्तरपुस्तिकामा दिइएको अङ्कलाई केरमेट गरिएको र संपरीक्षण गर्दा समेत त्यसरी केरमेट गरिएकोलाई मान्यता दिई अनुत्तीर्णलाई उत्तीर्ण र उत्तीर्णलाई अनुत्तीर्ण गराएको भन्ने आरोपदाबी छ। सो कार्य परीक्षाको परिणाम फेरबदल गरेको होइन। भ्रष्टाचारको कसुर हुनलाई कुनै कार्य बदनियतपूर्वक भएको हुनुपर्छ। प्रतिवादीहरूले उत्तरपुस्तिका परीक्षण गर्दा बदनियतपूर्वक अनुत्तीर्णलाई उत्तीर्ण र

उत्तीर्णलाई अनुत्तीर्ण गराएको भन्ने पुष्टि भएको छैन। प्रतिवादीहरूले आरोपदाबी बमोजिमको कसुर नगरेको हुँदा प्रतिवादीहरूलाई आरोपदाबीबाट सफाइ हुन अनुरोध छ भन्ने बहस प्रस्तुत गर्नुभयो।

३. मध्यपश्चिमाञ्चल विश्वविद्यालय मानविकी र सामाजिकशास्त्र संकाय डिनको कार्यालयबाट आंशिक तथा करार उपप्राध्यापकहरूको छनौट गर्ने क्रममा देहायका प्रतिवादीले देहायबमोजिमको कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ बमोजिमको कसुर गरेकोले प्रतिवादीहरूलाई सो कसुरमा उक्त दफा १३ बमोजिम सजाय हुन आरोपदाबी लिएको देखियोः

(क) अङ्ग्रेजी विषयको उत्तरपुस्तिका परीक्षण गर्ने प्रतिवादी डा. विनय कुमार दासले उत्तरपुस्तिका परीक्षण गरी अङ्क प्रदान गर्दा अनुत्तीर्ण हुने प्रकृतिको उम्मेदवारलाई उत्तीर्ण हुने गरी र उत्तीर्ण हुने प्रकृतिको उम्मेदवारलाई अनुत्तीर्ण हुने गरी उत्तरपुस्तिकामा दिएको अङ्कलाई केरमेट गरी अङ्क बढाउने/घटाउने गरेको साथै अन्तर्वार्ताको क्रममा उम्मेदवारको उत्तरपुस्तिका माग गरी सम्वन्धित परीक्षार्थीको Symbol No. राखी सङ्केत गरी उम्मेदवारको पहिचान गरी प्राप्ताङ्कको आधारमा अन्तर्वार्ताको अङ्क प्रदान गरेको।

(ख) परीक्षा समितिका संयोजक प्रतिवादी कमलेश डि.सी.ले विज्ञबाट उत्तरपुस्तिकामा दिएको अङ्कलाई केरमेट गरिएको कार्यलाई समर्थन जनाएको र अन्तर्वार्ताको क्रममा परीक्षण भइसकेको उत्तरपुस्तिका माग गर्दा उपलब्ध गराएको।

४. अदालतमा गरेको बयानमा प्रतिवादी डा. विनय कुमार दासले उत्तरपुस्तिका परीक्षण गर्ने क्रममा अनुत्तीर्ण हुने प्रकृतिको उम्मेदवारलाई अङ्क बढाई उत्तीर्ण गराएको र उत्तीर्ण हुने प्रकृतिको उम्मेदवारलाई उम्मेदवारको उत्तरपुस्तिकामा दिएको अङ्कलाई केरमेट गरी अनुत्तीर्ण गराएको होइन। अन्तर्वार्ताको क्रममा विश्वसनीयता र सुनिश्चितताको लागि उत्तीर्ण भएका सबैका उत्तरपुस्तिकाहरू हेर्न मनासिब ठानी मुख्य पृष्ठमा रहेको अङ्क मात्र हेरेको हो। आफूले आरोपदाबी बमोजिमको कुनै कसुर नगरेको भन्ने जिकिर लिएको देखिन्छ। प्रतिवादी कमलेश डि.सी.ले कति नम्बर दिने भन्ने विज्ञकै अधिकार हो। आफूले संयोजकको नाताले अङ्कहरू जोड्दा मिलेको छ/छैन भन्ने मात्र हेरेको हो। उत्तीर्णलाई अनुत्तीर्ण र अनुत्तीर्णलाई उत्तीर्ण गर्ने काम गरेको छैन। आफूले उत्तरपुस्तिकाको अङ्कमा स्कोरसिट फेरबदल गर्ने कुनै पनि कार्य नगरेकोले आरोपदाबी बमोजिमको कसुर नगरेको भन्ने जिकिर लिएको देखिन्छ।

५. उपर्युक्त आरोपदाबी र प्रतिवादीहरूको बयान जिकिर भएको प्रस्तुत मुद्दामा विद्वान् उपन्यायाधिवक्ता एवम् विद्वान् अधिवक्ताहरूले गर्नु भएको बहस जिकिर समेतलाई दृष्टिगत गरी **प्रतिवादीहरूले आरोपदाबी बमोजिमको कसुर गरे/नगरेको भन्ने प्रश्नको निरुपण गरी प्रतिवादीहरूलाई आरोपदाबी बमोजिम सजाय हुनु पर्ने हो वा होइन** भन्ने सम्वन्धमा निर्णय दिनुपर्ने देखियो।

६. उत्तरपुस्तिका परीक्षण गरी अङ्क प्रदान गर्दा अनुत्तीर्ण हुने प्रकृतिको उम्मेदवारलाई उत्तीर्ण हुने गरी र उत्तीर्ण हुने प्रकृतिको उम्मेदवारलाई अनुत्तीर्ण हुने गरी उत्तरपुस्तिकामा दिएको अङ्कलाई केरमेट गरी अङ्क बढाउने/घटाउने गरेको साथै अन्तर्वार्ताको क्रममा उम्मेदवारको उत्तरपुस्तिका माग गरी सम्बन्धित परीक्षार्थीको Symbol No. राखी सङ्केत गरी उम्मेदवारको पहिचान गरी प्राप्ताङ्कको आधारमा अन्तर्वार्ताको अङ्क प्रदान गरेर परीक्षाको परिणाम फेरबदल गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ बमोजिमको कसुरजन्य कार्य गरेको भन्ने आरोपदाबी लिएको देखिन्छ। उत्तरपुस्तिका परीक्षण गर्ने प्रतिवादीले कुन उम्मेदवारको कुन Symbol No. भएको जानकारी लिएको भन्ने आरोपपत्रमा उल्लेख भएको देखिंदैन। कसको Symbol No. कुन भएको भन्ने जानकारी नभएको अवस्थामा कसैलाई उत्तीर्ण र कसैलाई अनुत्तीर्ण गराउने प्रयोजनको लागि उत्तरपुस्तिकाको अङ्क केरमेट गरेको मान्न मिल्ने देखिएन। अन्तर्वार्ता लिनुभन्दा पूर्व प्रतिवादीहरूले अमुक उम्मेदवारको अमुक Symbol No. भएको पहिचान गरेको भन्ने आरोपपत्रमा उल्लेख नगरिएको अवस्थामा त्यसको आधारमा अन्तर्वाताको अङ्क दिएको भन्ने पुष्टि भएको देखिएन।

७. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ ले कुनै राष्ट्रसेवकले आफू वा अरु कुनै व्यक्तिलाई गैरकानूनी लाभ

पुऱ्याउने बदनियतले परीक्षाको परिणाम फेरबदल गर्ने वा गर्न लगाउने कार्यलाई निषेध गरी राष्ट्रसेवकले त्यस्तो कार्य गरे वा गर्न लगाएमा कसुरजन्य कार्य हुने व्यवस्था गरेको पाइन्छ। प्रस्तुत मुद्दामा कुनै उम्मेदवार उत्तीर्ण र कुनै उम्मेदवार अनुत्तीर्ण भएको भन्ने परिणाम आइसकेको अवस्थामा सो परिणामलाई फेरबदल गरेको भन्ने आरोपपत्रमा उल्लेख भएको पाईंदैन। उत्तरपुस्तिका परीक्षण गर्ने क्रममा उत्तरपुस्तिकामा दिएको अङ्कलाई केरमेट गरेको र अन्तर्वार्ताको क्रममा उम्मेदवारको उत्तरपुस्तिका माग गरी सम्वन्धित परीक्षार्थीको Symbol No. राखी सङ्केत गरी उम्मेदवारको पहिचान गरी प्राप्ताङ्कको आधारमा अन्तर्वार्ताको अङ्क प्रदान भन्ने दाबी रहेको देखिन्छ। परीक्षाको परिणाम आइसकेको अवस्थामा त्यसलाई फेरबदल गर्ने कार्य गरेको नभई परीक्षाको परिणाम निकाल्ने क्रममा प्रतिवादीहरूले गरेको भनी दाबी गरिएको त्यस्तो कार्य उक्त दफा १३ को परिधिभित्र पर्ने देखिएन।

८. उक्त दफा १३ को कानुनी मकसद के हो भने दुई अवस्थामा यस दफा अन्तर्गतको कसुर हुन जान्छ। (१) प्रश्नपत्रको गोपनियता भङ्ग गरेमा वा गर्न लगाएमा (२) परीक्षाको परिणाम फेरबदल गरेमा वा गर्न लगाएमा। यस मुद्दामा सरकारी पक्षको दाबी परीक्षाको परिणाम फेरवदल गरेको भन्ने Issue सँग सम्बन्धित छ। तर परीक्षाको परिणाम निकाली सकेको अवस्थामा निस्केको परिणाम फेर बदल गरेको भन्न मिल्ने भएन। परिणाम फेर वदल हुनका लागि परिणाम निस्कनु अघि एउटा ब्यक्तिले उत्तीर्ण गरेको र परिणाम निकाल्दा अर्केको नाम निकालिएको पुष्टि हुनुपर्दछ। यसरी दाबी लिएको पनि देखिंदैन। आरोपदाबी बमोजिमको कसुर गरेको ठहर गर्नलाई आरोपित व्यक्तिले जुन कानुन अन्तर्गतको कसुर गरेको भन्ने दाबी लिइएको हो, सो कानुनले निषेध गरेको कार्य गरेको हुनुपर्छ। प्रस्तुत मुद्दामा प्रतिवादीहरूले गरेको जुन कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ बमोजिमको कसुर भनी दाबी गरिएको हो, सो कार्य उक्त दफा १३ को परिधिभित्रको नदेखिएको साथै उत्तरपुस्तिका परीक्षण गर्दा र अन्तर्वार्ता लिँदा प्रतिवादीहरूले अमुक उम्मेदवारको अमुक Symbol No. पहिचान गरेको भन्ने दाबी लिन नसकेको अवस्थामा प्रतिवादीहरूले आरोपदाबी अनुसार भ्रष्टाचार निवारण ऐन, २०५९ को कसुर गरेको पुष्टि भएको देखिन आएन।

९. अतः माथि उल्लिखित मिसिल संलग्न प्रमाणबाट प्रतिवादीहरू कमलेश डि.सी र विनय कुमार दास उपरको आरोपदाबी पुष्टि हुन नआएकोले निज प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ। अरूमा तपसिलबमोजिम गर्नू।

**सदस्य** **सदस्य** **अध्यक्ष**

**फैसला तयार गर्न सहयोग पुऱ्याउनेः**
इजलास अधिकृतः प्रकाश नारायण श्रेष्ठ
कम्प्युटर अपरेटरः भानु बस्नेत
इति संवत् २०८० साल फागुन महिना ०२ गते रोज ४ शुभम्..........................................................।

**श्री**
**विशेष अदालत, काठमाडौं**
**इजलास-१**
**अध्यक्ष माननीय श्री टेकनारायण कुँवर**
**सदस्य माननीय श्री तेज नारायण सिंह राई**
**सदस्य माननीय श्री रितेन्द्र थापा**

**फैसला**

**मुद्दा नं.: ०७९-CR-०१२१**
**दर्ता मितिः२०७९/१२/२८**
**कसुर निर्धारण मितिः २०८०।०९।२५**
**कसुर निर्धारण निर्णय नं.: ११६**
**सजाय निर्धारण मितिः २०८०।१०।०८**
**सजाय निर्धारण निर्णय नं.- १२**
**फैसला मितिः२०८०/१०/८**

मुद्दाः जग्गा खरिद बिक्री बापत उठेको राजस्व दाखिला नगरी हिनामिना गरी भ्रष्टाचार गरेको।

**बादी** : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृत रुविना शाही र प्रकाश बुढाथोकीको प्रतिवेदनले नेपाल सरकार।

**विरुद्ध**

**प्रतिवादी** : जिल्ला रौतहट, गौर नगरपालिका वडा नं. १ स्थायी घर भई हाल जिल्ला पर्सा, विरगंज महानगरपालिका वडा नं. ४, विर्ताटोल बस्ने रामाश्रे साहको नाति, उमेश प्रसाद गुप्ताको छोरा, वर्ष ५५ को मालपोत कार्यालय, वीरगंजका तत्कालीन नायब सुब्बा **मदन प्रसाद गुप्तासमेत।**

**यस अदालतको ठहर**

१. विशेष अदालत नियमावली, २०८० को नियम ४४ बमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी प्रतिवादी पक्षबाट उपस्थित हुनु भएका विद्वान् कानून व्यवसायीहरूले गर्नु भएको बहसको संक्षिप्त यस प्रकार रहेकोछः

क. **वादी नेपाल सरकार तर्फबाट उपस्थित हुनु भएका विद्वान् सहायक न्यायाधिवक्ता श्री विमल कुमार थापा र वर्षा ढकालः** मालपोत कार्यालय पर्सामा यी प्रतिवादीसमेतले यो मुद्दा समेत छ वटा मुद्दामा राजस्व हिनामिना गरेको भनी मुद्दा चली ठहर पनि भैसकेको छ। जग्गा प्रशासन निर्देशिकामा राजस्व दाखिला भएपछि भोलिपल्ट नै लेखापालले बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ तर लिखत पारित गर्दा बुझाउनु पर्ने राजस्व बुझी रसिद काटी राजस्व खातामा जम्मा गरिएको छैन मालपोत अधिकृतले अनुगमन गरी राजस्व दाखिला भए नभएको हेरी दाखिला गर्न लगाउनुपर्ने वा कारवाही गर्नु पर्नेमा सो गरिएको छैन। अधिकार प्रत्यायोजन गरेको भन्दैमा हुँदैन। आरोपदाबी बमोजिम गरिपाउँ।

ख. **प्रतिवादी मदन प्रसाद गुप्ता र नागेन्द्र प्रसाद चौधरी तर्फबाट रहनुभएका विद्वान् वरिष्ठ अधिवक्ता श्री केदार प्रसाद दाहाल, श्री अरुण ज्ञवाली, विद्वान् अधिवक्ता श्री कृष्ण प्रसाद कटुवाल र श्री जवाहर प्रसाद सिंहः** आ व २०७२।०७२ को राजस्वको विषयमा २०७५ सालमा उजुरी परी अनुसन्धान भएको छ। यस अवधिको आ. ले. प. वा म. ले. प. बाट कुनै बेरूजु औंल्याईएको छैन। फेरी बेरूजु र भ्रष्टाचार अलग अलग कुरा हो। २०७२ सालको मधेश आन्दोलनको क्रममा हड्ताल बन्द र असुरक्षाको कारण तत्काल राजस्व रकम जम्मा

गर्न नसकेको भए तापनि २०७३।४।११ सम्ममा सम्पूर्ण रकम दाखिला गरी सकेको अवस्था छ। बयान गर्दा नै भौचरहरू पेस भएका छन्। राजस्व हिनामिना नभएको हुँदा कसुर नै कायम हुन सक्दैन। निजले सफाइ पाउनु पर्दछ।

ग. **प्रतिवादी गम बहादुर वि.क. तर्फबाट रहनु भएका विद्वान् अधिवक्ता श्री शिव प्रसाद कोइराला तथा श्री अरुण ज्ञवालीः** मेरो पक्ष मालपोत कार्यालय पर्सामा २०७३।१।२२ देखि दुई महिना ८ दिनमात्र कार्यरत रहेको हो। निजले सबै काम हेर्न नसक्ने भएकोले २०७३।१।२८ गते विभिन्न कर्मचारीलाई अधिकार प्रत्यायोजन गरेका हुँदा सबै कुरा निजलाई थाहा हुने कुरा हुँदैन। आफू हाजिर हुनुभन्दा अघिको समेत राजस्व दाखिल गर्न लगाएका छन्। निजले सफाइ पाउनु पर्दछ।

घ. **प्रतिवादी प्रकाश प्रसाद पोखरेल तर्फबाट रहनु भएका विद्वान् अधिवक्ता श्री प्रविण सुवेदीः** मेरो पक्ष उपर उजुरी परेको होइन। हिनामिनामा प्रत्यक्ष संलग्न रहेको भन्ने आरोप पनि होइन। अनुगमन गर्न नसकेको अवस्थालाई मद्दत गरेको वा दुरुत्साहन दिएको भन्न मिल्दैन। रकम दाखिला भैसकेको हुँदा हानिनोक्सानी भएको अवस्था नै छैन। नेपाल सरकारका साक्षीले पनि मेरो पक्षको दोष देखाउन सकेको पाईदैन निजले सफाइ पाउनु पर्दछ।

ङ. **आरोप माग दाबी, प्रतिवादीहरूको बयान, विद्वान् कानून व्यवसायीहरूको बहस जिकिर समेतलाई मध्येनजर गर्दा यस मुद्दामा निम्न प्रश्नको निरुपण गर्नुपर्ने देखियोः**

१. **आरोप माग दाबी बमोजिमको रजश्व रकम हिनामिना भई दाबीको कसुर भएको हो होइन ?**

२. **उक्त हिनामिना गर्ने कार्यमा यी प्रतिवादीहरूको संलग्नता छ छैन ? भए को कसको संलग्नता रहेको छ ?**

३. **आरोप मागदाबी बमोजिम हुनुपर्ने हो होइन ?**

२. निर्णयतर्फ विचार गर्दा मालपोत कार्यालय, पर्साको रजिस्ट्रेसन फाँट “ख" बाट आ.व. २०७२।७३ का सेवाग्राहीहरूबाट सङ्कलन भएको राजस्व रकम रु.१,९८,३३,९०६.००।—मध्ये रु.१,०३,२५,८७२.००।— मात्र रजिस्ट्रेसन विविध रकम दाखिला चलानी मार्फत लेखा शाखालाई बुझाएको देखिँदा कुल सङ्कलन भएको राजस्व रकममध्ये बाँकी हुन आउने रु.९५,०८,०३४।— (अक्षरुपि पञ्चानब्बे लाख, आठ हजार र चौतिस रुपैया मात्र) को सरकारी राजस्व रकम हिनामिना भएको भनी निम्न प्रतिवादीहरूका हकमा निम्नबमोजिमको दाबी लिइएको देखिन्छः

३. **प्रतिवादी मालपोत कार्यालय, पर्साका तत्कालीन नायब सुब्बा मदन प्रसाद गुप्ता तथा लेखापाल नागेन्द्र प्रसाद चौधरीको हकमाः** सङ्कलन भएको राजस्व रकम जग्गा प्रशासन निर्देशिका, २०५८ को दफा ३१८ बमोजिम बुझाई दाखिला गर्नुपर्नेमा नगरी उठेको राजस्वमध्ये दाखिल गर्न बाँकी रु.९५,०८,०३४।— (अक्षरुपि पञ्चानब्बे लाख, आठ हजार र चौतिस रुपैंया मात्र) को सरकारी राजस्व रकम हिनामिना गरी चुहावट गरेको देखिँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र सो दफा ७ को खण्ड (ग) बमोजिम ऐ.ऐ. दफा ३ को कसुर मानी निजहरूलाई बिगो रु.९५,०८,०३४।— कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय खण्ड (ज) बमोजिम कैद सजाय र सोही ऐनको दफा ७ बमोजिम राजस्व हिनामिना भएको रकम रु.९५,०८,०३४।— (अक्षरुपि पञ्चानब्बे लाख, आठ हजार र चौतिस रुपैंया मात्र) को दोब्बर जरिवाना हुन।

४. **प्रतिवादी मालपोत कार्यालय, पर्साका तत्कालीन कार्यालय प्रमुख प्रकाश प्रसाद पोखरेल तथा गम बहादुर विश्वकर्माको हकमाः** जग्गा प्रशासन निर्देशिका, २०५८ को दफा ३२१ अनुसार फाँटबाट असूल भएको राजस्व दाखिला भए नभएको विषयमा नियमित रुपमा हेरी दाखिला नभएको भए तुरुन्त दाखिला गर्न लगाउनुपर्नेमा आ आफ्नो कार्यकालमा कुनै अनुगमन नगरी राजस्व हिनामिनामा प्रोत्साहन गरी राजस्व दुरुस्त रुपमा दाखिला नगराएको देखिँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र सो दफा ७ को खण्ड (ग) बमोजिम दफा ३ को कसुर मानी प्रतिवादी **प्रकाश प्रसाद पोखरेलका हकमा** बिगो रु.९३,६६,२०९।- कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय खण्ड (ज) बमोजिम कैद सजाय र सोही ऐनको दफा ७ बमोजिम राजस्व हिनामिना भएको रकम रु.९३,६६,२०९।- (अक्षरुपि त्रियानब्बे लाख, छैसठ्ठी हजार, दुई सय नौ रुपैंया) को दोब्बर जरिवाना हुन तथा प्रतिवादी **गम बहादुर**

**विश्वकर्माको हकमा** बिगो रु.१,४१,८२५।- कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय खण्ड (घ) बमोजिम कैद सजाय र सोही ऐनको दफा ७ बमोजिम राजस्व हिनामिना भएको रकम रु.१,४१,८२५।- (अक्षरुपि एक लाख, एकचालिस हजार, आठ सय पच्चीस रुपैंया) को दोब्बर जरिवाना हुन।

५. मालपोत कार्यालय पर्सामा आ.व. २०७२।७३ मा रजिस्ट्रेसन फाँट "ख" मा कार्यारत मदन प्रसाद गुप्ता समेतका कर्मचारीहरूले लिखत पास गर्दा लाभकर नलिएको, एउटै नम्बर राखी विभिन्न रजिस्ट्रेसन पास गरेको, लिखत रजिस्ट्रेसनमा चढेको रकम भन्दा कम दस्तुर राजस्व देखाई बढी रकमको दस्तुर रकम लुकाएर हिनामिना गरेको भन्ने उजुरी परेपछि यस मुद्दाको अनुसन्धान भएको देखिन्छ। मिसिल हेर्दा वादीले २०७२।४।६ देखि २०७३।२।११ सम्म विभिन्न मितिमा भएका रजिस्ट्रेसनबाट उठेको राजस्व र उक्त राजस्व चलानी रजिष्टरबाट लेखा शाखामा बुझाईएको रकम तथा हिनामिना गरिएको रकमलाई अध्ययन गरी आरोपदाबी गरेको देखिन्छ। यस क्रममा भूमि सुधार तथा मालपोत कार्यालय पर्साको च.नं. ४५६४ मिति २०७९।०७।१७ को पत्रसाथ प्राप्त विवरणलाई आधार बनाइएको देखिन्छ। जसबाट आ.व. २०७२।७३ को अवधिमा फांट नं "ख" बाट जम्मा राजस्व रकम रु.१,९८,३३,९०६।— उठेकोमा रु.१,०३,२५,८७२।— मात्र रजिस्ट्रेसन विविध रकम दाखिला चलानीमार्फत लेखा शाखालाई बुझाएको देखिँदा कुल सङ्कलन भएको राजस्व रकममध्ये रु.९५,०८,०३४।— सरकारी राजस्व रकम हिनामिना भएको भन्ने अभियोजकको निष्कर्ष रहेको देखिन्छ। सोही रकमलाई नै आधार मानी बिगो कायम गरिएको समेत देखिन आयो।

६. **राजस्व उठाउने र बुझने क्रममा जग्गा प्रशासन निर्देशिका, २०५८ मा देहायबमोजिमको कानूनी व्यवस्था रहेको देखिन्छः**

   १. **दफा ३१४ः** दैनिक असूल उपर भएका राजस्व सम्बन्धित फाँटवाला र लेखाका काम गर्ने कर्मचारीले तोकिएका फारमहरूका ढाँचामा कारोवार स्पष्ट देखिने गरी रित पुऱ्याई लेखा राख्नु पर्छ।

   २. **दफा ३१५** असरी राजस्व दाखिला गर्न (सरकारी रकम असूल फछ्र्यौट ऐन,२०२५ को दफा ३(१) कार्यालयका विभिन्न फाँटहरूबाट असूल भएका राजस्व सोही दिन कार्यालय छुट्नुभन्दा अघि लेखा फाँटमा दाखिला गर्नुपर्छ।

   ३. **दफा ३१८** चलानीसाथ राजस्व दाखिला गर्नेः प्रत्येक फाँटवालाहरूले दैनिक असूल गरेका राजस्व सोही दिन तोकिएका ढाँचामा चलानीसहित लेखा शाखामा दाखिला गर्नुपर्छ। चलानी तयार गर्दा राजस्व प्राप्त भएका रसिद नं. समेत उल्लेख गर्न र लेखा शाखामा पनि चलानी  र रसिद भिडाएर राजस्व बुझ्नु पर्छ।

   ४. **दफा ३२१** राजस्व दाखिला गर्नुपर्नेः प्रत्येक फाँटबाट असूल भई दाखिला हुन आएका राजस्व लेखाफाँटमा दाखिला भएपनि लेखा फाँटले दाखिला भएको भोलिपल्ट सो दिन बिदा परेमा कार्यालय खुल्दाका पहिलो दिन अनिवार्य रुपमा बैंक दाखिला गर्नुपर्ने छ। राजस्व दाखिला भए नभएका विषयमा कार्यालय प्रमुखले नियमित रुपमा हेरी दाखिला नभएको भए तुरुन्त दाखिला गर्न लगाउनु पर्छ।

७. उल्लिखित कानूनी प्रावधानहरू हेर्दा सेवाग्राहीबाट राजस्व रकम बुझ्ने कार्यमा फाँटवाला नायब सुब्बाको तथा निजले चलानी किताबबाट बुझाउन ल्याएको रकम बुझी बैंकमा जम्मा गर्ने कार्यमा लेखापालको भूमिका रहेको पाईन्छ। यस अवधिमा फांट "ख" को नायब सुब्बाको रुपमा प्रतिवादी मदन प्रसाद गुप्ता र लेखापालको रुपमा प्रतिवादी नागेन्द्र प्रसाद चौधरी कार्यरत रहेको देखिन्छ। निजहरूले यस अदालत समक्ष बयान गर्दा उक्त उठेको राजस्व र चलानीबाट लेखा शाखालाई बुझाएको राजस्व तथा बांकी राजस्वको अङ्कमा विवाद गरेको देखिंदैन। कार्यालय प्रमुख र अधिकृत कर्मचारीको अनुगमन र निर्देशन गर्ने जिम्मेवारी रहेको पाईन्छ। यस अवधिमा उक्त कार्यालयमा कार्यालय प्रमुखको रुपमा प्रतिवादीहरू प्रकाश प्रसाद पोखरेल र गम बहादुर विश्वकर्मा रहेको देखिन्छ। निजहरूले पनि उक्त तथ्य होइन भनी जिकिर गर्न नसकेको हुँदा हिनामिना भएको अङ्कका सम्वन्धमा थप विश्लेषण गर्न परेन।

८. प्रतिवादीहरूले बयान गर्दा खास गरी आफूले कुनै राजस्व रकम हिनामिना नगरेको, तत्कालीन समयमा मधेशमा चलेको आन्दोलनले गर्दा राजस्व रकम बैंक लैजान असुरक्षाको कारण दाखिला गर्न नसकेको भएपनि सोही आर्थिक वर्ष २०७२।७३ भित्र उक्त दाबीको राजस्व रकम बैंकमा जम्मा गरेको हुँदा हिनामिना नभएको जिकिर गरेको देखिन्छ।

आरोप पत्र हेर्दा २०७२।४।६ देखि २०७३।२।११ सम्म विभिन्न २७ दिनको राजस्वको हिसाब गरिएको देखिन्छ। यी २७ दिनको राजस्व जम्मा रु.१,९८,३३,९०६.००।— उठेकोमा चलानीमार्फत लेखालाई बुझाएको रकम रु.१,०३,२५,८७२.००।— देखिएकोमा बांकी रु.९५,०८,०३४।— राजस्व हिनामिना भएको भन्ने आरोपदाबी रहेको देखिन्छ।

९. प्रतिवादीहरूले यस अदालतमा बयान गर्दा विभिन्न मितिमा बैंकमा राजस्व जम्मा गरेको भौचर पेस गरेको देखिन्छ। प्रतिवादीहरू मदन प्रसाद गुप्ता तथा नागेन्द्र प्रसाद चौधरीले यस अदालतमा बयान गर्ने क्रममा दाखिला भएको राजस्व रकमको विवरण नै टेवुल बनाई लेखाएको पाइन्छ। तर पेस भएका भौचर वा बयानमा खुलाएको विवरण सबै २०७३।१।२८ देखि २०७३।३।३१ सम्मका सात थान मात्र भएको पाईन्छ। जवकी हिनामिना भएको राजस्व २०७२।४।६ देखिकै रहेको पाईन्छ। अर्कोतर्फ उठाईएको रकम बैंक दाखिला नगरिएको तथ्यका अतिरिक्त मालपोत कार्यालयकै पत्रबाट तयार गरिएको विवरणबाट उठेको राजस्व रकम जस्ताको तस्तै जग्गा प्रशासन निर्देशिका, २०५८ को दफा ३१५ र ३१८ बमोजिम चलानी किताबमा चढाइएको समेत पाईंदैन। यही नचढाइएको जम्मा रकम रु.९५,०८,०३४।- लाई नै बिगोको रुपमा दाबी गरिएको पाईन्छ। यसबाट उठेको पुरै राजस्व चलानी किताबमा नचढाइएको र बैंकमा समेत भोलिपल्ट दाखिल नगरी एक वर्षसम्म ढिलाई गरिएको देखिन्छ। उक्त रकम पनि महालेखा परिक्षणबाट औंल्याइएपछि एकैपटक २०७३ सालको वैसाखदेखि  असारसम्म र अर्को वर्ष अर्थात् २०७३।४।११ मा मात्र दाखिल गरेको पाइन्छ।

१०. आरोपित कानून भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ मा राजस्व उठाउनुपर्ने कर्तव्य भएको राष्ट्रसेवकले राजस्व चुहावट गरेमा वा राजस्व चुहावट गर्न कसैलाई मद्दत पुऱ्याएमा वा आफू समेत संलग्न भई दुरुत्साहन दिएमा निजले चुहावट भएको राजस्व रकम अनुसार दफा ३ बमोजिमको कसुर गरेको मानिनेछ र सोहीबमोजिम कैदको सजाय गरी यसरी चुहावट भएको राजस्व रकमको दोब्बर जरिबाना हुनेछ भन्ने व्यवस्था भएको देखिन्छ भने सोही दफाले देहायमा राजस्व चुहावट गरिएको कामको प्रकृति सम्बन्धमा उल्लेख गरेको देखिन्छ। यीनै खण्डहरू मध्ये खण्ड (ग) मा उठाइएको राजस्व प्रचलित कानूनबमोजिम दाखिला नगरी हिनामिना गर्ने कार्यसमेतलाई उक्त दफाको कसुर अन्तर्गत राखिएको पाईन्छ।

११. यसरी माथि उल्लेख भए बमोजिम सेवाग्राहीबाट उठेको राजस्व रकम कानूनले तोकेको म्यादभित्र जस्ताको तस्तै दाखिला नगरेको अवस्थामा हिनामिनाको प्रश्न उठेपछि एक वर्षपछिमात्र दाखिल गरेको कार्य हिनामिना गरिएको होइन भन्न मिलेन। उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र सोही दफाको खण्ड (ग) बमोजिमको कसुर भएको नै देखिन आयो।

१२. अब उक्त कार्यमा दाबी गरिएका प्रतिवादीहरूको संलग्नता रहेको छ छैन भन्ने सम्वन्धमा विचार गर्दा माथि उल्लिखित जग्गा प्रशासन निर्देशिकाले फाँटवाला, लेखापाल, अधिकृत तथा कार्यालय प्रमुखको जिम्मेवारी छुट्ट्याएको देखिन्छ। जसमध्ये नायब सुब्बा प्रतिवादी मदन प्रसाद गुप्ताले सेवाग्राहीबाट राजस्व बुझेको तथा निजले चलानी किताववाट लेखापाललाई बुझाएको अवस्था देखिए पनि दाबीको रु.९५,०८,०३४।— चलानी किताबमै कम चढाएको देखिन्छ भने उक्त रकम पनि बैंकमा भोलिपल्ट दाखिल नगरी एक वर्षसम्म आफैंले राखे मासेको देखिन्छ।उक्त कार्य कानूनतः कसुरजन्य देखिन्छ नै निज प्रतिवादीहरूले गरे जस्तै पुरा हिसाब पनि नदेखाउने र कहीं कतैबाट प्रश्न नउठुन्जेल आफैंले मास्ने एवम् प्रश्न उठेपछि दाखिला गरी हिनामिना भएको छैन भनी जिकिर गर्ने तथा सोही जिकिरलाई समर्थन गर्ने हो भने मुलुक संचालनको स्रोत तथा स्वयम् प्रतिवादीहरूले प्राप्त गर्ने पारिश्रमिक र सुविधाको स्रोत नै अस्तव्यस्त हुन जाने हुन्छ।

१३. यस्तो प्रवृत्ति हुनबाट प्रतिवादीलाई रोक्न जति आवश्यक छ त्यति नै अन्य कर्मचारीबाट तथा यसपछि पनि रोक्न त्यति नै आवश्यक हुन्छ। यस्तो प्रवृत्तिलाई सामान्य रुपमा अर्थ गर्न मिल्दैन। यो प्रक्रियागत् त्रुटिमात्र नभई जानीजानी तथा राज्यको लागि उठाइएको रकम गलत मनसायले मासिएको अवस्था हुँदा बेरूजुमात्र भएको अर्थ गर्न पनि मिल्दैन। तसर्थ यी प्रतिवादीहरू मदन प्रसाद गुप्ता तथा नागेन्द्र चौधरीको संलग्नता वस्तुगत आधारमै पुष्टि हुन आयो।

१४. अन्य प्रतिवादीहरू प्रकाश प्रसाद पोखरेल र गम बहादुर विश्वकर्माको संलग्नता सम्बन्धमा विचार गर्दा निजहरूले

राजस्व उठाएको वा दाखिला नगरेको वा आफैंले खाए मासेको अवस्था मिसिलबाट देखिंदैन। हिनामिना गरेको ठहर भएका प्रतिवादीहरूले यी प्रतिवादीहरूलाई यो यति रकम दिए बुझाएको भन्ने पनि देखिंदैन। निजहरू उपर दाबी नै जग्गा प्रशासन निर्देशिका, २०५८ को दफा ३२१ अनुसार फाँटबाट असूल भएको राजस्व दाखिला भए नभएको विषयमा नियमित रुपमा हेरी दाखिला नभएको भए तुरुन्त दाखिला गर्न लगाउनुपर्नेमा आआफ्नो कार्यकालमा कुनै अनुगमन नगरी राजस्व हिनामिनामा प्रोत्साहन गरी राजस्व दुरुस्त रुपमा दाखिला नगराएको भन्ने रहेको देखिन्छ। बिगो दाबी गर्दा पनि निजहरू कार्यरत अवधिमा हिनामिना भएको रकमको आधारमा दाबी गरिएको पाइन्छ।

१५. मालपोत कार्यालय पर्साको प्रमुखको रुपमा मिति २०७२।०४।०१ देखि २०७३।१।१२ सम्म प्रतिवादी प्रकाश प्रसाद पोखरेल र मिति २०७३।०१।२२ देखि २०७३।३।३१ सम्म गम बहादुर विश्वकर्मा रहेको तथ्य भूमिसुधार तथा मालपोत कार्यालय, पर्साको च.नं. ७९१५, मिति २०७९।१०।२३ को पत्रबाट देखिन्छ। उक्त तथ्यलाई प्रतिवादीहरूले इन्कारी गरेको पनि देखिंदैन। यी प्रतिवादीहरूले बयान गर्दा मूल रुपमा भूमि सुधार कार्यालय तथा मालपोत कार्यालय गरी दुईवटा कार्यालयको प्रमुख भई काम गर्नुपर्ने हुनाले सबै काम हेर्न आफूहरूले नभ्याउने हुँदा मातहतका अधिकृत र स्वयम् फाँटवालालाई अधिकार प्रत्यायोजन गर्ने गरिएको हुँदा र मातहतका कर्मचारीहरूलाई अधिकार प्रत्यायोजन गरिएको हुँदा निजहरू नै जिम्मेवार हुने जिकिर गरेको देखिन्छ। प्रमाण स्वरुप बयानसाथ अधिकार प्रत्यायोजन गरिएको पत्रको छायाँ प्रति पनि पेस गरेको देखिन्छ।

१६. मालपोत ऐन २०३१ को दफा १ को उपदफा (१क) मा मालपोत अधिकृतले आफ्नो सबै वा केही अधिकार आफ्नो मातहतको अधिकृतस्तरका कर्मचारीलाई आफ्नो सामान्य रेखदेख र नियन्त्रणमा रहने गरी प्रत्यायोजन गर्न सक्नेछ भन्ने व्यवस्था समेत भएको देखिन्छ। प्रतिवादी गम बहादुर विश्वकर्माको कार्यावधि पनि एक महिना १० दिनमात्र भएको तथ्य आरोप पत्रमा उल्लिखित मितिबाट स्पष्ट हुन्छ। आरोप गरिएको कानून भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (ग) ले उठाएको राजस्व प्रचलित कानूनबमोजिम दाखिला नगरी हिनामिना गर्ने कार्यलाई भ्रष्टाचारको कसुर मानेको पाइन्छ। तर आरोपपत्रमा यी प्रतिवादीहरूले उक्त कार्य गरेको भन्ने दाबी रहेको पाईंदैन।

१७. उक्त दफा ७ को खण्ड (क) मा कुनै नगदी वा जिन्सी रकम, दस्तुर, इनाम, बकस वा अन्य कुनै किसिमको लाभ स्वीकार गरी वा मोलाहिजामा परी वा मोलाहिजा गर्ने नियतले कसैलाई कुनै प्रकारबाट राजस्व चुहावट गर्ने काममा मद्दत दिएमा वा कुनै व्यक्तिबाट कुनै कसिमको लाभ वा सुविधा लिई वा नलिई नेपाल सरकार वा सार्वजनिक संस्थालाई हानिनोक्सानी पुऱ्याई राजस्व असूल नगर्ने वा घटी राजस्व असूल गर्न वा गराउन मद्दत गर्ने कार्यलाई भ्रष्टाचार गरेको मानिने उल्लेख भएको पाइन्छ। तर यी प्रतिवादीहरूमा यस खण्ड (क) अनुरुपका कार्य तत्व वा मानसिक तत्व यो यस आधारमा रहेको भन्ने दाबी समेत रहेको देखिंदैन। कसुरदार ठहर भएका प्रतिवादीहरूले उल्लिखित कार्य यी प्रतिवादीहरूले गरेको भनी पोल गरेको अवस्था पनि देखिंदैन। यसबाट अन्य कर्मचारीबाट भएको कार्यबाट हुन गएको राजस्व हिनामिनामा विना कुनै आधार प्रमाण मद्दत दिएको वा दुरुत्साहन गरेको भन्न मिल्ने देखिंदैन। तसर्थ यी प्रतिवादीहरूको संलग्नता रहेको भन्न मिलेन।

१८. तसर्थ प्रस्तुत मुद्दामा माथि विवेचित आधार प्रमाणबाट प्रतिवादीहरू प्रकाश प्रसाद पोखरेल र गम बहादुर विश्वकर्मा उपरको आरोपदाबी वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन नआएकोले निज प्रतिवादीहरूले आरोपदाबीबाट सफाइ पाउने ठहर्छ। प्रतिवादी मध्येका मदनप्रसाद गुप्ताले अनुसन्धान गरिएको अवधिमा मालपोत कार्यालय पर्साबाट उठेको राजस्व कानूनबमोजिम लेखा शाखा मार्फत बैंक दाखिला गर्नु पर्ने दाईत्व रहेकोमा विवाद देखिएन। निज प्रतिवादीबाट सङ्कलित हुने राजस्ज रकम बैंक दाखिला गर्ने कानूनी दायित्त्व प्रतिवादी लेखापाल नागेन्द्र प्रसाद चौधरीको रहेकोमा पनि विवाद छैन। मालपोत कार्यालय पर्साको मिति २०७२/०४/०६ देखि मिति २०६३/०२/११ सम्म उठेको राजस्व रकम रु.९५,०८,०३४/- राजस्व खातामा जम्मा नगरी वदनियतपूर्वक आफ्नो साथमा राखेको भन्ने मिसिल सलंगन उजुरी प्रतिवेदन लेखा अभिलेख र स्वयम प्रतिवादीहरूको बयान समेतबाट पुष्टि हुन आउँछ। प्रतिवादीहरूले उल्लिखित बिगो रकम बैंक दाखिला गरेको हुँदा कसुर हुन नसक्ने भन्ने जिकिर लिएता पनि राजस्व जस्तो सरकारी रकम समयमा बैंक दाखिला नगरी बदनियतसाथ मनसाय पूर्वक गरेको कार्यबाट सिर्जित फौजदारी दायित्वबाट उन्मुक्ति पाउन सक्ने हुँदैन। तसर्थ निज प्रतिवादीहरू मदन प्रसाद गुप्ता र नागेन्द्रप्रसाद चौधरीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र

७(ग) बमोजिमको कसुर गरेको देखिँदा निज प्रतिवादीहरूलाई सोही ऐनको दफा ७ र दफा ३ को उपदफा (१) को खण्ड (छ) बमोजिम जनही पर्न आउने बिगो रु.४७,५४,०१७/- को दोब्बर जरिबाना र उपर्युक्त ऐनको दफा ३ को उपदफा (१) को खण्ड (छ) बमोजिम जनही ४ वर्षदेखि ६ वर्षसम्म कैद सजाय हुन सक्ने देखिन्छ। तसर्थ, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वय) ऐन, २०७४ को दफा ८ र ९ को प्रयोजनका लागि मिति २०८०।१०।०८ को पेसी तोकी सो अगावै दुवै पक्षका कानून व्यवसायीबाट सजायपूर्वको प्रतिवेदन पेस गर्न लगाई नियमानुसार गर्नु।

१९. **मिति २०८०/०९/२५ को आदेशानुसार वादी र प्रतिवादी दुवै पक्षको प्रतिवेदन प्राप्त भई मिसिल सामेल रहेको।**

<u>सजाय निर्धारण खण्ड</u>

२०. मिति २०८०।०९।२५ को आदेश बमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल कार्यालयका विद्वान् सहायक न्यायाधिवक्ता श्री वर्षा ढकालले प्रतिवादीहरूलाई अधिकतम् सजाय हुनु पर्दछ भनी गर्नुभएको बहस एवम् प्रतिवादीहरू मदन प्रसाद गुप्ता तथा नागेन्द्र प्रसाद चौधरी तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ता श्री केदार प्रसाद दाहाल र विद्वान अधिवक्ता श्री कृष्ण प्रसाद कटुवालले प्रतिवादीहरूको कसुर गर्ने मनसाय र बदनियत पुष्टि नहुँदा निजहरूलाई कानूनमा तोकिएको न्यूनतम सजाय गरी पाउँ भनी गर्नु भएको बहस सुनियो।

२१. अब प्रतिवादीलाई के कति सजाय गर्नुपर्ने हो भन्ने सम्बन्धमा विचार गर्दा प्रतिवादी मध्येका मदन प्रसाद गुप्ताका हकमा निज यस मुद्दाका साथै राजस्व हिनामिनाकै आरोपमा चारवटा मुद्दामा तथा गैरकानूनी सम्पत्ति आर्जन मुद्दामा समेत प्रतिवादी कायम गरिएका व्यक्ति भएको तथ्य निजकै यस अदालत समक्षको बयानबाट देखिन्छ। उक्त तथ्यसमेतलाई मध्येनजर गर्दा प्रतिवादीहरू मदनप्रसाद गुप्ता र नागेन्द्रप्रसाद चौधरीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र ७(ग) बमोजिमको कसुर गरेको देखिँदा सोही ऐनको दफा ३ को कसुर भएको मानी कसुरको प्रकृति, कसुर गर्दाको अवस्था र ठहर भएको बिगोसमेतका आधारमा प्रतिवादी मदन प्रसाद गुप्ताले यसै अदालतमा दायर भएको मुद्दा नं.०७५-CR-०२७८ को राजस्व हिनामिना समेतको ६ वटा मुद्दामा कसुर गरेको देखिंदा निज प्रतिवादीलाई सोही दफा ३ को उपदफा (१) को खण्ड (छ) बमोजिम ५ (पाँच) वर्ष कैद र सोही ऐनको दफा ७ बमोजिम बिगो रु.४७,५४,०१७/- को दोब्बर रु.९५,०८,०३४/- (पन्चान्ब्बे लाख आठ हजार चौतिस रुपैंयाँ) जरिबाना हुने र प्रतिवादी नागेन्द्र प्रसाद चौधरीको पदीय दायित्व समेतका आधारमा निजलाई माथि उल्लिखित ऐनको दफा ३ को उपदफा (१) को खण्ड (छ) बमोजिम ४ वर्ष कैद र उक्त ऐनको दफा ७ बमोजिम बिगो रु.४७,५४,०१७/- को दोब्बर रु.९५,०८,०३४/- (पन्चानब्बे लाख आठ हजार चौतिस रुपैंयाँ) जरिबाना हुने ठहर्छ।

| | | |
|---|---|---|
| **सदस्य** | **सदस्य** | **अध्यक्ष** |

**फैसला तयार गर्न सहयोग पुऱ्याउनेः**
इजलास अधिकृतः यमलाल पन्थी
क.अः कल्पना पराजुली
**इति संवत् २०८० साल माघ महिना ०८ गते रोज २ शुभम्........................................................।**

श्री

विशेष अदालत काठमाडौं

इजलास

अध्यक्ष माननीय श्री टेक नारायण कुँवर

सदस्य माननीय श्री मुरारीबाबु श्रेष्ठ

फैसला

मुद्दा नं.०७९-CR-०१२४

दर्ता मितिः२०८०/०१/०३

फैसला मितिः२०८१/०२/०८

निर्णय नं.-२८४

मुद्दाः सुरक्षण मुद्रणको लागि आवश्यक विद्युतीय पूर्वाधार खरिदमा गरिएको भ्रष्टाचार।

वादी : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृत बासुदेव पाठक समेतको प्रतिवेदनले नेपाल सरकार।

विरुद्ध

प्रतिवावादी : जिल्ला पर्वत, कुस्मा नगरपालिका, वडा नं. ९ (साबिक कटुवा चौपारी गा.वि.स. वडा नं. ४) स्थायी घर ठेगाना भई हाल जिल्ला काठमाण्डौ, बुढानिलकण्ठ नगरपालिका, वडा नं. ९ बस्ने बिष्णु प्रसाद उपाध्यायको नाति, धर्म प्रसाद पौडेलको छोरा सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशक **विकल पौडेलसमेत।**

**(क) संगठनभित्र निर्णय प्रक्रिया र जिम्मेवारीको सीमाङ्कनः संगठनभित्र विभिन्न तहमा कार्यरत कर्मचारी तथा अधिकारीहरूबीच कार्यविभाजन स्पष्ट रूपमा छुट्याइएको हुन्छ। माथिल्लो नेतृत्व तहका अधिकारीहरूले संगठनको लक्ष्य प्राप्तिका लागि नीतिगत निर्णय गर्ने, कार्ययोजना निर्माण गर्ने र तिनको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने जिम्मेवारी बहन गर्छन्। तिनका निर्देशनअनुसार मातहतका कर्मचारीले तोकिएको कार्यक्षेत्रभित्र रहेर कार्य सम्पादन गर्नुपर्ने हुन्छ।**

**(ख) निर्णयकर्ताको दायित्व र जिम्मेवारीको परिधि**

**१. नीतिगत निर्णय गर्ने तहः निर्णय लिने अधिकारीहरूलाई संगठनको सफलतासँग प्रत्यक्ष सरोकार हुन्छ। तिनले कुनै पनि निर्णय कानूनी दायरा, नियमन, तथा नीति अनुरूप लिएका छन् वा छैनन् भन्ने जिम्मेवारी आफैं वहन गर्नुपर्छ। यदि नीति निर्माणमा कुनै त्रुटि, लापरवाही वा अनियमितता देखिन्छ भने त्यसको सम्पूर्ण दायित्व यिनै अधिकारीहरूमाथि आउँछ।**

**२. कार्यान्वयन तहका कर्मचारीहरुः कार्यान्वयन गर्ने तहमा रहेका कर्मचारीहरूले माथिल्लो नेतृत्वबाट प्राप्त आदेश तथा निर्देशलाई विधिसम्मत रूपमा कार्यान्वयन गर्नु नै उनीहरूको प्रमुख जिम्मेवारी हो। तर, उनीहरूले निर्णय गर्ने प्रक्रियामा संलग्न हुने अधिकार राख्दैनन्, जसको कारण उनीहरूलाई निर्णय कार्यान्वयन गरेकै आधारमा मात्र कुनै परिणामको दोषी देखाउने वा जिम्मेवार बनाउने आधार स्थापित हुन सक्दैन।**

**३. "निर्देशनको अधीनता"को सिद्धान्तः यस अनुसार प्रशासनिक संरचनामा मातहत वा तल्लो तहका कर्मचारीहरू माथिल्लो तहका अधिकारीहरूद्वारा जारी गरिएका निर्देशनहरूको पालना गर्न बाध्य हुन्छन् भन्ने मान्यता रहेको छ। यस सिद्धान्तले कर्मचारीहरूको स्वायत्तता सीमित गर्दै, प्रशासकीय आदेशको पालना र संगठित कार्यप्रणालीलाई सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ। यस सिद्धान्त अनुसारः**

I. संचालनको प्राथमिकताः कर्मचारीहरूले आफ्ना व्यक्तिगत विचार वा सहमति बिना माथिल्लो तहका निर्देशनहरू पालना गर्नुपर्छ।

II. व्यक्तिगत उत्तरदायित्वमा कमीः यदि कर्मचारीले आफ्नो कर्तव्य पालना गर्दा माथिल्लो तहका आदेशको अधीनमा रहेर काम गर्दछ भने, त्यसबाट उत्पन्न नकारात्मक परिणामहरूको लागि उनीहरूलाई व्यक्तिगत रूपमा दण्ड वा अन्य कानूनी दायित्व सिर्जना हुँदैन।

III. प्रशासनिक सुगमताः यस सिद्धान्तले प्रशासनिक प्रक्रियालाई सहज बनाउँछ किनकी कर्मचारीहरूले आफ्नै निर्णय लिनुको सट्टा वरिष्ठ अधिकारीहरूको निर्देशन अनुसार काम गर्ने भएकाले कार्यान्वयनमा समानता र सुव्यवस्था कायम रहन्छ।

४. निर्णय प्रक्रियामा अधीनस्थ कर्मचारीको भूमिकाः मातहतका कर्मचारीहरू नीतिगत निर्णयमा संलग्न नहुने भएकाले उनीहरूलाई निर्णयको परिणामका आधारमा दण्ड-जरिवाना वा अन्य दायित्वको भागीदार बनाउनु अन्यायपूर्ण हुन्छ। उनीहरूको प्रमुख दायित्व भनेको संगठनले तोकेको कार्य सम्पादन गर्ने मात्र हो, जसमा उनीहरूको व्यक्तिगत स्वीकृति वा असहमति विशेष रूपमा प्रभावकारी हुँदैन।

५. उत्तरदायित्व (Accountability) को स्पष्ट सीमाः यस दृष्टिकोणलाई कानूनीरूपमा संस्थागत गर्न सकेमा संगठनभित्र उत्तरदायित्व (Accountability) को स्पष्ट सीमा निर्धारण गर्न सकिन्छ, जसले नीति निर्माण, कार्यान्वयन, तथा परिणामको जिम्मेवारी सही तहमा केन्द्रित गर्न मद्दत पुऱ्याउनेछ।

I. कुनै पनि निर्णय प्रक्रिया भित्र बदनियत, अनियमितता वा लापरवाही भएको छ भन्ने प्रश्नको जिम्मेवारी निर्णयकर्ता (Deciding Authority) मै रहन्छ।

II. कार्यान्वयन गर्ने कर्मचारीहरू कानूनी रूपमा बाध्यकारी आदेश पालना गर्ने अवस्थामा हुने भएकाले, उनीहरूलाई निर्णय प्रक्रियाका दोष वा परिणामको सीधा जिम्मेवार बनाउनु न्यायसँगत हुँदैन।

III. तसर्थ, कुनै पनि नीतिगत निर्णय असफल भएमा वा त्यसबाट प्रतिकूल असर परेमा त्यसको सम्पूर्ण दायित्व नेतृत्व तहका अधिकारीहरूमाथि रहने प्रस्ट छ।

(प्रकरण नं. ६३)

<u>ठहर खण्ड</u>

१. विशेष अदालत नियमावली, २०८० को नियम ४३ र ४४ बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा प्रतिवादीहरू उपरको आरोपदाबी सहितको मिसिल अध्ययन गरियो।

२. प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट तथा प्रतिवादीहरूको तर्फबाट निम्नबमोजिमका कानून व्यावसायीहरूले प्रस्तुत गर्नु भएको बहस सुनियोः

(क) वादी नेपाल सरकारको तर्फबाट प्रस्तुत बहसः

नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सह न्यायाधिवक्ता श्री ज्ञान प्रसाद भुसाल र विद्वान् उपन्यायाधिवक्ता श्री भगवती गौतमले बहस प्रस्तुत गर्नुभयो। प्रतिवादीहरूले कुनै पनि खरिद कार्यमा पालना गर्नु पर्ने सम्मको कार्यविधि पालना गरिएको छैन। जस्तैः लागत अनुमान, गुरुयोजना तयार गर्नुपर्ने र सार्वजनिक खरिद ऐन मा उल्लेख भए अनुसारको प्रक्रिया पालना गरिएको छैन। सुरक्षण मुद्रण केन्द्रले आ.व. ०७५/७६ र ०७६/७७ मा गरेको दुइ थान ठेक्कामा लागत अनुमान, ठेक्का रकम र खरिद गरिएको सामानहरूको गुणस्तरमा अनियमितता भएको छ। पहिलो ठेक्कामा स्वीकृत लागत अनुमान रु.४९,९८,३५,७७५/८७ र ठेक्का रकम रु.४८,७०,६१,९७४/४८ रहेकोमा ४ वटा १००० के.भी.ए. को जेनेरेटर र ४ एम.भी.ए.को ट्रान्सफर्मर

जडान गरिएको थियो। दोस्रो ठेक्कामा स्वीकृत लागत अनुमान रु.२०,५०,४६,४१०/०० र ठेक्का रकम रु. २०,२०,०२,४२३/९१ रहेको थियो, जसमा ६ वटा ५०,००० लिटर क्षमताका डिजेल ट्याङ्की र पम्पसमेत जडान गरिएको थियो। यद्यपि, दुवै ठेक्कामा लागत अनुमान र ठेक्का रकममा भिन्नता रहेकोले अनियमितता जनाउँछ। यसका अतिरिक्त प्रतिवादीहरूको मिलेमतोमा खरिद गरिएको सामानको गुणस्तरमा असमानता, बढी भुक्तानी, शर्त विपरितको फरक देशबाट सामान खरिद र खर्चको औचित्य बिना खरिद कार्य गरी भ्रष्टाचार र सार्वजनिक सम्पतिको दुरुपयोग गरेको हुँदा प्रतिवादीहरूलाई आरोपदाबीबमोजिम सजाय गरिपाउँ भनी बहस प्रस्तुत गर्नु भयो।

**(ख) प्रतिवादीहरूको तर्फबाट प्रस्तुत बहसः**

१. प्रतिवादी विकल पौडेलको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री सतीशकृष्ण खरेल, श्री कृष्णप्रसाद सापकोटा र श्री मोतीराज गौतम, विद्वान् अधिवक्ताहरू श्री माधवकुमार वस्नेत र श्री सुदिप पौडेलले यी प्रतिवादीले आरोपदाबी बमोजिम कसुर गरेका छैनन्। SCADA प्रणाली सहितको जेनेरेटर सञ्चालनका लागि १० दिनको On-Site Training व्यवस्था गरेकोमा दक्ष जनशक्ति अभावको कारण तालिम हुन सकेन। यसमा यी प्रतिवादीको कुनै कमि कमजोरी छैन। आरोपदाबीमा तालिम बापत अग्रिम भुक्तानी गरेको भनी दाबी लिएको भए तापनि तालिम हुन नसकेपश्चात बेरुजु रकम राजस्व खातामा दाखिला भई सकेको अवस्था छ। सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम Warranty तथा मर्मत संभारको व्यवस्था गरी बोलपत्र कागजात तयार गरिएको अवस्थामा अनियमितता भन्न मिल्दैन। लागत मूल्यभन्दा यति कम हुने भन्ने आधार छैन। सम्झौताअनुसार Installation, Testing, Commissioning कार्य सम्पन्न भएको, After Sales Service अन्तर्गत तोकिएका कार्यहरू संचालन भईरहेको, Log विवरण त्रैमासिक रूपमा पेस भईरहेको र करार सम्झौताका सबै सर्तहरू पालना गर्दै भुक्तानी प्रक्रिया सम्पन्न गरिएको हुँदा अभियोजन पक्षको दाबी पुग्न सक्ने अवस्था नभएकोले निज प्रतिवादीले सफाइ पाउनुपर्छ भनी बहस प्रस्तुत गर्नु भयो।

२. प्रतिवादी नवीनकुमार पोखरेलको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री सुवास आचार्यले यी प्रतिवादीसमेतले लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको निर्देशिका अनुसार कार्य गरेका हुन्। प्रतिवादीहरू उपर आरोप लगाए अनुसार खरिद ऐन तथा नियमावलीको उल्लङ्घन भएको पुष्टि गर्ने ठोस प्रमाण पेस भएको छैन। ट्रान्सफर्मर स्वीकृति प्रक्रियामा अन्तर्राष्ट्रिय मापदण्ड, विद्युत प्राधिकरणको मापदण्ड तथा उत्पादक कम्पनीको फ्याक्ट्री टेस्ट रिपोर्टलाई आधार मानेर खरिद गरिएको हुँदा यसमा बदनियतको सवालनै पैदा हुँदैन। यी प्रतिवादी उपर तालिम सम्पन्न नभई भुक्तानी दिएको भन्ने आरोप छ। तालिम तथा Maintenance and After Sales Service सम्बन्धमा पनि सम्झौता अनुसारका प्रावधानहरू स्पष्ट रूपमा उल्लेख गरिएका छन्। Post Delivery Report (PDI) मा "तालिम सम्पन्न नभएको" भनी खुलाइएको छ भने, Maintenance and After Sales Service का लागि "To be provided during operation" भनी उल्लेख गरिएको हुँदा प्रतिवादी उपरको दाबी आधारहिन रहेको देखिन्छ। यी प्रतिवादीले असल नियतले कार्य गरेका छन्। निज प्रतिवादीलाई सफाइ दिलाई पाउँ भनी बहस प्रस्तुत गर्नु भयो।

३. प्रतिवादी रमेशप्रसाद पोखरेलको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री सुवास आचार्य र श्री सिर्जना पोखरेलले यी प्रतिवादीले आरोपदाबीबमोजिम कसुर गरेका छैनन्। निजले आफुले पालना गर्नुपर्ने कर्तब्य सत्य तथा निष्ठाका साथ बहन गरेकोमा दुईमत छैन। यी प्रतिवादी राष्ट्रिय सूचना प्रविधि केन्द्रबाट प्रतिनिधिको रुपमा खटिई Security Printing Center को ठेक्कामा IT Hardwaer र software मा निजको विज्ञता रहेकोले त्यस सम्बन्धित कार्यको लागत अनुमान तथा बोलपत्र तयार तथा मूल्याङ्कन गर्ने कार्यमा

संलग्नता रहेका छन्। लागत अनुमान पहिले नै निश्चित गर्न सकिंदैन, कोटेसन प्राप्त भएपछि मात्र वास्तविक दररेट पत्ता लाग्छ। यसरी प्राप्त दररेटकै आधारमा कस्ट इस्टिमेट तयार पार्नुपर्ने हुँदा अनुमानित लागत कहिलेकाहीं बिनियोजित बजेटभन्दा बढी र कहिले कम वा कहिले बराबर आउनु स्वाभाविक प्रक्रिया हो। यस्तो अवस्थामा, लागत अनुमान र वास्तविक लागत मिल्नु संयोग मात्र हुनसक्छ र यसलाई बदनियत वा दुषित मनसायको रूपमा लिनु उचित देखिँदैन। यी प्रतिवादीले कुनै गलत कार्य नगरेको हुँदा निजले सफाइ पाउनु पर्छ भनी बहस प्रस्तुत गर्नु भयो।

४. प्रतिवादी मनिकमान महर्जनको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री मुक्ति प्रधान र विद्वान् अधिवक्ता श्री रामसुन्दर श्रेष्ठले यी प्रतिवादी पहिलो ठेक्कामा स्टोर दाखिला गर्ने शाखा अधिकृत र दोस्रो ठेक्कामा मूल्याङ्कन समितिको सदस्य सचिव र खरिद तथा स्टोर प्रमुखको हैसियतले सहभागी भएका हुन्। यी प्रतिवादीले कुनै गलत कार्य गरेका छैनन्। यी प्रतिवादी उपर Transformer को गुणस्तर विश्लेषण नगरी दाखिला गरेको भनी प्रश्न उठाइएको छ। उक्त Transformer प्रक्रियागत रूपमा आवश्यक जाँच तथा परीक्षण गरिएको छ। जसमा पहिलो परीक्षण मिति २०७८/११/२ गते नेपाल विद्युत प्राधिकरण (NEA) खरिपाटीमा गरिएकोमा Loss Value निर्धारित प्रावधानभित्रै रहेको पुष्टि भएको थियो। सोही आधारमा Transformer गुणस्तरीय रहेको हुँदा यी प्रतिवादीले दाखिलाको प्रक्रिया अगाडि बढाइएका हुन्। कोभिड-१९ महामारी र त्यसपछिको लकडाउनका कारण Feeder Line जडानमा तीन वर्षको ढिलाइ भएको तथ्यलाई पनि ध्यानमा राख्नु आवश्यक छ। ठेक्काको प्रकृति अनुसार, Feeder Line जडान भए पश्चात मात्र Transformer को प्रभावकारिता पुनः परीक्षण गर्न सकिन्छ। यस ढिलाइको कारण व्यक्तिगत लापरबाही नभई, परिस्थितिले उत्पन्न भएको प्राविधिक अवरोध हो। यस्तो अवस्थामा, २०७९/१०/२४ गते विद्युत प्राधिकरण हेटौंडामा गरिएको परीक्षणमा Loss Value बढी देखिएको भए तापनि ठेक्काको Warranty Period अझै बाँकी रहेको हुँदा, उक्त Transformer को मर्मत वा प्रतिस्थापन गर्ने दायित्व आपूर्तिकर्ताकै रहेको छ। सम्झौताअनुसार, आपूर्तिकर्ताले मर्मत तथा पुनः परीक्षण गर्ने वा आवश्यक परेमा नयाँ उपलब्ध गराउने प्रावधान भएकाले हालसम्म सरकारलाई कुनै वित्तीय हानि परेको छैन। नेपाल सरकारलाई कुनै प्रकारको हानि नभएकोले यी प्रतिवादी उपरको आरोप निरर्थक छ। सफाइ दिलाई पाउँ भनी बहस प्रस्तुत गर्नु भयो।

५. प्रतिवादी शिरीष उपाध्यायको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री अपूर्व खतिवडाले यी प्रतिवादीले पहिलो ठेक्काको खरिद कार्यमा लागत अनुमान र बोलपत्र कागजात स्वीकृति को लागि टिप्पणी पेस गरी दिएको र मूल्याङ्कन समितिमा सदस्य सचिव भई कार्य गरेको, दोस्रो ठेक्कामा Technical Specification, Cost Estimate र Bidding document स्वीकृतिको लागि टिप्पणी पेस गरेको हो, अन्य कुनैमा संलग्नता छैन। लागत अनुमान गर्ने कार्यमा यी प्रतिवादीको महत्वपूर्ण भूमिका छैन। ठेक्का लागत अनुमान MEP Tech Consualtant ले तयार गरे पछि सि.डि.ई. (मेकानिकल) र राष्ट्रिय सूचना प्रविधि केन्द्रका प्राविधिक समेतबाट स्वीकृत भएपछि मात्र यी प्रतिवादीको कार्य प्रशासनिक भएकोले टिप्पणी उठाइ पेस गरेका हुन्। यी प्रतिवादीले कुनै बदनियतले कार्य गरेका छैनन् र आरोपदाबीबमोजिम कसुर गरेका समेत छैनन्। प्रतिवादीलाई सफाई दिलाई पाउँ।

६. प्रतिवादी रामबहादुर बुढाको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री रमन कुमार श्रेष्ठ र विद्वान् अधिवक्ता श्री मुरारी प्रसाद सापकोटाले यी प्रतिवादी केन्द्रको लेखा प्रमुख भएकोले निजले आर्थिक कार्यविधि नियमावली, २०६४ र सार्वजनिक खरिद ऐन, २०६३ को प्रावधानहरू अनुसार आफ्नो जिम्मेवारी निर्वाह गरेका छन्। उनले Underground Fuel Storage Tank को लागि स्वीकृत बजेट, खरिद योजना, र लागत अनुमान सम्बन्धी प्रक्रियाहरू नियमानुसार पूरा गरेका छन्। तालिम सञ्चालन गर्ने गरी

एडभान्स पेमेन्ट ग्यारेन्टी लिई भुक्तानी गरिएको रकम फिर्ता दाखिला भईसकेकोले पनि उनको पारदर्शिता देखिन्छ। निजले बदनियतले कार्य गरेका छैनन्। तसर्थ, उनमाथि लगाइएका आरोपहरू निराधार भएकोले आरोपदाबी बमोजिम सजाय नभई सफाई पाउनु पर्छ भनी बहस प्रस्तुत गर्नु भयो।

७. प्रतिवादी रोहितमान प्रधानको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री शिव प्रसाद रिजाल, विद्वान् अधिवक्ताहरू श्री सास्वत अधिकारी र श्री उत्सव जिक्रम थापाले यी प्रतिवादी उपर तालिम, After Sales Service र गुणस्तरहीन ट्रान्सफर्मर सम्बन्धी आरोपहरू लगाइएकोमा निजले आरोपदाबी बमोजिम कसुर गरेका छैनन्। सुरक्षण मुद्रण केन्द्रले तालिम सञ्चालन गर्न जनशक्ति उपलब्ध गराउन नसकेकोले तालिम हुन सकेन। यसको लागि प्रतिवादी संलग्न कम्पनीले बैंक ग्यारेन्टी जारी गरेको थियो र पछि सुरक्षण मुद्रण केन्द्रको अनुरोधमा तालिम वापतको रकम फिर्ता गरेको हो। कम्पनीले सम्झौताको सर्तहरू अनुसार कार्य गरेको छ। प्रतिवादी समेले कम्पनीको सम्झौताअनुसार Maintenance र Field Service Reports बुझाएको हुँदा After Sales Service प्रदान गरेको प्रमाणित हुन्छ। Transformer को Routine Factory Test गरी बुझाइएको थियो। नेपाल विद्युत प्राधिकरणले गरिएको Test मा Rated Current भन्दा कम current प्रयोग गरिएकोले Load Loss को मान बढी देखिएको हो। Transformer उत्पादक Elkima Trafo को पत्र अनुसार, Rated Current मा नै Test गर्नुपर्ने र Transformer लामो समय Idle अवस्थामा रहेकोले Servicing गरेर मात्र सही नतिजा प्राप्त गर्न सकिन्छ। यसले Transformer को गुणस्तरमा कुनै समस्या छैन। यी प्रतिवादीलाई सफाई दिलाई पाउँ भनी बहस प्रस्तुत गर्नु भयो।

८. प्रतिवादी भुवन महर्जन को तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री जीवन कुमार वस्नेत र श्री शिवलाल पाण्डेले यी प्रतिवादीले Electric Power System को लागि MEP Tech Building Service मार्फत कार्य गरेका सम्म हो। निज कुनै निर्णायक व्यक्ति होइनन्। प्रतिवादीले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ बमोजिम कोटेसन माग गरी तालिकीकरण, तुलनात्मक अध्ययन, औषत निकाली र लागत अनुमान पेस गरेका हुन् र राष्ट्रिय र अन्तर्राष्ट्रिय दरभाउ बुझ्नका लागि स्वदेशी र विदेशी कम्पनीहरूबाट कोटेसन लिइएको छ। जसले गर्दा लागत अनुमान वस्तुपरक, विश्वासिलो र यथार्थपरक भएको छ। AS Built Drawing बनाउने जिम्मेवारी यी प्रतिवादीको नभएकोले यो कार्य अर्को पक्षले गरेको छ। Transformer, Generator, Diesel Engine को Manufacture, Model, Origin of Country सम्झौता बमोजिम रहेको छ। निजले कुनै गलत कार्य गरी सरकारलाई हानि नोक्सानी गरेका छैनन्। यी प्रतिवादी निर्दोष भएकोले सफाई पाउनु पर्छ भनी बहस प्रस्तुत गर्नु भयो।

९. प्रतिवादी मित्रलाल गुरौको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री ओम प्रकाश सिंहले यी प्रतिवादीले परामर्शदाताले पेस गरेको डिजाइन र लागत अनुमान सम्बन्धी विषयका विज्ञहरूले जाँच गरी स्वीकृत गरेपछि मात्र Tender प्रक्रियामा निर्माणको लागि पठाइएका हुन्। प्रोजेक्ट Design गर्दा Basic Design Standard, Building Code, र त्यो बखतको जिल्ला दररेटबाट विश्लेषण गरी Item Rate तयार गरिएको हो। Scope of Work TOR अनुसार Detail Design र Cost Estimate सम्म निज प्रतिवादीले गरेका हुन् यस भन्दा अन्य कुरा निजले गरेका छैनन्। लागत अनुमान मात्र हो र यसको आधारमा कुनै भुक्तानी गर्न मिल्ने Document होईन। निजको कारणबाट नेपाल सरकारलाई कुनै प्रकारको हानिनोक्सानी नभएकोले निजलाई आरोपदाबीबमोजिम सजाय हुनु पर्ने होइन भनी बहस प्रस्तुत गर्नु भयो।

**३. वादी तथा प्रतिवादी पक्षको बहस सुनी मिसिल संलग्न कागजातहरू समेत अध्ययन गर्दा, प्रस्तुत मुद्दामा आरोपदाबीमा निम्न आधार कारण उल्लेख गरी प्रतिवादीहरू उपर सजायको मागदाबी लिएको देखिन्छः**

क) यी प्रतिवादीहरूको मिलेमतोमा **अस्वाभाविक लागत अनुमान तयार गरी स्वीकृत गरी** खरिद प्रक्रियामा अनियमितता गर्दै लागत अनुमान कृत्रिम रूपमा बढाइएको,

ख) **गुणस्तरहिन इलेक्ट्रिक ट्रान्सफर्मर खरिद सम्झौता विपरीत स्वीकार गरी** सम्झौतामा तोकिएको गुणस्तर नपुगेको भए पनि स्वीकृति दिइएको,

ग) **सम्झौतामा उल्लेख भएभन्दा फरक** Country of Origin **भएको जेनेरेटर स्वीकार गरी भुक्तानी गरेको,**

घ) संरचना, सञ्चालन र आपूर्ति पछिको सेवाका लागि अनुचित रूपमा अग्रिम भुक्तानी भएको,

ङ) **अनावश्यक** Bulk Fuel Tank System **को खरिद गरी** आवश्यकताबिना नै खरिद प्रक्रियामा संलग्न भई सरकारी सम्पत्तिको दुरुपयोग गरेको,

च) **आरोपपत्रमा उल्लेख भएका प्रतिवादीहरूले** सरकारी सम्पत्तिको हानिनोक्सानी तथा भ्रष्टाचार गरेको हुँदा संलग्न प्रतिवादीहरूलाई कानूनबमोजिम कारबाही गरी पाउँ साथै,

छ) आरोपी मध्येका परामर्शदाताका रुपमा रहेका संस्थाहरूमध्ये मेपटेक विल्डिंग सर्भिसेस प्रा.लि.का तर्फबाट सम्झौता गरी मुख्य भई काम गर्ने उक्त कम्पनीका निर्देशक प्रतिवादी भुवन महर्जन, वास्तुशिल्प एसोसिएट्सका तर्फबाट मुख्य भई काम गर्ने उक्त कम्पनीका प्रबन्ध निर्देशक प्रतिवादी मित्रलाल गुरौ र मुख्य सञ्चालकका रुपमा इन्जिनियरिङ मार्केटिङ कन्सर्न प्रा.लि. का तर्फबाट सम्झौता गरी मुख्य भई काम गर्ने उक्त सप्लायर्स/कम्पनीका प्रबन्ध निर्देशक प्रतिवादी रोहितमान प्रधान रहेको। भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा २३ को आधारमा उल्लखित परामर्शदाता र सप्लायर्सका तर्फबाट त्यस्तो संस्थाको मुख्य भई काम गर्नेबाट माग गरिएबमोजिमको विगो/जरिबाना भरिभराउ गर्ने प्रयोजनको लागि उक्त तिनै वटा संस्थाहरूको चल/अचल सम्पत्ति तत्काल रोक्का गरि पाउन विशेष अदालत ऐन, २०५९ को दफा ८ बमोजिम गरी पाउँ।

४. **प्रतिवादीहरू विरुद्ध निम्नबमोजिमको कसूरमा निम्न अनुसारको सजाय मागदाबी गरेको देखिन्छः-**

| सि.नं. | प्रतिवादीहरूको नाम | प्रतिवादीहरूले गरेको कसूर | प्रतिवादीहरू उपर माग गरिएको सजाय | प्रतिवादीहरूबाट असुल हुने बिगो |
|---|---|---|---|---|
| १. | विकल पौडेल | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (क), (ख),(ङ) र (च) | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद, बिगो बमोजिम जरिबाना र बिगो असुल | ६९,०८,८१,८५४।७० |
| २. | नवीनकुमार पोखरेल | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (क), (ख) र (ङ) | ऐ.ऐ | ४९,४६,३५,९४५।७० |
| ३. | रमेशप्रसाद पोखरेल | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (क) | ऐ.ऐ | २०,३८,९३,८२७।६३ |
| ४ | मनिकमान महर्जन | ऐ.ऐ | ऐ.ऐ | ३,४४,६८,७२९। |
| ५ | रामबहादुर बुढा | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) र (च) | ऐ.ऐ | १९,८८,९४,२८९।३२ |
| ६ | शिरिष उपाध्याय | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (क), र (च) | ऐ.ऐ | ४०,०१,३९,७३६। |
| ७ | रोहितमान प्रधान | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) | २३,४४,९६,९२१।३२ |
| ८ | भुवन महर्जन | ऐ.ऐ | ऐ.ऐ | ४३,५७,४२,३६८। |
| ९ | मित्रलाल गुरौ | ऐ.ऐ | ऐ.ऐ | ८,६९,०९७।३८ |

५.  उपर्युक्त तथ्य एवम् आरोपदाबी रहेको प्रस्तुत मुद्दामा देहायका प्रश्न उपर न्याय निरुपण गर्न पर्ने देखिन आयोः

क)  प्रतिवादीहरूले आरोप दाबी बमोजिमको कसूर गरेका हुन् वा होइनन् ?

ख)  यदि कसुर भएको हो भने को कसको संलग्नता र मिलेमतोमा कसुर भएको हो ?

ग)  कसुर ठहर भएमा प्रतिवादीहरूलाई के कति सजाय हुने हो ?

६.  निर्णयतर्फ विचार गर्दा, सुरक्षण मुद्रण केन्द्रले Power System in Security Printing Press and Pressurized Fuel Storage Tank को खरिद कार्यमा ठेकेदारसँग बदनियतपूर्वक मिलोमतो गरी आर्थिक चलखेल भई ठूलो मात्रामा कमिसन लिएर ठेक्का प्राप्त गरी कार्य सम्पन्न भएको हुँदा बोलपत्र ठेक्का सम्झौता तथा भुक्तानी प्रकरणमा सहभागी सबै उपर छानवीन गरी कारबाही गरिपाउँ भन्ने समेत उजुरीबाट मुद्दाको उठान भई अनुसन्धान तथा तहकिकात भएको देखिन्छ।

७.  **Power System in Security Printing Press and Pressurized Fuel Storage Tank को** खरिद प्रक्रियामा मूलतः सुरक्षण मुद्रण केन्द्रले आ.व. ०७५/७६ र ०७६/७७ मा सम्झौता गरेको दुइ थान ठेक्काहरूमध्ये पहिलो ठेक्का नं. SPC/G/NCB-७-०७५/७६ को स्वीकृत लागत अनुमान रु.४९,९८,३५,७७५/८७ भएको पाइन्छ। जसमा ठेक्का रकम रू.४८,७०,६१,९७४/४८ बाट ४ वटा १००० के.भि.ए. को जेनेरेटर, ४ एम.भि.ए.को ट्रान्सफरमर समेत खरिद गरी जडान गरेको पाइन्छ। त्यस्तै, दोस्रो ठेक्का नं. SPC/G/NCB/०७६-७७/०७ को स्वीकृत लागत अनुमान रु.२०,५०,४६,४१०/०० भएकोमा ठेक्का रकम रु.२०,२०,०२,४२३/९१ बाट ६ वटा ५०,००० लिटर क्षमताको डिजेल ट्याङ्की, पम्प लगायत सिभिल कार्य गर्ने रहेको देखिन्छ। उक्त दुवै ठेक्काहरूमा लागत अनुमान, सामानको गुणस्तर, बढी भुक्तानी, शर्त विपरितको फरक देशबाट सामान खरिद र खर्चको औचित्य बेगरको खरिद गरी खरिद कार्यमा भएको भ्रष्टाचारजन्य कार्य र अनियमितता भएको भनी यिनै विषयमा अनुसन्धान गरी प्रतिवादीहरू विरुद्ध प्रस्तुत मुद्दा दायर भएको पाइन्छ।

८.  सुरक्षण मुद्रण केन्द्रले Construction of Electrical Power Infrastructure सम्बन्धी सम्पूर्ण कार्य (बोलपत्र प्रकाशन, मूल्याङ्कन लगायत) गर्नका लागि मिति २०७५/०५/०४ को कार्यकारी स्तरीय निर्णयको टिप्पणीबाट निम्नबमोजिमको ६ सदस्यीय एक मूल्याङ्कन समिति गठन गरेको देखिन्छः

क.  संयोजक- विकल पौडेल,

ख.  सदस्य- उपसचिव (लेखा) संचार तथा सूचना प्रविधि मन्त्रालय,

ग.  सदस्य- उपसचिव (कानून) संचार तथा सूचना प्रविधि मन्त्रालय,

घ.  सदस्य- सि.डि.ई. (मेकानिकल) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,

ङ.  सदस्य-प्रतिनिधि (प्राविधिक अधिकृत) राष्ट्रिय सूचना प्रविधि केन्द्र र

च.  सदस्य सचिव-शिरीष उपाध्याय, शाखा अधिकृत, सुरक्षण मुद्रण केन्द्र।

९.  त्यसै गरी सुरक्षण मुद्रण केन्द्रले मिति २०७६/०६/१० गते खोलिएको बोलपत्र मूल्याङ्कन गर्नको लागि (ठे.नं. SPC/G/NCB/०७६-७७/०७) निम्न अनुसारको ६ सदस्यीय बोलपत्र मूल्याङ्कन समिति गठन गरेको मिति २०७६/०७/२० को कार्यकारी स्तरीय निर्णयको टिप्पणी रहेको देखिन्छः

क.  संयोजक-विकल पौडेल

ख.  सदस्य- सि.डि.ई. नवीन कुमार पोखरेल (मेकानिकल) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

ग.  सदस्य- राम बहादुर बुढा (लेखा अधिकृत) सुरक्षण मुद्रण केन्द्र

घ.  सदस्य- सन्तोष तिमिल्सिना (कानून अधिकृत) संचार तथा सूचना प्रविधि मन्त्रालय

ङ.  सदस्य- अमृत शाही (सिभिल ईन्जिनियर) औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड र

च.  सदस्य सचिव- मनिक मान महर्जन, शाखा अधिकृत, (सुरक्षण मुद्रण केन्द्रबाट सहभागि हुने गरी)

१०. सुरक्षण मुद्रण केन्द्रबाट भएको दुई ठेक्काहरू पहिलो ठे.नं. SPC/G/NCB-7-075/76 र दोस्रो ठे.नं. SPC/G/NCB/076-77/07 को लागि भएको कुल भुक्तानीहरूको विवरण निम्नानुसारको तालिकामा छुट्टा छुट्टै उल्लेख गरिएको देखिन्छः

भुक्तानी विवरण

पहिलो ठेक्का न SPC/G/NCB/7-075/076 for Trunkey Design, Supply, Installation, Testing and Commissioning of Electrical Power, and Electromechanical Infrastructure fot High Security Printing Facility

बोलपत्रदाताको नाम ; Engineering Marketing concern

| भौचर/मिति | बिल | आयकर | धरौटी | हर्जना कट्टी | पेशकि फर्छोट | भ्याट | खुद भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १३/०७५-११-१२ (2019-2-24) | 43,100,000 | - | - | | - | - | 43,100,000 | |
| 14/2075-11-15(2019-2-27) | 43,100,000 | | | | | | 43,100,000 | |
| १९/२०७६-१-१९ | 4,048,077 | 63,450 | 211,498 | | 845,993 | - | 2,927,136 | |
| २३/०७६-२-७ | 26,543,352 | 416,040 | 1,386,800 | | 5,547,200 | - | 19,193,312 | |
| २६/२०७६-३-१८ | 22,390,005 | 346,237 | 1,154,124 | | 4,616,496 | 1,500,361 | 14,772,787 | VAT 50% |
| २८/२०७६-३-२० | 67,459,766 | 1,043,192 | 3,477,308 | | 13,909,230 | 4,520,500 | 44,509,536 | VAT 50% |
| 31/२०७६-३-२५ | 20,350,693 | - | - | | - | - | 20,350,693 | 20% रोक्का रकम भुक्तानी |
| ३३/२०७६-३-२७ | 28,251,265 | 375,017 | 1,250,056 | | 5,000,224 | 1,625,073 | 20,000,895 | VAT 50% |
| ३५/२०७६-३-३० | 80,857,150 | 1,073,325 | 3,577,750 | | 14,311,000 | 4,651,075 | 57,244,000 | VAT 50% |
| ६/२०७६-६-२७ | 29,588,201 | 457,550 | 1,525,165 | | 6,100,660 | 1,982,715 | 19,522,111 | VAT 50% |
| १६/२०७६-७-२९ | 203,694,194 | 2,690,614 | 8,968,714 | | 35,869,197 | 11,659,328 | 144,506,341 | VAT 50% |
| २०/२०७६-८-१८ | 3,879,270 | | | 646,545 | | | 3,232,725 | |
| | **573,261,973** | | | | **86,200,000** | **25,939,052** | **432,459,536** | |
| जम्मा भुक्तानी खर्च; | 487,061,973 | | | | | | | |
| सम्झौता रकम ; | 487,061,974.48 | | | | | | | |

दोस्रो ठेक्का न SPC/G/NCB/7-076/077 Design, Supply, Construction, Installation, Testing and Commissioning of Underground Bulk Fuel Storage fot High Security Printing Facility at Panauti, Kavre.

बोलपत्रदाताको नाम ; Engineering Marketing concern Pvt. Ltd.

| भौचर/मिति | बिल | आयकर | धरौटी | हर्जना कट्टी | पेशकि फर्छोट | भ्याट | खुद भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 35/२०७६-१०-२२ | 8,938,000 | - | - | | - | - | 8,938,000 | |
| ३२/२०७६-९-२८ | 8,938,000 | - | - | | - | - | 8,938,000 | |
| ६५/२०७७-३-२४ | 120,030,760 | 1,947,690 | 6,492,300 | | 14,245,902 | 8,439,990 | 88,904,878 | |
| ४९/२०७७-३-१२ | 34,485,932 | 544,515 | 1,815,049 | | 3,630,098 | 2,359,564 | 26,136,706 | |
| ७१/०७७-३-३० | 33,229,357 | - | - | | - | - | 33,229,397 | 20 %रोक्का रकम भुक्तानी |
| ११/२०७८-३-१४ | 8,499,860 | 112,830 | 376,100 | | - | 293,358 | 7,717,572 | |
| | 196,245,909 | 2,605,035 | 8,683,449 | | 17,876,000 | 11,092,912 | 155,988,553 | |
| जम्मा भुक्तानी खर्च; | 196,245,909 | | | | | | | |
| सम्झौता रकम ; | 202,002,423 | | | | | | | |

११. आ.व. २०७५/७६ मा मेसिन औजार खरिदको लागि बिनियोजित रु.५० करोडको बजेटको कार्य गराउन पहिलो ठेक्का नं. SPC/G/NCB-७-०७५/७६ (Electrical Power and Electromechanical Infrastructure) को लागि Security Printing Center (SPC) मा **सूची दर्ता समेत नभएकाहरूबाट लिईएको कोटेसनमध्ये निम्न अनुसारको लागत अनुमान पेस गरेको पाइन्छः**

क. अध्ययन, अनुसन्धान, परामर्श सेवाहरू दिन दर्ता रहेको Future Now Pvt. Ltd. (PAN३०२७८५४८१) बाट एक वर्षको Warranty र ६ महिनामा डेलिभरी गर्न सक्ने गरी रु.४९,९०,७१,६१९/- को कोटेसन,

ख. यसै गरी Diesel Generator Set उत्पादन गर्ने दक्षिण कोरियाको Bokuk Electric Ind Co. Ltd. बाट ६ महिनाभित्र डेलिभरी दिने गरी रु.५०,०९,८५,६४२/- को कोटेसन र

ग. तेस्रो टर्कीको Aksa Generator Sanayi A.S. बाट समेत रु.४९,९४,५०,०६७/- को कोटेसन।

घ. यसरी कूल ३ वटा कोटेसनको औसत दररेट कायम गरी तयार गरिएको रु.४९,९८,३५,७७६/८७ को लागत अनुमान कागजात बनाइएको देखिन्छ।

१२. दोस्रो ठेक्काअन्तर्गत आ.व. २०७६/७७ मा मेसिन औजार अन्तर्गत बिनियोजित रु.४० करोडमध्ये गत वर्षको भुक्तानी कटाई बाँकी रहने रु.२०,४८,०८,०००/- रकमबाट Design, Supply, Construction, Installation, Testing and Commissioning Of Underground Bulk Fuel Storage for High Security Printing Facility को लागि निम्न लागत अनुमान पेस गरेको देखिन्छः

क. अमेरिकी कम्पनीबाट उत्पादित FRC Bulk Fuel Tank र Pump System को Supply and Installation लागि अध्ययन, अनुसन्धान, परामर्श सेवाहरू दिन दर्ता रहेको Future Now Pvt. Ltd. (PAN ३०२७८५४८१) को रु.१६,३४,७२,८६२/७५ को कोटेसन,

ख. भवन निर्माण सामग्री तथा हार्डवेयर सामानको खुद्रा व्यापार गर्न दर्ता रहेको सिन्चा ट्रेड एण्ड सप्लायर्स (PAN ६०६४१९८२८) बाट रु.१७,७०,०४,८७४/०७ को कोटेसन र

ग. विविध निर्माण सामग्रीको कारोबार गर्न दर्ता रहेको बज्र गणेश सप्लायर्स (PAN ३०५०८४३८३) रु.१७,१८,५३,१२४/०७ को कोटेसन।

घ. यसरी ३ वटा फर्महरूबाट कोटेसनहरू सुरक्षण मुद्रण केन्द्रले प्राप्त गरी तीनैवटा कोटेसनको आधारमा औसत दररेट कायम गरी परामर्शदाताबाट Civil Work को Design and Estimate गराई रु.२०,५०,४६,४१०/- स्वीकृत गरेको लागत अनुमान रहेको देखिन्छ।

१३. प्रस्तुत मुद्दामा संक्षेपमा मुख्यतः पाँचवटा आधारमा प्रतिवादीहरू उपर अभियोजन गरेको देखिन्छः

**१. अस्वाभाविक लागत अनुमान तयार गरेको विषय,**

**२. गुणस्तरहीन ट्रान्सफर्मर खरिद/आपूर्ति सम्बन्धी विषय,**

**३. सम्झौताको शर्त विपरित अन्य मुलुकको सामान स्वीकार गरेको विषय,**

**४. कामै नगरी काम भए सरह भुक्तानी गर्ने कार्य गरेको विषय र**

**५. वास्तविक रुपमा आवश्यक नभएको र औचित्य पुष्टि नहुने समान खरिद गरेको विषय।**

१४. अब, माथि आरोपित पाँच आधारहरूको सन्दर्भमा मुद्दाको तथ्य, संकलित प्रमाण, कानूनी व्यवस्था र प्रतिवादीहरूको जिकिर एवम् अभियोगपत्रको मागदाबी एवम् दुवै पक्षका विद्वान्हरूको बहस छलफल समेतलाई दृष्टिगत गरी माथि उल्लिखित निर्णय दिनुपर्ने प्रश्नमा केन्द्रित रही निर्णय निष्कर्षमा पुग्नु पर्ने भएको छ।

१५. **अस्वाभाविक लागत अनुमान तयार गरेको विषयः** सर्वप्रथम लागत अनुमान कसरी गरियो भन्ने विषयमा छलफल गरौं।

सुरक्षण मुद्रण केन्द्रले सार्वजनिक खरिद प्रक्रियामा जानु अघि खरिद गर्नुपर्ने मालसामानको लागत अनुमान तयार गर्दा नेपालमै आपूर्तिकर्ता उपलब्ध हुँदाहुँदै विदेशी उत्पादक (दक्षिण कोरिया, टर्की) र नेपालका परामर्शदाता फर्महरूबाट कोटेसन माग भएको देखिन्छ। प्रस्तुत मुद्दामा सुरक्षण मुद्रण केन्द्रले सार्वजनिक खरिद प्रक्रियामा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १५ मा उल्लेख भएको अवस्थामा मात्र विदेशी परामर्शदाता फर्महरूबाट कोटेसन सङ्कलन गर्नु पर्नेमा सो प्रक्रिया अवलम्बन गरेको देखिंदैन। विशेषगरी, *Generator Set* खरिद गर्दा सम्बन्धित व्यवसायमा अनुभवप्राप्त फर्महरूलाई आह्वान गर्नुपर्नेमा त्यस्तो काममा असंलग्न र अनुभवहिन फर्महरूबाट कोटेसन लिइएको पाइन्छ। त्यस्तै, *Fuel Tank System* को कोटेसन सोही क्षेत्रका व्यवसायीबाट नभई परामर्शदाता फर्मबाट लिइएको देखिन्छ। यसरी लिइएका कोटेसनकै आधारमा औसत मूल्य निर्धारण गरिएको पाइन्छ, जसले लागत अनुमानलाई अनावश्यक रूपमा बढाएको देखिन आउँछ। गरिएको लागत अनुमान पनि बिनियोजित बजेटअनुसार बजेटको आकारसँग मिलाइएको र यसले प्रतिस्पर्धी मूल्य निर्धारणलाई प्रभावित पारेको देखिन्छ।

१६. सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ ले राज्यका विभिन्न निकायहरूले गर्ने खरिद प्रक्रियालाई पारदर्शी, उत्तरदायी, र प्रभावकारी बनाउन महत्वपूर्ण मापदण्डहरू स्थापित गरेको छ। यसले गरेको मापदण्डबाट सार्वजनिक खर्चलाई नियमन गर्न, अनावश्यक वित्तीय जोखिम न्यूनीकरण गर्न र संस्थागत क्षमतामा सुधार ल्याउन मद्दत गर्दछ। कुनै पनि लागत अनुमान तयार पार्दा स्थानीय बजार मूल्य, ढुवानी लागत, कर तथा अन्य सम्भावित खर्चहरूलाई समावेश गर्दै दररेट लिएर तुलनात्मक तालिका तयार गरिनुपर्छ। लागत अनुमान तयार पार्ने व्यक्तिले स्वतन्त्र रूपमा दररेट निर्धारण गर्ने होइन। बरु प्राप्त कोटेसन तथा तुलनात्मक मूल्याङ्कनको आधारमा तयार गर्ने हो। जसले खरिद प्रक्रियालाई प्रथम चरणबाट नै पारदर्शिता र स्वच्छता प्रदान गर्दछ।

१७. सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०७१ को दफा ४ मा **"स्वदेशी वस्तु नै खरिद गर्नु पर्ने र सो बमोजिम उपलब्ध हुन नसकेमा मात्र अन्य मुलुकबाट आयात गरिएका वस्तुहरू समेत खरिद गर्न सकिने छ"** भन्ने प्रावधान रहेको छ। यसैगरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा १५(१) को खण्ड (क), सोही उपदफाको खण्ड (घ) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(२) का प्रावधानहरूलाई हेर्दा, सुरक्षणात्मक उपायका बुँदाहरू निर्धारण गरेर स्वदेशी उद्योगलाई पनि Power System in Security Printing Press and Pressurized Fuel Storage Tank खरिद प्रक्रियाको बोलपत्रमा प्रतिष्पर्धा गराउन नमिल्ने भन्ने देखिंदैन। सार्वजनिक खरिद ऐन, २०६३ को दफा १५ मा **अन्तर्राष्ट्रिय स्तरको बोलपत्र** सम्बन्धी व्यवस्था रहेको छ। **त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(२) मा बोलपत्रको माध्यमद्वारा खरिद गर्नु पर्नेः** ऐनको दफा १५ को अवस्थामा अन्तर्राष्ट्रियस्तरमा खुला बोलपत्र आह्वान गरी मालसामान, निर्माण कार्य वा अन्य सेवाको खरिद गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको देखिन्छ।

१८. सार्वजनिक खरिद ऐन, २०६३ को दफा १५ मा अन्तर्राष्ट्रिय स्तरको बोलपत्र सम्बन्धी व्यवस्था यस प्रकार रहेको छः दफा १५ को उपदफा (१) मा *यस ऐनबमोजिम बोलपत्र आह्वान गर्दा देहायका अवस्थामा अन्तर्राष्ट्रिय स्तरको बोलपत्र आह्वान गर्नु पर्नेछः*

सोही उपदफाको खण्ड *(क) मा "सार्वजनिक निकायको माग अनुरुपको मालसामान वा निर्माण कार्य प्रतिस्पर्धात्मक मूल्यमा नेपाल राज्यभित्रका एक भन्दा बढी निर्माण व्यवसायी वा आपूर्तिकर्ताबाट प्राप्त नहुने भएमा",*

सोही उपदफाको खण्ड *(ख) मा "मालसामान, निर्माण कार्य वा अन्य सेवा खरिदका लागि राष्ट्रियस्तरमा बोलपत्र आह्वान गर्दा कुनै बोलपत्र नपरी विदेशबाट प्राप्त गर्नु पर्ने भएमा",*

सोही उपदफाको खण्ड *(ग) मा "दातृपक्षसँग भएको सम्झौता बमोजिम वैदेशिक सहायता स्रोतबाट विदेशी मालसामान वा निर्माण कार्य खरिद गर्नु पर्ने भएमा",*

सोही उपदफाको खण्ड *(घ) मा "विशेष तथा जटिल किसिमको मालसामान वा निर्माण कार्य भएकोले अन्तर्राष्ट्रिय*

*स्तरको बोलपत्रबाट खरिद गर्नु पर्ने भनी सार्वजनिक निकायले प्रमाणित गरेकोमा"*।

१९. माथि प्रस्तुत भएका उल्लिखित कानूनी व्यवस्था यस मुद्दाको खरिद कार्यमा पालना भएको पाइदैन। यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट वादी नेपाल सरकार वि. दुर्गा देवी थापा भएको भ्रष्टाचार *मुद्दामा "कानूनले स्पष्ट व्यवस्था गरेको मार्ग अवलम्बन गरी ऋण असूलउपर गर्नुपर्नेमा सो नगरी अन्य मार्ग अवलम्बन गर्दा कानूनले मद्दत गर्न नसक्ने*[1]" भनी सिद्धान्त प्रतिपादित भएको पाइन्छ। प्रस्तुत मुद्दामा कानुनले निर्देश गरेको प्रक्रिया पुरा नगरी खरिद कार्य गरेको हुँदा यस मुद्दामा उक्त सिद्धान्त आकर्षित हुने देखिन्छ। यसरी सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ को पालना गरिएको छैन भन्ने तथ्य माथिको विश्लेषणबाट पुष्टि भएको हुँदा प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान्हरूले प्रस्तुत मुद्दामा प्रतिवादीहरूले सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को पुर्ण पालना गरी लागत अनुमान तयार गरेका हुन् भन्ने जिकिरसँग सहमत हुन सकिएन।

२०. पहिलो ठेक्का अर्थात ठे.नं. SPC/G/NCB-7-075/76 को ठेक्कामा इन्जिनियरिङ मार्केटिंग कन्सर्न प्रा.लि.का प्रबन्ध निर्देशक रोहितमान प्रधानले ठेक्का सम्झौताअनुसार विदेशबाट मेसिन औजार आयात गर्दा, लागेको कुल खर्चमा भन्सार शुल्क, लोड-अनलोड खर्च, बैंक कमिशन, बिमा, जडान तथा परीक्षण खर्च, २०% मुनाफा र भ्याट जोड्दा अधिकतम रु.२९.५९ करोड मात्र खर्च हुन सक्ने भन्ने Detail analysis of costing for contract No. IFB.No SPC/G/NCB-7-075/76 बाट देखिन्छ। तर, अविन राजभण्डारी एण्ड एसोसिएटस, पुरानो बानेश्वरका चार्टर्ड एकाउन्टेन्ट श्री अविन प्रसाद राजभण्डारीले ठे.नं. SPC/G/NCB-7-075/76 मा दिएको प्रतिवेदनअनुसार वास्तविक खर्च रु.३५.७५ करोड रहेको देखिएको छ। त्यस्तै, नेपाल र इटालीबाट प्राप्त Performa Invoice अनुसार जेनेरेटरको मूल्य लागत अनुमानभन्दा कम नै रहेको पाइन्छ। साथै, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका विज्ञ नवराज कार्कीको प्रतिवेदनले पनि लागत अनुमान वास्तविकताभन्दा बढी रहेको पुष्टि गरेको छ। यस आधारमा, सुरक्षण मुद्रण केन्द्रले उक्त ठेक्कामा रु. ४९.९८ करोडको लागत अनुमान निकाली वास्तविक खर्च भन्दा बढीको अस्वाभाविक लागत अनुमान तयार गरिएको निर्विवाद रूपमा स्थापित हुन आएको छ।

२१. **त्यस्तै, दोस्रो ठेक्का नं. SPC/G/NCB/०७६-७७/०७ मा सुरक्षण मुद्रण केन्द्रले ठेक्का प्रक्रियाअन्तर्गत Underground Bulk Storage Fuel Tank तथा Fueling System को लागत अनुमान तयार गर्दा निम्न तीन संस्थाहरूबाट कोटेसन लिइएको पाइन्छः**

  क. **Future Now Pvt. Ltd.** परामर्शदाता कम्पनी जसको विशेषज्ञता परामर्श प्रदान गर्नु हो र सोही प्रकृतिको व्यवसाय गर्दै आएको छ।

  ख. **Bajra International** जुन निर्माण सामग्रीको कारोबार गर्न दर्ता भएको कम्पनी हो र यसको इन्धन भण्डारण प्रणालीसँग प्रत्यक्ष सम्बन्धित छैन।

  ग. **SINCHA Trade & Supplier** – जुन भवन निर्माण सामग्री तथा हार्डवेयर सामानको खुद्रा व्यापारका लागि मात्र दर्ता भएको कम्पनी हो।

२२. यसरी सुरक्षण मुद्रण केन्द्रले उक्त ठेक्कासँग व्यवसायिक अनुभव नभएका संस्थाबाट कोटेसन प्राप्त गरेको देखिन्छ। इन्धन भण्डारण प्रणालीको जटिल प्रविधि, सुरक्षागत मापदण्ड तथा प्राविधिक विशेषज्ञता आवश्यक पर्ने भए पनि गैर-प्राविधिक र अनुभवहीन आपूर्तिकर्ताबाट कोटेसन सङ्कलन गरी लागत अनुमान गरेको देखिंदा अभियोजन पक्षले प्रतिवादीहरू उपर लगाइएको **अस्वाभाविक लागत अनुमान तयार गरेको भन्ने आरोपलाई थप बल पुगेको देखिन्छ।** त्यसरी नै सोही कोटेसनकै आधारमा औसत दररेट निकालेर मुख्य दुईवटा आइटमको लागत अनुमान तयार गरिएको पाइन्छ।

२३. Fuel Tank and Fueling System जडान गर्न खेती प्रयोजनको देखिने जग्गामा अत्यधिक दररेट कायम गर्दै अस्वाभाविक लागत अनुमान तयार गरिएको भन्ने आरोप दाबी अनुसन्धानमा बुझिएका मानिसहरूको कागज र बकपत्रबाट थप पुष्टि

१ नेपाल सरकार विरुद्ध दुर्गा देवी थापा समेत, ने.का.प २०६६, नि.नं.८१५८

भएको छ। त्यस्तै, लेखा परीक्षण चार्टर्ड एकाउन्टेन्ट अविन प्रसाद राजभण्डारीद्वारा मिति २०२३/०१/२९ मा **दोस्रो ठेक्काको सन्दर्भमा तयार गरिएको प्रतिवेदन अनुसार कुल खर्च रु.१४.९६ करोड मात्र भएको देखाएका छन्, तर लागत अनुमान रु.२०.५० करोड कायम गरिएको देखिन्छ। यस आधारमा, करिब रु.५.५३ करोडको अस्वाभाविक लागत अनुमान गरिएको स्पष्ट देखिन्छ।**

२४. साथै, सिभिल निर्माण कार्यतर्फ हेर्दा वास्तुशिल्प एसोसिएट्सले दर विश्लेषण गर्दा काभ्रेपलाञ्चोक जिल्लाको दररेट प्रयोग गर्नुपर्नेमा काठमाडौंको दररेट प्रयोग गरेको देखियो। निर्माणस्थल रहेको जिल्लाको दररेट प्रचलनमा रहँदा रहँदै अर्को जिल्लाको दररेट कायम गरी खर्च देखाउनु बदनियतको संकेत हो। २३x१६.७x४.१९ मिटरको खाल्डो खन्ने क्रममा मेसिनको पहुँच सहज हुँदा पनि म्यानुअल (ज्यामीबाट) खन्ने गरी लागत अनुमान गरिएको पाइन्छ। जसले गर्दा बढी लागत देखिन आउँछ। आ.व. २०७६/०७७ को काभ्रेपलाञ्चोक जिल्लाको दररेट अनुसार मेसिनबाट माटो खन्न प्रतिघन मिटर रु.१२३.३० लाग्ने भए पनि गलत दररेट प्रयोग गर्दै म्यानुअल रूपमा खन्ने दर प्रति घन मिटर रु.६६३.३२ कायम गरिएको देखिन्छ। यसका कारण १६०९.३८ घन मिटर माटो खन्ने कार्यमा रु.८.६९ लाख बढीको मूल्याङ्कन गरी सरकारी सम्पत्तिको हानिनोक्सानी भएको देखिन्छ।

२५. यसरी, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ बमोजिम लागत अनुमान तयार गर्दा स्थानीय बजारमा प्रचलित दरभाउ तथा उत्पादनकर्ताको Factory Rate मा अन्य खर्च जोडी दररेट सङ्कलन गर्नुपर्ने कानूनी व्यवस्था भए पनि यसको पालना गरिएको पाइएन। यसमा परामर्शदाता मेपटेक बिल्डिङ सर्भिसेस प्रा.लि.ले गलत तरिकाले कोटेसन सङ्कलन गरी लागत अनुमान तयार गरेको प्रमाणित भएको छ।

२६. यसै सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट पुनरावेदक धर्मराज भण्डारी वि. नेपाल सरकार भएको भ्रष्टाचार मुद्दामा "आफूले अनिवार्य रुपमा वुझ्नु पर्ने आवश्यक प्रमाण नबुझी कुनै स्रेस्ता वा प्रमाणबाट पुष्टि नभएको विवरण उल्लेख गरी गाडी नामसारीको निर्णय गर्ने कामकारवाही अज्ञानतावस वा सामान्य लापरवाहीसाथ गरिएको र त्यसमा बदनियत थिएन भन्न सकिने आधार नदेखिने"[२] भनी सिद्धान्त प्रतिवादित भएको पाइन्छ। प्रस्तुत मुद्दामा प्रतिवादीहरूले अनिवार्य रुपमा कानुन पालना गर्नु पर्नेमा सो बिपरित अस्वाभाविक लागत अनुमान तयार गरेको, अनुभव नभएका संस्थाबाट कोटेसन प्राप्त गरेको, लागत गणना गर्दा काभ्रेपलाञ्चोक जिल्लाको सस्तो दररेट प्रयोग गर्नुपर्ने स्थानमा काठमाडौं जिल्लाको महँगो दररेट प्रयोग गरेको जस्ता कार्यहरू गरी लापरबाही तथा वदनित राखी कार्य गरेको देखिंदा यस मुद्दामा उक्त सिद्धान्त आकर्षित हुने देखिन्छ।

२७. अतः यस्तो अस्वाभाविक लागत अनुमान तयार गर्न र गराउनमा लागत अनुमान गर्ने जिम्मा दिने र लिनेका बिच बदनियत लुकेको हुने हुँदा सो कार्यमा निर्णायक भूमिका खेल्ने प्रतिवादीहरूको संलग्नता पुष्टि भएको छ। उनीहरूले गलत उद्देश्यले वास्तविक लागतभन्दा करोडौं रुपैयाँ बढी खर्च देखाई सरकारलाई आर्थिक नोक्सानी पुऱ्याएको हुँदा कसुरमा सरिक प्रतिवादी तथा निजहरूको तर्फबाट उपस्थित विद्वानहरूको तर्क जस अनुसार प्रतिवादीहरूबाट कानुन बमोजिम लागत अनुमान तयार गरिएको छ भन्ने बहस जिकिरमा सहमत हुन सकिएन। प्रतिवादीहरूको माथि उल्लिखित क्रियाकलापहरूले लागत अनुमान प्रक्रिया पूर्वनियोजित, बदनियतपूर्ण र अनियमित रहेको थियो भन्ने देखिन्छ।

२८. **गुणस्तरहीन ट्रान्सफर्मर खरिद/आपूर्ति सम्बन्धी विषयः** यसमा ट्रान्सफर्मरको बारेमा थोरै जानकारी राखौं। ट्रान्सफर्मरको मुख्य कार्य भनेको विद्युतको भोल्टेजलाई बढाउने वा घटाउने हो, जसले गर्दा ऊर्जा प्रणालीले प्रभावकारी ढंगले काम गर्छ। गुणस्तरहीन ट्रान्सफर्मरको प्रयोगले प्रणालीमा प्रभावकारिता घटाउने, पावर आउटेजको कारण बन्ने र सुरक्षा खतराहरू सिर्जना गर्ने सम्भावना बढाउँछ। यस्तो ट्रान्सफर्मरहरूको आयु छोटो हुने, बारम्बार बिग्रने र उच्च गर्मीको कारण आगलागीको जोखिम हुने जसको कारण आर्थिक क्षति त छँदै छ, कहिलेकाहीं मानव जिउ ज्यानमा समेत खतरा उत्पन्न हुन्छ। यस कारण ट्रान्सफर्मरको गुणस्तरियता एक संवेदनशील विषय हो। कुनै पनि सामानको लागत अनुमान गर्दा त्यसको गुणस्तर र दीर्घकालीन उपयोगितालाई ध्यान दिनुपर्छ। खरिद सम्झौतामा निश्चित गुणस्तर तोकिन्छ,

२ पुनरावदेकल धर्मराज भण्डारी विरुद्ध वादी नेपाल सरकार, ने.का.प २०६८, नि.नं.८६९३

जसअनुसार खरिदकर्ताले सोही स्तरको सामान प्राप्त गर्नुपर्ने हुन्छ।

२९. अब प्रस्तुत मुद्दाको सन्दर्भमा ट्रान्सफर्मरको गुणस्तर के कस्तो रहेको छ, सो तर्फ हेरौं। सुरक्षण मुद्रण केन्द्रको पहिलो ठेक्का (SPC/G/NCB-7-075/76) अन्तर्गत आपूर्ति गरिएका 4 MVA क्षमताका ट्रान्सफर्मरको गुणस्तर सम्झौता अनुरूप भएन भन्ने आरोप दाबी रहेको पाइन्छ। उक्त ट्रान्सफर्मर नेपाल विद्युत प्राधिकरणको प्रयोगशालामा परीक्षण गर्दा सम्झौतामा उल्लेख गरिएअनुसार No Load Loss (Pfe) 4700 Watt र Load Loss (Pcu) 38500 Watt हुनुपर्ने थियो। तर परीक्षणमा No Load Loss 3671 Watt र Load Loss 45231 Watt रहेको देखियो। यसले ट्रान्सफर्मरको कार्यक्षमता कमसल रहेको स्पष्ट हुन्छ, जसले भविष्यमा यस आयोजनाको प्रणालीमा प्रभाव पार्न सक्छ भन्ने तथ्य स्थापित गर्दछ। जस्तैः यस्ता कम गुणस्तरका ट्रान्सफर्मरको प्रयोगबाट भविष्यमा ऊर्जा ह्रास बढ्ने, प्रणालीको दक्षता घट्ने र ट्रान्सफर्मरको आयु घट्ने जस्ता समस्याहरू उत्पन्न हुन सक्छन्। यसले ट्रान्सफर्मरको डिजाइन, निर्माण वा परीक्षण प्रक्रियामा कमजोरी रहेको संकेत गर्दछ। सम्झौतामा उल्लिखित मापदण्डहरू पूरा नगरेकोले यो ट्रान्सफर्मरले आवश्यक प्राविधिक मानकहरू पूरा गरेको छैन भन्ने स्पष्ट हुन्छ। यसले गुणस्तर नियन्त्रण र आपूर्तिकर्ताको जवाफदेहितामा प्रश्न उठाउँछ। यसरी सम्झौताअनुसारको गुणस्तर कायम नगरी गुणस्तरहीन ट्रान्सफर्मर आपूर्ति गरी सरकारी सम्पत्तिमा क्षति पुऱ्याइएको भन्ने आरोप दाबी यस परीक्षणबाट प्रमाणित हुन्छ।

३०. नेपाल विद्युत प्राधिकरणको मापदण्ड र अन्तर्राष्ट्रिय IEC 60076 को प्रावधानअनुसार ट्रान्सफर्मरको ऊर्जा क्षति (Loss) १५% भन्दा बढी हुनु नहुने तथा No Load Loss (Pfe) र Load Loss (Pcu) दुवैको संयुक्त क्षति १०% भन्दा बढी भएमा ट्रान्सफर्मर स्वीकार गर्न नसकिने प्रावधान रहेको पाइन्छ। तर सुरक्षण मुद्रण केन्द्रद्वारा आपूर्ति गरिएको 4 MVA ट्रान्सफर्मरको परीक्षण नतिजा हेर्दा No Load Loss १७.४८% र संयुक्त क्षति १३.२०% रहेको पुष्टि भएको छ, जसले गर्दा उक्त ट्रान्सफर्मर स्वीकृत योग्य देखिँदैन। यदि नेपाल विद्युत प्राधिकरणले खरिद गर्न लागेको ट्रान्सफर्मर भएको भए यसलाई अस्वीकृत गरिन्थ्यो तर ग्राहकले खरिद गरी ल्याएको ट्रान्सफर्मर भएमा HT Metering जडान गरिने र सम्पूर्ण अतिरिक्त क्षतिको भार ग्राहकले नै व्यहोर्ने व्यवस्था गरिको देखिन्छ। तथापि, सुरक्षण मुद्रण केन्द्रले गुणस्तरहीन ट्रान्सफर्मर जडान गरेमा यसको प्रयोग अवधिभर सरकारलाई अनावश्यक ऊर्जा क्षतिको भार व्यहोर्नुपर्ने हुन्छ। यसबाट नेपाल सरकारलाई रू.३,४४,६८,७२९/- को आर्थिक हानि पुग्ने देखिन्छ। यसरी, गुणस्तरहीन ट्रान्सफर्मर खरिद तथा आपूर्ति गराएर सरकारी सम्पत्तिमा गम्भीर क्षति पुऱ्याइएको प्रमाणित हुन्छ।

३१. अतः यस खरिद कार्यमा विभिन्न प्रतिवादीहरूले गुणस्तरहीन ट्रान्सफर्मर आपूर्ति र खरिद प्रक्रियामा बदनियत राखी कसुर गर्ने मनसाय सहितको संलग्नता देखाएका छन् भन्न सकिन्छ। मेपटेक विल्डिङ सर्भिसेस प्रा.लि.का निर्देशक भुवन महर्जनले ट्रान्सफर्मरको ग्यारेन्टीङ लसको बारेमा जानकारी नभएको स्वीकार गरेको देखिन्छ। यद्यपि, उनले गलत विवरण दिएर उक्त ट्रान्सफर्मर सम्झौता र स्पेसिफिकेसनको अनुरूप रहेको भन्ने रिपोर्ट पेस गरेको पाइन्छ। एकातिर ग्यारेन्टीङ लसको बारेमा जानकारी नभएको स्वीकार गर्ने अर्कोतिर स्पेसिफिकेसन अनुरूप रहेको भन्ने रिपोर्ट पेस गर्ने निजको दोहोरो चरित्रले आपुर्तिकर्ता र खरिदकर्ताको बदनियतलाई नै पुष्टि गर्दछ।

३२. **सम्झौताको सर्त विपरीत अन्य मुलुकको सामान स्वीकार गरेको विषयः** खरिद सम्झौतामा उल्लिखित देशको उत्पत्ति **"Country of Origin"** र आपूर्तिकर्ताबाट वास्तविक रुपमा प्राप्त मालसामान तथा कागजातमा भएको अन्तर नै यस आरोप दाबीमा उठाइएको मुख्य विषय हो र खरिद ठेक्का अनुसार सामानको Country of Origin को प्रावधानले यसमा विशेष महत्त्व राख्दछ। प्रस्तुत मुद्दामा उठान गरिएको यो विषयमा हेर्दा, पहिलो ठेक्का नं. SPC/G/NCB-7-075/76 मा पेस गरिएको बोलपत्र प्रस्ताव र सम्झौतामा उल्लेख भए अनुसार Engineering Marketing Concern (EMC) ले Transformer को देशको उत्पत्ति (Country of Origin) Turkey, Generator Set को Spain, र Diesel Engine को UK भनी उल्लेख गरी सम्झौता गरेको देखिन्छ। तर, आपूर्तिकर्ता EMC को लागि उत्पादक ERGA ले दिएको Commercial Invoice र प्रज्ञापनपत्रमा Country of Origin Russia/Russian Federation भन्ने उल्लेख गरिएको पाइन्छ। यसले

सम्झौतामा उल्लेख भएको उत्पत्तिको देशको मूल र आपूर्ति भएको उत्पत्तिको देशको मूल बीच भिन्नता भई एउटै नभएको भन्ने पुष्टि हुन्छ। यसबाहेक, सुरक्षण मुद्रण केन्द्रले उपलब्ध गराएको Generator को Noise Level Test Certificate ले पनि उक्त परीक्षण Russia मा भएको देखाउँछ। जसका कारण सम्झौतामा उल्लेख भएको सर्त र वास्तविक आपूर्ति बीच पुरै अन्तर देखिन्छ। यसले सम्झौताको सर्तलाई पूर्णरुपमा पालना नभएको स्थिति देखाउँछ, जसले गर्दा खरिद प्रक्रियामा पारदर्शिता र विश्वासको प्रश्न उठ्नु स्वाभाविक हुन्छ। स्वीकृत ठेक्का अनुसार, सप्लाई गरिएका सामानको Country of Origin को देश अर्थात सो सामान उत्पत्ति हुनुपर्ने कहाँ हो त भन्ने प्रष्ट रुपमा सम्झौतामै लेखिएकोमा विवाद छैन। जस्तै कि **ट्रान्सफर्मरको लागि टर्की, जनरेटर सेटको लागि स्पेन, र डिजल इन्जिनको लागि यूके** उल्लेख गरिएको थियो। तर, आपूर्तिकर्ता ईन्जिनियरिङ्ग मार्केटिङ्ग कन्सर्न (EMC) ले सम्झौताका पक्षहरूबिच सम्झौतामा बिना संशोधन र बिना स्वीकृति, जसको देश उत्पत्ति रूस हो भन्ने कुरा स्पष्टरूपमा किटानी गरेको जनरेटर सेट आपूर्ति गरेको अवस्था छ। यसका प्रमाणहरूमा, ERGA द्वारा जारी गरिएको कमर्शियल इन्भोइस र प्रज्ञापनपत्रमा रूसको देश उत्पत्ति भएको उल्लेख छ। थप रूपमा, जनरेटरको न्वाइज़ स्तर परीक्षण प्रमाणपत्रले पनि रूसमा परीक्षण गरिएको पुष्टि गर्दछ। यसरी, खरिद सम्झौताको सर्तमा उल्लेख भएका देशहरू भन्दा फरक देशको उत्पत्ति भएका सामानहरू आपूर्ति गर्नु, सम्झौताका सर्तहरूको ठाडो उल्लङ्घन हो भन्ने देखिन्छ।

३३. सम्झौताको सर्त विपरीत सामान खरिद गरेको विषयलाई निम्न अनुसार बुँदागत रूपमा प्रस्तुत गर्न सकिन्छः

क. **ठेक्का सम्झौताको सर्तः** सामान खरिद गर्दा सामानको गुणस्तर र कार्यक्षमतामा त्यसको उत्पत्ति देश (Country of Origin) ले प्रभाव पार्ने भएकोले यो कुरा ठेक्का सम्झौतामा स्पष्ट रूपमा उल्लेख गरिएको हुन्छ।

ख. **सप्लायरको गल्तीः** इन्जिनियरिङ मार्केटिङ कन्सर्न प्रा. लि. (EMC) नामक कम्पनीले सम्झौतामा उल्लेख भए अनुसारको सामान आपूर्ति नगरी सम्झौताको सर्त उल्लङ्घन गरेको छ।

ग. **सम्झौतामा उल्लिखित विवरणः** EMC ले पेस गरेको बोलपत्र प्रस्ताव र सम्झौता अनुसार ट्रान्सफर्मर टर्कीमा, जेनेरेटर सेट स्पेनमा र डिजेल इन्जिन युकेमा बनेको हुनुपर्ने थियो।

घ. **वास्तविक आपूर्तिः** तर, EMC ले आपूर्ति गरेको सामानको उत्पत्तिको देश रुस रहेको विभिन्न कागजातहरू (Commercial Invoice, प्रज्ञापनपत्र, Noise Level Test Certificate) बाट पुष्टि भएको छ।

ङ. **आर्थिक क्षतिः** यसरी सम्झौतामा उल्लेख भएको भन्दा फरक देशमा बनेको जेनेरेटर सेट खरिद गर्दा १९ करोड ७३ लाख ७९ हजार ८ सय १२ रुपैयाँ बराबरको क्षति भएको देखिन्छ।

च. **निष्कर्षः** यसरी EMC ले सम्झौताको सर्त विपरीत काम गरी खरिदकर्ताले त्यसलाई स्वीकार गरी गुणस्तरमा समेत असर पर्ने सामान आपुर्ति र खरिद गरेको पुष्टि हुन्छ।

३४. यसरी माथि विवेचना गरिए बमोजिम सम्झौतामा उल्लेख भएको देशको सामानको सट्टामा अर्कै देशको सामान खरिद गरेर सम्झौताको उल्लङ्घन गरिएको छ, जसले गर्दा राज्यलाई ठूलो आर्थिक नोक्सानी मात्र नभई कानुनको अवज्ञा, कुनै पनि सरकारी निकायको खरिद प्रक्रियामा अत्यन्त महत्वपुर्ण हुने पारदर्शितामा ह्रास हुने भई सार्वजनिक संस्था उपर जनताको विश्वासनियतामा प्रश्न चिन्ह खडा हुन जान्छ। अब, सम्झौता उल्लङ्घन गरेर ठेक्का अनुसार भन्दा फरक सप्लाई गरिएका सामानको देशमा उत्पत्ति भएको सामान ल्याउनुको कारण के हो भनी विश्लेषण गर्नु वाञ्छनीय देखिन्छ। यसमा खरिदकर्ता र आपूर्तिकर्ता प्रतिवादीहरूकै संलग्नतामा उल्लिखित कार्य भएकोमा दुईमत छैन। अब के निजहरूको उक्त कार्य असल नियतले गरिएको थियो त? यो प्रश्न प्रस्तुत मुद्दामा एकदमै सान्दर्भिक रहेको छ। सर्वप्रथम खरिद सम्झौतामा उल्लिखित देशको उत्पत्ति "Country of Origin" र वास्तविक आपूर्तिकर्ताबाट प्राप्त मालसामानमा भएको भिन्नता किन आयो भन्ने प्रश्नको जवाफदेहिता तर्फ विचार गरौं। ठेक्का सम्झौताका पक्षहरूले गरेको कार्य असल नियतले गरिएको थियो र गुणस्तरीय सामान आपूर्ति भएको थियो भने देशलाई फाइदा हुन पर्ने हुन्छ तर निजहरूले गुणस्तरहीन ट्रान्सफर्मरको आपूर्ति र स्वीकृति गरेका हुन् भनी माथि प्रकरणहरूमा विवेचित भई सकेको छ। अर्को

तर्फ निजहरूले वास्तविक लागतभन्दा बढीको अस्वाभाविक लागत अनुमान गरिएको, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ समेतले गरेको व्यवस्था विपरीत कार्य गरेको माथिका प्रकरणहरूमा नै पुष्टि भएको तथा निजहरूको कार्य (Action) नै गलत तरिकाले गरेको कारण सम्बद्ध कार्यमा भूमिका भएका प्रतिवादीहरूको यस कार्यमा समेत असल नियत थियो भनी यस इजलासले अनुमान गर्न सकिने अवस्था आएन। आपराधिक मनसाय राखि जानाजान उक्त कार्य गरेको देखियो।

**३५.** यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट नेपाल सरकार विरुद्ध हरिप्रसाद ढकाल समेत भएको भ्रष्टाचार मुद्दामा "*मनसाय तत्त्व आपराधिक कार्यबाट नै खोजिने र हेरिने विषय हो, त्यसैले यो सधैँ मुखरित अवस्थामा नहुन पनि सक्छ। कार्यको प्रकृति, सम्भावित परिणाम र सो परिणाम ल्याउन अभियुक्तले चालेको कदमहरूको समग्रतामा नै मनसाय तत्त्वको खोजी गर्नुपर्ने। अभियुक्तले आफ्नो कार्यको सम्भावित परिणाम यस्तो हुन सक्छ भन्ने जानकारी वा ज्ञान राखेको थियो वा थिएन; कार्यलाई हेरी यस्तो कार्यबाट यस्तो परिणाम निस्कन्छ भनी सामान्य समझको व्यक्तिले पनि भन्न सक्ने अवस्था अमुक वारदातमा थियो वा थिएन भन्ने यकिन गर्नुपर्ने*"[३] भनी सिद्धान्त प्रतिपादित भएको देखिन्छ जुन प्रस्तुत मुद्दामा सान्दर्भिक देखिन्छ।

**३६.** अतः सम्झौतामा तोकिएको भन्दा फरक देशको फरक गुणस्तरको सामान आपूर्ति गरी गराई निज प्रतिवादीहरूले भ्रष्टाचार जस्तो गम्भीर आरोपलाई प्रश्रय दिएको देखिन आयो। निजहरूको मिलेमतोमा नै सम्झौता विपरीतको सामान स्वीकार गरेको, त्यसलाई ढाकछोप गर्न झुटो विवरण पेस गरेको र निजहरूकै मिलेमतोमा राज्यलाई आर्थिक नोक्सानी भएको निष्कर्षमा पुग्न सकिन्छ।

**३७.** **कामै नगरी काम भए सरह भुक्तानी गर्ने कार्य गरेको विषयः** प्रस्तुत मुद्दामा, प्रतिवादीहरूले खरिद सम्झौताको प्रावधान विपरीत कार्य गरेको तथ्य स्थापित भईसकेको छ। खरिद सम्झौता अन्तर्गत, मेसिनरी औजार सञ्चालन सम्बन्धी तालिम र वारेन्टी अवधिभरको मर्मत सेवा प्रदान गर्नुपर्ने अनिवार्यता रहेको देखिन्छ। यसमा सो नगरीकनै भुक्तानी गरिनु सरासर कसुर गर्ने मनसाय र बदनियतको संकेत हो। यस सम्बन्धमा, ठेक्का नं. SPC/G/NCB-7-075/76 को बिल अफ क्वान्टिटी (BOQ) को आइटम नं. १२ मा तालिमका लागि छुट्याइएको रु.८,६४,६२७।९३ र आइटम नं. १३ मा मर्मत सेवाका लागि छुट्याइएको रु.१४,७९,०७१।४७, गरी जम्मा रु.२६,४८,३८०।३२ (भ्याट सहित) भुक्तानी भएको देखिन्छ। तर, प्रतिवादीहरू र निजका साक्षीहरूले तालिम नभएको भनी स्वीकार गरेको तथा प्रमाणहरूबाट तालिम सञ्चालन नभएको र मर्मत सेवा पनि प्रदान नगरिएको स्पष्ट हुन्छ। यसरी गर्दै नगरेको कामको कृत्रिम बिल तयार पारी भुक्तानी लेखिनु भनेको जानी जानी भ्रष्टाचारजन्य कसुरमा संलग्न रहनु हो। सम्झौतामा उल्लेख भएबमोजिम तालिम र मर्मत सेवा नै प्रदान नगरी सो बापतको रकम भुक्तानी गर्नु गैरकानूनी कार्य हो। यस्तो कार्यलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) ले कसुर मानेको छ। यस कार्यबाट खरिद सम्झौतामा निर्दिष्ट प्रक्रियाको उल्लङ्घन भएको छ र यसबाट कामै नगरी झुटो बिल बनाई सरकारी रकम हिनामिना गरेको स्वतः पुष्टि हुन्छ।

**३८.** यसरी खरिद सम्झौतामा उल्लेख भए अनुसार मेसिनरी सञ्चालन गर्ने कर्मचारीहरूलाई तालिम दिने व्यवस्था गरी सो वापत रकम छुट्याइएकोमा विवाद छैन। तर, वास्तवमा सो तालिम नै सञ्चालन नगरी भुक्तानी गरिएको देखिन्छ। प्रतिवादीहरूले पनि तालिम सञ्चालन गरेको ठोस आधार प्रस्तुत गर्न सकेको पाइदैन। यसले सम्झौताको सर्तलाई ठाडै उल्लङ्घन मात्र गरेको नभई भ्रष्टाचारयुक्त कार्य हुन गएको छ। त्यस्तै वारेन्टी अवधिको मर्मतसम्बन्धी रकम पनि सम्झौतामा उल्लेख भएबमोजिमको काम नभई भुक्तानी गरिएको देखिन्छ। अतः सम्झौतामा उल्लेख भए अनुसारको काम नगरी झुट्टा बिल बनाई भुक्तानी गरिएको पाइएको हुँदा यसले सम्बन्धित अधिकारीहरूको बदनियत र कसुरमा नियतबस संलग्नता रहेको देखाउँछ। यस प्रकारको कार्यले न केवल संस्थालाई आर्थिक हानि पुऱ्याएको छ, यसले सार्वजनिक संस्थामा भ्रष्टाचार र अनियमितताको संस्कृति बढाएको छ।

३ नेपाल सरकार विरुद्ध हरिप्रसाद ढकाल समेत, ने.का.प २०७८, नि.नं.१०७४८

३९. आपूर्तिकर्ताले पेस गरेको झुट्टा बिल चेक नगरी पेस गर्ने, सम्झौताबमोजिमको कार्य सम्पादन नभई भुक्तानी दिने, सम्झौताबमोजिम कार्य सम्पादन नभई भुक्तानी सदर गर्ने र कामै नगरी भुक्तानीको लागि बिल पेस गरी भुक्तानी लिने कार्यमा संलग्न प्रतिवादीहरूको कसुर गर्ने मनसाय, बदनियत, सरकारलाई हानी र आफू वा अरु कसैलाई फाइदा पुऱ्याउने उद्देश्य को कसको के कति मात्रामा रहेको छ सोतर्फ पनि प्रति व्यक्ति प्रति कसुरको दृष्टिकोणबाट मूल्याङ्कन गरी निष्कर्षमा पुग्नुपर्ने भएको छ। यसमा अनावश्यक सामान खरिद, झुट्टा बिल बनाई भुक्तानी गर्ने कसुर, वातावरणीय नियमहरूको उल्लङ्घन र सम्झौताको सर्तहरूको कार्यान्वयन नगर्ने जस्ता गम्भीर विषयहरू समावेश भएको हुनाले यसले न केवल सार्वजनिक संस्थालाई आर्थिक हानि पुऱ्याएको छ, तर यसले सार्वजनिक संस्थानमा भ्रष्टाचार र अनियमितताको संस्कृति बढाएको निष्कर्षमा पुग्न सकिन्छ।

४०. यस प्रकार माथिका प्रकरणहरूमा गरिएको समग्र तथ्यगत अवस्थाको विश्लेषणबाट प्रस्तुत मुद्दामा सम्झौताका पक्षहरूमध्ये खरिदकर्ता पक्षले एउटा आवश्यक खरिदको परिधिभित्र अर्को थप खरिदको आवश्यकता अघि सारी वास्तविक आवश्यकता र औचित्य बिना नै सामान खरिद गरी राज्यकोषको दुरुपयोग गरेको तथ्य स्थापित भएको छ भने आपूर्तिकर्ताले सम्झौता विपरीतको सामान आपूर्ति गरेको स्थिति छ। खरिद सम्झौता गर्दादेखि नै सम्झौताका सर्तहरूको परिपालना गर्ने क्रममा योजनाबद्ध ढंगले काम गर्नुपर्नेमा अनावश्यक रूपमा र सम्झौताका सर्तहरू विपरीत गएर समेत काम गरिएको देखिन्छ। यस सम्बन्धमा एकातिर २४ सै घण्टा विद्युत आपूर्ति भैरहेको स्थिति र आ.व. २०७५/०७६ मा जेनेरेटर सेट र ट्रान्सफर्मर खरिद गर्दा एक महिनासम्म लगातार चलाउन पुग्ने इन्धनको व्यवस्था हुँदाहुँदै पनि बल्क फ्युल स्टोरेज सिस्टम खरिद गरिएको देखिन्छ। जुन अपरिहार्य प्राथमिकताको विषय देखिन आउँदैन। सुरक्षण मुद्रण केन्द्रले नेपाल विद्युत प्राधिकरणसँग ११ केभीको डेडिकेटेड फिडर लाइन जडान गर्न सम्झौता गरी रकम समेत जम्मा गरिसकेको अवस्था देखिन्छ। यस अवस्थामा सुरक्षण मुद्रण केन्द्रमा रहेको २० करोड ४८ लाख ८ हजार रुपैयाँ बजेटबाट १९ करोड ६२ लाख ४५ हजार ९०९ रुपैयाँ खर्च गरी तीन लाख लिटर क्षमताको भूमिगत बल्क फ्युल स्टोरेज सिस्टम खरिद गर्नुको कुनै औचित्य देखिन आउँदैन।

४१. जेनेरेटर सेटमा ८०० लिटरको डिजेल स्टोरेज क्षमता हुँदा हुँदै ४००० लिटरको छुट्टै डे स्टोरेज ट्याङ्क पनि खरिद भईसकेको अवस्था छ। यस स्थितिमा बल्क फ्युल स्टोरेज सिस्टम खरिद गर्नु अनावश्यक थियो भन्ने देखिन्छ। यो खरिद कार्यको सुरुमा नै संभाव्यता अध्ययन गरी गुरु योजना बनाई नभै नहुने आवश्यकताको आधारमा खरिद कार्य गर्नु पर्नेमा कोष खर्चिनेतर्फ बढी ध्यान केन्द्रित गरी राज्यकोषको दुरुपयोग गरी गैरकानूनी कार्य गरेको पुष्टि हुन्छ। खरिद सम्झौतामा राखिएका सर्त विपरीत भए गरेका यी कार्यले खरिद सम्झौतामा निर्दिष्ट प्रक्रियाको समेत उल्लङ्घन गरेको देखिन्छ। अतः प्रस्तुत मुद्दामा गरिएको खरिद कार्यको औचित्यहीनता थप पुष्टि भएको छ। ज्वलन्त उदाहरणको रुपमा विद्युत लाईन अवरुद्ध नहोस भनेरै डेडिकेटेड फिडर लाइन जडान गरिएको हो। अनवरत विद्युत आपूर्तिका लागि वैकल्पिक उपाय डेडिकेटेड फिडर जडेर ग्यारेण्टी गरी सकिएपछि फ्युल ट्याङ्क सिस्टम आवश्यक पर्दैन। यस अवस्थामा विद्युत लाईन अवरुद्ध हुनै नसक्ने देखिन्छ। तर एक महिनासम्म विद्युत आपूर्ति अवरुद्ध हुने भन्ने काल्पनिक तर्क दिई करोडौं मुल्य खर्च गरेर बल्क फ्युल ट्याङ्क सिस्टम स्थापना गर्नुको कुनै आवश्यकता, उपादेयता र वास्तविक आधार देखिँदैन।

४२. नेपाल विद्युत प्राधिकरणले एयरपोर्ट, ठूला अस्पताल, सिंहदरबार र डेटा सेन्टर जस्ता संवेदनशील स्थानहरूमा डेडिकेटेड फिडरमार्फत लोडसेडिङ नहुने गरी विद्युत आपूर्ति दिने गरेकोमा विवाद छैन। यही प्रणाली प्रस्तुत परियोजनाका लागि पनि अपनाइएको हो। यस्तो सुविधा उपलब्ध गराएको जतिपनि कार्यस्थल रहेका छन् त्याहाँ यस किसिमको बल्कफ्यूल ट्याङ्क सिस्टम स्थापना गरिएको पाइदैन। यस्तो अवस्थामा, एक महिनासम्म विद्युत अवरुद्ध हुने भन्ने परिकल्पना गरेर ३ लाख लिटरको बल्क फ्युल ट्याङ्क सिस्टम स्थापना गर्नु राष्ट्रिय ढुकुटीको चरम दुरुपयोग हो। सो कार्यका लागि जुन धनराशी लगानी भएको छ त्यसको औचित्य पुष्टि गर्ने सामर्थ्य कार्यकारी निर्देशकमा रहेको देखिंदैन। करिब १९ करोड भन्दा बढी रुपैयाँ खर्च गरेर निर्माण गरेको भनिएको यो प्रणाली प्रयोगमा नआउने अवस्थामा रहेकोले सरकारी

धनराशी दुरुपयोग गरेको देखियो। यसबाट यस खरिद कार्यमा गम्भीर लापरवाही भएको देखिन्छ। यस प्रकारको खरिदले राज्यलाई अनावश्यक रुपमा आर्थिक भार थप हुन पुगी ठूलो हानि पुर्‍याएको स्पष्ट हुन्छ।

४३. यसका अतिरिक्त, सुरक्षण मुद्रण केन्द्रले ४ वटा १००० केभिए डिजेल जेनेरेटर सेट जडान गर्नुअघि वातावरणीय परीक्षण (IEE/EIA) गर्नु परियोजनाको अनिवार्य सर्त हो। तर यो परियोजना कार्यान्वयनमा ल्याउँदा IEE/EIA नै नगरेको पाइएको छ। वातावरण संरक्षण नियमावली, २०५४ र त्यसपछि २०७७ अनुसार प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्नेमा सो नगरी विद्युत उत्पादन संरचना स्थापना गरेको देखिन्छ। साथै, योजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR) २०७७/७८ मा तयार भए पनि वातावरणीय प्रभाव मूल्याङ्कनको प्रक्रिया अगाडि बढेको देखिन्न।

४४. पहिलो ठेक्का SPC/G/NCB-7-075/76 अन्तर्गत जडान भएका जेनेरेटर सेटहरू ४ वर्षदेखि थन्क्याएर खिया लागी बसेको, सञ्चालनमा नआएको र ५ वर्षे वारेन्टी अवधि समेत समाप्त हुने अवस्थामा रहेकोले सो खरिद कार्य र प्रक्रियामा समेत गम्भीर त्रुटि भएको स्पष्ट हुन्छ। यस खरिद कार्यबाट गैरकानूनी कार्य गरी राज्यलाई गम्भीर क्षति पुर्‍याएको पुष्टि हुन्छ। यस कार्यमा मात्र मनासिब कारण बिना नै रु.१९ करोड ६२ लाख ४५ हजार ९०९ रुपैयाँ बराबरको अनावश्यक सामान खरिद गरी राज्यलाई आर्थिक नोक्सानी पुर्‍याएको देखिन्छ। तसर्थ यो कार्य भ्रष्टाचार निवारण ऐन अन्तर्गत कसूर ठहरिन्छ।

४५. यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट वादी नेपाल सरकार प्रतिवादी चन्देश्वर राय यादव समेत भएको भ्रष्टाचार मुद्दामा "भ्रष्टाचारको कसुर स्थापित हुन सरकारी सम्पत्ति दुषित मनसायबाट खर्च गरी हानि नोक्सानी पुर्‍याउने नियत र त्यसबाट आफूले लिनु खानु गरेको भन्ने प्रष्टरूपमा देखिनु पर्ने"[४] भनी सिद्धान्त प्रतिवादित भएको छ जुन सिद्धान्त यस मुद्दामा आकर्षित हुने देखिन्छ।

४६. **अब अर्को प्रश्न *यदि कसुर भएको हो भने को कसको संलग्नता र मिलेमतोमा कसुर भएको हो ?*** भन्ने प्रश्नको सम्बन्धमा तथ्य प्रमाणको आधारमा निष्कर्षमा पुग्नुपर्ने देखियो। सामान्यतः फौजदारी कसुरमा अभियोजकले प्रति अभियुक्त उपरको कसुर छुट्टाछुट्टै प्रमाणित गर्नुपर्ने तथा कसुरको मात्रासमेत प्रति अभियुक्त स्थापित गर्नुपर्ने हुन्छ। यस सिलसिलामा सर्वप्रथम आरोप दाबी लिइएका यी प्रतिवादीहरू विकल पौडेल, नवीनकुमार पोखरेल, रमेशकुमार पोखरेल, मनिकमान महर्जन, शिरीष उपाध्याय, राम बहादुर बुढा, रोहितमान प्रधान, भुवन महर्जन र मित्रलाल गुरौमध्ये कुन कुन प्रतिवादीले के, कुन कार्य गरी आरोपित कसुर गरेका हुन् वा होइनन् र कसुर गर्ने कार्यमा के कुन प्रतिवादीको के कस्तो संलग्नता रहेको छ वा छैन? भन्ने सन्दर्भमा प्रस्तुत मुद्दामा निरोपण गर्नु पर्ने देखिन्छ। यस परिप्रेक्ष्यमा सर्वप्रथम **प्रतिवादीहरू रमेश प्रसाद पोखरेल, मानिकमान महर्जन, राम बहादुर बुढा, शिरिष उपाध्याय र मित्रलाल गुरौको** हकमा बिचार गर्नुपर्ने देखियो।

४७. माथि उल्लिखित प्रतिवादीहरूमध्ये प्रति व्यक्ति कसुरको आरोपको आधारमा सबभन्दा पहिला **प्रतिवादी रमेशप्रसाद पोखरेलको** हकमा निर्णयतर्फ बिचार गर्दा, यी प्रतिवादी विरुद्ध निजले मिति २०७५/०५/३१ को बैठकबाट माईन्युट बमोजिम तीनवटा कोटेसन प्राप्त भएकोले Cost estimate तयार गर्न निर्णय गर्ने र मिति २०७५/०६/०१ गतेको बैठकबाट माइन्युट तथा तुलनात्मक तालिकामा आधारित लागत अनुमान तालिकामा समेत हस्ताक्षर गरी लागत अनुमान तयार गरेको, पुष्ट्याईको आधारविना नै अस्वाभाविक बढी लागत अनुमान तयार गरी स्वीकृत गर्दा सहभागी भई कसुर गरेको भनी आरोप दाबी लिएको देखिन्छ।

४८. निज प्रतिवादीले यस अदालतमा तथा अनुसन्धानको क्रममा बयान गर्दा आरोपित कसुरमा इन्कारी रही बयान गरेको देखिन्छ। निज प्रतिवादी तत्कालीन अवस्थामा सुरक्षण मुद्रण केन्द्रमा प्रतिनिधि भई कार्यरत रहेको पाइन्छ। निज हाल राष्ट्रिय सूचना प्रबिधि केन्द्र, सिंहदरबारमा सहायक निर्देशक पदमा कार्यरत रहेकोमा विवाद छैन। निज प्रतिवादीकै

४ नेपाल सरकार विरुद्ध चन्देश्वर राय यादव समेत, ने.का.प २०७४, नि.नं.९८२७

बयान अनुसार निजले Security Printing Center को ठेक्कामा IT Hardware र software मा निजमा विज्ञता रहेकोले त्यस सम्बन्धित कार्यको लागत अनुमान तथा बोलपत्र तयार तथा मूल्याङ्कन गर्ने कार्यमा खटाइए अनुसार संलग्नता रहेको हो भनी बयान गरेका छन्। सो बयान अन्यथा हो भनिएको अवस्था छैन। सम्बन्धित विषयको विज्ञ मानी कुनै कार्य गर्न खटाइएको अवस्थामा निजले प्रदान गरेको राय, परामर्श वा प्रतिवेदनमा गरेको हस्ताक्षरकै भरमा कसुरमा संलग्नता रहेको भनी कसुरदार ठहर गर्न मिल्दैन अर्थात् यी प्रतिवादीले आफ्नो विज्ञताअनुसार दिइएको कार्य सम्पादन गर्नु स्वयंमा कसुर हुने भन्न मिल्दैन। कसुर हुनको लागि सो कार्य गर्दा लापरवाही वा बदनियत राखी गरेको, कसुर गर्नेसँग मिलेमतो गरेको र जानजान संस्थालाई हानिनोक्सानी र आफू वा अरु कसैलाई गैरकानूनी लाभ पुऱ्याउने कार्य गरेको हुनु पर्दछ।

४९. **यस तथ्यलाई मुख्यतः** आपराधिक दायित्व (Criminal Liability) को सिद्धान्तमा आधारित भै हेरिनु पर्दछ, जसअनुसार कुनै व्यक्तिलाई केवल उसको विज्ञता वा भूमिकाका आधारमा दोषी ठहर गर्न सकिँदैन, **जबसम्म उसले जानाजान लापरवाही, बदनियत वा गैरकानूनी फाइदा लिने आशयले कार्य गरेको प्रमाणित हुँदैन। यस भनाइका मुख्य कानूनी आधारहरुः**

क. **Mens Rea (अपराधिक मनसाय)** – कुनै व्यक्तिलाई अपराधी ठहर गर्न उसले केवल कार्य (Actus Reus) मात्र गरेर पुग्दैन, तर सो कार्य गर्दा उसले आपराधिक मनसाय (Bad Intention) राखेको हुनुपर्छ।

ख. **Professional Immunity (व्यावसायिक स्वतन्त्रता)** – विज्ञ व्यक्तिले आफ्नो ज्ञानअनुसार काम गर्दा त्यसै आधारमा दण्डनीय मान्न मिल्दैन, जबसम्म उसले अनैतिक वा गैरकानूनी नियत राखेको प्रमाणित हुँदैन।

ग. **Due Diligence (उचित सावधानी)** – कुनै विशेषज्ञ वा विज्ञ व्यक्तिले आफ्नो जिम्मेवारी पूरा गर्दा लापरवाही गरेको वा संस्थालाई नोक्सान पुर्‍याएको देखिएमा मात्रै उसलाई दोषी मान्न सकिन्छ।

५०. **अतः निष्कर्षमा यस सिद्धान्तले** व्यावसायिक राय (Professional Opinion) दिने व्यक्तिहरूलाई अपराधी ठहर गर्ने आधारलाई सीमित **गर्छ। विज्ञहरूले दिइएको सुझाव वा प्रतिवेदनलाई मात्र आधार मानी दण्डित गर्न मिल्दैन, जबसम्म सो कार्यमा लापरवाही, बदनियत वा गैरकानूनी लाभको उद्देश्य स्पष्ट देखिँदैन।**

५१. कसुर हुनका लागि मनसाय तत्वको आवश्यकता पर्दछ। लागत अनुमान तथा बोलपत्र तयार र मूल्याङ्कन गर्ने कार्यमा संलग्नता हुँदैमा स्वतः कसुर स्थापित नहुने भएकोले निजले आरोपदाबी बमोजिमको कसुर गरेका हुन् या होइनन्? भन्ने प्रश्नतर्फ गहिरिएर हेरिनु पर्ने हुन्छ। यसमा निजको भूमिका, दायित्व र निजको नियतको विषय नै हेर्नु पर्ने हुन्छ। निज पहिलो ठेक्काको लागत अनुमान तथा बोलपत्र मूल्याङ्कनको लागि प्रतिनिधिको रुपमा रही काम गरेको तथ्यमा विवाद छैन। निज उक्त लागत अनुमान तथा बोलपत्र मूल्याङ्कनमा प्रतिनिधिको रुपमा रहेकोले निजको भूमिका निर्णायक हुने होइन। कसैलाई पनि प्रतिनिधिको रुपमा रहेकै कारणले गर्दा भ्रष्टाचार जस्तो गम्भीर प्रकृतिको मुद्दामा संलग्नता रहेको मानी दोषी ठहर गर्नु न्यायोचित हुँदैन। निजलाई केही कार्य गर्न कार्यादेश दिइएको र सो कार्यादेशको अधीनमा रही आफूले निर्बाह गर्नु पर्ने भूमिका निर्बाह गरेको मात्र देखिन्छ। जबसम्म अन्य प्रतिवादीसँग मिलेमतो साँठगाँठ र कुनै स्वार्थका लागि कार्य गरेको प्रमाणबाट पुष्टि हुँदैन तबसम्म कसैलाई पनि कसुरदार करार गर्न मिल्दैन। तसर्थ यी प्रतिवादी रमेशप्रसाद पोखेल उपरको आरोपदाबी पुष्टि हुन आएन।

५२. **प्रतिवादी मनिकमान महर्जनको** हकमा बिचार गर्दा, यी प्रतिवादीले सम्झौता तथा नेपाल विद्युत प्राधिकरणको प्रावधानबमोजिम Transformer Test गरी उपयुक्त भएमा मात्र स्वीकार गर्ने प्रावधान रहँदा रहँदै सो अनुसार गुणस्तर परीक्षण प्रतिवेदन नै प्राप्त नगरी स्टोर दाखिला गरी Transformer मा सम्झौतामा तोकिएको सिमा भन्दा बढीको लस (Loss) हुने प्रकृतिको Transformer खरिद प्रक्रिया स्वीकार गरी नेपाल सरकारको बढी व्ययभार बढ्ने गरी कमसल ट्रान्सफरमर खरिदमा खर्च गरेको भनी निज उपर आरोपदाबी लिएको देखिन्छ। प्रथमतः यी प्रतिवादी तत्कालीन सुरक्षण मुद्रण केन्द्रमा शाखा अधिकृत पदमा रहँदा स्टोर हेर्ने जिम्मेवारी लिएका र हाल राष्ट्रिय समावेशी आयोगमा

शाखा अधिकृत पदमा कार्यरत रहेको देखिन्छ। उक्त खरिद कार्यमा निजको कुनै निर्णायक भूमिका रहेको भनी अभियोजकले देखाउन सकेको पाइन्न। निजको काम कर्तव्य भनेको जो जसले जे जसरी जुन सामान खरिद गरी ल्याएको भए पनि नियमानुसार बिल भरपाई सहितका कागजातसंगै प्राप्त भएको सामान वा मालवस्तु जिन्सीमा आम्दानी बाँध्ने अर्थात स्टोरमा दाखिला जनाउनेसम्मको देखिन आउँछ। खरिदकर्ताले गुणस्तरीय सामान खरिद गरेका थिए वा गुणस्तरहिन भन्ने कुराको जाँचपडताल गर्ने दायित्व निजको भएको भन्ने कुनै कानूनी आधार देखिन्न।

५३. जुन व्यक्तिको पदीय कर्तव्यबाट कुनै खरिदको काम नै हुन सक्ने नदेखिइ स्टोर दाखिलासम्म गर्ने जिम्मेवारी रहेको देखिन्छ। त्यस्तो व्यक्तिलाई गुणस्तर हिन सामान खरिद गरेको भनी आरोपित गर्नु भनेको अनुसन्धानकर्ता र अभियोजनकर्ताको कार्य क्षमतामा प्रश्न उठ्नु हो। यति सामान्य दायित्व भएको त्यस्तो कर्मचारीलाई अनुपयुक्त खरिद प्रक्रिया स्वीकार गरेको भन्ने आरोप लगाउनु न्यायको आँखामा उचित देखिन आउँदैन। यो आरोप सिद्ध गर्न कम्तिमा पनि आरोपीको खरिद कार्यमा निर्णायक र प्रभावकारी भूमिका अपेक्षित रहन्छ। यी प्रतिवादीले अनुसन्धान तथा यस अदालतमा आरोपित कसुरमा इन्कार रही बयान गरेका छन्। यी प्रतिवादी **ठे.नं.** SPC/G/NCB/७/०७५-७६ मा स्टोर दाखिला गर्ने शाखा अधिकृत र दोस्रो ठेक्का SPC/G/NCB/७/०७६-७७/७ मा मूल्याङ्कन समितिको सदस्य सचिवको हैसियतले सहभागी भएका हुन्। मूल्याङ्कन समितिमा पनि निजको सहायक भूमिका नै रहने हुन्छ। स्टोर प्रमुखको कर्तब्य भनेको भण्डार (Store) को व्यवस्थापन गर्नु हो। भण्डारमा रहेका सामग्रीहरूको सही रेकर्ड राख्ने, सामग्रीको आवागमन (इन्ट्री र एक्जिट) को नियन्त्रण गर्ने र भण्डारलाई सुव्यवस्थित राख्ने लगायतका जिम्मेबारी बहन गर्ने हो। मूल्याङ्कन समितिमा रहँदा खरिद प्रक्रियामा निजको भूमिका भनेको सहजिकरण गर्नेसम्म हो र निजको भूमिका निर्णायक होइन। गुणस्तर चेक जाँच गर्नुपर्ने नभै गराउनुपर्ने निजको भूमिका रहे तापनि चेक जाँच चलिरहेको अवस्थामा निज २०७८।५।९ गते राष्ट्रिय समावेशी आयोगमा हाजिर भएको देखिएको हुँदा सो पश्चात निजको कुनै भूमिका नहुने हुँदा निजलाई आफूले गर्दै नगरेको कार्यको दोषी करार गर्नु कानुनसम्मत हुँदैन। तसर्थ यी प्रतिवादी उपरको आरोपदाबी तथ्य प्रमाणबाट स्थापित हुन आएन।

५४. प्रतिवादी राम बहादुर बुढाको **हकमा बिचार गर्दा, यी प्रतिवादीले** पहिलो ठेक्कामा मेसिन औजारको तालिम दिएपछि मात्र सो आइटम वापतको रकम भुक्तानी हुनुपर्ने र ५ वर्षको वारेन्टी अवधिमा मर्मत संभार अवधिसम्ममा कार्य सम्पादन वापत सम्झौता बमोजिम भुक्तानी हुनु पर्नेमा सम्झौताको सर्त विपरीत कामै नगरी ठेक्का अन्तर्गतका मेसिन औजारहरू Installation हुने वित्तिकै एकमुष्ट रकम अग्रिम भुक्तानी दिई भ्याट समेतको बढी भुक्तानी गरेको, झुट्टा विल बनाई भुक्तानी दिएको, Bulk Fuel Tank System को स्थापना गर्नुको आवश्यकता र औचित्य पुष्टि नहुने कार्य गरेको देखिएको भनी निज उपर आरोपदाबी लिएको देखिन्छ।

५५. यी प्रतिवादी तत्कालीन सुरक्षण मुद्रण केन्द्रमा लेखा अधिकृत पदमा कार्यरत रहेको र हाल लेखा अधिकृतबाट सेवा निबृत्त भएकोमा विवाद छैन। यी प्रतिवादीले अनुसन्धानको क्रममा तथा यस अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कारी रही बयान गरेको देखिन्छ। आ.व. २०७६।०७७ को स्वीकृत वार्षिक विकास कार्यक्रममा Under Ground Fuel Storage Tank को लागि बिनियोजित बजेटबाट रु.२०,५०,४६,४१०/- बजेट निकासा भैसकेपछि कुनै परियोजना तयार भएमा सो शीर्षक अन्तर्गत काम गर्न सकिने सामान्य नियमको परिधिभित्रै बसेर सोही अनुसार निज प्रतिवादीले राय दिएको देखिन्छ। परियोजनाको आवश्यकता थियो थिएन भन्ने पहिचान गर्ने निर्णायक अधिकारी निज भएको देखिन आउँदैन। सो अधिकार कार्यकारी प्रमुखको हो। निजले सम्बन्धित शीर्षकमा बजेट बिनियोजन भएको छ छैन र यदि परियोजना अघि बढाइएको खण्डमा सो शीर्षकबाट खर्च लेख्न मिल्छ मिल्दैन भन्नेसम्म जानकारी गराउने हो। खर्च भएको अवस्थामा पेस भएका बिल भर्पाइ हेरेर खर्च लेख्नेसम्मको लेखा अधिकारीको दायित्व रहन्छ। परियोजनाको औचित्यमा प्रश्न उठाइ रोक्ने अधिकार निजलाई भएको पाइदैन।

५६. Bulk Fuel Tank System को स्थापना गर्नुको आवश्यकता र औचित्य हेर्ने जिम्मेवारी संस्थाका प्रमुखको हुने भएकोले

परियोजनाको आवश्यकता र औचित्य पुष्टि गर्ने दायित्व पनि संस्थाको प्रमुख उपर नै रहन्छ। यस विषयमा विवाद समेत छैन। कुनै पनि खरिदको लागत अनुमानमा सम्बद्ध विशेषज्ञहरूको राय परामर्श अपेक्षित हुन्छ। त्यसमा लेखाको कर्मचारीको प्रत्यक्ष भूमिका रहेको हुँदैन। त्यस्तै मिसिलमा रहेका टिप्पणी आदेश र अन्य कायदिशहरू हेर्दा Bulk Fuel tank को लागत अनुमान तयार गर्नेमा निजको भूमिका रहेको पाईंदैन। सम्झौताबमोजिम कार्य गराई प्रतिवेदन दिने जिम्मा प्राविधिकको हो भने उक्त प्रतिवेदन तथा भण्डार शाखाबाट राय प्रस्तुत भएपछि तथा कार्यकारीको आदेश बमोजिम यी प्रतिवादीले भुक्तानी दिने हुँदा निजले गरेको बिल भर्पाइ अनुसारको भुक्तानी सम्बन्धी कार्यलाई निजले अनुचित लाभको लागि कार्य गरेको पुष्टि नभएसम्म कानुन विपरीत वा अन्यथा भन्न सकिने अवस्था हुँदैन। सो नभएपछि निज उपरको अभियोग दाबी पुष्टि हुने देखिएन।

५७. अब, प्रतिवादी शिरीष उपाध्यायको **हकमा बिचार गर्दा, यी प्रतिवादीले** मिति २०७५/०५/३१ को बैठकबाट माईन्युट बमोजिम तीनवटा कोटेसन प्राप्त भएकोले Cost estimate तयार गर्न निर्णय गर्ने र मिति २०७५/०६/०१ गतेको बैठकबाट माइन्युट तथा तुलनात्मक तालिकामा आधारित लागत अनुमान तालिकामा समेत हस्ताक्षर गरी लागत अनुमान तयार गरेको, पुष्ट्याईको आधारविना नै अस्वाभाविक बढीको लागत अनुमान तयार गरी स्वीकृत गर्न कार्यकारी निर्देशक समक्ष पेस गरेको, Bulk Fuel Tank System को स्थापना गर्नुको आवश्यकता र औचित्य पुष्टि नहुने कार्य समेत गरेको भनी आरोपदाबी लिएको देखिन्छ।

५८. यी प्रतिवादी तत्कालीन सुरक्षण मुद्रण केन्द्रमा शाखा अधिकृत पदमा कार्यरत रहेको र हाल जिल्ला समन्वय समिति काठमाडौंमा शाखा अधिकृत पदमा कार्यरत रहेको पाइन्छ। निज प्रतिवादीले अनुसन्धानको क्रममा तथा यस अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कारी रही बयान गरेको देखिन्छ। यी प्रतिवादी ठे.नं. SPC/G/NCB/७/०७५-७६ (Turnkey Power System) को खरिद कार्यमा शाखा अधिकृतको हैसियतले लागत अनुमान र बोलपत्र कागजात स्वीकृतिको लागि टिप्पणी पेस गरी र मूल्याङ्कन समितिमा सदस्य सचिव भई कार्य गरेको भनी निजले बयानमा बेहोरा लेखाएका छन्। टिप्पणी पेस गर्नु भनेको निर्णय गर्नु होइन र सदस्य सचिव भनेको खरिद सम्बन्धी मूल्याङ्कन प्रक्रियामा प्रशासनिक कार्य गर्ने भएकोले यी प्रतिवादीमा निर्णायक भूमिका छैन भन्नेमा विवाद रहेन।

५९. निज उपरको आरोपदाबी आफैमा अपूर्ण रहेको देखिन्छ। यी प्रतिवादीले मिति २०७५/०५/३१ को बैठकबाट माइन्युटबमोजिम तीनवटा कोटेसन प्राप्त भएकोले Cost estimate तयार गर्न निर्णय गर्ने र मिति २०७५/०६/०१ गतेको बैठकबाट माइन्युट तथा तुलनात्मक तालिकामा आधारित लागत अनुमान तालिकामा समेत हस्ताक्षर गरी लागत अनुमान तयार गरेको भनी आरोप लगाइएको देखिन्छ। Cost estimate तयार गर्न निर्णय गर्ने, बैठकबाट माइन्युट तथा तुलनात्मक तालिकामा आधारित लागत अनुमान तालिकामा समेत हस्ताक्षर गरी लागत अनुमान तयार गर्ने कार्य एउटा प्रक्रियागत काम हो, निर्णायक कार्य होइन। तसर्थ पेस भएका कागजातको आधारमा माथिल्लो अधिकारीले बेहोरा लेख्न अह्राएकोमा पदीय सोपान बमोजिम आदेश कार्यान्वयन गरिएको उक्त कार्यको आधारमा निज प्रतिवादीलाई भ्रष्टाचारको कसुर ठहर गर्न न्यायोचित हुँदैन। निजले बदनियत राखी काम गरेको, मिलेमतो गरेको वा लाभ प्राप्त गरेको भन्ने समेत प्रमाणबाट पुष्टि हुन नआएकोले निज विरुद्धको आरोपदाबी खम्बीर हुन आएन।

६०. **प्रतिवादी मित्र लाल गुरौको** हकमा बिचार गर्दा, यी प्रतिवादी उपर Civil Work को लागि पेस गरेको Drawing, Design, Estimate Report and Rate Analysis गर्न काभ्रेपलान्चोक जिल्लाको पनौतीमा रहेको निर्माण स्थलमा माटो खन्ने कार्यमा दर विश्लेषणमा मेसिनबाट माटो खन्ने कार्यको लागि काभ्रेपलान्चोक जिल्लाको दर रेट रु.१२३/३० प्रति घ.मि. को प्रयोग नगरी काठमाडौं जिल्लाको म्यानुअली खन्न रु.६६३/३२ प्रति घ.मि.को गलत दररेट प्रयोग गरेबाट २३ मि.X १६.७ मि.X ४.१९मि. अर्थात १६०९.३८ घ.मि.को माटो खन्नको लागि म्यानुअल्ली (ज्यामीबाट) दररेट प्रयोग गरिंदा हुन आउने फरक दररेटको आधारमा बढीको लागत अनुमान तयार गरेको भनी आरोपदाबी लिएको देखिन्छ।

६१. निज प्रतिवादी परामर्शदाता वास्तुशिल्प एसोसिएट्सको प्रबन्ध निर्देशक हुन्। निज प्रतिवादीले अनुसन्धानको क्रममा

तथा यस अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कारी रही बयान गरेको देखिन्छ। निज उपर मेसिनबाट माटो खन्ने कार्यको लागि काभ्रेपलान्चोक जिल्लाको दर रेट रु.१२३/३० प्रति घ.मि. को प्रयोग नगरी काठमाडौं जिल्लाको म्यानुअली खन्न रु.६६३/३२ प्रति घ.मि.को गलत दररेट प्रयोग गरी लागत अनुमान तयार गरेको भन्ने आरोप रहेको देखिन्छ। निजले लागत अनुमान मात्र प्रयोग गरेका हुन् भन्ने आरोप छ। लागत अनुमानको आधारमा मात्रै कुनै भुक्तानी गर्न मिल्ने होइन। निर्णयकर्ताले मूल्याङ्कन गराई बिभिन्न लागत अनुमानबाट निष्कर्ष निकाली निर्णय लिनु पर्ने हुन्छ। यी प्रतिवादीले पेस गरेकै लागत अनुमान स्वीकार गर्नु वा नगर्नुको कारण स्वयम् खरिद गर्ने संस्थाले नै खुलाउनु पर्ने हुन्छ। सो आदेश गर्ने अधिकारीले पेस भएका लागत अनुमानजस्ता कागजातको सत्यता परीक्षण समेत गर्न खुल्ला अवसर रहेकै हुन्छ। विज्ञबाट परीक्षण गराउने दायित्व समेत संस्थामा रहेकोमा लागत अनुमान पेस गरेकै आधारमा मात्र निज प्रतिवादीलाई भ्रष्टाचारको कसुरमा दोषी करार गर्नु न्यायोचित हुँदैन।

६२. एउटा संगठनभित्र धेरै प्रकारका जिम्मेवारी सहितका महाशाखा, विभाग, फाँट वा शाखाहरू रहन्छन्। ती शाखा प्रशाखामा संगठनको कार्यक्षेत्रभित्र पर्ने तोकिएका कामको कार्यविवरण अनुरुप फरक फरक जिम्मेवारीमा रही कार्य सम्पादन गर्नु कर्मचारीको पदीय कर्तव्य र दायित्व हुन्छ। जिम्मेवारीबाट उनीहरू अलग बस्ने स्वतन्त्रता कानुनतः पनि हुँदैन। संगठनको माथिल्लो तहमा रहने अधिकारीले संगठनको सफलताको लागि नीतिगत निर्णय गर्ने र संगठनको कार्य योजना लागु गर्ने जिम्मेवारी काँधमा लिएको हुन्छ भने उ मातहतका अन्य कर्मचारीले संगठनको नेतृत्वको आदेश, निर्देश र निर्णयलाई कानुन र नियमको परिधिभित्र रही प्रभावकारी रुपमा कार्यान्वयन गर्नेसम्मको जिम्मेवारी हुने हो। त्यस्तो कार्यको सुरुआत कसरी भयो निर्णय उचित थियो थिएन त्यसमा निर्णयाधिकारीभन्दा मुनी बसेर काम गर्ने कर्मचारीलाई निर्णय प्रक्रियामा बदनियत, लापरवाही र अनुचित क्रियाहरू भईरहेका थिए थिएनन् भन्ने कुराको छ्यानब्यान गर्ने कुनै चासो अधिकार र दायित्व समेत हुनुपर्ने बाध्यता नहुने हुनाले कुनै पनि असल वा खराब परिणामको दायित्व निर्णायक तहमा रहेर कार्य गर्ने उपर नै हुने हुन्छ।

६३. **अब यहाँ** निर्णायक तहमा रही आदेश गर्ने अधिकारीको दायित्व र जिम्मेवारी कति हुने हो? सो दायित्वको विभाजन मातहतमा रहेर काम गर्ने उपर हुन्छ हुँदैन ? एवम् यदि विभाजन हुने हो भने के कस्तो सर्तहरू पूरा भएको हुनु पर्दछ ? भन्ने सम्बन्धमा एउटा व्याख्या आवश्यक देखिन्छ, जसले संगठनभित्र अधिकार, जिम्मेवारी र निर्णयकर्ताको दायित्वलाई थप व्यवस्थित रूपमा प्रस्तुत गर्छ।

क. **संगठनभित्र निर्णय प्रक्रिया र जिम्मेवारीको सीमाङ्कनः** संगठनभित्र विभिन्न तहमा कार्यरत कर्मचारी तथा अधिकारीहरूबीच कार्यविभाजन स्पष्ट रूपमा छुट्याइएको हुन्छ। माथिल्लो नेतृत्व तहका अधिकारीहरूले संगठनको लक्ष्य प्राप्तिका लागि नीतिगत निर्णय गर्ने, कार्ययोजना निर्माण गर्ने र तिनको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने जिम्मेवारी बहन गर्छन्। तिनका निर्देशनअनुसार मातहतका कर्मचारीले तोकिएको कार्यक्षेत्रभित्र रहेर कार्य सम्पादन गर्नुपर्ने हुन्छ।

ख. **निर्णयकर्ताको दायित्व र जिम्मेवारीको परिधि**

१. **नीतिगत निर्णय गर्ने तहः** निर्णय लिने अधिकारीहरूलाई संगठनको सफलतासँग प्रत्यक्ष सरोकार हुन्छ। तिनले कुनै पनि निर्णय कानूनी दायरा, नियमन, तथा नीति अनुरूप लिएका छन् वा छैनन् भन्ने जिम्मेवारी आफैं वहन गर्नुपर्छ। यदि नीति निर्माणमा कुनै त्रुटि, लापरवाही वा अनियमितता देखिन्छ भने त्यसको सम्पूर्ण दायित्व यिनै अधिकारीहरूमाथि आउँछ।

२. **कार्यान्वयन तहका कर्मचारीहरुः** कार्यान्वयन गर्ने तहमा रहेका कर्मचारीहरूले माथिल्लो नेतृत्वबाट प्राप्त आदेश तथा निर्देशलाई विधिसम्मत रूपमा कार्यान्वयन गर्नु नै उनीहरूको प्रमुख जिम्मेवारी हो। तर, उनीहरूले निर्णय गर्ने प्रक्रियामा संलग्न हुने अधिकार राख्दैनन्, जसको कारण उनीहरूलाई निर्णय कार्यान्वयन गरेकै आधारमा मात्र कुनै परिणामको दोषी देखाउने वा जिम्मेवार बनाउने आधार स्थापित हुन सक्दैन।

३. **"निर्देशनको अधीनता"को सिद्धान्तः** यस अनुसार प्रशासनिक संरचनामा मातहत वा तल्लो तहका कर्मचारीहरू माथिल्लो तहका अधिकारीहरूद्वारा जारी गरिएका निर्देशनहरूको पालना गर्न बाध्य हुन्छन् भन्ने मान्यता रहेको छ। यस सिद्धान्तले कर्मचारीहरूको स्वायत्तता सीमित गर्दै, प्रशासकीय आदेशको पालना र संगठित कार्यप्रणालीलाई सुनिश्चित गर्न सहयोग पुर्‍याउँछ। यस सिद्धान्त अनुसारः

   I. **संचालनको प्राथमिकताः** कर्मचारीहरूले आफ्ना व्यक्तिगत विचार वा सहमति बिना माथिल्लो तहका निर्देशनहरू पालना गर्नुपर्छ।

   II. **व्यक्तिगत उत्तरदायित्वमा कमीः** यदि कर्मचारीले आफ्नो कर्तव्य पालना गर्दा माथिल्लो तहका आदेशको अधीनमा रहेर काम गर्दछ भने, त्यसबाट उत्पन्न नकारात्मक परिणामहरूको लागि उनीहरूलाई व्यक्तिगत रूपमा दण्ड वा अन्य कानूनी दायित्व सिर्जना हुँदैन।

   III. **प्रशासनिक सुगमताः** यस सिद्धान्तले प्रशासनिक प्रक्रियालाई सहज बनाउँछ किनकी कर्मचारीहरूले आफ्नै निर्णय लिनुको सट्टा वरिष्ठ अधिकारीहरूको निर्देशन अनुसार काम गर्ने भएकाले कार्यान्वयनमा समानता र सुव्यवस्था कायम रहन्छ।

४. **निर्णय प्रक्रियामा अधीनस्थ कर्मचारीको भूमिकाः** मातहतका कर्मचारीहरू नीतिगत निर्णयमा संलग्न नहुने भएकाले उनीहरूलाई निर्णयको परिणामका आधारमा दण्ड-जरिवाना वा अन्य दायित्वको भागीदार बनाउनु अन्यायपूर्ण हुन्छ। उनीहरूको प्रमुख दायित्व भनेको संगठनले तोकेको कार्य सम्पादन गर्ने मात्र हो, जसमा उनीहरूको व्यक्तिगत स्वीकृति वा असहमति विशेष रूपमा प्रभावकारी हुँदैन।

५. **उत्तरदायित्व (Accountability) को स्पष्ट सीमाः** यस दृष्टिकोणलाई कानूनीरूपमा संस्थागत गर्न सकेमा संगठनभित्र उत्तरदायित्व (Accountability) को स्पष्ट सीमा निर्धारण गर्न सकिन्छ, जसले नीति निर्माण, कार्यान्वयन, तथा परिणामको जिम्मेवारी सही तहमा केन्द्रित गर्न मद्दत पुर्‍याउनेछ।

   I. कुनै पनि निर्णय प्रक्रिया भित्र बदनियत, अनियमितता वा लापरवाही भएको छ भन्ने प्रश्नको जिम्मेवारी निर्णयकर्ता (Deciding Authority) मै रहन्छ।

   II. कार्यान्वयन गर्ने कर्मचारीहरू कानूनी रूपमा बाध्यकारी आदेश पालना गर्ने अवस्थामा हुने भएकाले, उनीहरूलाई निर्णय प्रक्रियाका दोष वा परिणामको सीधा जिम्मेवार बनाउनु न्यायसँगत हुँदैन।

   III. तसर्थ, कुनै पनि नीतिगत निर्णय असफल भएमा वा त्यसबाट प्रतिकूल असर परेमा त्यसको सम्पूर्ण दायित्व नेतृत्व तहका अधिकारीहरूमाथि रहने प्रस्ट छ।

६४. यसरी माथि विवेचित सिद्धान्तहरू समेतका आलोकमा हेर्दा, संगठनभित्र विभिन्न तहका अधिकारी तथा कर्मचारीहरूबीच स्पष्ट कार्यविभाजन हुन्छ, जहाँ माथिल्लो नेतृत्वले नीतिगत निर्णय लिई कार्ययोजना निर्माण गर्ने र मातहतका कर्मचारीहरूले ती आदेश कानूनी परिधिभित्र कार्यान्वयन गर्ने जिम्मेवारी बहन गर्छन्। निर्णय गर्ने अधिकारीहरूले आफ्नो निर्णयको वैधानिकता, प्रभावकारिता तथा सम्भावित परिणामहरूको सम्पूर्ण जिम्मेवारी लिनुपर्छ, किनकि उनीहरू नीतिगत प्रक्रियाका प्रत्यक्ष सरोकारवाला हुन्छन्। अर्कोतर्फ, कार्यान्वयन गर्ने कर्मचारीहरू आदेश पालना गर्न कानूनी रूपमा बाध्य हुन्छन्, जसकारण उनीहरूलाई निर्णय प्रक्रियाका दोष वा परिणामको सिधा जिम्मेवार देखाउनु अन्यायपूर्ण ठहर्छ। यदि कुनै निर्णय त्रुटिपूर्ण वा अनुचित देखिएमा यसको सम्पूर्ण दायित्व नेतृत्व तहका अधिकारीहरूमाथि नै पर्ने हुन्छ, किनभने नीतिगत निर्णयको औचित्य जाँच्ने, सम्भावित जोखिमहरू मूल्याङ्कन गर्ने तथा कार्यान्वयनका परिणामहरूको जिम्मा लिने अधिकार र दायित्व नेतृत्वमै निहित हुन्छ। तसर्थ, संगठनभित्र पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्वको स्पष्ट परिभाषा आवश्यक हुन्छ, जसले नीति निर्माण र कार्यान्वयनबीचको सम्बन्धलाई कानूनीरूपमा संस्थागत गर्न मद्दत पुर्‍याउँछ। **सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ मा खरिद कार्यको जिम्मेवारी उल्लेख गरिएको छ।** जस अन्तर्गत सोही दफा ७ को उपदफा (१) मा "यस ऐनबमोजिमको कार्यविधि पूरा गरी खरिद सम्बन्धी कार्य गर्ने,

गराउने जिम्मेवारी सम्बन्धित सार्वजनिक निकायको प्रमुखको हुनेछ" भन्ने र उपदफा (६) मा यस ऐनबमोजिम गरिएको खरिद सम्झौताको कार्यान्वयन गर्न गराउन नियमित रुपमा सुपरीवेक्षण, अनुगमन ता गुणस्तर नियन्त्रण गरी वा गराई निर्धारित समयमा कार्य सम्पन्न हुने सुनिश्चितता गर्नु सम्बन्धित सार्वजनिक निकायको प्रमुखको कर्तब्य हुनेछ" भनी कानूनी व्यवस्था रहेको देखिन्छ। जसले सार्वजनिक प्रमुखको कर्तव्य र अधिकारको बारेमा स्पष्ट पारेको पाइन्छ।

६५. सामान्यतः सरकारवादी फौजदारी मुद्दामा कसुरदारको कसुर प्रमाणित गर्ने भार वादीमा रहन्छ। त्यसको निम्ति केवल अभियोग लगाएर मात्र हुँदैन। सो अभियोग पुष्टि हुने प्रमाण वादी पक्षले प्रस्तुत गर्न सक्नुपर्छ। जसलाई प्रमाण ऐन, २०३१ को दफा २५ ले स्पष्ट गरेको छ। अतः माथि उल्लिखित **यी प्रतिवादीहरू रमेश प्रसाद पोखरेल, मानिकमान महर्जन, राम बहादुर बुढा, शिरीष उपाध्याय र मित्रलाल गुरौले के कस्ता कार्य गरेका छन् र के कस्तो कार्यबाट के कस्तो कानूनको उल्लङ्घन भई अपराधजनित कार्य भयो र त्यस्तो कार्यमा को कसको के कसरी संलग्नता रहेको छ ?** भन्ने कुरा पनि अभियोजन पक्षले शङ्कारहित तवर (Beyond the reasonable doubt) ले पुष्टि गर्नुपर्नेमा अभियोजन पक्षबाट निज प्रतिवादीहरूहरूको हकमा भ्रष्टाचारजन्य कसुर गरेको तथ्य पुष्टि गर्न सकेको देखिंदैन। निश्चित रुपमा फौजदारी कसुरमा अभियोग दाबी प्रमाणित गर्दा प्रतिव्यक्ति प्रतिप्रमाणबाट पुष्टि हुनुपर्दछ। यी प्रतिवादीहरू उपरको आरोप दाबी शंकारहित तवरबाट उक्त सिद्धान्त अनुसार प्रमाणित गर्न नसकेको अवस्थामा निजहरू उपरको आरोप दाबी स्थापित हुन आउँदैन। अतः यी प्रतिवादीहरूले अभियोग दाबी बमोजिमको कसुर गरेको हो भनी वादी नेपाल सरकारको तर्फबाट ठोस र वस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्ने सकेको नदेखिंदा **प्रतिवादीहरू रमेश प्रसाद पोखरेल, मानिकमान महर्जन, राम बहादुर बुढा, शिरीष उपाध्याय र मित्रलाल गुरौले** आरोपदाबी अनुसारको कसुरबाट उन्मुक्ति पाउनु पर्दछ भनी निजहरूको बयान र कानुन व्यवसायीले समेत लिएको जिकिरलाई अन्यथा भन्नु पर्ने देखिन आउँदैन।

६६. प्रस्तुत मुद्दामा माथि प्रकरण प्रकरणमा विवेचना भए अनुसार तल उल्लिखित पाँच ओटा विषयमा अनियमितता भई भ्रष्टाचारजन्य कसुर भएको पुष्टि भई सकेको छ। सो कसुरमा **प्रतिवादीहरू रमेश प्रसाद पोखरेल, मानिकमान महर्जन, राम बहादुर बुढा, शिरीष उपाध्याय र मित्रलाल गुरौको संलग्नता नरहेको देखिएकोले अब अन्य** प्रतिवादीहरूको के कस्तो संलग्नता तथा भूमिका रहेको छ भन्ने हेर्नु पर्ने भएको छ। त्यसतर्फ विचार गर्दा निम्न विषयमा भएको भ्रष्टाचारजन्य कार्यको कस्को संलग्नतामा भएको हो भनी निष्कर्षमा पुग्नु पर्ने देखियो।

१. **अस्वाभाविक लागत अनुमान तयार गरेको विषय,**

२. **गुणस्तरहीन ट्रान्सफर्मर खरिद/आपूर्ति सम्बन्धी विषय,**

३. **सम्झौताको शर्त विपरित अन्य मुलुकको सामान स्वीकार गरेको विषय,**

४. **कामै नगरी काम भए सरह भुक्तानी गर्ने कार्य गरेको विषय र**

५. **वास्तविक रुपमा आवश्यक नभएको र औचित्य पुष्टि नहुने समान खरिद गरेको विषय।**

६७. यस सन्दर्भमा प्रस्तुत मुद्दाको संक्षेपमा भन्नु पर्दा, यस मुद्दाको खरिद प्रक्रियाको चरणमा प्रतिवादीहरूले गुणस्तरहीन ट्रान्सफर्मर आपूर्ति र खरिद प्रक्रियामा संलग्नता देखाएका छन्। सि. डि. ई. (मेकानिकल) नवीन कुमार पोखरेलले पनि ग़लत विवरण दिएर रिपोर्ट तयार पारेको देखिन्छ। कार्यकारी निर्देशक विकल पौडेलले गुणस्तरहीन ट्रान्सफर्मरको स्वीकारोक्ति गर्ने र त्यसको ग़लत रिपोर्ट तयार गराएर प्रमाणित गर्ने कार्य गरेको देखिन्छ। अन्तिममा, जानजान गुणस्तरहिन ट्रान्सफर्मर आपूर्ति गर्ने प्रबन्ध निर्देशक रोहितमान प्रधानको पनि निजकै प्रतिवेदन अनुसार संलग्नता पुष्टी भएको छ। यसरी, उल्लिखित प्रतिवादीहरूले आफ्नो जिम्मेवारी नसम्झी गलत र गुणस्तरहीन ट्रान्सफर्मरको आपूर्ति र स्वीकृति गर्ने कार्यमा संलग्नता रहेको पाइयो। यसरी यी प्रतिवादीहरूको प्रति व्यक्तिको हकमा बिचार गर्नु पर्नेनै देखिन्छ।

६८. अब, प्रतिवादी **विकल पौडेलको हकमा निर्णयतर्फ हेर्दा,** माथि विवेचित मुद्दाको तथ्य, आधार, कारण र कानूनी

व्यवस्थाको विश्लेषणबाट निस्किएको निष्कर्ष नै निर्णायक हुन्छ। जसअनुसार यसमा सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशक प्रतिवादी विकल पौडेलले सम्झौता विपरीत गुणस्तरहिन Electric Transformer खरिद गरेको भन्ने तथ्य माथि विवेचित प्रमाणहरूबाट पुष्टि हुन्छ। त्यस्तै सम्झौताको सर्त विपरीत तोकिएको Country of Origin बाट जेनेरेटर सेट खरिद नगरी फरक मुलुकमा बनेको जेनरेटर सेट खरिद गरी भुक्तानी दिएको पाइन्छ। निजले खरिद सम्झौताबमोजिम गर्नुपर्ने मर्मतको कामै नगरी झुट्टा बिलको आधारमा सो कार्य वापतको समेत भुक्तानी दिएको देखिन्छ। त्यसैगरी Security Printing Press स्थापना गर्दा प्राथमिकताको आधारमा पूर्वाधार तयारको लागि आवश्यकता पहिचान गरी कार्य सम्पादन गर्नुपर्ने हुन्छ। यस सिलसिलामा विद्युत आपूर्तिको सुनिश्चितताको लागि नेपाल विद्युत प्राधिकरणसँग 11 kv Feeder Line जडान गर्न अनुरोध गरी सुरक्षण मुद्रण केन्द्रबाट रु.१,५४,८१,४८०/६५ उपलब्ध गराएको समेत देखिन्छ। उक्त फिडरलाइनको पूर्वाधार समेत तयार भई विद्युत लाइन जडान गर्ने कार्य मात्र बाँकी रहेको अवस्थामा औचित्य र आवश्यकता नै नरहेको तीन लाख लिटर क्षमताको Bulk Fuel Tank System खरिद तथा निर्माण गरी निज प्रतिवादीले रु.१९,६२,४५,९०९ (उन्नाइस करोड बैसट्ठी लाख पैतालीस हजार नौ सय नौ रुपैयाँ) अनावश्यक रुपमा खर्च गरेको देखियो। यसबाट निज प्रतिवादीले सरकारी सम्पत्तिको गैरकानूनी हानिनोक्सानी पुऱ्याई भ्रष्टाचारजन्य कार्य गरेको देखिन आयो।

६९. उल्लिखित भ्रष्टाचारजन्य कार्यमा निज प्रतिवादी विकल पौडेल सुरक्षण मुद्रण केन्द्रको प्रमुख (कार्यकारी निर्देशक) रही निर्णायक भूमिकामा रहेको तथा उपर्युक्त खरिद कार्य गर्न गराउनको लागि निज प्रतिवादीले आफू मातहतका कर्मचारीलाई टिप्पणी तथा राय पेस गर्न लगाई टिप्पणी स्वीकृत गरी आफूले नै सम्झौता गरेको र सम्झौता विपरीतका सामानहरू स्वीकार गरी भुक्तानी दिने कार्य गरेको देखिंदा निज प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ख), (ङ) र (च) बमोजिमको कसुर गरेको ठहर्छ। सो कसुरमा निज प्रतिवादीलाई सोही ऐनको दफा ८(१) बमोजिम दुई वर्ष कैद र दामासाहीले हुन आउने विगो रु.२५,४७,०१,०६८/०७ जरिबाना हुने ठहर्छ। साथै उक्त बिगो बराबरको रकम रु. २५,४७,०१,०६८/०७ निज प्रतिवादीबाट असुल उपर हुने ठहर्छ।

७०. **प्रतिवादी नवीन कुमार पोखरेलको हकमा हेर्दा,** निज प्रतिवादी नवीन कुमार पोखरेलले गुणस्तरहीन Transformer लाई सम्झौतामा उल्लेख भए अनुरुपको सामान पाइएको भनी गलत विवरण उल्लेख गरी प्रतिवेदन दिएको देखिन्छ। त्यस्तै सम्झौतामा उल्लिखित country of origin बाट नल्याइएको Genset लाई सम्झौता र specification बमोजिम रहेको भनी प्रतिवेदन तथा Detail Post Inspection Report (DPIR) दिएको पाइन्छ। यसका साथै सम्झौता बमोजिम जडित equipment को मर्मत कार्य नै नगरिएको अवस्थामा सो कार्य भए गरेको भनी सद्दे बिलको रुपमा पेस भएको भनी झुट्टा बिल भुक्तानीको लागि पेस गरेको देखिन्छ। यसबाट निज प्रतिवादीको उल्लिखित भ्रष्टाचारजन्य कार्यमा प्रतिवादी विकल पौडेलसँग मिलेमतो र संलग्नता भएको देखिन आएकोले निज प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ख) र (ङ) बमोजिमको कसुर गरेको ठहर्छ। उक्त कसुरमा निज प्रतिवादीलाई सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम ६ महिना कैद र दामासाहीले हुन आउने बिगो बराबर रु.५,८४,५५,१५९।०७ जरिबाना हुने ठहर्छ। साथै उक्त बिगो बराबरको रकम रु.५,८४,५५,१५९।०७ निज प्रतिवादीबाट असुल उपर हुने ठहर्छ।

७१. **प्रतिवादी रोहितमान प्रधानको हकमा हेर्दा,** इन्जिनियरिङ्ग मार्केटिङ्ग कन्सर्न प्रा.लि.का प्रबन्ध निर्देशक रोहितमान प्रधानले सम्झौता विपरित कम गुणस्तरको ट्रान्सफर्मर र तोकिएको मुलुकभन्दा फरक मुलुकमा बनेको जेनरेटर सेट आपूर्ति गरी भुक्तानी लिएको देखिन्छ। त्यस्तै गर्दै नगरेको मर्मत कार्यको बिल पेस गरी भुक्तानी लिएको पाइन्छ। अतः निज प्रतिवादी उपर्युक्त बमोजिमको भ्रष्टाचारजन्य कार्यमा संलग्न भएको देखिएकोले निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको ठहर्छ। सो कसुरमा निज प्रतिवादीलाई सोही दफा ८(४) बमोजिम बिगो बराबर रु.५,८४,५५,१५९/०७ जरिबाना हुने ठहर्छ। साथै सोही दफा ८(४)

बमोजिम उक्त बिगो रु.५,८४,५५,१५९।०७ निज प्रतिवादीबाट जफत हुने हुँदा असुल उपर हुने ठहर्छ।

७२. **प्रतिवादी भुवन महर्जनको हकमा हेर्दा,** मेपटेक बिल्डिङ सर्भिसेज प्रा.लि.का निर्देशक निज प्रतिवादी भुवन महर्जनले परामर्शदाताको रुपमा कार्य गरी गुणस्तरहीन ट्रान्सफर्मर आपुर्ति भएको देखिंदा देखिंदै चेक जाँच गरिकन पनि सम्झौता र specification बमोजिमकै रहेको भनी गलत प्रतिवेदन दिएको देखिन्छ। त्यस्तै निजले सम्झौताको सर्त विपरीत Country of Origin बाट नभई अन्य मुलुकमा बनेको जेनरेटर सेट आपूर्ति गरिएकोमा पनि सम्झौता र specification बमोजिम नै रहेको भनी गलत प्रतिवेदन दिएको देखिंदा निज प्रतिवादीको भ्रष्टाचारजन्य कार्यमा संलग्नता देखिन आयो। तसर्थ निज प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको ठहर्छ। सो कसुरमा निज प्रतिवादीलाई सोही दफा ८(४) बमोजिम बिगो बराबर रु.५,७९,६२,१३५/२५ जरिबाना हुने ठहर्छ। साथै सोही दफा ८(४) बमोजिम उक्त बिगो रु.५,७९,६२,१३५।२५ निज प्रतिवादीबाट जफत हुने हुँदा असुल उपर हुने ठहर्छ।

७३. अरु प्रतिवादीहरू रमेश प्रसाद पोखरेल, मानिकमान महर्जन, शिरीष उपाध्याय, राम बहादुर बुढा र मित्रलाल गुरौंको हकमा माथि विवेचित आधार कारणहरू र मिसिल संलग्न प्रमाणबाट निजहरू विरुद्धको अभियोग दाबी पुष्टि हुन आएन। तसर्थ निज प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ। अरुमा आरोप दाबी पुग्न सक्तैन। तपसिल बमोजिम गर्नू।

**सदस्य** **अध्यक्ष**

**फैसला तयार गर्न सहयोग पुऱ्याउनेः**

*इजलास अधिकृतः सागर भण्डारी*

*कम्प्युटर अपरेटरः भानु बस्नेत*

**इति संवत् २०८१ साल जेष्ठ महिना ०८ गते रोज ०३ शुभम्..........................................................।**

**श्री**
**विशेष अदालत काठमाडौं**
**(इजलास नं.१)**
**अध्यक्ष माननीय श्री टेक नारायण कुँवर**
**सदस्य माननीय श्री राम बहादुर थापा**
**सदस्य माननीय श्री रितेन्द्र थापा**
**फैसला**
**मुद्दा नं.: ०७९-CR-०१३१**
**दर्ता मितिः २०८०/०१/१९**
**फैसला मितिः २०८०/११/१६**
**नि.नं.: २०३**

मुद्दाः गलत लिखत तयार गरी ऐलानी जग्गामा बनेको घर राजीनामा पास गरी भ्रष्टाचार गरेको।

**वादी** : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृत रुविना शाहीको प्रतिवेदनले नेपाल सरकार।

**विरुद्ध**

**प्रतिवादी** : जिल्ला गुल्मी, गुल्मी दरबार गाँउपालिका वडा नं. ५ स्थायी घर भई हाल जिल्ला काठमाडौं, कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ९, काडाँघारी बस्ने चक्रपाणी अर्यालको नाति, जीवराज अर्यालको छोरा मालपोत कार्यालय, पर्साका तत्कालीन मालपोत अधिकृत **पदम प्रसाद अर्याल** मोबाईल नं. ९८४१०३८९७४) समेत।

**ठहर खण्ड**

१. विशेष अदालत नियमावली, २०८० नियम ४३ र ४४ बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णायार्थ इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा प्रतिवादीहरू उपरको आरोप दाबी तथा मिसिल संलग्न प्रमाण कागजातहरू अध्ययन गरियो।

२. वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालयका विद्वान उपन्यायाधिवक्ता श्री भगवती देवी गौतमले प्रतिवादीहरू पदम प्रसाद अर्याल र लेखनाथ भट्टराईले जिल्ला पर्सा साविक अलौ गा.वि.स. वार्ड नं. ५ कि.नं. ९२ को ज.वि. ०-६-० मध्ये दक्षिण तर्फबाट ०-३-० जग्गामा भएको फुसको घर मात्र भनी मालपोत कार्यालय, पर्साको र.नं. १८३९(क) र र.नं. १८४०(क) मिति २०७१।०५।२४ को राजीनामा लिखत पारित गरेको अवस्था छ। यी प्रतिवादीहरूमध्ये प्रतिवादी लेखनाथ भट्टराईले राजीनामा लिखत तयार गरेको र अर्का प्रतिवादी पदम प्रसाद अर्यालले उक्त लिखतलाई प्रमाणित गरी दिएबाट गलत राजीनामा लिखत पारित गरीदिई ऐलानी/सार्वजनिक जग्गा कानून विपरीत भोगचलन हस्तान्तरण गर्ने गैह्रकानूनी कार्यबाट नेपाल सरकारलाई हानि पुऱ्याएको साथै प्रतिवादीहरू ज्याउल हक र एसानुल हक राकीले कानून विपरीत भोगचलन हस्तान्तरण गर्ने गैह्रकानूनी कार्यमा राष्ट्रसेवकलाई सहयोग गरी यी प्रतिवादीहरूले लिखत पारित गरी फाईदा लिई नेपाल सरकारलाई हानि पुऱ्याई गलत लिखत तयार गर्ने कसूरको मतियारको रुपमा कार्य गरेको देखिएको हुँदा निज प्रतिवादीहरूलाई आरोपदाबीबमोजिम सजाय होस भनी गर्नु भएको बहस सुनियो।

३. प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री राजु प्रसाद चापागाईले मिति २०७१/५/२४ गतेमा पारित र.नं. १८३९ (क) र १८४० (क) को राजीनामा लिखतहरू तयार गर्ने काम लेखापढी कानून व्यवसायी र खरिद/

बिक्रीकर्ता गरेका हुन्। उक्त राजीनामा लिखत लेखापढी कानून व्यवसायीले तयार गरी राजीनामा लिखतमा आवश्यक पर्ने सम्पूर्ण विवरण भरी भराई, रोक्का मोठ फाँटबाट रोक्का छैन भनी लेखी आएपछि लिने/दिने दुबै पक्षको सहीछाप गराई, साक्षी समेत राखी लिखतमा भएका लिने/दिनेको नागरिकता अनुसारको विवरण चेकजाँच गरी स्थानीय निकायको सिफारिस/सर्जमिन र अदालतको मिलापत्र समेतका आधारमा लिखतमा भएको थैली अनुसारको राजश्व असुल गरी राजीनामा पारितको लागि मालपोत अधिकृतसमक्ष पेस गरेको अवस्था हो। मालपोत नियमावली, २०३६ को नियम ५ को खण्ड (ख) बमोजिम गठित न्यूनतम मूल्याङ्कन समितिले मिति २०७१/३/३० गते ऐलानी जग्गामा बनेका घरहरूको लिखत पारित गर्ने गरेको व्यवस्था, पर्सा जिल्ला अदालतवाट भएको अंशदर्ता मुद्दाको मिलापत्र, बसडिल्वा गा.वि.स. को हकभोग सिफारिस सर्जमिन समेतका आधारमा उक्त अलौ गा.वि.स. वडा नं. ५ को कि.नं. ९२ को जग्गामा रहेको फुसको घर मात्र राजश्व दस्तुर लिई मालपोत अधिकृतबाट लिखत पारित भएको हो। यसमा जग्गा पारित नगरेकोले नेपाल सरकारलाई कुनै हानिनोक्सानी पुग्ने गरी कुनै भ्रष्टाचार जन्य कसुर भए गरेको छैन। तसर्थ निज प्रतिवादीहरूलाई सफाई दिलाई पाउँ भनी गर्नु भएको बहस सुनियो।

४. अभियोग दाबी तर्फ हेर्दा, प्रतिवादीहरू पदमप्रसाद अर्याल र लेखनाथ भट्टराईलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसूरको हुँदा निज प्रतिवादीहरूलाई सोही दफा ९ बमोजिम कैद र जरिबानाको सजाय गरी अन्य प्रतिवादीहरू ज्याउल हक र एसानुल हक राकीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिम गलत लिखत तयार गर्ने कसूरको मतियारको रुपमा कार्य गरेको देखिएकोले निजहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम मुख्य कसूरदार लाई हुने सजायबमोजिम सजाय गरी पाउँ भन्ने आरोप दाबी लिई यस अदालतसमक्ष प्रस्तुत मुद्दाको आरोपपत्र दायर हुन आएको देखियो।

५. उपर्युक्त तथ्य एवम् आरोप दाबी रहेको प्रस्तुत मुद्दामा निम्न विषय सम्बन्धमा निक्यौंल गरी निर्णयमा पुग्नु पर्ने देखिन आयोः-

**(क) प्रतिवादीहरूले आरोप दाबी अनुसारको कसूर गरेको देखिन्छ वा देखिदैन ?**

**(ख) कसूर गरेको देखिए प्रतिवादीलाई के कस्तो सजाय हुन सक्ने हो ?**

६. निर्णय तर्फ विचार गर्दा, पर्सा जिल्ला अलौ गा.वि.स. वार्ड नं. ५ कि.नं. ९२ को ज.वि. ०-६-० पर्ती सार्वजनिक भएकोमा चलखेल गरी सार्वजनिक जग्गा व्यक्तिको नाममा श्रेस्ता तयार गरी बिक्री समेत गरेको भन्ने उजुरी निवेदन रहेको देखिन आयो।

७. मिसिल संलग्न कागजात हेर्दा, जिल्ला पर्सा अलौ गा.वि.स. वार्ड नं. ५, कि.नं. ९२ को फिल्डबुकमा क्षेत्रफल ज.वि. ०-६-०, किसान महलमा पर्ती जनिएको र कैफियत महल खाली रहेको र नक्सामा समेत उक्त जग्गा रहेको देखिन्छ। सोही कि.नं. ९२ उपर वादी फुल कुमारी देवी र प्रतिवादी जोगी राउत डोम बीच पर्सा जिल्ला अदालतमा दे.नं. ०७०-CP-१०३३ को अंश दर्ता मुद्दा दर्ता भई उक्त सार्वजनिक जग्गा प्रतिवादी जोगी राउत डोमको हक भोग चलनमा रहने गरी मिलापत्र गर्न सहमत भई पर्सा जिल्ला अदालतमा मिति २०७०।११।३० मा मिलापत्र भएको देखिन्छ।

८. माथि उल्लिखित जग्गामा मिति २०२२ सालमा सम्पत राउत डुमले फुसको घर बनाई बसोबास गरी आएको र निजको स्वर्गबास पछि जोगी राउत डोमले उक्त घर मर्मत सम्भार गरी बसोबास गरी आएको र पर्सा जिल्ला अदालतमा उक्त जग्गा निजकै अंश हकभोगमा रहने गरी मिलापत्र भएकोले उक्त जग्गा जोगी राउत डोमको नामबाट कुनै नेपाली नागरिकसँग पर्सा जिल्ला अदालतको मिलापत्र, फिल्डबुक र सर्जमिन मुचुल्का अनुसार राजीनामा लिखत पारितको लागि मालपोत कार्यालयको नियमानुसार गर्न भन्ने समेत बेहोराको बसडिल्वा गा.वि.स., पर्साको च.नं. १५० मिति २०७१।१।२ बाट सिफारिस भएको देखिन्छ।

९. प्रतिवादीहरू मालपोत अधिकृत पदम प्रसाद अर्याल र ना.सु. लेखनाथ भट्टराईले जिल्ला पर्सा साविक अलौ गा.वि.स. वार्ड नं. ५ कि.नं. ९२ को ज.वि. ०-६-० मध्ये दक्षिण तर्फबाट ०-३-० जग्गामा भएको फुसको घर दिने जोगी

राउत डोम र लिने ज्याउल हक उल्लेख गरी र.नं. १८३९(क) मिति २०७१।०५।२४ को राजीनामा लिखत पारित गरेको देखिन आयो। उक्त कि.नं. ९२ को ज.वि. ०-६-० मध्ये उत्तर तर्फबाट ०-३-० जग्गामा भएको फुसको घर दिने जोगी राउत डोम र लिने एसानुल हक राकी उल्लेख गरी र.नं. १८४०(क) मिति २०७१।०५।२४ को राजीनामा लिखत पारित गरेको तथ्य मिसिल संलग्न कागजातबाट देखिन्छ।

१०. अब उल्लिखित तथ्य भएको प्रस्तुत मुद्दामा कि.नं. ९२ को ज.वि. ०-६-० जग्गा सर्वप्रथम जोगी राउत कुर्मीको हो वा पर्ती सार्वजनिक जग्गा के हो ? भनी विवेचना गर्नु पर्ने देखियो। सो सम्बन्धमा मिसिल संलग्न फिल्डबुकमा उक्त जग्गा प्रर्ती जग्गा रहेको भन्ने प्रष्ट देखिन आयो। उक्त फिल्डबुक उतार निम्नबमोजिम रहेको देखिन्छ।



त्यस्तै बसडिल्वा गा.वि.स. को सिफारिससमेतबाट अदालतको मिलापत्र, फिल्डबुक र सर्जमिन मुचुल्का अनुसार गर्न भनी उल्लेख भएकोमा मालपोत कार्यालयबाट राजीनामा पारित गर्दा कि.नं. ९२ फिल्डबुकमा प्रष्ट पर्ती जनिएको अवस्थामा सो तर्फ ध्यान दिएको देखिंदैन।

११. प्रतिवादीहरू पदम प्रसाद अर्याल र लेखनाथ भट्टराइले अदालत समक्ष बयान गर्दा, पर्सा जिल्ला अदालतको मिलापत्र, वस्डिल्वा गा.वि.स.को स्थलगत सर्जमिन मुचुल्का सहितको किटानी हकभोग सिफारिस, फिल्डबुक समेतका आधारमा लिनेदिनेको सही सनाखत लिखतमा भएको हुँदा सोही आधारमा राजीनामा पारितको लागि मालपोत अधिकृतसमक्ष पेस भएको र मुलुकी ऐन, २०२० रजिस्ट्रेसनको महलको ३ नं. बमोजिम पारित हुने लिखतमा थैली अङ्क कायम गर्ने प्रयोजनको लागि गठित समितिको मिति २०७१/०३/३१ गतेको निर्णयको अन्य महलको प्रकरण ६, मोठ स्रेस्ता व्यवस्थापन कार्यविधि, २०५६ को दफा ११९ को खण्ड(क) र मिति २०५६/०२/०२ को विभागीय परिपत्र र

ऐलानी जग्गामा बनेको घरमात्र पारित गर्ने विगत वर्ष देखिको प्रचलनसमेतको आधारमा मालपोत अधिकृतको हैसियतले नियमित कर्तव्यको रुपमा लिखतमा घरमात्र उल्लेख गरी घरसम्म पारित गरेको हो भनी आरोपित कसूरमा पूर्णतः इन्कारी बयान गरेको देखिन्छ। तर निजहरूले लिखत पास गर्दा आधार लिएका कानूनी व्यवस्था गाउँ ब्लकको जग्गाको लागि मात्र लागू हुने प्रकृतिको देखिन्छ। कि.नं. ९२, गाउँब्लकको जग्गा नभई पर्ती जग्गा रहेको कुरा फिल्डबुकमै उल्लेख भएको तथ्य नक्साबाट समेत स्पष्ट देखिँदा निज प्रतिवादीहरूले लिएको जिकिर सत्य तथ्ययुक्त देखिन आउँदैन।

१२. त्यस्तै प्रतिवादी ज्याउल हक र एसानुल हकले अदालतसमक्ष बयान गर्दा, आफूहरूले राष्ट्रसेवक कर्मचारीलाई सहयोग गरी आफूहरूलाई लिखत पारित गरी फाईदा लिई नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याएको छैनौं। कि.नं. ९२ को जग्गा क्षेत्रफल ०-६-० मध्ये ०-३-० प्रतिवादी ज्याउल हकले र बाँकी ०-३-० जग्गा एसानुल हकले थैली जनही रु.५,००,०००।- दरमा दिने जोगी राउत डोमबाट खरिद गरेको हो। सोमा भएको फुसको घरसमेत जग्गासँगै खरिद गरेको हो भनी आरोप दाबीमा यसै अदालतबाट जग्गा खरिदलाई स्वीकार गरी इन्कारी बयान गरेको देखिन्छ। तथापि यी प्रतिवादीहरूले आफूहरूले घर जग्गा खरिद गर्दा के कसको स्वामित्वमा भएको जग्गा हो भन्ने तर्फ विचार गर्नुपर्नेमा सो तर्फ विचार नगरी जानाजान पर्ती जग्गासँगै फुसको घरसमेत खरिद गरेको देखिन्छ।

१३. यसै सन्दर्भमा सरकारी/सार्वजनिक जग्गामा अतिक्रमण गरी व्यक्ति विशेषले घर बनाउन सक्ने कानूनी व्यवस्था नरहेको र त्यस्ता प्रकृतिका घर बिक्री गर्ने अवस्थामा जग्गा प्रशासन निर्देशिका, २०५८ को दफा १६७ आकर्षित हुन नसक्ने भनी भूमि व्यवस्थापन तथा अभिलेख विभागको च.नं. २२० मिति २०७९।०४।१६ को पत्रबाट स्पष्ट राय प्राप्त भएको देखिन्छ।



नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
(मालपोत तथा भूमिसुधार शाखा)

फ्याक्स नं. ५३३०५८५
महानिर्देशक: ५३२३०४९
निर्देशक प्रशासनः- ५३२५९
निर्देशक योजनाः- ५३२६९८
क.प्र.शाखाः- ५३६६४९३
आ.प्र.शाखाः- ५३६६४९३
पिए Ext.:- ५३२००२८

पत्र संख्याः- २०७९/०८०/ज.प्र.१६/२ /१८६
चलानी नं.:- २२०

बबरमहल, काठमाण्डौ
नेपाल ।

मितिः- २०७९।०४।१६

विषयः- राय पठाईएको।

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
टङ्गाल,काठमाण्डौं ।

उपरोक्त सम्बन्धमा तहाँ आयोगको प.सं. भूमि२/२४/रुविना/२०७९/०८० च.नं.div2-2127 मिति २०७९/४/११ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो । सो सम्बन्धमा सरकारी/सार्वजनिक जग्गामा अतिक्रमण गरी व्यक्ति विशेषले घर बनाउन सक्ने कानूनी व्यवस्था नरहेको र त्यस्ता प्रकृतिका घर विक्री गर्ने अवस्थामा जग्गा प्रशासन निर्देशिका, २०५८ को दफा १६७ आकर्षित हुन नसक्ने व्यहोराको राय पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(विष्णु प्रसाद गौतम)
शाखा अधिकृत

जग्गा प्रशासन निर्देशिका, २०५८ को निर्देशन नं. १६७ ले *"अर्काको जग्गामा मन्जुरीले घर बनाएको वा अदालतको फैसलाले घरमा हक कायम भई आएको भए शहरी क्षेत्रमा नक्सा पास गरेको प्रमाण र कर कार्यालयले गरेको घरको मूल्याङ्कन सहितको कर फुकुवा पत्र पेस गराई सो मूल्याङ्कनलाई घरको मूल्य कायम गरी लिखत पारित गरिदिनु पर्छ र लिखतमा जग्गा कस्को हो भन्ने कुरा खुलाउनु पर्छ"* भन्ने प्रावधान रहेको देखिन्छ। उक्त प्रावधानले अन्य कसैको जग्गामा निजको मन्जुरीले घर बनाएको वा अदालतको फैसलाले हक स्थापित भएको हुनु पर्छ। सो प्रावधानले पर्ती जग्गामा बनाएको घर टहरोलाई पनि मालपोत कार्यालयले हकहस्तान्तरण गरिदिने हो भने सबै व्यक्तिले पर्ती जग्गामा घर टहरो बनाउने र घरटहरो पारित गर्ने नाउँमा मालपोत कार्यालयबाट नै एक अर्कालाई हकहस्तान्तरण गर्दै जाने र अनन्त कालसम्म पर्ती जग्गा भोग चलन गर्ने स्थित पैदा हुन्छ। उक्त प्रावधानको प्रयोग मालपोत कार्यालयले त्यसरी गर्दै जाने हो भने राज्यको पर्ती तथा सार्वजनिक जग्गाहरू सुरक्षित वा संरक्षित रहदैन। सबै पर्ती जग्गाहरू अतिक्रमित हुँदै जाने हुन्छ।

१४. यी प्रतिवादीहरू मालपोत अधिकृत पदम प्रसाद अर्याल र ना.सु.लेखनाथ भट्टराईले ऐलानी जग्गामा बनेको घरमात्र पारित गर्ने विगत वर्ष देखिको प्रचलन समेतको आधारमा लिखतमा घरमात्र उल्लेख गरी घरसम्म पारित गरेको भनी जिकिर लिएको भए तापनि निजले पारित गरेको र.नं. १८३९(क) को राजीनामा लिखतको जग्गा खरिद गरी लिने ज्याउल हक र र.नं. १८४०(क) राजीनामा लिखत पारित गरी लिने एसानुल हक राकीले फुसको घर समेतका जग्गा खरिद गरेका हौं भनी बयान गरेको पाइन्छ। मालपोत ऐन तथा नियमावली एवम् जग्गा प्रशासन निर्देशिकाले पर्ती जग्गामा बनेका घर तथा संरचना मालपोत कार्यालयबाट राजीनामाको लिखत पारित गर्न सकिने वा गर्न मिल्ने देखिंदैन। तसर्थ यी प्रतिवादीले गरेको कार्य कानूनबमोजिम रहेको मान्न सकिएन। यसबाट निजहरूले आफ्नो प्रतीरक्षाको लागि पेस गरेको कानूनी आधार नै औचित्यहीन र त्रुटिपूर्ण रहेको देखियो।

१५. यसरी प्रतिवादीहरूमध्ये प्रतिवादी लेखनाथ भट्टराईले राजीनामा लिखत तयार गरेको र अर्का प्रतिवादी पदम प्रसाद अर्यालले उक्त लिखतलाई प्रमाणित गरी दिएबाट गलत राजीनामा लिखत पारित गरिदिई ऐलानी/सार्वजनिक जग्गा कानून विपरित भोगचलन हस्तान्तरण गर्ने गैरकानूनी कार्य हुन गएको देखिन्छ। सो कार्यबाट नेपाल सरकारलाई हानि पुऱ्याएको भन्ने आरोपदाबी अन्यथा देखिन आएन। साथै प्रतिवादीहरू ज्याउल हक र एसानुल हक राकीले कानून विपरित भोगचलन, हस्तान्तरण गर्ने गैह्रकानूनी कार्यमा राष्ट्रसेवकलाई सहयोग गरी आफूहरूले लिखत पारित गरी फाईदा लिई नेपाल सरकारलाई हानि पुऱ्याई गलत लिखत तयार गर्ने कसूरको मतियारको रुपमा कार्य गरेको देखिएको हुँदा निजहरूले आरोपदाबीबमोजिमको कसूर गरेको पुष्टि हुन आयो।

१६. तसर्थ माथि विवेचित आधार, कारण र प्रमाण समेतबाट कि.नं. ९२ को ६ कठ्ठा जग्गा पर्ती जग्गा हो भन्ने फिल्डबुकबाट देखिन्छ। सो जग्गा खरिद गरी लिने प्रतिवादीहरू एसानुल हक र ज्याउल हकले फुसको घर समेत जग्गा खरिद गरेका हौं भनी अदालतमा बयान गरेको पाइन्छ। अतः उल्लिखित कित्ताको जग्गा समेत खरिद हुने गरी पारित राजीनामाको लिखतमा ३-३ कट्ठा जग्गा र सोमा बनेको फुसको घर भन्ने समेत उल्लेख गरी लिखत पारित गरेको पाइन्छ। सो लिखत पारित गर्ने कार्य बदनियतपूर्ण देखिन आएकोले प्रतिवादीहरू पदम प्रसाद अर्याल, लेखनाथ भट्टराई समेतले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिम कसूर गरेको पुष्टि हुन आयो। तसर्थ निज प्रतिवादीहरूलाई सोही ऐनको दफा ९ बमोजिम ३ (तीन) महिना कैद र रु.१०,०००।- (दश हजार रुपैयाँ) जरिबाना समेत हुने ठहर्छ। त्यस्तै लिखत पारित गरी लिने प्रतिवादीहरू ज्याउल हक र एसानुल हक राकीको हकमा उक्त ऐनको दफा ९ को कसूरको मतियारको भूमिका निर्वाह गरेको देखिन आएकोले निज प्रतिवादीहरूलाई ऐ.ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम कसूरदारलाई भए सरह जनही ३ (तीन) महिना कैद र रु.१०,०००।- (दश हजार रुपैयाँ) जरिबाना हुने समेत ठहर्छ। अरूमा तपसिल बमोजिम गर्नू।

**सदस्य** **सदस्य** **अध्यक्ष**

**फैसला तयार गर्न सहयोग पुऱ्याउनेः-**

इजलास अधिकृतः सुदर्शन पुरी

कम्प्युटर अपरेटरः कल्पना पराजुली

इति संवत् २०८० साल फागुन १६ रोज ४ शुभम्.............................................................।

श्री
विशेष अदालत काठमाडौं
इजलास
अध्यक्ष माननीय श्री टेक नारायण कुँवर
सदस्य माननीय श्री तेज नारायण सिंह राई
सदस्य माननीय श्री मुरारीबाबु श्रेष्ठ
फैसला
(इजलास नं.१)
मुद्दा नं.०८०-CR-००१३
दर्ता मितिः२०७६/०१/३१
फैसला मितिः२०८०/१०/२४/४
निर्णय नं.-१४८

मुद्दाः– सरकारी कागजात सच्चाई भ्रष्टाचार गरेको।

**वादी** : अख्तियार दुरुपयोग अनुसन्धान आयोगका तर्फबाट अनुसन्धान अधिकृत पुस्कर रानाको प्रतिवेदनले नेपाल सरकार।

**विरुद्ध**

**प्रतिवादी** : मानवीर बि.क.को नाति, मंगल बहादुर बि.क.को छोरा, जिल्ला चितवन, साबिक कल्याणपुर गा.वि.स. वडा नं. ०६, हाल जिल्ला चितवन, भरतपुर म.न.पा. वडा नं. ०९ घर भई हाल भूमिसुधार तथा मालपोत कार्यालय, पर्साका कार्यालय प्रमुख **गम बहादुर विश्वकर्मासमेत।**

**ठहर खण्ड**

१. विशेष अदालय नियमावली, २०८० नियम ४४ बमोजिम दैनिक पेसी सूचीमा चढी इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री गोपाल लामिछानेले मोही बाँडफाँड सम्बन्धी निर्णय गर्दा आधार लिइएका नकटुवा गा.वि.स. वडा नं. २ कि.नं. ५५ को जग्गाको मोहीको लगत सम्बन्धी अनुसूचीको पानामा मोही नागेश्वर राउत कुर्मी उल्लेख भएको विवरण थपघट तथा सच्याइएको भन्ने विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदनबाट पुष्टि भएको छ। सरकारी कार्यालयमा रहेको कागजात सच्याउने कार्य भई भ्रष्टाचारजन्य कसुर भएको र सो कसुरमा प्रतिवादीहरूको संलग्नता भएकोले आरोपदाबीबमोजिम सजाय हुने गरी फैसला हुन अनुरोध छ भन्ने बहस प्रस्तुत गर्नुभयो।

२. प्रतिवादी तीनै जनाको तर्फबाट विद्वान् अधिवक्ता श्री रामेश्वर प्रसाद कोइराला, प्रतिवादी गम बहादुर विश्वकर्माको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री कृष्ण प्रसाद सापकोटा, प्रतिवादी नागेश्वर राउत कुर्मीको तर्फबाट विद्वान् अधिवक्ता श्री पूर्ण प्रसाद चिमरियाले कार्यालयमा भएको लगतको आधारमा भिडाएको र लगतको आधारमा मोही बाँडफाँडको निर्णय गरेको अवस्था हो। कार्यालयमा भएको मोही लगत सम्बन्धी कागजात सच्याउने कार्य यी प्रतिवादीहरूले गरेको भन्ने कुनै वस्तुनिष्ठ प्रमाण छैन। प्रतिवादीहरूले आरोप दाबी बमोजिम कसुर गरेको पुष्टि नभएकोले प्रतिवादीहरूले आरोपदाबीबाट सफाइ पाउने गरी फैसला हुन अनुरोध छ भन्ने बहस प्रस्तुत गर्नुभयो। आरोपपत्र र प्रतिवादीहरूको बयान एवम् मिसिल संलग्न प्रमाणसमेतका आधारमा प्रस्तुत मुद्दामा निम्न प्रश्नहरूको निरूपण हुनुपर्ने देखियोः

*क) प्रतिवादीहरूले आरोप दावीबमोजिम गलत लिखत तयार गरी भ्रष्टाचार गरेका हुन् वा होईनन् ?*
*ख) प्रतिवादीहरूलाई आरोप दावीबमोजिम सजाय हुने हो वा होइन ?*
*ग) यदि सजाय हुने हो भने कुन प्रतिवादीलाई के कति सजाय हुने हो ?*

३. जिल्ला पर्सा (साविक जिल्ला बारा), नकटुवा गा.वि.स. वडा नं. २ कि.नं. ५६ को ज.वि. ०-१०-० साथै ऐ.ऐ. नगवा गा.वि.स. वडा नं. ५ कि.नं. ११२ को ज.वि. ०-९-१० र कि.नं. २१३ को ज.वि. ०-५-५ को जग्गामा भूमिसुधार कार्यालय, पर्साले मोहीयानी हकको नक्कली लगत खडा गरी मोही बाँडफाँड निर्णय गरेको समेतका विषयमा अनुसन्धान गरी संलग्न कर्मचारी उपर कारवाही गरी पाऊँ भन्ने भन्ने समेत बेहोरा उल्लेख भएको द.नं. ७४०२ मिति २०७४/०३/१९ को उजुरी निवेदनबाट प्रस्तुत मुद्दाको अनुसन्धान गरी यो आरोप दावी दायर हुन आएको देखिन्छ।

४. आरोप दावीमा प्रतिवादी गम बहादुर बि.क. र प्राणनाथ कसजुले जिल्ला पर्सा (साविक जिल्ला बारा), नगवा गा.वि.स. वडा नं. ५ को कि.नं. ११२ र २१३ जग्गाको मोहीको लगत सम्बन्धी ३ नं. अनुसूचीका साथै ऐ. नकटुवा गा.वि.स. वडा नं. २ को कि.नं. ५६ को जग्गाको मोहीको लगत सम्बन्धी १, २ र ३ नं. अनुसूची सच्याउने तथा थपघट गर्ने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसूर गरेको देखिँदा निज प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिम सजाय हुन भनी अभियोग मागदाबी लिएको देखिन्छ।

५. त्यस्तै अर्का प्रतिवादी नागेश्वर राउत कुर्मी नक्कली मोही बनी भूमिसुधार कार्यालय, पर्साका कर्मचारीलाई प्रलोभनमा पारी मोहीका अभिलेखहरूमा थपघट तथा सच्चाउने कार्यमा प्रपञ्च मिलाउने र आफूलाई गैरकानूनी तरिकाबाट बदनियतपूर्वक लाभ लिने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूर गरेको देखिँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन मागदावी लिइएको देखिन्छ।

६. उपर्युक्त अभियोग माग दावी रहेको यस मुद्दामा सर्वप्रथम **प्रतिवादीहरूले आरोप दावी बमोजिमको कसूर गरेको हुन वा होईनन् ?** भन्ने पहिलो मुख्य प्रश्नमा विचार गर्नु पर्ने भएको छ। यस प्रश्नसँग सम्बन्धित तथ्य र प्रमाणको विवेचना गर्दा निम्न तथ्यहरू हेर्नु महत्वपूर्ण हुन्छः

१. अनुसन्धानको सिलसिलामा सङ्कलित मिसिल संलग्न कागजातहरू
२. प्रतिवादीहरूको बयान जिकिर
३. जग्गाको स्रेस्ता उतार
४. मोहीको लगत
५. फिल्डबुक उतार
६. मोठ स्रेस्ताको उतार
७. अभिलेखमा जनिएका प्रमाणहरू
८. राष्ट्रिय विधि-विज्ञान प्रयोगशालाको प्रतिवेदन
९. साक्षीहरूको बकपत्र।

७. सो प्रश्न तर्फ हेर्दा जिल्ला पर्सा (साविक जिल्ला बारा), नकटुवा गा.वि.स. वडा नं. २ कि.नं. ५६ को ज.वि.०-१०-० ऐ. नगवा गा.वि.स. वडा नं. ५ कि.नं. ११२ को ज.वि. ०-९-१० र कि.नं. २१३ को ज.वि. ०-५-५ जग्गाहरूको मोही दावीसहित नागेश्वर राउत कुर्मीले मोही बाँडफाँडको लागि तत्कालीन भूमिसुधार कार्यालय, पर्सामा मिति २०६३।१२।२८ मा छुट्टाछुट्टै निवेदन दिएको देखिन्छ। उक्त मध्ये कि.नं. ५६ को निवेदन उपर मिति २०६३।१२।३० मा निवेदकलाई सहीछाप सनाखत गराई तारेखमा राखी विपक्षी बुझी पेस गर्नु भनी भूमिसुधार कार्यालय, पर्साका तत्कालीन कार्यालय प्रमुखले आदेश पत्र खडा गरेको पाइन्छ। सो अवस्थामा पुनः मिति

२०७४।२।२८ मा कार्यालय प्रमुखले निवेदकले माग गरेका कित्ता जग्गाको स्रेस्ता उतार, मोहीको लगत भिडाई जग्गाधनी र मोहीलाई उपस्थित हुन पेसी तोक्नु भनी आदेश गरेको देखिन्छ।

८. यसै क्रममा भूमिसुधार कार्यालय, पर्साबाट उक्त कि.नं. ५६ को जग्गामा नयाँ कायम भएको कि.नं. १२२८ को मोठ स्रेस्ताको उतार र हालको जग्गाधनीको नाम खुलाई पठाउनु हुन भनी मालपोत कार्यालय, पर्सामा पत्राचार गरेको पाइन्छ। मालपोत कार्यालय, पर्साको पत्र जवाफमा उक्त कि.नं. १२२८ को जग्गाधनी दर्ता स्रेस्ताको उतार एवं उक्त कि.नं. ५६ जग्गाको दर्ता स्रेस्तामा जग्गाधनी जोतिया अहिरिन र मोहीमा नागेश्वर राउत कुर्मीको नाउँ जनिएको भनी बेहोरा उल्लेख गरिएको देखिन्छ।

९. उक्त कि.नं. ५६ को साविकको जग्गाधनी जोतिया अहिरनि कायम रहँदाको जग्गाधनी दर्ता स्रेस्तामा मोही नागेश्वर राउत कुर्मी उल्लेख भएकोमा पछि नामसारी निर्णयबाट उक्त जग्गाको जग्गा धनी सितम राउत अहिर कायम हुन आएको देखिन्छ। जग्गाधनी दर्ता स्रेस्ताको मोहीमा पनि सितम राउत अहिर कै नाम उल्लेख भएको देखिन्छ। उक्त कि.नं. ५६ को जग्गा मध्येबाट केही जग्गा नहरमा परी बाँकी जग्गामा कायम हुन आएको कि.नं. १२२८ को जग्गाधनी दर्ता स्रेस्तामा पनि मोहीमा सितम राउत कुर्मीको नाम उल्लेख भएको देखिन्छ। यसका साथै उक्त कि.नं. ५६ को फिल्डबुकमा पनि मोही सितम राउत अहिर उल्लेख भएको देखिन्छ।

१०. अभिलेख विवरण हेर्दा उक्त जग्गामा साविकमा जग्गाधनी जोतिया अहिरिन कायम हुँदाको जग्गाधनी दर्ता स्रेस्ताको मोहीको नाम, थर महलमा जनिएको नागेश्वर राउत कुर्मी भन्ने अक्षर पहिलेको नाम उप्काई पछि थपिएको प्रस्ट हुन आउँछ। उक्त कि.नं. ५६ को मोहीको सक्कल लगतहरूमा १ नं. अनुसूची र ३ नं. अनुसूचीमा मोही नागेश्वर राउत कुर्मी उल्लेख भएकोमा २ नं. अनुसूचीको सक्कलै मोठमा एउटा पानामा मोही सितम राउत अहिर उल्लेख भएको छ भने सोही मोठको अर्को पानामा मोही नागेश्वर राउत कुर्मी भनी उल्लेख भएको देखिन्छ। यसरी उक्त २ नं. अनुसूचीमा मोहीको दोहोरो लगत रहेको देखिन्छ।

११. उल्लिखित जग्गामा जोतभोग कसले गरेको छ सो विषयमा खुलाई पठाइदिनु भनी भूमिसुधार कार्यालय, पर्साबाट सम्बन्धित वडा कार्यालयमा पत्राचार हुँदा उक्त कि.नं. १२२८ को जग्गामा जोतभोग नागेश्वर राउत कुर्मीले गरेको बेहोरा अनुरोध छ भनी सम्बन्धित वडाका वडा सचिवले मिति २०७४।३।१४ मा भूमिसुधार कार्यालय, पर्सामा जोतभोगको सिफारिस गरी पत्राचार गरेको पाइन्छ। तर पुनः सोही वडा सचिवले उक्त कि.नं. १२२८ जग्गाको जोतभोगको सम्बन्धमा यसभन्दा अगाडि मिति २०७४।३।१४ मा गरिएको सिफारिसमा म वडा सचिवलाई झुक्काई गलत सिफारिस हुन पुगेकोले वादी प्रतिवादी दुवै पक्षलाई राखी पुनः सर्जमिन गरी जोतभोग यकिन गर्न अनुरोध छ भनी मोही बाँडफाँडको निर्णय हुनुपूर्व मिति २०७४।३।२२ मा भूमिसुधार कार्यालयमा पत्राचार गरेको देखिन्छ।

१२. त्यसैगरी मोही बाँडफाँडको फैसला हुनुपूर्व उक्त मुद्दामा प्रतिवादी बनाइएका सितम राउत अहिरले लिखित जवाफ पेस गर्दा साविक कि.नं. ५६ को वास्तविक मोही म सितम राउत अहिर भएकोमा निवेदक नागेश्वर राउत कुर्मीको नाउँमा मोही जनिएका उक्त कित्ता जग्गाको मोही सम्बन्धी लगतहरू किर्ते गरी गैरकानूनी रुपमा खडा गरिएका हुन् भनी उक्त मोही बाँडफाँडको फैसला हुनुपूर्व नै उल्लेख गरेको देखिन्छ। साथै उक्त कि.नं. ५६ को मोही बाँडफाँड निवेदनमा भूमिसुधार कार्यालय, पर्साको लगत फाँटवालाले उक्त जग्गाको मोहीको लगत सम्बन्धी १, २ र ३ नं. अनुसूचीमा मोही नागेश्वर राउत कुर्मी उल्लेख भएको भनी मिति २०७४।०३।११ मा मोहीको लगत भिडाएको देखिन्छ।

१३. यसप्रकार उल्लिखित कि.नं. ५६ को मोही बाँडफाँड मुद्दामा उक्त कि.नं. को मोहीको लगत सम्बन्धी १ नं. लगत, २ नं. अनुसूची र ३ नं. मोहीको प्रमाणपत्र बादी नागेश्वर राउत कुर्मीसँग भिडेको भनी निवेदकको माग दावी अनुसार

नै हुने गरी कि.नं. ५६ को जग्गामा मोही नागेश्वर राउत कुर्मीको नाममा आधा जग्गा बाँडफाँड हुने गरी भूमिसुधार कार्यालय, पर्साले मिति २०७४।०३।२७ मा निर्णय गरेको देखिन्छ।

१४. त्यसैगरी कि.नं. ११२ र २१३ जग्गाको फिल्डबुक र जग्गाधनी दर्ता स्रेस्तामा मोही सितम राउत उल्लेख भएकोमा उक्त जग्गाहरूको मोही लगत सम्बन्धी ३ नं. अनुसूचीमा मोही नागेश्वर राउत कुर्मी उल्लेख भएको देखिन्छ। त्यस्तै १ नं. र २ नं. अनुसूची बमोजिमको लगत भने कार्यालयमा नभएको भन्ने बेहोरा भूमिसुधार कार्यालय, पर्साबाट जवाफ प्राप्त भएको देखिन्छ। अतः उक्त कि.नं. ११२ र २१३ जग्गाहरूको मोही बाँडफाँड निवेदन मुद्दामा कुनै निर्णय नभएको स्थिति देखिन आउँछ। तसर्थ हाल उक्त दुई कित्ताको हकमा मुद्दा विचाराधीन अवस्थामा रहेको बेहोरा देखिन्छ।

१५. उल्लिखित कि.नं. ५६ को मोहीको सक्कल लगतहरू १, २ र ३ नं. अनुसूचीका साथै कि.नं. ११२ र २१३ को मोहीको सक्कल लगत ३ नं. अनुसूचीमा मोही नागेश्वर राउत कुर्मी उल्लेख भएको पाना तथा विवरण उजुरी निवेदकले नक्कली हो भनी दावी गरेको पाइन्छ। त्यसमा **उक्त मोहीको विवरण उल्लेख भएको पाना तथा विवरण (सरकारी छाप, हस्ताक्षर, हातले लेखेर भरिएका अक्षर समेत) मा कैफियत छ/छैन** ? भनी परीक्षण प्रतिवेदनको लागि आयोगको च.नं. ४३२ मिति २०७५।६।१५ को पत्रबाट राष्ट्रिय विधि-विज्ञान प्रयोगशाला, खुमलटार, ललितपुरमा पत्राचार गरिएको पाइन्छ। त्यसतर्फ हेर्दा राष्ट्रिय विधि-विज्ञान प्रयोगशाला, खुमलटार, ललितपुरको प.सं. ०७५/०७६ च.नं. ७७९ मिति २०७५।७।१२ को पत्र साथ संलग्न परीक्षण प्रतिवेदनमा **उल्लिखित मोहीका लगत विवरणहरूमा कैफियत देखिएको** भन्ने समेतको बेहोरा प्राप्त भएको देखिन्छ।

१६. यसप्रकार अभियोगपत्रमा उल्लिखित कसूर भए गरेको भन्ने कुरा मुद्दाको समग्र तथ्य र सङ्कलित प्रमाणबाट पुष्टि हुन आयो तर सो कसूरमा को को व्यक्तिहरूको के कस्तो संलग्नता रहेको छ भन्ने सम्बन्धमा हेर्नु पर्ने देखियो। सो तर्फ विचार गर्दा सर्व प्रथम आरोपित व्यक्तिहरूमध्ये भूमिसुधार अधिकारी, प्रतिवादी **गम बहादुर बि.क.**को हकमा हेर्दा आफ्नो बयानमा निम्न बेहोरा उल्लेख गरेको पाइन्छः

> निज प्रतिवादीले मिति २०६३/१२/३० मा मोही नागेश्वर राउत कुर्मीले आफ्ना प्रमाणहरू (मोहीका १ नं. लगत, २ नं. अनुसुची, ३ नं. मोहीयानी हकको प्रमाण पत्र) सहित भुमिसुधार कार्यालय पर्सामा मोही बाँडफाँडका निवेदन गा.वि.स.अनुसार छुट्टाछुट्टै दिएका रहेछन्। २०६४ साल देखि मोही बाँडफाँड बन्द भई २०७३ सालमा मोही बाँडफाँड खुलेपश्चात् प्रक्रियागत रुपमा उक्त निवेदनमा कारवाही शुरू भएको हो। म उक्त कार्यालयमा हाजिर हुन आउनु अगावै मिति २०७१/१०/२६ मा मोहीले आफ्ना प्रमाणहरू भूमिसुधार कार्यालय पर्साबाट नक्कल प्रमाणित समेत गरी लगेको देखिन्छ।मोही बाँडफाँडका लागि परेका निवेदनहरू मध्येमा कि.नं. ५६ को जग्गाधनीले विभिन्न व्यक्तिलाई बिक्री गरी कित्ताकाट भई बाँकी रहेको कि.नं.१२२८ को ०-२-७ जग्गा मोहीको लगतहरू भिडाई मालपोत कार्यालय पर्साको मिति २०७३/११/१० मा कि.नं. ५६ को जग्गाधनीमा जोतीया अहिरीनको नाम कायम भएको, मोही महलमा नागेश्वर राउत कुर्मीको नाम देखिएको बेहोरा अनुरोध छ भनी लेखी आएको पत्र, विरगञ्ज उपमहानगरपालिका १५ नं कार्यालयको २०७४/३/१४ प.स.१६४/०७३/०७४ को मोही नागेश्वर राउत कुर्मीले नै जग्गा जोतभोग गरेको किटानी सर्जमिन मुचुल्का सहितको सिकारिण मंत्री नागेश्वर राउत कुर्मीले मिति ०२३/०३/०१ मा भरेको १ नं. लगतबाट उक्त कि.नं. ५६ को जग्गाको मोही नागेश्वर राउत कुर्मी देखिएको, २ नं. अनुसुचीबाट समेत उक्त कि.नं. ५६ को जग्गाको मोहीमा नागेश्वर राउत नै देखिएको, र ३ मेहियानी हकको प्रमाणपत्रबाट समेत उक्त कि.नं. ५६ को जग्गाको मोही नागेश्वर राउत कुर्मी भएको भनी भूमिसुधार कार्यालय पर्सा लगत शाखाबाट मिति २०७४/०३/११ मा लगत भिडी आएको आधारबाट भूमि सम्बन्धी ऐन, २०२१ को दफा २६घ अनुसार मोही लागेको जग्गामा

उक्त कि.नं. ५६ बाट कित्ता काट भई बाँकी रहेको कि.नं.१२२८ को ०-२-७ जग्गा बाँडफाँड गरिएको हो। मैले मोहीको लगतसम्बन्धी अनुसुचीहरू थपघट गर्ने तथा सच्याउने कार्य गरेको छैन। कार्यालयमा भएको लगत अनुसार बुझ्नु पर्ने प्रमाण बुझेर नै निर्णय गरेको हो। म उपरको अभियोग दावी झुठा हो। म निर्दोष भएकोले झुठा अभियोग दाबीबाट सफाइ पाउँ।

१७. निज प्रतिवादी गम बहादुर वि.क. ले गरेको इन्कारी बयान र सो बयानमा उल्लेख गरेका तथ्यहरूलाई मिसिल संलग्न प्रमाण कागजातहरूले खण्डित गर्न सकेको पाइँदैन। यी प्रतिवादी उक्त कार्यालयमा हाजिर हुन आउनु अगावै अर्थात मिति २०७१/१०/२६ मा मोहीले आफ्ना प्रमाणहरू भूमिसुधार कार्यालय पर्साबाट प्रमाणित गरी लगेको तथ्यमा विवाद छैन। निर्णयार्थ यी प्रतिवादी समक्ष पेस भएका लिखत प्रमाणहरू सम्बन्धित वडा कार्यालयको सिफारिस र भूमिसुधार कार्यालयको प्रमाणित अभिलेख अनुसार नै निज प्रतिवादीले आफ्नो कार्यालय प्रमुखको कानूनी दायित्व पूरा गरेको देखिंदा निजको सो कार्यमा कुनै बदनियत तत्वको उपस्थिति देखिन आउँदैन। निज प्रतिवादी हाजिर हुनुभन्दा अघिदेखि नै कार्यालयमा अभिलिखित अभिलेखको आधारमा निष्कर्ष दिएको आधारमा यी प्रतिवादीलाई आरोपित कसुर ठहर्‍याई सजाय गरिनु कानून र न्यायको दृष्टिबाट न्यायोचित देखिन आउँदैन।

१८. अतः माथि उल्लखित मुद्दाको तथ्य र प्रमाण विश्लेषणको आधारमा प्रतिवादी गम बहादुर विश्वकर्माले निज सरुवा भइ हाजिर हुनु पूर्व नै विभिन्न सिफारिस तथा रायको आधारमा कार्यालयमा राखिएका दर्ता स्रेस्ताको अभिलेख अनुसार मोही बाँडफाँडको निर्णय गरेको देखिएको, निजले बदनियत राखी निर्णय गरेको भन्ने आरोप दावी स्वतन्त्र प्रमाणाबाट पुष्टि नहुँदा निज प्रतिवादीले अभियोग दावीबाट सफाइ पाउने ठहर्छ।

१९. त्यस्तै अर्का प्रतिवादी प्राणनाथ कसजुको हकमा हेर्दा निजले तत्कालीन भूमिसुधार कार्यालय, पर्साको लगत फाँटमा कार्यरत रही जिल्ला पर्सा (साविक जिल्ला बारा), नगवा गा.वि.स. वडा नं. ५ को कि.नं. ११२ र २१३ जग्गाको मोहीको लगत सम्बन्धी ३ नं. अनुसूची साथै ऐ. नकटुवा गा.वि.स. वडा नं. २ को कि.नं. ५६ को जग्गाको मोहीको लगत सम्बन्धी १ ,२ र ३ नं. अनुसूची सच्चाउने तथा थपघट गर्ने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसूर गरेको स-प्रमाण पुष्टी हुन आएको देखिँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिम सजाय हुन मागदावी लिइएको देखिन्छ।

२०. निजले गरेको बयान अनुसार मैले कार्यालयमा रहेको लगत जे जस्तो अवस्थामा थियो त्यहीसँग भिडाएको हुँ। मैले कुनै कागजात सच्याएको छैन, थपघट गरेको छैन भनी इन्कारी बयान दिए तापनि साविक कि.नं. ५६ को वास्तविक मोही म सितम राउत अहिर भएकोमा निवेदक नागेश्वर राउत कुर्मीको नाउँमा मोही जनाइएको पाइन्छ। उक्त कित्ता जग्गाको मोही सम्बन्धी लगतहरू नै किर्ते गरी गैरकानूनी रुपमा खडा गरिएका हुन् भनी उक्त मोही बाँडफाँडको फैसला हुनुपूर्व सो मुद्दामा प्रतिवादी बनाइएका सितम राउत अहिरले लिखित जवाफ पेस गरेको देखिन्छ। सो कि.नं. ५६ को मोही बाँडफाँड निवेदनमा भूमिसुधार कार्यालय, पर्साको लगत फाँटवालाले उक्त जग्गाको मोहीको लगत सम्बन्धी १, २ र ३ नं. अनुसूचीमा मोही नागेश्वर राउत कुर्मी उल्लेख भएको भनी मिति २०७४।०३।११ मा मोहीको लगत भिडाएको देखिन्छ।

२१. यसबाट सो लगत भिडाउने फाँटवालाले नै मोही सम्बन्धी लगतहरू किर्ते गरी गैरकानूनी रुपमा अभिलेख खडा गर्ने कार्यको जिम्मेवारी लिनु पर्ने देखिन आउँछ। विधि-विज्ञान प्रयोगशाला, खुमलटार, ललितपुरको प.सं. ०७५/०७६ च.नं. ७७९ मिति २०७५।७।१२ को पत्रसाथ संलग्न परीक्षण प्रतिवेदनमा **उल्लिखित मोहीका लगत विवरणहरूमा कैफियत देखिएको** भन्ने राय प्राप्त हुन आएको समेत देखिंदा उक्त कार्य किर्ते रहेछ भन्ने तथ्यमा विवाद भएन।

२२. यसै विषयमा पर्सा जिल्ला अदालतमा चलेको सरकारी कागज किर्ते मुद्दामा यी प्रतिवादी प्राणनाथ कसजुसमेत कसूरदार ठहरी फैसला भएको देखिन्छ। निज प्रतिवादीले बदनियतपूर्वक सो किर्ते सम्बन्धी अपराध गरेको प्रमाणित भई सकेको

परिप्रेक्ष्यमा यसै आधारमा निज प्रतिवादीले प्रस्तुत आरोप दावी अनुसार भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ को कसुर गरेको देखिंदा निज प्रतिवादीलाई सोही दफा ११ अनुसार तीन महिना (३) कैद हुने ठहर्छ।

२३. त्यस्तै अर्का प्रतिवादी नागेश्वर राउत कुर्मीको हकमा हेर्दा, निज प्रतिवादीले २०६२/०६३ देखि नै मोही बाँडफाँड सम्बन्धमा निवेदन गरी कारबाही अघि बढाएको देखिन्छ। विवादित कि.नं. ५६ को दर्ता स्रेस्ताको मोही महलमा यिनै प्रतिवादीको नाम जनिएकोमा जग्गा धनीको जग्गा दर्ता स्रेस्तामा मोही सितम राउत अहिर जनिएको देखिन्छ। सो कि.नं. को जग्गा सम्बन्धी लगत प्रमाणहरूमा भएका कैफियतहरूको विधि विज्ञान प्रयोगशालाबाट परीक्षण गराउँदा हस्ताक्षर कीर्ते गरेको देखिन आउँछ। यसै विषयमा निज प्रतिवादी उपर पर्सा जिल्ला अदालतबाट सरकारी कागज किर्ते गरेको कसूर ठहर भई सजाय भएको समेत देखिन्छ। आफूले लाभ प्राप्त गर्ने बदनियत राखी किर्ते कागजातहरू बनाई भूमि सुधार कार्यालयका कर्मचारी प्राणनाथ कसजुसँग मिलेमतोमा यी प्रतिवादी आरोपित कसूर गरेको देखिन आएको छ।

२४. तसर्थ निज प्रतिवादी नागेश्वर राउत कुर्मीले अभियोग मागदावी अनुसार भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) को कसुर गरेको देखिएकोले निज प्रतिवादीको उमेर अवस्था(९२ वर्ष) समेतलाई विचार गरी १० (दश) दिन कैद सजाय हुने ठहर्छ। तर निज प्रतिवादी नागेश्वर राउत कुर्मीको उमेर अति बृद्ध अवस्थाको ९२ (बयानब्बे) वर्ष देखिएकोले कारागार कार्यालयमा कैदमा राख्न निजको अति बृद्ध उमेरको कारणबाट मनसिब देखिएन। तसर्थ प्रतिवादीको स्वास्थ्य अवस्थाको संवेदनशीलतालाई समेत मध्यनजर राखी जेष्ठ नागिरक सम्बन्धी ऐन, २०६४ को दफा १२ को उपदफा (२) को आधारमा निजलाई कारागारमा नराखी नजिकको हेरचाह केन्द्रमा राखी माथि ठहर भएको कैद दिन १० (दश) असुल गर्न उपयुक्त हुने देखियो।

२५. सोका लागि पर्सा जिल्ला वीरगंज महानगरपालिका स्थित बृद्ध हेरचाह केन्द्र वा त्यस्तो सेवा प्रदान गर्ने उपयुक्त हेरचाह केन्द्रमा राख्न आवश्यक व्यवस्था गर्नु भनी पर्सा जिल्ला अदालतका नाममा यो आदेश गरिदिएको छ। अरुमा तपसिलबमोजिम हुने गरी निम्न आदेशबमोजिम कार्यान्वयन गर्नू:-

क) फैसला अन्तिम भएपछि निज प्रतिवादीलाई उपर्युक्त हेरचाह केन्द्रमा राख्न पर्सा जिल्ला अदालतका तहसिलदारबाट जिल्ला प्रहरी कार्यालयसँग समन्वय गरी कार्यान्वयन गर्नू।

ख) हेरचाह केन्द्रमा रहने अवधिभर निज प्रतिवादीलाई स्वास्थ्यवर्धक, पोषणयुक्त खाना उपलब्ध गराउनू।

ग) दैनिक कम्तिमा एक पटक चिकित्सकबाट अनुगमन गराई उपयुक्त सेवा प्रदान गर्नू।

घ) निजको स्वास्थ्य अवस्था संवेदनशील देखिएमा चिकित्सकको सल्लाहबमोजिम सुविधायुक्त अस्पतालमा राखी निःशुल्क उपचार गराउनू।

**सदस्य** **सदस्य** **अध्यक्ष**

**फैसला तयार गर्न सहयोग पुऱ्याउने:-**

*शाखा अधिकृतः सागर भण्डारी*

*कम्प्युटर अपरेटरः भानु बस्नेत*

इति संवत् २०८० साल माघ महिना २४ गते रोज ४ शुभम्...........................................................।

**श्री**
**विशेष अदालत काठमाडौं**
**अध्यक्ष माननीय न्यायाधीश श्री टेक नारायण कुँवर**
**सदस्य माननीय न्यायाधीश श्री तेज नारायण सिंह राई**
**सदस्य माननीय न्यायाधीश श्री रितेन्द्र थापा**
**फैसला**
**इजलास नं.१**
**मुद्दा नं.: ०८०-CR-००१८**
**दर्ता मितिः २०८०/०४/२५**
**फैसला मितिः २०८०/१२/०१**
**नि.नं.: २२३**

**मुद्दाः सार्वजनिक सम्पत्तिमा हानिनोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको।**

**वादी** : अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाण्डौंका अनुसन्धान अधिकृत रविन्द्र कुमार वुढाप्रिथी र कवित कटवालको प्रतिबेदनले नेपाल सरकार।

**विरुद्ध**

**प्रतिवादी** : जिल्ला काठमाडौं, बुढानीलकण्ठ नगरपालिका वडा नं. ७ बस्ने चन्द्रबहादुर खड्काको नाति, गगनबहादुर खड्काको छोरा, साझा भण्डार सहकारी संस्था लि. को सञ्चालक समितिका तत्कालीन अध्यक्ष, **जयकुमार खड्कासमेत**।

**ठहर खण्ड**

१. विशेष अदालत नियमावली, २०८० नियम ४३ र ४४ बमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचिमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालयका विद्वान् उपन्यायाधिवक्ता श्री गोपाल लामिछाने प्रतिवादीहरूको मिलेमतोमा साझा भण्डार सहकारी संस्था लि. को जग्गा कम मूल्यमा बिक्री गरी संस्थालाई हानिनोक्सानी पुऱ्याएकोले सबै प्रतिवादीहरूलाई आरोपदाबीको कसुरमा सजाय गरी पाउँ भनी गर्नुभएको बहस सुनियो।

२. प्रतिवादी जयकुमार खड्काबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री शरद कोइराला, विद्वान् अधिवक्ता श्री टिका बहादुर कुँवार, प्रतिवादीहरू सुवर्ण मानन्धर र लक्ष्मण थापाबाट विद्वान् अधिवक्ताहरू श्री सुवास आर्चाय ,श्री यज्ञ खतिवडा, प्रतिवादी गिता कुमारी शाहीबाट विद्वान् अधिवक्ताहरू श्री अपूर्व खतिवडा, श्री रेशम शाही, प्रतिवादीहरू अमर थापा, भोला प्रसाद न्यौपानबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री सतिश खरेल, अधिवक्ता श्री शिव कोइराला, प्रतिवादी आत्माराम राजवंशीबाट वरिष्ठ अधिवक्ता श्री माधव बास्कोटा, र विद्वान अधिवक्ता श्री सुरज अधिकारी, प्रतिवादी योगेन्द्र नाथ कर्मचार्यबाट वरिष्ठ अधिवक्ता श्री प्रचन्द राज प्रधान, अधिवक्ता श्री प्रदिप कुमार श्रेष्ठ, प्रतिवादी सुरोज गिरीबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री कृष्ण सापकोटा अधिवक्ता श्री तिल प्रसाद गौतमले साझा भण्डार सहकारी संस्था लि. को हितका लागि सम्पूर्ण कानुनी प्रक्रिया पुरा गरी प्रतिस्पर्धाका आधारमा सबै भन्दा बढी कबोल गर्ने कबोल कर्तालाई जग्गा बिक्री गरेको हुँदा सबै प्रतिवादीहरूले सफाइ पाउनु पर्छ भनी गर्नुभएको बहस सुनियो।

३. वादी पक्षका विद्वान् उपन्यायाधिवक्ता तथा प्रतिवादी पक्षका विद्वान् वरिष्ठ अधिवक्ताहरू र विद्वान् अधिवक्ताहरूले गर्नुभएको उपर्युक्त बहस जिकिरसमेतलाई दृष्टिगत गरी प्रस्तुत मुद्दामा प्रतिवादीहरूले आरोपित कसुर गरे/नगरेको सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

४. निर्णय तर्फ विचार गर्दा, साझा भण्डार सहकारी संस्था लि. को संचालक समितिले सुर्खेत जिल्ला साविक कटकुवा

गा.वि.स. वडा नं. ९ हाल वीरेन्द्रनगर नगरपालिका वडा नं. ८ को कित्ता नं. १३०३, क्षेत्रफल ०-२-० (दुई कट्ठा) को जग्गा बोलपत्रदाताहरू मध्ये सबैभन्दा बढी रकम कबोल गर्ने गीताकुमारी शाहीलाई मिति २०६६।०२।१० मा प्रति कट्ठा रु.३,३५,०००।(अक्षेरूपि तीन लाख पैंतिस हजार रूपैयाँ) को दरले रु.६,७०,०००।(अक्षेरूपि छ लाख सत्तरी हजार रूपैया) मा जग्गा बिक्री गरी संस्थालाई रु.३,३०,०००। (अक्षेरूपि तीन लाख तिस हजार रूपैया) हानिनोक्सानी पुऱ्याएको तथा साझा भण्डार सहकारी संस्था लि. को नाममा दर्ता कायम रहेको बाँके जिल्ला, कोहलपुर गा.वि.स. वडा नं. ३ (क) को प्लट नं. ९६२, १२२५, १२२६, १२२७, १२२८ र १२२९, कित्ता नं. ९६९, १२३२, १२३३, १२३४, १२३५ र १२३६, कूल क्षेत्रफल ०-२-१७ (दुई कट्ठा सत्र धुर) को जग्गा रु.७१,५१,१००।(अक्षरुपि एकहत्तर लाख एकाउन्न हजार एक सय रुपैयाँ) मा मात्र बिक्री गरी संस्थालाई रु.४,००,९४,१८१।२० (अक्षरुपि चार करोड चौरानव्बे हजार एक सय एकासी रुपैयाँ बीस पैसा) हानिनोक्सानी गरी दुवै स्थानको जग्गा बिक्री बापत कूल रु.४,०४,२४,१८१।२० (अक्षरुपि चार करोड चार लाख चौविस हजार एक सय एकासी रुपैयाँ बीस पैसा) संस्थालाई हानिनोक्सानी हुँदा निज साझा भण्डार सहकारी संस्था लि. का तत्कालीन संचालक समितिका अध्यक्ष जयकुमार खडका तथा सदस्यहरू आत्माराम राजवंशी, सुवर्ण मानन्धर, लक्ष्मण थापा, भोलाप्रसाद न्यौपाने, योगेन्द्रनाथ कर्माचार्य, सदस्य सचिव तथा महाप्रवन्धक अमर थापा लगायत जग्गा खरिदकर्ताहरू गीताकुमारी शाही र सुरोज गिरीसमेतको आपसी मिलेमतो तथा योजनामा व्यक्तिलाई गैरकानूनी लाभ र नेपाल सरकार/सार्वजनिक संस्थाको सम्पत्तिको हानिनोक्सानी गरेको भ्रष्टाचारजन्य कसुरमा संलग्न प्रतिवादीहरू उपर देहायबमोजिमको सजाय र बिगोबमोजिमको जरिबाना तथा हानिनोक्सानी गरेको रकम असुल उपर हुन मागदाबी गरेको देखिन्छ ।

क. **प्रतिवादीहरू जयकुमार खडका, आत्माराम राजवंशी, सुवर्ण मानन्धर, लक्ष्मण थापा, भोला प्रसाद न्यौपाने र अमर थापाको हकमा** : साझा भण्डार सहकारी लि. का नाममा रहेको सुर्खेत उपत्यका नगर विकास समितिको गुरुयोजनाको प्लानिङ नक्सामा व्यावसायिक क्षेत्र भनी तोकिएको साविक कटकुवा गा.वि.स. वडा नं. ९, हाल वीरेन्द्रनगर नगरपालिका वडा नं. ८ को कित्ता नं. १३०३, क्षेत्रफल ०-२-० (दुई कट्ठा) जग्गा व्यक्ति विशेषलाई बिक्री गर्न संस्थाको नियमावलीमा उल्लेख भएको ३५ दिनको म्याद राख्नुपर्नेमा बिना कारण र बिना निर्णय २१ दिनको मात्र म्याद राखेर सूचना प्रकाशन गरी न्यूनतम मूल्याङ्कनको रकम समेत हचुवाको भरमा बिना आधार प्रति कट्ठा रु.३,३५,०००।- का दरले रु.६,७०,०००।- मा मात्र बिक्री गरी संस्थालाई रु.३,३०,०००।- हानिनोक्सानी पुऱ्याएको तथा साझा भण्डार सहकारी लि.को नाममा रहेको बाँके जिल्ला, कोहलपुर गा.वि.स. वडा नं. ३ (क) का कि. नं. ९६९, १२३२, १२३३, १२३४, १२३५ र १२३६ समेतको कूल क्षेत्रफल ०-२-१७ (दुई कट्ठा सत्र धुर) जग्गा व्यक्ति विशेषलाई बिक्री गर्ने निर्णय गरी कोहलपुर नगर विकास समितिले तत्कालीन समयमा सोही क्षेत्रको जग्गा बिक्री गरेको न्यूनतम दररेट समेतको तुलनामा ०-२-१७ (२ कट्ठा १७ धुर अर्थात् ९६५.०१ वर्ग मिटर) क्षेत्रफल भएको जग्गाको मूल्य रु.४,७२,४५,२८१।२० (अक्षरुपि चार करोड बहत्तर लाख पैतालिस हजार दुई सय एकासी रुपैयाँ बिस पैसा) पर्ने देखिए तापनि साझा भण्डार सहकारी संस्था लि. ले बिना आधार कम मूल्य रु.७१,५१,१००।(अक्षरुपि एकहत्तर लाख एकाउन्न हजार एक सय रुपैयाँ) मा मात्र बिक्री गर्ने निर्णय गरी संस्थालाई रु.४,००,९४,१८१।२० हानिनोक्सानी पुऱ्याएकोमा यसरी सुर्खेत र कोहलपुर गरी दुवै स्थानको जग्गा बिक्रीबापत कूल रु.४,०४,२४,१८१।२० संस्थालाई हानिनोक्सानी पुऱ्याएको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर भएको हुँदा निज प्रतिवादीहरू बिगो रु.४,०४,२४,१८१।२० कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम सोही दफा १७ ले निर्देश गरेको दफा ३ को उपदफा (१) को खण्ड (झ) बमोजिम कैद र जरिबाना गरी ऐ. को दफा १७ बमोजिम बिगोसमेत असुलउपर हुन मागदाबी लिएको देखिन्छ।

ख. **प्रतिवादी योगेन्द्रनाथ कर्माचार्यको हकमा** : साझा भण्डार सहकारी लि. का नाममा रहेको बाँके जिल्ला, कोहलपुर गा.वि.स. वडा नं. ३ (क) का कि. नं. ९६९, १२३२, १२३३, १२३४, १२३५ र १२३६ समेतको कूल

क्षेत्रफल ०-२-१७ (दुई कट्टा सत्र धुर) जग्गा व्यक्ति विशेषलाई बिक्री गर्ने निर्णय गरी कोहलपुर नगर विकास समितिले तत्कालीन समयमा सोही क्षेत्रको जग्गा बिक्री गरेको न्यूनतम दररेट समेतको तुलनामा २ कट्टा १७ धुर अर्थात् ९६५.०१ वर्गमिटर क्षेत्रफल भएको जग्गाको मूल्य रु.४,७२,४५,२८१।२० (अक्षरुपि चार करोड वहत्तर लाख पैतालिस हजार दुई सय एकासी रुपैयाँ बीस पैसा) पर्ने देखिए तापनि साझा भण्डार सहकारी संस्था लि. ले बिना आधार कम रु.७१,५१,१००।-मा मात्र बिक्री गर्ने निर्णय गरी संस्थालाई रु.४,००,९४,१८१।२० हानिनोक्सानी पुऱ्याएको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर भएको पुष्टि भएको हुँदा निज प्रतिवादीलाई बिगो रु.४,००,९४,१८१।२० कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम सोही दफा १७ ले निर्देश गरेको दफा ३ को उपदफा (१) को खण्ड (झ) बमोजिम कैद र जरिबाना गरी ऐ. को दफा १७ वमोजिम बिगोसमेत असुल उपर हुन मागदाबी लिएको देखिन आयो।

ग. **प्रतिवादी गीताकुमारी शाहीको हकमा :** सुर्खेत जिल्लाको साबिक कटकुवा गा.वि.स. वडा नं. ९ हाल वीरेन्द्रनगर नगरपालिका वडा नं. ८ को कित्ता नं. १३०३, क्षेत्रफल ०-२-० (दुई कट्टा) जग्गा मिलेमतो गरी न्यून मूल्यमा जग्गा खरिद गरी संस्थालाई रु.३,३०,०००।- हानिनोक्सानी पुऱ्याएको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुर भएकोले प्रतिवादी गीताकुमारी शाही उपर ऐ. दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा भएको व्यवस्थाबमोजिम सोही ऐनको दफा १७ ले निर्देश गरेको दफा ३ को उपदफा १ को खण्ड (घ) बमोजिम कैद र जरिबाना हुन मागदाबी लिएको पाइयो।

घ. **प्रतिवादी सुरोज गिरीको हकमा :** साझा भण्डार सहकारी लि. को नाममा रहेको बाँके जिल्ला, कोहलपुर गा.वि.स. वडा नं. ३(क) को कि. नं. ९६९, १२३२, १२३३, १२३४, १२३५ र १२३६, कूल क्षेत्रफल ०-२-१७ (दुई कट्टा सत्र धुर) जग्गा मिलेमतो गरी साझा भण्डार सहकारी संस्थाबाट रु.७१,५१,१००।- मा खरिद गरी संस्थालाई रु.४,००,९४,१८१।२० हानिनोक्सानी पुऱ्याएको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुर भएको हुँदा निज प्रतिवादी उपर ऐ. दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा भएको व्यवस्थाबमोजिम सोही ऐनको दफा १७ ले निर्देश गरेको दफा ३ को उपदफा १ को खण्ड (झ) बमोजिम कैद र जरिबाना हुन मागदाबी लिएको देखिन्छ।

५. साझा भण्डार सहकारी संस्था लिमिटेडको नाम दर्तामा रहेको जग्गा बिक्री संस्थाको मिति २०६०।१२।२२ मा सम्पन्न दशौं साधारण सभा र २०६५।१२।०६ मा सम्पन्न ११ साधारण सभाको निर्णयबाट निष्कृय चल अचल सम्पत्तिहरू व्यवसायिक प्रयोजनका लागि बिक्री वितरण गर्न सञ्चालक समितिलाई अनुमति प्रदान गरेको देखिन्छ।

६. साझा भण्डार सहकारी संस्था लि. को संचालक समितिको मिति २०६३।०६।१२ को निर्णय अनुसार संस्थाको नाममा रहेको सुर्खेत जिल्ला साबिक कटकुवा गा.पं. ९, हाल वीरेन्द्रनगर नगरपालिका ८ कित्ता नं. १३०३, क्षेत्रफल ०-२-० (दुई कट्टा) जग्गा संस्थाको प्रयोगमा नआइ निष्क्रिय रुपमा रहेकाले उक्त जग्गा बिक्री वितरण गर्न बोलपत्र आव्हान गरेको देखिन्छ। सो निर्णयानुसार साझा भण्डार भोटाहिटीले गोरखापत्र दैनिकमा जग्गा बिक्री सम्बन्धी सूचनाको बोलपत्र आह्वान गरेको देखिन्छ।

७. मालपोत कार्यालय सुर्खेत, स्थानीय नगरपालिकाको र स्थानीय बजारको मूल्याङ्कनमा मिति २०६३।०६।२६ को गोरखापत्रमा सूचना प्रकाशित गरी संस्थाको सुर्खेत जिल्ला कटकुवा गा.वि.स. वडा नं. ९, हाल वीरेन्द्रनगर नगरपालिका वडा नं. ८ मा रहेको कित्ता नं. १३०३, को ०-२-० (दुई कट्टा) क्षेत्रफल भएको संस्थाको जग्गा बिक्रीका लागि बोलपत्र माग गरिएकोमा उक्त सूचनाबमोजिम निर्धारित समयभित्र प्राप्त भएका बोलपत्र मध्ये एकमुष्ठ रु.२,०१,०००।- (अक्षरुपि दुई लाख एक हजार रुपैयाँ) मा खरिद गर्न बोलपत्र पेस गरेको रकम कम देखिएको र हाल उक्त स्थानमा प्रति कट्टा रु. ३,३०,०००।-(अक्षरुपि तीन लाख तिस हजार रुपैयाँ) देखि रु.३,५०,०००।-(अक्षरुपि तीन लाख पचास हजार रुपैयाँ) सम्म मोटामोटी रुपमा खरिद बिक्री भएको पाइयो भनी साझा भण्डार सहकारी संस्थाका का.मु. अधिकृत लाल बहादुर रावलको प्रतिवेदनमा उल्लेख भएको देखिन्छ। सोही प्रतिवेदनका आधारमा मिति

२०६३।०६।२६ को सूचना बमोजिमको बोलपत्र रद्द गरी स्थानीय निकायको मूल्य रु.३,३०,०००।- प्रति कट्ठा न्यूनतम मूल्य कायम गरी पुनः बोलपत्र माग गर्ने भनी मिति २०६५।१०।२७ मा संचालक समितिको निर्णय गरेको देखिन्छ। सोही निर्णयानुसार साझा भण्डार भोटाहिटीले जग्गा बिक्री सम्बन्धी बोलपत्र आह्वान गोरखापत्र राष्ट्रिय दैनिकमा सूचना प्रकाशन गरेको देखिन्छ।

८. उक्त प्रकाशित सूचनाबमोजिम प्राप्त भएको सिलबन्दी बोलपत्रहरू मिति २०६६।०१।२८ गते खोलिंदा गीता कुमारी शाहीले अधिकतम प्रति कट्ठा रु.३,३५,०००।-(अक्षरुपि तीन लाख पैतिस हजार रुपैयाँ) का दरले दुई कट्ठाको रु. ६,७०,०००।- (अक्षरुपि छ लाख सत्तरी हजार रुपैयाँ) मा खरिद गर्न कवुल गरेको तथ्यमा विवाद देखिंदैन। संस्थाले तोकेको न्यूनतम मूल्य रु.३,३०,०००।- प्रति कट्ठा रहेकोमा सोभन्दा बढी नै कबोल गरेको देखिन्छ। संस्थाको नाममा रहेको उक्त क्षेत्रफल ०-२-० जग्गा गीता कुमारी शाहीलाई बिक्री गर्दा लाग्ने दस्तुर निज खरिदकर्ताबाट नै व्यहोर्ने गरी बिक्री गर्न संचालक समितिले मिति २०६६।०२।०१ को निर्णयबाट व्यवस्थापनलाई निर्देश दिई सोहीबमोजिम उक्त जग्गा गीता कुमारी शाहीलाई हक हस्तान्तरण गरेको देखिन्छ।

९. जग्गा व्यक्ति विशेषलाई बिक्री गर्न संस्थाको नियमावलीमा उल्लेख भएको ३५ दिनको म्याद राख्नुपर्नेमा बिना निर्णय २१ दिनको मात्र म्याद राखेर सूचना प्रकाशित गरेको भन्ने वादीको जिकिर रहेको देखिन्छ। ३५ दिनको म्याद राखी सूचना प्रकाशित नगरेकोले आव्हान गरेको बोलपत्रमा सामेल हुन नपाएको भन्ने कुनै पनि व्यक्तिले उजुर गरेको/परेको भन्ने देखिंदैन। वस्तुतः कार्यविधिगत् त्रुटी आफैंमा भ्रष्टाचारको विषय बन्न सक्दैन। बदनियतका साथ कार्यविधिगत त्रुटि गरेको भन्ने पुष्टि हुनु पर्दछ। प्रस्तुत मुद्दामा बदनियतका साथ उक्त जग्गा बिक्री गरेको भन्ने मिसिल सम्लग्न कागज प्रमाणबाट पुष्टि भएको देखिंदैन।

१०. यसै गरी बाँके जिल्ला कोहलपुर गा.वि.स वडा नं. ३ (क) का कित्ता नं. ९६९, १२३२, १२३३, १२३४, १२३५, १२३६ का कूल क्षेत्रफल ०-२-१७ (दुई कट्ठा सत्र धुर) को जग्गा बढाबढ प्रतिस्पर्धामा बिक्री गर्नका लागि एकमुष्ठ रु. ७१,००,०००। (अक्षरुपि एकहत्तर लाख रुपैयाँ) न्यूनतम् मूल्य कायम गरी गोरखापत्रमा ३५ दिनको म्याद दिई सूचना प्रकाशित गरी बिक्री वितरण कार्य अगाडि बढाउन संचालक समितिले मिति २०६९।०३।३१ को निर्णयानुसार व्यवस्थापनलाई निर्देशन गरेको देखिन्छ। सोही निर्णयको आधारमा जग्गा बिक्री सम्बन्धी बोलपत्र आव्हान गरी साझा भण्डार लि. काठमाडौंको नाममा दर्ता कायम रहेको भेरी अञ्चल, बाँके जिल्ला, कोहलपुर गा.वि.स. वडा नं. ३ (क) का कि. नं. ९६९, १२३२, १२३३, १२३४, १२३५ र १२३६ समेतको कुल क्षेत्रफल दुई कट्ठा सत्र धुर रहेको जग्गा एकमुष्ठ गोप्य शिलबन्दी बोलपत्रबाट बढाबढ प्रक्रियाद्वारा बिक्री वितरण गरिने ३५ (पैतिस) दिनभित्र साझा भण्डार केन्द्रीय कार्यालय, भोटाहिटीमा आइपुग्ने गरी शिलबन्दी बोलपत्र पेस गर्नू भनी मिति २०६९।०४।१२ मा सार्वजनिक सूचनाद्वारा आव्हान गरेको पाइयो।

११. उक्त प्रकाशित सूचनाबमोजिम शिलवन्दी बोलपत्रहरू मिति २०६९।०५।१५ गते खोलिंदा बोलपत्रहरू मध्ये सुरोज गिरीले रु.७१,५१,१००। (अक्षरुपि एकहत्तर लाख एकाउन्न हजार एकसय रुपैयाँ मात्र) मा खरिद गर्न कबुल गरेको देखिन्छ। प्राप्त बोलपत्रहरू मध्ये सबैभन्दा बढी निज सुरोज गिरीले बोलकबोल गरेको तथ्यमा वादीले कुनै विवाद गरेको देखिंदैन। उक्त बोलपत्र नै स्वीकृत गर्ने संचालक समितिले निर्णय गरेको देखिन्छ। सोही निर्णयका आधारमा उक्त जग्गाहरू सुरोज गिरीको नाममा हक हस्तान्तरण भएको देखिन्छ।

१२. साझा सहकारी संस्थाको मिति २०७३।११।३० मा सम्पन्न भकएको बाह्रौ साधारणसभाबाट सुर्खेत र कोहलपुर जग्गा बिक्री सम्बन्धी निर्णय र सञ्चालक समितिले २०६५ देखि गरेको आर्थिक प्रशासनिक नीति निर्णय र व्यवस्थापनले गरेको काम कारवाही अनुमोदन गरेको देखिन्छ।

१३. सबै प्रतिवादीहरू मौका गरेको बयानदेखि अदालतको बयानसम्म संस्थालाई हानी नोक्सान हुने कार्य गरेको छैन, संस्थाको हितका लागि नै कानुनी प्रक्रिया पुरा गरी संस्थाको जग्गा बिक्री गरेको हो भनी आरोपित कसुरमा इन्कार रहेको देखिन्छ।निजहरूका साक्षीहरू अदालत उपस्थित भइ प्रतिवादीहरूका इन्कारी बयानलाई समर्थन हुने गरी बकपत्र गरेको देखिन्छ।

१४. संस्थाले जग्गा बिक्री गरेको तीन महिना पछि कि. नं. १७१६ को प्रति कठ्ठा रु.५,००,०००।- मूल्यलाई आधार बनाइ रु.३,३०,०००।- बिगो कायम गरी मुद्दा दर्ता भएको देखिन्छ। आरोप पत्रमा उल्लिखित तुलना गरिएको जग्गा र साझा भण्डार सहकारीले बोलपत्रमार्फत बिक्री गरेको जग्गासङ्ग साँध सिमाना जोडिएको भनी वादीले पुष्टि गर्न सकेको पनि देखिएन। गणितीय तथ्याङ्क जस्तो जग्गाको मूल्य निर्धारण हुन सक्ने विषय पनि होइन। नजिकै स्थानमा रहेको जग्गाहरू पनि बाटोको आकार, स्तर, जग्गाको भूबनोट, मोहोडा तथा बिक्री समय लगायतका कुराहरूले जग्गाको मूल्यमा फरक पर्न सक्दछ। संचालक समितिले गठन गरेको उपसमितिले जग्गाको मूल्याङ्कन गरेको देखिन्छ। उक्त उपसमितिको मूल्याङ्कन प्रतिवेदन उपर वादीको दाबी रहेको देखिन्छ। तुलना गरिएको कि.नं १७१६ को जग्गा ०६६।०४।०६ मा व्यक्तिले खरिद बिक्री गरेको देखिन्छ भने नगर विकास समितिले विकास गरेको जग्गा र सामान्य जग्गाको मूल्यमा स्वाभाविक रुपमा अन्तर आएको हुन्छ। पहिलो सूचनाअनुरुप कम रकमको बोलपत्र पेस भएकोमा उक्त प्रक्रिया रद्द गरी पुनः सूचना प्रकाशन गरी बोलपत्र आव्हान गरिएको छ। यसबाट बिक्री उपसमितिले बदनियत लिएको भन्न मिल्ने देखिंदैन।

१५. साझा भण्डार सहकारी संस्था लि.आफ्नो नाममा रहेको जग्गा बिक्री गर्ने अख्तियारी नभएको भन्ने दाबी देखिँदैन। बिक्री भएका जग्गाहरू बदनियतका साथ बिक्री गरेको वा बिक्री गर्न आवश्यक नै नभएको भनी दाबी गरेको पनि देखिएन। संस्थाले खुल्ला बोलपत्रको सूचना जारी गरेको देखिन्छ। सो सूचनाअनुसार जो कोही व्यक्तिले सो प्रक्रियामा सहभागी हुने अवसर दिएको नै देखिन्छ। प्रतिस्पर्धाको आधारमा पारदर्शी रुपमा सबैभन्दा बढी कबोल गर्नेलाई जग्गा बिक्री गरेको देखिन्छ। उक्त जग्गाहरू बिक्री गर्दा मालपोत कार्यालयले तोकेको न्यूनतम मूल्यभन्दा कम मूल्यमा हक हस्तान्तरण गरेको भन्ने दाबी पनि देखिंदैन।

१६. व्यापार व्यवसाय संचालन गर्न तथा संस्थाको विद्यमान कारोबारको क्षेत्रमा विस्तार गर्नका लागि संस्थाको नाममा निष्क्रिय रुपमा रहेका अचल सम्पत्तिहरू बिक्री वितरण गर्न साझा भण्डार सहकारी संस्था लि. को संचालक समितिको निर्णय अनुसार उक्त जग्गाहरू बिक्री गरेको देखिन्छ। सो जग्गा बेचबिखन गर्दा कुनै बदनियत रहेको भन्न वादीले पुष्टि गर्न सकेको देखिएन। प्रतिवादीहरूले संस्थाको हितका लागि खुल्ला प्रतिस्पर्धाको आधारमा सबैभन्दा बढी कबोल गर्नेलाई जग्गा बिक्री गरेको देखिंदा संस्थालाई हानिनोक्सानी पुऱ्याएको भन्ने वादी दाबी पुष्टि भएको देखिएन।

१७. अतः साझा भण्डार सहकारी संस्था लिमिटेडको नाम दर्तामा रहेको जग्गा बिक्री गर्न सञ्चालक समितिलाई साधारण सभाले अनुमति प्रदान गरेको, सञ्चालक समितिले जग्गा बिक्री गर्ने निर्णय गरेको, साझा भण्डार भोटाहिटीले जग्गा बिक्री सम्बन्धी बोलपत्र आव्हान गोरखापत्र राष्ट्रिय दैनिकमा सूचना प्रकाशन गरेको, प्रतिस्पर्धाको आधारमा सबैभन्दा बढी कबोल गर्नेलाई बिक्री गरेको, मालपोत कार्यालयले तोकेको न्यूनतम मूल्यभन्दा बढी मूल्यमा हक हस्तान्तरण भएको, बदनियतका साथ जग्गा बिक्री गरी संस्थालाई हानिनोक्सानी पुऱ्याएको मिसिल संलग्न प्रमाणबाट नदेखिंदा सबै प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ। अरुमा तपसिलबमोजिम गर्नू।

**सदस्य** **सदस्य** **अध्यक्ष**

**फैसला तयार गर्न सहयोग पुऱ्याउनेः**

इजलास अधिकृतः प्रकाश नारायण श्रेष्ठ

कम्प्युटर अपरेटरः भानु बस्नेत

फैसला मितिः २०८०।१२।०१

**इति संवत् २०८० साल चैत महिना १ गते रोज ५ शुभम्.................................................................।**

श्री
विशेष अदालत काठमाडौं
इजलास
अध्यक्ष माननीय श्री टेकनारायण कुँवर
सदस्य माननीय श्री मुरारीबाबु श्रेष्ठ
फैसला
मुद्दा नं. : ०८०-CR-००४७
दर्ता मितिः २०८०/०६/१४
फैसला मितिः २०८१/०१/१८
निर्णय नं. : २६०

मुद्दा : सार्वजनिक सम्पत्तिको हिनामिना गरी भ्रष्टाचार गरेको।

**वादी** : अख्तियार दुरुपयोग अनुसन्धान आयोग टङ्गाल, काठमाडौंका अनुसन्धान अधिकृत मोहन अधिकारीको प्रतिवेदनले नेपाल सरकार।

**विरुद्ध**

**प्रतिवादी** : जिल्ला स्याङ्गजा साबिक पञ्चमूल-२ हाल आँधीखोला-१ स्थायी घर भई काठमाडौं जिल्ला बुढानीलकण्ठ नगरपालिका वडा नं.१ बस्ने टिकाराम ढकालको नाति लिलाधर ढकाल र मनरुपा ढकालको छोरा श्री पशुपति क्षेत्र विकास कोष संचालक परिषद्का तत्कालीन सदस्य सचिव (सम्पर्क नम्बर ९८५१२०१४७२, ९८५१३२३८२८, ९८५१२१५८६६) वर्ष ४६ को **डा.प्रदीप ढकालसमेत।**

- **आराध्यदेव पशुपतिनाथको मन्दिरमा सुनको जलहरी निर्माण गर्ने कार्यको लागि विधिवत रुपमा कार्य शुरू भएको र विधिवत रुपमा नै कार्य सम्पन्न भएको देखिन्छ। अतः प्रक्रिया पुर्‍याई गरेको कार्यलाई अन्यथा प्रमाणित नभएसम्म कानूनबमोजिमको कार्य मान्नुपर्ने नै देखिन आउँछ। मुचुल्काहरूमा उल्लेख भएको प्रक्रियामा बदनियत राखी जानाजान त्रुटि गरी अनियमितता भएको भए यी प्रतिवादीहरू मात्र नभई सो प्रक्रियामा सामेल रहेका सबै व्यक्तिहरू उपर अनुसन्धान गरी प्रति व्यक्तिप्रति कसुरका हिसाबले जवाफदेहिता निर्धारण गरिनु पर्ने हुन्छ। त्यस्तो निष्कर्षमा आरोप दाबी आएको नदेखिई Selective prosecution जस्तो गरी उही प्रक्रियाका केही व्यक्ति उपर अभियोग लगाइएको देखिन्छ भने केहीको हकमा दाबी लिइएको पाईंदैन जुन समानताको सिद्धान्त विपरित र स्वच्छ अनुसन्धानको मान्यताभन्दा विपरित देखिन्छ। समान भूमिकामा रहेका समान जिम्मेवारी लिएका सोही स्तरका व्यक्तिमाथि कसैउपर मुद्दा चलाउने र कसै उपर नचलाउने निर्णय गरी असमान ढङ्गले आरोपित गरियो भने त्यो Selective prosecution हुन जान्छ। कुनै पनि व्यक्ति उपर मुद्दा चलाउने वा नचलाउने निर्णय गर्दा वस्तुनिष्ठ आधार र कारण उल्लेख गरिनु पर्दछ। यी आधारहरू बिना त्यस्तो कार्य शङ्कास्पद हुन्छ र त्यसको परिणाम पनि सत्य धरातलीय यथार्थबाट विमुख भई अन्ततः विश्वसनीय हुँदैन।**

(प्रकरण नं. २६)

- **कूल १०७,४७०.० ग्राम (शुद्ध सुन १०१,०४८.५ ग्राम)को जलहरीमा आरोपपत्रमा उल्लेख भएअनुसार १४९१.७१८ ग्राम फरक परेको भनिएता पनि ६२३ ग्राम सुनको तौलसमेत जोड्नु पर्नेमा सो सुनलाई समावेश गरेको देखिंदैन र सुनमा ससाना टुक्राहरू कणहरू जलहरीबाट अलग हुने भएकोले**

**वजन गर्दा केही कमी आउनु स्वाभाविक हुने हुँदा शुद्ध सुन १४९१.७१८ ग्राम फरक परेको भन्ने वादीको दाबीसँग सहमत हुन सकिएन।**

**(प्रकरण नं. ३०)**

## ठहर खण्ड

१. विशेष अदालत नियमावली, २०८० नियम ४३ र ४४ बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा प्रतिवादीहरू उपरको आरोपदाबी सहितको मिसिल अध्ययन गरियो। प्रस्तुत मुद्दामा वादी नेपाल सरकार तथा प्रतिवादीका तर्फबाट भएको बहस जिकिर निम्न अनुसार छः

२. वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान उप-न्यायाधिवक्ता श्री गोपाल लामिछानेले यी प्रतिवादीहरूको बदनियतपूर्ण कार्य तथा लापरबाही तरिकाले विश्वसम्पदाको सूचीमा रहेको श्री पशुपतिनाथ मन्दिर जस्तो प्रसिद्ध पवित्र धार्मिकस्थलमा रहने सुनको जलहरी निर्माणका क्रममा नेपाल सरकार सार्वजनिक संस्थाको सम्पत्ति १४९१.७१८ ग्राम सुन लापरबाही बदनियत गरी हिनामिना, हानिनोक्सानी तथा दुरुपयोग गरेकोले आरोपदाबी बमोजिम सजाय गरी पाउँ भनी बहस गर्नुभयो।

३. प्रतिवादीहरू डा. प्रदीप ढकाल र अरुणकुमार श्रेष्ठको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री चुडामणी पौडेलले डा. प्रदिप ढकाल सदस्य सचिवको हैसियतले श्री पशुपति क्षेत्र विकास कोष संचालक परिषद्को निर्णय कार्यान्वयन गर्ने कार्यको जिम्मेवारी पुरा गर्नुभएको हो र प्रतिवादी अरुण कुमार श्रेष्ठ पशुपति विकास कोषका विशेट नाइके पदका कर्मचारी हुन। निजको सुनमा कुनै जिम्मेवारी हुँदैन। तीन/चार तहको सुरक्षा निकाय हुन्छ। पहिलो साँचो आर्मीसँग, दोस्रो साँचो अरुण कुमार श्रेष्ठसँग, मुख्य सेफको साँचो सुन बनाउँदाका संयोजक र आर्मीसँग हुन्छ। कार्यस्थलमा चौबिसै घण्टा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीको सुरक्षा घेराभित्र रहेको स्थलमा श्री पशुपतिनाथको जलहरी निर्माण व्यवस्था समितिले पारदर्शी ढङ्गबाट मुचुल्का गरी कार्य भएको एवम् सुरक्षाको अत्यन्तै कडा व्यवस्थापनबीच सि.सि. क्यामेराको र नेपाली सेनाको निगरानीमा काम सम्पन्न भएको कारणबाट सुनको परिमाणमा हिनामिना हुन सक्दैन। हरेक कार्य गर्न मुचुल्का तयार गरी कार्य प्रारम्भ हुने हुँदा निजहरूले हिनामिना गर्ने सवाल नै पैदा हुँदैन। निज प्रतिवादीहरूले आरोपदाबीबाट सफाइ पाउनु पर्ने हो भनी बहस गर्नुभयो।

४. त्यस्तै, प्रतिवादी डा. मिलनकुमार थापाको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री सतीशकृष्ण खरेल, विद्वान अधिवक्ताहरू श्री आशिष अधिकारी, श्री लेखकबहादुर खड्का, अपूर्व खतिवडा र जस्मिन भट्टराईले यी प्रतिवादी पशुपति क्षेत्र विकास कोषमा मिति २०७४/५/१२ मा कोषाध्यक्ष पदमा नियुक्त भएको र श्री पशुपतिनाथको तथा पशुपति क्षेत्र विकास कोषको आर्थिक पक्षमा काम गर्न मुख्य जिम्मेवारी थियो। हरेक चरणमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, अन्य सरोकारवालाको उपस्थितिमा पारदर्शी ढङ्गबाट मुचुल्का गरी कार्य भएको एवम् सुरक्षाको अत्यन्तै कडा व्यवस्थापन विच चौबिसै घण्ट सि.सि. क्यामेराको र नेपाली सेनाको निगरानीमा काम सम्पन्न भएको कारणबाट सुनको परिमाणमा हिनामिना हुन सक्ने अवस्था छैन। सुन समेत जर्तीको गणना र सुनको गुणस्तर परीक्षण गरेर प्राप्त प्रतिवेदन प्रस्तुत हुन नसकेको यकिन परिमाणको कारणबाट मात्र फरक परेको देखिएको हुँदा यी प्रतिवादीलाई आरोपदाबी बमोजिमको कसुरमा सजाय हुनुपर्ने होइन भनी बहस प्रस्तुत गर्नु भयो।

५. प्रस्तुत मुद्दाको आरोपदाबीमा निम्न आधार कारण उल्लेख गरी प्रतिवादीहरू उपर सजायको मागदाबी गरेको देखिन्छः
   क. सुनको जलहरी निर्माणका क्रममा पशुपति क्षेत्र विकास कोषले मिति २०७७/१०/२९ गते र मिति २०७७/११/०५ गते गरी खरिद गरेको क्रमशः ६४.१६३४० के.जी. र ३९.६०९७० के.जी. गरी १०३.७७३१० के.जी. सुनको purity ९८.८८३१% को शुद्ध सुन १०२.६१४० के.जी. भएको,

ख. श्रीपशुपतिनाथको मन्दिरभित्र राखिएको सुनको जलहरीको जम्मा तौल १०६,४३२.५ ग्राम सुनको शुद्ध सुन (pure gold) १०००८५.९ ग्राम र जलहरी निर्माणका क्रममा रुद्रगाडेश्वरमा बाँकी रहेको १०३७.५ ग्राम सुनको शुद्ध सुन (pure gold) ९६२.६ ग्राम सुन जलहरीमा प्रयोग भएकोमा जम्मा तौल **१०७,४७०.०** ग्राम सुन रहेकोमा उल्लिखित सुनको pure gold **१०१,०४८.५** ग्राम मात्र शुद्ध सुन रहेको,

ग. नेपाल राष्ट्र बैंकबाट खरिद गरिएको **१०३,७७३.१** ग्राम सुनको शुद्ध सुन (pure gold) **१०२६१४.०** ग्राम रहेकोमा (pure gold) **१०२६१४.०** ग्राम सुनबाट सुनको जलहरी निर्माणमा प्रयोग भएको सुन र रुद्रगाडेश्वरमा बाँकी रहेको सुनबाट देखिन आएको शुद्ध सुन (pure gold) **१०१,०४८.५** ग्राम सुन घटाउँदा **१५६५.६ ग्राम** शुद्ध सुनको परिमाणमा अन्तर (फरक) हुन गएको,

घ. उल्लिखित फरक पर्न आएको शुद्ध सुनको परिमाणको **१५६५.६** ग्रामबाट जलहरी निर्माणमा जर्तीबापत नेपाल राष्ट्र बैंकले प्रचलनमा ल्याएको जर्ती मापदण्ड अनुसार हुने ०.०७२% ले हुन आउने ७३.८८२०८ ग्राम सुन घटाउँदा बाँकी हुने **१४९१.७१८** ग्राम (एक किलो चार सय एकान्नब्बे ग्राम सात सय अठार मिलिग्राम) रहेको,

ङ. प्रतिवादीहरूले श्री पशुपतिनाथ मन्दिरमा रहने सुनको जलहरी निर्माणका क्रममा नेपाल सरकार सार्बजनिक संस्थाको सम्पत्ति १४९१.७१८ ग्राम (एक किलो चार सय एकान्नब्बे ग्राम सात सय अठार मिलिग्राम) सुन श्री पशुपति क्षेत्र विकास कोषले सुनको जलहरी निर्माणका क्रममा नेपाल राष्ट्र बैंकबाट मिति २०७७/१०/२९ गते खरिद गरेको सुनको दररेटलाई कायम गरी सो दिनको प्रतिग्रामको रु.७८४४.५० को दरले १४९१.७१८ ग्राम सुनको पर्न आउने मूल्य रु.१,१७,०१,७८१.८५ **(एक करोड सत्र लाख एक हजार सात सय एकासी रुपैयाँ पचासी पैसा)** को सुन लापरबाही बदनियत गरी हिनामिना, हानिनोक्सानी तथा दुरुपयोग गरेको देखिएको।

६. प्रतिवादीहरू विरुद्ध निम्नबमोजिमको कसूरमा निम्न अनुसारको सजाय मागदाबी गरेको देखिन्छः-

| सि.नं. | प्रतिवादीहरूको नाम | प्रतिवादीहरूले गरेको कसूर | प्रतिवादीहरू उपर माग गरिएको सजाय | प्रतिवादीहरूबाट असुल हुने बिगो |
|---|---|---|---|---|
| १. | डा. मिलनकुमार थापा | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम कैद, सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगोबमोजिम जरिबाना र सोही ऐनको दफा १७ बमोजिम हानिनोक्सानी भएको बिगो असुल | १,१७,०१,७८१।८५ |
| २. | अरुणकुमार श्रेष्ठ | ऐ.ऐ | ऐ.ऐ | १,१७,०१,७८१।८५ |
| ३. | डा. प्रदिप ढकाल | ऐ.ऐ | ऐ.ऐ र दफा २४ बमोजिम थप सजाय | १,१७,०१,७८१।८५ |

७. उपर्युक्त तथ्य एवम् आरोपदाबी रहेको प्रस्तुत मुद्दामा देहायका प्रश्न उपर न्याय निरुपण गर्नुपर्ने देखिन आयोः

*क) श्री पशुपतिनाथ मन्दिरमा रहने सुनको जलहरी निर्माणका क्रममा १४९१.७१८ ग्राम सुन फरक पारी लापरबाही बदनियत गरी हिनामिना, हानिनोक्सानी तथा दुरुपयोग गरी भ्रष्टाचारजन्य कसुर गरेको हो वा होइन ?*

*ख) यदि सो कसूर गरेको हो भने कसूरमा कुन कुन प्रतिवादीहरूको के कस्तो संलग्नता रहेको छ ?*
*ग) कसूरमा संलग्न प्रतिवादीहरूलाई आरोपदाबी अनुसार कसूर कायम गरी सजाय गर्नु पर्ने हो होइन ?*
*घ) यदि कसूर गरेको हो भने के कस्तो सजाय हुनुपर्ने हो ?*

८. श्री पशुपति क्षेत्र विकास कोष संचालक परिषद् समेतले पशुपतिनाथको मन्दिरमा सुनको जलहरी राख्दा भ्रष्टाचार तथा अनियमितता गरेकोले आवश्यक कारवाही गरी पाउँ भन्ने उजुरी परी अनुसन्धान तहकिकात भएको देखिन्छ।

९. उजुरीमा उल्लिखित सुनको जलहरीको पृष्ठभूमि हेर्दा, श्री पशुपतिनाथ मन्दिरको मुल शिवलिङ्गमा चाँदीको जलहरीमा रहेको र पञ्चामृत शिवलिङ्गमा चढाउँदा चाँदीको जलहरी भित्र पञ्चामृत छिर्न गई गन्हाउन थालेकोले सो जलहरी निर्माण गर्न आवश्यक देखिएको हुँदा पबित्र धातु प्रयोग गरी जलहरी निर्माण गर्नुपर्ने हुँदा चाँदीको जलहरीको बदलामा सुनको जलहरी निर्माण गर्न आवश्यक व्यवस्था मिलाउन हुन भन्ने बेहोराको पशुपतिनाथ मन्दिरका मुलभट्ट गणेश भट्टको मिति २०७६/०७/२८ को निवेदनबाट श्री पशुपतिनाथ मन्दिरमा रहेको शिवलिङ्गमा सुनको जलहरी निर्माण गर्नुपर्ने आवश्यकता भएको देखिन आउँछ। पशुपति क्षेत्र विकास कोष संचालक परिषद्द्वारा गठित कार्य सम्पादन समितिको मिति २०७६/८/१६ गतेको बैठकको निर्णय अनुसार पशुपति क्षेत्र विकास कोष संचालक परिषद्का कोषाध्यक्ष डा. मिलनकुमार थापाको संयोजकत्वमा ९ सदस्य रहने गरी **श्री** पशुपतिनाथको **जलहरी निर्माण व्यवस्था समिति** गठन भएको तथ्यसम्ममा विवाद रहेको देखिंन आउँदैन।

१०. मिति २०७७/१०/१२ गतेका दिन तत्कालीन सम्माननीय प्रधानमन्त्री श्री खड्गप्रसाद ओलीबाट भगवान श्री पशुपतिनाथको मन्दिर निरीक्षण तथा अनुगमनका क्रममा सुनको जलहरी निर्माण गर्ने कार्यका लागि नेपाल सरकारबाट रु.३० करोड उपलब्ध गराउने बेहोरा अवगत गराउनु भएकोले कार्यविधि अपनाई सुनको जलहरी निर्माण गर्ने कार्य अघि बढाउने, सुनको जलहरी निर्माणका लागि अनुमानित १०८ किलोग्राम सुन लाग्ने देखिएकोले सो सुन खरिदका लागि पशुपति क्षेत्र विकास कोषले रु.५० करोड उपलब्ध गराउने, रु.३० करोड नेपाल सरकारबाट प्राप्त हुने र अपुग रकम संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमार्फत नेपाल सरकारलाई अनुरोध गर्ने भनी उल्लेख भएकोले सुनको जलहरी निर्माण कार्यको थालनीको लागि आवश्यक कार्यविधि अपनाइएको देखिन आउँछ।

११. नेपाल राष्ट्र बैंकबाट आवश्यक सुन खरिदका लागि MOU गर्न कोषका सदस्य सचिवलाई अधिकार दिइएको र सुनको जलहरी निर्माण कार्यको लागि आवश्यक पर्ने ज्याला दातामार्फत सोझै कालिगढलाई नै भुक्तानी गर्ने व्यवस्था मिलाएको देखिन्छ। सुनको जलहरी निर्माण कार्य अवधिभरका लागि सुरक्षा व्यवस्था मिलाउनुपर्ने भएकोले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमार्फत रक्षा मन्त्रालयलाई पत्राचार गरी नेपाली सेनालाई सुरक्षाको जिम्मा दिने व्यवस्था मिलाउन अनुरोध गर्ने, भगवान श्री पशुपतिनाथको गर्भगृहमा रहेको चाँदीको जलहरीलाई मर्मत सम्भार गरी सोही जलहरी माथि सुनको जलहरी लगाउने भन्ने समेत बेहोराको पशुपति क्षेत्र विकास कोषका अध्यक्ष माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री भानुभक्त ढकालको अध्यक्षतामा मिति २०७७/१०/१४ गते बसेको संचालक परिषद्का निर्णयबाट देखिन्छ।

१२. मिति २०७७/१०/२९ गतेका दिन सुनको जलहरी निर्माणको लागि नेपाल राष्ट्र बैंकबाट खरिद गरी टिनको बाकसमा लाहा छाप लगाई ल्याईएको ६४१६३.४०० ग्राम सुन नेपाली सेनाको सुरक्षामा पशुपति रुद्रगाडेश्वर प्राङ्गणको लकरमा बन्द गरी सो लकरको साँचो १ सेट नेपाली सेना, १ सेट पशुपति क्षेत्र विकास कोष र १ थान ताला चाँबी पशुपति भण्डार तहबिलका बिसेट नाइके अरुणकुमार श्रेष्ठको जिम्मामा रहेको भन्ने बेहोराको लकरमा सुन राखिएको मुचुल्काबाट बेहोरा अवगत हुन आउँदछ। यसरी हेर्दा खरिद गरिएको सुनको सुरक्षा व्यवस्था मजबुत राखिएकोमा विवाद देखिँदैन। तीन पक्षलाई साँचो जिम्मा दिएको देखिएबाट कुनै एक पक्षले बदनियत राखी लकरको साँचो खोल्न चाहेमा पनि तीन पक्ष नै मिलिभगत नभएसम्म सो गर्न सम्भव देखिन आउँदैन। त्यस्तै मिति २०७७/११/५ गते श्रीपशुपतिनाथको जलहरी निर्माण कार्यका लागि नेपाल राष्ट्र बैंकबाट थप ३९६०९.०७ ग्राम सुन खरिद गरि ल्याई

जलहरी निर्माणस्थल पशुपति रुद्रगाडेश्वरमा रहेको सेफमा उपस्थितिका रोहवरमा राखिएको भन्ने बेहोराको मुचुल्काबाट देखिएको छ। साथै खरिद गरी ल्याएको सुन विधिवत रुपमा मुचुल्काहरू खडा गरी जलहरी निर्माण कार्य प्रारम्भ भएकोमा विवाद रहेको देखिंदैन। मिसिल संलग्न मुचुल्काहरू हेर्दा जलहरी निर्माणका क्रममा बिहान लकर खोल्दा सुन तौल गरेर काम शरू गर्ने र साँझ सो दिनको काम सकिएपछि पनि सुन तौल गरेर मुचुल्कामा बेहोरा जनाई लकर बन्द गरी तीन पक्षले एक एक वटा साँचो जिम्मा लिने प्रक्रिया अबलम्बन गरेको देखिन आउँछ।

१३. उल्लिखित तथ्य रहेको प्रस्तुत मुद्दामा जलहरी निर्माण कार्य प्रारम्भ भई नेपाल राष्ट्र बैंकबाट खरिद गरिएको **१०३,७७३.१** ग्राम सुनको शुद्ध सुन (pure gold) **१०२६१४.०** ग्राम रहेकोमा (pure gold) **१०२६१४.०** ग्राम सुनबाट सुनको जलहरी निर्माणमा प्रयोग भएको सुन र रुद्रगाडेश्वरमा बाँकी रहेको सुनबाट देखिन आएको शुद्ध सुन (pure gold) **१०१,०४८.५** ग्राम सुन घटाउँदा **१५६५.६ ग्राम** (सुनको परिमाणको **१५६५.६** ग्रामबाट जलहरी निर्माणमा जर्तीबापत नेपाल राष्ट्र बैंकले प्रचलनमा ल्याएको जर्ती मापदण्डअनुसार हुने ०.०७२% ले हुन आउने ७३.८८२०८ ग्राम सुन घटाउँदा बाँकी हुने **१४९१.७१८** ग्राम सुन) शुद्ध सुनको परिमाणमा अन्तर हुन गएकोले यी प्रतिवादीहरूको लापरबाहीबाट बदनियत गरी हिनामिना, हानिनोक्सानी तथा दुरुपयोग गरेको भनी यी प्रतिवादीहरू उपर अभियोजन पक्षले आरोपदाबी लिएको देखिन्छ।

१४. यसरी हेर्दा **१४९१.७१८** ग्राम सुन नपुग गराई प्रतिवादीहरूले उक्त परिमाणको सुनमा भ्रष्टाचार गरेको भन्ने नै मुख्य आरोपदाबी रहेको पाइन्छ। त्यसकारण **आरोपित दाबीको परिमाणको सुन अपुग भएको हो होइन र त्यसरी सुनको परिमाणमा फरक पर्नुका आधार कारण के के हुन सक्दछन्** ? **सो दाबीको परिमाणको सुन अपुग हो भने कहाँ गयो, कसले लग्यो, यी प्रतिवादीहरूले नै लिए खाएको भन्ने आधार प्रमाण अभियोजकले के के प्रस्तुत गरेको छ, त्यसरी आरोपिले गायब पार्न वा लैजान सक्ने अवस्था सुरक्षाको दृष्टिकोणबाट देखिन्छ देखिंदैन** ? इत्यादि सूक्ष्म प्रश्नहरूको निरोपण गर्नुपर्ने देखिन्छ।

१५. अतः आरोपपत्रमा यी प्रतिवादीहरू डा. प्रदिप ढकाल, डा. मिलनकुमार थापा र अरुणकुमार श्रेष्ठले १४९१.७१८ ग्राम (एक किलो चार सय एकानब्बे ग्राम सात सय अठार मिलिग्राम) सुन हिनामिना, हानिनोक्सानी तथा दुरुपयोग गरेकोले उक्त सुनको पर्न आउने मूल्य रु.१,१७,०१,७८१.८५ (एक करोड सत्र लाख एक हजार सात सय एकासी रुपैया पचासी पैसा) जनही बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको **को दफा १७ ले निर्देश गरेबमोजिम ऐ.ऐ. ऐनको दफा ३ को उपदफा (१)** को (झ) बमोजिम कैद र ऐ.ऐ. ऐनको दफा ३(१) बमोजिम बिगोबमोजिम जरिवाना हुन र **भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७** बमोजिम निजबाट बिगो रकमसमेत असुलउपर गरी पाउँ भनी तथा प्रतिवादी डा. प्रदिप ढकाललाई सोही ऐनको दफा दफा २४ बमोजिम थप सजाय गरी पाउँ भनी आरोप दाबी रहेको देखिन्छ।

१६. अब, यी प्रतिवादीहरूले उल्लिखित आरोपदाबी बमोजिमको कसुर अर्थात पहिलो प्रश्न ***"श्री पशुपतिनाथ मन्दिरमा रहने सुनको जलहरी निर्माणका क्रममा १४९१.७१८ ग्राम सुन फरक पारी लापरबाही बदनियत गरी हिनामिना, हानिनोक्सानी तथा दुरुपयोग गरी भ्रष्टाचारजन्य कसुर गरेको अवस्था हो वा होइन ?"*** भन्ने सम्बन्धमा हेरौं। यस सिलसिलामा प्रतिवादी **डा.मिलनकुमार थापाले** अनुसन्धनको क्रममा तथा यस अदालतसमक्ष गरेको बयानमा जलहरी बनाउँदाका हरेक चरणमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, अन्य सरोकारवालाको उपस्थितिमा पारदर्शी ढङ्गबाट मुचुल्का गरी कार्य सम्पादन भएको हो। सुरक्षाको अत्यन्तै कडा व्यवस्थापन बिच चौबिसै घण्टा सि.सि. क्यामेराको र नेपाली सेनाको निगरानीमा काम सम्पन्न भएको थियो। त्यसकारणबाट सुनको परिमाणमा हिनामिना हुन सक्ने अवस्था नै रहेको थिएन। ठूलो परिमाणको सुन मध्येबाट १,४९१ ग्राम सुन कसरी निकालेर म समेतले लगेको वा लग्न सक्ने अवस्था रहेको थियो भन्ने पनि अभियोजनमा उल्लेख हुन सकेको छैन। जलहरी निर्माण गर्ने क्रममा रुद्रगाडेश्वरमा सुनको काम भएको स्थानलाई सम्मानित सर्वोच्च अदालतको मिति २०७७।११।१२ को अन्तरिम

आदेशको कारणबाट सफा गर्ने कार्य स्थगन गरी उक्त स्थानलाई पूर्ण रुपमा सिल (बन्द) गरी राखिएको थियो।

१७. अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जलहरी जोख्ने कार्य सम्पन्न गरेपश्चात् उक्त स्थानमा प्रवेश गरी निर्माण स्थल भित्रको माटो, कपडा, म्याट, कारपेटहरूमा टासिएर बसेका सुनका कण जम्मा गरी परिमाण यकिन गर्न भनियो। आयोगका अधिकारीहरूको मौखिक निर्देशनबमोजिम नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्थानीय जन प्रतिनिधि, सुन चाँदी व्यवसायी संघका प्रतिनिधि, श्री पशुपति क्षेत्र विकास कोष आदिका प्रतिनिधिको उपस्थितिमा उक्त स्थानमा व्यापक एवम् सूक्ष्म रुपमा सरसफाइ गरी सुन चाँदी व्यवसायी संघले पठाएका कालिगढको अग्रसरतामा उक्त स्थानमा सुन छान्ने, कैलाउने कार्य गरी जम्मा ६२३ ग्राम शुद्ध सुन भेटियो। सो सुनलाई गाली अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई तत्काल उक्त कुराको लिखित जानकारी एवम् सुन समेत पेस गरिएको थियो। तर अख्तियारबाट उक्त ६२३ ग्राम सुनलाई कुल सुनमा गणना गरिएन। मिति २०८०।०३।१९, ३।२०, २।२१ को मुचुल्काबाट यो तथ्यको पुष्टि हुन्छ।

१८. अनुसन्धानको क्रममा जलहरीको जम्मा तौल १,०७,४७० ग्राम भएको र उक्त तौलमध्ये जम्मा १,०१,०४८ ग्राम मात्र शुद्ध सुन (सुन बाहेकका धातुको तौल ६,४२२) भएको भनी अभियोजन गरिएको देखिन्छ। सो अवस्थामा, सोही अभियोजनमा उल्लेख भएबमोजिम नेपाल राष्ट्र बैंकबाट प्राप्त सुनमा अन्य धातु १,१५९.०९ ग्राम, चाँदी १,२४९ ग्राम, तामा २,८९० ग्राम, जिन्क १२.७५ ग्राम थप भएको स्वीकार गरिएको छ, अर्थात् जम्मा थप भएको ५,३१०.८४ ग्राम अन्य धातुको मात्राको सम्बन्धमा अभियोजनले नै प्रष्ट पारेको छ। त्यसमा प्राविधिक परीक्षणबाट खुल्न आएको अन्य धातु (Iron, Iridium, Ruthenium, Osmium), जुन धातु समेत सुनमा मिसाएको भन्ने अभियोजन रहेको छैन र जुन कुरा सम्भव पनि छैन। ३०१.८३ ग्राम गरी जम्मा ५६१२.६७ ग्राम (बाँकी ८०९.३३ ग्राम) अन्य धातुको यकिन भएको छ। मिति २०८०।०३।१९, २० र २१ मा भएको मुचुल्काबमोजिम जलहरी निर्माणस्थलमा रहेको पछि सङ्कलन गरी अख्तियारलाई मुचुल्कासाथ बुझाइएको सुनको धुलो जम्मा ६२३ ग्रामसमेत गणना गर्दा जम्मा १०८.५६ ग्राम सुन फरक परेको देखिन्छ। अभियोजनमा दाबी गरेको जस्तो १,४९१.७१८ ग्राम अपुग भएको होइन। उक्त १०८.५६ ग्राम सुनसमेत जर्तीको अव्यवहारिक गणना एवम् सुनको गुणस्तर परीक्षण गरेर प्राप्त प्रतिवेदनमा प्रस्तुत हुन नसकेको यकिन परिमाणको कारणबाट मात्र फरक परेको देखिएको हो। वास्तवमा श्रीमा चढाएको सुनको जलहरीमा कुनै पनि परिमाणको सुनमा कमी रहेको छैन। अतः मलाई उल्लिखित अभियोगबमोजिम कसूर ठहर हुनुपर्ने होइन भनी आरोपित कसुरमा इन्कारी रही बयान गरेको देखिन्छ।

१९. **प्रतिवादी डा. प्रदिप ढकालले अनुसन्धानको क्रममा तथा यस अदालतमा** कार्यस्थलमा चौबिसै घण्टा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीको सुरक्षा घेराभित्र रहेको स्थलमा श्री पशुपतिनाथको जलहरी निर्माण व्यवस्था समितिले पारदर्शी ढङ्गबाट मुचुल्का गरी कार्य भएको एवम् सुरक्षाको अत्यन्तै कडा व्यवस्थापनबीच सि.सि. क्यामेराको र नेपाली सेनाको निगरानीमा काम सम्पन्न भएको कारणबाट सुनको परिमाणमा हिनामिना हुन सक्ने अवस्था रहेको थिएन। श्री पशुपतिनाथको जलहरी निर्माण व्यवस्था समितिका सदस्यहरू समेतको उपस्थितिमा सुनमा मिसाइएका धातु पारदर्शी ढङ्गबाट कालिगढलाई उपलब्ध गराई मिसाइएको बेहोरा जानकारी पाएको थिएँ। आरोपपत्रमा म समेतले सुनमा धातु मिसाएको भन्ने प्रतित हुने गरी आरोप लगाइएको रहेछ। सुन गाल्ने एवम् सुन र अन्य धातु मिसाउने कार्य म समेतले गर्न सक्ने कार्य होइन। यस कार्यको निमित्त विशेषज्ञ एवम् प्राविधिक ज्ञान आवश्यक हुन्छ। सम्मानित सर्वोच्च अदालतको मिति २०७७।११।१२ को अन्तरिम आदेशको कारणबाट जलहरी निर्माणका बाँकी कामहरू पुरा हुन सकेको थिएन। २०७७/१२/०२ मा सम्मानित सर्वोच्च अदालतले अन्तरिम आदेश खारेज गरिसकेपछि बाँकी काम गर्नका लागि क्षमा पुजासहित उपयुक्त साइत निकाल्ने क्रममा थियौं। यस्तैमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानविन थालेपछि जलहरी निर्माण कार्य सम्पन्न गर्ने काम स्थगित गरिएको थियो। आरोपपत्रमा मिति २०७७/११/११ राति भएको **मुचुल्कामा अर्पण गरियो भनी धर्सो तानी टुङ्ग्याइएकोमा** पुनः **साथै बाँकी रहेको टुक्राहरू रिङ्ग बनाई**

**लगाइएको** भन्ने शब्द मबाट थप गर्न लगाइएको भनी लगाइएको आरोप निराधार छ। जलहरी निर्माण समितिले जुनसुकै निर्णय वा मुचुल्का गर्दा आफ्नै विवेकले गर्दथ्यो। त्यस्तै मिति २०७७।११।२० गतेका दिनमा जलहरी निर्माण समितिले गरेको कामको विषयमा मुचुल्का किन बनाइएन भन्ने विषयमा म जानकार छैन। सो समयमा म आफ्नो कामको सिलसिलामा उपत्यका बाहिर जानुपर्ने भएकोले बिदा लिई कार्यभार सुम्पी गएको थिएँ। म पुनः २०७७।११।२२ मा कार्यालयमा हाजिर भएको हुँ। जलहरी निर्माण व्यवस्था समितिले निष्ठापूर्वक कार्य गरेकोमा म विश्वस्त छु। जलहरी निर्माण व्यवस्था समितिको प्रत्यक्ष निगरानी र निर्देशनमा कालिगडहरूले तामा, चाँदी लगायतका धातुहरूको मिश्रण गर्ने, गाल्ने, पेल्ने लगायतका कार्यहरू गरेका थिए। मिति २०७८/०४/३१ मा मेरो अवकाशपछि भए गरेका कार्यहरूको विषयमा म जानकार छैन। पछिल्लो समयमा शिवलिंगमा चढाइसकिएको जलहरीलाई निकालेर पुनः नापजाँच गरी राखिएको कुरा समाचार माध्यमबाट थाहा पाएको हुँ। त्यसबीचका प्रक्रियाहरूका बारेमा मलाई कुनै जानकारी छैन। मैले कुनै बदनियत राखी कुनै हिनामिना गरेको छैन। आरोपदाबी बमोजिम सजाय हुनुपर्ने होइन भनी आरोपित कसुरमा इन्कारी रही बयान गरेको देखिन्छ।

२०. **त्यस्तै प्रतिवादी अरुण कुमार श्रेष्ठले अनुसन्धानको क्रममा तथा यस अदालतमा** म स्टोर किपर होइन। पशुपति क्षेत्र विकास कोषको पूजा व्यवस्था नियमावली २०६८ ले निर्दिष्ट गरेको दायित्वमा मन्दिरमा चढेका जिन्सीको कोषमा दाखिला गर्ने कार्य मेरो पर्दछ। पशुपति क्षेत्र विकास कोष, आर्थिक प्रशासन नियमावली, २०४५ को दोस्रो संशोधन २०६२ ले निर्दिष्ट गरेअनुसार पनि मेरो दायित्व स्टोर किपरको नरहेको प्रष्ट पारेको छ। मैले उक्त जलहरी निर्माण व्यवस्था समितिको सदस्यको रुपमा मनोनित भएपश्चात् आशा पाण्डे र ध्रुव उप्रेतीको निर्देशनबमोजिम कार्य गर्ने मेरो जिम्मेवारी हो। जलहरी निर्माणको सन्दर्भमा सबै प्राविधिक लगायतको विषय मलाई जानकारी हुने विषय होइन। मिति २०८०।०३।१० मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेको नापतौल एवम रुद्रगाडेश्वरमा रहेको किल्ला, टुक्रा, तार, पेच लगायतको सुन रुद्रगाडेश्वरको ज्यासल सेफमा सुरक्षित रहेको १.०३७५ ग्राम छ भन्ने कुरा स्वयम् अभियोग पत्रको प्रकरण ४ पेज नं.४७ मा प्रष्ट उल्लेख नै भएको हुँदा जलहरी निर्माणमा कहीं कतै गलत भएको छैन। पशुपति क्षेत्र विकास कोषको मिति २०८०।०४।१०, च.नं. ५३ को पत्रमा उल्लेख भएको सुन ०.६२३ ग्राम अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उल्लेख गरेको देखिएन। गुणस्तरको विषयमा राष्ट्र बैंकबाट आयात गरिएको सुनमा गुणस्तरको प्रश्न रहन सक्दैन। जलहरी निर्माण गर्दा घट्ने जर्ती र सानो काममा घट्ने जर्तीको मात्रा स्वाभाविक रुपमा फरक पर्ने हुँदा कहीं कतै अन्यथा वा बदनियत राखी सुन हिनामिना भएको छैन भनी आरोपित कसुरमा इन्कारी रही बयान गरेको देखिन्छ।

२१. जलहरी निर्माणको लागि नेपाल राष्ट्र बैंकबाट खरिद गरी टिनको बाकसमा लाहा छाप लगाई ल्याइएको सुन ६४१६३.४०० ग्राम सुन नेपाली सेनाको सुरक्षामा पशुपति रुद्रगाडेश्वर प्राङ्गणको लकरमा बन्द गरी सो लकरको साँचो १ सेट नेपाली सेना, १ सेट पशुपति क्षेत्र विकास कोष र १ थान ताला चाँबी पशुपति भण्डार तहबिलका बिसेट नाईके अरुणकुमार श्रेष्ठको जिम्मामा रहने भन्ने मुचुल्का र श्री पशुपतिनाथको जलहरी निर्माण कार्यका लागि नेपाल राष्ट्र बैंकबाट थप ३९६०९.०७ ग्राम सुन खरिद गरि ल्याई जलहरी निर्माणस्थल पशुपति रुद्रगाडेश्वरमा रहेको सेफमा उपस्थितिका रोहवरमा राखिएको भन्ने मुचुल्काबाट जलहरी निर्माण गर्न प्रयोग हुने सुन राखिएको स्थानको लकरको साँचो यी प्रतिवादीहरू बाहेक सेना र पशुपति क्षेत्र विकास कोषसँग समेत हुनेमा अभियोजन पक्ष समेतले विवादको विषय वस्तु बनाइएको देखिंदैन। यसबाट जलहरीमा प्रयोग हुने सुन राख्दा वा झिक्दा यी सबै पक्षको उपस्थिति अनिवार्य रहेको देखिन आउँछ।

२२. **मिति २०७७/१०/३० गते शुक्रबारको दिन** बिहान ८.३० बजे श्री पशुपतिनाथको जलहरी निर्माण कार्य गर्नका लागि नेपाल राष्ट्र बैंकबाट खरिद भई आएको सुन ६४१६३.४०० ग्राम मध्ये १२३३१.६० ग्रामको पोका निकाली माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री समेतको उपस्थितिमा कार्य आरम्भ गरिएको, ११.१५ बजे श्री

पशुपतिनाथको जलहरी निर्माण कार्य गर्नका लागि नेपाल राष्ट्र बैंकबाट खरिद गरेको सुन र सो सुन गाल्नका लागि दाताबाट प्राप्त चाँदी मध्ये यसमा प्रयोग हुने चाँदी ५१४.००० ग्राम र तामा १५५५.००० ग्राम उपस्थित महानुभावहरूको उपस्थितिमा गाल्नका लागि कालीगढ उपेन्द्र बाराही टोली ४ जनालाई जिम्मा दिईएको र ३ बजेको समयमा श्री पशुपतिनाथको सुनको जलहरी निर्माण कार्यका लागि नेपाल राष्ट्र बैंकबाट खरिद भई आएको ६४१६३.४०० ग्राम सुनलाई तामा १९२२.००० ग्राम र चाँदी ६४१.००० ग्राम मिसाई गाल्दा सुन ४ पिस भएको सुन तौल गर्दा जम्मा ६६८३६.००० ग्राम भएको उक्त ४ पिस सुनलाई सेफमा राखी लाहाछाप गरी सो सेफको साँचो १ सेट नेपाली सेनालाई, १ सेट पशुपति क्षेत्र विकास कोषका कोषाध्यक्षज्यूलाई र सेफको बाहिरको साँचो एक सेट चाँबी पशुपति भण्डारका बिसेट नाईके अरुणकुमार श्रेष्ठलाई जिम्मा दिईएको भन्ने बेहोराको मुचुल्काका समेतबाट जलहरी निर्माण कार्यमा सुरक्षा साथ पारदर्शितासमेत लागू भएको देखिन आउँछ।

२३. **मिति २०७७/११/२ गते आइतबारको दिन** बिहान १०:३० बजेको समयमा ६४१६३.४०० ग्राम सुन गलाई ४ थान पाता बनाई सुन तौल गरी पशुपति क्षेत्रको रुद्रगाडेश्वरबाट पाटन औद्योगिक क्षेत्र जय सन्तोषी रोलिङ्ग मिल्समा पाता पेल्नका लागि लगिएको, मुचुल्का गरी पाता बनाउन लगेकोमा पाता बनाई फिर्ता हुदाँ ७ थान पातालाई तौल गरी पशुपति रुद्रगाडेश्वर स्थित ज्यासलभित्र रहेको सेफमा राखी लाहाछाप लगाई सेफको साँचो कोषाध्यक्ष, नेपाली सेना समेतलाई जिम्मा दिइएको र बिहान १०.३० बजे मुचुल्का गरी पाता बनाउन लगेकोमा पाता बनाई फिर्ता भई आएको ७ थान पाताको तौल गर्दा जम्मा तौल ६६७९२ ग्राम र माटोसहितको कालो धुलो ०.०२० ग्राम समेत भएको भन्ने बेहोराको मुचुल्का रहेको हुँदा सोमा विवाद रहेको देखिन आउँदैन।

२४. यसरी सुनको जलहारी निर्माणका लागि पशुपतिनाथको व्यवस्थापनबाट सुरक्षित पारदर्शी र व्यवस्थित प्रक्रिया अवलम्बन गरिएको देखिन आउँछ। जलहरी निर्माणका सिलसिलामा हरेक दिन हरेक चरणमा सेफमा सुन राख्दा र सेफबाट झिक्दा कुनै एक व्यक्तिलाई मात्र सो कार्यको जिम्मा नदिई तीनवटा चाबीको साँचो तीनजना जिम्मेवार व्यक्तिसँग रहने गरी पहिलेदेखि नै जिम्मा लगाइएको पाइन्छ। सेफको साँचो नेपाली सेनाको प्रतिनिधित्वसमेत हुने गरी जिम्मा दिइएको र निजको सहभागिता बिना सेफ खुल्न सम्भव नदेखिएकोले साँचो जिम्मा लिएका तीन जना मध्ये पशुपतिका विसेटले मात्र सेफ खोल्न सक्ने सम्भावना देखिन आउँदैन। सेफको साँचो जिम्मा पाएका अरु व्यक्तिलाई प्रतिवादी कायम गरिएको समेत नहुँदा एउटा मात्र साँचोबाट पुरै सेफ खुलाइएको जस्तो परिकल्नामा आरोप दाबी आएको देखिन्छ जुन दाबी सोहदसम्म स्थापित हुन सक्ने देखिंदैन। यस्तै २४ सै घण्टा सिसि क्यामराको निगरानी हुने तथ्य पनि मिसिलबाट स्थापित भएको हुँदा अभियोजकले यी प्रतिवादीहरूको अस्वाभाविक पहुँच सिसि टिभि फुटेजबाट प्रमाणित गर्न सकेको पाईंदैन।

२५. यसका अतिरिक्त जलहरी निर्माणका चरणमा सेफबाट सुन बाहिर ल्याउँदा र सेफमा राख्दा हरेक पल्ट उठाइएका मुचुल्काको बेहोराबाट पनि आरोपित दाबी स्थापित हुने प्रमाण भेटिंदैन। विभिन्न मितिमा गरिएका मुचुल्काहरूको विवरण निम्न बमोजिम छः

क) **मिति २०७७/११/३ गते सोमबारको दिन** ९ बजेको मुचुल्का अनुसारको ७ वटा पाताको ६६७९२ ग्राम सुन समेतलाई पशुपति रुद्रगाडेश्वर स्थित ज्यासल भित्र रहेको सेफमा राखी लाहाछाप लगाई सेफको साँचो कोषाध्यक्ष, नेपाली सेना समेतलाई जिम्मा दिइएको भन्ने बेहोराको मुचुल्का र मिति २०७७/११/४ गते बिहान ७.४५ बजे सुन ५१४३० ग्राम कालीगढलाई जिम्मा दिइएको र मिति २०७७/११/४ गतेका दिन जम्मा सुन १८.७९० ग्राम र पाता १० समेत ज्यासलभित्र रहेको सेफमा राखिएको भन्ने बेहोराको मुचुल्का।

ख) **मिति २०७७/११/५ गते** जम्मा सुन ४३२०२ ग्राम कालीगढलाई जिम्मा दिइएको साथै पशुपतिनाथको क्षमा पूजाका लागि सुन ४३९३४ ग्राम र चाँदी ३९६४ ग्राम सेफबाट निकाली निर्माण गर्न कालीगढलाई जिम्मा

दिईएको, ४.३० बजे नेपाल सरकारले खरिद गरी राष्ट्र बैंकबाट ३९६०९.७०० ग्राम सुन श्री पशुपतिनाथको जलहरी निर्माण कार्यका लागि नेपाल राष्ट्र बैंकबाट जलहरी निर्माणस्थल पशुपति रुद्रगाडेश्वरमा ल्याई सेफमा उपस्थितिका रोहवरमा राखिएको, नेपाल सरकारबाट खरिद गरेको ३९६०९.७०० ग्राम सुनमा ९६६ ग्राम तामा र ६१२ ग्राम चाँदी मिसाई सुन गाल्दा ३ वटा ढिक्का पाता बनि जम्मा ४१.१९७ ग्राम भएकोले सुनलाई जलहरी निर्माणस्थल पशुपति रुद्रगाडेश्वरमा रहेको सेफमा उपस्थितिका रोहवरमा राखिएको र राती ९.३० बजेको समयमा सुनको जलहरी निर्माणको क्रममा निस्केको सुनको टुक्रा पाताहरू तथा टुक्राटुक्री सुन सबै निकाली तौल गरी सो सुनलाई गाल्दा बाँकी हुन आएको जम्मा ६६७५४ ग्राम सुनलाई सेफ भित्र राखी मुचुल्कासमेत गरिएको भन्ने बेहोराको मुचुल्का।

ग) **मिति २०७७/११/६ गते** बिहान ८ बजे सुनको जलहरी निर्माणको लागि ७३ किलो २ सय ७२ ग्राम सुन कारखानामा पाता बनाउन लगिएको, नाग ६ पीस, सुनको पाता ७३२ ग्राम, तार समेत गरी ६२६ ग्राम, चाँदी ५६८ ग्राम गरी सुन १३५८ ग्राम निकाली कालीगढलाई जिम्मा दिईएको, साँझ ७ बजेको समयमा सुनको जलहरी निर्माणको क्रममा बाँकी रहन आएको १३८० ग्राम सुन (रसायन सहित) र पाता टुक्रा ९.९२० ग्राम समेत रुद्रगाडेश्वर स्थित ज्यासल भित्रको सेफमा राखिएको र मिति २०७७/११/६ गतेका दिन पाता पोल्न लगिएको सुन मध्ये पेल्न बाँकी रहेको सुनको ४.०४२ को दुई टुक्रा सुनसमेत पेलाई पाटन कारखानाबाट पशुपति रुद्रगाडेश्वर स्थित ज्यासल भित्रको सेफमा राखिएको भन्ने बेहोराको मुचुल्का।

घ) **मिति २०७७/११/७ गते** सुनको जलहरी निर्माण कार्यको लागि ७५.१०६ के.जी. सुन तथा चाँदी ०.०९४ ग्राम कालीगढलाई जिम्मा दिइएको र तौल गरिएको १०८.०४८ (एकसय आठ किलो अठचालिस ग्राम) सुन सेफमा सुरक्षित राखिएको भन्ने बेहोराको मुचुल्का।

ङ) **मिति २०७७/११/८ गते** क्षमा पूजाका लागि सुनका सामाग्री (तौल ०.१२४ ग्राम), चाँदीका सामाग्री (०.०९२ ग्राम) सामानहरू रुद्रगाडेश्वर स्थित ज्यासलमा निर्माण गरी श्री पशुपतिनाथका मूल पूजारी रावल गणेश भट्ट ज्यूलाई बुझाइएको, बिहान ८ बजेको मुचुल्कामा हिजो राती ९.२० बजे मुचुल्का अनुसारको सुन १०८.०४८ ग्राम मध्ये ३ वटा ढिक्काको सुनको तौल २७.३९८ ग्राम र चाँदी ८.१६७ ग्राम कारखानामा पाता बनाउने कार्यका लागि लगिएको बाँकी सुन नाग ११, पाता ६ थान, ३ थान पातामा सुनको रसाइनको लागि सुनको तार र बट्टाको टुक्राटाक्री सुन समेतको तौल ८०.६५० ग्राम कालीगढलाई काम गर्न जिम्मा दिएको, ४:२५ को समयमा श्री पशुपतिनाथको पुरानो तामाको जलहरीभन्दा बाहिर रहेको चाँदीको जलहरी चार पाटा भएको सेट-१, रिङ्गको सेट-१,जलधाराको सानो जोड्ने टुक्रा १ थान गरी ६ थान चाँदीका जलहरी मर्मतका लागि श्रीमान् मूलभट्ट रावल गणेश भट्टज्यूको संयोजकत्वमा पशुपति रुद्रगाडेश्वरमा लगिएको र सुन २७.३९२ ग्राम र चाँदी ८.३८० ग्राम कालीगढको जिम्मा दिईएको भन्ने बेहोराको मुचुल्का। **साथै,** राती ९ बजे श्री पशुपतिनाथमा मूल पुजारी रावल गणेश भट्टज्यूको संयोजकत्वमा तामाको जलहरीभन्दा बाहिर रहेको चाँदीको जलहरी चार पाटा भएको सेट-१, चाँदीको रिङ्गको सेट-१, जलधाराको सानो जोड्ने टुक्रा १ थान गरी ६ थान चाँदीका जलहरी मर्मत गरी श्री पशुपतिनाथको यथास्थानमा राख्न पालोवाला भण्डारी केदारमान भण्डारीको जिम्मा दिइएको भन्ने बेहोराको मुचुल्का।

च) **मिति २०७७/११/९ गते** बिहान ८ बजे श्री पशुपतिनाथको पुरानो चाँदीको जलहरीमा रहेको चाँदीको नाग, तामाको जलहरी भन्दा बाहिर रहेको चाँदीको ४ वटा पाटा, चाँदीको नाग-१ वटा गरी जम्मा ५ थान चाँदी मर्मतका लागि श्री पशुपतिनाथका मूल पुजारीज्यूको संयोजकत्वमा (चाँदीको नाग) बासुकी नाग (बाहिरी भाग) गरी ५ वटा चाँदीको पाता मर्मतका लागि रुद्रगाडेश्वरमा मर्मत गर्न लगिएको, १०७.७५२ ग्राम सुन र चाँदी ८.७७६ ग्रामसमेत कालीगढलाई जिम्मा दिइएको, श्री पशुपतिनाथको जलहरीको बाहिरी भागको चाँदीको

जलहरीको ९ थान चाँदीको जलहरी मर्मतका लागि श्री पशुपतिनाथका मूल पूजारी गणेश भट्टज्यूको संयोजकत्वमा रुद्रगाडेश्वरमा मर्मतको लागि लगिएको र सुन १०७.७५२ ग्राम झिकी कालिगढलाई कार्य गराउँदा कार्य गरी बाँकी रहन आएको सुन १०७.७३४ ग्राम सुन मात्र सेफमा राखीएको भन्ने बेहोराको मुचुल्का। तथा **मिति २०७७/११/१० गते सोमबारका दिन** सेफबाट निकालिएको सुन १०७.७३२ ग्राम कालिगढलाई काम गर्न जिम्मा दिइएको भन्ने बेहोराको मुचुल्का।

छ) **मिति २०७७/११/११ गते मंगलबार** राती ८ बजे मिति २०७७/१०/२९ देखि विभिन्न मितिमा भएका मुचुल्का अनुसार प्राप्त हुन आएका सुनलाई रुद्रगाडेश्वर स्थित नेपाली सेनाको सुरक्षामा रहेको श्री पशुपतिनाथको सुनको पिठीका (जलहरी) निर्माण भई रहेकोमा आजका मितिमा उक्त सुनको पिठिका (जलहरी) निर्माण कार्य सम्पन्न भई देहाय अनुसारको पिठिका (जलहरी) का सामानहरू जोखतौल गरी देहाय अनुसारको सुनको पिठिका जलहरीको सामान बिबरण (१) माथिल्लो भागको ३ वटा पाता पाटाको तौल १४३६४ ग्राम, पाटाको तौल १४९८० ग्राम, पाताको तौल १३४८० ग्राम २) जलधाराको तौल ८१८४ ग्राम (३) नागको तौल ३ पाटाको नाग पुर्वपट्टीको तौल १११७८ ग्राम, नागको पश्चिमपट्टीको पाटाको तौल १२१९८ ग्राम, नागको दक्षिण पट्टीको पाटाको तौल ११६३० ग्राम (४) नाग मूर्तिसहितको तौल १०.५०० ग्राम (५) सुनको किलाको तौल .२६८ ग्राम (६)फलामे किलाको टाउकोमा सुन .०४० ग्राम (७) जलहरी बनाएर बाकी रहेको टुक्राटाक्रीको तौल १०.९७६ ग्रामसमेत रहेको भन्ने बेहोराको मुचुल्का र राती ११ बजे विभिन्न मितिको मुचुल्काबमोजिम प्राप्त सुनबाट रुद्रगाडेश्वर स्थित ज्यासलमा नेपाली सेनाको सुरक्षामा तयार गरिएको सुनको पिठिका (जलहरी) लाई श्री पशुपतिनाथमा रहेको साबिकको चाँदीको पिठिका (जलहरी) माथि राख्न तयार भएको पिठिका जलहरीको तौल ९६ किलो ८२२ ग्राम (छयानब्बे किलो आठ सय बाइस ग्राम) भएको जलहरीलाई श्री पशुपतिनाथका मुलभट्ट श्री पशुपतिनाथका ३ जना भट्ट, पालोवाला भण्डारी १ र सहयोगी भण्डारीसमेतका उपस्थितिमा श्री पशुपतिनाथमा स्थापित गर्न श्री पशुपतिनाथ प्रिति गरी श्री पशुपतिनाथ मन्दिरमा अर्पण गरियो, साथै बाँकी रहेको सुनको टुक्राहरू रिङ्ग बनाई जलहरीमा लगाइयो भन्ने समेत बेहोराको मुचुल्का।

ज) **मिति २०७७/११/१२ को** पशुपति क्षेत्र विकास कोष संचालक परिषद्को मिति २०७७/१०/१४ को निर्णय अनुसार गठित सुनको जलहरी निर्माण व्यवस्था समितिलाई तोकिएको कार्यभार श्री पशुपतिनाथका मुलभट्ट श्री गणेश भट्टज्यूको अध्यक्षतामा सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट मिति २०७७/११/१२ गते बिहान ११:४५ बजे भगवान श्री पशुपतिनाथको सुनको जलहरी अनावरण गर्ने कार्य सम्पन्न भएको भन्ने बेहोराको मुचुल्का।

२६. माथि उल्लिखित मुचुल्काहरूबाट आराध्यदेव पशुपतिनाथको मन्दिरमा सुनको जलहरी निर्माण गर्ने कार्यको लागि विधिवत रुपमा कार्य शुरू भएको र विधिवत रुपमा नै कार्य सम्पन्न भएको देखिन्छ। अतः प्रक्रिया पुर्‍याई गरेको कार्यलाई अन्यथा प्रमाणित नभएसम्म कानूनबमोजिमको कार्य मान्नुपर्ने नै देखिन आउँछ। मुचुल्काहरूमा उल्लेख भएको प्रक्रियामा बदनियत राखी जानाजान त्रुटि गरी अनियमितता भएको भए यी प्रतिवादीहरू मात्र नभई सो प्रक्रियामा सामेल रहेका सबै व्यक्तिहरू उपर अनुसन्धान गरी प्रति व्यक्तिप्रति कसुरका हिसाबले जवाफदेहिता निर्धारण गरिनु पर्ने हुन्छ। त्यस्तो निष्कर्षमा आरोप दाबी आएको नदेखिई Selective prosecution जस्तो गरी उही प्रक्रियाका केही व्यक्ति उपर अभियोग लगाइएको देखिन्छ भने केहीको हकमा दाबी लिइएको पाईंदैन जुन समानताको सिद्धान्त विपरित र स्वच्छ अनुसन्धानको मान्यताभन्दा विपरित देखिन्छ। समान भूमिकामा रहेका समान जिम्मेवारी लिएका सोही स्तरका व्यक्तिमाथि कसैउपर मुद्दा चलाउने र कसै उपर नचलाउने निर्णय गरी असमान ढङ्गले आरोपित गरियो भने त्यो Selective prosecution हुन जान्छ। कुनै पनि व्यक्ति उपर मुद्दा चलाउने वा नचलाउने निर्णय गर्दा वस्तुनिष्ठ आधार र कारण उल्लेख गरिनु पर्दछ। यी आधारहरू बिना त्यस्तो कार्य शङ्कास्पद हुन्छ र त्यसको परिणाम पनि सत्य

धरातलीय यथार्थबाट विमुख भई अन्ततः विश्वसनीय हुँदैन। प्रस्तुत आरोपपत्रमा सेफको चाबी जिम्मा लिने कसै उपर दाबी गरिएको र कसै उपर नगरिएको अवस्था देखिंदा के कति कारणबाट त्यसो गरिएको हो भनी अभियोजकले सन्तोषजनक प्रमाण कागजहरू प्रस्तुत गर्नुपर्ने दायित्व रहन्छ। यस सन्दर्भमा समान रुपमा र स्वच्छ अनुसन्धान भएन भनी प्रतिवादी तर्फका विद्वान कानून व्यवसायीहरूले उठाउनु भएको तर्कमा पनि दृष्टिगोचर गर्नुपर्ने देखिएको छ।

२७. त्यसैगरी अनुसन्धानको क्रममा मिति २०८०/३/२१ को मुचुल्कामा उल्लिखित ६२३ ग्राम सुनको तौल समेत जोड्नु पर्नेमा सो सुनलाई समावेश गरेको देखिएन। उल्लिखित सुनलाई समावेश गरी गणना गर्दा प्रयोग भएको सुनको परिमाण फरक पर्नेमा विवाद रहेको देखिंदैन। अनुसन्धानमा प्राप्त सुनलाई अभियोजन पक्षबाट किन समावेस गरिएन ? सो प्रश्न पनि जिवितै रहेको छ। अनुसन्धानमा भएको त्रुटि वा छुट हुन गएको तथ्यबाट प्रतिवादीहरूलाई उत्तरदायी बनाउने कानूनको मक्सद होइन।

२८. यस्तो अवस्थामा, यस प्रकारको अनुसन्धान वा अभियोग लगाउने प्रक्रियाले न्यायिक प्रणालीको इमान्दारिता र निष्पक्षता माथि प्रश्न उठाउँछ। Selective prosecution मा विशेष समूह, जात, धर्म, लिङ्ग, वा अन्य आधारमा अन्यायपूर्ण व्यवहार गरिन्छ, जसले समानता र न्यायको सिद्धान्तको उल्लङ्घन गर्छ। अभियोजक निकायले कुनै पूर्वाग्रह राखेर असमान र कपटपूर्ण अभियोजन गर्ला भनेर त परिकल्पना पनि गर्न सकिदैन तर भ्रष्टाचारको आरोपजस्तो गम्भीर कसुरको अभियोग लगाउँदा सिद्धान्ततः स्वच्छता समानता र त्यसबाट पर्ने समाजिक प्रभावलाई समेत विचार गरिनु बाञ्छनीय हुन आउँछ।

२९. यसरी माथि विश्लेषण गरिएका तथ्यहरूको आधारमा हेर्दा निम्नबमोजिम जलहरी निर्माण क्रममा सुनको परिमाणमा स्वभाविक अन्तर नदेखिई सामान्य फरक पर्ने स्थिति देखिन्छः

१. नेपाल राष्ट्र बैंकबाट खरिद गरी टिनको बाकसमा लाहाछाप लगाई ल्याईएको सुन सेफमा राखिएको।
२. उक्त सेफ नेपाली सेनाको सुरक्षामा पशुपति रुद्रगाडेश्वर प्राङ्गणको लकरमा बन्द गरिएको।
३. सो लकरको साँचो १ सेट नेपाली सेना, १ सेट पशुपति क्षेत्र विकास कोष र १ थान पशुपति भण्डार तहबिलका बिसेट नाईके अरुणकुमार श्रेष्ठको जिम्मामा रहेको।
४. मिसिल संलग्न मुचुल्काहरू हेर्दा जलहरी निर्माणका क्रममा बिहान लकर खोल्दा सुन तौल गरेर काम शरू गर्ने र साँझ सो दिनको काम सकिएपछि पनि सुन तौल गरेर मुचुल्कामा बेहोरा जनाई लकर बन्द गरी तीन पक्षले एक एक वटा साँचो जिम्मा लिने प्रक्रिया अबलम्बन गरेको देखिएको।
५. मिति २०८०।०३।१० मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेको नापतौल एवम रुद्रगाडेश्वरमा रहेको किल्ला, टुक्रा, तार, पेच लगायतको सुन रुद्रगाडेश्वरको ज्यासल सेफमा सुरक्षित रहेको १.०३७५ ग्राम छ भन्ने कुरा स्वयम अभियोग पत्रको प्रकरण ४ पृष्ठ ४७ मा प्रष्ट उल्लेख भएको।
६. मिति २०८०।०३।१९, ३।२०, ३।२१ को मुचुल्काबाट तथ्यको पुष्टि भै आएको पशुपति क्षेत्र विकास कोषको मिति २०८०।०४।१०, च.नं. ५३ को पत्रमा उल्लेख भएको ६२३ ग्राम सुनलाई अख्तियारबाट कुल सुनमा गणना गरिएको नपाइएको।

३०. जलहरी निर्माणको क्रममा देखिने केही व्यवहारिक पक्षलाई पनि विवेकसम्मत ढङ्गमा विश्लेषण गरिनु बाञ्छनीय हुन आउँछ। उक्त जलहरी कालिगढको कलात्मक कार्यबाट निर्माण हुने वस्तु हो। १०० के जी भन्दा बढी वजन भएको सो जलहरीमा सुन मात्र नभई राष्ट्रबैंकको पत्रअनुसार पनि अन्य धातुहरू जस्तै चाँदी तामा जिङ्क आदि मिलाई उच्च तापक्रममा धातु गालेर काम गर्नुपर्ने रहेछ। जलहरी बनाउँदा कतिपय डिजाइन मिलाउँदा सुनको पाता जोड्ने काट्ने र प्वाल पार्नेजस्ता कार्यहरू पनि गर्नुपर्ने हुन्छ। यसरी कार्य गर्दा ठूलो परिमाणको सुनमा ससाना टुक्राहरू कणहरू जलहरीबाट अलग हुने भएकोले वजन गर्दा केही कमी आउनु स्वभाविक नै मान्नु पर्दछ। तर त्यस्तो अपुग सुनको तौल कति मात्रामा रहेको छ आरोपदाबीमा लेखिएजति नै अस्वाभाविक रुपमा कम भएको हो वा उल्लेख्य मात्राको

नभई सामान्य मात्राको तौल नपुग भएको अवस्था के हो भनी हेरिनु आवश्यक हुन्छ। यसरी हेर्दा कूल १०७,४७०.० ग्राम (शुद्ध सुन १०१,०४८.५ ग्राम)को जलहरीमा आरोपपत्रमा उल्लेख भएअनुसार १४९१.७१८ ग्राम फरक परेको भनिएता पनि ६२३ ग्राम सुनको तौलसमेत जोड्नु पर्नेमा सो सुनलाई समावेश गरेको देखिंदैन र सुनमा ससाना टुक्राहरू कणहरू जलहरीबाट अलग हुने भएकोले वजन गर्दा केही कमी आउनु स्वाभाविक हुने हुँदा शुद्ध सुन १४९१.७१८ ग्राम फरक परेको भन्ने वादीको दाबीसँग सहमत हुन सकिएन।

३१. अब, निज प्रतिवादीहरूले गरेको भनिएको उल्लिखित कार्यहरू आरोप दाबी अनुसारको कसुर हो, वा होइन भन्ने तर्फ बिचार गरी हेर्दा, **सामान्यतः सरकारवादी फौजदारी मुद्दामा कसुरदारको कसुर प्रमाणित गर्ने भार वादीमा रहन्छ। त्यसको निम्ति केवल अभियोग लगाएर मात्र हुँदैन। सो अभियोग पुष्टि हुने प्रमाण वादी पक्षले प्रस्तुत गर्न सक्नुपर्छ। जसलाई प्रमाण ऐन, २०३१ को दफा २५ ले स्पष्ट गरेको छ।** यी प्रतिवादीहरूले के कस्ता कार्य गरेका छन् र के कस्तो कार्यबाट के कस्तो कानूनको उल्लङ्घन भई अपराधजनित कार्य भयो र त्यस्तो कार्यमा को कसको के कसरी संलग्नता रहेको छ ? साथै श्री पशुपतिनाथ मन्दिरमा रहने सुनको जलहरी निर्माणका क्रममा १४९१.७१८ ग्राम सुन फरक पारी लापरबाही एवम बदनियत गरी हिनामिना, हानिनोक्सानी तथा दुरुपयोग गरी भ्रष्टाचारजन्य कसुर गरेको भन्ने कुरा पनि अभियोजन पक्षले शङ्कारहित तवर (Beyond the reasonable doubt) ले पुष्टि गर्नुपर्छ।

३२. अभियोजन पक्षले प्रतिवादीहरूले के कुन कार्य गरी श्री पशुपतिनाथ मन्दिरमा रहने सुनको जलहरी निर्माणका क्रममा १४९१.७१८ ग्राम सुन फरक पारी लापरबाही र बदनियत गरी हिनामिना, हानिनोक्सानी तथा दुरुपयोग गरी भ्रष्टाचारजन्य कसुर गरेको भनी ठोस तथा वस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न सकेको देखिंदैन। साथै, निर्धारित प्रक्रिया पुरा गरी गरेको कार्यलाई भ्रष्टाचार जस्तो गम्भीर प्रकृतिको मुद्दाको अभियोजन लगाई सजाय गर्न मनासिब हुँदैन।

३३. प्रस्तुत आरोपपत्रमा नपुग सुनको तौल देखाइ दाबी गरिएकोतर्फ हेर्दा, आरोपपत्रमा जम्मा १४९१.७१८ ग्राम सुन फरक पारी लापरबाही र बदनियत गरी हिनामिना भएको भनी उल्लेख छ। जसमा यकिन नभएको र तौल नगरेको सुनको विवरणसमेत यस प्रकार रहेको छः

क) आरोपपत्रमा लापरबाही र बदनियत भनिएकोः १४९१.७१८ ग्राम
ख) गणना नगरिएकोः ६२३ ग्राम
ग) यकिन भएको अन्य धातु समेतः ८०९.३३ ग्राम
घ) किल्ला, टुक्रा, तार, पेच लगायतको सुन रुद्रगाडेश्वरको ज्यासल सेफमा सुरक्षित रहेको सुनः १.०३७५ ग्राम
ङ) यसरी फरक पर्न आउनेः ५८.३४ ग्राम

३४. उल्लिखित गणना हिसाबको आधारमा हेर्दा पनि जम्मा/जम्मी फरक पर्न आउने नपुग सुनको परिमाण ५८.३५ ग्राम मात्र देखिन आउँछ तथापि उक्त फरक परेको तौलमा यतिनै मात्राको सुन फरक परेको भनी यकिन साथ भन्न सकिने हुँदैन। त्यसका विविध कारणहरू रहेको पाइन्छ। जस्तै जलहरी निर्माण गर्दा, प्वाल पार्ने, कटिङ्ग गर्ने, रिङ्ग बनाउने, किला ठोक्ने इत्यादि कार्यसमेत गर्नुपर्ने भएकोले सो कार्यको फलस्वरुप सुनको कणहरू छुटिन जाने हुन्छ। यसबाट स्वभाविक रुपमा नगन्य मात्राको तौल फरक पर्न सक्ने तथ्यलाई अन्यथा भन्न मिल्दैन। अतः १०७.४७ के.जी जलहरी निर्माण गर्दा माथि उल्लिखित कारणहरूबाट तौलमा न्यून फरक पर्नुलाई अन्यथा भन्न मिल्दैन। अभियोजनपक्षबाट प्रतिवादीहरूले आरोपदाबी बमोजिम कसुर गरेको भनी ठोस प्रमाणबाट प्रतिवादीहरूको बदनियत प्रमाणित गर्न नसक्निएको अवस्था समेतलाई हेर्दा उल्लिखित फरक पर्न गएको तथ्यलाई स्वभाविक रुपमा लिनु पर्ने देखिन्छ।

३५. अतः माथि विवेचित आधार, कारण र प्रमाणसमेतबाट आराध्यदेव पशुपतिनाथको मन्दिरमा सुनको जलहरी निर्माण गर्ने कार्यको लागि प्रतिवादी डा. मिलन कुमार थापाको संयोजकत्वमा दश सदस्यीय श्री पशुपतिनाथको जलहरी निर्माण व्यवस्था समिति र प्रतिवादी डा.प्रदिप ढकाल समेत सदस्य रहेको पाँच सदस्यीय सल्लाहकार समिति गठन भएकोमा विवाद देखिंदैन। जलहरी निर्माण कार्यको सुरक्षा, विश्वसनियता र गुणस्तरसमेतको पक्षलाई ध्यानमा राखी सुरक्षित

पारदर्शी एवम् जिम्मेवार किसिमबाट जलहरी निर्माण प्रक्रिया अवलम्बन गरेकोमा पनि विवाद छैन। सुन राखिएको सेफको साँचो तीन जनाको जिम्मा राखिएको पाइन्छ। जसमा नेपाल राष्ट्र बैंकबाट खरिद गरिएको सुन सेफमा राखी लाहाछाप गरी सेफको साँचो एक सेट नेपाली सेनालाई एक सेट पशुपति क्षेत्र विकास कोषका कोषाध्यक्षलाई र लकर बाहिरको एक सेट साँचो उक्त कोषका विसेट अरुणकुमार श्रेष्ठलाई जिम्मा दिएको पाइन्छ। सुनको सुरक्षाका लागि अपनाइएको यो एक अत्यन्त सुरक्षित प्रक्रिया रहेकोमा पनि विवाद हुन सक्तैन।

३६. जलहरी निर्माणको सिलसिलामा सुनको तौल गर्ने सुन गाल्ने र फ्याक्ट्रीमा लगी रोलिङ्ग गर्ने लगायतका कार्यहरू गर्दा जलहरी निर्माण व्यवस्था समितिले मुचुल्का खडा गरी कार्य सम्पादन गर्दै आएको देखिन्छ। यसमा सुदृढ सुरक्षा प्रणाली अवलम्वन गरेको देखिएको छ। सेफको साँचो नेपाली सेनासमेत सँग रहेको सन्दर्भमा सुरक्षाको अझै बलियो र भरपर्दो प्रबन्ध मान्न सकिन्छ। निज सेनालाई कुनै प्रकारको अभियोग नलगाइएको हुँदा जे जस्तो अवस्थामा सुन रहेको थियो सो त्यही अवस्थामा सुरक्षित राखिएको थियो भनी बुझ्नु पर्दछ। यी प्रतिवादीहरूले खरिद भई आएको सुन लापरवाही वा बदनियत गरी हिनामिना हानिनोक्सानी वा दुरुपयोग गरे गराएको मासेको वा निजी प्रयोगमा लगाएको भनी अभियोजन पक्षबाट पुष्टि गर्न सकेको पाईंदैन। सुन खरिद गर्दाको अवस्थामा सो सुनको शुद्धता जाँच गर्दा अपनाइएको मापदण्ड र मुद्दाको रोहमा शुद्धता जाँच गर्दा अपनाइएको मापदण्ड एवम् मुद्दाको अनुसन्धान गर्दा अपनाइएको शुद्धता जाँच प्रविधि पनि एकै प्रकारको नदेखिंदा सुनको शुद्धताको नतिजामा स्वभाविक रुपमा एकरुपता नहुने अवस्था पनि आउन सक्ने नै हुन्छ। मिति २०८०/३/२१ को मुचुल्कामा उल्लिखित ६२३ ग्राम सुनको तौल समेत जोड्नुपर्नेमा सो सुनलाई समावेश गरेको देखिएन। अतः करिव १०७ के.जी तौल भएको जलहरी निर्माण गर्दा अन्य धातुहरूको मिश्रण गरिएको तथ्यलाई आरोपदाबीमा अन्यथा भनेको नपाइएको समेत परिप्रेक्ष्यमा यी प्रतिवादीहरूले बदनियत राखी कोषको सुन हिनामिना गरेको भन्ने कुनै पनि वस्तु, तथ्य र प्रमाणबाट पुष्टि हुन आएन। तसर्थ प्रतिवादीहरू डा. प्रदिप ढकाल, डा. मिलन कुमार थापा र अरुण कुमार श्रेष्ठले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ। अरुमा तपसिलबमोजिम गर्नू।

**सदस्य** **अध्यक्ष**

**फैसला तयार गर्न सहयोग पुऱ्याउनेः**

इजलास अधिकृतः सागर भण्डारी

कम्प्युटर अपरेटरः कल्पना पराजुली

इति संवत् २०८१ साल वैशाख १८ गते रोज ३ शुभम्...............................................................।

श्री

विशेष अदालत काठमाडौं

इजलास

अध्यक्ष माननीय श्री टेकनारायण कुँवर

सदस्य माननीय श्री मुरारीबावु श्रेष्ठ

फैसला

इजलास नं.१

मुद्दा नं.: ०८०-CR-००४८

दर्ता मितिः २०८०/०६/१५

कसुर ठहर मितिः २०८१/०१/०७

कसुर ठहर निर्णय नं. : २५०

सजाय निर्धारण मिति : २०८१/०१/२५

सजाय निर्धारण निर्णय नं. : २५

मुद्दाः <u>सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरी गराई भ्रष्टाचार गरेको समेत</u>।

वादी : अख्तियार दुरुपयोग अनुसन्धान आयोग टङ्गाल, काठमाडौंका अनुसन्धान अधिकृत दक्ष कुमार बस्नेतसमेतको प्रतिवेदनले नेपाल सरकार।

विरुद्ध

प्रतिवादी : रामप्रसाद शर्माको नाति, लवप्रसाद शर्माको छोरा जिल्ला काठमाण्डौ, का.म.न.पा साबिक वडा नं. ३१ हाल वडा नं.२८ बस्ने तत्कालीन विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव तथा राष्ट्रिय सूचना प्रविधि केन्द्रको अध्यक्ष वर्ष ५५ को **संजय शर्मा** (मो.नं. ९८५१२४४९११) समेत।

- **कुनै एउटा बजेट विनियोजनको निर्णय केवल बजेट माग र प्रक्रियासँग मात्र सम्बन्धित हुँदैन; यसको पछाडि रणनीतिक, राजनीतिक र आर्थिक उद्देश्यहरू पनि हुन सक्छन्। यदि प्रचलित कार्यविधि तथा प्रक्रिया पूरा नगरी वा त्यसको औपचारिक माग नै नभई बजेट विनियोजन गरिएको छ भने त्यसमा प्रश्न उठ्नु स्वाभाविक हुन्छ। तर, भ्रष्टाचारको कसुर गर्नकै लागि बजेट विनियोजन गर्ने र सार्वभौम संसदले सो बजेट गलत सोचकासाथ पारित गरिदिने भन्ने परिकल्पनासम्म पनि गर्न सकिँदैन। बरु विनियोजनको उद्देश्यका आधारमा बजेट खर्च गरिने सिलसिलामा सम्बद्ध निकायलाई जवाफदेही बनाउनु आवश्यक हुन्छ। प्रक्रियागत बाटो नअपनाई विनियोजित यस प्रकारको कार्यले मूलतः नीति निर्माताको दूरदृष्टि अभाव तथा प्रशासनिक प्रक्रियाको कमजोरीलाई भने सङ्केत गर्न सक्छ। यदि राज्यको नीति अन्तर्गत बहुवर्षीय योजना तथा कार्यक्रमहरू पहिले नै निर्धारण गरिएका छन् र बजेट माग गर्ने प्रक्रिया अवलम्बन गरिएको छैन भने संसदबाट अनुमोदन नभएसम्म त्यस्ता प्रस्तावित बजेट शीर्षक राखिनु औचित्यहिन ठहरिन सक्छ। तर संसदको अनुमोदन भएको अवस्थामा भने कानूनतः मान्य हुन्छ नै।**

  **(प्रकरण नं. १७)**

- **कुनै पनि नकारात्मक नतिजाप्रति खरिद प्रक्रियाको नेततृत्वकर्ताले नै मुख्य जिम्मेवारी लिनु पर्दछ। कुनै पनि बहानामा राज्यको बजेट कार्यान्वयन हुनै नसक्ने कामको लागि वा कार्यान्वयन गर्नै नपर्नेजस्तो गरी खर्च गरिनुलाई असल नियतले कार्य सम्पादन गरेको भनी मान्न मिल्दैन। सो कार्य गर्दा निर्णयकर्ताले असल नियत नै राखेको थियो भन्नलाई त्यसको परिणाम हेरिनु नै पर्याप्त हुन्छ। गरिएको खर्चको उद्देश्य**

अनुरुप प्रणाली चल्यो चलेन, राजस्वमा बृद्धि भयो भएन, अपेक्षित परिणाम आयो आएन त्यो हेरिनु पर्दछ। अतः प्रस्तुत विवादमा बजेट खर्च गरेको तर परिणाम शून्य रहेको देखिंदा ठूलो धनराशी सरकारी हानिनोक्सानी भएको पाइयो।

(प्रकरण नं. ४५)

- मुलुकको निम्ति आवश्यक र हितकर हुँदाहुँदै पनि बदनियत राखी गरिने यस खालका बदनियतपूर्वकका खर्चिला अभ्यास र कार्यको सामाजिक असर पनि नकारात्मक रहन जान्छ। फलस्वरुप केही व्यक्तिको भ्रष्ट सोच, आचरण, व्यबहार र कार्य एवम् निहित स्वार्थले गर्दा मुलुकको लागि अत्यावश्यक ठानिएको NPG जस्ता प्रणाली कहिल्यै स्थापित गर्न नसकिने र गलत, अविश्वसनीय र दुई नम्बरी धन्दावालहरूकै बोलवाला रहने स्थितिको निरन्तरता रहन जाने देखिन्छ।

(प्रकरण नं. ६१)

- यो योजना आफैमा मुलुकको आवश्यकता अनुसार अपरिहार्य भए पनि त्यसका लागि कानूनी, संरचनागत र व्यवस्थापकीय दृष्टिले परिपक्व नहुँदै ठूलो धनराशी लगानी गरी प्रणाली खरिद गरेर राष्ट्रिय बजेटको चरम दुरुपयोग गरिएको पाइएकोले उक्त खरिद कार्य असल नियतले भए गरेको भन्ने देखिएन। योजना लागू गर्दा आइपर्ने यावत समस्याहरूको पहिचान र समाधानका ठोस सुझाव समेटी विस्तृत सम्भाव्यता अध्ययन र एउटा सक्षम गुरु योजना बिना हचुवाको भरमा थालनी गरिएको यस खरिद कार्यबाट पूर्णतः सरकारी धनराशीको हानिनोक्सानी र क्षति मात्र प्राप्त भएको देखियो।

(प्रकरण नं. ६५)

- कुनै पनि पदाधिकारीको कसुर स्थापित हुनको लागि कसुरमा संलग्न रहेका अन्य व्यक्तिसँग कसुर गर्ने मनसाय राखी मिलेमतो र बदनियतकासाथ काम गरेको थियो भनी अभियोजकले नै प्रमाणित गर्नु पर्दछ। तर यदि कुनै कानूनी वा नैतिक नियमहरूको उल्लङ्घन गरिएको अवस्था रहेछ भने त्यसको जिम्मेवारी चाहिं उसैले लिनु पर्दछ। जस्तै, पेस गरिएको फाइलमा गलत जानकारी उल्लेख भएको भन्ने जानजान र भ्रष्टाचार वा अन्य कुनै अनियमितता भएको देखी देखी स्वीकृति दिएको रहेछ भने त्यो चाहिं स्वयंमा समस्या हुन सक्छ। तर त्यसको प्रमाण पुऱ्याउने भार भने वादी पक्षमा रहेको हुन्छ। यस अवस्थामा निर्णयकर्ताले उचित प्रक्रियाहरूको अबलम्बन र पारदर्शिता सुनिश्चित गर्नु महत्त्वपूर्ण हुन्छ।

(प्रकरण नं. ७२)

## ठहर खण्ड

### (क) कसुर ठहर खण्डः

१. विशेष अदालत नियमावली, २०८० नियम ४३ र ४४ बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा प्रतिवादीहरू उपरको आरोपदाबी सहितको मिसिल अध्ययन गरियो। यस मुद्दामा वादी नेपाल सरकार तथा प्रतिवादीहरूको तर्फबाट भएको बहस जिकिर निम्न अनुसार छः

क. वादी नेपाल सरकारको तर्फबाट प्रस्तुत बहसः

नेपाल सरकारको तर्फबाट विद्वान् सहन्यायधिवक्ता श्री ज्ञानप्रसाद भुसाल र विद्वान् उपन्यायधिवक्ता श्री श्रीधर अर्यालले बहस प्रस्तुत गर्नुभयो। बहसमा उहाँहरूले लागत अनुमान स्वीकृत नभएर आशयपत्र जारी भएको हो। सरकारी खरिद प्रक्रिया अनुसार, बजेट निश्चित सीमा भित्र रहनुपर्छ र यो सीमा उल्लंघन नगरी योजनाबद्ध रूपमा रकमको विनियोजन गर्नु पर्नेमा बजेट सिलिङ्ग भन्दा बाहिर गएर रकम विनियोजन गरिएको छ। कुनै पनि खरिद कार्यमा पालना गर्नु पर्ने सम्मको कार्यविधि पालना गरिएको छैन। जस्तैः लागत अनुमान, गुरुयोजना तयार गर्नु, सार्वजनिक खरिद ऐन अनुसार प्रक्रिया पालना गर्नु र सबै सरोकारवालासँग समन्वय गर्नुपर्ने कार्य नगरी, केवल रकम छुट्याएर परियोजना अघि बढाइएको देखिन्छ। सम्झौताको अवधि समाप्त भएपछि तालिम बापत खर्च

भएको, संचार तथा सूचना प्रविधि मन्त्रालयको पत्रबाट NITC ले NPG खरिदको लागि बजेट माग नगरेको र खरिद पूर्वको तयारी नगरी आधार तथा कारण उल्लेख नगरी बजेट माग गरेको देखिन्छ। आर्थिक वर्ष २०७४।७५ को अन्तिम महिनाको अन्त्यतिर छोटो समयमा सम्झौता तथा भुक्तानीको कार्य सम्पन्न गरी गराई हालसम्म पनि संचालनमा ल्याएको अवस्था नरहेको, पूर्ण रुपमा संचालनमा ल्याउन सक्ने अवस्थासमेत नरहेको भनी विभिन्न प्रतिवेदनहरूबाटसमेत देखिएको हुँदा प्रतिवादीहरूले आफ्नो ओहदाको कर्तव्य पालना नगरी सरकारी रकम हानिनोक्सानी गरेको हुँदा प्रतिवादीहरूलाई आरोपदाबी बमोजिमको कसुरमा सजाय हुन अनुरोध छ भनी बहस प्रस्तुत गर्नु भयो।

ख. **प्रतिवादीहरूको तर्फबाट प्रस्तुत बहसः**

१. **प्रतिवादी डा. संजय शर्माको तर्फबाट उपस्थित वरिष्ठ विद्वान् अधिवक्ताहरू श्री सतीशकृष्ण खरेल र श्री रमेशप्रसाद धिताल तथा विद्वान् अधिवक्ताहरू श्री शान्ति रिसाल काफ्ले, श्री सुवास आचार्य, श्री अपूर्व खतिवडा र श्री शान्ति त्रितालले** राष्ट्रिय सूचना प्रविधि केन्द्रबाट National Payment Gateway System को आशय पत्र माग गर्ने सम्बन्धमा पेस भएको टिप्पणी स्वीकृत यी प्रतिवादीले गरेका हुन्। जुन यी प्रतिवादीको कर्तब्य तथा दायित्व समेत हो। पेस भएको आशयपत्र कानूनबमोजिम भएकोले स्वीकृत गरेका हुन् र निज केन्द्रको पदेन अध्यक्ष भएकोले निजमा इन्कार गर्ने अधिकार थिएन। यी प्रतिवादीमा प्रशासनिक वा आर्थिक विषयहरू हेर्ने दायित्व वा अधिकार निजमा निहित नभएकोले निजले आरोपदाबी बमोजिम कसुर गरेको नहुँदा आरोपदाबीबाट सफाइ पाउनु पर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

२. **प्रतिवादी प्रणिता उपाध्यायको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री शरदप्रसाद कोइराला र विद्वान् अधिवक्ता श्री डिल्लीरमण आचार्यले** प्रतिवादी प्रणिता उपाध्यायले आफ्नो पदबाट मिति २०७४/११/२० देखि लागुहुने गरी राजीनामा दिएको र सोही मितिबाट स्वीकृत समेत भएको छ। भविष्यमा कुन आशयपत्रदाता छनौट हुन्छ भन्ने ज्ञान निजमा रहने हुँदैन। खरिद कार्यमा प्रतिवादी संलग्न नभएकोले कुनै रकम दिने कार्य नगरेको हुँदा अभियोगदाबी बमोजिम कसुर गरेको भन्ने आरोप निराधार छ। निज प्रणिता उपाध्याय निर्दोष भएकोले सफाइ दिलाई पाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

३. **प्रतिवादी सुनिल पौडेलको तर्फबाट उपस्थित वरिष्ठ विद्वान् अधिवक्ताहरू श्री सतीशकृष्ण खरेल र श्री रविनारायण खनाल तथा विद्वान् अधिवक्ताहरू श्री गोपालदत्त पाण्डेय र श्री शिवप्रसाद कोइरालाले** National Payment Gateway को सफ्टवेयर निर्माण तथा खरिदको लागि नेपाल सरकार, अर्थ मन्त्रालयबाट NITC लाई बजेट विनियोजन भएको, विद्युतीय प्रणाली सञ्चालनको लागि गठित केन्द्रीय समन्वयन समितिको मिति २०७४।०५।०७ गतेको बैठकले विभिन्न निर्णय गरी सो कार्यान्वयनको लागि NITC लाई पत्राचार गरेको, उक्त निर्णयमा गठित कार्यदलहरूलाई बढीमा ३ महिनासम्मको समय सिमा दिइएको अवस्थामा सो समय सिमाभित्र उल्लिखित कार्यदलले आफ्नो कार्य सम्पन्न गरे भन्ने विश्वासमा तत्कालीन कार्यकारी निर्देशक प्रणिता उपाध्यायबाट खरिद कार्यको लागि प्रक्रिया अगाडि बढाइएको हो। सो क्रममा यी प्रतिवादी सूचना प्रविधिका जानकार तथा NITC का उपनिर्देशक भएकोले निज सुनिल पौडेल, सहायक निर्देशक रमेश पोखेल र कम्प्युटर इन्जिनियर रामशरण गायकलाई लागत अनुमान तयार गर्न लगाइएको, सो क्रममा आशयपत्र माग गर्नेको लागि मिति २०७४।१०।१० मा निबेदन पेस भएको र सोमा टिप्पणी उठी अन्तर्राष्ट्रिय स्तरको आशयपत्र सूचना प्रकाशन गर्न श्रीमान सचिव ज्यूबाट स्वीकृति प्राप्त गरी सोबमोजिम आशय पत्र पेस भई सकेपश्चात् मात्रै मिति २०७४।१२।२४ गतेबाट यी प्रतिवादी सुनिल पौडेल उक्त NITC को निमित्त कार्यकारी निर्देशकको पदमा नियुक्त हुनु भएको हो। संसदबाट विनियोजित बजेट कार्यान्वयनको लागि तालुक मन्त्रालयको रूपमा रहेको अर्थ मन्त्रालयबाट लेखि आएको कार्य अगाडि बढी सकेको अवस्थामा सो प्रणाली सञ्चालन गर्ने क्रममा अन्य सरकारी निकायहरूले

असहयोग गर्दछन् भन्ने अनुमान गरी सो खरिद कार्यको प्रक्रिया रोक्नुपर्ने अवस्था, कानूनी कर्तब्य र अधिकार यी प्रतिवादीको नभएकोले यी प्रतिवादीले आरोपदाबी बमोजिम कसुर नगरेकोले निजलाई सजाय हुनु पर्ने होइन भनी बहस प्रस्तुत गर्नुभयो।

४. **प्रतिवादीहरू रमेश प्रसाद पोखरेल भन्ने रमेश पोखेल, निमबहादुर वली, रामशरण गायक र सफल श्रेष्ठको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री सतीशकृष्ण खरेल र विद्वान अधिवक्ता श्री शिवप्रसाद कोइरालाले** यी प्रतिवादीहरूले असल नियतले आफ्नो पदीय जिम्मेवारी पूरा गरेका हुन्। प्रतिवादी सफल श्रेष्ठ राष्ट्रिय सूचना प्रविधि केन्द्रमा नियुक्त भई आउनु अगाडि नै National Payment Gateway को परामर्शदाता CMA Small System सँग Training and Knowledge Transfer को सम्झौता भएको हुँदा निज उपर कुनै दायित्व नभएकोले निजले आरोपदाबी बमोजिम कसुर गरेका छैनन्। प्रतिवादी निमबहादुर वलीले कार्यकारी निर्देशकबाट तोक आदेश भएपश्चात् ठेक्काको अवधि समाप्त भई सकेको भन्ने आधारमा पहिले सम्पन्न भई सकेको कार्यको भुक्तानी रोक्ने निजमा कुनै कानूनी आधार नभएकोले भुक्तानी भएको हो। प्राविधिक प्रतिवेदनमा कार्यकारी निर्देशकबाट तोकादेश भए पश्चात् निजले भुक्तानीको प्रक्रिया अगाडि बढाएको हुँदा निजले कानून बमोजिम बाहेक अन्य कार्य नगरेकोले निजलाई आरोपदाबी बमोजिम सजाय हुनु हुँदैन। प्रतिवादी रमेश पोखेलले कार्यालय प्रमुखबाट भएको आदेशबमोजिम चेकजाँच गरी परामर्शदाताले पेस गरेको बिल बमोजिमको तालिम सञ्चालन गरेको भन्ने आधारमा भुक्तानीको लागि सिफारिससम्म गरेको हुँदा निजलाई आरोपदाबी बमोजिम सजाय हुनु पर्ने होइन। प्रतिवादी रामशरण गायकलाई नेसनल पेमेन्ट गेटवे पूर्व तयारी नगरी खरिद गरेकोले कार्यान्वयन नभएको भन्ने आरोपदाबी रहेकोमा निज एउटा प्राविधिक भएको र निजलाई दिइएको जिम्मेवारी अनुसार कार्य गरेको हो। पूर्व तयारीको लागि मन्त्रालयहरू र अन्य सम्बन्धित निकायहरूले गर्नु पर्ने हो। सो विषय निजको कार्यक्षमता र पदीय हैसियतले गर्न सक्ने विषय नभएकोले आरोपदाबी बमोजिम सजाय हुनुपर्ने होइन भनी बहस प्रस्तुत गर्नुभयो।

५. **प्रतिवादी रामबहादुर बुढाको तर्फबाट उपस्थित वरिष्ठ विद्वान् अधिवक्ता श्री सतीशकृष्ण खरेल तथा विद्वान् अधिवक्ताहरू श्री गोपालदत्त पाण्डेय र श्री युवराज बन्जाडेले** यी प्रतिवादीले लेखा प्रमुखको हैसियतले वहन गर्नै पर्ने जिम्मेवारीका रुपमा कार्यहरू निजबाट सम्पन्न भएको हो। निज अन्तिम निर्णयकर्ता होइनन्। निजले कार्यकारी निर्देशकबाट राय माग भएकोले कानूनबमोजिम राय दिएका हुन्। परामर्शदाताबाट विल पेस भएकोमा प्राविधिकहरूबाट कार्य सम्पन्न प्रतिवेदन तथा जिन्सी शाखाबाट दाखिला प्रतिवेदन पेस हुन आएपश्चात् पेस भएको विल कानूनबमोजिम भुक्तानीको लागि सिफारिस गरेको सम्म हुँदा निजको कार्यमा कुनै बदनियत वा लापरबाहीपूर्वक छैन। निजले आरोपदाबी बमोजिमको कुनै कसुर नगरेकोले आरोपदाबीबाट सफाइ दिलाई पाउँ।

६. **प्रतिवादी मधुकुमार मरासिनीको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री कृष्णप्रसाद सापकोटा, श्री रमणकुमार श्रेष्ठ र श्री रामबन्धु शर्मा तथा विद्वान् अधिवक्ताहरू श्री ललित बस्नेत र श्री यादवप्रसाद ढुंगानाले** यी प्रतिवादी National Payment System, को खरिद गर्ने राष्ट्रिय सूचना प्रविधि केन्द्रको कार्यालय प्रमुख होईनन्। निज अर्थ मन्त्रालयको तत्कालीन सहसचिवलाई सार्वजनिक खरिद कानूनले खरिद योजना तयार गर्नेदेखि खरिद गरिएको सामानको रकम भुक्तानी गर्ने वा उपयोग र संरक्षण गर्नेसम्मको कुनै पनि चरणमा निजको भूमिका दिएको छैन। यी प्रतिवादी बजेट लेखन गर्ने १३ सदस्य रहेको समितिको संयोजक रहेका तर बजेटले कानूनी रुप प्राप्त नगर्दै मिति २०७४ जेठ २३ गते अर्थ मन्त्रालयबाट सरुवा भएको हुँदा रकमको निकासामा निजको संलग्न रहेको छैन। अर्थ मन्त्रालय छोडेको १३ महिना पछि NPG खरिदको भुक्तानी भएको हुँदा निजमा कुनै जिम्मेवारी नरहेकोले निजलाई आरोपदाबी बमोजिम सजाय हुनु पर्ने होइन भनी बहस प्रस्तुत गर्नुभयो।

२. **वादी तथा प्रतिवादी पक्षको उपर्युक्त बमोजिमको छलफल र बहस सुनी मिसिल संलग्न कागजातहरू समेत अध्ययन गरियो। सर्वप्रथम प्रस्तुत मुद्दाको आरोपदाबीमा निम्न आधार कारण उल्लेख गरी प्रतिवादीहरू उपर सजायको मागदाबी गरेको देखिन्छः**

क) आरोपपत्रमा उल्लिखित प्रतिवादीहरूले मिलेमतो तथा योजनामा नीति तथा कार्यक्रममा समावेश नभएको र राष्ट्रिय सूचना प्रविधि केन्द्रले बजेट नै माग नगरेको अवस्थामा बदनियतपूर्वक बजेट विनयोजन गरिएको भन्ने मुख्य माग दावी रहेको, बजेट राष्ट्रिय भुक्तानी प्रणाली (National Payment Gateway) खरिद शीर्षकमा राखिएको र LMBIS मा बजेट प्रविष्टिका नियमित कुनै पनि चरणहरूको अवलम्वन नगरी आफू मातहत तथा माथिल्लो निकाय/अधिकारीलाई जानकारी नै नदिई रु.२५ करोड रकम अर्थ मन्त्रालयबाट बजेट सिलिङ्ग भन्दा बाहिर गई विनियोजन गराई बजेट (रातो किताब) मा समावेश गराएको,

ख) समावेश भएको उक्त बजेटलाई राष्ट्रिय सूचना प्रविधि केन्द्रले नेसनल पेमेण्ट गेटवे (NPG) खरिद गरी सञ्चालन गर्ने प्रयोजनार्थ छुट्ट्याइएकोमा उक्त प्रणाली सञ्चालन गर्ने विषय विशुद्ध प्राविधिक विषय मात्रै नभई Business Detail को ज्ञान हुनु पर्ने, सो प्रणाली स्थापना (Install) गर्न त्यस सम्बन्धी छुट्टै कानूनको निर्माण गरी कार्यान्वयनमा ल्याउन पर्ने हो वा होइन भन्ने तर्फ अध्ययन विश्लेषण नगरी सङ्घीय बजेटमा रकम प्रविष्ट गरी गराई खरिद प्रक्रिया सम्पन्न गरेको,

ग) राष्ट्रिय भुक्तानी प्रणाली स्थापना गर्नु पूर्व सो प्रणालीलाई प्रभावकारी बनाउन नेपाल राष्ट्र बैङ्क एवम् अन्य बैङ्कहरू र महालेखा नियन्त्रक कार्यालय लगायतका अन्य वित्तीय संस्थाहरूसँग के कस्तो समन्वय र संयोजन (Coordination and Cooperation) गर्नुपर्ने भन्ने पहिचानसमेत नगरी/नगराई पूर्व तयारी बिना खरिद सम्पन्न गरेको,

घ) विनियोजित बजेटलाई खर्च गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरुयोजना (Master Procurement Plan) र वार्षिक खरिद योजना तयार गर्नुपर्ने अनिवार्य सर्त निर्धारण गरेकोमा उक्त कार्य नगरेको,

ङ) राष्ट्रिय सूचना प्रविधि केन्द्रले E-Payment Gateway खरिद सम्झौता गर्दा २४ करोड २७ लाख ८० हजार ५ सय ७२ रुपैया ३२ पैसा (USD २२,४७,३४४.००) रकमको सम्झौता भएको देखिए पनि सार्वजनिक खरिद ऐन/नियम अनुसार तयार गर्नुपर्ने खरिद योजना नबनाएको,

च) सार्वजनिक खरिद ऐन/नियमबमोजिम खरिद योजना तयार गरी सार्वजनिक निकायको प्रमुखको स्वीकृत लिई गर्नुपर्ने लगायतका कार्यहरूसमेत नगरी झुठ्ठा विवरण राखी अन्तर्राष्ट्रिय आशय पत्र माग गर्दा टिप्पणी मार्फत तत्कालीन विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव तथा राष्ट्रिय सूचना प्रविधि केन्द्रको अध्यक्ष संजय शर्माबाट स्वीकृत गराई प्रचलित कानूनबमोजिम गर्नुपर्ने अन्य अनिवार्य कार्य नगरेको,

छ) यसरी लापरबाही तथा बदनियत राखी सम्झौता रकम रु.२४ करोड २७ लाख ८० हजार ५ सय ७२ रुपैयाँ ३२ पैसा (USD २२,४७,३४४.००) मा NPG खरिद गरी आर्थिक वर्षको अन्तिम महिनाको अन्ततिर छोटो समयमा सम्झौता तथा आंशिक भुक्तानीको कार्य सम्पन्न गरी गराई हालसम्म पनि संचालनमा ल्याउन नसकी पूर्ण रुपमा संचालनमा ल्याउन सक्ने अवस्थासमेत नरहेकोले प्रतिवादीहरूले आफ्नो ओहदाको कर्तब्य पालन गर्दा नेपाल सरकार तथा सार्वजनिक संस्थाको सम्पत्तिको लापरबाही तथा वद्नियत गरी रु.२३,२७,५८,०७७। रकम हानिनोक्सानी गरेको।

३. आरोप दावीमा उल्लेख गरिएका उपर्युक्त आधार तथा कारणबाट नेपाल सरकारको बजेट अनावश्यक रुपमा खर्च गरी सरकारलाई हानिनोक्सानी पारेको भनी प्रतिवादीहरू विरुद्ध निम्नबमोजिमको कसूरमा निम्नअनुसारको सजाय मागदाबी गरेको देखिन्छः-

| सि.नं. | प्रतिवादीहरूको नाम | प्रतिवादीहरूले गरेको कसूर | प्रतिवादीहरू उपर माग गरिएको सजाय | प्रतिवादीहरूबाट असुल हुने बिगो |
|---|---|---|---|---|
| १. | संजय शर्मा, रामबहादुर बुढा, रमेश पोखेल, रामशरण गायक र मधुकुमार मरासिनी | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम कैद,<br>सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगोबमोजिम जरिबाना र<br>सोही ऐनको दफा १७ बमोजिम हानिनोक्सानी भएको बिगो असुल | २३,२७,५८,०७७ |
| २. | प्रणिता उपाध्याय र सुनिल पौडेल | ऐ.ऐ | ऐ.ऐ र<br>दफा २४ बमोजिम थप सजाय | २३,२७,५८,०७७। |
| ३. | सफल श्रेष्ठ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद, सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगोबमोजिम जरिवाना र<br>सोही ऐनको दफा १७ बमोजिम हानिनोक्सानी गरेको बिगो असुल | १७,९९,७००। |
| ४. | निमबहादुर वली | ऐ.ऐ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद,<br>सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना र<br>सोही ऐनको दफा १७ बमोजिम हानिनोक्सानी गरेको बिगो असुल | रु.८९,७७,३९७। |

४. NPG खरिद एक समान्य प्रक्रिया नभएर जटिल प्रकृतिको खरिद कार्य हो। सो खरिद कार्यको लागि विनियोजित बजेटमा नै अभियोजकले कानूनी रुपमा प्रश्न उठाएको पाइन्छ। खरिद गुरु योजना, पूर्वाधार स्थापना, सार्वजिक खरिद ऐन नियमको परिपालना, छुट्टै कानूनको आवश्यकता, प्राविधिक क्षमता विकास, सरोकारवाला निकायसँग समन्वय इत्यादि जस्ता गहनतम विषयहरू समेत आरोप दावीमा उठाइएको पाइन्छ। आरोपपत्रमा संक्षेपीकरण गरिएका तथ्यहरू अनुसार National Payment Gateway (NPG) खरिद गर्ने क्रममा देखिएका घटनाक्रमहरूलाई पुनर्स्मरण गरी मुद्दाको तथ्य, विद्यमान कानून र सङ्कलित प्रमाणको रोहमा निर्णय निष्कर्षमा पुग्नुपर्ने भएको र त्यसका लागि ती घटनाक्रमहरू उधृत गर्नु बाञ्छनीय भएकोले तल प्रस्तुत गरिएको छः

५. National Payment Gateway (NPG) **<u>खरिद गर्ने क्रममा देखिएका घटनाक्रमहरू</u>**

| | | |
|---|---|---|
| ↓ | आ. व. २०७४/७५ को बजेट | १. NITC को नाममा २५ करोड विनियोजन भएको,<br>२. २०७४।२।११ गते ११ बजे बजेट महाशाखा प्रमुखको आदेशमा ठेकु श्रेष्ठको युजरबाट बजेट प्रविष्ट भएको देखिन्छ। (सहसचिवको प्रत्यक्ष निर्देशनमा)<br>३. बजेट वक्तव्य (अर्थ/राजनितिक वक्तव्य) मा नै गेटवे सञ्चालन गर्ने घोषणा भएको। |

| | | |
|---|---|---|
| | २०७४।०५।०७ विद्युतीय भुक्तानी प्रणालीको कार्यान्वयनको लागि गठित केन्द्रीय समन्वय समितिको बैठकको निर्णय | १. केन्द्रीय समन्वय समितिको ToR: समितिलाई नेपाल सरकारका निकायमा विद्युतीय भुक्तानी प्रणाली लागु गर्नको लागि आवश्यक समन्वय सहजीकरण गर्ने।<br>२. नेपाल राष्ट्र बैंकले NITC सँगको सहयोगमा विद्युतीय भुक्तानी प्रणाली लागु गर्न आवश्यक पर्ने पूर्वाधार सहित प्रणाली २०७५ असार मसान्त भित्र तयार गर्ने निर्णय भएको (प्राविधिक पक्षको विषयमा NITC को सहयोग, NITC ले प्राप्त गरेको बजेटको विषयमा छलफल नभएको बयानको बेहोरा) |
| | २०७४।०७।२२ विद्युतीय भुक्तानी प्रणालीको कार्यान्वयनको लागि गठित केन्द्रीय समन्वय समितिको बैठकको निर्णय | |
| | २०७४।०८।१४ विद्युतीय भुक्तानी प्रणालीको कार्यान्वयनको लागि गठित केन्द्रीय समन्वय समितिको बैठकको निर्णय | १. निर्णय संलग्न नभएको (उपस्थिति मात्रै देखिएको) |
| | २०७४।१०।११ अन्तर्राष्ट्रिय आशयपत्र माग गर्न सचिवज्यूबाट स्वीकृत | १. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७० को उपनयम (४) बमोजिम अन्तर्राष्ट्रिय आशयपत्र माग गर्न सहमतीको लागि NITC बाट टिप्पणी पेस भई तत्कालीन विज्ञान तथा प्रविधि मन्त्रालयका सचिवज्यूबाट स्वीकृत भएको,<br>२. खरिद ऐनबमोजिम १० करोड भन्दा बढीको खरिदमा गुरुयोजना बनाई सचिवबाट स्वीकृत गराउनु पर्नेमा सो नदेखिएको,<br>३. NPG ले कसरी कार्य गर्छ भन्ने विषयमा कुनै अध्ययन भएको नदेखिएको,<br>४. खरिद प्रकृया अगाडि बढाउन अघि सम्भावित सरोकारवालाहरू (Stakeholders) पहिचान गरी तिनीहरूसँग समन्वय भएको नदेखिएको,<br>५. लागत अनुमान तयार गर्दा Database को License को क्षमता, तालिमको scope, Customization Scope आदि पहिचान नगरी (breakdown समेत नगरी), ३ वटा कम्पनीबाट अनुमानित लागत लिई त्यसलाई औसत( Averaging) मा हिसाब गरी लागत अनुमान तयार गरेको देखिएको।<br>६. Payment Gateway संचालन तथा अद्यावधिक (update) को लागि परामर्शदाताको निरन्तर समन्वय र सहयोग आवश्यक हुने आवस्थामा, एक (१) वर्षको समन्वय तथा सहयोग (Support) पछि के कसरी परामर्शदातासँग थप support लिने बारे कुनै उल्लेख नभएको। |

| | | |
|---|---|---|
| | २०७४।११।०२ विद्युतीय भुक्तानी प्रणालीको कार्यान्वयनको लागि गठित केन्द्रीय समन्वय समितिको बैठकको निर्णय | १. Nepal Clearing House Limited (NCHL) को पूर्वाधार र प्रणाली प्रयोग गरी विद्युतीय भुक्तानी सम्बन्धी कार्यलाई अघि बढाउने सन्दर्भमा मिति २०७४।११।८ गते NCHL लाई प्रस्तुती (Presentation) का लागि अनुरोध गर्ने। |
| | २०७५।०३।१९ खरिद सम्झौता र NPG and Database को शीर्षकमा मिति २०७५।०३।२५ को इन्भाइस पेस गरेको | १. १ महिना भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको,<br>२. २०७५।०३।२९ सम्म payment gateway module, database software and services र customization, installation, commissioning सम्पन्न गर्नुपर्ने। |
| | २०७५।०३।२१ ले CMA small system Ab ले म्याद थप को लागि निवेदन दिएको | |
| | २०७५।०३।२८ मा प्रणाली चेकजाँच गरी २०७५।०३।२९ मा भुक्तानी भएको। २०७५।०६।१९ मा CMA ले म्याद थप को लागि निवेदन दिएको | १. रमेश पोखरेल र रामशरण गायकले Gateway module □ database installation प्रतिवेदन पेस गरेको<br>२. Payment Gateway र Database License बापतको रकम भुक्तानी<br>३. Database License Perpetual भए पनि support One year |
| | २०७५।०६।२५ विद्युतीय भुक्तानी प्रणालीको कार्यान्वयनको लागि गठित केन्द्रीय समन्वय समितिको बैठकको निर्णय | १. NCHLGateway मार्फत हुने सरकारी भुक्तानीको लागि प्रति कारोबार रु.२।- सेवा शुल्क भुक्तानी गर्ने। |
| | NITC ले २०७५।०६।१७ मा प्रणाली सञ्चालनको लागि नेपाल राष्ट्र बैङ्कलाई सहमति मागेको (२०७५।०७।१४ मा सहमति प्राप्त भएको) | १. नेपाल राष्ट्र बैङ्कले NPG को तथ्याङ्क, सुरक्षा,switch, settlement bank संग सम्बन्धित व्यवस्था आफैले गरी संचालन गर्ने गरी NPG को स्थापना गरी सरकारी निकायहरुबाट प्रदान हुने विद्युतीय भुक्तानी सेवा संचालन को सहमती प्रदान गरिएको।<br>२. नेपाल सरकारलाई सहमती दिने कानूनी प्रावधान नभएको। नेपाल सरकार आफै Super Regulator भएको तथा NRB सरकारको आर्थिक सल्लाहकार एवम् वित्तीय एजेन्ट भएकोले NPG सञ्चालनको लागि असल मनसायले सहजीकरण मात्रै गरेको।<br>३. NITC ले खरिद गरेको प्रणाली संचालन गर्ने जिम्मेवारी NITC कैनै हो (राय प्राप्त) |

| | | |
|---|---|---|
| | २०७५।११।२९ मा Customization बापतको दोस्रो चरणको भुक्तानी (रु.७१,७७,६९७) | १. तर Bank, म.ले.नि.का. विच Integration गर्न बाँकी नै रहेको (राय प्रतिकृया प्राप्त भएको) |
| | २०७६।०४।०५, ०६, ०७, ०९, १० मा म.ले.नि.का. तथा विभिन्न बैङ्कहरूलाई तालिम | |
| | २०७६।०८।३० गते अर्थ मन्त्रीज्यूको समुपस्थितिमा बसेको e payment सम्बन्धी बैठकको निर्णय | १. NITC बाट खरिद भएको NPG नेपाल राष्ट्र बैंक मार्फत संचालनमा ल्याउन नेपाल राष्ट्र बैंक र NITC लाई आवश्यक निर्देशन दिने। प्राविधिक तथा नीतिगत पक्षको लागि अध्ययन गरी १५ दिन भित्र पेस गर्ने। |
| | २०७६।०९।२९ गते नेपाल राष्ट्र बैंकले NPG संचालन गर्ने सम्बन्धमा अध्ययन गर्न कार्यदल गठन (NITC, NCHL बाटसमेत प्रतिनिधि) | १. NPG बैङ्कबाट सञ्चालन गर्नको आवश्यक शर्तहरु पुरन हुनु पर्ने (Responsibilities of NRB, NITC, म.ले.नि.का. पेस),<br>२. राष्ट्रिय सूचना प्रविधि केन्द्रले स्थापना गरेको National Payment Gateway को अध्ययन गर्दा उक्त प्रणालीलाई नै NPS को रूपमा सञ्चालन गर्न सकिने अवस्था देखिएन भन्ने सुझाव पेस भएको।<br>३. केन्द्रलाई Business detail को पर्याप्त जानकारी नहुनु, business ownership लिएर कार्य गर्ने अवस्था नहुनु कठिनाई पहिचान भएको। |
| | २०७६।११।१९ गते कार्यदलबाट प्रतिवेदन पेस | |
| | २०७७।०३।२६ भुक्तानीको लागि निवेदन दिएको र मिति २०७७।०३।३०मा मू. अ. कर सहित तालिम बापतको जम्मा रु.१७,९९,७००।- भुक्तानी भएको (बजेट अपुग तथा काम नसकेको भन्ने सिफारिस) | १. तर मिति २०७५।०९।२९ सम्म मात्र सम्झौताको म्याद थप भएको टिप्पणीबाट देखिन्छ।<br>२. त्यस पछि म्याद थप नभएको, म्याद थप पछिको मितिमा भएको तालिमको आधारमा भुक्तानी सिफारिस।<br>३. On The Job तालिम भएको, तालिम प्रणाली जडान हुँदै नै सम्पन्न भएको भनने बेहोराको बयान, सोको प्रमाण नभएको |
| | २०७७।०७।१८ मा NITC बाट म. ले. नि. का.लाई पत्र | १. म.ले.नि.का को विद्युतीय भुक्तानी (EFT) प्रणालीलाई राष्ट्रिय भुक्तानी प्रणाली (NGP) संग आबद्ध गर्न (tms/x) design specification मा के कस्तो परिमार्जन गर्न पर्ने तथा feature हरूको आवश्यकता/business process खुलाई दिने अनुरोध भएको। |

| | | |
|---|---|---|
| | २०७७।०७।०५ राष्ट्र बैंङ्क सञ्चालक समितिको निर्णय | १. बैंकको सञ्चालक समितिको मिति २०७७/०७/०५ को निर्णय अनुसारनेपाल राष्ट्र बैंकलगायतका विभिन्न बैंक तथा वित्तीय संस्थाको स्वामित्वमा स्थापना भई भुक्तानी सेवा प्रदायकको रूपमा कार्य गरिरहेको संस्था नेपाल क्लियरिङ हाउस लिमिटेड (NCHL) बाट NPS को स्थापना र सञ्चालन प्रक्रिया अघि बढाउन नेपाल क्लियरिङ हाउस लिमिटेड (NCHL) लाई स्वीकृति प्रदान गरिएको |
| | २०७७।०८।१० गते म.ले.नि.का.को जवाफ | १. Technical report on status of EFT Integration to NGP system पठाईएको, कारोबार हुने गरी NPG संचालनमा आउने आवस्थामा नेपाल सरकार तथा प्रदेश सरकारले गर्ने भुक्तानीको पक्षहरू (निर्माण व्यवस्था, आपूर्तिकर्ता, अन्य सेवा प्रदायक, परामर्शदाता, कर्मचारी तथा पदाधिकारी) का खाता भएका तथा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त बैंकहरु आबद्ध हुनु पर्ने राय पेस भएको।<br>२. EFT सँग One Way मात्र integration Success भएको, NPG प्रणालीमा पनि सबै वाणिज्य बैङ्कहरु आवद्ध हुन जरुरी ठानेर निर्णय भएको बेहोराको बयान |
| | २०७८।१०।१७ गते NPG सँचालन गर्ने सम्बन्धमासंचार मन्त्रालयका सहसचिवको संयोजकत्वमा समिति गठन गरेकोर २०७८।११।२५ गते सो समितिले प्रतिवेदन पेस। NPG सञ्चालन गर्न २ अर्ब ९५ करोड ५० लाख बजेट माग मिति २०७८।१२।१४ मा संचार मन्त्रालयले अर्थ मन्त्रालयलाई पत्राचार गरेको। | १. निर्देशक समिति गठन गर्नेसमेत सिफारिस<br>२. अध्ययन गरी प्रतिवेदन पेस गर्न अर्थ मन्त्रालयले फिर्ता पठाएको<br>३. NCHL को हाल सम्मको खर्च [५२ करोड Fixed Asset ५९ करोड Operational Cost from Establishment] |
| | २०७९।१।७ गते संचार मन्त्रालयको सचिवको संयोजकत्वमा निर्देशक समिति गठन गरेको। | १. मिति २०७९।१।९ को पहिलो बैठकमा NPG संचालनको लागि आवश्यक प्रविधिक, आर्थिक, मानवस्रोत बारे प्रस्तुतिकरण गर्ने, कार्यदेश/निर्देशिका तयार गरी प्रतिवेदन पेस गर्न उपसमिति गठन भएको, NPG निर्माण तथा संचालनको लागि आवश्यक बजेट अर्को बेठकमा पेस गर्ने।<br>२. मिति २०७९।१।१४ मा बैठक मा पेस गर्ने । |

| | | |
|---|---|---|
| ↓ | २०७९।०१।१४ को निर्देशक समितिबाट ८१ करोडको बजेट आवश्यक पर्ने भनी विनियोजनको लागि अर्थ मन्त्रालयमा सिफारिस | १. निर्देशक समितिबाट ३ वर्षको लागि पूर्वाधार लगायत शुरुवाती चरणका प्राविधिक कार्यहरु गर्नको लागि ८१ करोड २४ लाख ६२ हजार ८०० को स्रोत सुनिश्चिताको लागि अर्थमा पेस गरेको,<br>२. अर्थमा शुरूमा १० करोडको सहमतिको लागि टिप्पणी पेस भएको तर सचिवज्यूबाट छलफलको लागि पुनः बजेट महाशाखामा पठाए पश्चात आफैले गरेको रायको प्रतिकुल हुने गरी ८१ करोडकै स्रोत सुनिश्चताको लागि राय दिई सोहीबमोजिम निर्णय भएको देखियो,<br>३. निर्णय बारे जानकारी नभएको, उपस्थितिमा मात्र हस्ताक्षर गरेको बजेट विनियोजन सम्बन्धी निर्णयमा सही छाप नभएको, बजेटका विषयमा खासै छलफल भएको थिएन भन्ने बयान)<br>४. बजेट सम्बन्धी प्रस्तुती भएको, छलफल पछि निर्णय लेख्न समय लाग्ने भएकोले पछि मात्र प्रिन्ट भई हस्ताक्षर भएको। |
| ↓ | २०७९।०१।२७गते नेसनल पेमेन्ट गेटवे संचालनका लागि आवश्यक पर्ने कार्यविधि/निर्देशिकाको मस्यौदा २०७९ को मस्यौदा तयार भई संचार सचिवज्यूलाई पेस भएको। | १. २०७९।१।१४ पश्चात बैठक नभएको।<br>२. निर्देशिका उपर छलफल निर्णय नभएको |
| ↓ | २०७९।०५।२६ अर्थ मन्त्रालयबाट ३ वर्षको लागि बजेटको लागि स्रोत सुनिश्चता | १. प्रक्षेपण मात्र भएको<br>२. हार्डवेयर, डाटाबेस (लाइसेन्स/support) , middleware विकास गर्नु पर्ने।(सफल श्रेष्ठ बयान)<br>३. नेपाल राष्ट्र बैंकको प्रक्रियामा दोहोरोपन नआउने, business plan बनाई सहमति दिएको।<br>४. सम्बन्धित कार्यालयले विश्लेषण गर्नु पर्ने , बजेट खर्चको सम्पूर्ण जिम्मेवार सम्बन्धित कार्यालय हुनु पर्छ भन्ने बेहोराको बयान। |
| | २०७९।०९।१४ अर्थ मन्त्रालयलेराष्ट्रिय सूचना प्रविधि केन्द्रलाई नेसनल पेमेन्ट गेटवे स्थापना र संचालन अवधी ३ वर्षको लागि उपलब्ध गराएको सहमतीको विषय हाललाई स्थगन गर्ने निर्णय। | |

६. उपर्युक्त तथ्य एवम् आरोपदाबी रहेको प्रस्तुत मुद्दामा देहायका प्रश्नउपर न्याय निरुपण गर्न पर्ने देखिन आयोः

*क) नेसनल पेमेण्ट गेटवे (NPG) भनेको के हो ? मुलुकको लागि यसको आवश्यकता कति छ ?*

*ख) NPG खरिदको लागि बजेट विनियोजन गर्दा नै बदनियत राखी बजेट विनियोजन गरिएको हो होइन ? कसुरमा प्रतिवादीहरू बिच के कस्तो मिलेमतो रहेको छ ?*

*ग) खरिद प्रक्रियामा जाँदा सार्वजिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ का सम्बद्ध प्रावधानहरूको परिपालना गरिएको छ छैन ?*

*घ) प्रतिवादीहरूले रु.२३,२७,५८,०७७।- रकम हिनामिना गरी भ्रष्टाचारजन्य कसुर गरेका हुन् वा होइनन् ?*

*ङ) यदि सो कसूर गरेको अवस्था हो भने कसूरमा कुन कुन प्रतिवादीहरूको के कस्तो संलग्नता रहेको छ ?*

*च) कसूरमा संलग्न प्रतिवादीहरूलाई के कस्तो सजाय हुनुपर्ने हो ?*

७. सर्वप्रथम यस मुद्दाको विषयवस्तु बुझ्नका लागि ***नेसनल पेमेण्ट गेटवे (NPG) भनेको के हो ?*** भन्ने प्रश्नको निरुपण गरिनु बाञ्छनीय देखिन आउँदछ। National Payment Gateway (NPG) अर्थात् राष्ट्रिय भुक्तानी प्रणाली भनेको एकीकृत भुक्तानी प्रणाली हो, जसले विभिन्न प्रकारका भुक्तानी विधिहरूलाई सहजीकरण गर्दछ। यसले प्रयोगकर्ताहरूलाई भुक्तानी गर्न र भुक्तानी प्राप्त गर्नका लागि अनलाइन र अफलाइन विकल्पहरू उपलब्ध गराउँछ। NPG ले भुक्तानी गर्ने र भुक्तानी लिने बीचको प्रक्रिया सजिलो बनाउँछ र व्यापारिक गतिविधिहरूलाई द्रुत एवम् सुरक्षित बनाउँछ भन्ने विश्वास गरिन्छ। यो प्रणाली भुक्तानी प्रक्रियामा प्रयोग गरिने विभिन्न विधिहरू जस्तैः क्रेडिट कार्ड, डेबिट कार्ड, नेट बैंकिङ, मोबाइल वॉलेट र यूपीआई (युनिफाइड पेमेंट्स इन्टरफेस) लाई समेट्छ। यो व्यवसायी र उपभोक्ताहरूलाई एक सजिलो र विश्वसनीय भुक्तानी अनुभव प्रदान गर्नका लागि तयार गरिएको हो पद्धति हो। धेरै मुलुकमा यो भुक्तनी पद्धतिलाई आत्मसात गरिएको पाइन्छ।

८. नेसनल पेमेण्ट गेटवे (NPG) मा मुख्यतः निम्न सुविधाहरू समावेश हुन्छन्ः

क. **एकीकृत प्लेटफर्मः** NPG ले विभिन्न भुक्तानी विकल्पहरू (जस्तै क्रेडिट कार्ड, डेबिट कार्ड, नेट बैंकिङ, यूपीआई) लाई एकै ठाउँमा उपलब्ध गराउँछ।

ख. **सुरक्षित भुक्तानीः** यस प्रणालीले वित्तीय जानकारीको सुरक्षा सुनिश्चित गर्नका लागि विभिन्न सुरक्षा मापदण्डहरू प्रयोग गर्दछ।

ग. **द्रुत लेनदेनः** यसमा भुक्तानी प्रक्रिया छिटो हुन्छ, जसले गर्दा ग्राहक र व्यापारी दुबैलाई छिटो र सरल तरिकामा लेनदेन गर्न मद्दत गर्छ।

घ. **व्यापारको लागि उपयुक्तः** यसमा व्यवसायीहरूलाई NPG मार्फत् आफ्ना उत्पादन र सेवाहरूको भुक्तानी सजिलै लिन सक्ने सुविधा मिल्छ, जसले उनीहरूको व्यापार वृद्धि गर्न मद्दत गर्दछ।

ङ. **समर्थन र ट्रयाकिंगः** यस प्रणालीले भुक्तानीको स्थिति र विवरणहरूको ट्रयाकिङ गर्न सजिलो बनाउँछ, जसले उपभोक्ताहरू र व्यवसायीहरूलाई पारदर्शिता प्रदान गर्छ।

९. यसरी, NPG ले मुलुकमा डिजिटल भुक्तानीको विकासमा महत्वपूर्ण भूमिका खेल्दछ र व्यापारिक गतिविधिहरूलाई सुदृढ बनाउँछ। नेपालमा "नेसनल पेमेण्ट गेटवे" भन्नाले अनलाइन भुक्तानीको लागि प्रयोग हुने एकीकृत प्लेटफर्मलाई जनाउँछ। यस प्रणालीले विभिन्न भुक्तानी विधिहरूलाई एकीकृत गरेर ग्राहक र व्यवसायीहरूको लागि भुक्तानी प्रक्रिया सजिलो बनाउँछ।

१०. नेपालमा यसका केही प्रमुख विशेषताहरू निम्न छन्ः

क. **विभिन्न भुक्तानी विकल्पहरूः** यस प्रणालीले नेपालमा विभिन्न बैंक र वित्तीय संस्थाहरूले प्रदान गर्ने क्रेडिट कार्ड, डेबिट कार्ड, मोबाइल वॉलेट, र नेट बैंकिङ जस्ता विकल्पहरूलाई समेट्छ।

ख. **सरलता र द्रुतताः** NPG ले ग्राहकलाई अनलाइन सपिङ, सेवा बुकिङ र अन्य वित्तीय लेनदेनहरूमा छिटो र सजिलो भुक्तानी गर्न अनुमति दिन्छ।

ग. **सुरक्षाः** भुक्तानी प्रक्रिया सुरक्षित बनाउनका लागि विभिन्न सुरक्षा उपायहरू लागू गरिन्छ। जस्तैः एन्क्रिप्सन र दुई-चरणीय प्रमाणीकरण।

घ. **आर्थिक समावेशीकरणः** यो प्रणालीले अनलाइन भुक्तानीमा पहुँच प्रदान गरेर डिजिटल अर्थतन्त्रको विकासमा मद्दत गर्छ, जसले आर्थिक समावेशीकरणलाई प्रवर्धन गर्दछ।

ङ. **सरकारी पहलः** नेपाल सरकारले डिजिटल भुक्तानी प्रणालीलाई प्रोत्साहन गर्ने प्रयास गर्दै आएको छ, जसमा NPG को विकास र प्रयोगलाई प्राथमिकता दिइएको छ। नेपालमा NPG को विकासले व्यापार र उपभोक्ताहरूको लागि अनलाइन लेनदेनलाई थप सहज र सुरक्षित बनाउने लक्ष्य राखेको छ।

११. विश्वभर विभिन्न मुलुकहरूमा राष्ट्रिय भुक्तानी गेटवे (NPG) वा त्यस्तै समान प्रणालीहरू लागू गरिएका छन् तर तिनीहरूको सङ्ख्या निश्चित रूपमा गणना गर्न भने कठिन छ। धेरै देशहरूले डिजिटल भुक्तानी प्रणालीहरूको विकास र कार्यान्वयनमा पहल गरिरहेका छन्। सामान्यतयाः युरोप, उत्तर अमेरिका, दक्षिण अमेरिका, एसिया, र अफ्रिकाजस्ता विभिन्न क्षेत्रमा ५० भन्दा बढी मुलुकहरूले सरकारी तवरमा डिजिटल भुक्तानी गेटवे प्रणालीहरू लागू गरेका छन्। दिनानुदिन यो क्रम बढ्दो छ। यसमा ध्यान दिनुपर्ने कुरा के हो भने प्रत्येक देशको प्रणालीको नाम, विशेषता र कार्यान्वयन विधि फरक हुन सक्छ। धेरै देशहरूले निजी क्षेत्रका पेमेण्ट गेटवेहरू पनि प्रयोग गर्दै आएका छन्।

१२. केही देशहरूमा यस्ता भुक्तानी गेटवे प्रणालीहरू विकास गरिएको छ। जस्तैः भारतमा नेसनल पेमेण्ट गेटवे (NPG) मार्फत विभिन्न भुक्तानी विकल्पहरू समाहित गरिएको छ। पाकिस्तानमा पनि अनलाइन भुक्तानीका लागि विभिन्न गेटवेहरू उपलब्ध छन्, जस्तै "Easypaisa" र "JazzCash"। बङ्गलादेशमा "bKash" जस्ता मोबाइल पेमेण्ट गेटवेहरू सक्रिय छन्। दक्षिण अफ्रिकामा "PayFast" र "Yoco" जस्ता प्रणालीहरूले अनलाइन भुक्तानीको सुविधा प्रदान गर्छन्। क्यानाडामा "Moneris" र "PayPal" जस्ता गेटवेहरू प्रयोग गरिन्छ। संयुक्त राज्य अमेरिकामा पनि "Stripe", "Square", र "PayPal" जस्ता विभिन्न गेटवेहरूमा आधारित प्रणाली रहेको छ। यूरोपका विभिन्न देशहरूमा पनि अनलाइन भुक्तानीका लागि विशेष प्रणालीहरू उपलब्ध छन्, जस्तै "Adyen" र "WorldPay"। यी प्रणालीहरूमा भुक्तानीको प्रक्रिया, सुरक्षा मापदण्ड र उपभोक्ता अनुभवमा भिन्नता हुन सक्छ, तर सबैले डिजिटल भुक्तानीको सहजता र सुरक्षा सुनिश्चित गर्नको लागि काम गर्छन् भन्ने कुरामा दुईमत छैन।

१३. अब प्रस्तुत मुद्दाको निर्णय गर्नुपर्ने अर्को प्रश्न ***NPG खरिदको लागि बजेट बिनियोजन गर्दा नै बदनियत राखी बजेट विनियोजन गरिएको हो होइन?*** भन्ने सम्बन्धमा विचार गरौं। यस प्रश्नको जवाफ मिसिल संलग्न तथ्य र प्रमाणहरूको आधारमा खोज्नुपर्ने भएको छ। यसका लागि मुद्दाको तथ्यगत विवेचना र विश्लेषण गरिनु आवश्यक छ। प्रस्तुत मुद्दामा आ.व. २०७४/७५ को बजेट वक्तव्यमा **नेसनल पेमेण्ट गेटवे** स्थापनार्थ राष्ट्रिय सूचना प्रविधि केन्द्रको नाममा बजेट विनियोजन गर्ने नेपाल सरकारको नीति रहेको देखिन्छ। सो वार्षिक बजेट विनियोजनका केही निश्चित प्रक्रिया, पद्धति र परम्पराहरू छन्। तर राष्ट्रिय सूचना प्रविधि केन्द्रको तर्फबाट तत्कालीन तालुक मन्त्रालयको रुपमा रहेको विज्ञान तथा प्रविधि मन्त्रालयमार्फत अर्थ मन्त्रालयमा बजेट माग हुनु पर्नेमा सो माग बिना नै रातो किताबमा बजेट समावेस गरिएको हुँदा बदनियतको शुरुआत यसै विन्दूबाट भएको भन्ने आरोपपत्रको आसय रहेको देखिन्छ। राष्ट्रिय सूचना प्रविधि केन्द्रको च.नं. ९५४ मिति २०८०।०३।१२ को पत्रबाट सो तथ्य उजागर भएको देखिन्छ। यद्यपि आ.व. २०७४/७५ को बजेट वक्तव्यमा **नेसनल पेमेण्ट गेटवे** स्थापनार्थ राष्ट्रिय सूचना प्रविधि केन्द्रको नाममा बजेट विनियोजन गर्ने नेपाल सरकारको नीति रहेको परिप्रेक्ष्यमा NPG खरिदका लागि बजेट विनियोजन कपटपूर्ण तरिकाले गरिएको थियो भनी अनुमान गर्नुपर्ने अवस्था देखिन आउँदैन।

१४. राष्ट्रिय सूचना प्रविधि केन्द्रको च.नं. ९५४ मिति २०८०।०३।१२ को पत्र scan गरी समावेस गरिएको छः

९६६९
२०८०।०३।१३

L-73768
2080/03/13

नेपाल सरकार
संचार तथा सूचना प्रविधि मन्त्रालय
राष्ट्रिय सूचना प्रविधि विकास समिति
**राष्ट्रिय सूचना प्रविधि केन्द्र**

४२११७१०, ४२११९१७, ४२११५२७
फ्याक्स नं. : ४२४३३६२
पोष्ट बक्स नं. : २५३३१
ईमेल : info@nitc.gov.np

पत्र संख्याः २०८९/०८०
च.नं. ९५४

सिंहदरबार, काठमाडौं
नेपाल

मितिः २०८०।०३।१२

श्री अख्तियार दुरुपयोग अनुसनधान आयोग
महाशाखा नं. ४
टङ्गाल, काठमाडौं।

विषयः राय/प्रतिकृया पठाइएको बारे।

उपरोक्त सम्बन्धमा तहां आयोगको प.सं. ४-अनु/०७९/८० च.नं. ६२५१० मिति २०८०।०३।०४ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो। सो सम्बन्धमा केन्द्रको राय/प्रतिकृया देहाय बमोजिम रहेको व्यहोरा अनुरोध छ।

- आ.व. २०७४/७५को बजेट बक्तव्यको बुंदा नः १८३मा राज्यकोषबाट हुने तलबभत्ता लगायत सबै सरकारी भुक्तानी सम्बद्ध व्यक्ति तथा संस्थाको बैक खाता मार्फत मात्र हुने व्यवस्था गरिने, अन्तर्राष्ट्रिय व्यापारको भुक्तानी इ'ऽमेन्टको माध्यमबाट गर्ने तथा ई-पेमेन्टको माध्यमबाटै राजश्व संकलन गर्न सकिने व्यवस्था गरिनेछ भनि उल्लेख भएको र सोहि बमोजिम पेमेन्ट गेटवे स्थापनार्थ राष्ट्रिय सूचना प्रविधि केन्द्रलाई बजेट बिनियोजन भएको र सोका लागि राष्ट्रिय सूचना प्रविधि केन्द्रबाट तत्कालिन विज्ञान तथा प्रविधि मन्त्रालय मार्फत अर्थ मन्त्रालमा बजेट माग भएको नदेखिएको।
- आ.व. २०७४/७५ को बजेट कार्यान्वयनको सिलसिलामा नेशनल पेमेन्ट गेटवे सञ्चालनको लागि बिनियोजित बजेटबाट हार्डवेयर पूर्वाधार (Server, Storage, Firewall तथा Switch) लगायत सम्पूर्ण प्रणाली एकै चोटी खरिद गरी लागु गर्न सम्भव नहुने भएकाले सुरुआती चरणमा सफ्टवेयर प्रणाली खरिद गरी केन्द्रसंग मौजुदा रहेको हार्डवेयरमा स्थापना गरी Piloting गर्ने र त्यस पछिका दिनहरुमा क्रमिक रुपमा विस्तार गर्दै जाने योजना अनुरुप विनियोजित बजेटबाट सफ्टवेयर मात्र खरिद गरिएको। प्रणालीको Piloting गर्ने उदेश्यले ३ बटा बाणिज्य बैंकहरुको प्रणाली तथा महालेखा नियन्त्रक कार्यालयको Electronic Fund Transfer (EFT) प्रणालीको आवद्धताको कार्य गरी परिक्षण समेत सम्पन्न गरेकोमा गेटवे प्रणाली प्रयोग गर्नु अघि नेपाल सरकार तथा प्रदेश सरकारले गर्ने भुक्तानीका पक्षहरुका खाता भएका तथा नेपाल राष्ट्र बैंकबाट स्वीकृती प्राप्त बैंकहरु अवद्ध हुनु पर्ने शर्त महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त भएपछि पेमेन्ट गेटवेको व्यवसायिक रुपमा शुरुआत हुन नसकेको।
- पेमेन्ट गेटवे सफ्टवेयरको खरिद लागि लागत अनुमान तयार पार्दा अन्तराष्ट्रिय बजारमा प्रचलित सफ्टवेरहरुको अध्ययन गरी पेमेन्ट गेटवे परिपूर्ति गर्नु पर्ने आधारभुत आवश्यकताको आधारमा Technical Feature को सुची तयार पारी रसियाको Best2Pay, वंगलादेशको Spectrum Engineering Consortium (Pvt) Ltd र सिंगापुरको Kurt PTE LTD संग ईमेल मार्फत कोटेसन माग गरिएको। सफ्टवेयर खरिदको प्रक्रिया थालनी हुँदा राष्ट्रिय सूचना प्रविधि केन्द्र तत्कालिन विज्ञान तथा प्रविधि मन्त्रालय मातहत रहेको र एकिकृत ईमेल प्रणाली समेत सञ्चालनमा आईनसकेकोले सो समयको पत्राचार उपलब्ध हुन नसकेको।

कार्यकारी निर्देशक

नेपाल सरकार
संचार तथा सूचना प्रविधि मन्त्रालय
राष्ट्रिय सूचना प्रविधि विकास समिति

# राष्ट्रिय सूचना प्रविधि केन्द्र

४२११७१०, ४२११९१७, ४२११५२७
फ्याक्स नं. : ४२४३३६२
पोष्ट बक्स नं. : २५३३१
ई-मेल : info@nitc.gov.np

सिंहदरबार, काठमाडौं
नेपाल

पत्र संख्याः
च.नं.

- पेमेन्ट गेटवेको सफ्टवेयर खरिद गरिए पश्चात बैंक तथा वित्तिय संस्थाहरुको आवद्धताका लागि सहजिकरण एवं समन्वयमा नेपाल राष्ट्र बैंकको भुमिका आवश्यक हुने भएकोले नेपाल राष्ट्र बैंकको सहमती लिईएको।
- मन्त्रालयमा हुने हरेक समिक्षा बैठक एवं मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) को बैठकहरुमा केन्द्रको तर्फबाट ई-पेमेन्ट गेटवे संचालनको लागि सहजिकरण तथा समन्वयको लागि अनुरोध भएको। तत्कालिन माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्रीज्यूहरु समक्ष समेत ई-पेमेन्ट गेटवे सञ्चालन सम्बन्धी समस्या समाधान तथा सहजिकरणका लागि केन्द्रको तर्फबाट छुट्टै प्रस्तुतिकरणहरु भएको। फलस्वरुप मिति २०७६।०९।०२ मा तत्कालिन माननीय अर्थ मन्त्री डा. युवराज खतिवडा ज्यूको उपस्थितीमा भएको ई-पेमेन्ट बैठकमा National Payment Gateway System लाई नेपाल राष्ट्र बैंक मार्फत संचालन गर्न निर्देशन भएकोमा नेपाल राष्ट्र बैंकबाट जानकारी प्राप्त नभएको। साथै, नेशनल पेमेन्ट गेटवेको कार्यलाई टुंगोमा पुन्याउन नेशनल पेमेन्ट गेटवे सम्बन्धी अध्ययन गरी सुझाव दिन सञ्चार तथा सूचना प्रविधि मन्त्रालय (मा. मन्त्रीस्तर) को मिति २०७८।१०।१७ को निर्णयबाट सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सह-सचिवको संयोजकत्वमा समिति गठन भएको। उक्त समितिको सिफारिसको आधारमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालय (मा. मन्त्रीस्तर) को मिति २०७९।१।७ को निर्णयानुसार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सचिव ज्यूको अध्यक्षतामा बनेको निर्देशक समितिले नेशनल पेमेन्ट गेटवेको पूर्ण सञ्चालनको लागि आवश्यक पूर्वाधार तथा अनुमानित बजेटको अध्ययन गरी प्रस्ताव गरेको।
- CMA Small System, Sweden बाट खरिद गरेको सफ्टवेयरको perpetual license रहेको हुँदा जुनै पनि बेला सञ्चालनमा ल्याउन थप व्यभार नपर्ने र प्रणाली सञ्चालनमा आए पश्चात वार्षिक सपोर्ट सर्भिस मात्र खरिद गर्नु पर्ने हुन्छ। प्रणाली सञ्चालनको लागि आवश्यक सम्पूर्ण सहयोग र प्राविधिक सहायताका लागि परामर्शदाता अहिले पनि तयार रहेकोले पेमेन्ट गेटवे शुरु गर्न प्राविधिक एवं सफ्टवेयरजन्य समस्या नरहेको।
- लागत अनुमान तयार गर्ने पदाधिकारीको विवरण

| सि. नं | पदाधिकारी/ कर्मचारीको नाम | पद | NPGS को खरिद एवं भुक्तानी कार्यमा भूमिका | NITC मा कार्यरत मिति (देखि-सम्म) | हाल कार्यरत कार्यालय | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रनिता उपाध्याय | कार्यकारी निर्देशक | लागत अनुमान स्विकृत गर्ने | २०७१।३।४ - २०७४।११।२० | | ९८५११२७११ | |
| २ | सुनिल पौडेल | उप-निर्देशक | लागत अनुमान तयार गर्ने | २०६५।३।१२ - २०७८।१२।२५ | नेपाल टेलिकम | ९८५१३३९९९९ | |
| ३ | रमेश पोखरेल | सहायक कार्यकारी निर्देशक | लागत अनुमान तयार गर्ने | २०६४।३।१ - २०८०।१।३ | | ९८४१२९५५३८ | |
| ४ | रामशरण गायक | कम्प्यूटर ईन्जिनियर | लागत अनुमान तयार गर्ने | २०६३।१२।१ - हाल सम्म | | ९८५११३२३५८ | |

(प्रदिप शर्मा पौडेल)
कार्यकारी निर्देशक
कार्यकारी निर्देशक

१५. त्यस्तै आ.व. २०७४/०७५ को रातो किताव (Red Book) को ब.शि.नं ३३२१०७ र राष्ट्रिय सूचना प्रविधि केन्द्रमा ब.शि.नं. ३३२१०७४ (पुँजीगत खर्च) को खर्च शीर्षक २९७१२ मा सफ्टवेयर निर्माण र खरिद खर्चमा विषयगत मन्त्रालयबाट कार्यक्रम प्रस्ताव भई रु.२६ करोड ५० लाख विनियोजन भएकोमा यस मन्त्रालयको आ.व. २०७४/०७५ को LMBIS अनुसार इ-पेमेण्ट गेटवे तर्फ रु.२५ करोड विनियोजन भई रु.२४ करोड १७ लाख ८० हजार ६ सय ८६ खर्च भएको विवरण अर्थ मन्त्रालय, बजेट कार्यक्रम महाशाखाले पत्राचार गरेको भन्ने अर्थ मन्त्रालयको च.नं. २१८६ मिति २०८०।०३।१९ गतेको पत्रबाट देखिन्छ। अर्थ मन्त्रालयले लेखेको यो पत्रको

आधारमा पनि उक्त विनियोजित बजेटको प्रक्रियागत त्रुटिमा प्रश्न उठेपनि बजेटको वैधतामा प्रश्न उठाउनु पर्ने कारण र आधार भने देखिन आउँदैन। अतः माथि उल्लिखित बेहोराको पत्रहरूबाट राष्ट्रिय सूचना प्रविधि केन्द्रबाट NPG खरिदका लागि ब.शि.नं. ३३२१०७४ (पुँजीगत खर्च) को खर्च शीर्षक २९७१२ मा विषयगत मन्त्रालयबाट कार्यक्रम प्रस्ताव गरी बजेट विनियोजन भएको कुरालाई आरोपित कसुर गर्ने मनसाय र योजना बनाई बजेट विनियोजन गरिएको थियो भनी अनुमान गर्न मिल्दैन।

१६. **आरोपित प्रश्नको उत्तर पाउनका लागि बजेट विनियोजनको प्रक्रियाबारे जानकारी लिनु आवश्यक हुन्छ। जब कुनै निश्चित गतिविधि वा परियोजनाको लागि बजेट विनियोजन गरिन्छ र त्यसको लागि बजेट माग गरेको अवस्था छैन भने यसले विभिन्न कारणहरूको सङ्केत गर्दछ। जस्तैः**

क. **राजनीतिक कारणः** कहिलेकाहीं, कुनै विशेष बजेट विनियोजन कार्यकारिणी निकायको नेतृत्वले राजनीतिक लाभका लागि गरिएको हुन सक्छ।

ख. **पूर्व निर्धारित सम्झौताहरूः** केही परिस्थितिमा बजेट विनियोजन पहिले नै तय गरिएको कार्यक्रमको हिस्सा हुन सक्छ जसले गर्दा पछिल्लो समयमा आवश्यकताको कमी भए पनि उक्त रकम खर्च गर्नु अनिवार्य हुन सक्छ।

ग. **योजना वा नीतिः** कुनै परियोजना वा कार्यका लागि राज्यले नीति पास गरिरहेको तर स्रोतको प्रतिक्षामा रहेको अवस्थामा नयाँ आर्थिक वर्षमा सो नीति कार्यान्वयनको आवश्यकता ठानी यस्तो स्थिति उत्पन्न हुन सक्छ।

घ. **भविष्यका योजनाहरूः** कहिलेकाहीं योजना वा परियोजना जुन तत्काल नभएपनि भविष्यमा कुनै समय आवश्यक पर्न सक्ने अनुमानले बजेट विनियोजन गरिएको हुन सक्छ।

ङ. **पूर्वनिर्धारित प्रतिबद्धताहरूः** अर्को कारण भनेको पूर्वनिर्धारित प्रतिबद्धताहरू हुन सक्छन्। यसमा, कुनै विशेष परियोजनामा लगानी पहिले नै तय गरिएको हुन्छ, जसका लागि निश्चित बजेट छुट्याइएको हुन्छ।

च. **दीर्घकालीन परियोजनाहरूः** कहिलेकाहीं, दीर्घकालीन योजनाहरूको लागि बजेट विनियोजन गर्नुपर्छ, चाहे त्यस परियोजनाको आवश्यकता अहिले नहुन सक्छ। उदाहरणको लागि, भविष्यमा हुने विकास थालनीका लागि अहिलेदेखि नै आंशिक बजेट विनियोजन गरिएको हुन सक्छ।

छ. **अन्तर्राष्ट्रिय सम्झौताहरूः** कतिपय समयमा, अन्तर्राष्ट्रिय दातृ निकायसँगको सम्झौतामा केही रकमको विनियोजन गर्न आवश्यक हुन्छ, जसले तत्कालीन मागसँग मेल नखान सक्छ।

१७. यसरी कुनै एउटा बजेट विनियोजनको निर्णय केवल बजेट माग र प्रक्रियासँग मात्र सम्बन्धित हुँदैन; यसको पछाडि रणनीतिक, राजनीतिक र आर्थिक उद्देश्यहरू पनि हुन सक्छन्। यदि प्रचलित कार्यविधि तथा प्रक्रिया पूरा नगरी वा त्यसको औपचारिक माग नै नभई बजेट विनियोजन गरिएको छ भने त्यसमा प्रश्न उठ्नु स्वाभाविक हुन्छ। तर, भ्रष्टाचारको कसुर गर्नकै लागि बजेट विनियोजन गर्ने र सार्वभौम संसदले सो बजेट गलत सोचकासाथ पारित गरिदिने भन्ने परिकल्पनासम्म पनि गर्न सकिंदैन। बरु विनियोजनको उद्देश्यका आधारमा बजेट खर्च गरिने सिलसिलामा सम्बद्ध निकायलाई जवाफदेही बनाउनु आवश्यक हुन्छ। प्रक्रियागत बाटो नअपनाई विनियोजित यस प्रकारको कार्यले मूलतः नीति निर्माताको दूरदृष्टि अभाव तथा प्रशासनिक प्रक्रियाको कमजोरीलाई भने सङ्केत गर्न सक्छ। यदि राज्यको नीति अन्तर्गत बहुवर्षीय योजना तथा कार्यक्रमहरू पहिले नै निर्धारण गरिएका छन् र बजेट माग गर्ने प्रक्रिया अवलम्बन गरिएको छैन भने संसदबाट अनुमोदन नभएसम्म त्यस्ता प्रस्तावित बजेट शीर्षक राखिनु औचित्यहिन ठहरिन सक्छ। तर संसदको अनुमोदन भएको अवस्थामा भने कानूनतः मान्य हुन्छ नै। यसरी ***NPG खरिदको लागि बजेट बिनियोजन गर्दा बदनियत नदेखिएको हुँदा उक्त कसुरमा प्रतिवादीहरू बिच के कस्तो मिलेमतो रहेको छ ? भन्ने प्रश्न तर्फ थप विवेचना तथा विश्लेषण गर्न पर्ने अवस्था देखिएन।***

*१८.* ***खरिद प्रक्रियामा जाँदा सार्वजिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ को सम्बद्ध प्रावधानहरूको परिपालना गरिएको छ, छैन ?*** भन्ने प्रश्नको निर्णय दिंदा सर्वप्रथम यी प्रतिवादीहरूले सार्वजिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को के कुन प्रावधान उल्लङ्घन गरेको भनी हेर्न आवश्यक रहेको देखिन्छ।

आरोप पत्रमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ बमोजिम गुरुयोजना तयार गर्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ बमोजिम खरिद योजना तयार गरी सार्वजनिक निकायको प्रमुखको स्वीकृत लिई गर्नुपर्ने लगायतका अनिवार्य तवरमा गर्नुपर्ने कार्यहरूसमेत नगरी/नगराई लागत अनुमान स्वीकृत भएको भनी झुट्टा विवरण राखी अन्तराष्ट्रिय आशय पत्र माग गर्दा टिप्पणी मार्फत तत्कालीन विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव तथा राष्ट्रिय सूचना प्रविधि केन्द्रको अध्यक्ष संजय शर्माबाट स्वीकृत गरी गराई प्रचलित कानून बमोजिम गर्नु पर्ने अन्य अनिवार्य कार्य; खरिद पूर्व अध्ययन, सरोकारवालाहरूको पहिचान, लागत अनुमान स्वीकृत, गुरुयोजना तयार, कानूनी आधार तयार, NPG core प्रणालीसँग अन्तरआबद्ध गर्न आवश्यक पूर्वाधार, बैंक तथा वित्तीय संस्थाहरूसँग समन्वय गर्ने आदि विषयसमेत केही पनि नगरी नगराई लापरबाही तथा बदनियत गरेको भनी आरोपदाबी लिएको देखिन्छ।

१९. सार्वजनिक खरिद ऐन, २०६३ ले राज्यका विभिन्न निकायहरूले गर्ने खरिद प्रक्रियालाई पारदर्शी, उत्तरदायी, र प्रभावकारी बनाउन महत्वपूर्ण मापदण्डहरू स्थापित गरेको छ। यस ऐनको दफा ६ अनुसार, कुनै पनि सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा एक सुव्यवस्थित योजना आवश्यक पर्छ, जसले खरिद प्रक्रियालाई नियन्त्रित, पारदर्शी, र उद्देश्यपरक बनाउने भूमिका खेल्छ। यस सन्दर्भमा, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले थप स्पष्ट पार्दै, १० करोड भन्दा बढी रकमको खरिद गर्दा अनिवार्य रूपमा खरिदको गुरुयोजना (Master Procurement Plan) तयार गर्नुपर्ने सर्त तोकेको छ। यस व्यवस्थाले सार्वजनिक खर्चलाई नियमन गर्न, अनावश्यक वित्तीय जोखिम न्यूनीकरण गर्न र संस्थागत क्षमतामा सुधार ल्याउन मद्दत गर्दछ।

२०. खरिद गुरुयोजना तयार गर्नुको मुख्य उद्देश्य भनेको सार्वजनिक निकायहरूले गर्न चाहेको खरिद पूर्वानुमान गर्न, स्रोतको उपयुक्त व्यवस्थापन गर्न र लागतलाई नियन्त्रणमा राख्नु हो। जब कुनै निकायले ठूलो परिमाणको खरिद बिना योजना सम्पन्न गर्छ, त्यसले पारदर्शिताको अभाव सिर्जना गर्नुका साथै अनियमितता, ढिलाइ तथा अनावश्यक खर्चको जोखिम बढाउँछ। खरिद प्रक्रियामा योजना निर्माण नगर्दा, दीर्घकालीन लागत वृद्धि, सेवा तथा पूर्वाधारको न्यूनतम प्रभावकारिता र समग्र सरकारी खर्चमा अनावश्यक भार पर्ने सम्भावना उच्च रहन्छ। नियमावलीको उक्त प्रावधानले सार्वजनिक निकायहरूलाई योजना बनाउन बाध्य पार्ने भएका हुँदा यसले अनियमित क्रय प्रक्रियाहरूलाई रोकथाम गर्ने उद्देश्य राख्छ। यो कानूनी प्रावधानले सुनिश्चित गर्छ कि कुनै पनि ठूलो खरिद निर्णय आवश्यक मूल्याङ्कन, जोखिम विश्लेषण र दीर्घकालीन सम्भाव्यता अध्ययनको आधारमा मात्र गरिन्छ।

२१. प्रस्तुत मुद्दामा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ का महत्वपूर्ण प्रावधानहरूको पालना नगरी राष्ट्रिय सूचना प्रविधि केन्द्र (NITC) द्वारा गरिएको E-Payment Gateway खरिद प्रक्रियामा गम्भीर अनियमितता भएको देखिन्छ। विशेषगरी, नियमावलीको नियम ७ अनुसार १० करोडभन्दा बढीको खरिद गर्दा अनिवार्य रूपमा गुरुयोजना तयार गर्नुपर्ने व्यवस्था छ तर यस परियोजनाको लागि कुनै पनि गुरुयोजना तयार गरिएको देखिंदैन। प्रतिवादीहरूले समेत सोको प्रमाण पेस गर्न सकेको देखिंदैन। साथै, कानूनी रूपमा गर्नुपर्ने यी आधारभूत कार्यहरू नगरी अन्तर्राष्ट्रिय आशय पत्र (EOI) माग गरिएको छ जुन प्रक्रियागत त्रुटि रहेको देखिन्छ।

२२. सार्वजनिक खरिद प्रक्रिया अगाडि बढाउनु अघि आवश्यक पर्ने विभिन्न तयारी कार्यहरू'जस्तै खरिद पूर्व अध्ययन, सरोकारवालाहरूको पहिचान, लागत अनुमानको उचित मूल्याङ्कन, कानूनी आधार निर्धारण, तथा NPG प्रणालीलाई बैंक तथा वित्तीय संस्थाहरूसँग अन्तरआबद्ध गर्ने पूर्वाधार निर्माण'भएको देखिंदैन। यसैको कारण हाल सम्म पनि NPG संचालनमा आउन सकेको छैन। यसप्रकार NPG ***खरिद प्रक्रियामा जाँदा सार्वजिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ को सम्बद्ध प्रावधानहरूको परिपालना गरिएको छैन भन्ने मा यस इजलास विश्वस्त रहेको छ।***

२३. अब ***प्रतिवादीहरूले NPG खरिदमा रु.२३,२७,५८,०७७/- रकम हिनामिना गरी भ्रष्टाचारजन्य कसुर गरेको अवस्था हो वा होइन ?*** भन्ने प्रश्नमा निर्णय गर्नुपर्ने देखियो। सो सन्दर्भमा हेर्दा राष्ट्रिय सूचना प्रविधि केन्द्र (NITC) को तत्कालीन कार्यकारी निर्देशक सुनिल पौडेलसमेतको मिलेमतो र योजनामा ६ वर्ष अघि खरिद गरिएको हालसम्म प्रयोगमा

नआएको नेसनल पेमेण्ट गेटवे (NPG) जुन १२ करोड रुपैयाँ पनि नपर्नेलाई आवश्यक पूर्वाधार नै तयार नगरी कमिसनको चक्करमा अस्वाभाविक लागत तयार गरी स्वीकृत गरे गराएर २५ करोड रुपैयाँमा खरिद गरी नेपाल सरकारको सम्पत्ति हानिनोक्सानी तथा दुरुपयोग गरेको हुँदा कानूनबमोजिम कारबाही गरी पाउँ भन्ने उजुरीबाट अनुसन्धान तथा तहकिकात भएको प्रस्तुत मुद्दामा माथि उल्लिखित प्रश्नको निरुपण गर्नुभन्दा अगाडि मुद्दाका केही अकाट्य तथ्यहरुको जानकारी लिनु बाञ्छनीय देखिन्छ।

२४. यसरी गरिएको खरिद कार्यमा महालेखा परीक्षकको वार्षिक प्रतिवेदनको आधारबाट हेर्दा चार आर्थिक वर्षसम्म निम्नबमोजिम राय व्यक्त गरेको पाइन्छः

क. **सन्ताउन्नौ वार्षिक प्रतिवेदन, २०७७ः**

विद्युतीय माध्यमबाट सरकारी कारोबार गर्ने पूर्वाधार तयारीको लागि नेसनल पेमेण्ट गेटवे सिस्टमको आपूर्ति, ढुवानी तथा जडान गर्न एक विदेशी परामर्शदातासँग रु.२४ करोड २७ लाख ८१ हजारको सम्झौता भई यो वर्षसम्म रु.२३ करोड ८० लाख २० हजार भुक्तानी भएको तर सम्झौताअनुसार एक वर्षको पूरक सेवाको कार्य र जडानपछिको तालिमको कार्य सम्पन्न नभएकोले सो गेटवे सिस्टम कार्यान्वयनमा नआएको। **समयमा काम सम्पन्न गरी प्रयोगमा नल्याउँदा सरकारी लगानी प्रयोगविहीन अवस्थामा रहेको, परामर्शदाताको खर्चमा वृद्धि हुने स्थिति रहेको देखिएको।**

ख. **अन्ठाउन्नौ वार्षिक प्रतिवेदन, २०७८ः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७(१) मा खरिद गुरुयोजना तयार गर्नुपर्ने व्यवस्था छ। केन्द्रले **एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने कार्यक्रममा खरिद गुरुयोजना तयार नगरी बोलपत्रको माध्यमद्वारा** १५ कार्यको रु.१ अर्ब ६४ करोड लागत अनुमान भएको पुँजीगत कार्यक्रममा रु.१ अर्ब ६१ करोड ७५ लाख ८ हजार खर्च गरेको छ। **खरिद गुरुयोजना तयार गरी खर्च गर्नुपर्दछ।**

ग. **उनन्साठीऔं वार्षिक प्रतिवेदन, २०७९ः**

पेमेण्ट गेटवेको पूर्वाधार निर्माण कार्य मिति २०७५।३।२९ गते भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७५।३।१९ गते एक आपूर्तिकर्तासँग रु.२४ करोड २७ लाख ८० हजारको खरिद सम्झौता भएकोमा हालसम्म रु.२३ करोड २७ लाख ५८ हजार भुक्तानी गरेको छ। **पेमेण्ट गेटवे सञ्चालनको लागि सम्झौता गरेको करिब चार वर्ष बितिसकेको र सम्झौता रकमको ९५.८७ प्रतिशत भुक्तानी भैसकेको अवस्थामा हालसम्म सञ्चालनमा आएको छैन।**

घ. **साठीऔं वार्षिक प्रतिवेदन, २०७९ः**

राष्ट्रिय पेमेण्ट गेटवेको लागि २०७५।३।२९ भित्र कार्य सम्पन्न गर्न २०७५।३।१९ मा एक आपूर्तिकर्तासँग अमेरिकी डलर १९ लाख ८८ हजारको खरिद सम्झौता भएकोमा हालसम्म अमेरिकी डलर १८ लाख ६७ हजार भुक्तानी भएको देखिन्छ। पेमेण्ट गेटवे सञ्चालनको लागि नेपाल राष्ट्र बैंकसँगको समन्वयमा परियोजना अगाडि बढाए तापनि **सम्झौता गरेको करिब ५ वर्ष बितिसकेको र सम्झौता अङ्कको ९३.८६ प्रतिशत भुक्तानी भैसकेको अवस्थामा समेत गेटवे प्रयोगमा आएको छैन। पेमेण्ट गेटवे सञ्चालनको लागि कानूनी व्यवस्था नभएकोले बैंकहरूले उक्त प्रणाली सञ्चालनमा ल्याउन सकेको देखिएन। खरिद गरिएका उपकरण प्रयोगविहीन अवस्थामा रहेको।**

२५. यस परिप्रेक्ष्यमा हेर्दा **नेपाल सरकारका सचिव (राजस्व) को संयोजकत्वमा** विद्युतीय भुक्तानी प्रणालीको कार्यान्वयनको लागि गठित केन्द्रीय समन्वय समितिको मिति २०७४ साल भाद्र ७ गते बसेको बैठकको नेपाल राष्ट्र बैंकले राष्ट्रिय सूचना प्रविधि केन्द्र (NITC) सँगको सहयोगमा विद्युतीय भुक्तानी प्रणाली लागू गर्न आवश्यक पर्ने पूर्वाधार सहितको प्रणाली २०७५ आषाढ मसान्त भित्र तयार गर्ने निर्णय गरी आवश्यक कारबाहीको लागि मिति २०७४।०६।२७ गते राष्ट्रिय सूचना प्रविधि केन्द्रलाई पत्र पठाइएको देखिन्छ।

२६. मिति २०७४।०६।२७ गते राष्ट्रिय सूचना प्रविधि केन्द्रलाई पत्र पठाइएको पत्र तथा पत्रसाथ समिति गठन र निर्णयको Scan पेस गरिएको छः

116

नेपाल सरकार
अर्थ मन्त्रालय
(राजस्व व्यवस्थापन महाशाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-०७४/०७५
च. नं.:- २४३

मिति : २०७४/०६/२७

विषय : निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।

श्री राष्ट्रिय सूचना प्रविधि केन्द्र,
सिंहदरबार, काठमाडौं ।

प्रस्तुत विषयमा मिति २०७४ साल भाद्र ७ गते बुधवारका दिन सचिव(राजस्व) को संयोजकत्वमा विद्युतीय भुक्तानी प्रणालीको कार्यान्वयनको लागि गठित केन्द्रिय समन्वय समितिको बैठकमा भएका निर्णयहरुको छाँयाप्रति यसैसाथ संलग्न राखी आवश्यक कारवाहीको लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(राजेन्द्रप्रसाद चुडाल)
शाखा अधिकृत

115

निर्णयहरु

१. विद्युतीय भुक्तानी प्रणाली लागू गर्ने सन्दर्भमा आन्तरिक राजस्व विभाग, लोक सेवा आयोग, भन्सार विभाग, परराष्ट्र मन्त्रालय राहदानी विभाग, यातायात व्यवस्था विभाग, भूमिसुधार व्यवस्था विभागहरुमा हालसम्म विकास भएका प्रणालीहरुको प्राविधिक पक्षहरुको परीक्षण गरी प्रणालीमा गर्नुपर्ने थप सुधारका क्षेत्र र विषयहरुको सिफारिस गर्न सूचना प्रविधि विभागका महानिर्देशक श्री विरेन्द्र कुमार मिश्रको संयोजकत्वमा देहायको सदस्य रहेको कार्यदल गठन गर्ने। यस कार्यदलले दुई महिना भित्र सुझाव सहितको प्रतिवेदन केन्द्रीय समन्वय समितिको संयोजक समक्ष पेश गर्ने ।

- संयोजक श्री विरेन्द्र कुमार मिश्र : महानिर्देशक सूचना प्रविधि विभाग
- सदस्य : श्री प्रेमशरण श्रेष्ठ, उपमहानिर्देशक आन्तरिक राजस्व विभाग
- सदस्य : निर्देशक, नेपाल राष्ट्र बैंक
- सदस्य : नियन्त्रक, प्रमाणिकरण नियन्त्रणको कार्यालय
- सदस्य : श्री आदेश खड्का, सूचनाप्रविधि निर्देशक, अर्थ मन्त्रालय
- सदस्य : श्री यदुनाथ भट्टराई, उपमहालेखा नियन्त्रक महालेखा नियन्त्रकको कार्यालय ।
- सदस्य : प्रतिनिधि, नेपाल बैंकर्स एशोसियशन ।

२. विद्युतीय भुक्तानी प्रणाली लागू गर्ने सन्दर्भमा कानुनी र प्रकृयागत पक्षमा गर्नुपर्ने थप व्यवस्था, परिमार्जन एवम् सुधारका क्षेत्र र विषयहरुको पहिचान गरी सिफारिस गर्न सह-महालेखा नियन्त्रक श्री जगन्नाथ देवकोटाको संयोजकत्वमा देहायको सदस्य रहेको कार्यदल गठन गर्ने। यस कार्यदलले दुई महिना भित्र अध्ययन प्रतिवेदन केन्द्रीय समन्वय समितिको संयोजक समक्ष पेश गर्ने ।

- संयोजक सहमहालेखा नियन्त्रक श्री जगन्नाथ देवकोटा महालेखा नियन्त्रकको कार्यालय ।
- सदस्य : उपमहानिर्देशक श्री श्रीकृष्ण नेपाल भन्सार विभाग ।
- सदस्य : उपमहानिर्देशक श्री यज्ञप्रसाद ढुंगेल आन्तरिक राजस्व विभाग ।
- सदस्य : निर्देशक, नेपाल राष्ट्र बैंक ।
- सदस्य १ जना प्रतिनिधि नेपाल बैंकर्स एशोसियसन ।
- सदस्य : श्री यदुनाथ भट्टराई उपमहालेखा नियन्त्रक महालेखा नियन्त्रकको कार्यालय ।

३. नेपाल राष्ट्र बैंकले राष्ट्रिय सूचना प्रविधि केन्द्र(NITC) संगको सहयोगमा विद्युतीय भुक्तानी प्रणाली लागू गर्न आवश्यक पर्ने पूर्वाधार सहितको प्रणाली २०७५ आषाढ मसान्त भित्र तयार गर्ने ।

सचिव (राजस्व)

114

४. विघुतीय भुक्तानी प्रणाली तयार भई लागू नभएसम्मको लागि ABBS तथा विघुतीय भुक्तानीको अन्य सेवा सुरुवात गर्ने विषयमा अध्ययन गर्न नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशकको संयोजकत्वमा देहायको सदस्य रहेको कार्यदल गठन गर्ने। यस कार्यदलले एक महिना भित्र सुझाव सहितको प्रतिवेदन केन्द्रीय समन्वय समितिको संयोजक समक्ष पेश गर्ने ।

- संयोजक : कार्यकारी निर्देशक नेपाल राष्ट्र बैंक ।
- सदस्य : उपसचिव लोकसेवा आयोग ।
- सदस्य : निर्देशक आन्तरिक राजस्व विभाग ।
- सदस्य : उपमहालेखानियन्त्रक महालेखा नियन्त्रकको कार्यालय ।
- सदस्य : प्रतिनिधि, नेपाल बैंकर्स एशोसियसन ।

५. विघुतीय भुक्तानी प्रणाली लागू गर्नुपर्ने आन्तरिक राजस्व विभाग, लोक सेवा आयोग, भन्सार विभाग, परराष्ट्र मन्त्रालय राहदानी विभाग, यातायात व्यवस्था विभाग, भूमिसुधार व्यवस्था विभागहरुले आफनो संस्थागत क्षमताको सम्बन्धमा बुंदा नं. १ मा उल्लिखित समितिसँगको समन्वयमा Need Identify गरी ३ महिना भित्र केन्द्रीय समन्वय समिति समक्ष सुझाव सिफारिश गर्ने ।

६. प्रत्येक महिना राजस्व व्यवस्थापन महाशाखाका प्रमुखको संयोजकत्वमा Follow Up Meeting र प्रत्येक ३ महिनामा सचिव(राजस्व) को संयोजकत्वमा विघुतीय भुक्तानी प्रणालीको कार्यान्वयनको लागि गठित केन्द्रीय समन्वय समितिको बैठक बस्ने ।

सचिव (राजस्व)

२७. त्यस्तै राष्ट्रिय सूचना प्रविधि केन्द्रले स्थापना गरेको National Payment Gateway सँग सम्बन्धित तथ्याङ्क सुरक्षा, Switch, Settlement बैंकसँग सम्बन्धित व्यवस्थाहरू केन्द्र आफैंले व्यवस्थापन गरी सञ्चालन गर्ने गरी National Payment Gateway को स्थापना गरी सरकारी निकायहरूबाट प्रदान हुने विद्युतीय भुक्तानी सेवा सञ्चालन गर्न मिति २०७५।०७।१४ गते नेपाल राष्ट्र बैंकले राष्ट्रिय सूचना प्रविधि केन्द्रलाई सहमति प्रदान गरिएको समेत देखिन्छ। त्यस्तै, National E-payment Gateway सञ्चालन गर्ने प्रयोजनका लागि राष्ट्रिय वाणिज्य बैंकलाई Settlement Bank तोक्न मन्त्रालयसँग सहमति माग भएकोमा आवश्यक कानूनी प्रक्रिया पुरा गरी राष्ट्रिय वाणिज्य बैंकलाई Settlement Bank तोक्न मिति २०७५।८।१९ गतेको निर्णय (सचिवस्तरीय) अनुसार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले उक्त केन्द्रलाई सहमति प्रदान गरेको देखिन्छ।

२८. यसै सिलसिलामा कम्प्युटर इन्जिनियर रामशरण गायक, सहायक निर्देशक रमेश पोखेल र तत्कालीन उपनिर्देशक सुनिल पौडेलले Best२Pay, Krut Pte Ltd., Singapore र Spectrum Engineering Consortium Ltd., Bangladesh बाट कोटेसन माग गरी प्राप्त कोटेसनको औसत गरी जम्मा रु.२४,७५,२२,८४६.१५ को लागत अनुमान तयार गरेको देखिन आउँछ। **सो कोटेसन लिनको लागि निजहरूलाई कसले के कस्तो कार्यदिश दिएको हो ? साथै उल्लिखित**

**पदाधिकारीहरूले के कस्तो आधारमा उक्त कोटेसन लिई औसत मूल्य निकाली लागत अनुमान तयार पारेका हुन् ? यसमा मुख्य जिम्मेवारी कसको हो** ? भन्ने विषयमा पनि प्रतिवादीहरूले बयानमा प्रष्ट पार्न सकेको पाईंदैन। जब कि बहुबर्षीय योजना अन्तर्गत पर्ने ठूलो धनरासी खर्च हुने यस प्रकारको परियोजनामा अपनाइने खरिद प्रक्रिया र प्रत्येक खर्चका विवरण पारदर्शी रुपमा अपनाउनु आवश्यक हुन्छ।

२९. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० को उपनियम (२) मा ***"सामान्यतया दश करोड रुपैयाँभन्दा बढी रकमको परामर्श सेवा खरिद गर्नु परेमा अन्तर्राष्ट्रियस्तरको आशय पत्र माग गर्नु पर्नेछ"*** भन्ने व्यवस्था रहेको छ। सोही नियमको उपनियम (४) मा अन्तर्राष्ट्रिय स्तरको आशय पत्र माग गर्दा सार्वजनिक निकायले एक तह माथिको अधिकारीको स्वीकृत लिनुपर्नेछ भन्ने उल्लेख छ। प्रस्तुत मुद्दामा सूचना प्रकाशन गर्नको लागि सम्बन्धित सचिव समक्ष प्रस्ताव पेस भैसकेपछि अन्तर्राष्ट्रिय स्तरको आशय पत्र आह्वान गर्न सहमतिको लागि मिति २०७४।१०।११ मा सचिवस्तरीय निर्णय भएको देखिन्छ।

३०. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३० को उपदफा (१) अनुसार १५ दिनको म्याद दिई मिति २०७४/१०/१७ तदनुसार ३१ January, २०१८ मा राष्ट्रिय स्तरको अङ्ग्रेजी दैनिक पत्रिका "The Rising Nepal" मा अन्तर्राष्ट्रिय ठेक्का. नं. EOI NITC/C/ICB-६-२०७४-२०७५ Supply, delivery, Installation and Customization of National Payment payment Gateway System कार्यको Expression of Interest (EOI) प्रस्ताव (आशय पत्र) मागको सूचना प्रकाशन गरी E-Bidding गर्न तथा सोही ऐनको दफा ३० को उपदफा (२) अनुसार वेभसाइटमा राख्न समेत व्यवस्था गर्न पेस भई मिति २०७४।१०।१५ को निर्णयानुसार ३१st January २०१८ (मिति २०७४।१०।१७) मा १५ दिन भित्र e-GP प्रणाली मार्फत वा कार्यालयमा समेत आशय पत्र पेस गर्न सकिने सूचना जारी भएको देखिन्छ।

३१. राष्ट्रिय सूचना प्रविधि केन्द्रले जारी गरेको ठेक्का नं. EOI: NTC/C/ICB-६-२०७४-२०७५ Supply Delivery, Installation and Customization of National Payment Gateway System कार्यको लागि देहाय अनुसारको कार्य भएको देखिन्छः

क. IPay88Malayasia, IT Consultant Ltd Bangladesh JV Compass UK, Montran Corporation USA, Spectrum Engineering Consortium Bangladesh, US Information System Pvt Ltd Srilanka र CMA Small system AB Sweden बाट आशय पत्र प्रस्तावहरू दाखिला भएको,

ख. Expression of Interest (EOI) प्रस्तावको मूल्याङ्कन प्रयोजनको लागि मिति २०७४।१२।२४ गतेको केन्द्रको निर्णयानुसार बोलपत्र मूल्याङ्कन समिति गठन भएको तर मिति २०७४।१२।१६ गते नै निमित्त कार्यकारी निर्देशकले समिति गठन भएको भनी पत्र जारी गरेको र विभिन्न मितिमा (मिति २०७४ चैत्र १६, १७, १८, १९, २१, २२, २३ गते) बसेको समितिको बैठकबाट IPay88 (Malayasia), IT Consultant Ltd (Bangladesh) JV Compass (UK), Montran Corporation (USA), Spectrum Engineering Consortium (Bangladesh) र CMA Small system (Sweden) छनौट भएको,

ग. मिति २०७४।१२।२५ गतेको बोलपत्र मूल्याङ्कन समितिको सिफारिसको आधारमा सोही दिन केन्द्रबाट निर्णय गरी बोलपत्र मूल्याङ्कनबाट छनौट भएका आशय पत्रदाताहरूको संक्षिप्त सूची तयार गरी April 9, 2018 (मिति २०७४।१२।२६) मा सूचना जारी गरेको,

घ. Expression of Interest (EoI) प्रस्ताव मूल्याङ्कनपश्चात् छनौट भएका आशय पत्रदाताहरूलाई Request for Proposal (RFP) उपलब्ध गराउनको लागि तयार भई पेस हुन आएको Request for Proposal for Consulting Service on Supply Delivery, Installation Customization and Operation of National Payment Gateway System, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४७ अनुसार मिति २०७४।१२।२० गते स्वीकृत भएको,

ङ. Request for Proposal (RFP) for Consulting Service on Supply, Delivery, Installation and Customization of National Payment Gateway System को लागि संक्षिप्त सूचीमा परेका IPay 88 (Malayasia), IT Consultant Ltd (Bangladesh) JV Compass (UK), Montran Corporation (USA), Spectrum Engineering Consortium

(Bangladesh) र CMA Small system AB (Sweden) जस्ता आशय पत्रदातालाई मिति २०७५।०१।२५ गते (8 May, 2018) भित्र आर्थिक तथा प्राविधिक प्रस्ताव पेस गर्नको लागि केन्द्रले मिति २०७४।१२।२६ मा पत्राचार गरेको,

च. मिति २०७५।०१।२६ गते १२:०० बजे सम्म तीन वटा बोलपत्रदाताहरू (1) IT Consultant Ltd. (Bangladesh) JV Compass (UK), (2) Montran Corporation (USA) र (3) CMA Small system AB (Sweden) बाट मात्र Request for Proposal (RFP) को प्राविधिक तथा आर्थिक प्रस्ताव पेस गरेको,

छ. प्रस्तावदातामध्ये IT Consultant Ltd Bangladesh JV Campas plus UK र Montran Corporation USA को प्राविधिक प्रस्ताव असफल भई छनौट हुन नसकेको र CMA Small System, Sweden को प्राविधिक प्रस्ताव नै मूल्याङ्कनबाट सफल भई छनौट भएको हुँदा प्रस्तावदाता CMA Small System, Sweden को आर्थिक प्रस्ताव खोल्नका लागि र छनौट हुन नसकेका प्रस्तावदाता IT Consultant Ltd Bangladesh JV Campass plus, UK र Montran Corporation, USA को आर्थिक प्रस्ताव नखोली फिर्ता दिनका लागि मिति २०७५।०२।१६ गते बोलपत्र मूल्याङ्कन समितिको संयोजक एवम् **निमित्त कार्यकारी निर्देशक सुनिल पौडेलले** सिफारिससहित प्रतिवेदन दर्ता गरेको,

ज. प्राविधिक प्रस्तावमा सफल भएका परामर्शदातालाई मिति २०७५।०३।०१ मा आर्थिक प्रस्ताव खोलिने भएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि मिति २०७५।०२।१७ (31st May, 2018) सूचना जारी भएको,

झ. आर्थिक प्रस्तावको मूल्याङ्कनबाट सबैभन्दा बढी अङ्क प्राप्त गरी छनौट भएको CMA SMALL SYSTEMS AB SWEDEN को मु.अ.कर वाहेक रु.२१,४८,५०,०६४/- र मु.अ.कर सहित रु.२४,२७,८०,५७२.३२ (अक्षरेपि चौबिस करोड सत्ताइस लाख असी हजार पाँच सय बहत्तर पैसा बत्तिस) को आर्थिक प्रस्ताव छनौट गर्न बोलपत्र मूल्याङ्कन समितिको संयोजक **निमित्त कार्यकारी निर्देशक सुनिल पौडेलले** मिति २०७५।०३।०१ गते सिफारिस गरेको,

ञ. CMA SMALL SYSTEMS AB SWEDEN ले पेस गरेको मु.अ.कर सहित रु.२४.२७,८०,५७२.३२ को आर्थिक प्रस्ताव केन्द्रको मु.अ.कर रु.२४,७५,२२,८४६.१५ भन्दा १.९१% घटीले प्रस्ताव भएको देखिएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८१ को उपनियम (४) अनुसार CMA SMALL SYSTEMS AB SWEDEN ले मु.अ.कर सहित रु.२४,२७,८०,५७२.३२ को आर्थिक प्रस्ताव स्वीकृत गर्न तथा सोही नियमको उपनियम (६) अनुसार १५ दिनको म्याद दिई बोलपत्रको कागजातमा उल्लेख भएका प्रावधानहरूको सीमा भित्र रही वार्ता गर्न र वार्ता सम्पन्नपश्चात् सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३८ को उपदफा (२) अनुसार प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गर्नको लागि मिति २०७५।०३।०१ गते निर्णय भएको,

ट. बोलपत्रदाता CMA Small system, Sweden को कबोल अङ्क मू.अ. कर बाहेक जम्मा USD 19,88,800.00 सहितको बोलपत्र प्राविधिक तथा आर्थिक प्रस्तावमा सबै भन्दा बढी अङ्क प्राप्त गरेको हुनाले सो बोलपत्र स्वीकृत गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३८(२) को प्रयोजनार्थ आशय सम्बन्धी सूचना सबैको जानकारीको लागि दैनिक पत्रिकामा सूचना प्रकाशित गरेको,

ठ. प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना Letter of Intent to Award The Contract दिएको ७ दिन (मिति २०७५/३/१२ देखि मिति २०७५/३/१८ गते (तदनुसार June २६, २०१८ देखि July ०२,२०१८) सम्म अन्य प्रस्तावदाताको दफा ४७ बमोजिम निवेदन पेस हुन नआएको हुँदा छनौट भएको प्रस्तावदाता CMA SMALL SYSTEMS AB SWEDEN को मु.अ.कर सहित रु.२४,२७,८०,५७२।३२ (अक्षरेपि चौबिस करोड सत्ताइस लाख असी हजार पाँच सय बहत्तर पैसा बत्तिस) मात्रको प्रस्ताव सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३८ को उपदफा (३) अनुसार मिति २०७५।३।१९ गते स्वीकृत भएको,

ड. परामर्शदातासँग एक महिनाभित्र कार्य सम्पन्न गर्ने गरी 3rd July 2018 (मिति २०७५।०३।१९) मा केन्द्र र CMA SMALL SYSTEMS AB SWEDEN बिच सम्झौता भएको,

ढ. **CMA Small System र राष्ट्रिय सूचना प्रविधि केन्द्र बिच भएको बैठकमा वार्ता हुँदा देहायअनुसारको निर्णय भएको देखिन्छः**

१) आर्थिक प्रस्तावमा उल्लिखित जम्मा रकम USD २४,४७,३४४.०० मध्ये मू.अ.करको जम्मा रकम USD २५८,५४४ नेपाल सरकारको खातामा दाखिला गर्ने।

२) दुवै पक्षले देहायबमोजिमको भुक्तानी तालिका मन्जुर गर्ने।

**पहिलो किस्ताः** पेमेण्ट गेटवे मोड्युल लाइसेन्स र डाटाबेस सफ्टवेयर तथा सेवा जडान भई प्राप्त कार्य सम्पन्न प्रतिवेदन पेस भई केन्द्रले स्वीकार गरेपश्चात् मू.अ.कर बाहेक जम्मा USD १८,००,०००.०० भुक्तानी गर्ने।

**दोस्रो किस्ताः** Customization, Installation and Commissioning of the System को लागि कार्य सम्पन्न प्रतिवेदन पेस भई केन्द्रले स्वीकार गरेपश्चात् मू.अ.कर बाहेक जम्मा USD ५६,८००.०० भुक्तानी गर्ने।

**तेस्रो किस्ताः** Training and Knowledge Transfer सम्पन्न गरी केन्द्रले स्वीकार गरेपश्चात् मु.अ.कर बाहेक जम्मा USD ५४,५००.०० भुक्तानी गर्ने।

**सपोर्ट सेवा**को लागि मू.अ.कर बाहेक जम्मा रकम USD ७७,५००.०० भुक्तानी गर्ने सन्दर्भमा प्रत्येक दुई महिनामा सपोर्ट सेवाको लागि प्रतिवेदन पेस गरी केन्द्रले स्वीकार गरे पश्चात् मू.अ.कर बाहेक दुई दुई महिनामा USD १२,९१६.६६ भुक्तानी गर्ने।

३) USD १९,८८,८००.०० मध्ये USD २,९८,३२०.०० अग्रिम कर कट्टा गरी नेपाल सरकारको खातामा जम्मा गरी बोलपत्रदातालाई जम्मा USD १६,९०,४८०.०० भुक्तानी गरिने।

४) आर्थिक वर्षको अन्तिम समय भएकोले परामर्शदाताले Payment Gateway Module License, Database software and services and Customization, Installation and Commissioning को कार्य 13th July, 2018 (मिति २०७५।०३।२९) सम्म सम्पन्न गरी सक्नु पर्ने।

३२. यसबाट सफ्टवेयर निर्माण र खरिद खर्चमा E-payment Gateway सफ्टवेयर निर्माण तथा परामर्शको लागि रु.२५ करोड बजेट विनियोजन भएकोमा उक्त कार्य गर्नको लागि मु.अ. कर सहित रु.२४,७५,२२,८४६.१५ (अक्षरेपि चौबिस करोड पचहत्तर लाख बाइस हजार आठ सय छयालिस पैसा पन्ध्र रुपैयाँ) को लागत अनुमान तयार भएको पाइयो। तदनुसार उक्त केन्द्रले तदनुसार 3rd July, २०१८ (मिति २०७५।०३।१९) मा एक महिना भित्र कार्य सम्पन्न गर्ने गरी CMA Small System, Sweden सँग Supply Delivery, Installation and Customization of National Payment Gateway System को लागि USD$२४,४७,३४४.०० (रु.२४,२७,८०,५७२.३२) मा सम्झौता गरेको देखियो। साथै उक्त सम्झौता अनुसार मिति २०७५।०३।११ (२५th June, २०१८) गते CMA Small System र राष्ट्रिय सूचना प्रविधि केन्द्रको बिच भएको वार्ता बमोजिम खरिद भएका कार्यहरू मध्ये Payment Gateway Module License, Database Software and Services र Customization, Installation and Commissioning को कार्य मिति २०७५।०३।२९ (13thJuly, २०१८) गते भित्र CMA Small System ले सम्पन्न गर्नुपर्ने देखिन्छ। तथापि तोकिएको समय अवधिभित्र सो कार्य सम्पन्न हुन सकेको पाईंदैन।

३३. CMA Small System AB ले National Payment Gateway System को Customization कार्य गर्न Settlement Bank सँग कार्य गर्नुपर्ने भएकोले नेपाल राष्ट्र बैंकको स्वीकृति तथा Settlement Bank छनौट सम्बन्धी जानकारी उपलब्ध गराइ दिन तथा सो स्वीकृतिमा समय लाग्ने भएमा Settlement Bank तोकेको १५ दिन भित्र Customization, Installation and Commissioning र Training and Knowledge Transfer कार्य सम्पन्न गर्ने गरी ३ महिना (October 13, 2018) म्याद थप गरिदिन July 5, 2018 (मिति २०७५।०३।२१) मा निवेदन दिएको पाइन्छ।

३४. तत्पश्चात सहायक निर्देशक रमेशप्रसाद पोखरेलको मिति २०७५।०३।३२ को सिफारिस समेतको आधारमा 14 July, 2018 (मिति २०७५।०३।३०) देखि 13 October 2018 (मिति २०७५।०६।२७) सम्म ३ महिना म्याद थप गर्ने निर्णय मिति २०७५।०४।०४ मा भएको पाइन्छ। सोही अनुसार पुनः मिति २०६९।६।१९ मा फेरी म्याद थप गर्न निवेदन दिएकोमा सहायक निर्देशक रमेश प्रसाद पोखरेलको मिति २०७५।६।१९ को सिफारिसको आधारमा 14 October, 2018 (मिति २०७५।०६।२८) देखि 13th January 2018 (मिति २०७५।०९।२९) सम्म ३ महिना म्याद थप गर्ने निर्णय मिति २०७५।०६।१९ मा भएको देखिन्छ।

३५. राष्ट्रिय सूचना प्रविधि केन्द्रको उक्त ठे.नं. EOI NITC/C/ICB-६-२०७४-२०७५ Supply, Delivery, Installation and Customization of National Payment Gateway System कार्यको बोलपत्रदाता श्री CMA SMALL SYSTEM AB Sweden सँग जुलाई ३, २०१८ मा सम्झौता भए अनुसार निजले सम्पन्न गरेको कार्यको प्रतिवेदन संलग्न गरी परामर्शदाताले पेस गरेको विलको भुक्तानी कार्य अगाडि बढाउनका लागि सहायक निर्देशक रमेश पोखेल र कम्प्युटर इन्जिनियर रामशरण गायकले मिति २०७५।०३।२८ गते सिफारिस गरेको देखिन्छ। CMA Small Systems AB Sweden ले प्रस्तावमा उल्लेख भएको Terms of Reference (TOR) अनुरूप e-Payment प्रणालीको Customization कार्य सम्पन्न गरेकोले निजले पेस गरेको बिलको भुक्तानी कार्य अगाडि बढाउन भनी मिति २०७५।११।२७ मा सहायक निर्देशक रमेशप्रसाद पोखरेल र कम्प्युटर इन्जिनियर रामशरण गायकले प्रतिवेदन पेस गरेको देखिन्छ।

३६. **प्रतिवेदन पेस भए पश्चात निम्न अनुसारको शिर्षकमा भुक्तानी गरेको पाइन्छः**

| क्र.सं. | शीर्षक | गो.भौ.नं. | मिति | जम्मा USD | भुक्तानी रकम (रु.) मू.अ.कर सहित | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | Payment Gateway Module license & Database Software and Services | ५८ | २०७५।०३।२९ | १८,००,००० | २२,३७,८०,६८०।- | ने.रा.बैं. Date: 2018.07.15, REF No. ORMT/A14/75 |
| २ | Customization | ३८ | २०७५।११।२९ | ५६,८०० | ७१,७७,६९७।- | ने.रा.बैं.Date: 2019.03.13, REF No.ORMT/A07/46/47 |
| ३ | Completion of Training and Knowledge Transfer | ९३ | २०७७।०३।३० | ५४,५०० | १७,९९,७००।- | कर बाहेक USD 10564 मात्र भुक्तानी भएको |
| भुक्तानी भएको जम्मा रकम रु. | | | | | २३,२७,५८,०७७/- | |

३७. साथै, CMA Small System, Sweden को तर्फबाट पुरा गर्नुपर्ने दायित्व सबै पुरा गरिसकेको भनी प्राविधिक प्रतिवेदन आए पनि आ.व. ०७६।७७ को स्वीकृत कार्यक्रममा यस कामको लागि रु.१८,००,०००।- मात्र विनियोजित भएकोले हाललाई उक्त रकम मात्र भुक्तानीको गर्ने भनी मिति २०७७।०३।२९ गते भएको निर्णय भएअनुसार रु.१७,९९,७००।- भुक्तानी दिएको देखिन्छ। यसबाट सम्झौताको म्याद सकिएपछि मात्र तालिम भएको भनी खर्च देखाइएको पाइयो। उक्त खर्च केन्द्रको नियमित तालिम शीर्षकको बजेटबाट तालिम बापत खर्च भनी रु.१७,९९,७००।- भुक्तानी भएको देखिन्छ।

३८. यसै सिसिलामा आ.व. २०७४/०७५ मा करिब २५ करोड लागत अनुमान गरिएको नेसनल पेमेण्ट गेटवे सञ्चालन तथा प्रचलनमा ल्याउनका लागि सुरुवाती चरणको समेत कार्य गर्न थप बजेट २ अर्ब ९५ करोड ५० लाख रुपैयाँ आवश्यक रहेको भनी स्रोत सुनिश्चितताको लागि उक्त NPG खरिद गरेको ५ वर्षपश्चात् राष्ट्रिय सूचना प्रविधि केन्द्रले संचार तथा सूचना प्रविधि मन्त्रालयमार्फत अर्थ मन्त्रालयमा पत्राचार गरेको देखिन्छ। तर अर्थ मन्त्रालयले उक्त रकम स्रोत सुनिश्चितता दिन सक्ने अवस्था नरहेको भनी संचार तथा सूचना प्रविधि मन्त्रालयलाई जानकारी दिएको पाइन्छ। तथापि केन्द्रको संस्थापन पक्षबाट थप बजेट उपलब्ध गराउनका लागि थप पहलहरू गरिएको पाइन्छ। जस्तो कि अर्थ मन्त्रालयको उक्त बजेट स्रोत सुनिश्चितता बारेको अनिच्छापूर्ण जानकारीपश्चात् सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सचिवको संयोजकत्वमा एक निर्देशक समिति गठन गरी हाल आएर सुरुवाती चरणको कार्य समेत गर्ने प्रयोजनको लागि भनी नेसनल पेमेण्ट गेटवेको स्थापना र सञ्चालनार्थ आयोजना सम्पन्न गर्न लाग्ने समय तीन वर्षका

लागि ८१ करोड १७ लाख रुपैयाँको स्रोत सुनिश्चितता उपलब्ध गराउन पत्राचार भई अर्थ मन्त्रालयबाट स्रोत सुनिश्चितताको सहमति दिइएतापनि मिति २०७९।०९।१४ गतेको **मानननीय अर्थ मन्त्रीस्तरीय निर्णयबाट सो सहमति समेत स्थगन भएको देखिन्छ।**

३९. **यसरी हेर्दा आयोजनाको प्रथम चरणमा सम्पन्न गर्नुपर्ने कार्यलाई बेवास्ता गरी प्रयोग र सञ्चालनमा ल्याउने तर्फ कुनै सक्रियता नदेखाई बहु वर्षीय आयोजनाको ठूलो आकारको बजेटको स्रोत सुनिश्चित गर्ने, बजेट विनियोजन गराउने र खर्च गर्ने गराउने तर्फ मात्र लेखा उत्तरदायी अधिकारीको दिलचस्पी रहेको देखिन आउँछ। अतः प्रथम चरणमा खरिद गरिएको सफ्टवेयर नै खरिद सम्झौतामा उल्लेख भए बमोजिम सञ्चालनमा नल्याई करिब ५ वर्षसम्म पनि प्रयोजनहिन अवस्थामा राख्दा राख्दै फेरि पनि बहुवर्षीय योजनाभित्र समावेस गरी बजेट निकासा गराउने ध्याउन्नमा लाग्नु र खरिद गरिएको प्रणाली सञ्चालनमा भन्दा नयाँ नयाँ सफ्टवेयर तथा उपकरण खरिदमा मात्र अभिरुची राखी सम्बद्ध अधिकारीहरूले कार्यक्रमको सफल प्रयोगतिर भन्दा बजेट खर्च गर्नमा नै बढी ध्यान केन्द्रित भएको देखिन आउँछ।**

४०. यसप्रकार विद्युतीय माध्यमबाट सरकारी कारोबार गर्ने पूर्वाधार तयारीको लागि नेसनल पेमेण्ट गेटवे सिस्टमको आपूर्ति, ढुवानी तथा जडान गर्न एक विदेशी परामर्शदातासँग रु.२४ करोड २७ लाख ८१ हजारको सम्झौता भई रु.२३ करोड ८० लाख २० हजार भुक्तानी भइसकेको देखिंदा सो कार्यमा राज्यको ठूलो धनराशी लगानी हुन गएको देखिन्छ। कुनै पनि सिस्टम खरिद गरिसकेपछि जिम्मेवार पदाधिकारीले सम्झौताअनुसारका कार्यहरू सम्पादन गरिसक्नु अनिवार्य नै हुन्छ। सम्झौतामा लेखिएको अवधिभित्र एक वर्षको पूरक सेवाको कार्य र जडानपछिको तालिमको कार्य समेत सम्पन्न गराउन सक्नु पर्ने निजको जिम्मेवारी हुन्छ। प्रस्तुत मुद्दामा सो पूरक सेवाको कार्य र जडानपछिको तालिमको कार्य समेत सम्पन्न नभएको तर कामै पुरा नभएको बिल पेस गरी भरक्तानी भने लिए दिएको देखिएकोले अन्ततः उक्त गेटवे सिस्टम नै कार्यान्वयनमा आएको पाइएन। उक्त प्रणाली प्रयोगमा नल्याउँदा सरकारी लगानी प्रयोगविहीन अवस्थामा रहेको पाइयो। जसले गर्दा सरकारी बजेट खर्चिनुमा पहिलो दृष्टिमा नै प्रशासनिक असफलता एवम् अव्यवस्थित व्यवस्थापन र लापर्वाही समेत भएको पाइयो।

४१. जब खरिद सम्झौतामा एक वर्षको पूरक सेवाको कार्य र तालिमको प्रावधानसमेत समावेस भएकोमा परामर्श सेवा खरिद बिक्री पश्चात त्यसको कार्यान्वयन भएको पाइदैन भने कार्यान्वयन नै नभएको कार्यमा समेत खर्च लेखिनु बदनियत राखी गरिएको भ्रष्टाचारजन्य कसुर हुन जान्छ। उक्त सम्झौतामा तोकिएका कार्य गर्नका लागि स्पष्ट शर्त राखिएको अवस्थामा पनि जिम्मेवार अधिकारीहरूले त्यसको पालना नगरेबाट स्वयम सरकारी पक्षले सम्झौतामा उल्लिखित दायित्वको उल्लङ्घन गरेको देखिन्छ। यस्तो हुनु भनेको पूर्ण रुपमा असक्षमता मात्र नभएर सम्बन्धित अधिकारीको लापरवाहीको पराकाष्ठा र बदनियतपूर्ण कार्य समेत हो। परामर्श सेवा खरिद गरिसकेपछि सेवा सञ्चालनमा जागरुकता देखाउनु सम्बन्धित अधिकारीको न्यूनतम दयित्व हुन्छ। तर त्यति जागरुकतासम्म पनि नदेखाई अकर्मण्य देखिनु खराब मनसायको द्योतक हुन जान्छ। त्यसकारण जबसम्म अन्तिम जिम्मेवारी तथा निर्णायक तहमा रहेका प्रतिवादी पक्षले उचित र सन्तोषजनक कारण प्रस्तुत गरी निजहरूले कुनै स्वार्थवस या जानीबुझी कुनै गलत इरादा नराखी त्यस्तो कार्य गरेको होइन भनी सप्रमाण साबित गर्दैन तबसम्म निजहरूको सो कार्य बदनियत राखी गरेको भन्ने नै देखिन आउँछ।

४२. यस सम्बन्धमा सर्वोच्च अदालतले व्याख्या गर्दै भनेको छः "***कानून प्रदत्त सदविवेकको दुरुपयोग गरी कुनै कार्य वा निर्णय गरिन्छ भने त्यस्तो कार्य वा निर्णय आर्थिक विचलनको द्योतक बन्छ र यो नै भ्रष्टाचारको आरम्भ विन्दु हुने***" (नेकाप २०६९, अङ्क ९, नि नं ८८९३)। प्रस्तुत मुद्दामा पनि खरिद गरिएको प्रणाली सञ्चालनमा नल्याइ निकम्मा राखेको हुँदा कानून प्रदत्त सदविवेकको दुरुपयोग हुन गएको छ। बहुवर्षीय योजनाको रुपमा डिजाइन गरिएको अर्बौं रुपैयाँसम्म खर्च हुन सक्ने यस परियोजनालाई तार्किक रुपमा परिणाममुखी बनाउन नखोज्नु र "**खर्च गर्ने चलाउन नपर्ने**" योजनाको रुपमा हेरिनु पर्ने स्थितिमा पुऱ्याउनु आफैमा राष्ट्रिय बजेटको दुरुपयोग हो भन्न सकिन्छ। खरिद भुक्तानी र सो को निर्णयकर्ताको रुपमा रहेका पदाधिकारिको बदनियतबाट यस कार्यमा राज्यको ठूलो धनराशीको

दुरुपयोग भएको देखिन आएको छ। अतः यस प्रकरणमा राज्यले २४ करोड २७ लाख ८१ हजार रुपैयाँ लगानी गरिसकेको छ र यो रकमबाट खरिद भएको NPG प्रणाली पाँच वर्षभन्दा बढी समयदेखि प्रयोगविहीन अवस्थामा रहेको कटु यथार्थ सबैका सामु विद्यमान देखिन्छ भने त्यसको जिम्मेवारीबाट जिम्मेवारी अधिकारी बिमुख हुन मिल्दैन।

४३. खरिद भएको प्रणाली निस्कृय अवस्थामा रहनुका दुई सम्भावित कारण हुन सक्छन्:

क. **पहिलोः लापरवाही र व्यवस्थापनको असफलताः** यदि जिम्मेवार अधिकारीहरूले समयमै कार्यान्वयन गर्न आवश्यक कदम उठाएन भने यसलाई प्रशासनिक विफलता मात्र सकिन्छ। यस अवस्थामा बदनियतको अभाव त हुन्छ, तर लापरवाही भने भएको हुन्छ। साथै कार्य प्रणालीको कमजोर कार्यान्वयन र निगरानीको अभाव समेत रहन्छ। **लापरवाहीबाट सरकारी सम्पत्तिको हानिनोक्सानी हुनु पनि भ्रष्टाचारजन्य कार्य नै हो।**

ख. **दोस्रोः गलत व्यवस्थापन र कार्यान्वयनको कमजोरीः** गेटवे सिस्टम खरिद गरिसकेपछि जडान र सञ्चालनका लागि पहल नगर्नु र तालिमको व्यवस्थापन पनि नगर्नु भनेको प्रशासनिक असफलताको उदाहरण हो। यस्तो अवस्थामा राज्यको धनराशी अनावश्यक र अप्रभावकारी रूपमा डम्प गरी खर्च भएको पाइन्छ। **प्रस्तुत मुद्दामा दोस्रो कारण अर्थात् बदनियत तत्वको विद्यमानता अझै बढी देखिन आउँछ।**

४४. यस मुद्दामा संस्थाका निर्णयकर्ता अधिकारीमा कामप्रतिको लापर्वाहीका साथै बदनियत तत्वको विद्यमानता देखिन्छ। सँगठनको व्यवस्थापकको जिम्मेवारीमा रहेको एउटा इमान्दार एवम् निष्ठावान नेतृत्वले सार्वजनिक निकायको बजेटबाट कुनै इक्वीपमेण्ट खरिद गरिसकेपछि त्यसलाई हर हालतमा सञ्चालनमा ल्याउन प्रयत्न गर्दछ र गर्नुपर्दछ। तर प्रस्तुत विवादमा खरिद कार्य सम्पन्न भैसकेपछि योजनाको उद्देश्य नै पुरा भएको जसरी खरिद भएको प्रणाली थन्काएर बस्नु र बरु बहुवर्षीय रुपमा अरबौं रुपैयाँ थप बजेट माग गर्न उद्दत भएको देखिनु भ्रष्टाचार गर्ने मनसाय सिवाय बढी र कार्य सम्पादन गर्ने चाह कम रहेको सङ्केत हो। तसर्थ पूर्णकालीन काम गरेका कार्यकारी निर्देशकले NPG प्रणाली सञ्चालनमा कुनै सक्रियता देखाएको पाइएन भनी लिइएको आरोपदावी अन्यथा देखिन आउँदैन।

४५. अतः माथि विवेचित तथ्यगत प्रस्तुतीबाट सम्झौतामा NPG प्रणाली लागू गर्ने, तालिम दिने र आवश्यक सेवाहरू प्रदान गर्ने जिम्मेवारी स्पष्ट रूपमा तोकिएकोमा कुनै विवाद छैन। यी कार्यहरू गर्न नसकेको वा नगरेको देखिएमा यो कार्यको असफलता भनेको कार्यकारीको लापरवाही र बदनियत दुवैले गर्दा नै हो भन्ने पुष्टि भएको छ। यसमा कसको के कति जिम्मेवारी रहन्छ भन्ने प्रश्नमा लापरवही र बदनियतबस कसुरमा संलग्न व्यक्तिले नै जिम्मेवार लिनु पर्दछ भन्नेमा दुई मत छैन। साथै यसमा अर्को महत्त्वपूर्ण पक्ष भनेको सम्झौतामा भएको कामको निगरानी हो। यदि उक्त प्रणालीको कार्यान्वयनको निगरानी र जाँच पनि नगरिने हो भने जहिले पनि आर्थिक अनियमितताले नै प्रश्रय पाउने हुन्छ। त्यसकारण **कुनै पनि नकारात्मक नतिजाप्रति खरिद प्रक्रियाको नेततृत्वकर्ताले नै मुख्य जिम्मेवारी लिनु पर्दछ। कुनै पनि बहानामा राज्यको बजेट कार्यान्वयन हुनै नसक्ने कामको लागि वा कार्यान्वयन गर्नै नपर्नेजस्तो गरी खर्च गरिनुलाई असल नियतले कार्य सम्पादन गरेको भनी मान्न मिल्दैन। सो कार्य गर्दा निर्णयकर्ताले असल नियत नै राखेको थियो भन्नलाई त्यसको परिणाम हेरिनु नै पर्याप्त हुन्छ। गरिएको खर्चको उद्देश्य अनुरुप प्रणाली चल्यो चलेन, राजस्वमा बृद्धि भयो भएन, अपेक्षित परिणाम आयो आएन त्यो हेरिनु पर्दछ। अतः प्रस्तुत विवादमा बजेट खर्च गरेको तर परिणाम शून्य रहेको देखिंदा ठूलो धनराशी सरकारी हानिनोक्सानी भएको पाइयो।**

४६. यस सम्बन्धमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदन मात्र हेरिएमा पनि माथिको तथ्य पुष्टि हुन आउँदछ। नेसनल पेमेण्ट गेटवेको पूर्वाधार निर्माण कार्य **मिति २०७५।३।२९ गतेभित्र कार्य सम्पन्न गर्ने गरी** सम्झौता भएकोमा विवाद छैन। अझ सम्बद्ध परियोजनाको फाइलबाट दुई दुई पटकसम्म तीन तीन महिनाको दरले म्याद थपको निर्णय गरी/गराई जसरी पनि NITC को नाममा विनियोजित करोडौं रकम खर्च गर्न उद्दत भएको देखिन्छ। तदनुसार रु.२३ करोड २७ लाख ५८ हजार भुक्तानी समेत गरिसकेको पाइन्छ। यता उक्त नेसनल पेमेण्ट गेटवे सञ्चालनको लागि सम्झौता गरेको करिब पाँच देखि छ वर्षभन्दा बढी समय बितिसकेको पाइन्छ। खरिदकर्ता आफै कार्यरत रहेको सो अवधिमा समेत सम्झौता रकमको ९५.८७ प्रतिशत भुक्तानी हुँदा पनि सिस्टम सञ्चालनमा ल्याउन कुनै सक्रियता

लिएको छैन भन्ने महालेखापरीक्षकको उनन्साठीऔं वार्षिक प्रतिवेदन, २०७९ मा बेहोरा उल्लेख भएको पाइन्छ। जुन बेहोरा यहाँ स्क्यान गरी पेस गरिएको छः

*सञ्चार तथा सूचना प्रविधि मन्त्रालय*

२५. **जनशक्ति व्यवस्थापन** - सुरक्षण मुद्रण सञ्चालन गर्न कार्य प्रकृति अनुरूप आवश्यक जनशक्ति दक्षता तथा कार्यबोझ विश्लेषणसहित व्यवस्थापन सर्वेक्षण गरी स्वीकृत गराउनुपर्नेमा त्यस अनुरूप जनशक्ति अनुमान तथा व्यवस्थापन सर्वेक्षण गरेको छैन । केन्द्रमा यो वर्ष अधिकृतस्तरका ८ पद र सहायकस्तरका ३४ पद अस्थायी दरबन्दी स्वीकृत भएकोमा पदपूर्ति हुन बाँकी नै रहेको छ । डिजिटल प्रिन्ट प्रोडक्सन सिस्टम सञ्चालन गर्न आवश्यक सीप, ज्ञान र तालिमको लागि ठेक्काको बिल अफ क्वान्टिटीमा रू.३३ लाख समावेस भएकोमा जनशक्ति नभएको कारणबाट उक्त कार्य भएको छैन । सम्झौताको म्याद २०७८ चैत्र मसान्तमा समाप्त भए तापनि कार्य सम्पन्न भएको देखिएन । केन्द्र स्थापनाको पूर्व तयारी एवं पूर्वाधार निर्माणका प्रमुख गतिविधिहरूमा तालमेलको कमी रहेको देखिन्छ । केन्द्र स्थापनाको पूर्व तयारी एवं पूर्वाधार निर्माणका प्रमुख गतिविधिहरूको कार्यान्वयन तालिका तयार गरी दक्षतापूर्वक कार्यान्वयन गर्नुपर्दछ ।

## राष्ट्रिय सूचना प्रविधि केन्द्र

सूचना प्रविधिको विकासको लागि राष्ट्रियस्तरमा सबै किसिमका तथ्यांक संकलन गरी सूचना बैङ्कको रूपमा काम गर्ने, सरकारी कार्यालयको कम्प्युटर अभिलेखीकरण र सोको विकास एवं विस्तारमा सहयोग पुऱ्याउने र सूचना प्रविधि सम्बन्धी नीति र योजनाको विस्तार गर्ने कार्य केन्द्रबाट हुँदै आएको छ।

२६. **एकीकृत डाटा केन्द्र** - राष्ट्रिय सूचना प्रविधि केन्द्रले सिंहदरबारस्थित सरकारी एकीकृत डाटा केन्द्र र कुनै प्राकृतिक प्रकोप वा दैवी विपत्तिका कारण सिंहदरबारस्थित डाटा केन्द्रमा अवरोध आएमा सेवा सुचारु राख्न र डाटाको वैकल्पिक भण्डारको रूपमा हेटौंडामा स्थापित डिजाष्टर रिकभरी केन्द्रको समेत व्यवस्थापन गरेको छ । सोको अतिरिक्त केन्द्रले यो वर्ष धरान र कोहलपुरमा डाटा सेन्टर भवन निर्माण गर्ने कार्य तथा ललितपुरमा डाटा सेन्टरसहित इन्टरनेट एक्सचेञ्ज सेन्टर, ई-पेमेन्ट र डिजिटल हस्ताक्षर विस्तार गर्ने कार्यक्रम रहेकोमा उक्त कार्य गरेको छैन । केन्द्रले स्वीकृत वार्षिक कार्यक्रमअनुसारका कार्यहरू गर्नुपर्दछ ।

२७. **राष्ट्रिय भुक्तानी द्वार** - मुलुक भित्र र बाहिरबाट हुने भुक्तानीलाई पूर्ण रूपमा विधुतीय माध्यमबाट गर्ने गराउने उद्देयले सञ्चालन गर्न लागिएको पेमेन्ट गेटवेको पूर्वाधार निर्माण कार्य २०७५।३।२९ भित्र कार्य सम्पन्न गर्ने गरी २०७५।३।१९ मा एक आपूर्तकर्तासँग रू.२४ करोड २७ लाख ८० हजारको खरिद सम्झौता भएकोमा हालसम्म रू.२३ करोड २७ लाख ५८ हजार भुक्तानी गरेको छ। पेमेन्ट गेट वे सञ्चालनको लागि सम्झौता गरेको करिब चार वर्ष वितिसकेको र सम्झौता रकमको ९५.८७ प्रतिशत भुक्तानी भैसकेको अवस्था छ । हाल सञ्चार तथा सूचना प्रविधि मन्त्रालयद्वारा गठित गेट वे स्थापना र सञ्चालन सम्बन्धमा सुझाव पेस गर्न समिति गठन भएको र सो समितिबाट तत्कालको लागि मौजुदा नीतिगत, कानूनी र संरचनागत व्यवस्थाबाटै नेपाल सरकारको राजस्व र खर्च गेट्वे मार्फत सञ्चालन गर्न निर्देशक समिति गठन गरी राष्ट्रिय सूचना प्रविधि केन्द्रमार्फत सञ्चालन गर्ने निर्णय भएकोमा हाल सम्म सञ्चालनमा आएको छैन । यस सम्वन्धमा सम्वन्धित निकाय विच समन्वय गरी विधुतिय पेमेन्ट गेट वे सञ्चालनमा ल्याउनुपर्दछ ।

२८. **गुणस्तर परीक्षण र स्तर निर्धारण** - डाटा सेन्टरले प्रदान गर्ने सेवाको अन्तर्राष्ट्रिय मापदण्ड अनुसार परीक्षण गराई गुणस्तर निर्धारण गरेको हुनुपर्छ। एकीकृत डाटा केन्द्र र हेटौंडास्थित डिजाष्टर रिकभरी

५५३ *महालेखापरीक्षकको उनन्साठीऔं वार्षिक प्रतिवेदन, २०७९*

४७. अतः माथि उल्लिखित यी वस्तुतथ्यबाट राज्यको उक्त धनराशी अनुत्पादक, प्रयोजनहिन र अनावश्यक रुपमा खर्च गरी नागरिकले तिरेको करबाट सङ्कलित सो बजेट संस्थाको नेतृत्वकर्ताको लापरवही र बदनियतबाट खेर गएको देखियो। यसबाट NPG सिस्टम खरिद गर्दा र त्यस सिस्टमलाई नचलाउने अवस्थामा ठूलो धनराशीको दुरुपयोग भएको पाइयो। यस्ता गैर जिम्मेवार कार्यले न केवल मुलुकलाई आर्थिक क्षति पुऱ्याउँछ, बरु योजनाबद्ध र प्रभावकारी ढङ्गले स्रोतको उपयोग गर्नबाट पनि बञ्चित गरिदिन्छ। NPG प्रणाली खरिद गरिए पनि उपयोग नगर्ने अवस्था आयो भने प्रतिफलबिहिन कार्यमा बजेटको दुरुपयोग भएको मान्नुपर्ने हुन्छ। बजेटको सदुपयोगका लागि सही योजना, प्रशिक्षण र स्थापित प्रणालीको मर्मतसम्भारको आवश्यकता पर्दछ जसको कमीले गर्दा नै समस्या उत्पन्न हुने हो। यसको समाधानका लागि खरिद गर्नुपूर्व नै गुरु योजना तयार पार्दा आवश्यकताहरूको सही पहिचान, मूल्याङ्कन र

दीर्घकालीन योजना बनाउनु महत्त्वपूर्ण थियो। प्रणालीलाई प्रभावकारी ढङ्गले संचालन गर्नका लागि प्रशिक्षित कर्मचारीहरूको आवश्यकता हुन्छ। त्यो पनि पहिले नै तयारी अवस्थामा राखिनु पर्ने थियो। यसबाट भुक्तानी पद्धतिमा दुरुपयोग रोक्न र सिस्टमको वास्तविक मूल्यमा फाइदा लिन सकिने हुन्थ्यो। **तर संस्थाको नेतृत्वले प्रणाली खरिदमा मात्र ध्यान दिइ सञ्चालनमा बेवास्ता गरेको देखिन आएकोले नेपालमा NPG सिस्टम नै आवश्यक नभएजस्तो भाष्य सिर्जना भई वर्तमानमा चलिरहेका विवध र बहुरुपी विद्युतीय भुक्तानी प्रणालीकै बोलबवाला चलिरहने स्थिति जीवित रहने बाध्यता देखिएको छ। यसबाट मुलुकले ठूलो नोक्सानी बेहोर्नु परेको अवस्था अद्यापि कायमै रहेको देखिन्छ।**

४८. त्यसैगरी NPG खरिद गरिएपछि समग्र योजनाको मकसद नै पूरा भएको जस्तो गरी NPG प्रणाली प्रयोगमा नल्याई निदाएर बस्नु भनेको योजना छनौट र कार्यान्वयनमा नेतृत्वकर्ताकै बदनियतको सङ्केत हो। कहिलेकाहीं, प्रणालीलाई खरिद गर्दा सोचिएको लक्ष्य वा उपयोगिता स्पष्ट नहुन सक्छ, जसले गर्दा त्यसलाई चलाउन नसकिने अवस्था पनि सिर्जना हुन्छ। तर यस मामलामा पहिले नै समस्याको समाधानका लागि निम्न उपायहरू विचार गर्न सकिने अवस्थाको विद्यमानता रहेको थियोः

- **क. पहिलो स्पष्ट लक्ष्य निर्धारणः** जसमा खरिद गर्नु अघि लक्ष्य र अपेक्षाहरू स्पष्ट रूपमा परिभाषित गर्नुपर्छ।
- **ख. दोस्रो प्रशिक्षण र विकासः** जसमा प्रणालीलाई प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि आवश्यक तालिम र विकासमा ध्यान दिनुपर्छ।
- **ग. तेस्रो प्रदर्शन मूल्याङ्कनः** जसमा समय-समयमा प्रणालीको प्रभावकारिता र उपयोगिता मूल्याङ्कन गर्नुपर्छ।
- **घ. चौथो पुनरावलोकन र सुधारः** जसमा यदि प्रणालीले अपेक्षानुरूप काम गर्दैन भने त्यसमा सुधारका लागि सुझाव र आवश्यक कदम चाल्नुपर्छ।

४९. माथि प्रकरणमा उल्लिखित उपायहरू अपनाइएको भएमा भविष्यमा यस्तो स्थिति नआउने अपेक्षा गर्न सकिन्छ। प्रस्तुत प्रणालीको सन्दर्भमा निर्णयकर्ता वा खरिदकर्ताले उल्लिखित सम्भावनाहरू तर्फ बिलकूलै ध्यान दिएको पाइएन।

५०. राष्ट्रिय सूचना प्रविधि केन्द्रले नेसनल पेमेण्ट गेटवे सञ्चालनका लागि सिस्टम खरिद गरी स्थापना गरेकोमा केही आर्थिक एवम् व्यावसायिकजन्य कठिनाइका कारण हाल सञ्चालनमा नरहेको र पेमेण्ट गेटवेको पूर्ण सञ्चालनका लागि सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरू, Payment Service Provider (PSP), and a Payment System Operator (PSO), सरकारी Website/Web Services आदि यस प्रणालीमा आबद्ध गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ। सो का लागि Middleware तथा Application Programmable Interface (API) को विकास, गेटवे प्रणालीमा सहभागी हुने सरकारी निकायका प्रणालीसँग आबद्धता तथा सरकारी Website/Web Services लाई विद्युतीय भुक्तानी प्रणालीसँग Compatible बनाउने लगायतका कार्यहरू गर्न बाँकी रहेको भन्ने राष्ट्रिय सूचना प्रविधि केन्द्रको च. नं. ७९९ मिति २०८०।०१।१७ गतेको राय प्रतिक्रिया रहेको देखिन्छ। तर जब उक्त सूचना केन्द्रबाट उल्लिखित राय परामर्श प्राप्त भएको छ भने ती बाँकी कार्यहरू कहिलेसम्म गरिनु पर्ने हो ? ती कार्य गर्ने जवाफदेहिता कसको हो ? समस्याको पहिचान आफै कार्यरत निकायबाट गरिसकिएपछि समाधानतर्फ किन हात बाँधेर बसेको हो ? इत्यादि प्रश्नहरूको युक्तिसँगत जवाफ पनि संस्थाका नेतृत्वले नै दिनुपर्ने हुन्छ।सो तर्फ नेतृत्वले कुनै पहलकदमी लिएको देखिन आउँदैन।

५१. यसरी राष्ट्रिय सूचना प्रविधि केन्द्रले स्थापना गरेको राष्ट्रिय भुक्तानी प्रणालीको खरिद कार्य सम्पन्न भइसकेको भएतापनि प्रणाली स्थापना गर्नु अघि उक्त प्रणालीका लागि आवश्यक निम्न पूर्वाधारहरू तयार गरिनु पर्ने थियो। जस्तैः

- क) कानूनी संरचना (Legal Framework),
- ख) भौतिक पूर्वाधारहरू (Physical Infrastructure),
- ग) दक्ष जनशक्ति (Skilled Human Resource),
- घ) अन्तरक्रियात्मक कार्य प्रणाली (Interworking System),
- ङ) सञ्चालन संयन्त्र (Operational Mechanism),

५२. उल्लिखित दिशामा दत्तचित्त भइ कार्य नगरेकोले हालसम्म (छ वर्षसम्म) पनि सञ्चालनमा आउन नसकेको भन्ने

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका दूरसंचार तथा प्रविधि विज्ञ केशवराज ज्ञवालीको मिति २०८०।०३।११ गतेको प्रतिवेदन रहेको समेत देखिन्छ। स्थापित प्रणाली सञ्चालनमा नल्याइएकोले उक्त प्राविधिकको प्रतिवेदनलाई अन्यथा भन्न मिल्ने देखिन्न।

**५३.** यसप्रकार माथि प्रकरण प्रकरणमा उल्लिखित आधार, कारण तथा महालेखा परीक्षकको वार्षिक प्रतिवेदन, राष्ट्रिय सूचना प्रविधि केन्द्रको राय प्रतिक्रिया र अख्तियार दुरुपयोग अनुसन्धान आयोगका दूरसंचार तथा प्रविधि विज्ञको मिति २०८०।०३।११ गतेको प्रतिवेदन समेतबाट CMA Small System, Sweden र राष्ट्रिय सूचना प्रविधि केन्द्र बिच 3rd July, २०१८ (मिति २०७५।०३।१९) को एक महिना भित्र कार्य सम्पन्न गर्ने गरी Supply Delivery, Installation and Customization of National Payment Gateway System को लागि USD$२४,४७,३४४.०० (रु.२४,२७,८०,५७२.३२) मा सम्झौता भएकोमा रु.२३ करोड २७ लाख ५८ हजार भुक्तानी अर्थात ९५.८७ प्रतिशत भुक्तानी हुँदा समेत सम्झौताबमोजिम कार्य हुन नसकेको भन्ने आरोपदावी पुष्टि हुने प्रमाणहरूको प्रचूरता देखिन आयो।

**५४.** कुनै पनि परियोजना शुरु गरिसकेपछि कार्यान्वयनका हरेक चरणमा पारदर्शिता, निगरानी र परियोजना सञ्चालनको प्रतिबद्धता सुनिश्चित गर्नु आवश्यक हुन्छ। यदि यी सवालहरूलाई ध्यानमा राखेर प्रभावकारी नीति र उपायहरू लागू गरिएको हुन्थ्यो भने भ्रष्टाचारको सम्भावना पनि कम गर्न सकिन्थ्यो। यसका लागि अन्य सहायक स्तरका तत्वहरूलेभन्दा पनि नेतृत्वकर्ता एवम् निर्णयकर्ताले नै महत्वपूर्ण भूमिका खेल्न सक्छ। तर बिडम्बना के छ भने खरिद गरेपछि खरिदकर्ताको उद्देश्य पुरा भै हाल्ने बल्कि सिस्टम चलाउनतर्फ भने कुनै चासो, चिन्ता र प्रयास नै नगर्ने एवम् कुनै सरोकार नराख्ने प्रवृत्ति आम रुपमा देखिँदै आएको पाइन्छ। प्रस्तुत मुद्धामा पनि करोडौं रुपैयाँ भुक्तानी दिएर खरिद गरिसकेको NPG छ वर्षभन्दा बढी समयसम्म पनि प्रयोगमा नल्याई राखिरहनु लापरवाही मात्र नभई बदनियतपूर्वक भएको हो भन्ने निष्कर्षमा यो इजलास पुगेको छ।

**५५.** यसबाट राष्ट्रिय सूचना केन्द्रमा नेसनल पेमेण्ट गेटवे (NPG) खरिद गरी सञ्चालन गर्न विनियोजन भएको बजेटबाट रु.२३,२७,५८,०७७।- मा NPG खरिद गरी भुक्तानीको कार्य सम्पन्न गरी हालसम्म पनि संचालनमा नल्याएको, सो NPG पूर्ण रुपमा संचालनमा ल्याउन सक्ने अवस्थासमेत हाल नरहेको पाइयो। प्रयोगबिहिन राखिएको सो प्रणाली खरिदबाट नेपाल सरकार एवम् सार्वजनिक संस्थाको सम्पत्तिको दुरुपयोग भएको देखियो। यसरी रु.२३,२७,५८,०७७/- मूल्य तिरी खरिद गरिएको परामर्श सेवा र sotware कुनै पनि तरहले सञ्चालनमा ल्याउँदै नल्याई प्रयोगविहिन अवस्थामा राखिएबाट नेपाल सरकारको माथि उल्लिखित रकम दुरुपयोग हुन गई सरकारलाई ठूलो क्षति एवम् हानिनोक्सानी पुगेको भन्ने तथ्य निर्विवाद रुपमा स्थापित भएको पाइयो। यदि नेपाल सरकारले कुनै परियोजना सञ्चालनका लागि लगानी गरेकोमा त्यसलाई प्रयोगविहीन अवस्थामा राखियो भने उक्त खर्चको प्रतिफल शून्य रहन्छ। यस्तो अवस्थामा सरकारी रकमको **अप्रभावी प्रयोग** (Misuse of Funds) र **स्रोत साधनको समुचित व्यवस्थापन** नभएको मान्नु पर्ने हुन्छ। जानाजान यस्तो लापरवाहीपूर्ण कार्य गरिएकोमा त्यसलाई **आर्थिक दुरुपयोग** (Financial Mismanagement) भनिन्छ र यस मुद्दामा त्यही भएको देखिन्छ। सो लापरवाही बदनियतकासाथ गरेको देखिएकोले सम्बन्धित अधिकारीले नै त्यसको जिम्मेवारी लिनु पर्दछ।

**५६.** मूलतः खरिदकर्ताको जुन उद्देश्यले वस्तु वा सेवा खरिद गरिएको हो सो उद्देश्य नै पूरा नगर्नु वा प्रणालीलाई प्रभावकारी तरिकामा सञ्चालनमा नल्याउनु वास्तवमा बदनियतको उपल्लो हदको रूपमा मानिनु पर्दछ। यदि खरिदकर्ताले प्रणालीको सञ्चालनमा वास्तविक चासो र प्रतिबद्धता राख्दैन भने यो छनौट गरिएको पद्धतिले नै राम्रोसँग काम गर्न असफल हुन जान्छ जुन यो मुद्दामा देखिएको एउटा नकारात्मक चरित्र हो। वस्तुतः खरिद गरिएको सफ्टवेयर वा प्रणालीको प्रभावकारी उपयोग नगर्दा संस्थाले त्यसको लाभ लिन र राज्यले निर्धारित गरेको उद्देश्य हासिल गर्न असफल हुन्छ, जसले नेतृत्वकर्ताको बदनियतलाई नै सङ्केत गर्दछ।

**५७.** हुन त कुनै पनि प्रणालीलाई सञ्चालन गर्नका लागि निरन्तर रुपमा आवश्यक सहयोग तथा संसाधनको आवश्यकता

परेको हुन्छ। ती संशाधनहरूको कमीले पनि समस्याहरू निम्त्याउन सक्छ। तर व्यवस्थापकले समुचित रुपमा त्यस्ता आवश्यकताहरूको पहिचान गरी समाधानको बाटोमा अग्रसर हुनु पर्दछ। यदि समाधानको मार्गचित्रसम्म पनि कोर्न सक्तैन वा अनिच्छुक रहन्छ भने यसलाई वदनियतको एक रूप मान्न सकिन्छ। यदि यसका लागि नियोजित (intentionally) कार्यान्वयन नगर्ने आचरण देखाइएको छ भने बदनियत तत्व अझै घनिभूत रुपमा रहेको भनी मान्नु पर्ने हुन्छ। कुनै पनि प्रणाली खरिद गर्दा भविष्यमा सो प्रणालीको मर्मत र अनुगमनका लागि समेत कुनै योजना बनाइएको छैन भने त्यसले पनि वदनियतलाई नै दर्शाउँछ। प्रस्तुत विवादमा नेतृत्वकर्ताले भविष्यमुखी कार्ययोजनातिर गम्भीर ध्यान पुऱ्याउन सकेको पाईंदैन। त्यसको अर्थ पनि बदनियत नै हुन जान्छ।

५८. प्रस्तुत योजना कार्यान्वयमा निरन्तर निगरानी र अनुगमन भएको पाईंदैन। सम्पादित कार्यको अनुगमन र निगरानीको अभाव रहनु पनि वदनियत तत्वभित्रै पर्दछ। प्रणाली सञ्चालनमा निगरानीको अभावले गर्दा परियोजना असफल हुन पुग्दछ। त्यस्ता समस्याहरूको समाधान गर्न यथासमयमा ध्यान नदिएमा त्यो पनि वदनियतको सङ्केत मान्न सकिन्छ। अतः बदनियतसाथ गरिएका कार्यले नकारात्मक रुपमा गम्भीर आर्थिक र सामाजिक प्रभाव निम्त्याउँदछ। यस्ता कार्यहरूले आर्थिक र सामाजिक दृष्टिले नकारात्मक असर पार्न सक्छ, जसले गर्दा सिस्टमको उद्देश्य नै असफल हुन्छ। त्यसैले, खरिद प्रक्रिया एवम् कार्यान्वयनमा पारदर्शिता, प्रतिबद्धता र सहयोगको महत्वपूर्ण भूमिका हुन्छ। यी सबै पक्षहरूलाई ध्यानमा राखेर काम नगर्दा बदनियतको सम्भावना बढ्न जान्छ। बदनियतपूर्वक गरिने जुनसुकै कार्यबाट राज्यको स्रोतहरूको बर्बादी हुन जान्छ। उक्त अवस्थाले अन्ततः भ्रष्टाचार जन्माउँछ।

५९. यस मुद्दामा वस्तुतः प्रस्तावित प्रणाली अत्यन्त उपयोगी र मुलुकको निम्ति अत्यावश्यक रहेकोमा विवाद छैन। तर मलुकको आवश्यकता परिपूर्ति गर्नका लागि प्रणाली खरिद गरिएको नभई प्रणाली सञ्चालन नगरी बसेको कारणले खरिदका लागि खरिद गरिएजस्तो मात्र देखिन आयो। कसैले पनि यस प्रणालीको वस्तुगत आधार तोकी परामर्श खरिदको मूल्य यति नै हो, सोभन्दा तल माथि मूल्य हुँदैन भन्न नसकिने यस्तो अमूर्त मूल्यको NPG प्रणाली खरिदका लागि हचुवा मूल्य कायम गरी गराई जुनसुकै हालतमा खरिद गराउने र त्यसको अदृश्य लाभ आफुले लिने ध्येयले मात्र खरिद प्रक्रिया अघि बढाई खरिद कार्य सम्पादन गरेको पाइयो। त्यसबाट राज्यको ढुकुटी र संशाधनहरूको दुरुपयोग हुन गएको देखियो।

६०. **यसरी पहिलो चरणमै आरोपपत्रमा उल्लिखित बिगो बराबरको सरकारी बजेट अनुचित तवरमा खर्च गरी हानिनोक्सानी भएको देखियो। पाँच वर्ष अघि खरिद गरिएको सो प्रणाली अहिलेसम्म सञ्चालनमा पनि नल्याईनु भनेको तत्कालीन निर्णयाधिकारीको अकर्मण्यताको पराकाष्ठा नै हो। आजको दिनमा नव प्रवर्तनले दिन दुइ गुना रात चौगुना फड्को मारिरहेको छ। छ वर्ष पछि आएर आजको यस गतिशील दुनियाँमा विज्ञान र प्रविधिमा आएको परिवर्तनलाई समयानुकूल परिमार्जन (Update) गर्दै नगरी धेरै अघि खरिद गरेको त्यो प्रणालीले के आजका दिनको आवश्यकतालाई हु-बहु आत्मसात गर्न सक्ला त ? भन्ने प्रश्नसमेत यस मुद्दाले जन्माएको छ। लामो समय अघि खरिद गरिएको यस प्रणालीको सुसञ्चालनको प्रत्याभूति कसले दिने हो त्यसको समेत कुनै लेखाजोखा गरिएको पाईंदैन। जसको जवाफ खरिद कार्यको नेतृत्व गर्ने अधिकारीले नै दिनु पर्ने हुन्छ।**

६१. अतः यसले सार्वजनिक सम्पत्तिको मात्र नभई निजी क्षेत्रका स्रोतहरूको बर्बादीलाई मात्र प्रोत्साहन गरी भ्रष्टाचारको सम्भावनालाई अझै बढाउँछ भन्ने तथ्यमा शङ्का गर्नु पर्ने देखिन्न। यसले गर्दा कानूनी उत्तरदायित्व लिएका अधिकारीहरूप्रति विश्वासको ह्रास हुन जान्छ। यस्तो अवस्थाले उपभोक्ता र व्यवसायको बीचमा पनि विश्वासमा कमी ल्याउँदछ। जसले गर्दा भविष्यमा सार्वजनिक निकायबाट सम्पादन हुने व्यावसायिक र आर्थिक गतिविधिहरूमा अवरोध निम्त्याउँछ। **मुलुकको निम्ति आवश्यक र हितकर हुँदाहुँदै पनि बदनियत राखी गरिने यस खालका बदनियतपूर्वकका खर्चिला अभ्यास र कार्यको सामाजिक असर पनि नकारात्मक रहन जान्छ। फलस्वरुप केही व्यक्तिको भ्रष्ट सोच, आचरण, व्यबहार र कार्य एवम् निहित स्वार्थले गर्दा मुलुकको लागि अत्यावश्यक ठानिएको NPG जस्ता प्रणाली कहिल्यै स्थापित गर्न नसकिने र गलत, अविश्वसनीय र दुई नम्बरी धन्दावालहरूकै बोलवाला रहने स्थितिको निरन्तरता रहन जाने देखिन्छ।**

६२. यसप्रकार प्रस्तुत मुद्दामा मुलुकको निम्ति अत्यावश्यक मानिएको NPG प्रणाली तर जिम्मेवार पदाधिकारीको बदनियतपूर्ण क्रियाकलापले गर्दा राष्ट्रले चाहेको प्रणाली लागू गर्नमा नै गहिरो अविश्वास निम्त्याएको देखियो। यस प्रकारको बदनियतपूर्कको कार्यले आर्थिक र सामाजिक विकासमा लामो समयसम्म नकारात्मक प्रभाव पार्न सक्छ, जसले सँगसँगै भ्रष्टाचारलाई समेत प्रवर्द्धन गर्न जान्छ। त्यसैले, यस्ता क्रियाकलापहरू भ्रष्टाचारको गम्भीर सङ्केतका रूपमा मान्न सकिन्छ र यसलाई रोक्नका लागि पारदर्शिता, निगरानी र प्रभावकारी नियन्त्रणहरू लागू गर्न महत्त्वपूर्ण हुन्छ।

६३. यो खरिद एउटा शुरुवाती चरणको मात्र देखिन्छ। यसको प्रक्षेपित बाटो र यात्रा त धेरै लामो रहेको देखिन्छ। केन्द्रको व्यवस्थापन पक्षले आ.व. २०७४/०७५ मा करिब २५ करोड लागत अनुमान गरिएको यस परियोजनालाई प्रचलनमा ल्याउन थप बजेट २ अर्ब ९५ करोड ५० लाख आवश्यक रहेको भनी स्रोत सुनिश्चितताको लागि माग अघि सारेको समेत देखिन्छ। त्यसका लागि NPG खरिद गरेको ६ वर्ष पश्चात राष्ट्रिय सूचना प्रविधि केन्द्रले संचार तथा सूचना प्रविधि मन्त्रालयमार्फत अर्थ मन्त्रालयमा पत्राचार भएको देखिन्छ। तत्कालका लागि अर्थ मन्त्रालयले उक्त रकम स्रोत सुनिश्चितता दिन सक्ने अवस्था नरहेको भनी जानकारी संचार तथा सूचना प्रविधि मन्त्रालयलाई दिएको पाइन्छ।

६४. सो पश्चात सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सचिवको संयोजकत्वमा एक निर्देशक समिति गठन भई हाल आएर सुरुवाती चरणको कार्य समेत गर्ने प्रयोजनको लागि भनी नेसनल पेमेण्ट गेटवेको स्थापना र सञ्चालनार्थ आयोजना सम्पन्न गर्न लाग्ने समय तीन वर्षका लागि ८१ करोड १७ लाख रुपैयाँको स्रोत सुनिश्चितता उपलब्ध गराउन पत्राचार भई अर्थ मन्त्रालयबाट स्रोत सुनिश्चितताको सहमति पनि दिएको पाइन्छ। तथापि मिति २०७९।०९।१४ गतेको माननीय अर्थ मन्त्रीस्तरीय निर्णयबाट उक्त सहमति स्थगन भएको देखिन आउँछ। तर यो स्थगन सधैंका लागि भन्ने नहुँदा प्रथम चरणमा खर्चेको बजेटले आगामी दिनमा निम्त्याउने खर्चको भोल्युम/परिमाण हेर्दा सुनियोजित रुपमा राज्यको ढुकुटी खर्च गराउँदै जाने बदनियतले काम गरेको देखिन आउँछ।

६५. यसका अतिरिक्त कुनै प्रशासनिक अनुगमन मूल्याङ्कन र सुपरीवेक्षणको प्रभावकारी कानूनी आधार नै निर्माण नगरी प्रश्ताव गरिएका यी मागहरूको आपूर्ति हचुवाको भरमा यत्तिकै गर्दै जाने हो भने परियोजनाको परिणाम भने शून्य नै रहने स्थिति देखिन आएको छ। अतः **यो योजना आफैमा मुलुकको आवश्यकता अनुसार अपरिहार्य भए पनि त्यसका लागि कानूनी, संरचनागत र व्यवस्थापकीय दृष्टिले परिपक्व नहुँदै ठूलो धनराशी लगानी गरी प्रणाली खरिद गरेर राष्ट्रिय बजेटको चरम दुरुपयोग गरिएको पाइएकोले उक्त खरिद कार्य असल नियतले भए गरेको भन्ने देखिएन। योजना लागू गर्दा आइपर्ने यावत समस्याहरूको पहिचान र समाधानका ठोस सुझाव समेटी विस्तृत सम्भाव्यता अध्ययन र एउटा सक्षम गुरु योजना बिना हचुवाको भरमा थालनी गरिएको यस खरिद कार्यबाट पूर्णतः सरकारी धनराशीको हानिनोक्सानी र क्षति मात्र प्राप्त भएको देखियो।**

६६. अब **को कसको लापरवाही र बदनियतबाट सरकार एवम् संस्थालाई हानिनोक्सानी हुन गएको हो ?** भन्ने सम्बन्धमा तथ्य प्रमाणको आधारमा निष्कर्षमा पुग्नुपर्ने देखियो। सामान्यतः फौजदारी कसुरमा अभियोजकले प्रति अभियुक्त उपरको कसुर छुट्टाछुट्टै प्रमाणित गर्नुपर्ने तथा कसुरको मात्रासमेत प्रति अभियुक्त स्थापित गर्नुपर्ने हुन्छ। यस सिलसिलामा सर्वप्रथम आरोप दावी लिइएका यी **प्रतिवादीहरू सुनिल पौडेल, संजय शर्मा, प्रणिता उपाध्याय, सफल श्रेष्ठ, निमबहादुर वली, रामबहादुर बुढा, रमेश पोखेल, रामशरण गायक, मधुकुमार मरासिनीमध्ये कुन कुन प्रतिवादीले के, कुन कार्य गरी आरोपित कसुर गरेका हुन् वा होइनन् र कसुर गर्ने कार्यमा के कुन प्रतिवादीको के कस्तो संलग्नता रहेको छ वा छैन ?** भन्ने सन्दर्भमा प्रस्तुत मुद्दामा निरोपण गर्नु पर्ने देखिन्छ।

६७. यस परिप्रेक्ष्यमा सर्वप्रथम **प्रतिवादीहरू संजय शर्मा, प्रणिता उपाध्याय, रमेश पोखरेल, रामबहादुर बुढा, निमवहादुर वली, रामशरण गायक, सफल श्रेष्ठ र मधुकुमार मरासिनीको हकमा** बिचार गर्दा, यी प्रतिवादीहरूलाई निम्नबमोजिमको अभियोग मागदावी गरेको देखिन्छः

**क.** संजय शर्मा, प्रणिता उपाध्याय, रामबहादुर बुढा, रमेश पोखेल, रामशरण गायक र मधुकुमार मरासिनीलाई

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही दफा १७ ले व्यवस्था गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम कैद सजाय र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिबाना,

**ख.** प्रतिवादी सफल श्रेष्ठलाई सोही ऐनको कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद सजाय र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिबाना, र

**ग.** प्रतिवादी निमबहादुर वलीलाई सोही ऐनको कसुरमा दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद सजाय र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिबाना गरी प्रतिवादीहरूलाई सोही ऐनको दफा १७ बमोजिम हानिनोक्सानी गरे गराएको सम्पत्ति निज प्रतिवादीहरूबाट असुल तथा प्रतिवादीहरू संजय शर्मा र प्रणिता उपाध्यायलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय माग।

६८. अब माथि उल्लिखित प्रतिवादीहरूमध्ये प्रति व्यक्ति कसुरको आरोपको आधारमा सबभन्दा पहिला प्रतिवादी **संजय शर्माको सम्बन्धमा** हेर्दा, तत्कालीन विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव तथा राष्ट्रिय सूचना प्रविधि केन्द्रको अध्यक्ष प्रतिवादी संजय शर्माले सार्वजनिक खरिद ऐन/नियमबमोजिम खरिद योजना तयार गरी सार्वजनिक निकायको प्रमुखको स्वीकृत लिई गर्नुपर्ने लगायतका कार्यहरूसमेत नगरी झुठ्ठा विवरण पेस भई तयार भएको टिप्पणी मार्फत अन्तराष्ट्रिय आशयपत्र माग गर्ने कार्यमा स्वीकृति प्रदान गरेको आधारमा निज उपर आरोपदाबी लिएको देखिन्छ। निजले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० बमोजिम मैले स्वीकृति दिएको हो। तत्पश्चात् पुनः कार्यालय प्रमुखले प्रस्ताव आव्हान गर्ने टिप्पणी स्वीकृत गरेबाट सो लागत अनुमान निज कार्यालय प्रमुख बाटै स्वीकृत भएको तथ्य आफ्नो बयानमा उल्लेख गरेको देखिन्छ। सम्बद्ध मन्त्रालयको सचिवको हैसियतमा केबल आफुले गर्नपर्ने निर्णय मात्र मैले गरेको थिएँ। Payment Gateway होस् वा केन्द्र अन्तर्गत सञ्चालन हुने कुनै पनि कार्यक्रम वा आयोजनाको लागि पूर्वतयारी गर्ने र कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी उक्त केन्द्रकै कार्यकारी निर्देशकको थियो। म उक्त केन्द्र सम्बद्ध विकास समितिको पदेन अध्यक्ष मात्र भएकोले केन्द्रको नियमित प्रशासनिक वा आर्थिक विषयहरू हेर्ने दायित्व र अधिकार ममा निहित थिएन। पेमेन्ट गेटवे सम्बन्धी कार्यक्रमको हकमा बजेट कार्यान्वयन सुनिश्चित गर्नु मेरो प्रमुख दायित्व थियो। त्यससँग सम्बन्धित कार्यविधिगत विषय हेर्ने जिम्मेवारी सम्बन्धित विभागीय प्रमुखको थियो। विभागीय प्रमुखले पेस गरेको विषयमा मैले नियमानुसार स्वीकृति दिएको थिएँ। मैले आरोपदाबी बमोजिम कसुर नगरेकोले सजाय हुनुपर्ने होइन भनी अनुसन्धान तथा यस अदालतमा आरोपित कसुरमा इन्कारी रही बयान गरेको पाइन्छ।

६९. यसरी निजले आरोपित दाबीलाई इन्कार गरी अनुसन्धान तथा यस अदालतमा बयान गरेको देखिन्छ। निज प्रतिवादी तत्कालीन विज्ञान तथा प्रविधि मन्त्रालयको सचिव रहेकोले राष्ट्रिय सूचना प्रविधि केन्द्रको पदेन अध्यक्षको भूमिका निजमा रहेको देखिन्छ। मिति २०७४।१०।१० गते राष्ट्रिय सूचना प्रविधि केन्द्रबाट National Payment Gateway System को आशय पत्र माग गर्ने सम्बन्धमा पेस भएको टिप्पणी स्वीकृत र आ.व. २०७४/०७५ राष्ट्रिय सूचना प्रविधि केन्द्रबाट आव्हान भएको EOI नं. NITC/C/ICB-६-२०७४-२०७५ (Supply, Delivery, Installation and Customization of National Payment Gateway System-NPG) को सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरको आशय पत्रको सूचना प्रकाशन गर्ने सम्बन्धमा निजको सहमति रहेको भन्ने निजको माथि उल्लिखित बयानबाट देखिन्छ। खरिद प्रक्रियाको नेतृत्व NITC को कार्यकारी प्रमुखले गर्ने कार्य हो। राष्ट्रिय सूचना प्रविधि केन्द्रको दैनिक प्रशासनिक तथा आर्थिक कार्यको जिम्मेवारी पदेन अध्यक्ष रहेका सचिवको नभएर NITC का कार्यकारी निर्देशकको हुने कुरामा कुनै दुविधा छैन। त्यसकारण संस्थाको तर्फबाट गरिने जतिपनि खरिद लगायतका आर्थिक गतिविधिहरू छन् ती सबैको उत्तरदायित्व आर्थिक प्रशासन गर्ने जिम्मेवारी भएको पदाधिकारीले नै लिनुपर्ने हुन्छ।

७०. NITC बाट आधिकारिक रूपमा मन्त्रालयको सचिव एवम् विकास समितिको पदेन अध्यक्ष रहेका निज प्रतिवादी संजय शर्मा समक्ष पेस भएको फाइलमा नीतिगत निर्णय गर्ने र कार्यान्वयनका लागि पेस भएका फाइलहरूमा स्वीकृति प्रदान गर्ने दायित्वसम्म निज प्रतिवादीमा रहेको देखिन्छ। यसरी नीतिगत विषयमा सहमति प्रदान गर्ने र पेस भएको फाइल स्वीकृत गर्ने अधिकारसम्म भएको व्यक्तिले फाइल स्वीकृतको कार्य गर्दैमा समग्र खरिद प्रक्रिया नै प्रभावित पारेको भन्ने ठोस आधार प्रमाण वादी पक्षले प्रस्तुत नगरेसम्म बिना आधार प्रमाण कसुरमा निजको संलग्नता रहेको भनी दोषी करार गर्न मिल्दैन। त्यस्कारण यी प्रतिवादीमा नभएको अधिकार निजले प्रयोग गरेको भनी वा निजले नगरेको काममा निजलाई उत्तरदायी ठहराउन न्याय सम्मत हुने देखिंदैन। यस अर्थमा पदेन अध्यक्षको अधिकारक्षेत्र अन्तिम अधिकारीको रुपमा देखिए पनि क्रियात्मक रुपमा निजको अधिकार नीति, योजना र कार्यक्रमहरू प्रमाणीकरण गर्ने प्रकृतिको देखिन्छ। कार्यकारी निर्देशक नै उक्त केन्द्रको सक्रिय पदाधिकारीको रुपमा रहेको हुन्छ। **सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ को उपदफा (१) मा <u>खरिद कार्यको जिम्मेवारीः</u> *"यस ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद सम्बन्धी कार्य गर्ने, गराउने जिम्मेवारी सम्बन्धित सार्वजनिक निकायको प्रमुखको हुनेछ"*** भन्ने कानूनी व्यवस्था समेत रहेको देखिंदा उक्त प्रयोजनाको खरिद कार्यमा निज प्रतिवादी संजय शर्माको कार्यक्षेत्र भित्र पर्ने नदेखिंदा सो खरिद कार्यमा निजलाई उत्तरदायी हुने भनी मान्न मिल्ने देखिएन।

७१. कुनै पनि पदाधिकारीको कसुर स्थापित हुनको लागि कसुरमा संलग्न रहेका अन्य व्यक्तिसँग कसुर गर्ने मनसाय राखी मिलेमतो र बदनियतकासाथ काम गरेको थियो भनी अभियोजकले नै प्रमाणित गर्नु पर्दछ। तर यदि कुनै कानूनी वा नैतिक नियमहरूको उल्लङ्घन गरिएको अवस्था रहेछ भने त्यसको जिम्मेवारी चाहिं उसैले लिनु पर्दछ। जस्तै, पेस गरिएको फाइलमा गलत जानकारी उल्लेख भएको भन्ने जानजान र भ्रष्टाचार वा अन्य कुनै अनियमितता भएको देखी देखी स्वीकृति दिएको रहेछ भने त्यो चाहिं स्वयंमा समस्या हुन सक्छ। तर त्यसको प्रमाण पुर्‍याउने भार भने वादी पक्षमा रहेको हुन्छ। यस अवस्थामा निर्णयकर्ताले उचित प्रक्रियाहरूको अबलम्बन र पारदर्शिता सुनिश्चित गर्नु महत्त्वपूर्ण हुन्छ।

७२. अतः कुनै पनि कार्यको निष्पादनमा असफलता भएमा त्यही व्यक्ति वा निकायले जवाफदेही हुनु आवश्यक छ जसलाई कानूनले कार्यकारी अधिकार प्रदान गरेको छ। निज कार्यकारीले नै प्रस्तावित योजना अनुसार कार्य गर्नेतर्फ ध्यान दिनु महत्त्वपूर्ण पक्ष हुन्छ। यी प्रतिवादी संजय शर्मा NITC को पदेन अध्यक्षसम्म रहेको तर कार्यकारी अधिकार निजसँग नरही सो अधिकार कार्यकारी निर्देशकसँगै रहने भएकोले आर्थिक प्रशासनको जवाफदेहिता उक्त केन्द्रका पदेन अध्यक्षमा नरहने र कार्यकारी निर्देशकमै रहने कुरा स्वतः सिद्ध नै छ। तसर्थ कार्यकारी अधिकार लिएको व्यक्तिले आफ्नो कार्यको लागि जवाफदेही हुनु पर्दछ भन्नेमा पनि विवाद गर्नुपर्ने देखिंदैन। त्यसैले कुनै पनि निर्णय र कार्यहरू गर्नका लागि कार्यकारी प्रमुख नै जिम्मेवार ठहरिन्छन्। यदि ती कार्यहरू गर्दा योजना, नियम वा कानूनको उल्लङ्घन भएको छ भने सो उल्लङ्घन गर्ने पदाधिकारीले नै त्यसको परिणाम भोग्नुपर्छ। यही जवाफदेहीपनले नै कार्यकारीको क्षेत्राधिकारभित्र पर्ने कार्य प्रक्रियामा पारदर्शिता र विश्वास निर्माण गर्न मद्दत गर्छ।

७३. उक्त NITC को कार्यमा कुनै बाधा व्यवधान नआओस भन्ने हेतुले राष्ट्रिय सूचना प्रविधि केन्द्रबाट National Payment Gateway System को खरिद सम्झौता अगाडि बढाउनका लागि निज प्रतिवादी संजय शर्माको जुन भूमिका रहेको देखिन्छ त्यो भनेको समन्वयात्मक भूमिका हो। निजको भूमिका कार्यकारीको जस्तो सक्रिय प्रकृतिको नभई कार्यकारीले पेस गरेको परिणामात्मक कार्यका लागि ढोका खोलिदिनेसम्मको भूमिका हो। निजले पदेन अध्यक्षको हैसियतबाट नेसनल पेमेन्ट गेटवे सम्बन्धी कार्यक्रमको हकमा पहिले नै संसदबाट विनियोजन भई पारित भइसकेको र सो बजेट कार्यान्वयनको सुनिश्चितता गरेको कार्यलाई कानूनबमोजिम फायल सदर गरेको कुरामा निजको हकमा भ्रष्टाचारजन्य कसुरमा संलग्न रहेको भनी मान्न सकिने अवस्था नरहेकोले निज प्रतिवादीले गरेको इन्कारी बयानलाई अन्यथा भन्न सकिएन। अतः राष्ट्रिय सूचना प्रविधि केन्द्रबाट National Payment Gateway System को आशय पत्र माग गर्ने सम्बन्धमा पेस भएको टिप्पणी स्वीकृत गर्ने कार्य एक प्रक्रियागत विषय मात्र रहेकोले निजले पदिय हैसियतले गरेको कार्य कुनै बदनियत रहेको भन्न सकिने अवस्थाको विद्यमानतासमेत देखिँदैन।

७४. यहाँनेर निज प्रतिवादीको कार्यलाई भ्रष्टाचारको कसुरभित्र पारी अभियोजकले गरेको प्रश्नमा दुई प्रमुख पक्ष विचारणीय रहेका छन्:

१. **पदिय हैसियतमा गरिएको कार्य र**

२. **बदनियतको प्रश्न**

७५. यी दुवै प्रश्नको जवाफ तलका कारणहरूबाट व्याख्या गर्न सकिन्छः

१. **पदिय हैसियतमा गरिएको कार्यः**

क) **प्रक्रियागत कार्यः** राष्ट्रिय सूचना प्रविधि केन्द्र (National Information Technology Centre, NITC) बाट National Payment Gateway System को आशय पत्र माग्ने कार्य एक निश्चित प्रक्रिया अन्तर्गत गर्ने कार्य हो। यदि यो कार्य कुनै विशेष प्रक्रिया, नीति वा निर्देशन अनुसार गरिएको छ भने यसलाई एक साधारण प्रशासनिक कार्यको रुपमा हेरिन्छ।

ख) **संचालनको स्तरः** कर्मचारीले आफ्नो पदिय हैसियतमा र जिम्मेवारी अनुसार यस प्रकारका कार्य गर्छन्। यसले कुनै विशेष किसिमको नीति उल्लङ्घन गरेको छैन भने यो कार्य प्रक्रियागत दृष्टिकोणबाट सही मानिन्छ।

२. **बदनियतको अभावः**

क) **बदनियतको अभावः** कुनै कार्यलाई "बदनियत" ठहराउनका लागि यसमा कुनै प्रकारको व्यक्तिगत लाभ लिनु, कानूनको ठाडो उल्लङ्घन गर्नु वा अन्य पक्षलाई जानाजानी हानि पुऱ्याउनु पर्ने हुन्छ। यदि उक्त कार्य नियमित प्रक्रियाको रूपमा र नियमानुसार गरिएको हो भने त्यसमा बदनियतको कुनै सङ्केत हुँदैन।

ख) **विशेष कारणको अभावः** यदि कार्य कुनै वैधानिक वा प्रशासनिक मार्गदर्शनका आधारमा गरिएको हो र यसबाट कुनै प्रकारको आर्थिक वा व्यक्तिगत लाभ प्राप्त हुने कुरा गरेको प्रमाण छैन भने यसमा बदनियतको सङ्केत देखिँदैन।

ग) **उद्देश्यको स्पष्टताः** आशय पत्र माग्नु आफैमा सरकारको नीतिभित्रको कुरा रही त्यसको उद्देश्य स्पष्ट र वैध रहेको देखिन्छ भने त्यसमा दुर्भावनाको प्रश्न उभ्याउने कारण छैन।

७६. यसरी, कुनै कार्य प्रक्रियागत भएमा र त्यसमाथि बदनियतको सङ्केत नदेखिएमा उक्त कार्यलाई मात्र एक प्रशासनिक कार्यको रुपमा हेर्ने गरिन्छ। प्रक्रियागत त्रुटी मात्र भएकै रहेछ भने पनि लिनु खानु गरेको पुष्टि हुन आएको छैन भने त्यहाँ बदनियत र भ्रष्टाचार भएको भन्न न्यायोचित हुँदैन। अतः अभियोजन पक्षबाट निज प्रतिवादीले गरेको कार्यमा बदनियत रहेको भन्ने प्रष्ट पार्न नसकेको परिप्रेक्ष्यमा प्रतिवादी संजय शर्मा विरुद्ध लिइएको आरोपदाबी प्रमाणबाट पुष्टि हुन आएन।

७७. त्यसैगरी **प्रतिवादी प्रणिता उपाध्यायको** हकमा विचार गर्दा, आ.व. २०७४/७५ को बजेट वक्तव्यमा नेसनल पेमेण्ट गेटवे स्थापनार्थ राष्ट्रिय सूचना प्रविधि केन्द्रको नाममा बजेट विनियोजन भएको र पेमेण्ट गेटवे स्थापना तथा संचालन गर्ने अधिकार केन्द्रलाई रहेकोमा प्रतिवादी प्रणिता उपाध्याय सो केन्द्रको कार्यकारी निर्देशक रहेको आधारमा निज उपर आरोपदाबी लिएको देखिन्छ। **प्रतिवादी प्रणिता उपाध्यायले** प्रस्तुत मुद्दामा म राष्ट्रिय सूचना प्रविधि केन्द्रको कार्यकारी प्रमुखको हैसियतले मैले असल नियतले इमान्दारीपूर्वक कार्य सम्पादन गरेकी थिएँ। मैले जागिर छाडिसकेपछि NPG खरिद, रकम भुक्तानी तथा संचालन गर्न विभिन्न प्रयासहरू सरकारले गरिरहेकै देखिन्छ। सरकारले वजेट वक्तव्यमा नीतिगत बुँदा उल्लेख गरी दुबै सदनबाट पारित भई निकासा प्राप्त भएको रकमलाई अन्यथा भन्न सकिन्न। यस्तो कार्यमा म बाट भ्रष्टाचार भयो भनी आरोप लाग्नु आफैंमा बिडम्बनापूर्ण अवस्था हो। मैले बदनियत चिताई कुनैपनि कार्य स्वेच्छाचारी र लापरवाही तवरबाट गरे गराएको छैन। मैले कुनै सरकारी सम्पत्ति हानिनोक्सानी, हिनामिना र दुरुपयोग गरेको छैन। म बेकसुर र निर्दोष रहेकोले मलाई लागेको कसुरबाट सफाइ पाउनु पर्छ भनी आरोपित कसुरमा इन्कारी रही अनुसन्धान तथा यस अदालतमा बयान गरेको देखियो।

७८. यसरी राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन कार्यकारी निर्देशक रहेका यी **प्रतिवादी प्रणिता उपाध्यायले** अनुसन्धान

तथा यस अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कारी रही बयान गरेको र निजको बयानलाई समर्थन गरी निजको साक्षीले यस अदालतमा उपस्थित भई बकपत्र गरेको देखिन्छ। यी प्रतिवादीले मिति २०७४।१०।१० मा अन्तर्राष्ट्रिय स्तरको EOI माग गर्ने सहमतीको निम्ति सिफारिस र मिति २०७४।१०।१५ मा सार्वजनिक सूचना प्रकाशित गर्ने निर्णयसम्म गरेको देखिन्छ। **निजको सो कार्य भ्रष्टाचारजन्य कार्य हो वा होइन ?** भन्ने सम्बन्धमा हेर्दा, निज **प्रतिवादी प्रणिता उपाध्याय** उक्त कार्य गर्दाको अवस्थामा NITC मा रा.प प्रथम श्रेणीको तहमा कार्यरत रहेकोमा विवाद छैन। आ.व. २०७४/७५ को बजेट वक्तव्यमा पेमेण्ट गेटवे स्थापनार्थ राष्ट्रिय सूचना प्रविधि केन्द्रको नाममा बजेट विनियोजन भएकोमा उक्त बजेट उद्देश्य अनुरुप खर्च गर्ने अधिकार केन्द्रलाई रहेकोमा पनि विवाद छैन। कानूनको परिधिभित्र रही उक्त बजेट उपयोग गर्नुपर्ने हुन्छ। सोही अनुसार यी प्रतिवादीले प्रारम्भिक चरणको काम गरेको देखिन्छ। यसैबिच निजले मिति २०७४।११।२० देखि लागू हुने गरी दिएको राजीनामा स्वीकृत भएको देखिन्छ। सोपश्चात् निजले केन्द्रको कार्यमा जिम्मेवारी बहन गरेको देखिन आउँदैन।

७९. आफ्नो पदीय जिम्मेवारी छोडेर अलग बसेको व्यक्तिले राजीनामा दिएका दिनभन्दा पछि आएर भएका एवम् सो कार्यालयको कामको लागि तत् अवस्थाकै काममा भएको निर्णय सिफारिस वा कार्यमा कुनै अनियमितता देखिए त्यसको जिम्मेवारी स्वाभाविक रुपमा लिनु नै पर्ने हुन्छ। आफूले गरेको कामको राम्रो वा नराम्रो पक्षको जिम्मेवारी स्वयम् कार्य सम्पादन गर्ने व्यक्तिकै हुन्छ। सोदेखि बाहेक आफुले कार्यलय छोडी सकेपछि पनि अरु कसैले पूर्व कार्यको निरन्तरता दिंदा भए गरेका गल्ती कमजोरी र काम कारवाही प्रति अघिल्लो अधिकारी जवाफदेही हुनुपर्ने भन्न न्यायसँगत हुँदैन। तसर्थ कुनै पनि कार्यमा आरोपित व्यक्तिको भूमिकाको अभावमा कसुरमा निजको संलग्नता हुने भन्न मिल्दैन। यदि व्यक्तिले राजीनामा दिएर बसिरहेको अवस्था छ र त्यतिबेला जुन अनियमितता भयो भनी आरोपित गरिएको छ त्यसमा कुनै संलग्नता हुने कानूनी अवस्था नै रहेको छैन भने त्यस अवधिको अनियमित कार्यमा जसको जहाँ जति मात्राको संलग्नता हुन्छ उति नै दायित्वको भागिदार हुनु पर्ने हुन्छ।

८०. कुनै अवधिमा कसले अनियमितता भएको हुन्छ त्यस बखत सरकारी पद वा जिम्मेवारीमा थिएन भने त्यो व्यक्ति उपर प्रश्न उठाउनु अस्वभाविक हुन्छ। यदि उक्त व्यक्तिको सहभागिता वा कुनै निर्णयमा प्रत्यक्ष भूमिका छैन भने, त्यसबाट उसमाथि कुनै कानूनी जिम्मेवारी पनि हुँदैन। खर्च लेखिएको र बजेटको प्रयोग कहिले र कसबाट भयो भन्ने कुरा नै महत्वपूर्ण हुन्छ। यदि यो खर्च लेखिएको र बजेट प्रयोग गर्नमा उक्त व्यक्तिको कुनै प्रत्यक्ष भूमिका थिएन भने त्यसको आधारमा उक्त व्यक्ति माथि भ्रष्टाचारको आरोप लगाउनु उचित हुँदैन। प्रस्तुत मुद्दामा यी प्रतिवादीको हकमा बदनियतको तत्व छ छैन भन्ने पनि हेरिनु बाञ्छनीय हुन आउँछ। बदनियतको अभावमा भ्रष्टाचारजस्तो कसुर स्थापित हुँदैन। बदनियत वा अन्य कानूनी उल्लङ्घनका आरोप लगाउनका लागि बदनियतको स्पष्ट प्रमाण आवश्यक हुन्छ। यदि अभियोजन पक्षले बदनियतको सङ्केत र प्रमाण प्रस्तुत गर्न सकेको छैन भने त्यस व्यक्तिको कार्यलाई भ्रष्टाचार मान्न मिल्दैन। निज प्रतिवादी विरुद्ध बदनियत पुष्टि गर्ने आधार प्रमाण अभियोजकले प्रस्तुत गर्न सकेको देखिंदैन।

८१. मिति २०७५।०३।१९ मा राष्ट्रिय सूचना प्रविधि केन्द्र र CMA SMALL SYSTEMS AB SWEDEN बिच खरिद सम्झौता भएको पाइन्छ। सो पश्चात मात्र कार्य सम्पन्न भएको भनी भुक्तानी भएको देखिन्छ। यी प्रतिवादी आफू कार्यरत रही गरेको कार्यमा निजै आफै जिम्मेवार हुनेमा विवाद नरहेको तर निजले राजीनामा दिएपश्चात् आफूले नगरेको कार्यमा निजलाई उत्तरदायित्व ठहर गर्नु कानूनको मक्सद होइन। अन्तर्राष्ट्रिय स्तरको EOI माग गर्ने सहमतिको निम्ति सिफारिस गर्नु एउटा खरिद प्रक्रियामा अपनाउनु पर्ने आवश्यक कानूनी प्रक्रिया नै हो। तत्पश्चात् मिति २०७४।१०।१५ मा सार्वजनिक सूचना प्रकाशित गर्ने निर्णय गर्नु आफैमा कसूरजन्य कार्य मान्न सकिने अवस्था हुँदैन। निज **प्रतिवादी प्रणिता उपाध्यायले** पदबाट राजीनामा नै गरी बसेको अवस्थामा खर्च लेखिएको देखिएको र बजेट खर्च गर्नमा निजको कुनै प्रत्यक्ष वा परोक्ष भूमिका नरहनुको साथै निजको कुनै बदनियत रहेको भन्न सकिने अवस्थाको विद्यमानतासमेत अभियोजन पक्षबाट प्रष्ट पार्न नसकेको परिप्रेक्ष्यमा निज **प्रतिवादी प्रणिता उपाध्याय** उपर लिइएको आरोपदाबी पुष्टि हुन आएन।

८२. कसैलाई पनि सम्भाव्य भ्रष्टाचारको अनुमानमा दोषि करार गर्न मिल्दैन। यसलाई विद्यमान कानूनी परिप्रेक्ष्यमा विवेचना गरिनु पर्दछ। यदि अभियोजन पक्षले बदनियत र भ्रष्टाचारको प्रमाण प्रस्तुत गर्न सकेको छैन भने यो कार्य सामान्य प्रशासनिक प्रक्रिया हो भन्ने बुझिनु पर्दछ। यस्तो कानूनी प्रक्रियामा यी प्रतिवादीबाट सम्पादित कार्यको हकमा भ्रष्टाचारको कुनै सङ्केत देखिन आएको पाईंदैन। सम्पादन गरिएको कार्यबाट कुनै आरोपिको हकमा कुनै अनियमितता र लाभ प्राप्त गरेको कुनै प्रकारको सङ्केत नदेखिएमा त्यसलाई भ्रष्टाचारको रूपमा वर्गीकरण गर्नु उचित हुँदैन। अतः निज **प्रतिवादी प्रणिता उपाध्यायको** हकमा लिइएको आरोप दावीमा अन्तिम निष्कर्षमा के भन्न सकिन्छ भने निजले सम्पादन गरेको कार्यमा सार्वजनिक सूचना प्रकाशन र EOI प्रक्रियामा सहभागिता हुनु एक कानूनी र प्रशासनिक प्रक्रिया हो, जसलाई निजको राजीनामा पछि भएको निर्णयको क्रममा गलत अर्थमा आरोप लगाउन सकिन्न। आरोपित कसुरमा निजको प्रत्यक्ष वा परोक्ष कुनै पनि प्रकारको मिलेमतो, बदनियत वा भूमिका नदेखिएको हुँदा तथा बदनियतको प्रमाण फेला नपरेको अवस्थामा निजले समर्थन गरेको उक्त कार्यमा निजलाई भ्रष्टाचारको कसुरदार कायम गर्न मिल्ने देखिएन।

८३. **त्यसैगरी प्रतिवादीहरू रमेश पोखेल र रामशरण गायक समेतको हकमा हेर्दा, यी प्रतिवादीहरूले** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ (४) बमोजिम मालसामान वा उपकरण वा सेवा लगायतका सोधभर्ना हुने खर्च, तालिम, गोष्ठी लगायत अन्य खर्चको विस्तृत विवरण तयार गर्नु पर्ने व्यवस्था बमोजिम लागत अनुमान तयार नगरी Best2Pay, KrutPteLtd., Singapore र Spectrum Engineering Consortium Ltd., Bangladesh बाट प्राप्त कोटेसनको औसत गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ बिपरित जम्मा रु.२४,७५,२२,८४६.१५ को लागत अनुमान तयार गरेको, CMA SMALL SYSTEM AB Sweden सँग July ३, २०१८ मा सम्झौता भए अनुसार निजले सम्पन्न गरेको कार्यको प्रतिवेदन संलग्न गरी परामर्शदाताले पेस गरेको, बिलको भुक्तानी कार्य अगाडि बढाउनका लागि सिफारिस गरेको र CMA Small Systems AB Sweden ले प्रस्तावमा उल्लेख भएको Terms of Reference (TOR) अनुरूप e-Payment प्रणालीको Customization कार्य सम्पन्न गरेकोले निजहरूले पेस गरेको बिलको भुक्तानी कार्य अगाडि बढाउन प्रतिवेदन पेस गरेको तथा तालिम बापतको रकम भुक्तानी दिनु भनी प्रतिवेदन पेस गरेको भन्ने आधारमा यी प्रतिवादीहरू उपर आरोपदाबी लिएको देखिन्छ।

८४. **प्रतिवादी रमेश पोखेलले आफ्नो बयानमा** आ. व. ०७४।०७५ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अनुसार इ-पेमेण्ट गेटवे सफ्टवेयर निर्माण तथा परामर्श खरिदको लागि रु.२५ करोड बजेट विनियोजन भएकोमा सार्वजनिक खरिद अनुगमन कार्यालयले संचालनमा ल्याएको E-Government Procurement System बाट वार्षिक खरिद योजना (Annual Procurement Plan) तयार हुने भएकोले सोही बमोजम खरिद योजना तयार भै खरिद प्रक्रिया अगाडि बढेको हो। सो क्रममा तत्कालिन कार्यकारी निर्देशकबाट स्वीकृत बजेट तथा कार्यक्रमअनुसार कार्य सम्पन्न गर्नको लागि लागत अनुमान तयार गर्न मौखिक निर्देशन भएबमोजिम केन्द्रका प्राविधिकहरू (उपनिर्देशक, सहायक निर्देशक तथा कम्प्युटर इन्जिनियर) बाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ को अधीनमा रही NPG सफ्टवेयर खरिदको लागि Payment Gateway का सम्बन्धमा काम गरिसकेका अन्तर्राष्ट्रिय कम्पनीहरूबाट कोटेसन माग गरी सो समेतका आधारमा म, कम्प्युटर इन्जिनियर रामशरण गायक र सुनिल पौडेलले लागत अनुमान सहितको कागजात तयार गरी आशयपत्र माग गर्ने प्रयोजनार्थ मिति २०७४।१०।१० गतेको टिप्पणी कार्यालय प्रमुख समक्ष पेस गरेको हो भनी आरोपित कसुरमा इन्कारी रही अनुसन्धान तथा यस अदालतमा बयान गरेको देखियो।

८५. त्यसैगरी **प्रतिवादी रामशरण गायकले निजको बयानमा** आर्थिक वर्ष ०७४/०७५ को बजेट तथा कार्यक्रम अनुसार इपेमेण्ट गेटवे सफ्टवेयर निर्माण तथा परामर्श खरिदको लागि रु.२५ करोड बजेट विनियोजन भएकोमा सार्वजनिक खरिद अनुगमन कार्यालयले संचालनमा ल्याएको E-Government Procurement System बाट वार्षिक खरिद योजना (Annual Procurement Plan) तयार हुने भएकोले सोही बमोजम खरिद योजना तयार भई खरिद प्रक्रिया अगाडि बढेको

हो। सो क्रममा तत्कालीन कार्यकारी निर्देशकबाट स्वीकृत बजेट तथा कार्यक्रम अनुसार कार्य सम्पन्न गर्नको लागि लागत अनुमान तयार गर्न हामीलाई मौखिक निर्देशन भएको थियो। सोपश्चात् म, रमेश पोखरेल र सुनिल पौडेलले सार्वजनिक खरिद ऐन, २०६३ दफा ५ तथा ऐ. नियमावली, २०६४ को नियम ११ को बमोजिम National Payment Gateway सफ्टवेयर खरिदको लागि सो सम्बन्धमा अनुभव प्राप्त अन्तर्राष्ट्रिय कम्पनीहरूबाट कोटेसन माग गरी सो समेतका आधारमा लागत अनुमानसहितको कागजात तयार गरी आशयपत्र माग गर्ने प्रयोजनार्थ मिति २०७४।१०।१० गते टिप्पणी र आदेश कार्यालय प्रमुखसमक्ष पेस गरेको हो। सो पश्चात् सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७१ र ऐ. नियमावली, २०६४ को नियम १४७ बमोजिम कार्यालयले गठन गरेको बोलपत्र मूल्याङ्कन समितिको सदस्यको हैसियतले असल नियतले आफ्नो पदीय जिम्मेवारी पूरा गरेको छु। सो क्रममा E-Payment प्रणालीको Customization को कार्य भए नभएको सम्बन्धमा एकिन गर्नको लागि कार्यालय प्रमुखबाट आदेश भएपश्चात् हेरी जाँची Customization भएको देखि मिति २०७५।११।२७ मा बिल भुक्तानीको कार्य अगाडि बढाउन सिफारिस गरेको हुँ। उक्त गेटवे सञ्चालनको लागि राष्ट्रिय सूचना प्रविधि केन्द्रले माग गरेको थप बजेट अर्थ मन्त्रालयले निकासा नगरेकोले सो गेटवे पूर्ण सञ्चालन नभएको हुनसक्छ। मलाई आरोपदाबी बमोजिम सजाय हुनुपर्ने होइन भनी आरोपित कसुरमा इन्कारी रही अनुसन्धान तथा यस अदालतमा बयान गरेको देखियो।

८६. राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन सहायक निर्देशक प्रतिवादी रमेश पोखेल र राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन इन्जिनियर प्रतिवादी रामशरण गायकले आरोपित दाबीलाई इन्कार गरी अनुसन्धान तथा यस अदालतमा बयान गरेको देखिन्छ। यी प्रतिवादीहरू समेतले Best2Pay, KrutPteLtd., Singapore र Spectrum Engineering Consortium Ltd., Bangladesh बाट प्राप्त कोटेसनको औसत गरी जम्मा रु.२४,७५,२२,८४६.१५ को लागत अनुमान तयार गरेको देखिन्छ। कुनै पनि खरिद प्रक्रिया अघि बडाउन कोटेसन माग गर्नु खरिद प्रक्रियाको एक अङ्ग हो। कोटेसनको औसत गरी लागत अनुमान गर्ने कार्य आफैमा भ्रष्टाचार होइन। जुनै पनि सार्वजनिक खरिद गर्ने प्रक्रियामा लागत अनुमानको कार्य गर्नु बाञ्छनीय नै हुन्छ। तसर्थ, यस कार्यलाई बदनियत भन्ने परिभाषामा राखि प्रतिवादीहरूलाई सजाय गर्नु न्यायचित हुदैन। साथै, CMA Small Systems AB Sweden ले प्रस्तावमा उल्लेख भएको Terms of Reference (TOR) अनुरूप E-Payment प्रणालीको Customization कार्य सम्पन्न गरेकोले निजले पेस गरेको बिलको भुक्तानी कार्य अगाडि बढाउन प्रतिवेदन पेस गरेको भन्ने सम्बन्धमा हेर्दा, निजहरूलाई कार्यलय प्रमुखले Customization कार्य भए, नभएको भन्ने आदेशबमोजिम Customization को कार्य भएको भनी प्रतिवेदन पेस भएको देखिन्छ। प्रक्रियागत कार्य निजहरूले आफ्नो जिम्मेबारीमा रही गरेको देखिन्छ। अभियोजन पक्षबाट निजले गरेको कार्य बदनियत रहेको भन्ने प्रष्ट पार्न सकेको देखिंदैन।

८७. अतः **यी प्रतिवादीहरूको बयान, निजहरूले कार्यालय प्रमुखबाट पाएको कार्यदिश र आफ्नो विज्ञताअनुसार दिएको सिफारिस मात्रको आधारमा खरिद सम्बन्धी अनियमिततामा निजको समेत बदनियतूर्ण सहभागिता र मिलेमतो रहेको भन्ने निष्कर्ष निकाल्न मिल्दैन। निर्णायक तहमा बसेर खरिद प्रक्रियामा खेल्ने भूमिका र माथिल्लो अधिकारीले दिएको आदेश कार्यान्वयनको सिलसिलामा गरिने सुझाव सिफारिस वा देखे जानेको वस्तस्तुस्थिति खुलाई पदीय कर्तब्य निर्वाह गरेको कार्यलाई कुनै प्रमाणबाट मिलेमतो र बदनियत पुष्टि नभएसम्म भ्रष्टाचारजस्तो सामाजिक लाञ्छना लाग्ने कसुरको कसुरदार भनी घोषणा गर्नु सर्वथा न्यायको मान्यता विपरित हुन जान्छ।** तसर्थ यी प्रतिवादीहरू रमेश पोखरेल र रामशरण गायक उपरको आरोप दावी पनि निजको हकमा खम्बीर हुन सक्ने देखिएन।

८८. त्यसैगरी **प्रतिवादी रामबहादुर बुढाको** हकमा निर्णयतर्फ विचार गर्दा, National Payment Gateway System को करार सम्झौतामा कार्य सम्पन्न नहुँदै परामर्शदाताबाट विल पेस भई प्राविधिकहरूबाट कार्य सम्पन्न प्रतिवेदन तथा जिन्सी शाखाबाट दाखिला प्रतिवेदन पेस भएको भन्ने आधारमा प्रतिवादीले परामर्शदातालाई नेपाल राष्ट्र बैंकमार्फत मिति २०७५।०३।२९ मा भुक्तानीको लागि सिफारिस गरेको हुँदा प्रतिवादी रामबहादुर बुढा उपर आरोपदाबी लिइएको देखिन्छ।

८९. निज प्रतिवादीले अनुसन्धान तथा यस अदालतमा बयान गर्दा निजले आफ्नो बयानमा वहन गर्नै पर्ने जिम्मेवारीका रुपमा लेखा सम्बन्धी कार्यहरू मबाट सम्पन्न भए गरेको हो। कार्यकारी निर्देशकबाट राय माग भएकोमा मैले आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११३ को अधिनमा रही कानून बमोजिम राय दिएको हो। मैले मेरो पदीय दायित्व अनुसार प्रक्रियागत रुपमा National Payment Gateway System को करार सम्झौतामा रहेका ५ वटा आइटमहरूमध्ये सो आ.व. को लागि सम्पन्न गर्न तोकिएका २ वटा आइटमहरू सम्पन्न भई परामर्शदाताबाट विल पेस भएकोमा प्राविधिकहरूबाट कार्य सम्पन्न प्रतिवेदन तथा जिन्सी शाखाबाट दाखिला प्रतिवेदन पेस हुन आए पश्चात पेस भएको बिल भुक्तानीका लागि सिफारिस गरेको हुँ। मिति २०७५।०३।२९ मा प्राप्त बिल अनुसार USD १८,००,०००/- को तत्कालिन विनिमय दर अनुसार हुने रकम रु.२२,३७,८०,६८०।- बाट अग्रिम आयकर १५%, मु.अ. कर १३%, र धरौटी ५% समेत गरी जम्मा रु.६,५३,३१,८८०/- कट्टी गरी बाँकी रकम रु.१५,८४,२८,८००/- परामर्शदातालाई नेपाल राष्ट्र बैंकमार्फत भुक्तानीको लागि सिफारिस गरेको हुँ। पहिलो किस्ता रकम भुक्तानीपश्चात् २०७५ कात्तिकमा बरबुझारथ गरी म मिति २०७५ पौषदेखि रमाना भै गैसकेको हुनाले बरबुझारथ मिति पश्चात National Payment Gateway का विषयमा भएका गतिविधिका सम्बन्धमा मलाई केही भन्नु छैन। मैले आरोपदाबी बमोजिमको कुनै कसुर नगरेको हुँदा आरोपदाबीबाट सफाइ दिलाई पाउँ भनी आरोपित कसुरमा इन्कारी रही अनुसन्धान तथा यस अदालतमा बयान गरेको देखियो।

९०. निजको बयान बेहोरा अनुसार निज प्रतिवादी आफैले कुनै स्वतन्त्र निर्णय गरी रकम भुक्तानी गरेको अवस्था छैन। आरोपित कसुरमा इन्कारी रही बयान गरेको देखिन्छ। सम्झौता अनुसार कार्य सम्पन्न भएको भनी पेस हुन आएको आधारमा निजले भुक्तानीको लागि सिफारिस गरेको देखिन्छ। यी प्रतिवादी निर्णयकर्ता नभई आदेश अनुसार भुक्तानी दिने कार्य गर्ने व्यक्ति हुन्। यी प्रतिवादी समक्ष पेस हुन आएको प्रतिवेदन तथा तोक आदेशको सत्यताको निरोपण गर्ने अधिकार निजलाई कानूनले समेत दिएको देखिंदैन। निज प्रतिवादीले लेखा प्रमुखको हैसियतले जिम्मेवारी सम्हालेको देखिन्छ। निज समक्ष सम्बन्धित अधिकारीबाट पेस हुन आएको प्रतिवेदनको निष्पक्षतामा प्रश्न उठाउने अधिकारी निज लेखा अधिकृत रहेका प्रतिवादीमा रहने होइन। यी प्रतिवादीले भुक्तानीको सिफारिस गर्ने कार्यमा निजबाट के कसरी भ्रष्टाचार भएको भनी अभियोजन पक्षले पुष्टि हुने प्रमाण पेस गर्न सकेको देखिएन। साथै, अभियोजन पक्षबाट निजले गरेको कार्य मिलेमतो र बदनियतसाथ गरेको भन्ने सप्रमाण प्रष्ट पार्न नसकेको परिप्रेक्ष्यमा प्रतिवादी रामबहादुर बुढा विरुद्ध लिइएको आरोपदाबी पुष्टि हुन आएन।

९१. अतः माथि विवेचित आधार कारणहरूका साथसाथै निज प्रतिवादी राम बहादुर बुढाले गरेको कार्यमा के कस्तो कर्तब्य, दायित्व र जिम्मेवारी हुन्छ भन्नेतर्फ पनि दृष्टिगोचर गरिनु बाञ्छनीय हुन आउँछ। यस सन्दर्भमा हेर्दा लेखा अधिकृतको प्रमुख कार्य भनेको आर्थिक लेखा प्रणालीलाई सुसँगत र सही तरिकाले सञ्चालन गर्नु हो। निजको कर्तब्य र अधिकारहरू कानूनतः नै तोकिएको हुन्छ। लेखा अधिकृतको प्रमुख कार्य भनेको पारदर्शिता र सही प्रक्रियामा खर्चको व्यवस्थापन गर्नु हो। यदि कुनै परियोजनामा स्वीकृत लागत अनुसार खर्च भएका बिलहरू सही र अनुमोदित छन् भने लेखा अधिकृतको कर्तब्य हुन्छ कि ती बिलहरूको भुक्तानी प्रक्रिया पुरा गर्नु। यसरी भन्न सकिन्छ कि, लेखा अधिकृतको मुख्य जिम्मेवारी भनेको सही प्रक्रिया र नीति अनुसार भुक्तानी सुनिश्चित गर्नु हो र पेस गरिएको बिल भरपाईमा यदि कुनै शङ्का उत्पन्न भयो भने उनले आवश्यक जाँच गर्न र समाधानको लागि आवश्यक कदम चाल्न सक्दछन्। तर, कुनै पनि कारण बिना भुक्तानी रोक्नु लेखा अधिकृतको जिम्मेवारी होइन।

९२. त्यस्तै लेखा अधिकृतले वित्तीय नियम र प्रक्रियाहरूको पालन गर्न आवश्यक छ। यदि परियोजनाको खर्च निश्चित बजेट र नीति अनुसार छ भने लेखा अधिकृतको कर्तब्य भनेको ती खर्चहरूलाई स्वीकृति दिनु हो, तर यदि ती खर्चहरू अवैध, अनियमित, वा बजेटको बाहिर छन् भने उनले भुक्तानी रोक्न सक्छन्। लेखा अधिकृतले सम्पूर्ण भुक्तानी प्रक्रियामा पारदर्शिता र निष्पक्षता कायम राख्नु पर्छ। तर उनलाई बिना कारण भुक्तानी रोक्नको अधिकार हुँदैन। यदि कुनै अनियमितता देखिन्छ भने उनले त्यसलाई सच्याउनका लागि जिम्मेवारी लिन सक्दछन्। कार्यकारी प्रमुखले गरेको

आदेश कार्यान्वयनको तहमा रही काम गरेको अवस्था छ। भुक्तानी सिफारिस गर्दा पुऱ्याउनुपर्ने पूर्वशर्तहरू जस्तै बिल भरपाई र परामर्शदाताको सिफारिस सिरानी हालेर नै निजबाट काम भएको देखिन्छ। बिना बिल वा बिना परामर्श वा कार्यकारी प्रमुखको आदेश विपरित काम गरेको भन्ने आरोप पनि निज **विरुद्ध लगाइएको पाइदैन। निजले पहिलो किस्ता भुक्तानी सिफारिस गरेपछि उक्त कार्यालयबाट सरुवा भै गएको समेत देखिन्छ। तसर्थ निज प्रतिवादीको कसैसँग मिलेमतो रहेको वा बदनियत राखी काम गरेको भन्नेसमेत प्रमाणबाट पुष्टि हुन नआएको यस अवस्थामा निजलाई कसुरदार ठहर गर्न मिल्ने देखिंदैन।**

९३. त्यसैगरी **प्रतिवादी निमबहादुर वली र सफल श्रेष्ठ** उपरको आरोप दावीमा CMA Small Systems AB, Sweden ले विभिन्न मितिमा सरोकारवाला निकायका कर्मचारीहरूलाई स्थलगत एवम् Webinar को माध्यमबाट तालिम एवम् ज्ञान हस्तान्तरण सम्बन्धी कार्य गरेको र ठेक्का सम्बन्धी उसको तर्फबाट हालसम्म गर्नुपर्ने सबै दायित्व पूरा गरिसकेको र भविष्यमा महालेखा नियन्त्रक कार्यालयको प्रणालीसँग आबद्ध गर्ने प्रयोजनको लागि केही रकम बाँकी राखी तालिम एवम् ज्ञान हस्तान्तरण बापतको रकम भुक्तानी दिन उपयुक्त हुने भनी मिति २०७७।०३।२९ गते सहायक निर्देशक रमेश पोखरेल र निर्देशक सफल श्रेष्ठले प्रतिवेदन पेस गरेको देखिएकोमा सोही बमोजिम ठेक्का सम्झौताको म्याद नै कायम नरहेको तथा उक्त सेवा खरिद गरेको २ वर्ष पछाडि भुक्तानी दिन लेखा अधिकृत निमबहादुर वलीबाट टिप्पणी लगायतको कागजात पेस गरी कानूनको प्रतिकूल हुने गरी भुक्तानी दिएको भन्ने आधारमा प्रतिवादीहरू निमबहादुर वली र सफल श्रेष्ठ उपर आरोपदाबी लिएको देखिन्छ।

९४. **निज प्रतिवादी निमबहादुर वलीको हकमा हेर्दा, निजको बयानमा** तालिम सञ्चालन भैसकेको भनी भुक्तानीको लागि मिति २०७७।०३।२९ गतेको प्राविधिकको सिफारिस राय पेस भएको थियो। राय सिफारिसको कागजबाट तालिम सम्पन्न भएको कुरामा कुनै द्विविधा नरहेको र भुक्तानीको लागि प्राप्त सिफारिसमा अख्तियारवाला कार्यकारी निर्देशकबाट तोक आदेशसमेत भएको थियो। सो पश्चात् ठेक्काको अवधि समाप्त भै सकेको भन्ने आधारमा पहिले सम्पन्न भै सकेको कार्यको भुक्तानी रोक्ने कुनै कानूनी आधार थिएन। फेरि रोक्नै पर्ने भएमा पनि त्यो मेरो अधिकारक्षेत्रभित्र पर्ने कुरा थिएन। यसरी म लेखा अधिकृतसँग कुनै पनि भैसकेको कामको भुक्तानी रोक्ने कुनै अधिकार नरहेकोले माथिल्लो पदाधिकारीबाट दिएको आदेश पालना गर्नै पर्ने हुन्छ। एकै पटक म्याद थप समेत गरी गराई ठेक्का सम्पन्न गरी बाँकी रकम भुक्तानी गर्न सकिने अवस्थामा सम्झौताबमोजिम ५४,५०० यु.एस. डलरको बिल पेस भएता पनि आ.व. ०७६/०७७ को स्वीकृत कार्यक्रममा यस कामको लागि रु.१८,००,०००।- विनियोजन भएकोले सोही बेहोरा उल्लेख गरी असल नियतले आंशिक भुक्तानीको लागि कार्यकारी निर्देशक समक्ष निर्णयार्थ पेस गरेकोसम्म हुँ। कार्यालयसँग बजेट नै रु.१८,००,०००।- मात्र रहेको हुँदा सोलाई रु.१७,९९,७००।- कायम गरी सो रकमलाई यु.एस.डलरमा परिवर्तन गरी हुन आएको रकम १४९२१.७० डलर (मु.अ.कर सहित) बाट अग्रिम आयकर १५% मु. अ. कर १३% र धरौटी ५% समेत गरी रू.५,२५,५७६।- कट्टी गरी बाँकी रु.१२,७४,१२४/- भुक्तानी गरेको हो। मलाई महालेखा नियन्त्रक कार्यालय लगायत सरोकारवालाहरू (Stakeholders) सँगको Integration अघि नै Customization र Integration को लागि भुक्तानी गरेको भन्ने आरोप रहेको देखिन्छ। यसमा National Payment Gateway Symtem लाई उक्त निकायहरूसँग Integration गर्नु पर्ने भन्ने कुरा Bill of Quantities (BOQ) मा समेत उल्लेख नभएको हुँदा सोका सम्बन्धमा कुनै भुक्तानी नै गरेको छैन भनी आरोपित कसुरमा इन्कारी रही अनुसन्धान तथा यस अदालतमा बयान गरेको देखियो।

९५. त्यस्तै तत्कालीन लेखा अधिकृत प्रतिवादी निमबहादुर ओलीले आरोपित दाबीलाई इन्कार गरी अनुसन्धान तथा यस अदालतमा बयान गरेको देखिन्छ। यी प्रतिवादी निमबहादुर ओलीले भुक्तानी दिएको देखिन्छ। निजले तालिम सञ्चालन भैसकेको भनी भुक्तानीको लागि मिति २०७७।०३।२९ गतेको प्राविधिकको सिफारिस राय पेस भएको तथा भुक्तानीको लागि प्राप्त सिफारीसमा कार्यकारी निर्देशकबाट तोक आदेश भएअनुसार निजले भुक्तानी दिएको देखिन्छ।

आदेश तथा प्रतिवेदन अनुसारको भुक्तानी रोक्ने निज उपर अधिकार नरहेको अवस्थामा निजले गरेको कार्य भ्रष्टाचार भनी करार गरी निजलाई सजाय गर्नू कानूनसम्मत हुदैन।

९६. त्यसैगरी **प्रतिवादी सफल श्रेष्ठको** हकमा निर्णयतर्फ विचार गरी हेर्दा, निजले म राष्ट्रिय सूचना प्रविधि केन्द्रमा नियुक्त भई आउनु अगाडि नै National Payment Gateway को परामर्शदाता CMA Small System सँग Training and Knowledge Transfer को सम्झौता भएको हो। म नियुक्त भई आएपश्चात् परामर्शदाताबाट बिभिन्न बैङ्क, महालेखा नियन्त्रक कार्यालय तथा राष्ट्रिय सूचना प्रविधि केन्द्रका कर्मचारी समेतलाई गेटवे सञ्चालन तथा व्यवस्थापन सम्बन्धी पाँच दिने स्थलगत तथा विभिन्न मितिमा अनलाइन मार्फत तालिम सम्पन्न गरी सम्झौताबमोजिम बिल पेस भएको र कार्यकारी निर्देशकज्यूबाट आदेश भएबमोजिम २०७७।०३।२९ गते प्राविधिक राय पेस गरेको हो। सो क्रममा Vendor ले ५ दिने तालिम सम्पन्न भएको बेहोरा सहित बिल पेस गरेको तालिम प्रदान गरेको फोटो, हाजिरी, तालिम सामाग्री (स्लाइडहरू), अनलाइनबाट भएको तालिमको लिङ्क समेतको कागजातको आधारमा भुक्तानीको लागि प्राविधिक राय लेखेको अवस्थामा महालेखा नियन्त्रक कार्यालयको प्रणालीसँग अन्तरआवद्धताको काम बाँकी रहेकोले सम्पूर्ण कार्य सम्पन्न भई व्यवसायिक सुरुवात भएपश्चात् साबिककै निकाय तथा कर्मचारीहरूलाई थप एक चरणको तालिम उपलब्ध गराउन पर्ने महसुस भई पूर्व रायको बेहोरा सच्याई केवल आंशिक भुक्तानी दिने गरी असल नियतले राय दिएको हो। अघिल्लो राय रद्द गर्न मानविय त्रुटिका कारण छुटेको सम्म हो। सम्झौताको म्याद सकिए पछि भुक्तानी सिफारिस गरेको भन्ने विषयमा सम्झौता बमोजिम सम्पूर्ण काम सकिई नसकेको र सबै काम सकिएपश्चात् माथिल्लो पदाधिकारीबाट एकै पटक म्याद थपसमेत गरी गराई ठेक्का सम्पन्न गरी बाँकी रकम भुक्तानी गर्न सकिने अवस्थामा असल नियतले आंशिक भुक्तानी सिफारिस गरेको हो। सम्झौताबमोजिम पेस भएको ५४,५००।- यु.एस. डलरको बिल मध्ये मेरो सिफारिसको आधारमा १४,९२१.७०।-यु.एस.डलर (रु.१७,९९,७००/-) बाट अग्रिम आयकर १५% मु. अ. कर १३% र धरौटी ५% समेत गरी रू.५,२५,५७६/- कट्टी गरी बाँकी रु.१२,७४,१२४/- भुक्तानी भएको हो। म निर्दोष छु झुट्टा आरोपदाबीबाट सफाइ पाउँ भनी आरोपित कसुरमा इन्कारी रही अनुसन्धान तथा यस अदालतमा बयान गरेको देखियो।

९७. निज प्रतिवादी राष्ट्रिय सूचना प्रविधि केन्द्रमा नियुक्त भई आउनु अगाडि नै National Payment Gateway को परामर्शदाता CMA Small System सँग Training and Knowledge Transfer को सम्झौता भएको देखिन्छ। Vendor ले ५ दिने तालिम सम्पन्न भएको बेहोरा सहित बिल पेस गरेको तालिम प्रदान गरेको फोटो, हाजिरी, तालीम सामाग्री (स्लाइडहरू), अनलाइनबाट भएको तालिमको लिङ्क समेतको कागजातको आधारमा भुक्तानीको लागि प्राविधिक राय लेखेको आधारमा निजले आंशिक भुक्तानी दिन प्रतिवेदन पेस गरेको देखिन्छ। निज समक्ष पेस हुन आएको तालिम प्रदान गरेको फोटो, हाजिरी, तालीम सामाग्री (स्लाइडहरू), अनलाइनबाट भएको तालिमको लिङ्क समेतको कागजातको आधारमा प्रतिवेदन पेस गरेको देखिन्छ। यस सन्दर्भमा तत्काल अवस्थामा हेर्दा तालिम सम्बन्धि केही काम भई पुनः तालिम दिने निर्णय भएको देखिंदा निजले आंशिक भुक्तानी दिनु भनी तयार भएको प्रतिवेदनलाई अन्यथा भन्न सकिएन। अभियोजन पक्षले निजको कसुर प्रष्ट रुपमा प्रमाणद्वारा प्रमाणित गर्न सकिएको देखिएन।

९८. त्यसैगरी **प्रतिवादी मधुकुमार मरासिनीको** हकमा निर्णयतर्फ विचार गर्दा आरोपपत्रमा नेसनल पेमेण्ट गेटवे (NPG) खरिद सम्बन्धमा आर्थिक वर्ष २०७४।७५ को नीति तथा कार्यक्रममा समावेश नभएको र राष्ट्रिय सूचना प्रविधि केन्द्रले खरिद गर्न बजेट माग गरेको नदेखिएको अवस्थामा अर्थ मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखाका तत्कालीन महाशाखा प्रमुख प्रतिवादी मधुकुमार मरासिनीले आफूलाई प्राप्त अख्तियारीको दुरुपयोग गरी लापरबाही तथा बदनियतले उक्त बजेट २०७४ जेष्ठ ११ गते LMBIS मा प्रविष्ट गर्न लगाई बजेट तथा कार्यक्रम महाशाखाको कर्मचारीहरूको User Id लक भए पछि गोप्य शाखाबाट सूचना प्रविधि केन्द्रलाई रु.२५ करोड नै विनियोजन गरेको भन्ने आधारमा यी **प्रतिवादी** उपर आरोपदाबी लिइएको देखिन्छ।

९९. निज प्रतिवादीले बयानमा म National Payment System, को खरिद गर्ने राष्ट्रिय सूचना प्रविधि केन्द्रको कार्यालय प्रमुख होईन। म अर्थ मन्त्रालयको तात्कालीन सहसचिवलाई सार्वजनिक खरिद कानूनले खरिद योजना तयार गर्ने देखि लिएर खरिद गरिएको सामानको रकम भुक्तानी गर्ने वा उपयोग र संरक्षण गर्नेसम्मको कुनै पनि चरणमा मेरो भूमिकाको माग पनि गर्दैन। म त्यसमा संलग्न पनि छैन। उक्त बजेटले कानूनी रुप प्राप्त नगर्दै म मिति २०७४ जेठ २३ गते अर्थ मन्त्रालयबाट सरुवा रमाना भएको छु। उक्त रकमको निकाशामा म संलग्न रहेको छैन। मैले अर्थ मन्त्रालय छोडेको १३ महिना पछि NPG खरिदको भुक्तानी भएको छ, जहाँ मेरो भूमिका शून्य छ। तसर्थ मेरो हकमा प्रमाणित हुनसक्ने आधार र प्रमाण नै नभएको हुँदा आरोपित कसुरबाट उन्मुक्ति पाउँ भनी रही अनुसन्धान तथा यस अदालतमा बयान गरेको देखियो। यसरी अर्थ मन्त्रालयको तत्कालीन बजेट तथा कार्यक्रम महाशाखा प्रमुख रहेका तत्कालीन सहसचिव प्रतिवादी मधुकुमार मरासिनीले आरोपित दाबीलाई इन्कार गरी अनुसन्धान तथा यस अदालतमा बयान गरेको देखिन्छ।

१००. यी प्रतिवादीले २०७४ जेष्ठ ११ गते LMBIS मा प्रविष्ट गर्न लगाई बजेट तथा कार्यक्रम महाशाखाको कर्मचारीहरूको User Id लक भए पछि गोप्य शाखाबाट सूचना प्रविधि केन्द्रलाई रु.२५ करोड नै विनियोजन गरेको कार्य कसुरजन्य कार्य हो भनी आरोपपत्रमा दाबी लिएको भएता पनि त्यसरी प्रक्रियागत कार्यविधि पुरा नै नगरी LMBIS मा प्रविष्ट गर्दा निज प्रतिवादीको के कस्तो बदनियत रहेको थियो र सो बदनियतको प्रयोगबाट निजले आफू स्वयंलाई लाभ हुने र सरकारलाई हानी हुने के कस्तो कार्य गरेका हुन् भन्ने सम्बनधमा अभियोगपत्रमा ठोस आधारहरू प्रस्तुत गरेको पाइदैन। कुनै सरकारी निकायको लागि आ.व. २०७४/७५ को बजेट किताबमा बजेट इन्ट्रि गराएर सो बजेट खर्च गर्ने निकायले निज प्रतिवादीलाई लाभ प्रदान गरेको भन्ने पनि आरोपपत्रमा ठोस रुपमा पुष्टि प्रमाणित गरिएको अवस्था देखिन आउँदैन।

१०१. बजेट किताबमा उल्लेख गरी आ.व. २०७४/७५ को बजेट वक्तव्यमा पेमेण्ट गेटवे स्थापनार्थ राष्ट्रिय सूचना प्रविधि केन्द्रको नाममा बजेट विनियोजन भएको देखिन्छ। सो बजेट प्रतिनिधि सभा र राष्ट्रिय सभाबाट पारित भएकोमा विवाद छैन। आ.व. २०७४/०७५ को रातो किताव (Red Book) को ब.शि.नं ३३२१०७ र राष्ट्रिय सूचना प्रविधि केन्द्रमा ब.शि.नं. ३३२१०७४ (पुँजीगत खर्च) को खर्च शीर्षक २९७१२ मा सफ्टवेयर निर्माण र खरिद खर्चमा विषयगत मन्त्रालयबाट कार्यक्रम प्रस्ताव भई रु.२६ करोड ५० लाख विनियोजन भएकोमा यस मन्त्रालयको आ.व. २०७४/०७५ को LMBIS अनुसार इ-पेमेण्ट गेटवे तर्फ रु.२५ करोड विनियोजन भई रु.२४ करोड १७ लाख ८० हजार ६ सय ८६ खर्च भएको विवरण अर्थ मन्त्रालय, बजेट कार्यक्रम महाशाखाले पत्राचार गरेको भन्ने अर्थ मन्त्रालयको च.नं. २१८६ मिति २०८०।०३।१९ गतेको पत्रबाट देखिन्छ। यो पत्रको बेहोराबाट पनि बजेट विनियोजनको वैधतामा शङ्का गर्नुपर्ने र यी प्रतिवादीको बदनियत रहेको भन्ने अवस्था देखिन आउँदैन।

१०२. उक्त आ.व. २०७४/७५ को बजेट निर्माणका लागि तत्कालीन अर्थ सचिव शान्तराज सुवेदीको संयोजकत्वमा १३ सदस्यीय बजेट निर्माण समिति नै गठन गरिएको अवस्था देखिन्छ। स्वयम् अर्थ सचिवको नेतृत्वमा निरमाण भएको बजेट सम्बन्धित मन्त्री समक्ष पेस गरी माननीय मन्त्रीले नै स्सदको स्युक्त बैठकमा प्रस्तुत गरी दफावार छलफलपश्चात् सो आ व को बजेट संसदबाट पारित भएको अवस्था छ। बजेट निर्माण, तयारी र त्यसलाई अन्तिम रूप दिने जिम्मेवारी र भूमिका अर्थ सचिवको हुन्छ। बजेट विनियोजन भए पछि सम्बन्धित निकायले बजेट कार्यान्वयन तालिका, खरिद योजना र खरिद प्रक्रिया अगाडि बढाउने काम गर्छन् भनी तत्कालीन **अर्थ सचिव शान्त राज सुवेदीले निजलाई अनुसन्धानको क्रममा बुझ्दा बयानमा बेहोरा लेखाएको देखिन्छ।** यसप्रकार NPG खरिद शिर्षकमा बजेट विनयोजन गर्ने कार्यको प्रक्रियागत त्रुटी यी प्रतिवादीले समेत हेर्न सक्नुपर्ने विचार गर्नुपर्ने एउटा तथ्य भएतापनि अर्थ सचिवको नेतृत्वमा बजेट निर्माण गरी माननीय मन्त्रीसमक्ष पेस गरेको बजेट जुन अन्ततः संसदले नै स्वीकार गरिसकेको स्थिति छ त्यस्तो बजेट निर्माण गरेको कारणबाट तत्कालीन सहसचिव यी प्रतिवादी मधुकुमार मरासिनीलाई भ्रष्टाचार नै गरेको भनी आरोपित गर्नु मुद्दाको तथ्य प्रमाण र कानूनी आधारमा समेत न्यायोचित हुने देखिएन।

१०३. अतः बजेट विनियोजन गर्दा प्रक्रिया पुरा गर्नु गराउनु पर्ने सामूहिक जिम्मेवारी बजेट निर्माण समितिको रहने र यी प्रतिवादी एक्लैको निर्णय, बदनियत वा मनसायले मात्र मागै नभएको कुनै शिर्षकमा बजेट इन्ट्रि हुनसक्ने अवस्था पनि नरहने भएको एवम् त्यसरी बजेट विनियोजन प्रस्ताव गर्दा उक्त समितिको नै सामूहिक उत्तरदायित्व हुने भएकोले यी प्रतिवादीको बदनियत पुष्टि गर्न नसकेसम्म आरोपित कसुरमा दोषी मान्न मिलेन। साथै बजेटलाई आफ्नो इच्छा अनुसार छेडखानी गर्ने अधिकार यी प्रतिवादीलाई रहेन हुँदैन। बजेट बिनियोजन यी प्रतिवादीसमेत रहेको सम्बन्धित महाशाखाले गरेता पनि बजेट निर्माण समितिको प्रत्यक्ष निगरानीमा भएको मान्नु पर्ने हुन्छ। उक्त बजेट खर्च गर्ने अधिकार पनि यी प्रतिवादीलाई रहेको हुँदैन। राष्ट्रिय सूचना प्रविधि केन्द्रलाई NPG खरिद प्रयोजनको लागि रु.२५ करोड LMBIS मा प्रविष्ट भएको बजेट खर्च गर्ने, नगर्ने सम्पूर्ण अधिकार राष्ट्रिय सूचना प्रविधि केन्द्रको पदाधिकारीलाई नै हुन्छ।

१०४. राष्ट्रिय सूचना प्रविधि केन्द्रका पदाधिकारीले इमान्दारीपूर्वक काम गरी Supply, Delivery, Installation and Customization of National Payment Gateway System-NPG को कार्य सम्पन्न भएको भए सो सन्दर्भमा निज प्रतिवादी मधु मरासिनी उपर आरोपित कसुर सहितको कुनै प्रश्न उठ्ने विषय नै होइन। निज प्रतिवादीले आ.व. २०७४/७५ को बजेट वक्तव्यमा पेमेण्ट गेटवे स्थापनार्थ राष्ट्रिय सूचना प्रविधि केन्द्रको नाममा विनियोजन बजेट LMBIS मा प्रविष्ट गर्न लगाएकै मान्ने हो भने पनि सो कार्य आफैमा कसूरजन्य कार्य मान्न सकिने अवस्था हुँदैन। विनियोजित बजेट राष्ट्रिय सूचना प्रविधि केन्द्रलाई निकासा भई खरिद गुरु योजना बनाई खरिद प्रक्रियाका चरणहरू पुरा गरी बजेट खर्च गर्ने कार्यमा अर्थ मन्त्रालयमा कार्यरत यी प्रतिवादीको कुनै प्रत्यक्ष वा परोक्ष भूमिका रहन सम्भव नै नरहेको साथै उक्त केन्द्रलाई उल्लिखित बजेट पार्नमा निजको कुनै बदनियत रहेको भन्न सकिने अवस्थाको विद्यमानतासमेत अभियोजन पक्षबाट प्रष्ट पार्न नसकेको परिप्रेक्ष्यमा प्रतिवादी मधुकुमार मरासिनी विरुद्ध लिइएको आरोपदाबी पुष्टि हुन आएन।

१०५. यसप्रकार निज प्रतिवादी National Payment System, को खरिद गर्ने राष्ट्रिय सूचना प्रविधि केन्द्रको कार्यालय प्रमुख नभै अर्थ मन्त्रालयको तत्कालीन सहसचिव पदमा कार्यरत रहेको निजलाई सार्वजनिक खरिद कानूनले खरिद योजना तयार गर्ने देखि खरिद गरिएको सामानको रकम भुक्तानी गर्ने वा उपयोग र संरक्षण गर्नेसम्मको कुनै पनि चरणमा भूमिका प्रदान नगरेको बजेट लेखन गर्ने १३ सदस्य रहेको समितिमा **रहेका** तर बजेटले कानूनी रुप प्राप्त नगर्दै मिति २०७४ जेठ २३ गते अर्थ मन्त्रालयबाट सरुवा भई गएको देखिएको हुँदा रकमको निकासामा निजको संलग्नता रहेको नपाइएको र अर्थ मन्त्रालयबाट रमाना भै गएको १३ महिना पछि NPG खरिदको भुक्तानी भएको अवस्था देखिएको हुँदा बजेट विनियोजन गर्दा निजको अन्य व्यक्तिसँग कुनै मिलेमतो बदनियत रहेको प्रमाणको अभावमा निजको आरोपित कसुरमा संलग्नता रहेको पुष्टि हुन आएन।

१०६. अब, **माथि उल्लिखित प्रतिवादीहरूले गरेको उल्लिखित कार्यहरू आरोपदाबी अनुसारको कसुर हो, वा होइन ?** भन्ने तर्फ बिचार गरी हेर्दा, सामान्यतः सरकारवादी फौजदारी मुद्दामा कसुरदारको कसुर प्रमाणित गर्ने भार वादीमा रहन्छ। त्यसको निम्ति केवल अभियोग लगाएर मात्र हुँदैन। सो अभियोग पुष्टि हुने प्रमाण वादी पक्षले प्रस्तुत गर्न सक्नुपर्छ। जसलाई प्रमाण ऐन, २०३१ को दफा २५ ले स्पष्ट गरेको छ। **यी प्रतिवादीहरूले के कस्ता कार्य गरेका छन् र के कस्तो कार्यबाट के कस्तो कानूनको उल्लङ्घन भई अपराधजनित कार्य भयो र त्यस्तो कार्यमा को कसको के कसरी संलग्नता रहेको छ ?** साथै राष्ट्रिय सूचना प्रविधि केन्द्रमा नेसनल पेमेण्ट गेटवे खरिद गरी सञ्चालन गर्न विनियोजन भएको बजेटबाट रु.२३,२७,५८,०७७।- भुक्तानीको कार्य सम्पन्न गरी हालसम्म पनि संचालनमा नआएकोले यी प्रतिवादीहरूकै प्रत्यक्ष संलग्नतामा उक्त रकम खर्च भएको र हानिनोक्सानी भई यी प्रतिवादीहरूले भ्रष्टाचार गरेको भन्ने कुरा पनि अभियोजन पक्षले शङ्कारहित तवर (Beyond the reasonable doubt) ले पुष्टि गर्नुपर्छ।

१०७. प्रस्तुत मुद्दामा वादी नेपाल सरकारले यी प्रतिवादीहरू संजय शर्मा, रामबहादुर बुढा, रमेश पोखेल, रामशरण गायक, मधुकुमार मरासिनी र प्रणिता उपाध्यायको हकमा बिगो रु.२३,२७,५८,०७७।- (तेइस करोड सत्ताइस लाख अण्ठाउन्न हजार सत्तहत्तर रुपैयाँ), प्रतिवादी सफल श्रेष्ठको हकमा बिगो रु.१७,९९,७००/-(सत्र लाख उनान्सय हजार

सात सय रुपैयाँ) र प्रतिवादी निमबहादुर वलीको हकमा बिगो रु.८९,७७,३९७/-(उनान्नब्बे लाख सत्तहत्तर हजार तीन सय सन्तानब्बे रुपैयाँ) को सरकारी सम्पत्तिको हानिनोक्सानी, दुरुपयोग गरी भ्रष्टाचारजन्य कसुर गरेको तथ्य पुष्टि गर्न सकेको देखिंदैन। निश्चित रुपमा फौजदारी कसुरमा अभियोग दाबी प्रमाणित गर्दा प्रतिव्यक्ति प्रतिप्रमाणबाट पुष्टि हुनुपर्दछ। यी प्रतिवादीहरूउपरको आरोपदाबी शङ्कारहित तवरबाट उक्त सिद्धान्त अनुसार प्रमाणित गर्न नसकेको अवस्थामा निजहरू उपरको आरोपदाबी स्थापित हुन आउँदैन। अतः यी प्रतिवादीहरूले अभियोग दाबी बमोजिमको कसुर गरेको हो भनी वादी नेपाल सरकारको तर्फबाट ठोस र वस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्ने सकेको देखिंदैन। तसर्थ **प्रतिवादीहरू संजय शर्मा, रामबहादुर बुढा, रमेश पोखेल, रामशरण गायक, मधुकुमार मरासिनी, प्रणिता उपाध्याय, सफल श्रेष्ठ र निमबहादुर वलीले** आरोपदाबीबाट सफाइ पाउने ठहर्छ।

१०८. अब, **प्रतिवादी सुनिल पौडेलको** हकमा बिचार गर्दा, यी प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा दफा १७ ले व्यवस्था गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम कैद सजाय र सोही ऐनको दफा ३ को उपदफा (१) बिगोबमोजिम जरिबाना गरी सोही ऐनको दफा १७ बमोजिम हानिनोक्सानी गरे गराएको सम्पत्ति निज प्रतिवादीहरूबाट असुल तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय गरी पाउँ भन्ने आरोपदाबी रहेको देखिन्छ।

१०९. उपर्युक्त आरोपदाबीको परिप्रेक्ष्यमा यी प्रतिवादीको प्रति कसूर प्रति प्रमाणको तवरले हेर्दा यी **प्रतिवादी सुनिल पौडेल**ले NPG सञ्चालनको लागि सङ्घीय संसदबाट आ.व.०७४।०७५ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अनुसार NPG सफ्टवेयर निर्माण तथा परामर्शको लागि रु.२५ करोड बजेट विनियोजन भई NITC लाई प्राप्त भए पश्चातका सबै सुरुवाती चरणहरूमा मैले उपनिर्देशकको हैसियतले कानून बमोजिम आफ्नो काम सम्पन्न गरेको हो। उक्त गेटवे खरिद प्रक्रियामा अन्तर्राष्ट्रिय आशयको सूचना माग्ने निर्णय भई सूचना प्रकाशन समेत भई सकेर खरिद प्रक्रिया सुरु भई सकेको अवस्थामा मात्रै म निमित्त कार्यकारी निर्देशक भएकोले उक्त खरिद प्रक्रियालाई मैले रोक्न सक्ने अधिकार मलाई कानूनले नदिएको र सो रोक्नु पर्ने पूर्वावस्था समेत रहेको थिएन। वजेट तथा कार्यक्रम प्राप्त भएको तथा अर्थ मन्त्रालयका सचिव (राजस्व) को संयोजकत्वमा गठित समितिबाट भएको निर्णय कार्यान्वयनको लागिसमेत लेखी आएको अवस्थामा तत्कालीन कार्यकारी निर्देशकबाट स्वीकृत वजेट तथा कार्यक्रम अनुसार कार्य सम्पन्न गर्नको लागि लागत अनुमान तयार गर्न मौखिक निर्देशन भए बमोजिम केन्द्रका प्राविधिकहरूबाट सार्वजनिक खरिद ऐन, २०६३ नियम ५ तथा खरिद नियमावली, २०६४ को नियम ११ को अधिनमा रही विभिन्न ३ वटा विदेशी फर्महरूबाट दरभाउ माग गरी प्राप्त दरभाउबाट औसत निकाली लागत अनुमान साथै फिचर सहितको स्पेसिफिकेसनसमेत तयार गरिएको हो। NITC लाई २०७४ श्रावणमा बजेट तथा कार्यक्रम प्राप्त भएकोमा ईपेमेण्ट गेटवे अनुगमन समितिको निर्णय कार्यान्वयन गर्नको लागि २०७४ असोजमा पत्र प्राप्त भएकोले दशैं तिहार लगत्तै कार्य प्रारम्भ गरी २०७४ माघ महिनामा लागत अनुमानसहितको कागजात तयारी गरिएको हो। अन्तराष्ट्रिय स्तरको आशयपत्रको सूचना, RFP आदि कार्य गर्दै जाँदा २०७५ असारसम्म आई पुगेको हो। आ.व. ०७४।०७५ को अन्ततिर कार्य सुरु गरिएको होइन।

११०. यसका साथै केन्द्रले खरिद गर्न लागेको इपेमेण्ट गेटवे प्रणालीमा रहेका ५ वटा कार्यहरू मध्ये २ वटा कार्यहरू 1) Payment Gateway Software र 2) Database Software, Readymade Software भएकाले आपूर्तिमा समय नलाग्ने तुरुन्त आपूर्ति हुन सक्नेमा परामर्शदातासँग वार्ता गर्दा समेत निज उक्त Software छोटो समयमा आपूर्ति गर्न सक्ने सहमत भएको हुँदा उक्त २ वटा कार्य सोही आ.व.मा सम्पन्न गरिएको हो। वढी समय लाग्ने कार्य Customization, Installation र Training जस्ता कार्यहरू अगामी आ.व.मा सम्पन्न गर्ने गरी तय गरिएको हो र कार्यसम्पन्न भएपछि नियमानुसार भुक्तानी भएको हो। मैले संस्थाको हितको लागि असल नियत तथा इमानदारी पूर्वक सुरुमा लगाए अह्राए बमोजिम र पछि कार्यकारी निर्देशक भएपछि नियमबमोजिम काम गरेको थिएँ। मैले आरोपदाबी बमोजिमको

कार्य नगरेकोले मलाई सजाय हुनुपर्ने होइन भनी अनुसन्धान तथा यस अदालतमा कसूरमा पूर्णतः इन्कार रही बयान गरेको देखियो।

१११. यो खरिद प्रक्रियामा मूलतः निम्न कमजोरीहरू रहेको देखिन्छः

**क. प्राविधिक र कानूनी पक्षको बेवास्ता**

१. National Payment Gateway सञ्चालन गर्नु प्राविधिक मात्र नभई कानूनी र वित्तीय विषयसमेत भएकोले बिजनेस डिटेल र कानूनी पक्षबारे अध्ययन नगरी हतारमा खरिद प्रक्रिया सम्पन्न भएको देखिन्छ।

२. प्रणाली स्थापना गर्न आवश्यक कानून निर्माणबारे अध्ययन गर्नुपर्नेमा सो नगरिएको अवस्था छ।

**ख. सम्भाव्यता अध्ययनको अभाव**

१. क्रियाशील (Functional) बनाउन के कस्ता पूर्वाधार आवश्यक पर्छ भन्ने अध्ययन नगरिएको अवस्था छ।

२. सुरक्षित, विश्वसनीय, प्रभावकारी, तथा सहज सेवा सुनिश्चित गर्नका लागि पूर्वतयारी नगरी खरिद सम्पन्न गरिएको देखिन्छ।

**ग. समन्वयको कमजोरी**

१. नेपाल राष्ट्र बैंक, अन्य बैंकहरू, महालेखा नियन्त्रक कार्यालय र वित्तीय संस्थाहरूसँग आवश्यक संयोजन नगरी प्रक्रिया अघि बढाइएको पाइन्छ।

२. सम्बन्धित सरोकारवालासँग छलफल नगरी बजेट विनियोजन र खरिद सम्पन्न भएको देखिन्छ।

**घ. प्रचलित कानूनी प्रक्रिया अबलम्बन नगरेकोः**

१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ (४) बमोजिम मालसामान वा उपकरण वा सेवा लगायतका सोधभर्ना हुने खर्च तालिम, गोष्ठी लगायत अन्य खर्चको विस्तृत विवरण तयार गर्नुपर्ने व्यवस्था छ। सो बमोजिम लागत अनुमान तयार नगरी Best2Pay, KrutPteLtd., Singapore र Spectrum Engineering Consortium Ltd., Bangladesh बाट प्राप्त कोटेसनको औसत गरी जम्मा रु.२४,७५,२२,८४६.१५ को लागत अनुमान तयार गरेको देखिएकोमा उक्त लागत अनुमान सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ बमोजिम स्वीकृत गरेको देखिंदैन।

२. National Payment Gateway System कार्यको Expression of Interest (EOI) प्रस्तावको मूल्याङ्कन प्रयोजनको लागि मिति २०७४।१२।२४ गतेको केन्द्रको निर्णयानुसार बोलपत्र मूल्याङ्कन समिति गठन भएको तर मिति २०७४।१२।१६ गते नै निमित्त कार्यकारी निर्देशक सुनिल पौडेलले समिति गठन भएको भनी पत्र जारी गरेको देखिन्छ।

११२. यो खरिद प्रक्रियामा विनियोजित बजेटलाई खर्च गर्दा कानूनमा निर्धारित प्रक्रिया अवलम्बन गरिएको देखिएन। विशेषतः सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक खरिद प्रक्रियामा स्वच्छता, इमानदारिता र जबाफदेहिता प्रवर्धन गर्दै खर्चको अधिकतम प्रतिफल हासिल गर्ने उद्देश्य राखेको छ। सो ऐनको दफा ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा अनिवार्य रूपमा खरिदको गुरुयोजना (Master Procurement Plan) र वार्षिक खरिद योजना तयार गर्नुपर्ने प्रावधान राखिएको छ। यस प्रावधानलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले थप स्पष्ट पार्दै १० करोडभन्दा बढी रकमको खरिद गर्दा अनिवार्य रूपमा खरिदको गुरुयोजना तयार गर्नुपर्ने सर्त निर्धारण गरेको छ। तर, राष्ट्रिय सूचना प्रविधि केन्द्रले E-Payment Gateway खरिद सम्झौतामा रु.२४ करोड २७ लाख ८० हजार ५ सय ७२ रुपैयाँ ३२ पैसा (USD२२,४७,३४४.००) को सम्झौता

गरे पनि सार्वजनिक खरिद ऐन तथा नियम अनुसार आवश्यक खरिद योजना तयार पारिएको वा त्यसको पालना गरिएको प्रमाण मिसिल संलग्न कागजातमा भेटिएको छैन।

११३. प्रस्तुत कार्यमा सार्वजनिक खरिद ऐन/नियम अनुसार अनिवार्य रूपमा तयार गर्नुपर्ने खरिद योजना बिना नै झुट्टा विवरण पेस गरी अन्तर्राष्ट्रिय आशयपत्र माग गरिएको देखिन्छ। खरिद कार्यको अनुमतिका लागि उठाएको टिप्पणी मार्फत खरिद प्रक्रिया स्वीकृत गराई खरिद कार्य अघि बढाउँदा प्रचलित कानूनी प्रक्रिया अवलम्बन नगरी लापरबाही र बदनियतका साथ NPG खरिद सम्झौता सम्पन्न गरिएको देखिन्छ। आर्थिक वर्षको अन्तिम महिनामा हतारमा सम्झौता तथा आंशिक भुक्तानी गरिए पनि हालसम्म प्रणाली पूर्ण रूपमा सञ्चालनमा आउन सकेको पाईंदैन। विभिन्न प्रतिवेदनहरूले देखाएअनुसार, प्रतिवादीहरूले आफ्नो ओहदाको दायित्व पालन नगरी नेपाल सरकार/सार्वजनिक संस्थाको सम्पत्तिमा ठूलो धनराशीको विगो रु.२३ करोड २७ लाख ५८ हजार ७७ रुपैयाँको हानिनोक्सानी गराएको पुष्टि हुन्छ।

११४. त्यस्तै अन्तर्राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरको EOI माग गर्ने सहमतिको निम्ति सिफारिस गर्नु एउटा सार्वजनिक खरिद प्रक्रियामा अपनाउनु पर्ने कानूनी प्रक्रिया हो। अन्तर्राष्ट्रिय स्तरको Expression of Interest (EOI) माग गर्ने सहमति, खरिद प्रक्रियाको एक आवश्यक र कानूनले निर्धारित कदम हो। मात्र सर्त के हो भने यस प्रकारको सहमति र सूचना प्रकाशन गर्ने प्रक्रिया सार्वजनिक खरिद ऐन, नियम र अन्य सरकारी कार्यविधिहरूसँग मेल खाने हुनुपर्छ। सार्वजनिक खरिद प्रक्रियामा स्पष्ट र पारदर्शी ढङ्गले सूचना प्रकाशन गर्नुपर्ने हुन्छ, जसले सबै इच्छुक पक्षलाई समान अवसर दिन्छ। यदि मिति २०७४।१०।१५ मा सार्वजनिक सूचना प्रकाशित गर्न निर्णय गरिएको छ र यो कार्य कानूनी र प्रक्रियागत ढङ्गले गरिएको देखिन्छ भने त्यस प्रक्रियालाई कानूनसम्मत नै मान्नु पर्ने हुन्छ। यस्तो निर्णयलाई कसूरजन्य कार्य मान्नु अत्यन्त गाह्रो विषय हो। किनभने यो सामान्य प्रशासनिक प्रक्रिया हो र यसमा कुनै अनधिकृत वा अस्वीकृत कदम उठाइएको हुँदैन।

११५. प्रतिवादी सुनिल पौडेल राष्ट्रिय सूचना प्रविधि केन्द्रमा सहायक निर्देशकको रुपमा कार्यरत रही कार्यकारी निर्देशक प्रतिवादी प्रणिता उपाध्यायको मिति २०७४।११।२० देखि लागु हुने गरी राजीनामा स्वीकृत भएपश्चात् निज प्रतिवादी सुनिल पौडेल निमित्त कार्यकारी निर्देशक र सोपश्चात् कार्यकारी निर्देशकको रुपमा कार्यरत रहेको देखिन्छ। यसै क्रममा CMA Small System, Sweden को आर्थिक प्रस्ताव खोल्न र छनौट हुन नसकेका प्रस्तावदाता IT Consultant Ltd Bangladesh JV Campass plus, UK र Montran Corporation, USA को आर्थिक प्रस्ताव नखोली फिर्ता दिन मिति २०७५।०२।१६ गते बोलपत्र मूल्याङ्कन समितिको संयोजक भई निमित्त कार्यकारी निर्देशक सुनिल पौडेलले सिफारिस सहित प्रतिवेदन दर्ता गरेको गरेको देखिन्छ।

११६. त्यस्तै यी बोलपत्र मूल्याङ्कन समितिको संयोजक प्रतिवादी सुनिल पौडेल समेतले Supply, Delivery, Installation and Customization of National Payment Gateway System कार्यको लागि CMA SMALL SYSTEMS AB SWEDEN नै आर्थिक प्रस्तावको मूल्याङ्कनबाट छनौट भएको भनी मु.अ.कर बाहेक रु.२१,४८,५०,०६४/- र मु.अ.कर सहित रु.२४,२७,८०,५७२.३२ (अक्षरेपि चौबिस करोड सत्ताइस लाख असी हजार पाँच सय बहत्तर रुपैयाँ बत्तिस पैसा) को आर्थिक प्रस्ताव छनौट गर्न मिति २०७५।०३।०१ गते सिफारिस गरेको देखिन्छ।

११७. कम्प्युटर इन्जिनियर राम शरण गायक, सहायक निर्देशक रमेश पोखेल र तत्कालीन उपनिर्देशक सुनिल पौडेलले Best2Pay, Krut Pte Ltd., Singapore र Spectrum Engineering Consortium Ltd., Bangladesh बाट प्राप्त कोटेसनको औसत गरी जम्मा रु.२४,७५,२२,८४६.१५ को लागत अनुमान तयार गरेको देखिन्छ। एक महिनाभित्र कार्य सम्पन्न गर्ने गरी 3rdJuly २०१८ (मिति २०७५।०३।१९) मा केन्द्र र CMA SMALL SYSTEMS AB SWEDEN बिच सम्झौता भएको पाइन्छ। राष्ट्रिय सूचना प्रविधि केन्द्रको तर्फबाट कार्यकारी निर्देशक भनी निज प्रतिवादी सुनिल पौडेलले नै सम्झौतामा हस्तक्षर गरेको देखिन्छ।

११८. नेसनल पेमेण्ट गेटवे रु.१२ करोडमै सम्भव हुँदाहुँदै सुनिल पौडेलसमेतको मिलेमतोमा कमिसनको लोभमा आवश्यक

पूर्वाधार नै तयार नगरी अस्वाभाविक रूपमा रु.२५ करोडको लागत स्वीकृत गरी खरिद गरिएको पुष्टि हुन्छ। यसरी सरकारी सम्पत्तिमा गैरकानूनी रूपमा हानिनोक्सानी पुर्‍याई सरकारी रकमको दुरुपयोग गरिएको हुँदा कानूनी कारबाहीको माग गर्दै दर्ता गरिएका छुट्टाछुट्टै उजुरी निवेदनहरू परेका छन्। महालेखापरीक्षकका ५७औं, ५८औं, ५९औं, र ६०औं वार्षिक प्रतिवेदनहरूले पनि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७(१) विपरीत खरिद गुरुयोजना बिना नेसनल पेमेण्ट गेटवे खरिद गरिएको, समयमा काम सम्पन्न नगरी प्रणाली प्रयोगविहीन अवस्थामा रहेको तथा परामर्शदाताको खर्च अनावश्यक रूपमा बढेको स्पष्ट रूपमा देखाएको छ।

११९. त्यसैगरी राष्ट्रिय सूचना केन्द्रमा नेसनल पेमेण्ट गेटवे (NPG) खरिद गरी सञ्चालन गर्न विनियोजन भएको बजेटबाट रु.२३,२७,५८,०७७।- मा NPG खरिद गरी प्रतिवादी सुनिल पौडेलको आदेशले भुक्तानीको कार्य सम्पन्न भएको देखिन्छ। मिति २०७५।०३।१९ मा एक महिनाभित्र कार्य सम्पन्न गर्ने गरी Supply Delivery, Installation and Customization of National Payment Gateway System को कार्यका लागि USD$२४,४७,३४४.०० (रु.२४,२७,८०,५७२.३२) मा सम्झौता भएकोमा रु.२३ करोड २७ लाख ५८ हजार रुपैयाँ अर्थात ९५.८७ प्रतिशत रकम भुक्तानी हुँदा समेत सम्झौताबमोजिम कार्य हुन नसकेको अवस्था विद्यमान देखिन्छ। उक्त प्रणाली हालसम्म पनि संचालनमा ल्याएको नदेखिएको र अब पूर्ण रुपमा संचालनमा ल्याउन सक्ने अवस्थासमेत नरहेको हुँदा नेपाल सरकार/राष्ट्रिय सूचना केन्द्रजस्तो महत्वपूर्ण सार्वजनिक संस्थाको रु.२३,२७,५८,०७७।- सम्पत्तिको हानिनोक्सानी भएको देखिन आयो। सो हानिनोक्सानी हुनमा यी प्रतिवादी सुनिल पौडेलको बदनियत अन्य लाभग्राहीसँग गैरकानूनी मिलेमतो र प्रत्यक्ष संलग्नता रहेको देखिंदा निज प्रतिवादीले गरेको इन्कारी बयान एवम् निजका विद्वान् कानून व्यवसायीहरूले सफाइ हुनुपर्छ भनी गरेको बहसको तर्क र प्रस्तुत गरिएका नजिर सिद्धान्तहरूसँग यो इजलास सहमत हुन सकेन।

१२०. यी प्रतिवादी उपर दाबी लिइएको कसुरको कानूनी प्रावधान हेर्दा, भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ मा **"कुनै राष्ट्रसेवकले आफ्नो ओहदाको वा सो सम्वन्धी कर्तव्य पालन गर्दा नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्तिको लापरबाही वा बदनियत गरी हिनामिना, हानिनोक्सानी वा दुरुपयोग गरे गराएमा वा मासेमा वा निजी प्रयोगमा लगाएमा निजलाई कसुरको मात्रा अनुसार सो दफा ३ बमोजिमको सजाय हुनेछ र त्यसरी हिनामिना, हानि नोक्सानी वा दुरुपयोग गरेको वा मासेको वा मास्न दिएको सम्पत्ति पनि निजबाट असुल उपर गरिनेछ"** भन्ने उल्लेख भएको पाइन्छ। सजायको हकमा उक्त ऐनको दफा ३ को उपदफा (१) मा **देहाय बमोजिम कैद र बिगोबमोजिम जरिबाना हुनेछ** भन्ने उल्लेख भई देहायमा उल्लिखित खण्डहरूमध्ये खण्ड (झ) मा ***एक करोड रुपैयाँ भन्दा बढी जतिसुकै भए पनि आठ वर्षदेखि दश वर्षसम्म कैद"***, सजाय हुने व्यवस्था भएको पाइन्छ।

१२१. अतः खरिद प्रक्रिया प्रारम्भ गर्दाको अवस्थामा प्रतिवादी सुनिल पौडेल राष्ट्रिय सूचना प्रविधि केन्द्र (National Information Technology Center-NITC) को उपनिर्देशक पदमा कार्यरत रहेको देखिन्छ। निजको नेतृत्वमा National Payment Getway (NPG) को परामर्श, Software खरिदका लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी पेस भएको प्रतिवेदनका आधारमा उक्त NITC का तत्कालीन कार्यकारी निर्देशकबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७०(२) को आधारमा तत्कालीन विज्ञान तथा प्रविधि मन्त्रालयका सचिवसमक्ष आशयपत्र स्वीकृतिको लागि पेस गरी स्वीकृत भएको देखिन्छ। परामर्श सेवा खरिदका लागि निज प्रतिवादी सुनिल पौडेलले NITC को तर्फबाट कार्यकारी निर्देशकको हैसियतमा CMA Small system AB सँग परामर्थ सेवा खरिद गर्ने सम्झौता गरेको पाइन्छ। तत् पश्चात परामर्श सेवा खरिद गरी निज प्रतिवादीले संस्थाको प्रमुखको हैसियतमा भुक्तानी दिने आदेश गरी रु.२३,२७,५८,०७७।- (तेइस करोड सत्ताइस लाख अन्ठाउन्न हजार सतहत्तर रुपैयाँ) भुक्तानी भएको देखिन्छ। यसरी उक्त रकम भुक्तानी गरी खरिद गरिएको software सञ्चालनमा ल्याउनुपर्ने जिम्मेवारी संस्थाको प्रमुख (कार्यकारी निर्देशक) को रुपमा निजै प्रतिवादीको रहेकोमा हालसम्म पनि सञ्चालनमा आएको देखिएन। अतः निज प्रतिवादीले कार्यकारी प्रमुखको हैसियतमा आफ्नो ओहदाको कर्तब्य पालन गर्दा लापर्वाही गरी

रु.२३,२७,५८,०७७/- मूल्य तिरी खरिद गरिएको परामर्श सेवा र sotware सञ्चालनमा नल्याई प्रयोग बिहिन अवस्थामा रहेबाट निज प्रतिवादीको कारणले नेपाल सरकारको माथि उल्लिखित रकम दुरुपयोग हुन गई सरकारलाई ठूलो क्षति एवम् हानिनोक्सानी पुगेको देखियो। सो हानिनोक्सानी पुऱ्याउनमा निज प्रतिवादी सुनिल पौडेलको आपराधिक मनसाय मात्र नभई बदनियत र लापरवाहीसमेत रहेको देखियो। मनसाय यस अर्थमा कि जसरी पनि प्रणाली खरिद गर्दा आफैले लाभ पाउने नियत राखी ठूलो मूल्य खर्च देखाउने गरी खरिद योजना बनाएको बदनियत यस अर्थमा कि काम पूरा सम्पन्न नहुँदै भुक्तानी दिंदा आफूलाई लाभ पुग्ने देखेको र लापरवाही यस अर्थमा कि खर्च गरिसकेपछि प्रणाली चलोस् नचलोस् कुनै मतलब नराखेको जसबाट सरकारको बजेट खर्चिनु तर जुन काम गरिनुपर्ने थियो त्यो गर्न कुनै दिलचस्पी नलिनु। तसर्थ उल्लिखित आधार, कारण र प्रमाणबाट निज प्रतिवादी सुनिल पौडेलले आरोपदाबी बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुर गरेको ठहर्छ।

१२२. सो कसुरमा निज प्रतिवादीलाई उल्लिखित बिगोको आधारमा उक्त ऐनको दफा ३ (१) (झ) बमोजिम सजाय हुने हुँदा सजाय निर्धारणको लागि फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ८, ९ र १२ को प्रयोजनार्थ मिति २०८१।०१।२५ गतेको पेसी तोक्नू। सो पेसी अगावै दुबै पक्षका कानून व्यवसायीबाट सजायपूर्वको प्रतिवेदन लिई नियमानुसार पेस गर्नू। अन्य प्रतिवादीहरू संजय शर्मा, प्रणिता उपाध्याय, रमेश पोखरेल, रामबहादुर बुढा, निमबहादुर वोली, राम शरण गायक, सफल श्रेष्ठ र मधुकुमार मरासिनीको हकमा आरोपदाबी बमोजिमको कसूर गरेको भन्ने मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन नआएको हुँदा निज प्रतिवादीहरूले अभियोग दावीबाट सफाइ पाउने ठहर्छ।

१२३. मिति २०८१/०१/०७ को आदेशानुसार दुवै पक्षबाट सजायपूर्वको प्रतिवेदन पेस भई मिसिल सामेल रहेको

## (ख) सजाय निर्धारण खण्डः

१२४. नियमानुसार पेसी सूचीमा चढी सजाय निर्धारणका लागि पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपालसरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री श्रीधर अर्यालले यी प्रतिवादी सुनिल पौडेल उच्चस्तरको सरकारी पदाधिकारी रही आफ्नो पदीय जिम्मेवारी बहन नगरी नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याउने कार्य गरी कसुरको गम्भीरता बढाउने तर्फको कार्य भएकोले निजलाइ अधिकतम सजाय गरिपाउँ भनी बहस गर्नु भयो।

१२५. त्यस्तै महालेखा नियन्त्रणको कार्यालय र नेपाल राष्ट्र बैंकको सहयोग बिना पेमेन्ट गेटवे संचालनमा आउन सक्ने अवस्था थिएन। उल्लिखित कार्यालयबाट प्रतिवादीलाई सहयोग नभएको कारण नै त्यस्तो भएको हो। नेपाल सरकारलाई आवश्यक Software खरिद भएको छ। सो पद्धति जुनसुकै बेला संचालनमा ल्याउन सकिने हुँदा सोको खरिदमा नेपाल सरकारलाई हानिनोक्सानी भएको छैन। त्यसैले यी प्रतिवादीलाई न्युनतम सजाय मात्र गरी पाउँ भनी प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता शिवप्रसाद कोइरालाले प्रस्तुत गर्नुभएको बहस सुनियो। यसमा निम्नअनुसार पेस हुन आएको सजाय पूर्वको प्रतिवेदन सहित मिसिल अध्ययन गर्दा प्रतिवादी सुनिल पौडेललाई आरोपदाबी बमोजिम के कति सजाय हुने हो भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

क) <u>वादी नेपाल सरकारको तर्फबाट विद्वान् उप-न्यायाधिवक्ता श्री श्रीधर अर्यालले</u> प्रतिवादीले कसूर गर्दाका बखत मुलुकी अपराध संहिता, २०७४ को दफा ३८ मा उल्लेख भए अनुसार ऐ. दफाको देहाय (ग) बमोजिम विश्वासको दुरुपयोग गरी कसूर गरेको, प्रतिवादी उच्च स्तरको सरकारी पदाधिकारी रहेको, निजलाई विश्वास गरी दिइएको पदीय जिम्मेवारी निर्वाह नगरेको, कार्यालय सञ्चालन, खरिद कार्य आदि गर्ने क्रममा पूरा गर्नुपर्ने कार्यविधि पालना नगरेको, ऐ. दफाको देहाय (घ) बमोजिम सार्वजनिक पदको लाभ उठाई वा दुरुपयोग गरी कसूर गरेको, ऐ. दफाको देहाय (च) बमोजिम कुनै सरकारी कार्यालय, सार्वजनिक कार्यालय वा धार्मिक स्थलमा कसूर गरेको, ऐ. दफाको देहाय (ठ) बमोजिम आफ्नो संरक्षण

वा नियन्त्रणमा रहेको व्यक्ति वा जिम्मामा रहेको सम्पत्तिको विरुद्ध कसूर गरेको, ऐ. दफाको देहाय (ण) बमोजिम एकै वारदातमा एकभन्दा बढी व्यक्तिका विरुद्ध कसूर गरेको, भ्रष्टाचारको कसूरले समग्र समाज र राज्य पीडित हुने र प्रस्तुत कसूरका कारण राज्यलाई पुगेको क्षतिको कारण समग्र राज्य प्रभावित हुने हुनाले समस्त जनता विरुद्ध नै कसूर भएको रूपमा हेरिनुपर्ने, ऐ. दफाको देहाय (फ) बमोजिम नियोजित रूपमा कसूर गरेको र त्यसैगरी मुलुकी अपराध संहिता, २०७४ को दफा ३९ बमोजिम कसुरको गाम्भीर्यता घटाउने कुनैपनि अवस्था रहेको नदेखिएको हुँदा र गम्भीरता बढाउने तत्वहरू नै बढी मात्रामा विद्यमान रहेको देखिंदा यी प्रतिवादी सुनिल पौडेललाई ठहर भएको कसूरमा हुन सक्ने अधिकतम सजाय हुन सादर अनुरोध छ भन्ने बेहोराको सजाय पुर्वको प्रतिवेदन पेस गरेको देखिन्छ।

ख) <u>प्रतिवादी सुनिल पौडेलको तर्फबाट विद्वान् अधिवक्ता श्री शिवप्रसाद कोइरालाले</u> राष्ट्रिय सूचना प्रविधि केन्द्रले National Payment Gateway (NPG) सञ्चालनको लागि Software खरिद गरी प्राविधिक पक्षसम्म हेर्ने, महालेखा नियन्त्रकको कार्यालय र नेपाल राष्ट्र बैङ्कको सहयोग बिना उक्त प्रणाली सञ्चालन असम्भव रहेको तथा ती निकायहरूले आवश्यक सहयोग नगरिदिएको कारण प्रणाली सञ्चालनमा आउन नसकेको, National Payment Gateway ले गर्न खोजेको काम Nepal Clearing House Limited ले गरिरहेकोले NPG आवश्यक नरहेको भन्ने आधारमा आरोपपत्र दर्ता भएको हो। तर उक्त निकायहरूले सहयोग गरेको अवस्थामा खरिद भएको सफ्टवेयर जुनसूकै समयमा पनि सञ्चालनमा ल्याउन सकिन्छ भन्ने तथ्य उत्तरकुमार खत्रीको प्रतिवेदन तथा NITC को च.नं. ९४५ मिति २०८०।०३।११ गतेको पत्रमा उल्लिखित "CMA Small System, Sweden बाट खरिद गरेको सफ्टवेयरको perpetual license रहेको हुँदा जुनै पनि बेला सञ्चालनमा ल्याउन थप व्ययभार नपर्ने र प्रणाली सञ्चालनमा आए पश्चात वार्षिक सपोर्ट सर्भिस मात्र खरिद गर्नुपर्ने हुन्छ। प्रणाली सञ्चालनको लागि आवश्यक सम्पूर्ण सहयोग र प्राविधिक सहायताका लागि परामर्शदाता अहिले पनि तयार रहेकोले पेमेन्ट गेटवे सुरु गर्न प्राविधिक एवम् सफ्टवेयरजन्य समस्या नरहेको" भन्ने बेहोराले स्पष्ट भई रहेको छ। अतः नेपाल सरकारलाई आवश्यक Software खरिद भएको र सो जुनसुकै बेला सञ्चालनमा ल्याउन सकिने देखिएकोले सोको खरिदबाट नेपाल सरकारलाई कुनै हानिनोक्सानी भएको नदेखिएको अवस्थामा सो फैसला उपर सम्मानित सर्वोच्च अदालतमा पुनराबेदन गर्न पाउने निजको हक सुरक्षित नै रहेको व्यहोरा निवेदन गर्दछु। निजले उक्त कार्यबाट कुनै प्रकारको लाभ लिएको वा सरकारको कुनै सम्पत्ति हिनामिना गरेको अवस्था समेत नरहेको स्पष्ट छ। कम मूल्यको सामग्री बढीमा खरिद गरेको भन्ने दाबी समेत नरहेको र खरिद गरेको प्रणाली सामाग्री यथावत रुपमा संस्थाको जिम्मामा नै रहेको हुनाले वास्तवमा निजबाट निजले कुनै कसुर नगरेको भन्ने अवस्था नै नहुँदा निजलाई कुनै सजाय नै हुनुपर्ने अवस्था नरहेको भए तापनि यस सम्मानित अदालतबाट कसुर ठहर भैसकेको परिस्थितिमा खरिद भएको Software सञ्चालन गर्नै नसकिने अवस्थामा रहेको भनी वादीले दाबी लिई पुष्टि गर्न नसकेको र सो सफ्टवेयर जस्ताको त्यस्तै सञ्चालन योग्य अवस्थामा रहेको हुँदा प्रतिवादी सुनिल पौडेललाई न्यूनतम सजाय मात्र गर्दा उपयुक्त हुने राय व्यक्त गर्दछु भन्ने बेहोराको सजाय पूर्वको प्रतिवेदन पेस गरेको देखिन्छ।

१२६. प्रस्तुत मुद्दामा प्रतिवादी सुनिल पौडेलले बिगो रु.२३,२७,५८,०७७/- सरकारको रकम हानिनोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूर गरेको भन्ने यस इजलासबाट मिति २०८१।०१।०७ मा ठहर भई निज प्रतिवादीलाई फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ९ बमोजिम सजाय निर्धारणका लागि पेस हुन आएको देखिन्छ। यस प्रकार प्रतिवादी सुनिल पौडेलले बिगो रु.२३,२७,५८,०७७/- (तेइस करोड सत्ताइस लाख अन्ठाउन्न हजार सत्तहत्तर रुपैयाँ) नेपाल सरकारलाइ हानिनोक्सानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर ठहर भई यसै इजलासबाट मिति २०८१/०१/०७ मा

आदेश भएको देखिन्छ। प्रतिवादीलाई हुन सक्ने सजायको कानूनी व्यवस्था हेर्दा, भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ मा उक्त ऐनको दफा ३ बमोजिमको सजाय हुनेछ भन्ने व्यवस्था भएको पाइन्छ। भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) को खण्ड (झ) मा ***"एक करोड रुपैयाँ भन्दा बढी जतिसुकै भए पनि आठ वर्षदेखि दश वर्षसम्म कैद"***, सोही ऐनको दफा १७ मा "...***हानि नोक्सानी वा दुरुपयोग गरेको वा मासेको वा मास्न दिएको सम्पत्ति पनि निजबाट असूल उपर गरिनेछ***" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ।

१२७. प्रतिवादी सुनिल पौडेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय समेत हुन दाबी लिएको देखिन्छ। सो दफा २४ मा संवैधानिक अङ्ग वा निकायका पदाधिकारी, राष्ट्रपतिबाट मनोनयन वा नियुक्त हुने पदाधिकारी, नेपाल सरकारका विशिष्ट श्रेणी वा सो सरहका पदाधिकारी, सार्वजनिक संस्थाका प्रमुख महाप्रवन्धक वा सो सरहका पदाधिकारीले भ्रष्टाचारको कसुर गरेमा त्यस्तो कसुरमा हुने सजायमा थप तीन वर्षसम्म कैद सजाय हुने व्यवस्था भएको देखिन्छ। प्रस्तुत मुद्दाको विवादको विषयको लागत अनुमान तयार गर्दा यी प्रतिवादीले राष्ट्रिय सूचना प्रविधि केन्द्रको तर्फबाट कार्यकारी निर्देशक भनी हस्ताक्षर गरे पनि यी त्यस समयमा यी प्रतिवादी सो केन्द्रको उपनिर्देशक भएको देखिन्छ। त्यस्तै बोलपत्र मूल्याङ्कन समितिको संयोजक भई सिफारिस गर्दाको समयमा यी प्रतिवादी उक्त केन्द्रको निमित्त कार्यकारी निर्देशक भएको देखिन्छ। आरोपपत्रको विरुद्ध खण्डमा यी प्रतिवादीको पद राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन उपनिर्देशक भन्ने उल्लेख भएको देखिन्छ। यस अवस्थामा यी प्रतिवादी सुनिल पौडेलले कसुर गर्दाको समयमा निज उक्त ऐनको दफा २४ अन्तर्गतका पदाधिकारी भएको देखिन नआएकोले निजलाई सो दफा २४ बमोजिम थप सजाय गर्नुपर्ने देखिएन।

१२८. अतः उक्त ठहर भएको कसूरमा निज प्रतिवादीलाई के कति सजाय गर्न उपयुक्त हुन्छ भन्ने सम्बन्धमा विचार गर्दा निजको पदीय दायित्व, खरिद प्रक्रियामा परिपालना गर्नुपर्ने कानूनी कार्यविधि अवलम्बन गर्नुपर्ने जिम्मेवारी र निजले गरेको कार्यबाट नेपाल सरकारलाई हुन गएको हानिनोक्सानीको बिगो लगायत दुवै पक्षबाट पेस भएको सजाय पूर्वको प्रतिवेदनमा उल्लिखित सजाय निर्धारणका आधार कारण र मुलुकी अपराध संहिता २०७४ को दफा ३८ र ३९ ले व्यवस्था गरेको सजायको गम्भीरता बढाउने र घटाउने तत्वहरूलाई समेत मध्यनजर गरी निज प्रतिवादी सुनिल पौडेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूरमा सोही ऐनको दफा ३(१) (झ) बमोजिम ९(नौ) वर्ष कैद र दफा ३ को उपदफा (१) अनुसार बिगोबमोजिम रु.२३,२७,५८,०७७/- जरिवाना हुने ठहर्छ। साथै हानिनोक्सानी भएको बिगो रु.२३,२७,५८,०७७/- निज प्रतिवादीबाट असुल उपर हुने ठहर्छ। अरुमा तपसिलबमोजिम गर्नू।

**सदस्य** **अध्यक्ष**

**फैसला तयार गर्न सहयोग पुऱ्याउनेः**

*इजलास अधिकृतः सागर भण्डारी*

*कम्प्युटर अपरेटरः कल्पना पराजुली*

इति संवत् २०८१ साल वैशाख महिना २५ गते ३ शुभम्.............................................................।

श्री

विशेष अदालत काठमाडौं

इजलास नं.१

अध्यक्ष माननीय श्री टेकनारायण कुँवर

सदस्य माननीय श्री तेज नारायण सिंह राई

सदस्य माननीय श्री मुरारीबाबु श्रेष्ठ

फैसला

मुद्दा नं.: ०८०-CR-००५३

दर्ता मितिः २०८०/०७/१६

कसुर ठहर मितिः २०८१।०३।११।३

कसुर ठहर निर्णय नं. : ३१४

सजाय निर्धारण मितिः २०८१।३।२५।३

सजाय निर्धारण निर्णय नं. : ३४

मुद्दाः सरकारी अनुदानको रकम दुरुपयोग गरी भ्रष्टाचार गरेको।

**बादी** : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृतहरू लक्ष्मी प्रसाद उपाध्याय र प्रेमहरी पराजुलीको प्रतिवेदनले नेपाल सरकार।

**विरुद्ध**

**प्रतिवादी** : जिल्ला सिराहा, साबिक ईटाटार गा.वि.स. वडा नं.१ हाल औरही गाउँपालिका वडा नं. ४ इटाटार बस्ने भगवानदत्त यादवको नाति, फुलेश्वरप्रसाद यादवको छोरा, प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. २ (हाल मधेश प्रदेश), जनकपुरधामका तत्कालीन मन्त्री वर्ष ५० को **विजय कुमार** (ना.प्र.नं.२३७५, सिराहा, जारी मितिः २०४६/०१/२५, सम्पर्क नं.९८५११४४५५५) समेत।

- **मन्त्रीको निर्णयअनुसार सचिवले नेपाल सरकारबाट समपूरक अनुदान माग गर्नु स्वाभाविक प्रक्रियागत कार्य हो। यो कार्य कार्यकारी प्रक्रियाको एक हिस्सा हो। त्यसकारण मन्त्रालयको सचिवले यदि कुनै विधि उल्लङ्घन नगरी मन्त्रालयको कार्यहरूलाई अघि बढाएका छन् भने यसलाई कसूरजन्य कार्य मान्न सकिँदैन। सचिवको कार्यमा कानूनी र प्रशासनिक प्रक्रिया पालना गर्नु अनिवार्य हुन्छ। यदि यो प्रक्रिया ठीक ढङ्गले गरिएको छ भने त्यस्तो कार्य कानूनी रूपमा वैध मानिन्छ। अतः सचिवको पत्राचार र अनुदानको माग भनेको एक सामान्य प्रशासनिक प्रक्रिया हो जसको उद्देश्य विधिअनुसार बजेट उपलब्ध गराउनु हो, र यसमा कुनै प्रकारको अनियमितता वा धोखाधडी देखिएन भने यो प्रक्रियागत कार्य आफैमा कसुरजन्य कार्य नभई वैध ठहर्छ।**

  **(प्रकरण नं. ३९)**

- बजेटको **दुरुपयोग गरेको छ भने, त्यसलाई कानूनी प्रक्रिया, जस्तै अडिट**, अनुसन्धान, र रिपोर्टिङ मार्फत सही तरिकाले सम्बोधन गर्नुपर्छ। उल्लिखित आयोजना सञ्चालन गर्नको लागि प्रचलित कानूनबमोजिमका प्रक्रिया नअपनाई आर्थिक अनुशासनभन्दा बाहिर गई तोकिएको योजना मुताबिकको कार्य नगरी आफूलाई लाभ र सरकारलाई हानी हुने कार्यमा बढी भन्दा बढी रकम खर्च गरेको पाइएकोले सम्बद्ध अधिकारीहरूले लापरवाही र बदनियतका साथ गरेको सो कार्य आरोपदाबी अनुसारको

कसुरको रुपमा स्थापित हुन आउँछ। प्रस्तुत मुद्दामा झलनाथ खनाल स्वास्थ विज्ञान प्रतिष्ठान नामक गैर सरकारी संस्थालाई एकमुष्ट रकम उपलब्ध गराउने गरी बदनियतपूर्वक त्रिपक्षीय समझदारी पत्रमा हस्ताक्षर गरी सोही समझदारी पत्रका आधारमा सरकारी रकम रु.१७,९८,३३,०००।- उक्त संस्थालाई निकासासमेत दिई खर्च समेत गरी हानिनोक्सानी, दुरुपयोग गरेको सप्रमाण पुष्टि हुन आयो।

(प्रकरण नं. ६५)

**<u>ठहर खण्ड</u>**

**<u>(क) कसुर ठहर खण्ड</u>**

१. विशेष अदालत नियमावली, २०८० नियम ४४ बमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री संगीता न्यौपाने तथा प्रतिवादी विजय कुमारको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री शम्भु थापा, विद्वान् अधिवक्ता श्री सुवास आचार्य, विद्वान् अधिवक्ता श्री दिपेन्द्र झा र विद्वान् अधिवक्ता श्री सिर्जना पोखरेल, प्रतिवादी मानबहादुर खड्काको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री हरि उप्रेती र विद्वान् अधिवक्ता श्री थिरबहादुर कार्की, प्रतिवादी रेवती पन्तको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री सतिषकृष्ण खरेल तथा श्री टिकाराम भट्टराई र विद्वान् अधिवक्ता श्री राधिका खतिवडा, प्रतिवादी साबिक झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठानको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री कृष्णप्रसाद सापकोटा र विद्वान् अधिवक्ता श्री राधिका खतिवडा, प्रतिवादीहरू नानीबाबु भन्ने नवराज भण्डारी र निरज भण्डारीको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री शरदप्रसाद कोइरालाले निम्नअनुसारको बहस प्रस्तुत गर्नु भयो।

क) <u>वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताले</u> यी प्रतिवादीहरूको एकआपसको मिलेमतोमा साबिक प्रदेश नं २ (हाल मधेश प्रदेश) को आ.व. ०७६।७७ को नीति तथा कार्यक्रममा समावेश भई प्रदेश संसदबाट स्वीकृत भएको बजेट वक्तव्यको बुँदा नं ३३ मा नेपाल सरकार र प्रदेश सरकारको लागत सहभागिताका आधारमा सर्पको विष संकलन, प्रशोधन, उत्पादन केन्द्र स्थापनाका निमित्त भौतिक संरचना निर्माणका लागि विनियोजित साथै सङ्घीय सरकारबाट समेत सोही कार्यक्रमको लागि प्राप्त समपूरक अनुदानसमेतको रकम खर्च गर्ने सम्बन्धमा बदनियत राखी काम गरेको देखिन्छ। निजहरूले प्रदेश संसदबाट प्राप्त भएको भन्दा बढी अधिकार प्रयोग गरी संसदको नीति तथा कार्यक्रम र बजेटको उद्देश्य विपरीत तथा उल्लिखित आयोजना सञ्चालन गर्नको लागि प्रचलित कानूनबमोजिमका प्रक्रिया नअपनाई झलनाथ खनाल स्वास्थ विज्ञान प्रतिष्ठान नेपाल नामक गैरसरकारी संस्था/कम्पनीलाई एकमुष्ट रकम उपलब्ध गराउने गरी बदनियतपुर्वक त्रिपक्षीय समझदारी पत्रमा हस्ताक्षर गरी सोही समझदारी-पत्रका आधारमा सरकारी रकम रु.१७,९८,३३,०००।- उक्त संस्थालाई निकासासमेत दिई आवश्यक कार्यको लक्ष्यभन्दा फरक रुपमा खर्च गरी सरकारलाई हानिनोक्सानी पुऱ्याई बजेट दुरुपयोग गरेको हुँदा प्रतिवादीहरूलाई आरोपदाबी बमोजिम सजाय गरी पाउँ भनी बहस प्रस्तुत गर्नु भयो।

ख) <u>प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू तथा विद्वान् अधिवक्ताहरूले</u> झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान नामक संस्था तराई लगायत देशको अन्य भागमा सर्पको टोकाइबाट बचाउन र नेपालमा नै Anti Venom Production बनाउनको लागि स्थापना भएको संस्था हो। उक्त संस्थामा मुख्य मुख्य कामहरू जग्गा खरिद, आंशिक कम्पाउण्ड वाल, DPR जस्ता काम भएको छ। यो संस्था स्थापना, व्यवस्थापन र सञ्चालनको क्रममा कुनै किसिमको अनियमितता भएको छैन। झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठानले संघ र प्रदेशमा कार्यक्रम स्वीकृतको लागि पेस गरेको प्रस्तावना स्वीकृत भई बजेट विनियोजन भएकोले सोही अनुसार काम भएको हो। स्वीकृत नभएका विषयमा खर्च भएको छैन। मधेश प्रदेश सभाले बनाएको प्रदेश

वित्तीय हस्तान्तरण ऐन, २०७५ तथा विनियोजन ऐन, २०७६ बमोजिम स्थानीय तहमा विनियोजित रकम हस्तान्तरण भएको हो। परामर्शदाताबाट तयार पारिएको Term of Reference लाई प्रि-बिड बैठकमा विस्तृत रुपमा प्रष्ट पारिएको र परामर्शदाताले भुक्तानीको लागि पेस गरेपश्चात विज्ञले दिएको पृष्ठपोषण समेतका प्रतिवेदनलाई विज्ञसहित आयोजना प्रमुखको सिफारिसको आधारमा भुक्तानी भएको हो। प्रतिवादीहरूले आफ्नो पदिय मर्यादामा रही गरेको कार्यलाई भ्रष्टाचार जस्तो गम्भिर प्रकृतिको मुद्दामा ठहर गरी सजाय गर्नु कानूनको मक्सद नभएकोले प्रतिवादीहरूलाई आरोपिदाबी बमोजिम सजाय हुनु पर्ने होइन भनी बहस प्रस्तुत गर्नु भयो।

२. प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजातहरू अध्ययन गरी प्रतिवादीहरू उपरको आरोप मागदाबी, प्रतिवादीहरूको बयान तथा दुवै पक्षहरूको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूले प्रस्तुत गर्नु भएको बहससमेतलाई मध्यनजर गर्दा मुख्यतः निम्न प्रश्नमा निर्णय दिनु पर्ने देखियोः

क) Anti-venom Production & Research Centre, Nepal (APRCN) कस्तो परियोजना हो ?
ख) प्रतिवादीहरूले आरोपदाबी बमोजिम कसुर गरेको हुन् वा होइनन् ?
ग) कसुर गरेको भए कसुरमा कुन प्रतिवादीको कस्तो संलग्नता रहेको छ ?
घ) कसुर ठहर भएमा निजहरूलाई के कति सजाय हुनु पर्ने हो ?

३. प्रस्तुत मुद्दाको न्याय निरुपण गर्नुभन्दा अगाडि मुद्दाका केही निर्विवाद तथ्हरुको जानकारी लिनु बाञ्छनीय देखिन्छ। यस तथ्यको उजागरबाट यो कस्तो परियोजना हो भन्ने पहिलो प्रश्नलाई बुझ्न पनि सजिलो हुनेछ। सो तर्फका तथ्यहरू यसप्रकार रहेको पाइन्छः

४. झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई आ.व. २०७६/०७७ भन्दा अघिल्ला आर्थिक वर्षहरूबाट Anti-Venom र नेपालमा पाइने सर्पको बारेमा अध्ययन अनुसन्धान गर्न, विस्तृत अध्ययन प्रतिवेदन बनाउन, लाभ लागत तयार गर्न नेपाल सरकारले बजेट विनियोजन गरिरहेको, आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन प्रदेश सरकार समक्ष पेस भएको, प्रदेश सरकार मन्त्रिपरिषद्ले उक्त विषयलाई नीति तथा कार्यक्रममा समावेश गरी प्रदेश सभाबाट स्वीकृत भएको बजेटलाई कार्यान्वयन गर्ने अन्य उत्तम विकल्पहरू नभएकोले भन्ने आधार खडा गरी मधेश प्रदेश सरकार, झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान र लालबन्दी नगरपालिका बिच त्रिपक्षीय समझदारी गरिएको रहेछ। प्रदेश सरकारको बजेट कार्यक्रम तर्जुमा हुँदा झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई आ.व. २०७४/०७५ मा सङ्घीय स्वास्थ्य मन्त्रालयको बजेट शीर्षकमा ८५ लाख बराबरको रकम नेपाल सरकारले बजेट उपलब्ध गराइ तयार पारिएको विस्तृत सम्भाव्यता प्रतिवेदनलाई समेत आधार लिएको रहेछ। समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को मार्गदर्शनबमोजिम ६०% रकम प्रदेश सरकारको बजेटमा राखी स्वीकृतसमेत भएको र बाँकी ४०% संघ सरकारले उपलब्ध गराउने भनी तय भएको देखिन्छ।

५. त्यसपछि राष्ट्रिय योजना आयोगमार्फत बजेट माग भएको देखिन्छ। प्रस्तावबमोजिम बजेट माग गरी आयोजना प्रस्ताव गरिएको र बजेट कार्यान्वयन गर्दा झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई सिधै बजेट विनियोजन नगरेको अवस्था देखिन आउँछ। आयोजनाको प्रत्यक्ष निगरानी गर्न स्थानीय सरकारलाई जबाफदेही र जिम्मेवार बनाउने भनी लालबन्दी नगरपालिका मार्फत वित्तीय हस्तान्तरण कानून बमोजिम बजेट पठाइएको पाइन्छ। सर्पको टोकाइबाट मृत्यु हुनबाट रोक्नका लागि Anti-venom उत्पादन नेपालमा नै गर्ने उद्देश्य नराम्रो होइन। यही उद्देश्यकासाथ सो परियोजना कार्यक्रम स्वीकृत गरिएको भनिएको पाइन्छ। साथै Anti-venom को उत्पादनबाट सरकारलाई राजस्व समेत प्राप्त हुने भएकाले प्रदेश सरकार र लालबन्दी नगरपालिकाको साथै झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठानले त्रिपक्षीय समझदारी (MOU) गरी बजेट स्थानीय तहमा पठाइएको देखिन आउँछ।

६. समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को अनुसूची १ मा उल्लिखित विषयहरू विस्तृत परियोजना अध्ययन

प्रतिवेदनमा उल्लेख भएको बजेटको खर्च प्रचलित कानून बमोजिम भएको हो वा होइन र उद्देश्य पुरा भयो वा भएन तथा खरिद प्रक्रिया के कस्तो अपनाइयो भन्ने कुरा विद्यमान कानुको कसिमा राखेर आरोपदाबीमा गम्भीर रुपमा उठाइएको पाइन्छ। त्रिपक्षीय समझदारी गरेपश्चात् उक्त आयोजनाको लागि प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले सामाजिक विकास मन्त्रालय र त्यस अन्तर्गतको प्रदेशको प्रदेश स्वास्थ्य निर्देशनालयलाई आयोजनाका सन्दर्भमा प्रदेश सरकारको तर्फबाट प्राविधिक विषयमा जिम्मेवार बनाइएको थियो भनिए तापनि त्यसको स्पष्ट प्रमाणहरू प्रतिवादीबाट पेस भएको पाईंदैन।

७. सुरुमा झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई सर्लाही जिल्लमा सर्पको विष सङ्कलन उत्पादन वितरण र उपयोग गर्ने सन्दर्भमा अध्ययन अनुसन्धान प्रतिवेदन पेस गर्न सङ्घीय सरकारले बजेट उपलब्ध गराए अनुसार ८५ लाख बजेट खर्च गरी विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन पेस भएको रहेछ। मधेश प्रदेशमा प्रत्येक वर्ष सर्पको टोकाइबाट धेरै मानिसहरू मर्ने र घाइते हुने गरेकोले प्रदेश सरकारको नीति तथा कार्यक्रममा समेत उक्त कार्यक्रम प्राथमिकतामा परेको हुँदा प्राप्त प्रतिवेदन अनुसार कार्यक्रम सञ्चालनको लागि प्रतिष्ठानले प्रस्ताव पेस गरेको आधारमा स्थानीय सरकारको रूपमा रहेको लालबन्दी नगरपालिकालाई मुख्य जिम्मेवार बनाई त्रिपक्षीय सम्झौता गरिएको हो भन्ने जिकिर प्रतिवादीहरूले लिएको देखिन्छ।

८. यसरी मुनाफा वितरण नगर्ने कम्पनीको रुपमा झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान नेपाल नामक संस्था मितिः२०७१/०८/१९ गते, कम्पनी रजिस्ट्रारको कार्यालयको दर्ता नं. १२९२४३/०७१/ ०७२ मा दर्ता भएको देखिन्छ। यो संस्था Anti-venom Production & Research Centre, Nepal (APRCN) को रुपमा स्थापित भएको रहेछ। यस संस्थाको स्थायी लेखा नं. र दर्ता मितिः ६०२४४३३७७, दर्ता मितिः२०७१/१०/२१ रहेको छ। समाज कल्याण परिषद्मा आवद्धता सम्बन्धी विवरण अनुसार आबद्धता नं. ४०९४१, आबद्ध भएको मिति २०७१/१०/२३ गते, समाज कल्याण ऐन, २०४९, सो को नियमावली, २०४९ को नियम १५ का सर्तहरू पालना गर्ने गरी आवद्धता प्रदान भएको पाइन्छ। पछि आएर कम्पनी रजिस्ट्रारको कार्यालयको मिति २०७९/०४/३१ को निर्णयानुसार उक्त संस्थाको नाम परिवर्तन गरी राष्ट्रिय स्वास्थ्य विज्ञान तथा अनुसन्धान परिषद् कायम भएको देखिन्छ। यी त भए मुद्दाका सामान्य निर्विवाद तथ्यहरू।

९. अब, प्रतिवादीहरू विरुद्धको आरोपदाबी हेर्दा निम्नबमोजिम माग दाबी लिएको पाइन्छः

क) प्रतिवादीहरू विजय कुमार र मानबहादुर खड्का उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही दफा १७ ले व्यवस्था गरेबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय खण्ड (झ) बमोजिम कैद र जरिबाना गरी रु.१७,९८,३३,०००।- (सत्र करोड अन्ठानब्बे लाख तेत्तिस हजार रुपैयाँ) ऐ. ऐनको दफा १७ बमोजिम निजहरूबाट असुल गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ बमोजिमको कसूरमा सोही दफा अनुसार थप कैद र जरिबाना र प्रतिवादीमध्ये विजय कुमारलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप कैद सजायको मागदाबी लिएको देखिन्छ।

ख) प्रतिवादी प्रेमकुमार श्रेष्ठ उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही दफा १७ ले व्यवस्था गरेबमोजिम ऐ.ऐनको दफा ३ को उपदफा (१) को देहाय खण्ड (झ) बमोजिम कैद र बिगो रु.३,२७,००,०००।- (तीन करोड सत्ताइस लाख रुपैयाँ) ऐ. ऐनको दफा १७ बमोजिम निजबाट असुल गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ (२) बमोजिमको कसूरमा सोही दफा १९(२) बमोजिम थप कैद र जरिबाना माग गरी आरोपपत्र पेस गरेको देखिन्छ।

ग) प्रतिवादीहरू रेवतीप्रसाद पन्त, नानीबाबु भन्ने नवराज भण्डारी, निरज भण्डारी र देवेन्द्र रायसमेत उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २३ को स्पष्टीकरण खण्ड समेतको आधारमा भ्रष्टाचार निवारण ऐन, २०५९

को दफा १७ बमोजिमको कसूरको मतियारमा ऐ. ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय खण्ड (झ) बमोजिम मुख्य प्रतिवादीहरूलाई हुने सरहकै कैद र जरिबाना र

घ) प्रतिवादी तत्कालीन झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान नेपाल हाल राष्ट्रिय स्वास्थ्य विज्ञान तथा अनुसन्धान परिषद्को नाममा रहेको जिल्ला सर्लाही, लालबन्दी नगरपालिका वडा नं. १ स्थित ८ बिघा ९ कट्टा ६.३३ धुर जग्गा र सोही संस्थाको नाममा रहेको सवारी दर्ता नं. प्रदेश ३-०१ ०२३च ४७३४ को चारपाङ्ग्रे सवारी साधन (Mahindra Scorpio S5 2WD) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम जफत गरी पाउँ भन्ने आरोपदाबी रहेको देखिन्छ।

१०. अब, प्रस्तुत मुद्दामा माथि उल्लिखित प्रश्नहरूमा समग्र रुपमा मुद्दाको तथ्य, प्रमाण र कानूनको आधारमा विश्लेषण गरी निर्णय दिनु पर्ने भएको छ। यसरी हेर्दा झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठानको सहकार्यमा Anti-venom Production & Research Centre, Nepal (APRCN) स्थापना, व्यवस्थापन र सञ्चालन गर्ने कार्यमा अनियमितता गरेको भन्ने बेहोराको उजुरीबाट प्रस्तुत मुद्दाको उठान भई अनुसन्धानको कार्य भएको देखिन्छ।

११. झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान नेपाल नामक संस्था कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. १२९२४३/०७१/०७२ बाट मिति २०७१/०८/१९ मा मुनाफा वितरण नगर्ने कम्पनीको रुपमा दर्ता भएको पाइन्छ। पछि आएर कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०४/३१ को निर्णयानुसार नाम परिवर्तन भई राष्ट्रिय स्वास्थ्य विज्ञान तथा अनुसन्धान परिषद् कायम भएको देखिन्छ। उक्त संस्थामा मिति २०७६/०४/०१ देखि कायम भएका सञ्चालक समितिका पदाधिकारीहरू देहाय बमोजिम रहेको पाइन्छः

(१) श्री रेवतीप्रसाद पन्त- अध्यक्ष,

(२) श्री नानीबाबु भन्ने नवराज भण्डारी- महासचिव,

(३) श्री अचुत खनाल- सचिव (निजले मितिः२०७७/०६/०९ गते राजिनामा पेस गरेको),

(४) श्री निरज भण्डारी- कोषाध्यक्ष र

(५) श्री देवेन्द्र राय- सदस्य।

१२. झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान नेपाल नामक यस संस्थाले कार्यक्रम सञ्चालन पूर्व सम्भाव्यता अध्ययन गरी प्रतिवेदन पेस गरेको समेत देखिन्छ। सम्भाव्यता अध्ययनको प्रारम्भिक प्रतिवेदन तयार गरिसकेको अवस्थामा प्रारम्भिक रुपमा कार्य सम्पन्न गर्न रु.७१,९८,३३,२००।— आवश्यक पर्ने देखिएको भनी अनुमानित लागत प्रक्षेपण गरेको पाइन्छ। प्रतिष्ठानले आ.व. २०७६/७७ को बजेटमा समावेस गरी अनुदान उपलब्ध गराउन भनी च.नं. ११५, मिति २०७६/०२/०५ को पत्र मधेश प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयमा पेस गरेको देखिन्छ। त्यसपछि मिति २०७६/०७/०५ गते तत्कालीन आर्थिक मामिला तथा योजना मन्त्रालयबाट नेपाल सरकार समक्ष समपूरक अनुदान प्रस्ताव गरेको देखिन्छ। सो गर्दा सम्भाव्यता अध्ययन, वातावरणीय प्रभाव मूल्याङ्कन लगायतका सम्पूर्ण अध्ययन तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पुर्वतयारी गरिसकेको भनी राष्ट्रिय योजना आयोगमा सर्त घोषणा सहितको योजना प्रस्ताव पेस गरेको देखिन्छ। त्यसैले ती सर्त घोषणाको सत्यता परीक्षण पनि गरिनुपर्ने देखिन आउँछ।

१३. तत्कालीन प्रदेश नं.२ (हाल मधेश प्रदेश) प्रदेश सरकारको आ.व ०७६/७७ को नीति तथा कार्यक्रमको बुँदा नं ८४ मा परियोजनासँग सम्बन्धित महत्वपूर्ण विषयको उठान गरिएको पाइन्छ। जसअनुसारः "गर्मियाम शुरु भए सँगै यस प्रदेशका आठवटै जिल्लामा सर्पदंशको घटनामा वृद्धि हुने भएकोले सर्पदंश उपचारका लागि आगामी वर्ष सर्पदंश उपचार केन्द्रको स्थापना गरी Anti-Venom पर्याप्त मात्रामा उपलब्ध गराइनेछ। साथै, सर्पदंश सम्बन्धी कच्चा पदार्थ उत्पादन, प्रशोधन तथा अनुसन्धानका बारेमा विस्तृत अध्ययन गरिनुका साथै Snake Hatchery को व्यवस्था गरिनेछ" भनी बेहोरा उल्लेख भएको देखिन्छ।

१४. यसै सिलसिलामा आ.व ०७६/७७ को बजेट वक्तव्यको बुँदा नं ३३ मा पनि अर्को महत्वपूर्ण विषय समाहित गरेको पाइन्छ। जसअनुसार "नेपाल सरकार र प्रदेश सरकारको लागत सहभागिताका आधारमा उपयुक्त स्थानमा सर्पको विष संकलन, प्रशोधन, उत्पादन गर्न Snake Hatchery केन्द्र स्थापना गरी सर्पदंशको खोप बनाउन आवश्यक कच्चा पदार्थको संकलन गरिनेछ। उक्त केन्द्र स्थापनाका निमित्त भौतिक संरचना निर्माणका लागि रु.१४ करोड ७१ लाख ३३ हजार विनियोजन गरेको छु" भनी बेहोरा उल्लेख भएको पाइन्छ।

१५. यसका साथै प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयबाट स्वीकृत वार्षिक विकास कार्यक्रमको ब.उ.शि. नं. ८०१०२१४२ मा "संघ, प्रदेश र झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठानको सहकार्यमा सर्पको विष संकलन, प्रशोधन, उत्पादन केन्द्र" शीर्षकमा १७ करोड ९८ लाख ३३ हजार रुपैयाँ बराबरको कार्यक्रम स्वीकृत भएको देखिन्छ।

१६. यसै क्रममा सर्लाही जिल्लाको लालबन्दी नगरपालिकाभित्र पर्ने Anti-venom Production & Research Centre, Nepal (APRCN) स्थापना, व्यवस्थापन र सञ्चालन गर्न एउटा त्रिपक्षीय सम्झौता पनि भएको देखिन्छ। सो त्रिपक्षीय संम्झौतामा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. २ (हाल मधेश प्रदेश), जनकपुरधामको तर्फबाट प्रतिवादी विजयकुमार यादव (मन्त्री, प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं.२, जनकपुरधाम), झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान, नेपालकोतर्फबाट प्रतिवादी रेवतीप्रसाद पन्त (अध्यक्ष) र लालबन्दी नगरपालिकाको तर्फबाट मानबहादुर खड्का (नगर प्रमुख) बीच २०७६/०९/२४ गते हस्ताक्षर भएको पाइन्छ। उक्त सम्झौतालाई त्रिपक्षीय समझदारीपत्र नामाकरण गरी कार्यान्वयनका लागि सर्तहरू राखेको देखिन्छ। हस्ताक्षर भएको सो समझदारीपत्रमा प्रतिवादीहरू प्रेमकुमार श्रेष्ठ (प्रदेश सचिव आर्थिक मामिला तथा योजना मन्त्रालय), नवराज भण्डारी (झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान नेपाल) र निरज भण्डारी (झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान नेपाल) साक्षी बसेको देखिन्छ।

१७. उपर्युक्त समझदारी-पत्रमा हस्ताक्षर पश्चात आ.व.२०७६/७७ मा सङ्घीय सरकारबाट प्रदेश सरकारलाई प्राप्त समपूरक अनुदान रकम रु.३,२७,००,०००।— र प्रदेश सरकारले विनियोजन गरेको बजेट रकम रु.१४,७१,३३,०००।- गरी जम्मा रकम रु.१७,९८,३३,०००।— तत्कालीन आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं.२ (हाल मधेष प्रदेश), जनकपुरधामले लालबन्दी नगरपालिकालाई उपलब्ध गराएकोमा पनि विवाद छैन। यसै सिलसिलामा झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान नेपालबाट मिति २०७६/१०/१५ गते लालबन्दी नगरपालिकालाई रकम उपलब्ध गराईदिनको लागि पत्राचार गरेको देखिन्छ। सो पत्र प्राप्त भएपछि लालबन्दी नगरपालिकाको च.नं.१३७५, मिति २०७६/१०/१६ को पत्रमार्फत कोष तथा लेखा नियन्त्रकको कार्यालय, मलंगवा सर्लाहीलाई रु.१७,९८,३३,०००।— रकम निकासा दिन पत्राचार गरेको देखिन्छ। सोअनुसार मिति २०७६/११/१३ गते रु.९,००,००,०००।- र मिति २०७७/०३/२६ गते रु.८,९८,३३,०००।- गरी जम्मा रु.१७,९८,३३,०००।- रकम झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान नेपालको खाता रहेको लक्ष्मी बैङ्कमा जम्मा भएको देखिन्छ। यसरी लालबन्दी नगरपालिकालाई परियोजनाको बजेट ग्रहण गर्ने र हस्तान्तरण गर्ने भूमिकामासम्म सरिक गराइएको देखिन्छ। बजेटको उपयोग र खर्च प्रक्रियामा सो नगरपालिकाको कुनै भूमिका रहे भएको देखिन आउँदैन।

१८. मधेश प्रदेश सरकारको आ.व.२०७६/७७ को नीति तथा कार्यक्रमको बुँदा नं. ८४ मा सर्पदंश सम्बन्धी कच्चा पदार्थ उत्पादन, प्रशोधन तथा अनुसन्धानको बारेमा विस्तृत अध्ययन गरिनुका साथै Snake hatchery को व्यवस्था गरिनेछ भन्ने उल्लेख भएको देखिन्छ। सोही आ.व. २०७६/७७ को बजेट वक्तव्यको बुँदा नं. ३३ मा नेपाल सरकार र प्रदेश सरकारको लागत सहभागिताका आधारमा सर्पको विष संकलन, प्रशोधन उत्पादन गर्ने Snake hatchery स्थापनाको लागि भौतिक संरचना निर्माण गर्न रु.१४,७१,३३,०००/- विनियोजन गरेको पाइन्छ। त्यस्तै नेपाल सरकार र प्रदेश सरकारको लागत सहभागीता रहने तथ्य उपर्युक्त दुई महत्वपूर्ण दस्तावेजहरू (आ.व.२०७६/७७ को प्रदेश

सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्य) मा उल्लेख भएको देखिन्छ। तर सो बजेट र कार्यक्रमको कार्यान्वयन, सहकार्य र जिम्मेवारीको सम्बन्धमा कुनै स्पष्ट अभिव्यक्ति उल्लेख भएको पाईंदैन। यसै बिच प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृत वार्षिक विकास कार्यक्रमको ब.उ. सि.नं. ८०१०२१४२ मा उक्त परियोजना पूरा गर्न झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठानको लागि बजेट स्वीकृत भएको पाइन्छ। सो कार्यक्रमको लागि नेपाल सरकारबाट रु.३,२७,००,०००/- समपूरक अनुदानको रुपमा योगदान गरेको देखिन्छ। यसरी आ.व.२०७६/७७ को लागि प्रदेश तथा नेपाल सरकारबाट प्राप्त अनुदान स्वरूप रु.१७,९८,३३,०००/- को संशोधित वार्षिक कार्यक्रम रहेको देखिन्छ।

१९. झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान नेपाल नामक संस्था हाल नाम परिवर्तन भई राष्ट्रिय स्वास्थ्य विज्ञान तथा अनुसन्धान परिषद् कायम भएको पाइन्छ। सो संस्थाले नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान" Feasibility study, Detail Survey and Detail Design and Environmental Study of the Project Production, Storage and Distribution of Anti Snake Venom" परामर्श गर्न भनी Natural & Organizational Resource Management Services-ITECO JV Lalitpur सँग सम्झौता गरी मू.अ.कर बाहेक रु.४,७४,६०,०००/- (अक्षेरुपी चार करोड चौहत्तर लाख साठी हजार रुपैयाँ) अर्थात मू.अ कर सहित रु.५,३६,२९,८००/- भुक्तानी दिएको देखिन्छ। प्रथम चरणको कार्यको लागि जम्मा करिब रु.१८ करोड विनियोजित गरिएकोमा DPR तयार पार्नकै लागि मात्र विनियोजित तथा खर्च गरिएको उक्त रकमको भुक्तानी आश्चर्यजनक रुपमा ठूलो आकारको देखिन आउँछ।

२०. उक्त आयोजनाको लागि संस्थाले मिति २०७७/४/१४ मा जग्गा खरिद सम्झौता भएकोमा मिति २०७७।३।३१ सम्ममा जग्गा खरिद अगबै जम्मा रु.२,९८,५९,३७०/- भुक्तानी दिएको तथा पछि जम्मा रु.६,२५,६४,९२५/०५ भुक्तानी र Anti-venom Production & Research Centre Complex निर्माणको लागी मिति २०७८/१/७ मा श्री शर्मा-धुलिखेल जे.भी. कम्पनीसँग सम्झौता भई रु.२,३०,२२,२१३।- पेस्की स्वरुप भुक्तानी दिएको देखिन्छ।

२१. झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान नेपाल नामक गैर सरकारी संस्थाले कार्यालयको घरभाडा, कार्यालय स्थापना/सञ्चालन, कार्यालय सामग्री/मसलन्द, विद्युतीय उपकरणहरूको खरिद, कर्मचारी तथा पदाधिकारीहरूको तलब भत्ता, मसलन्द, सञ्चार महशुल खर्च, सवारी साधन खरिद तथा मर्मत, योजनाको विस्तृत अध्ययन प्रतिवेदन तयारी, आयोजनाको लागि जग्गा खरिद समेतका पूर्व तयारी सम्बन्धी कार्यमा रु.१३,३४,७५,१३४।६० खर्च गरेको भनी उक्त संस्थाले च.नं. ४१, मिति २०७७/०५/३१ को पत्रमार्फत लालबन्दी नगरपालिकालाई खर्चको विवरण उपलब्ध गराएको देखिन्छ।

२२. Anti-venom Production & Research Centre Complex निर्माणको लागि मिति २०७८/१/७ मा श्री शर्मा-धुलिखेल जे.भी. कम्पनीसँग सम्झौता भई रु.२,३०,२२,२१३।- पेस्की स्वरुप भुक्तानी दिएको देखिन्छ भने निर्माण स्थलको केही भागमा पर्खाल (Compound Wall) निर्माण कार्य गरी भुक्तानी माग गरेको पाइन्छ। बजेट अभावको कारण भुक्तानी दिन नसकिएको भन्ने झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान नेपाल नामक संस्थाको च.नं. ८८ मिति २०७८/११/२९ को पत्रबाट खुल्न आउँछ। सो को पुष्टि RASTRIYE SWASTHYA BIGYAN TATHA ANUSANDHAN PARISAD को नाममा सञ्चालन भएको खाता नं. ०८२११०००९०३ मा हाल रकम रु.०.०० मौज्दात रहेको भन्ने लक्ष्मी सनराइज बैंकको च.नं. LS/HO-COM/३००८२३/३०१५८३ मिति २०८०/०५/१३ को पत्रबाट जानकारी हुन्छ। यसबाट उक्त संस्थाले प्रदेश तथा नेपाल सरकारको अनुदान स्वरूप प्राप्त रकम रु.१७,९८,३३,०००/- बजेट पुरै खर्च गरिएको भन्ने पुष्टि गर्दछ।

२३. झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान नेपाल नामक संस्था हाल नाम परिवर्तन गरी राष्ट्रिय स्वास्थ्य विज्ञान तथा अनुसन्धान परिषद् भनिएको र यस संस्थाले संघ तथा प्रदेश सरकारबाट विनियोजित बजेट प्राप्त गरी खर्च गर्दा मुख्यतः निम्न आरोप लगाएको पाइन्छः

क)  संस्थाको उद्देश्य र निर्धारित कार्यक्रम विपरीत खर्च गरेको,
ख)  स्वीकृत कार्यक्रम विपरीत खर्च गरेको र
ग)  योजनाको उद्देश्यमा शून्य प्रगति देखिएको।

२४. यसरी प्रतिवादीहरूको बदनियतपूर्ण कार्यबाट माथि उल्लिखित अनियमितताको कारणबाट सरकारको अनुदान रकम खेर गएको भन्ने निष्कर्षका साथ यो आरोपदाबी लिएको देखिन्छ। यस सन्दर्भमा निज प्रतिवादीहरूले DPR लागत अनुमान गर्दा नेपाल सरकारको नर्म्स प्रयोग नगरी अन्तर्राष्ट्रिय तुलनात्मक नर्म्स प्रयोग गरी ठूलो रकम सो कार्यमा खर्च गरेको देखिन्छ। नेपाल सरकारले निर्धारित गरेको नर्म्स छाडेर DPR को बील लागत अस्वभाविक रुपमा बढाएको हुँदा सरकारको अनुदान रकमको ठूलो हिस्सा दुरुपयोग भएको पाइन्छ। उक्त परियोजनाको डिपिआर तयार पार्नमै मु.अ कर बाहेक ठूलो रकम रु.४,७४,६०,०००/- खर्च गरेको देखिन्छ।

२५. यसैगरी भवन निर्माणको कार्यमा ठूलो रकम मोबिलाइजेसनको रुपमा पेस्की लिएको देखिन्छ भने भवन निर्माणको कार्यमा पनि कुनै उल्लेख्य कार्य प्रगति भएको देखिन आउँदैन। त्यस्तै पर्खाल निर्माणको कार्यमा खर्चको तुलनामा कार्य प्रगति अत्यन्त न्यून देखिन आउँछ। सवारी साधन खरिद, भौतिक उपकरण खरिद र जग्गा खरिदमा समेत ठूलो धनराशी लगानी गरेको पाइन्छ भने कर्मचारी भर्ना र व्यवस्थापन सम्बन्धमा कुनै निश्चित मापदण्ड र आधार लिएको भनी प्रतिवादीहरूले पुष्टि गर्न सकेको पाइदैन।

२६. यसप्रकार यी प्रतिवादीहरूले कुनै योजनाबद्ध कार्यक्रम प्रस्तुत गरी प्रचलित कानूनको आधारमा रही संस्थाको उद्देश्य अनुरूप खर्च गरेको र सो खर्चको आधारमा उपलब्धी हासिल गरेको भन्ने मिसिल प्रमाण कागजबाट देखिएन। यसरी संस्थाको उद्देश्य अनुरुप सर्पको विष सङ्कलन, प्रशोधन तथा उत्पादन केन्द्र स्थापना गर्नका निमित्त भौतिक पूर्वाधार निर्माण गर्नेतर्फ खास कुनै प्रगति नभई योजना अलपत्र परेको र गरेको लगानी समेत खेर गएको देखिन आयो।

२७. यसबाट साबिक प्रदेश नं २ (हाल मधेश प्रदेश) को आ.व. ०७६।७७ को नीति तथा कार्यक्रममा समावेश भई प्रदेश संसदबाट स्वीकृत भएको बजेट वक्तव्यको बुँदा नं ३३ मा नेपाल सरकार र प्रदेश सरकारको लागत सहभागिताका आधारमा सर्पको विष संकलन, प्रशोधन, उत्पादन केन्द्र स्थापनाका निमित्त भौतिक संरचना निर्माणका लागि विनियोजित साथै सङ्घीय सरकारबाट समेत सोही कार्यक्रमको लागि प्राप्त समपूरक अनुदान रकम दुवै जम्मा गर्दा हुने रु.१७,९८,३३,०००।— उद्देश्य विपरीत खर्च गरी हानिनोक्सानी, दुरुपयोग गरेको देखिन आयो।

२८. सामान्यतः फौजदारी कसुरमा प्रति अभियुक्त उपरको कसुर छुट्टाछुट्टै प्रमाणित हुनुपर्ने तथा कसुरको मात्रासमेत प्रति अभियुक्त स्थापित हुनुपर्ने हुन्छ। यी प्रतिवादीहरू विजय कुमार यादव, मानबहादुर खड्का, प्रेमकुमार श्रेष्ठ, रेवतीप्रसाद पन्त, नानीबाबु भन्ने नवराज भण्डारी, निरज भण्डारी, देवेन्द्र राय र राष्ट्रिय स्वास्थ्य विज्ञान तथा अनुसन्धान परिषद मध्ये के कुन प्रतिवादीले के, कुन कार्य गरी आरोपित कसुर गरेको र कसुर गर्ने कार्यमा के कुन प्रतिवादीको संलग्नता रहेको छ भनी हेर्नुपर्ने देखियो।

२९. यस परिप्रेक्ष्यमा सर्वप्रथम प्रतिवादीहरू मानबहादुर खड्का र प्रेमकुमार श्रेष्ठको हकमा हेर्दा, यी प्रतिवादीहरू उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही दफा १७ ले व्यवस्था गरेबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय खण्ड (झ) बमोजिम कैद र जरिबाना तथा प्रतिवादीमध्ये मानबहादुर खड्कालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ बमोजिमको कसूरमा सोही दफा १५ बमोजिम थप कैद र जरिबाना र प्रतिवादीमध्ये प्रेमकुमार श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ (२) बमोजिमको कसूरमा सोही दफा १९(२) बमोजिम थप कैद र जरिबाना गरी पाउँ भन्ने आरोपदाबी रहेको देखिन्छ।

३०. प्रतिवादी मानबहादुर खड्काले गरेको बयानमा झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान संस्था नागरिकहरूलाई सर्पको टोकाइबाट बचाउनको लागि आवश्यक पर्ने Anti Venom Production बनाउनको लागि स्थापना भएको संस्था हो।

उक्त संस्थाको मुख्य मुख्य कामहरू जग्गा खरिद, आंशिक कम्पाउण्ड वाल, DPR जस्ता काम सम्पन्न भएको छ। झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठानले संघ र प्रदेश सरकारमा कार्यक्रम स्वीकृतिको लागि पेस गरेको प्रस्ताव स्वीकृत भई बजेट विनियोजन भएकोले सोहीअनुसार काम भएको हो। यस कार्यमा राज्यको रकममा मैले कुनै किसिमको हानिनोक्सानी, हिनामिना नगरेको हुँदा उक्त आरोप मागदाबी बमोजिम मलाई सजाय हुनु पर्ने होइन भनी अनुसन्धान तथा यस अदालतमा आरोपित कसुरमा इन्कारी रही बयान गरेको देखियो।

३१. त्यसैगरी प्रतिवादी प्रेमकुमार श्रेष्ठले आफ्नो बयानमा Anti-venom Production सँग सम्बन्धित सम्पूर्ण काम कारवाहीहरू प्रचलित कानूनबमोजिम प्रदेश सरकारबाट बजेट विनियोजन भई सङ्घीय सरकारको समपुरक अनुदानबाट बजेट उपलव्ध गराउन समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ बमोजिम सिफारिस गरिएको हो। सोही अनुसार सङ्घीय सरकारबाट प्राप्त अनुदान समेतको रकम मन्त्रालयले प्रक्रियागत रुपमा सम्बन्धित निकायलाई उपलब्ध गराएको हुनाले मेरो हकमा उक्त उजुरी पूर्ण रुपमा झुठ्ठा छ। मलाई आयोजना सम्बन्धी झुठ्ठा विवरण तयार गरी प्रतिष्ठानलाई रु.३,२७,००,०००।- समपूरक अनुदान रकम उपलब्ध गराउन सिफारिस गरेको भनी म उपर लगाएको झुठ्ठा आरोपबमोजिम सजाय हुनुपर्ने होइन भनी आरोपित कसुरमा इन्कारी रही अनुसन्धान तथा यस अदालतमा बयान गरेको देखियो।

३२. यसै सिलसिलामा नगर प्रमुख निज प्रतिवादी मान बहादुर खड्कालाई प्रदेश सरकारबाट त्रिपक्षीय सम्झौतामा सरिक हुन भनी अनुरोध गरी पत्र पठाएको देखिन्छ। यस कार्यमा मुख्यतः निज प्रतिवादी मानबहादुर खड्काले आफै अग्रसरता लिएको अवस्था देखिंदैन। प्रदेश सरकारको अनुरोधपछि निजले उक्त समझौताबारे छलफलका लागि नगरपालिकाको कार्यपालिका बैठक डाकेको देखिन्छ। सो बैठकले सम्झौतामा हस्ताक्षर गर्न भनी निजलाई निर्णय गरी म्याण्डेट दिएकोमा विवाद छैन। यसरी सर्लाहीको लालबन्दी नगरपालिकाका तत्कालीन नगर प्रमुखको रूपमा उनले त्रिपक्षीय समझदारी पत्रमा हस्ताक्षर गरेको पाइन्छ। यसै हस्तारक्षरको आधारमा आरोपित कसुरमा निजको संलग्नता समेत रहेको भनी निजका विरुद्धमा पनि आरोपपत्र दायर गरिएको पाइन्छ।

३३. अव, निजहरूले गरेको उल्लिखित कार्यहरू आरोपदाबी अनुसारको कसुर हो, वा होइन भन्ने तर्फ बिचार गरी हेर्दा, यदि नगर प्रमुखको निर्णय प्रक्रियामा कुनै प्रकारको अनियमितता वा विधि उल्लङ्घन भएको छ भने सो आधारमा आरोपपत्र दायर गर्नु उचित ठहर्न सक्छ। तथापि, यस प्रकरणमा केही महत्वपूर्ण पक्षहरू पनि छन्, जस्तैः

क) सम्झौताको प्रकृति र प्रक्रियाः त्रिपक्षीय सम्झौता गर्न प्रदेश सरकारको अनुमति र नगरपालिकाको निर्णय प्रक्रियामा कस्तो प्रकारको अनुमोदन र सहमति लिएको थियो भन्ने कुरा महत्त्वपूर्ण छ। यदि सम्झौतामा नगर प्रमुखबाट कुनै प्रकारको विधि उल्लङ्घन भएको भए र बदनियत देखिएमा आरोप दायर गर्नु ठीक हुन सक्छ।

ख) नगर प्रमुखको भूमिकाः नगर प्रमुखको रूपमा, खड्काले आफ्नो अधिकार प्रयोग गर्दा कुनै प्रकारको कानूनी वा प्रशासनिक प्रक्रिया पालना गरे कि गरेनन् भन्ने कुरामा ध्यान दिनु आवश्यक छ।

ग) आरोपपत्रको आधारः आरोपपत्र दायर गर्ने आधार कस्तो छ भन्ने कुरा पनि महत्त्वपूर्ण छ। यो कानूनी रूपले नगर प्रमुखले त्रिपक्षीय सम्झौतामा हस्ताक्षर गर्दा के के कानूनी प्रक्रिया उल्लङ्घन गरेका हुन् भन्ने कुरा स्पष्ट हुनुपर्छ।

३४. यदि बदनियत (गलत उद्देश्य या धोखाधडी) बाट नगर प्रमुखले सम्झौतामा हस्ताक्षर गरेको भए र नगरपालिकाको बैठकमा सम्झौताको विषय राखेर निर्णय नगरिएको भए यसले कानूनी रूपमा समस्याग्रस्त अवस्था उत्पन्न गर्न सक्छ। वदनियतबाट कुनै कार्य गर्दा व्यक्तिले आफ्नो व्यक्तिगत फाइदाको लागि वा कुनै अन्य गैरकानूनी उद्देश्यको लागि सार्वजनिक निर्णय प्रक्रियामा हस्तक्षेप गर्छ भन्ने अनुमान गर्न सकिन्छ। नगर प्रमुखले नगरपालिकाको बैठकमा आसन्न विषय छलफलमा राखेर निर्णय गरेको देखिंदा आफ्नो व्यक्तिगत इच्छामा आधारित भई सम्झौतामा हस्ताक्षर गरेको भन्न मिलेन। प्रथमतः उक्त आयोजना नै प्रदेश सरकारको पहलकदमीमा डिजाइन गरिएको देखिंदा नगरपालिकाको

मुख्य स्वामित्वभाव सो आयोजनामा रहेको भन्न मिल्ने देखिंदैन। दोस्रो कुरा नगरपालिकाको कार्यपालिकाले कुनै ठोस निर्णय नगरेको अवस्थामा मात्र नगर प्रमुखले स्वतन्त्र रूपमा निर्णय लिनु कानूनी दृष्टिकोणबाट शङ्का निम्त्याउने हुन सक्छ। यस्तो अवस्थामा एक छिनलाई मानौं कि नगर प्रमुखले नगरपालिकाको प्रक्रिया र नीति अनुरूप काम नगरेको रहेछ भने पनि प्रथम दृष्टिमा भ्रष्टाचार नभई  त्यसको कानूनी र प्रशासनिक परिणाम हुन सक्छ। त्यस्तोमा नगरपालिकाका अन्य पदाधिकारी र कर्मचारीहरूले बैठकको प्रक्रिया पुरा नगरेको, निर्णय नगरेको अवस्थामा मात्र नगरको तर्फबाट उक्त सम्झौताले वैधता गुमाउन सक्छ। अतः उक्त नगरपालिकाको कार्यपालिकीय निर्णयबमोजिम लालबन्दी नगरपालिकाका तत्कालीन नगर प्रमुख प्रतिवादी मानबहादुर खड्कालाईलाई सम्झौता गर्न तोकेको हुनाले निजले त्रिपक्षीय समझदारी पत्रमा हस्ताक्षर गरेको आधारमा निज उपर प्रस्तुत आरोपपत्र दायर गरेको देखिन्छ।

३५. त्यस्तै प्रदेश सरकारले विनियोजन गरेको र नेपाल सरकारबाट प्राप्त समपूरक अनुदान समेतको सम्पूर्ण सरकारी रकम झलनाथ खनाल स्वास्थ विज्ञान प्रतिष्ठान नामको गैर सरकारी संस्था/कम्पनीलाई उपलब्ध गराई सोही संस्थाबाटै कार्यक्रम कार्यान्वयन र खर्चको लेखाङ्कन गर्ने गरी भएको त्रिपक्षीय समझदारी-पत्रमा हस्ताक्षर गर्ने कार्यको रोहबरमा बसेको आधारमा मधेश प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयका तत्कालीन सचिव प्रेमकुमार श्रेष्ठ उपर आरोपदाबी रहेको देखिन्छ।

३६. सामान्यतः सरकारवादी फौजदारी मुद्दामा कसुरदारको कसुर प्रमाणित गर्ने भार वादीमा रहन्छ। त्यसको निम्ति केबल अभियोग लगाएर मात्र हुँदैन। सो अभियोग पुष्टि हुने प्रमाण वादी पक्षले प्रस्तुत गर्न सक्नुपर्छ। जसलाई प्रमाण ऐन, २०३१ को दफा २५ ले स्पष्ट गरेको छ। यी प्रतिवादीहरूले के कस्ता कार्य गरेका छन् र के कस्तो कार्यबाट के कस्तो कानूनको उल्लङ्घन भई अपराधजनित कार्य भयो र त्यस्तो कार्यमा को कसको के कसरी संलग्नता रहेको छ ?  साथै प्रदेश तथा नेपाल सरकारको अनुदानस्वरूप झलनाथ खनाल स्वास्थ विज्ञान प्रतिष्ठान नेपाल नामको गैर सरकारी संस्थालाई प्राप्त रु.१७,९८,३३,०००/- रकम यी प्रतिवादीहरूको संलग्नतामा खर्च गरी हानि नोक्सानी भई भ्रष्टाचार गरेको भन्ने कुरा पनि अभियोजन पक्षले शङ्कारहित तवर (Beyond the Reasonable Doubt) ले पुष्टि गर्नुपर्छ।

३७. यी प्रतिवादी मानबहादुर खड्काले आरोपित दाबीलाई इन्कार गरी अनुसन्धान तथा यस अदालतमा बयान गरेको पाइन्छ। निजले गरेको बयानलाई समर्थन गर्ने गरी निजको साक्षीले यस अदालतमा उपस्थित भई बकपत्र गरेको देखिन्छ। प्रतिवादी मानबहादुर खड्कालाई प्रदेश सरकारबाट त्रिपक्षीय सम्झौता गर्न अनुरोध गरी पत्र पठाएको देखिन्छ। सोपश्चात् उक्त नगरपालिकाको कार्यपालिकीय निर्णयबमोजिम निजलाई सम्झौता गर्न तोकेको पाइन्छ। निज प्रतिवादी आफैले अग्रसर भई कुनै अनियमित कार्य गरेको भन्ने देखिन आउँदैन। निज प्रतिवादी आफैले कुनै बजेट विनियोजन गरेको नगरपालिकाको बजेट रकम निकासा दिएको वा बजेट छुट्याई खर्च गरेको समेत पाइँदैन। प्रतिष्ठानको कार्यमा कुनै बाधा व्यवधान नआओस भन्ने हेतुले प्रदेश सरकारले उक्त कार्यको सुचारुका लागि स्थानीय नगर सरकारको सहभागिता सम्म गराएको बुझिन्छ। निजलाई प्रदेश सरकारबाट अनुरोध भएबमोजिम प्रतिष्ठानको केन्द्र अर्थात् सो संस्था स्थापना भएको स्थानीय नगरपालिकाको हैसियतमा त्रिपक्षीय सम्झौतामा हस्ताक्षर गरी निजलाई परियोजनाको कार्यक्रम लागू गर्ने माध्यमको रुपमा सहजकर्तासम्म बनाएको देखिंदा सहजकार्ताको भूमिकामा रही गरेको त्यस्तो कार्यलाई भ्रष्टाचारजन्य कसुर मान्न सकिने अवस्था नरहेकोले निजले गरेको बयानलाई अन्यथा भन्न सकिएन।

३८. त्यस्तै मधेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव प्रतिवादी प्रेमकुमार श्रेष्ठले अनुसन्धान तथा यस अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कारी रही बयान गरेको पाइन्छ। निजको बयानलाई समर्थन गरी निजको साक्षीले यस अदालतमा उपस्थित भई बकपत्र गरेको देखिन्छ। त्यस्तै, प्रचलित कानूनबमोजिम प्रदेश सरकारले विनियोजित बजेट झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई उपलब्ध गराउने कार्य माननीय मन्त्री स्तरबाटै भएको देखिएको छ। माननीय मन्त्रीबाट भएको निर्णय लागु गर्नु सम्बन्धित मन्त्रालयका सचिवको कर्तव्य नै हुन आउँछ।

त्यसका लागि निज सजिव प्रतिवादी प्रेमकुमार श्रेष्ठले पत्राचार गरी नेपाल सरकारबाट समपूरक अनुदान माग गर्नु आफैमा कसूरजन्य कार्य मान्न सकिने अवस्था हुँदैन। बजेट खर्च गर्नमा निजको कुनै प्रत्यक्ष वा परोक्ष भूमिका रहेको समेत अभियोजकले पुष्टि गर्न सकेको पाईंदैन। साथै निजको कुनै बदनियत रहेको भन्न सकिने अवस्थाको विद्यमानतासमेत अभियोजन पक्षबाट प्रष्ट पार्न नसकेको परिप्रेक्ष्यमा प्रतिवादी प्रेमकुमार श्रेष्ठ विरुद्ध लिइएको आरोपदाबी मिथ्या प्रमाणित भइ आरोपदाबी पुष्टि हुन आएन।

३९. अर्को कुरा विनियोजित बजेट स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई उपलब्ध गराउने कार्यमा माननीय मन्त्रीस्तरबाटै निर्णय लिइएको देखिन्छ। सचिवद्वारा पत्राचार गरी नेपाल सरकारबाट समपूरक अनुदान मागिएको पाइन्छ तापनि यो प्रक्रिया कानूनी र प्रशासनिक दृष्टिकोणबाट सामान्य र स्वीकृत प्रक्रिया नै देखिन्छ। यस्ता प्रक्रियामा कदाचित कार्यविधिसम्म उल्लङ्घन भएको अवस्था रहेछ भने पनि यसलाई कसूरजन्य कार्य मान्न सकिने अवस्था हुँदैन। सचिवको कर्तव्य भनेको मन्त्रालयका नीति र निर्देशको पालना गर्नु र आवश्यक कार्यहरूलाई अघि बढाउनु हो। मन्त्रीको निर्णयअनुसार सचिवले नेपाल सरकारबाट समपूरक अनुदान माग गर्नु स्वाभाविक प्रक्रियागत कार्य हो। यो कार्य कार्यकारी प्रक्रियाको एक हिस्सा हो। त्यसकारण मन्त्रालयको सचिवले यदि कुनै विधि उल्लङ्घन नगरी मन्त्रालयको कार्यहरूलाई अघि बढाएका छन् भने यसलाई कसूरजन्य कार्य मान्न सकिंदैन। सचिवको कार्यमा कानूनी र प्रशासनिक प्रक्रिया पालना गर्नु अनिवार्य हुन्छ। यदि यो प्रक्रिया ठीक ढङ्गले गरिएको छ भने त्यस्तो कार्य कानूनी रूपमा वैध मानिन्छ। अतः सचिवको पत्राचार र अनुदानको माग भनेको एक सामान्य प्रशासनिक प्रक्रिया हो जसको उद्देश्य विधिअनुसार बजेट उपलब्ध गराउनु हो, र यसमा कुनै प्रकारको अनियमितता वा धोखाधडी देखिएन भने यो प्रक्रियागत कार्य आफैमा कसुरजन्य कार्य नभई वैध ठहर्छ।

४०. प्रस्तुत मुद्दामा वादी नेपाल सरकारले यी प्रतिवादी मानबहादुर खड्काको हकमा बिगो रु.१७,९८,३३,०००।- (सत्र करोड अन्ठानब्बे लाख तेत्तीस हजार) र प्रतिवादी प्रेमकुमार श्रेष्ठको हकमा बिगो रु.३,२७,००,०००/-(तीन करोड सत्ताइस लाख) को सरकारी सम्पत्तिको हानिनोक्सानी, दुरुपयोग गरी भ्रष्टाचारजन्य कसुर गरेको भनी लगाइएको आरोपदाबी मुद्दाको तथ्य र वस्तुनिष्ठ प्रमाणको आधारमा पुष्टि गर्न सकेको देखिंदैन। निश्चित रुपमा फौजदारी कसुरमा अभियोग दाबी प्रमाणित गर्दा प्रतिव्यक्ति प्रतिप्रमाणबाट पुष्टि हुनुपर्दछ। यी प्रतिवादीहरू उपरको आरोपदाबी शङ्कारहित तवरबाट उक्त सिद्धान्त अनुसार प्रमाणित गर्न नसकेको अवस्थामा निजहरू उपरको आरोपदाबी स्थापित हुन आउँदैन। अतः यी प्रतिवादीहरूले अभियोग दाबीबमोजिमको कसुर गरेको हो भनी वादी नेपाल सरकारको तर्फबाट ठोस र वस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्ने सकेको नदेखिंदा निज प्रतिवादीहरू प्रेमकुमार श्रेष्ठ र मानबहादुर खड्काले सो आरोपदाबीबाट सफाइ पाउने ठहर्छ।

४१. त्यस्तै प्रतिवादीहरू विजय कुमार यादव, रेवतीप्रसाद पन्त, नानीबाबु भन्ने नवराज भण्डारी, निरज भण्डारी, देवेन्द्र राय र राष्ट्रिय स्वास्थ्य विज्ञान तथा अनुसन्धान परिषद्को हकमा विचार गरी हेर्दा, प्रतिवादी विजय कुमारलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले व्यवस्था गरेको कसूरमा ऐ. ऐनको दफा ३(१) र ३(१) (झ) तथा दफा १५ एवम दफा २४ बमोजिम थप सजाय हुन मागदाबी लिएको पाइन्छ।

४२. त्यस्तै सोही ऐनको दफा १७ को कसूरको मतियार भई कार्य गरेको भनी अन्य प्रतिवादीहरू उक्त प्रतिष्ठानका अध्यक्ष रेवती प्रसाद पन्त, महासचिव नवराज भण्डारी, कोषाध्यक्ष निरज भण्डारी र सदस्य देवेन्द्र रायलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २३ को स्पष्टीकरण खण्डसमेतको आधारमा उक्त ऐनको दफा १७ को मतियारको कसूरमा दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम सजाय मागदाबी लिएको देखिन्छ।

४३. यसैगरी प्रतिवादी संस्था तत्कालीन झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान नेपाल हाल राष्ट्रिय स्वास्थ्य विज्ञान तथा अनुसन्धान परिषद्को नाममा रहेको जिल्ला सर्लाही, लालबन्दी नगरपालिका वडा नं. १ स्थित ८ बिघा ९ कट्ठा ६.३३

धुर जग्गा र सोही संस्थाको नाममा रहेको सवारी दर्ता नं. प्रदेश ३-०१ ०२३ च ४७३४ को चारपाङ्ग्रे सवारी साधन (Mahindra Scorpio S5 2WD) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम जफत गरी पाउँ भन्ने आरोपदाबी रहेको देखिन्छ।

४४. उपर्युक्त आरोपदाबीको परिप्रेक्ष्यमा यी प्रतिवादीहरूको प्रति कसूर प्रतिप्रमाणको तवरले हेर्दा प्रतिवादी रेवतीप्रसाद पन्तले संस्थाको मूल उद्देश्य भनेको देशका जनतालाई सर्पको टोकाइबाट बचाउनको लागि Anti Snake Venom बनाउने हो र उक्त संस्थाको समग्र कामको करिब ६० प्रतिशत काम सम्पन्न भईसकेको छ। Anti Snake Venom बनाउने वैदेशिक संस्थाहरूसँग जनशक्ति एवम् Equipment उपलब्ध गराउने सम्झदारीसमेत भईसकेको हुँदा नेपालमा नै पहिलो पटक गुणस्तरीय Anti Snake Venom उत्पादन हुने कुरामा म विश्वस्त छु। मसमेत उपर लगाएको यो आरोप झुठ्ठा भएकोले यस सम्मानित अदालतबाट यो झुठ्ठा आरोपदाबीबाट सफाइ पाउँ भनी अनुसन्धान तथा यस अदालतमा कसूरमा पूर्णतः इन्कार रही बयान गरेको देखियो।

४५. प्रतिवादी नवराज भण्डारीले तत्कालीन आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नम्बर २, लालबन्दी नगरपालिका र प्रतिष्ठानबीच भएको त्रिपक्षीय समझदारी पत्र (सम्झौता पत्र) ले स्वीकार गरेको प्रस्ताव अनुसार प्राप्त अनुदानबाट कार्य भएको हो। आयोगले २०७६।९।२४ गते भएको त्रिपक्षीय समझदारी पत्र भन्दा अगाडि मन्त्रालय र प्रतिष्ठानबीच के के छलफल तथा कार्यहरू भए भन्ने विषयमा गहिरो अध्ययन नगरी लगाइएको आरोप सरासर झुट्टा छ भनी अनुसन्धान तथा यस अदालतमा बयान गरेको देखियो।

४६. प्रतिवादी नानीबाबु भन्ने नवराज भण्डारीले तत्कालीन आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नम्बर २, लालबन्दी नगरपालिका र झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान नेपालबीच मिति २०७६।०९।२४ गते भएको त्रिपक्षिय समझदारी पत्र अनुसार काम भएको हो। त्रिपक्षीय समझदारी पत्रको सर्त नम्बर ४(ण) मा तीनै पक्षले स्वीकार गरेको तत्कालीन आर्थिक मामिला तथा योजना मन्त्रालयमा समझदारी हुनु अगाडि पेस गरेको आर्थिक तथा प्राबिधिक प्रस्तावबमोजिम झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान नेपालमार्फत कार्यक्रम संचालन गर्ने भन्ने बेहोरा उल्लेख गरिए अनुरुपको कार्य गरिएकोले आयोगले मतियार बनाइ म उपर लगाएको अभियोगमा कुनै सत्यता नभै सरासर झुट्टा हो भनी अनुसन्धान तथा यस अदालतमा बयान गरेको देखियो।

४७. प्रतिवादी देवेन्द्र रायले Anti-venom Production &Research Centre, Nepal (APRCN) स्थापना, व्यवस्थापन र सञ्चालन गर्ने कार्यमा अनियमितता गरेको भन्ने समेतको उजुरी निवेदनमा उल्लेख भएको बेहोरा सबै झुट्टा हो। मधेशमा धेरै व्यक्ति सर्पको टोकाइबाट मर्ने भएकोले सर्पको टोकाइबाट बच्नको लागि यो संस्था स्थापना भएको हो। संस्थाको उद्देश्य भन्दा बाहिर गएर कुनै पनि काममा हामीले खर्च गरिएको छैन। मलाई दुःख दिने मनसायले यो मुद्दा दायर गरेको हो भनी अनुसन्धान तथा यस अदालतमा बयान गरेको देखियो।

४८. प्रतिवादी विजय कुमारले Anti-venom production सँग सम्बन्धित सम्पूर्ण काम कारवाहीहरू प्रचलित कानूनबमोजिम नै भएका छन्। मैले नेपालको संविधान बमोजिम प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्री भएको पदिय हैसियतले गरेको कार्य हो। प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रीलाई योजनाको छनोट गर्ने, सिफारिस गर्ने, निर्णय कार्यान्वयनका लागि बजेट पठाउने विषय संविधान तथा प्रचलित कानूनले दिएका अधिकारहरू हुन्। प्रदेश सरकारको आर्थिक वर्ष २०७६।०७७ को बजेट, बजेट सिद्धान्त र वक्तव्य मात्रै होइन, यो मूलतः अर्थ राजनीतिक दस्तावेज हो। यो सरकारको नीति, कार्यक्रम, प्राथमिकता र सिद्धान्तका आधारमा तर्जुमा भएको थियो। यसमा मेरो कुनै नीजि स्वार्थ रहेको छैन। मैले कुनै बदनियतपूर्ण कार्य, भ्रष्टाचारजन्य कार्य गरेको छैन भनी अनुसन्धान तथा यस अदालतमा बयान गरेको देखियो।

४९. प्रतिवादी राष्ट्रिय स्वास्थ्य विज्ञानको तथा अनुसन्धान परिषदको तर्फबाट रेवतीप्रसाद पन्तले संस्थाले राज्यले नगरेको

कामको शुरुवात गरेको छ। यो संस्थाको मूल उद्देश्य देशका जनतालाई सर्पको टोकाइबाट बचाउनको लागि Anti Snake Venom बनाउने हो। उक्त संस्थाको समग्र कामको करिब ६० प्रतिशत काम सम्पन्न भईसकेको छ। Anti Snake Venom बनाउने वैदेशिक संस्थाहरूसँग जनशक्ति एवम् Equipment उपलब्ध गराउने सम्झदारीसमेत भैसकेको हुँदा नेपालमा नै पहिलो पटक गुणस्तरीय Anti Snake Venom उत्पादन हुने कुरामा म विश्वस्त छु। हामी उपर लगाएको यो आरोप झुट्टा भएकोले यस सम्मानित अदालतबाट यो झुट्टा आरोपदाबीबाट सफाइ पाई न्याय पाउँ भनी बयान गरेको देखियो।

५०. अब, उल्लिखित प्रतिवादीहरूको हकमा निर्णयतर्फ विचार गर्दा निजहरू उक्त प्रतिष्ठानको संचालक समिति जस्तो कार्यकारी भूमिका भएको महरत्वपूर्ण पदमा पदासिन रहेको पाइन्छ। निर्णायक भूमिकामा बसेको पदाधिकारीले निष्ठामा रही कार्य सम्पादन गर्छन् भन्ने अपेक्षा गरिएको हुन्छ। निर्णायक भूमिकामा बसेको पदाधिकारीले निष्ठापूर्वक र इमान्दारीपूर्वक काम गर्नु अत्यन्त महत्वपूर्ण हुन्छ नै। यस्तो भूमिकामा रहेका व्यक्तिहरूले गर्दा नै कुनै पनि संस्था, सँगठन वा समाजको सही दिशा निर्धारण हुन्छ। त्यसैले उनीहरूको कार्य नै प्रगति र स्थिरता ल्याउनका लागि अति आवश्यक हुन्छ। निष्ठा भनेको मात्र शारीरिक उपस्थिति र जिम्मेवारीको निर्वाह होइन, तर उनीहरूको कार्य शैली, नैतिकता र प्रामाणिकता पनि यसको भाग हो। जब पदाधिकारीले आफूलाई जिम्मेवार र निष्ठावान रूपमा प्रस्तुत गर्छन्, तब त्यसले अन्यलाई पनि प्रेरित गर्छ र समग्र संस्थाको विश्वास एवम् सम्मान बढाउँछ। यसरी निष्ठा, ईमानदारी र पेसेवरता एउटा निर्णयक भूमिकामा रहेको व्यक्तिको प्रमुख गुण हुनुपर्छ।

५१. प्रस्तुत मुद्दामा उपर्युक्त मान्यताको आलोकमा यी प्रतिवादीहरू उपरको आरोपदाबी र तथ्य प्रमाणहरूको मूल्याङ्कन गरी निर्णयको निष्कर्षमा पुग्नुपर्ने भएको छ। यस सन्दर्भमा हेर्दा प्रदेश सरकारको प्रचलित आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १० मा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त सिमा र मार्गदर्शनको अधिनमा रही निर्धारित ढाँचामा आफू र आफ्नो मातहतका निकायको नीति तथा कार्यक्रमसहित वजेट प्रस्ताव तयार गरी उपलब्ध गराउने जिम्मेवारी लेखाउत्तरदायी अधिकृतको हुनेछ भन्ने उल्लेख गरेको देखिन्छ। सोही ऐनमा लेखाउत्तरदायी अधिकृत भन्नाले वार्षिक बजेट तयार गर्ने र सो बजेट निकासा प्राप्त गरी खर्च गर्ने लगायतका कर्तव्य भएको सचिवलाई सम्झनुपर्छ भनी परिभाषित गरिएको पाइन्छ। त्यस्तै उल्लिखित ऐनको दफा १६ मा विनियोजन ऐन वा पेस्की खर्च ऐन जारी भएपछि खर्च गर्न अधिकार प्राप्त कार्यालयले वार्षिक कार्यक्रमको आधारमा विनियोजन ऐनको अनुसूचीमा उल्लिखित रकम खर्च गर्न सक्ने छन् भन्ने व्यवस्था रहेको पाइन्छ।

५२. त्यस्तै नेपाल सरकारबाट जारी भएको समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ४ मा समपूरक अनुदान माग गर्दा आयोजना/कार्यक्रम कार्यान्वयन गर्नुपर्ने आवश्यकता र प्राथमिकताको पुष्टयाई, सम्भाव्यता अध्ययन प्रतिवेदन, कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता र जनशक्ति, प्रचलित कानूनबमोजिम स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन, निजी क्षेत्रसमेतको साझेदारीमा आयोजना/कार्यक्रम कार्यान्वयन गर्ने भए त्यस्तो साझेदारीको तरिका र ढाँचा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ भनी उल्लेख भएको पाइन्छ। उल्लिखित कार्यक्रम सञ्चालनको लागि पूर्व सम्भाव्यता अध्ययन गरी प्रतिवेदन तयार भैसकेको र वातावरणीय प्रभाव मूल्याङ्कन लगायतका कार्यक्रम कार्यान्वयन गर्न सम्पूर्ण आवश्यक पूर्वतयारी गरिसकेको भनी राष्ट्रिय योजना आयोगमा सर्त घोषणा सहितको योजना प्रस्ताव पेस गरेको देखिन्छ। तर सो समयसम्ममा आयोजना सञ्चालन गर्ने स्थान समेत यकिन गरेको देखिन आउँदैन। त्यसका अतिरिक्त उक्त प्रतिष्ठानबाट सम्भाव्यता अध्ययन, वातावरणीय प्रभाव मूल्याङ्कन र विस्तृत आयोजना प्रतिवेदन तयारीको लागि परामर्शदाता छनौट गरी मिति २०७५/०४/०६ गते खरिद सम्झौतासम्म गरेको देखिन आउँछ। तर सो समयसम्म माथि उल्लिखित कुनै पनि प्रतिवेदनहरू तयार भएको देखिन आउँदैन।

५३. यसरी समपूरक अनुदान प्रस्ताव गरेको मिति २०७६/०७/०५ भन्दा पछाडि आएर मात्र मिति २०७६/११/०१ गते सम्भाव्यता अध्ययन प्रतिवेदन (Final Feasibility Report), मिति २०७७/०४/१४ गते आयोजना सञ्चालन गर्नको

लागि जग्गा छनौट एवम् मिति २०७९/०३/०८ गते वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन (EIA) स्वीकृत भएको देखिन आएको छ। त्यस्तै उपर्युक्त अनुदान रकमबाटै जग्गा खरिद बापत जग्गाधनीहरूलाई र उल्लिखित अध्ययनहरू बापत परामर्शदातालाई रकम भुक्तानी गरेको देखिन्छ। समपूरक अनुदान सम्बन्धी कार्यविधिले तोकेको निजीक्षेत्रको साझेदारीमा आयोजना सञ्चालन गर्दा उल्लेख हुनुपर्ने साझेदारीको उद्देश्य हासिल गर्नका लागि सो को कार्यविधि तरिका र ढाँचाबारे कुनै उल्लेख नै नगरी अनुदान दिइ रकम खर्च गरेको अवस्था देखिन्छ।

५४. सो प्रतिष्ठानबाट प्रारम्भिक अनुमानका आधारमा कार्य सम्पन्न गर्नको लागि आवश्यक रकम रु.७१,९८,३३,२००।— अनुदानको रुपमा उपलब्ध गराउन प्रस्ताव गरेको पाइन्छ। प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयबाट भएको सर्त घोषणा र प्रदेश सरकारले समेत भौतिक संरचना निर्माणको लागि बजेट विनियोजन गरे अनुरुप नै राष्ट्रिय योजना आयोगबाट आयोजनाको लागि भौतिक संरचना निर्माण गर्न भनी आयोजना अवधि ३ वर्ष, आयोजनाको कूल लागत २४ करोड ५२ लाख २२ हजार स्वीकृत गरेको देखिन आउँछ। आयोजनाको स्वीकृत कुल लागत मध्ये रु १४ करोड ७१ लाख ३३ हजार दुई सय रुपैयाँ सम्बन्धित प्रदेशले र बाँकी ९ करोड ८० लाख ८८ हजार आठ सय रुपैयाँ सङ्घीय सरकारको समपूरक अनुदानको रुपमा हुने गरी मिति २०७६/०८/०५ को राष्ट्रिय योजना आयोगको बैठकबाट कार्यक्रम स्वीकृत भएको भनी राष्ट्रिय योजना आयोगबाट प्राप्त विवरणबाट देखिएको छ। उपर्युक्त कार्यक्रमको हकमा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयको आ.व. २०७६/७७ को मन्त्रालयगत बजेट सूचना प्रणालिमा प्रविष्ट भइ स्वीकृत संसोधित वार्षिक विकास कार्यक्रम, समपूरक अनुदान प्रस्ताव गर्ने फारम तथा स्वीकृत समपूरक अनुदानको विवरणमा सो प्रतिष्ठानको सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने भनी उल्लेख गरेको देखिन्छ। तर के कस्तो प्रकारको सहकार्य वा साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने हो भन्ने कुरा स्पष्ट रुपमा खुलाइएको पाईंदैन। अझै महत्वपूर्ण त सम्बद्ध मन्त्रालयबाट प्रचलित सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ अनुसारको प्रक्रिया पुरा गरेर निजी संस्था छनौट गरेको अवस्था समेत देखिन आउँदैन।

५५. प्रचलित कानूनी व्यवस्था हेर्दा यस प्रकारको कार्यक्रम लागू गर्दा निम्नबमोजिमको कानूनी प्रावधानहरू आकर्षित हुने हुँदा सोही कानूनी आधारमा योजना कार्यान्वन गर्नु वाञ्छनीय हुने देखिन्छः

१) <u>समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ४ (१) मा</u> प्रदेश वा स्थानीय तहले समपूरक अनुदान माग गर्दा प्रदेश वा स्थानीय तह आफैले वा निजी क्षेत्रसँगको साझेदारीमा आयोजना/कार्यक्रम कार्यान्वयन गर्ने हो सो कुराको यकिन गरी अनुदान माग गर्नुपर्नेछ।

२) <u>सोही ऐनको दफा ९ (३) मा</u> प्रदेश वा स्थानीय तहले प्राप्त गर्ने अनुदानबापतको रकम आफ्नो वार्षिक कार्यक्रममा राखी खर्च गर्नुपर्नेछ।

३) <u>उक्त ऐनको दफा ९ (४) मा</u> प्रदेश वा स्थानीय तहले समपूरक अनुदान रकम खर्च गर्दा आन्तरिक नियन्त्रण प्रणाली अपनाई आर्थिक कार्यविधि तथा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको अधीनमा रही मितव्ययी र पारदर्शी किसिमले खर्च गर्ने र त्यस्तो खर्चको भुक्तानी बैंकिङ्ग प्रणालीमार्फत गर्नुपर्नेछ।

४) <u>त्यस्तै प्रदेश सरकारको आ.व. २०७६/७७ को विनियोजन ऐन, २०७६ को दफा ४ (१) मा</u> अनुदान सङ्ख्या ८०१ को रकम स्थानीय तहले कानूनबमोजिम खर्च गर्न पाउने गरी अनुदानको रुपमा स्थानीय सञ्चित कोषमा हस्तान्तरण गरिनेछ।

५) <u>सोही विनियोजन ऐनको दफा ८(१) मा</u> प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिन देखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ।

५६. उपर्युक्त कानूनी व्यवस्थाहरूलाई हेर्दा, साझेदारी गर्ने गैर सरकारी संस्था वा निजी क्षेत्रले खर्च गर्न सक्ने सम्मको

अख्तियारी कुनै कानूनले प्रदान गरेको देखिएन। प्रदेश सरकारले अनुदान सङ्ख्या ८०१ मा विनियोजन गरेको रकमको हदसम्म स्थानीय तहलाई कानूनबमोजिम खर्च गर्न पाउने गरी अनुदानको रुपमा स्थानीय सञ्चित कोषमा हस्तान्तरण गर्न सकिने व्यवस्था रहे तापनि यस कार्यक्रमको हकमा प्रदेश सरकार आफैले निजी संस्थासँगको सहकार्यमा सञ्चालन गर्ने भनी सङ्घीय सरकारबाट प्राप्त गरेको समपुरक अनुदानसमेत समावेश भएकोले स्थानीय तहलाई जिम्मेवार बनाई अनुदान दिन मिल्नेसमेत देखिन आउँदैन। प्रचलित कानूनको अधीनमा रही खर्च गर्ने अधिकार प्राप्त अधिकारीलाई विनियोजन ऐन, २०७६ ले अख्तियारी प्रदान तथा समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ ले दिशानिर्देश गरिसकेको अवस्थामा सो समेतको विपरीत हुने गरी यस कार्यक्रम कार्यान्वयनको हकमा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयका मन्त्री प्रतिवादी विजय कुमारले र लालबन्दी नगरपालिकाका नगर प्रमुखलाई झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान नेपाल नामक गैर सरकारी संस्था मार्फत कार्यक्रम सञ्चालन गर्ने गरी सो संस्थासँग मिति २०७६/०९/२४ गते त्रिपक्षीय समझदारी पत्रमा हस्ताक्षर गराउन भूमिका खेलेको देखिन आएको छ। निज प्रतिवादीको बदनियतपूर्ण सोचबाट आफूलाई लाभ र सरकारलाई हानि हुने परिणाम निकाल्न सहज हुने तरकीव अपनाई सरकारी रकम अनुदानको रुपमा गैर सरकारी संस्थालाई उपलब्ध गराउन मार्गप्रसस्त गरिदिएको देखियो।

५७. समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ मा यस प्रकारका आयोजना कसरी संचालन गरिन्छ भन्ने सम्बन्धमा दिशानिर्देश गरिएको छ जुन बाध्यकारी रुपमा परिपालना गरिनु पर्दछ। यस अनुसार अनुदान प्राप्त गर्ने निकायले अनुदानबाट सञ्चालन गर्ने कार्यक्रम बढीमा तीन वर्षभित्र सम्पन्न गर्नुपर्ने भन्ने व्यवस्था रहेको छ। सोही व्यवस्थाबमोजिम कुल लागत रु.२४,५२,२२,०००।- अनुमान गरी सो आयोजनाको कार्य सम्पन्न गर्ने अवधि ३ वर्ष रहने गरी उक्त सर्पदंश सम्बन्धी आयोजना स्वीकृत भएको देखिन्छ। तर उल्लिखित प्रतिवादीहरूले उक्त कार्यविधि तथा अनुदान स्वीकृतीको सर्तहरू विपरीत कुल लागत रु.७१,९८,३३,२००।- र योजना अवधि ५ वर्ष रहने आफूखुशी सर्त राखेर सम्झौता गरेको पाइन्छ। यसका साथै अनुदान रकम एकमुष्ट निजी संस्थालाई उपलब्ध गराई सो संस्थामार्फत कार्यक्रम कार्यान्वयन गर्ने नयाँ र कार्यविधिमा हुँदै नभएको प्रावधान राखेको देखिन्छ। उक्त कार्यक्रममा भएको खर्चको अभिलेख पनि सोही संस्थाले नै राख्ने र समझदारी पत्रमा हस्ताक्षर भएको मितिले २५ वर्षसम्म निजी संस्थाले नै आयोजना सञ्चालन गर्ने गरी त्रिपक्षीय समझदारी पत्र तयार पारी हस्ताक्षर गरेको देखियो। निज प्रतिवादीले योजनाबद्ध किसिमबाट सरकारी तथा सार्वजनिक निकायको खर्च नियमित गर्ने प्रचलित मान्यता र व्यवस्था विपरीत कानूनले तोकेको लेखापरीक्षणको जिम्मेवारी समेत समझदारी पत्रबाट स्थानान्तरण गरेको देखिँदा निजहरूबाट भएको उक्त कार्य प्रचलित कानून विपरीत भए गरेको देखियो।

५८. बजेट प्रक्रियाका सम्बन्धमा पनि माथि उल्लिखित कानूनी प्रक्रिया र प्रावधान विपरीत सर्त तय गरेको देखिन्छ। जस अनुसार त्रिपक्षीय समझदारी पत्रको बुँदा नं. ४(घ) मा “आर्थिक मामिला तथा योजना मन्त्रालयबाट Anti-venom Production and Research Center Nepal (APRCN) आयोजनाको लागि प्रदान गरेको रकम स्थानीय तहले एकमुष्ट रुपमा झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान नेपाललाई उपलब्ध गराउनुपर्नेछ भन्ने” उल्लेख गरेको देखिन आउँछ। यस्तो सर्तलाई कानून र निर्देशिकाले मान्यता दिएको पाईंदैन। प्रतिवादीहरूले कानून विपरीत सर्तमा समझदारी गरी सोही सर्तअनुसार प्रदेश सरकारबाट लालबन्दी नगरपालिका र लालबन्दी नगरपालिकाबाट झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान नेपाललाई आ.व. २०७६/७७ मा विनियोजित रकम रु.१७,९८,३३,०००।- सोझै निकासा दिएको देखिन्छ।

५९. त्यस्तै गरेर प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार राष्ट्रिय मापदण्डबमोजिम औषधिजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको उत्पादन तथा संचय, स्वास्थ्य सेवा सम्बन्धी अध्ययन तथा अनुसन्धानका साथै स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन जस्ता कार्य सामाजिक विकास मन्त्रालयको जिम्मेवारीमा पर्ने देखिन्छ। सर्पदंशको औषधी उत्पादन पनि स्वतः यही नीति अन्तर्गत पर्नेमा विवाद छैन। तर सो

कार्यक्रम कार्यान्वयनको लागि सामाजिक विकास मन्त्रालयलाई कुनै जानकारी गराएको वा प्रक्रियामा संलग्न गराएको अवस्था सम्म देखिन आउँदैन। आर्थिक मामिला तथा योजना मन्त्रालयमा नै बजेट विनियोजन गरी, सङ्घीय सरकारबाट समपुरक अनुदान मागसमेत गरेकोमा तत्कालीन आर्थिक मामिला तथा योजना मन्त्रालयका मन्त्री, लालबन्दी नगरपालिकाका नगर प्रमुख र झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान नेपालका अध्यक्षले सो प्रतिष्ठानको तर्फबाट त्रिपक्षीय समझदारी गरी अनुदान उपलब्ध गराउँदा त्यसतर्फ अनदेखा गरेको पाइन्छ। साथै सो समझदारी पत्रमा आयोजना कार्यान्वयनको लागि निर्देशक समितिको व्यवस्था गरेको भए तापनि उक्त समितिमा सामाजिक विकास मन्त्रालयको प्रतिनिधित्व हुने व्यवस्था गरेकोसम्म पनि देखिन आउँदैन।

६०. त्यसैगरी प्रतिष्ठानबाट नेपाल सरकारसँग समपूरक अनुदान माग गरिएको अवस्था छ। सो बजेट माग गर्दा पहिले नै पूर्वसर्तको रुपमा कार्यक्रम कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता उपलब्ध भएको हुनु अनिवार्य हुन्छ। त्यस्तो क्षमता उपलब्ध भएको आधार प्रतिष्ठानले पेस गर्न सकेको पाईदैन। त्यस्तै प्रतिष्ठानमा सक्षम जनशक्तिको पनि व्यवस्था भएको हुनु पर्दछ। सक्षम जनशक्ति तयार पारेको अवस्था पनि देखिन आउँदैन। यसका अतिरिक्त बजेट प्राप्त गर्नका लागि योजनाको विस्तृत अध्ययन प्रतिवेदन, वातावरणीय प्रभाव मूल्याङ्कन लगायतका अध्ययन तथा पूर्वतयारीहरू गरिएको हुनु पर्दछ। प्रतिवादीहरूको तर्फबाट यी सबै कार्यहरू सम्पन्न भएको भन्नेसमेतको बेहोरा उल्लेख गरी प्रतिवेदन गरेको देखिएतापनि यथार्थमा ती सबै कागजी रुपमा मात्र देखाइएको पाइन्छ। यसरी हुँदै नभएका झुट्टा बेहोराको सर्त घोषणा गरी राष्ट्रिय योजना आयोगमा कागजात पेस गरेको देखिन्छ। जुन बदनियतपूर्वक गरिएको भन्ने पुष्टि हुन्छ।

६१. तत्पश्चात भौतिक पूर्वाधार निर्माण गर्न प्राप्त समपूरक अनुदान रकम र प्रदेश सरकारले सर्पको विष सङ्कलन, प्रशोधन, उत्पादन केन्द्र स्थापना गर्नका निमित्त भौतिक पूर्वाधार निर्माण गर्न विनियोजन गरेको रकम के के शीर्षकमा खर्च गर्ने हो भन्ने कुराको योजना पनि कानूनसम्मत रुपमा निर्माण गरिनु पर्ने हुन्छ। त्यस्तो योजना पनि बनाएको देखिन आउँदैन। यी प्रतिवादीहरूले तोकिएको विषय शीर्षकमा मात्र खर्च गर्नुपर्ने रकम विषयगत शीर्षकमा सीमित नरही अनावश्यक रुपमा फरक फरक शीर्षकहरूमा समेत खर्च गरेको देखिन आउँछ। उल्लिखित बजेट मूलतः भौतिक पूर्वाधार निर्माणमा नै खर्च गर्नुपर्नेमा प्रतिष्ठानको कार्यालयको घरभाडा, कार्यालय स्थापना/सञ्चालन, कार्यालय सामाग्री/मसलन्द, विद्युतीय उपकरणहरूको खरिद, कर्मचारी तथा पदाधिकारीहरूको तलब भत्ता, मसलन्द, सञ्चार महशुल, सवारी साधन खरिद तथा मर्मत सम्भारमा ध्यान केन्द्रित गरी खर्च गरेको देखिन्छ। अस्वभाविक रुपमा योजनाको विस्तृत अध्ययन प्रतिवेदन तयारीमा मोटो रकम खर्च गरेको देखिन्छ भने आयोजनाको लागि जग्गा खरिदमा पनि ठूलो रकमा खर्च गरेको देखिन्छ। संस्थाको नाममा खरिद गरेको ८ बिघा ९ कट्टा ६.३३ धुर जग्गा खरिद गरेकोमा जगाको मूल्याङ्कनका वस्तुगत आधार पनि विवादास्पद रहेको पाइन्छ। सो अनुसार रु.१३,३४,७५,१३४।६० खर्च गरेको भनी उक्त संस्थाले च.नं. ४१, मिति २०७७/०५/३१ को पत्रमार्फत लालबन्दी नगरपालिकालाई खर्चको विवरण उपलब्ध गराएको पाइन्छ।

६२. प्रतिष्ठानको मुख्य केन्द्रको भवन निर्माण कार्यको लागि निर्माण व्यवसायी श्री Sharma- Dhulikhel-JV, काठमाण्डौंसँग खरिद सम्झौता गरी मिति २०७८/०१/१७ गते निर्माण व्यवसायीलाई रु.२,३०,२२,२१३।-(दुई करोड तिस लाख बाईस हजार दुई सय तेह्र रुपैया मात्र) पेस्की उपलब्ध गराएको देखिन्छ। निर्माण व्यवसायीबाट अग्रिम भुक्तानी जमानत (Advance Payment Guarantee) लिई उपलब्ध गराइएको सो पेस्की फछ्र्यौट गर्ने दायित्व पेस्की उपलब्ध गराउने सो संस्थाकै रहेकोमा विवाद छैन। यस सन्दर्भमा निर्माण कार्यका लागि श्री Sharma- Dhulikhel-JV, काठमाडौंलाई उपलब्ध गराएको पेस्की सञ्चालक समितिको निर्णयले दिइएको पाइन्छ। तर हालसम्म उपर्युक्त पेस्की फछ्र्यौट प्रक्रियाका लागि बिल भरपाई, नापी लगायतका कार्य भए गरेको देखिन आउँदैन। पेस्की लिई सकेपछि कति प्रगति हासिल भयो भन्ने लेखाजोखा गरेको पाईदैन। पेस्की लिएपश्चात् सम्पन्न कार्यका आधारमा पेस्की खर्चको हिसाब राखी सोही प्रक्रियाबाट फछ्र्यौट गर्नुपर्नेमा त्यसतर्फ समितिले वेवास्ता गरी बसेको देखिन्छ। मिति २०७८/०१/१७

गते अग्रिम पेस्की लिएर निर्माण कम्पनीले निर्माणस्थलको केही भागमा पर्खाल निर्माण कार्य गरी भुक्तानी माग गरेको र बजेट अभावको कारण भुक्तानी दिन नसकिएको भन्ने उक्त संस्थाको च.नं. ८८ मिति २०७८/११/२९ को पत्रसमेतबाट देखिन आउँछ। यसप्रकार आयोजनाको मुख्य कार्य नै संरचना निर्माण रहेकोमा सो तर्फ कुनै प्रगति हासिल गरेको देखिन आउँदैन।

६३. उक्त प्रतिष्ठानको बैंक खातामा कुनै रकम मौज्दात नरहेको भनी सन राइज बैकबाट विवरण खुलाई मिति २०८०/०५/१३ मा लेखि आएको देखिन्छ। यसरी समपूरक अनुदानका सर्तहरू र प्रदेश सरकारले गरेको विनियोजित बजेटको उद्देश्य अनुरुप निर्माण लगायतका कार्यहरू गर्नुपर्नेमा सो विपरीत हुने गरी तोकिएभन्दा फरक तरिका र शीर्षकमा सरकारी रकम खर्च भएकोमा विवाद देखिएन। यसरी खर्च आयोजनाको उद्देश्य एकातिर र खर्च अर्कोतिर गर्दा मुख्य कार्यहरूमा बजेटको अभाव हुन गएको र निर्माण कार्यको रकम भुक्तानी गर्न समेत नसक्ने अवस्था श्रृजना भई प्रतिष्ठानको उद्देश्यअनुरुप सर्पको विष सङ्कलन, प्रशोधन, उत्पादन केन्द्र स्थापना गर्नका निमित्त भौतिक पूर्वाधार निर्माण गर्नेतर्फ कुनै उल्लेख्य प्रगति देखिन नआएबाट सञ्चालक समितका पदाधिकारीहरू समेतको बदनियत र लापर्वाहीले गर्दा प्रस्तावित आयोजना अलपत्र पर्न गएको देखियो। यसबाट सरकारले गरेको लगानी समेत अनुचित तवरमा खेर गई सरकारलाई ठूलो रकम हानिनोक्सानी हुन गएको देखिन आयो।

६४. यसरी उल्लिखित प्रतिष्ठानको स्थापनाका लागि मधेश प्रदेश सरकारको आ.व. ०७६/७७ को नीति तथा कार्यक्रममा समावेश भई प्रदेश संसदबाट स्वीकृत भएको बजेटको उद्देश्य विपरीत नहुने गरी परियोजना अघि बढाउनु पर्ने कर्तव्य र दायित्व प्रतिष्ठानको समितिमा रहेकोमा हुने विवाद छैन। प्रदेश सरकारको बजेट वक्तव्यको बुँदा नं ३३ मा नेपाल सरकार र प्रदेश सरकारको लागत सहभागिताका आधारमा सर्पको विष संकलन, प्रशोधन, उत्पादन केन्द्र स्थापना गर्ने कुरा उल्लेख गरिएको छ। त्यसका निमित्त भौतिक संरचना निर्माणका लागि नै बजेट विनयोजन भएको बजेट वक्तव्यबाटै प्रष्ट हुन्छ। विनियोजित साथै सङ्घीय सरकारबाट समेत सोही कार्यक्रमको लागि प्राप्त समपूरक अनुदान समेतको रकम खर्च गर्ने सम्बन्धमा प्रदेश संसदबाट प्राप्त भएको म्याण्डेट नाघेर खर्च गरेको देखिन्छ। अतः सार्वभौम प्रदेश संसदले अख्तियारी प्रदान गरेभन्दा बढी अधिकार प्रयोग गरी संसदको नीति तथा कार्यक्रम र बजेटको उद्देश्य विपरीत खर्च गरी सरकारको विनियोजित बजेटको व्यापक मात्रामा दुरुपयोग गरेको देखियो।

६५. यदि सरकारको विनियोजित बजेटको दुरुपयोग गरिएको छ भने, त्यो अवैध र अनैतिक कार्य हो। बजेट र नीति कार्यक्रमहरू जनताको हितमा हुनु पर्छ  र ती स्रोतहरूको जिम्मेवारी र पारदर्शितासाथ उपयोग गर्नुपर्ने हुन्छ। यो दायित्व प्रतिष्ठानको हो। संसदको नीति तथा कार्यक्रम र बजेटको उद्देश्य विपरीत खर्च गर्नु भनेको सार्वजनिक वित्तको दुरुपयोग हो र यसले जनताको विश्वासलाई पनि हानि पुऱ्याउँछ। जिम्मेवार पदाधिकारीलाई यस्तो प्रकारको दुरुपयोगको उत्तरदायित्व बहन गराइनु कानूनी र नैतिक रुपमा आवश्यक हुन्छ। त्यसका लागि उचित कानूनी कारवाही पनि आवश्यक छ। यदि कुनै सरकारी निकायका पदाधिकारी वा कर्मचारीले बजेटको दुरुपयोग गरेको छ भने, त्यसलाई कानूनी प्रक्रिया, जस्तै अडिट, अनुसन्धान, र रिपोर्टिङ मार्फत सही तरिकाले सम्बोधन गर्नुपर्छ। उल्लिखित आयोजना सञ्चालन गर्नको लागि प्रचलित कानूनबमोजिमका प्रक्रिया नअपनाई आर्थिक अनुशासनभन्दा बाहिर गई तोकिएको योजना मुताबिकको कार्य नगरी आफूलाई लाभ र सरकारलाई हानी हुने कार्यमा बढी भन्दा बढी रकम खर्च गरेको पाइएकोले सम्बद्ध अधिकारीहरूले लापरवाही र बदनियतका साथ गरेको सो कार्य आरोपदाबी अनुसारको कसुरको रुपमा स्थापित हुन आउँछ। प्रस्तुत मुद्दामा झलनाथ खनाल स्वास्थ विज्ञान प्रतिष्ठान नामक गैर सरकारी संस्थालाई एकमुष्ट रकम उपलब्ध गराउने गरी बदनियतपूर्वक त्रिपक्षीय समझदारी पत्रमा हस्ताक्षर गरी सोही समझदारी पत्रका आधारमा सरकारी रकम रु.१७,९८,३३,०००।- उक्त संस्थालाई निकासासमेत दिई खर्च समेत गरी हानिनोक्सानी, दुरुपयोग गरेको सप्रमाण पुष्टि हुन आयो।

६६. सार्वजनिक निकायले गर्ने खरिदका सन्दर्भमा प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा आवश्यक नर्म्स तोकिएको पाइन्छ। यस अन्तर्गत लागत अनुमान स्वीकृति, बोलपत्र सम्बन्धी कागजात

स्वीकृती, बोलपत्र मूल्याङ्कन समिति गठन र मूल्याङ्कन प्रतिवेदन स्वीकृति, सार्वजनिक निर्माणको हकमा कन्टिन्जेनन्सीबापतको रकमको सिमा, खर्च गर्ने तरिका र खर्च गर्न सक्ने अधिकारी लगायतका सम्बन्धमा सार्वजनिक निकायको प्रमुख, विभागिय प्रमुख, मन्त्रालयका सचिव लगायतलाई स्पष्टरुपमा अधिकार प्रदान गरेको देखिन्छ।

६७. त्यस्तै गरेर प्रदेश सरकारको को आ.व. २०७६/७७ को विनियोजन ऐन, २०७६ को दफा ८(१) मा "प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ" भन्ने उल्लेख गरेको देखिन्छ। यसका साथै उक्त ऐनको दफा ८ (५) मा "प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रम त्यस्तो कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ" भन्ने व्यवस्था रहेको पाइन्छ। यस अवस्थामा सो कानूनी प्रक्रियामार्फत तोकिएको जिम्मेवारीबाट बिमुख भई प्रदेश मन्त्रालयका मन्त्री तथा प्रतिष्ठानका पदाधिकारीहरूले गैर सरकारी संस्थासँग अख्तियारबिहिन सम्झौता गरी सो गैर सरकारी संस्थालाई जिम्मेवारी दिइएको पाइन्छ। यो आधारमा भौतिक संरचना निर्माणको लागि सरकारी निकायबाट प्राप्त भएको रु.१७,९८,३३,०००।- रकमबाट प्रचलित खरिद ऐन तथा नियमावली अनुसारको कार्यविधि नै पुरा नगरी उक्त गैर सरकारी संस्थाको सञ्चालक समितिकै निर्णयमार्फत सम्पूर्ण खरिद कार्य गरेको देखिन्छ। यसरी उक्त संस्थाबाट भए गरेका सम्पूर्ण खरिद कार्यहरू सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३ बमोजिम बदरयोग्य एवम् अमान्य हुने देखिन आउँछन्। यस अर्थमा उक्त कार्यलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ बमोजिमको सम्झौता लगायतका निर्माण एवम् खरिदजन्य कार्य भएको भनी मान्न मिल्ने देखिएन।

६८. यसप्रकार प्रस्तुत मुद्दामा अनुसन्धानको क्रममा संकलित मिसिल संलग्न रहेका प्रतिष्ठानबाट विभिन्न मितिका पत्रमार्फत प्राप्त विवरण, प्रतिकृया समेतका कागजातहरू, अध्यागमन विभाग कालिकास्थान, काठमाडौंको पत्रसाथ प्राप्त विवरण सहितका कागजातहरू, लालबन्दी नगर कार्यपालिकाको कार्यालय लालबन्दी, सर्लाहीको पत्रमार्फत प्राप्त कागजातहरू, मालपोत कार्यालय हरिवन, सर्लाहीको पत्रमार्फत प्राप्त विवरण तथा कागजातहरू, लक्ष्मी बैङ्क लिमिटेड लालबन्दी शाखा, सर्लाहीको पत्रमार्फत प्राप्त विवरण तथा कागजातहरू एवम् प्रतिवादी र शङ्कितहरूले गरेको बयान समेतका कागजातहरू समेतबाट आरोपित कसुरको निष्कर्षमा पुग्नु बाञ्छनीय देखिन आयो। यिनै लिखत काजहरूको आधारमा यी प्रतिवादीहरू विजय कुमार, रेवतीप्रसाद पन्त, नानीबाबु भन्ने नवराज भण्डारी, निरज भण्डारी र देवेन्द्र रायले मिलेमतो गरेको प्रष्ट हुन आयो।

६९. तसर्थ साबिक प्रदेश नं २ (हाल मधेश प्रदेश) को आ.व. ०७६/७७ को नीति तथा कार्यक्रममा समावेश भई प्रदेश संसदबाट स्वीकृत भएको बजेट वक्तव्यको बुँदा नं ३३ मा नेपाल सरकार र प्रदेश सरकारको लागत सहभागिताका आधारमा सर्पको विष संकलन, प्रशोधन, उत्पादन केन्द्र स्थापनाका निमित्त भौतिक संरचना निर्माणका लागि विनियोजित साथै सङ्घीय सरकारबाट समेत सोही कार्यक्रमको लागि प्राप्त समपूरक अनुदान समेतको रकम पुरै खर्च भएको देखिन आयो। सो खर्च गर्ने सम्बन्धमा प्रदेश संसदबाट प्राप्त भएको म्याण्डेटभन्दा बढी अधिकार प्रयोग गरी संसदको नीति तथा कार्यक्रम र बजेटको उद्देश्य विपरीत खर्च भएको देखियो।

७०. साथै सुनियोजित योजना बनाई उल्लिखित आयोजना सञ्चालन गर्नको लागि प्रचलित कानून बमोजिमको प्रक्रिया नअपनाई झलनाथ खनाल स्वास्थ विज्ञान प्रतिष्ठान नेपाल नामक गैर सरकारी संस्था/कम्पनीलाई एकमुष्ट रकम उपलब्ध गराउने कार्यमा उल्लिखित प्रतिवादीहरूकै बदनियत लुकेको पाइयो। निज प्रतिवादीहरूले बदनियतपूर्वक त्रिपक्षीय समझदारी पत्रमा हस्ताक्षर गरी सोही समझदारी पत्रका आधारमा सरकारी रकम रु.१७,९८,३३,०००।— उक्त संस्थालाई निकासासमेत गराई खर्च गरेको देखियो। सो रकम खर्च गर्दा उल्लिखित संस्थाले अपनाउनु पर्ने कानूनी प्रक्रियासम्म पनि नअपनाई संस्थाको उद्देश्य बिपरित रकम खर्च गरी सरकारको बजेट व्यापक मात्रामा हानिनोक्सानी, दुरुपयोग गरेको देखिन आयो।

७१. अब यी प्रतिवादीहरू उपर दाबी लिइएको कसुरको कानूनी प्रावधान हेर्दा, भ्रष्टाचार निवारण ऐन,२०५९ को प्रतिवादी विजय कुमारको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही दफा १७ ले व्यवस्था गरेबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय खण्ड (झ) बमोजिम कैद र जरिवाना गरी हानिनोक्सानी, दुरुपयोग भएको रकम रु.१७,९८,३३,०००।- ऐ. ऐनको दफा १७ बमोजिम निजबाट असुलउपर गर्न साथै प्रचलित कानूनअनुसार बजेट कार्यान्वयन गर्ने अख्तियारी आफूलाई नरहेको अवस्थामा सो आफूलाई नरहेको अधिकार प्रयोग गरी निज प्रतिवादीले त्रिपक्षीय समझदारी पत्रमा हस्ताक्षर गरेको देखिँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ बमोजिमको कसूरमा सोही दफा १५ बमोजिम समेत कैद र जरिवाना हुन तथा प्रदेश सरकारको मन्त्रीको हैसियतमा रहेका बखत कसुर गरेको देखिँदा प्रतिवादी विजय कुमारको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप कैद सजाय समेत हुन मागदाबी लिइएको पाइन्छ।

७२. दफा १७ मा निम्न बमोजिमको कार्यलाई आरोपित कसूर भनी परिभाषित गरिएको पाइन्छः "कुनै राष्ट्रसेवकले आफ्नो ओहदाको वा सो सम्बन्धी कर्तव्य पालन गर्दा नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्तिको लापरबाही वा बदनियत गरी हिनामिना, हानिनोक्सानी वा दुरुपयोग गरे गराएमा वा मासेमा वा निजी प्रयोगमा लगाएमा निजलाई कसूरको मात्रा अनुसार दफा ३ बमोजिमको सजाय हुनेछ र त्यसरी हिनामिना, हानिनोक्सानी वा दुरुपयोग गरेको वा मासेको वा मास्न दिएको सम्पत्ति पनि निजबाट असूल उपर गरिनेछ" भन्ने उल्लेख छ।

७३. सजायको हकमा कानूनी व्यवस्था अन्तर्गतको कसूरमा यस ऐनको दफा ३ को उपदफा (१) ले बिगो बमोजिम जरिबाना  र देहाय (झ) मा "एक करोड रुपैयाँ भन्दा बढी जतिसुकै भए पनि आठ वर्षदेखि दश वर्षसम्म कैद", सोही ऐनको दफा १५ मा "कुनै राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिले आफूले नपाएको ओहदा, अधिकार, हैसियत वा सुविधा पाएँ भनी वा कुनै राष्ट्रसेवकको ओहदा, अधिकार, हैसियत वा सुविधा प्रयोग गरेमा वा नपाएको ओहदा सम्बन्धी चिन्ह, पोशाक वा निस्सा देखाएमा राष्ट्रसेवकको ओहदा सम्बन्धी चिन्ह, पोसाक वा निस्सा हो भन्ने अरुले विश्वास गरोस् भन्ने मनसायले त्यस्तो चिन्ह, पोशाक वा निस्सा जस्तो देखिने कुनै कुरा लगाएमा वा देखाएमा, निजलाई कसूरको मात्रा अनुसार एक वर्षदेखि दुई वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ" भन्ने कानूनी व्यवस्था रहेको छ।

७४. सोही ऐनको दफा २२ मा "यस ऐनमा अन्यत्र छुट्टै व्यवस्था भएकोमा बाहेक यस ऐनअन्तर्गत सजाय हुने कुनै कसूरको मतियारलाई त्यस्तो कसूर गर्ने राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिलाई हुने सजायको आधा सजाय हुनेछ" भन्ने कानूनी व्यवस्था भई "तर, कसूर गर्ने राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिलाई त्यस्तो कसूर गरे बापत नगदी, जिन्सी, वा अन्य कुनै सुविधा वा लाभ उपलब्ध गराई दिने वा आफूले लिने मतियारलाई कसूर गर्ने व्यक्ति सरह नै सजाय हुनेछ" भन्ने प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भएको पाइन्छ।

७५. सोही ऐनको दफा २३ मा "कुनै फर्म, कम्पनी वा सँगठित संस्थाले यस परिच्छेद बमोजिम कसूर मानिने कुनै काम गरेमा त्यस्तो फर्मको हकमा त्यस्ता काम गर्दाका बखत सम्बन्धित हिस्सेदारहरू र कम्पनी वा सँगठित संस्थाको हकमा कम्पनी वा त्यस्तो संस्थाको मुख्य भई काम गर्ने अधिकारीले त्यस्तो कसूर गरेको मानिनेछ" भन्ने कानूनी व्यवस्था भई "तर मुख्य भई कामकाज गर्ने अधिकारी नियुक्ति हुनु अगाडि नै त्यस्तो काम भए गरेको प्रमाणित भएमा जसले त्यस्तो काम गरेको छ सोही व्यक्तिले कसूर गरेको मानिनेछ" भन्ने प्रतिबधात्त्मक वाक्यांश उल्लेख भएको देखिन्छ।

७६. सञ्चालक समितिका पदाधिकारीहरू अध्यक्ष रेवती प्रसाद पन्त, महासचिव नानीबाबु भन्ने नवराज भण्डारी, कोषाध्यक्ष निरज भण्डारी र सदस्य देवेन्द्र रायको हकमा रु.१७,९८,३३,०००।—बिगो बराबरको सरकारी सार्वजनिक सम्पत्ति हानिनोक्सानी, दुरुपयोग गर्ने कसुरजन्य कार्यमा मतियार भै सो बापत लाभ र सुविधा लिए, दिलाएको समेत देखिँदा

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २३ को स्पष्टीकरण खण्ड समेतको आधारमा निज प्रतिवादीहरू उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसूरको मतियारमा ऐ. ऐनको दफा २२ को प्रतिबद्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय खण्ड (झ) बमोजिम सह प्रतिवादीहरूलाई हुने सरहकै कैद र जरिवाना हुन मागदाबी लिइएको पाइन्छ।

७७. प्रस्तुत मुद्दामा प्रतिवादीहरूको विरुद्धमा मूलतः मुख्य कसूरदारको रुपमा आरोपित गरिएका प्रतिवादी विजय कुमारले उपर्युक्त परियोजनाको लागि प्रदेश सरकारको आ.व. २०७६/७७ को बजेट कार्यक्रममा रकम विनियोजन गरी योजना तथा अर्थ मन्त्रीको जिम्मेवारी पुरा गरेको कार्यलाई अन्यथा भन्न नमिल्ने भए तापनि प्रदेश सरकार लालबन्दी नगरपालिका र झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठानबिच भएको मिति २०७६/९/२४ को त्रिपक्षीय समझदारीपत्रमा आफैले हस्ताक्षर गरेको देखिन्छ।

७८. सामान्यतया, कुनै आयोजना लागू गर्दा कुनै पक्षसँग सम्झौता वा समझदारी पत्रमा हस्ताक्षर गर्ने प्रक्रिया एक प्रकारको प्रशासनिक कार्य हो जुन लेखा उत्तरदायी अधिकारी, सचिव वा सम्बन्धित अधिकारीको जिम्मेवारीमा हुन्छ। यसमा सरकार र अन्य पक्षहरूको सहमति र दायित्व निर्धारण गरिन्छ। यदि मन्त्रीले त्रिपक्षीय समझदारीपत्रमा आफैले हस्ताक्षर गरेका छन् भने, यो असामान्य हो, किनकि मन्त्रीको मुख्य कार्य कार्यकारी र नीति निर्धारण स्तरमा हुन्छ, तर उनी एकदमै प्रशासनिक वा वित्तीय सम्झौतामा हस्ताक्षर गर्ने प्राधिकृत अधिकारी होइनन्। यस अवस्थामा, यो प्रश्न उठ्न सक्छ कि मन्त्रीले यस्तो हस्ताक्षर गर्नका लागि कानूनी अनुमति प्राप्त गरेका थिए कि छैनन्।

७९. यदि मन्त्रीले कानूनी वा प्रशासनिक प्रक्रियाको उल्लङ्घन गर्दै आफैले हस्ताक्षर गरेका छन् भने यसबाट उत्पन्न हुने कानूनी वा आपराधिक दायित्व पनि स्वतः निजै उपर अन्तर्निहित रहन्छ। विशेष गरी यदि यसले सार्वजनिक वित्तीय प्रक्रियामा धोखाधडी, गल्ती वा गैरकानूनी क्रियाकलापलाई प्रोत्साहन गरेको छ भने सो हस्ताक्षरकर्ता मन्त्रीलाई नै व्यक्तिगत रूपमा जिम्मेवार ठहऱ्याइनु पर्दछ। यसको मतलब यो हो कि मन्त्रीले यस प्रकारको हस्ताक्षर प्रक्रियामा संलग्न भए भने र यदि त्यो प्रक्रिया कानूनी दृष्टिले उचित छैन भने उनी आफैले उत्पन्न हुने आपराधिक दायित्वको उत्तरदायी बहन गर्न बाध्य हुन्छन्।

८०. सोही समझदारीपत्रको आधारमा रु.१७,९८,३३,०००/- निकासासमेत भई उक्त प्रतिष्ठानबाट सो रकम पुरै खर्च गरेको देखिन्छ। लागत शून्य भएको संस्था/कम्पनीलाई नेपाल सरकार र प्रदेश सरकारको अनुदान रकम निकासा दिई निज प्रतिवादी विजय कुमारले लेखा उत्तरदायी अधिकृतको अधिकारक्षेत्रभित्रको कार्य अनधिकृत रुपमा आफैले गरेको देखिंदा निजबाट सम्पादित उक्त कार्य बदनियतपूर्वक भएको भन्ने देखिन आउँछ। यी प्रतिवादीले प्रचलित कानूनअनुसार लेखा उत्तरदायी अधिकृतले कार्यान्वयन गर्ने गरी अख्तियारी प्रदान भैसकेको अवस्थामा उक्त प्रतिष्ठानलाई आफै अग्रसर भई रकम उपलब्ध गराएको कारणबाट सो रकम प्रतिष्ठानको उद्देश्य विपरीत अनावश्यक रुपमा खर्च भएको देखिन्छ। तसर्थ, निज प्रतिवादी विजय कुमारले बिगो रु.१७,९८,३३,०००/- सरकारको रकम हानिनोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र लेखा उत्तरदायी अधिकृतले गर्ने भनी तोकिएको कार्यसमेत आफैंले गरी नपाएको अधिकार र हैसियत प्रयोग गरेको देखिंदा उक्त ऐनको दफा १५ समेतको कसूर गरेको ठहर्छ।

८१. त्यस्तै अन्य प्रतिवादीहरू उक्त प्रतिष्ठानका सञ्चालक समितिका पदाधिकारी सदस्यहरू अध्यक्ष रेवती प्रसाद पन्त, महासचिव नवराज भण्डारी, कोषाध्यक्ष निरज भण्डारी र सदस्य देवेन्द्र रायको हकमा हेर्दा निज प्रतिवादीहरूले उक्त प्रतिष्ठानको उद्देश्य अनुरूप कार्य सम्पादन गर्न नेपाल सरकारको समपूरक अनुदान र प्रदेश सरकारको अनुदानसमेत जम्मा रु.१७,९८,३३,०००/- निकासा लिई संचालक समितिको निर्णयबाट आ.व. २०७६/७७ मा प्राप्त भएको उक्त बजेट पूरै खर्च गरेको देखिन्छ। खर्च भएको बजेट शीर्षकमा मूलतः विकास खर्च र साधारण खर्च गरी दुई प्रकारले बजेट खर्च भएको भनिएको देखिन्छ। खर्चतर्फको शीर्षकगत विवरण हेर्दा जग्गा खरिद, सवारी साधन खरिद, भवन

तथा पर्खाल निर्माण, कर्मचारीको तलब सुबिधा, कार्यालय सञ्चालन र डिपीआर तयार गर्ने समेतका कार्यहरूमा खर्च लेखिएको पाइन्छ। उक्त परियोजनाको डिपिआर तयार पार्नमै ठूलो रकम रु.४,७४,६०,०००/- खर्च गरेको देखिन्छ।

८२. यसप्रकार अभियोग दाबीमा शून्य लागत रहेको प्राइभेट कम्पनीलाई प्रदेश सरकार र नेपाल सरकारबाट अनुदान उपलब्ध गराएको विषयलाई समेत अमान्य हुने गरी अभियोग दाबी लिइएको देखिए पनि नेपाल सरकारले उपलब्ध गराएको अनुदान रकमका सम्बन्धमा भने तत् तत् पदाधिकारी उपर आरोपदाबी लिन सकेको पाईंदैन। प्राइभेट कम्पनीलाई शून्य लागतमा अनुदान दिइएको हुँदा, यसले सरकारको वित्तीय निर्णय र प्रक्रियामा सम्भावित अनियमितताबारे प्रश्न उठाउँछ नै। यदि कुनै कम्पनीले शून्य लागतमा कुनै सेवा वा सामानको आपूर्ति गरेको छ र सरकारले त्यसमाथि अनुदान उपलब्ध गराएको छ भने यसले व्यवस्थापन र प्रयोगमा अव्यवस्था वा भ्रष्टाचारको सङ्केत दिन्छ। साथै सरकारको वित्तीय अनुदान व्यवस्थापनसँग सम्बन्धित प्रक्रियागत त्रुटिहरू, कागजी प्रक्रियामा अनियमितता र कानूनी खोटहरू यसमा प्रष्टसँग झल्किएको पाइन्छ।

८३. अख्तियार दुरुपयोग अनुसन्धान आयोग आफैले शून्य लागत भएको कम्पनीलाई बजेट विनियोजन गरेको कार्यलाई प्रश्न उठाई सोही आधारमा अभियोगपत्र निर्माण गरेको सन्दर्भमा त्यसरी बजेट छुट्याउने कार्यमा को कसको बदनियत रहेको थियो भन्नेतर्फ अनुसन्धान गर्न र दाबी लिन नसकेको हुँदा सो तर्फ थप विवेचना गरिरहन परेन। तथापि नेपाल सरकारको अनुदान रकम उपलब्ध गराउने निर्णायक पदाधिकारीहरूलाई आरोप नलाग्नुको अर्थ हो कि उनीहरूका कार्यहरू वैधानिक ढङ्गले सम्पन्न भएका हुन्, र त्यसैले तिनीहरूलाई व्यक्तिगत रूपमा जवाफदेही ठहऱ्याउन कुनै आधार छैन भनी बुझ्नुपर्ने हुन्छ।

८४. उल्लिखित प्रतिष्ठानका पदाधिकारीहरू विरुद्ध लिइएको आरोपदाबीमा विनियोजित बजेट प्राप्त गरी खर्च गर्दा संस्थाको उद्देश्य र निर्धारित कार्यक्रम विपरीत खर्च गरेको, स्वीकृत कार्यक्रम विपरीत खर्च गरेको र योजनाको उद्देश्यमा शून्य प्रगति देखिएको भनी सरकारको अनुदान रकम खेर गएको भन्ने निष्कर्षका साथ प्रस्तुत आरोपदाबी लिएको देखिन्छ। प्रस्तुत गरिएको आरोपदाबीले केही महत्त्वपूर्ण प्रशासनिक र वित्तीय अनियमितताहरूको संकेत गर्दछ। यसले सरकारको अनुदान रकमको दुरुपयोग र नियन्त्रणको अभावलाई उजागर गर्छ। यसलाई विभिन्न पक्षहरूबाट विश्लेषण गर्न सकिन्छः

१. विनियोजित बजेट प्राप्त गर्नु र खर्च गर्नुः विनियोजित बजेट भनेको सरकार वा अन्य स्रोतबाट प्राप्त बजेट हो जुन निश्चित उद्देश्य र कार्यक्रमको लागि निर्धारण गरिएको हुन्छ। यस बजेटको प्रयोग निर्धारित योजनाहरू र कार्यक्रमहरूमा मात्र गर्नुपर्ने हुन्छ। यदि यस बजेटको खर्च संस्थाको उद्देश्य र निर्धारित कार्यक्रम विपरीत गरिएको छ भने, यसले अनुदान रकमको दुरुपयोग वा कानूनी उल्लङ्घनको संकेत दिन्छ।

२. स्वीकृत कार्यक्रम विपरीत खर्च गर्नुः यसले स्पष्ट दर्शाउँछ कि अनुदानको रकमलाई स्वीकृत कार्यक्रम वा निर्धारित योजना अनुसार खर्च नगरी, अन्यत्र खर्च गरिएको छ। सरकार वा अनुदान प्रदायक निकायहरूले स्वीकृत कार्यक्रम र योजनामा खर्च गर्नका लागि अनुदान दिएको हुन्छ, र यदि त्यो उद्देश्य पूरा गर्न खर्च नगरी अन्यथा खर्च गरिएको छ भने यो वित्तीय दुरुपयोगको रूपमा लिन सकिन्छ।

३. योजनाको उद्देश्यमा शून्य प्रगति देखिनुः यदि योजनाको उद्देश्यमा शून्य प्रगति भएको छ भने यसले अनुदान रकमको प्रभावकारिता र व्यवस्थापनमा ठूलो समस्या ल्याउँदछ। अनुदान प्राप्त गर्ने संस्थाले योजनाको उद्देश्य पूरा गर्नका लागि निर्धारित कार्यहरूको प्रगति रिपोर्ट गर्नुपर्ने हुन्छ। यदि कुनै प्रगति देखिँदैन भने यसको अर्थ हो कि अनुदानको प्रयोग सही तरिकामा भएको छैन वा उद्देश्य प्राप्त गर्नका लागि प्रभावी कदमहरू उठाइएका छैनन्।

४. सरकारको अनुदान रकम खेर जानुः अन्ततः, आरोपको निचोड सरकारको अनुदान रकम खेर गएको भन्ने हो। यसको अर्थ यो हो कि सरकारबाट प्राप्त रकम ठीक तरिकाले प्रयोग गर्न नसकिएर बेकार गएको छ र यसले सम्भावित भ्रष्टाचार वा व्यवस्थापनको असफलतालाई जनाउँछ।

५. कानूनी दृष्टिकोणः यदि संस्थाले निर्धारित उद्देश्य र कार्यक्रम विपरीत खर्च गरेको, स्वीकृत कार्यक्रम विपरीत काम गरेको र कुनै प्रकारको प्रगति नगरी योजना चलाएको देखिन्छ भने यसबाट आरोपदाबी लिइने सम्भावना बढ्छ। यसमा संस्थाका पदाधिकारीहरू, कर्मचारीहरू, र अन्य जिम्मेवार व्यक्तिहरूलाई वित्तीय दुरुपयोग, नेतृत्वको विफलता, र सरकारी बजेटको दुरुपयोगको आरोपमा जवाफदेही बनाउनु आवश्यक हुन्छ।

८५. मिसिल संलग्न प्रमाणबाट यी माथि उल्लखित आरोपदाबी प्रमाणित भएको हुनाले यसमा आपराधिक दायित्व र व्यक्तिगत जवाफदेहीताको सिद्धान्त लाग्नुका साथै संस्थाको भविष्यको फन्डिङ पनि प्रभावित हुन जान्छ। सरकारले भविष्यमा यस्तो दुरुपयोग रोक्नका लागि कडा निगरानी र प्रशासनिक कदमहरू चाल्नु पर्दछ। यस प्रकारका आरोपहरूलाई गम्भीरतासाथ लिनु आवश्यक छ। अनुदान रकमको प्रयोगमा यस्तो अनियमितता, दुरुपयोग र विफलताले न केवल संस्थाको विश्वसनीयता खोस्छ, बरू सरकारको वित्तीय प्रणाली र बजेट व्यवस्थापनमा पनि ठूलो असर पार्न सक्छ। यदि यस्तो आरोपको वास्तविकता प्रमाणित हुन्छ भने त्यस्तो कार्यमा बदनियत पुष्टि हुन्छ र कुनै पनि बहानमा सो कार्य क्षम्य हुन सक्तैन।

८६. यस सन्दर्भमा निज प्रतिवादीहरूले DPR लागत अनुमान गर्दा नेपाल सरकारको नर्म्स प्रयोग नगरी अन्तर्राष्ट्रिय तुलनात्मक नर्म्स प्रयोग गरी ठूलो रकम सो कार्यमा खर्च गरेको देखिन्छ। भवन निर्माणको कार्यमा पनि ठूलो रकम मोबिलाइजेसनको रुपमा पेस्की लिएको देखिन्छ भने भवन निर्माणको कुनै उल्लेख्य कार्य प्रगति देखिन आउँदैन। त्यस्तै पर्खाल निर्माणको कार्यमा खर्चको तुलनामा कार्य प्रगति न्यून देखिन आउँछ। सवारी साधन खरिद, भौतिक उपकरण खरिद र जग्गा खरिदमा समेत ठूलो धनराशी लगानी गरेको पाइन्छ भने कर्मचारी भर्ना र व्यवस्थापन सम्बन्धमा कुनै निश्चित मापपदण्ड र आधार लिएको भनी प्रतिवादीहरूले पुष्टि गर्न सकेको पाईंदैन। यसप्रकार यी प्रतिवादीहरूले कुनै योजनाबद्ध कार्यक्रम प्रस्तुत गरी प्रचलित कानूनको आधारमा रही संस्थाको उद्देश्य अनुरूप खर्च गरेको र सो खर्चको आधारमा उपलब्धि हासिल गरेको भन्ने मिसिल प्रमाण कागजबाट देखिएन।

८७. यसप्रकार माथि विवेचित आधार र कारण र प्रमाणबाट प्रतिवादीहरू रेवतीप्रसाद पन्त, नवराज भण्डारी, निरज भण्डारी र देवेन्द्र रायले बदनियतपूर्वक भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूरको मतियारको रुपमा कार्य गरी सुविधा र लाभ लिएको देखिन आयो। तसर्थ निज प्रतिवादीहरूले आरोपदाबी बमोजिम उक्त ऐनको दफा १७ को कसूरको मतियार भई सोही ऐनको २२ बमोजिमको कसूर गरेको ठहर्छ।

८८. उपर्युक्त बमोजिम मुख्य कसूरदार ठहर भएका प्रतिवादी तत्कालीन मन्त्री विजय कुमार र सो कसूरको मतियार ठहर भएका प्रतिवादीहरू रेवती प्रसाद पन्त, नवराज भण्डारी, निरज भण्डारी र देवेन्द्र रायको हकमा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ८ र ९ को प्रयोजनको लागि मिति २०८१/०३/२५ को पेसी तोकी सो पूर्व दुवै पक्षबाट सजायपूर्वको प्रतिवेदन लिई नियमानुसार गर्नू।

<u>(ख) सजाय निर्धारण खण्ड</u>

८९. नियमानुसार पेसी सूचीमा चढी सजाय निर्धारणका लागि पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपालसरकारको तर्फबाट उपस्थित विद्वान् उप-न्यायाधिवक्ता श्री संगिता न्यौपानेले यी प्रतिवादीहरू विजय कुमार, निरज भण्डारी, नवराज भण्डारी, रेवतीप्रसाद पन्त र देवेन्द्र रायले आफ्नो पदिय जिम्मेबारी बहन नगरी नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याउने कार्य गरी कसुर बढाउने तर्फको कार्य भएकोले निजहरूलाई अधिकतम सजाय गरी पाउँ भनी बहस गर्नु भयो। त्यस्तै प्रतिवादीहरूले पहिलो पटक कसुर गरेको, निजहरूको आर्थिक, समाजिक, पारिवारिक अवस्था दायित्व, कसुर गर्दाको

परिस्थिती, कसुरको गाम्भीर्यता र फौजदारी कसुर(सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,२०७४ को भावनाबमोजिम प्रतिवादीहरूलाई ऐनले व्यवस्था गरेको कैद सजायको सबै भन्दा कम सजाय गरी पाउँ भनी प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान् कानून व्यावसायीले प्रस्तुत गर्नु भएको बहस सुनी निम्न अनुसार पेस हुन आएको सजायपूर्वको प्रतिवेदन सहित मिसिल अध्ययन गर्दा प्रतिवादीहरू विजय कुमार, निरज भण्डारी, नवराज भण्डारी, रेवतीप्रसाद पन्त र देवेन्द्र राय समेतलाई आरोपदाबी बमोजिम के कति सजाय हुने हो भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

क) वादी नेपाल सरकारको तर्फबाट विद्वान् उपन्यायाधिवक्ता श्री संगीता न्यौपाने ढुङ्गेलले यी प्रतिवादीहरूले जानी जानी कानूनले निषेध गरेको कसुर गरेको परिस्थितिमा मुलुकी अपराध संहिता, २०७४ को दफा ३९ बमोजिमको कसुरको गम्भीरता घटाउने अवस्था उल्लिखित कुनैपनि अवस्थाको विद्यमानता नरहेकोले निज प्रतिवादीहरूलाई ठहर भएको कसुरमा हुन सक्ने अधिकतम कैद सजाय गरी दाबीबमोजिम जरिबाना गरी पाउँ भन्ने बेहोराको सजायपूर्वको प्रतिवेदन पेस गरेको देखिन्छ।

ख) प्रतिवादी विजय कुमारको तर्फबाट विद्वान् अधिवक्ता श्री सृजना पोखेलले यी प्रतिवादी विजय कुमारलाई सजाय गर्दा मुलुकी अपराध संहिता,२०७४ को दफा ३९(ख) बमोजिम प्रस्तुत मुद्दामा रहेको कसुरको गम्भीरता घटाउने अवस्था, यी प्रतिवादी हाल राज्यको कुनै पदमा बहाल नरहेको, विगतमा कुनै आपराधिक कार्यमा संलग्न नभएको, समाजमा स्वच्छ छवि भएको व्यक्ति रहेको, राजनैतिक रुपमा उज्जवल भविष्य बोकेका राजनीतिज्ञ रहेको अवस्था समेतलाई दृष्टिगत गरी न्यूनतम सजाय गर्दा उपयुक्त हुने राय प्रतिवेदन पेस गरेको भन्ने बेहोराको सजायपूर्वको प्रतिवेदन पेस गरेको देखिन्छ।

ग) प्रतिवादीहरू रेवतीप्रसाद पन्त र देवेन्द्र रायको तर्फबाट विद्वान् अधिवक्ता श्री भानुभक्त भट्टराईले यी प्रतिवादीहरू पहिलो पटक भ्रष्टाचार गरेको मुद्दामा कसुर ठहर भएको, निजहरूको आर्थिक, सामाजिक, पारिवारिक अवस्था दायित्व, कसुर गर्दाको परिस्थिति, कसुरको गाम्भीर्यता र फौजदारी कसुर(सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,२०७४ को भावनाबमोजिम प्रतिवादीहरूलाई ऐनले व्यवस्था गरेको कैद सजायको सबै भन्दा कम सजाय गर्नु पर्ने देखिएकोले सोहीबमोजिम राय प्रकट गर्दछु भन्ने बेहोराको सजायपूर्वको प्रतिवेदन पेस गरेको देखिन्छ।

घ) प्रतिवादीहरू नवराज भण्डारी र निरज भण्डारीको तर्फबाट विद्वान् अधिवक्ता श्री गोपालप्रसाद अर्यालले यी प्रतिवादीहरूले विशुद्ध रुपमा सामाजिक सेवाको भावानाले संस्थामा आवद्ध भई संस्थाको कार्य गर्ने प्रयोजनको लागी वस्तु, सेवा लगायतको खरिद कार्य भएका र प्रतिवादीहरूले संस्थाबाट कुनै नगद जिन्सी लिए, खाएको वा निजी प्रयोगमा ल्याएको अनुसन्धानबाट प्रमाणित भएको छैन भन्ने बेहोराको सजायपूर्वको प्रतिवेदन पेस गरेको देखिन्छ।

९०. प्रस्तुत मुद्दामा प्रतिवादी विजय कुमारले बिगो रु.१७,९८,३३,०००/- सरकारको रकम हानिनोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र उक्त ऐनको दफा १५ समेतको कसूर गरेको र प्रतिवादीहरू रेवतीप्रसाद पन्त, नवराज भण्डारी, निरज भण्डारी र देवेन्द्र रायले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूरको मतियार भई २२ बमोजिमको कसूर गरेको भन्ने यस इजलासबाट मिति २०८१।३।११ मा ठहर भई निज प्रतिवादीहरूका सम्बन्धमा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ९ बमोजिम सजाय निर्धारणका लागि पेस हुन आएको देखिन्छ।

९१. प्रतिवादी विजय कुमारलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) (झ), दफा १५ एवम् दफा २४ बमोजिम थप सजाय, प्रतिवादीहरू प्रतिष्ठानका अध्यक्ष रेवतीप्रसाद पन्त, महासचिव नवराज भण्डारी, कोषाध्यक्ष निरज भण्डारी र सदस्य देवेन्द्र रायलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २३ को स्पष्टिकरण खण्ड समेतको आधारमा उक्त ऐनको दफा १७ को मतियारको कसूरमा दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम सजाय र प्रतिवादी तत्कालीन झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान नेपाल हाल राष्ट्रिय स्वास्थ्य विज्ञान तथा अनुसन्धान परिषद्को नाममा रहेको जिल्ला सर्लाही, लालबन्दी नगरपालिका वडा नं. १ स्थित ८ बिघा ९ कट्ठा ६.३३ धुर जग्गा र सोही संस्थाको नाममा

रहेको सवारी दर्ता नं. प्रदेश ३-०१ ०२३च ४७३४ को चारपाङ्ग्रे सवारी साधन (Mahindra Scorpio S5 2WD) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम जफत गरी पाउँ भन्ने दाबी रहेको देखिन्छ।

९२. प्रतिवादीहरूलाई हुन सक्ने सजायको कानूनी व्यवस्था हेर्दा, भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) मा "एक करोड रुपैयाँ भन्दा बढी जतिसुकै भए पनि आठ वर्षदेखि दश वर्षसम्म कैद", सोही ऐनको दफा १५ मा "...एक वर्षदेखि दुई वर्षसम्म कैद र पचास हजार रुपैयाँ देखि एक लाख रुपैयाँ सम्म जरिबाना हुनेछ" सोही ऐनको दफा १७ मा "...हानिनोक्सानी वा दुरुपयोग गरेको वा मासेको वा मास्न दिएको सम्पत्ति पनि निजबाट असूल उपर गरिनेछ" भन्ने कानूनी व्यवस्था, सोही ऐनको दफा २२ को प्रतिबद्धात्मक वाक्यांशमा "... मतियारलाई कसूर गर्ने व्यक्ति सरह नै सजाय हुनेछ" र दफा ४७ मा "कुनै व्यक्तिले यो ऐन वा प्रचलित कानूनबमोजिम भ्रष्टाचार गरेको मानिने कुनै कार्य गरी आर्जन गरेको सम्पत्ति र सोबाट बढे बढाएको अन्य सम्पत्ति समेत आफ्नो वा अरु कसैको नाममा राखेको प्रमाणित भएमा त्यस्तो सम्पत्ति जफत हुनेछ" कानूनी व्यवस्था रहेको देखिन्छ।

९३. यस प्रकार भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूरमा बिगो रु.१७,९८,३३,०००/- हानिनोक्सानी कसूर ठहर हुँदाकै अवस्थामा ठहर भईसकेको आधारमा निज प्रतिवादी विजय कुमारलाई कसूरको प्रकृति निज प्रतिवादीको उमेर अवस्था र कसूर गर्दाको परिस्थिति समेतलाई विचार गर्दा ऐ.ऐनको दफा ३(१) (झ) बमोजिम ८(आठ) वर्ष कैद र दफा ३(१) बमोजिम उक्त बिगोको दामासाहीले हुने रु.३,५९,६६,६००/- जरिबाना हुने ठहर्छ।

९४. प्रतिवादी विजय कुमारलाई सोही ऐनको दफा १५ बमोजिम १(एक) वर्ष कैद र रु.५०,०००/- जरिबाना र दफा २४ बमोजिम थप १ (एक) महिना कैदसमेत हुने ठहर्छ।

९५. प्रतिवादीहरू रेवतीप्रसाद पन्त, नवराज भण्डारी, निरज भण्डारी र देवेन्द्र रायलाई उक्त ऐनको दफा १७ को कसूरको मतियारमा दफा २२ को प्रतिवन्धात्मक वाक्यांशबमोजिम प्रतिवादी विजय कुमारलाई भए सरह जनही ८(आठ) वर्ष कैद र बिगोको दामासाहीले हुने रु.३,५९,६६,६००/- जनही जरिबाना हुने ठहर्छ।

९६. आरोपत्रमा उल्लिखित प्रतिवादी राष्ट्रिय स्वास्थ्य विज्ञान तथा अनुसन्धान परिषद्को नाममा रहेको जिल्ला सर्लाही लालबन्दी नगरपालिका वडा नं. १ स्थित ८ विगाहा ९ कठ्ठा ६.३३ धुर जग्गा र प्रदेश ३-०१०२३ प ४७३४ को सवारी साधन उक्त ऐनको दफा ४७ बमोजिम जफत हुने ठहर्छ। आरोपपत्रसाथ उक्त नम्बरको सवारी साधन पेस भएको नदेखिंदा जफत गर्ने प्रयोजनको लागि यस अदालतमा झिकाउनू।

९७. पारित लिखत अनुसार मूल्य रु.५,७९,४९,७८७/- को जग्गा र मूल्य रु.४२,३६,३७१/६८ को गाडीसमेत जम्मा रु.६,२१,८६,१५८/६८ को सम्पत्ति जफत हुने ठहर भएकोले सो रकम प्रतिवादीहरूले हानिनोक्सानी पुऱ्याएको बिगोमा कट्टा गरी बाँकी रु.११,७६,४६,८४१/३२ को दामासाहीको दरले हुने जनही रु.२,३५,२९,३६८/२६ प्रतिवादीहरू विजय कुमार, रेवतीप्रसाद पन्त नवराज भण्डारी, निरज भण्डारी र देवेन्द्र रायबाट सो ऐनको दफा १७ बमोजिम असुलउपर हुने ठहर्छ। अरुमा तपसिलबमोजिम गर्नू।

**सदस्य** **सदस्य** **अध्यक्ष**

**फैसला तयार गर्न सहयोग पुऱ्याउनेः**
इजलास अधिकृतः सागर भण्डारी
कम्प्युटर अपरेटरः भानु बस्नेत/कल्पना पराजुली
इति संवत् २०८१ साल असार २५ गते रोज ३ शुभम्...........................................................।
कसुर ठहर मितिः २०८१।३।११।३

**श्री**
**विशेष अदालत काठमाडौं**
**इजलास**
**अध्यक्ष माननीय श्री टेकनारायण कुँवर**
**सदस्य माननीय श्री तेज नारायण सिंह राई**
**सदस्य माननीय श्री राम बहादुर थापा**
**फैसला**
**(इजलास नं.१)**
**मुद्दा नं. : २०८०-CR-००६१**
**दर्ता मितिः २०८०/०७/२०**
**कसुर ठहर मितिः २०८१/०२/२८**
**कसुर ठहर नि.नं.: ३०७**
**सजाय निर्धारण मितिः २०८१।०३।५**
**सजाय निर्धारण नि.नं. : ३३**

**मुद्दाः- राजस्व हिनामिना गरी भ्रष्टाचार गरेको।**

**बादी** : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृत प्रकाश बुढाथोकी र रुविना शाहीको प्रतिवेदनले नेपाल सरकार।

**विरुद्ध**

**प्रतिवादी** : जिल्ला पर्सा वीरगंज महानगरपालिका वडा नं. २६, सुगौली बिर्ता बस्ने कैलाश मिश्रको नाति, रामअध्य मिश्रको छोरा वर्ष ६३ को मालपोत कार्यालय, पर्साका तत्कालीन मालपोत अधिकृत **हरिनारायण मिश्र** (ना. प्र.नं. ९०६३१४८८/पर्सा, जारी मिति २०३४।०४।१६, सम्पर्क नं. ९८४५०५८०३६) समेत।

**ठहर खण्ड**

(क) कसुर निर्धारण खण्ड

१. विशेष अदालत नियमावली, २०८० नियम ४३ र ४४ बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णायार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा प्रतिवादीहरू उपरको आरोपदाबी तथा मिसिल संलग्न प्रमाण कागजातहरू अध्ययन गरियो।

२. वादी नेपाल सरकारका तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालयका विद्वान उपन्यायाधिवक्ता श्री प्रकाश शर्मा पौडेलले प्रतिवादीहरू मालपोत कार्यालय पर्साको मालपोत अधिकृत तथा फाँटवाला रहेको निजहरूले पारित गरेको लिखतको राजस्व तथा पूँजीगत लाभ कर राजस्वमा दाखिला नगरी आफूहरूले नै लिई खाई मासी हिनामिना गरी नेपाल सरकारलाई हानिनोक्सानी गरेको हुँदा निज प्रतिवादीहरूलाई आरोपदाबी बमोजिमको कसुरमा दाबी बमोजिमको बिगो कायम गरी सजाय गरी उक्त बिगो भराई पाउँ भनी भनी गर्नुभएको तर्कपूर्ण बहस सुनियो।

३. प्रतिवादी हरिनारायण मिश्रको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरू श्री हरिप्रसाद उप्रेती र श्री नारायण प्रसाद देवकोटा तथा विद्वान अधिवक्ताहरू श्री सुरेन्द्र बहादुर थापा र श्री अपूर्व खतिवडाले निज प्रतिवादी मालपोत अधिकृत पदमा रहेको कार्यरत रहेका बखत रित पुगेर आएको लिखतमा सनाखत गरी लिखत पारित गर्नेसम्म कार्य गर्ने हो। लिखित पारित हुँदा सङ्कलित हुने राजस्व लेखाफाँटले अभिलेख राखी बैंक दाखिला गर्ने हुँदा निजलाई थाहा जानकारी हुँदैन। राजस्व हिनामिनामा निज प्रतिवादीको कुनै पनि संलग्नता नहुने हुँदा निजलाई सफाइ दिलाई पाउँ भनी गर्नुभएको तर्कपूर्ण बहस सुनियो।

४. प्रतिवादी भूप बहादुर बोगटीको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरू श्री सुरेन्द्र बहादुर थापा, श्री सुवास आचार्य र श्री केशव खतिवडाले यी प्रतिवादी मालपोत अधिकृत हुन्। निजको काम रित पुगेर आएको लिखत पारित गर्ने कार्य गर्ने हो। सङ्कलित राजस्व दाखिला गर्ने कार्य लेखा फाँटको सम्बन्धित कर्मचारीको हो। राजस्व खातामा दाखिला भए नभएको निजलाई थाहा जानकारी हुने स्थिति हुँदैन। तसर्थ राजस्व हिनामिनामा निज प्रतिवादीको कुनै पनि भूमिका नहुने र थाहा जानकारी समेत नहुने हुँदा निजलाई आरोपदाबीबाट सफाइ दिलाई पाउँ भनी गर्नु भएको तर्फपूर्ण बहस सुनियो।

५. प्रतिवादी गोपाल बहादुर ढुंगानाको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री नारायण प्रसाद देवकोटा र विद्वान अधिवक्ता श्री केशब खतिवडाले निज प्रतिवादी मालपोत अधिकृत रहेको हुँदा निजसमक्ष रित पुगेर आएको लिखत पारित गर्ने सम्मको जिम्मेवारी र दायित्व हो। लिखत पारित हुँदा उठने मालपोत शुल्क तथा पुँजीगत लाभ करको अभिलेख राखी राजस्व खातामा दाखिला गर्ने कार्य वा जिम्मेवारी लेखाफाँटको सम्बन्धित कर्मचारीको हुने हुँदा निज प्रतिवादीलाई थाहा जानकारी हुँदैन। तसर्थ मालपोत राजस्व हिनामिना सम्बन्धमा निजलाई थाहा जानकारी नहुने हुँदा निज प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिलाई पाउँ भनी गर्नु भएको तर्कपूर्ण बहस सुनियो।

६. प्रतिवादी पदम प्रसाद अर्यालको तर्फबाट विद्वान अधिवक्ताहरू श्री सुरेन्द्र बहादुर थापा र श्री केशव खतिवडाले निज प्रतिवादी मालपोत अधिकृत रहेकोले रित पुगेर आएको लिखत पारित गर्नेसम्मको भूमिका र जिम्मेवारीमा रहेको व्यक्ति हुन। निजकोमा लिखित पारित हुन आउँदा मालपोत दस्तुर तथा पुँजीगत लाभकरको बुझाएको रसिद समेत संलग्न भएर आउने हुँदा रितपूर्वक पेस हुन आएको लिखत पारित गरेका हुन। मालपोत दस्तुर सङ्कलन तथा सोको अभिलेख व्यवस्थापन गरी राजस्व खातामा बैंकमा दाखिला गर्ने जिम्मेवारी लेखाफाँटको कर्मचारीको हो। तसर्थ राजस्व दाखिला सम्बन्धमा निज प्रतिवादीको कुनै पनि भूमिका नहुने हुँदा निजलाई आरोपदाबीबाट सफाइ दिलाई पाउँ भनी गर्नुभएको तर्कपूर्ण बहस सुनियो।

७. प्रतिवादी चन्द्र बहादुर भण्डारीको तर्कबाट उपस्थित विद्वान अधिवक्ताहरू श्री सुरेन्द्र बहादुर थापा र श्री केशव खतिवडाले निज प्रतिवादी मालपोत अधिकृत रहेकोले रित पुगेर आएको लिखत पारित गर्ने सम्मको भूमिका र जिम्मेवारीमा रहेको व्यक्ति हुन। निजकोमा लिखित पारित हुन आउँदा मालपोत दस्तुर तथा पुँजीगत लाभकरको बुझाएको रसिद समेत संलग्न भएर आउने हुँदा रितपूर्वक पेस हुन आएको लिखत पारित गरेका हुन। मालपोत दस्तुर सङ्कलन तथा सोको अभिलेख व्यवस्थापन गरी राजस्व खातामा बैंकमा दाखिला गर्ने जिम्मेवारी लेखाफाँटको कर्मचारीको हो। तसर्थ राजस्व दाखिला सम्बन्धमा निज प्रतिवादीको कुनै पनि भूमिका नहुने हुँदा निजलाई आरोपदाबीबाट सफाइ दिलाई पाउँ भनी गर्नुभएको तर्कपूर्ण बहस सुनियो।

८. प्रतिवादी कमोद तिवारीको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरू श्री सुरेन्द्र बहादुर थापा, श्री आशिष अधिकारी र श्री केशव खतिवडाले निज प्रतिवादी कमोद तिवारी कम्प्युटर अधिकृत भए तापनि मालपोत अधिकृत नभएका बखत लिखित पारित गर्ने कार्य गरेको हो। निजले रित पुगेर आएको लिखत पारित गर्ने सम्मको भूमिका निर्वाह गरेका हुन। मालपोत दस्तुर सङ्कलन तथा सोको अभिलेख व्यवस्थापन गरी राजस्व खातामा बैंकमा दाखिला गर्ने जिम्मेवारी लेखाफाँटको कर्मचारीको हो। तसर्थ राजस्व दाखिला सम्बन्धमा निज प्रतिवादीको कुनै पनि भूमिका नहुने हुँदा निजलाई आरोपदाबीबाट सफाइ दिलाई पाउँ भनी गर्नुभएको तर्कपूर्ण बहस सुनियो।

९. प्रतिवादीहरू मुरारी प्रसाद उपाध्याय, राजकिशोर प्रसाद उपाध्याय पशुपति प्रसाद उपाध्याय र गौतम प्रसाद उपाध्यायको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री दिपेन्द्र झाले निज प्रतिवादीहरूको पिता किरण प्रसाद उपाध्याय सो मालपोत कार्यालयको नायब सुब्बा पदमा कार्यरत रहेको र लेखाफाँट हेर्ने जिम्मेवारीमा रहेको भएख तापनि आरोपदाबी बमोजिमको बिगो हिनामिना गर्ने कार्यमा संलग्न रहेको देखिदैन। निजले हिनामिना गरेको हदसम्मको रकम निजको जीवनकालमा नै मालपोत कार्यालयलाई बुझाई सकेको पनि देखिन्छ। यती ठूलो रकम प्रतिवादीहरूको पिताले घरमा ल्याएको वा प्रतिवादीहरूले समेत लिए खाएको वा चलन गरेको भन्ने देखिदैन। पिताको स्वर्गारोहण भई सकेको हुँदा सो सम्बन्धमा निजका छोराहरू यी प्रतिवादीलाई केही पनि थाहा जानकारी छैन। प्रतिवादीहरूलाई थाहा जानकारी नै

नभएको यती ठूलो रकमको बिगो यी प्रतिवादीबाट भराउनु न्यायसङ्गत हुँदैन। तसर्थ निज प्रतिवादीहरूलाई सफाइ दिलाई पाउँ भनी गर्नु भएको तर्कपूर्ण बहस सुनियो।

१०. **अभियोग दाबी तर्फ हेर्दा** प्रतिवादीहरूले आ.व.२०७१।७२ मा मालपोत कार्यालय, पर्साको रजिस्ट्रेसन फाँट "ग" बाट पारित भएको लिखत बमोजिम उठेको राजस्व र पुँजीगत लाभकर राजस्व खातामा दाखिला नगरी हिनामिना गरी नेपाल सरकारलाई हानिनोक्सानी गरी देहायबमोजिमको प्रतिवादीहरूले देहायबमोजिम कसुर गरेको हुँदा निज प्रतिवादीहरूलाई निम्नबमोजिम सजाय गरी बिगो भराई पाउँ भन्नेसमेत बेहोराको आरोपदाबी लिई यस अदालत समक्ष प्रस्तुत मुद्दाको आरोपपत्र दायर हुन आएको देखियो।

| क्र. सं. | प्रतिवादीको नाम | कसुरको दाबी | सजायको दाबी | बिगो दाबी (रु.) |
|---|---|---|---|---|
| १ | **प्रतिवादी मालपोत कार्यालय, पर्साका तत्कालीन मालपोत अधिकृत हरिनारायण मिश्र** | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ७ को खण्ड (ग) बमोजिमको कसुर गरेको | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्दिष्ट गरे बमोजिम दफा ३ को उपदफा (१) को खण्ड (झ) बमोजिम कैद र दफा ७ बमोजिम दोब्बर जरिवाना गरी पाउँ । | २,०९,३१,६४७।— (दुई करोड नौलाख एकतीस हजार छ सय सतचालिस रुपैयाँ) |
| २ | **ऐ. कार्यालयको तत्कालीन मालपोत अधिकृत भूप बहादुर बोगटी** | ऐ.ऐ. | ऐ. ऐ. | १,४९,६९,१४५।—(एक करोड उनान्चास लाख उनान्सत्तरी हजार एक सय पैतालिस रुपैयाँ) |
| ३ | **तत्कालीन मालपोत अधिकृत गोपाल बहादुर ढुंगाना** | ऐ.ऐ. | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्दिष्ट गरे बमोजिम दफा ३ को उपदफा (१) को खण्ड (छ) बमोजिम कैद र दफा ७ बमोजिम दोब्बर जरिवाना गरी पाउँ । | ३५,४५,९५०।—(पैतिस लाख पैतालिस हजार नौ सय पचास रुपैयाँ) |
| ४ | **तत्कालीन मालपोत अधिकृत पदम प्रसाद अर्याल** | ऐ. ऐ. | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्दिष्ट गरे बमोजिम दफा ३ को उपदफा (१) को खण्ड (च) बमोजिम कैद र दफा ७ बमोजिम दोब्बर जरिवाना गरी पाउँ। | १६,८१,६००।-(सोह्र लाख एकासी हजार छसय रुपैयाँ) |
| ५ | **ऐ. कार्यालयको तत्कालीन मालपोत अधिकृत चन्द्र बहादुर भण्डारी** | ऐ.ऐ. | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्दिष्ट गरे बमोजिम दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम कैद र दफा ७ बमोजिम दोब्बर जरिवाना गरी पाउँ। | २,४४,४६२।— (दुई लाख चौवालिस हजार चार सय बासठ्ठी रुपैयाँ) |

| क्र. सं. | प्रतिवादीको नाम | कसुरको दाबी | सजायको दाबी | बिगो दाबी (रु.) |
|---|---|---|---|---|
| ६ | **तत्कालीन कम्प्युटर अधिकृत कमोद तिवारी** | ऐ.ऐ. | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्दिष्ट गरेबमोजिम दफा ३ को उपदफा (१) को खण्ड (झ) बमोजिम कैद र दफा ७ बमोजिम दोब्बर जरिवाना गरी पाउँ। | १,४१,४७,१७१।—(एक करोड एकचालिस लाख सत्चालिस हजार एक सय एकहत्तर रुपैयाँ) |
| ७ | **तत्कालीन नायब सुब्बा किरण प्रसाद उपाध्यायको स्वर्गारोहण भएकोले निजहरूहक खाने श्रीमतीको पनि मृत्यु भएको हुँदा हक खाने छोराहरू** छोराहरू (१) राज किशोर प्रसाद उपाध्याय | | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्दिष्ट गरे बमोजिम निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम जरिबाना र दफा ३ को उपदफा (१) को देहाय खण्ड (झ) बमोजिम कैद सजाय हुन र सोही ऐनको दफा ७ बमोजिम राजस्व हिनामिना भएको रकम रु. ५,५५,१९,९७५।—को दोव्वर जरिबाना हुन समेतको मागदाबी रहेकोमा निज प्रतिवादी किरण प्रसाद उपाध्यायको स्वर्गारोहण भएको हुँदा | |
| | | | | |
| | (२) गौतम प्रसाद उपाध्याय (३) पशुपती प्रसाद उपाध्याय र (४) मुरारी प्रसाद उपाध्याय | | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४६, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ (क) र फौजदारी कार्यविधी, २०७४ को दफा १३३ को उपदफा (२) र दफा १५८ को उपदफा (२) बमोजिम मरेको व्यक्तिको हकमा समेत मुद्दा चलाउन र सरकारी वा निजि बिगो, क्षतिपूर्ति वा रकम भराई पाउँ। | ५,५५,१९,९७५।—(पाँच करोड पचपन्न लाख उन्नाइस हजार नौसय पचहत्तर रुपैयाँ) कायम गरी दामासाहीले असुल उपर समेत गरी पाउँ । |

११. उपर्युक्त तथ्य एवम् आरोपदाबी रहेको प्रस्तुत मुद्दामा निम्न विषय सम्बन्धमा निक्यौंल गरी निर्णयमा पुग्नुपर्ने देखिन आयोः-

(क) प्रतिवादीहरूले आरोपदाबी अनुसारको कसुर गरेको देखिन्छ वा देखिँदैन ?

(ख) कसुर गरेको देखिए प्रतिवादीलाई के कस्तो सजाय हुन सक्ने हो ?

१२. आ.व. २०७१/०७२ मा तत्कालीन पर्सा मालपोत कार्यालयको रजिस्ट्रेसन फाँट "ग" मा कार्यरत कर्मचारीहरूले जग्गा किनबेचको क्रममा रजिस्ट्रेसन पास नम्बर एउटै राखेर राजस्व र लाभकर समेत अनियमितता गरेको, लिखित रजिस्ट्रेसन सहीतका कागजातहरू नष्ट गरेको, लिखित रजिस्ट्रेसनमा भएको थैली रकमभन्दा घटाई कम मुल्यको थैली र राजस्व किताबमा चढाई खाई मासेको भन्नेसमेत बेहोराको मिति २०७५।११।१५ को उ.द.नं. ४६३ उजुरी परेको हुँदा प्रस्तुत मुद्दाको अनुसन्धान तहकिकात भएको देखिन आयो।

१३. प्रतिवादीहरू उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (ग) बमोजिम उठाएको राजस्व प्रचलित कानून बमोजिम दाखिला नगरी हिनामिना गरेको भन्ने आरोपदाबी रहेको देखिन आयो। सो ऐनको दफा ७ मा "*राजस्व उठाउनु पर्ने कर्तव्य भएको राष्ट्र सेवकले देहायको काम गरी राजस्व चुहावट गरेमा वा राजस्व चुहावट गर्न कसैलाई मद्दत पुऱ्याएमा वा आफू समेत संलग्न भई दुरुत्साहन दिएमा निजले चुहावट भएको राजस्व रकम अनुसार दफा ३ बमोजिमको कसुर गरेको मानिने छ र सोहीबमोजिम कैदको सजाय गरी त्यसरी चुहावट भएको राजस्व रकमको दोब्बर जरिवाना हुनेछ*" भन्ने कानूनी व्यवस्था रहेको र सो दफाको खण्ड (ग) मा "*उठाएको राजस्व प्रचलित कानूनबमोजिम दाखिला नगरी हिनामिना गर्ने कार्य गरेमा*" समेत सो किसिमको कसुर हुने कानूनी व्यवस्था रहेको देखिन्छ। राज्यको मेरुदण्डको रुपमा रहेको घरजग्गाको कारोबारको क्रममा उठने मालपोत दस्तुर एवम् पुँजीगत लाभकर व्यवस्थित रुपमा सङ्कलन गर्न वा चुहावट हुन नदिन वा दुरुस्त रुपमा राज्यको ढुकुटीमा दाखिला गर्न राज्यले नीति, नियम तथा कार्यविधिहरू तर्जुमा गरेको देखिन्छ। सो कार्य नगरेमा प्रस्तुत प्रकृतिको राजस्व हिनामिना गरी भ्रष्टाचार गर्ने कसुर कायम हुने भन्ने विधायिकी मनसाय (Intention of legislature) देखिन्छ।

१४. प्रतिवादीहरू हरिनारायण मिश्र, भूप बहादुर बोगटी, गोपाल बहादुर ढुंगाना, पदम प्रसाद अर्याल, र चन्द्र बहादुर भण्डारी र कमोद तिवारीले यस अदालत समक्ष बयान गर्दा, राजस्व रकम हिनामिना सम्बन्धमा राजस्व उठाउने र संलग्न गर्ने वा दुरुस्त अभलेख राखी राजस्व खातामा दाखिला गर्ने कार्य लेखा फाँटको फाँटवालाको हो। आफूहरूलाई राजस्व रकम उठेको बारे जानकारी हुँदैन। उठेको राजस्व रकम राजस्व दाखिला गर्ने दायित्व रजिस्ट्रेसन फाँटको रसिद काट्ने फाँटवाला र लेखा शाखाको हो। त्यसको सुपरीवेक्षण कार्यालय प्रमुखबाट हुनुपर्ने हो। त्यसपछि पनि आ.ले.प. र म.ले.प.ले हेर्नुपर्ने हो। कसरी आ.ले.प. म.ले.प. ले थाहा पाएन आफूहरूलाई थाहा भएन। आरोपदाबी बमोजिम कसैसँगको मिलेमतोमा राजस्व चुहावट गरी कुनै पनि रकम लिने, खाने, मास्ने काम गरेको छैन भनी आरोपित कसुरमा पूर्णतः इन्कारी बयान गरेको देखिन्छ भने निजहरूको साक्षीले निजै प्रतिवादीको बयान बेहोरा समर्थित हुने गरी बकपत्र गरेको देखिन्छ।

१५. प्रतिवादी किरण प्रसाद उपाध्यायको हकखाने छोराहरू राजकिशोर प्रसाद उपाध्याय, गौतम प्रसाद उपाध्याय, पशुपति प्रसाद उपाध्याय र मुरारी प्रसाद उपाध्यायले पिता किरण प्रसाद उपाध्याय समेतले राजस्व रकम हिनामिना गरे गरेनन् आफूहरूलाई थाहा जानकारी भएन। पिताले आरोपदाबी बमोजिमको राजस्व रकम हिनामिना गरी कुनै गैरकानूनी सम्पत्ति कमाई भोग चलन गरेको समेत देखेको छैन। बुबाको नाममा जे जति सम्पत्ति थिए तीमध्ये अधिक पैतृक सम्पत्ति हुन्। आरोपदाबी बमोजिम पिताले कुनै राजस्व रकम हिनामिना गरेजस्तो आफूहरूलाई लाग्दैन। बुबाको मृत्युपछि बुबा आमाको सम्पत्तिबाहेक कुनै सम्पत्ति हामीले नामसारी गरी लिएको छैन। अतः राजस्व रकम हिनामिना भएको रकम आफूहरू समेतले नलिए नखाएको, आफै रोजगारीमा रही आफ्नो जीविकोपार्जन गर्दै आएको हुँदा आफूहरूले आरोपदाबी बमोजिमको रकम तिर्नु बुझाउनु पर्ने होइन। आरोपदाबीबाट सफाइ पाउँ भनी इन्कारी बयान गरेको देखिन्छ।

१६. लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको सि.नं. ५ मा राजस्व व्यवस्थापन तर्फ "ङ" नम्बरमा रसिद नम्बर सिलसिलेबार

क्रमबद्ध रुपमा प्रयोग गर्नुपर्नेमा एउटै फाँटको रसिद नम्बरहरू सिलसिलेबार रुपमा प्रयोग नभएको, "च" मा रजिस्ट्रेसन फाँट "ग" तर्फ फाँटवालाले बुझेको रसिद नम्बर २००१ देखि ३००० सम्म २० ठेली र २४००१ देखि २४५०० सम्म १० ठेली गरी जम्मा ३० ठेली बुझेकोमा १७ ठेली प्रयोग भएको पाइएको, बाँकी १३ ठेली र.नं. २०५१ देखि २१०० सम्म, २२०१ देखि २२५० सम्म, २३५१ देखि २४०० सम्म, २४५१ देखि २५०० सम्म, २६०१ देखि २६५० सम्म, २७५१ देखि २८०० सम्म, २८०१ देखि २८५० सम्म, २९५१ देखि ३००० सम्म, २४००१ देखि २४०५० सम्म, २४२०१ देखि २४२५० सम्म, २४२५१ देखि २४३००, २४३०१ देखि २४३५० सम्म, २४३५१ देखि २४४०० सम्म लेखा परीक्षण अवधिमा पेस नभएको, हालसम्म फिर्ता नभएको रसिद ठेली पुनः प्रयोग हुन सक्ने भएकाले यसलाई नियन्त्रण गरी प्रयोगमा नआएका रसिदलाई नष्ट गर्ने तर्फ कार्यालयले आवश्यक कारवाही गर्नुपर्ने र सि.नं. ७ मा कार्यालयबाट प्राप्त विवरण अनुसार आ. व. २०७१।७२ को सङ्कलित रजिस्ट्रेसन दस्तुर मध्ये रु. ४,४८,९६,८६८।९० (चार करोड, अठ्चालिस लाख, छयानब्बे हजार, आठ सय अठ्सठ्ठी रुपैयाँ नब्बे पैसा) को नियमानुसार बाँडफाँड गरेको छैन भन्ने समेत बेहोराको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन संलग्न भएको महालेखापरीक्षकको कार्यालय, डोरमुकाम, पर्साको मिति २०७२।१०।२९ को च.नं. ६ को पत्रबाट देखिन आयो।

१७. आ.व.२०७१।७२ को रजिस्ट्रेसन "ग" को रसिद ठेली, रजिस्ट्रेसन विविध रकम दाखिला चलानी, बैंक दाखिला भौचर फेला नपरेको भन्ने समेत बेहोराको भूमि सुधार तथा मालपोत कार्यालयको च.नं. २६८० मिति २०८०।०५।२१ को पत्र र सो पत्रसाथ संलग्न आ.व. २०७१।७२ को रजिस्ट्रेसन फाँट "ग" को सक्कल रजिस्ट्रेसन लिखत दर्ता किताब र र.नं. १ देखि ७५० सम्मका जम्मा लिखत थान १०१६ प्राप्त हुन आएको भूमि सुधार तथा मालपोत कार्यालय, वीरगन्ज, पर्साको मिति २०८०।०५।२१ को च.नं. २६८० को पत्र लगायतका मिसिल संलग्न कागजातहरूबाट देखिन आयो।

१८. आ.व.२०७१।७२मा तत्कालीन मालपोत अधिकृत प्रतिवादी हरिनारायण मिश्रद्वारा १९० थान लिखत पारित भएको सो पारित लिखतबमोजिम उठेको रजिस्ट्रेसन दस्तुर रु.२,०२,४६,३१२।— र पुँजीगत लाभकर रु.६,८५,३३५।- समेत कुल रु.२,०९,३१,६४७।— हिनामिना भएको, तत्कालीन मालपोत अधिकृत प्रतिवादी भूप बहादुर बोगटीद्वारा १३५ थान लिखत पारित भएको सो पारित लिखतबमोजिम उठेको रजिस्ट्रेसन दस्तुर रु.१,४२,६७,१७०।— र पुँजीगत लाभकर रु. ७,०१,९७५।— समेत कुल रु.१,४९,६९,१४५।— हिनामिना भएको, तत्कालीन मालपोत अधिकृत प्रतिवादी गोपाल बहादुर ढुंगानाद्वारा ३९ थान लिखत पारित भएको सो पारित लिखत बमोजिम उठेको रजिस्ट्रेसन दस्तुर रु.३५,४५,९५०।—हिनामिना भएको, तत्कालीन मालपोत अधिकृत प्रतिवादी पदम प्रसाद अर्यालद्वारा २२ थान लिखत पारित भएको सो पारित लिखत बमोजिम उठेको रजिस्ट्रेसन दस्तुर रु.१६,८१,६००।—हिनामिना भएको, तत्कालीन मालपोत अधिकृत प्रतिवादी चन्द्र बहादुर भण्डारीद्वारा ५ थान लिखत पारित भएको सो पारित लिखत बमोजिम उठेको रजिस्ट्रेसन दस्तुर रु.२४४४६२।- हिनामिना भएको र तत्कालीन कम्प्युटर अधिकृत प्रतिवादी कमोद तिवारीद्वारा ८३ थान लिखत पारित भएको सो पारित लिखतबमोजिम उठेको रजिस्ट्रेसन दस्तुर रु.१,३५,८९,६७१।— र पुँजीगत लाभकर रु.५५,७५००।— समेत कुल रु.१,४१,४७,१७१।—गरी जम्मा रजिस्ट्रेसन दस्तुर बापत उठेको रु.५,३५,७५,१६५।— र पुँजीगत लाभकर बापत उठेको रु.१९,४४,८१०।— समेत गरी जम्मा रु.५,५५,१९,९७५।— हिनामिना भएको भन्ने अनुसन्धानको क्रममा सङ्कलित रजिस्ट्रेसन लिखत दर्ता किताब तथा लिखतसँग संलग्न आम्दानी रसिदबाट उठाएको राजस्व रकम हिनामिना भएको देखिन आयो। सो लिखत पारित गर्ने मालपोत अधिकृतको हस्ताक्षरको अलावा सवै लिखतहरूमा फाँटवाला किरण प्रसाद उपाध्यायको समेत हस्ताक्षर रहेको देखियो। उक्त रकम आफूहरूले हिनामिना भएको होइन उठेको रकम फाँटवालाले दाखिला नगरी हिनामिना गरेको हो भन्ने बाहेक हाजिर हुन आएका प्रतिवादीहरू हरिनारायण मिश्र, भूपबहादुर बोगटी, गोपाल बहादुर ढुंगाना, पदम प्रसाद अर्याल, चन्द्र बहादुर भण्डारी र कमोद तिवारीले अन्य जिकिर लिन सकेको देखिंदैन भने निजहरूको साक्षीले निजहरूकै बयान बेहोरालाई समर्थित हुने बेहोराको बकपत्र गरेको देखियो। फाँटवाला प्रतिवादी किरणप्रसाद उपाध्यायको मिति २०७२।१०।०५मा मृत्यु भएको भन्ने मिति २०७२।११।०९ को मृत्यु दर्ता प्रमाणपत्रबाट देखिन आयो। निजको हकखाने श्रीमती बचिया देबी ब्राहमणीको समेत मिति २०७६।०५।२४मा मृत्यु भएको तथ्य

मिति २०७६।०६।०२ को मृत्यु दर्ता प्रमाणपत्रबाट देखिन आयो। निज किरणप्रसाद उपाध्यायको हकखाने छोराहरू राजकिशोर प्रसाद उपाध्याय, गौतमप्रसाद उपाध्याय, पशुपति प्रसाद उपाध्याय र मुरारीप्रसाद उपाध्यायले आफ्नो बाबुले के कसो गरे आफूहरूलाई थाहा जानकारी नभएको हुँदा आफूहरू उपरको दाबी पुग्न नसक्ने भनी जिकिर लिएको देखियो।

१९. मालपोत कार्यालयबाट पारित भएको प्रत्येक लिखतलाई कानूनी रुपमा प्रमाणित गराउन रजिस्टरमा मालपोत कार्यालयमा दर्ता गर्ने कार्यलाई रजिस्ट्रेसन भनिन्छ। प्रस्तुत मुद्दामा लिखत पारित भएको विवाद देखिंदैन। पारित लिखतबमोजिमको मालपोत दस्तुर तथा पुँजीगतलाभ कर राजस्वमा दाखिला नभएको भन्ने मात्र विवाद रहेको हुँदा सोको दायित्व को कस्को हो ? भन्ने तर्फ विवेचना गर्नुपर्ने देखिन आयो। कुनै पनि लिखत पारित गर्ने क्रममा सम्बन्धित मालपोत कार्यालयको फाँटवाला, नायब सुब्बा, अधिकृत वा कार्यालय प्रमुखले दस्तखत गर्नु पर्ने हुन्छ। जग्गा प्रशासन कार्यविधि, २०६० को भाग १ को दफा १३.१ ले रजिस्ट्रेसन शुल्क असुल गर्ने दायित्व सम्बन्धित मालपोत कार्यालयको रजिस्ट्रेसन फाँटका कर्मचारीको हुन्छ। असुल भएको शुल्क दैनिक रुपमा सोही दिन लेखाफाँटमा बुझाउनु पर्छ भन्ने दफा १३.२ ले शुल्क असुल गर्दा लिखतमा कायम भएको थैली अङ्क अक्षरमा समेत लेखेको छ छैन नभए दुबैमा लेखाउनु पर्छ भन्ने दफा १३.३ ले शुल्क कति लाग्ने यकिन गरी निर्धारित रसिदबाट मात्र असुल गर्नुपर्छ भन्ने दफा १३.४ मा सरकारी कार्यालय र नेपाल सरकारको स्वामित्व भएको संस्था वा राजदुतावास बाहेक अरुसँग चेक नलिने र नगद नै असुल गर्नुपर्छ भन्ने दफा १३.५ ले शुल्क असुल गरी सकेपछि लिखतमा असुल गरेको रकम अङ्क अक्षरमा लेखी रसिद नं. समेत लेख्नुपर्छ भन्ने दफा १३.६ ले शुल्क असुल गर्ने कर्मचारीले नाम थर प्रष्ट लेखी सहीछाप गर्नुपर्छ भन्ने दफा १३.७ ले रसिद रद्द भएमा वा थपघट, केरमेट भएमा तुरुन्त कार्यालय प्रमुख वा लिखत पारित गर्ने अधिकारीबाट प्रमाणित गराउनु पर्छ भन्ने दफा १३.८ ले **दैनिक असुल भएको राजस्वको टिपोट बनाई कार्यालय प्रमुख वा अधिकृतबाट प्रमाणित गराउनु पर्छ** भन्ने दफा १३.९ मा असुल भएको राजस्व तथा सेवा शुल्कहरू प्रत्येक दिनको भोलिपल्ट बैंक दाखिला गरी भौचर लेखाफाँटमा सुरक्षित राख्नु पर्छ, **बैंक दाखिला भएको टिपोट पनि कार्यालय प्रमुखबाट प्रमाणित गराउनु पर्छ** भन्ने र दफा १३.१२ ले असुल भएको राजस्वको मासिक तथा वार्षिक विवरण अनिवार्यरुपमा निर्धारित समय भित्र विभागमा पठाउनु पर्छ भन्ने कार्यविधि तय गरेको देखिन्छ। सोही कार्यविधिको दफा १४.५ ले रजिस्ट्रेसन पारित गर्ने अधिकारीले लिखत पारित भएपछि शुल्क र लिखतमा रहने प्रमाणहरू प्रमाणित गर्नु पर्छ भन्ने बाध्यात्मक प्रावधान रहेको देखिन्छ। सोही कार्यवधिको दफा १५.१० ले रजिस्ट्रेसन शुल्क असुल गर्दा प्रयोग हुने रसिदको हरेक मालपोत कार्यालयहरूमा रिसद नियन्त्रण खाता अनिवार्यरुपमा राख्नु पर्छ। रसिद नियन्त्रण खाता मुताबिक रसिद वा अर्धकट्टी भए नभएको निरीक्षण गर्ने वा मातहत कर्मचारीबाट तीन तीन महिनामा निरीक्षण गराउने काम कार्यालय प्रमुखको हुनेछ भन्ने स्पष्ट व्यवस्था गरेको देखिन्छ।

२०. जग्गा प्रशासन कार्यविधि, २०६० को भाग ३ को दफा ४.१५ ले असुल उपर गर्नु पर्ने राजस्व दस्तुर, शुल्क मुल्य आदि असुल गर्ने, रसिद काटने, पोष्टिङ गर्ने, अभिलेख राख्ने बैंक दाखिला गर्ने आदि काम कारवाहीको सम्पूर्ण जिम्मेवारी सम्बन्धित लेखा प्रमुख र कार्यालय प्रमुखको हुनेछ भन्ने कानूनी व्यवस्था गरेको देखिन्छ। सोको अतिरिक्त आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १०९ को खण्ड (ग) ले कार्यालयमा दाखिला हुन आएको सरकारी रकमको लेखा राख्ने, प्रतिवेदनहरू पठाउने र कार्यालयको सम्पूर्ण आर्थिक कारोबारको उत्तरदायित्व वहन गर्ने जिम्मेवारी कार्यालय प्रमुखको हुने भन्ने स्पष्ट कानूनी व्यवस्था रहेको देखिन्छ।

२१. प्रतिवादीहरू हरिनारायण मिश्र, भूप बहादुर बोगटी, गोपाल बहादुर ढुंगाना, पदम प्रसाद अर्याल, चन्द्र बहादुर भण्डारी र कमोद तिवारीले पर्सामालपोत कार्यालयको मालपोत अधिकृतको हैसियतले एकै रजिस्ट्रेसन नं.का एक भन्दा बढी लिखत परित गरेको, प्रत्येक दिन रजिस्ट्रेसन पारित गरेका लिखतहरू दर्ता किताबमा प्रमाणित गर्नुपर्ने दायित्व भएका निज प्रतिवादीहरूले रजिस्ट्रेसन दर्ता किताब प्रमाणित नगरी निजको हस्ताक्षरबाट पारित भएका लिखतहरूबाट सङ्कलन भएका अभियोग दाबीबमोजिमका सरकारी राजस्व प्रतिवादी किरण प्रसाद उपाध्यायसमेतको मिलेमतोमा चुहावट गरेको देखिंदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ तथा सोको खण्ड (ग) बमोजिमको उठाएको राजस्व प्रचलित कानूनबमोजिम दाखिला नगरी हिनामिना गर्ने कसुर गरेको देखियो।

२२. **प्रतिवादी किरण प्रसाद उपाध्याय सो मालपोत कार्यालयका नायब सुब्बा रहेको निज**ले आ.व. २०७१।७२ मा मालपोत कार्यालय, पर्साको रजिस्ट्रेसन फाँट "ग" को फाँटवालाको हैसियतले एकै रजिस्ट्रेसन नम्बरको एकभन्दा बढी लिखत पारित गरी बढी राजस्व रकम उठेको लिखतहरूको विवरण रजिस्ट्रेसन लिखत दर्ता किताबमा प्रविष्टसमेत नगरी उक्त लिखतहरूबाट उठेको रु. ५,५५,१९,९७५।—को सरकारी राजस्व चुहावट गरेको देखिन आएकोले निजले समेत भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ तथा सोको खण्ड (ग) बमोजिम उठाएको राजस्व प्रचलित कानून बमोजिम दाखिला नगरी हिनामिना गर्ने कसुर गरेको देखियो। निज प्रतिवादी किरण प्रसाद उपाध्यायको मिति २०७२।१०।१५ मा मृत्यु भएको तथ्य मिति २०७२।११।९ गतेको मृत्यु दर्ता प्रमाणपत्रबाट पुष्टि भएकोले सजाय माग दाबी लिएको देखिएन। प्रतिवादी स्वर्गीय किरण प्रसाद उपाध्यायको श्रीमती बचिया देवी ब्राहमणीको समेत मिति २०७६।०५।१४ मा मृत्यु भएको तथ्य मिति २०७६।०६।०२ गतेको मृत्यु दर्ता प्रमाणपत्रबाट पुष्टि हुन आएको हुँदा आरोपदाबी बमोजिम हानिनोक्सानी भएको कुल बिगो रु.५,५५,१९,९७५।— मध्ये दामासाहीले किरण प्रसाद उपाध्यायको हकमा पर्ने आउने बिगो रु.१,२५,११,९९०।७५ (एक करोड पच्चिस लाख एघार हजार नौ सय नब्बे रुपैयाँ पचहत्तर पैसा) निजको हकखाने अंशियार छोराहरू राज किशोर प्रसाद उपाध्याय, गौतम प्रसाद उपाध्याय, पशुपति प्रसाद उपाध्याय र मुरारी प्रसाद उपाध्यायबाट दामासाहिले बिगो असुलउपर गर्नुपर्ने देखियो। निजहरू उपरको अन्य बिगो पुग्न सक्ने देखिएन।

२३. अतः माथि विवेचित आधार र कारणबाट प्रतिवादीहरू मालपोत अधिकृतहरू हरिनारायण मिश्र, भूप बहादुर बोगटी, गोपाल बहादुर ढुंगाना, पदम प्रसाद अर्याल, चन्द्र बहादुर भण्डारी र कमोद तिवारीले विभिन्न मितिमा लिखत पारित गरेकोमा विवाद छैन। निज प्रतिवादीहरूलाई लिखत पारित गर्ने, कानून बमोजिम राजस्व बुझाएको छ छैन जाँच गर्ने र सो रकम राजस्व खातामा जम्मा गराउनेसमेतका जिम्मेवारी तोकिएको पाइन्छ। प्रतिवादी कमोद तिवारी कम्प्युटर अधिकृत पदमा कार्यरत भएको र लिखत पारित गर्ने जिम्मेवारी नै नभएकोमा निजले ८३ वटा लिखत पारित गरेको देखिन्छ। त्यस्तै प्रतिवादी स्वर्गीय किरण प्रसाद उपाध्यायले पारित भएका सबै लिखतमा हस्ताक्षर गरी राजस्व सङ्कलन गरेकोमा नियमानुसार लेखा शाखामा राजस्व बुझाएको देखिएन। यस प्रकार उल्लिखित प्रतिवादीहरूले लिखत रजिस्ट्रेसन वापत सेवाग्राहीले तिरे बुझाएको राजस्व रकम राजस्व खातामा जम्मा नगरी मिलेमतो गरी बदनियतपूर्वक राजस्व हिनामिना गरेको तथ्य निज प्रतिवादीहरू विरुद्धको उजुरी, राजस्व दाखिला सम्बन्धि अनुसन्धानबाट प्राप्त विवरण बैंक खाता लगायतका प्रमाणबाट पुष्टि हुन आयो। तसर्थ निज प्रतिवादीहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्दिष्ट गरेबमोजिम सोही ऐनको दफा ३ बमोजिम देहायको कसुर गरेको ठहर्छ।

| सि.नं. | प्रतिवादीहरूको नाम | ठहर भएको कसुर | ठहर भएको बिगो (रु.) |
|---|---|---|---|
| १. | हरिनारायण मिश्र | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ (ग) ले निर्दिष्ट गरेको दफा ३(१) र ३(१) (झ) बमोजिम कसुर गरेको ठहर्छ। | रु.१,२५,११,९९०।७५ |
| २. | भूप बहादुर बोगटी | ऐ.ऐ. बमोजिम दफा ३(१) (झ) को कसुर गरेको ठहर्छ। | रु.१,२५,११,९९०।७५ |
| ३. | गोपाल बहादुर ढुंगाना | ऐ.ऐ. बमोजिम दफा ३(१) (छ) को कसुर गरेको ठहर्छ। | रु.३५,४५,९५०/- |
| ४. | पदम प्रसाद अर्याल | ऐ.ऐ. बमोजिम दफा ३(१)(च) को कसुर गरेको ठहर्छ। | रु.१६,८१,६००/- |
| ५. | कमोद तिवारी | ऐ.ऐ. बमोजिम दफा ३(१) (झ) को कसुर गरेको ठहर्छ। | रु.१,२५,११,९९०।७५ |
| ६. | स्वर्गीय किरण प्रसाद उपाध्याय | स्वर्गारोहण भएको | रु.१,२५,११,९९०।७५ |

२४. प्रतिवादी चन्द्र बहादुर भण्डारीको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्दिष्ट गरेको दफा ३ को उपदफा (१) को खण्ड (घ) को कसुर गरेको हुँदा सोही दफा बमोजिम ६(छ) महिना कैद र बिगोको दोब्बर रु.४,८८,९२४/- जरिबाना हुनुका साथै बिगो रु.२,४४,४६२।- रकम निज प्रतिवादीबाट असूल उपर हुने ठहर्छ।

२५. प्रतिवादी किरण प्रसाद उपाध्यायको मृत्यु भएको आरोपपत्रमा नै उल्लेख भएको देखिंदा निज प्रतिवादीलाई ठहर भएको बिगो रु.१,२५,११,९९०।७५ (एक करोड पच्चीस लाख एघार हजार नौ सय नब्बे रुपैयाँ पचहत्तर पैसा) निजको हक खाने अंशियार छोराहरू प्रतिवादीहरू राज किशोर प्रसाद उपाध्याय, गौतम प्रसाद उपाध्याय, पशुपति प्रसाद उपाध्याय र मुरारी प्रसाद उपाध्यायबाट दामासाहीले असुल उपर हुने ठहर्छ।

२६. प्रतिवादीहरू हरिनारायण मिश्र, भूप बहादुर बोगटी, गोपाल बहादुर ढुंगाना, पदम प्रसाद अर्याल, कमोद तिवारीलाई के-कति सजाय हुने हो भन्ने सम्बन्धमा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ८ र ९ को प्रयोजनार्थ मिति २०८१/३/५ गतेको पेसी तोकी सो पूर्व दुवै पक्षका कानून व्यवसायीबाट सजायपूर्वको प्रतिवेदन लिई नियमानुसार पेस गर्नू भन्ने आदेशानुसार मिति २०८१/०३/०४ मा दुवै तर्फबाट सजायपूर्वको प्रतिवेदन पेस भई मिसिल सामेल रहेको देखिन्छ।

(ख) <u>सजाय निर्धारण खण्ड</u>

२७. मिति २०८१/०२/२८ को कसुर ठहर आदेश बमोजिम आजको साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी सजाय निर्धारणको निमित्त इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा प्रतिवादीहरू उपरको सजाय निर्धारण सम्बन्धमा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय काठमाडौंका विद्वान उपन्यायाधिवक्ता श्री प्रकाश शर्मा पौडैलले प्रतिवादीहरू सार्वजनिक सम्पत्ति संरक्षण गर्ने दायित्व भएका राष्ट्रसेवक कर्मचारी हुन्। निजहरूले गरेको कसुरको तौरतरिका हेर्दा सजाय घाउने तत्वहरू (Mitigating factors) भन्दा सजाय बढाउने तत्व (Aggravating factors) को प्राचूर्यता देखिन आएकोले निज प्रतिवादीहरूलाई कानूनले तोकेको सजायको उपल्लो हदको सजाय निर्धारण गरी पाउँ भनी गर्नुभएको तर्कपूर्ण बहस सुनियो।

२८. प्रतिवादीहरू हरिनारायण मिश्र, भूप बहादुर बोगटी र कमोद तिवारीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (ग) ले निर्दिष्ट गरेको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ) को कसुर गरेको, प्रतिवादी मध्ये गोपाल बहादुर ढुंगानाले ऐ. ऐ. बमोजिम दफा ३ को उपदफा (१) को खण्ड (घ) को कसुर गरेको तथा प्रतिवादी पदम प्रसाद अर्यालले ऐ. ऐ. बमोजिम दफा ३ को उपदफा (१) को खण्ड (च) को कसुर गरेको ठहऱ्याई सजाय निर्धारणको निमित्त पेस हुन आएको प्रस्तुत मुद्दामा कसुर ठहर भएका प्रतिवादीहरूका विद्वान कानून व्यवसायीहरू एवम् विशेष सरकारी वकील कार्यालयका उपन्यायाधिवक्ताले पेस गर्नुभएको सजाय पूर्वको प्रतिवेदन समेत अध्ययन गरियो।

२९. अब निज प्रतिवादीहरूलाई के कति सजाय निर्धारण गर्दा उपयुक्त हुने हो ? भन्ने सम्बन्धमा विचार गर्दा, निज प्रतिवादीहरूले आफ्नो पदीय कर्तब्य पालना नगरी ठूलोमात्रामा मालपोत लिखत पारितबाट उठेको राजस्व तथा पुँजीगत लाभकर समेत हिनामिना गरेको कार्य गैरकानूनी एवम् राष्ट्रहित विपरित भएकोले हुँदा यस्ता कार्य आगामी दिनमा कसैले नगरुन भन्ने सन्देश दिन उपयुक्त रहेकोले दण्डको हतोत्साहको सिद्धान्त (Deterrence Theory) को दृष्टिकोणबाट विचार गर्नु पर्ने देखिन्छ भने अर्को तर्फ यस्ता कसुरदारहरूले आफूले गरेको कसुरको पश्चाताप गरी भोलिका दिनमा जिम्मेवार, सवल, सक्षम, अनुशासित तथा नैतिकवान एवम् चरित्रवान नागरिकको रुपमा पुनर्स्थापित भई समाजलाई पुनः नेतृत्वदायी योगदान दिन सक्ने जिम्मेवार नागरिकको रुपमा परिणत हुने छ भन्ने अपेक्षासहित सुधारात्मक दण्डको सिद्धान्त (Reformative Theory ) तथा निज प्रतिवादीहरू समाजमा पूर्ववत् रुपमा पुनर्स्थापित होस् भन्ने हेतुले पुनर्स्थापनाको सिद्धान्त (Restorative Theory) समेतलाई विचार गरी सजाय निर्धारण गर्नु पर्ने देखिन्छ।

३०. यस प्रकार निज प्रतिवादीहरूको शैक्षिक, सामाजिक, आर्थिक र सास्कृतिक अवस्था, निजहरूमा आश्रित पारिवारिक स्थिति, निजहरूको उमेर अवस्था तथा बारदातको प्रकृति एवम् परिस्थितिसमेतको आलोकमा मुलुकी अपराध संहिता,

२०७४ को दफा ३८ बमोजिम कसुरको गभिरता बढाउने आधार (Aggravating factor) र सोही संहिताको दफा ३९ को गम्भीरता घटाउने आधार(Mitigating factor) समेतलाई मध्येनजर राखी माथि उल्लिखित दण्डको सैद्धान्तिक(Doctrine of punishment)आधारमा निज प्रतिवादीहरूउपर सजाय निर्धारण गर्नु उपयुक्त तथा बाञ्छनीय हुने देखियो।

३१. अतः माथि विवेचित आधार र कारणबाट निज प्रतिवादीहरूलाई के कति सजाय निर्धारण गर्नुपर्ने भन्ने सम्बन्धमा विचार गर्दा, सजाय निर्धारण सम्बन्धी प्रचलित कानून, निज प्रतिवादीहरूको उमेर अवस्था, निज प्रतिवादीहरूको पदीय हैसियत र सो हैसियतमा निज प्रतिवादीहरूले कसुर गर्दाको अवस्था र स्थिति, निज प्रतिवादीहरूको आर्थिक, सामाजिक, सांस्कृतिक, पारिवारिक अवस्था समेतलाई सजायशास्त्र(Penology)को दृष्टिकोणबाट विचार गरी निज प्रतिवादीहरूलाई देहायबमोजिमको कैद जरिबाना सहीतको सजाय हुने र बिगो असूल उपर हुने ठहर्छ।

| क्र.स. | प्रतिवादीको नाम | सजाय हुने कानूनी व्यवस्था | ठहर भएको कैद | जरिबाना | असूलहुने रकम रु. |
|---|---|---|---|---|---|
| १ | हरिनारायण मिश्र | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७(ग) ले निर्दिष्ट गरेको दफा ३ को उपदफा (१), दफा ३ को उपदफा (१)(झ) | ८ वर्ष | रु.२,५०,२३,९८१/५ | रु.१,२५,११,९९०/७५ |
| २ | भूप बहादुर वोगटी | ऐ.ऐ. बमोजिम दफा ३ को उपदफा (१) को खण्ड (झ) | ८ वर्ष | रु.२,५०,२३,९८१/५ | रु.१,२५,११,९९०/७५ |
| ३ | गोपाल बहादुर ढुंगाना | ऐ. ऐ. बमोजिम दफा ३ को उपदफा (१) को खण्ड (छ) | ४ वर्ष | रु.७०,९१,९००/- | रु.३५,४५,९५०/- |
| ४ | पदम प्रसाद अर्याल | ऐ. ऐ. बमोजिम दफा ३ को उपदफा (१) को खण्ड (च) | २ वर्ष | रु.३३,६३,२००/- | रु.१६,८१,६००/- |
| ५ | कमोद तिवारी | ऐ. ऐ. बमोजिम दफा ३ को उपदफा (१) को खण्ड (झ) | ८ वर्ष | रु.२,५०,२३,९८१/५ | रु.१,२५,११,९९०/७५ |

अरुमा तपसिलबमोजिम गर्नू ।

**सदस्य** **सदस्य** **अध्यक्ष**

**फैसला तयार गर्न सहयोग पुऱ्याउनेः**
इजलास अधिकृतः सुदर्शन पुरी
कम्प्युटर अपरेटरः कल्पना पराजुली
इति संवत् २०८१ साल असार ५ गते रोज ४ शुभम्.....................................................................।

श्री

विशेष अदालत, काठमाडौं

इजलास २

सदस्य माननीय न्यायाधीश डा. श्री  खुशी प्रसाद थारु

सदस्य माननीय न्यायाधीश श्री तेज नारायण सिंह राई

सदस्य माननीय न्यायाधीश श्री राम बहादुर थापा

फैसला

मुद्दा नं. : ०८०-CR-००७०

दर्ता मिति : २०८०।०८।०७।५

फैसला मिति :  २०८१।०३।१८।३

निर्णय नं. : १५७

मुद्दाः सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरी भ्रष्टाचार गरेको।

**बादी** : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृत माधवजंग कार्कीको प्रतिवेदनले नेपाल सरकार।

**विरुद्ध**

**प्रतिवादी** : जिल्ला चितवन,हाल राप्ती न.पा. वडा नं. ६ (साविक भण्डारा गा.वि.स. वडा नं. २) बस्ने दिपकान्त पाठकको नाति कृष्णराज पाठकको छोरा (मो.नं. ९८५५०८१७८२) वर्ष ३२ का चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, सौराहा सेक्टरका तत्कालीन सेक्टर प्रमुख **अभिनय पाठकसमेत।**

- **चितवन राष्ट्रिय निकुञ्ज र कुमरोज मध्यवर्ती सामुदायिक वन क्षेत्रको सिमा छुट्टाउने अन्य कुनै सङ्केत, तारवार, पिल्लर, सिमा स्तम्भ, साइन बोर्ड अन्य कुनै भौतिक सङ्केत केही नदेखिएको र भ्यू टावर मचान निर्माण भएको स्थान कुमरोज सामुदायिक वनको भोग चलन चल्ती गरीरहेको क्षेत्र भित्र रहेको, विवादित भ्यू टावर मचान निर्माण स्थल भन्दा अन्दाजी ३०० मिटर पश्चिम कुमरोज मध्यवर्ती सामुदायिक वनले संचालन गरेको जीव सफारीको रुट रहेको, जुन सफारी रुटसमेत सामुदायिक वनको चलन चल्तीको रहेको, चलन चल्तीअनुसार कुमरोज सामुदायिक वन र चितवन राष्ट्रिय निकुञ्जको सिमा रासी नदीलाई आधार मानिएको बुझिएको र विवादित टावर सामुदायिक वनले भोग चलन गरिरहेको क्षेत्रभित्र देखिएको, कुमरोज मध्यवर्ती सामुदायिक वन उपभोक्ता समिति गठन भएदेखि उक्त समितिले आफ्नो क्षेत्रभित्रको वन क्षेत्र मानी उल्लेखित क्षेत्र उपभोग गरी आएको र चितवन राष्ट्रिय निकुञ्जले निकुञ्ज भित्रको जग्गा भनी भोग नियन्त्रण गरेको नपाइएको" भनी उल्लेख भएको देखिन्छ। सो नापजाँच मुचुल्काबाट निर्मित मचान क्षेत्र चितवन राष्ट्रिय निकुञ्जको कोर एरियाभित्र रहेको भन्ने देखिएन।**

  **(प्रकरण नं. ११)**
- **मध्यवर्ती क्षेत्रमा रहेको वनको संरक्षण गरे बापत समुदायको आय आर्जन बढाउनका लागि मध्यवर्ती क्षेत्रमा कानूनसम्मत गरेका कार्यलाई अन्यथा मान्न मिल्दैन। यसलाई राज्यले प्रोत्साहन नै गर्नु पर्दछ। कुनै पनि राष्ट्रिय निकुञ्जबाट जङ्गली जनावरहरू (बाघ, हात्ती, गैडा.....) बाहिर निस्किदा पहिलो जोखिममा पर्ने तत् समुदायले निकुञ्जबाट प्राप्त हुन लाभको पहिलो हिस्सेदार हुनु स्वाभाविक हुन जान्छ।**

  **(प्रकरण नं. १५)**

## ठहर खण्ड

१. विशेष अदालत नियमावली, २०८० नियम ४३ र ४४ बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा प्रतिवादीहरूउपरको अभियोग दाबी एवम् मिसिल संलग्न प्रमाण कागजातहरूको अध्ययन गरियो। वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालयका विद्वान् उपन्यायाधिवक्ता श्री भगवती गौतमले प्रतिवादीहरूले अनुमति पाएको स्थान भन्दा फरक अर्थात् राष्ट्रिय निकुञ्जको कोर स्थानमा मचान निर्माण गरेको, वन्यजन्तुलाई नै असर पर्नेगरी भवन निर्माण भएको, मचान निर्माण नभई होटल लजको निर्माण गरेकोले आरोपदाबीको कसुरमा सबै प्रतिवादीहरूलाई सजाय गरी गरी पाउँ भनी गर्नु भएको बहस सुनियो।

२. प्रतिवादी अभिनय पाठकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री गोकुल भण्डारी र श्री भिमार्जनु आर्चायले र उक्त निर्माण राष्ट्रिय निकुञ्जको कोर एरियामा नभई प्रतिवादी अभिनय पाठकले कानूनसम्मत रुपमा कुमरोज मध्यवर्ती सामुदायिक उपभोक्ता समूहलाई मचान निर्माणका लागि अनुमति दिएको र सो अनुमति दिँदा प्रतिवादीको कुनै बदनियत नरहेको नभएकोले झुट्टा आरोपदाबीबाट सफाइ दिलाइ पाउँ भनी गर्नु भएको बहस सुनियो।

३. प्रतिवादीहरू पुरुषोत्तम शर्मा, राजेश कोइराला र सुमन श्रेष्ठका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री सतीशकृष्ण खरेल र श्री प्रकाशमणि शर्मा, विद्वान् अधिवक्ता श्री शिवप्रसाद कोइलाराले यी प्रतिवादीहरूले कुमरोज मध्यवर्ती क्षेत्रभित्र पर्यटन प्रवर्धन गर्ने शीर्षकमा नगर सभाले बजेट विनियोजन गरेको,चितवन राष्ट्रिय निकुञ्जले अनुमति दिएबमोजिम नगरपालिकाले लगानी गरेको, नगरपालिकाले स्थान तोक्ने कार्य नगरेको, सम्झौता अनुसारको लागत इस्टिमेटअनुसार कार्य भएकोले यी प्रतिवादीहरूलाई झुट्टा आरोपदाबीबाट सफाइ दिलाई पाउँ भनी गर्नुभएको बहस सुनियो।

४. कुमरोज मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहका प्रतिवादी पदाधिकारीहरूका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री सुलभ खनाल, श्री विश्वेश्वरप्रसाद गौतमले चितवन राष्ट्रिय निकुञ्जको कोर एरियामा मचान निर्माण गरेको नभई राष्ट्रिय निकुञ्जको अनुमतिले मध्यवर्ती क्षेत्रमा मचान निर्माण गरेको, कुमरोज मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहको आय आर्जन बढाउने उद्देश्यले मचान निर्माण भएको हो, सो मचान निर्माण गर्दा सार्वजनिक सम्पत्तिको हिनामिना नभएको/नगरेकोले सबै प्रतिवादीहरूलाई प्रस्तुत मुद्दाबाट सफाइ दिलाइ पाउँ भनी गर्नुभएको बहस सुनियो।

५. वादी पक्षका विद्वान् उपन्यायाधिवक्ता तथा प्रतिवादी पक्षका विद्वान् वरिष्ठ अधिवक्ताहरू र विद्वान् अधिवक्ताहरूले गर्नु भएको उपर्युक्त तर्कपूर्ण बहस जिकिरसमेतलाई दृष्टिगत गरी प्रस्तुत मुद्दामा प्रतिवादीहरूले आरोपित कसुर गरे/नगरेको सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

६. उपरोक्त तथ्य एवम् आरोपदाबी रहेको प्रस्तुत मुद्दामा, देहायका प्रतिवादीहरू उपर देहायबमोजिमको कसुरमा देहायबमोजिम सजायको मागदाबी लिएको देखिन्छ।

क. **प्रतिवादी चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, सौराहा सेक्टरका तत्कालीन सहायक संरक्षण अधिकृत अभिनय पाठकको हकमाः** निज प्रतिवादीले निकुञ्जको कोर क्षेत्रमा मचानभन्दा भिन्न स्वरुपको व्यवसायीक भवन निर्माण भईरहँदा निजले सो सेक्टरको प्रमुखको हैसियतले आफ्नो सेक्टरको कार्यक्षेत्रमा निगरानी र अनुगमनसमेत गरी/गराई अनुमति विपरित निकुञ्जको कोर एरियामा निर्माण हुँदै गरेको होटल लजको आकारको ठूलो संरचना निर्माण समयमै रोक्का गर्नुपर्नेमा सो गरेको नदेखिएको तथा कर्तव्यपालन नगरेको कारण निकुञ्जको कोर एरियामा कानून विपरित वातावरणलाई प्रतिकुल असर र वन्यजन्तुलाई हानिनोक्सानी हुनसक्ने गरी चितवन राष्ट्रिय निकुञ्जको कोर क्षेत्रमा विशाल भवन निर्माण भएको र निजको उक्त कार्यबाट खैरहनी नगरपालिकाबाट

उक्त प्रयोगबिहिन भवन निर्माणमा भुक्तानी भएको रु.३१,५९,७३५।- सार्वजनिक सम्पत्तिको दुरुपयोग र हानिनोक्सानी हुन गई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुर गरेको पुष्टि हुन आएकोले प्रतिवादीउपर रु.३१,५९,७३५।- (एकतिस लाख उनान्साठ्ठी हजार सात सय पैतिस रुपैयाँ) बिगो कायम गरी सोही दफाले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (छ) बमोजिम कैद र दफा ३ (१) बमोजिम जरिबानाको सजाय गरी सोही ऐनको दफा १७ बमोजिम निजबाट बिगो असुलउपर हुनसमेत मागदाबी लिएको पाइयो।

ख. **प्रतिवादीहरू खैरहनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत पुरुषोत्तम शर्मा, इन्जिनियर राजेश कोईराला र सब इन्जिनियर सुमन श्रेष्ठको हकमाः** कंक्रिट मचान निर्माणको लागि रु.३० लाख विनियोजन भएकोमा चितवन राष्ट्रिय निकुञ्जसँग समन्वय नगरी कुमरोज मध्यवर्ती सामुदायिक उपभोक्ता समूहसँग मात्र सम्पर्क गरी निकुञ्जको कोर एरियामा पर्ने गरी पर्यापर्यटनका नाममा मचानभन्दा भिन्न लज वा होटलको निर्माण गरी गराइ निकुञ्जको वातावरणलाई प्रतिकूल असर र वन्यजन्तुलाई हानिनोक्सानी समेत हुन गरी चितवन राष्ट्रिय निकुञ्जको कोर क्षेत्रमा निर्माण गरेको कंक्रिट मचान निर्माणको लागि लागत अनुमान तयारी, स्वीकृत गर्ने, नापी मूल्याङ्कन प्रतिवेदन तयार गर्ने, स्वीकृत गर्ने, रकम भुक्तानीको लागि सिफारिस गर्ने र भुक्तानी दिने यी प्रतिवादीहरूको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्य भएकोले खैरहनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयका तत्कालीन सब इन्जिनियर सुमन श्रेष्ठ, तत्कालीन इन्जिनियर राजेश कोइराला, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत पुरुषोत्तम शर्माउपर बिगो रु.३१,५९,७३५।- (एकतिस लाख उनान्साठ्ठी हजार सात सय पैतिस रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (छ) बमोजिम कैद र दफा ३(१) बमोजिम जरिबानाको सजाय गरी सोही ऐनको दफा १७ बमोजिम निजहरूबाट बिगो असुलउपर हुन समेत मागदाबी लिइएको छ।

ग. **प्रतिवादीहरू कुमरोज मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहको तत्कालीन अध्यक्ष तथा कंक्रिट मचान निर्माण उपभोक्ता समितिका अध्यक्ष हिराबहादुर गुरुङ, कोषाध्यक्ष सम्भु जि.सि. भनिने शम्मरबहादुर घर्ती क्षेत्री, कुमरोज मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहको अध्यक्ष गणेशकुमार श्रेष्ठ र कोषाध्यक्ष उज्वल बतौंला, बुढी राप्ती उपभोक्ता समितिको अध्यक्ष नारायणदत्त तिमिल्सिना र कोषाध्यक्ष सोमराज कडरिया, कंक्रिट मचान निर्माण उपभोक्ता समितिकी कोषाध्यक्ष सीता दहाल भनिने ठण्डाकुमारी पराजुली दहाल र सचिव कल्याण लटौला मध्ये कुमरोज मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष तथा कंक्रिट मचान निर्माण उपभोक्ता समितिको अध्यक्ष हिराबहादुर गुरुङको हकमा** पर्यापर्यटन विकास र विस्तारका लागि कुमरोज मध्यवर्ती सामुदायिक वन भित्र कंक्रिट मचान निर्माण गर्न चितवन राष्ट्रिय निकुञ्ज, सौराहा सेक्टरबाट अनुमति प्राप्त गरेकोमा निर्माणस्थल मध्यवर्ती सामुदायिक क्षेत्रमा पर्ने हो वा निकुञ्जको कोर एरियामा पर्ने हो सो समेत यकिन नगरी मध्यवर्ती सामुदायिक वन क्षेत्रमा कंक्रिट मचान निर्माण गर्न भनी लिएको अनुमतिको दुरुपयोग गरी कंक्रिट मचान भन्दा भिन्न स्वरुप र आकारको भवन निर्माण गरी उक्त कंक्रिट मचान भनिएको भवन निर्माणका लागि नगरपालिकाबाट उपभोक्ता समितिका नाममा भुक्तानी पाएको रु.३१,५९,७३५।- र राजस्व नतिरी भवनमा प्रयोग गरेको निकुञ्जको काठबापत रु.३,९१,२१७।३० गरी रु.१,१९,०५,६०३।३० हानिनोक्सानी गरेकोले उक्त कार्य **भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७** को कसुर देखिँदा निजलाई रु.१,१९,०५,६०३।३० (एक करोड उन्नाइस लाख पाँच हजार छ सय तीन रुपैयाँ र तीस पैसा) बिगो कायम गरी सोही दफा १७ ले निर्देश गरेबमोजिम **भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को (१) देहाय (झ)** बमोजिम कैद सजाय र दफा ३(१) बमोजिम जरिबाना हुन र हानिनोक्सानी भएको बिगो रु.१,१९,०५,६०३।३०

निजबाट दफा १७ बमोजिम असुल उपर हुन र कुमरोज मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरू मध्ये कुमरोज मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहका तत्कालीन कोषाध्यक्ष **सम्भु जि.सि. भनिने शम्मरबहादुर घर्ती क्षेत्री**को कार्यकालमा निज समेतको दस्तखतले कुमरोज मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहबाट खैरहनी नगरपालिकामा लागत सहभागिता बापत नगरपालिकामा जम्मा गरेको रु.६,००,०००।- मध्येको अन्तिम बिल भुक्तानी हुँदा कायम हुन आएको रकम रु. ५,४८,०१४।- र कंक्रिट मचानका लागि भुक्तानी भएको रु.८३,५४,६५१।- समेत गरी जम्मा रु.८९,०२,६६५।- हानिनोक्सानी भएको देखिएकोले निजको उक्त कार्य **भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७** को कसुर देखिँदा निजलाई रु.८९,०२,६६५।- (उनान्नब्बे लाख दुई हजार छ सय पैसट्ठी रुपैयाँ) बिगो कायम गरी सोही दफा १७ ले निर्देश गरे बमोजिम **भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को (१) देहाय (ज)** बमोजिम कैद सजाय र दफा ३(१) बमोजिम जरिबाना हुन र हानिनोक्सानी भएको बिगो रु.८९,०२,६६५।- निजबाट दफा १७ बमोजिम असुलउपर हुन तथा कुमरोज मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहका वर्तमान अध्यक्ष **गणेशकुमार श्रेष्ठ** र कोषाध्यक्ष **उज्वल बर्तौला**को कार्यकालमा निजहरूको दस्तखतबाट कुमरोज मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहबाट रु.९,४०,०००।- कंक्रिट मचानका लागि भुक्तानी भएको र राजस्व नतिरी भवनमा प्रयोग गरेको निकुञ्जको काठबापतको रु.३,९१,२१७।३० समेत गरी रु.१३,३१,२१७।३० हानिनोक्सानी भएको देखिएकोले निजहरूको उक्त कार्य **भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७** को कसुर देखिँदा निजहरूलाई रु.१३,३१,२१७।३० (तेह्र लाख एकतिस हजार दुई सय सत्र रुपैयाँ र तीस पैसा) बिगो कायम गरी सोही दफा १७ ले निर्देश गरे बमोजिम **भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को (१) देहाय (च)** बमोजिम कैद सजाय र दफा ३(१) बमोजिम जरिबाना हुन र हानिनोक्सानी भएको बिगो रु.१३,३१,२१७।३० निजहरूबाट दफा १७ बमोजिम असुलउपर हुन माग दाबी लिएको पाइयो। यसै गरी बुढी राप्ती उपभोक्ता समितिको अध्यक्ष **नारायणदत्त तिमिल्सिना** र कोषाध्यक्ष **सोमराज कडरिया**को कार्यकालमा निजहरूको दस्तखतबाट बुढी राप्ती उपभोक्ता समितिबाट रु.७८,०००।- माथि उल्लेखित कंक्रिट मचान निर्माणका लागि झाडीहरू सरसफाइ, निर्माण सामग्री राख्नको लागि गोदाम घर निर्माण, धारा गढाई, बाटो निर्माणका लागि भुक्तानी भई हानिनोक्सानी भएको देखिएकोले निजहरूको उक्त कार्य **भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७** को कसुर देखिँदा निजलाई रु.७८,०००।- (अठहत्तर हजार रुपैयाँ) बिगो कायम गरी सोही दफा १७ ले निर्देश गरेबमोजिम **भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को (१) देहाय (ग)** बमोजिम कैद सजाय र दफा ३(१) बमोजिम जरिबाना हुन र हानिनोक्सानी भएको बिगो रु.७८,०००।- निजहरूबाट दफा १७ बमोजिम असुलउपर हुन तथा कंक्रिट मचान निर्माण उपभोक्ता समितिकी कोषाध्यक्ष **सीता दहाल भनिने ठण्डाकुमारी पराजुली दहाल** र सचिव **कल्याण लटौला**ले समितिको अध्यक्ष हिराबहादुर गुरुङ समेतको संयुक्त दस्तखतबाट कंक्रिट मचान निर्माण उपभोक्ता समितिको खाता सञ्चालन गरी खैरहनी नगरपालिकाबाट मध्यवर्ती सामुदायिक वनमा कंक्रिट मचान निर्माणका लागि मिति २०७५।५।१३ मा अनुमति प्राप्त गर्न अगाडि नै खैरहनी नगरपालिकासँग मिति २०७५।१।२३ मा सम्झौता गरी सौराहा सेक्टरबाट प्राप्त अनुमति र नगरपालिकासँग भएको सम्झौताको सर्त विपरित लज होटलको स्वरुपमा निकुञ्जको कोर एरियामा भवन निर्माण गरी नगरपालिकाबाट भुक्तानी भएको रु.३१,५९,७३५।- र सौराहा सेक्टरबाट डुँगा, काठे मचान र हात्ती बाध्ने खम्बा निर्माणका लागि भनी निःशुल्क काठ कटान र ढुवानीको अनुमति लिई अनुमति विपरीत कंक्रिट मचानमा प्रयोग भएको निकुञ्जको काठबापत रु.३,९१,२१७।३० समेत गरी रु.३५,५०,९५२।३० दुरुपयोग गरी हानिनोक्सानी पुऱ्याएको देखिदाँ कंक्रिट मचान निर्माण उपभोक्ता समितिका अध्यक्ष हिराबहादुर गुरुङको हकमा कुमरोज मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहको अध्यक्षको हैसियतमा सार्वजनिक पदाधिकारी कायम गरी दाबी भईसकेकोले निजको हकमा दाबी नगरी अन्य प्रतिवादीहरू कंक्रिट मचान निर्माण उपभोक्ता समितिकी

कोषाध्यक्ष **सीता दहाल भनिने ठण्डाकुमारी पराजुली दहाल** र सचिव **कल्याण लटौला**लाई रु.३५,५०,९५२।३० (पैतिस लाख पचास हजार नौ सय बाउन्न रुपैयाँ र तीस पैसा) बिगो कायम गरी **भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४)** बमोजिम सजाय गरी बिगोसमेत जफत हुन मागदाबी लिई अभियोग पत्र दर्ता भएको पाइयो।

७. अब निर्णयतर्फ विचार गर्दा कुमरोज सामुदायिक वनतर्फ पर्यटन विकास कार्यक्रमअन्तर्गत खैरहनी नगरपालिका १३ मा कंक्रिट मचान निर्माणका लागि रु.३८,५३,३१६।१९ को लागत अनुमान स्वीकृत भई मिति २०७५।०१।२३ मा कंक्रिट मचान निर्माण उपभोक्ता समिति र खैरहनी नगरपालिकाबीच मिति २०७४।२।३० भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको देखिन्छ। नापी किताब सहितको कार्य सम्पन्न प्रतिवेदनका आधारमा नगरपालिकाबाट उपभोक्ता समितिलाई मिति २०७५।०६।०८ मा रु.३१,५७,७३५।- भुक्तानी भएको तथ्यमा विवाद देखिंदैन।

८. प्रस्तुत मुद्दामा कुमरोज सामुदायिक वन उपभोक्ता समूहलाई गैरकानूनी तबरले ऐन कानून मिचेर होटल लज सहितको भ्यूटावर सञ्चालन गर्न अनुमति दिएको भन्ने उजुरीबाट प्रस्तुत मुद्दामा अनुसन्धान तहकिकात प्रारम्भ भएको देखिन्छ। मिसिल संलग्न चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, सौराहा सेक्टर, चितवनले कुमरोज मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूह खैरहनी कुमरोज चितवनलाई मिति २०७५।५।१३ च.नं. ९५ बाट पठाएको पत्रको बेहोरा हेर्दा, **त्यस समितिको च.नं. ०६ मिति २०७५।४।१३ गतेको प्राप्त पत्रानुसार कुमरोज मध्यवर्ती सामुदायिक वन क्षेत्रभित्र पर्यापर्यटन विकास विस्तार गर्ने उद्देश्यका साथ चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र खैरहनी नगरपालिका र कुमरोज मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहको संयुक्त लगानीमा कंक्रिट मचान निर्माण, गोलो काठे मचान निर्माण, पुरानो काठे मचानमा शौचालय तथा बाथरुम निर्माण गर्न र बोटेदरै तालमा निर्माण गरिएको पर्यटक विश्रामस्थल प्रयोग गर्ने अनुमति माग भई आएकोले (वातावरण संरक्षण नियमावली, २०५४, नियम ३ सँग सम्बन्धित अनुसूचीमा आधारित) उक्त सामुदायिक वनको वन व्यवस्थापन कार्ययोजना नवीकरण, प्रारम्भिक वातावरणीय परीक्षणको लागि कार्यसूची र सबै सरोकारवालासँग पटकपटक बैठक बसी निर्णय गरिएकोले राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण ऐन, नियम र मध्यवर्ती क्षेत्र नियमावली पूर्णरुपमा पालना गरी गराई मिति २०७५।०५।१४ देखि मिति २०७५।०७।०१ सम्म कार्य सम्पन्न गर्न अनुमति लिइएको छ** भन्ने उल्लेख भएको देखिन्छ। सो पत्रमा चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, सौराहा सेक्टर, चितवनको सहायक संरक्षण अधिकृत अभिनय पाठकले दस्तखत गरेको देखिन्छ। राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा भौतिक संरचना बनाउनै नपाइने भन्ने अभियोग दाबी देखिंदैन। कुमरोज सामुदायिक वन उपभोक्ता समूहले मचान निर्माणका लागि चितवन राष्ट्रिय निकुञ्जबाट अनुमति लिएर नै देखियो। राष्ट्रिय निकुञ्जले स्वीकृत दिएबमोजिम नै खैरहनी नगरपालिकाले अनुदान लगानी गरेको देखिन्छ। यसरी निर्मित मचान अनाधिकृत तवरले बनेको भन्ने देखिएन।

९. निर्माण भएको मचान निकुञ्जको मध्यवर्ती सामुदायिक क्षेत्रमा नभइ राष्ट्रिय निकुञ्जको कोर एरियामा बनेको भन्ने आरोपदाबी रहेको देखिन्छ। कुमरोज सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी प्रतिवादीहरूले मौकाको बयानदेखि नै मचान निर्माणको क्षेत्र निकुञ्जको कोर एरियामा नभई मध्यवर्ती सामुदायिक क्षेत्रमा रहेको भन्ने जिकिर लिएको देखिन्छ। निज प्रतिवादीहरूले मचान निर्माण भएको क्षेत्रमा रहेका बोट विरुवाहरू समुदायका उपभोक्ताहरूले नै लगाई हुर्काएको र सोही क्षेत्रमा मचान निर्माण गरेको हो भनी दाबी गरेको देखिन्छ। प्रतिवादीहरूको इन्कारी बयानलाई समर्थन गरी निजहरूका साक्षीहरू अदालतमा उपस्थित भइ बकपत्र गरी दिएको देखिन्छ।

१०. दाबीको मचान निर्माण भएको स्थल चितवन राष्ट्रिय निकुञ्जको कोर क्षेत्र मात्र हो ? वा कुमरोज मध्यवर्ती सामुदायिक वन क्षेत्रमा रहेको हो ? भन्ने सम्बन्धमा नापजाँच गर्नको लागि प्रस्तुत मुद्दाको आरोप पत्रसमेत साथै राखी, वादी र प्रतिवादीको रोहबरमा राष्ट्रिय निकुञ्जको प्रतिनिधि, नापी कार्यालयका नापी अधिकृत, स्थानीय भद्र भलाद्मीको रोहबरमा चितवन जिल्ला अदालतबाट नापजाँच गरी पठाइदिन यस अदालतबाट मिति २०८१।२।९ मा आदेश भएको देखिन्छ। सो आदेशबमोजिम मिति २०८१।३।७ मा भइ आएको नाप नक्सा यस प्रकारको देखिन्छः




११. उक्त मितिको नापजाँच मुचुल्कामा **"चितवन राष्ट्रिय निकुञ्ज र कुमरोज मध्यवर्ती सामुदायिक वन क्षेत्रको सिमा छुट्टाउने अन्य कुनै सङ्केत, तारवार, पिल्लर, सिमा स्तम्भ, साइन बोर्ड अन्य कुनै भौतिक सङ्केत केही नदेखिएको र भ्यू टावर मचान निर्माण भएको स्थान कुमरोज सामुदायिक वनको भोग चलन चल्ती गरीरहेको क्षेत्र भित्र रहेको, विवादित भ्यू टावर मचान निर्माण स्थल भन्दा अन्दाजी ३०० मिटर पश्चिम कुमरोज मध्यवर्ती सामुदायिक वनले संचालन गरेको जीव सफारीको रुट रहेको, जुन सफारी रुटसमेत सामुदायिक वनको चलन चल्तीको रहेको, चलन चल्तीअनुसार कुमरोज सामुदायिक वन र चितवन राष्ट्रिय निकुञ्जको सिमा रासी नदीलाई आधार मानिएको बुझिएको र विवादित टावर सामुदायिक वनले भोग चलन गरिरहेको क्षेत्रभित्र देखिएको, कुमरोज मध्यवर्ती सामुदायिक वन उपभोक्ता समिति गठन भएदेखि उक्त समितिले आफ्नो क्षेत्रभित्रको वन क्षेत्र मानी उल्लेखित क्षेत्र उपभोग गरी आएको र चितवन राष्ट्रिय निकुञ्जले निकुञ्ज भित्रको जगगा भनी भोग नियन्त्रण गरेको नपाइएको"** भनी उल्लेख भएको देखिन्छ। सो नापजाँच मुचुल्काबाट निर्मित मचान क्षेत्र चितवन राष्ट्रिय निकुञ्जको कोर एरियाभित्र रहेको भन्ने देखिएन।

१२. उक्त नापजाँच मुचुल्काको रोहबरमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रतिनिधि, नापीकार्यालय चितवनका नापी अधिकृत, स्थानीय जनप्रतिनिधि तथा प्रतिवादीहरूले पनि सहीछाप गरेको देखिन्छ। चितवन राष्ट्रिय निकुञ्जका

प्रतिनिधिसमेतको उपस्थितिमा नापजाँच भएको भन्ने देखिन्छ। निज प्रतिनिधिले लिखित रुपमा कुनै कैफियत जनाएको समेत देखिएन।

१३. राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा सामुदायिक वन उपभोक्ता समूह गठन गर्न सक्ने कानूनी व्यवस्था रहेको देखिन्छ। सोहीबमोजिम नै कुमरोज मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूह गठन भएको हो। राष्ट्रिय निकुञ्जको संरक्षणमा निकुञ्ज वरिपरी रहेका बस्तीका जनताको/समुदायको अहम् भूमिका हुने गर्दछ। निजहरूले नै मध्यवर्ती क्षेत्रका वनको संरक्षण गरी आएका छन्। जसले गर्दा राष्ट्रिय निकुञ्जमा रहेका जनवारहरूको आहारा उपलब्ध हुनमा ठूलो मद्दत मिलेको पाइन्छ।

१४. मध्यवर्ती क्षेत्रमा रहेको वनको संरक्षण गरे बापत समुदायको आय आर्जन बढाउनका लागि मध्यवर्ती क्षेत्रमा कानूनसम्मत गरेका कार्यलाई अन्यथा मान्न मिल्दैन। यसलाई राज्यले प्रोत्साहन नै गर्नु पर्दछ। कुनै पनि राष्ट्रिय निकुञ्जबाट जङ्गली जनावरहरू (बाघ, हात्ती, गैडा.....) बाहिर निस्किदा पहिलो जोखिममा पर्ने तत् समुदायले निकुञ्जबाट प्राप्त हुन लाभको पहिलो हिस्सेदार हुनु स्वाभाविक हुन जान्छ।

१५. यस प्रकार भ्यू टावर निर्माण भएको स्थल GPS बाट Co-ordinate गर्दा निकुञ्जको कोर एरियामा पर्ने गरी निर्माण भएको मूलभूत जिकिर लिई दायर भएको प्रस्तुत मुद्दामा यस अदालतको आदेशबमोजिम नक्साङ्कन गर्दा निर्मित उक्त भ्यू टावर निकुञ्जको कोर एरियामा निर्माण भएको नभई मध्यवर्ती क्षेत्रको कुमरोज सामुदायिक वनक्षेत्र भित्र निर्माण भएको देखिन्छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को आरोपदाबी पुष्टि हुन बदनियत वा लापरबाहीपूर्वक हिनामिना गरेको भन्ने पुष्टि हुनु पर्दछ। दाबीको मचान निर्माणमा प्रतिवादीहरूले बदनियतका साथ कार्य गरेको वा लापरबाही गरी हिनामिना गरेको भन्ने वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुनु पर्दछ। मचान निर्माणमा सम्झौता अनुसार गुणस्तर कम भएको वा कम परिमाणको कार्य गरी नापी किताबमा बढी उल्लेख भएको वा सम्झौता अनुसार कार्य नै नभएको भन्ने आरोपदाबी रहेको देखिंदैन। आरोपित प्रतिवादीहरूले आफ्नो पदिय दायित्वअनुसार काम कार्य गरेको देखिन्छ। सो कार्य गर्दा बदनियत साथ गरेको अथवा कुमरोज मध्यवर्ती सामुदायिक वन क्षेत्रमा मचान निर्माण गर्न अनुमति लिई चितवन राष्ट्रिय निकुञ्जको कोर एरियामा अवैधानिक भौतिक संरचना निर्माण गरेको भन्ने पुष्टि भएको नदेखिँदा प्रतिवादीहरू उपर लगाइएको आरोपदाबी पुग्न देखिएन।

१६. अतः माथि विवेचित आधार कारणबाट खैरहनी नगरपालिका र कुमरोज सामुदायिक वन उपभोक्ता समूहबिच मिति २०७५।१।२३ मा कुमरोज सामुदायिक वन क्षेत्र भित्र कंक्रिट मचान निर्माण गर्ने सम्झौता भई चितवन राष्ट्रिय निकुञ्ज कार्यालयले कंक्रिट मचान निर्माण गर्न मिति २०७५।५।१३ मा अनुमति प्रदान गरेको देखिएकोमा सो मचान GPS बाट कोअर्डिनेट चेक गर्दा चितवन राष्ट्रिय निकुञ्जको कोर एरिया भित्र पर्ने वादी दाबी रहेकोमा यस अदालतको आदेशबमोजिम चितवन जिल्ला अदालतबाट गरिएको स्थलगत नापजाँच मुचुल्कामा उक्त मचान कुमरोज सामुदायिक वनको भोगचलनमा रहेको एवम् चितवन राष्ट्रिय निकुञ्जको भोग तथा नियन्त्रण भित्र नरहेको भन्ने २०८१।३।७ को प्रतिवेदनसमेतका आधारमा वादी दाबी पुग्न नसकी सबै प्रतिवादी अभिनय पाठक, पुरुषोत्तम शर्मा, राजेश कोइराला, सुमन श्रेष्ठ, हिराबहादुर गुरुङ, शम्भु जि.सि. भनिने शम्मरबहादुर घर्ती क्षेत्री, कल्याणप्रसाद लटौला, सीता दाहाल भनिने ठण्डाकुमारी पराजुली दाहाल, गणेशकुमार श्रेष्ठ, उज्वल बर्तौला, नारायणदत्त तिमिल्सिना र सोमराज कडरियाले आरोपदाबीबाट सफाइ पाउने ठहर्छ। अरुमा तपसिलबमोजिम गर्नू।

**सदस्य** **सदस्य** **सदस्य**

**फैसला तयार गर्न सहयोग पुर्‍याउनेः**
इजलास अधिकृतः होमनाथ कँडेल
कम्प्युटर अपरेटरः गीता घिमिरे गिरी
**इति संवत् २०८१ साल असार महिना १८ गते ३ रोज शुभम्.........................................................।**

श्री
विशेष अदालत काठमाडौं
अध्यक्ष माननीय न्यायाधीश श्री टेक नारायण कुँवर
सदस्य माननीय न्यायाधीश श्री तेज नारायण सिंह राई
सदस्य माननीय न्यायाधीश श्री राम बहादुर थापा
फैसला
(इजलास नं.१)
मुद्दा नं.०८०-CR-००७५
दर्ता मितिः२०८०/०८/२५
फैसला मितिः२०८०/११/१७
नि.नं. २०४

मुद्दाः भ्रष्टाचार ।

**वादी** : जिल्ला उदयपुर त्रि.न.पा. वडा नं. १ स्थित विजयाटोल, आदेश टोल, पाटन देवी, विशंखे टोलबासी कार्यसमितिका कोषाध्यक्ष टेक बहादुर खत्री समेतको जाहेरीले नेपाल सरकार

**विरुद्ध**

**प्रतिवादी**

: विर वहादुरको छोरा जि. उदयपुर साविक भुमरसुवा गा.वि.स ४ भई हाल परिवर्तित त्रि.न.पा वडा नं. १ वस्ने **पृथीमान सार्कीसमेत।**

**ठहर खण्ड**

१. विशेष अदालत नियमावली, २०८० नियम ४३ र ४४ बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा प्रतिवादीहरू उपरको आरोप दाबी तथा मिसिल संलग्न प्रमाण कागजातहरूको अध्ययन गरियो।

२. वादी नेपाल सरकारका तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय काठमाडौंका विद्वान उपन्यायाधिवक्ता श्री श्रीधर अर्यालले पृथीमान सार्कीबाट गंगा बहादुर भुजेलले ५० हजार लगी नापी कार्यालयका तत्कालीन नापी प्रमुख विष्णुदेव प्रसाद चौधरीलाई दिई निज प्रतिवादीले कार्यालय सहयोगी भूप बहादुर खत्री गौली मार्फत सरकारी जग्गाको फिल्डबुक सच्याई प्रतिवादी पृथीमान सार्कीको नाम, थर, वतन, तिनपुस्ते तथा निजले भोगचलन गरेको भन्ने बेहोरा उल्लेख गरी प्रतिवादी प्रमुख विष्णुदेव प्रसाद चौधरी र कार्यालय सहयोगी भूप बहादुर खत्री गौलीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१)को खण्ड (ख) र दफा ११ बमोजिमको कसूर गरेको देखिन आएको तथा अन्य प्रतिवादी पृथीमान सार्कीले सरकारी जग्गा आफ्नो नाममा दर्ता गरी लिने खाने र अन्य प्रतिवादीहरू सूर्य बहादुर खड्का, केशव खड्का, दुर्गा बहादुर खिलिङ्गे सार्की, किरण पाण्डे, राम बहादुर भन्ने झर्के सार्की, गंगाबहादुर भुजेल, दिनेश खड्का लगायतले पृथीमान सार्किको नाममा दर्ता भै आए पछि आ-आफ्नो नाममा लिने खाने नियत राखी गंगा वहादुर भुजेलमार्फत ५० हजार रिसवत नापी प्रमुखलाई दिई दिलाई फिल्डबुक सच्याउने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को (२) र दफा ११ बमोजिम कसूर गरेको देखिएकोले प्रतिवादीहरूलाई आरोप दाबी बमोजिमको कसूर कायम गरी सजाय गरी पाउँ भनी गर्नु भएको विद्वतापूर्ण बहस सुनियो।

३. प्रतिवादी विष्णुदेव प्रसाद चौधरीको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री महादेव प्रसाद यादव र विद्वान अधिवक्ता श्री प्रेमकुमार ठकुरीले यी प्रतिवादी तात्कालिन समयमा नापी कार्यालय उदयपुरको प्रमुख नापी अधिकृत रहेको भए तापनि फिल्डबुक तथा स्रेस्ता निजको जिम्मा नहरी सम्बन्धित प्राविधिक अमिनको जिम्मामा हुने गरेको थियो। निज प्रमुख आफै भएकोले प्रमुख नापी अधिकृत स्वयंले फिल्डबुक सच्याउने कार्य गर्ने भन्ने प्रश्न नै उठदैन। निजले सच्याएको भन्ने लिखतको विधि विज्ञान परीक्षणको प्रतिवेदनबाट पनि देखिदैन। निज प्रतिवादी आरोपित कसूरमा पूर्ण इन्कार रही बयान गरेका छन। निजले कसैसँग घुस रिसवत लिए खाएको भन्ने ठोस र बस्तुनिष्ठ प्रमाण देखिदैन। निज प्रतिवादीहरूलाई यसै कार्य उपर सरकारी छप दस्तखत किर्ते मुद्दा चली श्री सर्वोच्च अदालतबाट समेत फैसला भई अन्तिम भएर बसेको अवस्था छ। सोही कार्य उपर निज प्रतिवादीहरूलाई प्रस्तुत भ्रष्टाचार मुद्दा दायर भएको देखिन्छ। एउटै कार्य उपर दोहोरो मुद्दा चलाई सजाय गर्न संविधानद्वारा प्रत्याभूत दोहोरो खतराको सिद्धन्त (Doctrine of double jeopardy) को प्रतिकुल हुन जान्छ। तसर्थ निज प्रतिवादीलाई आरोप दाबीबाट सफाई दिलाई पाउँ भनी गर्नु भएको विद्वतापूर्ण बहस सुनियो।

४. प्रतिवादी भुप बहादुर गौलीको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री जगत बहादुर कार्कीले निज प्रतिवादी कार्यालय सहयोगीको रुपमा कार्यरत ब्यक्ति हुन। निजले हाकिमहरूले लाएअह्राएको काम सम्म गर्ने हुन। फिल्डबुक तथा स्रेस्ता निजको जिम्मामा रहने वा निजको सहज पहुँच पुग्ने कागज पनि होइन। सोको ताल्चाचाबी निजसँग रहने पनि होइन। निज प्रतिवादी फिल्डबुक सच्याउन सक्ने हैसियत र क्षमताका ब्यक्ति पनि होईनन। घुस रिसवत लिई फिल्डबुक सच्याएको भन्ने निज प्रतिवादी उपरको आरोप दाबी ठोस र बस्तुनिष्ट प्रमाणबाट पुष्टि भएको पनि देखिदैन। निज प्रतिवादीहरूलाई यसै कार्य उपर सरकारी छाप दस्तखत किर्ते मुद्दा चली तहतह भई श्री सर्वोच्च अदालतबाट समेत फैसला भई अन्तिम भएर बसेको अवस्था छ। सोही विषयलाई लिएर यी प्रतिवादी उपर प्रस्तुत मुद्दा दायर हुन आएको छ। एउटै कसूर प्रति दोहोरो सजाय हुने कसूर कायम गरी सजाय गर्न संवैधानद्धारा प्रत्याभूत गरेको दोहोरो खतराको सिद्धन्त (Doctrine of double jeopardy) विपरित हुन जान्छ। तसर्थ निज प्रतिवादीलाई प्रस्तुत मुद्दाबाट सफाई दिलाई पाउँ भनी गर्नु भएको विद्वतापूर्ण बहस सुनियो।

५. पृथीमान सार्कीबाट गंगा बहादुर भुजेलले ५० हजार लगी नापी कार्यालयका तत्कालीन नापी प्रमुख विष्णुदेव प्रसाद चौधरीलाई दिई नापी प्रमुखले कार्यालय सहयोगी मार्फत भिरपहिरो लेखिएको सरकारी जग्गाको फिल्डबुकमा पृथीमान सार्कीको नाम, थर, वतन, तीनपुस्ते र कैफियत बेहोरा सच्याउने कार्य गरे गराएको तथा अन्य प्रतिवादीहरू समेतको मिलेमतोमा भ्रष्टाचारजन्य कसूर गरेको निर्विवाद रुपले प्रमाणित हुन आएकोले प्रतिवादीहरू मध्ये तत्कालीन नापी प्रमुख विष्णुदेव प्रसाद चौधरी र कार्यालय सहयोगी भूप बहादुर खत्री गौलीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को खण्ड (ख) र दफा ११ बमोजिमको कसूर गरेको देखिन आएको तथा अन्य प्रतिवादी पृथीमान सार्की, सूर्य बहादुर खड्का, केशव खड्का, दुर्गा बहादुर खिलिङ्गे सार्की, किरण पाण्डे, राम बहादुर भन्ने झर्के सार्की, गंगाबहादुर भुजेल, दिनेश खड्का लगायतका प्रतिवादीहरूले पृथीमान सार्कीको नाममा जग्गा प्राप्त भएपछि निजैबाट आ-आफ्नो नाममा नामसारी गराई लिने खाने नियत राखी गंगा बहादुर भुजेल मार्फत रु.५०,०००।-(पचास हजार रुपैयाँ) रिसवत नापी प्रमुखलाई दिलाई भ्रष्टाचारजन्य कसूर गरेकोले निजहरूलाई समेत भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को (२) र दफा ११ बमोजिम कसूर गरेको देखिएकोले सोही दफा बमोजिम सजाय गरी पाउँ भन्ने समेत बेहोराको आरोप दाबी यस अदालत समक्ष दायर भएको देखियो।

६. उपर्युक्त तथ्य एवम् आरोप दाबी रहेको प्रस्तुत मुद्दामा देहायबमोजिमको प्रश्नहरूको निरुपण गरी न्यायिक निष्कर्षमा पुग्नु पर्ने देखियो।

(क) यसै विषयलाई लिएर सरकारी छाप दस्तखत किर्ते मुद्दा तहतह विचाराधीन भई श्री सर्वोच्च अदालतबाट फैसला

भई अन्तिम भएको अवस्थामा सोही विषयलाई लिएर दायर हुन आएको प्रस्तुत मुद्दामा कसूर कायम गरी सजाय गर्न दोहोरो खतराको सिद्धान्त (Doctrine of double jeopardy) को प्रतिकुल हुन्छ वा हुदैन ?

(ख) प्रतिवादीहरूले आरोप दाबीबमोजिम घुस रिसवत दिई लिई फिल्डबुक सच्याउने कार्य गरेका हुन वा होइनन ? गरेका हुन भने को कसले गरेका हुन ? निजहरूको केकस्तो संलग्नता देखिन्छ ?

(ग) निज प्रतिवादीहरू उपरको आरोप दाबी पुग्न सक्छ वा सक्दैन ? आरोप दाबी पुग्ने भए के कति सजाय हुने हो ?

७. अब न्याय निरुपणार्थ विचार गर्दा, मिति २०३४।११।०९ मा सर्भे नापीका बखत नाप नक्सा हुँदा उदयपुर जिल्ला साविक भुमरसुवा गा.वि.स.वडा नं.४(ज) मा पर्ने कि.नं.६२को ज.वि. ५६-१०-० जग्गाको फिल्डबुकमा भिरपहिरो भनी उल्लेख भएकोमा तत्कालीन नापी प्रमुख विष्णुदेव प्रसाद चौधरी र पृथीमान सार्कीको मिलेमतोमा भिरपहिरो लेखिएको ठाउँमा टिपेक्स लगाई जग्गाधनीको महलमा पृथीमान सार्की पं. भुमरसुवा-४, बाबु विर बहादुर, बाजे जोखे सार्की प्रमाण सङ्केत महलमा पत्र अनुसार दर्ता, कैफियत महलमा निजको जोतभोग गरिएको भन्ने शब्द उल्लेख गरी सरकारी कागज किर्ते गरेको हुँदा सो जग्गा विष्णुदेव प्रसाद चौधरी र पृथीमान सार्कीको मिलेमतोमा रु.५००,०००।-(पाँच लाख रुपैयाँ) खुवाई खाई उदयपुर मालपोत कार्यालयमा दर्ता प्रक्रिया अगाडि बढाएका रहेछन निजहरूलाई आवश्यक कारवाही गरी पाउँ भनी विजयटोल, आदर्शटोल, पाटनदेवी विसंखे टोलबासीहरूको कार्यसमितिको अध्यक्ष किरण पाण्डेले अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगाल काठमाडौंमा मिति २०६८।०६।०५ मा उजुरी निवेदन दिएको हुँदा प्रस्तुत मुद्दाको अनुसन्धान तहकिकात भएको देखिन आयो।

८. उदयपुर जिल्ला भुमरसुवा गा.वि.स.वार्ड नं. ४(ज) मा पर्ने कि.नं. ६२ को ज.वि. ५६-१०-० जग्गा भिर पहिरो जनिई श्री ५ को सरकारको नाममा श्रेष्ता प्रमाणित भई कायम भएको स्रेस्ताबाट देखिन्छ भन्ने मालपोत कार्यालयको २०६८।०३।०१ को च.नं. २१०६ को पत्रबाट देखिन आयो। भिरपहिरो भन्नाले सरकारी सार्वजनिक जग्गा हो भन्नेमा विवाद देखिँदैन। सो जग्गाको फिल्डबुकमा सच्याई किसानको महलमा इरेजर लगाई मेटिएको, जग्गाधनी महलमा पृथीमान सार्की पं. भुमरसुवा-४ बाबु विर बहादुर, बाजे जोखे सार्की भनी उल्लेख गरेको, प्रमाण सङ्केतमा पत्र अनुसार दर्ता गरेको र कैफियत महलमा निजको जोतभोग गरी रहेको भन्ने बेहोरा सच्याएको देखियो। निज प्रतिवादी पृथीमान सार्कीले तत्कालीन नापी कार्यालयको नापी अधिकृत समेतको मिलेमतोमा फिल्डबुकमा लेखिएको बेहोरा टिपेक्स लगाई जग्गाधनीको नाममा पृथीमान सार्की लेखि किर्ते फिल्डबुक तयार गरी गुपचुप राखेकोले कारबाही गरी पाउँ भनी किरण पाण्डे, पुषराज भुजेल, सुरे खडका, विरबहादुर सुयल, राम बहादुर पुर्कोटी, टेक बहादुर कार्की, जंग बहादुर सार्की, दुर्गा बहादुर सार्की, प्रेम बहादुर खडका र कृष्ण रेग्मीले जिल्ला प्रशासन कार्यालय उदयपुरका प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिएको देखियो।

९. प्रतिवादीहरूले उदयपुर जिल्ला, तत्कालीन भुमरसुवा गा.वि.स.वार्ड नं. ४(ज) मा पर्ने कि.नं.६२ को ज.वि. ५६-१०-० को जग्गाको फिल्डबुकमा भिरपहिरो जनिएको तात्कालिन श्री ५ को सरकारको नाममा स्रेस्ता कायम भएको फिल्डबुकमा नेपाल सरकार ठाउँमा टिपेक्स लगाई मेटी जग्गा धनीको महलमा पृथीमान सार्की प्रमाण सङ्केतको महलमा पत्र अनुसार दर्ता गरिएको भनी कैफियतको महलमा निजको जोत भोग गरिएको भन्ने शब्द उल्लेख गरी गरि थपेको हुँदा प्रतिवादी पृथीमान सार्की समेतका विरुद्ध सरकारी छाप दस्तखत किर्ते गरेको भन्ने मुद्दा उदयपुर जिल्ला अदालतमा दायर भई नापी कार्यालयको सरकारी स्रेस्ता फिल्डबुक समेतमा भएको सरकारी जग्गा जनिएको श्रेष्तालाई उडाई प्रतिवादी पृथीमान सार्कीको तीन पुस्ते उल्लेख गरी अर्को बेहोरा उल्लेख गरी निज समेतलाई फाईदा प्रमाण हुने गरी निज प्रतिवादी स्वयंले किर्ते गरेको नदेखिए पनि निजले प्रतिवादी विष्णुदेव प्रसाद चौधरी र भुपबहादुर खत्री गौलीबाट

आर्थिक प्रलोभन देखाई किर्ते कार्य गराएको देखिंदा विगोबमोजिम यी प्रतिवादीहरूलाई जनही सो विगोको आधा जरिवाना हुने ठहर्छ। साथै ऐ. महलको १२ नं. बमोजिम पृथीमान सार्कीलाई १ वर्ष कैद, विष्णुदेव प्रसाद चौधरी र भुप बहादुर खत्री गौली तत्काल सरकारी कर्मचारी हुँदा नजही २/२ वर्ष कैद सजाय हुने ठहऱ्याई अन्य प्रतिवादीहरू सुर्य बहादुर खड्का, निर बहादुर खड्का, दुर्गा बहादुर खिलिङ्गे, किरण पाण्डे, गंगा बहादुर भुजेल, दिनेश खडका, राम कुमार पुर्कोटी समेतको हकमा सह अभियुक्तकै पोल बाहेक बादी पक्षबाट ठोस प्रमाण पेस गर्न सकेको नदेखिंदा निजहरूले अभियोग दाबीबाट सफाई पाउने ठहर्छ भनी उदयपुर जिल्ला अदालतबाट मिति २०७०।११।२६ मा फैसला भएको देखिन्छ। सो फैसला उपर वादी तथा प्रतिवादीको तर्फबाट तत्कालीन पुनरावेदन अदालत राजविराजमा पुनरावेदनपत्र दायर भई सो अदालतबाट विगोको २५ प्रतिशतले हुने जरिवाना गरी तीनै जना प्रतिवादीहरूबाट जनही असुल गर्नु पर्नेमा जनही रु.४०,००,०००।-(चालिस लाख रुपैयाँ) जरिवाना गरेको सुरु उदयपुर जिल्ला अदालतबाट भएको फैसला सो हदसम्म केही उल्टि भई जनही रु. ८४,७५,०००।- (चौरासी लाख पचहत्तर हजार रुपैयाँ) जरिवाना हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत राजविराजले मिति २०७२।०३।०७ मा आंशिक उल्टी हुने गरी फैसला गरेको देखिन्छ। सो उपर श्री सर्वोच्च अदालतमा पुनरावेदन परेकोमा प्रतिवादीहरू विष्णु प्रसाद चौधरी र भुप बहादुर गौलीलाई तत्काल प्रचलित मुलुकी ऐन, किर्ते कागजको महलको १२ नं बमोजिम जनही दुई वर्ष कैद र प्रतिवादी पृथीमान सार्कीलाई एक वर्ष कैद सजाय हुने गरी तत्कालीन पुनरावेदन अदालत राजविराजबाट मिति २०७२।०३।०७ मा भएको फैसला मिलेको देखिंदा सदर हुने र जरिवानाको हकमा प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा २७६ को उपदफा (३) को खण्ड (ग) बमोजिम जनही रु. ८४,७५,०००।-(चैरासी लाख पचहत्तर हजार रुपैयाँ) जरिवाना हुने गरी सो पुनरावेदन अदालतको फैसला केही उल्टी भई निज प्रतिवादी त्रयलाई जनही रु.७०,०००।- (सत्तरी हजार रुपैयाँ) जरिवाना हुने ठहर्छ भनी श्री सर्वोच्च अदालतबाट मिति २०७९।०३।१६ मा फैसला भई अन्तिम भएको देखियो।

१०. सोही विषयलाई लिएर यी प्रतिवादीहरू उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र (२) तथा दफा ११ को कसूर गरेको भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रस्तुत भ्रष्टाचार मुद्दा मिति २०७०।०७।१५ मा यस अदालत समक्ष दायर गरेको देखिन्छ। यसै मुद्दासँग सम्बन्धित सरकारी छाप दस्तखत किर्ते मुद्दा श्री सर्वोच्च अदालतमा विचाराधीन रहेको हुँदा तत्काल प्रचलित मुलुकी ऐन अ.व. १२ नं. बमोजिम मिति २०७३।०३।२१ मा प्रस्तुत मुद्दा मुलतवी राख्ने आदेश भएको देखिन्छ। श्री सर्वोच्च अदालतबाट मिति २०७९।०३।१६ मा उक्त मुद्दाको फैसला भएको बेहोराको जानकारी प्राप्त हुन आएकोले यस अदालतबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९७ को उपदफा (३) बमोजिम यस अदालतबाट मिति २०८०।०८।२४ मा मुलतवीबाट जगाई प्रस्तुत मुद्दाको कारवाही किनाराको प्रक्रियामा अगाडि बढेको देखिन्छ।

११. यस अवस्थामा प्रस्तुत मुद्दाको निर्क्यौल गर्ने क्रममा प्रथमतः प्रस्तुत मुद्दा दोहोरो खतराको सिद्धान्त (Doctrine of double jeopardy) को प्रतिकूल दायर हुन आएको देखिन्छ वा देखिँदैन ?भन्ने सन्दर्भमा विवेचना गर्नु उपयुक्त हुने देखियो। विश्वमा फौजदारी न्याय प्रणालीको प्रारम्भसँगै दोहोरो खतराको सिद्धान्तको विकास भएको देखिन्छ। यो सिद्धान्त Roman Law मा Res-judicata को रुपमा प्रादुर्भाव भई English law मा समेत मान्यता पाई Common Law को प्रमुख Governing principle को रुपमा रहिआएको पाइन्छ।वेलायतमा Magna Carta, संयुक्त राज्य अमेरिकामा अमेरिकी संविधानको पाँचौ संशोधन, क्यानडामा Canadian Character of Human Rights भारतमा भारतीय संविधानमा मान्यता पाएको देखिन्छ। नेपालमा तत्काल प्रचलित नागरिक अधिकार ऐन, २०१२ को दफा (२) मा सर्वप्रथम मान्यता पाएको थियो भने तत्काल प्रचलित मुलुकी ऐनको अदालती वन्दोवस्तको महल को ८५ नं. मा र हाल प्रचलित मुलुकी फौजदारी संहिता, २०७४ को दफा ९ मा उक्त सिद्धान्तलाई अङ्गिकार गरेको देखिन्छ। नेपालको संविधान,

२०१९ को धारा ११ को उपधारा (४), नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४ को उपधारा (२) र हाल प्रचलित नेपालको संविधानको धारा २० को उपधारा (६) मा यो सिद्धान्तले संवैधानिक मान्यता पाएको देखिन्छ।

१२. कुनै कसूरमा एकपटक सजाय पाइसकेको व्यक्तिलाई पटक पटक असुरक्षाको दुश्चक्रको जालोमा पार्नु हुँदैन भन्ने यो सिद्धान्तको मुल मर्म हो। पटक पटक आफ्नो निर्दोषिताका लागि अदालती कारवाहीको सामना गर्दा व्यक्तिलाई पर्ने आर्थिक बोझ, मानसिक तनाव, दुःख कष्ट, हैरानी र पीडाबाट मुक्ति पाउनु पर्छ भन्ने यो सिद्धान्तको आसय देखिन्छ। दोहोरो खतराको सिद्धान्त न्यायिक अन्तिमताको संरक्षणको लागि अपरिहार्य देखिन्छ। पटकपटकको कारवाहीबाट न्यायिक विरोधाभासको मार्ग पनि खुल्न सक्ने भएकोले त्यस्तो अनिश्चयको सम्भावना बन्द हुनु नै श्रेयस्कर देखिन्छ। त्यसैले दोहोरो खतराको सद्धान्तलाई न्यायिक अन्तिमताको सिद्धान्त (Principle of *Res-Judicata*) को रुपमा पनि हामीले लिने गरेको छौं। स्वभावैले कुनै राज्य शक्ति, स्रोत, साधन सम्पन्न हुन्छ। राज्य शक्तिको प्रयोग व्यक्ति उपर अत्याचार र दमनका लागि हुनु सर्वथा अनुचित र प्रत्युत्पादक हुन्छ। फौजदारी कार्याविधिको दुरुपयोग (Abuse of Process) रोक्नु अदालत प्रतिको जनआस्थाको संरक्षणका लागि अपरिहार्य देखिन्छ।

१३. दोहोरो खतराको सिद्धान्त फौजदारी न्यायको आधारभूत सिद्धान्त Foundational principle रहेको कुरा सर्वविदित छ। नेपालको संविधानमा *"कुनै पनि व्यक्ति विरुद्ध अदालतमा एकै कसूरमा एक पटकभन्दा बढी मुद्दा चलाईने र सजाय दिइने छैन"*[1] भन्ने संबैधानिक प्रावधान रहेको देखिन्छ। एकै कसूरमा एक पटक भन्दा बढी भन्ने वाक्याङ्शले के कस्तो अवस्थालाई एकै कसूर मान्ने वा के कस्तो अवस्थालाई एक पटकभन्दा बढी मुद्दा नचलाउने भनेको हो ? भन्ने सम्बन्धमा विवेचना गर्नु पर्ने देखिन्छ। दोहोरो खतराको सिद्धान्त फौजदारी न्यायको मान्य सिद्धान्त रहेको तथा मौलिक हक एवम् मानव अधिकारको समेत विषय रहेकोले Common Law System अपनाएका संयुक्त अधिराज्य, संयुक्त राज्य अमेरिका, अष्ट्रेलिया क्यानडा र भारतमा दोहोरो खतराको अर्थ के कसरी गरिएको छ? भन्ने सम्बन्धमा विभिन्न देशको ब्याख्या विश्लेषण तर्फ विवेचना गर्नु सान्दर्भिक देखिन्छ। संयुक्त अधिराज्य वेलायत Double Jeopardy को सिद्धान्तको जननी मुलुक मानिन्छ। यहाँ Magna Carta (१२१५) तथा Bill of Rights, १६८८मा समेत Double Jeopardy Clause ले मान्यता पाएको देखिन्छ।बेलायतमा Double Jeopardy को स्रोत Autrefois Rule मानिन्छ। यस नियम अनुसार वैधानिक प्रक्रियाद्वारा सजाय वा सफाई पाउने ठहर भइसकेपछि सोही कसूरमा पुनः सोही व्यक्तिलाई कारवाही गर्न मिल्दैन। यसका साथै कुनै व्यक्तिलाई पुनः अभियोजन गर्दा अन्यायपूर्ण देखिन आएमा अभियोजकले कारवाहीको दुरुपयोग गरेको (Abuse of Process) देखिएमा अदालतको स्वविवेकमा त्यस्तो अभियोजन रोक्न मिल्ने हुन्छ। Double Jeopardy आकर्षित हुनका लागि आपराधिक वारदातको तथ्यमात्र समान हुनु पर्याप्त छैन, अपितु कानूनी चरित्र (Legal characteristics) पनि एउटै हुनु आवश्यक हुन्छ। यो सिद्धान्त आकर्षित हुनका निमित्त पहिले नै लगाइएको एउटै अभियोगमा फेरी सजाय भोग्ने जोखिममा पारिएको देखिनुपर्छ। एउटै कसूर हुनका लागि साविकबमोजिमको तथ्य तथा सोही कानुनी चरित्रको विद्यमानता हुनु पर्छ।

१४. संयुक्त राज्य अमेरिकामा दोहोरो खतराको सिद्धान्तको स्रोत अमेरिकी संविधानको पाँचौ संशोधन हो, जसमा भनिएको छः"…....nor shall any person be subject for the same offence to be twice put in jeopardy of life or limb". अमेरिकामा पनि एउटै अपराध (Same offence) के हो ? भन्ने विषय पेचिलो रहिआएको देखिन्छ। यस सम्बन्धमा अमेरिकी अदालतहरूले सवैभन्दा बढी उद्धरण गरेको Landmark फैसला Blockburger v. United States (1932)[2] रहेको पाइन्छ। प्रत्येक कसूरको तत्व फरक फरक छन भन्ने प्रमाणहरू हुनुपर्छ। जहाँ एउटै कार्य वा व्यवहारबाट दुई फरक कानुनी प्रावधानको उल्लङ्घन भएको रहेछ भने दुई कसूर हो वा एउटा मात्र कसूर भएको हो ? भन्ने निक्यौल गर्न प्रयोग हुने

1 नेपालको संवधिानको धारा २० को उपधारा (६)

2 Blockburger v. United States (1932),https://en.wikipedia.org/wiki/Blockburger_v._United_States, Visit date: 29th Feb, 2024

कसी के हो? भने प्रत्येक प्रावधानले अर्को प्रावधान भन्दा अतिरिक्त तत्व रहेको प्रमाणद्वारा पुष्टि हुनुपर्छ। एउटै कार्यबाट दुई ऐनबमोजिमका कसूर हुन सक्छन्। यदी प्रत्येक ऐनले अर्को भन्दा फरक अतिरिक्त तथ्य पुष्टि हुनुपर्ने अवस्था देखिन्छ भने एउटा कानून अन्तर्गत भएको सफाई वा सजायको आधारमा अर्को ऐन अन्तर्गतको कारवाहीमा उन्मुक्ति दिन मिल्दैन यस मुद्दामा प्रतिपादित सिद्धान्तलाई अमेरिकी न्यायिक प्रणालीमा Blockburger test वा Same element test को रुपमा मान्यता पाएको देखिन्छ। Blockburger test लाई पछिल्लो केही मुद्दाहरूमा मिहिन ढङ्गले अर्थ्याउने प्रयास गरिएको देखिन्छ। *Grady v. Corbin*, 495 U.S. 508 (1990)[3] को मुद्दामा Blockburger test ले अलि फरक अर्थ गरेको देखिन्छ। पछिल्लो अभियोजन रोकिने हो वा होइन ?भन्ने निक्यौल गर्न सर्वप्रथम परम्परागत Blockburger test नै आकर्षित हुने हो जसका लागि दुवै मुद्दाका तत्वहरू समान छन् भनी स्थापित हुनपर्छ तथापि दुई मुद्दाका तत्वहरूको प्राविधिक तुलनाले अनेक अभियोजन (Multiple prosecution) बाट अभियुक्तलाई संरक्षण दिन सक्दैन र यसबाट राज्यले अभियुक्तलाई पटक पटक अभियोजन गर्ने छुट पाउँछ। पछिल्ला मुद्दाका तत्वहरू पहिले नै अभियोजन गरिसकेका मुद्दाका तत्वहरू एउटै हुन वा होइनन् ? भनी निक्योल गर्नका लागि सरकारले दुवै मुद्दाका वारदात एउटै (Same conduct) हुन भनी पुष्टि गर्नुपर्छ। तसर्थ जाँच्ने कसी Same evidence test होइन। अभियोजन पक्षले अभियोजनको तत्व पुष्टि गर्न एउटै वारदात Same conduct स्थापित गर्दछ जुन पहिले नै अभियोजन गरिसकेको वारदात रहेछ भने पछिल्लो अभियोजनलाई Double Jeopardy Clause ले रोक्दछ। यस मुद्दामा Blockburger test विपरीत Same conduct test प्रतिपादन भएको देखिन्छ। United States v. Dixon (१९९२) को मुद्दामा Grady v. Corbin, 495 U.S. 508 (1990) को मुद्दामा प्रतिपादित Same conduct test लाई अमान्य घोषित गरी Blockburger test लाई नै पूर्ववत रुपमा मान्यता दिएको देखिन्छ।[४] अमेरिका Double Jeopardy को श्रोत नै संविधानको पाँचौ संशोधन रहेको देखिन्छ। Double Jeopardy को सिद्धान्त लाग्ने हो वा होइन ? भनी निक्यौल गर्न Blockburger test(Same element test)नै आधिकारिक नियम हो। Same element test भन्नाले कसूरको कानुनी तत्व (Statutory elements) हो जुन पछिल्लो मुद्दाको कसूरको तत्व अघिल्लो मुद्दामा एउटै रहेको देखिएमा Double Jeopardy Bar आकर्षित हुन्छ। पछिल्लो वारदातको तथ्य र अघिल्लो वारदातको तथ्य एउटै रहेको भन्ने आधारमा मात्र Double Jeopardy आकर्षित हुन सक्दैन।

**१५.** क्यानडामा भने दोहोरो खतराको सिद्धान्त (Double Jeopardy) ले Canadian Charter of Human Rights मा मान्यता पाएको देखिन्छ। फौजदारी न्यायको सिद्धान्त Autrefois Rule नै यो सिद्धान्तको जग रहेको देखिन्छ। यस नियम अनुसार एउटै कसूरमा एकपटक भन्दा बढी सजाय (Multiple conviction) गर्न मिल्दैन। Double Jeopardy परिभाषा गर्ने Landmark फैसलाको रुपमा Kienapple v. R (१९७५)[५] लाई लिएको पाइन्छ। यस फैसलालाई Canada मा हालसम्म सबैभन्दा आधिकारिक फैसलाको रुपमा लिइन्छ। एउटै कसूरमा वहु-सजाय गर्न मिल्दैन। सम्भावित बहु-सजाय सम्बन्धमा विचार गर्दा प्रथमतः पहिलो मुद्दामा भएको फैसला हेरिनु पर्छ। यदी त्यस फैसलामा दोषी ठहर गरिएको छ र त्यही वा आधारभूत रुपमा त्यही तत्वको आधारमा दोस्रो मुद्दा पनि चलाइएको रहेछ भने बहु-सजाय रोक्न Rule against multiple conviction आकर्षित हुन्छ। दुवै मुद्दाको तथ्यहरूमा निकट सामिप्यता देखिएमा तथ्यगत अन्तरसम्बन्ध रहेको मान्नु पर्छ भने कसूरको तत्व फरक वा अतिरिक्त नरहेकोमा कानुनी अन्तरसम्बन्ध रहेको मान्नुपर्छ।

**१६.** अष्ट्रेलियामा एउटै कसूरमा पटक पटक कारवाही गर्नु हुदैन भन्ने मूल्य र मान्यता आधारभूत रुपमा स्थापित रहेको

3 Grady v. Corbin, 495 U.S. 508 (1990), https://supreme.justia.com/cases/federal/us/495/508/, Visit date: 29th Feb, 2024.
4 United States v. Dixon, 509 U.S. 688 (1993), https://supreme.justia.com/cases/federal/us/509/688/, Visit date: 29thFeb, 2024.
5 Kienapple v. R., [1975] 1 S.C.R. 729.

पाइन्छ। Double jeopardy को सिद्धान्तले उपचार दिन नसेकेको तर व्यक्तिलाई सजाय गर्दा Abuse of Process (प्रक्रियाको दुरुपयोग) देखिने अवस्थामा अदालतले मुद्दाको कारवाही स्थगित गरिदिन मिल्छ। इङ्लैण्डमा Connelly को मुद्दामा प्रतिपादित Abuse or process को सिद्धान्त अष्ट्रेलियामा नियम कै रुपमा मान्यता पाएको देखिन्छ। अदालतको प्रक्रिया र कार्यविधि जसको उद्देश्य स्वच्छता र निष्पक्षता पूर्वक न्यायको प्रशासन गर्नु हो, अन्याय र अस्वच्छताको साधनको रुपमा प्रयोग हुन गएको देखिने किसिमका मुद्दाहरूमा प्रक्रियाको दुरुपयोग (Abuse of process)को सिद्धान्त आकर्षित हुन्छ। अष्ट्रेलियामा कुनै एक कसूरका लागि पटकपटक सजाय गर्न नमिल्ने (Double Jeopardy) सिद्धान्तलाई एउटा मूल्य मान्यताका रुपमा लिइएको देखिन्छ। अमेरिकन र इङ्लैण्डका सिद्धान्तहरूलाई अष्ट्रेलियामा मान्यता दिएको देखिन्छ। दोहोरो खतराको प्रयोग गर्न Essential elements test का आधारमा जाँच गरिन्छ। दोहोरो खतराको सिद्धान्तले नभेटने अवस्थामा समान तथ्य रहेको पछिल्लो मुद्दा Abuse of process का आधारमा स्थगन गर्न मिल्ने रहेछ। Essential elements भन्नाले कसूरको Statutory elements लाई मान्ने गरेको देखिन्छ।

१७. Double Jeopardy को सिद्धान्तलाई भारतको संविधानले मौलिक हकको रुपमा मान्यता दिएको देखिन्छ। "No person Shall be prosecuted and punished for the same offence more than once."[6] यहाँ Autrefois acquit को सिद्धान्तलाई न्यायिक व्याख्यामा मान्यता दिएको देखिन्छ। सर्वप्रथम S.A. Venkataraman v. The Union of India मा संवैधानिक प्रावधानको व्याख्या गरियो जस अनुसार“In order to enable a citizen to invoke the protection of clause (२) of article 20 of the Constitution, there must have been both prosecution and punishment in respect of the same offence. The words prosecuted and punished" are to be taken not distinctly so as to mean prosecuted or punished. Both the factors must co-exist in order that the operation of the clause may be attracted.”[7] तत्पश्चात विभिन्न मुद्दामा Double Jeopardy को व्याख्या भएको देखिन्छ। Double Jeopardy के कुन अवस्थामा आकर्षित हुने रहेछ भन्ने सम्बन्धमा यहाँ पनि एकै कसूर (Same offence) को अवधारणालाई अङ्गिकार गरिएको देखिन्छ। सर्वप्रथम Ravinder Singh v. State of Haryana मा "Rule of issue estoppel आकर्षित हुन पक्षहरू मात्र एउटै भएर पुग्दैन, पछिल्लो मुद्दाको ठहर गर्नुपर्ने कुरा (Fact in issue ) पनि पहिलो मुद्दाको विषय समान हुनुपर्दछ" भनी बोलिएको पाइन्छ। “In order to invoke the rule of issue-estoppel not only the parties in the two trials must be the same but also the fact-in-issue proved or not, in the earlier trial must be identical with what is sought to be re-litigated in the subsequent trial.”[8]

१८. भारतको सन्दर्भमा सोही कसूरमा पहिले नै सजाय पाएको वा सफाई पाएको, सो फैसला सक्षम अदालतबाट गरिएको र सोही कसूरमा (Same offence) पछिल्लो मुद्दा चलेको हुनुपर्छ। सोही कसूर (Same offence) भन्नाले पछिल्लो मुद्दा पहिलेको मुद्दाको कसूर एउटै (Identical) र एकै तथ्यमा आधारित हुनुपर्छ। Monica Bedi v. State of Andhra Pradesh, (२०१०)[९]मा पनि दोहोरो खतराको प्रावधान आकर्षित हुन एकै कसूर (Same offence) भएको देखिनु पर्ने गरी फैसला भएको छ। यदि दुई कसूर फरक फरक रहेछन भने दुवै अभियोगको तथ्य सारभूत रुपमा एकै (Substantially similar) भएता पनि दोहोरो खतराको प्रावधान आकर्षित हुन सक्दैन।

१९. अब नेपालको प्रसँगमा विवेचना गर्दा, नेपालको संविधानको संविधानको मौलिक हक अन्तरगत दोहोरो खतराको सिद्धान्तलाई प्रत्याभूत गरेको देखिन्छ। "कुनै पनि व्यक्ति विरुद्ध अदालतमा एकै कसूरमा एकपटक भन्दा बढी मुद्दा

6 Article 20 of sub÷article (2) of Indian constitution.
7 S.A. Venkataramanvs The Union Of India And Another 1954 AIR 375, 1954 SCR 1150
8 Ravinder Singh vs State Of Haryana, 1975 AIR 856, 1975 SCR (3) 453
9 Inst. of Chartered Accountants vsVimal Kumar Surana&Anr on 1 December, 2010

चलाइने र सजाय गरिने छैन।"[१०] भनी दोहोरो खतराको सिद्धान्त विपरितको अभियोजन वा मुद्दा चल्ने कार्य वा सजाय गर्ने कार्यलाई पूर्णत बर्जित गरेको देखिन्छ। नेपाल पक्ष राष्ट्र रहेको International Convention on Civil and Political Rights (ICCPR)को Article १४ को Sub-article (७) मा "No one shall be liable to be tried or punished again for an offence for which he has already been finally convicted or acquitted in accordance with the law and penal procedure of each country." व्यवस्था गरेको देखिन्छ। मुलुकी अपराध संहिता, २०७४ को दफा ९ मा *"कुनै व्यक्ति विरुद्ध अदालतमा एकै कसूरमा एकपटक भन्दा बढी मुद्दा चलाइने र सजाय गरिने छैन।"* भनी फौजदारी न्यायका सामान्य सिद्धान्तको रुपमा मान्यता प्रदान गरेको देखिन्छ। यसरी फौजदारी मुद्दा चलाउने सन्दर्भमा दोहोरो खतराको सिद्धान्तलाई नेपालको फौजदारी न्याय प्रणालीमा आधारभूत सिद्धान्तको रुपमा लिइएको देखिन्छ।

२०. यस प्रकार इङ्लैण्ड, संयुक्त राज्य अमेरिका, क्यानडा, अष्ट्रेलिया भारतका सर्वोच्च अदालतले Double jeopardy को व्याख्या गर्दा एकै कसूर (Same offence) को अवधारणालाई केन्द्रविन्दु मानी दोहोरो खतराको अवस्था निक्यौंल गरेको देखिन्छ। ICCPRको Article १४ को Sub Article (७) मा प्रयुक्त "for an offence for which he has already been finally committed or acquitted" वाक्यांशले सोही कसूरलाई नै केन्द्रबिन्दु मानेको देखिँदा एकै कसूरको अर्थ "सोही कसूर जसमा सो व्यक्तिलाई पहिले नै सजाय वा सफाई" भएको भन्ने सीधा अर्थमा लिनु पर्ने देखिन्छ। भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कसूर मानिने कुनै कार्य अन्य कानूनबमोजिम समेत कसूर मानिने रहेछ भने दुवै कानूनबमोजिम अलग अलग मुद्दा चलाउन सकिने गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५९ को देहाय (क) ले कानूनी व्यवस्था गरेको देखिन्छ। सरकारी ओहदा, सरकारी सम्पत्ति, तथा सार्वजनिक सेवाको दुरुपयोग गरी व्यक्तिगत लाभमा प्रयोग हुनबाट रोक्ने उद्देश्यले यस ऐनको तर्जुमा भएको देखिन्छ। भ्रष्टाचारको विषय अन्य कसूरको विषयसँग दोहोरिन सक्ने (Overlapping) अवस्था रहेकोले अन्य कानून अन्तर्गत कारवाही भइसकेको भन्ने आधारमा मात्र भ्रष्टाचारको कसूर उपचार शून्य नहोस भन्ने उद्देश्यले उक्त देहाय (क) को प्रावधान विधायिकाले राखेको देखिन्छ। भ्रष्टाचार निवारण ऐन अन्तर्गतको विधायिकी उद्देश्य प्राप्तिमा कार्यधिगत अवरोध नहोस अर्थात दोहोरो खतराको सिद्धान्त बाधक नबनोस भन्ने यस प्रावधानको आधारभूत उद्देश्य रहेको देखिन्छ।

२१. यस सम्बन्धमा श्री सर्वोच्च अदालतबाट सिद्दान्तहरू प्रतिपादन भएका छन "एउटै तथ्यबाट एक भन्दा बढी कसूर हुन सक्दछन्। यसरी समग्र तथ्य तथा सम्बद्ध कानूनी व्यवस्था एवम् त्यसले प्रदान गर्ने उपचारको व्यवस्था समेतका आधारमा फरक फरक अवस्थालाई प्रतिनिधित्व गरेबाट भ्रष्टाचार मुद्दा र ठगी मुद्दालाई एउटै विषय मान्न नमिल्ने। कसैले कानूनद्वारा निषेधित आपराधिक कार्य गरेको अवस्थामा त्यस्तो कार्यलाई अलग-अलग कानूनले अलग-अलग अपराध मान्दछ भने त्यसलाई एउटै कसूर मानेर एउटा मात्र कानूनअन्तर्गत कारवाही गर्नुपर्ने भनी सीमित तुल्याउन नमिल्ने[११]। "दोहोरो खतराको सिद्धान्तले मूलतः एउटै व्यक्तिका विरूद्धमा उही कसूरमा पहिले नै कारवाही भई सजाय पाइसकेको वा सफाई पाइसकेको अवस्थामा उक्त कसूरमा दुईपटक मुद्दा चलाउन र सजाय गराउनलाई रोक्दछ। दोहोरो खतराको सिद्धान्त यस आधारमा पूर्व निर्णयसँग सम्बन्धित देखिन्छ। दोहोरो खतराको सिद्धान्त आकर्षित हुनका लागि मुख्यरूपमा सक्षम निकायबाट निर्णय भएको हुनुपर्ने, निर्णय अन्तिम भएको हुनुपर्ने र त्यस्तो निर्णय स्वच्छ सुनुवाई गरी अन्तिमसमेत भएको हुनुपर्ने। मुद्दाको समग्र तथ्यको विश्लेषण गर्दा कसैले कानूनद्वारा निषिद्ध आपराधिक कार्य गरेको अवस्थामा त्यस्तो कार्यलाई अलग/अलग कानूनले अलग/अलग अपराध मान्दछ भने त्यसलाई एउटै कसूर मानेर एउटा मात्र कानूनअन्तर्गत कारवाही गर्नुपर्ने भनी आपराधिक क्रियालाई सीमित तुल्याउन नमिल्ने। भ्रष्टाचार निवारण ऐन, २०५९ को कुनै पनि व्यक्ति विरुद्ध अदालतमा एकै कसूरमा एक पटकभन्दा बढी मुद्दा चलाइने

१० नेपालको संविधानको धारा २० को उपधारा (६)

११ महेश चापागाई विरुद्ध नेपाल सरकार, ने.का.प. २०६९, अङ्क ८ निर्णय नं. ८८७४

र सजाय दिइने छैन भन्ने कुरा अर्थात् दोहोरो खतराको सिद्धान्त कुनै एक कसूरमा उही व्यक्तिउपर मुद्दा चलाई निर्णय भइसकेकोमा सोही कसूरको सम्बन्धमा पुनः कारवाही चलाउन रोक लगाउने सन्दर्भमा आकर्षित हुने हो। विवादको विषयमा एकै प्रतिवादीबाट भएको कार्यको लागि दुई छुट्टाछुट्टै ऐनअन्तर्गतको कसूरमा छुट्टाछुट्टै अनुसन्धान तहकिकात गरी मुद्दा चलाउन र अदालतबाट निर्णय गर्न यस सिद्धान्तले रोक लगाएको देखिँदैन। यसबाट एउटै क्रियाबाट अलगअलग ऐनअन्तर्गतमा कसूरसमेत भएमा अलगअलग मुद्दा चलाउन र सजाय गर्ने बाधा हुने अवस्था नदेखिने।[१२] भनी मान्य सिद्धान्त प्रतिपादन भएको देखिन्छ। तसर्थ प्रस्तुत मुद्दाको केही प्रतिवादीहरूलाई सरकारी छाप दस्तखत किर्ते मुद्दा चली तहतह हुँदै श्री सर्वोच्च अदालतबाट कसूर ठहर भई सजाय समेत भएको देखिए तापनि निज **प्रतिवादीहरू उपर भ्रष्टाचारको कसूरमा पनि मुद्दा चलाउन मिल्ने नै देखिन आयो। प्रतिवादीहरू उपरको प्रस्तुत मुद्दा दोहोरो खतराको सिद्धान्त** (Doctrine of double jeopardy) **प्रतिकुल मान्न सकिएन।**

२२. आरोप दाबीबमोजिम प्रतिवादीहरू विष्णुदेव प्रसाद चौधरी र भुप बहादुर खत्री गौली उपर उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को खण्ड (ख) र दफा ११ को कसूर र अन्य प्रतिवादीहरू पृथीमान सार्की, गंगाबहादुर भुजेल, सुर्यबहादुर खडका, निरबहादुर खडका भन्ने केशव खडका, दुर्गाबहादुर खिलेङगे सार्की, किरण पाण्डे, रामबहादुर भन्ने झर्के सार्की र दिनेश खडकाको हकमा ऐ. ऐनको दफा ३ को उपदफा (२) र दफा ११ को कसूरको आरोप स्थापित हुन सक्छ वा सक्दैन? भन्ने सम्बन्धमा विद्यमान कानूनी ब्यवस्था तथा सोको विधायिकी मनसाय र यसको प्रयोगको सम्बन्धमा भएका अभ्यासहरूको विषयमा विश्लेषण गर्नु उपयुक्त हुने देखियो।

२३. भ्रष्टाचार निवारण ऐन, २०५९ मा "*राष्ट्र सेवक वा राष्ट्र सेवक हुन लागेको कुनै ब्यक्तिले आफ्नो ओहोदा वा सो सम्बन्धी कुनै काम गर्न वा गरिदिए बापत वा नगर्न वा नगरिदिए बापत वा आफ्नो आहोदा वा सो सम्बन्धी कुनै काम गर्दा कुनै ब्यक्तिलाई मोलाहिजा वा अनिष्ट गर्न वा गराईदिए बापत वा नगर्न वा नगराईदिए बापत आफ्नो वा अरु कसैको निमित्त रिसवत लिएमा वा लिन मन्जुर गरेमा देहाय बमोजिमको रिसवत लिनेलाई वा लिन मन्जुर गर्नेलाई कसूरको मात्रा अनुसार देहाय बमोजिम कैद र बिगो बमोजिम जरिवाना हुनेछ। रिसवत लिई सकेको भए सो रिसवत समेत जफत हुनेछ।*"[१३] देहायको (ख) मा "*पच्चिस हजार रुपैयाँ भन्दा बढी पचास हजार रुपैयाँ सम्म भए तीन महिना देखि चार महिना सम्म कैद हुनेछ*"[१४] भने कानूनी प्राबधान रहेको र दफा ३ को उपदफा (२) मा "*राष्ट्र सेवक बाहेक अन्य ब्यक्तिले राष्ट्र सेवकलाई निजको ओहोदा वा हैसियतको कुनै काम गराउन वा नगराउन मनाईदिए बापत वा सो ओहोदा वा हैसियतको कुनै काम गर्दा कुनै ब्यक्ति उपर मोलाहिजा वा अनिष्ट गर्न वा नगर्न मनाउने उदेश्यले वा मोलिहजा वा गर्न वा नगर्न वा मनाईदिए बापत कुनै ब्यक्तिबाट आफ्नो वा अरु कसैको निमित्त कुनै रिसवत लिएमा वा लिन मन्जुर गरेमा निजलाई उपदफा (१) बमोजिमको सजाय गरी रिसवत लिई सकेको भए सो रिसवत समेत जफत गरिनेछ*"[१५] भन्ने कानूनी प्रावधान रहेको देखिन्छ।

२४. कुनै पनि राष्ट्रसेवक वा राष्ट्रसेवक हुन लागेको ब्यक्तिले आफ्नो काम, कर्तब्य र अधिकारबमोजिम कार्य गर्न वा नगर्न बापत घुस रिसवत लिन हुँदैन, लिएमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर भई बिगो बराबर जरिवाना र बिगो अनुसार देहाय (क) देखि (झ)सम्ममा निर्धारित कैद हुन्छ भन्ने तथा अन्य ब्यक्तिले पनि राष्ट्र सेवक कर्मचारीलाई निजको ओहोदाको कुनै काम गर्न वा नगर्नका निमित्त घुस रिसवत दिन हुदैन, त्यसरी घुस रिसवत दिएमा दफा ३ को उपदफा (२) बमोजिम कसूरदार ठहर भई सजाय हुन्छ भन्ने विधायिकी

१२ नेपाल सरकार विरूद्ध नेत्रबहादुर लिम्बूसमेत, ने.का.प.२०७३ अंकः ७ निर्णय नं. ९६३०

१३ भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१)

१४ भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ख)

१५ भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२)

मनसाय (Intention of legislature) रहेको देखिन्छ। अर्थात घुस लिने र दिने दुवै कसूरदार हुन्छन भन्ने उक्त कानूनी प्रावधानको मनसाय देखिन्छ। घुस रिसवतको शाब्दिक ब्याख्या तर्फ Black's law Dictionary ले पनि Bribery भन्नाले "The corrupt payment, receipt, or solicitation of a private favor for official action"[१६] अर्थात कुनै पनि कार्यालयबाट सम्पादन हुने कार्यको निमित्त ब्यक्तिगतरुपमा हुने समर्थन वा कृपाको निमित्त बदनियतपूर्ण रुपमा भुक्तानी दिने, लिने वा सो किसिमको याचना गर्ने कार्यलाई घुस रिसवत भनी परिभाषित गरेको देखिन्छ। Rollin M. Perkins and Ronald N. Boyce द्वारा लिखित अपराध शास्त्रको प्रशिद्ध पुस्तक Criminal law मा अर्थात् सारमा कार्यलयको कामको लागि घुस रिसवत लिन प्रस्ताव गर्ने र घुस रिसवत लिने वा सोको मोलमोलाई वा सदौबाजी गर्ने कार्यलाई कसूरको रुपमा उल्लेख गरेको देखिन्छ।[१७] नेपाल समेत पक्ष राष्ट्र रहेको United Nation Convention Against Corruption ले अर्थात सरकारी कर्मचारीले अनुचित लाभ माग गर्ने वा लिने कार्यलाई रिसवतको कसूर मान्नु पर्ने[१८]अवधारणा अङ्गिकार गरेको देखिन्छ। संयुक्त अधिराज्यको Bribery Act, २०१० ले सरकारी कर्मचारीले आफ्नो ओहोदाको काम अनुचित तवरले गरिदिनको लागि आर्थिक वा अन्य लाभ माग गरेमा वा लिन मन्जुर गरेमा वा लिएमा घुस रिसवतको कसूर गरेको मानिन्छ[१९] भन्ने कानुनी ब्यवस्था गरेको देखिन्छ। संयुक्त राज्य अमेरिकामा पनि राष्ट्रसेवकले कुनै लाभ माग गर्ने, खोज्ने, प्राप्त गर्ने लिने वा लिन मन्जुर गर्ने[२०] कार्यलाई रिसवतको कसूर मानिएको छ। त्यस्तै गरी छिमेकी मुलुक भारतको The Prevention of Corruption Act, १९८८ (including amendment on २०१८) ले जनसेवक वा राष्ट्र सेवक हुनु पर्ने, निजले गैरकानूनी फाईदा वा लाभ लिन स्वीकार गरेको वा लाभ वा फाईदा प्राप्त गर्ने उद्योग गरेको हुनु पर्ने, निजले आफ्नो पदीय हैसियतको दुरुपयोग गरेको वा निजको ब्यक्तिगत प्रभावमा अन्य जनसेवकबाट कार्य गराएको जस्ता जुनसुकै भ्रष्ट र गैरकानूनी कार्य गरेको हुनु पर्ने भनी राष्ट्रसेवकको तर्फबाट हुने भ्रष्टाचारको कसूरको परिभाषा र सजाय तय गरेको देखिन्छ। तसर्थ राष्ट्र सेवक वा जनसेवकले आफ्नो कर्तब्य पालनको क्रममा अनुचित लाभको माग गर्नु वा लिनु वा प्राप्त गर्नु वा सोको अपेक्षामा कार्यसम्पादन गर्नु आफैमा भ्रष्टाचारजन्य कसूर हुन्छ। त्यस्तो राष्ट्रसेवक वा जनसेवकले गर्ने कार्य गैरकानूनी वा कानून विपरित नै गरेको हुनु पर्छ भन्ने पनि हुँदैन। आफ्नो पदीय कर्तब्य र जिम्मेवारीमा रहेको कुनै पनि कार्य सम्पादन गर्दा कानून बमोजिम नै गरेको भए तापनि अनुचित लाभको माग गर्ने वा लिने वा सोको अपेक्षामा काम गरेको अवस्था छ भने त्यस्तो राष्ट्र सेवक वा जनसेवकको कार्यलाई भ्रष्टाचारको कसूरको रुपमा लिनु पर्ने हुन्छ। छिमेकी राष्ट्र भारतको सर्वोच्च अदालतबाट घुस रिसवतको कसूर स्थापित हुनका लागि अभियुक्तले स्वेच्छाले रकम माग गरेको कुरा वस्तुनिष्ठ तवरले पुष्टि हुनुपर्ने र अभियुक्तले स्वेच्छाले रिसवतको रकम स्वीकार गरेको हुनुपर्ने[२१] भनी ब्याख्या विवेचना भएको देखिन्छ।

२५. त्यसै गरी प्रस्तुत मुद्दामा प्रतिवादीहरू उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसूरको समेत अभियोग दाबी देखिन्छ। *"सरकारी निकाय वा सार्वजनिक संस्थाको कागजातमा अनाधिकार वा गैरकानूनी तरिकाले सच्याउने, केरमेट गर्ने, थपघट गर्ने वा हेरफेर गर्ने राष्ट्र सेवक वा अन्य ब्यक्तिलाई कसूरको मात्रा अनुसार तीन महिनादेखि दुई वर्षसम्म कैद र पचास हजार रुपैयाँ सम्म जरिवाना हुनेछ"*[२२] भन्ने कानूनी प्रावधान रहेको देखिन्छ। सरकारी निकायमा अभिलेख रहनु पर्ने कागजातहरू दुरुस्त अवस्थामा सुरक्षित रहोस भन्ने अभिप्रायले उक्त कानुनी

16 Bryan A. Garner, Black's Law Dictionary, Ninth Edition, A Thomson Reuters Business, Page No.217
17 Rollin M. Perkins and Ronald N. Boyce, Criminal law, 537 (3rd Edition 1982)
18 Article 15 of United Nation Convention Against Corruption.
19 Section 2 of Bribary Act, 2010, https://www.legislation.gov.uk/ukpga/2010/23/pdfs/ukpga_20100023_en.pdf, Visit Date; 29th Feb, 2024.
20 18 U.S. Code § 201 - Bribery of public officials and witnesses, https://www.law.cornell.edu/uscode/text/18/201#:~:text=Subsection%20(a)%20of%20this%20section,agency%20in%20relation%20to%20any, Visit Date;29th Feb, 2024.
21 N. Sunkanna vs State Of A.P on 14 October, 2015; B.Jayaraj vs State Of A.P on 28 March, 2014.
22 भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११

संरचनाको प्रबन्ध गरिएको र त्यस्तो कागजात गैरकानूनी तरिकाले सच्याउन वा केरमेट गर्न वा थपघट गर्ने वा हेरफेर गर्न हुदैन। त्यस्तो कार्य गर्ने राष्ट्र सेवक वा अन्य ब्यक्तिलाई प्रस्तुत दफाबमोजिम भ्रष्टाचारको कसूर कायम भई सजाय हुन्छ भन्ने विधायिकी मनसाय (Intention of legislature) रहेको देखिन्छ।

२६. अब, प्रतिवादीहरू विष्णुदेव प्रसाद चौधरी र भुपबहादुर खत्री गौली उपर घुस रिसवत लिई सरकारी जग्गाको फिल्डबुक सच्याई ब्यक्ति विशेषको कायम हुने गरी सच्याएको कसूर स्थापित हुन सक्छ वा सक्दैन? भन्ने सम्बन्धमा विवेचना गर्नु पर्ने देखियो। उदयपुर जिल्ला, साविक भूमरसुवा गा.वि.स. वार्ड नं.४(ज) मा पर्ने कि.नं.६२को ज.वि. ६-१०-० जग्गाको फिल्डबुकमा भिरपहिरो जनिएको सार्वजनिक जग्गालाई जग्गाधनी महलमा टिपेक्स लगाई पृथीमान सार्कीको नाम, थर, वतन, तीनपुस्ते, प्रमाण सङ्केतमा पत्र अनुसार दर्ता गरेको र कैफियत महलमा निजको जोतभोग गरिरहेको भन्ने उल्लेख भएको देखियो। सो सम्बन्धमा जिल्ला उदयपुर भुमरसुवा गा.वि.स. वार्ड नं. ४(ज) मा पर्ने कि.नं. ६२ को ज.वि. ५६-१०-० जग्गा भिरपहिरो जनिई श्री ५को सरकारको नाउँमा स्रेस्ता प्रमाणित भई कायम रहेको भन्ने मालपोत कार्यालय उदयपुरको मिति २०६८।०३।०१ को च.नं.२१०६को पत्र एवम् सो पत्रसाथ संलग्न स्रेस्ताको प्रतिलिपि उतारबाट देखिन्छ।

२७. प्रतिवादी विष्णुदेव प्रसाद चौधरीको हकमा विचार गर्दा, निजले यस अदालत समक्ष फिल्डबुक सच्याउने कार्यमा आफ्नो संलग्न छैन। फिल्डबुक, श्रेष्ता नापी प्राविधिकको जिम्मामा हुन्छ। कुन बेला के गरेको हो। सबै कार्यालय प्रमुखलाई थाहा जानकारी नहुन सक्छ। जब परिणाम बाहिर निस्कन्छ तब को कस्को कमी कमजोरी हो भन्ने देखिन्छ। तसर्थ त्यसो समय माओवादीहरूको द्वन्द्वको समय थियो अफिसका कागजातहरू बचाउन गाह्रो समय थिए। जिल्ला प्रशासनमा बेलुका लैजाने र राख्ने भोलीपल्ट बिहान कार्यालय सहयोगी मार्फत ल्याउने गरिन्थ्यो भनेर माथि उल्लेख गरि सकें। कुनबेला कसले त्यस्तो फाईदा लिए आफूलाई थाहा भएन। आफू स्वेच्छिक अनिवार्य अवकाश लिएर बसेको छु। तसर्थ निर्दोष हुँदा अभियोग दावीबाट सफाई पाउँ भनी आरोपित कसूरमा इन्कार रही बयान गरेको देखिन्छ।

२८. सह प्रतिवादी भुप बहादुर खत्री गौलीले यस अदालत समक्ष बयान गर्दा फिल्डबुक तथा स्रेस्ताको जिम्मा कार्यालय प्रमुख र सम्बन्धित फाँटवालाको हुन्छ भनी कार्यालयको फिल्डबुक यी प्रतिवादीको जिम्मामा रहेको थियो भनी उल्लेख गरेको देखियो। प्रतिवादी पृथीमान सार्कीले अनुसन्धानको क्रममा मिति २०६८।०६।३०मा बयान गर्दा, कि. नं.६२को फिल्डबुक सच्याउनको लागि आफूले कपाली तमसुक गरी दिनेश खड्काबाट ऋण लिई गंगा भुजेल मार्फत तत्कालीन नापी शाखा कार्यालय उदयपुरका प्रमुख विष्णुदेव चौधरीलाई दिएको हो। सो रकम दिँदा गंगा भुजेल र विष्णुदेव चौधरी थिए (स.ज.१५), नापी कार्यालयको तत्कालीन कार्यालय प्रमुख विष्णुदेव चौधरीले रु.५०,०००।-(पचास हजार रुपैयाँ) लिएको र निज विष्णुदेव चौधरीको मिलेमतोमा रेकर्ड सच्याउने र आफूसँग पैसामा बार्गेनिङ गरी रु. ५०,०००।-(पचास हजार रुपैयाँ) लिएकोले दुवैको मिलेमतोमा फिल्डबुकमा भिरपहिरोका ठाउँमा आफ्नो नाम राखी कारवाही अगाडि बढाउन हौस्याएका हुन भनी यी प्रतिवादी विष्णुदेव प्रसाद चौधरीलाई पोल गरी बयान गरेको देखिन्छ। प्रतिवादी पृथीमान सार्कीले यी प्रतिवादी विष्णुदेव प्रसाद चौधरीलाई झुट्टा पोल गर्नु पर्ने कुनै पनि युक्तियुक्त आधार र कारण पनि देखिदैन।

२९. यी प्रतिवादी विष्णुदेव प्रसाद चौधरीले आफ्नो जागिरको अवधि बाँकी छँदाछँदै स्वेच्छिक अवकास लिएर गएको देखिन्छ। प्रतिवादी भुप बहादुर खत्री गौलीले यस अदालत समक्ष मिति २०७०।१०।२६ मा गरेको बयानको स.ज. १५ मा कार्यालय प्रमुखले फिल्डबुकमा पृथीमान सार्कीको नाम उल्लेख गरी सोको कारणले निज कार्यालय प्रमुखले राजीनामा दिएका हुन की जस्तो लाग्छ भनी यी प्रतिवादी विष्णुदेव प्रसाद चौधरी प्रति नै आशंका जाहेर गरेको देखियो। यी प्रतिवादी कार्यालय प्रमुख भएको र निजले गंगा भुजेल मार्फत रु. ५०,०००।-(पचास हजार रुपैयाँ) लिई कि.नं.

६२ को भिरपिहरो लेखिएको सार्वजनिक जग्गाको फिल्डबुक सच्याउने कसूर गरेको भन्ने तथ्य अन्य प्रतिवादीहरूले समेत अनुसन्धान र यस अदालत समक्ष गरेको बयान लगायतका परिस्थितिजन्य सवुत प्रमाण (Circumstantial Evidence) बाट पुष्टि हुन आएको देखिन्छ।

३०. सोको अतिरिक्त यसै विषयलाई लिएर चलेको सरकारी छाप दस्तखत किर्ते मुद्दामा तहतह हुँदै श्री सर्वोच्च अदालतबाट मिति २०७९।०३।१६ मा फैसला हुँदा समेत यी प्रतिवादी उपर आरोप दाबी बमोजिमको कसूरदार ठहर भई सजाय समेत भएको देखिन्छ। प्रस्तुत बारदातको प्रकृति हेर्दा केवल मानवीय कमजोरी वा भुलचुकबाट हुने सामान्य किसिमको त्रुटि देखिदैन। नापी कार्यालयको कर्मचारीसँगको मिलेमतो बेगर सरकारी कार्यालय भित्र अत्यन्त सुरक्षित रहने फिल्डबुक विवरणमा टिपेक्स लगाई बाहिरको व्यक्ति विशेषले मात्र आफ्नो नाम, थर, वतन, तिनपुस्ते र कैफियत बेहोरा सच्यायो होला भन्ने अनुमान गर्न सकिदैन, नत कार्यालयको जिम्मेवार अधिकारीले कुनै लाभ वा रिसवत नलिई आफ्नो कार्यालय भित्रको फिल्डबुकमा बाहिरको उनाउ व्यक्तिको नाम, वतन, तिनपुस्ते र कैफियत बेहोरा उल्लेख हुने गरी सच्याए होलान भनी विश्वास गर्न सकिन्छ।

३१. सरकारी कार्यालय भित्रको फिल्डबुक सच्याउने कार्य र सच्याईएको बेहोरा हेर्दा, कार्यालय भित्रका कर्मचारी र बाहिरको स्वार्थपरक व्यक्ति दुवै पक्षको अपवित्र गठजोड बाहेक एक्लाएक्लै रुपमा सम्भव देखिदैन। निजहरूको गठजोडको सुत्राधार एकअर्काले पाएको र पाउने लाभको प्रतिफलसँग जोडिएको देखिन्छ। भ्रष्टाचार व्यक्तिगत तथा आर्थिक कसूरमात्र होइन। यो आफैमा राज्य तथा समाज विरुद्धको अपराध हो। यसले कुनै पनि मुलुकको प्रशासन संयन्त्र वा राज्य व्यवस्था प्रतिको जनआस्था वा विश्वासमाथि कुठाराघात (Breach of public trust) गर्दछ भने अंतोत्वगत्वा मुलुकको राज्य व्यवस्था प्राणालीलाई नै खोक्रो र धराशायी बनाउँछ। तसर्थ मिसिल संलग्न प्रमाण कागजातबाट प्रतिवादी विष्णुदेव प्रसाद चौधरीले घुस रिसवत लिई भिरपहिरो लेखिएको सरकारी जग्गाको फिल्डबुक सच्याउने कार्य गरे गराएको देखिन आएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ११ बमोजिम दुवै कसूर गरेको देखिन आयो।

३२. **प्रतिवादी भुपबहादुर खत्री गौलीको हकमा विचार गर्दा, निजले यस अदालत समक्ष** आफूले अभियोग दावीबमोजिम कसूर अपराध गरेको छैन, आफू कार्यालय सहयोगीको रुपमा कार्यरत रहेको र लाएअह्राएक बमोजिम काम गर्ने हो, फिल्डबुक कार्यलय प्रमुख र फाँटवालाको जिम्मामा हुने हुँदा सो कार्य गर्न सक्ने अवस्था हुदैन, तसर्थ आफू निर्दोष हुँदा अभियोग दावी अनुसार सजाय नभै सफाई दिलाई पाउँ भनी इन्कारी बयान गरेको देखिए तापनि सच्याइएको भनिएको स्रेस्तामा रहेको विवादित हस्ताक्षरसँग यी प्रतिवादीको सङ्कलित हस्ताक्षरको तुलना गर्दा दुवै हस्ताक्षरमा डिको दिने तरीका, रेफ दिने तरिका, ह्रस्व इकार दिने तरीका तथा अक्षर तल माथि परेको अवस्था विवादित र नमूना हस्ताक्षरमा समेत मिलेको पाइन्छ भनी राष्ट्रिय विधिविज्ञान प्रयोगशालाको विवादग्रस्त प्रलेख इकाईको परीक्षण प्रतिवेदनबाट देखिन्छ।

३३. प्रतिवादी पृथीमान सार्कीले अनुसन्धानको क्रममा मिति २०६८।०६।३० मा मौकामा बयान गर्दा स.ज. नं. १६ मा फिल्डबुक सच्याउने कार्यमा को कसले सहयोग गरेका हुन भनी सोधनी भएकोमा नापी कार्यालयका कार्यालय सहयोगी गौली थरका मानिस मुख्य हुन सोही कार्यालयको कार्यालय प्रमुख विष्णुदेव चौधरीले रु. ५०,०००।-(पचास हजार रुपैयाँ) लिएको हुँदा निज गौली र कार्यालय प्रमुख विष्णुदेव चौधरीको मिलेमतोमा रेकर्ड सच्याउने र आफूसँग पैसामा वार्गेनिङ गरी रु. ५०,०००।-(पचास हजार रुपैयाँ) लिएकाले दुवैको मिलेमतोबाट उक्त फिल्डबुकमा भिरपहिरोका ठाउँमा आफ्नो नाम राखी कारवाही अगाडी बढाउन आफूलाई हौस्याएका हुन र फिल्डबुकमा आफ्नो नाम सच्याएपछि निज गौलिले तेरो नाममा ५६ रोपनी १० कठ्ठा स्रेस्ता छ दर्ता प्रक्रिया अगाडि बढाउनु भनी भनेकोले आफूले पनि

खर्च गरेको हो भनी यीनै प्रतिवादी भुपबहादुर खत्री गौली समेतलाई स्पष्टरुपमा पोल गरेको देखिन्छ। पृथीमान सार्कीले यी प्रतिवादीलाई पोल्नु पर्ने कुनै पनि युक्तियुक्त आधार र कारण देखिदैन।

३४. सोको अतिरिक्त यसै विषयलाई लिएर यी प्रतिवादी उपर चलेको सरकारी छाप दस्तखत किर्ते मुद्दामा तहतह हुँदै श्री सर्वोच्च अदालतबाट मिति २०७९।०३।१६ मा फैसला हुँदा यी प्रतिवादी उपर समेत आरोप दाबी बमोजिमको कसूरदार ठहर भई सजाय भएको देखिन्छ। प्रस्तुत बारदातको प्रकृति हेर्दा केवल मानवीय कमजोरी वा भुलचुकबाट हुने सामान्य किसिमको त्रुटी देखिदैन। सरकारी कार्यालय भित्रको फिल्डबुक सच्याईएको कार्य र सोको बेहोरा हेर्दा कार्यालय भित्रका कर्मचारी तथा बाहिरको स्वार्थपरक ब्यक्ति दुवै पक्षको अपवित्र गठजोड बाहेक एक्लाएक्लै रुपमा सम्भव देखिदैन। निजहरूको गठजोडको सुत्राधार एकअर्कालाई पाएको र पाउने लाभको प्रतिफलसँग जोडिएको देखिन्छ। तसर्थ सहप्रतिवादी पृथीमान सार्कीको मौकाको पोल बयान एवम् यी प्रतिवादीको कार्यालय भित्रको पहुँच तथा सच्याईएको फिल्डबुकको अक्षर र यी प्रतिवादीको लेखाईका ढाँचाहरू मिलेभिडेको अवस्था समेत मिसिल संलग्न प्रमाण कागजातबाट प्रतिवादी भुपबहादुर खत्री गौलीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ११ बमोजिमको कसूर गरेको देखिन आयो।

३५. प्रतिवादी पृथीमान सार्कीले नापी कार्यालयको राष्ट्रसेवक कर्मचारीलाई घुसरिसवत दिई भिरपहिरो जनिएको सरकारी जग्गाको फिल्डबुकमा आफ्नो नाम, थर, वतन, तीनपुस्ते र आफूले भोगचलन गरेको कैफियत बेहोरा सच्याउन लगाई सोको प्रतिलिपि समेत लिई दर्ता गर्ने प्रक्रियामा संलग्न रहेको देखिन्छ वा देखिदैन ? भन्ने तर्फ विवेचना गर्नु पर्ने देखियो। प्रतिवादी पृथीमान सार्कीले यस अदालत समक्ष सरकारी जग्गा आफ्नो नाउँमा दर्ता गर्ने प्रयास गरेको होइन छैन, आफूले नापी कार्यालय उदयपुरबाट उल्लेखित कि.नं. ६२ को जग्गाको फिल्डबुक उतारसम्म लिएको हुँ, गाउँमा आफूलाई विभिन्न कुरा गरेकोले फिल्डबुक उतार लिएको हुँ, तर सच्याउने कार्य आफूले गरेको छैन, कोहि कसैलाई घुस रिसवत समेत दिएको छैन भनी आरोपित कसूरमा पूर्ण इन्कार रही बयान गरेको भए तापनि कि.नं. ६२ को जग्गाको फिल्डबुकको जग्गाधनी महल सच्याई यीनै प्रतिवादीको नाम, थर, वतन र तिनपुस्ते उल्लेख भएको देखिन आयो। सो कार्यबाट यीनै प्रतिवादी पृथीमान सार्की प्रत्यक्षरुपमा लाभान्वित हुनेमा पनि विवाद देखिएन। सो कार्यको लागि आफूले दिनेश खड्कासँग तमसुक नै गरेर ऋण लिई रु.५०,०००।-(पचास हजार रुपैयाँ) नापी कार्यालयको प्रमुख विष्णुदेव चौधरीलाई दिएको, सो कार्यमा सहयोग गर्ने सो कार्यालयको कार्यालय सहयोगी गौलिथरका ब्यक्ति मुख्य ब्यक्ति हुन निज र कार्यालय प्रमुख विष्णुदेव चौधरीको मिलेमतोमा फिल्डबुक सच्याएको हो, दुवैको मिलेमतोमा भिरपहिरो लेखिएको सार्वजनिक जग्गामा यी प्रतिवादीको आफ्नो नाम राखी कारवाही अगाडि बढाउन भनेबमोजिम गरेको हो भनी प्रस्तुत वारदातको अनुसन्धानको क्रममा मिति २०६८।०६।३० मा मौकामा सावित भई लेखाएको देखिन्छ। अन्य प्रतिवादीहरूले समेत यस अदालत समक्ष बयान गर्दा, सरकारी जग्गा पृथीमान सार्कीले किर्ते गरी आफ्ना नाममा दर्ता गर्न खोजेको कुरा थाहा पाई आफूहरूले उजुरी गरेको हो भनी लेखाएको देखिन्छ। सरकारी छाप दस्तखत किर्ते मुद्दामा तहतह भई श्री सर्वोच्च अदालतबाट मिति २०७९।०३।१६मा फैसला हुँदा यी प्रतिवादीलाई समेत अभियोग दाबी बमोजिमको कसूरदार ठहर भई सजाय भएको देखिन्छ। प्रस्तुत बारदातको प्रकृति हेर्दा केवल कार्यालयको अधिकारी वा कर्मचारीले मात्र बिना कारण सरकारी जग्गाको फिल्डबुक विवरणमा टिपेक्स लगाई यी प्रतिवादीको नाम, थर, वतन, तिनपुस्ते र कैफियत बेहोरा सच्याए होलान भन्ने अनुमान गर्न सकिदैन। सरकारी कार्यालय भित्रको फिल्डबुक सच्याईएको बेहोरा हेर्दा कार्यालय भित्रका कर्मचारी तथा बाहिरको स्वार्थपरक ब्यक्ति दुवै पक्षको अपवित्र गठजोड बाहेक एक्लाएक्लै रुपमा सम्भव देखिदैन। निजहरूको गठजोडको सुत्राधार एकअर्कालाई पाएको र पाउने लाभको प्रतिफलसँग जोडिएको देखिन्छ। तसर्थ अन्ततत्वगोत्वा यी प्रतिवादीको नाममा जग्गा दर्ता हुने आधार निर्माण गर्न उक्त फिल्डबुक सच्याएको समग्र मिसिल संलग्न प्रमाण कागजात एवम् परिस्थितिजन्य सबुत प्रमाण

(Circumstantial Evidence) देखिन आएको र सोको लागि यी प्रतिवादीले ऋण लिएर भने पनि घुस रिसवत रकम दिएको मौकाको बयानमा स्वीकार गरेको देखिन आएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) र दफा ११ को कसूर गरेको देखियो।

३६. अब प्रतिवादी गंगाबहादुर भुजेलको हकमा भिरपहिरो जनिएको सरकारी जग्गा प्रतिवादी पृथीमान सार्कीको नाउँमा दर्ता भई आए पश्चात आफूले समेत लिनेखाने उदेश्यले घुस रिसवत दिलाई फिल्डबुक सच्याउने कार्य गरेका हुन वा होइनन? भन्ने सम्बन्धमा विवेचना गर्नु पर्ने देखियो। निज प्रतिवादी प्रस्तुत मुद्दाको अनुसन्धानको प्रारम्भ देखिनै फरार रहेको देखिन्छ। अनुसन्धानको क्रममा निज प्रतिवादीको नाममा जिल्ला प्रशासन कार्यालय उदयपुरबाट जारी भएको म्याद पुर्जी निज वतनमा फेला नपरेको हुँदा मिति २०६९।०३।३० मा निजको घरदैलोमा टाँस भएको देखिन्छ। निजका विरुद्ध प्रस्तुत मुद्दा यस अदालतमा दायर भएपश्चात यस अदालतबाट निजको नाममा जारी भएको म्याद सूचना मिति २०७०।१०।०५ मा निजको एकाघरसगोलको श्रीमती मंजु भुजेलले बुझिएको देखिएको देखिन्छ। तथापी निज प्रतिवादी फरार रही यस अदालत समक्ष हाजिर हुन आएको देखिएन। प्रतिवादी मध्येका पृथीमान सार्कीले प्रस्तुत विषयमा मिति २०६८।०६।३० मा बयानको गर्दा स.ज.१५मा आफूले कपाली तमसुक गरी दिनेश खड्काबाट ऋण लिई सोही पैसाबाट गंगा बहादुर भुजेलले आफूबाट रु. ५०,०००।-(पचास हजार रुपैयाँ) लिई तत्कालीन नापी शाखा कार्यालय उदयपुरका प्रमुख विष्णुदेव चौधरीलाई दिएको हो, त्यस बेला गंगा बहादुर भुजेल, आफू र नापी कार्यालयको प्रमुख विष्णुदेव प्रसाद चौधरी थियौं भनी रिसवत दिने दिलाउने कार्यमा यी प्रतिवादीलाई समेत पोलेको देखिन्छ। यी प्रतिवादी गंगाबहादुर भुजेलले अदालत समक्ष उपस्थित भई प्रतिवादी पृथीमान सार्कीको पोल बयानलाई खण्डन गरेको पनि देखिएन। योजनाबद्ध रुपमा भिरपहिरो लेखिएको सरकारी फिल्डबुक सच्याई पृथिमान सार्कीको नाममा जग्गा दर्ता गरी आफ्नो नाममा समेत ल्याउने हेतुले प्रमुख नापी अधिकृत प्रतिवादी विष्णुदेव प्रसाद चौधरी र कार्यालय सहयोगी भुपबहादुर खत्री गैलीसँग मिलेमतो गरी प्रतिवादी पृथीमान सार्कीबाट रकम लिई निजहरूलाई घुस रिसवत रकम दिने दिलाउने संयोजनकारी भूमिका निर्वाह गरेको भन्ने प्रतिवादी पृथीमान सार्कीको मौकाको पोल बयान लगायतका मिसिल संलग्न प्रमाण कागजातबाट देखिन आएकोले यी प्रतिवादी गंगा बहादुर भुजेलले समेत अभियोग दाबीबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) र दफा ११ बमोजिमको कसूर गरेको देखियो।

३७. प्रतिवादीहरू सूर्य बहादुर खडका, निर बहादुर खडका भन्ने केशव खडका, दुर्गा बहादुर खिलेङगे सार्की, किरण पाण्डे, राम बहादुर भन्ने झर्के सार्की र दिनेश खडकाको हकमा विचार गर्दा, प्रतिवादी दिनेश खड्काको नाउँमा अनुसन्धानको क्रममा जारी भएको म्याद सूचना मिति २०७२।०१।२० मा निजको घरदैलोमा टाँस भएको र यस अदालतबाट जारी भएको म्याद मिति २०७०।१०।२६ मा सम्बन्धित वडाको भन्टाबारी स्थित सार्वजनिक चौतारामा टाँस भई बेपत्ते तामेल भई आएको हुँदा निजको अर्को वतन भए खुलाई पठाई दिन अख्तियार दुरुपयोग अनुसन्धान आयोग मार्फत जवाफ लिनु भनी यस अदालतबाट आदेश भएकोमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जिल्ला प्रहरी कार्यालय उदयपुरमा निज प्रतिवादीको वतन खुलाई दिन मिति २०७१।०९।०७ मा च.नं. ५७८ को पत्राचार हुँदा निजको वास्तविक वतन उदयपुर जिल्ला त्रियुगा नगरपालिका वार्ड नं. १५ रहेको र निजको नाम दिनेश भन्ने देवान खड्का रहेको भन्ने बुझिएको भनी जिल्ला प्रहरी कार्यालयले मिति २०७१।१०।०५ मा च.नं. २५६६ अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई पत्राचार गरेबमोजिम अख्तियार दुपयोग अनुसन्धान आयोगले सोही बेहोरा खुलाई यस अदालतलाई मिति २०७१।१०।१२ मा च.नं. ७७५ को पत्र पठाएको देखिन्छ। सोही नाम र वतनमा यस अदालतबाट निजको नाउँको समाह्वान म्याद जारी भई तामेल हुँदा निज प्रतिवादीको घरदैलोमा मिति २०७२।०१।२० मा सबैले देख्ने गरी टाँस भई रित पूर्वक तामेल भएको भए तापनि निज यस अदालतमा हाजिर नभई फरार रहेको देखिन्छ। निजसँग कपाली तमसुक गरी घुस दिने रकम लिएको भन्ने पृथीमान सार्कीको मौकाको पोल बयान भए

तापनि सो ऋण लिएको पुष्टि हुने कागजात मिसिलसंलग्न रहेको देखिएन। मतसुक गरी ऋण दिनु र घुस दिनु दिलाउनु नितान्त फरक विषय हो। घुस रिसवत दिने प्रयोजनको लागि मतसल्लाहमा फसी ऋण दिएको भन्ने पनि सङ्कलित प्रमाणबाट देखिंदैन। घुस दिने व्यक्तिलाई ऋण दिएकै कारण निजलाई अभियोग दाबी बमोजिमको भ्रष्टाचारजन्य कसूर गरेको भनी कसूरदार ठहर गर्नु न्यायसँगत हुदैन।

३८. अन्य प्रतिवादीहरू सूर्य बहादुर खडका, निर बहादुर खडका भन्ने केशव खडका, दुर्गा बहादुर खिलेङगे सार्की, किरण पाण्डे, राम बहादुर भन्ने झर्के सार्कीले यस अदालत समक्ष उक्त जग्गा नेपाल सरकारको नाउँको जग्गा हो, उक्त सरकारी जग्गा व्यक्तिको नाउँमा दर्ता गराउने कार्यमा आफूहरूको संलग्नता छैन, को कसको संलग्नताबाट यस्तो अपराध जन्य कार्य गरे आफूहरूलाई थाहा छैन, तसर्थ आरोपित कसूरबाट सफाई पाउँ भनी आरोपित कसूरमा पूर्ण इन्कार रही बयान गरेको देखियो। प्रतिवादी पृथीमान सार्कीले यी प्रतिवादीहरू समेतको संलग्नता थियो भनी मौकाको बयानमा पोल गरेको भए तापनि भिरपहिरो जनिएको सार्वजनिक जग्गाको फिल्डबुक सच्याई पृथीमान सार्कीले सोको उतार लिई गाउँघरमा देखाएको हुँदा सोको जानकारी हुनासाथै पृथीमान सार्कीसमेतको विरुद्ध प्रतिवादीहरू मध्ये किरण पाण्डे, दुर्गाबहादुर खिलेङगे सार्की, किरण पाण्डे, रामबहादुर भन्ने झर्के सार्कीसमेतले मिति २०६८।०२।२२ मा नै जिल्ला प्रशासन कार्यालय उदयपुरको प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिएको देखियो। सोही निवेदन दिएका कारण प्रतिवादी पृथीमान सार्कीले आफूहरूलाई समेत पोल गरेको हुनुपर्छ भनी यी प्रतिवादीहरूले जिकिर लिएको देखिन्छ। प्रतिवादी पृथीमान सार्कीको नाममा जग्गा दर्ता भए पश्चात उक्त जग्गाकै केही हिस्सा आआफ्नो नाममा लिने खाने उदेश्यले आरोपित कसूरमा यी प्रतिवादीहरू समेत संलग्नता थियो भनी यी प्रतिवादीहरू उपर प्रस्तुत अभियोग दाबी लिएको भए तापनि प्रतिवादी पृथीमान सार्कीको नाममा जग्गा दर्ता भै आईसकेको देखिएन। सरकारी जग्गाको फिल्डबुक सच्याउन यो यस्तो कार्य गरेको भन्ने मिसिल संलग्न प्रमाण कागजातबाट देखिएन। यी प्रतिवादीहरूले घुस रिसवत दिन दिलाउने कुनै भूमिका खेलेको पनि देखिएन। यी प्रतिवादीको नापी कार्यालय उदयपुर तथा सोको कर्मचारीहरूसँग पहुँच वा भेटघाट चिनजान रहेको भन्ने पनि देखिंदैन। प्रतिवादीहरू उपरको आरोप दाबी ठोस र बस्तुनिष्ट प्रमाणबाट पुष्टि गर्ने प्रमाणको भार (Burden of Proof) अभियोजन पक्षमा नै हुने भन्ने प्रमाण ऐन, २०३१ को दफा २५ को कानूनी प्रावधान रहेको देखिन्छ। यी प्रतिवादीहरू उपरको अभियोजन दाबी ठोस र वस्तुनिष्ठ प्रमाणबाट अभियोजन पक्षले पुष्टि वा प्रमाणित गर्न सकेको देखिंदैन। स्वतन्त्र एवम् ठोस तथा वस्तुनिष्ट प्रमाणबाट यी प्रतिवादीहरूले सरकारी कागजात अर्थात नापी कार्यालयको फिल्डबुक सच्याएको वा सो प्रयोजनको लागि घुसरिसवत दिएको वा दिन लगाएको वा दिने कार्यमा कुनै पनि तरिकाले संलग्न रहेको भन्ने मिसिल प्रमाणबाट नदेखिएको अवस्थामा शंकाको सुविधा यी प्रतिवादीहरूले पाउने (Benefit of doubt goes to accused) देखियो। फौजदारी न्यायको सो मान्य सिद्धान्त विपरित यी प्रतिवादीहरू सूर्य बहादुर खडका, निर बहादुर खडका भन्ने केशव खडका, दुर्गा बहादुर खिलेङगे सार्की, किरण पाण्डे, रामबहादुर भन्ने झर्के सार्की र दिनेश खडकाको हकमा केबल अनुमानको भरमा आरोप दाबीबमोजिमको कसूर कायम गरी सजाय गर्नु न्यायोचित देखिएन।

३९. अतः माथि विवेचित आधार र कारणबाट प्रतिवादीहरू भूप बहादुर खत्री गौली, पृथीमान सार्की र विष्णुदेव प्रसाद चौधरीले उदयपुर जिल्लाको तत्कालीन भुमरसुवा गा.पा.वडा नं. ४ को कि.नं. ६२ को ५६-१०-० (छप्पन्न बिगाह दश कट्ठा) जग्गाको श्री ५ को सरकारको नाउँमा भएको फिल्ड बुकको जग्गाधनी महल र कैफियत बेहोरा सच्याई किर्ते गरी प्रतिवादी मध्येका पृथीमान सार्कीको नाममा फिल्डबुक तयार पारेको देखिएकोले सरकारी छाप दस्तखत किर्ते तर्फ उल्लिखित तीन जना प्रतिवादीहरूलाई सो कसूरमा सजाय हुने ठहरी श्री सर्वोच्च अदालतबाट मिति २०७९/०३/१६/०५ मा फैसला भई अन्तिम भएको देखिन्छ। सो फिल्डबुक सच्याउनको निमित्त प्रतिवादी पृथीमान सार्कीले प्रतिवादी विष्णुदेव चौधरीलाई रु.५०,०००।- (पचास हजार रुपैयाँ) घुस रिसवत प्रतिवादी गंगा बहादुर भुजेल

मार्फत दिएको भनी अनुसन्धानको बयान बेहोराबाट पुष्टि भएकोले प्रतिवादीहरू विष्णुदेव प्रसाद चौधरी, भुप बहादुर खत्री गौली, पृथीमान सार्की र गंगाबहादुर भुजेलले संयुक्त रुपमा मिलेमतो गरी बदनियत राखी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को खण्ड (ख), दफा ३ को उपदफा (२) र दफा ११ बमोजिमको कसूर गरेको भन्ने प्रतिवादीहरू उपरको उजुरी, सह-अभियुक्तको पोलयुक्त बयान, विशेषज्ञको लिखत परीक्षणको राय र कीर्ते मुद्दामा भएको अन्तिम फैसला समेतको आधार प्रमाणबाट पुष्टि हुन आयो। तसर्थ निज प्रतिवादीहरूलाई उपर्युक्त कसूर गरेकोमा उल्लेखित ऐनको दफा ३ को उपदफा (१)को खण्ड (ख) बमोजिम जनही ३(तीन) महिना कैद र रु. ५०,०००।- (पचास हजार रुपैयाँ) जरिबाना तथा सोही ऐनको दफा ११ बमोजिम जनही एक वर्ष कैद र रु. ५०,०००।- (पचास हजार रुपैयाँ) समेत जरिबाना हुने ठहर्छ। अन्य प्रतिवादीहरू उपरको आरोपदावी पुग्न सक्ने नदेखिंदा निजहरूले सफाई पाउने ठहर्छ। अरुमा तपिसल बमोजिम गर्नू।

**सदस्य** **सदस्य** **अध्यक्ष**

**फैसला तयार गर्न सहयोग पुर्‍याउनेः**

इजलास अधिकृतः रोशनकुमार झा

कम्प्युटर अपरेटरः भानु बस्नेत

**इति संवत् २०८० साल फाल्गुन महिना १७ गते रोज ५ शुभम्.........................................................।**

**श्री**

**विशेष अदालत काठमाडौं**

**इजलास नं.१**

**अध्यक्ष माननीय श्री टेकनारायण कुँवर**

**सदस्य माननीय श्री तेज नारायण सिंह राई**

**सदस्य माननीय श्री मुरारीबाबु श्रेष्ठ**

**फैसला**

**मुद्दा नं.०८०-CR-०१०६**

**दर्ता मितिः२०८०/११/०६**

**कसुर ठहर मितिः२०८१/०५/२४**

**कसुर ठहर निर्णय नं.-९**

**सजाय निर्धाण मितिः२०८१/०६/०७**

**सजाय निर्धारण नं.-१**

**मुद्दाः सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरी भ्रष्टाचार गरेको।**

**बादी** : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृतहरू मानबहादुर बस्नेत, राजेशकुमार दास र रविन्द्र महतको प्रतिवेदनले नेपाल सरकार।

**विरुद्ध**

**प्रतिवादी** : रामप्रसाद शर्माको नाति, लवप्रसाद शर्माको छोरा काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं ३१ स्थायी ठेगाना भइ हाल जिल्ला काठमाडौं, काठमाडौं म.न.पा. वडा नं. २८ धोबिधारा बस्ने मेलम्ची खानेपानी विकास समितिका तत्कालीन अध्यक्ष र खानेपानी मन्त्रालयका सचिव वर्ष ५५ को **डा.संजय शर्मा** (नागरिकता प्रमाणपत्र नं. २७-०१-७३-१३०१७ काठमाडौं, जारी मितिः २०७३/०९/२५, मोबाइल नं. ९८५१२४४९११) समेत।

- **कुनै बिल, भरपाई र प्रक्रिया नमिलेको कारणबाट कायम हुने बेरुजु र गैरकानूनी लाभ हानि पुऱ्याउने बदनियतका साथ गरेको कार्यबाट उठाइएको बेरुजुलाई पृथक गरेर हेरिनु पर्दछ। बेरुजुको कवचमा भ्रष्टाचार हुनै सक्तैन भनी मान्ने हो भने हरेक बदनियतसाथ गरिएका कार्यले मान्यता हासिल गर्दै जाने र भ्रष्टाचारीले उन्मुक्ति पाउने वातावरण बन्दै जाने हुन्छ। तसर्थ बेरुजुलाई पनि भ्रष्टाचारको आँखाबाट नियालेर हेर्नु पर्दछ। यदि कुनै बदनियत देखिएन भने त्यस्तो बेरुजु भ्रष्टाचारको दागबाट पृथक रहन सक्छ। अन्यथा बेरुजुलाई पनि भ्रष्टाचारजन्य कसुर अन्तर्गत नै हेरिनु पर्दछ। (प्रकरण नं.६१)**
- **यी प्रतिवादीहरू उत्तरदायी भएको संस्थामा यदि सरकारी हानिनोक्सानी भएको छ भने सोको जवाफदेहीता पनि यिनै प्रतिवादीहरू उपर हुनेमा कुनै दुविधा गर्न पर्दैन। साथै अन्यथा प्रमाणित नभएसम्म हिनामिना भएको रकम निज प्रतिवादीहरूकै बदनियतमा हिनामिना भएको हो भनी मान्नुपर्ने हुन्छ। यसको अर्थ मेलम्ची खानेपानी आयोजनाको विभिन्न खरिद प्रक्रियामा भए गरेका कार्यहरू बदनियतपूर्वक भएको तथ्य माथि नै विवेचना गरिसकिएको परिप्रेक्ष्यमा ती कार्यहरू निज प्रतिवादीहरूकै संलग्नता र मिलेमतोमा**

भएको भन्ने आरोपित तथ्यलाई अन्यथा भन्न सकिएन। साथै, प्रतिवादीहरू गजेन्द्रकुमार ठाकुर र सूर्यराज कँडेलले आफूहरूले बहन गरेको पदअनुसार नीति निर्देशन मात्र दिएको र कार्यान्वयन अन्य संरचनागत एकाइहरूबाट भएको भन्ने निज प्रतिवादीका विद्वान् कानून व्यवसायी र स्वयम् प्रतिवादीहरूले लिएको जिकिरसँग सहमत हुन सकिएन।

(प्रकरण नं. १०७)

- स्पष्ट किटान भएको मागदाबी सहितको आरोपपत्र पेस गर्ने दायित्व अभियोजककै हुन आउँछ। तसर्थ बिना मागदाबी कुनै कसुरमा सम्बद्ध देखिएका व्यक्ति प्रतिवादी मात्र हुन् भनी प्रतिवादी खण्डमा नाम लेखिंदैमा अदालत अग्रसर भएर कसुर कायम गर्न र सजाय निर्धारण गर्न मिल्दैन। यदि त्यस्तो गरियो भने यो कानूनको शासनको सिद्धान्त विपरीत मात्र होइन न्यायिक अराजकता (judicial anarchism) हुन जान्छ। (प्रकरण नं.१२३)
- अभियोजनकर्ताले लिएको आरोप मागदाबी भन्दा बाहिर गएर न्याय निरुपण गर्ने अपेक्षा गर्न पनि सकिंदैन। प्रतिवादी कायम गरिए तापनि उनीहरू उपर कसुर के हो भन्न अभियोजन पक्ष आफै हतोत्साही भएको रहेछ भने त्यस्ता व्यक्तिहरूको हकमा अदालतको निम्ति त्यहींनेर रोकिन बाध्यात्मक अवस्था सिर्जना हुन्छ। त्यस्ता व्यक्तिहरू उपर न्यायको रोहमा उत्तरदायी ठहराउनसमेत उचित हुँदैन। यो प्राकृतिक न्यायको सिद्धान्त विपरीत पनि हुन जान्छ। (प्रकरण नं.१२४)

## ठहर खण्ड

### (क) कसुर ठहर खण्डः

१. विशेष अदालत नियमावली, २०८० को नियम ४३ र ४४ बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा प्रतिवादीहरू उपरको आरोपदाबीसहितको मिसिल अध्ययन गरियो। प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट तथा प्रतिवादीहरूको तर्फबाट निम्नबमोजिमका कानून व्यावसायीहरूले प्रस्तुत गर्नुभएको तर्कपूर्ण बहस सुनियो।

निम्नः

| सि.नं. | पक्षको नाम | उपस्थित विद्वान् कानून व्यवसायी |
|---|---|---|
| १. | वादी नेपाल सरकार | १) सहन्यायाधिवक्ता श्री मोहनसागर बस्याल<br>२) उपन्यायाधिवक्ता श्री श्रीधर अर्याल<br>३) सहायक न्यायाधिवक्ता श्री विमल पन्थी |
| २. | प्रतिवादी डा.संजय शर्मा | १) वरिष्ठ अधिवक्ता श्री कृष्णप्रसाद सापकोटा<br>२) अधिवक्ता श्री ललित बस्नेत<br>३) अधिवक्ता श्री अपूर्व खतिवडा<br>४) अधिवक्ता श्री शान्ति रिसाल काफ्ले |
| ३. | प्रतिवादी भीमप्रसाद उपाध्याय | १) वरिष्ठ अधिवक्ता प्रा.डा. श्री गान्धी पण्डित<br>२) अधिवक्ता श्री चुडामणि पौडेल<br>३) अधिवक्ता श्री कुमारराज कार्की |
| ४. | प्रतिवादी गजेन्द्रकुमार ठाकुर | १) वरिष्ठ अधिवक्ता प्रा.डा. श्री गान्धी पण्डित<br>२) अधिवक्ता श्री सेमन्त दाहाल<br>३) अधिवक्ता श्री दिपेन्द्र झा<br>४) अधिवक्ता श्री रत्नेश्वर शर्मा<br>५) अधिवक्ता श्री विवेककुमार ठाकुर<br>६) अधिवक्ता श्री जमुना भुसाल<br>७) अधिवक्ता श्री परितोष घिमिरे |

| सि.नं. | पक्षको नाम | उपस्थित विद्वान् कानून व्यवसायी |
|---|---|---|
| ५. | प्रतिवादी घनश्याम भट्टराई | १) वरिष्ठ अधिवक्ता प्रा.डा. श्री गान्धी पण्डित<br>२) अधिवक्ता श्री सुवास आचार्य<br>३) अधिवक्ता श्री यज्ञ खतिवडा |
| ६. | प्रतिवादी रामचन्द्र देवकोटा | १) वरिष्ठ अधिवक्ता प्रा.डा. श्री गान्धी पण्डित<br>२) वरिष्ठ अधिवक्ता श्री रमणकुमार श्रेष्ठ<br>३) विअधिवक्ता श्री चन्द्रप्रसाद गुरागाई |
| ७. | प्रतिवादी सूर्यराज कँडेल | १) वरिष्ठ अधिवक्ता प्रा.डा. श्री गान्धी पण्डित<br>२) वरिष्ठ अधिवक्ता श्री शरदप्रसाद कोइराला<br>३) अधिवक्ता श्री सुरेशचन्द्र खरेल<br>४) अधिवक्ता श्री माधव बस्नेत<br>५) अधिवक्ता श्री लक्ष्मीदास थापा<br>६) अधिवक्ता श्री खडानन्द कँडेल |
| ८. | प्रतिवादी मुकुन्दप्रसाद पौडेल | १) वरिष्ठ अधिवक्ता श्री कृष्णप्रसाद सापकोटा<br>२) अधिवक्ता श्री अपूर्व खतिवडा |
| ९. | प्रतिवादी रुद्रसिंह तामाङ | १) वरिष्ठ अधिवक्ता श्री ताराबहादुर सिटौला<br>२) अधिवक्ता श्री अभिषेक सिटौला |
| १०. | प्रतिवादी चन्द्रबहादुर थापा | |
| ११. | प्रतिवादी मणिभद्र न्यौपाने | १) वरिष्ठ अधिवक्ता श्री कृष्णप्रसाद सापकोटा<br>२) अधिवक्ता श्री अपूर्व खतिवडा |
| १२. | प्रतिवादी रामचन्द्र न्यौपाने | |
| १३. | प्रतिवादी केदारप्रसाद अर्याल | |
| १४. | प्रतिवादी वेगनाथ पौडेल | १) अधिवक्ता कृष्णजिवि घिमिरे |
| १५. | प्रतिवादी भोजबिक्रम थापा | १) अधिवक्ता श्री सुवास आचार्य<br>२) अधिवक्ता श्री यज्ञ खतिवडा |
| १६. | प्रतिवादी शिव कुमार शर्मा | १) वरिष्ठ अधिवक्ता श्री मेघराज पोखरेल<br>२) अधिवक्ता श्री चुडामणि पौडेल<br>३) अधिवक्ता श्री नारायणप्रसाद कोइराला<br>४) अधिवक्ता श्री रामप्रसाद चापागाई |

२. **वादी नेपाल सरकारको तर्फबाट रहनु भएका विद्वान् न्यायाधिवक्ताहरूको तर्कः-**

क. सार्वजनिक खरिद ऐन, २०६३ को मुख्य उद्देश्य पारदर्शिता, उत्तरदायित्व र सार्वजनिक स्रोतको दक्षतापूर्ण प्रयोग सुनिश्चित गर्नु हो र यसको दफा ३ र ५ अनुसार विदेशी लगानी वा ऋणमा आधारित परियोजनाहरूमा पनि नेपालको कानून लागू हुन्छ भन्ने व्यवस्था गरेबमोजिम यस मेलम्ची खानेपानी परियोजनामा पनि यसै ऐन लागू हुन्छ।

ख. २४ जनवरी २००१ मा गरिएको सम्झौताले ADB को खरिद निर्देशिका (Procurement Guideline) अनुसार बोलपत्र (Bidding), मूल्याङ्कन (Bid Evaluation) र ठेक्का प्रदान (Award of Contract) गर्ने शर्त राखेको भए तापनि यसले सम्झौतापछिको खरिद प्रक्रियालाई नियन्त्रण गर्न सक्दैन।

ग. ADB को निर्देशिका बोलपत्र आह्वान (Bidding) देखि ठेक्का प्रदान (Award of Contract) सम्म मात्र लागू हुन्छ र नेपालको सार्वजनिक खरिद ऐन खरिदपूर्व, खरिद र खरिदपश्चात सम्पूर्ण प्रक्रियामा लागू हुन्छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८७क. अनुसार ADB को निर्देशिकामा उल्लेख नभएका मामिलाहरूमा नेपालको ऐन लागू हुन्छ। सम्झौताको General Conditions of Contract (GCC) अनुसार, ठेक्काको कानूनी प्रावधान नेपालको कानून (Law of Nepal) अनुसार हुन्छ।

घ. पेस्की भुक्तानीको कानूनी व्यवस्था (Advance Payment) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क. अनुसार

हुन्छ र ठेक्का रकमको २०% भन्दा बढी नभएको अवस्थामामात्र पेस्की (Advance Payment) दिन सकिने देखिन्छ। यदि ठेक्का सम्झौताको शर्त पालना नगरी ठेक्का अन्त्य भएमा, पेस्की रकम सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(६) अनुसार १०% ब्याज सहित फिर्ता लिनुपर्छ। र यदि पेस्की बिलबाट कट्टा नगरी रकम फिर्ता नलिइएमा, जमानत जफत गरी ब्याजसहित असुल गर्नुपर्छ।

ङ. सम्झौता र सार्वजनिक खरिद ऐन, २०६३ ले अतिरिक्त अग्रिम भुक्तानी (Additional Advance Payment) को व्यवस्था गरेको छैन। नियमित रुपमा काम प्रगतिअनुसार रनिङ बिल (Running Bill/ IPC) बाट मात्र भुक्तानी हुने व्यवस्था छ। प्रस्तुत मुद्दामा Employer (मेलम्ची खानेपानी विकास बोर्ड) ले सम्झौतामा उल्लेख नगरेको अतिरिक्त अग्रिम भुक्तानी गरेको छ र यसलाई समायोजन (Recovery) गरिएको छैन।

च. IPC 41-45 सम्मको रनिङ बिलबाट Regular Advance Payment मात्र कट्टा गर्ने निर्णय भए पनि Additional Advance Payment फिर्ता गरिएको छैन र प्रतिवादीहरूले पहल गरेको पनि देखिंदैन।

छ. मेलम्ची खानेपानी विकास समिति र निर्माण व्यवसायी बीच ११, १२ र १४ जुलाई २०१३ मा भएको संयुक्त बैठकले अघिल्लो कम्पनीले छाडेका निर्माण सामग्री, मेसिन, उपकरण, घर आदिको प्रयोग गर्ने र यसको भाडा (Rental Charge) तिर्ने सहमति गरेको थियो। साथै, General Condition of Contract (GCC) को Clause 4.20 ले पनि Equipment प्रयोग गर्दा भाडा तिर्ने व्यवस्था गरेको छ। सोहीअनुसार परामर्शदाता (EPTISA-BETS J/V) ले २९ अप्रिल २०१५ सम्म प्रयोग गरिएका सामग्रीको भाडा रू.११,६६,०२,४३७।३१ निर्माण व्यवसायीको रनिङ बिलबाट कट्टा गर्न सिफारिस गरेकोमा निर्माण व्यवसायीले ८ जुन २०१६ मा यसलाई अस्वीकार गरेको हो र ३० अप्रिल २०१५ देखि १५ डिसेम्बर २०१८ सम्म थप रू.२७,६६,४८,३५३.३३ भाडा असुल हुनुपर्नेमा उक्त रकम असुल उपर गरिएन।

ज. भेरियसन, परामर्शदाता शुल्क, करेन्सी एडजस्टमेन्ट लगायतका अतिरिक्त भुक्तानी गरिएको छ जसले नेपाल सरकारलाई थप हानि हुन गएको छ। General Condition of Contract (GCC) को बुँदा नं. १३.३ अनुसार भेरिएसन (अतिरिक्त कार्य/परिवर्तन) परामर्शदाताको सिफारिस र स्वीकृति पछि मात्र भुक्तानी हुनुपर्नेमा मेलम्ची बोर्डले स्वीकृति प्रक्रिया पूरा नगरी भेरिएसन-१३ को रकम भुक्तानी गरेको देखिन्छ।

झ. बोर्डको २७७औं बैठकले "सम्झौताको प्रावधान अनुसार मात्र भुक्तानी गर्ने" निर्णय गरे तापनि सो अनुसार नभई भुक्तानी भएको देखिन्छ र Insurance Claim नमिलेपछि परामर्शदाताले भेरिएसन फिर्ता लिएको तर रकम असुल गरिएको देखिंदैन। यस कारण नेपाल सरकारलाई दश करोड रुपैयाँ नोक्सानी पुर्याएको छ।

ञ. General Condition of Contract (GCC) अनुसार Provisional Sums (आकस्मिक खर्च) को व्यवस्था १५% सम्म मात्र हुन सक्छ र किटानी (स्पेसिफिक) कार्यका लागि मात्र प्रयोग गर्न सकिन्छ। तर सार्वजनिक खरिद ऐन, २०६३ ले यस्तो अनियमित भुक्तानीलाई मान्यता दिएको छैन। रनिङ बिल ३९ बाट आकस्मिक खर्च भुक्तानी दरेको देखिन्छ तर पछिका बिलहरूबाट कट्टा गरिएको देखिंदैन।

ट. अम्बाथान, ग्याल्थुम, सिन्धु अडिट टनेल निर्माण कार्यमा पटक-पटकको रनिङ बिल (IPC) हरू मार्फत अत्यधिक भुक्तानी गरिएको छ। IPC 41 मा मात्र झन्डै रू.२८ करोड १३ लाख बढी भुक्तानी गरिएको जुन नियमानुसार समायोजन वा असुल गर्नुपर्नेमा समायोजन वा असुल गरिएको छैन। त्यसैगरी, IPC 45 र IPC 46 सम्ममा बढी भुक्तानी समायोजन भइसकेको देखाइएको भए तापनि *Valuation After Termination* प्रतिवेदन अनुसार करिब *रू.१६ करोड ३१ लाख* बढी भुक्तानी अझै कायम देखिन्छ।

ठ. इटालियन कम्पनी CMC को ठेक्का *नियमानुसार अन्त्य भइसकेपछि पनि परामर्शदातालाई भुक्तानी* दिइएको देखिन्छ। विशेषगरी, *Terms of Reference* नतोकी, सम्झौता अवधि स्पष्ट नबनाई सम्झौता गरिएको तथा ठेक्का समाप्तिपछि पनि परामर्श सेवाको निरन्तरता औचित्यहीन देखिएको छ।

ड. अब, असुल हुन नसकेको रकमको कानूनी स्थिति के हुन्छ भन्ने विषयमा "बेरुजु" र "भ्रष्टाचार" को पारिभाषिक भिन्नता प्रस्ट रुपमा उल्लेख गरिएको छ। आर्थिक कार्यविधि ऐन, २०७६ अनुसार प्रक्रियागत त्रुटि वा लेखा अभिलेख नराखिएको अवस्थामा "बेरुजु" को श्रेणीमा पर्छ। तर भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार बदनियतपूर्वक गरिएको कार्य, जसमा स्वार्थ, कपट वा भ्रष्ट उद्देश्य रहेको हुन्छ भने त्यो "भ्रष्टाचार" को परिधिमा आउँछ।

ढ. यसरी प्रतिवादीहरूले मेलम्ची खानेपानी आयोजनाको विभिन्न खरिद प्रक्रिया (अतिरिक्त मोबिलाइजेसन बापतको पेस्की, Rental Charge, भेरियसन स्वीकृति विना रकमको भुक्तानी, आकस्मिक खर्चको भुक्तानी, निर्माण कार्यको भुक्तानीसमेत) मा बदनियतपूर्वक कार्यहरू गरेको देखिन्छ। प्रतिवादीहरूबाट उक्त कार्य गर्दा सार्वजनिक खरिद कार्यलाई मितव्ययी, पारदर्शी र प्रभावकारी बनाउन गरिएका कानूनी प्रावधानहरूको बदनियतपूर्वक उल्लङ्घन भएको अवस्था छ।

ण. प्रतिवादीहरूले अदालतको बयानमा लिएको इन्कारी बयान सहितको जिकिर तर्फ हेर्दा समेत प्रस्तुत विषय Arbitration को विषय भएको भन्ने बाहेक निर्दोषिताको अन्य प्रमाण कागज पेस गरी आफ्नो निर्दोषिता पुष्टि गर्न सकेको अवस्था छैन। तसर्थ, प्रतिवादी कायम गरिएका सम्पूर्ण प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम कसुर ठहर गरी सजाय गरी पाऊँ।

३. **प्रतिवादी डा. संजय शर्माको तर्फबाट उपस्थित विद्वानज्यूहरूले गर्नु भएको तर्कः-**

क. यी प्रतिवादी विरुद्धको अभियोजनमा थप पेस्की बापत निर्माण व्यवसायीलाई प्रदान गरेको रकम (रू.५३,६३,२५,०००।-) को कारणबाट आरोप लिईएको हो कि सो रकम बापत असुल हुनुपर्ने ब्याज असुल नभएको कारणबाट आरोप लिईएको हो प्रष्ट हुन सकेको छैन।

ख. हाम्रो पक्ष विरुद्धको अभियोजनमा अतिरिक्त पेस्कीबापत भुक्तानी भएको रकममा लाग्ने ब्याज असुल नगरी सरकारी सम्पत्ति बदनियतपूर्वक हानिनोक्सानी गरे गराएको भन्ने आरोप उल्लेख भएको रहेछ। तथापि कुन नेपाल कानूनमा त्यस्तो अतिरिक्त पेस्कीबापत ब्याज रकम लिने प्रावधान उल्लेख छ भन्ने सम्बन्धमा आरोपपत्रमा खुलाइएको छैन।

ग. आरोपपत्रको पृष्ठ ५६ मा केवल यतिमात्र भनिएको छः "विद्यमान कानूनको विश्लेषण गरी हेर्दा कानूनी तवरमा ठेक्का सम्झौताले अनुमति दिएको पेस्की रकममा ब्याज असुल गर्नुपर्ने अनिवार्य व्यवस्था कानूनमा तोकिएको छ भनी कुनै कानूनमा उल्लेख नै नभएको, ठेक्का सम्झौतामा समेत कुनै व्यवस्था नगरिएको, अतिरिक्त मोबिलाइजेसन पेस्की भुक्तानी दिने कार्य कानूनको भावना र मर्मका साथसाथै कानूनी प्रावधानको विपरीत रहेको देखिँदा त्यसरी दिएको अतिरिक्त पेस्की रकममा नेपालको कानूनअनुसार ब्याजसमेत लाग्नेमा सो नगर्ने कार्यलाई कानूनसङ्गत मान्न सकिने अवस्था देखिएन।"

घ. यस प्रकार अतिरिक्त पेस्की बापत ब्याज लाग्ने" कुनै व्यवस्था गरिएको थिएन। यसैले, प्रस्तावित भुक्तानी गैरकानूनी भनी व्याख्या गर्नु स्वयम् असङ्गत हुन्छ। जब त्यो भुक्तानी ठेक्का र FIDIC को ढाँचाभित्र भए पनि त्यसमा ब्याज सम्बन्धी दफा थपिएको छैन, सार्वजनिक खरिद ऐन वा अन्य प्रचलित कानूनमा पनि यस्तो अतिरिक्त पेस्की बापत अनिवार्य ब्याज असुल गर्नुपर्ने प्रावधान नभएको हुँदा केवल "कानूनको भावना" भन्ने आधारमा अभियोग लगाउनु प्रचलित आपराधिक कानूनी मान्यताबमोजिम भएको भन्नु न्यायसङ्गत हुँदैन।

ङ. आयोजनालाई समयमै सम्पन्न गर्न असल मनसायको साथ सम्बन्धित निर्णय र कार्य भएका हुन्। भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार कुनै कार्य "भ्रष्टाचार" मानिनको लागि त्यसमा *"बदनियत (Mens Rea)"* हुनु अनिवार्य छ। थप पेस्की दिने कार्य आयोजना छिटो सम्पन्न गर्ने उद्देश्य सहित गरिएको, सो रकम निर्धारित प्रयोजनमा मात्र प्रयोग भएको र तीन महिनाभित्र ३ किलोमिटर भन्दा बढी सुरुङ निर्माण सम्पन्न भएको तथ्यले भुक्तानीको

सकारात्मक प्रभाव देखाउँछ। जब निर्णय असल उद्देश्यका लागि गरिन्छ र त्यसले सकारात्मक परिणाम दिन्छ भने त्यो निर्णयलाई "बदनियतपूर्वक लिइएको" भन्नु स्वाभाविक न्यायको विरुद्धमा हुन जान्छ।

च. आरोपपत्रमा "FIDIC Documents ठेक्का सम्झौता सार्वजनिक खरिद सम्बन्धी ऐन कानूनले कहीं कतै परिकल्पनासमेत नगरेको अतिरिक्त पेस्की भुक्तानी (Additional Advance Payment) समेत मेलम्ची खानेपानी समिति, परामर्शदाता तथा व्यवस्थापन समूहको मिलोमतोमा निर्माण व्यवसायीलाई विभिन्न समयमा गैरकानूनी तवरमा दिएको देखिन आयो" भन्ने आरोप हाम्रो पक्ष विरुद्ध लिंदा 'मिलोमतो भएको भन्ने कुनै आधार एवम् प्रमाण पेस हुन सकेको छैन।

छ. हाम्रो पक्ष आयोजना सम्बद्ध विकास समिति वा तालुक मन्त्रालयको जिम्मेवारीबाट हटिसकेपछिको विषयलाई मात्र आधार बनाई अभियोग लिईएको भएबाट नै प्रस्तुत अभियोग अन्यायपूर्ण छ। हाम्रो पक्षलाई सफाइ दिलाई पाऊँ।

४. **प्रतिवादी भीमप्रसाद उपाध्यायको तर्फबाट उपस्थित विद्वान्ज्यूहरूले गर्नुभएको तर्कः-**

क. अन्तर्राष्ट्रिय लेभलको ठेक्कामा FIDIC Contract नै Prevail गर्ने कुरा GCC को व्यवस्था एवम् सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६७ को उपदफा (१) को खण्ड (ख) ले प्रष्ट गरिसकेको हुँदा हालसम्मको राष्ट्रिय अन्तर्राष्ट्रिय Practice एवम् प्रचलित कानूनी व्यवस्था समेतले ADB सँगको सम्झौतामा सार्वजनिक खरिद ऐन, नियम लागू नभै ADB सँगको सम्झौता नै लागू हुने हुन्छ। यदि नेपाल सरकार र अन्तर्राष्ट्रिय दातृ निकाय (जस्तै ADB) बीचको सम्झौतामा विशेष शर्तहरू तय गरिएका छन् भने सार्वजनिक खरिद ऐनको सामान्य व्यवस्था त्यसमा लागू हुँदैन। यही कानूनी आधारले गर्दा ADB सँग भएको समझदारी अनुसार गरिएको थप पेस्की भुक्तानी पूर्णरुपमा कानूनी, वैधानिक र व्यवहारिक अभ्यासअनुसार नै गरिएको हुन्छ।

ख. अभियोगमा उठाइएको मुख्य प्रश्न भनेको थप पेस्की भुक्तानीपछि त्यसमा लाग्ने ब्याज असुल नगरी सरकारलाई हानि पुर्‍याएको भन्ने देखिन्छ। तर यो आरोप स्वयंमा त्रुटिपूर्ण छ, किनकि ठेक्का सम्झौताको दफा १४.२ मा स्पष्ट रुपमा Advance Payment मा ब्याज लाग्दैन भनेर उल्लेख गरिएको छ। यदि सम्झौतामा ब्याज असुल गर्ने व्यवस्था नै छैन भने त्यसको असुल नगरेको आधारमा आपराधिक आरोप लगाउनु कानूनी अनभिज्ञता हो। आरोपपत्रमा पनि कुन कानूनले ब्याज अनिवार्य बनाउँछ भन्ने उल्लेख गरिएको देखिंदैन।

ग. मेलम्ची आयोजना सम्बन्धी गठन आदेश अनुसार बोर्ड तथा सचिवालयको भूमिका समन्वय र नीतिगत निर्णय गर्ने हो, कार्यान्वयन गर्ने होइन। निर्माण व्यवसायीले थप पेस्कीका लागि प्रस्तुत गरेको निवेदनपछि भएको छलफल, मूल्याङ्कन र व्यवस्थापन समूहको प्रस्तावमा आधारित भएर बोर्डले नीतिगत स्तरमा सहमति दिएको मात्र हो। वास्तविक कार्यान्वयन भने व्यवस्थापन समूहले गरेको हो। जसले सम्बन्धित कानूनी र वित्तीय ढाँचामा रहेर ADB सँगको सहमतिबाट नगद प्रवाहको व्यवस्था गरेको थियो। सोही वित्तीय व्यवस्थापनबाट नगद प्रवाह हुन सकेको कारण मेलम्चीको टनेलको निर्माण कार्य सम्पन्न भइ हाल उपत्यकामा थप दैनिक १७ करोड लिटर पानी उपलब्ध हुन सहज भएको हो। यसबाट विगत ४ वर्षदेखि दैनिक करोडौं राजस्व प्राप्त भइरहेको छ। ३० लाख डलर पेस्की बापतको रकम ठेक्का तोडिनासाथ बैंक ग्यारेन्टीबाट जफत गरी नेपाल सरकारको राजस्व खातामा जम्मा भइसकेको छ।

घ. मेलम्ची सुरुङ्ग निर्माणको कार्य उल्लेखनीय ढङ्गले तीव्र भएको छ। थप पेस्की प्राप्त गरेपछि सुरुङ्गको तीन किलोमिटरभन्दा बढी खण्ड केवल तीन महिनामा निर्माण सम्पन्न भएको र हाल उपत्यकामा दैनिक १७ करोड लिटर पानी आपूर्ति भइरहेको देखिन्छ। यसको अर्थ निर्णयले राष्ट्रलाई प्रत्यक्ष फाइदा पुर्‍याएको छ। जब सर्वसाधरणलाई फाइदा पुगेको अवस्थामा बदनियतको कुनै गुन्जायस नै रहँदैन।

ङ. जब ठेक्का सम्झौता रद्द गरियो, त्यही पेस्कीबापतको ३० लाख अमेरिकी डलर बैंक ग्यारेन्टीमार्फत जफत गरी

नेपाल सरकारको खातामा जम्मा भइसकेको छ। यसबाट राष्ट्रलाई आर्थिक सुरक्षाको व्यवस्था गरिसकेको छ र राज्यलाई कुनै हानि भएको छैन। यसप्रकारका सम्झौतामा सामान्यतया विवाद उत्पन्न भएमा समाधानको प्रक्रिया पनि ठेक्कामै उल्लिखित रहेको हुन्छ। जसमा अन्तर्राष्ट्रिय मध्यस्थता केन्द्र (International Arbitration Centre) मा छलफल गरी समाधान खोजिने विषय हो। यस्तो प्रकृतिको विषयवस्तु सम्झौतागत नागरिक विवादको विषय हो, फौजदारी कारबाहीको विषय कदापि हुन सक्दैन त्यसकारण प्रतिवादीहरू उपर लगाइएको आरोपदाबी निरर्थक रहेको छ।

च. प्रस्तुत विवादको विषयमा सार्वजनिक लेखा समितिको प्रतिवेदन, २०७६ को दफा २२ ले हाल सम्झौता रद्द भएको र बैंक ग्यारेन्टी जफत गरिसकेकोले आइन्दा सम्झौतामा उल्लेख भएबमोजिम मात्र गर्नु भनी फछ्र्यौटसमेत भइसकेको छ।

छ. निर्णय लिने प्रक्रिया विधिसम्मत र पारदर्शी रहेको देखिन्छ। निर्णयको परिणाम राष्ट्रहितमा आधारित थियो र आजको दिनसम्म त्यही निर्णयले सकारात्मक आर्थिक, सामाजिक र पूर्वाधारगत उपलब्धि ल्याएको छ। यस्तो अवस्थामा कुनैपनि व्यक्ति वा संस्था विरुद्ध फौजदारी दायित्व सिर्जना हुनुपर्ने देखिंदैन।

ज. यस प्रकारको सम्झौताबाट भएको कार्यबाट फौजदारी दायित्व सिर्जना हुन सक्दैन। तसर्थः उल्लिखित आधार, कारण र सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेतका आधारमा प्रतिवादी उपर लगाइएको अभियोग पूर्णरुपमा त्रुटिपूर्ण हुँदा प्रतिवादी उपरको अभियोग दाबी पुग्न नसक्ने भएकोले अभियोग दाबीबाट पूर्ण रुपमा सफाइ पाऊँ।

५. **प्रतिवादी गजेन्द्रकुमार ठाकुरको तर्फबाट उपस्थित विद्वानज्यूहरूले गर्नु भएको तर्कः-**

क. यी प्रतिवादी भुक्तानी प्रक्रिया भएको समयमा खानेपानी मन्त्रालयका सचिवको पदमा नरही अन्यत्र कार्यरत रहनुभएको तथ्य स्पष्ट छ। ठेक्का भुक्तानीसँग सम्बन्धित कुनै बिल, भौचर, IPC (Interim Payment Certificate) मा प्रतिवादीको हस्ताक्षर नरहेको, टिप्पणी वा आदेशमा संलग्नता नरहेको र कुनै पनि गोश्वारा भौचर सदर नगरेको अवस्थामा निजले सोको दायित्व बहन गर्नु पर्ने हुँदैन।

ख. प्रतिवादी गजेन्द्रकुमार ठाकुरको बोर्ड अध्यक्षको पहिलो कार्यकालको समयमा भए तापनि, व्यवस्थापन समूहमा कार्यरत कर्मचारीहरू, परामर्शदाता इञ्जिनियर तथा कार्यकारी निर्देशक रामचन्द्र देवकोटाले सम्बन्धित टिप्पणीहरू तयार गरी सदर गरेको अवस्थामा प्रतिवादीको गैरसक्रिय भूमिका स्पष्टरुपमा देखिन्छ।

ग. घनश्याम भट्टराई योजनाको उपकार्यकारी निर्देशकको रुपमा मिति ०६९।०२।०४ देखि मिति ०७१।०३।११ सम्म कार्यरत रही पुनः मिति २०७१।०३।१२ देखि मिति ०७३।१२।२१ सम्म योजनाको कार्यकारी निर्देशकको रुपमा कार्यरत रहनु भएको थियो। निर्माण व्यवसायीसँग गरिएको CMC di Ravenna सँगको सम्झौता प्रतिवादी घनश्याम भट्टराईले उपकार्यकारी निर्देशकको रुपमा कार्यरत रहँदा भएको हो। सो समयमा भएको सम्झौताको शर्त र प्रक्रियाको जिम्मेवारी स्वभावतः सम्झौता गर्ने कार्यकारी तहमा कार्यरत व्यक्तिमा हुन्छ। यदि ठेक्काको शर्त, भुक्तानी प्रक्रिया वा निर्माण कार्यको मोडालिटीप्रति कुनै आपत्ति छ भने त्यसको स्पष्टीकरण दिनुपर्ने जिम्मेवारी पनि सोही कार्यकारी पदमा कार्यरत व्यक्तिमै हुन्छ।

घ. त्यस्तै, चाइनिज ठेकेदार CRCC-CMIIC JV ले छाडेका उपकरण र सामग्रीहरू नयाँ ठेकेदार CMC di Ravenna लाई प्रयोग गर्न दिने निर्णय कुन तहबाट भएको हो भन्नेबारे पनि प्रतिवादी गजेन्द्रकुमार ठाकुरको संलग्नता देखिँदैन। यस्तो निर्णय सैद्धान्तिक नीतिगत तहमा नभई कार्यकारी तहमा व्यवस्थापन समूह र कार्यकारी निर्देशकको सल्लाह र निर्णयमा हुने कुरा हो, जसमा प्रतिवादीको हस्तक्षेप रहेको छैन।

ङ. IPC १ देखि IPC ३० सम्मको भुक्तानी घनश्याम भट्टराई कार्यकारी निर्देशकको कार्यकालमा भएको हो।

नियमित पेस्की रकमभन्दा अलग थप गरिएको ८ लाख अमेरिकी डलर बराबरको अतिरिक्त पेस्की रकम र IPC ३१ देखि ४० सम्म गरिएको रू.१.४० अर्बभन्दा बढीको भुक्तानी यी प्रतिवादीको कार्यकालमा भएको होइन। यस्ता भुक्तानी प्रक्रियामा त्रुटि वा अनियमितता भएको छ भने सो को जिम्मेवारी कार्यकारी निर्देशकमा जान्छ।

च. IPC ३४ (संशोधित) बाट Variation No. १३ स्वीकृत नगरिकन गरिएको भुक्तानी तथा सुरुङ्ग सुधारको काम नगरी गरिएको अधिक भुक्तानी, साथै Provisional Sum बापतको दश करोडको भुक्तानी प्रतिवादी गजेन्द्रकुमार ठाकुरको सहमति वा संलग्नता विना, कार्यकारी निर्देशकले स्वीकृति दिएर गरिएको हो। त्यसैले प्रतिवादीमाथि कार्यका लागि जिम्मेवार बनाउनु कानूनी रुपले अन्यायपूर्ण हुनेछ।

छ. प्रतिवादी गजेन्द्रकुमार ठाकुरले कुनै पनि निर्णयमा हस्ताक्षर, भूक्तानी प्रक्रियामा सदर गरेका र कुनै प्रकारको निर्देशन वा गोप्य सहमति दिएका छैनन्। निजले सम्पूर्ण कार्य कानूनी र संस्थागत प्रक्रियाबाट गरिएका छन्।

ज. Provisional sum बापत ठेकेदारलाई दिइएको दश करोड भुक्तानीको निर्णय व्यवस्थापन समूहमा कार्यरत रहेको कर्मचारीहरूले टिप्पणी उठाई कार्यकारी निर्देशकले उक्त टिप्पणी सदर गरी भुक्तानी गरिएको हो, त्यसमा यी प्रतिवादीको संलग्नता छैन। तसर्थ, प्रतिवादी गजेन्द्र कुमार ठाकुरले अभियोगदाबी बमोजिमको कुनैपनि काम नगरेको हुँदा निजलाई सफाइ दिलाई पाऊँ।

६. **प्रतिवादी घनश्याम भट्टराईको तर्फबाट उपस्थित विद्वानज्यूहरूले गर्नुभएको तर्कः-**

क. यी प्रतिवादी उपर दाबी गरिएको रकम रू.२२,७५,१९,८९६।१९ को हिनामिना भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रमाणबाट पुष्टि गर्न सकेको छैन। यस रकमलाई मेलम्ची खानेपानी विकास समितिलाई नोक्सानी भएको रकमको रुपमा दाबी लिइएको छ तर यसमा कुनै ठोस प्रमाण छैन। दाबी गर्ने पक्षले आफ्नो दाबीलाई प्रमाणित गर्नुपर्ने सिद्धान्त र कानूनी व्यवस्था रहेकोमा उक्त अनुसार नभएकोले यी प्रतिवादीले सफाइ पाउनु पर्छ।

ख. वादीले दाबी गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अनुसार rental charge को रकम नेपाल सरकारको सम्पत्ति भएको पुष्टि गर्नुपर्ने आवश्यकता छ जुन वादी पक्षले गर्न सकेको देखिंदैन। ब्याज बापतको दाबीमा यो यस्तो कानूनबमोजिम प्राप्त हुने वास्तविक सम्पत्ति रहेको पुष्टि हुनुपर्छ। कुनै anticipated money आफैमा नेपाल सरकारको सम्पत्ति होइन र नेपाल सरकारको ढुकुटीमा नआएको ब्याज नेपाल सरकारको ढुकुटीको रकम मान्न मिल्दैन। भविष्यमा प्राप्त हुने रकमलाई सम्पत्ति मान्न सकिँदैन, जबसम्म त्यो रकम वास्तवमा प्राप्त भएको छैन।

ग. अतिरिक्त दाबीको रकममा उल्लेख गरिएको rental charge नेपाल सरकारको स्वामित्वमा रहेको निर्माण सामग्री, मेसिन, र उपकरणको होइन भन्ने कुरा स्पष्ट गरिएको छ। यसले दाबीको वैधता र दाबी गरिएको रकमको स्रोतको महत्त्वलाई दर्शाउँछ।

घ. अतिरिक्त दाबीको रकम मध्येको rental charge रू.११,६६,०२,४३७/३१ नेपाल सरकारको स्वामित्वमा रहेको निर्माण सामग्री, मेसिन तथा उपकरणको होइन। मिसिल संलग्न कागजातबाट धनी CRCC-CMICC JV रहेको पुष्टि भईरहेको हुँदा धनीले प्राप्त गर्ने रकम नेपाल सरकारको ढुकुटीमा आउने रकम होइन। उक्त rental को विषयमा महालेखा परीक्षकको छपन्नौ वार्षिक प्रतिवेदन, २०७५ को पृष्ठ २०० मा बेरुजु जनिएको र ठेक्का रद्द पछिको valuation after termination मा परामर्शदाताले सो rental समायोजन गरी मूल्याङ्कन गरेको र मेलम्ची खानेपानी विकास समितिले निर्माण व्यवसायीको धरौटी तथा बैंक जमानतबाट रू.२,४८,८१,१२,०६३।- जफत गरी राखेको र अन्तिम मूल्याङ्कनबाट निर्माण व्यवसायीबाट रू.४७,७३,०१,६८९।१० मात्र लिनुपर्ने देखिएको हुँदा सो भन्दा अधिक नै रकम जफत भई बसेको छ।

ङ. दाबीको रकम मध्येको अर्को ब्याज सम्बन्धी रू.११,०९,१७,४५८।८८ को सम्बन्धमा विपक्षीले सो ब्याजलाई नेपाल सरकारको सम्पत्ति भनी लगाएको आरोप आफैमा त्रुटिपूर्ण छ भने के कुन कानूनबमोजिम प्रतिवादीले अवकाश भैसकेपछि रद्द भएको ठेक्काबाट ब्याज असुल गर्नुपर्ने हो खुलाई स्पष्ट दाबी लिएको छैन।

च. प्रस्तुत मुद्दामा राष्ट्रिय गौरवको आयोजना कार्यान्वयनको विषयलाई व्यक्तिगत भ्रष्टाचारको रुपमा प्रस्तुत गरिएको छ जुन बिलकुल गलत हो। अन्तर्राष्ट्रिय दातृ निकायको निर्देशिका र नियम कानून बमोजिम दुई व्यक्ति बिचमा लागू हुने करार कानूनको अधीनमा रही आयोजना कार्यान्वयनमा जो जहाँ जुन पदमा छ त्यहिंबाट सदनियतले गरेका कामकारवाहीको प्रक्रियाको विषयलाई लिएर मुद्दा दायर हुनु आफैमा दुर्भाग्यपूर्ण हो।

छ. मुद्दामा जुन निर्णय क्षमताहरूलाई विपक्षीले प्रश्न उठाएको छ त्यही निर्णय क्षमताको फलस्वरुप उक्त बहुप्रतिक्षित मेलम्ची खानेपानी आयोजनाको २६ किलोमिटरभन्दा लामो सुरुङ्ग निर्माणको कार्य सम्पन्न भैसकेर काठमाडौंमा खानेपानीको आपूर्ति हुन थालेको सत्यलाई कसैले नकार्न सक्दैन। सदनियतले गरेको राम्रो कार्यलाई भ्रष्टाचारको लेप लगाउनु न्यायोचित हुँदैन।

ज. प्रतिवादी मेलम्ची खानेपानी विकास समितिको कार्यकारी निर्देशक भई कार्यरत रहँदा टनेल निर्माणमा भएको भौतिक प्रगति र ठेक्का व्यवस्थापनको कदर गरी ADB र नेपाल सरकार अर्थ मन्त्रालयले Exemplary Contribution to Improved Project Performance in २०१६ प्राप्त गरेबाट पनि प्रतिवादीको संगठनप्रतिको इमान्दारिता र कामप्रतिको लगाव र जिम्मेवारीलाई पुष्टि गरिरहेको छ।

झ. प्रतिवादी उपर आयोगले भुक्तानी प्रक्रियामा प्रतिवादीको यो यस्तो मिलेमतो थियो, निर्माण व्यवसायीसँग साँठगाँठ थियो भनी विपक्षीले अभियोग लगाउन नसकी राष्ट्रिय गौरवको आयोजना कार्यान्वयनको विषयलाई व्यक्तिगत भ्रष्टाचारको विषय बनाई प्रस्तुत मुद्दा दायर गरेको त्रुटिपूर्ण छ। तसर्थ, दफा १७ को दाबी प्रतिवादीको हकमा पुग्न सक्दैन।

**७. प्रतिवादी रामचन्द्र देवकोटाको तर्फबाट उपस्थित विद्वानज्यूहरूले गर्नु भएको तर्कः-**

क. यी प्रतिवादीले आफ्नो पदीय जिम्मेवारीमा रहँदाको अवस्थामा असल नियतले ठेक्का सम्झौताको प्रावधान अनुरुप इन्जिनियरले पेस गरेको बिलहरूको प्रक्रियागत रुपमा पुरा गर्नुपर्ने प्रक्रिया (भुक्तानी प्रक्रिया) पूरा गरी भुक्तानी दिएको हो। उक्त विषयलाई महालेखापरीक्षकको छपन्नौं वार्षिक प्रतिवेदन,२०७५ मा औंल्याएका बेरुजु रकम र सार्वजनिक लेखा समितिको वार्षिक प्रतिवेदन,२०७६ मा उपकरणको मूल्याङ्कन तथा उपयोग सम्वन्धमा निर्णय गर्दा "स्पष्ट मूल्याङ्कन तथा खपत सामग्रीको अभिलेख राखी निर्माण व्यवसायीको बिल, सामाग्री वा धरौटी आदिबाट रकम कट्टा गर्न निर्देशन दिने" भनी निर्णय भई सकेको सो रकम ठेकेदारको धरौटी रकमबाट ठेक्का सम्झौताको शर्त नं. १५.४(ग) बमोजिम अन्तिम वित्तीय फरफारक हुँदा समायोजन हुने भएको हुँदा यसरी नियमित गर्न सकिने रकमलाई भ्रष्टाचार भएको भनी फौजदारी कसुर कायम हुन सक्ने अवस्था छैन।

ख. इन्जिनियरको ३१ जनवरी २०२३ को Valuation at date of Termination Report मा समेत यी रकमहरू केही समायोजित भै सकेका र केही गर्न बाँकी उल्लेख गरिएको छ। उल्लिखित रिपोर्टमा समेटेका विषय/तथ्यहरूलाई अन्देखा गरेको, अनुसन्धान सतही र वस्तुनिष्ठ नरहेको, विषम परिस्थितिका बाबजुद पनि विश्वकै जटिल र लामो मध्येमा पर्ने, मेलम्ची टनेल निर्माण गर्नेहरूको सदनियतलाई बदनियत भनी अपब्याख्या गरेको कारणले गर्दा हाम्रो पक्ष यी प्रतिवादी विरुद्धको अभियोग दाबी पुग्न सक्ने अवस्था छैन।

ग. प्रस्तुत मुद्दामा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६७ को उपदफा (१) को खण्ड (ख) बमोजिम सार्वजनिक खरिद ऐन आकर्षित नभई ADB Procument Guidlenes लागू हुने, ठेक्का सम्झौताको शर्त नं. १५.४ ग बमोजिम अन्तिम वित्तीय फरफारक गर्दा हिसाब मिलान गर्न सकिने, साथै नेपाल सरकारले ठेकेदारको विभिन्न सुरक्षण रकमहरू जफत तथा नियन्त्रण गरिसकेको अवस्थामा सोही रकमबाट असुल उपर हुने भएको हुँदा

ठेकेदारसँग अन्तिम वित्तीय फरफारक हुन बाँकी नै रहेको तथ्यलाई अन्देखा गरी सतही अनुसन्धान गरी अभियोग नै लाग्न नसक्ने अवस्थामा जबरजस्त रुपमा फगत कानूनका दफाहरू मात्र उल्लेख गरी दायर भएको अभियोगका आधारमा यी प्रतिवादीलाई सजाय नगरी सफाइ हुनु पर्दछ।

८. **प्रतिवादी सूर्यराज कडेंलेको तर्फबाट उपस्थित विद्वानज्यूहरूले गर्नु भएको तर्कः-**

क. प्रतिवादी सूर्यराज कडेल सन् २०१८ सेप्टेम्बर १७ (वि.सं. २०७५ असार ३) देखि मेलम्ची खानेपानी विकास समितिमा कार्यकारी निर्देशकको रुपमा नियुक्त भई कार्यरत रहेका थिए। यद्यपि, उहाँ कार्यकारी निर्देशकको पदमा भए पनि मेलम्ची बोर्डले विभागीय प्रमुखको अधिकार प्रत्यायोजन नगरेको कारणले उहाँ स्वतः विभागीय प्रमुख हैसियतमा रहने आधार थिएन। बोर्डको बैठक नम्बर २८३ देखि २९२ सम्मको अवधिमा यस्तो अधिकार दिने निर्णय नभएको स्पष्ट छ। यस आधारमा उहाँलाई विभागीय प्रमुख सरह ठहर गरी गरिएको आरोप कानूनी रुपमा त्रुटिपूर्ण देखिन्छ।

ख. यी प्रतिवादी आफ्नो पदमा रही कार्य गर्दा Employer's Design विधिको FIDIC खरिदबमोजिम निर्माण व्यवसायी (ठेकेदार) CMC di Ravenna लाई थप पेस्की दिने कार्य गरेको तथा उक्त व्यवसायीलाई भुक्तानी दिएको अनियमित भएको भन्ने अभियोग छैन। तसर्थ, निजबाट भएको भुक्तानी र त्यससम्बन्धी कार्य वैध र विवादरहित रहेको छ।

ग. अभियोगपत्रमा सूर्यराज कडेलमाथि झण्डै ८९ करोड रुपैयाँ बराबरको सार्वजनिक सम्पत्ति हिनामिना गरेको आरोप लगाइएको छ। तर उक्त रकम मध्ये कुनकुन रकम यी प्रतिवादीको कार्यकालअघि दिइएको हो र कुनकुन निजको कार्यकालमा दिइएको हो भन्ने विवरण प्रष्ट छैन। साथै, आयोजना सुरुदेखि नै ठेकेदार कम्पनीसँग विभिन्न विवाद उत्पन्न भई समाधानका लागि DAB (Dispute Adjudication Board) मा लाँदा ७ वटा विवाद ठेकेदारको पक्षमा र २ वटा विवाद आयोजना (नेपाल सरकार) को पक्षमा निर्णय भएको थियो। त्यो निर्णयका आधारमा नेपाल सरकारले १ अर्ब ७३ करोडभन्दा बढीको आर्थिक लाभ लिएको प्रमाणित छ। नेपाल सरकारलाई भएको लाभ यी प्रतिवादीको कारण भएको तथ्य स्थापित नै छ।

घ. यस मुद्दामा लाभ लिएको भनिएको मात्र निर्माण व्यवसायी CMC di Ravenna रहेको आरोपपत्रले नै पुष्टि गर्छ। निज प्रतिवादीलाई दाबी लिएको रकम रू.६५,१४,५७,४१०।० हो। तर यसै मुद्दाका मेरो पक्षलाई लाभ लिने व्यक्ति भन्दा रू.८९,०८,९८,२८४।० दाबी लिएको देखिन्छ। जुन फरक रकम हो सो लाभ लिने पात्र किटान गरी दाबी लिन सकेको छैन।

ङ. तसर्थ निज प्रतिवादीउपरको आरोपदाबी स्पष्ट छैन, तथ्यमा आधारित छैन र अनुसन्धान पूर्वाग्राही, बदनियतपूर्ण र अनुमानमा आधारित भएको देखिन्छ। यी प्रतिवादीले आरोपदाबी बमोजिम कसुर गरेको छैनन् र वादी पक्षले प्रमाणबाट पुष्टि गर्न नसकेको हुँदा निजले आरोपदाबीबाट सफाइ पाऊँ।

९. **प्रतिवादी रुद्रसिंह तामाङको तर्फबाट उपस्थित विद्वानज्यूहरूले गर्नु भएको तर्कः-**

क. संघीय संसद अन्तर्गत प्रतिनिधि सभाको सार्वजनिक लेखा समितिले २०७६ को वार्षिक प्रतिवेदनमा अतिरिक्त पेस्की सम्बन्धमा स्पष्ट निर्देशन दिएको छ। उक्त प्रतिवेदनमा समितिसँग सम्बन्धित खण्डको क्रं.सं. २२, बेरुजु दफा २२ मा महालेखा परीक्षकको कार्यालयले अतिरिक्त पेस्की सम्बन्धमा लेखा उत्तरदायी अधिकृत तत्कालीन सचिव जमानत बसी पेस्की रकम उपलब्ध गराएकोले पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्ने गरी भएको बेरुजु उपर छलफल गरी **"हाल सम्झौता रद्द भएको र बैंक ग्यारेन्टी जफत गरिसकेकोले अब आइन्दा सम्झौतामा उल्लेख भए अनुसार मात्र गर्न निर्देशन दिने"** भनी सार्वजनिक लेखा समितिले निर्णय गरेको छ। यसरी अतिरिक्त पेस्कीलाई बेरुजु मान्ने नपर्ने भन्ने निष्कर्ष सार्वजनिक लेखा समितिले निकालिसकेको छ।

ख. सार्वजनिक लेखा समितिको आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(३) र (४), आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४१ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९१ मा महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औँल्याइएका बेरुजुको सार्वजनिक लेखा समितिमा छलफल हुने र प्रतिनिधि सभाबाट स्वीकृत सार्वजनिक लेखा समितिको प्रतिवेदन बमोजिम कर्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ। जस अनुसार, महालेखा परीक्षकको प्रतिवेदनका बेरुजुहरू सार्वजनिक लेखा समितिमा छलफल भएर प्रतिनिधि सभाबाट स्वीकृत प्रतिवेदनका आधारमा मात्र कार्यान्वयन गर्नुपर्ने कानूनी प्रावधान छ। जब सार्वजनिक लेखा समितिले सो विषयलाई बेरुजु होइन भनेर निर्णय गरिसकेको छ, त्यसपछि त्यही विषयलाई पुनः आरोप बनाएर ब्याजसहित बिगो कायम गर्नु कानूनसङ्गत हुँदैन।

ग. अभियोग दाबी बमोजिम कसुर पुष्टि हुन सरकारी सम्पत्ति हिनामिनाको कार्य राष्ट्रसेवकले गरेको देखिनुपर्ने र हानिनोक्सानी वा दुरुपयोग गरे गराएको वा निजी प्रयोगमा लगाएको देखिनु पर्ने हुन्छ। अभियोजन पक्षले नै उक्त अतिरिक्त पेस्की बापतको रकम असुल भइसकेको स्वीकार गरिसकेको छ। त्यसैले पनि बिगोको विषय सकिएको ठहर्छ। ब्याज गणना गर्ने विषयमा पनि कुनै कानूनी आधार उल्लेख नगरिएको र प्रतिनिधि सभाको प्रतिवेदनमा ब्याज लिनुपर्ने निर्णय नभएको अवस्था छ। आरोपपत्रले प्रतिवादी रुद्रसिंह तामाङको पदेन भूमिकाबाट ब्याज असुलीमा उनको जिम्मेवारी के थियो भन्ने पनि प्रष्ट पार्न सकेको छैन।

घ. आरोपपत्रमा ब्याजको गणनासमेत कुनै कानूनी आधारबिना गरिएको छ र ब्याज लिनुपर्ने भन्ने कुनै वाध्यकारी व्यवस्थासमेत उल्लेख गर्न सकेको छैन। प्रतिवादी रुद्रसिंह तामाङको पदेन सदस्यको हैसियतले ब्याज असुल गर्नमा जिम्मेवारी र भूमिका के थियो भन्ने समेत अरोपपत्रमा खुलाउन नसकेको हुँदा अभियोग दाबी बमोजिम कसुर पुष्टि हुन सकेको छैन।

ङ. अभियोजनपक्षबाट प्रतिवादीले गरेको कार्यलाई सरकारी सम्पत्ति हिनामिना ठहर गर्ने कानूनी मापदण्ड पूरा भएको देखिँदैन। साथै, कुनै हानिनोक्सानी, दुरुपयोग वा निजी प्रयोग भएको भनी प्रमाणित भएको छ। प्रतिनिधि सभाको सार्वजनिक लेखा समितिले प्रतिवेदनमा हानिनोक्सानी भएको तथा ब्याज लिनुपर्ने भनी निर्णय पनि गरेको छैन। तसर्थ यी प्रतिवादीले सफाइ पाउनु पर्छ।

**१०. प्रतिवादी मुकुन्दप्रसाद पौडेलको तर्फबाट उपस्थित विद्वानज्यूहरूले गर्नुभएको तर्कः-**

क. विपक्षी अभियोजनकर्ताबाट भएको अभियोजनमा प्रथम दृष्टि मै लागू नहुने सार्वजनिक खरिद ऐन, २०६३ को व्यवस्थालाई मात्र उल्लेख गरेर भएको विश्लेषण त्रुटिपूर्ण छ। अभियोजनपक्षले सार्वजनिक खरिद ऐन, २०६३ को व्यवस्था उल्लङ्घन गर्दै २०% भन्दा बढी मोबिलाइजेसन पेस्की दिइएको भनी यी प्रतिवादीउपर आरोपदाबी लिएकोमा उक्त ऐनमा २०% को सीमाबारेको व्यवस्था कार्य भएताका (मिति २०७३/०३/०१) लागू नै भएको थिएन। यो प्रावधान मिति २०७३/०३/३० मा समावेश गरिएको हो। त्यसकारण, मेलम्ची खानेपानी विकास समितिको २६३औं बैठकबाट गरिएको निर्णय त्यो बेला लागू कानूनअनुसार गलत थिएन।

ख. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क. को व्यवस्था निर्णयको समयमा अस्तित्वमै थिएन। त्यसकारण उक्त बैठकले पेस्की दिने निर्णय गर्दा कुनै कानूनी सीमा उल्लङ्घन भएको भन्ने कुरा तथ्यविहीन र गलत व्याख्या हो।

ग. यी प्रतिवादीउपर थप पेस्की दिइएको भन्ने र सो पेस्की बापत ब्याज असुल नगरिएको भन्ने मुख्य दाबी रहेकोमा यी प्रतिवादीले के कसरी उक्त दाबी अनुसार कार्य गरेको र अभियोजन पक्षले कुन बिन्दुमा आरोप लगाइएको हो भन्ने कुरा प्रष्ट रुपमा उल्लेख गरेको छैन। अर्को तर्फ यी प्रतिवादी उपर पेस्की रकमलाई "सरकारी सम्पत्ति बदयतपूर्वक हानिनोक्सानी र निर्माण व्यवसायीलाई लाभ पुर्याएको" भन्ने आरोप रहेको छैन।

घ. आरोपपत्रको पृष्ठ ७० मा उल्लेख भएको "एडीबी मिसनको ५-१६ अप्रिल २०१६ को मेलम्ची निर्माण सम्बन्धी

मिसन रिपोर्टमा निर्माण व्यवसायीको आर्थिक अवस्था कमजोर रहेकोले तोकिएको गतिमा प्रगति हासिल गर्न एक पटकको लागि र पछि यस प्रकारको कुनै आर्थिक सहयोग नचाहिने प्रतिबद्धतामा US $ ५ Million अतिरिक्त मोबिलाइजेसन पेस्की दिएको कार्यको प्रगति सन्तोषजनक रुपमा कार्यसम्पादन नगरेको, Rectification को कार्य नगरेको, गुणस्तर पनि सुधार गर्न नसकेको निर्माण व्यवसायीलाई कारवाही गर्नुको सट्टा निज निर्माण व्यवसायीलाई फरक ढङ्गले सहयोग गरी" उल्लेख गरेर सुरुमा प्रदान गरेको अतिरिक्त पेस्की प्रदान गर्नुको आधार, कारण स्वीकार गरी सो पेस्कीको शर्तको कार्यान्वयनको विषयमा प्रश्न उठाएको कारणबाट विपक्षीले समेत सुरुमा प्रदान गरेको अतिरिक्त पेस्कीको औचित्य र पेस्कीको शर्तलाई स्वीकार गरेको सहजै देखिन्छ।

ङ. पेस्की भुक्तानीको प्रक्रियामा संलग्न लेखा प्रमुख वा आर्थिक प्रशासन शाखाका अन्य कुनै पनि अधिकारीलाई उक्त पेस्की भुक्तानीको सम्बन्धमा अभियोजन नगरी पछिल्लो अतिरिक्त पेस्की भुक्तानीको सम्बन्धमा संलग्न लेखा प्रमुखको हकमा अभियोजन गरिएकोबाट पनि विपक्षी स्वयमले सुरुको पेस्की आफैमा औचित्यपूर्ण रहेको र पेस्कीको शर्त बाध्यात्मक रहेको स्वीकार गरी हाम्रो पक्षको हकमा थप पेस्कीको सम्बन्धमा हानिनोक्सानी र गैरकानूनी लाभको आरोप लिन नसकेर केवल ब्याज असुलको मात्र आरोप लिएको छ।

च. यसप्रकार विपक्षी अभियोजनकर्तालेनै स्पष्ट अभियोजन नलिएको अवस्थामा सम्मानित अदालतले स्वयम् यी प्रतिवादीले के कसुर गरेको हो भन्ने निष्कर्ष निकाल्न र कसुरदार ठहर गर्न मिल्दैन। आरोपित कसुरबाट सफाइ होस भनी बहस प्रस्तुत गर्नुभयो।

**११. प्रतिवादी चन्द्रबहादुर थापाको तर्फबाट उपस्थित विद्वानज्यूहरूले गर्नुभएको तर्कः-**

क. प्रस्तुत मुद्दामा प्रतिवादी चन्द्रबहादुर थापाको संलग्नता सम्बन्धमा अभियोजन पक्षले आरोपपत्रमा व्यक्तिको व्यक्तिगत भूमिकाको पृथक र स्पष्ट विश्लेषण नगरी सबै प्रतिवादीहरूलाई सामूहिक रुपमा जिम्मेवार बनाउने प्रयास गरेको देखिन्छ। आरोपपत्रमा अतिरिक्त पेस्कीबापत ब्याज, जफत भएका उपकरणहरूको भाडा, भेरियसन आदेश स्वीकृत नगरी गरिएको भुक्तानी, र सम्पन्न काममा बढी भुक्तानी भएकोजस्ता विभिन्न शीर्षकहरूलाई आधार मानी जनही प्रतिवादीहरूमाथि बिगो कायम गरिएको छ जुन गलत छ।

ख. अभियोजन पक्षले पेस गरेको आरोपपत्रमा "अतिरिक्त पेस्कीमा ब्याज बापत हानिनोक्सानी भएको रकमको विवरण" भनी १०% ले ब्याजको गणना गरिएको छ। तर उक्त १०% ले ब्याजको गणना गर्नुको कानूनी आधार कतै खुलाईएको छैन। ब्याजको गणनामा प्रयोग गरिएको १०% दरको कुनै पनि प्रमाणिक कानूनी आधार उल्लेख गरिएको छैन। सार्वजनिक खरिद ऐन, २०६३ को व्यवस्था मात्र उल्लेख गरी गरिएको यस्तो ब्याज गणना Asian Development Bank (ADB) को Procurement Guidelines वा सम्बन्धित ऋण सम्झौताको सन्दर्भमा पूर्णतः मौन देखिन्छ। र यस्तो परियोजनामा लागू हुने प्रमुख कानूनी दस्तावेज हुन्।

ग. प्रतिवादी चन्द्रबहादुर थापा मिति २०६६।६।७ गते ह्योल्मो सिन्धु मेलम्ची उपत्यका सामाजिक उत्थान कार्यक्रम संचालन समितिले समाज कल्याण परिषदमा आवद्धता प्राप्त पनि गरेका हुन्। मेलम्ची उपत्यका सामाजिक उत्थान कार्यक्रमका अध्यक्षको नाताले मात्र मेलम्ची खानेपानी विकास समितिको बैठकमा पदेन सदस्यको रुपमा सहभागी हुनुभएको हो। निर्णय गर्न वा कार्यान्वयन गर्नुपर्ने कुनै अधिकार वा भूमिका उहाँसँग थिएन। आरोपपत्रले उहाँको संलग्नता स्पष्टसँग देखाउन सकेको छैन। साथै, यी प्रतिवादी कुनै निर्णय वा कार्यमा बदनियतपूर्वक सहभागी भएको प्रमाणसमेत वादी पक्षले पेस गर्न सकेको देखिंदैन।

घ. प्रतिवादी चन्द्र बहादुर थापा अध्यक्ष पदमा निर्वाचित हुनुभएकोले उत्थान समितिका अध्यक्ष भएको हुँदा निज मेलम्ची खानेपानी विकास समितिमा पदेन सदस्यको हैसियतले कार्य गर्नुभएको हो। निज बैठकमा उपस्थित हुनु बाहेक अन्य अधिकार निजमा छैन।

ङ. अभियोग दाबीबमोजिम कसुर पुष्टि हुन सरकारी सम्पत्ति हिनामिनाको कार्य राष्ट्रसेवकले गरेको देखिनुपर्ने र

हानिनोक्सानी वा दुरुपयोग गरे गराएको वा निजी प्रयोगमा लगाएको देखिनुपर्ने हुन्छ। उक्त अनुसार पुष्टि वादीले गर्न सकेको छैन। अभियोजनपक्षले स्वयम् आरोपपत्रमा अतिरिक्त पेस्की बापतको रकम असुल भइसकेको स्वीकार गरेको देखिन्छ। यस्तो अवस्थामा, ब्याज गणनाको लागि कानूनी दायित्व नखुलाई केवल अनुमानको भरमा आरोप लगाउनु हचुवा, तथ्यहीन र पूर्वाग्राही देखिन्छ।

च. तसर्थ, प्रतिवादी चन्द्रबहादुर थापाको भूमिका बैठकमा सहभागीता बाहेक अन्य कुनै निर्णयकारी वा कार्यान्वयनकारी हैसियतमा नरहेको, कसुरजन्य कार्यको कुनै प्रमाण प्रस्तुत नभएको, बदनियत देखिएको छैन भन्ने आधारमा निजलाई सफाइ दिनु न्यायोचित हुन्छ।

**१२. प्रतिवादी मणिभद्र न्यौपानेको तर्फबाट उपस्थित विद्वानज्यूहरूले गर्नु भएको तर्कः-**

क. प्रस्तुत मुद्दामा एसियाली विकास बैंक (ADB) र नेपाल सरकारबीच भएको ऋण सम्झौता अनुसार ADB को ऋण होस् वा नेपाल सरकारको स्रोत होस्, दुबै अवस्थामा ADB को "Guidelines for Procurement under Asian Development Bank Loans" पालना गर्नुपर्ने व्यवस्था ऋण सम्झौतमै स्पष्ट गरिएको छ। यसै सन्दर्भमा, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६७(१)(ख) मा पनि यस्ता अन्तर्राष्ट्रिय ऋण सम्झौताहरूलाई कानूनी मान्यता दिइएको छ। अतः प्रचलित सार्वजनिक खरिद ऐनका सामान्य व्यवस्था यहाँ स्वतः लागू हुँदैनन्।

ख. मेलम्ची खानेपानी विकास समिति र निर्माण व्यवसायी CMC di Ravenna बीच भएको सम्झौताको दफा १५.४ बमोजिम सम्झौता अन्त्य भएपछि सम्पूर्ण भुक्तानी, रोक्का, जफत धरौटी र बैंक जमानतको मूल्याङ्कन गरी इन्जिनियरको प्रतिवेदनअनुसार हिसाब फरफारक हुने प्रक्रिया व्यवस्था गरिएको छ। उक्त प्रक्रिया अझै सम्पन्न नभएको अवस्थामा अभियोजनको आधारबिन्दु बनाइएको इन्जिनियरको प्रारुप प्रतिवेदन अन्तिम नभएको स्पष्टरुपमा देखिन्छ। यस अवस्थामा वादीको अभियोजन भ्रामकरहेको छ भन्न सकिन्छ।

ग. प्रतिवेदनमा निर्माण व्यवसायीका साइटमा रहेका सामग्री एवम् उपकरणहरूको मुल्य समावेस भएका छैनन्, त्यस्तै जफत गरिएका रकमहरू पनि समावेस छैनन्। बैंक जमानत जफत बापत रू.२,१०,१९,४१,२२६।४२ एवम् धरौटी जफत रू.३८,६१,७०,८३७।०० गरेर जम्मा रू.२,४८,८१,१२,०६३।४२ विकास समितिले हाल जफत गरी सकेकोमा निर्माण व्यवसायीलाई प्रदान गरेको पेस्कीबापत रू.१२,१६,८९,९४३।६६, अतिरिक्त पेस्की बापत रू.५९,६६,००,०००।- र अभियोजनमा उल्लेख भए जस्तो कट्टा गर्नुपर्ने भनिएको रकम रू.४७,७३,०१,६८९।१० गरी जम्मा रू.१,१९,५५,९१,६३२।७६ रहेको छ। अर्थात निर्माण व्यवसायीको सामग्री र उपकरणको मूल्याङ्कन नगरेकै अवस्थामा पनि विकास समितिले जफत गरेको रकम निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रकम रू.१,२९,२५,२०,४३०।६६ बढी रहेको छ।

घ. सम्पूर्ण निर्णयहरू समितिको बैठक, कानून, सम्झौता र ऋणदाताको सल्लाहअनुसार गरिएका हुन्। निर्माण व्यवसायीसँगको सम्झौता र पेस्की सम्बन्धी निर्णयहरू समयमा आयोजना सम्पन्न गर्ने आशयसहित गरिएका हुन्, कुनै पनि हानिनोक्सानी गर्ने मनसायका साथ गरिएका होइनन् भन्ने देखिन्छ।

ङ. आरोपपत्रमा प्रस्तुत आरोपमा प्रतिवादीको कार्यले नेपाल सरकारलाई हानि पुर्याएको देखिनुपर्ने हुन्छ। प्रतिवादीको दुर्भावना वा मनसाय देखिनुपर्ने अवस्था रहेकोमा अभियोजन पक्षले कुनै पनि ठोस प्रमाण वा विश्लेषण प्रस्तुत गर्न सकेको छैन। यसैले आरोपित कसुर पुष्टि नहुने हुँदा यी प्रतिवादी निर्दोष रहेको र सफाइ होस्।

**१३. प्रतिवादी रामचन्द्र न्यौपानेको तर्फबाट उपस्थित विद्वानज्यूहरूले गर्नु भएको तर्कः-**

क. अभियोजनकर्ताले आरोपपत्रमा प्रतिवादीमाथि इन्जिनियर (परामर्शदाता) द्वारा प्रस्तुत Interim Payment Certificate (IPC) ४१ (Original) बमोजिमको भुक्तानी नगरी IPC ४१ (Revised) बमोजिम भुक्तानी गरिएको भनी आरोप लगाएको छ। तर सो भुक्तानी प्रक्रिया पूर्णतः नियमानुसार, इन्जिनियरबाट प्रमाणीकरण भई प्राप्त भई आएको IPC ४१ (Revised) को आधारमा मात्र गरिएको हो।

ख. प्रतिवादी लेखा अधिकृतको हैसियतमा रहेकाले इन्जिनियरबाट प्रमाणीकरण भई आएको IPC लाई आधार मानेर भुक्तानी प्रक्रिया अगाडि बढाउनु बाध्यकारी कार्य हो। प्रतिवादीसँग कुनै पनि IPC मा आफ्नो तर्फबाट बिल संशोधन गर्ने, शीर्षक थपघट गर्ने वा असुल प्रक्रिया सञ्चालन गर्ने अधिकार कानूनी वा प्रशासनिकरुपमा प्रदान गरिएको छैन।

ग. भुक्तानीको क्रममा भेरियसन आदेश स्वीकृत नभई भुक्तानी गरिनु, नेपाल सरकारको स्वामित्वमा रहेको सामग्री वा उपकरणको प्रयोग बापतको रकम असुल नगर्नु वा अस्थायी भुक्तानीमा कट्टा नगर्नुजस्ता विषयहरू करार व्यवस्थापनको विषयअन्तर्गत पर्छ। उल्लिखित विषयवस्तु लेखा प्रशासनको अधिकार क्षेत्रभित्र पर्दैन। त्यसैले यस्ता विषयलाई र निज जिम्मेवार नहुने विषयमा निजलाई जिम्मेवार ठहर गर्नु न्यायोचित हुँदैन।

घ. नेपाल सरकारको लेखा निर्देशिका, २०७३ को दफा ४.५.४ मा भुक्तानीको क्रममा कट्टी गर्नुपर्ने शीर्षकहरूमा अग्रिम कर (आयकर ऐन, २०५८ अनुसार), धरौटी रकम, कोष कट्टी रकम र बाँकी रहेको पेस्की विषयहरूमात्र पर्दछ भनेर पर्दछन् भनेर स्पष्ट रुपमा उल्लेख गरिएको छ। र उल्लिखित निर्देशनबाहेक अन्य शीर्षकमा कट्टी गर्नुपर्ने वा असुल गर्नुपर्ने कुनै कानूनी वा प्रचलित व्यवस्था छैन।

ङ. अभियोजनकर्ताले आफ्नो अभियोगमा निर्माण व्यवसायीबाट नेपाल सरकारको स्वामित्वमा रहेका निर्माण सामग्री, मेसिन तथा उपकरण प्रयोग गरेको सम्बन्धमा सम्झौतामा कुनै कुरा उल्लेख नभएको स्वीकार गरेको छ। निर्माण व्यवसायीबाट नेपाल सरकारको स्वामित्वमा रहेका निर्माण सामग्री, मेसिन तथा उपकरण प्रयोग गरेको सम्बन्धमा शुल्क निर्धारणको विषयमा निर्माण व्यवसायीले आफ्नो सहमति नरहेको भनी मिति सन् २०१६ जुन ८ मा नै जानकारी गराएको विषय आरोपपत्रमा नै उल्लेख भएको छ। तत्पश्चात् इन्जिनियरले वा करार व्यवस्थापनको जिम्मेवारी प्राप्त अधिकारीले सो रकम असुल उपर गर्ने सम्बन्धमा कुनै निर्णय वा निर्देशन गरेको भनी आर्थिक प्रशासनमा जानकारी गराएको अवस्था छैन।

च. प्रतिवादीको कार्यकालमा कुनै पनि समयमा करार व्यवस्थापन पक्ष वा इन्जिनियरबाट असुलीका लागि प्रतिवेदन वा निर्देशन आएको छैन। त्यस्तै, प्रतिवादीमाथि आरोप लगाइएको रकम असुल नगरेको भन्ने आधारमा अभियोग लगाइनु तथ्य, कानून र कार्यक्षेत्रको सीमावद्धतासँग मेल खाँदैन। यस सन्दर्भमा महालेखा परीक्षकको ५१ औं वार्षिक प्रतिवेदनले समेत यस्ता विषयमा प्रतिवादीको प्रत्यक्ष संलग्नता पुष्टि गरेको छैन।

छ. महालेखा परीक्षकको ५५ औं प्रतिवेदनमा उल्लेख भएको अतिरिक्त पेस्की भुक्तानीसम्बन्धी बेरुजु रकम बैंक जमानतबाट असुल भइसकेको पुष्टि भइसकेको तथा सार्वजनिक लेखा समितिको निर्णयबाट उक्त बेरुजु नियमित हुन सक्ने प्रकृतिको भएको भन्ने स्पष्टरुपमा उल्लेख गरेको छ।

ज. प्रतिवादी मिति २०७३।०७।०८ देखि २०७५।०८।०८ सम्म मेलम्ची खानेपानी विकास समितिमा लेखा अधिकृतको रुपमा कार्यरत रहनुभएको हो। उहाँको कार्य सम्पूर्ण रुपमा कानून, करार, इन्जिनियरको निर्देशन र सञ्चालक समितिको निर्णयसँग सीमित थियो।

झ. तसर्थ, आयोजनालाई समयमै सम्पन्न गर्न असल मनसायको साथ कानून, सम्झौता एवम् सञ्चालक समितिको निर्णय बमोजिम नै प्रतिवादीबाट निर्णय र कार्य भएका हुन्। निजको नेपाल सरकारलाई हानिनोक्सानी होस् भन्ने मनसाय पनि रहेको नहुनाले सफाइ हुनु पर्दछ।

१४. **प्रतिवादी केदारप्रसाद अर्यालको तर्फबाट उपस्थित विद्वानज्यूहरूले गर्नु भएको तर्कः-**

क. यी प्रतिवादी मिति २०७५।०७।०६ देखि २०७७।०७।१६ सम्म मेलम्ची खानेपानी विकास समितिमा लेखा उपसचिवको रुपमा कार्यरत रहनुभएको थियो। निजको कार्यकाल अवधिभर निज प्रतिवादीले इन्जिनियर (परामर्शदाता) द्वारा सम्झौताबमोजिम प्रमाणित गरिएका IPC ४५ र ४६ का आधारमा मात्र भुक्तानी गरेका हुन्। सो बाहेक कुनै किसिमको स्वतन्त्र भुक्तानी वा आर्थिक संलग्नता प्रतिवादीको पक्षबाट भएको छैन।

ख. अभियोजनमा उल्लेख भएअनुसार इन्जिनियरको प्रमाणिकरण विपरीत प्रतिवादीले भुक्तानी गरेको भनी निज उपर आरोपदाबी लिएको देखिन्छ। उक्त आरोपदाबी पूर्णतः तथ्यविहीन र आधारहीन छ। *IPC ४५ र ४६* मा उल्लेख नभएका शीर्षकहरूमा भुक्तानी गर्न वा कट्टा गर्न प्रतिवादीलाई कुनै अधिकार छैन र यस्तो अधिकार इन्जिनियरको प्रमाणिकरणविना प्रयोग गर्न मिल्दैन भन्ने विषय स्पष्ट रुपमा परियोजनाको लेखा प्रक्रिया, *ADB Procurement Guidelines* र प्रचलित लेखा निर्देशिका अनुसार स्थापित छ।

ग. भुक्तानी नगरेको अवस्थामा 'कट्टा नगरेको' भन्ने आधारमा अभियोजन गर्नु स्वयंमा प्राविधिक त्रुटि हो। प्रतिवादीले कुनै भुक्तानी नगरेको अवस्थामा भुक्तानीमा कट्टी किन नगरेको भन्ने आरोप निरर्थक हुन्छ।

घ. मेलम्ची खानेपानी विकास समितिको २८६ औं बोर्ड बैठकबाट पारित निर्णय अनुसार नियमित पेस्की बापतको रकम बाहेक अन्य कुनै रकम असुल नगर्ने स्पष्ट निर्णय भएको छ। सम्झौताको अन्त्यपश्चात निर्माण व्यवसायीका बैंक जमानत तथा धरौटी रकम विधिवत रुपमा जफत गरिसकिएको हुँदा कुनै किसिमको हानि वा राज्यको स्वार्थ विपरीत निर्णय भएको भन्ने आरोप आधारहीन रहेको देखिन्छ।

ङ. अभियोजनमा उल्लेख भए अनुसार रू.१२,३८,११,४०८।८८ को अतिरिक्त पेस्कीमा लाग्ने ब्याज असुल नगरेको भन्ने यी प्रतिवादी उपर लिएको आरोपदाबी प्रतिवादीको कार्यक्षेत्र बाहिरको विषय हो। उक्त ब्याज असुली विषयमा सम्बन्धित IPC हरूमा कुनै उल्लेख नभएको कारण प्रतिवादीलाई सो सम्बन्धी निर्णय गर्ने वा असुली प्रक्रिया अघि बढाउने अधिकार थिएन। पेस्की रकम आयोजनाले लगानी गरेको रकम होइन। पेस्की रकम आयोजना सम्पन्न गर्ने उद्देश्यले एसियाली विकास बैंकको सहमतिमा प्रदान गरिएको सम्झौता अन्तर्गतको रकम हो। ADB को सहमतिमा सम्झौताबमोजिम प्रदान गरिएका अग्रिम रकममा ब्याज लगाउनु प्राकृतिक रुपमा उपयुक्त हुँदैन।

च. यी प्रतिवादीकोहकमा अभियोजनमा असुल नगरेको भनिएको भनिएका पक्ष विकास समितिमा हाजिरहुनु अगावै लेखा परीक्षण भई महालेखा परीक्षकको ५२ औं वार्षिक प्रतिवेदनमा पूर्ण निर्माण व्यवसायीले छाडेर गएका निर्माण सामाग्री मेसिन तथा उपकरणको मूल्य ५५ औं प्रतिवेदनमा बढी भुक्तानी र ५६ औं प्रतिवेदनमा अतिरिक्त पेस्कीका सम्बन्धमा बेरुजु कायम भएकोमा सार्वजनिक लेखा समितिको २०७६ को वार्षिक प्रतिवेदनबाट अतिरिक्त पेस्की र पुरानो निर्माण व्यवसायीका निर्माण सामाग्री मेसिन उपकरण प्रयोग गरे बापत असुल गर्नुपर्ने रकम र अतिरिक्त पेस्कीमा ब्याज असुल गर्नुपर्ने भनीएका बेरुजुहरू फछ्र्यौट भैसकेको अवस्था छ।

छ. प्रतिवादीले जफत गर्न मिल्ने सम्पूर्ण रकम जफत गरिसक्नुभएको र प्रतिवादी कार्यभार सम्हाल्नु अघि भएका भुक्तानीहरूमा कुनै पनि शीर्षकमा रकम असुल नगरेको आरोप लगाइनु केवल मनसायजन्य अभियोग हो। यसका आधारमा प्रतिवादीलाई सजाय गर्न मिल्दैन।

ज. प्रतिवादीले आयोजनामा रही आफुले गर्नु पर्ने कार्य सदनियतले गरेको र आरोपदाबी बमोजिम कुनै पनि कार्य नगरेको हुँदा निज प्रतिवादीलाई आरोपदाबी बमोजिमको कसुरमा सजाय नगरी सफाइ दिलाई पाऊँ।

**१५. प्रतिवादी वेगनाथ पौडेलकोको तर्फबाट उपस्थित विद्वानज्यूहरूले गर्नुभएको तर्कः-**

क. प्रतिवादी मिति २०७५।०३।३२ देखि २०७५।०६।२९ सम्मको अवधिमा झण्डै तीन महिनाको अवधिसम्म मात्र मेलम्ची खानेपानी विकास समितिमा आर्थिक प्रशासन शाखा प्रमुखको रुपमा कार्यरत रहनुभएको थियो। यस अवधिभन्दा अगावै अर्थात् प्रतिवादी हाजिर हुनु पूर्व नै IPC-41 (Revised) सम्मका भुक्तानीहरू सम्पन्न भैसकेका थिए। अभियोगपत्रमा उल्लिखित Variation Order-13, IPC-39, Rental Charges, अघिल्लो आर्थिक वर्षका बक्यौता तथा अन्य भुक्तानीहरू पनि प्रतिवादीको हाजिरी हुनुभन्दा पहिले नै भुक्तानी भइसकेका हुँदा प्रतिवादी ती सम्पूर्ण विषयहरूमा प्रत्यक्षतः अनभिज्ञ हुनुहुन्छ। आफू जिम्मेवार पदमा कार्यरत हुनु अगावै भएको कार्यमा निज प्रतिवादी उत्तरदायित्व हुने होइन र निजलाई उत्तरदायित्व ठहर गर्न मनासिबसमेत हुँदैन।

ख. प्रतिवादीको कार्यक्षेत्र निर्णयकर्ता (deciding authority) नभई प्रशासनिक प्रक्रिया अनुरुप कागजातको परीक्षण गरी पेस गर्ने सीमित जिम्मेवारी रहेको आर्थिक प्रशासन शाखा प्रमुखको नाताले प्रतिवादीको कार्यकालमा भुक्तानीका लागि पेस भएका कागजातहरू हेरी जाँच गरी पेस गर्नु सम्मको दायित्व हो र निर्णयकर्ता पनि होइन। यी प्रतिवादीको कार्यकालमा भएको रनिङ बिल IPC 42, रनिङ बिल IPC 43 र रनिङ बिल IPC 44 को भुक्तानीको सम्बन्धमा घटी बढी भुक्तानी भन्ने कुनै विवाद नै नभएको र भुक्तानीहरू कानूनसम्मत भएको हुँदा यसबाट सरकारी हानिनोक्सानी भएको भन्ने सवाल नै छैन।

ग. प्रतिवादीको कार्यकालभित्र IPC-42, IPC-43 र IPC-44 को भुक्तानी भएको हो। ती running bills सम्बन्धी भुक्तानीहरूमा न त कुनै विवाद रहेको छ, न त घटी/बढी भुक्तानी वा नियम विपरीत कार्य भएको प्रमाणित गरिएको छ। ती भुक्तानीहरू प्रचलित कानून, सम्झौता र प्रक्रियाअनुसार विधिवत रुपमा सम्पन्न गरिएका हुन्। उल्लिखित बिलहरूबाट राज्यलाई कुनै हानिनोक्सानी भएको दाबीसमेत गर्न सकिंदैन।

घ. IPC-45 मा Mobilization पेस्की, अतिरिक्त पेस्की, VO-13, IPC-39 र Rental Charge जस्ता रकम बोर्डको निर्देशन अनुसार समायोजन गरी सारिएको स्पष्ट छ। उक्त विषयमा प्रतिवादीको संलग्नता प्रत्यक्ष वा परोक्ष रुपमा पनि देखिएको छैन। प्रतिवादी संलग्न नै नभएका भुक्तानी शीर्षकहरूको जिम्मेवारी लगाउनु पूर्णतः अन्यायपूर्ण र पूर्वाग्रही कार्य हो। आरोपपत्रमा उल्लेख गरिएका Mobilization पेस्की, अतिरिक्त पेस्की, VO-13, IPC-39 र Rental Charge लगायतका सम्पूर्ण रकम आ.व. २०७४/०७५ को लेखा कारोबार अन्तर्गत पर्ने विषय भएको र निज प्रतिवादीको हाजिरीपूर्व सम्पन्न भएका विषयहरू हुन्।

ङ. असुलउपर हुन नसकेको कुनै रकम भए उक्त रकम बेरुजुको विषय हुने वा भ्रष्टाचारको विषय हुने हो भन्ने सम्बन्धमा प्रस्तुत मुद्दामा दाबी लिइएका रकमहरूलाई महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण हुँदा लेखापरीक्षण प्रतिवेदन २०७४/०७५ को बुँदा नं. ७.६, ७.७ र ७.८ मा क्रमश रेन्टल चार्जको रकम Provisional Payment बापतको रकम र भेरिएसन बापतको रकमलाई सैद्धान्तिक बेरुजुको रुपमा औँल्याएको हुँदा प्रतिवादी उपर दाबी लिइएका उल्लिखित बुदाँ अनुसारका उक्त रकमहरू बेरुजुको विषय भैसकेको हुनाले भ्रष्टाचारको विषय हुन सक्दैन।

च. रेण्टल चार्ज बापतको रू.११६,६०२,४३७।३१ रकम सार्वजनिक लेखा समितिको वार्षिक प्रतिवेदन, २०७६ बाट फछ्र्यौट भैसकेको छ। यो आफैंमा उक्त दाबीको पूर्णतः निराकरण भएको प्रमाण हो।

छ. तसर्थ, प्रतिवादीको कार्यक्षेत्र, जिम्मेवारी, समयावधि तथा लेखापरीक्षण र सार्वजनिक लेखा समितिका निष्कर्षहरूको पूर्ण मूल्याङ्कन गर्दा प्रतिवादीमाथि लगाइएको आरोप कुनै प्रमाणमा आधारित नभएको हुँदा निज प्रतिवादीले आरोपदाबीबाट सफाइ पाउनु पर्छ।

**१६. प्रतिवादी भोजबिक्रम थापाको तर्फबाट उपस्थित विद्वानज्यूहरूले गर्नुभएको तर्कः-**

क. यी प्रतिवादी उपर अभियोजनले उठाएको आरोप अनुसार रू.३२,३५,६१,६६३।९५ को भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अन्तर्गत दाबी गरिएकोमा निज प्रतिवादी मेलम्ची खानेपानी विकास समितिमा तोकिएको पद, कार्यकाल, अधिकार र जिम्मेवारी भित्र रही काम गर्नुभएको हो हुँदा निजले आरोपदाबी बमोजिम कसुर गरेका छैनन्।

ख. निज प्रतिवादी भुक्तानी निर्णय गर्ने हैसियतमा थिएनन्, प्रमाणित कागजात परीक्षण गरी प्रक्रिया अनुसार पेस गर्ने मात्र जिम्मेवारी थियो, निर्णयकर्ताको रुपमा अन्तिम स्वीकृति दिने अधिकार अन्य संयन्त्र/पदमा निहित थियो। सम्भन्धित दातृ निकाय (Asian Development Bank) सँगको सहमति र निर्देशिकाअनुसार परियोजनाको कार्यान्वयन निज प्रतिवादीले गरेको हुँदा वादीको दाबी आफैमा खण्डित भएको देखिन्छ।

ग. प्रस्तुत मुद्दामा अन्य विषयका अतिरिक्त दाबीको रकम रू.३२,३५,६१,६६३।९५ कानून बमोजिम खडा भएको

संवैधानिक निकाय महालेखा परीक्षकको म.ले.प. प्रतिवेदनबाट बेरुजु जनिएको छ। साथै बेरुजु रकम भन्दा अधिक रकम मेलम्ची खानेपानी विकास समितिबाट असुल उपर भई बसेको छ। उक्त तथ्यले रकम हिनामिना, हानिनोक्सानी नभएको तथ्य पुष्टि भैसकेको छ भने वादी पक्षले भुक्तानी भएको रकमबाट प्रतिवादीले कुनै लिए खाएको, लाभ पाएको भनी पुष्टि गर्न सकेको अवस्था पनि छैन।

घ. मेलम्ची खानेपानी आयोजनाजस्तो राष्ट्रिय गौरवको आयोजनाको २६ किलोमिटर सुरुङ्ग निर्माण सम्पन्न हुनुमा प्रतिवादीले निर्वाह गर्नुभएको भूमिका अस्वीकार गर्न मिल्दैन। परियोजनाको सञ्चार, व्यवस्थापन, दातृ निकायको निर्देशन तथा निर्माण सम्झौताका कानूनी ढाँचाभित्र रही गरिएको कार्य प्रक्रियागत त्रुटि भएको भए पनि सोलाई भ्रष्टाचारको रुपमा व्याख्या गर्नु न्यायोचित हुँदैन।

ङ. यी प्रतिवादीको हकमा दफा १७ अन्तर्गतको कुनै पनि तत्व यो मुद्दामा पुष्टि हुन सकेको छैन। प्रतिवादी उपरको आरोपदाबी आधारहीन, त्रुटिपूर्ण र अनुचित रहेको हुँदा निजलाई आरोपदाबीबाट सफाइ दिलाई पाऊँ।

**१७. प्रतिवादी शिवकुमार शर्माको तर्फबाट उपस्थित विद्वानज्यूहरूले गर्नुभएको तर्कः-**

क. प्रतिवादी शिव कुमार शर्मा TECH Studio of Engineering को तर्फबाट EPTISA-BETS JV अन्तर्गत परामर्शदाता टोलीमा Deputy Resident Project Manager (DRPM) को रुपमा कार्यरत हुनु भएको देखिन्छ। उहाँको भूमिकाः भनेको Sub-Consultant को रुपमा कार्य गर्ने, नेपाली Domestic Professional Staff अन्तर्गत आफ्नै कार्य क्षेत्रभित्र साइट सुपरभिजन, क्वालिटी कन्ट्रोल, मापन र निरीक्षण, बिलिङ्ग प्रक्रिया सम्बन्धी IPS (Interim Payment Statement) को प्रारम्भिक जाँच र प्रमाणीकरणका लागि सहायक भूमिका निर्वाह गर्नु मात्र हो।

ख. अन्तिम रुपमा Team Leader (विदेशी Key Personnel) वा उहाँको अनुपस्थितिमा Deputy Team Leader (DTL) को सहमतिमा IPC तयार पार्ने र Forward गर्ने कार्य जिम्मेवारी रहेको स्पष्ट प्रणालीअन्तर्गत प्रतिवादीको भूमिका सीमित प्रकृतिको रहँदै आएको छ।

ग. मेलम्ची खानेपानी आयोजनामा निर्माण कार्य सम्पन्न भएपछि Contractor ले महिनावारी बिल (IPS) तयार गरी परामर्शदातालाई पेस गर्ने गर्दछ। IPS को प्रारम्भिक चेकजाँच सम्बन्धित Site Engineer वा Deputy Resident Project Manager बाट हुन्छ। Team Leader वा Deputy Team Leader को स्वीकृतीमा IPC सिफारिस गरिन्छ। IPC लाई Project Office (Executive Director) हुँदै SDE र अन्य इन्जिनियरहरूबाट समीक्षा (Review) गरी, आवश्यक निर्णयपछि मात्र भुक्तानी प्रक्रिया अगाडि बढ्ने हुन्छ।

घ. अभियोजनकर्ताले विना मापदण्ड अर्थात कार्यमा संलग्नता एवम् जिम्मेवारी सम्पादनको आधारमा भन्दा पनि मनोगत रुपमा असल नियतबाट कार्य सम्पादन गर्नेलाई प्रतिवादी बनाईनु गम्भीर त्रुटि देखिन्छ।

ङ. Contract Management अन्तर्गत Project Engineer को भूमिका निर्वाह गर्ने Consultant हरूबाट परामर्श सेवा सम्बन्धी शर्त एवम् व्यवस्थाहरू मध्ये कुन शर्त एवम् व्यवस्थाको परिपालना भएन, करार उल्लघंन भए नभएको तर्फ कतै विश्लेषण भएको देखिंदैन। Empire को भूमिकाको रुपमा रहेको Consultant अन्तर्गतको Domestic Professional लाई नानाथरीको आरोप लगाउन अभियोजन पक्षले Contract Management पटक्कै नबुझी आरोपपत्र दायर गरेको देखिन्छ।

च. मेलम्ची खानेपानी विकास समिति नेपाल सरकारको प्रतिनिधित्व गर्ने अधिकार प्राप्त निकायसँग भएको करार सम्झौतामा करारीय विवाद उत्पन्न भएमा समाधानको संयन्त्र पनि सोही करारमा व्यवस्था गरिएको छ। उक्त करारमा करारका शर्तहरू उल्लङ्घन भएमा पनि फौजदारी अभियोग लगाउन सकिन्छ भन्नु सरासर त्रुटिपूर्ण व्यवहार हो।

छ. Contract आफैंमा Public Domain Law भित्र पर्दैन, यो Private Domain Law भित्र पर्ने विषय हो। बैंक जमानतबाट

सम्पूर्ण रकम उठीसकेको र सम्झौतामा व्यवस्थित मध्यस्थ ट्राइबुनलमा विवाद पुगी समाधानको लागि देवानी प्रक्रियामा गई सकेको विषय भएकोले निजले सफाइ पाउनु पर्दछ।

१८. आरोपपत्र अनुसार दाबी गरिएका मुख्य शीर्षकहरू र दाबी गरिएको बिगो यस प्रकार रहेको छः

| सि.नं. | दाबीको शीर्षकहरू | दाबीको बिगो (रुपैयाँ) |
|---|---|---|
| १ | अतिरिक्त पेस्कीको ब्याज | १२,३८,११,००।८८ |
| २ | रेण्टल चार्ज (भाडा) | २७,६६,४८,३५४।१७ |
| ३ | भेरिएसन स्विकृत नगरिएको | १०,६९,५९,२६६।६४ |
| ४ | आकस्मिक (प्रोभिजनल) भुक्तानी | १०,००,००,०००।- |
| ५ | नयाँ दर रेट तथा Rectification नगरेको | २८,१३,५८,२२०।३६ |
| ६ | औचित्य समाप्त भएको सम्मको भुक्तानी | २१,२१,०७५।- |

१९. आरोपदाबीको पृष्ठ ६३ मा निर्माण कार्यको बढी मूल्याङ्कन गरी भुक्तानी भएको भनी रू.२,५०,८८,८३६/५९ उल्लेख गरेको देखिए तापनि दाबी खण्डमा सो बिगो मागदाबी गरेको देखिन आउँदैन।

२०. **प्रस्तुत मुद्दाको आरोप दाबीमा निम्न आधार कारण उल्लेख गरी प्रतिवादीहरू उपर सजायको मागदाबी गरेको देखिन्छः**

क. काठमाडौं उपत्यकाको खानेपानी समस्या निराकरणका लागि आ.व. २०५५/०५६ मा विकास समिति ऐन, २०१३ बमोजिम तत्कालीन आवास तथा भौतिक योजना मन्त्रालय र हाल खानेपानी मन्त्रालय सरोकारवाला मन्त्रालय रहने गरी मेलम्ची खानेपानी विकास समिति मिति २०५५।०७।२३ मा गठन भएको,

ख. समितिको काम कर्तब्य र अधिकारमा उपत्यकामा पानी उपलब्ध गराउन परियोजना कार्यान्वयन गर्ने, परियोजना सम्बन्धी नीति निर्धारण गर्ने, लगत इष्टिमेट स्वीकृत गर्ने, बोलपत्र स्वीकृत गर्ने, निरीक्षण गर्ने तथा देखिएका कमजोरी सुधार गर्न निर्देशन दिने, सामाजिक उत्थान तथा विकासका कार्यक्रम स्वीकृत/सञ्चालन गर्ने/गराउने, सृजित सम्पत्ति खानेपानी व्यवस्थापन बोर्डमा हस्तान्तरण गर्ने कन्सलटेन्ट/कर्मचारी नियुक्त गर्ने, वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने, वार्षिक प्रतिवेदन/लेखापरीक्षण प्रतिवेदन नेपाल सरकारसमक्ष पेस गर्ने र तोकिएबमोजिम अन्य कार्य गर्ने रहेको,

ग. तत्कालीन श्री ५ को सरकार (म.प.) को मिति २०५५।११।१० को निर्णयअनुसार मेलम्ची खानेपानी परियोजनाका कार्यान्वयनमा छिटो छरितो तथा पारदर्शिता अपनाई निर्णय गर्न श्री ५ को सरकारको (म.प.बाट हुने निर्णय बाहेक) सम्पूर्ण अधिकार **मेलम्ची खानेपानी विकास समिति**लाई प्रदान गर्ने **विशेष अधिकार** दिइएको,

घ. मेलम्ची खानेपानी विकास समितिका पदाधिकारीहरूमा खानेपानी **मन्त्रालयका सचिव** समितिको अध्यक्ष, अर्थ मन्त्रालयका सहसचिव, काठमाडौं महानगरपालिकाको प्रमुख, ह्योल्मो सिन्धु मेलम्ची उपत्यकाको सामाजिक उत्थान कार्यक्रम संचालन समितिका प्रतिनिधि सदस्य रहने र मेलम्ची खानेपानी विकास समितिको कार्यकारी निर्देशक समितिको सदस्य सचिवको रुपमा कार्य गर्ने गरी ५ सदस्यीय समितिको बोर्ड रहेको,

ङ. काठमाडौं उपत्यकामा पानी पथान्तरण गर्न हेडवर्क्स तथा सुरुङ निर्माणका लागि चिनिया निर्माण व्यवसायी M/S China Railway 15 Bureau Group Corporation and China Machinery Industry Group Corporation Inc JV सँग १९ फरवरी, २००९ मा १९५० दिन अर्थात 2 Sept 2013 मा निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको,

च. ७८.६% करारको अवधि 25 Sept 2012 मा समाप्त हुँदा समेत १५.३% मात्र काम भएको र सो अवधिसम्म २७.५८४ किलोमिटरमध्ये ६.४४४ किलोमिटर सुरुङ्ग निर्माण कार्य मात्र सम्पन्न भएकोले कामको प्रगति सन्तोषजनक नभएकोले ठेक्का सम्झौता रद्द गरेको,

छ. बाँकी रहेको सुरुङ तथा हेडवर्क्स निर्माणका लागि निर्माण व्यवसायी Co-operativa Muratorie Cementisti - CMC di Ravenna, Italy सँग १५ जुलाई, २०१३ (२०७०।०३।३१) मा १०९५ दिनभित्रमा बाँकी निर्माण कार्य सम्पन्न गर्ने गरी कुल रकम रू.७ अर्ब ७२ करोड (भ्याट बाहेक) बराबरको सम्झौता भएको,

ज. करार सम्झौतामा उल्लिखित जिम्मेवारी पुरा नगरेको कारणबाट ठेक्का अन्त्य हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उपनियम (६) बमोजिम र तोकिएको समयावधिमा करारको सम्झौता शर्तबमोजिम सम्पादन नगरेकोले सार्वजनिक खरिद ऐन, २०६३ तथा ठेक्का सम्झौताबमोजिम लिएको २०% सम्मको पेस्की पूर्णरुपमा रनिङ बिलबाट फछ्र्यौट भए गरेको नहुँदानहुँदै पनि कानूनबमोजिम लाग्ने ब्याज निर्माण व्यवसायीबाट असुल नगरेको,

झ. ठेक्का सम्झौता र सार्वजनिक खरिद ऐन, २०६३ मा समेत प्रावधान नभएको अवस्थामा २० जुन २०१६ मा Memorandum of Understanding (MOU1) को पर्चा खडा गरी नेपाल सरकारले एसियाली विकास बैंकबाट ऋणमा लिएको रकम सम्झौता विपरीत तथा कानूनले तोकेभन्दा बढी ठकेदारलाई दुई किस्तामा अतिरिक्त मोबिलाइजेसन पेस्की (Additional Advance Payment in two installment ) दिएको,

ञ. १७ फेब्रुअरी २०१७ मा दोस्रो पटक Memorandum of Understanding (MOU2) गरी निर्माण व्यवसायीले Value Engineering गर्न लागेको कारण देखाई Additional Advance Payment दिएको,

ट. रनिङ बिल IPC 39 मार्फत भएको PROVISIONAL PAYMENT पश्चात् पेस भएको वा हुने बिलबाट समायोजन वा कट्टी गर्नुपर्नेमा परामर्शदाता र व्यवस्थापन समितिले भुक्तानीको लागि पेस भएको सो पछिका कुनै पनि Bill मा समायोजन गरी Provisional Payment बापतको रू.१०,००,००,०००।- रकम असुली नभएको,

ठ. निर्माण व्यवसायी M/S China Railway 15 Bureau Group Corporation and China Machinery Industry Group Corporation Inc JV बाट जफत भएका घर, निर्माण सामग्री, मेसिन तथा उपकरणहरूको प्रयोग बापत रू.११,६६,०२,४३७।३१ र तत्पश्चात मिति November 19, 2018 सम्म निरन्तर प्रयोग गरेबापतको थप रकम रू.१६,००,४५,९१६।०२ समेत असुल उपर गरी लिन नसकेको,

ड. Sundarijal Tunnel Squeezing & Collapse को पुनर्स्थापना कार्यको भरपाई बीमा कम्पनीबाट नहुने अवस्थामा भेरिएसन नं. १३ स्वीकृत नगरी निर्माण व्यवसायीकै कारणले सृजित खर्चको भुक्तानी रू.१०,१०,००,४१०।४९ र सम्झौताको शर्त विपरीत मेलम्चीस्थित भिमकाली गणमा भएको निर्माण कार्यको रकम रू.५९,५८,८१६।१५ समेत गरी IPC 34 अन्तर्गत भेरिएसन शीर्षकभित्र कायम कूल भुक्तानी रकम रू.१०,६९,५९,२२६।६४ भुक्तानी दिएको,

ढ. रनिङ बिल IPC हरू हचुवाको आधारमा तयार गरी सिफारिस गर्ने परामर्शदाता र भुक्तानी गर्ने व्यवस्थापन पक्षले रू.२८,१३,५८,२२०।३६ बढी भुक्तानी गरी IPC 41 (Original) बाट देखिएकोमा निर्माण व्यवसायीले निर्माणस्थल छोडेसम्मको Valuation After Termination को पछिल्लो बिलहरूबाट रू.११,८२,१८,२५६ बढी भुक्तानी समायोजन भए पनि बाँकी रू.१६,३१,३९,९६३।८७ असुल नगरिएको,

ण. निर्माण व्यवसायी CMC di Ravenna ले 15 December 2018 मा साइट छोडी गएपछि मेलम्ची व्यवस्थापन पक्षले सम्झौताको कुनै शर्तमा द्विविधा भएमा मात्र परामर्शदाता राख्नुपर्नेमा कुनै द्विविधा नहुँदै मेलम्ची बोर्डबाट सहमति लिई EDWARD CORBETT & Co. सँग करार सम्झौताको मर्म विपरीत क्षेत्रगत शर्त (TOR) र कार्य अवधि नतोकि CMC को अनुपस्थितिबारे गर्नुपर्ने प्रक्रियाको लागि सल्लाह लिन भनी सम्झौता गरेको,

त. ठेक्का अन्त गर्ने भएपछि बोर्डको मिति २०७५।०९।०२ (Dec 17, 2018) को २८९औं बैठकको निर्णयबमोजिम निर्माण व्यवसायीका सबै बैंक जमानी जफत गर्ने गरी मिति २०७५।१०।२४ (7 February 2019, ref. no.

890/075-76) मा ठेक्का अन्त गरिएको भए पनि Employer तर्फबाट Employers Claim लिई सिंगापुरस्थित SIAC मा सम्झौताबमोजिम Arbitration मा जान निवेदन दिने वा नदिने सम्बन्धी कुनै सल्लाह सुझाव नदिएकोबाट मिति २०७५।१०।२४ पछि EDWARD CORBETT & Co. को परामर्श सेवाको औचित्य नभएको अवस्थामा समेत भुक्तानी दिएको,

थ. **यसरी प्रतिवादीहरूले मौजुदा कानून एवम् सम्झौताको शर्तको जानाजानी पालना नगरी ठेक्का व्यवस्थापन गर्दा ठेक्का व्यवस्थापनमा असक्षम देखिएको निर्माण व्यवसायीलाई अनुचित आर्थिक लाभ पुर्याई नेपाल सरकारको सम्पत्ति तथा रकम दुरुपयोग गरी नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याउने बदनियतले कार्य गरी भ्रष्टाचार गरेको देखिन आएको भनी प्रतिवादीहरू विरुद्ध निम्नबमोजिमको कसुरमा निम्नअनुसारको सजाय मागदाबी गरेको देखिन्छः-**

| सि.नं. | प्रतिवादीहरूको नाम | प्रतिवादीहरूले गरेको कसुर | प्रतिवादीहरू उपर माग गरिएको सजाय | प्रतिवादीहरूबाट असुल हुने बिगो (रू.मा) |
|---|---|---|---|---|
| १. | डा.संजय शर्मा | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुर | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र ३(१)(झ) बमोजिम कैद र जरिबाना,<br>दफा १७ बमोजिम बिगो असुल,<br>दफा २४ बमोजिम थप सजाय | ६,९७,८३,१७८।९६ |
| २. | भीमप्रसाद उपाध्याय | ऐ.ऐ | ऐ.ऐ | ४,११,३४,२७९।९२ |
| ३. | गजेन्द्रकुमार ठाकुर | ऐ.ऐ | ऐ.ऐ | ६०,४९,१९,८८४।३१ |
| ४. | घनश्याम भट्टराई | ऐ.ऐ | ऐ.ऐ | २२,७५,१९,८९६।१९ |
| ५. | रामचन्द्र देवकोटा | ऐ.ऐ | ऐ.ऐ | ३२,३५,६१,६६३।९५ |
| ६. | सूर्यराज कँडेल | ऐ.ऐ | ऐ.ऐ | ८९,०८,९८,२८५।०५ |
| ७. | मुकुन्दप्रसाद पौडेल | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुर | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र ३(१)(झ) बमोजिम कैद र जरिबाना,<br>दफा १७ बमोजिम बिगो असुल | ६,९७,८३,१७८।९६ |
| ८. | रुद्रसिंह तामाङ | ऐ.ऐ | ऐ.ऐ | ११,०९,१७,४५८।८८ |
| ९. | चन्द्रबहादुर थापा | ऐ.ऐ | ऐ.ऐ | ७१,५८,३७,६४३।१९ |
| १०. | मणिभद्र न्यौपाने | ऐ.ऐ | ऐ.ऐ | ३२,३५,६१,६६३।९५ |
| ११. | रामचन्द्र न्यौपाने | ऐ.ऐ | ऐ.ऐ | ३२,३५,६१,६६३।९५ |
| १२. | वेगनाथ पौडेल | ऐ.ऐ | ऐ.ऐ | ३२,३५,६१,६६३।९५ |
| १३. | केदारप्रसाद अर्याल | ऐ.ऐ | ऐ.ऐ | ४४,७३,७३,०७२।८३ |
| १४. | भोजबिक्रम थापा | ऐ.ऐ | ऐ.ऐ | ३२,३५,६१,६६३।९५ |

| सि.नं. | प्रतिवादीहरूको नाम | प्रतिवादीहरूले गरेको कसुर | प्रतिवादीहरू उपर माग गरिएको सजाय | प्रतिवादीहरूबाट असुल हुने बिगो (रू.मा) |
|---|---|---|---|---|
| १५. | शिव कुमार शर्मा | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को मतियार भई सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिमको | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदारलाई हुने सरह | ४८,३६,०७,५८०।८१ |
| १६. | Eptisa Services De Ingenieris S.L. र BETS Consulting Services Ltd. जे.भी. | ऐ.ऐ | ऐ.ऐ | ८७,५८,८३,३६०।०५ |
| १७. | CMC di Ravenna | ऐ.ऐ | ऐ.ऐ | ६५,१४,५७,४१०।८७ |

२१. उपर्युक्त आरोपदाबी रहेको प्रस्तुत मुद्दामा देहायका प्रश्नउपर न्याय निरुपण गर्न पर्ने देखिन आयोः

*क) अन्तर्राष्ट्रिय दातृ निकाय ADB सँग गरिएको सम्झौता अनुरुप भएको ठेक्कामा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को कानूनी प्राबधान लागू हुने हो वा ADB को खरिद निर्देशिका मात्र लागू हुने हो ?*

*ख) प्रतिवादीहरूले अतिरिक्त मोबिलाइजेसन पेस्की रकमको ब्याज तिर्नुपर्ने हो, होइन ?*

*ग) बिल भुक्तानी गर्दा Rental Charge समायोजन गर्नपर्ने हो, होइन ?*

*घ) Variation Order स्वीकृत नगरी भुक्तानी दिन मिल्ने हो, होइन ?*

*ङ) आकस्मिक खर्च भुक्तानी गर्न मिल्ने हो, होइन ?*

*च) निर्माण कम्पनीले काम छोडिसकेपछि पनि परामर्शदातालाई भुक्तानी दिने मिल्ने हो, होइन ?*

*छ) असुल उपर हुन नसकेको कुनै रकम भए उक्त रकम बेरुजुको विषय हुने हो वा भ्रष्टाचारको विषय हुने हो ?*

*ज) आरोपपत्रमा उल्लिखत प्रतिवादीहरूले आरोपदाबी बमोजिम कसुर गरेका हुन् वा होइनन् ?*

*झ) यदि कसुर गरेका हुन् भने सो कसुरमा को कसको के कस्तो संलग्नता रहेको छ ?*

*ञ) कसुर ठहर भएमा के कति सजाय हुनु पर्ने हो ?*

२२. सर्वप्रथम, माथि उल्लिखित प्रश्नहरूको निरुपण गरिनुपूर्व मेलम्ची खानेपानी परियोजनाको पृष्ठभूमिको विषयमा जानकारी लिन आवश्यक हुने देखिन्छ। मेलम्ची खानेपानीको पृष्ठभूमि हेर्दा, काठमाडौं उपत्यकाको खानेपानी समस्या निराकरणका लागि आ.व. २०५५/०५६ (सन १९९८ अगष्ट) मा विकास समिति ऐन, २०१३ बमोजिम तत्कालीन आवास तथा भौतिक योजना मन्त्रालय र हाल खानेपानी मन्त्रालय सरोकारवाला मन्त्रालय रहने गरी **मेलम्ची खानेपानी विकास समिति** मिति २०५५।०७।२३ मा गठन भएको देखिन्छ। उक्त समितिको काम, कर्तब्य र अधिकार निम्न बमोजिम तोकिएको पाइन्छः

क. **उपत्यकामा पानी उपलब्ध गराउने,**

ख. **परियोजना कार्यान्वयन गर्ने,**

ग. **परियोजना सम्बन्धी नीति निर्धारण गर्ने,**

घ. **लगत इष्टिमेट स्वीकृत गर्ने,**

ङ. **बोलपत्र स्वीकृत गर्ने,**

च. **निरीक्षण गर्ने तथा देखिएका कमजोरी सुधार गर्न निर्देशन दिने,**

छ. **सामाजिक उत्थान तथा विकासका कार्यक्रम स्वीकृत/सञ्चालन गर्ने/गराउने,**

ज. **सृजित सम्पत्ति खानेपानी व्यवस्थापन बोर्डमा हस्तान्तरण गर्ने**

झ. **कन्सलटेन्ट/कर्मचारी नियुक्त गर्ने,**

ञ. **वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,**

ट. **वार्षिक प्रतिवेदन/लेखापरीक्षण प्रतिवेदन नेपाल सरकार समक्ष पेस गर्ने र**

ठ. **तोकिएबमोजिम अन्य कार्य गर्ने।**

२३. तत्कालीन श्री ५ को सरकार (म.प.) को मिति २०५५।११।१० को निर्णयअनुसार मेलम्ची खानेपानी परियोजनाको कार्यान्वयनमा छिटो छरितो तथा पारदर्शिता अपनाई निर्णय गर्न श्री ५ को सरकारको (म.प.बाट हुने निर्णय बाहेक) सम्पूर्ण अधिकार **मेलम्ची खानेपानी विकास समिति**लाई प्रदान गर्ने **विशेष अधिकार** दिएको तथ्यमा विवाद रहेको देखिंदैन।

२४. मेलम्ची खानेपानी विकास समितिमा निम्न अनुसारको ५ सदस्यीय बोर्ड रहेने देखिन्छः

क. **खानेपानी मन्त्रालयका सचिव समितिको अध्यक्ष,**

ख. **अर्थ मन्त्रालयका सहसचिव,**

ग. **काठमाडौं महानगरपालिकाका प्रमुख,**

घ. **ह्योल्मो सिन्धु मेलम्ची उपत्यकाका सामाजिक उत्थान कार्यक्रम संचालन समितिका प्रतिनिधि सदस्य, र**

ङ. **मेलम्ची खानेपानी विकास समितिको कार्यकारी निर्देशक समितिको सदस्य सचिव**

२५. माथि उल्लिखित समितिको उद्देश्य सिन्धुपाल्चोक जिल्ला भई बग्ने ईन्द्रावती नदीका सहायक नदीहरू (मेलम्ची, याङग्री तथा लार्के) को पानीलाई सुरुङ्गका माध्यमबाट काठमाडौं उपत्यकातर्फ पथान्तरण (Divert) गरी काठमाडौं उपत्यकामा भैरहेको खानेपानीको अभावलाई हटाउने भन्ने नै देखिन्छ। उक्त समितिलाई प्रदान गरिएको उद्देश्य प्राप्त गर्ने प्रयोजनार्थ काठमाडौं उपत्यकामा पानी पथान्तरण गर्न हेडवर्क्स तथा सुरुङ निर्माणका लागि चिनिया निर्माण व्यवसायी M/S China Railway 15 Bureau Group Corporation and China Machinery Industry Group Corporation Inc JV सँग १९ फरवरी, २००९ मा १९५० दिनभित्र अर्थात 2 Sept 2013 मा निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको पाइन्छ। तर निर्माण व्यवसायीले तयार गरेको कार्ययोजना तथा कबोल गरेअनुसार सम्झौताका शर्तहरू पालना गर्न नसकेको, ७८.६% करारको अवधि 25 Sept 2012 मा समाप्त हुँदा समेत १५.३% मात्र काम भएको देखिन्छ। समयावधिको तुलनामा कामको प्रगति सन्तोषजनक नभएको कारण देखाई ठेक्का सम्झौता रद्द गरेको र सो अवधिसम्म २७.५८४ किलोमिटरमध्ये ६.४४४ किलो मिटर सुरुङ्ग निर्माण कार्य मात्र सम्पन्न भएको देखिन्छ।

२६. अब, M/S China Railway 15 Bureau Group Corporation and China Machinery Industry Group Corporation Inc JV ले कार्य सम्पन्न गर्न नसकेकोले पुनः समयमै कार्य सम्पन्न गरी काठमाडौं उपत्यकाबासीहरूलाई खानेपानी उपलब्ध गराउन अन्तर्राष्ट्रियस्तरको प्रतिस्पर्धात्मक बोलपत्र आह्वान गरी सबैभन्दा कम रकम कबोल गरी सारभूत रुपमा प्रभावग्राही देखिएको निर्माण व्यवसायी Co-operativa Muratori e Cementisti – CMC di Ravenna, Italy लाई छनौट गरी उक्त निर्माण व्यवसायीसँग १५ जुलाई, २०१३ (२०७०।०३।३१) मा १०९५ दिनभित्रमा बाँकी निर्माण कार्य सम्पन्न गर्ने गरी कुल रकम रू.७ अर्व ७२ करोड (भ्याट बाहेक) बराबरको सम्झौता भएको पाइन्छ। उक्त कम्पनीले समेत २०७५।०८।२९ (15 Dec, 2018) सम्ममा कार्य सम्पन्न नगरी साइट छोडी गएको तथ्यमा विवाद रहेको देखिएन।

२७. Co-operativa Muratori e Cementisti – CMC di Ravenna, Italy ले साइट छोडी गएपछि काठमाडौंबासीहरूको तीन दशक देखिको मेलम्चीको पानी पिउने सपनामा तुसरापात छायो भने अर्कोतर्फ अभियोजन पक्षले Co-operativa Muratori e Cementisti – CMC di Ravenna, Italy नामक कम्पनीले सम्झौता गर्दाको मिति १५ जुलाई, २०१३

(२०७०।०३।३१) देखि निजहरूले कार्यस्थल छोडी गएको मिति सम्ममा प्रतिवादीहरू Contractor, Cosultant, Employer तीनै पक्षको संलग्नतामा नेपाल सरकारको सम्पत्ति अनियमितता भएको भनी अभियोजन पक्षबाट प्रस्तुत मुद्दाका प्रतिवादीहरू उपर मुद्दा दर्ता भएको देखिन्छ।

२८. अभियोजन पक्षले निम्न शीर्षकहरूमा रकम अनियमतिता भएको भनी प्रतिवादीहरू उपर आरोप दाबी लिएको देखिन्छः

क. अतिरिक्त मोबिलाइजेसन पेस्की र सोको ब्याज असुली नभएको,

ख. रेण्टल चार्ज (भाडा) समायोजन नगरेको,

ग. भेरिएसन स्विकृत नगरी भुक्तानी दिएको,

घ. नयाँ दर रेट तथा Rectification नगरेको र

ङ. औचित्य समाप्त भएको सम्मको भुक्तानी दिएको।

२९. निर्माण **व्यवसायीबाट कार्य सम्पादन पश्चात भुक्तानी हुने प्रक्रियाबारे प्राप्त विवरणमा** मेलम्ची खानेपानी विकास समितिबाट जानकारी दिएबमोजिम परामर्शदाताबाट रनिङ बिल IPC भुक्तानीको प्रक्रियाको लागि सिफारिस गरिदासम्म निम्नानुसारको Step/method रहने भनी उल्लेख भएको देखियो।

क. निर्माण व्यवसायीबाट सम्पादित कामको भुक्तानीका लागि बिल Interim Payment Schedule (रनिङ बिल IPC) तयार गर्ने,

ख. रनिङ बिल IPC सँग सम्बन्धित साइटका RE बाट दैनिक कामको प्रमाणित Measurement Sheet, Test Report लगायतका Supporting Document संलग्न रहने,

ग. निर्माण व्यवसायीबाट भुक्तानीको लागि तयार गरेको IPS सिफारिसका लागि परामर्शदातामा पेस गर्ने,

घ. परामर्शदाताबाट IPS को जाँच गर्ने,

ङ. Team Leader बाट प्रमाणित कागजात सहितको IPS लाई प्रमाणित गरी रनिङ बिल IPC को रुपमा भुक्तानीका लागि आयोजानलाई सिफारिस गर्ने,

च. आयोजनाबाट रनिङ बिल IPC को जाँच गर्ने,

छ. सम्बन्धित साइट प्रमुख मेलम्ची खानेपानी विकास समितिका Representative बाट सम्पादित कामको यकिन गरी भुक्तानीका लागि सिफारिस गर्ने,

ज. लेखा शाखाबाट जाँच गरी भुक्तानीको पेस गर्ने,

छ. कार्यकारी निर्देशकबाट भुक्तानीको निर्णय गर्ने।

३०. अब, क्रमशः माथि उल्लिखित निर्णय गर्नुपर्ने प्रश्नहरू तर्फ हेरौं।

पहिलो प्रश्नः **अन्तर्राष्ट्रिय दातृ निकाय ADB सँग गरिएको सम्झौता अनुरुप भएको ठेक्कामा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को कानूनी प्रावधान लागू हुने हो वा ADB को खरिद निर्देशिका मात्र लागू हुने हो ?** भन्ने मूलभूत विषय समावेस रहेको प्रस्तुत मुद्दामा अन्तर्राष्ट्रिय दातृ निकाय ADB र नेपाल सरकारबीच सन २००१, जनवरी २४ मा माथि उल्लिखित कार्य गर्नका लागि ऋण सम्झौता भएको देखिन्छ। ऋण सम्झौतामा उल्लेख गरिएका शर्तहरूमध्ये दातृ निकाय ADB को Procurement Guideline बमोजिम बोलपत्र आह्वान गर्ने, मूल्याङ्कन गर्ने र Award of Contract समेतका कार्यहरू गर्ने भनी उल्लेख गरेको देखिन्छ। जसअनुसार नै उक्त आयोजनाको खरिद प्रक्रिया अघि बढाईएको पाइन्छ। यस सम्बन्धी कानूनी व्यवस्था हेर्दा सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६७(१) को खण्ड (ख) ले **"नेपाल सरकार र दातृ पक्ष बीच भएको सम्झौता बमोजिम सो पक्षको खरिद निर्देशिका (प्रोक्योरमेन्ट गाइडलाइन्स) अनुरुप खरिद गर्नु परेमा यो ऐनबमोजिमको खरिद प्रक्रिया अपनाउनु पर्ने छैन"** भन्ने उल्लेख भएको पाइन्छ। त्यही आधारमा खरिद प्रक्रियामा ADB को Procurement Guideline मात्र लागू हुन्छ भनी प्रतिवादीको तर्फबाट जिकिर लिएको देखिन्छ। तर उक्त आयोजनाको खरिद प्रक्रिया र ऋण सम्झौता फरकफरक विषय हुन् भन्ने तथ्य पनि स्पष्ट नै रहेको छ।

३१. त्यस्तै **ADB को Procurement Guideline प्रयोग हुने भन्नुको तात्पर्य दातृ निकायले प्रदान गरेको ऋण रकमको उद्देश्यमूलक प्रयोग होस भन्ने नै हो। त्यसको सुनिश्चितता प्राप्त गर्नका लागि ADB को Procurement Guideline मा राखिएका प्रावधान वा शर्तहरूले नेपालमा प्रचलित कानूनको कार्यान्वयनलाई सङ्कुचित गराउन सक्तैन। यदि उल्लिखित गाइडलाइनमा कुनै कार्यविधि उल्लेख भएको रहेनछ भने स्वतः स्थानीय मुलुकको स्थानीय कानून आकर्षित हुन्छ। एसियन डेभलपमेन्ट बैंक (ADB) को खरिदसम्बन्धी दिशानिर्देश (Procurement Guideline) मा उल्लेख भएका प्रावधान वा शर्तहरूले नेपालमा प्रचलित कानूनको कार्यान्वयनलाई सीमित गर्न सक्दैनन्। नेपालको सार्वभौम संसदले निर्माण गरेको कानूनभन्दा माथि कुनै Procurement Guideline हुन्छ भनेर परिकल्पनासम्म पनि गर्न सकिंदैन।** गाइडलाइनमा कार्यविधिसम्म निर्देशित गरिएको हुन्छ जसले खरिद कार्यको सारभूत मान्यतालाई सीमित गर्न सक्तैन। यदि गाइडलाईनमा कुनै विशेष कार्यविधि उल्लेख नगरिएको भए त्यस अवस्थामा नेपालको प्रचलित कानून लागू हुन्छ भन्ने तथ्यमा दुविधा हुन सक्तैन। यसको अर्थ, ADB को खरिद प्रक्रियामा प्राथमिकता त उक्त गाइडलाइनलाई नै दिइन्छ तर गाइडलाइनमा कुनै कुरा स्पष्ट नभएको वा समावेश नभएको अवस्थामा नेपालको कानूनी व्यवस्था प्रभावी रुपमा लागू हुने तथ्य स्वतःसिद्ध नै छ।

३२. ADB को Procurement Guideline मा समावेश नभएको विषयमा स्थानीय कानून आकर्षित हुन्छ कि हुँदैन भन्ने विषय निजी अन्तराष्ट्रिय कानूनको विषयसमेत रहेको देखिन्छ। निजी अन्तर्राष्ट्रिय कानूनको मूल सिद्धान्तअनुसार कुनै अन्तर्राष्ट्रिय सम्झौतामा प्रयोग हुने कानून (Applicable Law) स्पष्ट उल्लेख भएमा सो कानून लागू हुन्छ भन्ने मान्यता राख्दछ। यसै सन्दर्भमा, **lex contractus** (सम्झौतामा उल्लिखित कानून) को सिद्धान्तअन्तर्गत ADB को गाइडलाइनलाई लागू गर्ने व्यवस्था भएकोमा विवाद छैन। तर ADB को गाइडलाइनलाई कुनै विषयमा मौन, गाइडलाइनमा भएको विषय अस्पष्टता वा अपूर्णता देखिएमा कार्य सम्पादन हुने देशको कानून अर्थात् **lex loci executionis** नेपालको प्रचलित कानून प्रभावकारी हुन्छ भन्ने सिद्धान्त नै रहेको देखिन्छ। यसै सन्दर्भमा भारतको सर्वोच्च अदालतले युनियन अफ इण्डिया वि. रिलायन्स इन्डस्ट्रिज लि. को मुद्दामा "Nothing in this Contract shall entitle the Government or the Contractor to exercise the rights, privileges and powers conferred upon it by this Contract in a manner which will contravene the laws of India."[१] भनी सिद्धान्त समेत प्रतिपादन गरेको देखिन्छ। जसको अर्थ हो सम्झौतामा कुनै पनि प्रावधानले सरकार वा निर्माण व्यवसायीलाई यस सम्झौताबाट प्राप्त अधिकार, विशेषाधिकार र शक्तिहरू प्रयोग गर्ने अनुमति दिंदैन जसले भारतको कानूनको उल्लङ्घन गरोस्। ठिक यही तरिकाले मेलम्ची खानेपानी परियोजनाको सवालमा पनि नेपालको कानून उल्लङ्घन हुनेगरी निर्माण व्यवसायीलाई कुनै विशेषाधिकार प्रदान गर्दैन।

३३. निजी अन्तर्राष्ट्रिय कानूनमा **ordre public** अर्थात् सार्वजनिक नीति (Public Policy) को सिद्धान्तअनुसार कुनै पनि विदेशी दिशानिर्देश वा सम्झौताले स्थानीय राज्यको अनिवार्य कानूनी व्यवस्था उल्लङ्घन गर्न सक्दैन र गर्नु हुँदैन। त्यस्तै Oil and Natural Gas Commission vs. Western Company of North America को मुद्दामा भारतको सर्वोच्च अदालतले Foreign guidelines or contractual provisions must not override the sovereign public policy of the state.[२] भनी सिद्धान्त प्रतिपादन गरेको पाइन्छ। अतः अन्तर्राष्ट्रिय दातृ निकायको निर्देशन वा सम्झौताले सार्वभौमिक राज्यका कानूनी मूल्यहरू र प्रक्रियालाई विस्थापित गर्न सक्दैन। गाइडलाइनलाई पूर्ण रूपमा लागू गर्न सकिने अवस्था त्यतिबेला मात्र सम्भव हुन्छ जब त्यसमा सबै आवश्यक कानूनी प्रक्रिया समावेश छन् र स्थानीय मुलुकको कानूनसँग विरोधाभाषी छैनन्। भारतको सर्वोच्च अदालतबाट प्रतिपादित भएको नजिरहरू नेपालको सन्दर्भमा वाध्यकारी भने होइन तर विषयबस्तु निजी अन्तर्राष्ट्रिय कानूनको भएको हुँदा स्थापित सिद्धान्तको रुपमा उक्त दृष्टान्तहरूलाई अनुसरण गर्न सकिने नै हुन्छ। यो नेपालको सर्वोच्च अदालतले समेत तथा अन्तर्राष्ट्रिय जगतमा पनि प्रचलित नै रहेको छ।

३४. यसका सन्दर्भमा कुनै पनि गाइडलाइनमा कुनै कुरा उल्लेख नभएको अवस्थामा स्थानीय देशको कानून लागू हुने भन्ने मान्यताको आधार र कारणहरू निम्नअनुसार उल्लेख गरिएको छः

**<u>उक्त मान्यताको आधार र कारणहरू निम्नानुसार छन्:</u>**

**१. सम्प्रभुता र कानूनी सर्वोच्चता**

क. कुनै पनि अन्तर्राष्ट्रिय संस्था वा विकास साझेदारले निर्धारण गर्ने दिशानिर्देशहरूले कुनै सार्वभौम राष्ट्रको आन्तरिक कानूनी व्यवस्थालाई अप्रभावी बनाउन सक्दैनन्।

ख. नेपालको संविधान र प्रचलित कानूनलाई अवलम्बन गर्नु अनिवार्य हुन्छ। कुनै विशेष सम्झौताले त्यसको विपरीत प्रावधान राखेमा पनि स्थानीय कानून अमान्य हुँदैन।

**२. ADB को दिशानिर्देशको प्राथमिकता**

क. ADB को खरिदसम्बन्धी दिशानिर्देश (Procurement Guidelines) लागू हुनुपर्छ किनभने ADB को वित्तीय सहयोग प्राप्त परियोजनाहरूमा सोही दिशानिर्देश प्राथमिक हुन्छ।

ख. यद्यपि, गाइडलाईनमा कुनै विशेष कार्यविधि वा प्रावधान उल्लेख नभएको खण्डमा, परियोजना सञ्चालन हुने राष्ट्र (नेपाल) को प्रचलित कानून लागू हुन्छ।

**३. कानूनी रिक्तता (Legal Gap Filling)**

क. यदि ADB को खरिदसम्बन्धी दिशानिर्देशमा कुनै विशेष अवस्था वा प्रक्रिया स्पष्ट रुपमा निर्दिष्ट नगरिएको रहेछ भने त्यस अवस्थामा नेपालको प्रचलित कानूनी व्यवस्था लागू हुन्छ।

ख. यसले कुनै द्विविधा उत्पन्न गराउँदैन किनभने अन्तर्राष्ट्रिय अभ्यासअनुसार स्थानीय कानून नै पूरक व्यवस्थाको रुपमा लागू हुने परम्परा छ।

**४. सम्झौता र कानूनी व्यवस्थाहरूको समायोजन**

क. ADB को परियोजनामा अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मक खरिद (International Competitive Bidding) जस्ता प्रक्रियाहरू प्राथमिक हुन सक्छन्।

ख. तर, यदि गाइडलाईनमा स्पष्ट व्यवस्था छैन भने नेपालको सार्वजनिक खरिद ऐन (Public Procurement Act) वा अन्य प्रासंगिक कानूनी व्यवस्थाहरूको पालना गर्नुपर्छ।

**५. न्यायिक दृष्टिकोण**

क. नेपालमा कार्यान्वयन हुने कुनै पनि खरिद प्रक्रिया नेपालको संवैधानिक र कानूनी व्यवस्था अनुसार नै व्याख्या र कार्यान्वयन हुनुपर्छ।

ख. नेपालका अदालतहरूले पनि यस्तै दृष्टिकोणलाई मान्यता दिनु वाञ्छनीय हुन्छ किनभने राष्ट्रिय कानूनलाई नकार्न सकिँदैन।

अतः ADB को खरिदसम्बन्धी दिशानिर्देश प्राथमिक भए तापनि ती दिशानिर्देशमा कुनै प्रावधान अस्पष्ट वा अनुपस्थित भएमा नेपालको प्रचलित कानून लागू हुन्छ भन्ने कुरा स्वाभाविक, तर्कसङ्गत र कानूनी रुपमा स्थापित मान्यता हो।

३५. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३ मा खरिद गर्दा यस ऐन लागू हुने भन्ने प्रष्ट उल्लेख छ। जसअनुसार **<u>यस ऐनबमोजिम खरिद गर्नुपर्ने:</u>** (१) सार्वजनिक निकायले खरिद गर्दा यस ऐन बमोजिमको कार्यविधि पुरा गरी खरिद गर्नु पर्नेछ। (१क) प्रचलित कानूनबमोजिम दर्ता भएको संस्थाले सरकारी कोष प्रयोग गरी खरिद गर्दा सो हदसम्म यस ऐन बमोजिमको कार्यविधि पुरा गरी खरिद गर्नु पर्नेछ। (२) उपदफा (१) र (१क) को प्रतिकूल हुने गरी गरिएको खरिद बदर तथा अमान्य हुनेछ भन्ने कानूनी व्यवस्था रहेको छ। तर ADB को Procurement Guideline भिन्दै रहेको स्थितिमा पनि स्थानीय कानूनलाई बाइपास गरेर जथाभावी गर्न छुट दिएको हुँदैन भन्ने तथ्यलाई आत्मसात गरिनु वाञ्छनीय हुन्छ।

३६. अर्कोतर्फ नेपाललाई प्रदान गर्ने ऋणको साँवा तथा ब्याज तिर्नुपर्ने दायित्व नेपाल सरकारको नै हुने भएकाले पनि ऋण प्रदान गर्दा राखेका केही शर्तहरूकै कारण समग्र खरिद प्रक्रियामा भएको अनियमितताको सम्बन्धमा प्रचलित सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली लागू नहुने भन्न मिल्दैन, हुँदैन। कुनै प्रकारको योगदानमा दातृ निकायले आफुले खर्च गरेको रकममा उक्त रकमको सदुपयोगमा आफुले राखेको शर्त बमोजिम हुन सक्छ। ऋण रकममा उक्त रकमको सुनिश्चितताको लागि कुनै नियम वा गाइडलाइन दातृ निकायले दिन सक्छ तर **दातृ निकायले राखेका शर्तहरू** कुनै हालतमा पनि नेपाली कानूनभन्दा माथि हुन सक्दैनन्। **जब ऋणको जिम्मा नेपाल**

**राज्यले नै वहन गर्नुपर्छ भने यो पूर्णतः नेपाल सरकारको बजेट खर्च गर्ने विषयसँग मात्र सम्बन्धित छ।** International loan agreements मा समावेश गरिएका शर्तहरूको प्रभाव भनेको Contractor pre-selection, EPC obligation वा Loan disbursement milestones जस्ता क्षेत्रसम्म सीमित हुनुपर्छ। Procurement transparency, Competition र Fairness लगायतका विषयहरूमा **नेपालको कानून पूर्णतः लागू हुन्छ। यसले राज्यमा सुशासन कायम गर्न मद्दत गरी अनियमिततासँग लड्नसमेत सहयोग गर्दछ।**

३७. खरिद सम्झौता General Conditions of Contract (GCC) को बुँदा नं. 1.4 मा माथि उठाइएको प्रश्नलाई सम्बोधन गर्ने प्रावधान उल्लेख भएकै देखिन्छ। उक्त व्यवस्था अनुसार "The Contract shall be Governed by the law of the country: Law of Nepal (as in contract data and PCC)" भनी उल्लेख भएको पाइन्छ। उक्त प्रावधान बमोजिम Law of Country अर्थात नेपालको कानून लागू हुनेमा विवाद नै रहेको देखिंदैन। यसका साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८७क. अनुसार **"नेपाल सरकार र दातृ पक्ष बीच भएको सम्झौता बमोजिमको दातृ पक्षको खरिद निर्देशिका (पोरक्योरमेण्ट गाइडलाइन) मा उल्लेख नभएका कुराहरूको हकमा ऐन र यस नियमावलीबमोजिम हुनेछ"** भन्ने प्रष्ट प्रावधान रहेको हुँदा ADB Guideline ले नसमेटेको जति कुरामा प्रचलित नेपाल कानून लागू हुने तथ्यमा दुई मत हुन सक्तैन।

३८. यसरी हेर्दा मुलतः निम्न चार प्रमुख आधारमा यस सम्झौता कार्यान्वयनको सिलसिलामा एडिबी वा नेपाल कानून कुन लागू हुने हो भन्ने प्रश्नमा नेपाल कानूनसमेत लागू भई विवाद निरुपण हुने देखियोः

क. **ADB को Procurement Guideline ले नेपाल कानूनलाई सङ्कुचित पार्न नसक्ने सार्वभौम सिद्धान्तको आधारमा।**

ख. **General Conditions of Contract (GCC) को बुँदा नं. १.४ मा उल्लिखित शर्तको आधारमा।**

ग. **सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३ र ५ को आधारमा।**

घ. **सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८७क. को व्यवस्थाको आधारमा।**

३९. यसरी सम्झौताको प्रक्रिया पुरा नगरेको, तोकिएको सीमाभन्दा बढी आर्थिक लाभ लिए दिएको, सम्झौताबमोजिम ठेक्का व्यवस्थापन नगरेको आदि कारणले हुन गएको क्षति Employer, Contractor र Consultant को मिलेमतोमा हुने हुनाले प्रस्तुत आयोजना दातृ निकायसँगको सम्झौतामा संचालन भएको भए तापनि सम्झौता पश्चातको खरिद प्रक्रियामा भएका भ्रष्टाचारजन्य कार्यका लागि सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ का प्रावधानहरू लागू हुने देखिन्छ। अतः सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ को कार्यान्वयनले परियोजनाहरूको पारदर्शिता, उत्तरदायित्व र सार्वजनिक स्रोतको दक्षतापूर्वक प्रयोग सुनिश्चित गर्ने कार्यमा मद्दत गर्ने भएकाले उक्त ऐनको दफा ३ र दफा ५ तथा नियमावलीको नियम ८७क. बमोजिम वैदेशिक लगानीमा पनि नेपालको कानूनबमोजिमको प्रक्रिया अबलम्बन गर्नुपर्ने देखिन्छ।

४०. **अब, प्रतिवादीहरूले अतिरिक्त मोबिलाइजेसन पेस्कीको ब्याज तिर्नुपर्ने हो, होइन?** भन्ने प्रश्नको पनि निरुपण गर्नुपर्ने भएको छ। सामान्य अर्थमा मोविलाइजेसन पेस्की भनेको निर्माण व्यवसायीले साइटमा काम सुरु गर्न (equipment, labor, site establishment आदि) आवश्यक पूर्वतयारीको लागि सम्झौता र सम्बद्ध कानूनको अधीनमा रही अग्रिम रूपमा प्रदान गरिने रकम हो। सामान्यतया, यसलाई ठेक्का रकमको केही प्रतिशत (जस्तै, 10%–20%) को रूपमा दिइन्छ। यस किसिमको अग्रिम भुक्तानी आयोजना सम्पन्न गर्न सहयोगी तत्वका रूपमा रहने अन्तर्राष्ट्रिय अभ्यास अनुरूप रहेको देखिन्छ। तर यस सम्बन्धमा मेलम्ची खानेपानी आयोजना र निर्माण कम्पनी बिच भएको सम्झौताको कुनै पनि प्रावधानमा यस बारेमा उल्लेख रहेको पाईंदैन। सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क. मा पेस्की उपलब्ध गराउने सम्बन्धमा कानूनी व्यवस्था गरिएको पाइन्छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८७क. अनुसार दातृ पक्षको खरिद निर्देशिका (प्रोक्योरमेण्ट गाइडलाइन) मा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन र नियमावलीको व्यवस्था नै लागू हुन्छ भन्ने व्यवस्था रहेको पाइन्छ। उल्लिखित ऐन र नियमावलीमा

भएको कानूनी व्यवस्था हेर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क. बमोजिम २०% मा नबढ्ने गरी पेस्की दिन सकिने तथा ठेक्का सम्झौता बमोजिम लिएको उक्त पेस्की बापतको रकम सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उपनियम (६) बमोजिम तोकिएको समयावधिमा करारको सम्झौता शर्त बमोजिम सम्पादन नगरी ठेक्का अन्त भएमा कानूनी अनिवार्यताबमोजिम पेस्की बिलबाट फछ्यौंट नभएमा जमानत जफत गरी १०% ब्याजसमेत असुल उपर गर्नुपर्ने कानूनी व्यवस्था रहेको पाइन्छ। *यसरी प्रचलित नेपाल कानूनमा पेस्की लिई तोकिएको समयभित्र काम नगर्ने पक्षबाट ब्याज समेत असुल गर्ने प्रष्ट कानूनी व्यवस्था भएकोले यो वा त्यो बहानमा ब्याज तिर्न नपर्ने भनी प्रतिवादीले लिएको जिकिर खम्बीर हुन सक्ने देखिएन। कानूनले पेस्की रकमको दुरुपयोग वा समयमा काम नगर्ने अवस्थालाई गम्भीर रुपमा लिन्छ र त्यसबाट उत्पन्न आर्थिक हानिको क्षतिपूर्ति ब्याजसहित असुल गर्न सकिने व्यवस्था स्पष्ट छ। तसर्थ, प्रतिवादीले ब्याज नतिर्ने जिकिर गर्नु ठोस आधारबिहीन देखिन्छ। यस सन्दर्भमा कानून विपरीत भुक्तानी गरिएको अतिरिक्त पेस्की रकमको ब्याजसमेत असुल उपर गर्नुपर्ने देखिन्छ।*

४१. दुई पक्ष बिच भएको सम्झौता हेर्दा Memorandum of Understanding (MOU) गर्ने र अतिरिक्त पेस्की उपलब्ध गराउने जस्ता सहुलियतहरू सम्झौतामा उल्लेख भएको पाइदैन। मूलतः त्यही सम्झौता नै दुई पक्ष आफैले निर्माण गरेको कानून पनि हो। जब दुई वा बढी पक्षहरूबीच कानूनीरूपमा कुनै वैध सम्झौता हुन्छ भने सो सम्झौताको शर्तहरू ती पक्षहरूका लागि बाध्यकारी हुन्छन्। सम्झौता सार्वजनिक कानून नभए पनि सम्झौताका पक्षहरूका लागि निजी कानून (Private Law) सरह लागू हुन्छ। यस्तो व्यवस्था निजीतः स्वायत्तता (private autonomy) को सिद्धान्तमा आधारित हुन्छ। व्यक्तिहरू वा संस्थाहरूले आफूले गरेका कानूनी सम्झौताका शर्तहरूलाई स्वयम् नियमन गर्न पाउँछन्। सम्झौताको पालना गरिनुपर्छ भन्ने मान्यता "Pacta sunt servanda" अन्तर्राष्ट्रिय र नागरिक कानून दुवैमा स्थापित छ। त्यसको इमान्दारितापूर्व परिपालना दुवै पक्षबाट गरिनु पर्दछ। यदि सम्झौतामा उल्लेख नभएका खर्चहरू गरिएको रहेछ भने ती कार्य बदनियत राखी गरिएको भन्ने बुझिन्छ। सार्वजनिक खरिद प्रक्रिया पारदर्शी, प्रतिस्पर्धात्मक र कानूनी सीमाभित्र सञ्चालन हुनु अनिवार्य हुन्छ भन्ने कुरा सार्वजनिक खरिद ऐन, २०६३ र यस अन्तर्गत बनेका नियमावलीमा स्पष्ट रूपमा व्यवस्था गरिएको छ। सोही ऐनको दफा ५ र ६ मा खरिद कार्यमा पारदर्शिता, उत्तरदायित्व र वित्तीय अनुशासन पालना गरिनुपर्ने आधारभूत सिद्धान्तहरू उल्लेख छन्। यसै सन्दर्भमा, मेलम्ची खानेपानी आयोजनाको विशेष अवस्थालाई लिएर रोजगारदाताले कानूनी प्रावधान तथा सम्झौताको शर्त विपरीत पटक-पटक Memorandum of Understanding (MOU) गरी Additional Advance Payment दिने गरेको प्रस्तुत मुद्दाका तथ्यहरू आफै बोलेको पाइन्छ। अझै त्यसमा पनि अघिल्लो बिलको भुक्तानी समायोजन नै नगरी परामर्शदातबाट जारी भएका रनिङ बिल IPC को भुक्तानी Additional Advance Payment मार्फत गरिएको देखिन्छ जुन कानून विपरीतको कार्य हो। यसप्रकार स्वयम् सम्झौताको प्रावधान वा सार्वजनिक खरिद ऐनले परिकल्पना नै नगरेको Additional Advance Payment भुक्तानी कानून विपरीत भएको देखिन्छ। यस्ता कार्यहरू सार्वजनिक सम्पत्तिको दुरुपयोग, मौलिक लेखापरीक्षण सिद्धान्तको उल्लङ्घन र value-for-money सिद्धान्तको विपरीतसमेत हो भन्न सकिन्छ।

४२. *यसरी माथि विवेचित तथ्य प्रमाण र कानूनका आधारमा सम्झौता र कानून विपरीत दिएको अतिरिक्त पेस्की रकम फछ्यौंट नभई जमानत जफत गर्न परेमा त्यसको ब्याजसमेत असुल गर्नुपर्ने हुन्छ। तर आरोप दाबीमा पेस्की लिने जुन निर्माण कम्पनी (CMC De Ravenna) बाट ब्याज असुल उपर गर्नु पर्ने हो सोही कम्पनीको हकमा प्रतिवादी खण्डमा कम्पनीको नामसम्म उल्लेख गरी आरोपपत्रको मागदाबी खण्डमा निज उपर ब्याज असुलीको मागदाबी गरेको नदेखिंदा प्रस्तुत मुद्दामा ब्याज असुल गर्नु पर्ने अवस्था देखिन आएन। यसमा कानूनतः असुल गर्नुपर्ने ब्याज असुलीको माग दाबी नगरिनुको आधार तथा कारण अभियोजकले नै पुष्टि गर्नुपर्ने देखिन्छ। अभियोजकले सो दाबी नगर्नुको औचित्य पुष्टि गर्नु आवश्यक छ। अतिरिक्त पेस्की उपलब्ध गराउने अधिकारी उपर ब्याज असुलीको माग दाबी लिने र पेस्की रकम प्राप्त गरी लाभ हासिल गर्ने निर्माण कम्पनीसँग ब्याज असुलीको दाबी नै नगरिएको यो स्थितिलाई सामान्य रुपपमा लिन मिल्दैन। यसरी सरकारी पक्षबाट ब्याज असुलीको दाबी नलिएको कारणले सो ब्याज रकम*

*सरकारी हानिनोक्सानीको हिसाबमा रहे तापनि माग दाबी नगरेको विषयमा कमन ल प्रणाली अपनाइएको हाम्रोजस्तो न्याय प्रणालीमा अदालतले असुल गर्न वा भराउन आदेश गर्न मिल्ने देखिएन। फलस्वरुप सोहदसम्मको हानिनोक्सानी पुर्ताल (Reimberse) हुन नसक्ने देखियो।*

४३. **अर्को निर्णय गर्नुपर्ने प्रश्न, बिल भुक्तानी गर्दा Rental Charge समायोजन गर्नुपर्ने हो होइन ?** भन्ने सन्दर्भमा हेर्दा, सरकारी स्वामित्वमा रहेको उपकरण, संरचना वा सामग्री प्रयोग भएको छ भने बिल भुक्तानी गर्दा Rental Charge समायोजन (adjustment) गर्नपर्ने हुन्छ। यथपि सम्झौताको व्यवस्था (Contractual Provision) को आधारमा समायोजन गर्ने वा नगर्ने भन्ने निर्णय गर्न सकिन्छ। यदि सम्झौतामा उल्लेख नभएको अवस्थामा बिल भुक्तानी गर्दा Rental Charge समायोजन (adjustment) गर्नपर्ने हुन्छ। प्रथमतः अघिल्लो निर्माण कम्पनीले छाडेका निर्माण सामाग्री, घर, मेसिन तथा उपकरणहरूको प्रयोग गर्ने सम्बन्धमा सम्झौता हुनु अगावै मेलम्ची खानेपानी विकास समिति र निर्माण व्यवसायी बिच जुलाई महिनाको ११,१२,१४ तारिख २०१३ मा संयुक्त बैठकबाट उक्त सामाग्रीहरूको प्रयोग गर्ने र सोको मूल्य तथा भाडा भुक्तानी गर्ने सहमति भएको देखिन्छ। उक्त बैठकको मूल प्रति अनुसन्धानको क्रममा तयार पारिएको मिसिल नं. ४ को पाना सङ्ख्या १६१/१-१६१/२२ मा समावेस गरिएको देखिए तापनि माथि उल्लिखित अघिल्लो निर्माण कम्पनीले छाडेका निर्माण सामाग्री, घर, मेसिन तथा उपकरणहरूको प्रयोग गर्ने सम्बन्धमा भएको निर्णय स्क्यान गरी यहाँ प्रस्तुत गरिएको छः

**Acceptable response**

**Equipment**

**Q4: Clarify if CMC intended to use Any equipment /material currenly at site (up grading of existing batching plants noted in mobilization schedule)**

**CMC:** The batching plants, the temporary lodgings, the work offices, the warehouses and some construction materials, left by the previous contractor, could be potentially considered for utilization in the new MDS/DT/02 contract; subsequent to the signature of the Contract, a specific site inspection by our team will be carried out to decide which equipment will be repaired/upgraded, and which one will be replaced. The cost of the equipment to be agreed once CMC finalizes the list of equipment to be used.

**Acceptable response**

**Q5: Should your equipment be insufficient, and given the long lead times for procurement, what will be the CMC course of action to ensure timely replacement/addition?**

**CMC:** There are two possible critical scenarios: insufficient number of equipment (due for instance to necessity of acceleration) and breakdown of equipment.

First of all, it will be evaluated and determined which are the critical machines and which are not. This assessment includes the investigation on which machines could be found locally, and therefore ranked as non critical.

According to that, a maintenance plan will be designed based on the kind of equipment required and its criticality.

All equipment will be duly maintained, according to specific maintenance plans. The equipment identified as very critical will be, if economically sustainable, backed by stand-by machines to be present on site; moreover, a continuous rigorous maintenance action, spare parts provision and performance evaluation will be implemented in order to identify and fix any problem as soon as possible, and if required, activate the necessary means to replace that equipment without delays.

Equipment mobilization: whenever equipment, items or resources can be supplied locally, these will be mobilized immediately. However, if they have to be imported, a careful monitoring of the delivery schedule will be performed in order to detect in a timely manner the possible delays due to lack of equipment and therefore proceed as soon as possible with the procurements.

**Acceptable response**

**Site Organization**

**Q6: Provide details of risk register, risk assessment report and risk management plan**

**CMC:** The risk register, risk assessment and risk management plan will be updated and modified to take into account the particular risks of the Melamchi Project, and resubmitted within [illegible] days after signing of the Contract Agreement.

**Acceptable response**

COOPERATIVA MURATORI & CEMENTISTI C.M.C. di RAVENNA Via Trieste, 76 - 48122 Ravenna (Italia)

**Q7: Clarify your provisions for first –aid , medical facilities and resources at site and medi-evacuation services**

Page 2 of 6

**Executive Director**

४४. निर्माण स्थलमा रहेका Equipment प्रयोग गर्ने सम्बन्धमा General Condition of Contract (GCC) को <u>Clause no. 4.20 मा</u> समेत केही व्यवस्था उल्लेख भएको पाइन्छ। General Condition of Contract (GCC) को <u>Clause no. 4.20 मा</u>

Employer's Equiepment and Free-Issue materials भन्ने शीर्षकमा निम्नबमोजिमको बेहोरा रहेको पाइन्छः

*"The Employer shall make the Employer's Equipment (if any) available for the use of the Contractor in the execution of the Works in accordance with the details, arrangements and prices stated in the Specification. Unless otherwise stated in the Specification:*

a. *the Employer shall be responsible for the Employer's Equipment, except that*

b. *the Contractor, shall be responsible for each item of Employer's Equipment whilst any of the Contractor's Personnel is operating it, driving it, directing it or in possession or control of it.*

*The appropriate quantities and the amounts due (at such stated prices) for the use of Employer's Equipment shall be agreed or determined by the Engineer in accordance with Sub-Clause 2.5-[Employer's Claims) and Sub-Clause 3.5 [Determinations]. The Contractor shall pay these amounts to the Employer.*

*The Employer shall supply, free of charge, the "free-issue materials" (if any) in accordance with the details stated in the Specification. The Employer shall, at his risk and cost, provide these materials at the time and place specified in the Contract. The Contractor shall then visually inspect them, and shall promptly give notice to the Engineer of any shortage, defect or default in these materials. Unless otherwise agreed by both Parties, the Employer shall immediately rectify the notified shortage, defect or default.*

*After this visual inspection, the free-issue materials shall come under the care, custody and control of the Contractor. The Contractor's obligations of inspection, care, custody and control shall not relieve the Employer of liability for any shortage, defect or default not apparent from a visual inspection."*

४५. परामर्शदाता EPTISA-BETS J/V ले अप्रिल २९, २०१५ सम्म सम्पत्ति प्रयोग गरे बापतको भाडा तथा मूल्याङ्कनबाट रू.११,६६,०२,४३७।३१ निर्माण व्यवसायीको रनिङ बिलबाट कट्टी गर्नुपर्ने भनी पत्राचार गरेको देखिन्छ। यसै क्रममा जुन ८, २०१६ मा निर्माण व्यवसायीबाट उक्त Rental Fix गर्ने सम्बन्धमा आफ्नो सहमति नरहेकाले Claim मा जान सक्ने हुँदा Rental Charge कट्टी नगर्न अनुरोध गरी पत्राचार गरेको पाइन्छ। तर सो निर्माण कम्पनी तोकिएको अवधिमा Claim मा गएको अवस्था भने देखिन आउँदैन। यसरी व्यवस्थापन पक्षबाट भाडा असुल उपर गर्ने तर्फ कुनै कारबाही नै नगरी निर्माण व्यवसायीलाई बिना भाडा उपकरणहरू समेत प्रयोग गर्न छुट दिएको र भाडा असुली नगरिएबाट निर्माण कम्पनीलाई अनुचित लाभ र सरकारलाई ठूलो रकम हानिनोक्सानी पुर्याएको देखिन्छ। तसर्थ, Rental Charge समायोजनका लागि व्यवस्थापनबाट कुनै प्रयास नगरेको हुँदा Rental Charge असुल उपर गर्नु वाञ्छनीय हुन आउँछ।

४६. **त्यस्तै, Variation Order स्वीकृत नगरी भुक्तानी दिन मिल्ने हो, होइन ?** भन्ने प्रश्नको सन्दर्भमा हेर्दा, **Variation Order (VO)** भनेको मूल सम्झौतामा भएका **कामको परिमाण, प्रकार वा लागत**मा परिवर्तन आवश्यक परेको अवस्थामा **स्वीकृत दिने निकायद्वारा विधिवत् स्वीकृति दिइने आदेश हो।** भेरियसन आदेश सम्बन्धी कानूनी व्यवस्था सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा समावेस गरिएको छ। जुन यस प्रकार रहेको देखिन्छः

दफा ५४ भेरिएसन आदेशः (१) खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई देहायबमोजिमको अधिकारीले तोकिएको कार्यविधि अपनाई भेरिएसन आदेश जारी गर्न सक्नेछः-

(क) पाँच प्रतिशतसम्मको भेरिएसन सम्बन्धित सार्वजनिक निकायको राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको प्रमुखले,

(ख) दश प्रतिशतसम्मको भेरिएसन सार्वजनिक निकायको राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको प्रमुखले,

(ग) पन्ध्र प्रतिशतसम्मको भेरिएसन विभागीय प्रमुखले,

(घ) पन्ध्र प्रतिशत देखि माथि पच्चीस प्रतिशतसम्मको भेरिएसन सम्बन्धित मन्त्रालयको सचिव वा सो सरहको सम्बन्धित निकायको प्रमुखले,

(ङ) पच्चीस प्रतिशत भन्दा माथिको भेरिएसन दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकायको हकमा नेपाल सरकार मन्त्रिपरिषद्ले,

(च) दफा २ को खण्ड (ख) को उपखण्ड (२) बमोजिमको सार्वजनिक निकायको हकमा पन्ध्र प्रतिशत देखि माथिको भेरिएसन सो निकायको सर्वोच्च कार्यकारी निकायले।

उपदफा (२) मा उपदफा (१) को खण्ड (ङ) बमोजिम भेरिएसन आदेश गर्दा दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकायको हकमा सम्बन्धित मन्त्रालयले विशेषज्ञहरूको समूह गठन गरी सो समूहमार्फत आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिससहित सम्बन्धित मन्त्रालयको प्रस्तावमा नेपाल सरकार, मन्त्रिपरिषद्‌ले र दफा २ को खण्ड (ख) को उपखण्ड (२) बमोजिमको सार्वजनिक निकायको हकमा सो निकायको सर्वोच्च कार्यकारी निकायले विशेषज्ञहरूको समूह गठन गरी सो समूहमार्फत आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिसको आधारमा मात्र भेरिएसन आदेश जारी गर्न सक्नेछ।

उपदफा (३) मा उपदफा (१) को खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि लागत अनुमान स्वीकृत गर्ने अधिकारी भन्दा तल्लो तहको अधिकारीले भेरिएसन आदेश जारी गर्न हुदैन।

उपदफा (४) मा उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि साठीलाख रुपैयाँ सम्मको खरिद कार्यको पन्ध्र प्रतिशत भन्दा माथिको भेरिएसन आदेश विभागीय प्रमुखले जारी गर्न सक्नेछ।

४७. प्रस्तुत मुद्दामा General Condition of contract (GCC) को बुँदा नं.१३.३ को प्रक्रियाबमोजिम परामर्शदाताको सिफारिस र परामर्शका आधारमा भेरियसन स्वीकृतिपश्चात् मात्र भुक्तानी हुनुपर्ने अनिवार्यता रहेको हुन्छ। उक्त प्रक्रिया पुरा नहुँदै व्यवस्थापन पक्षबाट रकम भुक्तानी दिने कार्य गरेको देखिन्छ। **(GCC) को बुँदा नं.१३.३ मा Variation procedure** भन्ने शीर्षकमा निम्न बमोजिमको बेहोरा रहेको पाइन्छः

*If the Engineer requests a proposal, prior to instructing a Variation, the Contractor shall respond in writing as soon as practicable, either by giving-reasons why he cannot comply (if this is the case) or by submitting:*

a. *a description of the proposed work to be penormed andra programme for its execution,*

b. *the Contractor's proposal for any necessary modifications to the programme according to Sub-Clause 8.3 [Programme) and to the Time for Completion, and*

c. *the Contractor's proposal for evaluation of the Variation.*

*The Engineer shall, as soon as practicable after receiving such proposal (under Sub- Clause 13.2 (Value Engineering) or otherwise), respond with approval, disapproval or comments. The Contractor shall not delay any work whilst awaiting a response. Each instruction to execute a Variation, with any requirements for the recording of Costs, shall be issued by the Engineer to the Contractor, who shall acknowledge receipt. Each Variation shall be evaluated in accordance with Clause 12 [Measurement and Evaluation), unless the Engineer instructs or approves otherwise in accordance with this Clause.*

४८. Sundarijal Tunnel Squeezing and Collapse भएपश्चात् परामर्शदाताले Insurance Policy संलग्न गरी मेलम्ची खानेपानी विकास समितिलाई नयाँ थप भएको कार्यको भेरिएसन-१३ स्वीकृतिका लागि प्रस्ताव पेस गरे तापनि मेलम्ची खानेपानी विकास समितिले उक्त प्रस्ताव स्वीकृत गरेको देखिएन। मिति २०७४।०५।३० को बोर्डको २७७औं बैठकबाट समेत सम्झौताको प्रावधान अनुसार मात्र भुक्तानी दिने भन्ने समेत बेहोराको निर्णय भएको पाइन्छ।

४९. यसका अतिरिक्त मेलम्ची खानेपानी विकास समितिले अप्रिल २२, २०१८ मा परामर्शदातालाई सिफारिस भएको भेरिएसनको प्राविधिक पुष्ट्याई नपुगेकाले Reassessment गरी पुनः पेस गर्न निर्देशन दिएको देखिन्छ। Insurance Claim पाउन नसक्ने अवस्थाले गर्दा परामर्शदाताले Sundarijal Tunnel Squeezing and collapse सम्बन्धी भेरियसन फिर्ता गरेको र आगामी रनिङ बिलबाट कटाउने भनी जनाए पनि समितिको उक्त निर्णयसमेतका आधारमा हेर्दा भेरिएसन स्वीकृत नै नगराई खर्च लेखिएको पाइयो। सो खर्चलाई नियमित मान्न मिल्ने देखिँदैन। यस सम्बन्धमा लेखा प्रमुखले समेत भुक्तानी गर्न मनासिब नभएको भनी टिप्पणीमा राय दिएको देखिन्छ। सोतर्फ नजरअन्दाज गरी भुक्तानी आदेश दिने अधिकारी, परामर्शदाता र भुक्तानी लिने पक्षको मिलेमतो र बदनियतसमेत देखिन आउँछ। लेखा प्रमुखको राय

प्रस्तुत मुद्दामा स्कायन गरी समावेस गरिएको छः


श्रीमान
एडभान्स पेमेन्ट कट्टी भुक्तानीको सम्बन्धमा
श्री लेखा शाखाको राय अनुसार/ लिई गरियोस्
हेरवि पेश/ निवेदन गर्दछु।

श्रीमान,
VO-11 स्वीकृत भैनसकेको हुँदा भेरियसनको
रकम रु 6,49,9,156-96 लाई अर्को IPC-39 मा कट्टा गर्ने गरी
हालको IPC-38 को रकम भुक्तानीको लागि सिफारिस गर्दछौं।

५०. **निर्णयार्थ प्रस्तुत अर्को प्रश्न, आकस्मिक खर्च भुक्तानी गर्न मिल्ने हो, होइन ?** यस प्रश्नको हकमा हेर्दा, **आकस्मिक खर्च भुक्तानी गर्न सकिन्छ कि सकिँदैन भन्ने कुरा मुख्यतः सम्झौता र सम्बन्धित कानून तथा नियमावलीमा उल्लिखित प्रावधानहरूमा निर्भर गर्ने गर्दछ। यदि सम्झौतामा आकस्मिक खर्च भुक्तानीको स्पष्ट व्यवस्था भएको छ भने नियमानुसार आवश्यक अनुमोदन र प्रक्रिया पूरा गरी ती खर्चहरू भुक्तानी गर्न सकिन्छ। तर, सम्झौतामा यस्तो प्रावधान नभए वा सार्वजनिक खरिद ऐन तथा सम्बन्धित नियमावलीले अनुमति नदिएमा आकस्मिक खर्चको भुक्तानी कानूनी रूपमा गर्न सकिने हुँदैन। प्रस्तुत मुद्दाको सन्दर्भमा** आकस्मिक खर्चको सम्बन्धमा खरिद सम्झौतामा कुनै प्रावधान उल्लेख भएको पाइदैन। उक्त खर्चको भुक्तानी सार्वजनिक खरिद ऐन, २०६३ विपरीत समेत रहेको देखिन्छ। किनभने यस्तो खर्चको भुक्तानी गर्ने व्यवस्था न त कानूनमा उल्लेख छ न त सम्झौतामा नै। तसर्थ, सम्झौता र कानूनमा उल्लेख नै नभएको शीर्षक खडा गरी आकस्मिक खर्च भुक्तानी गर्न मिल्ने देखिंदैन। यसलाई सफा र असल नियतले गरेको मान्न सकिंदैन। सम्झौताको General Condition of Contract (GCC) मा हेर्दा Provisional Sums सम्बन्धी व्यवस्थासम्म रहेको पाइन्छ। GCC को Particular Condition of Contract (PCC) को sub clause 13.5 मा १५% रकम Provisional Sums मा रहने व्यवस्था रहेको पाइन्छ। तसर्थ, उक्त रकमको भुक्तानी Provisional रुपमा दिने प्रयोजनका लागि नभई किटान गरिएको कार्यको लागि मात्र दिन मिल्ने देखिन्छ।

५१. त्यस्तै निर्माण व्यवसायीको सहजताको लागि उक्त खर्च भुक्तानी भएको देखिए तापनि रनिङ बिल ३९ बाट उक्त खर्च भुक्तानी भएकोमा त्यस पश्चात् पेस भएको वा पेस हुने बिलबाट समायोजन वा कट्टी गर्नुपर्नेमा परामर्शदाता र व्यवस्थापन समितिले भुक्तानीका लागि पेस भएको सो पछिका कुनै पनि बिल समायोजन नगरी भुक्तानी दिंदै जाने क्रम देखिएकोले

सम्बन्धित अधिकारी आफ्नो दायित्वबाट च्युत भएको देखिंदा निजहरूको बदनियत रहेको पुष्टि हुन्छ। उक्त रकम असुल गरेर मात्र थप कारबाही अघि बढाउनुपर्नेमा सो भएको नदेखिएको हुँदा आकस्मिक खर्च भुक्तानीको नाउँमा हानिनोक्सानी भएको पाइयो।

५२. परामर्शदाताबाट बिल चेकजाँच गरी सिफारिस भई भुक्तानी प्राप्त हुन केही समय लाग्ने भएकाले निर्माण व्यवसायीलाई कार्य गर्न सहज बनाउने उद्देश्यले सो खर्च भुक्तानी परामर्शदाताको सिफारिसमा भएको देखिए तापनि आगामी रनिङ बिल IPC ४० समेत भुक्तानी गर्दा आकस्मिक खर्च समायोजन गरी बिल भुक्तानी गर्नुपर्नेमा सो गरेको देखिएन। जसका कारण नेपाल सरकारलाई प्रत्यक्ष हानिनोक्सानी भएको र निर्माण व्यवसायीलाई लाभ पुर्याएको देखियो।

५३. यसैगरी, **निर्माण कम्पनीले छोडीसकेपछि पनि परामर्शदातालाई भुक्तानी दिने मिल्ने हो, होइन ?** भन्ने प्रश्नको पनि निक्योैल गर्नु पर्ने देखिन्छ। सामान्यतयाः सम्झौतामा उल्लिखित सेवा अवधि र काम सम्पन्नताको आधारमा नै भुक्तानी निर्धारण हुन्छ। परामर्शदाताको सेवा प्रदायको प्रकृति "Professional Services Contract" अन्तर्गत हुने हुँदा सेवा अवधि समाप्त नभएसम्म वा सेवा प्रदान गर्ने दायित्व पूर्ण नभएसम्म तिनीहरूको भुक्तानीको दायित्व कायम रहनसक्छ। निर्माण कम्पनीले काम छोड्दा परियोजना कार्यसम्पादनमा बाधा पुगेको र परामर्शदाताको सेवा प्रभावित भएमा भुक्तानीको परिमाणमा कटौती वा रोक्का गर्न सकिन्छ। तर यसले परामर्शदाताले सेवा प्रदान गरेको अवधि र कामको मापन अनुसार उचित भुक्तानी लिनबाट रोक्दैन। यसो भन्दैमा गर्दै वा सेवा प्रदान नगरेको कार्यको भुक्तानी दिनु भन्ने कदापि होइन। कार्यसम्पादनको प्रमाण, सम्झौताका शर्तहरू र सम्बन्धित कानूनी प्रावधानहरूको अवलम्बन गरी मात्र भुक्तानी रोक्ने वा जारी गर्ने निर्णय गरिनुपर्छ। कुनै पनि सेवाप्रदाता वा परामर्शदातालाई अवैधानिक रूपमा सेवा नदिएको अवस्थामा भुक्तानी दिने व्यवस्था कानूनी दृष्टिले स्वीकार्य हुँदैन। निर्माण कम्पनीले काम छोडेपछि पनि परामर्शदाताले आफ्नो सेवा अवधि र दायित्व अनुसार काम गरेको प्रमाणित भएमा काम गरेको आधार र कानूनी आधारमा भुक्तानी दिन सकिन्छ। यस सन्दर्भमा निर्माण कम्पनीसँग सम्झौता तोडिएको अवस्था भए तापनि आयोजना पुरा भईसकेको देखिंदैन। Employer र Employee (निर्माण कम्पनी) बीच विगतमा सम्पादन भएका काम कारबाहीबाट भविष्यको आयोजना सञ्चालन गर्दा आई पर्ने सम्भावितप्राविधिक चुनौतीहरू समाधान गर्न परामर्शदाताको आवश्यकता परिरहने देखिन्छ। सो आवश्यकतालाई मध्यनजर गरी व्यवस्थापनबाट नियुक्त परामर्शदातालाई सेवा उपलब्ध गराएबापत भुक्तानी दिएको देखिन्छ। दुई पक्ष बीच परामर्श भएका आधार प्रमाणहरू समेत पेस भएको स्थितिमा परामर्शदातालाई परामर्श बापत दिएको भुक्तानी अन्यथा मान्न मिल्ने देखिंदैन।

५४. उक्त आयोजनाको निर्माण कम्पनीसँगको सम्झौता तोडिएको भए तापनि आयोजना पूर्ण रुपमा सम्पन्न नभएको अवस्थालाई दृष्टिगत गर्दा, भविष्यमा आयोजना सञ्चालन गर्दा विभिन्न प्राविधिक चुनौतीहरू देखा पर्ने सम्भावना रहन्छ। यस्तो अवस्थामा, सो चुनौती समाधान गर्न सक्षम परामर्शदाताको आवश्यकता पर्ने स्वाभाविक देखिन्छ। तसर्थ, व्यवस्थापनले आवश्यक परामर्श सेवा लिनु व्यावहारिक मात्र नभई आयोजना सञ्चालनको लागि अपरिहार्य कदम पनि हो।

५५. परामर्शदातालाई सेवा उपलब्ध गराए बापत भुक्तानी गरिएको विषयलाई मूल्याङ्कन गर्दा, दुई पक्षबीच वास्तविक परामर्श सम्पन्न भएको प्रमाण पेस गरिएको देखिन्छ। परामर्श सेवाका आधारभूत प्रमाणहरू उपलब्ध भएकाले सो कार्य अन्यथा मान्न सकिन्न। यसले परामर्श सेवाको आवश्यकतालाई मात्र होइन, परियोजनाको सफल कार्यान्वयनका लागि लिइएको व्यावहारिक निर्णयलाई पनि पुष्टि गर्दछ।

५६. यस परिप्रेक्ष्यमा, परामर्श सेवाबापत दिइएको भुक्तानीलाई अन्यथा मान्नुपर्ने कुनै वैधानिक वा न्यायिक आधार देखिंदैन। यदि सेवाको आवश्यकतालाई नकारेर भुक्तानी रोक्ने वा अमान्य ठहर गर्ने निर्णय गरिन्छ भने त्यसले परियोजनाको दीर्घकालीन सञ्चालनमा बाधा पुऱ्याउने सम्भावना रहन्छ। यसकारण, परामर्शदातालाई दिइएको भुक्तानी न्यायोचित, वस्तुगत प्रमाणमा आधारित र कानूनी रुपमा मान्य रहेको ठहरिन्छ। यस सम्बन्धमा अभियोजकको माग दाबीसँग यो इजलास सहमत हुन सकेन।

५७. अब, असुल उपर हुन नसकेको कुनै रकम भए उक्त रकम बेरुजुको विषय हुने हो वा भ्रष्टाचारको विषय हुने हो ? भन्ने प्रश्न प्रस्तुत मुद्दामा विचारणीय देखिन्छ। सो सम्बन्धमा हेर्दा, **प्रस्तुत प्रश्नमा प्रवेश गर्न अघि, असुल उपर हुन नसकेको रकमलाई सामान्यतया बेरुजू (बाँकी रकम) को रूपमा हेर्ने गरिन्छ। जुन आर्थिक रूपमा तत्काल असुल नभएको रकम हो र भविष्यमा असुल हुने प्रकृतिको हुन्छ। यस प्रकारको बेरुजु भ्रष्टाचार वा अनियमितता होइन किनेभने यस प्रकारको रकम समय र परिस्थितिले असुल नभएको मात्र हो। तर, यदि सो रकम असुल गर्नुपर्ने अवस्था हुँदाहुँदै जानेबुझेर वा दुरूपयोग गरी असुल नगरेको वा नबुझाएको अवस्था रहेछ भने अथवा कुनै व्यक्तिले आफ्नो अधिकार दुरुपयोग गरेर सरकारी सम्पत्तिमा अनाधिकृत लाभ लिनका लागि बदनियतपूर्वक कार्य गरेको प्रमाणित भएमा त्यस्तो बेरुजुको रकमलाई पनि भ्रष्टाचार वा अनियमितता मान्न सकिन्छ। यसै सन्दर्भमा** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २ को खण्ड (क) ले *"भ्रष्टाचार भन्नाले परिच्छेद-२ अन्तर्गत सजाय हुने कसुर सम्झनुपर्छ"* भनी सोही ऐनको दफा ३ देखि दफा २४ सम्मका सबै कार्यहरूलाई भ्रष्टाचारको परिभाषामा समेटेको पाइन्छ। त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २ को खण्ड (त) मा **"बेरुजु"** भन्नाले *"प्रचलित कानूनबमोजिम पुऱ्याउनु पर्ने रित नपुर्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याईएको वा ठहर्याएको कारोबार सम्झनुपर्छ"* भनी परिभाषा गरेको पाइन्छ। यस दृष्टिकोणबाट हेर्दा भ्रष्टाचार र बेरुजु फरक-फरक विषय हुन् भन्ने कुरा स्पष्ट हुन्छ तापनि बदनियत राखी आफूले लाभ लिने मनसायबाट अनियमित खर्च देखाएको रहेछ भने लेखापरीक्षकले लेखापरीक्षणको दौरानमा बेरुजु उठाउँदैमा भ्रष्टाचारबाट उन्मुक्ति पाउन सक्दैन। यसको अर्थ बदनियतपूर्वक गरिएको आर्थिक अनियमितता भ्रष्टाचारकै एउटा स्वरुप हो। तसर्थ लेखापरीक्षकले उठाएको बेरुजु तब मात्र साधारण बेरुजु रहन्छ जब त्यो ईमानदारीपूर्वक गल्तीका कारण भएको हुन्छ तर, बदनियतपूर्वक आफैंलाई वा अन्य कसैलाई अनुचित लाभ पुऱ्याउने मनसायले गरिएका खर्चहरू लेखापरीक्षणको आधारमा बेरुजु भनेर देखाइएको भए तापनि, त्यो भ्रष्टाचारकै अर्को स्वरूप हुन जान्छ।

५८. यस सम्बन्धमा सर्वोच्च अदालतबाट व्याख्या भैसकेको छ। जस अनुसार **"भ्रष्टाचार हुनु र बेरुजु हुनु फरक विषय हुन्। भ्रष्टाचारमा व्यक्तिगत फाईदा लिने बदनियत तत्वको विद्यमानता हुन्छ भने बेरुजुमा खर्च भएको रकम बिल भरपाईबाट पुष्टि भएको हुँदैन। बिल भरपाईद्वारा पुष्टि हुन नसके बेरुजु भएको रकम खर्च गर्ने अख्तियारवालाले दाखिला गर्नु गराउनु पर्ने सम्मको दायित्व हुन्छ"** भनी सर्वोच्च अदालतबाट नेपाल सरकार विरुद्ध चन्देश्वर राय यादवसमेत भएको सरकारी अनुदानको रकम दुरुपयोग गरी भ्रष्टाचार गरेको भन्ने मुद्दामा[३] तथा वादी नेपाल सरकार प्रतिवादी बलिराम दाससमेत भएको सरकारी अनुदानको रकम दुरुपयोग गरी भ्रष्टाचार गरेको भन्ने मुद्दामा[४] सिद्धान्तसमेत प्रतिपादित भएको छ। अतः आफू र अरुलाई लाभ पुऱ्याउने उद्देश्यले मापदण्ड र स्पेसिफिकेसन विपरीत, अस्वाभाविक बढी भुक्तानी गरी आफ्नो ओहदाको अख्तियारीको दुरुपयोग गरेका कारण असुलउपर हुन नसकेको रकम भ्रष्टाचारको विषय हो। यस्तो विषयलाई बेरुजुको खोल ओढाएर भ्रष्टाचार नभएको भनी चोख्याउँदै जाने हो भने कुनै पनि "Abuse of authority" लाई कानूनबमोजिम कारवाही गर्नसमेत नसकिने अवस्था उत्पन्न हुन्छ। तसर्थ सो कार्य गर्ने प्रतिवादीहरूले बदनियतपूर्वक गरेको यस्तो कार्यलाई केवल बेरुजुको विषय मान्न सक्ने अवस्था देखिंदैन।

५९. सार्वजनिक निकायमा सालवसाली भए गरेका खर्चहरू कामको अधीनमा रही नियमित रुपमा लेखा परीक्षण गर्दा अनियमित खर्च भएको रहेछ भने लेखा परीक्षकले बेरुजुको रुपमा औंल्याउनु एउटा कानूनसम्मत विषय मात्र हो। तर त्यस्तो खर्च बदनियतपूर्वक गरेको देखिन्छ भने त्यस्तो कार्यलाई भ्रष्टाचारजन्य कसुर मान्नु पर्दछ। तसर्थ, लेखा परीक्षणबाट बेरुजु उठाउँदैमा अब त्यो अनियमितता बेरुजुको विषय भयो अनि भ्रष्टाचारजन्य कसुर बेरुजुमा रुपान्तण भयो भनी परिभाषित गर्न मिल्दैन। भ्रष्टाचार आफैमा एक गम्भीर फौजदारी कसुर हो। यसका खास खास तत्वहरू छन्।

६०. जस्तैः

**भ्रष्टाचारका तत्वहरू (Elements of Corruption) निम्नानुसार छन्:**

**१. सार्वजनिक अधिकारको दुरुपयोग (Abuse of Public Power)**

- सार्वजनिक पद वा अधिकारको अनुचित प्रयोग गरिन्छ।
- निजी लाभ वा व्यक्तिगत फाइदाका लागि कानून विपरीत निर्णय लिइन्छ।

**२. निजी स्वार्थ (Personal Gain)**

- भ्रष्टाचार सधैं कुनै न कुनै निजी फाइदाका लागि गरिन्छ।
- आर्थिक लाभ, राजनीतिक शक्ति, वा अन्य सुविधाहरू प्राप्त गर्न भ्रष्ट आचरण गरिन्छ।

**३. अनैतिक लाभ (Undue Advantage)**

- कुनै व्यक्ति वा समूहलाई कानूनी प्रक्रिया मिचेर विशेष सुविधा वा लाभ प्रदान गरिन्छ।
- सेवाग्राहीले कानून अनुसारको सेवा पाउनुपर्नेलाई झन्झट गराई घूस वा अनियमित फाइदा लिन दबाब दिइन्छ।

**४. छलकपट (Deception or Fraudulence)**

- सूचना लुकाउने, गलत जानकारी दिने वा झुटा कागजात तयार गर्ने कार्य भ्रष्टाचारको हिस्सा हुन्छ।
- बोलपत्र (tender) वा ठेक्कामा हेरफेर गरेर अनधिकृत व्यक्तिलाई फाइदा दिने कार्य गरिन्छ।

**५. शक्ति र प्रभावको दुरुपयोग (Misuse of Influence and Power)**

- राजनीतिज्ञ, कर्मचारी, वा अन्य पदाधिकारीहरूले आफ्नो प्रभावको दुरुपयोग गरेर अनैतिक लाभ उठाउँछन्।
- प्रभावशाली व्यक्तिहरू आफ्ना निकट व्यक्तिहरूलाई अवैध तरिकाले लाभ दिन प्रयास गर्छन्।

**६. गोपनीयता र अपारदर्शिता (Secrecy and Lack of Transparency)**

- भ्रष्टाचार अपारदर्शी वातावरणमा हुन्छ, जसमा निर्णयहरू गोप्य राखिन्छन्।
- सार्वजनिक जानकारी खुला नगरिनु वा पारदर्शिता नहुनु भ्रष्टाचारका मुख्य तत्वहरूमध्ये एक हो।

**७. गैरकानूनी वा अनैतिक कार्य (Illegal or Unethical Acts)**

- भ्रष्टाचार प्रायः कानूनको उल्लङ्घन गरेर गरिन्छ।
- यदि कानूनी रुपमा गलत नभए पनि नैतिक रुपमा गलत कार्यहरू भ्रष्टाचारको दायरामा पर्न सक्छन्।

**८. आर्थिक लेनदेन (Financial Transactions)**

- अधिकतम भ्रष्टाचार आर्थिक लेनदेनमार्फत गरिन्छ (जस्तैः घुस, कमिसन, अनियमित फाइदा आदि)।
- ठूला परियोजनाहरू वा सार्वजनिक खरिद प्रक्रियामा अनियमितता गरी गैरकानूनी रुपमा आर्थिक लाभ लिइन्छ।

**९. लालच (Greed and Self-interest)**

- भ्रष्टाचार गर्ने व्यक्तिहरूलाई आफ्नो निजी फाइदाको लालचले प्रेरित गर्छ।
- पद वा शक्तिमा पुगेपछि व्यक्तिगत वा समूहगत स्वार्थपूर्तिका लागि अनैतिक तरिका अपनाइन्छ।

**१०. कमजोर निगरानी र दण्डहीनता (Weak Accountability and Impunity)**

- जहाँ निगरानी प्रणाली कमजोर हुन्छ, त्यहाँ भ्रष्टाचार बढ्ने सम्भावना उच्च हुन्छ।
- दण्डहीनताको वातावरणले भ्रष्ट व्यक्तिलाई अझै निर्भीक भएर अनियमित कार्य गर्न प्रेरित गर्छ।

**भ्रष्टाचार विभिन्न तत्वहरूको समायोजनबाट हुने क्रियाकलाप हो, जसमा सार्वजनिक शक्ति वा अधिकारको दुरुपयोग, व्यक्तिगत लाभ, अनैतिक व्यवहार, अपारदर्शिता, तथा आर्थिक अनियमितता मुख्य कारण हुन्। त्यसैले, भ्रष्टाचार न्यूनीकरणका लागि पारदर्शिता, सुशासन, कडा निगरानी तथा प्रभावकारी कानूनी कारबाही आवश्यक हुन्छ।**

६१. माथिका केही वा सबै तत्वहरूको विद्यमानता भएमा बेरुजुसँगै भ्रष्टाचारको कसुर स्थापित हुन्छ। **कुनै बिल, भरपाई र प्रक्रिया नमिलेको कारणबाट कायम हुने बेरुजु र गैरकानूनी लाभ हानि पुऱ्याउने बदनियतका साथ गरेको कार्यबाट उठाइएको बेरुजुलाई पृथक गरेर हेरिनु पर्दछ। बेरुजुको कवचमा भ्रष्टाचार हुनै सक्तैन भनी मान्ने हो भने हरेक बदनियतसाथ गरिएका कार्यले मान्यता हासिल गर्दै जाने र भ्रष्टाचारीले उन्मुक्ति पाउने वातावरण बन्दै जाने हुन्छ।**

**तसर्थ बेरुजुलाई पनि भ्रष्टाचारको आँखाबाट नियालेर हेर्नु पर्दछ। यदि कुनै बदनियत देखिएन भने त्यस्तो बेरुजु भ्रष्टाचारको दागबाट पृथक रहन सक्छ। अन्यथा बेरुजुलाई पनि भ्रष्टाचारजन्य कसुर अन्तर्गत नै हेरिनु पर्दछ।** यसरी बदनियतपूर्वक गरिएको अनियमित कार्यबाट सृजित दायित्व अन्तर्गतको असुल हुनुपर्ने रकम भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद ३ बमोजिमको कसुर पुष्टि हुने अवस्थामा बेरुजुको विषय नभई भ्रष्टाचारको विषय हुन्छ।

६२. बेरुजु र भ्रष्टाचारलाई फरक छुट्याउने महत्वपूर्ण कडीका रुपमा **"बदनियत तत्व"** लाई लिइन्छ। यस सम्बन्धमा सर्वोच्च अदालतबाट भएका फैसलाहरूमा पनि यही बदनियत तत्वलाई आधार मानेर बेरुजु र भ्रष्टाचार के हो ? भन्ने विवादका सम्बन्धमा व्याख्या र विश्लेषण गरिँदै आएको पाइन्छ। राष्ट्र सेवकले असल नियतले कार्य गर्दा कुनै प्रक्रियागत त्रुटि हुन गएमा वा करार वा सम्झौता र प्रचलित कानूनले निर्दिष्ट गरेको फरक प्रावधान वा फरक व्याख्याको कारणले असुलउपर हुनुपर्ने रकम बेरुजुको रुपमा कायम हुन सक्छ। सो प्रकृतिको वित्तीय व्यवस्थापनको सम्भावना हुन सक्ने हुनाले नै असुल गर्नुपर्ने रकमको बेरुजु कायम हुन सक्ने र यसको असुली सम्बन्धी कार्यविधिसमेत प्रचलित कानूनले नियमित गरेको हुन्छ।

६३. सार्वजनिक खरिदमा भ्रष्टाचारको अभियोग प्रमाणित गर्न कर्तामा बदनियत लुकेको हुनु पर्दछ। बदनियत पुष्टि हुनको लागि यसका आवश्यक तत्वहरूको बारेमा जानकारी लिनु वाञ्छनीय हुन्छ जुन यस प्रकार छः

सार्वजनिक खरिदसम्बन्धी भ्रष्टाचार मुद्दामा **बदनियत** (**Malafides**) का प्रमुख तत्वहरू निम्नानुसार छन्:

**१. निजी लाभको उद्देश्य (Personal Gain Intent)**

क. सार्वजनिक खरिद प्रक्रियामा आफ्नो वा आफू सम्बद्ध व्यक्तिहरूको व्यक्तिगत वा आर्थिक लाभ सुनिश्चित गर्ने उद्देश्यले गरिने अनियमितता।

**२. पक्षपातपूर्ण ठेक्का प्रक्रिया (Biased Tender Process)**

क. निश्चित व्यक्तिलाई वा संस्थालाई फाइदा पुग्ने गरी खरिद प्रक्रिया डिजाइन गर्ने, प्रतिस्पर्धा कमजोर बनाउने वा पारदर्शिता उल्लङ्घन गर्ने कार्य।

**३. घूस तथा अनधिकृत लाभ (Bribery and Unlawful Benefits)**

क. सरकारी कर्मचारी, नीति निर्माणकर्ता वा खरिद प्रक्रियामा संलग्न अधिकारीहरूले आर्थिक वा अन्य प्रकारको लाभ लिएर गलत निर्णय गर्नु।

**४. मोलमोलाईमा हेरफेर (Manipulation in Bidding Process)**

क. ठेकेदार वा आपूर्तिकर्ताहरूसँग मिलेमतो गरी कमसल वा महँगो सेवा वा सामग्री खरिद गर्ने, बोली लगाउने प्रक्रियामा हस्तक्षेप गर्ने।

**५. अनावश्यक खरिद तथा फर्जी सम्झौता (Unnecessary Procurement and Fake Agreements)**

क. वास्तविक आवश्यकताभन्दा बढी वा गैर-जरुरी सामग्री वा सेवाहरू खरिद गर्ने, झूटा सम्झौताहरू गर्ने।

**६. गुणस्तरहीन सामग्री वा सेवाको स्वीकृति (Acceptance of Substandard Goods/Services)**

क. कमसल सामग्री वा अपूर्ण सेवाहरूलाई स्वीकृति दिने, जसले सरकारी ढुकुटीमा अनावश्यक भार पार्ने।

**७. कानूनी प्रक्रिया तथा पारदर्शिताको उल्लङ्घन (Violation of Legal Procedures and Transparency)**

क. सार्वजनिक खरिद ऐन, नियम तथा प्रक्रिया अवज्ञा गर्ने, गोप्य रुपमा निर्णय लिने वा आवश्यक अनुमतिहरू बिना खरिद प्रक्रिया अघि बढाउने।

**८. मिलेमतो र कृत्रिम प्रतिस्पर्धा (Collusion and Artificial Competition)**

क. बोलीमा प्रतिस्पर्धा देखाउन नक्कली कम्पनी वा ठेकेदार प्रयोग गर्ने, प्रतिस्पर्धालाई नियन्त्रण गर्ने वा निश्चित आपूर्तिकर्तालाई मात्र अवसर दिने।

**९. अनुचित सम्झौताका शर्तहरू (Unfair Contract Terms)**

क. ठेकेदार वा आपूर्तिकर्तालाई अनुचित लाभ हुने गरी सम्झौताका शर्तहरू तय गर्ने, सरकारी हित विपरीत निर्णय गर्ने।

१०. भुक्तानीमा अनियमितता (Irregularities in Payment)

क. सेवा वा सामान पूरा नभइसके पनि अग्रिम भुक्तानी दिने, नियमानुसारको भुक्तानी प्रक्रिया नअपनाई मनोमानी ढङ्गले रकम निकासा गर्ने।

११. निष्पक्ष अनुगमनको अभाव (Lack of Proper Oversight)

क. खरिदको कार्यान्वयन, गुणस्तर जाँच, मूल्याङ्कन तथा अनुगमन प्रक्रियालाई कमजोर वा प्रभावहीन बनाउने।

१२. हितको द्वन्द्व (Conflict of Interest)

क. खरिद प्रक्रियामा संलग्न अधिकारी वा कर्मचारीको आफन्त वा उनीसँग सम्बन्धित कम्पनीलाई ठेक्का दिने वा विशेष फाइदा दिलाउने।

यी सबै तत्वहरूले ठूला सार्वजनिक खरिदका भ्रष्टाचार मुद्दामा बदनियत प्रमाणित गर्न महत्वपूर्ण भूमिका खेल्छन्।

६४. **अब माथि उल्लखित बदनियतका तत्वहरूको आधारमा हेर्दा प्रस्तुत मुद्दामा बदनियत पुष्टि हुने यथेष्ठ एवम पर्याप्त आधारहरू देखिन्छन्। ती आधारहरू यसप्रकार रहेका छन्:**

क) बोलपत्र स्वीकृत गर्दाको अवस्थामा नै आर्थिक क्षमताको मूल्याङ्कन (Valuation of company) गरेर छनोट भएको निर्माण व्यवसायीलाई आर्थिक सहुलियत र सहजताको नाममा प्रतिवादीहरूले जानीजानी समितिबाट निर्णय गराई कानून तथा सम्झौताको प्रबाधान विपरीत पटकपटक MOU गरी अतिरिक्त पेस्की रकम भुक्तानी गरेकोले हानिनोक्सानी भएको,

ख) सम्झौतामा Provisional Payment को कुनै व्यवस्था नहुँदा नहुँदै पनि निर्माण व्यवसायीको सहजताको लागि भन्ने आधार लिई पेस भएको बिल बापत तत्काल केही रकम भुक्तानी दिने र कार्य सम्पादन बिल चेक भएपछि त्यस बिलबाट सो रकम समायोजन गर्नुपर्नेमा नगरेको,

ग) सम्झौताभन्दा अगावै सहमति भैसकेको Rental Charge समेत निर्माण व्यवसायीले Dispute Board मा Claim मा नगएको अवस्थामा पनि जानीजानी उक्त रकमसमेत समायोजन नगरेको तर उक्त सुविधा निरन्तर दिने लिने गरेको देखिएको,

घ) जायज Variation को प्रवधान रहेको तर एउटै काम (Product) का लागि दुई पटक भुक्तानी नहुने र क्षति बापतको रकम बीमाले बेहोर्नु पर्ने हुँदाहुँदै समितिले भुक्तानी गरेको तर सो भुक्तानीको लागि Variation स्विकृती गर्न नसकेकोले समेत अनियमित भुक्तानी गरेको,

ङ) निर्माण व्यसायीले पेस गरेको र भुक्तानी भएका रनिङ बिलहरूमा काम भन्दा बढी रकम भुक्तानी भएको देखिंदा देखिंदै पनि उक्त बढी भुक्तानी भएको रकम समायोजन भएको भनी देखाएको।

च) यसरी प्रतिवादीहरूले निर्माण व्यवसायीसँगको मिलेमतोमा काठमाडौंमा पानी छिटो ल्याउने बहानामा निर्माण व्यवसायीका सम्झौता तथा कानून विपरीतका अनुचित प्रस्तावहरूलाई स्वीकार गर्दै गई गलत निर्णय गरी अतिरिक्त पेस्की रकम र भएको भन्दा बढी कामको भुक्तानी तथा अन्य भुक्तानी दिन नहुने रकमसमेत भुक्तानी लिनु दिनु गरेको देखिएको।

६५. **यसरी प्रस्तुत मुद्दामा निर्माण व्यवसायीसँगको मिलेमतोमा निर्माण व्यवसायीलाई बदनियतपूर्वक गैरकानूनी लाभ पुऱ्याउने कार्य गरेको देखिएकाले भ्रष्टाचार गर्ने मनसाय राखी बदनियतपूर्वक गैरकानूनी कार्य गरेको हुँदा कसुरजन्य कार्यको असुल हुनुपर्ने रकमको विषय बेरुजुको विषय नभई बदनियतकासाथ गरिएको भ्रष्टाचारको कसुर हुने ठहर्छ।**

६६. प्रस्तुत मुद्दामा माथि विवेचना गरिएका आधार तथा कारणहरूबाट आरोपत्रसाथ पेस गरिएका मिसिल संलग्न कागज प्रमाण र सोको तथ्यपरक विश्लेषणबाट मेलम्ची खानेपानी आयोजनाको विभिन्न खरिद प्रक्रिया (**अतिरिक्त मोबिलाइजेसन बापतको पेस्की, Rental Charge, भेरियसन स्वीकृति बिना रकमको भुक्तानी, आकस्मिक खर्चको भुक्तानी, निर्माण कार्यको भुक्तानीसमेत**) मा बदनियतपूर्वक कार्यहरू भए गरेको पुष्टि हुन्छ। उक्त कार्यबाट सार्वजनिक खरिद कार्यलाई मितव्ययी, पारदर्शी र प्रभावकारी बनाउन गरिएका कानूनी प्रावधानहरूको बदनियतपूर्वक उल्लङ्घनसमेत भएको पुष्टि हुन्छ।

६७. **अब प्रतिवादीहरू विरुद्धको अभियोग दाबी पुग्छ पुग्दैन ?** भन्ने प्रश्नको सन्दर्भमा निर्णय दिनुपर्ने भएको छ। सामान्यतः

फौजदारी कसुरमा प्रति अभियुक्त उपरको कसुर छुट्टाछुट्टै प्रमाणित हुनुपर्ने तथा कसुरको मात्रासमेत प्रति अभियुक्त स्थापित हुनुपर्ने हुन्छ। यी प्रतिवादीहरूमध्ये डा.संजय शर्मा, भीमप्रसाद उपाध्याय, गजेन्द्रकुमार ठाकुर, घनश्याम भट्टराई, रामचन्द्र देवकोटा, सूर्यराज कँडेल, मुकुन्दप्रसाद पौडेल, रुद्रसिंह तामाङ, चन्द्रबहादुर थापा, मणिभद्र न्यौपाने, रामचन्द्र न्यौपाने, वेगनाथ पौडेल, केदारप्रसाद अर्याल, भोजबिक्रम थापा, शिव कुमार शर्मा, Eptisa Services De Ingenieris S.L, BETS Consulting Services Ltd. जे.भी. र CMC di Ravenna मध्ये **के कुन प्रतिवादीले के, कुन कार्य गरी आरोपित कसुर गरेको अवस्था छ वा छैन र कसुर गरेको हो भने सो कसुर गर्ने कार्यमा के कुन प्रतिवादीको के कस्तो संलग्नता रहेको छ ?** भन्ने सन्दर्भमा प्रस्तुत मुद्दामा प्रति व्यक्ति आरोपित कसुर र प्रति व्यक्ति प्रमाणको विश्लेषण गरी न्याय निरुपण गर्नुपर्ने देखिन्छ।

६८. यस सिलसिलामा सर्वप्रथम **प्रतिवादीहरू Eptisa Services De Ingenieris S.L को Chief Executive Office- Mr. Yiran Mei., BETS Consulting Services Ltd. जे.भीको Managing Director Dr. Abdus Shabur र CMC di Ravenna को Chief Executive Officer Mr. Romano Paoletti** को हकमा हेर्दा निजहरू अनुसन्धानका क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमक्ष उपस्थित भएको पाइदैन। यस अदालतको आदेश बमोजिम निजहरूको नाममा जारी भएको म्याद **मिति २०८०/१२/१२ र मिति २०८०/१२/१९ मा द राइजिङ नेपालमा प्रकाशित** गरिएकोमा समेत निजहरू आफ्नो बयान सहितको प्रतिरक्षाको जिकिर लिएर यस अदालतमा हाजिर हुन आएको देखिएन। निजहरू अदालतमा उपस्थित नभइ फरार भएको अवस्था देखिए तापनि मिसिल संलग्न प्रमाणहरूको आधारमा फैसला गर्न कुनै कानूनी बाधा पर्ने देखिंदैन।

६९. यस परिप्रेक्ष्यमा प्रथमतः प्रतिवादीहरूमध्ये **डा.संजय शर्मा, भीमप्रसाद उपाध्याय, मुकुन्दप्रसाद पौडेल, रुद्रसिंह तामाङ, घनश्याम भट्टराई, चन्द्रबहादुर थापा, मणिभद्र न्यौपाने, रामचन्द्र न्यौपाने, केदारप्रसाद अर्याल, वेगनाथ पौडेल र भोजबिक्रम थापा**को हकमा हेर्दा निम्नबमोजिम निष्कर्षमा पुगिएको छः

७०. **प्रतिवादी डा. संजय शर्माले** कानूनी व्यवस्था तथा सम्झौताको प्रावधानभन्दा बढी अतिरिक्त मोबिलाइजेसन पेस्की दिने आदेश गरेको र कानूनबमोजिम लाग्ने ब्याजसमेत असुल नगरी सरकारी सम्पत्ति बदनियतपूर्वक हानिनोक्सानी गरे गराएको र **प्रतिवादी मुकुन्दप्रसाद पौडेलले** बोर्ड बैठकको निर्णयमा प्रत्यक्ष सहभागिता जनाएको हुँदा निजहरू उपर नियम विपरीत दिइएको अतिरिक्त मोविलाइजेसन पेस्की रकममा लाग्ने ब्याज असुल नगरेको भनी वादी पक्षले दुवैजना उपर उक्त आरोपदाबी लिएको देखिन्छ।

७१. त्यस्तै, **प्रतिवादी भीमप्रसाद उपाध्यायले** समझदारी भए भन्दा बढी थप पेस्की रकम उपलब्ध गराउन वाध्यात्मक निर्देशन दिई आफ्नो अधिकार तथा कानून विपरीत निर्णय गरी रू.३२,२८,६०,०००।- सरकारी सम्पत्ति बदनियतपूर्वक हानिनोक्सानी र निर्माण व्यवसायीलाई लाभ पुर्याएकोमा सो रकम बैंक जमानतसमेतबाट असुल उपर भए तापनि सोमा लाग्ने ब्याज असुल नगरेको भनी आरोपदाबी रहेको देखिन्छ।

७२. **प्रतिवादी रुद्रसिंह तामाङ्गले** थप पेस्की रकम उपलब्ध गराउन निर्णय गरी बाध्यात्मक निर्देशन दिई कानून तथा अधिकार विपरीत निर्णय गरी जम्मा रू.८५,९१,८५,०००।- सरकारी सम्पत्तिको हानिनोक्सानी गराउने कार्यमा सहभागी भई निर्माण व्यवसायीलाई लाभ पुर्याएको रकममध्ये अतिरिक्त पेस्की बापतको रकम बैंक जमानतसमेतबाट असुल उपर भए तापनि सो रकममा लाग्ने ब्याज बापतको रकम असुल नगरेको भन्ने यी प्रतिवादी उपर आरोप मागदाबी रहेको देखिन्छ।

७३. यसप्रकार समग्रमा यी **प्रतिवादीहरू डा.संजय शर्मा, भीमप्रसाद उपाध्याय, मुकुन्दप्रसाद पौडेल र रुद्रसिंह तामाङ** उपर अतिरिक्त मोबिलाईजेसन पेस्की रकम बापतको हुन आउने ब्याज असुल नगरेको भनी आरोप दाबी रहेको पाइन्छ।

७४. यसै क्रममा **प्रतिवादी डा. संजय शर्माले** अनुसन्धानको सिलसिलामा तथा यस अदालतमा बयान गर्दा, मेरो जिम्मेवारी भन्दा बाहिरका र अधिकांश रुपमा आयोजनासँगको मेरो आवद्धता सकिएपछिका घट्नाक्रमले सिर्जना गरेका विषयहरू जोडेर म विरुद्ध आरोप लगाइएको छ। आर्थिक पक्षसँग सम्बन्धित कुनै पनि विषय समितिको पदेन अध्यक्षको हैसियतमा मन्त्रालयको सचिवले हेर्ने व्यवस्था उक्त समितिको गठन आदेशमा छैन। म मुस्किलले ५ महिना सो

हैसियतमा समितिसँग आबद्ध रहँदा कहिल्यै पनि त्यस किसिमको कुनै आर्थिक अधिकार प्रयोग गरेको छैन। मैले *"कानूनी व्यवस्था तथा सम्झौताको प्रावधानभन्दा बढी अतिरिक्त मोबिलाइजेसन पेस्की दिने आदेश दिएको"* भन्ने पुष्टि हुने कुनै आधार छैन। मेरो के-कस्तो भूमिका, कार्य वा निर्णयले गर्दा त्यस्तो ब्याज लिनमा बाधा पुगेको हो भन्ने सम्बन्धमा अभियोजकले एक शब्द पनि उल्लेख गर्न सकेको छैन। समितिको २६३ औं बैठकबाट भएको निर्णयको एकमात्र उद्देश्य आयोजनाको कार्य सुचारु गराई त्यसलाई गति दिनु थियो। ADB सँग भएको समझदारी पनि बिना कारण भएको थिएन। तत्कालीन समयमा त्यसको आवश्यता भएरै त्यस्तो समझदारी भएको हो। मैले आरोपपत्रमा उल्लेख भएको कुनै पनि कसुर नगरेको हुँदा मलाई मागदाबी लिइएबमोजिमको सजाय हुनुपर्ने होइन भनी आरोपित कसुरमा इन्कारी रही बयान गरेको देखिन्छ।

७५. **प्रतिवादी मुकुन्दप्रसाद पौडेलले** अनुसन्धानको क्रममा तथा यस अदालतमा बयान गर्दा, मैले यति रकम अतिरिक्त पेस्की दिनु भनी कहीं कतै निर्णय गरेको पनि छैन। दिइएको पेस्की समयमै IPC को भुक्तानी गर्दा कट्टा गरी असुल गर्ने गराउने अवस्थामा पनि म रहेको छैन। मिति २०७३/०६/२१ पछि म मेलम्ची खानेपानी विकास समितिको सञ्चालक पदमा नै रहेको छैन। म कार्यरत नै नरहेको कार्यालयबाट सो समयमा कट्टा गर्नुपर्ने पेस्की समयमा कट्टा नगरिएकोले सो रकमबाट सिर्जित भएको ब्याजको लागि म जिम्मेवार रहनुपर्ने भनी भन्न न्याय, कानून र तर्कसङ्गत छैन भनी आरोपित कसुरमा इन्कारी रही बयान गरेको देखिन्छ।

७६. **प्रतिवादी भीमप्रसाद उपाध्यायले** अनुसन्धानको क्रममा तथा यस अदालतमा बयान गर्दा, ३० लाख अमेरिकी डलर अन्तरिम भुक्तानी दिंदा निःशर्त बैंक ग्यारेण्टी लिएकोले ठेक्का तोडिनासाथ उक्त रकम जफत गरी राजस्व खातामा जम्मा भइसकेको छ। पेस्की भुक्तानीको ब्याजको हकमा कुनै पनि अन्तर्राष्ट्रिय ठेक्का सम्झौताको कार्यान्वयन गर्दा सोही करार सम्झौताबमोजिम हुने र पक्षहरू बीच विवाद आएमा विवाद समाधान बोर्ड वा मध्यस्थता एजेन्सीको माध्यमबाट विवाद समाधान गरिने प्रचलन रही आएको छ। त्यस्तै अन्तर्राष्ट्रिय ठेक्का सम्झौता FIDIC डकुमेन्टका आधारमा बनेको करार अनुसार सञ्चालन हुने गर्छ। निर्माण ब्यवसायी, परामर्शदाता संस्था वा मेलम्ची परियोजना व्यवस्थापन बिच आपसी सहमतिमा कुनै विवाद समाधान हुन नसके Dispute Board/ Arbitration Centre बाट विवादको समाधान गरिनुपर्ने करारमा व्यवस्था छ। पेस्की भुक्तानी IPC 29 बापतको रकम ADB बाट सिधै खर्च देखिने हुँदा बैंकले भुक्तानीलाई नियमित मानेर नै ठेकेदारलाई ADB ले सिधै भुक्तानी गरिसकेको हो। अनियमित भएको भए दातृ संस्थाले सिधै भुक्तानी नै गर्ने थिएन। तसर्थ म उपरको आरोप झुठा हो। मैले सरकारी रकम हिनामिना गरेको छैन भनी आरोपित कसुरमा इन्कारी रही बयान गरेको देखिन्छ।

७७. **प्रतिवादी रुद्रसिंह तामाङले अनुसन्धानको क्रममा तथा यस अदालतमा बयान गर्दा,** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मलाई मेलम्ची खानेपानी विकास समितिमा काठमाडौं महानगरपालिकाको प्रमुखको पदेन हैसियतमा उपस्थित भई प्रचलित नियम र कानूनबमोजिम गरेको नीतिगत निर्णय र म कार्यरत रहनुभन्दा पछिको घटनाक्रमले सिर्जना गरेको विषयलाई लिएर अभियोग लगाएको छ। भुक्तानी तालिका, भुक्तानी प्रक्रिया, समायोजन र असुल उपर समेतको जिम्मेवारी कार्यकारी निर्देशक (व्यवस्थापन) लाई भएको र मलाई आर्थिक विषयसँग सम्बन्धित कुनै पनि व्यवस्थापकीय अधिकार र कर्तब्य म मा छैन। काठमाडौं महानगरपालिकाबाट सरुवा भई रमाना बुझी सो जिम्मेवारीबाट अलग भएपछि मिति २०७६।१।१३ र २०७६।२।१४ मा पेस्की बैंक जमानतबाट असुल उपर गरी राजस्व खातामा दाखिला भइसकेको र २३ मे २०१९ मा एसियाली विकास बैंकमा समेत ऋण बापतको रकम फिर्ता पठाई सकिएको भन्ने अभिलेखबाट पनि देखिएको अवस्था छ। मैले कुनै सरकारी हानिनोक्सानी हुने कार्य नगरेको हुँदा आरोप दाबीबाट पूर्ण रुपमा सफाइ दिलाई पाऊँ भनी आरोपित कसुरमा इन्कारी रही बयान गरेको देखिन्छ।

७८. प्रतिवादी **चन्द्रबहादुर थापा** उपर जफत भएका बस्तु तथा औजार र मेसिनरीको भाडाबापत रू.११,६६,०२,४३७।३१, प्रोभिजनल भुक्तानी बापत रू.१०,००,००,०००।- भेरियसन आदेश स्वीकृत नगरी भुक्तानी गरेको रकम रू.१०,६९,५९,२२६।६४ र सम्पन्न काममा बढी भुक्तानी बापत रू.२८,१३,५८,२२०।३६ समेत जम्मा रू.७१,५८,३७,६४३।१९ (अक्षरेपि एकत्तर करोड अन्ठाउन्न लाख सैतीस हजार छ सय त्रिचालिस पैसा उन्नाइस) सरकारी सम्पत्ति बदनियतपूर्वक हानिनोक्सानी र निर्माण व्यवसायीलाई गैरकानूनी लाभ पुर्याएको भनी अभियोजन पक्षले आरोप दाबी लिएको पाइन्छ।

७९. यी प्रतिवादी **चन्द्रबहादुर थापा**ले अनुसन्धानको क्रममा तथा यस अदालतमा बयान गर्दा, म मेलम्ची खानेपानी आयोजनाको प्रभावित जनताको प्रतिनिधित्व गर्दै समितिको सदस्य भएको र मेरो दायित्व आर्थिक प्रशासनिक र प्राविधिक विषयसँग सम्बन्धित छैन। त्यसैले आर्थिक कारोवार र भुक्तानीसँग सम्बन्धित सम्पूर्ण विषयहरू कार्यकारी निर्देशक (व्यवस्थापन) सँग सम्बन्धित भएकोले म उपर लगाएको अभियोग निराधार हो। कतिपय विषयहरूका सम्बन्धमा आ.व. २०७४/०७५ को महालेखा परीक्षकको प्रतिवेदनमा सैद्धान्तिक बेरुजु कायम भएकोमा महालेखा परीक्षकको **५५** औं वार्षिक प्रतिवेदनमा प्रतिनिधि सभा, सार्वजनिक लेखा समितिमा छलफल भई बेरुजु फछ्र्यौट भैसकेको भन्ने सुन्नमा आएको छ। साथै हाल मलाई जानकारी भए अनुसार ठेक्का तोडिएपछि ठेकेदारको बैंक जमानत र धरौटी रकमसमेत जफत गरी राजस्व खातामा जम्मा भैसकेको र ADB तर्फको रकमसमेत फिर्ता भई ऋणसमेत समायोजन भैसकेको अवस्थामा मैले कुनै सरकारी हानिनोक्सानी हुने कार्य गरेको छैन भनी आरोपित कसुरमा इन्कारी भई बयान गरेको देखिन्छ।

८०. प्रतिवादी **घनश्याम भट्टराई**ले निर्माण व्यवसायीले निर्माण सामग्री र मेसिनको उपयोगको लागि मूल्याङ्कन नगरी भाडा बापतको रकम कट्टी नगरेर सरकारलाई नोक्सान पुर्याएको, बोर्ड बैठकमा सदस्य-सचिवको हैसियतमा निर्माण व्यवसायीलाई गलत शर्तमा आर्थिक सहयोग दिएको र विभिन्न दातृ निकायबाट लिएको ऋणको रकम, अतिरिक्त पेस्की भुक्तानी र सम्झौताबाहिरको कार्यान्वयन गराइएको भनी निज उपर आरोप दाबी लिएको देखिन्छ।

८१. यी प्रतिवादी **घनश्याम भट्टराई**ले अनुसन्धानको क्रममा तथा यस अदालतमा बयान गर्दा, महालेखा परीक्षकको प्रतिवेदनमा औंल्याएका बेरुजु सम्परीक्षण गर्ने क्रममा संसदको सार्वजनिक लेखा सीमितले समेत बेरुजु सम्परीक्षण गर्ने निर्णय गरेको वार्षिक प्रतिवेदन, २०७६ सालको माघ महिनामा संसद समक्ष पेससमेत गरी सकेको अवस्था हुँदा सोही आधारमा निरुपण गर्नुपर्नेमा जसरी आरोपदाबी पेस गरिएको छ। यो पूर्वाग्रही र निष्ठापूर्वक काम गर्ने कर्मचारीलाई हतोत्साहित बनाउने आरोपदाबी हो। मैले कुनै पनि प्रकारको भ्रष्टाचार जन्य क्रियाकलाप नगरेको र उक्त आरोप दाबीमा कुनै पनि सत्यता नभएको र अनुमानका भरमा गरिएको दाबी भएकाले उक्त आरोपदाबी खारेज गरी सफाइ पाऊँ भनी आरोप दाबीमा इन्कारी रही बयान गरेको देखिन्छ।

८२. प्रतिवादी **मणिभद्र न्यौपाने** लेखा प्रमुखको हैसियतमा कार्य गर्दा आर्थिक कानून विपरीत अतिरिक्त मोबिलाईजेसन पेस्की भुक्तानी गरेको, भेरिएसन नं. १३ स्वीकृत नभएको अर्थात् सम्झौतामा उल्लिखित कार्यभन्दा फरक कार्यको भुक्तानी गरेको, रनिङ बिल IPC-३९ बाट Provisional Sum को रुपमा रू.१०,००,००,०००।- भुक्तानी गरेको तर सम्झौता र कानूनी प्रावधानबमोजिम IPC ४० बाट कट्टी वा समायोजन गर्नुपर्नेमा सो नगरेको, सम्झौताको शर्तबमोजिम पेस्की फछ्र्यौट नगरी भ्रष्टाचारजन्य कार्य गरेको भनी अभियोजन पक्षले आरोपदाबी लिएको देखिन्छ।

८३. यी प्रतिवादी **मणिभद्र न्यौपाने**ले अनुसन्धानको क्रममा तथा यस अदालतमा बयान गर्दा, म भन्दा माथिको तहबाट भुक्तानीको लागि निर्णय भई आएपछि सोही निर्णयको आधारमा भुक्तानी गरिएको हो। कति भुक्तानी दिने कति नदिने भन्ने निर्णय गर्ने अधिकारी म होइन। पुराना निर्माण व्यवसायीहरूका सामान तथा उपकरणहरू मूल्याङ्कन गरी कट्टी गर्ने सम्बन्धमा परामर्शदाताबाट निर्धारण गरी कट्टी गरी पेस गर्नुपर्दछ। यसमा आर्थिक प्रशासन शाखाले कटाउने अधिकार हुँदैन। निर्माण व्यवसायीसँग सम्झौता भङ्ग भैसकेको र निर्माण व्यसायीको जमानतहरूबाट रू.२,१०,१९,४१,२२६।- र धरौटी बापत राखेको रू.३८,६१,७०,८३७। गरी जम्मा रू.२,४८,८१,१३,०६३।४२ असुल भै सकेको छ। ठेक्का तोडिएपछि निर्माण व्यवसायीका बैंक जमानतहरूबाट रू.२,१०,१९,४१,२२६।४२ धरौटीबाट रू.३८,६१,७०,८३७।०० र निर्माण व्यवसायीले सम्पादन गरेको भुक्तानी हुन बाँकी बिलको रकम रू.२६,६५,९०,५९९।०० समेत गरी जम्मा रू.२,७५,४७,०२,६५२।४२ (दुई अर्व पचहत्तर करोड सतचालिस लाख दुई हजार छ सय बाउन्न पैसा बयालिस मात्र) जफत भैसकेको देखिन्छ भनी आरोपदाबीमा इन्कारी रही बयान गरेको देखिन्छ।

८४. प्रतिवादी **रामचन्द्र न्यौपाने**ले पछिल्लो रनिङ बिल IPC ४० सम्म भएको भुक्तानीहरू परामर्शदाताबाट सिफारिस भएको रनिङ बिल IPC ४१ (Original) मा वास्तविक कार्यभन्दा बढीको मूल्याङ्कन गरी भएको भुक्तानी, विभिन्न पेस्कीहरू कट्टी गर्नुपर्ने रकम, स्वीकृत नभएको भेरिसन भुक्तानी फिर्ता लिनुपर्ने रकम, रेंटल चार्ज आदिको रकम समायोजन गर्दा

रू.५३,२४,५३,१७०।०५ (पछि IPC ४६ सम्म आंशिक समायोजन भएको) निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने गरी पेस भएको रनिङ बिल IPC४१ को चेकजाँच गरी मेलम्ची खानेपानी विकास समितिको अधिकारिक प्रतिनिधि उपकार्यकारी निर्देशक भोज बिक्रम थापाले सिफारिस गर्दा समेत सो रनिङ बिल IPC ४१ कार्यान्वयनको लागि स्वीकृत नगराई बोर्ड/कार्यकारी निर्देशकको निर्णय भनी कानून विपरीत निर्माण व्यवसायीबाट असुली गर्नुपर्नेमा सो विपरीत रनिङ बिल IPC ४१ (Revised) रू.१,३६,००,०००।- भुक्तानी गरी भ्रष्टाचारजन्य कार्य गरेको भनी अभियोजन पक्षले आरोपदाबी लिएको देखिन्छ।

८५. यी प्रतिवादी **रामचन्द्र न्यौपाने**ले अनुसन्धानको क्रममा तथा यस अदालतमा बयान गर्दा, म सरुवा भई आउनु भन्दा अगाडि नै निर्माण व्यवसायीलाई Interim Payment Certificates 25 सम्म भुक्तानी भैसकेको र पुरानो निर्माण व्यवसायीले छोडेर गएका निर्माण सामग्री एवम् उपकरणहरूको प्रयोग निर्माण कार्यको सुरुवाती चरणमा नै हुने। रनिङ बिल IPC 39 मा सम्पादित वास्तविक कार्य चेक जाँच गरी सिफारिस नहुँदै निर्माण व्यवसायीलाई रू.१०,००,००,०००.०० भुक्तानी गरी जम्मा रकम रू.३२,३५,६१,६६३.९५ बराबरको सरकारी रकम हानिनोक्सानी गराएकोभन्ने सम्बन्धमा प्रस्तुत बुँदाले Interim Payment Certificate 40, Interim Payment Certificate 41, Revised Interim Payment Certificate 41 र त्यसपछिका Interim Payment Certificate हरूसँग सरोकार राख्ने भएकोले: Interim Payment Certificate 40 परामर्शदाता Eptisa Ref: EPT/DSC/MWSP/2018/2124 May 04, 2018 को पत्रसाथ प्राप्त Interim Payment Certificate 40 अनुसार निर्माण व्यवसायीले प्राप्त गर्ने रकम रू.५,७७,४२,३९६.७१मात्र भएकोले उक्त रकम कटाउन नपुग हुने हुँदा परामर्शदाताको पत्रको पहिलो पानाको अन्तिम बुँदामा उल्लिखित अनुरोधअनुसार कट्टी नगरिएको हो। IPC 39 बाट दिइएको Provisional Payment IPC 40 बाट कट्टा गर्नु पर्ने भए तापनि परामर्शदाताको पत्रानुसार कट्टा नगरिएको हो। यसलाई आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११३ को उपनियम (३) अनुसार मैले आर्थिक प्रशासन शाखा प्रमुखको रुपमा भुक्तानीको निमित्त पेस गरेको होइन। Interim Payment Certificate 42-46 Regular Advance Payment मात्र कट्टा गर्ने गरी परामर्शदाताबाट तयार गरिएका Interim Payment Certificate हरू आयोजनाका प्राबिधिकहरूबाट चेक जांच भई बिना कैफियत भुक्तानीको निमित पेस हुन आएका हुन्। मैले आरोपदाबी बमोजिम कसुर गरेको छैन भनी आरोपित कसुरमा इन्कारी रही बयान गरेको देखिन्छ।

८६. प्रतिवादी **वेगनाथ पौडेल** लेखा प्रमुखको हैसियतले निजले रनिङ बिल IPC ४२, रनिङ बिल IPC ४३ र रनिङ बिल IPC ४४ को भुक्तानी गर्दा अघिल्लो बिलहरूबाट भुक्तानी भएको वास्तविक भन्दा बढी मूल्याङ्कनको भुक्तानी समायोजन, भेरिएसन-१३ बापत भएको कानून विपरीत भएको भुक्तानीको असुली, रनिङ बिल IPC-३९ मा भएको रू.१० करोडको भुक्तानी असुली आदि असुल/कट्टा नगरी भुक्तानी गरेको भनी यी प्रतिवादी उपर आरोपदाबी लिएको देखिन्छ।

८७. यी प्रतिवादी **बेगनाथ पौडेल**ले अनुसन्धानको क्रममा तथा यस अदालतमा बयान गर्दा, मेलम्ची खानेपानी विकास समितिको बोर्डलाई लागत स्टमेट स्वीकृत गर्ने, ठेक्का स्वीकृत गर्ने, भेरियसन स्वीकृत गर्ने, ठेक्काको रकम भुक्तानी गर्ने लगायतको विषयमा निर्णय गर्ने/निर्देशन गर्ने अधिकार प्राप्त छ। लेखा उत्तरदायी अधिकृत अध्यक्ष रहेको बोर्डले गरेको निर्णय अनुसार गर्नु मेरो कर्तब्य नै थियो। परामर्श दाता इञ्जिनियरले प्रमाणित गरी पेस गरेको बिल २८ दिन भित्र भुक्तानी (shall pay) दिनै पर्छ। बिलमा कट्टी र समायोजन हुन नसकेका रकम तुरुन्त बक्यौता हुन्छन् भनी सम्झौताका शर्तमा उल्लेख भएका थिए। आयोजनाबाट बुझेका रकम बुझाउने दायित्व रकम बुझ्ने कै हुन्छ। बिल प्रमाणिकरणमा सि.डि.इ., उपकार्यकारी निर्देशक, वित्त विज्ञ, आयोजना निर्देशकसमेतका कर्मचारी संलग्न थिए। बोर्डको निर्णय कार्यान्वयन गर्न IPC- ४२, ४३ र ४४ का बिल सिफारिस गर्ने विज्ञहरू आयोजनामै रहेका जिम्मेवार पदाधिकारीहरू हुन्। परामर्शदातासमेतका जिम्मेवार पदाधिकारीले पेस गरेका उक्त ३ वटा बिलमा भेरियसन-१३, IPC-३९ बाट भुक्तानी भएको प्रोभिजनल सम रेन्टल चार्ज समेतका रकम कट्टी र समायोजन गर्नु पर्ने भनी बिलमा रकम समाबेश गरी पेस गरेका थिएनन्। म निर्णयकर्ता थिइन र बिलमा समावेश नभएको रकम कट्टी गर्ने अधिकार मलाई थिएन। आयोगले फछ्र्यौट हुन नसकेका नियमित तथा कानून विपरीत दिइएका अतिरिक्त पेस्कीबापतको रकम पेस भएका IPC हरूबाट समायोजन फछ्र्यौट नगरी ठेक्का सम्झौता अन्त्य भएपश्चात् मात्र प्रचलित कानूनबमोजिम असुल उपर गर्नुपर्ने ब्याज बाहेक मात्र हुने गरी बैंक जमानीबाट २०१८ डिसेम्बर मुल धन असुली भएको भनी आरोपपत्रको पाना नं. ५८

र ५९ मा नै उल्लेख गरेको र मेरो उपर ब्याजमा दाबी नभएकोले मैले कुनै हानिनोक्सानी गरेको छैन। बिगो असुल उपर गरी पाऊँ भन्ने आरोप दाबी बिलकुल झुठा एवम् तथ्यमा आधारित नभएको र मैले कुनै सरकारी हानिनोक्सानी हुने कार्य नगरेको हुँदा उक्त आरोपदाबीबाट सफाइ दिलाई पाऊँ भनी आरोपदाबीमा इन्कारी रही बयान गरेको देखिन्छ।

८८. प्रतिवादी **केदारप्रसाद अर्याल** लेखा प्रमुखको हैसियतले निजसमेतले रनिङ बिल IPC ४५ र रनिङ बिल IPC ४६ को भुक्तानी गर्दा अघिल्लो बिलहरूबाट भुक्तानी भएको वास्तविक भन्दा बढी मूल्याङ्कनको भुक्तानी समायोजन, भेरिएसन-१३ बापत भएको कानून विपरीतको भुक्तानी असुली, रनिङ बिल IPC-३९ मा भएको रू.१० करोडको भुक्तानी असुली आदि असुल/कट्टा नगरी भुक्तानी गरेको भनी यी प्रतिवादी उपर आरोपदाबी लिएको देखिन्छ।

८९. यी प्रतिवादी **केदारप्रसाद अर्याल**ले अनुसन्धानको क्रममा तथा यस अदालतमा बयान गर्दा, अख्तियारले IPC ३४, ४०, र ४१ को भुक्तानीमा परेको उजुरीको विषयमा अभियोग लगाएकोमा म सो अवधिमा कोष तथा लेखा नियन्त्रक कार्यालय सुन्धारामा कार्यरत रहेको थिए। ठेक्का तोडिएपछि निर्माण व्यवसायीका सबै बैंक जमानतहरू र धरौटी रकम गरी जम्मा रू.२,७५,४७,०२,६५२/४२ जफत गरी सम्बन्धित खातामा जम्मा गरी सकिएको छ। निर्माण व्यवसायीका साइटमा रहेका उपकरण तथा सामाग्रीहरूको मूल्याङ्कन अझैसम्म भैनसकेकोले जफत रकम अझै वृध्दि हुने अवस्था छ भने Dispute Adjudication Board बाट निर्णय भएको रेफरल ८ को रू.३६,२७,६०,१७३।०० भुक्तानी हुन बाँकी नै रहेको छ। ठेक्काको हिसाब अझैसम्म फरफारक नभएकोले फरफारक गर्दा नेपाल सरकारलाई कुनै पनि हानिनोक्सानी हुने देखिँदैन। अख्तियारले आइ पि सि ४६ नै फाइनल बिल मानेर ठेक्का सम्झौताका प्रावधानहरूको अध्ययन नै नगरी र यथार्थ हिसाब नगरी झुठा मुद्दा दायर गरेको छ। म कार्यालयमा हाजिर भएको १ महिना २४ दिनमा निर्माण व्यवसायीले साइटमा काम छोडी हिंडेपछि ठेक्का तोडिएको अवस्थामा लेखा प्रमुखको हैसियतले अत्यन्त सजगता अपनाई इमान्दारी एवम् कर्त्यव्य निष्ठाकासाथ विभिन्न बाधा अडचनका बाबजुद नेपाल सरकारलाई कुनै पनि हानिनोक्सानी नहुने गरी काम गरेको छु। मैले कुनै सरकारी हानिनोक्सानी हुने कार्य नगरेको हुँदा उक्त आरोप दाबीबाट पूर्णरुपमा सफाइ दिलाई पाऊँ भनी आरोपदाबीमा इन्कारी रही बयान गरेको देखिन्छ।

९०. **प्रतिवादी भोजबिक्रम थापाले** नेपालको कानून तथा सम्झौतामा उल्लेख भएको परिधिभन्दा बढीको भुक्तानी बोर्डको निर्णयबमोजिम अतिरिक्त मोबिलाइजेसन पेस्की बापत भुक्तानी गर्न सिफारिस गरेको भए तापनि निर्माण व्यवसायीबाट सरकारको स्वामित्वमा रहेको निर्माण सामग्री, मेसिन तथा उपकरण प्रयोग गरे बापत रू.११,६६,०२,४३७।३१ असुल नगरी नेपाल सरकारलाई हानिनोक्सानी पुर्‍याएको तथा रनिङ बिल IPC ३९ मा सम्पादित वास्तविक कार्यको चेकजाँच गरेर मात्र भुक्तानी दिनुपर्नेमा सिफारिस नहुँदै निर्माण व्यवसायीलाई रू.१०,००,००,०००।- भुक्तानी भएको रकम असुल उपर नगरी सरकारी हानिनोक्सानी गराएको तथा निर्माण व्यवसायीलाई लाभ पुर्‍याएको भनी यी प्रतिवादी उपर अभियोजन पक्षले आरोपदाबी लिएको देखिन्छ।

९१. यी प्रतिवादी **भोजबिक्रम थापा**ले अनुसन्धान तथा यस अदालतमा बयान गर्दा, मैले IPC चेकजाँच गरी पेस गर्ने भन्ने अधिकार पत्र पाएको छैन। मैले IPC 41 original बाट रकम कट्टि गर्न लगाएको हैन। निर्माणस्थलमा भए गरेको कामको चेक जाँच तथा मिति २०७४।०५।२९ गो.भौ.नं.१५ को प्रथम भुक्तानीपश्चात् IPC 34 revised को दोस्रो भुक्तानी भित्र परेको रू.१०,६९,५९,२२६।६४ को भेरिएसन रकम भुक्तानी मिति २०७४/५/३० को बोर्ड बैठकको निर्णयपश्चात् मिति २०७४।०६।०२ गो.भौ.नं.२३ बाट भुक्तानी भएको विषयलाई मेरा उपर दोषारोपण गरिनु अन्ययापूर्ण छ। म मिति २०७४/५/८ मा मेलम्ची खानेपानी विकास समितिमा हाजिर भएकोमा सो अवधि पूर्वको ठेक्काको विषय मलाई जानकारी हुँदैन। दोस्रो ठेक्का सम्बन्धी सम्पूर्ण कार्य भई सकेकोमा पहिलो ठेकेदारको मेसिन औजार तथा सामग्री जफत भए नभएको मलाई जानकारी छैन। IPC 41 मा परामर्शदाताले कट्टी गरी पेस गरेकोमा निर्णायक पदाधिकारी तथा निकायहरूले सहमति गरिसकेपछि मात्र कट्टी गर्ने व्यवस्था गरेका थिए। IPC 39 को रकम परामर्शदाताले सिफारिस गरी अधिकार प्राप्त अधिकारीले भुक्तानी दिन आदेश गरेको रकम हो। IPC ४१ मा सो रकम परामर्शदाताले कट्टी गरी पेस गरेकोमा पछि IPC फिर्ता लिई अर्को पेस गरेको देखिन्छ। मलाई त्यो रकम पनि असुल उपर गर्ने अधिकार छैन। रू.१०,००,००,०००।- भुक्तानी भएको रकम असुल उपर नगरी

सरकारी हानिनोक्सानी गराएको भनी म माथि लगाएको उक्त आरोप पनि अन्यायपूर्ण छ। आयोगले मसँग भेदभावपूर्ण तथा पूर्वाग्रह राखी मुद्दा चलाएको कुरा IPC-39 र IPC-29 मा संलग्न म सरहका समान काम गरेका अरु सि.डि.ई. हरू तथा उप-कार्यकारी निर्देशक माथि मुद्दा नचलाएकोबाट स्पष्ट हुन्छ। अतः म माथि लगाइएको यो अभियोग दाबी खारेज योग्य छ भनी आरोपित कसुरमा इन्कारी रही बयान गरेको देखिन्छ।

९२. अब, माथिको प्रकरणमा उल्लिखित यी प्रतिवादीहरूमध्ये **डा.संजय शर्मा, भीमप्रसाद उपाध्याय, मुकुन्दप्रसाद पौडेल, रुद्रसिंह तामाङ, घनश्याम भट्टराई, चन्द्रबहादुर थापा, मणिभद्र न्यौपाने, रामचन्द्र न्यौपाने, केदारप्रसाद अर्याल, वेगनाथ पौडेल र भोजबिक्रम थापा** समेतले गरेको उल्लिखित बयानहरू र आरोपित कार्यहरूको कानूनी परीक्षण गर्दा निज प्रतिवादीहरूबाट आरोपदाबी अनुसारको कसुर गरिएको हो वा होइन भन्ने तर्फ बिचार गर्नु पर्ने आवश्यक रहेको देखिन्छ। **सामान्यतः सरकारवादी फौजदारी मुद्दामा कसुरदारको कसुर प्रमाणित गर्ने भार वादीमा रहन्छ। त्यसको निम्ति केवल अभियोग लगाएर मात्र हुँदैन। सो अभियोग पुष्टि हुने आधार प्रमाण वादी पक्षले प्रस्तुत गर्न सक्नुपर्छ। जसलाई प्रमाण ऐन, २०३१ को दफा २५ ले स्पष्ट गरेको छ।** यी प्रतिवादीहरूले के कस्ता कार्य गरेका छन् र के कस्तो कार्यबाट के कस्तो कानूनको उल्लङ्घन भई अपराधजनित कार्य भयो र त्यस्तो कार्यमा को कसको के कसरी संलग्नता रहेको छ ? प्रतिवादीहरूले मेलम्ची खानेपानी आयोजनाको विभिन्न खरिद प्रक्रिया (**अतिरिक्त मोविलाईजेसन बापतको पेस्की, Rental Charge, भेरियसन स्वीकृति बिना रकमको भुक्तानी, आकस्मिक खर्चको भुक्तानी, निर्माण कार्यको भुक्तानी समेत**) मा बदनियतपूर्वक कार्यहरू गरेको भन्ने आरोप पनि अभियोजन पक्षले शङ्कारहित तवर (Beyond the reasonable doubt) ले पुष्टि गर्नुपर्छ।

९३. यस सिलसिलामा प्रतिवादीहरू उपर दाबी लिइएको कसुरको कानूनी प्रावधान हेर्दा, भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ मा *"कुनै राष्ट्रसेवकले आफ्नो ओहदाको वा सो सम्बन्धी कर्तब्य पालन गर्दा नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्तिको लापरबाही वा बदनियत गरी हिनामिना, हानिनोक्सानी वा दुरुपयोग गरे गराएमा वा मासेमा वा निजी प्रयोगमा लगाएमा निजलाई कसुरको मात्रा अनुसार दफा ३ बमोजिमको सजाय हुनेछ र त्यसरी हिनामिना, हानिनोक्सानी वा दुरुपयोग गरेको वा मासेको वा मास्न दिएको सम्पत्ति पनि निजबाट असुल उपर गरिनेछ"* भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। यस दफा १७ मा उल्लिखित परिभाषाअनुसार निम्न कार्य गरेको देखिएमा यस दफा अन्तर्गतको कसुर गरेको मानिन्छ र सोही अनुरुप सजायको प्रस्ताव गरिनु आवश्यक हुन्छः

क. कुनै राष्ट्रसेवकले आफ्नो ओहदाको वा सो सम्बन्धी कर्तब्य पालना गर्दा नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्तिको लापरबाही वा बदनियत गरी हिनामिना, हानिनोक्सानी वा दुरुपयोग गरे वा गराएमा,

ख. सो सम्पत्ति मासेमा वा निजी प्रयोगमा लगाएमा,

घ. निजलाई कसुरको मात्रा अनुसार दफा ३ बमोजिमको सजाय हुनेछ,

ङ. साथै, त्यसरी हिनामिना, हानिनोक्सानी, दुरुपयोग वा मासिएको सम्पत्ति निजबाट असुल उपर गरिनेछ।

९४. सोही ऐनको दफा २२ मा *"यस ऐनमा अन्यत्र छुट्टै व्यवस्था भएकोमा बाहेक यस ऐन अन्तर्गत सजाय हुने कुनै कसुरको मतियारलाई त्यस्तो कसुर गर्ने राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिलाई हुने सजायको आधा सजाय हुनेछ"* भन्ने कानूनी व्यवस्था छ। *"तर, कसुर गर्ने राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिलाई त्यस्तो कसुर गरे बापत नगदी, जिन्सी, वा अन्य कुनै सुविधा वा लाभ उपलब्ध गराई दिने वा आफूले लिने मतियारलाई कसुर गर्ने व्यक्ति सरह नै सजाय हुनेछ"* भन्ने प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भएको पाइन्छ।

९५. सोही ऐनको दफा २३ मा *"कुनै फर्म, कम्पनी वा सँगठित संस्थाले यस परिच्छेदबमोजिम कसुर मानिने कुनै काम गरेमा त्यस्तो फर्मको हकमा त्यस्ता काम गर्दाका बखत सम्बन्धित हिस्सेदारहरू र कम्पनी वा सँगठित संस्थाको हकमा कम्पनी वा त्यस्तो संस्थाको मुख्य भई काम गर्ने अधिकारीले त्यस्तो कसुर गरेको मानिनेछ"* भन्ने कानूनी व्यवस्था छ। *"तर मुख्य भई कामकाज गर्ने अधिकारी नियुक्ति हुनु अगाडि नै त्यस्तो काम भए गरेको प्रमाणित भएमा जसले त्यस्तो काम गरेको छ सोही व्यक्तिले कसुर गरेको मानिनेछ"* भन्ने प्रतिबधात्मक वाक्यांश उल्लेख भएको देखिन्छ।

९६. अतः माथि उल्लिखित प्रतिवादीहरूमध्ये सर्वप्रथम **प्रतिवादीहरू डा. संजय शर्मा, भीमप्रसाद उपाध्याय र मुकुन्दप्रसाद**

**पौडेल, रुद्र सिंह तामाङको** हकमा हेर्दा, यी प्रतिवादीहरूले यस अदालत समक्ष तथा अनुसन्धानमा आरोपित कसुरमा इन्कारी रही बयान गरेको देखिन्छ। निज प्रतिवादीहरू डा. संजय शर्मा, भीमप्रसाद उपाध्याय, मुकुन्दप्रसाद पौडेल र रुद्र सिंह तामाङको जिम्मेवारी र हैसियत मेलम्ची खानेपानी समितिको पदाधिकारीको रुपमासम्म रहेको देखिन्छ। निजहरू लेखा उत्तरदायी अधिकारीको रुपमा रहेको पाइदैन। ब्याज तर्फको दाबी अनुसार सो असुल गर्नें पर्ने भए पनि निजहरू ब्याज असुल गर्ने समयमा उक्त समितिमा कार्यरत रहेको समेत देखिंदैन। मूलतः अतिरिक्त मोबिलाईजेसन पेस्की प्राप्त गरी लाभ लिने भनिएको निर्माण कम्पनी सि.एम.सी. दि रेभिनालाई अभियोजनकर्ताले ब्याज असुलीको लागि मागदाबी लिएको समेत देखिंदैन। निज प्रतिवादीहरूले सार्वजनिक संस्थाको सम्पत्तिको लापरबाही वा बदनियत गरी हिनामिना, हानिनोक्सानी वा दुरुपयोग गरे वा गराएको तथा सम्पत्ति मासेको वा निजी प्रयोगमा ल्याएको भन्ने पनि देखिन आउँदैन। निज प्रतिवादीहरूले बदनियतपूर्वक कार्य गरेको भनी आरोपित गरिएको भएपनि नेपाल सरकारको तर्फबाट सो आरोप दाबी पुष्टि हुने कुनै ठोस सबुद तथा वस्तुनिष्ठ प्रमाणले प्रमाणित गर्न सकेको देखिन आउँदैन। तसर्थ निज प्रतिवादीहरूले मेलम्ची खानेपानी आयोजना अन्तर्गत अतिरिक्त मोबिलाइजेसन पेस्की रकम बापतको हुन आउने ब्याज असुल नगरेको भन्ने दाबीसँग सहमत हुन सकिएन। तसर्थ उल्लिखित आधार कारणहरूबाट निज प्रतिवादीहरूले आरोपदाबीबाट सफाइ पाउने ठहर्छ।

९७. त्यसैगरी **प्रतिवादी चन्द्रबहादुर थापाको** हकमा विचार गर्दा, यी प्रतिवादीले अनुसन्धानको क्रममा तथा यस अदालतमा आरोपदाबीमा इन्कारी रही बयान गरेको देखिन्छ। निज प्रतिवादी परियोजना निर्माण भैरहेको स्थानको स्थानीय बासिन्दासमेत भई सरकारबाट नियुक्त मेलम्ची खानेपानी विकास समितिका बोर्ड सदस्यसम्म रहेको देखिन्छ। निज प्रतिवादी उपर लगाइएको आरोपदाबीमा निजले निर्णायक रुपमा कुनै भूमिका निभाएको भन्ने पनि देखिन आउँदैन। निजले बैठकको जानकारी पाएपछि समितिको बैठकमा उपस्थितसम्म भएको र मेलम्ची खानेपानी आयोजनाबाट प्रभावित स्थानीय समुदायको प्रतिनिधिको रुपमा समितिको सदस्य मनोनित भई गरेको कार्यमा निजको कुनै आर्थिक कार्यमा संलग्नता वा बदनियत र लापरबाहीसमेत रहे भएको नदेखिंदा निज प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ।

९८. **प्रतिवादी घनश्याम भट्टराईको** हकमा विचार गर्दा, यी प्रतिवादीले अनुसन्धानको क्रममा तथा यस अदालतमा आरोपदाबीमा इन्कारी रही बयान गरेको देखिन्छ। निजलाई अतिरिक्त मोबिलाइजेसन पेस्कीको ब्याज रकम र रेन्टल चार्ज बापतको रकममा बिगो कायम गरी अभियोग लगाएको देखिन्छ। **मूलतः अतिरिक्त मोबिलाइजेसन पेस्की प्राप्त गरी लाभ लिनेएको निर्माण कम्पनी सि.एम.सी. दि रेभिनालाई नै अभियोजनकर्ताले ब्याज असुलीको लागि मागदाबी लिएको समेत नदेखिएको स्थितिमा** यी प्रतिवादी घनश्याम भट्टराईलाई सो दाबीमा कसुरदार ठहर गर्न मिलेन। त्यस्तै रेन्टल चार्जको हकमा IPC 41 Original पश्चात मात्र रेन्टल चार्ज समावेश भई आएको देखिन्छ। आरोपपत्रमा नै निज प्रतिवादी IPC 18 देखि IPC 33 सम्म मात्र भुक्तानी दिने प्रक्रियामा संलग्न भएको भनी उल्लेख भएबाट निज आफू रेन्टल चार्ज दाबी गर्दाको अवधिमा कार्यरत नै नरहे नभएको स्थितिमा निजले रेन्टल चार्ज असुल नगरेको भनी लिएको आरोपदाबी पनि आधारहिन देखिन आयो। त्यस्तो आरोपदाबी स्वतः अमान्य हुने हुँदा अमान्य दाबीको आधारमा दोषी करार गर्न मिल्दैन। तसर्थ, निज प्रतिवादीले आरोपदाबीबाट सफाइ पाउने ठहर्छ।

९९. **प्रतिवादीहरू मणिभद्र न्यौपाने, रामचन्द्र न्यौपाने, वेगनाथ पौडेल र केदारप्रसाद अर्यालको** हकमा विचार गर्दा, यी प्रतिवादीहरूले अनुसन्धानको क्रममा तथा यस अदालतमा आरोपदाबीमा इन्कारी रही बयान गरेको देखिन्छ। भुक्तानीको लागि पेस भएका IPC रनिङ बिलहरूको भुक्तानी गर्दा अतिरिक्त मोबिलाइजेसन पेस्कीलगायतका पूर्व बिलहरूको समायोजन गरेर मात्र भुक्तानी दिन उपयुक्त हुने भनी टिप्पणी पेस गरेकोमा सो समायोजन बिना नै भुक्तानी दिनु भनी लेखा उत्तरदायी अधिकारीबाट भएको आदेश कार्यान्वयन गरेको देखिन्छ। यी प्रतिवादीहरू लेखा प्रमुखको हैसियतमा कार्यरत रही यथा समयमा बिल भुक्तानीको उपयुक्त प्रक्रिया बारे टिप्पणी मार्फत राय पेस गरेको हुनाले माथिल्लो अधिकारीबाट भएको आदेशको अवज्ञा गरी भुक्तानी रोक्ने हैसियतमा नरहेको र सो भुक्तानीमा निजहरूको कुनै बदनियतसमेत रहेको भन्ने नदेखिंदा निजहरूले आरोपदाबीबाट सफाइ पाउने ठहर्छ।

१००. **प्रतिवादी भोजबिक्रम थापाको** हकमा विचार गरी हेर्दा, यी प्रतिवादीले अनुसन्धानको क्रममा तथा यस अदालतमा आरोपदाबीमा इन्कारी रही बयान गरेको देखिन्छ। निज प्रतिवादी फिल्ड इन्चार्जको रुपमा कार्यरत रहेको, भुक्तानी भएको रकम असुल गर्ने कार्यमा निजको कुनै निर्णायक भूमिका देखिन आउँदैन। निज प्रतिवादी भुक्तानीको सिफारिसकर्तासम्म गरेको देखिएको हुँदा रकम असुली नगरेको कार्यमा निजको कुनै बदनियत देखिन आउँदैन। तसर्थ, निज प्रतिवादीले आरोपदाबीबाट सफाइ पाउने ठहर्छ।

१०१. अब **प्रतिवादीहरू गजेन्द्रकुमार ठाकुर र सूर्यराज कँडेलको** हकमा हेर्दा, उक्त खानेपानी आयोजनाको मुख्य पदाधिकारीको रुपमा निजहरूले भूमिका खेल्दै आएको तथ्यमा विवाद छैन। प्रतिवादी गजेन्द्रकुमार ठाकुर उपर निजले निर्माण व्यवसायीले सम्झौताबमोजिम कार्य नगरेको, परामर्शदाताको आदेशबमोजिम Rectification को कार्य नगरेको, सधैं नगद प्रवाहको समस्या देखाई ठेक्का सम्झौता विपरीत तीन पटक अतिरिक्त मोबिलाईजेशन पेस्की लिएको, Rental charge समेत नतिरेको, Provisional Payment समायोजन नगरेको, पेस्कीहरूसमेत नियमानुसार फर्छ्यौट नगरेको अवस्थामा परामर्शदाता तथा समितिका आधिकारिक प्रतिनिधिसमेतले रनिङ बिल IPC 41 मार्फत निर्माण व्यवसायीबाट रू.५३,२४,५३,१७०।०५ असुल हुनुपर्ने भनी सिफारिस गरेको बिल स्वीकृत नगरी कार्यकारी निर्देशकबाट सम्झौताको प्रावधान विपरीतको आधार बनाउनको लागि भन्दै प्रचलित कानून विपरीत एवम सम्झौताको शर्त विपरीतको MOU तयार गरी बोर्ड बैठकमा प्रस्ताव पेस गर्न लगाई बोर्डको अध्यक्षको हैसियतले मिलोमतो गरी अध्यक्ष, सदस्य-सचिव र एक जना उपभोक्ता समितिका सदस्य उपस्थित भई "निर्माण व्यवसायीबाट समयमै सुरुङ्ग र सोसँग सम्बन्धित अन्य कार्यहरू सम्पन्न गरी आगामी २०७५ असोजमा पानी पथान्तरण (Diversion) गर्ने कार्यमा सहयोग पुऱ्याउन हाललाई रनिङ बिल IPC 41 लगायत पछिका ३ वटा रनिङ बिल IPC ४२, ४३ र ४४ हरूबाट समेत Regular Advance Payment बापतको रकम मात्र नियमित रुपमा कट्टा गर्ने र रनिङ बिल IPC ४५ देखि ठेक्का रकमको ९०% भुक्तानी हुनु अगावै Regular तथा Additional Advance Payment दुबै सम्पूर्ण रुपमा Recover गर्ने गरी ठेक्का बिल भुक्तानी गर्न सम्झौता तथा कानून विपरीत निर्णय गरेको भनी अभियोजन पक्षले आरोपदाबी लिएको देखिन्छ।

१०२. त्यस्तै **प्रतिवादी सूर्यराज कँडेल** उपर निजले स्वीकृत बिना भुक्तानी भएको भेरिएसन आदेश नं. १३ अन्तर्गतको असुल हुनुपर्ने रू.१०,६९,५९,२२६।६४, पुरानो निर्माण व्यवसायी CRCC-CMIIC JV ले निर्माणस्थल छाडेर गएका निर्माण सामग्री, मेसिन तथा उपकरणहरूको लगत, लेखाजोखा गरी भएको मूल्याङ्कनबाट असुल हुनुपर्ने रू.११,६६,०२,४३७।३१ र ३० April २०१५ देखि १५ December २०१८ (ठेकेदारले साइट छोडी गएको अवस्थासम्म) रू.१६,००,४५,९१६।०२ गरी जम्मा रू.२७,६६,४८,३५४।१७ प्रत्येक बिलबाट कटाउनु पर्नेमा सो नगरेको, समायोजन गर्नुपर्ने रनिङ बिल IPC ३९ अन्तर्गतको Provisional Payment असुल हुनुपर्ने रकम रू.१०,००,००,०००।-, अघिल्लो बिलहरूमा भुक्तानी भएको तर नयाँ दररेट तथा Rectification नगरे बापत बढी भुक्तानी हुन गएको रकम नकटाएकोले गर्दा रू.२८,१३,५८,२२०।३६ निर्माण व्यवसायीले तोकेको समयमा कार्यसम्पादन सन्तोषजनक नगर्दा सम्झौताको प्रावधानबमोजिम अतिरिक्त पेस्की र नियमित पेस्कीमा ब्याज असुल नगरेकोले रू.१२,३८,११,४०८।८८ सरकारी हानिनोक्सानी गराएको, EDWARD CORBETT & Co. लाई औचित्य समाप्त भएको समयको समेतको मूल्याङ्कन गरी रू.२१,२१,०७५।- बढी भुक्तानी गरी नेपाल सरकारलाई हानिनोक्सानी गरेको भनी आरोपदाबी लिएको देखिन्छ।

१०३. **प्रतिवादी गजेन्द्रकुमार ठाकुरले** अनुसन्धानको क्रममा तथा यस अदालतमा बयान गर्दा, बोर्डको बैठक सङ्ख्या २८३ को निर्णय सङ्ख्या ६ पूर्ण रुपमा ठेक्का सम्झौताको GCC को Clause 14.2 अनुसार भएको र सोको असुली गर्ने समय अवधि PCC को Clause 14.2(b) अनुसार भएको हो। ठेक्का शर्त विपरीत दिइएको Additional Advance Payment मात्र ठेक्का को IPC 41, 42, 43 र 44 बाट कट्टा नगरी PCC को Clause 14.2(b) अनुसार ९०% निर्माण कार्य सम्पन्न हुनु अगावै दिइएको Additional Advance Payment समेत असुल गर्ने निर्णय भएको हो। उक्त निर्णयको मेलम्ची

खानेपानी योजनामा कार्यरत व्यवस्थापन समूहले गलत व्याख्या गरी ठेकेदारबाट कटाउनु/उठाउनुपर्ने रकम नउठाएको हो। तत्कालीन कार्यकारी निर्देशक श्री घनश्याम भट्टराईले निर्णय गरी पुरानो निर्माण व्यवसायी CRCC-CMIICJV ले निर्माण स्थलमा छाडेर गएका निर्माण सामाग्री मेसिन उपकरण प्रयोग गर्न हालका ठेकेदार CMC-DI Ravenna लाई अनुमति दिने तथा लेखाजोखाबाट निजसित असुल उपर हुनुपर्ने रू.११,६६,२,४३७।३१ निजले आफू योजनामा कार्यरत रहँदा IPC-1 देखि IPC-30 सम्म भुक्तानी गर्दा के कति कारणले ठेकेदारबाट असुल उपर नगर्नु भएको हो। उक्त क्रियाकलाप हुँदा म खानेपानी मन्त्रालयमा कार्यरत नरहेको र यसरी अरुले गरेको क्रियाकलापको भागिदार म हुन नसक्ने भनी आरोपित कसुरमा इन्कारी रही बयान गरेको पाइन्छ।

१०४. त्यस्तै **प्रतिवादी सूर्यराज कँडेलले** अनुसन्धानको क्रममा तथा यस अदालतमा बयान गर्दा, मेरो कार्यकालमा आयोजनाको निर्माण व्यवसायी विदेशी कम्पनीले निर्माण कार्य गर्दै आएकोमा आफ्नै कारणले अनायासै मिति २०७५।१०।२४ मा निर्माण कार्यको ठेक्का सम्झौता रद्द गरेकोले निजसँगको ठेक्का समितिको तर्फबाट पनि अन्त्य गर्ने निर्णय भएको थियो। मैले उक्त पदमा रही कार्यभार सम्हाले पश्चात अर्थात मिति २०७५।०३।०३ देखि २०७६।०५।३१ सम्म निर्माण व्यवसायीले गरेको कामको भुक्तानी दिने स्वीकृत अन्तर्राष्ट्रिय भुक्तानी प्रणाली बमोजिम रनिङ बिल IPC 41 (Revised) देखि IPC 46 सम्म गरी जम्मा ६ वटा बिलहरूबाट रकम भुक्तानी गरेको थिएँ। मेरो कार्यकाल भन्दा अगाडिका सो मेलम्ची आयोजनाको बोर्ड, पूर्व कार्यकारी निर्देशक तथा जिम्मेवार कर्मचारी तथा Consultant पदाधिकारीहरूले पनि आ-आफ्नो कार्यकालमा IPC 40 सम्मबाट विभिन्न रकमहरू भुक्तानी गरेको देखिन्छ, जसको सम्बन्धमा कानूनतः मलाई जानकारी हुने विषय नभएकोले सो प्रति म जिम्मेवार र जवाफदेही हुनुपर्ने होइन। म उपर लगाइएको रू.८९,०८,९८,२८५।०५ बिगो असुल उपर नगरी भ्रष्टाचार गरेको भनी लगाइको आरोप मुताबिकको बिगो पनि म मिति २०७५।०३।०३ मैं सो आयोजनाको कार्यकारी निर्देशकको पद सम्हाल्नुपूर्वका जिम्मेवार पदाधिकारीहरूबाट निर्माण व्यवसायीलाई विभिन्न मिति र आ-आफ्नो कार्यकालमा विभिन्न शीर्षकमा भुक्तानी दिएका रनिङ बिलहरू (IPC) अन्तर्गतका भुक्तानी भएकोले मेरो कार्यकालपूर्व भएका कार्य वा भुक्तानीलाई फौजदारी कारवाहीको विषय बनाई म असंलग्न व्यक्तिलाई कसुरको भागीदार बनाउने गरी भएको अभियोग *फौजदारी कसुर अन्यमा हस्तान्तरण नहुने* भन्ने फौजदारी न्यायको मान्य सिद्धान्त विपरीत छ। मेरो कार्यकालको सुरुदेखि अन्त्यसम्म पनि निर्माण व्यवसायीलाई कुनै अग्रिम भुक्तानी नदिएको, निरोध रकम असुल गरेको, मोबिलाइजेसन पेस्की रकम नियमित कट्टी गरी समायोजन गरेको, ठेक्का सम्झौताको कुनै शर्तहरूको उलङ्घन नगरेको, महालेखा परीक्षकको प्रतिवेदनमा औंल्याईएका बेरुजु रकम म.ले.प.बाट रू.५३ करोड ५६ लाख र सार्वजनिक लेखा समितिबाट २ अर्ब २९ करोड बेरुजुको सम्बोधन भएको थियो। दातृसंस्था नेपाल सरकार र सम्बद्ध निकायको नीति, निर्देशन, निर्णय र रायसल्लाहको परिधिभित्र रही पारदर्शिता र इमान्दारीताकासाथ पदीय जिम्मेवारी बहन गर्दागर्दै पनि म निर्दोष व्यक्तिलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले रू.८९,०८,९८,२८५।०५ बिगो असुल उपर नगरी नेपाल सरकारलाई हानिनोक्सानी पुर्याई भ्रष्टाचार गरेको भनी बिगो जरिबाना र कैदको मागदाबी गरी लगाईएको आरोप पर्याप्त आधार, प्रमाण र कानूनको अध्ययन, विश्लेषण नगरी पक्षपातपूर्ण, गोश्वारा रुपमा आरोप लगाइएको छ। सफाइ पाऊँ भनी आरोपित दाबीमा इन्कारी रही बयान गरेको देखिन्छ।

१०५. तत्कालीन अवस्थामा **प्रतिवादी गजेन्द्रकुमार ठाकुर** मेलम्ची खानेपानी समितिको अध्यक्ष र **प्रतिवादी सूर्यराज कँडेल** सो समितिको कार्यकारी निर्देशकको रुपमा कार्यरत रहेको देखिन्छ। यी प्रतिवादीहरूले आरोपित कसुरमा इन्कारी रही बयान गरेको भए तापनि निजहरू उक्त आयोजनाको निर्णायक तहमा रही काम गरेको हुनाले आयोजनाको सफलता र असफलताको सवालमा पूर्ण उत्तरदायी हुने तथ्यमा विवाद गर्न मिल्दैन। कुनै समितिको अध्यक्ष र समितिको कार्यकारी निर्देशकको पद उच्च पद हो र यो एक निर्णायक पद पनि हो। यही पदाधिकारीको निर्णयबाट नै समग्र आयोजनाको गतिशिलता जीवन्त बनिरहने तथ्यमा विमति छैन। असल भएमा जस र खराब भएमा अपजस पनि उनै पदाधिकारीहरू माथि रहने हुन्छ। कानूनतः निर्णायक पदाधिकारी भएकोले संस्थाको पूर्ण उत्तरदायित्व

निजैले बहन गर्नु पर्दछ। कुनै पनि सार्वजनिक खरिदमा कुनै अनियमितता भएको छ भने त्यसको जवाफदेहिता पनि सवअर्डिनेट कर्मचारीमा नरही कार्यकारी पदमा बसेका पदाधिकारी उपर नै हुन्छ।

१०६. यस दृष्टिकोणबाट हेर्दा यस विषयको परिप्रेक्ष्यमा सम्मानित सर्वोच्च अदालतबाट भएका व्याख्याको सन्दर्भमा पनि हेरिनु मनासिब हुन आउँछ। यस सम्बन्धमा सर्वोच्च अदालतबाट निम्नबमोजिम व्याख्या भएको पाइन्छः

> *"सम्बन्धित अधिकृत मातहत काम गर्ने कर्मचारीहरूका काम कार्वाहीको प्रत्यक्ष नियन्त्रण गर्ने, संस्थाको हितमा निजहरूलाई परिचालन गर्ने र मातहतकालाई निर्देशित गरी अमूक काम अमूक ढङ्गबाट अमूक परिणाम आउने गरी सम्पादन गराउने जिम्मेवारी भएको अधिकृत व्यक्तिमा आफू मातहतका मानिसका काम प्रति जिम्मेवारी रहन्छ। यदि त्यस्तो नहुने हो र हरेक व्यक्ति आफ्नो कार्य सम्पादन प्रति स्वतन्त्र रहन जाने हो भने संस्थाको एकिकृत नतिजा (Integrated Out put) प्राप्त नभई समन्वयको अभावमा जथाभावी कार्य सम्पादन हुन जाने कारण संस्थाको हित प्रतिकूल भएर संस्था असफल नहोस भन्नका लागि क्रमशः सानादेखि ठूलासम्मका कर्मचारीलाई पिरामिड ढङ्गबाट उपयुक्त समूह व्यवस्थित गरी उपल्लो तहको कर्मचारीलाई प्रमुख बनाई संस्थाको नीति नियमानुसार र निर्धारित जिम्मेवारी लिएका व्यक्तिले मातहतकाले गरेको कार्यको जिम्मेवारी बहन गर्न पर्ने होइन भन्न नमिल्ने।[५]"* यसलाई निम्न आधारमा विवेचना गर्न सकिन्छः

**समितिको अध्यक्ष र कार्यकारी निर्देशकको जवाफदेहिताः आधार र कारणहरू**

**१. निर्णय लिने अधिकार र जिम्मेवारी**

- समितिको अध्यक्ष र कार्यकारी निर्देशक संस्थाको नीति निर्माण, कार्यान्वयन र अनुगमनमा प्रमुख भूमिका खेल्छन्।
- उनीहरूको हस्ताक्षर, स्वीकृति र निर्देशन बिना कुनै महत्वपूर्ण निर्णय कार्यान्वयन हुँदैन।

**२. कानूनी उत्तरदायित्व**

- नेपालको प्रचलित कानून अनुसार संस्थाको प्रमुख पदमा रहेका व्यक्तिहरूले संस्थाको हितअनुसार कार्य गर्नुपर्ने कानूनी बाध्यता हुन्छ।
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुसार खरिद प्रक्रियामा जिम्मेवार पदाधिकारीको मुख्य भूमिका निर्धारित छ।

**३. जवाफदेहिता र नेतृत्वको सिद्धान्त**

- संस्थाको नीति तथा कार्यान्वयन प्रभावकारी बनाउन अध्यक्ष र कार्यकारी निर्देशकले मार्गनिर्देशन गर्नुपर्ने हुन्छ।
- कर्मचारीहरूको कामको निगरानी, अनुगमन र सुधारको जिम्मेवारी नेतृत्व तहकै हुन्छ।

**४. सार्वजनिक सम्पत्तिको सदुपयोग र पारदर्शिता**

- सार्वजनिक निकाय वा संस्थाको प्रमुख पदाधिकारीले संस्थाको बजेट, स्रोत साधन र सम्पत्तिको सही उपयोग गर्न सुनिश्चित गर्नुपर्ने हुन्छ।
- अनियमितता भएमा सो रोक्न वा सुधार गर्न नसक्दा जिम्मेवारी प्रमुख पदाधिकारीकै हुन्छ।

**५. सार्वजनिक खरिदमा कानूनी अनियमितता**

- सार्वजनिक खरिद ऐन अनुसार खरिद प्रक्रिया पारदर्शी, प्रतिस्पर्धात्मक र निष्पक्ष हुनुपर्छ।
- यदि कुनै अनियमितता हुन्छ भने त्यसको अनुमोदन, स्वीकृति वा जानकारी समितिको उच्च तहका व्यक्तिहरूलाई हुन्छ। जसले गर्दा उनीहरू प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा उत्तरदायी ठहरिन्छन्।

**६. सत्ता र प्रभावको प्रयोग**

- समितिको उच्च पदमा बसेकाले कार्यसम्पादनमा प्रभाव पार्ने भएकाले उनीहरूको क्रियाकलाप संस्थाको सफलता वा असफलतासँग प्रत्यक्ष जोडिन्छ।
- उनीहरूले निर्देशित गरेको वा अनुमोदन गरेको निर्णय नै अन्तिम हुने भएकाले त्यसको परिणामस्वरुप उनीहरू नै दोषी वा प्रशंसनीय ठहरिन्छन्।

संस्थाको अध्यक्ष वा कार्यकारी निर्देशक निर्णायक तहमा रहेको पद भएकाले उनीहरू नै संस्थाको समग्र उत्तरदायी व्यक्ति ठहरिन्छन्। अनियमितता भएमा दोष उनीहरूमाथि आउँने देखिन्छ। किनभने अन्तिम निर्णय, अनुमोदन र नियन्त्रण गर्ने शक्ति उनीहरूसँगै निहित हुन्छ।

१०७. अब, यी प्रतिवादीहरू उत्तरदायी भएको संस्थामा यदि सरकारी हानिनोक्सानी भएको छ भने सोको जवाफदेहीता पनि यिनै प्रतिवादीहरू उपर हुनेमा कुनै दुविधा गर्न पर्दैन। साथै अन्यथा प्रमाणित नभएसम्म हिनामिना भएको रकम निज प्रतिवादीहरूकै बदनियतमा हिनामिना भएको हो भनी मान्नुपर्ने हुन्छ। यसको अर्थ मेलम्ची खानेपानी आयोजनाको विभिन्न खरिद प्रक्रियामा भए गरेका कार्यहरू बदनियतपूर्वक भएको तथ्य माथि नै विवेचना गरिसकिएको परिप्रेक्ष्यमा ती कार्यहरू निज प्रतिवादीहरूकै संलग्नता र मिलेमतोमा भएको भन्ने आरोपित तथ्यलाई अन्यथा भन्न सकिएन। साथै, प्रतिवादीहरू गजेन्द्रकुमार ठाकुर र सूर्यराज कँडेलले आफूहरूले बहन गरेको पदअनुसार नीति निर्देशन मात्र दिएको र कार्यान्वयन अन्य संरचनागत एकाइहरूबाट भएको भन्ने निज प्रतिवादीका विद्वान् कानून व्यवसायी र स्वयम् प्रतिवादीहरूले लिएको जिकिरसँग सहमत हुन सकिएन।

१०८. नीति निर्देशन नै परियोजनाको समग्र दिशा तय गर्ने महत्वपूर्ण कारक हो। त्यसकारण पनि निति निर्देशन माथिल्लो व्यवस्थापक वा व्यवस्थापनबाट हुने गर्दछ। प्रतिवादीहरू माथिल्लो पदमा बसेका व्यक्तिहरू हुन्। निजको कार्यशैलीकै आधारमा संस्था कि त अघि बढ्छ अथवा निजकै कार्यशैलीबाट पछि पर्छ। त्यसैले काम राम्रो भए श्रेय उनीहरूलाई जान्छ भने  गल्ती वा अनियमितता भए त्यसको दोष पनि उनीहरूकै काँधमा पर्ने हुन्छ। आफू अन्तर्गत रही कार्य गर्ने जिम्मेवारीमा रहेका अधिकारीहरूको निगरानी (Monitoring) गर्ने दायित्व पनि माथिल्लो पदमा रहेर भूमिका निर्वाह गर्ने यी प्रतिवादीहरूमै रहन्छ। तल्लो तहमा रही आदेशको कार्यान्वयन गर्नेले कानून विपरीत कार्य गरेमा निजसँग जवाफ वा स्पष्टीकरणमाग गरी परियोजनाको कार्यलाई सही मार्गनिर्देश गर्ने दायित्व यी प्रतिवादीहरूमा रहेकोमा कुनै विवाद छैन।

१०९. यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट *पुनरावेदक राजेश अधिकारी विरुद्ध नेपाल सरकार* भएको भ्रष्टाचार मुद्दामा निम्नबमोजिम व्याख्या भएको पाइन्छ जुन यी प्रतिवादीहरूको हकमा सान्दर्भिक रहेको देखिन्छः

> *निर्णयकर्तालाई निर्णयका सम्बन्धमा कुनै जिम्मेवार नगराई निर्णय कार्यान्वयन गर्नेलाई मात्र जिम्मेवार बनाउनु न्यायसङ्गत देखिन्न। निर्णयकर्तालाई आफूले गरेको कार्यको दायित्वबाट उन्मुक्ति वा छुट दिई मातहतका कर्मचारीहरूलाई मात्रै जिम्मेवार बनाउँदा पूरा तवरले इन्साफ हुन नसक्ने। एउटै विवादमा फरक फरक रुपमा संलग्न रहेका व्यक्तिहरू मध्ये निर्णय गर्नेलाई पूर्ण उन्मुक्ति दिई निर्णयको कार्यान्वयन गर्नेलाई मात्र बदनियतपूर्ण काम गरेको ठान्नु सरासर अन्याय हुन जान्छ। निर्णय गर्नु र गरेको निर्णयको कार्यान्वयन गर्नु फरक कुरा हो। त्यसमा पनि निर्णयकर्ताले गरेको निर्णय कार्यान्वयन गर्ने दायित्व बोकेका पदाधिकारीले प्रक्रियागत रुपमा कार्यान्वयनको तहगत प्रक्रिया पूरा गर्ने कार्यसम्म गरेको र भुक्तानी हुनबाट मौकामा नै रोकेकोबाट यस्तो अधुरो रुपमा निर्णय कार्यान्वयन गर्नेलाई सजाय गरी निर्णयकर्ताको हकमा बिचार हुन नसक्ने स्थिति सिर्जना गर्न कानून र न्यायसङ्गत नहुने।*[६]

११०. यसप्रकार प्रस्तुत आरोपदाबीमा पनि दुबै प्रतिवादीहरू गजेन्द्रकुमार ठाकुर र सूर्यराज कँडेलको निर्णायक तहमा बसी दायित्व बहन गर्ने भूमिका रहेको हुँदा निजहरूको संलग्नतामा निम्न अनुसारको शीर्षकमा अनियमितता भएको देखिन आउँछः

क. **भेरिएसन आदेश स्वीकृत नभई भुक्तानी गर्न नहुनेमा भुक्तानी गरेको र Next रनिङ बिल IPC बाट कटाउने भनी जनाए पनि हालसम्म सो रकम असूल उपर गरी लिन नसकेको र पहल समेत नगरेको,**

ख. **निर्माण व्यवसायीबाट Rental Charge बापतको रकम असूल उपर गर्नुपर्नेमा सो असूल उपर नगरेको,**

ग. **सम्झौताको प्रावधानबमोजिम भुक्तानी गरेको देखिए तापनि सोही सम्झौताको प्रावधानबमोजिम लगत्तैको बिलबाट Provisional Payment असूल वा समायोजन नगरेको,**

घ. **नयाँ दररेट तथा Rectification को कार्य नगरेको।**

१११. यसरी यी प्रतिवादीहरूले आफु निर्णयकर्ताको भूमिकामा रही आफूले बहन गर्नुपर्ने जिम्मेवारी पुरा नगरी नेपाल सरकारको अधीनमा रहेको मेलम्ची खानेपानी परियोजनाको रकम हिनामिना भएको भन्नेमा कुनै दुविधा रहेको देखिंदैन। यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट *पुनरावेदक पदमनाथ पोखेल विरुद्ध वादी नेपाल सरकार* भएको मुद्दामा "राष्ट्रसेवक कर्मचारीले आफूलाई प्राप्त अधिकारको दुरुपयोग गरी आफू वा अरु कसैलाई गैरकानूनी रुपमा लाभ पुर्‍याउने र सरकारी स्वामित्व भएको सार्वजनिक संस्थानलाई गैरकानूनी रुपमा हानिनोक्सानी पुर्‍याउने गरी गरेको कार्य तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) तथा दफा १३ मा भएको भ्रष्टाचारजन्य कसुरको परिभाषाअन्तर्गत पर्ने।[७]" भनी सिद्धान्त प्रतिपादित भएको पाइन्छ। उल्लिखित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) तथा दफा १३ मा भएको बेहोरा हाल प्रचलनमा रहेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ तथा दफा १७ ले आत्मसात गरेको हुँदा यस सिद्धान्त प्रस्तुत मुद्दामा समेत सान्दर्भिक रहेको देखिन्छ।

११२. त्यसैगरी यी प्रतिवादीहरू कार्यरत रहेको अवधिमा IPC 41 Original मा उल्लिखित कट्टा गर्नु पर्ने रकम कट्टा नगर्ने गरी मिति २०७५/०३/२८ को २८३ औं बैठकबाट निर्णय गराएको पाइन्छ। सो निर्णयको कारणले नै असुल गर्नुपर्ने रकम असुल हुन नसकी नेपाल सरकारलाई हानिनोक्सानी र ठेकेदार कम्पनीलाई लाभ पुग्न गएको देखिन्छ। जब IPC 41 Original बाट कट्टा गर्नुपर्ने रकम सो नगर्ने भनी समितिको बैठकबाट निर्णय गराइन्छ भने सरकारलाई स्वतः हानि र निर्माण कम्पनीलाई लाभ पुग्ने नै हुन्छ। यो निर्णय बदनियतकासाथ गरिएको देखिन्छ भने कट्टा गर्नुपर्ने रकम कट्टा नगर्ने भनी निर्णय गराउनु नै निज प्रतिवादीहरूले जानीजानी गराएको हो भन्ने देखिन्छ। सो कट्टा किन गरिएन भन्ने तर्कसङ्गत आधार र कारण पनि पुष्टि भएको पाइदैन। उक्त कार्यको प्रकृतिबाट नै यी प्रतिवादीहरूले सो कार्य बदनियतपूर्वक गरेको देखिन्छ। तसर्थ, निज प्रतिवादीहरूले आरोपदाबी बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको ठहर्छ।

११३. **प्रतिवादी रामचन्द्र देवकोटाको हकमा बिचार गर्दा,** निज उपर पेस भएको भेरिएसन आदेश नं. १३ स्वीकृति नगरी नगराई सो बापत भुक्तानी गर्नुपर्ने कार्य सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ र अन्य सम्बद्ध कानून एवम् ठेक्का सम्झौताको प्रावधान विपरीतको अवस्था र Taking Over Certificate issue नहुँदै भुक्तानी दोहोर्‍याई दिन नहुने थाहा हुँदाहुँदै पेस भएका IPC 34 बाट Veriation कार्य नगरी तथा पछि गर्ने गरी Sundarijal Tunnel Squeezing & Collapse पुनःस्थापना बापत रू.१०,१०,००,४१०।४९ र अन्य निकाय (सैनिक ब्यारेक) भित्र भएको निर्माण कार्यबापत रू.५९,५८,८१६।१५ समेत रू.१०,६९,५९,२२६।६४ बढी भुक्तानी गरी नेपाल सरकारलाई हानिनोक्सानी गरेको, पुरानो निर्माण व्यवसायी CRCC-CMIIC JV ले निर्माणस्थल छाडेर गएका निर्माण सामग्री, मेसिन तथा उपकरणहरूको लगत, लेखाजोखा गरी भएको मूल्याङ्कनबाट रू.११,६६,०२,४३७।३१ को सरकारको स्वामित्वमा रहेको सम्पत्ति प्रयोग गरे बापतको रकम बिलबाट कट्टि गर्नुपर्नेमा सो नगर्ने तर प्रयोगको निरन्तरता दिईरहने गरी नेपाल सरकारलाई हानिनोक्सानी गरेको, निर्माण व्यवसायीको आर्थिक स्थिति कमजोर भएकोले त्यसपछि पेस हुने रनिङ बिल IPC बाट कट्टा/समायोजन हुने गरी Provisional Payment को रुपमा रनिङ बिल IPC 39 बाट गरी रू.१०,००,००,०००।- पछि IPC 40 बाट कटाउने गरी भुक्तानी गर्दासमेत सोबमोजिम उक्त रकम कट्टा नगरी

७ पुनरावेदक पदमनाथ पोखेल विरुद्ध वादी नेपाल सरकार, ने.का.प २०६८, नि.नं. ८५९०।

भुक्तानी भएको रकम असुल उपरसमेत नगरेको भनी आरोपदाबी लिएको देखिन्छ।

११४. निज प्रतिवादीले अनुसन्धानको क्रममा तथा यस अदालतमा बयान गर्दा, परामर्शदाताको सिफारिस अनुसार नै दिइएको हुनाले उक्त भुक्तानीलाई गैरकानूनी र सरकारी हिनामिना भन्नै मिल्दैन भनी आरोपित कसुरमा पूर्णतः इन्कारी रही बयान गरेको देखिन्छ। यी **प्रतिवादी रामचन्द्र देवकोटाले** आरोपित कसुरमा इन्कारी रही बयान गरे तापनि निज प्रतिवादी मेलम्ची खानेपानी विकास समितिको **कार्यकारी निर्देशक र बोर्डको सचिव**को रुपमा कार्यरत रहेको देखिन्छ। निज लेखा उत्तरदायी अधिकारीको जिम्मेवारीमा रहेको र निजको कार्यकालमा परामर्शदाताले पेस गरेको Variation Order-13 मेलम्ची खानेपानी समितिबाट स्वीकृत नगराई IPC-34 बाट भुक्तानी दिएको देखिन्छ। त्यस्तै IPC 39 बाट Provisional Payment गरी पछिल्ला IPC रनिङ बिलहरूबाट समायोजन नगरी सरकारलाई हानिनोक्सानी र निर्माण कम्पनीलाई लाभ पुग्न गएको देखिन्छ। यसरी आफू जिम्मेवार पदमा रही कार्य गरेकोमा आवश्यक पर्ने प्रमाण नै नबुझी निजले भुक्तानी दिएको अवस्थामा परामर्शदाताको सिफारिस अनुसार तथा ठेक्का सम्झौताको शर्त अनुसार वाध्यताबस भुक्तानी दिएको भन्ने निज प्रतिवादीको जिकिरसँग यो इजलास सहमत हुन सकेन।

११५. यसै सन्दर्भमा श्री सम्मानित सर्वोच्च अदालतबाट *पुनरावेदक धर्मराज भण्डारी समेत विरुद्ध नेपाल सरकार* भएको भ्रष्टाचार मुद्दामा "केवल प्राविधिक कर्मचारीले दिएको प्रतिवेदनको आधारमा निर्णय गरेको भन्दैमा अन्य आवश्यक प्रमाणको अभावमा गरेको निर्णयले वैधानिकता पाउने र दाबीबाट उन्मुक्ति पाउने आधार बन्न नसक्ने[८]" भनी सिद्धान्त प्रतिवादित भएको देखिन्छ जुन यी प्रतिवादीको हकमा समेत सान्दर्भिक रहेको देखिन्छ।

११६. यसप्रकार निज प्रतिवादीले Notice to Correct को पत्रबाट परामर्शदाताले ४१ पटक विभिन्न कार्यको गुणस्तर तथा Rectification/Correction को लागि निर्माण व्यवसायीलाई निर्देशन लेखी सक्दा पनि उक्त कार्य नगरेको, Provisional Payment भुक्तानी भै सकेको आइटमहरू **आगामी रनिङ बिल IPC बाट कट्टा वा समायोजन नगरी भुक्तानी गरेको** र निर्माण व्यवसायीको कार्य सम्पादन स्तर अति कमजोर रहेको अवस्थामा पनि कानून विपरीत भुक्तानी दिएको तर त्यसपछि पेस भएका IPC बाट निजले समायोजन गरेको वा पहल गरेको देखिंदैन। पेस भएको भेरिएसन आदेश नं. १३ स्वीकृति नगरी नगराई सो वापत् भुक्तानी गरेको कार्य सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ र अन्य सम्बद्ध कानून एवम् ठेक्का सम्झौताको प्रावधान विपरीतको रहेको देखिन्छ। यस अवस्थामा पनि निज प्रतिवादीले Taking Over Certificate issue नहुँदै भुक्तानी दोहोर्याई दिन नहुने अवस्थामा वा दिन हुँदैन भन्ने थाहा भएपनि बदनियतपूर्वक पेस भएका IPC 34 बाट Veriation कार्य नगरी तथा पछि गर्ने गरी बढी भुक्तानी गरेको देखिन आउँछ। आयोजनाको महत्वपूर्ण कार्यकारी पदमा रहेका निज प्रतिवादीले गरेको उक्त कार्यको प्रकृतिबाट नै यी प्रतिवादीले सो कार्य जानाजान र बदनियतपूर्वक गरेको देखिन्छ। जसको कारणबाट सरकारलाई हानि र अरुलाई लाभ पुगेको देखिन्छ। तसर्थ, निज प्रतिवादीले आरोपदाबी बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको ठहर्छ।

११७. **अर्का प्रतिवादी शिवकुमार शर्माको** हकमा विचार गरी हेर्दा, यी प्रतिवादी उपर परामर्शदाताले तयार पार्ने Engineers Deduction Sheet मा परेको तर स्वीकार गरिसकेको आइटमहरू पुनः Reject गरी बिलबाट कटाउँदा Contractors Claim बन्न सक्ने अवस्थाको र उपर्युक्त कार्यहरू नसच्चिएको अवस्थाको भलिभाँति जानकार हुँदाहुँदै पनि रनिङ बिल IPC 39 मा टिम लिडरको हैसियतले Provisional Payment अन्तर्गत रू.१० करोड भुक्तानी गर्न सिफारिस गरेको, रनिङ बिल IPC 40 वा सो पछिको रनिङ बिल IPC हरूबाट समायोजन नगरेको, Rental Charge बापत रू.२७,६६,४८,३५४।१७ प्रत्येक बिलबाट कटाउनु पर्नेमा सो नगरेको, रनिङ बिल IPC हरूबाट असुल/कट्टी गरी समायोजन नगरेको र भेरिएसन स्वीकृत नहुँदै रू.१०,१०,००,४१०।४९ र अन्य निकाय (सैनिक व्यारेक) भित्र भएको निर्माण कार्य बापत रू.५९,५८,८१६।१५ भुक्तानी गर्न रनिङ बिल IPC मार्फत सिफारिस गरी निर्माण व्यवसायीलाई गैरकानूनी लाभ पुर्याएको भनी मतियारको रुपमा आरोपदाबी लिएको देखिन्छ।

८ पुनरावेदक धर्मराज भण्डारी विरुद्ध नेपाल सरकार, ने.का.प २०६८, नि.नं. ८६९३

११८. यी प्रतिवादी **प्रतिवादी शिवकुमार शर्माले** अनुसन्धानको क्रममा तथा यस अदालतमा बयान गर्दा आफू परामर्शदाताले लाए अराएको काम गर्ने व्यक्ति भएकोले आफ्नो विरुद्धमा लिइएको अभियोग त्रुटिपूर्ण छ भनी आरोपित कसुरमा इन्कारी रही बयान गरेको देखिन्छ। यसरी निजले आरोपित कसुरमा इन्कारी रही बयान गरेको भए तापनि प्रथमतः निज परामर्शदाता Eptisa जे.भी को Deputy leader को रुपमा कार्यरत रहेको देखिन्छ। निज प्रतिवादीले सोही Deputy Team leader को हैसियतले प्रोभिजनल पेमेन्ट गर्न सिफारिस गरेको देखिन्छ। मुख्य परामर्शदतालाई उक्त अनियमित कार्यको जिम्मेवारी हुनेतर्फ निजले संकेत गरेको भएता पनि मुख्य परामर्शदातलाई के गर्न कानूनसङ्गत हुन्छ र के गर्न उपयुक्त हुँदैन भन्ने सम्बन्धमा स्थानीय कानून, सम्झौताको प्रावधान र विद्यमान परिस्थितिको स्थलगत अवस्थाबारे जानकार हुन्छ भनेर नै परियोजनाले निजलाई Deputy Team leader को जिम्मेवारीमा राखेको हो। परामर्शदाताले लाए अह्राएको काम गरेको हुँ भनेर निजले उन्मुक्ति पाउने अवस्था देखिंदैन। Deputy Team leader नै परियोजनाको अभिन्न र सामिप्यतामा रही काम गर्नुपर्ने दायित्व भएको स्थानी परामर्शदाता भएको हुनाले निजको सिफारिस मुख्य परामर्शदात सरह नै महत्वपूर्ण हुन्छ।

११९. **त्यस्तै Sundarijal Tunnel Squeezing & Collapse** पश्चात् निर्माण व्यवसायीले "Alternate Method" बाट सुरुङ पुनःस्थापना गरेकोमा उक्त लागत रकम निर्माण व्यावसायीको कारणबाट बीमाको परिधिभित्र पार्न यी प्रतिवादीले कुनै भूमिका खेलेको नदेखिएको। बीमा अस्वीकृत भएको अवस्थामा सो खर्च व्यवसायीको जिम्मेवारीमा पर्नुपर्ने सामान्य सिद्धान्त भए पनि प्रतिवादीले उक्त दायित्व व्यवसायीमाथि नराखी त्यसको लागि **Variation Order स्वीकृतिको प्रस्ताव मात्र पेस गरी लागत** सिफारिस गरी **स्वीकृति हुनुपूर्व नै भुक्तानी गराएको देखिन्छ।** यसमा निज प्रतिवादीले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ अनुसार Variation Order बिना कुनै पनि अतिरिक्त कार्यको भुक्तानी गर्न पाइँदैन भन्ने कानूनी व्यवस्थाको उल्लङ्घन गरेको देखिन्छ। परामर्शदाताबाट भएको यस प्रकारको सिफारिस जसले निर्माण व्यवसायीलाई अनुचित लाभ पुर्याई नेपाल सरकारलाई हानिनोक्सानी भएको अवस्थामा निजको सो कार्यलाई बदनियतको संज्ञा दिन सकिन्छ। यसरी यी प्रतिवादीले भेरियसन स्वीकृति नहुँदै भेरियसन कार्यको भुक्तानी गर्न सिफारिस गरेकोमा निज प्रतिवादीको यो भूमिकालाई मूल्याङ्कन गर्दा मूलतः दुई आधारमा विश्लेषण गर्न सकिन्छः

१२०. **प्रतिवादीको जिम्मेवारी र उत्तरदायित्वको आधार**

क. **पद र अधिकारः** प्रतिवादी Eptisa JV मा Deputy Leader को रुपमा कार्यरत रहेको देखिन्छ। उक्त हैसियतले गरिएको प्रोभिजनल पेमेन्ट सिफारिस सम्बन्धित नियम तथा प्रक्रियाअनुसार गरिएको छ वा छैन भन्ने महत्वपूर्ण प्रश्न उठ्छ। भेरियसन स्वीकृत नभई भुक्तानी सिफारिस गर्नु कानून अनुकूल भएको देखिंदैन। यस कार्यले सार्वजनिक खरिद तथा वित्तीय अनुशासनको उल्लङ्घन गरेको देखिन आउँछ।

ख. **कानूनी उत्तरदायित्व र अनियमितताको असरः** सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम कुनै पनि भुक्तानी प्रक्रियामा पारदर्शिता र विधिसम्मत प्रक्रिया आवश्यक हुन्छ। भेरियसन कार्यको भुक्तानी गर्दा सम्बन्धित निकायबाट विधिवत् स्वीकृति आवश्यक पर्छ, जुन पूरा नगरी गरिएको सिफारिस गैरकानूनी मानिन्छ। यस कार्यले सरकारी सम्पत्तिमा नोक्सानी पुर्याएको, आर्थिक अनुशासन उल्लङ्घन भएको र प्रशासनिक तथा आपराधिक दायित्व उत्पन्न गराएको देखिन्छ। सरकारी बजेटको दुरुपयोग तथा सार्वजनिक वित्त व्यवस्थापन प्रणालीको उल्लङ्घन भएको देखिन्छ। यसबाट कानूनको कारबाहीको आधार तय भएको देखिन आउँछ।

१२१. अतः निज प्रतिवादीको उल्लिखित कार्यबाट सरकारी सम्पत्ति हानिनोक्सानी भएको देखिन आयो। तसर्थ निजले बदनियतपूर्वक सो कार्य गरी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरको मतियार भई सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिमको कसुर गरेको ठहर्छ।

१२२. अन्य प्रतिवादीहरू **Eptisa Services De Ingenieris S.L** को **Chief Executive Office- Mr. Yiran Mei, BETS**

**Consulting Services Ltd.** जे.भी. को **Managing Director Dr. Abdus Shabur** र **CMC di Ravenna** को **Chief Executive Office- Mr. Romano Paoletti** अनुसन्धानका क्रममा उपस्थित भएको पाइदैन। यस अदालतको आदेशबमोजिम निजहरूको नाममा जारी भएको म्याद मिति २०८०/१२/१२ र मिति २०८०/१२/१९ मा द राइजिङ नेपालमा प्रकाशित हुँदासमेत यस अदालतमा हाजिर भई आफ्नो प्रतिवाद जिकिर लिएको देखिएन। यस अभियोगपत्रको प्रतिवादी खण्डमा उल्लिखित कम्पनीको पदाधिकारीको रुपमा निजहरूलाई प्रतिवादी कायम गरिएको देखिएको हुँदा निजहरूको नाउँमा सूचाना म्याद जारी गरिएको थियो। तर अभियोजन पक्षबाट प्रतिवादी खण्डमा निजहरूलाई विपक्षी कायम गरी अभयोगपत्र दायर गरेको देखिए तापनि अभियोगपत्रको माग दाबी खण्डमा निजहरू विरुद्ध कुनै कसुर कायम गरी सजायको मागदाबी नै गरेको देखिन आउँदैन।

१२३. कसैलाई आरोपपत्रको प्रतिवादी खण्डमा विपक्षी भनी नाम उल्लेख गरी निजलाई यो यस्तो कसुरमा यो यस्तो कानूनको आधारमा सजाय हुनुपर्छ भनी किटानीकासाथ सजायमाग दाबी नै नगरी केवल विपक्षी प्रतिवादीमा नाम उल्लेख गर्दैमा कुनै व्यक्ति उपरको आरोप मागदाबी स्वतः जनिने, सो स्वचालित रुपमा प्रतिबिम्बित (Reflect) हुने वा अभियोजकको क्षेत्राधिकार ग्रहण गरी न्यायकर्ताले नै आरोपदाबी माग गरी सजाय तोक्ने न्याय प्रणाली संसारमा कहीं कतै अपनाइएको पाईंदैन। यदि कुनै पनि व्यक्तिलाई अभियोगपत्रमा प्रतिवादी कायम गरिएको छ भने निजलाई के कस्तो कानून उल्लङ्घन गरे बापत प्रतिवादी बनाइएको हो? सो कार्यलाई कानूनतः कसुर मानिएको हुनुपर्ने पहिलो शर्त होभने अभियोजकले तिमीले यो यस्तो कसुर गरेको हुनाले यस्तो सजायको माग दाबी गर्दछु भनी किटानीकासाथ सम्बद्ध कानूनको दफा खुलाई आरोपपत्रको अभियोजन खण्डमा माग दाबी नगरेसम्म अदालतले आफै अभियोजकजस्तो बनेर मागदाबी किटान गर्न गर्न सक्तैन। अतः स्पष्ट किटान भएको मागदाबी सहितको आरोपपत्र पेस गर्ने दायित्व अभियोजककै हुन आउँछ। तसर्थ बिना मागदाबी कुनै कसुरमा सम्बद्ध देखिएका व्यक्ति प्रतिवादी मात्र हुन् भनी प्रतिवादी खण्डमा नाम लेखिंदैमा अदालत अग्रसर भएर कसुर कायम गर्न र सजाय निर्धारण गर्न मिल्दैन। यदि त्यस्तो गरियो भने यो कानूनको शासनको सिद्धान्त विपरीत मात्र होइन न्यायिक अराजकता (judicial anarchism) हुन जान्छ।

१२४. यस आरोपपत्रको प्रतिवादी खण्डमा Eptisa Services De Ingenieris S.L., BETS Consulting Services Ltd. जे.भी. र CMC di Ravenna का प्रमुख पदाधिकारीको नाम उल्लेख गरेको देखिए तापनि कसुर र सजायको मागदाबीमा निज प्रतिवादीहरूको विरुद्धमा कसुर र सजायको मागदाबी सम्बन्धी कानून नै उल्लेख नगरी, उनीहरू विरुद्ध कुनै कसुरको माग दाबी नै नलिई उपर्युक्त कम्पनीहरूको हकमा मात्र आरोप मागदाबी लिएको देखिन्छ जुन स्वाभाविक देखिन आउँदैन। जब कम्पनीहरूको विरुद्धमा कानूनतः मागदाबी लिएको अवस्था छ भने सो का सञ्चालक पदाधिकारी विरुद्ध के कति कारणले मागदाबी नलिइएको हो भन्ने प्रश्नको उत्तर यस अभियोगपत्रबाट कहींकतै विश्लेषण गरिएको समेत देखिन आउँदैन। अभियोजनकर्ताले प्रतिवादी कायम गरी यस अदालतमा दर्ता भएको अभियोगपत्रमा तिनै प्रतिवादीहरू उपर मात्र कसुर गरेको हो होइन भनी बहस छलफल र विचार विमर्श हुन सक्दछ जसको विरुद्धमा कसुर र सजायको मागदाबीसमेत लिइएको हुन्छ। **अभियोजनकर्ताले लिएको आरोप मागदाबी भन्दा बाहिर गएर न्याय निरुपण गर्ने अपेक्षा गर्न पनि सकिंदैन। प्रतिवादी कायम गरिए तापनि उनीहरू उपर कसुर के हो भन्न अभियोजन पक्ष आफै हतोत्साही भएको रहेछ भने त्यस्ता व्यक्तिहरूको हकमा अदालतको निम्ति त्यहींनेर रोकिन बाध्यात्मक अवस्था सिर्जना हुन्छ। त्यस्ता व्यक्तिहरू उपर न्यायको रोहमा उत्तरदायी ठहराउनसमेत उचित हुँदैन। यो प्राकृतिक न्यायको सिद्धान्त विपरीत पनि हुन जान्छ।** तसर्थ, उक्त कम्पनीका पदाधिकारीहरूलाई अभियोजकले अभियोग खण्डमा आरोपदाबी नै नलिएको अवस्थामा प्रतिवादी खण्डमा मात्र नाम उल्लेख गरिएका उक्त कम्पनीका पदाधिकारीहरूको हकमा कसुर ठहर गर्न मिल्ने देखिएन।

१२५. **प्रतिवादीहरू Eptisa Services De Ingenieris S.L.** र **BETS Consulting Services Ltd. जे.भी.** उपर US $ ५ Million अतिरिक्त मोबिलाईजेसन पेस्की सिफारिस गरेको, पुनः काममा सहजीकरण गर्न भनी तीस लाख अमेरिकी डलर (ने.

रू.३२,२८,६०,०००।-) अतिरिक्त पेस्की भुक्तानी सिफारिस गरी कानून तथा सम्झौतामा उल्लेख भएको परिधिभन्दा बढी अतिरिक्त मोबिलाइजेसन पेस्की सिफारिस गरेको र अतिरिक्त पेस्की बापतको रकम बैंक जमानतसमेतबाट असुल उपर भएतापनि सो मा लाग्ने ब्याज रू.११,०९,१७,४५८।८८ हानिनोक्सानी पुर्याएको, निर्माण व्यवसायीले Rental Charge को लागि Rate Negotiation गरेर मात्र समायोजन गर्न अनुरोध गरेकोमा सोको टुङ्गो नलगाई मेशीन, सामग्री, घर निरन्तर प्रयोग गर्न दिएको, भेरिएसनको नाममा स्वीकृत नै नगराई रू.१०,१०,००,४१०।४९ र अन्य निकाय (सैनिक ब्यारेक) भित्र भएको निर्माण कार्यवापत् रू.५९,५८,८१६।१५ भुक्तानीको लागि रनिङ बिल IPC मार्फत सिफारिस गरेको, रनिङ बिल IPC ३९ मा सम्पादित वास्तविक कार्यको चेकजाँच गरी सिफारिस गर्नुपर्नेमा सो कार्य सम्पन्न नहुँदै निर्माण व्यवसायीलाई रू.१०,००,००,०००।- भुक्तानी गराएको रकम असुल उपर गर्नेतर्फ कुनै पहल नगरेको, अघिल्लो बिलहरूमा भुक्तानी भएको तर नयाँ दररेटबाट मूल्याङ्कन घटेको तथा Rectification नगरेबापत कटाउनुपर्ने रू.२८,१३,५८,२२०।३६ रकम रनिङ बिल IPC 41 बाट नकटाई निर्माण व्यवसायीले सम्झौता विपरीत रकम पाउने गरी आर्थिक लाभ पुर्‍याउन बिल Manipulation अर्थात् गलत बिल बनाई भुक्तानीको लागि सिफारिस गरेको भनी यी प्रतिवादीहरू उपर मतियारको रुपमा आरोप दाबी लिएको देखिन्छ।

१२६. **प्रतिवादी निर्माण व्यवसायी CMC di Ravenna** उपर निजले US $5 Million (रू.५३,६३,२५,०००।) अतिरिक्त मोबिलाइजेसन पेस्की लिएको र पुनः काममा सहजीकरण गर्न ३०(तीस) लाख अमेरिकी डलर (ने. रू.३२,२८,६०,०००।-) अतिरिक्त पेस्की भुक्तानी लिई कानून तथा सम्झौतामा उल्लेख भएको परिधिभन्दा बढी अतिरिक्त मोबिलाइजेसन पेस्की लिएको, Rental Charge बापत् रू.२७,६६,४८,३५४।१७ बिलमार्फत मेलम्ची विकास समितिमार्फत आयोजनालाई तिर्नु वा बुझाउनु पर्नेमा सो नगरेको, साइटमा निर्माण व्यवसायीले Alternate Method बाट टनेल खन्ने कार्य गर्दा सर्वमान्य र उपयुक्त प्रविधि प्रयोग नगरेको र सो कार्य Insurance Coverage मा नराखेकोले Sundarijal Tunnel Squeezing & collapse ले Insurance Company सँग निज निर्माण व्यवसायीको दाबी नपुग्ने अवस्था सृजना भएको, सम्झौता विपरीत अन्य निकाय (सैनिक ब्यारेक) भित्र भएको निर्माण कार्य बापत रू.५९,५८,८१६।१५ भुक्तानी लिई नेपाल सरकारलाई हानि पुर्याएको, रनिङ बिल IPC ३९ मा सम्पादित वास्तविक कार्य चेकजाँच नै नगराई रू.१०,००,००,०००।- Provisional Payment को रुपमा भुक्तानी लिई त्यसपछिका बिलमा समायोजन नगराएको, रनिङ बिल IPC ४१ बाट नकटाई आफूले सम्झौता विपरीत रकम पाउने गरी बिल Manipulation गराई अर्थात गलत बिलबाट भुक्तानी लिएको भनी मतियारको रुपमा अभियोगदाबी लिएको देखिन्छ।

१२७. यस सन्दर्भमा प्रतिवादीहरू **Eptisa Services De Ingenieris S.L. र BETS Consulting Services Ltd. जे.भी.** को हकमा विचार गरी हेर्दा, यी प्रतिवादीहरूले भेरियसन स्वीकृत नै नगराई रनिङ बिल IPC मार्फत भुक्तानीको लागि सिफारिस गरेको, कार्य सम्पन्न नहुँदै भुक्तानी गराएको रकम असुल उपर गर्न तर्फ कुनै पहल नगरेको, अघिल्लो बिलहरूमा भुक्तानी भएको नयाँ दर रेटबाट मूल्य घटेको तथा रेक्टिफिकेसन नगरे बापत कटाउनु पर्ने रकम घटाएको देखिएन। तसर्थ, यी प्रतिवादीहरूको सो कार्यबाट सरकारी सम्पत्ति हानिनोक्सानी गर्ने कार्यमा सहयोग पुगी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरको मतियार भई सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिमको कसुर गरेको ठहर्छ।

१२८. त्यस्तै प्रतिवादी **CMC di Ravenna** को हकमा विचार गरी हेर्दा, यी प्रतिवादीले मेलम्ची खानेपानी विकास समितिको नियन्त्रणमा रहेको उपकरण तथा निर्माण सामाग्रीसमेत प्रयोग गरेबापत बुझाउनु पर्ने रेन्टल चार्ज नबुझाएको, भेरियसन स्वीकृत नै नहुँदै भुक्तानी लिएको, वास्तविक कार्य चेकजाँच नै नगराई प्रोभिजनल पेमेन्ट बापतको रकम लिएको र नयाँ दर रेटबाट मूल्याङ्कन घटेको तथा रेक्टिफिकेसन नगरेबापत कटाउनु पर्ने रकम नकटाई भुक्तानी लिएको देखिन्छ। तसर्थ, यी प्रतिवादीको सो कार्यबाट सरकारी सम्पत्ति नोक्सान गर्ने कार्यमा सहयोग पुगी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरको मतियार भई सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिमको कसुर गरेको ठहर्छ।

१२९. अतः आरोपत्रसाथ पेस गरिएका मिसिल संलग्न कागज प्रमाण र सोको तथ्यपरक विश्लेषणबाट कसुर ठहर भएका

माथि उल्लिखित प्रतिवादीहरू गजेन्द्रकुमार ठाकुर, रामचन्द्र देवकोटा, सूर्यराज कँडेल, शिवकुमार शर्मा र परामर्शदाता EPTISA Service De Ingenieris S.L र BETS Consulting Services LTD. जे.भी तथा निर्माण व्यवसायी CMC di Ravennaले मेलम्ची खानेपानी आयोजनाको विभिन्न खरिद प्रक्रिया **(अतिरिक्त मोविलाईजेसन बापतको पेस्की, Rental Charge, भेरियसन स्वीकृति बिना रकमको भुक्तानी, आकस्मिक खर्चको भुक्तानी, निर्माण कार्यको भुक्तानी समेत)** मा बदनियतपूर्वक कार्यहरू गरेको पुष्टि हुन आयो। निज प्रतिवादीहरूबाट उक्त कार्य गर्दा सार्वजनिक खरिद कार्यलाई मितव्ययी, पारदर्शी र प्रभावकारी बनाउन गरिएका कानूनी प्रावधानहरूको उल्लङ्घन भएको देखियो। यसरी परामर्शदाताले वारम्बार करारीय दायित्व उल्लङ्घन गरेको कारणबाट राज्यकोषको संरक्षण हुन नसकी निजहरूको लापरबाही र अधिकारको दुरुपयोगबाट नेपाल सरकार तथा सम्बन्धित परियोजनाले ठूलो आर्थिक क्षति बेहोर्नु परेको देखिन्छ। सो कार्य निज प्रतिवादीहरूले सरकारलाई हानिनोक्सानी र आफूलाई फाइदा पुऱ्याउने मनसायबाट जानीजानी र बदनियतपूर्वक गरेको देखियो।

१३०. दाबीको बिगो मध्ये Rental Charge को बिगो परामर्शदाता EPTISA-BETS J/V समेतलाई दाबी गरेको देखिन्छ। Rental Charge बापतको रकमको असुलीको लागि परामर्शदाताको हैसियतले पत्राचार गरेको देखिन्छ। Rental Charge बापतको रकमको असुलीको लागि पत्राचार गरी आफ्नो दायित्व पुरा गरेको देखिंदा प्रतिवादीहरू EPTISA-BETS J/V र Eptisa जे.भी को Deputy Team Leader प्रतिवादी शिवकुमार शर्माको हकमा Rental Charge को बिगो कायम गर्न मिलेन। सो बिगोको हदसम्ममा निज प्रतिवादीहरूको दायित्व हुने देखिएन। अन्य बिगोमा निम्नलिखित प्रतिवादीहरूलाई निम्न शीर्षकबमोजिमको बिगो कायम हुने ठहर्छ।

क) **Variation Order-१३ को बिगो रू.१०,६९,५९,२२६।६४**

| सि.नं. | प्रतिवादीहरूको नाम | दामासाहीले हुने जनही बिगो |
|---|---|---|
| १. | गजेन्द्रकुमार ठाकुर | रू.१,५२,७९,८८९।५२ |
| २. | रामचन्द्र देवकोटा | |
| ३. | सूर्यराज कँडेल | |
| ४. | शिवकुमार शर्मा | |
| ५. | Eptisa | |
| ६. | CMC di Ravenna | |
| ७. | BETS | |

ख) **Rental charge को बिगो रू.११,६६,०२,४३७।३१**

| सि.नं. | प्रतिवादीहरूको नाम | दामासाहीले हुने जनही बिगो |
|---|---|---|
| १. | गजेन्द्रकुमार ठाकुर | रू.३,८८,६७,४७९।१० |
| २. | सूर्यराज कँडेल | |
| ३. | CMC di Ravenna | |

ग) **Rental charge को बिगो रू.१६,००,४५,९१६।०२**

| सि.नं. | प्रतिवादीहरूको नाम | बिगो |
|---|---|---|
| १. | CMC di Ravenna | रू.१६,००,४५,९१६।०२ |

घ) **Provisional payment को बिगो रू.१०,००,००,०००/-**

| सि.नं. | प्रतिवादीहरूको नाम | दामासाहीले हुने जनही बिगो |
|---|---|---|
| १. | रामचन्द्र देवकोटा | रू.१,४२,८५,७१४।२८ |
| २. | सूर्यराज कँडेल | |
| ३. | शिवकुमार शर्मा | |
| ४. | गजेन्द्रकुमार ठाकुर | |
| ५. | Eptisa | |
| ६. | CMC di Ravenna | |
| ७. | BETS | |

ङ) **नयाँ दररेट तथा Rectification नगरेवापतको बिगो रू.१६,३१,३९,९६४।३६**

| सि.नं. | प्रतिवादीहरूको नाम | दामासाहीले हुने जनही बिगो |
|---|---|---|
| १. | गजेन्द्रकुमार ठाकुर (बोर्ड निर्णय २०७८/३/२८, २८३ औं) | रू.३,२६,२७,९९२।८७ |
| २. | सूर्यराज कँडेल | |
| ३. | Eptisa | |
| ४. | CMC di Ravenna | |
| ५. | BETS | |

च) **प्रतिवादी गजेन्द्रकुमार ठाकुरको हकमा कायम भएको शीर्षकगत बिगोः**

| सि.नं | शीर्षक | बिगो |
|---|---|---|
| १. | Variation Order-13 | रू.१,५२,७९,८८९।५२ |
| २. | Rental charge | रू.३,८८,६७,४७९।१० |
| ३. | Provisional payment | रू.१,४२,८५,७१४।२८ |
| ४. | नयाँ दररेट तथा Rectification | रू.३,२६,२७,९९२।८७ |
| ५. | जम्मा | **रू.१०,१०,६१,०७५।७७** |

छ) **प्रतिवादी सूर्यराज कँडेलको हकमा कायम भएको शीर्षकगत बिगोः**

| सि.नं | शीर्षक | बिगो |
|---|---|---|
| १. | Variation Order-13 | रू.१,५२,७९,८८९।५२ |
| २. | Rental charge | रू.३,८८,६७,४७९।१० |
| ३. | Provisional payment | रू.१,४२,८५,७१४।२८ |
| ४. | नयाँ दररेट तथा Rectification | रू.३,२६,२७,९९२।८७ |
| ५. | जम्मा | **रू.१०,१०,६१,०७५।७७** |

ज) **रामचन्द्र देवकोटाको हकमा कायम भएको शीर्षकगत बिगोः**

| सि.नं | शीर्षक | बिगो |
|---|---|---|
| १. | Variation Order-13 | रू.१,५२,७९,८८९।५२ |
| २. | Provisional payment | रू.१,४२,८५,७१४।२८ |
| ३. | जम्मा | **रू. २,९५,६५,६०३।८०** |

झ) **शिवकुमार शर्माको हकमा कायम भएको शीर्षकगत बिगोः**

| सि.नं | शीर्षक | बिगो |
|---|---|---|
| १. | Variation Order-13 | रू.१,५२,७९,८८९।५२ |
| २. | Provisional payment | रू.१,४२,८५,७१४।२८ |
| ३. | जम्मा | **रू.२,९५,६५,६०३।८०** |

ञ) **Eptisa को हकमा कायम भएको शीर्षकगत बिगोः**

| सि.नं | शीर्षक | बिगो |
|---|---|---|
| १. | Variation Order-13 | रू.१,५२,७९,८८९।५२ |
| ३. | Provisional payment | रू.१,४२,८५,७१४।२८ |
| ४. | नयाँ दररेट तथा Rectification | रू.३,२६,२७,९९२।८७ |
| ५. | जम्मा | **रू.६,२१,९३,५९६।६७** |

ट) **BETS को हकमा कायम भएको शीर्षकगत बिगोः**

| सि.नं | शीर्षक | बिगो |
|---|---|---|
| १. | Variation Order-13 | रू.१,५२,७९,८८९।५२ |
| ३. | Provisional payment | रू.१,४२,८५,७१४।२८ |
| ४. | नयाँ दररेट तथा Rectification | रू.३,२६,२७,९९२।८७ |
| ५. | जम्मा | **रू.६,२१,९३,५९६।६७** |

ठ) **CMC di Ravenna को हकमा कायम भएको शीर्षकगत बिगोः**

| सि.नं | शीर्षक | बिगो |
|---|---|---|
| १. | Variation Order-13 | रू.१,५२,७९,८८९।५२ |
| २. | Rental charge | रू.३,८८,६७,४७९।१० |
| ३. | Rental charge | रू.१६,००,४५,९१६।०२ |
| ४. | Provisional payment | रू.१,४२,८५,७१४।२८ |
| ५. | नयाँ दररेट तथा Rectification | रू.३,२६,२७,९९२।८७ |
| ६. | जम्मा | **रू.२६,११,०६,९९१।७९** |

१३१. अतः प्रतिवादीहरू डा.संजय शर्मा, भीमप्रसाद उपाध्याय, मुकुन्दप्रसाद पौडेल, रुद्रसिंह तामाङ्ग, चन्द्रबहादुर थापा,

घनश्याम भट्टराई, मणिचन्द्र न्यौपाने, रामचन्द्र न्ययौपाने, बेगनाथ पौडेल, केदारप्रसाद अर्याल र भोजविक्रम थापाले आरोपदाबीबाट सफाइ पाउने ठहर्छ।

१३२. प्रतिवादीहरू गजेन्द्रकुमार ठाकुर, सूर्यराज कँडेल र रामचन्द्र देवकोटाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको ठहर्छ।

१३३. प्रतिवादीहरू शिवकुमार शर्मा र परामर्शदाता EPTISA Service De Ingenieris S.L र BETS Consulting Services LTD. जे.भी तथा निर्माण व्यवसायी CMC di Ravenna ले ऐ.ऐनको दफा १७ बमोजिमको कसुरको मतियार भई सो ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिमको कसुर गरेको ठहर्छ।

१३४. कसुर ठहर भएका प्रतिवादीहरूलाई फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ८ र ९ बमोजिम सजाय निर्धारणका लागि छुट्टै सुनुवाई गर्नु पर्ने भएकाले दुवै पक्षका कानून व्यवसायीलाई सजायपूर्वको प्रतिवेदन पेस गर्न लगाई सजाय निर्धारण सुनुवाईको लागि मिति २०८१/०६/०७/०२ को पेसी तोकी सम्बन्धित पक्षलाई सो आदेश सहित संक्षिप्त आदेशको जानकारी दिई नियमानुसार गर्नू भनी मिति २०८१/०५/२४ मा कसुर ठहरको आदेश भएको।

## ख. सजाय निर्धारण खण्ड

१३५. सजाय निर्धारण प्रयोजनका लागि पेस भएको प्रस्तुत मुद्दामा वादी प्रतिवादी दुवै पक्षको तर्फबाट पेस भएको सजायपूर्वको प्रतिवेदनसमेत अध्ययन गरियो।

१३६. आरोपदाबी अनुसार प्रतिवादीहरूलाई हुन सक्ने सजायको कानूनी व्यवस्था हेर्दा, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) मा बिगो *"एक करोड रुपैयाँ भन्दा बढी जतिसुकै भए पनि आठ वर्षदेखि दश वर्षसम्म कैद"*, सोही ऐनको दफा १७ मा *"...हानिनोक्सानी वा दुरुपयोग गरेको वा मासेको वा मास्न दिएको सम्पत्ति पनि निजबाट असुल उपर गरिनेछ"* भन्ने कानूनी व्यवस्था र सोही ऐनको दफा २२ को प्रतिबद्धात्मक वाक्यांशमा *"...मतियारलाई कसुर गर्ने व्यक्ति सरह नै सजाय हुनेछ"* भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ।

१३७. फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यन्वयन) ऐन, २०७४ को परिच्छेद २ दफा १३ मा सजाय निर्धारण गर्दा सजायको उद्देश्य विचार गर्नुपर्ने भनी र दफा १४ मा सजाय निर्धारण गर्दा विचार पुऱ्याउनु पर्ने कुराहरूका साथै, दफा १५ मा सजाय निर्धारण गर्ने आधारहरू तोकेको पाइन्छ। त्यसैगरी मुलुकी अपराध संहिता,२०७४ को दफा ३८ मा कसुरको गम्भीरता बढाउने अवस्था र दफा ३९ मा कसुरको गम्भीरता घटाउने अवस्थाहरू उल्लेख गरेको देखिन्छ। सजाय निर्धारण गर्दा अवलम्बन गर्नुपर्ने उपर्युक्त कानूनी व्यवस्थाको पृष्ठभूमिमा मिति २०८१/०५/२४ मा कसुर ठहर भएका निम्नलिखित प्रतिवादीहरूको हकमा निम्नबमोजिम सजाय हुने ठहर्छ। अरुमा तपसिलबमोजिम गर्नू।

१. ***प्रतिवादी गजेन्द्र कुमार ठाकुरः***- निजको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा बिगो रू.१०,१०,६१,०७५/७७ कायम भएको हुँदा सोही ऐनको दफा ३(१) (झ) बमोजिम ८ वर्ष कैद र दफा ३(१) बमोजिम सोही बिगो बराबर जरिबाना हुने ठहर्छ। साथै दफा २४ बमोजिम थप १ महिना कैद हुने र दफा १७ बमोजिम निजबाट उक्त बिगो असुल उपर हुने ठहर्छ।

२. ***प्रतिवादी सूर्यराज कंडेलः***- निजको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा बिगो रू.१०,१०,६१,०७५/७७ कायम भएको हुँदा सोही ऐनको दफा ३(१) (झ) बमोजिम ८ वर्ष कैद र दफा ३(१) बमोजिम सोही बिगो बराबर जरिबाना हुने ठहर्छ। साथै दफा २४ बमोजिम थप १ महिना कैद हुने र दफा १७ बमोजिम निजबाट उक्त बिगो असुल उपर हुने ठहर्छ।

३. ***प्रतिवादी रामचन्द्र देवकोटाः-*** निजको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा बिगो रू.२,९५,६५,६०३/८० कायम भएको हुँदा सोही ऐनको दफा ३(१) (झ) बमोजिम ८ वर्ष कैद र दफा ३(१) बमोजिम सोही बिगो बराबर जरिबाना हुने ठहर्छ। साथै दफा २४ बमोजिम थप १ महिना कैद हुने र दफा १७ बमोजिम निजबाट उक्त बिगो असुल उपर हुने ठहर्छ।

४. ***प्रतिवादी शिव कुमार शर्माः-*** निजको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरको मतियार भई दफा २२ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिमको कसुरमा बिगो रू.२,९५,६५,६०३/८० कायम भएको हुँदा उक्त ऐनको दफा ३(१) (झ) बमोजिम ८ वर्ष कैद निज प्रतिवादीको उमेर ६५ वर्ष नाघेको र ७० वर्ष नपुगेको देखिंदा ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १२ को उपदफा (१) को खण्ड (क) बमोजिम निज प्रतिवादीलाई २५% ले छुट दिईएको छ। साथै निज प्रतिवादीलाई उक्त ऐनको दफा ३(१) बमोजिम माथि उल्लिखित बिगो बराबर जरिबाना हुने र दफा १७ बमोजिम उक्त बिगो निज प्रतिवादीबाट असुल उपर हुने ठहर्छ।

५. ***प्रतिवादी EPTISA-*** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरको मतियार भई दफा २२ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिमको कसुरमा बिगो रू.६,२१,९३,५९५/६७ कायम भएको हुँदा निज प्रतिवादीलाई उक्त ऐनको दफा ३(१) बमोजिम उक्त बिगो बराबर जरिबाना हुने र दफा १७ बमोजिम निज प्रतिवादीबाट उक्त बिगो असुल उपर हुने ठहर्छ।

६. ***प्रतिवादी BETS-*** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरको मतियार भई दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिमको कसुरमा बिगो रू.६,२१,९३,५९५/६७ कायम भएको हुँदा निज प्रतिवादीलाई उक्त ऐनको दफा ३(१) बमोजिम उक्त बिगो बराबर जरिबाना हुने र दफा १७ बमोजिम निज प्रतिवादीबाट उक्त बिगो असुल उपर हुने ठहर्छ।

७. ***प्रतिवादी CMC di Ravenna-*** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरको मतियार भई दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिमको कसुरमा बिगो रू.२६,११,०६,९९१/७९ कायम भएको हुँदा निज प्रतिवादीलाई उक्त ऐनको दफा ३(१) बमोजिम उक्त बिगो बराबर जरिबाना हुने र दफा १७ बमोजिम निज प्रतिवादीबाट उक्त बिगो असुल उपर हुने ठहर्छ।

**सदस्य** **सदस्य** **अध्यक्ष**

**फैसला तयार गर्न सहयोग पुऱ्याउनेः-**

*इजलास अधिकृतः सागर भण्डारी*

*कम्प्युटर अपरेटरः कल्पना पराजुली*

कसुर ठहर मितिः २०८१।५।२४।२

फैसला प्रमाणिकरण मितिः २०८२।३।१२

इति संवत् २०८१ साल असोज ७ गते रोज २ शुभम्.............................................................।

श्री

विशेष अदालत काठमाडौं

इजलास

अध्यक्ष माननीय श्री टेकनारायण कुँवर

सदस्य माननीय श्री तेज नारायण सिंह राई

सदस्य माननीय श्री मुरारीबाबु श्रेष्ठ

फैसला

(इजलास नं.१)

मुद्दा नं. ०८०-CR-०१३०

दर्ता मितिः२०८०।१२।०४

कसुर ठहर मितिः२०८१।०३।१२।४

कसुर ठहर निर्णय नं.३१७

सजाय निर्धारण मितिः२०८१।३।२५।३

सजाय निर्धारण नि.नं.-३५

मुद्दाः सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरी भ्रष्टाचार गरेको।

**बादी** : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृत नारायणदत्त उपाध्याय र सुशीला मरासिनीको प्रतिवेदनले नेपाल सरकार।

**विरुद्ध**

**प्रतिवादी** : जिल्ला सप्तरी, साबिक मधेपुरा गाउँ विकास समिति वडा नं. ३ को हाल तिलाठी कोईलाडी गाउँपालिका वडा नं.६ स्थायी वतन भई राजविराज नगरपालिका वडा नं. ११ झुलहीबस्ने मनु साहको नाति, गोविन्दप्रसाद साहको छोरा, डिभिजन वन कार्यालय महोत्तरीका तत्कालीन डिभिजनल वन अधिकृत वर्ष ५१ को **हेमन्तप्रसाद साह** (ना.प्र.नं.४९८८४१६८ सम्पर्क नं. ९८४१४६३६८२) समेत।

## कसुर ठहर खण्ड

१. विशेष अदालत नियमावली, २०८० को नियम ४३ र ४४ बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् उपन्यायधिवक्ता श्री गोपाल लामिछानेले प्रतिवादीहरूले लिलामणी आचार्य र कृष्णप्रसाद गौतमको संयुक्त नाममा दर्ता स्रेस्ता कायम रहेको जग्गामा रहेको विभिन्न जातका १०० थान रुखहरू कटान आदेश लिएकोमा बदनियतका साथ रम्तेलडाँडा सामुदायिक वन क्षेत्रका ४०६ थान भन्दा बेसी रुखहरू कटान गरी सरकारलाई हानिनोक्सानी पुर्याएकोले आरोप मागदाबी बमोजिमको कसुरमा सबै प्रतिवादीहरूलाई सजाय गरी पाउँ भनी गर्नुभएको बहस सुनियो।

२. प्रतिवादी हेमन्त प्रसाद साहको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री शम्भु थापा, श्री सतीशकृष्ण खरेल, विद्वान् अधिवक्ताहरू श्री दिपेन्द्र झा, श्री रवी नायकले यी प्रतिवादीले सम्बन्धित क्षेत्रका वन कार्यालयको स्थलगत निरीक्षण प्रतिवेदनको आधारमा कटान आदेश जारी गरेको, जारी भएको क्षेत्रमा नभई वन क्षेत्रमा रुखहरू कटान भई रहेको भनी जानकारी हुन साथ डिभिजन वन कार्यालयको प्रमुखको हैसियतले गर्नुपर्ने सम्पूर्ण कार्य गरी अनियमित

कार्यमा संलग्न रहेका सबै कर्मचारी उपर सम्बन्धित अदालतमा मुद्दासमेत दायर गरेकोले यी प्रतिवादी उपर लागेको आरोपदाबीबाट सफाइ दिलाइ पाउँ भनी गर्नुभएको बहस सुनियो।

३. प्रतिवादी लक्ष्मण प्रसाद यादवबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री सूर्य प्रसाद कोइराला, विद्वान् अधिवक्ता श्री भीमार्जुन आर्चायले यी प्रतिवादीले कृष्णप्रसाद गौतमसमेतको नाम दर्ताको जग्गामा रहेको रुखहरू स्थानीयहरूको सर्जमीन मुचुल्काका आधारमा कटान आदेशका लागि प्रतिवेदन पेस गरेको, कानूनबमोजिमको कार्य गरी सो प्रतिवेदन बुझाउँदा कुनै बदनियत नभएकोले यी प्रतिवादी उपर लगाइएको आरोपदाबीबाट फुर्सद दिलाइ पाउँ भनी गर्नु भएको बहस सुनियो।

४. प्रतिवादी रामदरश राउतबाट विद्वान् अधिवक्ताहरू श्री अपुर्व खतिवडा, श्री सुप्रेक्षा जोशीले यी प्रतिवादीले कुनै बदनियतका साथ काम नगरेकोले आरोपदाबीबाट सफाइ दिलाइ पाउँ भनी गर्नुभएको बहस सुनियो।

५. प्रतिवादी बेचन ठाकुरबाट विद्वान् अधिवक्ताहरू श्री अजय कुमार पटेल, श्री दिपक कँडेलले यी प्रतिवादीले सर्जमिन मुचुल्काको प्रतिवेदनका आधारमा राय सहितको सिफारिस गरी आफ्नो पदीय जिम्मेवारी पुरा गरेको, बदनियत रहेको भन्ने कही कतैबाट नदेखिएकोले वादी दाबीबाट फुर्सद दिलाइ पाउँ भनी गर्नुभएको बहस सुनियो।

६. प्रतिवादीहरू सन्तोष कुमार साह, दिलिप महतो, अजय कुमार यादव, राज किशोर झा, राकेश कुमार यादव, नारायण ढुङ्गेलबाट विद्वान् अधिवक्ताहरू श्री थीर बहादुर कार्की, श्री विष्णु बहादुर कार्की, डा.श्री नेवल चौधरी, श्री देवेन्द्र निरौलाले यी प्रतिवादीहरू तल्लो दर्जाका कर्मचारी भएको, निजहरूले आफू भन्दा माथिल्ला दर्जाका कर्मचारीले लगाएको कामसम्म गर्ने भएको र यी प्रतिवादीहरूको कुनै बदनियत नभएकोले सफाइ दिलाइ पाउँ भनी गर्नुभएको बहस सुनियो।

७. प्रतिवादीहरू कृष्ण प्रसाद गौतम, लिलामणी आर्चायबाट विद्वान् अधिवक्ता श्री राजन प्रसाद दहाल, श्री नारद मुनी प्याकुरेलले यी प्रतिवादीहरूको नाम दर्तामा रहेको जग्गामा रहेको रुख कटानको आदेश लिइ रुख काट्न ठेक्केदारलाई जिम्मा दिएकोले रुख कटान कार्यमा निज प्रतिवादीहरूको संलग्न नरहेकोले आरोपदाबीबाट फुर्सद दिलाइ पाउँ भनी बहस गर्नुभयो।

८. प्रतिवादीहरू शेर बहादुर राउत, धन कुमारी मगर, उर्मिला थापा मगर, नन्द माया क्षेत्री, प्रेम बहादुर थापा, एम बहादुर थापा मगर, पूर्ण बहादुर सुस्लिङ्गबाट विद्वान् अधिवक्ता श्री पवन कुमार जयसवालले यी प्रतिवादीहरू सेवाग्राही तथा लाभकर्तासमेत नभएको, सर्जमिन मुचुल्कामा सहीसम्म गरेको, सो कार्य गर्दा बदनियत भएको भन्ने नदेखिएकोले सफाइ दिलाइ पाउँ भनी गर्नुभएको बहस सुनियो।

९. प्रतिवादीहरू ओम प्रकाश खड्का, शान्त देवी श्रेष्ठ, चुडामणि पोखरेलबाट विद्वान् अधिवक्ता श्री प्रदीप कुमार पोखरेलले प्रतिवादीहरूले आरोपदाबी बमोजिमको सरकारीलाई हानिनोक्सानी गर्ने कार्यमा सरिक नरहेको, कानूनबमोजिम सर्जमिन मुचुल्कामा सहीसम्म गरेकोले आरोपदाबीबाट सफाइ दिलाइ पाउँ भनी गर्नुभएको बहस जिकिर सुनियो।

१०. मिसिल संलग्न कागजातहरू अध्ययन गरी आरोप मागदाबी, प्रतिवादीहरूको बयान तथा नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् उपन्यायधिवक्ता तथा प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरूले प्रस्तुत गर्नुभएको बहससमेत मध्येनजर गर्दा निम्न प्रश्नहरूको निरुपण गर्नु पर्ने देखियोः

*क. जम्मा १०० थान रुख काट्ने आदेश स्वीकृत गराई ४०६ थान भन्दा बढी रुख कटान गरिएको हो, होइन?*
*ख. उक्त रुखहरू सामुदायिक वनक्षेत्रका हुन् वा निजी क्षेत्रका हुन् ?*
*ग. सरकारी सार्वजनिक सम्पत्तिमा हानिनोक्सानी भएको हो वा होइन ?*
*घ. सार्वजनिक सम्पत्तिको हानिनोक्सानी भएको भए सो कार्यमा को कुन प्रतिवादीहरूले सो कसुर गरेका हुन् ?*

*ङ.    प्रतिवादीहरूलाई आरोपदाबी बमोजिमको कसुरमा सजाय हुनुपर्ने हो वा होइन ?*

*च.    यदि सजाय हुनुपर्ने भए को कस्लाई के कति सजाय हुनुपर्ने हो ?*

११. **प्रस्तुत मुद्दाको आरोपदाबी हेर्दा, प्रतिवादीहरू बेचन ठाकुर, हेमन्तप्रसाद साह, शान्तादेवी श्रेष्ठ, चुडामणी पोखरेल, शेरबहादुर राउत, उमादेबी बुढाथोकी, प्रेमबहादुर थापा, धनकुमारी मगर भन्ने धनकुमारी, उर्मिला थापा मगर,ओमप्रकाश खड्का, पूर्णबहादुर सुस्लिङ्ग, लक्ष्मणप्रसाद यादव, सन्तोषकुमार साह, राजकिशोर झा, अजयकुमार यादव, राकेशकुमार यादव, नारायण ढुंगेल, रामदरश राउत र दिलिप महतोसमेत उपर** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा रु.११,९६,६९५।- बिगो कायम गरी ऐ. ऐनको दफा १७ ले निर्दिष्ट गरे बमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र दफा ३ को उपदफा (१) बमोजिम जरिबाना गरी ऐ. ऐनको दफा १७ बमोजिम हानिनोक्सानी भएको बिगो असुल हुन, **प्रतिवादीहरू लिलामणी आचार्य, कृष्णप्रसाद गौतम, सन्दिप नेपाली, एमबहादुर थापा मगर र नन्दमाया खनाल भन्ने नन्दमाया क्षेत्री उपर** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरको मतियारमा प्रतिवादीहरूले दफा २२ बमोजिमको कसुर गरेको हुँदा बिगो रकम रु.११,९६,६९५।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम मुख्य कसुरदारलाई हुने सरह पुरै सजाय गरी र **प्रतिवादीहरू लक्ष्मणप्रसाद यादव, सन्तोषकुमार साह, राजकिशोर झा, अजयकुमार यादव, राकेशकुमार यादव, नारायण ढुंगेल, रामदरश राउत र दिलिप महतोसमेत उपर** सोही ऐनको दफा १९ को उपदफा (२) को कसुरमा ऐ. ऐनको दफा १९ को उपदफा (२) बमोजिम थप सजाय गरी पाउँ भन्ने आरोपदाबी रहेको देखिन्छ।

१२. यस मुद्दाको तथ्य, प्रमाण र कानूनको आधारमा विश्लेषण गरी निर्णय तर्फ विचार गर्दा, जिल्ला महोत्तरी, बर्दिवास नगरपालिका वडा नं.१ बस्ने स्थानीय केही व्यक्तिहरूको समूहले प्रतिवादीहरू कृष्णप्रसाद गौतम र लिलामणी आचार्यको जग्गाका रुखहरू भनी रम्तेलडाँडा सामुदायिक वन क्षेत्रमा २०४१/०४२ सालमा नेपाल सरकारले वृक्षारोपण गरेको वनका रुखहरू हाम्रो नामको दर्ता रहेको नम्बरी (दर्ता वाला) जग्गा हो भनी सामुदायिक वनको क्षेत्र भित्रका सखुवा, सिसौ, भिक्स र टिक जातका ठूला रुख विरुवा जथाभावी कटान गरी वन क्षेत्रको जग्गालाई समेत तारवार गरेको तथा वन कार्यालयले कटान आदेश दिई वन फडानीसहित वनको जग्गा व्यक्तिले कब्जा गरेको भन्ने समेत बेहोराको उजुरीबाट प्रस्तुत मुद्दाको अनुसन्धान प्रारम्भ भएको देखिन्छ।

१३. प्रतिवादीहरू लिलामणी आचार्य र कृष्णप्रसाद गौतमले निजहरूको संयुक्त नाममा दर्ता स्रेस्ता कायम रहेको जिल्ला महोत्तरी साबिक २५नं. बहादुरगञ्ज वडा नं.३(क) को कि.नं.२ जग्गा क्षेत्रफल १-२-११ मा सिसौ १२०, मसला ८०, टिक १४०, अन्य ३५ गरी जम्मा ३८५ थान निजी नम्बरी आवादीको रुखहरू कटान गरी निकासी गरी पाउँ भनी डिभिजन वन कार्यालय, महोत्तरी तथा बर्दिवास नगरपलिका वडा नं.१ कार्यालयमा निवेदन दिएको देखिन्छ। बर्दिवास नगरपालिका वडा १ नं. वडा कार्यालयले नियमानुसार कटान आदेश तथा अन्य आवश्यक प्रक्रियाको लागि सिफारिस गरेको देखिन्छ। उल्लिखित जग्गा भित्र सिसौ ५५, टिक १४, भलायो १३, मसला १२ र बाझी ६ गरी जम्मा रुख सङ्ख्या १०० कटान गरी बिक्री वितरण भएमा कोही कसैलाई फरक नपर्ने देखिएकोले कटान आदेश गरी दिन अनुरोध छ भन्ने समेत बेहोराको सव-डिभिजन वन कार्यालय, बर्दिवास महोत्तरीलाई रम्तेलडाँडा सामुदायिक वन उपभोक्ता समूह, बर्दिवासको सिफारिस रहेको र स्थलगत रुपमा निरीक्षण गरी हेर्दा, सिसौ ५५, टिक १४, भलायो १३, मसला १२ र बाझी ६ गरी जम्मा रुख सङ्ख्या १०० रुखहरू कि.नं.२ को नम्बरी आवादी जग्गामा नै रहेकोले उक्त रुखहरू कटान गरी संकलन गर्न कटान आदेश दिनु हुन सिफारिस साथ अनुरोध छ भन्ने समेत बेहोरा उल्लेख गरी सव-डिभिजन वन कार्यालय, बर्दिबासका सहायक वन अधिकृत लक्ष्मणप्रसाद यादवले डिभिजन वन कार्यालय, महोत्तरीमा सिफारिस पेस गरेको देखिन्छ।

१४. प्रतिवादीहरू समेत रोहबरमा बसेको निम्न बेहोरा उल्लेख भएको सर्जमिन मुचुल्का रहेको देखिन्छः

क. जग्गाधनी प्रतिवादीहरू लिलामणी आचार्य र कृष्णप्रसाद गौतमको नाममा दर्ता कायम रहेको साबिक २५ नं. बहादुरगञ्ज वडा नं. ३(क) को कित्ता नं. २ को नम्बरी आवादी जग्गामा पर्छ,

ख. उक्त जग्गामा पर्ने रुखहरू जग्गाधनीहरूले आफैले रोपी हुर्काएको हुन् उक्त रुखहरू भएको जग्गा ऐलानी, पर्ति, सरकारी तथा बसोवास वा पुनर्वास गरिएको जग्गा होइन,

ग. उक्त रुखहरू कटान गर्दा भु-क्षय सम्भावना नरहेको साथै वातावरणमा प्रतिकुल असर पर्दैन

१५. साथै, सिसौ ५५, टिक १४, भलायो १३, मसला १२ र बाझी ६ गरी जम्मा रुख सङ्ख्या १०० को रुखहरू जग्गाधनी कृष्णप्रसाद गौतम समेतको निजी नम्बरी आवादी भित्र रहेको भनी सर्भेक्षक (अमिन) रामदरश राउतले सव-डिभिजन वन कार्यालयमा पेस गरेको प्रतिवेदन रहेको देखिन्छ।

१६. त्यस्तै, प्रतिवादीहरू लिलामणी आचार्य र कृष्णप्रसाद गौतमको नाममा दर्ता कायम रहेको साबिक २५ नं. बहादुरगञ्ज वडा नं. ३(क) को उक्त कित्ता नं. २ को जग्गामा सिसौ, टिक, मसला, बाझी, भलायो जातका रुख सङ्ख्या १०० (एक सय) रहेको हुँदा सहायक वन अधिकृत लक्ष्मणप्रसाद यादवको यकिन राय अनुसार छपान गरिएका रुखहरूको कटानी ईजाजत दिन मनासिब देखिन्छ भन्ने समेत बेहोराको सहायक वन अधिकृत बेचन ठाकुरले डिभिजन वन अधिकृत समक्ष राय पेस गरेको देखिन्छ। सोही मिति मै डिभिजन वन अधिकृत हेमन्तप्रसाद साहले ठीक छ भनी सदर गरेको देखिन्छ। यस प्रकार तहतहगत राय पेस गरी निर्णयकर्ता डिभिजन वन अधिकृतबाट डिभिजन वन कार्यालयले प्रतिवादीहरू लिलामणी आचार्य र कृष्णप्रसाद गौतमलाई निजहरूको जग्गामा सिसौ, टिक, मसला, बाझी, भलायो जातका रुखसमेत जम्मा सङ्ख्या १०० (एक सय) कटान इजाजत दिएकोमा विवाद रहेको देखिएन।

१७. रम्तेडाँडा समुदायिक वन क्षेत्रमा अवैध रुपमा रुख कटान भएको भन्ने घटनाको सम्बन्धमा उठाइएको घटनास्थल मुचुल्का हेर्दा, टिक, मसला, सिसौ, भलायो, बाँझी लगायतका हालसालै काटिएका ताजा अवस्थाका रुखका ठुटाहरू ठूलो सङ्ख्यामा रहेको भनी बेहोरा उल्लेख भएको पाइन्छ। उक्त गोलिया काठ तथा दाउरा घटनास्थलमै रहेको देखिन्छ। साथै, घटानस्थलमा जे.सि.वि. मेसिन लगाई रुखका ठुटाहरू उखेलेको देखिन्छ। बिचमा बाटो बनाएको, खाडल खनेको, खाडलहरूमा तत्काल रुखहरूको ठुटा नभएकोले वहुमूल्य जातको रुखका ठुटाहरू गायब परिएको देखिन्छ। **उल्लिखित मुचुल्काको विस्तृत विवरण अनुसन्धानको क्रममा तयार गरेको मिसिल नं. १३/१३९-१३/१४१ मा समावेश छ।**

**१८. उल्लिखित मुचुल्का साथ संलग्न जिल्ला महोत्तरी, बर्दिवास नगरपालिका वडा नं.१ स्थित रहेको रम्तेलडाँडा सामुदायिक वन क्षेत्रमा हानिनोक्सानी भएको चार किल्लाभित्रको घटनास्थलमा काटिएका रुखका ठुटाहरूको कुल जम्मा विवरण तथा मूल्याङ्कन तालिका अनुसुची -१ मा समावेस छ।**

१९. जिल्ला महोत्तरी साबिक २५नं. बहादुरगञ्ज गाउँ विकास समिति वडा नं. ३(क) कि.नं २ ज.वि.१-२-११ निजी जग्गा र वन क्षेत्रको जग्गामा रुख कटान भएको जग्गामा नापी कार्यालय बर्दिवासबाट स्थलगत रुपमा टोली खटाइ मुचुल्का सहितको नापजाँच गरेको देखिन्छ। उक्त कार्यको लागि उक्त स्थानमा रहेको निजी जग्गा जग्गाधनीको साथै सामुदायिक वन क्षेत्रको नक्साङ्कन गर्न खटिएकोमा साँध सँधियार, भद्रभलादमी, ईलाका प्रहरी कार्यालय, बर्दिवास, मालपोत कार्यालय बर्दिवास, १नं. वडा कार्यालय बर्दिवास, बर्दिवास नगरकार्यपालिका र डिभिजन वन कार्यालय महोत्तरी जलेश्वरको प्रतिनिधिहरूको रोहबरमा माथि उल्लिखित कि.नं.२ मा नक्साबमोजिम साबिक कि.नं.१७ को पूर्वउत्तर र साबिक कि.नं.१९को उत्तरपूर्व कुनाको आधारमा नापजाँच गरी सिमाङ्कन गरी दिएको देखिन्छ। रुख काटेको क्षेत्र जंगल क्षेत्रभित्र परेको ज.वि. ३-१७-१० सोको नापजाँच गरेको नक्सा संलग्न राखिएको भन्ने समेत बेहोराको मिति २०७७।०९।२६ को फिल्ड सर्जमिन मुचुल्का र उक्त मुचुल्कालाई समर्थन गर्ने फिल्ड प्रतिवेदन तथा रुख कटान गरिएको क्षेत्र कित्ता नं. २ को क्षेत्रभित्र नरही सो कित्ता नं. को उत्तरतर्फ रहेको क्षेत्रमा कटान भएको प्राविधिक टोलीले "रुख कटान क्षेत्र" भनी उल्लेख गरेको मिति २०७७।०९।१४ देखि २०७७।०९।२६ सम्म स्थलगत

खटेका सर्वेक्षक भोगेन्द्र साह, धिरेन्द्र ठाकुर र सुवोधकुमार राउतले तयार गरेको नापजाँच नक्सा रहेको देखिन्छ। सोलाई स्कायन गरी समावेस गरिएको छः



२०. जिल्ला महोत्तरी बर्दिवास नगरपालिका वडा नं.१ स्थितमा नेपाल सरकारको स्वामित्वमा रहेको भनिएको स्थानमा अख्तियार दुरुपयोग अनुसन्धानको कार्यालय बर्दिवास, महोत्तरीको प्रहरी नायव उपरीक्षक मधु कुमार थापा समेतको प्राविधिक टोलीले मिति २०७७।०९।१२ गते तयार गरेको मुचुल्क हेर्दा देहाय अनुसार भए गरेको भनी उल्लेख भएको देखिन्छ।

<u>देहाय</u>

**क.** भव्सी खोलाको पूर्व किनारबाट अंन्दाजी ५६ मिटर छाडी उजुरीमा उल्लिखित अतिक्रमित भनिएको जग्गाको क्षेत्रफल अन्दाजी ३ बिगाहा १८ कठ्ठा रहेको, सो जग्गालाई फेन्स बारको लागि फलामको पोल गाडीसकेको पाईएको।

**ख.** उजुरीमा उल्लिखित स्थानमा स्थलगत मुचुल्का गर्दाको मितिसम्म करिब ४०६ थान रुखहरू कटान भएको वन कार्यालयबाट जानकारी प्राप्त भएको।

**ग.** उल्लिखित स्थानमा ठाउँ ठाउँमा खाल्डो खनी रुखका विभिन्न जातका जराहरू उखेलिएको देखिएको, सो स्थानमा जेसिविको समेत प्रयोग भएको स्थानीयबाट जानकारी प्राप्त भएको।

**घ.** उल्लिखित स्थानमा १०० थान रुखहरू मात्र कटान आदेश भएको भनिएकोमा स्थलगत मुचुल्का गर्दाको मितिसम्म अन्दाजी ४०६ थान रुखहरू कटान भएको पाईएको।

२१. यसै गरी जिल्ला महोत्तरी, बर्दिवास नगरपालिका वडा नं. १ स्थित रम्तेलडाँडा सामुदायिक वन क्षेत्र अन्तर्गत भप्सी खोला देखि पूर्व, हात्तीमारा खोलादेखि पश्चिमतर्फ रहेको अन्दाजी ३-१८-०-०(तीन बिगाहा अठार कठ्ठा) सार्वजनिक जग्गा भित्र मिति २०७७।०७।२८ गते सव-डिभिजन वन कार्यालय बर्दिवासले सर्जमिन मुचुल्का गरी मिति २०७७।०८।१७ गते १०० थान विभिन्न जातका रुखहरू काट्ने भनी कटान आदेश लिई उक्त आदेश लिएको २९ दिन भित्र रुख काट्दा, रुख काट्नु पूर्व, कटान अवधि भरको समयमा डिभिजन वन कार्यालय महोत्तरीका तत्कालीन डिभिजन वन अधिकृत हेमन्त प्रसाद साह, तत्कालीन सहायक वन अधिकृत बेचन ठाकुरको प्रत्यक्ष निगरानी तथा निर्देशनमा स्थलगत रुपमा निजहरू आई उक्त कटान आदेश भएका रुखहरू काटेको ठिक हो। उक्त रुखहरू कटानको लागी तत्कालीन वडा अध्यक्ष चुडामणी पोखरेलले सिफारिससमेत दिएको सही सत्य हो भनी थाहा भए सम्मको बेहोरा लेखि लेखाई सहीछाप गरेको ठिक साँचो हो भनी बाबुकाजी चौलागाई, कुलप्रसाद गौतम र सोमप्रसाद न्यौपानेसमेत साक्षी राखी गरिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवास महोत्तरीका उपसचिव हरिकृष्ण के.सी समेतको टोलीले स्थलगत रुपमा गरेको मिति २०८०।०२।०४ को स्थलगत मुचुल्का रहेको देखिन्छ।

२२. जिल्ला महोत्तरी, साबिक गाउँ विकास समिति २५ नं बहादुरगञ्ज वडा नं ३(क), कि.नं.२ ज.वि.१-२-११ निजी जग्गा र वन क्षेत्रको रुख कटान भएको जग्गामा नापी कार्यालय बर्दिवासबाट नापजाँचसमेतको कार्य गर्न मिति २०७७।९।१४ देखि २६ गतेसम्म खटि गएका थियौं। साबिक कि.नं. १७ र १९ को आधार मानी कि.नं.२ नक्साबमोजिम नापजाँच गरिएको हो। कि.नं. २ को जग्गाधनी थाहा भएन। उक्त कित्ता नं. को जग्गाको क्षेत्रफल १-२-११ मध्ये उत्तर पूर्व तर्फ करिब अन्दाजी २ कठ्ठा जग्गामा काट्न नमिल्ने झाडी तथा स-साना रुखविरुवाहरू तथा बाँकी जग्गा खोलामा थियो भन्नेसमेत बेहोराको नापी कार्यालय बर्दिवासका सर्वेक्षक सुवोधकुमार राउत र भोगेन्द्र साहसमेतले एकैमिलानको घटनाविवरण कागज गरेको देखिन्छ।

२३. मिति २०७७।०९।१५ को घटनास्थल मुचुल्कामा उल्लिखित कटान भएका काठको परिमाण अनुरुप तत्कालीन वन नियमावली, २०५१ को अनुसूची २ को काठको मूल्यदरबमोजिम कायम गरिएको बिगो तालिकाः

| क्र.सं. | प्रजातिको नाम | ठुटाको जम्मा थान | ठुटाबाट कायम गरिएकोकाठको परिमाण(क्यू.फि.) | सरकारी दररेट(प्रति क्यू. फी.) | जम्मा बिगो रकम (रू.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सिसौ | ६१ | १३४६ | ४००।- | ५३८४००।- | वन नियमावली, २०५१ को अनुसूची ७ को (ग) बमोजिम ठटाबाट आयतन कायम गरिएको र अनुसूची २ बमोजिम काठको मूल्यदर कायम गरी बिगो कायम गरिएको। |
| २ | टिक (सागवान) | २१७ | ११२९ | ५००।- | ५६४५००।- | |
| ३ | मसला | ३३ | ३०८ | १००।- | ३०८००।- | |
| ४ | साल | २ | ४ | ८००।- | ३२००।- | |
| ५ | बाझी | १४ | ८९ | ८०।- | ७१२०।- | |
| ६ | अन्य | ७९ | ४८९ | ७५।- | ३६६७५।- | |
| | जम्मा | ४०६ | ३३६५ | | ११८०६९५।- | |
| ७ | सिसौ टिक दाउरा | १ चट्टा | | १२०००।- | १२०००।- | |
| ८ | अन्य दाउरा | १ चट्टा | | ४०००।- | ४०००।- | |
| | जम्मा | | | | १६०००।- | |
| | | | | कुल जम्मा (रु.) | ११,९६,६९५।- | |

२४. यसप्रकार माथि प्रकरण प्रकरणहरूमा उल्लेख भए अनुसार डिबिजन वन कार्यालय महोत्तरीका सहायक वन अधिकृत बेचन ठाकुरसमेतले गरेको घटनास्थल मुचुल्का र सोही मुचुल्कालाई समर्थन गर्ने गरी बेचन ठाकुर समेतका व्यक्तिहरूले पेस गरेको प्रतिवेदन तथा घटनास्थलमा रहेका रुखका ठुटाहरूको ठुटा नं., जात, ठुटाको गोलाई, सो ठुटाका रुखका गोलिया काठहरूको गोलियाको जात, गोलिया नं., ठुटा तथा गोलियामै लेखन कार्य तथा टिपोट गर्ने कार्य गरी बरामद गरेको, खडा रुखहरूको जात, वर्ग, गोलाई, अ.लम्वाई, जिपिएस पोईन्ट लिई लगत टिपोट, मिति २०७७।०९।२६ को फिल्ड सर्जमिन मुचुल्का र उक्त मुचुल्कालाई समर्थन गर्ने फिल्ड प्रतिवेदन तथा रुख कटान गरिएको क्षेत्र कित्ता नं. २ को क्षेत्र भित्र नरही सो कित्ता नं. को उत्तरतर्फ रहेको क्षेत्रमा कटान भएको प्राविधिक टोलीले "रुख कटान क्षेत्र" भनी उल्लेख गरेको मिति २०७७।०९।१४ देखि २०७७।०९।२६ सम्म स्थलगत खटि सर्वेक्षक भोगेन्द्र साह, धिरेन्द्र ठाकुर र सुवोधकुमार राउतले तयार गरेको नापजाँच नक्सा तथा निजहरू भोगेन्द्र साह र सुवोधकुमार राउतले यस अदालतमा उपस्थित भई निजहरूले लेखाइदिएको अनुसन्धानको क्रममा लेखाइदिएको बेहोरालाई पुष्टि गरी गरिदिएको बकपत्र, अख्तियार दुरुपयोग अनुसन्धानको कार्यालय बर्दिवास, महोत्तरीको प्रहरी नायब उपरीक्षक मधुकुमार थापासमेतको प्राविधिक टोलीले मिति २०७७।०९।१२ गते तयार गरेको मुचुल्का तथा निज मधुकुमार थापाले उक्त मुचुल्कालाई समर्थन गर्ने गरी यस अदालतमा गरेको बकपत्र, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवास महोत्तरीका उपसचिव हरिकृष्ण के.सी समेतको टोलीले स्थलगत रुपमा गरेको मिति २०८०।०२।०४ को स्थलगत मुचुल्का तथा हरिकृष्ण के.सीले यस अदालतमा उक्त मुचुल्कालाई समर्थन गर्ने गरी गरको बकपत्र र अनुसन्धानको क्रममा बुझिएका व्यक्तिहरूले गरेको घटनाविवरण कागज तथा सुवोधकुमार राउत र भोगेन्द्र साहले उल्लिखित घटनाविवरण कागजलाई पुष्टि गरी यस अदालतमा बकपत्र गरेको देखिन्छ।

२५. प्रमाण ऐन, २०३१ को दफा १०(१) मा कुनै काम घटना वा अवस्थाका सम्बन्धमा सो काम गर्ने वा सो काम घटना वा अवस्था प्रत्यक्ष रुपमा देख्ने वा थाहा पाउने व्यक्तिले मौकामा वा त्यसको तत्काल अघि वा पछि व्यक्त गरेको कुरालाई प्रमाणमा लिन हुन्छ भन्ने व्यवस्था रहेको पाइन्छ। यस सन्दर्भमा सहायक वन अधिकृत बेचन ठाकुरसमेतले

गरेको घटनास्थल मुचुल्का, निजहरूले पेस गरेको प्रतिवेदन, मिति २०७७।०९।२६ को फिल्ड सर्जमिन मुचुल्का, सर्वेक्षक भोगेन्द्र साह, धिरेन्द्र ठाकुर र सुवोधकुमार राउतले तयार गरेको नापजाँच नक्सा तथा निजहरू भोगेन्द्र साह र सुबोधकुमार राउतले यस अदालतमा उपस्थित भई निजहरूले लेखाइदिएको अनुसन्धानको क्रममा लेखाइदिएको बेहोरालाई पुष्टि गरी गरिदिएको बकपत्र, मधुकुमार थापासमेतको प्राविधिक टोलीले तयार गरेको मुचुल्का तथा निज मधुकुमार थापाले उक्त मुचुल्कालाई समर्थन गर्ने गरी यस अदालतमा गरेको बकपत्र, हरिकृष्ण के.सी. समेतको टोलीले स्थलगत रुपमा तयार गरेको स्थलगत मुचुल्का तथा हरिकृष्ण के.सी.ले यस अदालतमा उक्त मुचुल्कालाई समर्थन गर्ने गरी गरको बकपत्र र अनुसन्धानको क्रममा बुझिएका व्यक्तिहरूले गरेको घटनाविवरण कागज तथा सुवोधकुमार राउत र भोगेन्द्र साहले उल्लिखित घटनाविवरण कागजलाई पुष्टि गरी यस अदालतमा गरेको बकपत्रसमेतलाई प्रमाण ऐन, २०३१ को दफा ८ अनुसार प्रमाणमा लिन मिल्ने नै देखिन्छ।

२६. प्रतिवादीहरू लिलामणी आचार्य र कृष्णप्रसाद गौतमको नाममा दर्ता कायम रहेको साबिक २५नं. बहादुरगञ्ज वडा नं. ३(क) को कित्ता नं. २ को जग्गामा सिसौ,टिक, मसला, बाझी,भलायो जातका रुख सङ्ख्या १०० (एक सय) कटान इजाजत दिएकोमा सो जग्गमा कटान नगरी रम्तेलडाँडा सामुदायिक वन क्षेत्रमा कटान गरी नेपाल सरकारलाई गैरकानूनी हानी पुऱ्याउने बदनियतले काम गरी सरकारलाई हानी हुने र व्यक्तिलाई लाभ हुने गरी विभिन्न जातका जम्मा ४०६ वटा रुख कटान गरी वन अतिक्रमण हुने गरी रु.११,९६,६९५।- मूल्यको सरकारी/सार्वजनिक सम्पत्तिमा हानिनोक्सानी पुर्याएको देखिन आयो।

२७. अब उक्त हानिनोक्सानी पुऱ्याउने कार्यमा को, कुन प्रतिवादीहरूले के,कुन कार्य गरी कसुर गरेको र कसुर गर्ने कार्यमा को कुन प्रतिवादीहरूको संलग्नता रहेको छ भनी दोश्रो प्रश्न तर्फ विश्लेषण गर्नुपर्ने देखियो। फौजदारी कसुरमा प्रति अभियुक्त उपरको कसुर छुट्टाछुट्टै प्रमाणित हुनुपर्ने तथा कसुरको मात्रासमेत प्रति अभियुक्त स्थापित हुनुपर्ने हुन्छ।

२८. सर्वप्रथम प्रतिवादीहरू हेमन्तप्रसाद साह, बेचन ठाकुर, राकेशकुमार यादव, ओमप्रकाश खड्का, नारायण ढुंगेल, दिलिप महतो, सन्तोषकुमार साह, राजकिशोर झा, उमादेवी बुढाथोकी, नन्दमाया खनाल भनिने नन्दमाया क्षेत्री, पुर्णबहादुर सुस्लिङ्ग, अजयकुमार यादव, प्रेमबहादुर थापा, धनकुमारी मगर भनिने धनकुमारी, शान्तादेवी श्रेष्ठ, एमबहादुर थापा मगर, उर्मिला थापा मगर र चुडामणि पोखरेलको हकमा हेर्दा निजहरूले गरेको बयान बेहोरा यस प्रकारको देखिन्छ।

२९. **प्रतिवादी राजकिशोर झा** सव-डिभिजन वन कार्यालयका तत्कालीन वन रक्षक (श्रेणी विहिन कर्मचारी) पदमा रहेको देखिन्छ। निज प्रतिवादीले अनुसन्धान अधिकारी तथा अदालतमा बयान गर्दा, म कटानको काममा खटिएको छैन, मेरो सर्जमिन मुचुल्का बाहेक अन्य कुनै काममा उपस्थित छैन भनी उल्लेख गरेको देखिन्छ। प्रतिवादी **अजयकुमार यादव** सव-डिभिजन वन कार्यालयका तत्कालीन वन रक्षक (श्रेणी विहिन कर्मचारी) पदमा रहेको देखिन्छ।निजले अनुसन्धान तथा अदालतमा बयान गर्दा, मेरो सर्जमिन मुचुल्का बाहेक अन्य कुनै काममा उपस्थित छैन र मैले आरोप बमोजिमको सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरेको छैन भनी इन्कारी बयान गरेको देखिन्छ। प्रतिवादी दिलिपकुमार महतो बर्दिबास सव-डिभिजन वन कार्यालयका तत्कालीन वन रक्षक (श्रेणी विहिन कर्मचारी) पदमा कार्यरत रहेको देखिन्छ।नम्बरी आवादीको काम भनेर डिभिजन वन कार्यालय महोत्तरी जलेश्वरमा त्यो फाइल दर्ता भएपछि सव डिभिजन प्रमुखले आफै गई प्रतिवेदन दिई मुचुल्का सर्जमिनमा १०० वटा र १ विगाहा २ कठ्ठा जति जग्गा अमिनले छुट्याएको र सबै जनाले मुचुल्कामा सही गरेपछि सव-डिभिजन प्रमुखको दबाबमा मैले पनि सहीसम्म गरिदिएँ हुँ। अन्य कार्यमा मेरो संलग्नता छैन भनी आरोपित कसुरमा इन्कारी अनुसन्धानको क्रममा तथा यस अदालतमा निज प्रतिवादीले बयान गरेको देखिन्छ।

३०. **प्रतिवादी राकेशकुमार यादव** बर्दिबास सव-डिभिजन वन कार्यालयका तत्कालीन वन रक्षक (श्रेणी विहिन कर्मचारी) पदमा कार्यरत रहेको देखिन्छ। मलाई सर्जमिन मुचुल्कामा काम तामेलमा सही गर्नका लागि दबाब दिन लगाएर मैले सही गरेको हुँ। आरोपित कसुर गरेको छैन भनी अनुसन्धान तथा अदालतमा निज प्रतिवादीले बयान गरेको देखिन्छ। **प्रतिवादी नारायण ढुंगेल पनि बर्दिबास सव-डिभिजन वन कार्यालयका** तत्कालीन वन रक्षक (श्रेणी विहिन कर्मचारी) पदमा कार्यरत रहेको देखिन्छ।जग्गा एकिन कार्य गर्नका लागि नापजाँच गरी जग्गाको चार किल्ला एकिन गरेर हरियो

रङ लगाई चार किल्ला छुट्याई करिब १०० वटा रुखहरू छपान गर्ने भनी मुचुल्का कागजमा सबैले सही गरेपछि सहायक वन अधिकृत लक्ष्मणप्रसाद यादवले मुचुल्कामा सही गर्न दबाब दिएकाले मैले पनि सही गरेको हुँ भनी मौका देखि अदालतसम्म इन्कारी बयान गरेको देखिन्छ।

३१. यसै गरी **प्रतिवादी सन्तोषकुमार साह** बर्दिबास सव-डिभिजन वन कार्यालयका फरेष्टर पदमा कार्यरत रहेको देखिन्छ। निजले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा, कार्यालय प्रमुखको प्रत्यक्ष निगरानीमा रही निजले लाए अह्राएको काम गर्ने गरेको हो। मैले बदनियत लिई आरोपबमोजिमको सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरेको छैन भनी उल्लेख गरेको देखिन्छ। निजले अदालतमा पनि सोही बेहोराको इन्कारी बयान गरेको देखिन्छ।

३२. **प्रतिवादी उर्मिला थापा मगरले** सर्जमिन मुचुल्कामा सही गरेको देखिन्छ। मैले कुनै बदनियत चिताई कार्य गरेको छैन। राम्रै कामको लागी, भलाईको लागि होला, वन संरक्षणको लागी होला भनेर सही गरेको हुँ भनी मौकादेखि अदालतसम्म बयान गरेको देखिन्छ। प्रतिवादी **एमबहादुर थापा मगरले** अनुसन्धान तथा अदालतमा बयान गर्दा मलाई रम्तेलडाँडामा अध्यक्षले बोलाएर यहाँ सबैले साइन गरिसक्यो तपाई पनि साइन गर्नुभन्दा मैले पनि साईन गरेको हुँ र रुख कटान मुछान गर्न लागेको जग्गा निजी, आवादी, सरकारी के हो मलाई थाहा भएन भनी आरोपित कसुरमा इन्कारी रहेको देखिन्छ। मलाई अध्यक्ष र वनको कर्मचारीले साँझको बेलामा बोलाई नबुझी हस्ताक्षर गरेको हुँ र आफूले बदनियत नचिताएको हुँदा आरोपदाबी बमोजिम हुनु नपर्ने हो भनी आरोपित कसुरमा इन्कारी रही **प्रतिवादी पूर्णबहादुर मगरले** अनुसन्धानको क्रममा तथा यस अदालतमा बयान गरेको देखिन्छ।

३३. **प्रतिवादी धनकुमारी मगरले** अनुसन्धानको क्रममा तथा यस अदालतमा बयान गर्दा, मिति २०७७।०७।२८ गते भएको निजी नम्बरी आवादीको जाँचबुझ मुचुल्कामा मलाई वनका कर्मचारी तथा अध्यक्षले बोलाई हस्ताक्षर गर्न लगाएको हो। राम्रै कामको लागी होला भनेर सही गरेको हुँ। मैले कुनै बदनियत सोची काम गरेको छैन भनी आरोपित कसुरमा इन्कार रहेको देखिन्छ। प्रतिवादी नन्दमाया क्षेत्रीले अध्यक्ष र वनको कर्मचारीले भनेपछि उक्त दस्तखतसम्म गरिदिएको हो। कुनै बदनियत साथ कार्य गरेको छैन अनुसन्धानको क्रममा तथा यस अदालतमा बयान गरेको देखिन्छ। प्रतिवादी प्रेमबहादुर थापाले मलाई घरबाट बाहिर बोलाई उपभोक्ता समितिका अध्यक्ष र वनका कर्मचारीले भनेर मुचुल्का कागजमा दस्तखत गरेको हुँ। मेरो कुनै संलग्नता छैन भनी आरोपित कसुरमा इन्कारी रही अनुसन्धानको क्रममा तथा यस अदालतमा बयान गरेको पाइयो। यसै गरी मिति २०७७।०७।२८ गते निजी आवादीको जाँचबुझ सर्जमिन मुचुल्कामा म बजारबाट आउँदै गर्दा मलाई अध्यक्ष तथा वनका कर्मचारीले बोलाई हस्ताक्षर गर्न भनेपछि मैले कागज नपढी हस्ताक्षर गरिदिएँ। १०० वटा रुखहरू कटानको इजाजत दिएकोमा १०० वटा भन्दा बढी रुखहरू काटेको भनी थाहा छैन भनी आरोपित कसुरमा इन्कारी रही प्रतिवादी **उमादेवी बुढाथोकीले** अनुसन्धानको क्रममा तथा यस अदालतमा बयान गरेको देखिन्छ।

३४. **प्रतिवादी शान्तादेवी श्रेष्ठ** बर्दिबास नगरपालिका वडा नं. १ का तत्कालीन वडा सदस्य पदमा रहेको देखिन्छ। निजले अनुसन्धानको क्रममा तथा यस अदालतमा बयान गर्दा, म मिति २०७७।०७।२८ गते वडा नं. १ को कार्यालयमा अख्तियारी पाई बसेको दिन जग्गाधनीको भाइ कुमार प्रसाद गौतमले सर्जमिन मुचुल्का लिएर कार्यालयमा आएपछि मैले लेखपढ नभएका कारण फिर्ता पठाए पछि केही बेर पछि आएर सही गरीदिनु भन्दा मैले तत्कालीन वडा अध्यक्षलाई फोन गरेर सोध्दा त्यो सिफारिस भई सकेको कुरा हो मुचुल्कामा सही गर्दा हुन्छ भनेको तथा वडासचिवलाई पनि सोध्दा वहाँले पनि सही गर्दा हुन्छ भनेकोले मैले पनि सही गरेको हुँ। मैले कुनै प्रलोभनमा परेर सही गरेको होइन भनी भनी आरोपित कसुरमा इन्कारी रहेको देखिन्छ।

३५. **प्रतिवादी चुडामणी पोखरेल** बर्दिबास नगरपालिका वडा नं. १ मा तत्कालीन वडाध्यक्ष पदमा रहेका देखिन्छ। निजले अनुसन्धान अधिकारी तथा अदालतमा बयान गर्दा, मलाई लिलामणी आचार्य र कृष्णप्रसाद गौतमको संयुक्त जग्गा बर्दिबास नगरपालिका -१, साबिक २५नं. बहादुरगञ्ज वडा नं. ३(क) कि.नं. २ को क्षेत्रफल १-२-११ जग्गाको साँध सिमाना थाहा थिएन। सो जग्गाका रुखहरूको लागि डिभिजन वन कार्यालयको मिति २०७७।०७।१९ को सहायक वन अधिकृतको नामबाट आएको पत्र अनुसार सिफारिस दिएको हुँ। मैले सार्वजनिक सम्पत्तिको लापरवाही साथ

बदनियतपूर्वक सरकार/सार्वजनिक संस्थालाई हानी हुने र व्यक्तिलाई लाभ हुने कुनै पनि कार्य गरेको छैन र मैले मिति २०७७।९।१ मा कटान कार्य रोक्न भनी पत्राचार समेत गरेको छु भनी भनी आरोपित कसुरमा इन्कारी रही बयान गरेको देखिन्छ।

३६. यसैगरी मालपोत कार्यालयमा कार्यरत रहँदा मैले नचिनेको व्यक्तिहरू मालपोत कार्यालयमा आई प्रशासनिक प्रक्रिया पुरा गर्नका लागि मुचुल्कामा सही गरीदिनु भनेपछि मैले उक्त जग्गाको सिमानाभित्रको लागि सम्बन्धित वन कार्यालय, वडा कार्यालय, सामुदायिक वन, नापी कार्यालय लगायत साँध सँधियार समेतको दस्तखत भएको तयारी मुचुल्कामा दस्तखत गरी दिएको हुँ भनी आरोपित कसुरमा इन्कारी रही  मालपोत कार्यालय, बर्दिबासका तत्कालीन नायब सुब्बा **प्रतिवादी ओमप्रकाश खड्काले** अनुसन्धानको क्रममा तथा यस अदालतमा बयान गरेको पाइयो।

३७. **प्रतिवादी हेमन्तप्रसाद साहले** अनुसन्धान अधिकारी तथा अदालतमा बयान गर्दा, जग्गाधनी कृष्णप्रसाद गौतम समेतले मेरो निजी हकभोगको जग्गा भित्रका रुखहरू कटान गर्नका लागि इजाजत पाउँ भनी निवेदन दिएको उपर यस कार्यालयबाट जाँचबुझ कार्वाही गर्नका लागि सहायक वन अधिकृत लक्ष्मणप्रसाद यादवलाई जाँचबुझ गरी पेस गर्न खटाइएकोमा निजले डिभिजन वन कार्यालयमा प्रतिवेदन पेस गरेको आधारमा रितपूर्वक छानबिन भएर आएको फाइललाई सेवा प्रवाहको दृष्टिले कटान इजाजत दिएको हो। सो इजाजत दिनुभन्दा अगाडि स्थलगत निरीक्षण गर्ने कानूनी व्यवस्था नभएकोले गर्दा मैले निरीक्षण गरेको थिइन। जाँचबुझ अनुसन्धान हुँदा मैले दिएको कटान आदेश विपरित रुखहरू कटान गर्ने गराउने कर्मचारी पदाधिकारीहरू समेत माथि अनुसन्धान तहकिकात पुरा गरी मैले बर्दिवास सव-डिभिजन वन कार्यालयका प्रमुखसमेत जना-२२ उपर वन अतिक्रमण तथा राष्ट्रिय वन पैदावर हटाउने ओसार पसार र बिक्री वितरण गर्ने सम्बन्धमा वन ऐन, नियमावली अनुसार सम्मानित जिल्ला अदालत महोत्तरीमा मिति २०७७/१०/०८ गते अभियोगपत्र दायर गर्न लगाएको थिएँ। वनक्षेत्र हानिनोक्सानी गरेको माथि प्रचलिन ऐन, कानूनअनुसार कारवाही गर्ने गराउने कार्य मैले सम्पादन गरेको र यसमा मेरो कुनै किसिमको लापरवाही, बदनियत र भ्रष्टाचारजन्य कार्य तथा सरकारलाई हानिनोक्सानी पुयाउने कार्य गरेको छैन। मबाट प्रचलिन कानूनबमोजिमको Due process सम्पादन भएको हो। यस कार्यमा कुनै प्रक्रियागत त्रुटि नभएको, निर्देशिका, प्रचलित कानूनबमोजिम सबै प्रक्रिया पुरा गरिएको, कुनै रकम नलिएको र वन पैदावर सुरक्षितसाथ राख्न लगाएकोबाट मैले कुनै भ्रष्टाचार जन्य कार्य नगरेको र कुनै सार्वजनिक सम्पत्तिको हानिनोक्सानी नपुर्याएको हुँदा अभियोग दाबी बमोजिम सजाय हुनुपर्ने होइन भनी आरोपित कसुरमा इन्कारी रही बयान गरेको पाइयो।

३८. यसै गरी **प्रतिवादी बेचन ठाकुर** डिभिजन वन कार्यालय, महोत्तरीका तत्कालीन सहायक वन अधिकृत पदमा कार्यरत रहेको देखिन्छ। निज प्रतिवादीले अनुसन्धानको क्रममा तथा यस अदालतमा बयान गर्दा, बर्दिबास नगरपालिका वडा नं. १ को क्षेत्रफल १-२-११ भएको जग्गामा जग्गाधनीहरू कृष्णप्रसाद गौतम र लिलामणी आचार्यले विभिन्न किसिमका रुखहरू कटान गरी पाउँ भनी निवेदन दिए पश्चात सहायक वन अधिकृत लक्ष्मणप्रसाद यादवलाई सो सम्बन्धी नम्बरी आवादीभित्रको जग्गाको रुखहरू हो वा होइन भनी यकिन गर्न आदेश दिएकोमा निज यादवले स्थानीय भद्र भलादमी, साँध संधियार, सामुदायिक वन उपभोक्ता समिति, अध्यक्ष तथा अमिन समेतको रोहबरमा जम्मा १०० (एक सय) रुख कटान आदेश माग गरेकोमा कटान आदेश विपरीत जथाभावी रुखहरू कटान गरेपछि स्थलगत रुपमा हामी मिति २०७७।०९।०६ गते वन फरेस्टर सरोज चौधरीसमेतले प्रारम्भिक नापजाँच गर्दा अन्दाजी ४ विगाहामा मसला, टिक जातका जम्मा ४०६ वटा रुखहरू कटान भएको तथा विभिन्न नाप साइजका मसला टिक आदि प्रजातिका गण्डाहरू ६९४ वटा तथा अन्दाजी दाउरा चट्टा -१ बरामद गरी माइस्थान पाटुगाछी स्थलमा सुरक्षित साथ राखेको छ भनी आरोपित कसुरमा इन्कारी रही बयान गरेको देखिन्छ।

३९. यसरी यी प्रतिवादीहरूले **अधिकार प्राप्त अधिकारीको बयान देखि नै आरोपित कसुरमा इन्कार रहेको देखिन्छ।** प्रतिवादीहरू मध्ये उमादेबी बुढाथोकी, धनकुमारी मगर भन्ने धनकुमारी, उर्मिला  थापा मगर, एम बहादुर थापा मागर, नन्दमाया खनाल, प्रेम बहादुर थापा, पूर्णबहादुर सुस्लिङ्ग मिति २०७७।०७।२८ मा तयार भएको सर्जमीन मुचुल्कामा साक्षी बसी सहीसम्म गरेको देखिन्छ। निज प्रतिवादीहरू गाउँघरका सर्वसाधारण व्यक्ति भई जग्गा नापजाँच

सम्बन्धी ज्ञान भएका भन्ने देखिंदैन। वनका कर्मचारी तथा नापी कार्यालयका कर्मचारीसमेतले नापजाँच गरेको सर्जमिन मुचुल्कामा सही गर्नु भनी भनेकाले सहीसम्म गरेको हो भनी मौकादेखि नै बयान गरेका देखिन्छ। यी प्रतिवादीहरू सार्वजनीक सम्पत्तिको हिनामिना गर्ने बदनियतले नै सर्जमीन मुचुल्कामा साक्षी बसेको भन्ने मिसिल संलग्न कागज प्रमाण देखिंदैन। भ्रष्टाचार जस्तो फौजदारी कसुरमा अन्य प्रमाणको अभावमा साक्षीसम्म बसेको कार्यले मात्र कसुर गरेको ठहर गर्न मिल्दैन।

४०. यसैगरी उक्त सर्जमीन मुचुल्कामा प्रतिवादी ओम प्रकाश खड्का मालपोत कार्यालयको प्रतिनिधिका रुपमा र प्रतिवादी शशी श्रेष्ठ गाउँपालिकाको प्रतिनिधिका रुपमा रोहबरमा बसी सही गरेको देखिन्छ। सर्जमीन मुचुल्काको रोहबरमा बस्दा बदनियतका साथ सहीछाप गरेको र जसको कारण सार्वजनीक सम्पत्तिको हिनामिना भएको भन्ने वस्तुनिष्ठ प्रमाणबाट पुष्टी हुनु पर्दछ। सर्जमिन मुचुल्का गर्दा कानूनको वैधानिकता पुरा गर्ने उद्देश्यले रोहबरमा बसेको आधारमा मात्र दोषी करार गर्न मिल्दैन।

४१. प्रतिवादीहरू सन्तोषकुमार साह, राजकिशोर झा, अजयकुमार यादव, राकेशकुमार यादव, नारायण ढुंगेल र दिलिप महतो उक्त सर्जमिन मुचुल्का गर्दा काम तामेल गर्ने वनका कर्मचारी देखिन्छन्। यी प्रतिवादीहरू माथि उल्लेख भए झै श्रेणी विहिन कर्मचारी रहेका देखिन्छन्। श्रेणी विहिन कर्मचारीहरूको अधिकांश दायित्व भनेको आफू भन्दा माथिल्लो दर्जाका कर्मचारीले अह्राएको/खटाएको काम गर्ने भन्ने नै हुन्छ। कार्यालयबाट सम्पादित हुने कार्यमा निर्णाय भूमिका रहदैन। उक्त सर्जमिन मुचुल्का तयार गर्दा वनका अधिकृतको उपस्थितमा भएको देखिन्छ। यस अवस्थामा उक्त सर्जमिन गर्दा हाकीमले लगाएको/अह्राएको काम गर्ने गरेको हो। कुनै बदनियत थिएन भन्ने निज प्रतिवादीहरूको बयानलाई अन्य प्रमाणको अभावमा अन्यथा भन्न मिल्ने देखिएन। यी प्रतिवादीहरूले बदनियतले नै कार्य गरेको हो भन्ने अभियोजन पक्षले पुष्टि गरेको देखिएन।

४२. **प्रतिवादी** चुडामणी पोखरेलले जग्गा धनी कृष्ण प्रसाद गौतम र लिलामणि आर्चायले दिएको निवेदनबमोजिम निज जग्गाधनीहरूको नाम दर्तामा रहेको बर्दिबास नगरपालिका -१, साबिक २५नं. बहादुरगञ्ज वडा नं. ३क कि.नं. २ को क्षेत्रफल १-२-११ जग्गामा रोपी हुर्केका रुखहरू कटान गरी व्यवस्थापनका लागि सिफारिस माग अनुसार नियमानुसार कटान आदेशका लागि बर्दिबास सव डिभिजन वन कार्यालयलाई वडा अध्यक्षको पदीय जिम्मेवारी अनुसार सिफारिस गरेको देखिन्छ। साबिक २५नं. बहादुरगञ्ज वडा नं. ३क कि.नं. २ को क्षेत्रफल १-२-११ जग्गा **कृष्ण प्रसाद गौतम र लिलामणि आर्चायको नाम दर्तामा रहेको तथ्यमा विवाद देखिदैन।** व्यक्तिको नाम दर्ताको निजी नम्बरी जग्गामा रोपेको कानूनले कटान गर्न मिल्ने रुखहरू कटान आदेशको लागि सिफारिस गर्नु गैरकानूनी कार्य देखिंदैन। प्रस्तुत मुद्दामा मिति २०७७।०९।०७ अख्तियार अनुसन्धान आयोगको कार्यालय बर्दिबासमा उजुरी परेको देखिन्छ। यी प्रतिवादी वडा अध्यक्ष चुडामणी पोखरेलले उजुरी पर्नु अगाडि नै कटान तथा घाट गद्दी गर्ने कार्य बन्द गरी यथास्थितिमा राख्नका लागि मिति २०७७।०९।०१ मा नै बर्दिवास सव-डिभिजन वन कार्यालयलाई पत्राचार गरेको देखिन्छ। आवश्यक सहयोगका लागि मालपोत कार्यालय बर्दिवास, इलाका प्रशासन इलाका बर्दिवास, इलाका प्रहरी बर्दिवाससमेतलाई बोधार्थ दिएको देखिन्छ।यी प्रतिवादीले बदनियतका साथ सिफारिस गरेको भन्ने मिसिल कागजबाट देखिदैन। बरु प्रस्तुत मुद्दामा अनुसन्धान प्रारम्भ हुनु अगावै कटान कार्य रोक्नका लागि पहल गरेकोसमेत देखिंदा यी प्रतिवादीले आरोपित कसुर गरेको भन्ने देखिएन।

४३. त्यस्तै प्रतिवादी हेमन्तप्रसाद साह डिभिजन वन कार्यालय, जलेश्वर, महोत्तरीका तत्कालीन डिभिजन वन अधिकृत रहेको देखिन्छ। कृष्णप्रसाद गौतम र लिलामणी आचार्यले आफ्नो नाम दर्ताको विभिन्न किसिमका रुखहरू कटान गरी पाउँ निवेदन दिएकोमा सहायक वन अधिकृत लक्ष्मणप्रसाद यादवले जाँचबुझ गरी पेस गरेको प्रतिवेदन र कटानी ईजाजत दिन मनासिव देखिन्छ भनी सहायक वन अधिकृत बेचन ठाकुरको राय सहितको सिफारीस आधारमा यी प्रतिवादीले जग्गाधी कृष्णप्रसाद गौतम र लिलामणी आचार्यको नाम दर्ताको रुख कटानका लागि मिति २०७७।०८।१७ मा इजाजत दिएको देखिन्छ। व्यक्तिको नाम दर्तामा रहेको जग्गामा रोपेको कानूनले कटान गर्न हुने रुखहरू कटानका लागि इजाजत दिनु आफैमा गैरकानूनी देखिंदैन। रुख कटानका लागि अनुमति लिनु अघि नै गैरकानूनी रुपमा

सामुदायिक वनको रुख काटन भएको भन्ने उजुरीसमेत देखिँदैन। यी प्रतिवादी हेमन्तप्रसाद साहले निजी आवादीको रुख कटान आदेश दिएकोमा कटान आदेशपश्चात् रुख कटान गर्दा वन क्षेत्रको रुख कटान भइ रहेको भन्ने जानकारी हुन साथ डिभिजन वन कार्यालयको कार्यालय प्रमुखका हैसियतले सहायक वन अधिकृत बेचन ठाकुर र फरेष्टर सरोज चौधरीलाई घटना स्थलमा जाँचबुझ गर्न च.नं.४८८ मिति २०७७।०९।०६ को पत्रबाट खटाएको देखिन्छ। पुनः नापजाँच तथा जग्गा यकिन गर्नका लागि च.नं.४९२ मिति २०७७।०९।०६ को पत्रबाट नापी कार्यालय महोत्तरीलाई पाँच दिन भित्र प्रतिवेदन पेस गर्न अनुरोध गरेको देखिन्छ।

४४. यसैगरी कटान भएको रुखहरूको सुरक्षित स्थानमा अबिलम्ब घाटगदी तथा संरक्षण गरी सोको लगत सहित डिभिजन वन कार्यालयमा जानकारी दिनका लागि रम्तेल डाँडा सामुदायिक वन उपभोक्ता समूहलाई च.नं.४९४ मिति २०७७।०९।०७ को पत्र पठाएको देखिन्छ। कटान आदेश भन्दा बढी रुख सङ्ख्या र जग्गाको क्षेत्रफलमा बढी रुख कटान भएको प्रतिवेदनका आधारमा सवडिभिजन कार्यालय बर्दिवासका प्रमुख लगायत अन्य कर्मचारीलाई स्पष्टीकरण सोधी अनुसन्धान कार्य सम्पन्न नहुन्जेलसम्म कार्यालय प्रमुखको नाताले निलम्बन गरी कारवाही प्रक्रिया अगाडि बढाएको देखिन्छ। उक्त घटनाको सम्बन्धमा कानूनबमोजिम जाँचबुझ अनुसन्धान गरी सम्बन्धित निकायमा मुद्दा दायर गर्न सहायक वनअधिकृत राम सुन्दर साहलाई मिति २०७७।०९।१२ मा अनुसन्धान अधिकृत तोकेको देखिन्छ। अनुसन्धान तहकिकात पुरा भए पछि सवडिभिजन कार्यालय बर्दिवासका प्रमुखसमेत २२ जना उपर वन अतिक्रमण तथा राष्ट्रिय वन पैदावर हटाउने ओसार पसार र बिक्री वितरण गर्ने सम्बन्धमा महोत्तरी जिल्ला अदालतमा मिति २०७७।१०।०८ मा अभियोग पत्र दायर गरेकोसमेत देखिन्छ। प्रतिवादी हेमन्तप्रसाद साहले गरेको यी सबै कार्यबाट सार्वजनिक सम्पत्ति हिनामिना तथा हानिनोक्सानी गर्ने कार्यमा संलग्न रहेको भन्ने देखिएन।

४५. अर्का प्रतिवादी बेचन ठाकुरलाई जग्गाधनी लिलामणी आचार्य र कृष्ण प्रसाद गौतमको संयुक्त नाममा दर्ता कायम रहेको जिल्ला महोत्तरी साबिक २५नं. बहादुरगञ्ज वडा नं. ३(क) कि.नं.२ को क्षेत्रफल १-२-११ रहेको निजी नम्बरी आवादीको जग्गावालाको हक भोगभित्र रहेकोले कटानी इजाजत दिन मनासिव देखिन्छ भनी राय सहितको सिफारीससम्म गरेको देखिन्छ। यी प्रतिवादीले उक्त राय आफ्नो मनखुशीले दिएको नभई सम्बन्धित क्षेत्रका सवडिभिजन कार्यालय बर्दिवासका प्रमुख सहायक वन अधिकृत लक्ष्मणप्रसाद यादवले जाँचबुझ गरी पेस गरेको प्रतिवेदनको आधारमा राय सहितको सिफारिस गरेको देखिन्छ। सो सिफारिस गर्दा यी प्रतिवादीको बदनियत रहेको भन्ने मिसिल संलग्न कागज प्रमाणबाट नदेखिंदा आरोपदाबीका आधारमा मात्र भ्रष्टाचार जस्तो कसुरमा दोषी करार गर्न मिल्ने देखिएन।

४६. यी प्रतिवादीहरू उपरको आरोपदाबी शङ्कारहित तवरबाट पुष्टि भएको देखिएन। निज प्रतिवादीहरूले अभियोग दाबी बमोजिमको कसुर गरेको हो भनी वादी नेपाल सरकारको तर्फबाट ठोस र वस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्ने सकेको नदेखिदा निज प्रतिवादीहरू हेमन्तप्रसाद साह, बेचन ठाकुर, राकेशकुमार यादव, ओमप्रकाश खड्का, नारायण ढुंगेल, दिलिप महतो, सन्तोषकुमार साह, राजकिशोर झा, उमादेवी बुढाथोकी, नन्दमाया खनाल भनिने नन्दमाया क्षेत्री, पुर्णबहादुर सुस्लिङ्ग, अजयकुमार यादव, प्रेमबहादुर थापा, धनकुमारी मगर भनिने धनकुमारी, शान्तादेवी श्रेष्ठ, एमबहादुर थापा मगर, उर्मिला थापा मगर र चुडामणि पोखरेलसमेतले आरोपदाबीबाट सफाइ पाउने ठहर्छ।

४७. अब प्रतिवादीहरू लक्ष्मणप्रसाद यादव, रामदरश राउत, शेरबहादुर राउत, सन्दिप नेपाली, कृष्णप्रसाद गौतम र लिलामणी आचार्यले आरोपित कसुर गरेको हो वा होइन भन्ने सम्बन्धमा विश्लेषण गर्नुपर्ने देखियो।

४८. यी प्रतिवादीहरू उपर दाबी लिएको कसुरको कानूनी प्रावधान हेर्दा, भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३(१) मा ***"राष्ट्रसेवक वा राष्ट्रसेवक हुन लागेको कुनै व्यक्तिले आफ्नो ओहदा वा सो सम्बन्धी कुनै काम गर्न वा गरिदिएबापत वा नगर्न वा नगरिदिएबापत वा आफ्नो ओहदा वा सो सम्बन्धी कुनै काम गर्दा कुनै व्यक्तिलाई मोलाहिजा वा अनिष्ट गर्न वा गराइदिएबापत वा नगर्न वा नगराइदिएबापत आफ्नो वा अरु कसैको निमित्त रिसवत लिएमा वा लिन मन्जुर गरेमा देहायबमोजिमको रिसवत लिनेलाई वा लिन मन्जुर गर्नेलाई कसुरको मात्रा अनुसार देहायबमोजिम कैद र बिगोबमोजिम जरिबाना हुनेछ। रिसवत लिइसकेको भए सो रिसवत समेत जफत हुनेछ"*** भन्ने व्यवस्था कानूनी व्यवस्था, दफा ३ को उपदफा (१) को देहाय (च) मा ***"दश लाख रुपैया भन्दा बढी पच्चिस लाख रुपैया सम्म दुई***

*वर्ष छ महिनादेखि चार वर्षसम्म कैद"* सोही ऐनको दफा १७ मा "*कुनै राष्ट्रसेवकले आफ्नो ओहदाको वा सो सम्बन्धी कर्तव्य पालन गर्दा नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्तिको लापरबाही वा बदनियत गरी हिनामिना, हानिनोक्सानी वा दुरुपयोग गरे गराएमा वा मासेमा वा निजी प्रयोगमा लगाएमानिजलाई कसुरको मात्रा अनुसार दफा ३ बमोजिमको सजाय हुनेछ र त्यसरीहिनामिना, हानिनोक्सानी वा दुरुपयोग गरेको वा मासेको वा मास्न दिएको सम्पत्ति पनि निजबाट असूल उपर गरिनेछ"* भन्ने कानूनी व्यवस्था, सोही ऐनको दफा १९(२) मा "*उपदफा (१) मा लेखिएदेखि बाहेक सरकारी निकाय वा सार्वजनिक संस्थाको कामको सिलसिलामा कुनै विषयको अध्ययन वा जाँचबुझ गरी प्रतिवेदन दिनुपर्ने कर्तव्य भएको राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिले त्यस्तोअध्ययन वा जाँचबुझ गरी प्रतिवेदन दिंदा बदनियतपूर्वक भए गरेका कुरा लुकाई छिपाई वा नभए नगरेका कुरा देखाई प्रतिवेदन दिएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्राअनुसार तीन महिनादेखि एक वर्षसम्म कैद र दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ"* भन्ने व्यवस्था रहेको र सोही ऐनको दफा २२ मा "*यस ऐनमा अन्यत्र छुट्टै व्यवस्था भएकोमा बाहेक यस ऐन अन्तर्गत सजाय हुने कुनै कसुरको मतियारलाई त्यस्तो कसुर गर्ने राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिलाई हुने सजायको आधा सजाय हुनेछ। तर, कसुर गर्ने राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिलाई त्यस्तो कसुर गरे बापत नगदी, जिन्सी, वा अन्य कुनै सुविधा वा लाभ उपलब्ध गराई दिने वा आफूले लिने मतियारलाई कसुर गर्ने व्यक्ति सरह नै सजाय हुनेछ"* भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ।

४९. प्रतिवादी लक्ष्मण प्रसाद यादव सव-डिभिजन वन कार्यालय, बर्दिबासका तत्कालीन सहायक वन अधिकृत,कार्यालय प्रमुखको जिम्मेवारीमा रहेको देखिन्छ। निज प्रतिवादीले अनुसन्धानको क्रममा तथा यस अदालतमा बयान गर्दा, डिभिजन वन कार्यालय महोत्तरीको पत्र प्राप्त भएपश्चात् नापी कार्यालय बर्दिबास, मालपोत कार्यालय बर्दिबासको प्रतिनिधि अमिन रामदरश राउत, रम्तेलडाँडा सामुदायिक वनको अध्यक्ष शेरबहादुर राउत लगायत सदस्यहरू तथा स्थानीयलाई जम्मा भेला गराई सबैको रोहबरमा अमिनले सो कि.नं.२ को जग्गा साँध सिमाना छुट्याई रुखहरूमा इनामेल रंगले चिनो लगाउने काम गरी रुखहरूको गणना कार्य सबैको रोहबरमा गर्दा १०० वटा रुखहरू निजको कि.नं. २ को १-२-११ क्षेत्रफलमा रहेको भनी प्रतिवेदनमा उल्लेख अमिनले गरी मुचुल्कासमेत गरी पछि सामुदायिक वनका अध्यक्षसङ्ग सोध्दा सामुदायिक वनको मिति २०७७।०८।१२ गतेको प्राप्त पत्रमा कि.नं. २ को क्षेत्रफल १-२-११ रहेको जग्गामा सिसौ, मसला लागयत १०० वटा रुख कटान गर्न मनासिव देखिएको उल्लेख भएपश्चात् सो रुखहरूको कटान आदेशको लागि सम्पूर्ण कागजको मूल्याङ्कन गरी डिभिजन वन कार्यालय महोत्तरीमा पेस गरेको हो। मैले सार्वजनिक सम्पत्तिको लापरबाही तथा बदनियतपूर्वक सार्वजनिक हानि हुने र व्यक्तिलाई लाभ हुने कुनै कार्य गरेको छैन भनी आरोपित कसुरमा इन्कार रहेको देखिन्छ। यी प्रतिवादी कटान भएको क्षेत्रको वन कार्यालयको प्रमुख रहेको तथ्यमा विवाद देखिएन।

५०. डिभिजन वन कार्यालय महोत्तरीले यीनै प्रतिवादीलाई कृष्ण प्रसाद गौतमसमेतको नाममा दर्ता रहेको साबिक २५नं. बहादुरगञ्ज गा.वि.स.वडा नं. ३(क) कि.नं. २ को क्षेत्रफल १-२-११ जग्गामा रोपेको रुखको जाँचबुझ गरी कटान इजाजतको लागि प्रतिवेदन पेस गर्न लगाएको देखिन्छ। निज प्रतिवादीसमेतले सर्जमीन मुचुल्का गरी सिसौ थान ५५, टिक थान १४, भलायो थान १३, मशाला थान १२, बाझी थान ६ गरी जम्मा रुख सख्या १०० टाँचाले निस्सा छाप लगाइ छपान भएको उक्त रुखहरू कटान गर्न कटान आदेश हुन भनी च.नं. २८ मिति २०७७।०८।१२ का पत्रबाट सिफारिस गरेको देखिन्छ। राम्तेलडाँडा सामुदायिक वन क्षेत्रमा हानिनोक्सानी भएको घटना स्थलमा काटिएको रुखका ठुटाहरू ४०६ वटा रहेको भनी माथि नै विवेचना भई सकेको छ। जग्गाधनी कृष्ण प्रसाद गौतम र लिलामणी आचार्यको माथि उल्लिखित कि.नं. २ को निजी आवादीको जग्गामा रुख कटान इजाजत दिएको भनिएकोमा उक्त निजी जग्गामा रुख कटान नभई रम्तेलडाँडा सामुदायिक वन क्षेत्रभित्र ४०६ वटा रुखहरू कटान भएको देखिन्छ। कटान आदेश पाए पश्चात पनि आफ्नो निगरानीमा काम गराउन अख्तियार पाएकोमा यी प्रतिवादीले गैर जिम्मेवारी बनी सामुदायिक वनका रुख कटान हुँदासमेत अन्देखा गरी वन क्षेत्रका रुखहरू व्यक्तिलाई लाभ हुने गरी वन अतिक्रमण हुने कार्य भएको देखिंदा निज प्रतिवादीको इन्कारी बयान विश्वासनीय देखिएन।

५१. यी प्रतिवादीसमेतको लापरबाही साथ बद्नियतपूर्वक कार्यले सरकार/सार्वजनिक संस्थालाई हानि हुने र व्यक्तिलाई लाभ

हुने गरी विभिन्न जातका जम्मा ४०६ वटा रुख कटान भई रु.११,९६,६९५।- मूल्यको वनपैदावार हानिनोक्सानी पुर्याई निज प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको देखिन आयो।

**५२.** अर्का प्रतिवादी रामदरश राउत नापी कार्यालय बर्दिबासका तत्कालीन अमिन पदमा रहेको देखिन्छ। निज बयानका क्रममा मैले प्रतिवेदन तयार नगरेको मलाई झुक्यानमा पारी सही गराएको प्रतिवेदन मुचुल्कालाई मैले गरे गराएको भनी लगाएको आरोपसमेत झुट्टा हो भनी इन्कार रहेको देखिए तापनि सो प्रतिवेदन उल्लेख भएको सहीछाप मेरो होइन भनी जिकिर लिन सकेको देखिएन। निज प्रतिवादी अमिन रामदरश राउतले मिति २०७७।०७।२८ गते पेस गरेको प्रतिवेदनमा १०० थान रुखहरू वन क्षेत्रको नभइ कृष्ण प्रसाद गौतमसमेतको निजी नम्बरी आवादी भित्र पर्ने भनि उल्लेख गरेको देखिन्छ।बर्दिवास नगरपालिका स्थित रम्तेलडाँडा सामुदायिक वन क्षेत्रमा हानिनोक्सानी भएको चार किल्लाभित्रको घटानस्थलमा काटिएका रुखका ठुटाहरूको, बरामद भएको विभिन्न जातका गोलिया काठहरूको विवरणमा कटान भएका रुखहरू सम्पूर्ण सामुदायिक वन क्षेत्र भित्रका रहेको र टाँचा प्रयोग भई छपान भएका रुखहरूसमेत सोही कटान भएका सामुदायिक वन क्षेत्र भित्रका रुखहरू रहेको भनी फिल्ड प्रतिवेदन बेहोरामा उल्लेख भएको देखिंदा यी प्रतिवादी रामदरश राउतले दिएको प्रतिवेदन वस्तुनिष्ठ देखिएन। निज प्रतिवादीले आरोपदाबी बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको देखियो।

**५३. प्रतिवादी** लक्ष्मण प्रसाद यादवले आफ्नो कार्यक्षेत्र अन्तर्गतका सामुदायिक वनको संरक्षण गर्ने दायित्वमा रही जाँचबुझ गरी स्थलगत सर्जमिन मुचुल्का, प्रतिवेदन दिनुपर्ने जिम्मेवारी भएका निज प्रतिवादीले रम्तेलडाँडा सामुदायिक वन क्षेत्रमा पर्ने रुखहरूलाई जग्गाधनी कृष्णप्रसाद गौतम समेतको निजी नम्बरी आवादी भित्र पर्ने रुखहरू भनी किटान गरी प्रतिवेदन पेस गरको र प्रतिवादी रामदरश राउतले रम्तेलडाँडा सामुदायिक वन क्षेत्रमा पर्ने रुखहरूलाई साबिक २५ नं. बहादुरगञ्ज वडा नं. ३ (क) कि.नं.२ क्षेत्रफल १-२-११ को निजी नम्बरी आवादी भित्र पर्ने बेहोरा खुलाई काट्न मिल्ने रुखहरू नै नभएको जग्गामा विभिन्न जातका जम्मा १०० वटा रुख छन् भनी निजी नम्बरी आवादी भित्रको रुखहरू भनी गलत प्रतिवेदन दिई बद्रियतपूर्वक भए गरेका कुरा लुकाई छिपाई/नभए नगरेका कुरा देखाई प्रतिवेदन दिएको देखिंदा निज प्रतिवादी लक्ष्मण प्रसाद यादव र रामदरश राउतले ऐ. ऐनको दफा १९ को उपदफा (२) को कसुरसमेत गरेको देखिन आयो।

**५४.** प्रतिवादी शेरबहादुर राउत रम्तेलडाँडा सामुदायिक वन उपभोक्ता समितिका तत्कालील अध्यक्ष पदमा रहेको देखिन्छ।निजल् **अनुसन्धानको क्रममा तथा यस अदालतमा बयान गर्दा** मैले आरोपदाबी बमोजिम कुनै पनि कार्य गरेको छैन भनी आरोपित कसुरमा इन्कारी रहेको देखिन्छ। आफू अध्यक्ष भएको रम्तेलडाँडा सामुदायिक वन क्षेत्र के कति पर्दछ भन्ने थाहा जानकारी छैन भनी यी प्रतिवादीले जिकिर लिएको देखिंदैन। निज प्रतिवादीसमेतको उपस्थितिमा सर्जमिन मुचुल्का भएको देखिन्छ। सो सर्जमिन मुचुल्कामा १०० वटा रुखहरूको पहिचान गरिएको छ। टाँचा प्रयोग भएका रुखहरूसमेत सामुदायिक वन क्षेत्र भित्रका रुखहरू रहेको भनी माथि नै विवेचना भैसकेको छ। सिसौ ५५, टिक १४, भलायो १३, मसाला १२, बाझी ६ जम्मा रुख सख्या १०० थान कटान गर्नका लागि रम्तेलडाँडा सामुदायिक वन उपभोक्ता समूहको अध्यक्ष प्रतिवादी शेर बहादुर राउतले मिति २०७७।०८।१२ मा बर्दिवास सवडिभिजन वन कार्यालयलाई कटान आदेशका लागि सिफारिस गरेको देखिन्छ। सो सिफारिस गर्दा उक्त वन उपभोक्ता समितिको कुनै निर्णयसमेत देखिंदैन।

**५५.** यी प्रतिवादी शेरबहादुर राउतले रम्तेलडाँडा सामुदायिक वन क्षेत्रमा पर्ने रुखहरूलाई निजी नम्बरी आवादीको जग्गाको रुखहरू भएको भनी रुखहरूको विवरण किटान गरी, रुख कटान गरी बिक्री वितरण भएमा कोही कसैलाई फरक नपर्ने भनी जग्गाधनीको माग अनुसार रुखहरू कटानसमेतको लागि कटान आदेश दिन किटानी राय सहित रम्तेलडाँडा सामुदायिक वनको रुख कटान गर्नका लागि सिफारिस गर्नुका साथै उक्त रूखहरू निज जग्गाधनीहरूको जिल्ला महोत्तरी साबिक २५ नं. बहादुरगञ्ज वडा नं. ३(क) कि.नं. २ क्षेत्रफल १-२-११ को निजी नम्बरी आवादीको जग्गाको रुखहरू भएको, उक्त जग्गा ऐलानी, पर्ति, सरकारी तथा बसोवास वा पुनर्वास गरिएको जग्गा नभएको भनी निजी नम्बरी आवादीको जाँचबुझ सर्जमिन मुचुल्कामा रम्तेलडाँडा सामुदायिक वन उपभोक्ता समूहको प्रतिनिधिको रुपमा

दस्तखत गरी अधिकारको दुरुपयोग गरी नेपाल सरकारलाई गैरकानूनी हानी पुऱ्याउने बद्रियतले काम गरी रु.११,९६,६९५।- मूल्यको वनपैदावार हानिनोक्सानी हुने र व्यक्तिलाई लाभ हुने गरी विभिन्न जातका जम्मा ४०६ वटा रुख कटान भई वन अतिक्रमण हुने गरी भए गरेको कामबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको देखियो।

५६. **प्रतिवादी सन्दिप नेपाली उक्त रुखहरू काट्ने ठेकेदार रहेको देखिन्छ।** निजले बयानका क्रममा आरोपित कसुरमा इन्कार रहे तापनि ज्यालादारीमा करिब १०० वटा रुखहरू कटान गर्नका लागि आदेश पाएको र करीब २५ वटा रुखहरू काटेको तथ्य स्वीकार गरेकै पाइन्छ। कटानको आदेश १०० वटा रुखको भए पनि विभिन्न जातका जम्मा ४०६ वटा रुखहरू कटान भएको र सो कटान भएको रुखहरू रम्तेलडाँडा सामुदायिक वन क्षेत्रको रहेको भन्ने तथ्यमाथि नै उल्लेख भैसकेको छ। यसरी निजी नम्बरी आवादीको जग्गामा नभइ सामुदायिक वन क्षेत्रको रुखहरू कटान गरी यी प्रतिवादीले सरकारी सार्वजनिक सम्पत्ति हानिनोक्सानी पुर्याइ आफुसमेतले लाभ लिई/दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरको मतियार भई ऐ. ऐनको दफा २२ को कसुर गरेको पुष्टि हुन आयो।

५७. यसै गरी **प्रतिवादी कृष्णप्रसाद गौतम र लिलामणि आचार्य** साबिक २५नं. बहादुरगञ्ज वडा नं. ३(क) कि.नं. २ को क्षेत्रफल १-२-११ जग्गाका जग्गाधनी रहेको पाइयो । निज प्रतिवादीहरूले कानूनी प्रक्रिया पुरा गरेर ठेकेदारलाई वनले छपान गरेर छुटयाएको रुख काट्ने सम्झौताको कागज गरी दिएको हो भनी बयान गरेको देखिन्छ। प्रतिवादी जग्गाधनीहरूले आफ्नो नामदर्तामा रहेको जग्गामा नरहेको नभएको रुख कटानका लागि डिभिजन वन कार्यालय महोत्तरीमा निवेदन दिई सुरुआत चरणमा नै बदनियत लिएको देखियो। यसरी प्रतिवादीहरूले आफ्नो नाम दर्ताको जग्गामा रहेको रुखहरू कटान गर्ने भनी आदेश लिई रम्तेलडाँडा सामुदायिक वन क्षेत्रभित्रको रुखहरू कटान गरी बिक्री गरी नेपाल सरकारलाई गैरकानूनी हानिनोक्सानी पुऱ्याउने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरको मतियारमा दफा २२ बमोजिमको कसुर गरेको देखिन आयो ।

५८. अतः माथि विवेचित आधार र कारणबाट प्रतिवादीहरू लक्ष्मणप्रसाद यादव, रामदरश राउत र शेरबहादुर राउतको रुख कटानको अनुमति प्रदान गर्ने प्रक्रियामा रु.११,९६,६९५।- मूल्यको वनपैदावार हानिनोक्सानी गर्ने कार्यमा रहेको भूमिका लापरवाही युक्त र बदनियत पूर्ण देखिएकोले, निज प्रतिवादीहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको ठहर्छ। साथै प्रतिवादीहरू लक्ष्मणप्रसाद यादव र रामदरश राउतले गलत प्रतिवेदन दिई उक्त ऐनको दफा १९(२) को कसुरसमेत गरेको ठहर्छ।

५९. प्रतिवादीहरू कृष्णप्रसाद गौतम, लिलामणी आचार्य र सन्दिप नेपालीले जानाजान बदनियत राखी सामुदायिक वनक्षेत्रको रुखहरूलाई व्यक्ति विशेषको दर्ताभित्रको जग्गाको रुख रहेको भनी कटानको माग गर्ने, सिफारिस गर्ने र कटानसमेतको कार्य गरी सरकारलाई हानिनोक्सानी पुग्ने कार्यमा सहयोग गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को मतियार भई उक्त ऐनको दफा २२ को कसुर गरेको ठहर्छ। अन्य प्रतिवादीहरूले आरोपित कसुर गरेको पुष्टि हुन नआएकोले आरोपदाबीबाट सफाइ पाउने ठहर्छ।

६०. कसुर ठहर भएका प्रतिवादीहरूलाई के कति सजाय हुने हो भन्ने सम्बन्धमा फौजदारी कसुर (सजाय तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ८ र ९ को प्रयोजनार्थ मिति २०८१।०३।२५ को पेसी तोकी सो पेसी अगावै दुवै पक्षका विद्वान् कानून व्यवसायीहरूबाट सजायपूर्वको प्रतिवेदन लिई नियमानुसार पेस गर्नू भनी आदेश भएको।

६१. सो आदेशानुसार वादीको तर्फबाट विशेष सरकारी वाकिल कार्यालयका उपन्यायाधिवक्ता श्री गोपाल लामिछाने र प्रतिवादीहरू लिलामणि आचार्य र कृष्णप्रसाद गौतमको तर्फबाट विद्वान् अधिवक्ता श्री राजन प्रसाद दाहाल, प्रतिवादी लक्ष्मण प्रसाद यादवको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री सूर्य प्रसाद कोइराला, विद्वान् अधिवक्ता श्री गोपाल प्रसाद अर्यालले सजायपूर्वको प्रतिवेदन पेस गर्नुभएको।

## सजाय निर्धारण खण्ड

६२. नियमबमोजिम पेसी सूचीमा चढी सजाय निर्धारणको सुनुवाइका लागि इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको सजायपूर्वको प्रतिवेदन सहित सक्कल मिसिल अध्ययन गरीयो।

६३. वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालयका विद्वान्  उपन्यायाधिवक्ता श्री गोपाल लामिछानेले प्रतिवादीहरू लक्ष्मणप्रसाद यादव, रामदरश राउत र शेरबहादुर राउत सार्वजनिक पद धारण गरेका व्यक्तिले आफ्नो पदिय कर्तव्य पुरा नगरी अख्तियारको दुरुपयोग गरी कसुर गरेको र प्रतिवादीहरू कृष्णप्रसाद गौतम, लिलामणी आचार्य र सन्दिप नेपालीले जानाजान बदनियत राखी सामुदायिक वन क्षेत्रका रुखहरूलाई व्यक्ति विशेषको दर्ता भित्रको जग्गाको रुख भनी कटान माग गरी अनुमति लिएको भन्दा बढी रुख कटानसमेत गरेकाले अधिकतम सजाय गरी पाउँ भनी गर्नुभएको बहस सुनियो ।

६४. प्रतिवादी लक्ष्मण प्रसाद यादवको तर्फबाट विद्वान् अधिवक्ता श्री गोपाल अर्याल, प्रतिवादी शेर बहादुर राउतको तर्फबाट विद्वान् अधिवक्ता श्री पवन जैसवाल, प्रतिवादीहरू कृष्ण प्रसाद गौतम, लिलामणी आचार्य, रामदरश राउतको तर्फबाट विद्वान् अधिवक्ताहरू श्री सुप्रेक्षा जोशीले यी प्रतिवादीहरूले लिलामणी आचार्य र कृष्ण प्रसाद गौतमको संयुक्त नाममा दर्ता कायम रहेको जिल्ला महोत्तरी साबिक २५ नं. बहादुरगञ्ज वडा नं. ३(क) कि.नं.२ को क्षेत्रफल १-२-११ रहेको निजी नम्बरी आवादीको जग्गामा रहेको रुखहरू कटानका लागि आदेश लिई कटानसमेत गरेकोमा तथ्यको भ्रममा परी भएको कार्यमा बढी सजाय गर्नुपर्ने अवस्था नहुँदा न्यूनतम सजाय गरी पाउँ भनी गर्नुभएको बहससमेत सुनियो ।

६५. अव, सजाय निर्धारण तर्फ हेर्दा, प्रतिवादीहरू लक्ष्मणप्रसाद यादव, रामदरश राउत र शेरबहादुर राउतको रुख कटानको अनुमति प्रदान गर्ने प्रक्रियामा रु.११,९६,६९५।- मूल्यको वनपैदावार हानिनोक्सानी गर्ने कार्यमा भूमिका रही निज प्रतिवादीहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको साथै प्रतिवादीहरू लक्ष्मणप्रसाद यादव र रामदरश राउतले उक्त ऐनको दफा १९(२) को कसुरसमेत गरेको र प्रतिवादीहरू कृष्णप्रसाद गौतम, लिलामणी आचार्य र सन्दिप नेपालीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को मतियार भई उक्त ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशको कसुर गरेको कसुर ठहर खण्डमा विवेचना भैसकेको छ ।

६६. भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ मा "*कुनै राष्ट्रसेवकले आफ्नो ओहदाको वा सो सम्बन्धी कर्तव्य पालन गर्दा नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्तिको लापरबाही वा बदनियत गरी हिनामिना, हानिनोक्सानी वा दुरुपयोग गरे गराएमा वा मासेमा वा निजी प्रयोगमा लगाएमा निजलाई कसुरको मात्रा अनुसार दफा ३ बमोजिमको सजाय हुनेछ र त्यसरी हिनामिना, हानिनोक्सानी वा दुरुपयोग गरेको वा मासेको वा मास्न दिएको सम्पत्ति पनि निजबाट असूल उपर गरिनेछ*" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । यसै गरी ऐ. ऐनको दफा ३(१) मा "*राष्ट्रसेवक वा राष्ट्रसेवक हुन लागेको कुनै व्यक्तिले आफ्नो ओहदा वा सो सम्बन्धी कुनै काम गर्न वा गरिदिएबापत वा नगर्न वा नगरिदिएबापत वा आफ्नो ओहदा वा सो सम्बन्धी कुनै काम गर्दा कुनै व्यक्तिलाई मोलाहिजा वा अनिष्ट गर्न वा गराइदिएबापत वा नगर्न वा नगराइदिएबापत आफ्नो वा अरु कसैको निमित्त रिसवत लिएमा वा लिन मन्जुर गरेमा देहाय बमोजिमको रिसवत लिनेलाई वा लिन मन्जुर गर्नेलाई कसुरको मात्राअनुसार देहायबमोजिम कैद र बिगोबमोजिम जरिबाना हुनेछ । रिसवत लिइसकेको भए सो रिसवत समेत जफत हुनेछ*" भन्ने व्यवस्था कानूनी व्यवस्था रही दफा ३ को उपदफा (१) को देहाय (च) मा "*दश लाख रुपैया भन्दा बढी पच्चिस लाख रुपैयाँसम्म दुई वर्ष छ महिनादेखि चार वर्षसम्म कैद*"  हुने व्यवस्था रहेको देखिन्छ। सोही ऐनको दफा १९(२) मा "*उपदफा (१) मा लेखिएदेखि बाहेक सरकारी निकाय वा सार्वजनिक संस्थाको कामको सिलसिलामा कुनै विषयको अध्ययन वा जाँचबुझ गरी प्रतिवेदन दिनुपर्ने कर्तव्य भएको राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिले त्यस्तोअध्ययन वा जाँचबुझ गरी प्रतिवेदन दिंदा बदनियत पूर्वक भए गरेका कुरा लुकाई छिपाई वा नभए नगरेका कुरा देखाई प्रतिवेदन दिएमा त्यस्तो व्यक्तिलाइ कसुरको मात्रा अनुसार तीन महिनादेखि एक वर्षसम्म कैद र दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ*" भन्ने व्यवस्था रहेको र सोही ऐनको दफा २२ मा "*यस ऐनमा अन्यत्र छुट्टै व्यवस्था भएकोमा बाहेक यस ऐन अन्तर्गत*

*सजाय हुने कुनै कसुरको मतियारलाई त्यस्तो कसुर गर्ने राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिलाई हुने सजायको आधा सजाय हुनेछ। तर, कसुर गर्ने राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिलाई त्यस्तो कसुर गरे बापत नगदी, जिन्सी, वा अन्य कुनै सुविधा वा लाभ उपलब्ध गराई दिने वा आफूले लिने मतियारलाई कसुर गर्ने व्यक्ति सरह नै सजाय हुनेछ"* भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ।

६७. कानूनमा भएको उक्त व्यवस्था अनुसार के कति सजाय निर्धारण गर्ने भन्ने सम्बन्धमा हेर्दा, मुलुकी अपराध संहिता, २०७४ को दफा ३८ मा रहेको कसुरको गंभिरता वढाउने आधार र दफा ३९ मा रहेको कसुरको गंभिरता घटाउने आधार, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १३ मा रहेको सजायको उद्देश्य, दफा १४ मा रहेको सजाय निर्धारण गर्दा विचार गर्न पर्ने कुराहरू र दफा १५ मा रहेको सजाय निर्धारण गर्ने आधारहरू एवम् सर्वोच्च अदालतबाट जारी सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन, २०७५ का व्यवस्थाहरूलाई आधारको रुपमा ग्रहण गरी सजाय निर्धारण गर्नुपर्ने देखियो।

६८. यी प्रतिवादीहरूले सरकार/सार्वजनिक संस्थालाई हानी हुने र व्यक्तिलाई लाभ हुने गरी विभिन्न जातका जम्मा ४०६ वटा रुख कटान भई रु.११,९६,६९५।- मूल्यको वनपैदावार हानिनोक्सानी पुर्याएको भनी माथि नै विवेचना भइसकेको छ। दश लाख रुपैयाँ भन्दा बढी पच्चीस लाख रुपैयाँसम्म बिगो रहेको कसुरमा दुई वर्ष छ महिनादेखि चार वर्षसम्म कैद हुने भन्ने माथि उल्लिखित कानूनी व्यवस्था रहेको देखियो। यस परिप्रेक्ष्यमा कानूनले निर्धारण गरेको न्युनतम सजाय गर्दा पनि विधायिकी मनसाय पुरा हुने देखियो।

६९. अतः निज प्रतिवादीहरूको पदीय जिम्मेवारी, संलग्नता, कसुरको गम्भिरता तथा ठहर भएको बिगोसमेतको आधारबाट प्रतिवादीहरू लक्ष्मणप्रसाद यादव, रामदरश राउत र शेरबहादुर राउतलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(च) बमोजिम जनही २ वर्ष ६ महिना कैद र बिगोको दामासाहीले जनही रु.१,९९,४४९।१६ जरिबाना र उक्त ऐनको दफा १७ बमोजिम जनही रु.१,९९,४४९।१६ बिगो असुल हुने ठहर्छ। प्रतिवादीहरू लक्ष्मणप्रसाद यादव र रामदरश राउतलाई उक्त ऐनको दफा १९(२) बमोजिम जनही ३ महिना कैद र रु.१०,०००।- जरिबाना हुने ठहर्छ। साथै प्रतिवादीहरू कृष्णप्रसाद गौतम, लिलामणी आचार्य, सन्दिप नेपालीलाई मुख्य कसुरदार सरह उक्त ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम २ वर्ष ६ महिना कैद र बिगोको दामासाहीले जनही रु.१,९९,४४९।१६ जरिबाना र उक्त ऐनको दफा १७ बमोजिम जनही रु.१,९९,४४९।१६ बिगो असुल हुने ठहर्छ। अरुमा तपसिलबमोजिम गर्नू।

**सदस्य** **सदस्य** **अध्यक्ष**

**फैसला तयार गर्न सहयोग पुऱ्याउनेः-**
इजलास अधिकृतः सागर भण्डारी
कम्प्युटर अपरेटरः कल्पना पराजुली
कसुर ठहर मितिः२०८१।३।१२।४
प्रमाणिकरण मितिः२०८१।१२।३१

इति सम्वत् २०८१ साल असार २५ गते रोज ३ शुभम्.........................................................।

**श्री विशेष अदालत**
**सदस्य माननीय न्यायाधीश डा. श्री खुशी प्रसाद थारु**
**सदस्य माननीय न्यायाधीश श्री राम बहादुर थापा**
**सदस्य माननीय न्यायाधीश श्री मुरारीबाबु श्रेष्ठ**
**फैसला**
**इजलास नं. २**
**मुद्दा नं.ः ०८०-CR-०१४०**
**दर्ता मितिः २०८०/१२।१४**
**कसुर ठहर मितिः २०८१।०७।२८**
**कसुर ठहर नि.नं.ः२१**
**सजाय निर्धारण फैसला मितिः २०८१/०८/१०**
**सजाय निर्धारण नि.नं.ः १**

**मुद्दाः गैरकानूनी लाभहानि हुने गरी भ्रष्टाचार गरेको।**

**बादी** : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृत परिक्षित.प.कडरियाको प्रतिवेदनले नेपाल सरकार।

**विरुद्ध**

**प्रतिवादी** : सिराहा जिल्ला, कर्जन्हा नगरपालिका वडा नं.६ बस्ने बच्चेलाल पासमानको नाति, बिल्टु पासमानको छोरा कर्जन्हा नगरपालिका सिराहाका तत्कालीन नगरप्रमुख वर्ष ४१ का **गंगा पासमान** (ना.प्र. नं.१५३०९२/१११,सिराहा,जारी मिति २०६३/१०/२४, सम्पर्क नं.९८०६३८४३९०) समेत।

- राष्ट्रसेवकले कर्तव्य पालन गर्ने क्रममा कुनै कार्य गर्दा वा कुनै कार्य नगर्दा सम्भावित दुष्परिणाम वा हानिनोक्सानी हुन सक्ने पूर्वाभासयोग्य (Foreseeability) अवस्थाको विद्यमानता देखिंदा देखिंदै राष्ट्रसेवकले यस्ता कार्य गरेको वा कार्य गर्न चुकेको देखिएमा लापरवाहीपूर्वक कर्तव्य गरेको मानिन्छ। सम्पत्तिको हानिनोक्सानीको निकटस्थ कारण (Proximity test) निजै राष्ट्रसेवकको कार्य वा कर्तव्यहीनता (act or omission) रहेको देखिनुपर्छ। राष्ट्रसेवकले संविधान र कानूनबमोजिमको कर्तव्य निर्वाह गरेको परिणामस्वरुप सरकारी सम्पत्तिको हानिनोक्सानीको अवस्था घटेको अवस्थामा फौजदारी दायित्व थोपर्दा स्वच्छ, न्यायशील र तर्कसङ्गत (Fairness, justness and reasonableness) ढङ्गले हेर्नुपर्छ।

(प्रकरण नं. २९)

- नगरसभाको स्वविकेकीय अधिकार (Discretionary power ) प्रयोग गरी नगरसभाबाट भएको राजनीतिक निर्णय रहेको भन्ने देखिंदा राजनीतिक निर्णयको हदसम्म सोको अन्तरवस्तुमा प्रवेश गरी न्याय निरुपण गर्न मिल्दैन।

(प्रकरण नं. ३२)

- कुनै निर्णय ओहदाको हैसियतका आधारमा मात्र नीतिगत हुन सक्दैन बल्कि निर्णयको प्रकृति (Nature of decision ) का आधारमा निक्यौंल गर्न मिल्छ। बजेट विनियोजन जस्ता विषयलाई नीतिगत विषय मान्नुपर्छ। कानूनी स्वविवेको हदभित्रका निर्णयहरूमा सम्पत्तिको हानिनोक्सानी भएमा लापरवाहीको दायित्व बोकाउन मिल्दैन।

(प्रकरण नं. ३८)

## ठहर खण्ड

१. विशेष अदालत नियमावली २०८० नियम ४३ र ४४ बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री श्रीधर अर्यालले प्रतिवादीहरूले निर्माण हुने स्थान यकिन नै नगरी प्रशासनिक भवन निर्माणका लागि बोलपत्र आव्हान गरेको सम्झौता गरेको, अग्रिम पेस्की रकम दिएको र काम प्रारम्भ नै नभएको अवस्थामा बैंक जमानत दाबी नगरी नगरपालिकाको रकम हानिनोक्सानी भएकोले आरोपदाबी बमोजिम सबै प्रतिवादीहरूलाई सजाय गरी पाउँ भनी गर्नुभएको बहस सुनियो।

२. प्रतिवादी गंगा पासवानका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री जयकुमार गोईत र विद्वान् अधिवक्ता श्री रामपुकार महतोले प्रतिवादीले प्रशासनिक भवन निर्माणका लागि नगरसभाबाट निर्णय गरेको, नगरसभाको अरु कसैलाई पनि प्रतिवादी नबनाइएको, पेस्की रकम दिने कार्यमा संलग्न नरहेको तथा बैंक ग्यारेण्टी दाबी गर्ने भूमिका यी प्रतिवादीको नरहेकोले आरोपदाबीबाट सफाइ दिलाई पाउँ भनी गर्नुभएको बहस सुनियो।

३. प्रतिवादी जगदीश मण्डलका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री सतीसकृष्ण खरेल र विद्वान् अधिवक्ता श्री शिव प्रसाद कोइरालाले यी प्रतिवादी प्रशासनिक अधिकारी रहेको, ठेक्का बन्दोबस्तको जिम्मेवारीमा नरहेको, नगरपालिकाको निर्णय कार्यान्वयन गर्नेपर्ने हैसियतमा रहेको, पेस्की रकम फिर्ता गर्ने बैंक जमानत दाबी गर्ने हैसियतमा नरहेकाले निज प्रतिवादीलाई सफाइ दिलाई पाउँ भनी गर्नुभएको बहस सुनियो।

४. प्रतिवादी बुद्धिमान दनुवारका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री कृष्ण प्रसाद सापकोटा र विद्वान् अधिवक्ता श्री प्रमानन्द महतोले नगरपालिकाको निर्णयबमोजिम नै यी प्रतिवादीले सम्झौतामा हस्ताक्षर गरेको, सङ्घीय मन्त्रालयबाट केन्द्र परिवर्तनको निर्णय नआएकोले यस्तो अवस्था आएकोले प्रतिवादीको बदनियत नरहेको, राजनीतिक कारणले भवन निर्माण कार्य हुन नसकेमा भ्रष्टाचार हुन नसक्ने भएकोले प्रतिवादीलाई सफाइ दिलाई पाउँ भनी गर्नुभएको बहस सुनियो।

५. प्रतिवादी प्रविण कुमार महतोका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री सुवास आचार्य र अपूर्व खतिवडाले नगरपालिकाको निर्णय र माथिल्लो पदाधिकारीको आदेश बमोजिम यी प्रतिवादीले रकम भुक्तानी सम्म गरेकोले लाए अऱ्हाएको काम गर्ने व्यक्तिको बदनियत पुष्टि हुन नसक्ने बैंक जमानत दाबी गर्न सम्झौता अन्त्य हुनुपर्छ सो नभएकोले यी प्रतिवादीको कुनै त्रुटी नरहेकोले निज प्रतिवादीलाई सफाइ दिलाई पाउँ भनी गर्नुभएको बहस सुनियो।

६. प्रतिवादी वैजनाथ यादवका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री अवतार न्यौपाने र पंकज कुमार कर्णले यी प्रतिवादीले सम्झौताबमोजिम काम गर्न नगरपालिकाले स्थान उपलब्ध गराउन नसकेकोले काम रोकिएको हो। सम्झौताको शर्त यी प्रतिवादी उल्लङ्घन नगरेकाले मतियारको दाबी पुग्न नसक्ने र सम्झौताको विषय करारीय दायित्वको देवानी विषय रहेकोले भ्रष्टाचार हुन नसक्ने भनी गर्नुभएको बहस सुनियो।

७. कर्जन्हा नगरपालिका, नगरकार्यपालिकाको कार्यालयले सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ को उपनियम (३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई निर्माण कार्यको खरिद कारबाही शुरू गर्न नहुने कानूनी प्रावधानको परिपालना नगरेको, निर्माणस्थलको अन्तिम टुङ्गो लागि नसकेको अवस्थामा ठेक्का सम्झौता गरी राज्यलाई रु.१२,१८,३२,६१४।-(भ्याट सहित) को दायित्व सिर्जना गरेको, ठेक्का सम्झौता गरी जेभी फर्मलाई रु.१,०८,००,०००।—(एक करोड आठ लाख रुपैयाँ) मोबिलाइजेसन पेस्की रकम भुक्तानी गरेको, उक्त भवनको निर्माण कार्य शुरू हुने अवस्था नदेखिएको हुँदा हुदै मोबिलाइजेसन पेस्की जमानतको मान्य अवधि समाप्त हुँदासमेत मान्य अवधि थप गर्ने वा बैंक जमानत जफत गर्नेतर्फ पहल नगरी मोबिलाइजेसन पेस्की बापतको रकम रु.१,०८,००,०००।—(एक करोड आठ लाख रुपैयाँ) बराबरको हानिनोक्सानी पुऱ्याएको भनी देहाय बमोजिमका प्रतिवादीहरूलाई देहायबमोजिमको कसुरमा सजाय हुन मागदाबी लिइएको देखिन्छः

- तत्कालीन नगर प्रमुख गंगा पासमान र तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत जगदीश मण्डलका हकमाः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा व्यवस्था रहेको सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई बोलपत्र आव्हान गर्न नहुने प्रावधान विपरीत स्थानीय तहको केन्द्र परिवर्तन नहुँदै प्रशासनिक भवन बनाउनको लागि बोलपत्र आव्हानको निर्णय गरी सार्वजनिक सम्पत्तिको बदनियतपूर्वक हानिनोक्सानी गराउने कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर भएको हुँदा निजहरू उपर रु १,०८,००,०००।-( एक करोड आठ लाख रुपैयाँ) बिगो कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेअनुसार दफा ३(१)(झ) र ३(१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुलउपर हुन।
- तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत बुद्धिमान दनुवार र लेखापाल प्रवीन कुमार महतोका हकमाः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा व्यवस्था रहेको सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई बोलपत्र आव्हान गर्न नहुने प्रावधान विपरीत स्थानीय तहको केन्द्र परिवर्तन नहुँदै र उच्च अदालत जनकपुर, राजविराजबाट भएको आदेशको परिपालन नगरी प्रशासनिक भवन बनाउनको लागि सम्झौता गर्ने निर्णय गरेको, सोही सम्झौताको आधारमा सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५२(क) अनुसार निर्माण व्यवसायीलाई खरिद सम्झौतापश्चात् पेस्की रकम रु.१,०८,००,०००।- दिई योजनाको निर्माण अवधि तथा Advance Payment Guarantee को म्याद समाप्त भैसक्दा पनि मान्य अवधि थप गर्ने वा बैंक जमानत जफत गर्ने तर्फ पहल नगरी सार्वजनिक सम्पत्तिको बदनियतपूर्वक हानिनोक्सानी गराउने कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर भएको हुँदा निजहरू उपर रु.१,०८,००,०००।-(एक करोड आठ लाख रुपैयाँ) बिगो कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेअनुसार दफा ३(१)(झ) र ३(१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुलउपर हुन।
- निर्माण व्यवसायी महालक्ष्मी/ पाण्डे एण्ड कम्पनी/ड्रागन जे.भी.का आधिकारिक प्रतिनिधि बैजनाथ यादवका हकमाः कर्जन्हा नगरपालिकाको प्रशासनिक भवन निर्माणको लागि advance payment guarantee राखी mobilization पेस्की भुक्तानी लिई हालसम्म पनि निर्माण कार्य शुरू नगरेको र advance payment guarantee को म्याद समाप्त भैसक्दा पनि म्याद थप वा फिर्ता दाखिला नगरी सार्वजनिक सम्पत्तिको बदनियतपूर्वक हानिनोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरको मतियार भई सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम कसुर गरेको देखिदा निजउपर रु १,०८,००,०००।-(एक करोड आठ लाख रुपैयाँ) बिगो कायम गरी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम मुख्य कसुरदारलाई हुने सरह नै सजाय हुन।
- निर्माण व्यवसायी महालक्ष्मी/पाण्डे एण्ड कम्पनी/ड्रागन जे.भीको हकमाः कर्जन्हा नगरपालिकाको प्रशासनिक भवन निर्माणको लागि advance payment guarantee राखी mobilization पेस्की भुक्तानी लिई हालसम्म पनि निर्माण कार्य शुरू नगरेको र advance payment guarantee को म्याद समाप्त भैसक्दा पनि म्याद थप वा फिर्ता दाखिला नगरी सार्वजनिक सम्पत्तिको बदनियतपूर्वक हानिनोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरको मतियार भई सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम कसुर गरेको देखिंदा उक्त जे.भी फर्महरूलाई रु.१,०८,००,०००।-( एक करोड आठ लाख रुपैयाँ) बिगो कायम गरी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम मुख्य कसुरदारलाई हुने सरह नै जरिवाना र बिगो असुलउपर हुन।

८. अब प्रस्तुत मुद्दामा प्रतिवादीले आरोपदाबी बमोजिमको कसुर गरेका हुन, होइनन ? प्रतिवादीलाई मागदाबी बमोजिम सजाय हुन्छ, हुँदैन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

९. प्रतिवादी प्रवीण कुमार महतोले भवन निर्माण कार्यमा कुनै अनियमितता भएको छैन। भवन निर्माणको लागि इ-बिडिङ्ग भई प्रक्रियामा गएको हो। मैले काम गर्ने शिलसिलामा कामको चापले गर्दा बदनियत चिताई कसैलाई फाइदा र नेपाल

सरकारलाई हानि हुने गरी कुनै काम गरेको छैन। म निर्दोष छु झुट्ठा आरोपदाबीबाट सफाइ पाउँ भन्ने समेत बेहोराको यस अदालत समक्ष बयान गरेको देखिन्छ।

१०. प्रतिवादी जगदिश मण्डलले म उक्त नगरपालिकामा मिति २०७७।०६।०६ मा सरुवा भई आउनुभन्दा करिब सत्र महिना अगाडि नै श्री उच्च अदालत जनकपुर, राजविराज इजलासबाट मिति २०७६।०१।२९ गते निषेधाज्ञायुक्त परमादेश मुद्दा (०७४-WO-०४९३) को अन्तिम आदेश भई सकेको भन्ने देखिन्छ, सो मुद्दाको प्रक्रियामा म संलग्न नरहेकोले मलाई सो सम्बन्धमा जानकारी हुने विषय नै भएन। उक्त अदालतले सो आदेश कार्यान्वयनको लागि प्रथम पटक २०७६।१०।१४ मा पठाएको बेहोरा सो अदालतको मिति २०७९।०९।१४ गतेको पत्रबाट देखिएकोमा उक्त दुबै मितिमा म सो कार्यालयमा कार्यरत रहेको छैन। तथापि उक्त फैसलामा अदालतले नगरपालिकाको नाम र केन्द्र नै परिवर्तन नगर्नु भन्ने कुनै निर्णय गरेको देखिँदैन। केवल स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३ र ४ को प्रक्रिया पुरा नगरी नगरपालिकाको नाम र केन्द्र परिवर्तन नगर्नु भन्ने आदेश भएपश्चात् मिति २०७६।०६।०२ गते कर्जन्हा नगरपालिकाको चौथो नगरसभाको बैठकको निर्णय नं. ४ मा नगरसभाको केन्द्र र नाम परिवर्तन गर्ने निर्णय गरेको रहेछ। सो निर्णय गर्ने क्रममा ५९ जना नगरसभा सदस्य मध्ये ४७ जनाको उपस्थिति रहेकोमा नगरपालिकाको नाम र केन्द्र परिवर्तन गर्ने पक्षमा ४४ जनाको सहमतिले सो निर्णय भएको रहेछ। यसरी रितपूर्वक पारित निर्णय भएको हुनाले मैले सो निर्णय कार्यान्वयनको लागि निमित्त प्रमुख प्रशासकीय अधिकृतको हैसियतले मिति २०७७।०८।१५ गते श्री मुख्यमन्त्रीको कार्यालय, प्रदेश नं.२,जनकपुरधाममा पठाएको थिएँ। सो पश्चात् प्रदेश नं.२ को मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कर्जन्हा नगरपालिकाको नाम र केन्द्र परिवर्तन गर्नको लागि नेपाल सरकारसमक्ष सिफारिस गर्ने गरी मिति २०७८।०६।१२ गते निर्णय गरी च. नं. ५५२ मिति २०७८।०६।२० गतेको पत्रबाट श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखि पठाएको रहेछ। सोबमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८।१२।३० मा बसेको बैठकको बुँदा नं.९ ले "कर्जन्हा नगरपालिकालाई सार्वजनिक जग्गा प्रयोग गर्न स्वीकृति दिने" निर्णय गरेको रहेछ। यसबाट कर्जन्हा नगरपालिकाले कर्जन्हा नगरपालिका वडा नं. ५ स्थित कि. नं. १३७ को क्षे. फ.१-६-०-० जग्गामा सो नगरपालिकाको प्रशासनिक भवन बनाउनको लागि नगरसभाले निर्णय गरी प्रदेश सरकारमार्फत नेपाल सरकारमा पठाएकोमा नेपाल सरकारले सोको लागि स्वीकृति दिएकोले भवन बनाउने स्थानको सुनिश्चितता भएन भन्ने कुरा सही होइन। भवन निर्माणको लागि अधिकार प्राप्त नगरसभाले निर्णय गरी सकेको अवस्थामा मैले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ (२) (ख) बमोजिम नगरसभा र कार्यपालिकाको निर्णय कार्यान्वयन गर्ने प्रयोजनको लागि भवन निर्माणसम्बन्धी बोलपत्रको प्रक्रियाको शुरूवातसम्म गरेको हो। सो क्रममा मैले राजधानी दैनिकमा बोलपत्र आव्हानको सूचना प्रकाशित गर्ने, बोलपत्र मूल्याङ्कन समितिको संयोजकको हैसियतले पेस भएका बोलपत्रहरूको प्राविधिक पक्षको मूल्याङ्कन गर्ने र बोलपत्र दाताहरू मध्ये सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ र ऐ. नियमावलीको नियम ६० बमोजिम प्राविधिक रुपमा उत्तीर्ण भएका बोलपत्रको छनौट गरी आर्थिक प्रस्ताव खोल्नको लागि तथा सोपश्चात् बोलपत्र स्वीकृतिको लागि कर्जन्हा नगरपालिकालाई सिफारिस गर्ने निर्णयसम्म मैले गरेको हो। तत्पश्चातको सम्झौता लगायतका कुनै प्रक्रियामा मेरो कुनै संलग्नता छैन। ठेकेदारलाई Mobilization पेस्की दिने तथा ठेकेदारसँग Advance Payment Guarantee जफत गर्ने समयमा म उक्त नगरपालिकामा कार्यरत छैन।त्यसमा मलाई दोषारोपण गर्न मिल्ने होइन। उक्त ठेक्का रद्द नभएको र नेपाल सरकारबाट समेत भवन बनाउन स्वीकृति दिई सकेको अवस्थामा ठेक्काको म्याद थप गरी सो स्थानमा नगरपालिकाको प्रशासनिक भवन निर्माण गर्नको लागि कुनै बाधा रहेको देखिँदैन। मैले गरेको सबै काम कारवाही कानूनबमोजिमको रहेको र असल नियतले गरेको हुनाले मैले कुनै कसुर गरेको छैन भन्नेसमेत बेहोराको यस अदालतसमक्ष बयान गरेको देखिन्छ।

११. प्रतिवादी बुद्धिमान दनुवारले मैले उक्त नगरपालिकाको निमित्त प्रमुख प्रशासकीय अधिकृतको पदमा मिति २०७८।९।१६ देखि कार्यरत रहेको थिएँ। म उक्त पदमा बहाल हुनु जानुपूर्व नै प्रशासकीय भवन निर्माण गर्ने सम्बन्धमा बोलपत्र

आव्हान भई निर्माण व्यवसायी छनौट समेत भई मिति २०७८।९।७ मा छनौट निर्माण व्यवसायीलाई सम्झौता गर्न आउने भनी सूचना दिई सकिएको थियो। नगरसभाको निर्णयले भवन बनाउने स्थान तोकि बोलपत्रको माध्यमद्धारा ठेकेदार छनौट भै सकेको हुनाले सम्झौता गरी सोअनुसार पेस्की दिइएको हो। मैले कुनै भ्रष्टाचारजन्य कार्य गरेको छैन। ठेक्काको म्याद र Advance payment guarantee को म्याद थप गर्न निर्माण व्यवसायीलाई पटकपटक पत्राचार गरिएको छ। ठेकदारको तर्फबाट म्याद समाप्त भएपछि पुनः Advance payment guarantee जारी गरी ल्याउने प्रतिबद्धता व्यक्त पनि भएको छ। निर्माण व्यवसायीले नगरपालिकाको नाउँमा दिएको रु.६०,९५,०००।- को Performance Bond नगरपालिकाको तर्फबाट रोक्का रहेको छ। रु.१,०८,००,०००।- रकम निर्माण व्यवसायी मोबिलाइजेसन पेस्की लिएको भन्ने कुरामा विवाद छैन। सो रकम नतिरे नबुझएमा निजको पि.वि. रु.६९,९५,०००।-र अन्य रकम सरकारी बाँकी सरह असुलउपर गर्न नगरपालिकाको तर्फबाट क्रियाशिलता र तदारुकता देखाउनुपर्ने हो। सो अधिकार म मा नरहेकोले मैले त्यो पहल गर्न सक्ने अवस्था रहेन। मैले ए.पि.जि.को म्याद थप गर्नु भनि पटकपटक पत्राचार गरेको छु र ए.पि.जी. जारी गर्ने बैंकलाई नै नगरपालिकाको निर्णय बेगर सो फुकुवा नगर्नु भनी पत्राचार पनि गरेको छु। मैले आफ्नो तर्फबाट गर्न सक्ने कार्य र प्रयत्न गरी रहेको देखिनाले यस कार्यमा मेरो कुनै बदनियत नरहेको भन्ने प्रष्ट हुन्छ। मैले आरोपपत्रमा म उपर मागदाबी लिए अनुसारको कुनै पनि कसुर नगरेको हुनाले आरोपित कसुरबाट पूर्ण सफाइ पाउँ भन्नेसमेत बेहोराको यस अदालतसमक्ष बयान गरेको देखिन्छ।

१२. प्रतिवादी गंगा पासमानले मलाई ठेकेदार को हो, अहिलेसम्म थाहा छैन। मिलेमतोको बारेमा मलाई थाहा छैन। उजुरी दिनेलाई म केही भन्दिन निजको कुरा हो। पेस्की दिने कुरा कर्मचारीको हो, जनप्रतिनिधिको काम निर्णय गर्ने मात्र हो। मलाई लाग्छ, जग्गा भूमि मन्त्रालयले दिइसकेपछि मात्र भवन निर्माणको लागि ठेक्का लागेको हो। भवन निर्माणको लागि ठेकेदारले एक दुई गाडी गिट्टी बालुवा ल्याएकोसम्म देखेको हुँ। पछि कति काम गरेनन् मलाई थाहा छैन। मेरो कार्याकाल सकिसकेको थियो। साबिक ४ वटा गा.वि.स. मिलेर कर्जन्हा नगरपालिका बनेको र भवनको अभावले गर्दा कार्यपालिका र नगरसभाबाट निर्णय गरी जग्गा प्राप्तिका लागि प्रक्रिया अगाडि बढाइएको थियो। नगरपालिका पनि नेपाल सरकार कै एक निकाय भएकोले मन्त्रालयले जग्गा दिन्छ भनी हामी विश्वस्त थियौं। मन्त्रालयले पनि तपाईंहरू भवन बनाउदै गर्नुस् भनी मौखिक भनेको थियो। यसरी उक्त नगरपालिकाको भवन निर्माणको काम छिटो होस् भनेर ठेक्काको काम अगाडि बढाइएको हो। यसमा कुनै बदनियत छैन। पेस्की लगायतका रकम भुक्तानीको काम कर्मचारीबाट हुने हो। म जनप्रतिनिधि भएकोले आर्थिक कुराहरू मलाई थाहा हुँदैन भन्नेसमेत बेहोराको यस अदालत समक्ष बयान गरेको देखिन्छ।

१३. प्रतिवादी बैजनाथ यादवले उजुरीमा भनेबमोजिम निर्माण कार्यको ठेक्कामा अनियमितता भएको छैन। कर्जन्हा नगरपालिकाको प्रशासनिक भवन निर्माणको advance payment guarantee राखी mobilization पेस्की भुक्तानी लिई हालसम्म पनि निर्माण कार्य शुरू नगरेको सन्दर्भमा नगरपालिकाले भवन निर्माण कार्यको लागि ठाउँ वा साइट दिन नसकेकोले निर्माण कार्य हुन नसकेको हो। साइट दिएमा ठेक्का सम्झौताबमोजिम निर्माण कार्य सुरु गर्न तयार छौं। advance payment guarantee को म्याद समाप्त भैसक्दा पनि म्याद थप वा फिर्ता दाखिला नगरेको सन्दर्भमा म्याद थपको लागि २ पटक कर्जन्हा नगरपालिकामा दिएको हो। advance payment guarantee फिर्ता दाखिला सम्बन्धमा उक्त रकमले निर्माण साम्रगी खरिद गरी सकेको छ। यो दुई पक्षको करारको विषय हो। यसलाई Arbitration बाट टुडयाउनु पर्छ। भ्रष्टाचारको विषय होइन। मैले कुनै बदनियत राखी सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरेको छैन भन्नेसमेत बेहोराको यस अदालतसमक्ष बयान गरेको देखिन्छ।

१४. अब प्रस्तुत मुद्दामा प्रतिवादीले आरोपदाबी बमोजिमको कसुर गरेका हुन, होइनन ? प्रतिवादीलाई मागदाबी बमोजिम सजाय हुन्छ, हुँदैन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

१५. निर्णयतर्फ विचार गर्दा, जिल्ला सिराहा, कर्जन्हा नगरपालिकाबाट आ.व. २०७८/०७९ मा प्रशासनिक भवन निर्माणको

लागि भएको ठेक्कामा अनियमितता गरेको भन्ने समेत बेहोराको मिति २०७९।०७।०२ को उजुरी परी प्रस्तुत मुद्दामा अनुसन्धान भएको देखिन्छ। कर्जन्हा नगरपालिका, नगर कार्यपालिकाको नगर प्रमुख श्री गंगा पासमानको अध्यक्षतामा आ.व. २०७६/०७७ को चौथो नगरसभाको मिति २०७६/०६/०२ को बैठकको प्रस्ताव नं.४ मा कर्जन्हा नगरपालिकाको केन्द्र र नाम परिवर्तन गर्ने सम्बन्धमा निर्णय गरेको भन्ने देखिन्छ। कर्जन्हा नगरपालिका, नगर कार्यपालिकाको मिति २०७७/०८/१५ गतेको पत्रबाट मुख्यमन्त्रीको कार्यालय प्रदेश नं. २ जनकपुरधाम हाल मधेश प्रदेशलाई नगरपालिकाको केन्द्र र नाम परिवर्तन गर्ने भनी नगरसभाको निर्णय सहित पत्राचार गरेको भन्ने देखिन्छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेशनं.२, बाट मिति २०७८/०६/२० मा कर्जन्हा नगरपालिकाको केन्द्र र नाम परिवर्तन गरी जयगोविन्द कर्जन्हा नगरपालिका, कर्जन्हा राख्न नेपाल सरकारसमक्ष सिफारिस गरेको भन्ने देखिन्छ। श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौंले मिति २०७९/०३/२२ मा कर्जन्हा नगरपालिकालाई गाउँपालिका र नगरपालिकाको केन्द्र निर्धारण सम्बन्धी मापदण्ड, २०७७ बमोजिम प्रशासनिक भवन निर्माणका लागि जग्गा व्यवस्थापन सहित आवश्यक कागजातहरू प्राप्त हुन नसकेको कारण सो मन्त्रालयबाट नाम र केन्द्र परिवर्तनका लागि थप कारवाही अघि नबढाएको भन्ने पत्राचार गरेको देखिन्छ।

१६. जिल्ला सिराहा, कर्जन्हा नगरपालिकाको प्रशासनिक भवन निर्माणको क्रममा उच्च अदालत जनकपुर, राजविराज इजलासको मिति २०७६/०१/२९ गतेको निषेधाज्ञायुक्त परमादेश मुद्दामा प्रक्रिया पुरा नभएसम्म नगरपालिकाको कार्यालय अन्यत्र स्थानान्तरण नगर्नु नगराउनू भनी विपक्षीहरूको नाममा निषेधाज्ञाको आदेश जारी हुने र तोकिएको साबिक कर्जन्हा गा.वि.स.को कार्यालय रहेको स्थानबाट नगरपालिकाको कार्यालय संचालन गर्नू भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ठहऱ्याई उच्च अदालत जनकपुर, राजविराजबाट आदेशको भएको समेत देखिन्छ।

१७. कर्जन्हा नगरपालिकाको कार्यालयले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४ बमोजिम कर्जन्हा नगरपालिकाको नाम र केन्द्र परिवर्तन सम्बन्धी प्रस्ताव नेपाल सरकारबाट स्वीकृत नभएको अवस्थामा नगर कार्यपालिकाको कार्यालय, कर्जन्हा, सिराहाको मिति २०७८/०६/०८ गतेको टिप्पणी र आदेशबाट कर्जन्हा नगरपालिका वडा नं. ५ मा प्रशासनिक भवन निर्माण कार्य गर्नका लागि स्थान पहिचान भएकोले सो सम्बन्धी कार्य सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम अगाडि बढाउने भनी टिप्पणी स्वीकृत गरी प्रशासनिक भवनको ठेक्का प्रक्रिया शुरू गरेको देखिन्छ। तत्कालीन नगर प्रमुख प्रतिवादी गंगा पासमानले कर्जन्हा नगरपालिकाको केन्द्र परिवर्तनका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम समेत निर्णय भएको अवस्थामा थप कागजातहरू सङ्घीय मन्त्रालयमा समेत पेस भएको तर मन्त्रालयबाट समेत निर्णय हुन अत्याधिक समय लागेको हुनाले भवन निर्माण प्रक्रिया अगाडि बढाएको हो भनी प्रतिवाद गरेको देखिन्छ। तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत प्रतिवादी जगदीश मण्डलले प्रशासनिक भवन निर्माणको लागि २०७६ साल असोज २ गते भएको नगर सभाको सर्वसम्मत निर्णयबाट नाम तथा ठाउँ परिवर्तन गरी भवन निर्माणको लागि ठाउँ सारी गर्ने निर्णयबमोजिम मिति २०७८/०३/१० को कर्जन्हा नगरपालिका नगरसभाबाट प्रशासनिक भवनको बजेटसमेत विनियोजन भएकोले भवन निर्माणको ठेक्का प्रक्रिया इ-बिडिङ्गमार्फत गरियो भनी बयान गरेको देखिन्छ। प्रतिवादी गंगा पासमान र प्रतिवादी जगदीश मण्डलको बयानसमेतबाट नेपाल सरकारबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४ बमोजिम कर्जन्हा नगरपालिकाको नाम र केन्द्र परिवर्तन सम्बन्धी प्रस्ताव नेपाल सरकारबाट स्वीकृत भएबेगर नै भवन निर्माणको ठेक्का प्रक्रिया गरेको देखियो। उक्त कार्य सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई निर्माण कार्यको खरिद कारबाही शुरू गर्नु हुँदैन भन्ने सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ को उपनियम (३) व्यवस्था विपरीत रहेको देखियो।

१८. ई-विडिङ्ग प्रक्रिया मार्फत महालक्ष्मी/पाण्डे एण्ड कम्पनी/ड्रागन जे.भी.फर्म छनौट भई मिति २०७८।१०।०३ मा कर्जन्हा नगरपालिका र महालक्ष्मी/पाण्डे एण्ड कम्पनी/ड्रागन जे.भी.फर्मका बिचमा प्रशासनिक भवन निर्माणका लागि

रु.१२,१८,३२,६१४.७०।- मा सम्झौता भएको देखिन्छ।सम्झौतामा कर्जन्हा नगरपालिकाबाट निमित्त प्रमुख प्रशासकीय अधिकृत बुद्धिमान दनुवारले हस्ताक्षर गरेको देखिन्छ। सम्झौताबमोजिम कर्जन्हा नगरपालिकाबाट निमित्त प्रमुख प्रशासकीय अधिकृत बुद्धिमान दनुवारले रु.६९,००,०००।-को Advance Payment Guarantee No. NB:००६:AP:००२३५/२२ (२०७९।११।१७) सम्म म्याद रहेको र रु.३९,००,०००।- को Advance Payment Guarantee No. NB:००६: AP:०००३/२२ Nepal Bangladesh Bank (२०७९।४।२०) सम्म म्याद रहेको लिई महालक्ष्मी/पाण्डे एण्ड कम्पनी/ड्रागन जे.भी.फर्मलाई जनकपुरलाई पेस्की भुक्तानी गरेको देखिन्छ।


NABIL BANK

Ref. No.: Nabil HO/CBU/ /080/81

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं
नेपाल

मिति: २०८०/१०/१७

विषय: बैंक जमानत सम्बन्धमा

महोदय,
उपरोक्त सम्बन्धमा तहाँको मिति २०८०/१०/१५ गतेको चलानी नं. ३९२६१ प.स ७/०२०७५२ (१/०८०/०८१ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो।

प्रस्तुत विषयको सम्बन्धमा साबिक नेपाल बंगलादेश बैंकबाट जारी गरेको बैंक जमानतपत्र नं. NB:029:AP:00364/22 र NB:006:AP:00235/22 को बारेमा सोधिएका प्रश्नहरुको जवाफ तपसील बमोजिम रहेको व्यहोरा अनुरोध गर्दछौं।

१. साबिक नेपाल बंगलादेश बैंक लिमिटेड, कीर्तिपुर शाखा (हाल नबिल बैंक लिमिटेड) बाट Mahalaxmi/Pandey & Company/Dragon J/V को अनुरोधमा कर्जन्हा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कर्जन्हा, सिरहाको नाममा मिति २०७८/११/१८ (02/03/2022) गते ठेक्का नं. 08/NCB/W/KM/078/79 को लागि बैंक जमानत नं. NB:029:AP:00364/22 मार्फत रु ६९,००,०००।०० बराबरको अग्रिम भुक्तानी जमानतपत्र जारी भएको थियो र उक्त बैंक जमानतको म्याद मिति २०७९/११/१७ (01/03/2023) मा समाप्त भैसकेको र जमानतको म्याद भित्र कुनै दाबी समेत नपरेको व्यहोरा तहाँ समक्ष जानकारीका लागी अनुरोध छ।

२. साबिक नेपाल बंगलादेश बैंक लिमिटेड, जनकपुर शाखा (हाल नबिल बैंक लिमिटेड) बाट Mahalaxmi/Pandey & Company/Dragon J/V को अनुरोधमा कर्जन्हा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कर्जन्हा, सिरहाको नाममा मिति २०७९/०१/२२ (05/05/2022) गते ठेक्का नं. 08/NCB/W/KM/078/79 को लागि बैंक जमानत नं. NB:006:AP:00235/22 मार्फत रु ३९,००,०००।०० बराबरको अग्रिम भुक्तानी जमानतपत्र जारी भएको थियो र उक्त बैंक जमानतको म्याद मिति २०७९/०४/२० (05/08/2022) मा समाप्त भैसकेको र जमानतको म्याद भित्र कुनै दाबी समेत नपरेको व्यहोरा तहाँ समक्ष जानकारीका लागी अनुरोध छ।

भवदीय,

आधिकारिक दस्तखत　　　　आधिकारिक दस्तखत

१९. कर्जन्हा नगरपालिका, निर्माण व्यवसायीले पेस गरेको दुवै अग्रिम पेस्की जमानत (Advance Payment Guarantee) को मान्य अवधि क्रमशः मिति २०७९/११/१७ र २०७९/४/२० मा नै समाप्त भएको अवस्थामा समेत अग्रिम पेस्की जमानत रकमको म्याद थप गर्न वा बैंक जमानत जफत गर्न बैङ्कलाई दाबी पत्र पेस गरेको समेत देखिंदैन। मान्य अवधि समाप्त भएको, समयावधि भित्र दाबी पेस नभएको र निर्माण कार्य हालसम्म शुरू हुने अवस्थामा समेत नदेखिएकोले राज्यकोषको रु.१,०८,००,०००।- हानिनोक्सानी भएको देखियो।

२०. प्रतिवादीले सरकारी रकम हानिनोक्सानी गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिम कसुर गरेको मागदाबी लिइएको देखिन्छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अनुसार "कुनै राष्ट्रसेवकले आफ्नो ओहदाको वा सो सम्बन्धी कर्तव्य पालन गर्दा नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्तिको लापरबाही वा बदनियत गरी हिनामिना,हानिनोक्सानी वा दुरूपयोग गरे गराएमा वा मासेमा वा निजी प्रयोगमा लगाएमा निजलाई कसुरको मात्रा अनुसार दफा ३ बमोजिमको सजाय हुनेछ र त्यसरी हिनामिना, हानिनोक्सानी वा दुरूपयोग गरेको वा मासेको वा मास्न दिएको सम्पत्ति पनि निजबाट असूलउपर गरिनेछ" भन्ने कानूनी प्रावधान रहेको देखिन्छ।

२१. यस दफाको प्रयोजनीयता (Applicability), सिमा (Limit) र क्षेत्र (Scope) को विवेचना गर्न आबस्यक देखिन्छ। हक नपुग्नेले लिनेखाने नियतले सरकारी सम्पत्ति लिएमा चोरीको कानूनबमोजिम कारवाही गरिने हो तर सम्पत्तिको संरक्षण र सदुपयोग गर्ने जिम्मेवारीमा रहेका राष्ट्रसेवकले नै सम्पत्ति नास्ने मास्ने कार्य गरेमा के कुन कानूनबमोजिम कारवाही गरिने हो ? सरकारी सम्पत्तिको संरक्षण र सदुपयोगको जिम्मेवारीमा रहेका राष्ट्रसेवकलाई कानूनको दायरामा ल्याउन भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ल्याइएको देखिन्छ। यस दफाको प्रयोजनीयता (Applicability ) र यस अन्तर्गतको कसुर पुष्टि हुन आवश्यक तत्वहरू (Constituent element) बुझ्न आवश्यक देखिन्छ।

२२. हिनामिना भनेको सामान्यतः आफूलाई विश्वासपूर्वक सुम्पेको वा आफ्नो जिम्मेवारीमा रहेको सम्पत्तिको जालसाजीपूर्वक दुरुपयोग गर्ने वा नास्ने मास्ने कार्य भन्ने वुझिन्छ। विभिन्न किसिमले सम्पत्तिको दुरुपयोग हुन सक्छ, जस्तैः सरकारी सम्पत्ति निजी रुपमा प्रयोग गर्ने वा नास्ने मास्ने, सरकारी सम्पत्ति आफ्नो वा अरु कसैको नाममा जालसाजीपूर्वक हक हस्तान्तरण गर्ने, भोग परिवर्तन गर्ने वा बिक्री वितरण गर्ने इत्यादि। सरकारी सम्पत्तिको बेइमानी वा जालसाजीपूर्वक अनाहक ब्यक्तिको नाममा रुपान्तरण नै (fraudulent conversion of property) हिनामिनाको कसुरको सार हो। संयुक्त राज्य अमेरिकाको सर्वोच्च अदालतले Moore v. United States[1] को मुद्दामा हिनामिनाको परिभाषा यस प्रकार गरेको पाइन्छः "कुनै सम्पत्तिको निष्ठा वा जिम्मेवारीको ओहदामा रहेका व्याक्तिले सो सम्पत्तिको जालसाजीपूर्वक दुरुपयोग गरेमा हिनामिनाको कसुर गरेको मानिन्छ। चोरीभन्दा हिनामिना यस मानेमा फरक छ कि यसमा सम्पत्तिको जिम्मेवारी कानूनबमोजिम वा धनीको सहमतिमा प्राप्त रहेको अवस्थाको विद्यमानता रहन्छ भने चोरीमा कसुरजन्य मनसायले सम्पत्ति लिनेखाने अवस्था रहन्छ।

२३. United Nations Convention Against Corruption को article १७ मा हिनामिनाको अन्तरवस्तु समेटिएको पाइन्छः

"Each State Party shall adopt such legislative and other measures as may be necessary to establish as criminal offences, when committed intentionally, the embezzlement, misappropriation or other diversion by a public official for his or her benefit or for the benefit of another person or entity, of any property, public or private funds or securities or any other thing of value entrusted to the public official by virtue of his or her position."

२४. उपरोक्त हिनामिनाको अवधारणा समेत सन्दर्भमा राखी विचार गर्दा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अन्तर्गत कसुर पुष्टि हुन निम्नबमोजिमका संघटक तत्वहरूको विद्यमानता देखिनुपर्छः

- सरकारी सम्पत्तिको हिनामिनाको कसुर राष्ट्रसेवकले गरेको देखिनुपर्छ। (Public Official)
- हिनामिनाको कसुर हुनका लागि नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्ति देखिनुपर्छ। (Public property)
- सम्पत्ति वास्तविक हुनुपर्छ, काल्पनिक वा अपेक्षाकृत सम्पत्ति होइन। वास्तविक रुपमा सरकारको हकभोगमा आएको सम्पत्ति हुनुपर्छ। सरकारको हकभोगमा नआएको, वा सरकालाई प्राप्त हुने अनुमान गरिएका सम्पत्ति (Anticipatory) लाई वास्तविक सम्पत्ति मान्न मिल्दैन।
- राष्ट्रसेवकले ओहदाको कर्तव्य स्वरुप सरकारी सम्पत्तिको जिम्मेवारी प्राप्त गरेको देखिनुपर्छ। ओहदाको जिम्मेवारीमा नरहेका सम्पत्तिमा हिनामिनाको कानून आकर्षित हुन सक्दैन। (Fiduciary relationship)
- राष्ट्रसेवकले ओहदाको दुरुपयोग गरी जालसाजीपूर्वक सरकारी सम्पत्ति नासेमासेको, निजी प्रयोगमा लगाएको वा अन्य व्यक्तिलाई हक हस्तान्तरण गरेको वा दुरुपयोग गरेको अवस्था देखिनुपर्छ। (Fraudulent Conversion of public property)
- राष्ट्रसेवकले आफूलाई वा अरु कसैलाई गैरकानूनी लाभ लिनेदिने बदनियत (mala fide intention) ले उक्त कार्य गरेको देखिनुपर्छ वा
- लापरवाहीको कारणले पनि हिनामिनाको कसुर ठहर्न सक्छ तर सोको लागि ओहदाको कर्तव्यप्रति गम्भीर लापरवाही गरी सम्पत्ति हानिनोक्सानी भएको देखिनुपर्छ। कानूनी त्रुटिको आधारमा मात्र कसुर पुष्टि हुन सक्दैन । (Negligence)

२५. राष्ट्रसेवकले आफ्नो ओहदा वा सो सम्बन्धी कर्तव्य पालन गर्दा नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्तिको लापरवाही गरी हानिनोक्सानी वा दुरुपयोग गरे गराएको अवस्थामा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को दायरमा पर्ने देखिन्छ। यस प्रकृतिको भ्रष्टाचारमा वदनियतको विद्यमानता वेगर लापरवाही गरी हानिनोक्सानी भएको

1 Moore v. United States, 160 U.S. 268 (1895):
"Embezzlement is the fraudulent appropriation of property by a person to whom it has been entrusted or into whose hands it has lawfully come, and it differs from larceny in the fact that the original taking of the property was lawful, or with the consent of the owner, while in larceny the felonious intent must have existed at the time of the taking."

अवस्था तथा नीजि लाभ प्राप्त गरे वेगर पनि सम्पत्तिको हानिनोक्सानी भएको अवस्था देखिएमा पनि फौजदारी दायित्व बहन गर्नुपर्छ। निजि लाभका लागि ओहदाको दुरुपयोग गरेमा भ्रष्टाचारको कसुर हुने भन्ने परिभाषाको अपवादको रुपमा यसलाई लिन सकिन्छ। त्यसकारण यस दफाको व्याख्या होसियारीपूर्वक गर्नुपर्ने देखिन्छ। यस दफाको गलत प्रयोग भएमा वा दुरुपयोग भएमा जुनसुकै राष्ट्रसेवकले कर्तव्य वहानमा अनुचित भय र त्रास उत्पन्न हुन सक्ने अनपेक्षित वातावरण रोकिनुपर्छ।

२६. स्थानीय सरकारको प्रमुख र अधिकृतहरूले नेपाल संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ अन्तर्गत प्राप्त कर्तव्य र जिम्मेवारी बहन गरेको पृष्ठभूमिमा लापरवाही गरी कर्तव्य बहन गरेको हो वा होइन ? भन्ने प्रश्नमा सर्वप्रथम "लापरवाही गरी कर्तव्य पालन गर्दा सरकारी सम्पत्तिको हानिनोक्सानी गरेमा" भन्ने प्रावधानको दायरा र प्रयोग (Applicability) को बारेमा विवेचना गरौं।

२७. सामान्यतः समान स्थितिका विवेकशिल व्यक्तिले अपनाउने स्तरको व्यवहार (Standard of care) नगर्नुलाई लापरवाही भनिन्छ। व्यक्तिको कार्य वा कर्तव्यहीनता (Action or omission) दुवै लापरवाही भित्र पर्दछ। कुनै व्यक्तिको अर्को कुनै व्यक्तिका लागि हेरचाहको कर्तव्य (Duty of care) रहेको, कर्तव्य बहन गर्दा समुचितस्तर (Standard of Care) को कर्तव्य गर्न चुकेको परिणाम स्वरुप क्षति वा हानिनोक्सानी (Loss) भएको देखिएमा लापरवाही गरेको मानिन्छ र दृष्कृतिको कानूनबमोजिम सोको क्षतिपूर्ति भर्नुपर्छ।

२८. तथापि दृष्कृतिको कानूनबमोजिमको दायित्व र फौजदारी कानूनबमोजिमको दायित्व केही फरक भएकोले लापरवाहीपूर्वक कर्तव्य गरी हानिनोक्सानीको कसुरलाई दृष्कृतिको कानून भन्दा केही फरक ढङ्गले हेर्नुपर्छ। खासगरी राष्ट्रसेवकले आफ्नो ओहदा वा सो सम्बन्धी कर्तव्य पालन गर्दा नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्तिको हानिनोक्सानी गरे गराएको विषयमा लापरवाहीको तत्व केही फरक हुन्छ अर्थात् पदीय कर्तव्य गर्दा सरकारको सम्पत्ति हानिनोक्सानी गरेको कुरामा लापरवाहीको दायित्व फौजदारी प्रकृतिको हुन्छ। लापरवाहीको आधारभूत अवधारणाको जगमा फौजदारी प्रकृतिको लापरवाहीको तत्व पहिचान हुनुपर्छ।[२] स्थानीय अधिकारीले कानूनी कर्तव्य (Statutory Duty ) बहन गर्ने क्रममा कुनै हानिनोक्सानीको अवस्था उत्पन्न भएमा लापरवाहीको विद्यमानता भएको हो, होइन भन्ने बिषयमा निर्णय गर्दा निम्न ३ तत्वका (Triple test) आधारमा निर्णय गरिन्छः [३]

(१) Foreseeability (पूर्वाभासयोग्य)

(२) Proximity (निकतस्थता)

(३) Fairness, Justness and Reasonableness (स्वच्छता, न्यायशीलता र तर्कसंगतता)

२९. राष्ट्रसेवकले कर्तव्य पालन गर्ने क्रममा कुनै कार्य गर्दा वा कुनै कार्य नगर्दा सम्भावित दुष्परिणाम वा हानिनोक्सानी हुन सक्ने पूर्वाभासयोग्य (Foreseeability) अवस्थाको विद्यमानता देखिंदा देखिंदै राष्ट्रसेवकले यस्ता कार्य गरेको वा कार्य गर्न चुकेको देखिएमा लापरवाहीपूर्वक कर्तव्य गरेको मानिन्छ। सम्पत्तिको हानिनोक्सानीको निकटस्थ कारण (Proximity test) निजै राष्ट्रसेवकको कार्य वा कर्तव्यहीनता (act or omission) रहेको देखिनुपर्छ। राष्ट्रसेवकले संविधान र कानूनबमोजिमको कर्तव्य निर्वाह गरेको परिणामस्वरुप सरकारी सम्पत्तिको हानिनोक्सानीको अवस्था घटेको अवस्थामा फौजदारी दायित्व थोपर्दा स्वच्छ, न्यायशील र तर्कसङ्गत (Fairness, justness and reasonableness) ढङ्गले हेर्नुपर्छ।

३०. प्रस्तुत मुद्दामा प्रशासनिक भवन निर्माणका लागि स्थानको यकिन नभएको अवस्थामा बोलपत्र आव्हान गरी सम्झौता गरेको, सम्झौताबमोजिम अग्रिम पेस्की भुक्तान गरेको र बैंक ग्यारेण्टीको अवधिभित्र जमानत जफतको कारवाही नगरेकोले हानिनोक्सानी भएको कुरा स्थापित भएको देखिन्छ। स्थानको अभावमा भवन निर्माण हुन नसक्ने अवस्था र पेस्की भुक्तान गरी काम प्रारम्भ नभएकोमा समयमा दाबी नगरेको अवस्था हेर्दा प्रतिवादीहरूमा हानिनोक्सानीको पूर्वाभास (Forseability) रहेको मान्नुपर्छ र प्रतिवादीहरूकै कारणले हानिनोक्सानी भएको भन्ने देखिंदा नोक्सानीको

निकटस्थ कारण (Proximity) यिनै प्रतिवादीहरू रहेको भन्ने स्पष्ट छ। त्यसतर्फ धेरै विवेचना आवश्यक देखिएन। प्रतिवादीहरूले कानूनी कर्तव्य (Statutory duty ) पालन गर्दा हानिनोक्सानी भएको भन्ने न्याय निरुपणको विषय रहेकोले यी प्रतिवादी उपर भ्रष्टाचारको फौजदारी दायित्व बोकाउँदा स्वच्छता, न्यायशीलता र तर्कसङ्गतता (Fairness, justiness and reasonableness) को कसीमा विवेचना गर्नुपर्ने देखिन्छ।

३१. कर्जन्हा नगरपालिका नेपालको संविधानको धारा ५६ अनुसार सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना अन्तर्गतको एउटा हिस्सा रहेको र धारा ५७ को उपधारा (४) अनुसार अनुसूची- ८ मा उल्लेखित विषयमा र उपधारा (५) अनुसार अनुसूची- ९ मा उल्लेखित विषयमा विधायिकी र कार्यकारिणी शक्ति प्रयोग गर्न सक्नेछ। यसैगरी नगरपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४ बमोजिम पूर्ववत नगरपालिकाको पूर्ववत नाम र केन्द्र परिवर्तनका लागि प्रस्ताव पारित गरी प्रदेश सरकारमार्फत नेपाल सरकारमा निर्णयका लागि पठाउन सक्नेछ। नगरपालिकाले केन्द्र परिवर्तनको सिफारिस गरी नगरसभाबाट प्रशासनिक भवन निर्माणका लागि बजेट विनियोजन गरेको र सोही बजेट रकमको पैसा ठेकेदारलाई अग्रिम भुक्तानी गरी सोही रकम हानिनोक्सानी भएको भन्ने मिसिलबाट देखिन्छ।

३२. यस प्रकारको पृष्ठभूमि र सन्दर्भमा नगरप्रमुख रहेका प्रतिवादीउपर लापरवाही गरी कर्तव्य गरेको भन्ने भ्रष्टाचारको आरोपदाबीमा लापरवाहीको व्याख्या गर्दा बडो होशियारी बन्नुपर्छ किनभने हानिनोक्सानी हुन गएको भन्ने दाबी ओहदाको कर्तव्य निर्वाह गर्दाको क्रममा आएको देखिन्छ। नगरपालिकाको केन्द्र परिवर्तन प्रशासनिक भवनको निर्माण र बजेट विनियोजनको निर्णय स्थानीय निकायको नीतिगत निर्णय (Policy decision ) रहेको भन्ने देखिन्छ। स्थानीय जनताको मागबमोजिम नै नगरसभाको दुई तिहाई बहुमतले सो निर्णय गरेको देखिन्छ। नगरसभाको स्वविकेकीय अधिकार (Discretionary power ) प्रयोग गरी नगरसभाबाट भएको राजनीतिक निर्णय रहेको भन्ने देखिंदा राजनीतिक निर्णयको हदसम्म सोको अन्तरवस्तुमा प्रवेश गरी न्याय निरुपण गर्न मिल्दैन (Non- Justiciable) ।

"Read as a whole and with an eye to discerning a policy behind this provision, it seems to us only to articulate a policy of preventing tort actions from becoming a vehicle for judicial interference with decisionmaking that is properly exercised by other branches of the government and of protecting "the Government from liability that would seriously handicap efficient government operations," United States v. Muniz, 374 U.S. 150, 163, 83 S.Ct. 1850, 1858, 10 L.Ed.2d 805 (1963). Statutes, regulations, and discretionary functions, the subject matter of {SS} 2680(a), are, as a rule, manifestations of policy judgments made by the political branches. In our tripartite governmental structure, the courts generally have no substantive part to play in such decisions. Rather, the judiciary confines itself -- or, under laws such as the FTCA's discretionary function exception, is confined -- to adjudication of facts based on discernible objective standards of law. In the context of tort actions, with which we are here concerned, these objective standards are notably lacking when the question is not negligence but social wisdom, not due care but political practicability, not reasonableness but economic expediency. Tort law simply furnishes an inadequate crucible for testing the merits of social, political or economic decisions."[4]

३३. स्थानीय अधिकारीले कानूनबमोजिमको कर्तव्य बहन गर्ने क्रममा हुन गएको हानिनोक्सानी सो विषय अन्ततोगत्वा अदालतबाट न्याय निरुपणयोग्य (justiciable ) विषय हो होइन भनी हेर्नुपर्छ।[५] यसका लागि सो कार्य स्वविवेकीय विषय रहे वा नरहेको अर्थात् नीतिगत निर्णय हो वा प्रशासनिक निर्णय (Policy decision or Operational decision ) हो भन्ने कसीमा जाँच गर्नुपर्छ। लापरवाहीको दाबीका लागि वादीले प्रतिवादीको कार्य यति तर्कहीन रहेको थियो कि

---

4 Supreme Court of Canada in Just v. British Columbia, [1989] 2 S.C.R. 1228

5 Barrett v. London Borough of Enfield, (1999) 243 N.R. 247 (HL): Where a statutory power is given to a local authority and damage is caused by what it does pursuant to that power, the ultimate question is whether the particular issue is justiciable or whether the court should accept that it has no role to play. The two tests (discretion and policy/operational) to which I have referred are guides in deciding that question.

स्थानीय अधिकारीले साँचो अर्थमा स्वविवेकको प्रयोग नगरी कानूनी अख्तियारीको दुरुपयोग गरेको भन्ने देखिएको थियो।[६]

३४. कुनै दाबी न्याय निरुपणयोग्य (justiciable ) हो होइन भनी निर्णय गर्नका लागि र हेरचाहको कर्तव्य (Duty of care ) स्थापित गर्नका लागि अदालतले कानूनी सन्दर्भ (Statutory Context ) र कार्यको प्रकृति (nature of tasks) गहनतापूर्वक विचार गर्नुपर्छ। कानूनी स्वविवेकको हद नाघि कार्य गरेको देखिएमा लापरवाहीको दायित्व बहन गर्नुपर्छ।[७] कानूनी स्वविवेकको लापरवाहीपूर्वक (mala fide) प्रयोग गरेको देखिएमा लापरवाहीको दायित्व बहन गर्नुपर्छ। कानूनी अख्तियारीबमोजिम कुनै कार्य गर्दा वा स्वविवेकको प्रयोग गर्दा मानवीय त्रुटि (Human error) हुन सक्छ, यस्ता त्रुटिमा पनि लापरवाहीको दायित्व बहन गर्नुपर्छ भन्ने विधायिकी मनसाय हुन सक्दैन तथापि काम गर्दा एउटा हद पार गरेमा लापरवाहीको दायित्व बहन गर्नुपर्छ अर्थात् स्वविवेकको प्रयोग यति तर्कहीन वा असाबधानीयुक्त देखियो कि बल्की स्वविवेकको वास्तविक प्रयोग नभई स्वविवेकको आवरणमा अख्तियारीको दुरुपयोग (abuse or excess of power ) गरेको देखिएमा लापरवाहीको दायित्वबाट उन्मुक्ति दिन मिल्दैन। Lord Reid र Lord Diplock भन्नुहुन्छः

- "Where Parliament confers a discretion the position is not the same. Then there may, and almost certainly will, be errors of judgment in exercising such a discretion and Parliament cannot have intended that members of the public should be entitled to sue in respect of such errors. But there must come a stage when the discretion is exercised so carelessly or unreasonably that there has been no real exercise of the discretion which Parliament has conferred. The person purporting to exercise his discretion has acted in abuse or excess of his power. Parliament cannot be supposed to have granted immunity to persons who do that."8
- " . . . over the past century the public law concept of ultra vires has replaced the civil law concept of negligence as the test of the legality, and consequently of the actionability, of acts or omissions of government departments or public authorities done in the exercise of a discretion conferred upon them by Parliament as to the means by which they are to achieve a particular public purpose. According to this concept Parliament has entrusted to the department or authority charged with the administration of the statute the exclusive right to determine the particular means within the limits laid down by the statute by which its purpose can best be fulfilled. It is not the function of the court, for which it would be ill-suited, to substitute its own view of the appropriate means for that of the department or authority by granting a remedy by way of a civil action at law to a private citizen adversely affected by the way in which the discretion has been exercised. Its function is confined in the first instance to deciding whether the act or omission complained of fell within the statutory limits imposed upon the department's or authority's discretion. Only if it did not would the court have jurisdiction to determine whether or not the act or omission, not being justified by the statute, constituted an actionable infringement of the plaintiff's rights in civil law."[9]

३५. कुन निर्णय नीतिगत हो र कुन कार्यगत हो भनी निक्यौंल गर्न सजिलो छैन। तसर्थ लापरवाहीको दायित्वबाट सीधा उन्मुक्ति (Blanket Immunity) दिनु बाञ्छनीय देखिंदैन। तसर्थ सम्पत्तिको हेरचाहको कर्तव्यबाट बाहेक गर्नका लागि नीतिगत निर्णय बाधक बनाउनु उचित हुँदैन। सरकारी निकायले निर्णय गर्दा असल नियत राखी तर्कसङ्गत तवरले निर्णय गर्नुपर्छ (A government agency in reaching a decision must act in a reasonable manner which constitutes a

6 *Anns v Merton London Borough Council* [1977] UKHL 4, [1978] AC 728 before the common law duty of care can arise, the authority must have acted so carelessly or unreasonably that there has been no real exercise of the discretion and the authority has "acted in abuse or excess of its power", which is very much the administrative law test.

7 Barrett v. London Borough of Enfield, (1999) 243 N.R. 247 (HL): Both in deciding whether particular issues are justiciable and whether if a duty of care is owed, it has been broken, the court must have regard to the statutory context and to the nature of the tasks involved. The mere fact that something has gone wrong or that a mistake has been made, or that someone has been inefficient does not mean that there was a duty to be careful or that such duty has been broken. Much of what has to be done in this area involves the balancing of delicate and difficult factors and courts should not be too ready to find in these situations that there has been negligence by staff who largely are skilled and dedicated.

8 *Home Office v Dorset Yacht Co Ltd* [1970] UKHL 2, [1970] AC 1004

9 *Id.*

bona fide exercise of discretion.) नीतिगत निर्णय पनि आफैमा लापरवाहीको दायित्वको बाधक हुनु उचित हुँदैन। तसर्थ, हरेक निर्णयहरू नीतिगत निर्णयका नाममा लापरवाहीको दायित्वबाट उन्मुक्ति दिन योग्य हुँदैनन। जनहीतका प्रतिस्पर्धात्मक स्वार्थ तौलेर स्वविवेकीय अधिकार प्रयोग गरेको विषयमात्र अदालतबाट न्याय निरुपण गर्न नमिल्ने भई लापरवाहीको दायित्वबाट उन्मुक्ति दिन मिल्छ। Just v. British Columbia (१९८९) को मुद्दामा Supreme Court of Canada ले यसरी निर्णय गरेको देखिन्छः-

"A duty of care cannot arise in relation to acts and omissions which reflect the policy-making and discretionary elements involved in the exercise of statutory discretions. It has been said that it is for the authority to strike that balance between the claims of efficiency and thrift to which du Parcq LJ referred in Kent v. East Suffolk Rivers Catchment Board [1940] 1 KP 319 at 338 and that it is not for the court to substitute its decision for the authority's decision on those matters when they were committed by the legislature to the authority for decision (Dorset Yacht Co. v. Home Office, [1970] AC 1004 at 1031, 1067-8; Anns, at p. 754; Barratt v. District of North Vancouver (1980) 114 D.L.R. (3d) 577). Although these injunctions have compelling force in their application to policy-making decisions, their cogency is less obvious when applied to other discretionary matters." [10]

३६. नीतिगत निर्णयका हकमा हेरचाहको कर्तव्य पालना नगरिएको विषयमा लापरवाहीको दायित्व बोकाउन मिल्दैन तर कार्यगत निर्णय (Operational decision) का हकमा लापरवाहीको दायित्व बोक्नुपर्छ। नीतिको श्रेणी बाहिरका स्वविवेकीय निर्णयमा पनि हेरचाहको कर्तव्य विद्यमान रहन्छ। नीतिगत विषय र कार्यगत विषयबीचको लक्ष्मण रेखा कोर्न सजिलो छैन। आफ्नो क्षेत्राधिकारभित्र बजेट विनियोजन नीतिगत विषय हुन सक्छ तर विशुद्ध प्रशासकीय प्रकृतिका विषयका निर्णयका हकमा गरेका कार्य वा गर्नुपर्ने कार्य नगरेकोमा (Action or inaction) न्याय निरुपण गर्न पछि हटनु हुदैन।

- "The standard of negligence applied by the courts in determining whether a duty of care has been breached cannot be applied to a policy decision, but it can be applied to operational decisions. Accordingly, it is possible that a duty of care may exist in relation to discretionary considerations which stand outside the policy category in the division between policy factors on the one hand and operational factors on the other. This classification has evolved in the judicial interpretation of the "discretionary function" exception in the United States Federal Tort Claims Act -- see Dalehite v. United States (1953) 346 US 15; . . . United States v. Varig Airlines, supra. The object of the Federal Tort Claims Act in displacing government immunity and subjecting the United States Government to liability in tort in the same manner and to the same extent as a private individual under like circumstances, subject to the "discretionary function" exception, is similar to that of s. 64 of the Judiciary Act, 1903 (Cth)."[11]
- "The need for distinguishing between a governmental policy decision and its operational implementation is thus clear. True policy decisions should be exempt from tortious claims so that governments are not restricted in making decisions based upon social, political or economic factors. However, the implementation of those decisions may well be subject to claims in tort."[12]
- "The distinction between policy and operational factors is not easy to formulate, but the dividing line between them will be observed if we recognize that <u>a public authority is under no duty of care in relation to decisions which involve or are dictated by financial, economic, social or political factors or constraints.</u> Thus budgetary allocations and the constraints which they entail in terms of allocation of resources cannot be made the subject of a duty of care. <u>But it may be otherwise when the courts are called upon to apply a standard of care to action or inaction that is merely the product of administrative direction, expert or professional opinion, technical standards or general standards of reasonableness.</u>"[13]

10 *Supreme Court of Canada in John Just v. British Columbia, [1989] 2 S.C.R. 1228*
11 *Id.*
12 *Id.*
13 *Id.*

- “The duty of care should apply to a public authority unless there is a valid basis for its exclusion. A true policy decision undertaken by a government agency constitutes such a valid basis for exclusion. What constitutes a policy decision may vary infinitely and may be made at different levels although usually at a high level.”
- “A government agency in reaching a decision pertaining to inspection must act in a reasonable manner which constitutes a bona fide exercise of discretion. To do so they must specifically consider whether to inspect and if so, the system of inspection must be a reasonable one in all the circumstances.

३७. कुनै निर्णय ओहदाको हैसियतका आधारमा मात्र नीतिगत हुन सक्दैन बल्कि निर्णयको प्रकृति (Nature of decision ) का आधारमा निक्यौंल गर्न मिल्छ। बजेट विनियोजन जस्ता विषयलाई नीतिगत विषय मान्नुपर्छ। कानूनी स्वविवेको हदभित्रका निर्णयहरूमा सम्पत्तिको हानिनोक्सानी भएमा लापरवाहीको दायित्व बोकाउन मिल्दैन।

- “In determining what constitutes such a policy decision, it should be borne in mind that such decisions are generally made by persons of a high level of authority in the agency, but may also properly be made by persons of a lower level of authority. The characterization of such a decision rests on the nature of the decision and not on the identity of the actors. As a general rule, decisions concerning budgetary allotments for departments or government agencies will be classified as policy decisions. Further, it must be recalled that a policy decision is open to challenge on the basis that it is not made in the bona fide exercise of discretion. If after due consideration it is found that a duty of care is owed by the government agency and no exemption by way of statute or policy decision-making is found to exist, a traditional torts analysis ensues and the issue of standard of care required of the government agency must next be considered.”[14]
- “As a general rule, the traditional tort law duty of care will apply to a government agency in the same way that it will apply to an individual. In determining whether a duty of care exists the first question to be resolved is whether the parties are in a relationship of sufficient proximity to warrant the imposition of such a duty. In the case of a government agency, exemption from this imposition of duty may occur as a result of an explicit statutory exemption. Alternatively, the exemption may arise as a result of the nature of the decision made by the government agency. That is, a government agency will be exempt from the imposition of a duty of care in situations which arise from its pure policy decisions.”[15]

३८. यसरी कानूनले दिएको अख्तियारी भित्रको कार्यका विषयमा हुन गएको क्षतिका लागि फौजदारी दायित्व बोकाउन मिल्दैन तर यस्ता निर्णय यति तर्कहीन देखिन्छन की अख्तियारीको स्वविवेको हद नाघेको देखिएको छ भने लापरवाहीको दायित्वबाट उन्मुक्ति दिन मिल्दैन।[16] सो कुरा निक्यौंल गर्न अधिकारीले अवलम्बन गरेको सम्बद्ध तथ्यहरूको विवेचना गरी स्वविवेकको प्रयोग उचित रहे वा नरहेको हेर्नुपर्छ। जनहीतका लागि अधिकारवालाबाट गरिएका स्वविवेकीय निर्णय नीतिगत मानिन्छन्। जस्तै सामाजिक नीति, स्वास्थ्य नीति। नीतिका अन्तरवस्तुमा प्रवेश

14 *Id.*

15 Supreme Court of Canada in John Just v. British Columbia, [1989] 2 S.C.R. 1228

16 Id. “It follows that in seeking to establish that a local authority is liable at common law for negligence in the exercise of a discretion conferred by statute, the first requirement is to show that the decision was outside the ambit of the discretion altogether: if it was not, a local authority cannot itself be in breach of any duty of care owed to the plaintiff.”

गरी नीतिको मूल्याङ्कन गर्न मिल्दैन।[17] नीतिगत विषय न्याय निरुपणका लागि योग्य विषय होइन।[18] स्वविवेकीय अधिकार प्रयोग गरी भएका निर्णयगत त्रुटि (Error of judgment) मात्र नरही लापरवाहीजन्य निर्णय देखिएमा लापरवाहीको अवस्था सिर्जना हुन्छ।

३९. उपरोक्त विवेचनाका आधारमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अन्तर्गत लापरवाहीको दायित्वका विषयमा निम्नबमोजिम हुने देखिन्छः

- राष्ट्रसेवकले कर्तव्य पालन गर्ने क्रममा कुनै कार्य गर्दा वा कुनै कार्य नगर्दा सम्भावित दुष्परिणाम वा हानिनोक्सानी हुनसक्ने पूर्वाभासयोग्य (Foreseeability) अवस्थाको विद्यमानता देखिंदा देखिंदै राष्ट्रसेवकले यस्ता कार्य गरेको वा गर्नुपर्ने कार्य गर्न चुकेको देखिएमा लापरवाहीपूर्वक कर्तव्य गरेको मानिन्छ । सम्पत्तिको हानिनोक्सानीको निकटस्थ कारण (Proximity test) निजै राष्ट्रसेवकको कार्य वा कर्तव्यहीनता (Act or Omission) रहेको देखिनुपर्छ।
- राष्ट्रसेवकले लापरवाही गरी ओहदाको कर्तव्य गरेबाट सरकारी सम्पत्ति हानिनोक्सानी भएमा लापरवाहीको दायित्व आकर्षित हुन्छ। लापरवाहीको दायित्वबाट उन्मुक्ति प्राप्त हुने वैध आधार र कारण खुलेकोमा बाहेक राष्ट्रसेवकलाई लापरवाहीको दायित्वबाट उन्मुक्ति प्राप्त हुन सक्दैन।
- क्षेत्राधिकार अन्तर्गतका विशुद्ध नीतिगत निर्णय (Pure policy decision) बाट कथंकदाचित कुनै हानिनोक्सानी घट्न गएमा लापरवाहीको दायित्व आकर्षित हुन सक्दैन तथापि सोही विषय कार्यान्वयनका कार्यगत निर्णय (Operational decision ) मा लापवरवाहीको दायित्व आकर्षित हुन्छ।
- कुनै पनि तहका सकारको नीतिको न्यायिक परीक्षण हुन नसक्ने गरी संवैधानिक संरक्षण प्राप्त रहेकाले नीतिगत निर्णयबाट हुन गएका हानिनोक्सानीमा नीतिगत विषय रहेको आधारमा लापरवाहीको दायित्व आकर्षित हुन सक्दैन।
- कुनै निर्णय नीतिगत हो वा होइन भनी निक्यौल गर्ने आधार निर्णयकर्ताको पदीय हैसियत नभई निर्णयको चरित्र हो। कुन निर्णय नीतिगत हो वा कुन निर्णय होइन अथवा कुन निर्णय कार्यगत हो भन्ने विषयको लक्ष्मणरेखा कोर्न सजिलो छैन। कानूनी शक्ति (Statutory power) भित्र रही अख्तियारवालाले गरेका स्वविवेकयुक्त निर्णय नीतिगत निर्णय हो। क्षेत्राधिकार अन्तर्गतका विषयमा रीतपूर्वक स्वविवेक प्रयोग गरी आर्थिक, सामाजिक, वित्तीय वा राजनीतिक निर्णयहरू नीतिगत निर्णय भित्र पदर्छन जस्तैः सामाजिक सुरक्षा भत्ता दिने नीति, बजेट विनियोजन आदि। सो नीति कार्यान्वयनका लागि भएका प्रशासनिक निर्णयहरू वा प्राविधिक निर्णयहरू कार्यगत निर्णय हुन जसमा सरकारी सम्पत्ति हानिनोक्सानी भएमा लापरवाहीको दायित्व आकर्षित हुन्छ।
- नीतिगत निर्णयमा पनि लापरवाहीको दायित्वबाट उन्मुक्ति प्राप्त हुन निर्णयकर्ताले स्वविवेकको प्रयोग विवेकसँगत तवरले र असल नियतले गरेको देखिनुपर्छ। नीतिगत निर्णय लिंदा नीतिगत निर्णयको आवरणमा अनुचित लाभ लिने वदनियत देखिएमा, अधिकारको दुरुपयोग गरेको देखिएमा वा क्षेत्राधिकार नाघि निर्णय गरेको देखिएमा विशुद्ध नीतिगत निर्णय (Pure policy decision) मानिदैन र लापरवाहीको दायित्व लिनुपर्छ।
- क्षेत्राधिकार अन्तर्गतका विषयमा निर्णय गर्दा कथंकदाचित हुन गएका कानूनी त्रुटिहरू (Error of judgment) का आधारमा मात्र हानिनोक्सानीको दायित्व आकर्षित हुन सक्दैन। समान स्थितिका विवेकशिल व्यक्तिले अपनाउने स्तरको

---

17 *Id.* “In deciding whether or not this requirement is satisfied, the court has to assess the relevant factors taken into account by the authority in exercising the discretion. Since what are under consideration are discretionary powers conferred on public bodies for public purposes the relevant factors will often include policy matters, for example social policy, the allocation of finite financial resources between the different calls made upon them or (as in Dorset Yacht) the balance between pursuing desirable social aims as against the risk to the public inherent in so doing. It is established that the courts cannot enter upon the assessment of such ‘policy’ matters. The difficulty is to identify in any particular case whether or not the decision in question is a ‘policy’ decision.”

18 *Home Office v Dorset Yacht Co Ltd* [1970] UKHL 2, [1970] AC 1004: The assessment by the court of such allegations would not require the court to consider policy matters which are not justiciable. They do not necessarily involve any question of the allocation of resources or the determination of general policy.”

व्यवहार (Standard of care) नगरी नियतबस गरिएका त्रुटिहरूका विषयमा मात्र लापरवाहीको दायित्व लिनुपर्छ।

४०. उपरोक्त सैद्धान्तिक विवेचनाका आधारमा हेर्दा, राष्ट्रसेवकको ओहदामा रहेका प्रतिवादीले ओहदाको कर्तव्य स्वरुप सरकारी सम्पत्तिको जिम्मेवारी प्राप्त गरेको देखिन्छ (fiduciary relationship)। कर्जन्हा नगरपालिकाको नाम र केन्द्रको परिवर्तन विषयमा नेपाल सरकारबाट निर्णय नै नभएको अवस्थामा प्रतिवादीहरूले सोको प्रशासनिक भवन निर्माणका लागि ठेक्का आव्हान गरेको र ठेकेदारलाई रु.१,०८,००,०००।- अग्रिम भुक्तानी दिएको देखिन्छ। उल्लेखित कार्यबाट प्रतिवादीहरूले नीतिगत विषयको हद पार गरी प्रशासनिक प्रकृतिको निर्णयबाट सरकारी रकम हानिनोक्सानी भएको देखिंदा प्रतिवादीहरूले लापरवाहीको दायित्व बहन गर्नुपर्ने देखियो। यसैगरी सम्झौताबमोजिम काम नभएको अवस्थामा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा (४) बमोजिम सुविस्ताको आधारमा करार भङ्ग गरी रकम फिर्ता लिने तर्फ कारवाही गर्न मिल्नेमा सो तर्फ पनि केही नगरेको (Omission) देखिन्छ र सोबाट नगरपालिकाको उल्लेखित रकम गैरकानूनी तवरले ठेकेदारलाई गई सरकारी रकमको गैरकानूनी हानिनोक्सानीबाट निजले गैरकानूनी लाभ प्राप्त गरेको देखिन्छ।

४१. नगरपालिकाको नाम र केन्द्र परिवर्तनको अन्तिम निर्णय नेपाल सरकारबाट गरिने भन्ने प्रावधान रहेकोले नगरसभाको निर्णय र प्रदेश सरकारको निर्णय केवल सिफारिसको निर्णय सम्म रहेको देखिन्छ। नेपाल सरकारबाट नगरपालिकाको नाम र केन्द्र परिवर्तनको अन्तिम निर्णय नआउदै नगरपालिकाको नाम र केन्द्र परिवर्तनको नगरसभाको सिफारिसलाई अन्तिम निर्णय मानी नगरप्रमुखले प्रशासनिक भवन निर्माणको लागि बजेट विनियोजन गरी ठेकेदारलाई पेस्की रकम दिएको देखिन्छ। नगरपालिकाका पदाधिकारीले क्षेत्राधिकार नाघि काम गरेको भन्ने देखिन्छ। यो निर्णय नीतिगत निर्णयको परिधि नाघि प्रशासनिक निर्णय (Operational Decision) हुन गएको देखिन्छ। सो निर्णय स्थानीय निकायलाई कानूनले प्रदान गरेको स्वविवेकीय अधिकार भन्दा बाहिर गई फौजदारी दायित्वको श्रेणीमा पुग्न गएको देखिन्छ। आफ्नो कानूनी जिम्मेवारी (Statutory power) नाघि निर्णय र कार्य गर्दा हानिनोक्सानी भएको देखिएमा लापरवाही (negligence) को दायित्व बहन गर्नुपर्छ। यी सबै तथ्यका आधारमा राष्ट्रसेवक रहेका नगर प्रमुख र प्रशासकीय अधिकृत समेतका प्रतिवादीहरूले लापरवाही गरी सरकारी सम्पत्ति हानिनोक्सानी भएको देखिंदा प्रतिवादीहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको देखियो।

## <u>कसुर ठहर आदेश</u>

४२. तसर्थ कर्जन्हा नगरपालिकाको केन्द्र परिवर्तन बारे नेपाल सरकारबाट निर्णय नै नभई तथा निर्माणस्थलको व्यवस्था नहुँदै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ को उपनियम (३) विपरीत नगर कार्यपालिकाको मिति २०७८।०६।०८ को आदेशबाट कर्जन्हा नगरपालिका वडा नं. ५ मा प्रशासनिक भवन निर्माणका लागि बोलपत्र आह्वान गरी महालक्ष्मी/पाण्डे एण्ड कम्पनी/ड्रागन जे.भि फर्मसँग मिति २०७८।१०।०३ मा सम्झौता गरी पेस्की रु.१,०८,००,०००।- (एक करोड आठ लाख रुपैयाँ) पेस्की दिएको र कार्य प्रारम्भ नै नगरेको हानिनोक्सानी अवस्थामा APG अवधिभित्र दाबी नगरी सो रकम हानिनोक्सानी भएको देखियो। सो कसुरमा प्रतिवादीहरू तत्कालीन नगर प्रमुख गंगा पासमानले बोलपत्र आह्वानको निर्णय गरेको, प्रतिवादी जगदीश मण्डलले बोलपत्रको सूचना निकालेको, प्रतिवादी बुद्धिमान दनुवारले सम्झौता गरेको तथा प्रतिवादी बुद्धिमान दनुवार र प्रतिवादी प्रविन कुमार महतोले पेस्की दिएको, एडभान्स पेमेन्ट ग्यारेण्टीको म्याद भित्र जमानत जफत गर्ने तर्फ पहल नगरेकोले निज प्रतिवादीहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको र प्रतिवादी निर्माण व्यवसायी महालक्ष्मी।पाण्डे एण्ड कम्पनी/ड्रागन जे.भि.को प्रतिनिधि बैजनाथ यादवले सो कार्यमा मतियारको भूमिका निर्वाह गरी अनुचित लाभ रु.१,०८,००,०००।- लिई सो कसुरको सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिमको मतियारको कसुर गरेको समेत ठहर्छ।

निज प्रतिवादीहरूउपरको बिगो रु.१,०८,००,०००।- (एक करोड आठ लाख रुपैयाँ) को दामासाहीले हुने जनही

बिगो रु.२१,६०,०००।- (एक्काइस लाख साठी हजार रुपैयाँ) कायम भई प्रतिवादीहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र ऐ.दफा ३ को उपदफा (१) को खण्ड (च) बमोजिम २ वर्ष ६ महिना देखि ४ वर्षसम्म कैद सजाय हुन सक्ने हुँदा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ८, ९ अनुसार छुट्टै सुनुवाई गरी सजाय निर्धारण गर्नुपर्ने देखिंदा सोही ऐनको दफा १२ अनुसार वादी तथा प्रतिवादीका कानून व्यवसायीहरू मार्फत सजायपूर्वको प्रतिवेदन लिई मिति २०८१।०८।१० मा पेसी तोकी नियमानुसार गर्नू।

**सजाय निर्धारण आदेश**

४३. सजाय निर्धारणमा निमित्त आज पेसी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पेस हुन आएको सजायपूर्वको प्रतिवेदन समेत अध्ययन गरियो। वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय काठमाडौंको उपन्यायाधिवक्ता श्री श्रीधर अर्यालले र प्रतिवादीहरूको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री जय कुमार गोइत, विद्वान अधिवक्ताहरू श्री राम पुकार महतो, श्री सुवास आचार्य र श्री शिव प्रसाद कोइरालाले गर्नुभएको बहस समेत सुनियो।

४४. अतः प्रतिवादीहरू गंगा पासमान, जगदिश मण्डल, बुद्धिमान दनुवार र प्रविनकुमार महतोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको र प्रतिवादी बैजनाथ यादवले सो कसुरमा ऐ. २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिमको कसुर गरेको देखिंदा सोही ऐनको दफा १७ र दफा ३ को उपदफा (१) को देहाय खण्ड (च) बमोजिम सजाय हुने भनी यस अदालतबाट मिति २०८१।०७।२८ मा कसुर ठहर भई फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ८ र ९ को प्रयोजनार्थ पेस हुन आएको देखियो। प्रस्तुत मुद्दामा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १३, १४ र १५ को कानूनी व्यवस्था मुलुकी अपराध संहिता २०७४ को दफा ३८ र ३९ को कानूनी व्यवस्था, र सर्वोच्च अदालतबाट जारी सजाय निर्धारण सम्बन्धी मार्गदर्शन, २०७५ समेतलाई दृष्टीगत गरी वादी नेपाल सरकारका तर्फबाट र प्रतिवादी तर्फका कानून व्यवसायीहरूले पेस भएको सजाय पूर्वको प्रतिवेदन अध्ययन गरी, विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान् उपन्यायाधिवक्ता एवम् प्रतिवादीहरूका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता तथा विद्वान् अधिवक्ताहरूको बहस समेत सुनी निज प्रतिवादीहरूको शैक्षिक, आर्थिक सामाजिक, सांस्कृतिक पृष्ठभूमि साथै निज प्रतिवादीहरूले प्रस्तुत वारदात गर्दाको अवस्था एवम् परिस्थितिसमेतलाई सजायशास्त्र (Penology) को दृष्टिकोणबाट विचार गरी सजाय निर्धारण गर्नुपर्ने देखियो। सजाय निर्धारणतर्फ कायम भएको बिगोको आधारमा प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो अनुसार जनही रु.२१,६०,०००।-(एक्काइस लाख साठी हजार रुपैयाँ) जरिबाना हुने र सोही उपदफा (१) को देहाय खण्ड (च) बमोजिम जनही २ (दुई) वर्ष, ६ (छ) महिना कैद सजाय हुने तथा सोही दफा १७ बमोजिम प्रतिवादीहरूबाट जनही रु.२१,६०,०००।-(एक्काइस लाख साठी हजार रुपैयाँ) बिगो असुलउपर हुनेसमेत ठहर्छ। अरुमा तपसिलबमोजिम गर्नू।

**सदस्य** **सदस्य** **सदस्य**

**फैसला तयार गर्न सहयोग पुर्‍याउनेः**
इजलास अधिकृतः सुधा लामिछाने
कम्प्युटर अपरेटरः गीता घिमिरे गिरी
इति संवत् २०८१ साल मंसिर महिना १० गते रोज २ शुभम्...............................................................।

विशेष अदालत, काठमाडौं

**इजलास**

सदस्य माननीय न्यायाधीश **डा.** श्री  खुशी प्रसाद थारु

सदस्य माननीय न्यायाधीश श्री राम बहादुर थापा

सदस्य माननीय न्यायाधीश श्री मुरारीबाबु श्रेष्ठ

**फैसला**

(इजलास नं.२)

मुद्दा नं. : ०७६-CR-०२९६

दर्ता मिति : २०७६।११।१३

फैसला मिति : २०८०।१२।०२

**नि.नं. : १०४**

**मुद्दाः शैक्षिक योग्यताको झुट्टा एवम् नक्कली प्रमाण पत्र पेस गरी भ्रष्टाचार गरेको।**

**बादी** : अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकृत दिपेन्द्र राईको प्रतिवेदनले **नेपाल सरकार।**

**विरुद्ध**

**प्रतिवादी** : चुरामणी भट्टराईको नाति, यज्ञमूर्ति भट्टराईको छोरा स्याङ्जा जिल्ला साबिक कृष्णगण्डकी गाउँ विकास समिति वडा नं. ८ हाल कालीगण्डकी गाँउपालिका वडा नं. ७ स्थायी घर भएका नेपाल विद्युत प्राधिकरण, कालीगण्डकी ए जलविद्युत केन्द्र, स्याङ्जामा कार्यरत वर्ष ४४ (ना.प्र.प.नं. ३२८६७, स्याङ्जा)को तह-५ सुपरभाइजर (मेकानिकल) श्री **चक्रपाणी भट्टराई।**

**ठहर खण्ड**

१. विशेष अदालत नियमावली, २०८० को नियम ४३ र ४४ बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको आरोप पत्रसहितको सम्पूर्ण मिसिल अध्ययन गरियो।

२. वादी नेपाल सरकारका तर्फबाट उपस्थित सहायक न्यायाधिवक्ता श्री सरिता पोखरेलले चक्रपाणी भट्टराईले २०६२ सालमा नेपाल विद्युत प्राधिकरणमा चौथो तहको सिनियर वेल्डर पदमा सेवा प्रवेश गर्दा झुट्टा/नक्कली हाइस्कुल परीक्षा उत्तीर्ण शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरेको, निज प्रतिवादी २०७१ सालमा पाचौं तह सुपरभाइजर (मेकानिकल) पदमा बढुवासमेत भई कालीगण्डकी ए जलविद्युत आयोजना, स्याङ्जामा कार्यरत रहेकोमा निजले सेवा प्रवेश गर्दा माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेश, शिवाजी उच्चोत्तर विद्यालयबाट प्राइभेट विद्यार्थीको रुपमा परीक्षा दिई इ.सं. १९९६ मा हाइस्कुल परीक्षा उत्तीर्ण गरेको भनी पेस गरेको शैक्षिक प्रमाण पत्र अनुसन्धानको क्रममा राष्ट्रिय परीक्षा बोर्ड मार्फत सत्यापन परीक्षण हुँदा माध्यमिक शिक्षा परिषद्, क्षेत्रीय कार्यालय, वाराणसीको पत्राङ्क ११६०, दिनाङ्क ११/११/२०१९ को सत्यापन सम्बन्धी पत्रसाथ प्राप्त विवरण अनुसार हाइस्कुल परीक्षा १९९६, अनुक्रमाङ्क १९६७२३२ सम्पूर्ण विवरण **भिन्न अपुष्टित** भनी उल्लेख भई आएको र यस अदालतको आदेशबमोजिम राष्ट्रिय परीक्षा बोर्ड सानोठिमी, भक्तपुर मार्फत पुनः सत्यापन परीक्षण गर्न पठाउँदासमेत निजको हाइस्कुलको शैक्षिक योग्यताको प्रमाण पत्र ***वाराणसी परिक्षेत्र के सिध्दार्थनगर जनपदमे अनुदानित नहीं है*** भनी पत्र प्राप्त भएको हुँदा झुट्टा शैक्षिक योग्यताको प्रमाण पत्र पेस गरी सरकारी लाभ तथा सुविधासमेत लिइरहेको देखिँदा निजले प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसूर गरेको देखिएकोले निज प्रतिवादी चक्रपाणी भट्टराईलाई ऐ. दफाको ऐ. उपदफा बमोजिम सजाय गरी पाउँ भनी गर्नु भएको तर्कपूर्ण बहस सुनियो।

३. प्रतिवादी चक्रपाणी भट्टराईको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री नरबहादुर योगीले प्रतिवादी चक्रपाणी भट्टराईको

हाइस्कूलको शैक्षिक योग्यताको प्रमाण पत्र यस अदालतको आदेशबमोजिम राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुर मार्फत पुनः सत्यापन परीक्षण गर्न पठाउँदासमेत निजको हाइस्कुल प्रमाण पत्र वाराणसी **परिक्षेत्र के सिध्दार्थनगर जनपदमे अनुदानित नहीं है** भनी स्पष्ट पत्र यस अदालतमा प्राप्त भई सकेको हुँदा सो तर्फ थप जिकिर गरी रहन परेन। निजले सोही शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी दैनिक ज्यालादारी सेवामा २०५८ साल मङ्सिरमा सेवा प्रवेश गरेको हुँदा तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ आकर्षित हुने हो, हाल प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६ होइन भनी गर्नु भएको तर्कपूर्ण बहससमेत सुनियो।

४. प्रतिवादी चक्रपाणी भट्टराईले २०६२ सालदेखि नेपाल विद्युत प्राधिकरणमा चौथो तहको सिनियर वेल्डर पदमा सेवा प्रवेश गरी झुट्टा/नक्कली हाइस्कुल परीक्षा उत्तीर्ण शैक्षिक योग्यताको प्रमाणपत्रको आधारमा २०७१ सालमा पाचौं तहमा सुपरभाइजर (मेकानिकल) पदमा बढुवासमेत भई कालीगण्डकी ए जलविद्युत आयोजना, स्याङ्जामा कार्यरत रही सरकारी लाभ तथा सुविधासमेत लिईरहेको देखिँदा निजको उक्त कार्य प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसूर गरेको देखिएको हुँदा निज प्रतिवादी चक्रपाणी भट्टराईलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय गरी पाउँ भन्नेसमेत बेहोराको आरोपपत्र यस अदालत समक्ष दायर हुन आएको देखियो।

५. उपरोक्त तथ्य एवम् आरोपदाबी बमोजिम निज प्रतिवादी चक्रपाणी भट्टराईको हाइस्कूलको शैक्षिक योग्यताको प्रमाण पत्र नक्कली हो वा होइन ? निज उपरको आरोपदाबी बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ आकर्षित हुने हो वा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ आकर्षित हुने हो ? भन्ने सम्बन्धमा न्याय निरुपण गर्नुपर्ने देखिन आयो।

६. अव, न्याय निरुपणार्थ विचार गर्दा, प्रतिवादी चक्रपाणी भट्टराईले भारतको माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेश, शिवाजी उच्चोत्तर विद्यालयबाट हाइस्कुल परीक्षा उत्तीर्ण ई.सं. १९९६ मा गरेको शैक्षिक योग्यताको प्रमाण पत्र पेस गरी नेपाल विद्युत प्राधिकरण, कालीगण्डकी ए जलविद्युत केन्द्र, स्याङ्जामा चौथो तहको सिनियर वेल्डर पदमा मिति २०६२।०७।२५ मा स्थायी सेवा प्रवेश गरेको देखिन आयो भने मिति २०७१।११।१० को निर्णयले पाचौं तहको सुपरभाइजर (मेकानिकल) पदमा विशेष बढुवा भएको भन्ने मिसिल संलग्न मिति २०७१।११।१४ च.नं. ७७१८ को पत्रद्वारा देखिन आयो।

७. निज प्रतिवादीले सेवा प्रवेश गर्दा पेस गरेको हाइस्कुलको शैक्षिक योग्यताको प्रमाण पत्र नक्कली भएको भनी उजुर परेको हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प.सं. ०७६/०७७, च.नं. ७१६४, मिति २०७६।०७।१७ को पत्रबाट शैक्षिक योग्यताको प्रमाण पत्र प्रमाणीकरण गर्ने क्रममा राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुरमा पत्राचार भए अनुरुप राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुरको Ref. No: 554, November 3, 2019 मा Madhyamik Shiksha Parisad, Regional Office, Varanasi UP, India मा निजको शङ्कास्पद प्रमाण पत्र प्रमाणीकरणको लागि पठाएकोमा माध्यमिक शिक्षा परिषद्, क्षेत्रीय कार्यालय, वाराणसीको पत्राङ्क 1160, दिनाङ्क 11/11/2019 को सत्यापन सम्बन्धी पत्रमा हाइस्कुल परीक्षा 1996, अनुक्रमांक 1967232 सम्पूर्ण विवरण **भिन्न अपुष्टित** भनी उल्लेख भई आएको देखियो। निज प्रतिवादीले यस अदालत समक्ष बयान गर्दा सवाल जवाफ नं. १६ मा आफ्नो शैक्षिक योग्यताका प्रमाण- पत्रहरू सक्कली नै भएकोले अदालतबाट सो सम्बन्धमा प्रमाणीकरणको आदेश जारी गरी पाउँ भन्ने जिकिर लिएको हुँदा यस अदालतबाट निज प्रतिवादीको शैक्षिक योग्यताको प्रमाण पत्र राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुरमार्फत माध्यमिक शिक्षा परिषद्, क्षेत्रीय कार्यालय, वाराणासी, उत्तर प्रदेश, भारतबाट पुनः प्रमाणीकरण गराउनु भनी मिति २०७९।०९।२९।०६ मा सत्यापन परीक्षणको निमित्त आदेश भएको देखियो। पुन: सत्यापन परीक्षणका लागि राष्ट्रिय परीक्षा बोर्डबाट खटिई गएका टोलीले निज प्रतिवादी चक्रपाणी भट्टराईले सन् १९९६ मा उत्तीर्ण गरेको भनेको क्रमाङ्क १९६७२३२ को हाइस्कूलको शैक्षिक योग्यताको प्रमाण पत्र **"वाराणसी परिक्षेत्र के सिध्दार्थ नगर जनपदमे अनुदानित नहीं है"** भन्ने बेहोराको माध्यमिक शिक्षा परिषद्, क्षेत्रीय कार्यालय, वाराणसी, उत्तर प्रदेश, भारतको

पत्रसहित सोही बेहोराको सत्यापनसहित राष्ट्रिय माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुरको मिति २०८०।११।२२ को च.नं. १४/२०८०।०८१ को पत्रसमेत यस अदालतमा प्राप्त भएको देखियो। सो पत्रबाट समेत निज प्रतिवादीले नेपाल विद्युत प्राधिकरणको सेवा प्रवेश गर्दा पेस गरेको हाई स्कलको शैक्षिक योग्यताको प्रमाण पत्र नक्कली रहेको भन्ने देखिन आयो।

८. निज प्रतिवादीले यस अदालतसमक्ष बयान गर्दा उक्त शैक्षिक योग्यताको प्रमाण पत्र नेपाल विद्युत प्राधिकरणमा पेस गरी मिति २०५८ साल मंसिरदेखि उक्त प्राधिकरणमा दैनिक ज्यालादारीको रुपमा कार्यरत रहेको भन्ने जिकिर लिएको भए तापनि निजले अनुसन्धानको क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा बयान गर्दा सो तथ्यको जिकिर लिन सकेको देखिएन। सोको अतिरिक्त अनुसन्धानबाट सङ्कलित प्रमाण कागजातहरूबाट निजको शैक्षिक योग्यताको प्रमाण पत्रको अभिलेखिकरण सोही मितिमा रहे भएको भन्नेसमेत देखिन आएन। नेपाल विद्युत प्राधिकरणको नियुक्ति सिफारिस समितिको मिति २०६२।०६।२० को सिफारिस तथा मिति २०६२।०७।२५ को निर्णयबमोजिम निज प्रतिवादी चक्रपाणी भट्टराई नेपाल विद्युत प्राधिकरणको प्राविधिक सेवा अन्तरगत चौंथो तहको मेकानिकल समूहको सिनियर बेल्डर पदमा स्थायी सेवामा प्रवेश गरेको भन्ने नेपाल विद्युत प्राधिकरणको मिति २०६२।०७।२५ को च.नं. १८४२ को नियुक्ति पत्रबाट देखिन्छ। सो मितिमा भ्रष्टाचार निवारण ऐन, २०५९ प्रचलनमा रहेको हुँदा निजको हकमा आरोपदाबी बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ नै आकर्षित हुने देखियो। निज प्रतिवादीले २०५८ सालमा नै दैनिक ज्यालादारीमा सेवा प्रवेश गरेको हुँदा निजको हकमा तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ आकर्षित हुने हो भन्ने प्रतिवादी तर्फको विद्वान अधिवक्ताको जिकिरसँग सहमत हुन सकिएन।

९. अव, निज प्रतिवादी उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) को आरोपदाबी रहेकोले सो सम्बन्धी कानूनी प्रावधान तर्फ विवेचना गर्नुपर्ने देखियो। सर्वसाधारणको सुख, शान्ति र आर्थिक हितको निमित्त समाजमा आर्थिक अनुशासन, नैतिकता र सदाचार कायम राख्न भ्रष्टाचार निवारणका सम्बन्धमा समयानुकूल कानूनी ब्यबस्था गर्ने हेतुले जारी भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) मा "*कुनै पनि ब्यक्तिले राष्ट्र सेवकको ओहोदा पाउने, सो ओहोदामा बहालमा रहने वा कुनै हैसियत वा लाभ वा सुविधा पाउने उद्देश्यले शैक्षिक योग्यता, नाम, तीनपुस्ते, उमेर, जात, थर, ठेगाना, नागरिकता वा योग्यता वा अन्य कुनै कुराको झुट्टा विवरण दिएमा वा सो सम्बन्धी झुट्टा प्रमाण पत्र पेस गरेमा निजलाई कसूरको मात्रा अनुसार छ महिनादेखि एक वर्षसम्म कैद र दश हजार रुपैयाँदेखि बीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ*" भन्ने कानूनी प्रावधान रहेको देखिन्छ। उक्त कानूनी ब्यबस्थाले झुट्टा शैक्षिक योग्यताको प्रमाण पत्र सम्बन्धी भ्रष्टाचारको **कसूर हुनको निमित्त** लाभ वा सुविधा पाउने उद्देश्यले राष्ट्रसेवकले शैक्षिक योग्यता, नाम, तीन पुस्ते, उमेर, जात, थर, ठेगाना, नागरिकता वा योग्यता वा अन्य कुनै कुराको झुट्टा विवरण दिएको वा झुट्टा प्रमाण पत्र **पेस गरेको हुनु पर्ने** भन्ने विधायिकी मनसाय देखिन्छ। भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम नक्कली प्रमाण पत्रको कसूर प्रमाणित हुन आफूले हासिल नगरेको शैक्षिक योग्यता हासिल गरेको छु भनी झुट्टा शैक्षिक योग्यताको प्रमाण पत्र पेस गरी राष्ट्रसेवकको ओहोदा तथा सुविधा लिए खाएको देखिनु पर्छ। सो कानूनी प्रावधान आकर्षित हुनको लागि प्रतिवादी के-कस्तो निकायमा कार्यरत रहेको हो ? वा निज प्रतिवादी राष्ट्रसेवक हो वा होइन ? भन्ने सन्दर्भलाई समेत विवेचना गर्नु पर्ने देखिन्छ। ऐ. ऐनको दफा २ को खण्ड (ग) बमोजिम "*नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको कम्पनी, बैंक वा समिति वा प्रचलित कानूनबमोजिम नेपाल सरकारद्वारा स्थापित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठन, बोर्ड, केन्द्र, परिषद् र त्यस्तै प्रकृतिका अन्य सङ्गठित संस्थालाई सार्वजनिक संस्था*" भनी परिभाषित गरेको देखिन्छ भने सोही दफाको खण्ड (घ) को उपखण्ड (१) मा "*...सार्वजनिक कर्तव्य पालनको लागि नेपाल सरकार वा सार्वजनिक संस्थाबाट तलब, भत्ता, पारिश्रमिक, सुविधा, हैसियत वा कुनै लाभ पाउने वा नपाउने गरी नियुक्त, मनोनित वा निर्वाचित ब्यक्तिलाई राष्ट्र सेवक*" को रुपमा परिभाषित गरेको देखिन्छ। सो परिप्रेक्षमा प्रतिवादी चक्रपाणी भट्टराईले नियुक्ति लिई सेवारत रहेको भनिएको नेपाल विद्युत प्राधिकरण नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको सार्वजनिक

निकाय भएको र सो किसिमको प्राधिकरणबाट यी प्रतिवादीले तलब, भत्ता, पारश्रमिक, सुविधा, हैसियत वा कुनै लाभ पाउने गरी नियुक्त भई कार्यरत रहेको देखिन आएकोले निज प्रतिवादीले आरोपदाबी बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसूर गरेको देखिन आयो। सो अवस्थामा निज प्रतिवादीलाई ऐ. दफाको ऐ. उपदफा बमोजिम सजाय गर्नुपर्ने देखियो।

१०. अतः माथि विवेचित आधार र कारणबाट प्रतिवादी चक्रपाणी भट्टराईले पेस गरेको हाइस्कूलको शैक्षिक योग्यताको प्रमाण पत्रहरू झुट्टा रहेको कुरा राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुर र माध्यमिक शिक्षा परिषद्, क्षेत्रीय कार्यालय, वाराणसी, भारतबाट ०५।०२।२०२४ A.D. को पत्रबाट पुष्टि भएको र सो झुट्टा प्रमाण पत्र प्रतिवादीले नेपाल विद्युत प्राधिकरणमा पेस गरी मिति २०६२।०७।२५ को निर्णय अनुसार सिनियर वेल्डर पदमा स्थायी नियुक्ति लिई गैरकानूनी लाभ लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसूर गरेकोले सोही दफाको उपदफा (१) बमोजिम **६ (छ) महिना कैद** र **रु.१०,०००।-** (दस हजार रुपैयाँ) **जरिवाना** हुने ठहर्छ। अरुमा तपसिलबमोजिम गर्नू।

**सदस्य** **सदस्य** **सदस्य**

**फैसला तयार गर्न सहयोग पुऱ्याउनेः-**
**इजलास अधिकृतः** राजन महत
कम्प्युटर अपरेटरः गीता घिमिरे गिरी
**इति संवत् २०८० साल चैत्र महिना २ गते रोज ६ शुभम्..............................................................।**

विशेष अदालत, काठमाडौं
सदस्य माननीय न्यायाधीश डा. श्री  खुशी प्रसाद थारु
सदस्य माननीय न्यायाधीश श्री तेज नारायण सिंह राई
सदस्य माननीय न्यायाधीश श्री मुरारी बाबु श्रेष्ठ
फैसला
इजलास नं.२
मुद्दा नं.०८०-CR-००८२
दर्ता मिति २०८०।०९।१९

मुद्दाः- झुट्टा शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको ।

निर्णय नं. १६४

फैसला मितिः- २०८१।०३।२७

**बादी** : अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालका तत्कालीन प्रहरी निरीक्षक दिपेन्द्र अधिकारी समेतको प्रतिवेदनले नेपाल सरकार।

**विरुद्ध**

**प्रतिवादी** : गेहेन्द्र बहादुरको नाति, शेर बहादुरको छोरा, जन्मस्थान जिल्ला काठमाडौं ,काठमाडौं महानगरपालिका वडा नं ४, स्थायी बसोबास रुकुम जिल्ला, साविक खलङ्गा गा.वि.स.वडा नं. ५, हाल नेपाल वायु सेवा निगमको आठौं तहमा कार्यरत विमान चालक क्याप्टेन CAPTAIN पदमा कार्यरत(मोबाइल नं. ९८५१०३१३२२ र ना.प्र.नं.१२१९/काठमाडौं) वर्ष ३७ का **सम्राट बहादुर शाह**।

**१. सरकारी सम्पत्तिको हिनामिनाको कसूर राष्ट्रसेवकले गरेको देखिनुपर्छ। (Public Official)**
**२. हिनामिनाको कसूर हुनका लागि नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्ति देखिनुपर्छ। (public property)**
**३. सम्पत्ति वास्तविक हुनुपर्छ, काल्पनिक वा अपेक्षाकृत सम्पत्ति होइन। वास्तविक रुपमा सरकारको हकभोगमा आएको सम्पत्ति हुनुपर्छ। सरकारको हकभोगमा नआएको, वा सरकालाई प्राप्त हुने अनुमान गरिएका सम्पत्ति (anticipatory) लाई वास्तविक सम्पत्ति मान्न मिल्दैन।**
**४. राष्ट्रसेवकले ओहदाको कर्तव्य स्वरुप सरकारी सम्पत्तिको जिम्मेवारी प्राप्त गरेको देखिनुपर्छ। ओहदाको जिम्मेवारीमा नरहेका सम्पत्तिमा हिनामिनाको कानून आकर्षित हुन सक्दैन। (fiduciary relationship)**
**५. राष्ट्रसेवकले ओहदाको दुरुपयोग गरी जालसाजीपुर्वक सरकारी सम्पत्ति नासेमासेको, नीजि प्रयोगमा लगाएको वा अन्य व्यक्तिलाई हक हस्तान्तरण गरेको वा दुरुपयोग गरेको अवस्था देखिनुपर्छ। (fraudulent Conversion of public property)**
**६. राष्ट्रसेवकले आफूलाई वा अरु कसैलाई गैरकानूनी लाभ लिनेदिने वदनियत (mala fide intention) ले उक्त कार्य गरेको देखिनुपर्छ।**
**७. लापरवाहीको कारणले पनि हिनामिनाको कसूर ठहर्न सक्छ तर सोको लागि ओहदाको कर्तव्यप्रति गम्भिर लापरवाही गरी सम्पत्ति हानिनोक्सी भएको देखिनुपर्छ। कानूनी त्रुटिको आधारमा मात्र कसूर पुष्टि हुन सक्दैन । (negligence)**

**(प्रकरण नं. १९)**

## ठहर खण्ड

१. विशेष अदालत नियमावली २०८० नियम ४४ बमोजिम दैनिक पेसी सूचीमा चढी इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान सहायक न्यायाधिवक्ता श्री सुप्रिया कुँवरले प्रतिवादीले नक्कली शैक्षिक प्रमाणपत्र पेस गरी सरकारी सेवामा नियुक्ति लिएको कुरा प्रतिवेदनबाट पुष्टि भएको छ। भ्रष्टाचार मुद्दामा हदम्यादको कानून आकर्षित हुन सक्दैन। अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३ को उपदफा (१) र (२) मा अनुसन्धान र तहकिकात गर्ने ५ वर्ष हदम्याद हो। अभियोजन गर्ने हदम्याद होइन। आरोपदाबीबमोजिम प्रतिवादीलाई सजाय गरिपाउँ भनी गर्नु भएको बहस सुनियो।

२. प्रतिवादीका तर्फबाट विद्वान अधिवक्ता भिमार्जुन आचार्यले प्रतिवादीउपर अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा २०७१ सालमा नै उजुरी परेकोमा २०८० सालमा मात्र मुद्दा दर्ता गरेको देखिन्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३ को उपदफा (२) मा स्पष्ट रुपमा हदम्याद ५ वर्ष किटान गरिएको छ। दफा १३(२) को प्रतिबन्धात्मक वाक्यांश भित्र नक्कली शैक्षिक प्रमाणपत्रको मुद्दा पर्दैन। उक्त व्यवस्था अनुसन्धान र तहकिकातको हदम्याद मात्र नभई मुद्दा दायर गर्ने हदम्याद हो। उक्त कुरा वादीले समेत आरोपपत्रमा स्वीकार गरेको नै देखिन्छ। हदम्याद नघाई दायर भएको प्रस्तुत मुद्दा खारेज हुनुपर्छ भनी गर्नु भएको बहस सुनियो।

३. प्रस्तुत मुद्दा हदम्याद नघाई दायर भएको हो, होइन? आरोपदाबी खारेज हुनुपर्ने हो, होइन? आरोपदाबी पुग्ने हो, होइन ? भन्ने प्रश्नमा केन्द्रित रही न्याय निरुपण गर्नुपर्ने देखियो।

४. निर्णयतर्फ विचार गर्दा, सम्राट बहादुर शाहले नेपाल वायुसेवा निगमको Ref: HRD/१८/२३३८, मिति २०७१/११/१८ को पत्रानुसार मिति २०७१/११/१० देखि JR.Captain पदमा नियुक्ति भई Ref: HRD/१८/१९२२, मिति २०७३/९/८ को पत्रबाट मिति २०७३/९/७ देखि आठौं तहको Captain पदमा बढुवा भई हालसम्म कार्यरत रहेको र निजले शुरु नियुक्तिका लागि पेस गरेको भारतको गोरखपुरको V S J INTER COLLEGE SARAHARI, GORAHPUR, UP बाट ISC- प्राइभेट २००३ सालमा प्रथम श्रेणीमा उत्तीर्ण गरेको शैक्षिक योग्यताको झुठ्ठा प्रमाणपत्र पेस गरी मिति २०७१/११/१० देखि नेपाल वायुसेवा निगमको JR.Captain पदमा नियुक्ति भई Ref: HRD/१८/१९२२, मिति २०७३/९/८ को पत्रबाट मिति २०७३/९/७ देखि आठौं तहको Captain पदमा वढुवा भई २०८० साल असार मसान्तसम्म सरकारी सेवामा कार्यरत रहेको बेहोरा नेपाल वायुसेवा निगमको मिति २०८०।५।२१ को पत्रबाट देखिएको र निजको आइएस्सी तहको प्रमाणपत्र सम्बन्धित निकायबाट झुठ्ठा प्रमाणीकरण भएको देखिंदा निज सम्राट बहादुर शाहले नेपाल सरकारको सार्वजनिक पदमा बहाल रही लाभ वा सुविधा पाउने उद्देश्यले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरेको पुष्टि हुन आएकोले निज प्रतिवादी सम्राट बहादुर शाहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुरमा सोही ऐनको दफा १६ को उपदफा (१) बमोजिम कैद र जरिवानाको सजाय हुन अभियोग दायर भएको देखिन्छ।

**५. प्रतिवादी सम्राट बहादुर शाहले** मेरो शैक्षिक प्रमाणपत्र नक्कली भएको भए हदम्यादभित्र उजुरी गर्नु पर्नेमा उजुरी मिति २०७३/०२/१० मा दर्ता भएकोमा सो उपर अनुसन्धान गरी ७ वर्ष पछि मात्र मुद्दा दर्ता गरिएको छ। हदम्याद नाघी दर्ता भएको आरोपपत्र खारेज हुन समेत अनुरोध गर्दछु। आरोपपत्रसाथ पेस भएका प्रमाणपत्रहरू मैले भारतको गोरखपुरको V S J INTER COLLEGE SARAHARI, GORAHPUR बाट प्राइभेट परीक्षा दिई उत्तीर्ण भई लिएको सक्कल प्रमाणपत्र नै हुन्। राष्ट्रिय परीक्षा बोर्ड सानोठिमी भक्तपुरबाट भई आएको मेरो प्रमाणपत्र प्रमाणीकरण विवरण गलत छ। मैले दिएको परीक्षाको रेकर्डहरू सहीसँग नराखेको वा मेरो रेकर्डहरू सहीसँग नखोजी पठाइएको विवरण हुन सक्छ। आवश्यक भए पुनः प्रमाणीकरण गरिपाउँ। मेरो शैक्षिक प्रमाणपत्र नक्कली भएको भए हदम्यादभित्र उजुरी गर्नुपर्नेमा उजुरी मिति २०७३/०२/१० मा दर्ता भएकोमा सो उपर अनुसन्धान गरी ७ वर्ष पछि मात्र मुद्दा दर्ता

गरिएको छ। हदम्याद नाघी दर्ता भएको आरोपपत्र खारेज हुन समेत अनुरोध गर्दछु। हाल मैले सेवाबाट राजिनामा दिएको कारण अन्य नभई नेपाल वायुसेवा निगमको भन्दा राम्रो अवसर अफ्रिकामा पाएको हुँदा सो अवसरलाई उपयोग गर्न मात्र २०८०/०४/१ मा राजीनामा दिई स्वीकृति भएको हो। अतः म उपरको नक्कली शैक्षिक प्रमाणपत्र पेस गरी सरकारी सेवा सुविधा लिएको भन्ने झुट्टा आरोपदाबीबाट सफाई दिलाई पाउँ भन्ने समेत बेहोराको यस अदालतसमक्ष बयान गरेको देखियो।

६. **प्रतिवादी सम्राट बहादुर शाहले** उजुरी मिति २०७३/०२/१० मा दर्ता भएकोमा ७ वर्षपछि मात्र मुद्दा दर्ता गरिएकोले हदम्याद नाघी दर्ता भएको आरोपपत्र खारेज हुनपर्छ भनी जिकर लिएकोले मुद्दामा प्रस्तुत मुद्दा हदम्याद नघाई दायर भएको हो, होइन ? आरोपदाबी खारेज हुनुपर्ने हो, होइन ? भन्ने प्रश्नमा केन्द्रित रही न्याय निरुपण गर्नुपर्ने देखियो।

७. अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३ मा निम्न प्रावधानहरू रहेको पाइन्छः-

(१) भ्रष्टाचारको सम्बन्धमा कसैको उजुरी वा कुनै श्रोतबाट आयोगलाई प्राप्त भएको जानकारीको आधारमा आयोगले यस ऐनबमोजिम अनुसन्धान र तहकिकात गर्न वा अन्य कारवाही चलाउन सक्नेछ।

(२) दफा २९ मा लेखिएदेखि बाहेक भ्रष्टाचारको सम्बन्धमा सो कार्य भएको पाँच वर्षभित्र आयोगले कारवाही नचलाएमा सो अवधिपछि त्यस सम्बन्धमा यस ऐनअन्तर्गत कुनै कारवाही चलाइने छैन।

तर सरकारी वा सार्वजनिक सम्पत्ति वा नेपाल सरकारको स्वामित्व भएको सार्वजनिक संस्थाको सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेकोमा कुनै हदम्याद लाग्ने छैन।

८. वादी नेपाल सरकारका तर्फबाट उपस्थित सहायक न्यायाधिवक्ताले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३ (२) मा प्रयुक्त **कारवाही**को अर्थ अनुसन्धान र तहकिकातमा सीमित हुने हो कारवाहीको अर्थ मुद्दा चलाउने भन्ने होइन पाँच वर्षको हदम्याद त अनुसन्धान र तहकिकातमा सीमित छ मुद्दा चलाउने हदम्याद होइन भनी तर्क राख्नु भयो।

९. सो सम्बन्धमा हेर्दा, यस दफा १३(२) मा प्रयुक्त **कारवाही**को अर्थ के हो भन्ने सम्बन्धमा सर्वप्रथम विवेचना गर्नु पर्ने देखियो। यस दफा १३ को उपदफा (१) मा "....**यस ऐनबमोजिम अनुसन्धान र तहकिकात गर्न वा अन्य कारवाही चलाउन सक्नेछ**"। सोही ऐनको दफा १८ अनुसार "**यस ऐनबमोजिम चलेको कारवाही र त्यस सम्बन्धमा भएको अनुसन्धान र तहकिकातबाट निजले सो अपराध गरेको हो भन्ने विश्वास गर्नुपर्ने मनासिब कारण भएमा आयोगले त्यस सम्बन्धमा प्रचलित कानूनबमोजिम मुद्दा चलाउन अनुसन्धान अधिकृत वा नेपाल सरकारको कुनै अधिकारीलाई आदेश दिन सक्नेछ**। अनुसन्धान र तहकिकातको उद्देश्य अभियोजन वा तामेली हुने भन्ने देखिन्छ। अनुसन्धान र तहकिकात आफैमा कारवाहीको पूर्णता होइन। अनुसन्धान र तहकिकात गरेबिना अभियोजन गर्न मिल्दैन। अनुसन्धान र तहकिकात, अभियोजन वा तामेली परस्परमा अन्तरसम्बन्धित प्रक्रिया हुन। अनुसन्धान र तहकिकातको सम्बन्ध (association) अभियोजन वा तामेलीसंग छ। अर्थात दफा १३(१) मा प्रयुक्त "अनुसन्धान र तहकिकात वा अन्य कारवाहीको अर्थ यस दफा १३(१) **बमोजिम** अनुसन्धान र तहकिकात गरी दफा १८ **बमोजिम** अभियोजन गर्ने वा दफा १९ को उपदफा (१२) **बमोजिम** तामेलीमा राख्ने हो। दफा १३ को उपदफा (१) र (२) तथा दफा १८ को सारांश के हो भने **आयोगले अनुसन्धान तहकिकात गरी अभियोजन गर्न सक्नेछ वा तामेलीमा राख्न सक्नेछ**। पाँच वर्षभित्र आयोगले अनुसन्धान र तहकिकातको कारवाही नगरी कारवाहीको ढोका बन्द भइसकेको अवस्थामा अभियोजनको ढोका पनि स्वतः बन्द हुने भन्ने देखिन्छ। अनुसन्धान र तहकिकात गर्न नमिल्ने तर अभियोजनको मार्ग खुला राख्ने तर्क विरोधाभासयुक्त हुने देखिन्छ। तसर्थ "अन्य कारवाही" को अर्थ अनुसन्धान र तहकिकात गरी अभियोजन वा तामेलीमा राख्न सक्ने भन्ने समेतलाई बुझाउँछ। यस दफा १३(१) मा प्रयुक्त "अन्य कारवाही" भन्ने शब्द उद्देश्यमूलक रहेको देखिन्छ। कुनै उजुरी उपर अनुसन्धान गर्दैमा अभियोजन गर्नैपर्छ भन्ने विधायिकी मनसाय होइन, अनुसन्धान र तहकिकातबाट अपराध गरेको हो भन्ने विश्वास गर्नुपर्ने मनासिव कारण भएमा मात्र अभियोजन

गरिने अन्यथा उजुरीलाई तामेलीमा राख्ने भन्ने मनसायका साथ यस दफामा "अन्य कारवाही" शब्दावली राखेको देखिन्छ।

१०. निश्कर्षमा "अन्य कारवाही" को अर्थ अभियोजन वा तामेली समेत हो। "अन्य कारवाही" को सही अर्थ Rule of Noscitur-a-sociis को आधारमा आउँछ। कुनै शब्दसँग साथसाथै रहेका शब्दहरूको अर्थ संगती र सामिप्यमा गर्नुपर्छ। सङ्गगतिमा प्रयुक्त रहेका दुई वा दुईभन्दा बढी शब्दहरूको अर्थ सजातीय वा अन्तरसम्बन्धित नै हुन्छ, एक शब्दले अर्का शब्दको रङ्ग, रुप र आत्मा बोकेको हुन्छ। कानूनको प्रावधान र सन्दर्भबमोजिम नै सो को सम्बद्ध अर्थ रहन्छ।

*Maxim "noscitur ex socio qui non cogiiositur ex se"* which is to be understood as "he who cannot be known from himself may be known from his associates."

*Noscitur-a-sociis:* "the meaning of a word is to be judged by the company it keeps."[1] It is a legitimate rule of construction to construe words in an Act of Parliament with reference to words found in immediate connection with them.[2] When two or more words which are suceptible of analogous meaning are coupled together, they are understandable to be used in their cognate sense, they take as it were their colour from each other, that is, the more general is restricted to a less general or particular having a certain meaning. Associated words take their colour or meaning from one another if the context, of statute so suggested.[3]

The basic scope and applicability of *Noscitur-a-sociis is that associated words take their meaning from one another under doctrine of noscitur-a-sociis, the philosophy of which is that the meaning of doubtful word may be ascertained by reference to the meaning of words associated with it.* [4]

११. तसर्थ दफा १३(२) मा प्रयुक्त **कारवाही**को अर्थ अनुसन्धान र तहकिकात गरी अभियोजन वा तामेलीमा राख्न सक्ने भन्ने समेतलाई बुझाउँछ। यसरी व्याख्याको यस नियमअनुसार पनि "अन्य कारवाही" ले अभियोजन र तामेली मेत बुझाउने भन्ने देखियो। "सो कार्य भएको पाँच वर्षभित्र आयोगले कारवाही सो अवधिपछि त्यस सम्बन्धमा यस ऐन अन्तर्गत कुनै कारवाही चलाइने छैन"।भन्ने रहेकोमा स्पष्ट भाषामा हदम्याद नलेखेको तर सो अवधिपछि भन्ने उल्लेख रहेको देखिन्छ। यसको अर्थ पाँच वर्षको अवधि पछि अनुसन्धान, तहकिकात वा अभियोजन गरिने छैन भन्ने नै देखियो। "सो अवधि पछि" भन्ने वाक्यांशको अर्थ सोही उपदफा (२) को प्रतिवन्धात्मक वाक्यांशसँग सम्बन्धित देखिन्छ। प्रतिवन्धात्मक वाक्यांशमा "... हदम्याद...." भन्ने वाक्यांश राखिएकोले प्रतिबन्धात्मक वाक्यांशले मूल दफालाई परिभाषित गरेको देखिन्छ। प्रतिबन्धात्मक वाक्यांशले मूल दफामा अपवादको प्रभाव राख्दछ। प्रतिबन्धात्मक वाक्यांशले मूल प्रावधानको अपवाद दिने र मूल प्रावधानले समेटेका केही विषय बाहेक गर्दछ। प्रतिवन्धात्मक वाक्यांशले मूल प्रावधानलाई विस्तार वा सङ्कुचित गर्न सक्दैन।प्रतिबन्धात्मक वाक्यांशमा परेका शब्दहरू हटाउन वा थप गर्न मिल्दैन।प्रतिबन्धात्मक वाक्यांशमा परेका शब्दहरू विस्तार गर्न मिल्दैन।

The territory of a Proviso therefore is to carve out an exception to the main enactments and exclude something

---

1 Interpretation of Statutes, Dr. A.B. Kafaltiya (New Delhi: Universal Law Publishing Co.Pvt. Ltd) at 82 (2008) citing M.K. Ranganathan v. Government of Madras, AIR 1955 SC 604

2 *Id.*

3 *Id.* Unless the following conditions are fulfilled, the rule of *Noscitur-a-sociis* will not apply:

a. The general words follows certain particular words to which it keeps company; or the general words is in immediate connection of the words preceded to it.
b. The general word is susceptible of analogous meaning with the words to which it keeps company so that they may be read in their cognate sense.
c. The intention of the legislature is such that associated words whould take meaning from one other under the context in which they are used.
d. The intention appears to be not different from the construction Noscitur-a-sociis being given to the associated words.

4 State oF Bombay & Others vs The Hospital Mazdoor Sabha & Others 1960 AIR 610, 1960 SCR (2) 866,

which otherwise would have been within the Section.[5] A Proviso cannot expand or limit the Principal Provision.[6] The words of a statute never should in interpretation be added to or subtracted from, without almost a necessity. Similarly, it is not permissible to omit any part of the provision.[7]

१२. प्रतिबन्धात्मक वाक्यांशले मूल दफाको केही विषयहरूलाई बाहेक गर्ने हो अर्थात मूल दफा र सो को प्रतिबन्धात्मक वाक्यांशलाई पृथक गरी हेर्न मिल्दैन। यसरी मूल दफामा "सो अवधि पछि त्यस सम्बन्धमा कुनै कारवाही चलाइने छैन" भन्ने वाक्यांशलाई सोको प्रतिबन्धात्मक वाक्यांशको "... कुनै हदम्याद लाग्ने छैन" ..।" वाक्यांशले हदम्यादको व्यवस्थालाई स्पष्ट गरेको हो भने प्रतिवन्धात्मक वाक्यांशले सोही मूल दफामा हदम्यादको अपवाद राखी मूल प्रावधानलाई केही सीमित गरेको हो। अर्थात **"सो अवधिपछि त्यस सम्बन्धमा कुनै कारवाही चलाइने छैन"** भन्ने वाक्यांशको अर्थ हदम्याद नै हो। मूल दफाले हदम्यादको व्यवस्था गरेको हो भने प्रतिबन्धात्मक वाक्यांशले हदम्याद केही विषयमा बाहेक गरेको हो।यसरी दफा १३ को उपदफा (२) अनुसार भ्रष्टाचारको सम्बन्धमा कार्य भएको ५ वर्षको हदम्यादभित्र मुद्दा चलाउनुपर्ने भन्ने मूल नियम हो तर दफा २९ को व्यवस्था र सरकारी वा सार्वजनिक सम्पत्ति वा नेपाल सरकारको स्वामित्व भएको सार्वजनिक संस्थाको सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेको कसुर यसको अपवाद हो।

१३. अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३ (२) मा भ्रष्टाचारको सम्बन्धमा सो कार्य भएको पाँच वर्षभित्र आयोगले कारवाही नचलाएमा सो अवधिपछि त्यस सम्बन्धमा यस ऐन अन्तर्गत कुनै कारवाही चलाइने छैन। यस दफामा निम्न २ अपवादहरू राखिएको देखिन्छः-

- दफा २९ मा लेखिएदेखि बाहेक
- सो दफाको प्रतिबन्धात्मक वाक्यांश सरकारी वा सार्वजनिक सम्पत्ति वा नेपाल सरकारको स्वामित्व भएको सार्वजनिक संस्थाको सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेकोमा कुनै हदम्याद लाग्ने छैन।

१४. <u>अपवाद १ः</u> भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा १६ वमोजिमको कसूर दाबीको दफा २९ को व्यवस्थाभित्र पर्ने हो वा होइन भनी हेर्नुपर्ने देखियो। भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार "कुनै व्यक्तिले राष्ट्रसेवकको ओहदा पाउने वा सो ओहदामा बहाल रहने वा कुनै हैसियत, लाभ वा सुविधा पाउने उद्देश्यले शैक्षिक योग्यता, नाम, तीनपुस्ते, उमेर, जात, थर, ठेगाना, नागरिकता वा योग्यता वा अन्य कुनै कुराको झुट्टा विवरण दिएमा वा सो सम्बन्धी झुट्टा प्रमाणपत्र पेस गरेमा निजलाई कसुरको मात्रा अनुसार छ महिनादेखि एक वर्षसम्म कैद र दश हजार रुपैयाँदेखि बीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ। झुट्टा शैक्षिक योग्यताको मुद्दामा बिगो असुल उपर गरिपाउने प्रावधान रहेको देखिएन।

१५. अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ मा निम्न प्रावधानहरू रहेको पाइन्छः-

अवकाश प्राप्त व्यक्ति उपर मुद्दा चलाउन सकिने :

(१) सार्वजनिक पद धारण गरेको व्यक्तिले **पदमा बहाल रहेको अवस्थामा गरेको अख्तियार दुरुपयोगका सम्बन्धमा** त्यस्तो व्यक्तिले आफ्नो पदबाट अवकाश प्राप्त गरेपछि पनि निज उपर कारबाही गर्न वा मुद्दा चलाउन यस ऐनमा लेखिएको कुनै कुराले आयोगलाई बाधा पुऱ्याएको मानिने छैन।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक पद धारण गरेको कुनै पदाधिकारीले निज त्यस्तो पदमा बहाल रहँदाका बखत अख्तियार दुरुपयोग गरेको रहेछ र सो सम्बन्धमा यस ऐनबमोजिम तत्काल कारबाही हुन सक्ने रहेनछ भने निजले जुनसुकै बेहोराबाट त्यस्तो पदबाट अवकाश प्राप्त गरेपछि निज उपर यस ऐनबमोजिम कारबाही गर्न वा मुद्दा चलाउन बाधा पर्ने छैन।

5 Interpretation of Statutes, Dr. A.B. Kafaltiya (New Delhi: Universal Law Publishing Co.Pvt. Ltd) at 152 (2008)

6 *Id. At 154.*

7 *Id. At 25.*

१६. अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को अन्तर्य सार्वजनिक पद धारण गरेको व्यक्तिले **पदमा बहाल रहेको अवस्थामा गरेको अख्तियार दुरुपयोगका सम्बन्धमा लागु हुने देखिन्छ।** ऐनको दफा २ को खण्ड (झ) अनुसार अख्तियार दुरुपयोग भन्नाले खण्ड (छ) वा (ज) बमोजिमको अनुचित कार्य वा भ्रष्टाचार सम्झनुपर्छ। अर्थात राष्ट्रसेवकले पदमा बहाल रहेको अवस्थामा गरेको भ्रष्टाचारका सम्बन्धमा दफा २९ आकर्षित हुने हो। झुट्टा शैक्षिक प्रमाणपत्र पेस गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिमको कसूर पदमा बहाल रहेको अवस्थामा गरेको भ्रष्टाचार नभई कुनै व्यक्तिले राष्ट्रसेवकको ओहदा पाउने वा सो ओहदामा वहाल रहने उद्देश्यले झुट्टा शैक्षिक योग्यता पेस गरी गरेको भ्रष्टाचार हो। यसरी प्रतिवादी उपरको कसूर ऐनको दफा २९ अन्तर्गत परेको देखिएन।

१७. <u>अपवाद २</u>: भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा १६ बमोजिमको कसूर दाबीको सरकारी वा सार्वजनिक सम्पत्ति वा नेपाल सरकारको स्वामित्व भएको सार्वजनिक संस्थाको सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेको कसूर भित्र पर्ने हो वा होइन भनी हेर्नुपर्ने देखियो। सरकारी वा सार्वजनिक सम्पत्ति वा नेपाल सरकारको स्वामित्व भएको सार्वजनिक संस्थाको सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेको कसुर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा परिभाषित गरिएको पाइन्छ।

१८. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) अनुसार "कुनै राष्ट्रसेवकले आफू वा अरू कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याउने वा, नेपाल सरकार वा सार्वजनिक संस्थालाई गैरकानूनी हानि पुऱ्याउने बदनियतले देहायको कुनै काम गरेमा कसुरको मात्रा अनुसार तीन महिनादेखि तीन वर्षसम्म कैद र बिगो खुलेकोमा बिगोबमोजिम जरिबाना गरी बिगो असूलउपर गरिनेछ। बिगो नखुलेकोमा तीन महिनादेखि तीन वर्षसम्म कैद र दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।" देहायको कुनै काम अन्तर्गत देहाय (क) देखि (ज) सम्मका कार्यहरू परेको देखिन्छ। यस दफा अन्तर्गत भ्रष्टाचारको कसूर हुनका लागि निम्न तत्वहरूको विद्यमानता पुष्टि हुनुपर्दछः-

- आफूलाई वा अरु कसैलाई गैरकानूनी लाभ पुऱ्याउने बदनियत वा
- नेपाल सरकार वा सार्वजनिक संस्थालाई गैरकानूनी हानी पुऱ्याउने वदनियत गरी
- देहाय (क) देखि (ज) सम्मका कुनै कार्यहरू गरेको।

१९. भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा १७ अनुसार "कुनै राष्ट्रसेवकले आफ्नो ओहदाको वा सो सम्बन्धी कर्तव्य पालन गर्दा नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्तिको लापरबाही वा बदनियत गरी हिनामिना, हानि नोक्सानी वा दुरूपयोग गरे गराएमा वा मासेमा वा निजी प्रयोगमा लगाएमा निजलाई कसुरको मात्रा अनुसार दफा ३ बमोजिमको सजाय हुनेछ र त्यसरी हिनामिना, हानि नोक्सानी वा दुरूपयोग गरेको वा मासेको वा मास्न दिएको सम्पत्ति पनि निजबाट असूल उपर गरिनेछ।" उपरोक्त हिनामिनाको अवधारणा समेत सन्दर्भमा राखी विचार गर्दा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अन्तर्गत कसूर पुष्टि हुन निम्नबमोजिमका संघटक तत्वहरूको विद्यमानता देखिनुपर्छः

१. सरकारी सम्पत्तिको हिनामिनाको कसूर राष्ट्रसेवकले गरेको देखिनुपर्छ। (Public Official)
२. हिनामिनाको कसूर हुनका लागि नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्ति देखिनुपर्छ। (public property)
३. सम्पत्ति वास्तविक हुनुपर्छ, काल्पनिक वा अपेक्षाकृत सम्पत्ति होइन। वास्तविक रुपमा सरकारको हकभोगमा आएको सम्पत्ति हुनुपर्छ। सरकारको हकभोगमा नआएको, वा सरकालाई प्राप्त हुने अनुमान गरिएका सम्पत्ति (anticipatory) लाई वास्तविक सम्पत्ति मान्न मिल्दैन।
४. राष्ट्रसेवकले ओहदाको कर्तव्य स्वरुप सरकारी सम्पत्तिको जिम्मेवारी प्राप्त गरेको देखिनुपर्छ। ओहदाको जिम्मेवारीमा नरहेका सम्पत्तिमा हिनामिनाको कानून आकर्षित हुन सक्दैन। (fiduciary relationship)
५. राष्ट्रसेवकले ओहदाको दुरुपयोग गरी जालसाजीपुर्वक सरकारी सम्पत्ति नासेमासेको, नीजि प्रयोगमा लगाएको वा अन्य व्यक्तिलाई हक हस्तान्तरण गरेको वा दुरुपयोग गरेको अवस्था देखिनुपर्छ। (fraudulent Conversion of public property)

६. राष्ट्रसेवकले आफूलाई वा अरु कसैलाई गैरकानूनी लाभ लिनेदिने वदनियत (mala fide intention) ले उक्त कार्य गरेको देखिनुपर्छ।
७. लापरवाहीको कारणले पनि हिनामिनाको कसूर ठहर्न सक्छ तर सोको लागि ओहदाको कर्तव्यप्रति गम्भिर लापरवाही गरी सम्पत्ति हानिनोक्सी भएको देखिनुपर्छ। कानूनी त्रुटिको आधारमा मात्र कसूर पुष्टि हुन सक्दैन। (negligence)

२०. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अन्तर्गतको कसूर दफा ८ वा १७ अन्तर्गतको कसूर भन्दा फरक छ। झुट्टा शैक्षिक योग्यता पेस गरी नियुक्ति लिई ओहदाको काम गरी तलब बुझेकोलाई सरकारी सम्पत्ति हिनामिना गरेको भन्न मिलेन। सो दफा १६(१) बमोजिमको कसूरमा सरकारी सम्पत्ति हिनामिना गरेको वादी दाबी नरहेको र झुट्टा शैक्षिक योग्यताको मुद्दामा बिगो असुल उपर गरिपाउन दाबी नपरेको समेतका आधारमा सरकारी सम्पत्ति हिनामिना गरेको भन्न मिल्ने देखिएन।

२१. कुनै ऐनको व्याख्या गर्दा त्यसका सबै प्रावधानहरू प्रभावकारी हुने गरी व्याख्या गर्नुपर्छ ताकि ऐनको कुनै पनि प्रावधान निष्कृय, अतिरिक्त, निष्प्रभावी र निरर्थक नहोस।[८] हुबहु समान देखिएमा व्याख्याको समविषयक नियम (***Pari Materia* Rule**) आकर्षित हुन्छ। कथंकदाचित दुई ऐनको प्रयोगमा द्वन्द्व देखिन आएमा ती दुवै कानून प्रभावकारी तुल्याउने गरी ***(Doctrine of harmonious construction)*** व्याख्या गर्नुपर्छ। ती दुवै ऐनका उद्देश्य र भावना कायमै राखी यथासम्भव बाझिएका भनिएका दुवै कानूनहरू प्रभावकारी तुल्याउने गरी व्याख्या गर्नुपर्छ। यदि दुबै कानूनबीच सामञ्जस्य हुन नसक्ने किसिमको असङ्गती रहेछ वा पछिल्लो ऐनले अघिल्लो ऐनको सबै विषयवस्तु समेटेको रहेछ र प्रतिस्थापन गर्ने मनसाय स्पष्ट देखिने रहेछ भने मात्र अदालतले पछिल्लो ऐनले अघिल्लो ऐन उपर आधिपत्य राख्दछ" भन्ने नियम प्रयोग गर्नेछ। ऐनको व्यावहारिक प्रयोगद्वारा खारेजी वाञ्छनीय मानिदैन र खारेजीको आशय स्पष्ट र व्यक्त नदेखिएसम्म त्यसरी खारेज हुने गरी व्याख्या गर्न मिल्दैन। यथार्थमा अदालतले व्यवहारमा खारेजीको अवस्था देखिने निष्कर्षमा पुग्दैन। यस व्याख्याले अशिष्ट विनाशबाट अघिल्लो कानूनको रक्षा गर्दछ।[९]

२२. विधायिकाले कुनै ऐनबाट अघिल्लो ऐनको वा त्यसको कुनै प्रावधानको खारेजीको आशय राखेको भए त्यस ऐनमा खारेजीको प्रावधान राख्दछ। यसैगरी कुनै ऐनबाट अघिल्लो ऐनको प्रावधान बाझिएको हदसम्म विस्थापन वा प्रतिस्थापन गर्ने आशय राखेको भए सो कुरा व्यक्त रुपमा लेखी बाँकी प्रावधानको प्रभावकारिता कायम राख्ने उद्देश्य पनि उल्लेख गरेको हुन्छ। यस्तो आशय खारेजी र बचावको दफामा प्रकट हुन्छ। ऐनमा चाहेको परिवर्तन विधायिकाले स्पष्ट रुपमा उल्लेख गर्दछ भनी अनुमान गरिन्छ।[१०] कथंकदाचित दुई ऐनको प्रयोगमा द्वन्द्व उत्पन्न भएमा

---

8 Larry M. Eig, Statutory Interpretation: General Principles and Recent Trends, Congressional Research Service, Washington DC at 14 (2014): A basic principle of statutory interpretation is that courts should "give effect, if possible, to every clause and word of a statute, avoiding, if it may be, any construction which implies that the legislature was ignorant of the meaning of the language it employed." The modern variant is that statutes should be construed "so as to avoid rendering superfluous" any statutory language: "A statute should be construed so that effect is given to all its provisions, so that no part will be inoperative or superfluous, void or insignificant.

9 Larry M. Eig, Statutory Interpretation: General Principles and Recent Trends, Congressional Research Service, Washington DC at 32 (2014): Not infrequently, however, conflicts arise between the operation of two federal statutes that are silent as to their relationship. In such a case, courts will try to harmonize the two so that both can be given effect. A court "must read [two allegedly conflicting] statutes to give effect to each if [it] can do so while preserving their sense and purpose." Only if provisions of two different federal statutes are "irreconcilably conflicting," or "if the later act covers the whole subject of the earlier one and is clearly intended as a substitute," will courts apply the rule that the later of the two prevails. "Repeals by implication are not favored, ... and will not be found unless an intent to repeal is clear and manifest." And, in fact, the Court rarely finds repeal by implication.

10 *Id* at 31: If Congress intends one statute to repeal an earlier statute or section of a statute in toto, it usually says so directly in the repealing act. There are other occasions when Congress intends one statute to supersede an earlier statute to the extent of conflict, but intends the earlier statute to remain in effect for other purposes. This too is often spelled out, usually in a section captioned "effect on existing law," "construction with other laws," or the like. "[It] can be strongly presumed that Congress will specifically address language on the statute books that it wishes to change."

दुवै ऐन समान रुपमा प्रभावकारी हुने गरी सामञ्जयपूर्ण व्याख्या गर्नुपर्छ। जुन व्याख्याले कुनै ऐनलाई निरर्थक तुल्याउँदछ, त्यस्तो व्याख्या अवलम्बन गर्नु हुँदैन। कुनै ऐन वा त्यसका प्रावधानहरूको व्याख्या गर्दा ती प्रावधानहरू प्रभावकारी र क्रियाशील हुने गरी व्याख्या गर्नुपर्छ। कानून निरर्थक तुल्याउनु भन्दा क्रियाशील बनाउनु श्रेयस्कर हुन्छ।[११]

२३. कानून क्रियाशील रहनका लागि बनाइएको हुन्छ। कानूनको कुनै उद्देश्य प्राप्त गर्न उचित छैन भनी कानूनमा नै स्पष्ट निर्देशन रहेकोमा बाहेक व्याख्याले कानूनको उद्देश्यको रक्षा गर्नुपर्दछ[१२]। जुन व्याख्याले कानूनको उद्देश्य विफल तुल्याउँदछ, कानूनमा भाषिक अनिश्चितता रहे तापनि त्यस्तो व्याख्या अस्वीकृत गर्नुपर्छ।[१३] सम्भावित दुई व्याख्या मध्ये कुनै एकको छनौट गर्नु पर्ने अवस्था उत्पन्न भए त्यस उदार व्याख्याको छनौट गर्नुपर्छ जसले कानूनको प्रभावकारी परिणाम ल्याउने विधायिकी मनसाय हासिल गर्न सहयोग पुगोस र त्यस सङ्कीर्ण व्याख्यालाई अस्वीकृत गर्नुपर्छ जसले कानूनको प्रकट उद्देश्य हासिल गर्न असफल तुल्याउँछ र कानूनलाई निरर्थक तुल्याउँदछ।[१४]

२४. प्रतिवादीको प्रमाण लोप हुनबाट रोक्ने, वैध समयमा नै हक खोज्नुपर्ने, कानूनी निश्चितता र स्थायित्व कायम राख्ने उद्देश्यले हदम्यादको व्यवस्था राखिन्छ।[१५] हदम्यादको व्यवस्था हाम्रो फौजदारी न्याय प्रणालीको अनिवार्य तत्व रहेको मानिन्छ। हदम्यादको व्यवस्था नराख्नु अपवाद हो। हदम्याद नलाग्ने व्यवस्था कानूनमा नै स्पष्ट रुपमा राखेको हुन्छ। भ्रष्टाचार निवारण ऐन, २०५९ मा हदम्याद लाग्ने छैन भन्ने व्यवस्था राखेको नदेखिंदा हदम्यादको व्यवस्था रहेको नै

---

11 Commissioner of Income Tax vs M/S. Hindustan Bulk Carriers on 17 December, 2002: "A construction which reduces the statute to a futility has to be avoided. A statute or any enacting provision therein must be so construed as to make it effective and operative on the principle expressed in maxim ***ut res magis valeat quam pereat*** i.e. a liberal construction should be put upon written instruments, so as to uphold them, if possible, and carry into effect the intention of the parties.

12 Commissioner Of Income Tax vs M/S. Hindustan Bulk Carriers on 17 December, 2002:" A statute is designed to be workable and the interpretation thereof by a Court should be to secure that object unless crucial omission or clear direction makes that end unattainable."

13 *Id.:* The Courts will have to reject that construction which will defeat the plain intention of the legislature even though there may be some inexactitude in the language used.

14 *Id.* If the choice is between two interpretations, the narrower of which would fail to achieve the manifest purpose of the legislation we should avoid a construction which would reduce the legislation to futility, and should rather accept the bolder construction, based on the view that Parliament would legislate only for the purpose of bringing about an effective result.

15 References:

- **Halsburys Laws of England,** the main objectives of the law of limitations include preventing defendants from losing evidence over time, encouraging timely pursuit of legitimate claims, and maintaining certainty and stability in property rights and legal relations.
- **United States v. Eliopoulos,45 F. Supp.777 (D.N.J.1942):** Statutes of limitation are founded upon the liberal theory that prosecutions should not be allowed to ferment endlessly in the files of the government to explode only after witnesses and proofs necessary to the protection of the accused have by sheer lapse of time passed beyond availability.
- ECtHR, judgments of 22 October 1996, Stubbings and Others v. the United Kingdom, CE:ECHR:1995: 'the statutory right of an offender not to be prosecuted or tried after the lapse of a certain period of time since the offence was committed.
- **ECtHR, judgments of 22 October 1996, Stubbings and Others v. the United Kingdom, CE:ECHR:1995:** "In the first place, it is intended to protect defendants from being vexed by stale claims relating to long-past incidents about which their records may no longer be in existence and as to which their witnesses, even if they are still available, may well have no accurate recollection. Secondly, we apprehend that the law of limitation is designed to encourage plaintiffs not to go to sleep on their rights, but to institute proceedings as soon as it is reasonably possible for them to do so ... Thirdly, the law is intended to ensure that a person may with confidence feel that after a given time he may treat as being finally closed an incident which may have led to a claim against him ... But if the law of limitation is principally designed for the benefit of defendants, it would nevertheless be a mistake to lose sight of the interests of injured persons. A plaintiff who has lost the right to claim damages before he can know of the existence of that right must, in our view, inevitably feel that he has suffered injustice."
- **ACF Chemiefarma NV v Commission of the European Communities:** the institution of limitation expresses, in legal terms, 'a common truth […], that is, that time is the great healer, that after a more or less extensive period there always comes a point when, in the relationships of society, the past can no longer be called in question and even if it was wrongful it is better to wipe the slate clean.

मान्नुपर्छ जो अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३ को उपदफा (२) मा प्रदान गरेको देखियो। सो दफा १३ को उपदफा (२) को नियमको अपवाद सोही ऐनको दफा २९ को व्यवस्था र सोही दफा १३ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशको व्यवस्था हो।

२५. अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ अन्तर्गतको व्यवस्था निष्प्रभावी हुने गरी व्याख्या गर्न मिल्दैन। दफा १६(१) अन्तर्गतको कसूर भ्रष्टाचार नै हो तर अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३ को उपदफा (२) अन्तर्गत बाहेक गरिएको दफा २९ वा सोको प्रतिबन्धात्मक वाक्यांशभित्र पर्ने प्रकृतिको कसूर होइन। तसर्थ भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिमको मुद्दा शैक्षिक योग्यता पेस गरी गरेको भ्रष्टाचारको कसूरको अभियोजन गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३ को उपदफा (२) बमोजिम ५ वर्ष भित्र मुद्दा चलाउनु पर्छ, नचलाएमा सो अवधिपछि त्यस सम्बन्धमा मुद्दा चल्न सक्दैन। प्रस्तुत मुद्दामा प्रतिवादी सम्राट बहादुर शाह उपर अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा मिति २०७३।१।२२ मा उजुरी परी आयोगका तर्फबाट अनुसन्धान अधिकारीले मिति २०७६।९।३ मा बयान लिएको र उजुरी परेको मितिबाट ५ वर्ष नघाई मिति २०८०।९।१९ मा मात्र अदालत समक्ष मुद्दा दर्ता गरेको देखिएको हुँदा प्रस्तुत मुद्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३ को उपदफा (२) बमोजिम खारेज हुने देखियो।

२६. अतः यसमा, प्रतिवादी सम्राट बहादुर शाह उपर अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा मिति २०७३।१।२२ मा उजुरी परी आयोगका तर्फबाट अनुसन्धान अधिकारीले मिति २०७६।९।३ मा वयान लिएको र उजुरी परेको मितिबाट ५ वर्ष नघाई मिति २०८०।९।१९ मा मात्र अदालतसमक्ष मुद्दा दर्ता गरेको देखिएको हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३ को उपदफा (२) प्रतिबन्धात्मक वाक्यांश र दफा २९ एवम् भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४५ को प्रावधान आकर्षित हुन नसक्ने भई कार्य भएको ५ वर्ष नघाई दायर भएको यस मुद्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३ को उपदफा (२) बमोजिम हदम्यादभित्र दायर भएको नदेखिएकोले प्रस्तुत मुद्दा खारेज हुने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नू।

**सदस्य** **सदस्य** **सदस्य**

**फैसला तयार गर्न सहयोग पुऱ्याउनेः-**
इजलास अधिकृतः रोशन कुमार झा
कम्प्युटर अपरेटर- गीता घिमिरे गिरी
**इति सम्वत् २०८१ साल असार महिना २७ गते ५ रोज शुभम्............................................................।**

श्री
विशेष अदालत काठमाडौं
इजलास
अध्यक्ष माननीय श्री टेकनारायण कुँवर
सदस्य माननीय श्री राम बहादुर थापा
सदस्य माननीय श्री रितेन्द्र थापा
फैसला
मुद्दा नं. : ०८०-CR-०१५७
दर्ता मिति : २०८०/०१/०९
फैसला मिति : २०८१/०२/१४
नि.नं. : २९०

मुद्धाः राष्ट्रसेवक ओहदामा बहाल रहन झुट्टा विवरण दिई भ्रष्टाचार गरेको।

**बादी** : अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौंका अनुसन्धान अधिकृत कवित कटवालको प्रतिबेदनले नेपाल सरकार।

**विरुद्ध**

**प्रतिवादी** : जिल्ला पर्वत, साबिक कटुवा चौपारी गा.बि.स. वडा नं. ४ स्थायी वतन भई हाल बुढानीलकण्ठ नगरपालिका वडा नं. ९, मण्डिखाटार, काठमाडौं बस्ने बिष्णु प्रसाद पौडेलको नाति, धर्म प्रसाद पौडेलको छोरा सुरक्षण मुद्रण केन्द्र, काठमाडौंको तत्कालीन कार्यकारी निर्देशक वर्ष ४२ को **विकल पौडेल** (ना.प्र.प.नं. २४८८२, जारी मिति २०५६/०४/०९, पर्वत) मोबाइल नं. ९८४१२२३७२९)।

**ठहर खण्ड**

१. विषेश अदालत नियमावली, २०८० को नियम ४३ र ४४ बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा प्रतिवादीहरू उपरको आरोपदाबी एवम् मिसिल संलग्न समग्र प्रमाण कागजातहरूको अध्ययन गरियो।

२. वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय काठमाडौंका विद्वान उपन्यायाधिवक्ता श्री गोपाल लामिछानेले नेपालको संविधानको धारा २९१ को उपधारा (१) मा भएको व्यवस्था, निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (२) को खण्ड (ग) मा भएको व्यवस्था र संचार तथा सूचना प्रविधि मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति तथा मनोनयन सम्बन्धी मापदण्ड, २०७३ को दफा ११ को देहाय (घ) को व्यवस्था विपरित प्रतिवादी विकल पौडेलले सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशक पदमा वहाल रहँदा कै बखत अमेरिकाको Legal Permanent Resident (LPR) को आवेदन गरी प्राप्त गरेको र सोको जानकारी वा विवरण नेपाल सरकारलाई उपब्ध नगराएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसूर गरेको हुँदा निजलाई सजाय गरी पाउँ भनी गर्नुभएको तर्कपूर्ण बहस सुनियो।

३. प्रतिवादी विकल पौडेलको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री सुदिप पौडेलले प्रतिवादीको पहिलो पटक नियुक्ति हुँदा निजले आफ्नो सम्पूर्ण विवरणसहितको स्वघोषणा पेस गरेका थिए। सो बखत अमेरिकाको Legal Permanent Resident (LPR) प्राप्त भएको थिएन। पछि पदाअवधि थप हुँदा कुनै किसिमको विवरण पेस गर्नु पर्ने हुँदैन। निजसँग कसैले व्यक्तिगत विवरण वा स्वघोषणा माग गरेको वा पेस गर्न भनेको पनि देखिदैन। निजले कुनै विवरण नै

नबुझाएको अवस्थामा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ आकर्षित हुने होइन। सो ब्यवस्था झुट्टा विवरण बुझाएमा मात्र आकर्षित हुने हो। तसर्थ निजले झुट्टा विवरण सहितको स्वघोषणा नै नबुझाएको हुँदा निजले आरोपदाबी बमोजिमको कसूर गरेको देखिँदैन। तसर्थ निज प्रतिवादीलाई आरोपदाबीबाट सफाई दिलाई पाउँ भनी गर्नु भएको तर्कपूर्ण बहस सुनियो।

४. नेपालको संविधानको धारा २९१ को उपधारा (१) मा भएको व्यवस्था, निजामती सेवा ऐन, २०४९ को दफा ६१(२)(ग) मा भएको व्यवस्था र संचार तथा सूचना प्रविधि मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति तथा मनोनयन सम्बन्धी मापदण्ड, २०७३ को दफा ११ को देहाय (घ) को व्यवस्था विपरित निज प्रतिवादी विकल पौडेलले सुरक्षण मुद्रण केन्द्रमा कार्यकारी निर्देशक पदमा राष्ट्रसेवकको ओहदामा बहाल रही लाभ र सुबिधा पाइरहने उद्देश्यले आफैले स्वघोषणा गरी विदेशको अस्थायी आवासीय अनुमतिपत्र नलिएको भनी विवरण पेस गरी राष्ट्रसेवकको हैसियतले वहाल रहेको अवस्थामा नै संयुक्त राज्य अमेरिकाको कानूनी स्थायी आवासीय अनुमति लिएर पनि उक्त विवरण लुकाई छिपाई मिति २०७९।०२।१३ गते पदावधी थप गर्दासमेत उक्त विवरण लुकाई झुट्टा विवरण दिई राष्ट्रसेवक पदमा वहाल रही राष्ट्रसेवकको हैसियतमा लाभ र सुबिधा प्राप्त गरेको पुष्टि भएकोबाट निज प्रतिवादी विकल पौडेलको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसूरजन्य कार्य भएको हुँदा निज प्रतिवादी विकल पौडेललाई सोही ऐनको दफा १६ को उपदफा (१) बमोजिम कैद र जरिवानाको सजाय गरी पाउँ र निज प्रतिवादी विकल पौडेल सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशकमा नियुक्त भएको पदाधिकारी रहेकोले प्रतिवादी विकल पौडेलले भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद २ (भ्रष्टाचारको कसूर र सजाय सम्बन्धी व्यवस्था) अन्तर्गत माथि उल्लेखित मागदाबी बमोजिमको कसूर गरेको हुँदा निज प्रतिवादी विकल पौडेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुन समेत मागदाबी।

५. उपर्युक्त तथ्य एवम् आरोपदाबी रहेको प्रस्तुत मुद्दामा दुबै पक्षको तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता तथा विद्वान अधिवक्ताको बहस छलफल सुनी **प्रतिवादी उपरको आरोपदाबी स्थापित हुन्छ वा हुदैन ? यदि कसूर स्थापित हुन्छ भने के कस्तो सजाय हुनु पर्ने हो ?** भन्ने प्रश्नमा केन्द्रित भई न्याय निरुपण गर्नु पर्ने देखियो।

६. अब न्याय निरुपणार्थ विचार गर्दा, सुरक्षण मुद्रण केन्द्र, काठमाडौंका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेलले गैरकानूनी सम्पत्ति आर्जन गरी अमिल्दो र अस्वाभाविक उच्च जीनवस्तर यापन गरेको भन्नेसमेत बेहोराको उजुरी उपर विस्तृत अनुसन्धान तहकिकात हुँदा सुरक्षण मुद्रण केन्द्र, सिंहदरबारका तत्कालीन कार्यकारी निर्देशक पदमा कार्यरत विकल पौडेलले नेपालको संविधानको धारा २९१ को व्यवस्था विपरित विदेशको स्थायी आवासीय अनुमतिपत्र लिएको र स्वघोषणा गरी विवरण पेस नगरी झुक्याई सरकारी/सार्वजनिक पदमा बहाल रहेको, पदावधि थप गर्दा अयोग्य ब्यक्तिलाई सिफारिस गरेको भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा मिति २०७८/१०/२० मा उजुरी दर्ता नं. C-०२५९२१, को उजुरी परी प्रस्तुत मुद्दाको अनुसन्धान तहकिकात भएको देखिन आयो।

७. प्रतिवादी विकल पौडेलले **अनुसन्धानको क्रममा बयान गर्दा (ततिम्बा बयान कागजसमेत)** आफूले विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्रको लागि आवेदन दिएको पनि छैन र अनुमतिपत्र लिएको छैन, सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशक पदमा २०७४/०३/०४ गते नियुक्ति हुँदा मैले विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र नलिएको घोषणा गरेको, तर २०७९/०२/१६ मा पदावधि थप हुँदा याद भएन भनी उल्लेख गरेको र निजले यस अदालत समक्ष आफू सरकारी नियुक्ति हुँदा आफूले कुनै देशको पनि Legal Permanent Resident लिएको थिएन, त्यसपश्चात मैले Legal Permanent Resident लिएको छैन भनेर कुनै पनि निकायमा झुट्टा विवरण पेस गरेको छैन, आफूले नियुक्ति पाएको कार्यालयहरूमा मिति २०७४।०२।१२ पछाडि कुनै पनि स्वघोषणा फारामहरू भराइएको छैन, झुट्टा विवरणहरू भरी नेपाल सरकारलाई झुक्याएको पनि छैन, झुट्टा विवरण भरेको भए अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि प्रमाणको रुपमा देखाउन सक्ने थियो, आफू माथि झुट्टा आरोप लगाई फसाउने नियत

राखिएको हुँदा सफाई दिलाई पाउँ भनी पूर्ण इन्कारी बयान गरेको देखियो।

८. नेपाल सरकार मन्त्रिपरिषद्‌को मिति २०७४।०२।१९ को निर्णयानुसार यी प्रतिवादी विकल पौडेललाई सुरक्षण मुद्रण विकास समितिको कार्यकारी निर्देशकमा ५ वर्षका लागि नियुक्त गरेको देखियो। मिति २०७९।०२।१८ मा निज प्रतिवादीको पदावधि समाप्त भई उक्त रिक्त हुने कार्यकारी निर्देशक नियुक्ति गर्न सिफारिस समिति गठन गर्ने भनी सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, संस्थान समन्वय शाखाबाट मिति २०७८।१२।२९ गते टिप्पणी उठाएको देखिन्छ। कार्यकारी निर्देशकको पदावधि एक पटकको लागि थप गर्न सकिने भनी सुरक्षण मुद्रण विकास समिति (गठन) (तेस्रो संशोधन) आदेश,२०७९ नेपाल सरकार मन्त्रिपरिषद्‌को मिति २०७९।२।१० को निर्णयले स्वीकृत गरेको समेत देखियो। नेपाल सरकारको उक्त निर्णयबमोजिम सुरक्षण मुद्रण विकास समिति (गठन) आदेश,२०७३ लाई संशोधन गर्न बाञ्छनीय भएकाले भनी उक्त गठन आदेशको दफा ६ को उपदफा (३क) थप गरी "उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले आवश्यक देखेमा दफा ३ को उपदफा (५) को अधीनमा रही कार्यकारी निर्देशकको पदावधि एक पटकको लागि थप गर्न सक्नेछ"[1] भन्ने समेतको बेहोराको सुरक्षण मुद्रण विकास समिति (गठन) (तेस्रो संशोधन) आदेश,२०७९ को सूचना मिति २०७९।२।१२ मा नेपाल राजपत्रमा प्रकाशित भएको देखिन्छ।

९. मिति २०७४/०२/१९ गतेको मन्त्रिपरिषदको निर्णयबमोजिम सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशक पदमा यी प्रतिवादी विकल पौडेल ५ बर्षको लागि नियुक्त भएकोमा मिति २०७९/०२/१८ गते निजको पदावधि समाप्त भई उक्त पद रिक्त हुने अवस्था रहेको, हाल कार्यान्वयनमा रहेको उल्लेखित गठन आदेश खारेज गर्ने गरी सुरक्षण मुद्रण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सङ्घीय संसदमा हाल विचाराधीन रहेको, उक्त विधेयक सङ्घीय संसदबाट स्वीकृत भई जारी नहुञ्जेलसम्म केन्द्रको काम कारवाही अगाडि बढाउन सुरक्षण मुद्रण विकास समिति (गठन) (तेस्रो संशोधन) आदेश, २०७९ को दफा ६ को उपदफा (३क.) बमोजिम केन्द्रको कार्यकारी निर्देशक विकल पौडेलको पदावधि एकपटकको लागि थप गर्न मिति २०७९/०२/१२ गते मन्त्रिपरिषद्मा प्रस्ताव पेस गरिएकोमा मन्त्रिपरिषद्‌को मिति २०७९/०२/१३ गतेको निर्णयले निजको पदावधि थप गर्ने प्रस्ताव स्वीकृत गरेको देखियो। सुरक्षण मुद्रण विकास समिति (गठन) (तेस्रो संसोधन) आदेश, २०७९ को दफा ६ को उपदफा (३क.) बमोजिम प्रतिवादी विकल पौडेललाई नेपाल सरकार मन्त्रिपरिषद्‌को मिति २०७९/०२/१३ को निर्णयानुसार सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशक पदमा एकपटकको लागि पदावधि थप गरिएको भन्ने **सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको** मिति २०७९/०२/१६ को पत्रबाट देखिन आयो।

१०. प्रतिवादी विकल पौडेलले अमेरिकाको कानूनी स्थायी आवासीय अनुमति (Legal Permanent Resident) लिएको सम्बन्धमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको मिति २०८०/१०/१८ को निर्णयानुसार छानबिन गरी राय सहित प्रतिवेदन पेस गर्न समिति गठन भएको देखियो। उक्त समितिद्वारा छानबिन हुँदा निज पौडेलले सुरक्षण मुद्रण केन्द्रमा कार्यरत रहेको समयमा गैरकानूनी रुपमा अमेरिकाको कानूनी स्थायी आवासीय अनुमति (Legal Permanent Resident) लिएकोमा संचार तथा सूचना प्रविधि मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति तथा मनोनयन सम्बन्धी मापदण्ड,२०७३ को दफा ११ को देहाय खण्ड (घ) मा कुनै विदेशी मुलुकमा स्थायी आवासीय अनुमति प्राप्त गरेको ब्यक्ति पदाधिकारी तथा सदस्यमा नियुक्ति वा मनोनयनको लागि अयोग्य हुने व्यवस्था भएको तथा सोही मापदण्डको दफा १३(१)(ग) मा दफा ११ बमोजिम अयोग्य भएमा पद रिक्त हुने व्यवस्था रहेको भनी छानबिन समितिले प्रतिवेदन दिएको देखिन आयो।

११. सुरक्षण मुद्रण केन्द्रमा कार्यरत रहेकै समयमा उक्त केन्द्रका कार्यकारी निर्देशक विकल पौडेलले गैरकानूनी रुपमा अमेरिकाको कानूनी स्थायी आवासीय अनुमति (Legal Permanent Resident) लिएको देखिएकोले संचार तथा सूचना

1 मिति २०७९।२।१२ गते, संख्या १२, खण्ड ७२, नेपाल राजपत्र।

प्रविधि मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति तथा मनोनयन सम्बन्धी मापदण्ड,२०७३ को दफा ११ को खण्ड (घ) बमोजिम निज उक्त पदमा रहन अयोग्य देखिएको हुँदा सोही मापदण्डको दफा १३(१) को खण्ड (ग) बमोजिम उक्त पद रिक्त हुने भएकाले नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८०/११/०६ को निर्णयबमोजिम सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशक विकल पौडेललाई पदबाट हटाइएको समेत सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको पत्रबाट देखिन आयो।

१२. Bikal Paudel obtained his legal permanent resident (LPR) status in the United States on January 6, 2021. भनी US Department of Justice, Criminal Division (Office of International Affairs Washington, D.C. 20530) को September 26, 2023 मा पत्र आएको भन्ने बेहोरा उल्लिखित कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको च.नं. १०२, मिति २०८०/१०/१६ गतेको पत्रबाट देखिन आयो। आफूले उक्त मितिमा अमेरिकाको LPR लिएको होइन भन्ने प्रतिवादीले जिकिर लिन सकेको देखिएन। आफ्नो पदाअवधि थप हुँदा आफूले कुनै किसिमको स्वघोषणा विवरण पेस गरेको छैन र मागिएको पनि छैन भन्ने बाहेक निज प्रतिवादीको अन्यथा जिकिर लिन सकेको देखिन आएन। तसर्थ निज प्रतिवादी विकल पौडेलले 6th January, 2021 तदनुसार मिति २०७७/०९/२२ मा संयुक्त राज्य अमेरिकाको Legal permanent resident (LPR) लिएकोमा विवाद देखिएन। तसर्थ निज प्रतिवादी सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशक पदमा बहाल रहँदारहँदै अमेरिकाको Legal permanent resident (LPR) को लागि आवेदन गरी LPR प्राप्त गरेको देखियो।

१३. मिति २०७२।०६।०३ गते राजपत्रमा प्रकाशित भई जारी भएको **नेपालको संविधानको धारा २९१ को उपधारा (१) मा** "यस संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी स्थायी आवासीय अनुमतिपत्र लिएको नेपालको नागरिक यस संविधानबमोजिम निर्वाचन, मनोनयन वा नियुक्ति हुने पदमा निर्वाचित, मनोनित वा नियुक्तिको लागि योग्य हुने छैन"[२] भन्ने संवैधानिक प्राबधान रहेको, **मिति २०७२।०३।२९ मा भएको चौथो संशोधनले निजामती सेवा ऐन, २०४९ को दफा ४९ख मा** "निजामती कर्मचारीले स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन"[३] भन्ने स्पष्ट प्रतिबन्ध रहेको र मन्त्रिपरिषद्बाट मिति २०७३।०५।२९ **मा स्वीकत भई लागू रहेको सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति तथा मनोनयन सम्बन्धी मापदण्ड,२०७३ को** दफा ११ मा "कुनै विदेशी मुलुकमा स्थायी आवासीय अनुमति प्राप्त गरेको व्यक्ति पदाधिकारी तथा सदस्यमा नियुक्ति वा मनोनयनका लागि अयोग्य मानिने छ"[४] भन्ने स्पष्ट मापदण्ड रहेको देखिन्छ।

१४. यस प्रकार निज प्रतिवादीले अनुसन्धान अधिकारी समक्ष र यस अदालतसमक्ष इन्कारी बयान गरेको भए तापनि निजले पहिलो पटक मिति २०७४।०२।१९ मा सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशकमा नियुक्ति लिँदा सम्म संयुक्त राज्य अमेरिकाको legal permanent resident (LPR) लिएको देखिंदैन। तसर्थ सो बखत पेस गरेको स्वःघोषणा विवरणमा उक्त विवरण उल्लेख नगर्नु स्वाभाविक देखिन्छ। नियुक्तिपश्चात निज प्रतिवादी सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशकको भूमिकामा रहेकै बखत सन् 6th January, 2021 तदनुसार मिति २०७७/०९/२२ मा प्रतिवादी विकल पौडेलले संयुक्त राज्य अमेरिकाको legal permanent resident (LPR) लिएको भन्ने US Department of Justice, Criminal Division (Office of International Affairs Washington, D.C. 20530) को पत्र समेतबाट देखिन आयो। यसरी सरकारी सेवामा बहाल रहँदारहँदै विदेशी राष्ट्रको legal permanent resident (LPR) लिनु नेपालको संविधानको धारा २९१ को उपधारा (१), मिति २०७२।०३।२९ मा भएको चौंथो संशोधनले निजामती सेवा ऐन,

2 नेपालको संविधानको दफा २९१ को उपधारा (१)

3 निजामती सेवा ऐन, २०४९ को दफा ४९ख

4 सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति तथा मनोनयन सम्बन्धी मापदण्ड,२०७३

२०४९ को दफा ४९ख र मन्त्रिपरिषद्बाट मिति २०७३।०५।२९ मा स्वीकत भई लागू रहेको संचार तथा सूचना प्रविधि मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति तथा मनोनयन सम्बन्धी मापदण्ड,२०७३ को दफा ११ को विपरित रहेको देखिन्छ। नेपाल सरकार मन्त्रिपरिषद्को २०७९/०२/१३ को निर्णयले निजको पदावधि थप हुँदा समेत कुनै स्वःघोषणा फारम नभरी सो विषयमा जानकारी गराएको देखिंदैन।

१५. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) मा "कुनै व्यक्तिले राष्ट्रसेवकको ओहदा पाउने वा सो ओहदामा बहाल रहने वा कुनै हैसियत लाभ सुविधा पाउने उदेश्यले शैक्षिक योग्यता, नाम, तीन पुस्ते, उमेर, जात, थर, ठेगाना, नागरिकता, योग्यता वा अन्य कुनै कुराको झुट्टा विवरण दिएमा वा सो सम्बन्धी झुट्टा प्रमाणपत्र पेस गरेमा निजलाई कसूरको मात्रा अनुसार छ महिना देखि एक वर्षसम्म कैद र दश हजार रुपैयाँ देखि बीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ" भन्ने कानूनी प्रावधान रहेको देखिन्छ।

१६. निज प्रतिवादीले अनुसन्धान तथा अदालतसमक्ष बयान गर्दा आफूले अगाडि नियुक्ति पाए कै पदको निरन्तरता स्वरुप पदावधी थप भएको हुँदा कुनै पनि विवरण वा स्वघोषणा पेस गरेको छैन भन्ने जिकिर लिएको भए तापनि कुनै पनि सार्वजनिक ओहदा वा पदमा नियुक्ति हुने वा सेवारत राष्ट्रसेवकले विद्यमान संवैधानिक व्यवस्था तथा प्रचलित कानूनीबमोजिम अनिवार्य रुपमा गर्नुपर्ने कर्तव्य पालना गर्ने दायित्व सदैव त्यस्तो सार्वजनिक सेवामा नियुक्त वा बहाल हुने राष्ट्र सेवकमा नै हुन्छ। कसैले मागेनन् वा भनेन त्यसैले स्वघोषणा विवरण नै बुझाएको छैन भन्ने जकिरको आधारमा उक्त ऐनको दफा १६ आकर्षित हुँदैन भन्ने तर्क उचित एवम् उपयुक्त देखिंदैन। राष्ट्रसेवक कर्मचारीले अनिवार्य रुपमा पेस गर्नुपर्ने स्वघोषणा विवरण पेस नगर्नु तथा LPR विचमा प्राप्त गरेर पनि सो को जानकारी नदिनु भनेको आफ्नो विषयमा रहेभएको यथार्थ बेहोरा नेपाल सरकारलाई जानकारी दिन नचाहनु वा लुकाउनु वा ढाँट्नु वा छल्नु सो सरह नै हो। तसर्थ निज प्रतिवादी विकल पौडेलले आफू सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशक जस्तो जिम्मेवार पदमा वहाल रहँदारहँदै संयुक्त राज्य अमेरिकाको legal permanent resident (LPR) लिएको र निज वहालमा रहँदा वा अवधी थप हुँदासमेत सो तथ्य लुकाई छिपाई गुपचुप राखी नेपाल सरकारलाई स्वघोषणा विवरण बुझाएको समेत नदेखिंदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को दफा (१) बमोजिमको कसूरजन्य कार्य गरेको देखियो। सोको अतिरिक्त निज प्रतिवादी सार्वजनिक संस्थाको प्रमुख कार्यकारी पदमा वहाल रहेका यी प्रतिवादीले उक्त कसूर गरेको हुँदा उक्त ऐनको दफा २४ बमोजिम थप सजाय समेत गर्नुपर्ने समेत देखिन आयो।

१७. अतः माथि विवेचित आधार र कारणबाट प्रतिवादी विकल पौडेल मिति २०७४/०३/०४ मा सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशकमा ५ वर्षका लागि नियुक्ति भएको देखिन्छ। सो पदमा नियुक्तिका लागि निज प्रतिवादीले पेस गरेको स्वघोषणा फारमको विवरणमा कुनै पनि मुलुकको स्थायी आवसीय अनुमति पत्र नलिएको भनी बेहोरा लेखाएको देखिन्छ। मिति २०७९/०९/१२ मा निज प्रतिवादीको ५ वर्ष कार्यकाल समाप्त भएपछि पुनः एकपटकको लागि पुनःनियुक्ति भएको देखिन्छ। तर निजले मिति २०७७/०९/२२ मा संयुक्त राज्य अमेरिकाको स्थायी आवसीय अनुमति पत्र (LPR) लिई उक्त केन्द्रको कार्यकारी निर्देशक पदमा कार्यरत रहेको पाइन्छ। निज प्रतिवादी कार्यकारी निर्देशक भई कार्यरत सुरक्षण मुद्रण केन्द्र सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्बद्ध सार्वजनिक निकाय रहेकोमा विवाद भएन। त्यस्तो निकायको पदाधिकारी तथा सदस्यको नियुक्ति तथा मनोनयन सम्बन्धी मापदण्ड, २०७३ को दफा ११ को खण्ड (घ) मा कुनै विदेशी मुलुकमा स्थायी आवसीय अनुमति पत्र (PR) प्राप्त गरेको व्यक्ति उल्लिखित पदमा नियुक्तिका लागि अयोग्य हुने स्पष्ट प्रावधान रहेको पाइन्छ। नेपालको संविधानको धारा २९१ मा नियुक्तिका लागि योग्य नहुने व्यस्थाअन्तर्गत उपधारा (१) मा "यस संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशको स्थायी आवसीय अनुमतिपत्र लिएको नेपालको नागरीक यस संविधानबमोजिम निर्वाचन, मनोनयन वा नियुक्ति हुने छैन" भन्ने संवैधानिक व्यवस्था गरिएको देखिन्छ। यस प्रकार यी प्रतिवादी सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशक पदमा पुनः नियुक्ति भएको अवस्थामा माथि उल्लिखित नियुक्तिको मापदण्ड र नेपालको संविधानको धारा

२९१ को उपधारा (१) को व्यवस्था विपरीत यी प्रतिवादी विकल पौडेलले विदेशी मुलुक (USA) को स्थायी आवासीय अनुमति पत्र (LPR) लिई सो पदको योग्यता ढाँटी जानी जानी सो पदमा वहाल रही कार्यरत रहेबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसूरजन्य कार्य गरेको देखियो। तसर्थ, निज प्रतिवादीलाई सोही ऐनको दफा १६को उपदफा (१) बमोजिम ६(छ) महिना कैद र रु.१००००।-(दश हजार रुपैयाँ) जरिवाना हुने ठहर्छ। साथै सार्वजनिक संस्थाको प्रमुख कार्यकारी पदमा कार्यरत रहेका निज प्रतिवादीलाई उक्त ऐनको दफा २४ बमोजिम थप ६(छ) महिना कैद सजाय हुने ठहर्छ। अरुमा तपसिलबमोजिम गर्नू।

**सदस्य** **सदस्य** **अध्यक्ष**

**फैसला तयार गर्न सहयोग पुऱ्याउनेः**
इजलास अधिकृतः सागर भण्डारी
क.अः कल्पना पराजुली
**इति संवत् २०८१ साल जेठ महिना १४ गते रोज २ शुभम्...............................................................।**

श्री

विशेष अदालत, काठमाडौं

इजलास २

सदस्य माननीय न्यायाधीश डा. श्री खुशी प्रसाद थारु

सदस्य माननीय न्यायाधीश श्री, तेज नारायण सिंह राई

सदस्य माननीय न्यायाधीश श्री राम बहादुर थापा

फैसला

मुद्दा नं. : ०७६-CR-०२२२

दर्ता मिति : २०७६।०९।२०।१

कसूर ठहर मितिः २०८१।०२।०२।४

कसूर ठहर निर्णय नं.: १३२

सजाय निर्धारण मितिः २०८१।०२।१३।१

सजाय निर्धारण निर्णय नं.: ०८

मुद्दाः मुआब्जा रकम भुक्तानी गर्दा घुस/रिसवत लिई/दिई भ्रष्टाचार गरेको।

**बादी** : अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगाल काठमाडौंका अनुसन्धान अधिकृतद्वय दिपकप्रसाद खतिवडा र प्रकाश बुढाथोकीको प्रतिवेदनले नेपाल सरकार।

**विरुद्ध**

**प्रतिवादी** : जिल्ला नुवाकोट, शिवपुरी नगरपालिका वडा नं. ७ स्थायी ठेगाना भई काठमाडौं महानगरपालिका वडा नं. २६ सामाखुशी बस्ने मोहकृष्ण पाण्डेको नाति, हितराज पाण्डेको छोरा वर्ष ६७ को गुठी संस्थान शाखा कार्यालय जनकपुरका तत्कालीन कार्यालय प्रमुख **राजबाबु पाण्डे** (सम्पर्क नं. ९८४१४३३३८१) समेत।

- **आफ्नो ओहदा वा कर्तव्यबमोजिम गर्नुपर्ने कार्य गरिदिएबापत चल तथा अचल वस्तु (Kind) वा सेवा (Service) निःशुल्क प्राप्त गरेको वा अस्वाभाविक सहुलियतमा प्राप्त गरेको वा बैंक तथा वित्तीय संस्थाका विनिमय अधिकार पत्र(चेक) मार्फत वा डिजिटल कारोबारका माध्यममार्फत रकम लिएको वा स्वीकार गरेको पनि हुन सक्छ। तसर्थ सदैव घुस रिसवतको रकम हातहातै बोकेर लेनदेन गरेको देखिनु पर्छ भन्ने हुँदैन। घुस रिसवतको सम्बन्धमा माथिको उल्लिखित विभिन्न देशको तुलनात्मक परिभाषाबाट पनि घुस रिसवतको प्रकृति एवम् स्वरुप वा प्राप्त गर्न तौरतरिका फरक हुन सक्छ। कुनै राष्ट्रसेवकले सेवाग्राहीलाई फाइदा हुने कुनै कार्य गरिदिएबापत त्यस्तो राष्ट्रसेवकले कुनै पनि माध्याममार्फत प्राप्त गर्ने नगदी वा जिन्सी वा अन्य कुनै पनि सुविधालाई घुस रिसवतको रुपमा रुपमा लिनुपर्ने हुन्छ।**

**(प्रकरण नं. २२)**

कसूर ठहर खण्ड

१. विशेष अदालत नियमावली, २०८० नियम ४३ र ४४ बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा प्रतिवादीहरूको उपरको आरोपदाबी तथा समग्र मिसिल अध्ययन गरियो।

२. वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकीलको कार्यालयका विद्वान् उपन्यायाधिवक्ता श्री संगीता न्यौपाने ढुंगेलले प्रतिवादीहरूले ऋण सापट लिएको हो भन्ने जिकिर लिएको भए तापनि मोही कायम गरी प्रतिवादीहरू

गायत्रीदेवी जयसवाल शत्रुधन जयसवालको नाममा आएको मुआब्जा रकम प्रतिवादी सुमनकान्त ठाकुरले आफ्नो नाममा ल्याई प्रतिवादीहरू राजबाबु पाण्डे, मनोजकुमार शर्मा भन्ने मनोजकुमार आचार्यलाई चेक घुस रिसवत दिने लिने र सुर्यनारायण लालकर्णबाट प्रतिवादी हरिचन्द्र भुसालको नाममा चेक काटन लगाई सो रकम समेत राजबाबु पाण्डेले घुस रिसवत लिने कार्य गरेकोले निज प्रतिवादीहरू राजबाबु पाण्डे, मनोजकुमार शर्मा भन्ने मनोजकुमार आचार्य र हरिचन्द्र भुसाललाई आरोपदाबी बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा सजाय गरी बिगो असुल गरी पाउँ। प्रतिवादी सुमनकान्त ठाकुरलाई ऐ. ऐनको दफा ३ को उपदफा (२) बमोजिमको कसुर कायम गरी सजाय गरी बिगो असुल गरी पाउँ। साथै प्रतिवादीहरू गायत्रीदेवी जयसवाल र शत्रुधन जयसवाललाई समेत ऐ. ऐनको दफा ३ को उपदफा (३) बमोजिमको कसुर कायम गरी सजाय गरी बिगो असुल उपर गरी पाउँ भनी गर्नुभएको तर्कपूर्ण बहस सुनियो।

३. **प्रतिवादी राजबाबु पाण्डे**को तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री शम्भु थापा, अधिवक्ताहरू श्री हरिनाथ ढकाल, श्री बद्रीप्रसाद पोखरेल र श्री श्रीराम दवाडीले प्रतिवादी राजबाबु पाण्डेले आरोपदाबी बमोजिम कुनै घुस रिसवत नलिएको, घुस रिसवतको लागि सौदाबाजी नगरेको, निजबाट कुनै रकम बरामद भएको नदेखिएको र प्रतिवादी सुमनकान्त ठाकुरबाट व्यक्तिगत रुपमा ऋण सापट लिएको हुँदा निज प्रतिवादी उपरको आरोपदाबी पुग्न सक्दैन। निज प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर नगरेको हुँदा निजलाई आरोपदाबीबाट सफाइ दिलाई पाउँ भनी गर्नु भएको तर्कपूर्ण बहस सुनियो।

४. **प्रतिवादी मनोजकुमार शर्मा भनिने मनोजकुमार आचार्यको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता द्वय श्री** हरिनाथ ढकाल र श्री बद्रीप्रसाद पोखरेलले यी प्रतिवादी सो गुठी संस्थान शाखा कार्यालयमा निर्णायक भूमिकामा नभएको, कुनै घुस रिसवत नलिएको, घुस रिसवतको लागि सौदाबाजी नगरेको, निजबाट कुनै रकम बरामद भएको नदेखिएको र प्रतिवादी सुमनकान्त ठाकुरबाट व्यक्तिगत रुपमा ऋण सापट लिएको हुँदा निज प्रतिवादी उपरको आरोपदाबी पुग्न सक्दैन। निज प्रतिवादीहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर नगरेको हुँदा निज प्रतिवादीलाई आरोपदाबीबाट सफाइ दिलाई पाउँ भनी गर्नु भएको तर्कपूर्ण बहस सुनियो।

५. **प्रतिवादी हरिचन्द्र भुसालको तर्फबाट** उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री ज्ञानेन्द्र पोखेलले यी प्रतिवादी सो गुठी संस्थान शाखा कार्यालयमा निर्णायक भूमिकामा नभएको, कुनै घुस रिसवत नलिएको, घुस रिसवतको लागि सौदाबाजी नगरेको, निजबाट कुनै रकम बरामद भएको नदेखिएको र सुर्यनारायण लाल कर्णले निजको नाममा चेक दिएको भए तापनि उक्त रकम बैंकबाट निकाली ल्याई प्रतिवादी राजबाबु पाण्डेलाई दिएको हुँदा निज प्रतिवादी उपरको आरोपदाबी पुग्न सक्दैन। निज प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर नगरेको हुँदा निजलाई आरोपदाबीबाट सफाइ दिलाई पाउँ भनी गर्नुभएको तर्कपूर्ण बहस सुनियो।

६. **प्रतिवादी सुमनकान्त ठाकुरको तर्फबाट** उपस्थित विद्वान् अधिवक्ता श्री श्रीराम दवाडीले निज प्रतिवादी सुमनकान्त ठाकुर जग्गाको कारोबारी भएको, आरोपदाबी बमोजिम गुठीको कर्मचारीलाई घुस रिसवत दिने प्रयोजनको लागि गायत्रीदेवी जयसवाल र शत्रुधन जयसवालबाट रकम लिएको नभई शत्रुधन जयसवालसँग जग्गाको कारोबार गरेको रकम निजको आमा गायत्रीदेबी जयसवालको खाताबाट लिएको हो। प्रतिवादीहरू राजबाबु पाण्डे र मनोजकुमार शर्मा भन्ने मनोजकुमार आचार्यलाई घुस रिसवत रकम बापत रकम दिएको नभई व्यक्तिगत ऋण सापट दिएको हो। निज प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) बमोजिमको कसुर नगरेको हुँदा निज प्रतिवादीलाई आरोपदाबीबाट सफाइ दिलाई पाउँ भनी गर्नुभएको तर्कपूर्ण बहस सुनियो।

७. **प्रतिवादी गायत्रीदेवी जयसवाल र शत्रुधन जयसवालको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता** द्वय श्री थिरबहादुर कार्की र डा. श्री नेवल चौधरी**ले निज प्रतिवादीहरूले** प्रतिवादीहरूसँग आरोपदाबी बमोजिम अन्य प्रतिवादीहरूले घुस रिसवत माग गरेको पनि छैन। निजहरूले कुनै पनि तरिकाले गुठीको कर्मचारीहरूलाई घुस रिसवत दिएको पनि देखिंदैन।

निज प्रतिवादीहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुर नगरेको हुँदा निज प्रतिवादीहरूलाई आरोपदाबीबाट सफाइ दिलाई पाउँ भनी गर्नु भएको तर्कपूर्ण बहस सुनियो।

८. **प्रतिवादीहरूले गुठी जग्गाको मोही हकको मुआब्जा दिने दिलाउने कार्यमा चेक मार्फत नै घुस रिसवत रकम दिने दिलाउने कार्य गरेको हुँदा प्रतिवादीहरू उपर देहायबमोजिमको आरोपदाबी रहेको देखियो।**

| क्र सं. | प्रतिवादी | कसुर | सजाय | बिगो असुली दाबी |
|---|---|---|---|---|
| १ | **राजबाबु पाण्डे** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) | दफा ३ को उपदफा (१) को खण्ड (च) बमोजिम कैद तथा दफा ३ को उपदफा (१) जरिबाना | रु.१९,३०,०००।- |
| २ | **मनोजकुमार शर्मा भनिने मनोजकुमार आचार्य** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) | दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम कैद तथा दाफा ३ को उपदफा (१) बमोजिम जरिबाना | रु.६,५०,०००।- |
| ३ | **हरिचन्द्र भुसाल** | दफा ३ को उपदफा (१) | दफा ३ को उपदफा (१) र सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय | रु.४,३०,०००।- |
| ४ | **सुमनकान्त ठाकुर** | ऐ ऐनको दफा ३ को उपदफा (२) | दफा ३ को उपदफा (२) ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (ज) | रु.६३,३६,६६७।- |
| ५ | **गायत्रीदेवी जयसवाल** | दफा ३ को उपदफा (३) | दफा ३ को उपदफा (३) ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (ज) | रु.५६,०१,६६७।- |
| ६ | **शत्रुधन जयसवाल** | दफा ३ को उपदफा (३) | दफा ३ को उपदफा (३) ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (ङ) | रु.७,३५,०००। |

९. उपरोक्त तथ्य एवम् आरोपदाबी रहेको प्रस्तुत मुद्दामा प्रतिवादीहरूले घुस रिसवत लिने दिने कार्य गरेका छन वा छैनन् ? निज प्रतिवादीहरूलाई आरोपदाबी बमोजिमको कसुरमा सजाय हुनुपर्ने हो वा होइन ? भन्ने सम्बन्धमा न्याय निरुपण गर्नुपर्ने देखियो ।

१०. अब न्याय निरुपणार्थ विचार गर्दा, धनुषा जिल्लाको भरतपुर गा.वि.स.मा नेपाली सेनाको लागि अधिग्रहण भएको जग्गामा मुआब्जा वितरण गर्ने क्रममा गुठीको स्वामित्व रहेको जग्गामा किर्ते मोही खडा गरी मुआब्जा वितरण गरी नेपाल सरकारको रकम हिनामिना गरेको भन्ने उजुरीबाट प्रस्तुत मुद्दाको अनुसन्धान तहकिकात हुँदा प्रतिवादीहरूबिच एकआपसमा चेकमार्फत नै आर्थिक लेनदेन गरेको देखिएकोले प्रस्तुत मुद्दा दायर भएको देखिन आयो।

११. **सर्वप्रथम प्रतिवादी राजबाबु पाण्डेको हकमा विवेचना गर्दा, निजले** यस अदालतसमक्ष बयान गर्दा आफूले किर्ते मोही खडा गरी रकम हिनामिना गरेको छैन। आफूले मोहीहरूबाट घुस रिसवत लिएको छैन। सफाइ दिलाई पाउँ भनी आरोपदाबीमा पूर्ण इन्कार रही बयान गरेको र निजको साक्षी **बिनु सिटौलाले यस अदालतसमक्ष** प्रतिवादी राजबाबु पाण्डेले घुस रिसवत बापत कुनै पनि रकम लिएका होइनन्। निज निर्दोष हुन्। आरोपदाबी झुट्टा हो भनी **बकपत्र गरेको देखिए तापनि** निजले मौकामा अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा सुमनकान्त ठाकुरसँग आफूले ४/५ पटक रकम लिएको छु र निजलाई समस्या पर्दा सहयोग गरेको छु। तर मिति तिथि रकम यति भनी भन्न सकिन्न। आफूले निजसँग लिएको ऋण तिरेको छु। मिति यकिन थाहा छैन। गायत्रीदेवी जयसवाल र निजका परिवारका अन्य सदस्यहरू तथा अर्का मोही सूर्यनारायण लाल कर्णलाई समेत चिन्दिन। तीन खण्डको एक खण्ड मुआब्जा रकम मोहीलाई भुक्तानी गरेको हो। कसैबाट दबाब/भनसुन/डर/धम्की वा कुनै प्रलोभनमा परी गरेको थिएन, तर मोहीलाई चाँडो मुआब्जा भुक्तानी गरिदिन निज सुमनकान्त ठाकुरले एकपटक भनेका थिए। नेपाली सेनाको लागि अधिग्रहण गरिएका गुठीको नाममा रही सोको मोही भनिएका गायत्रीदेवी जयसवाललाई गुठी संस्थान शाखा कार्यालय जनकपुरबाट मुआब्जाबापत भनी मिति २०६९/०२/१६ मा नबिल बैंकको चेक नं.४२३०८७२ बाट रु.७७,०१,६६७।- भुक्तानी गरी उक्त रकम मध्येबाट सुमनकान्त ठाकुरले लिई निजले चेक नं. ४५२६२७२ बाट रु.१५,००,०००।- (पन्ध्र लाख रुपैयाँ) आफूलाई दिएको सम्बन्धमा कान्छो छोराको विवाहको कुरा चलेकोले ऋण स्वरुप लिई सो रकम मैले सोही वडा नं. ८ बस्ने दिपक बरालसँग ऋण लिएर निजलाई पटकपटक गरी फिर्ता गरेको छु। मोही भनिएका सूर्यनारायण लाल कर्णले गुठी संस्थान शाखा कार्यालय जनकपुरबाट मुआब्जाबापत भनी मिति २०६९/०३/३१ मा चेक नं. ४२३०८७४ बाट लिएको रकम रु.२४,८३,३३३।- निजको बैंक खातामा २२ जुलाई २०१२ (मिति २०६९/०४/०७) मा जम्मा भएपछि सोही दिन निज सूर्यनारायण लाल कर्णले चेक नं. ४५२६९११ बाट हरिचन्द्र भुसाललाई दिएको रु.४,३०,०००।-(चार लाख तीस हजार रुपैयाँ) सम्बन्धमा निज सूर्यनारायणले वरिष्ठ लेखा सहायक हरिचन्द्र भुसाललाई उक्त रकम बराबरको चेक के कुन प्रयोजनको लागि दिइएको हो आफूलाई जानकारी छैन। साथै लेखापालले के प्रसङ्गमा उक्त रकम आफूलाई दिएको भन्नु भएको हो मलाई थाहा छैन भनी मुआब्जा बापतको रकम गुठी संस्थान शाखा कार्यालय जनकपुरबाट मोही गायत्रीदेवी जयसवालको खातामा गएको सो रकम तुरुन्तै चेकमार्फत सुमनकान्त ठाकुरको खातामा गएको र सुमनकान्त ठाकुरबाट चेकमार्फत नै रु.१५,००,०००। (पन्ध्र लाख रुपैयाँ) चेकमार्फत नै आफैले बुझिलिएको तथ्य स्वीकार गरेको देखिन्छ भने अर्का मोही सूर्यनारायण लाल कार्णबाट चेकमार्फत नै आफ्नो कार्यालयको वरिष्ठ लेखा सहायक हरिचन्द्र भुसाल रु.४,३०,०००।-(चार लाख तीस हजार रुपैयाँ) निकालेको रकमका सम्बन्धमा अनभिज्ञता प्रकट गरेको देखिन्छ। तर प्रतिवादी हरिचन्द्र भुसालले मौकामा अधिकार प्राप्त अधिकारी र यस अदालतसमक्ष बयान गर्दासमेत आफूलाई कार्यालय प्रमुखले चेक साटिदिन भनेकोले सुर्य नारायणलाल कर्ण मार्फत नबिल बैंकको चेक नं. ४५२६९११ बाट रु.४,३०,०००।- (चार लाख तिस हजार रुपैयाँ) रकम कार्यालय प्रमुखको आदेश बमोजिम कुत बापतको रकम आउँछ लिएर आउनु भनी आदेश दिएकोले उक्त चेक साटेर सबै रकम कार्यालय प्रमुखको हातमा दिएको हो।सो बापत आफूलाई रु.१५,०००।-(पन्ध्र हजार रुपैयाँ) दिएका थिए भनी यी प्रतिवादीलाई नै पोल गरी बयान गरेको देखिन्छ। निज प्रतिवादी हरिचन्द्र भुसालले यी प्रतिवादीलाई अनाहकमा झुट्टा पोल गर्नुपर्ने युक्तियुक्त आधार र कारण समेत देखिँदैन। आरोपदाबी बमोजिमको रकम प्रतिवादीले चेकमार्फत नै बुझिलिएको भन्ने **नबिल बैंक लिमिटेड, प्रधान कार्यालय काठमाडौंको Ref:HO/Ops-rpl/244/2076/77 सन् ११ सेप्टेम्बर २०१९ को पत्रसाथ प्राप्त कागजात/विवरणबाट समेत** देखिन्छ।

१२. **प्रतिवादी मनोजकुमार शर्मा भन्ने मनोजकुमार आचार्यको हकमा विचार गर्दा, निजले यस अदालत समक्ष बयान गर्दा,** निवेदकले पेस गरेका आधार प्रमाणसमेत आफूले कार्यालय प्रमुखसमक्ष कानूनबमोजिम नै पेस गरेको हो। कसैसँग कुनै गैरकानूनी लेनदेन गरेर काम गरेको हैन। कानूनबमोजिमको काम गरेबापत निवेदक तथा कोही कसैसँग भनी कुनै रकम लिएको छैन। उजुरी बेहोरा पूर्ण रुपमा झुट्टा हो। मैले कसैसँग घुस रिसवत लिने काम गरेको छैन। झुट्टा

आरोपदाबीबाट सफाइ दिलाई पाउँ भनी आरोपदाबी प्रति पूर्ण इन्कार रही बयान गरेको र निजको **साक्षी रविन्द्र आचार्यले यस अदालत समक्ष** प्रतिवादी मनोजकुमार आचार्य उक्त समयमा उहाँले घर बनाउँदै हुनुहुन्थ्यो। त्यही समयमा उहाँले सबैसँग पैसा सापटी माग्नु भएको थियो। मसँग पनि माग्नु भएको थियो तर मसँग थिएन। सुमनकान्तसँग पनि सरसापटी चलिरहन्थ्यो। सायद उक्त रकम पनि मनोजकुमार आचार्यले सुमनकान्तसँग सापटी लिनु भएको थियो भनी बकपत्र गरेको भए तापनि निज प्रतिवादी मनोजकुमार शर्मा भन्ने मनोजकुमार आचार्यले मौकामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग समक्ष बयान गर्दा मिति २०६९/०२/१७ मा नबिल बैंकको चेक नं. ४५२६२७४ मार्फत रु.६,५०,०००।- रकम आफूले नयाँ घर बनाउने प्रयोजनको लागि सुमनकान्त ठाकुरसँग लिएको हो। उक्त रकममध्ये हालसम्म केही तिरे जस्तो लाग्छ पुरै तिरेको छैन। मैले सम्बन्धित निकायमा पेस गरेको आ.व. २०६८/०६९ र आ.व. २०७०/०७१ को सम्पत्ति विवरण फारामको ऋण लिए/दिए/तिरेको विवरण अन्तर्गत सुमनकान्त ठाकुरसँग सापटी लिए/दिएको बेहोरा केही पनि उल्लेख गरेको छैन भनी रकम चेकमार्फत नै लिएको तथ्य स्वीकार गरको देखिन्छ। सो तथ्य **नबिल बैंक लिमिटेड, प्रधान कार्यालय काठमाडौंको Ref: HO/Ops-rpl/244/2076/77 सन् ११ सेप्टेम्बर २०१९ को पत्रसाथ प्राप्त कागजात/विवरणबाट** समेत देखिन्छ।

१३. **प्रतिवादी हरिचन्द्र भुसालको हकमा विचार गर्दा, निजले अदालतसमक्ष** आफूले कोही कसैसँग गैरकानूनी लेनदेन गरेको छैन। किर्ते मोही खडा गरी भुक्तानी दिएको भनी उल्लेख गरी दर्ता गरेको सो उजुरी बेहोरा पुर्ण रुपमा झुट्टा हो। प्रचलित लेखासम्बन्धी ऐन नियमबमोजिम आफू वरिष्ठ लेखा सहायकको रुपमा आफ्नो जिम्मेवारी र कर्तव्य पुरा गरेको हुँ। आफूले कसैसँग घुस रिसवत लिने काम गरेको छैन। आफूलाई कार्यालय प्रमुखले चेक साटिदिन भनेकोले सूर्यनारायण लाल कर्णले आफ्नो नाममा चेक काटेका र आफूले सो चेकबमोजिमको रकम कार्यालय प्रमुखलाइ नै फिर्ता गरेको हो भनी कसुरमा इन्कार रही प्रतिवादी राजबाबु पाण्डेलाई पोल गरी बयान गरेको देखिन्छ। **निजको साक्षी घनश्याम आचार्यले** प्रतिवादी हरिचन्द्र भुसालले निजका हाकिम प्रतिवादी राजबाबु पाण्डेले कर गरेपछि उक्त चेक सटही गरेर नगद रकम प्रतिवादी राजबाबु पाण्डेलाई नै बुझाएका हुन्। प्रतिवादी हरिचन्द्र भुसालले भ्रष्टाचार गरेका होइनन्। निज उपरको अभियोग दाबी झुट्टा हो भनी बकपत्र गरेको देखिए तापनि **प्रतिवादी हरिचन्द्र भुसालले मौकामा अनुसन्धन अधिकारीसमक्ष बयान गर्दा** नबिल बैंकको चेक नं. ४५२६९११ बाट रु.४,३०,०००।- (चार लाख तिस हजार रुपैयाँ) रकम आफूले कार्यालय प्रमुखको आदेशबमोजिम निजले मलाई कुतबापतको रकम आउँछ लिएर आउनु भनी आदेश दिएकोले चेक साटेर सबै रकम कार्यालय प्रमुखको हातमा दिएको हो। सो रकम मैले कुनै खाए मासेको छैन। त्यसको केही दिन पश्चात मलाई कार्यालय प्रमुख राजबाबु पाण्डेले पकेट खर्च भनी रु.१५,०००।- दिनु भएको थियो। सो रकम के कुन स्रोतबाट प्राप्त गरी मलाई दिनुभयो कुनै जानकारी छैन भनी रकम सेवाग्राहीको बैंक खाताबाट आफ्नो नाममा चेक कटाई बैंकबाट रकम झिकी ल्याई प्रतिवादी राजबाबु पाण्डेलाई दिएको र केही रकम आफूले पाएको तथ्य स्वीकार गरेको देखियो। **सो तथ्य** नबिल बैंक लिमिटेड, प्रधान कार्यालय काठमाडौंको Ref: HO/Ops-rpl/613/2076/77 सन् २४ अक्टोबर २०१९ को पत्रसाथ यस अदालतमा प्राप्त हुन आएको कागजात/विवरणबाट समेत पुष्टि हुन आएको देखिन्छ।

१४. **प्रतिवादी सुमनकान्त ठाकुरको हकमा विचार गर्दा, निजले यस अदालतसमक्ष बयान गर्दा,** चिनजान तथा छरछिमेकका व्यक्तिहरूसँग प्रचिलत कानून विपरित नहुने गरी मैले विश्वासमा सापटी लेनदेनको काम गरेको हो। आफूले कसैसँग पनि गैरकानूनी रुपमा रकम लेनदेन गर्ने काम गरेको हैन। झुट्टा आरोपदाबीबाट सफाइ दिलाई पाउँ भनी इन्कारी बयान गरेको देखिए तापनि आफू राजनीतिक दलको कार्यकर्ता रहेको, आफ्नो र कार्यालय प्रमुखबीच उठबस हुने गरेको, नेपाली सेनाको लागि अधिग्रहण गरिएको गुठीअन्तर्गत रहेको जग्गाको मुआब्जा रकम गायत्रीदेवी जयसवालले गुठी संस्थान शाखा कार्यालय जनकपुरबाट भुक्तानी दिने लिने कार्यमा आफूले भनसुनसम्म गरेको, गायत्रीदेवी जयसवालसँग कुनै लेनदेन गरेको थिएन निजको छोरा शत्रुधन जयसवालसँग भने जग्गाको कारोबार हुने हुँदा लेनदेन

भएको हुन सक्ने, गुठी संस्थान शाखा कार्यालय जनकपुरका कर्मचारीहरूसँत व्यक्तिगत सम्बन्धको आधारमा लेनदेन भएको हुनसक्ने, व्यक्तिगत प्रयोजनको निमित्त नबिल बैंकमा रहेको आफ्नो खाता नं. ५२१००१७५००२९७ को चेक नं. ४५२६२७२ बाट मिति २०६९/०२/१६ मा राजबाबु पाण्डेलाई रु.१५,००,०००।– दिएको, सोही नबिल बैंकको आफ्नो खाताको चेक नं. ४५२६२७४ बाट मिति २०६९/०२/१६ मा मनोजकुमार शर्मालाई घर बनाउन सापटी बापत रु.६,५०,०००।- दिएको, गायत्रीदेवी जयसवालको नबिल बैंकको खाता नं. ५२१००१७५००३४७ को चेक नं. ४५२६२४२ बाट मिति २०६९/०२/१६ मा आफ्नो नाममा भुक्तानी दिएको रकम रु.५६,०१,६६७।- (छपन्न लाख एक हजार छ सय सतसठ्ठी रुपैंयाँ) उक्त चेकको पछाडिपट्टी भएका दुईवटा दस्तखत आफ्नो हो। सो चेक र भौचरमा लेखिएको अङ्क र अक्षर आफैले लेखेको हो। उक्त रकम आफूले निज गायत्रीदेवी जयसवालका छोरा शत्रुधनसँग लिनु पर्ने रकम भएको हुँदा सो रकम लिएको, उक्त चेकमा भएको दस्तखत आफ्नै रहेको तथ्य स्वीकार गरी बयान गरेको देखियो। सो तथ्य **नबिल बैंक लिमिटेड, प्रधान कार्यालय काठमाडौंको Ref: HO/Ops-rpl/237/2076/77 सन् ११ सेप्टेम्बर, २०१९ को पत्रसाथ प्राप्त कागजात/विवरणबाट समेत** स्पष्ट हुन्छ। **निज प्रतिवादी सुमनकान्त ठाकुरको साक्षी सुनिलकुमार श्रेष्ठले यस अदालतसमक्ष** प्रतिवादी सुमनकान्त ठाकुरलाई शत्रुधन जयसवालसँग जग्गाको कारोबार गर्ने गरेको देखेको थिएँ। मनोजकुमार आचार्यसँग मेरो सामान्य चिनजान भएकोले जग्गाको कारोबार भएको हो होइन? यो विषयमा थाहा भएन भनी बकपत्र गरेको देखिन्छ। यसरी गुठी संस्थान शाखा कार्यालय जनकपुरले प्रतिवादी गायत्रीदेवी जयसवालको नबिल बैंकको खातामा जम्मा गरेको रकममध्ये रु.५६,०१,६६७।- (छपन्न लाख एक हजार छ सय सतसठ्ठी रुपैंयाँ) आफ्नो खातामा ल्याएको सो रकमबाट प्रतिवादी राजबाबु पाण्डेलाई रु.१५,००,०००।– (पन्ध्र हजार रुपैंयाँ) र मनोजकुमार शर्मा भन्ने मनोजकुमार आचार्यलाई रु.६,५०,०००।- (छ लाख पचास हजार रुपैंयाँ) चेकमार्फत दिएको तथ्य स्वीकार गरेको देखिन्छ।

१५. यी प्रतिवादीहरूको वित्तीय सम्बन्ध तथा कारोबारतर्फ विवेचना गर्दा, गायत्रीदेवी जयसवालको नाममा नबिल बैंक जनकपुर शाखामा मिति २०६९/०२/११ (२४ मे २०१२) मा खाता खोलेको देखिएको, प्रतिवादी गायत्रीदेवी जयसवालको नबिल बैंक जनकपुर शाखाको खाता नं. ५२१००१७५००३४७ मा गुठी संस्थान शाखा कार्यालय जनकपुरको चेक नं. ४२३०८७२ बाट २९ मे २०१२ (मिति २०६९/०२/१६) मा रु.७७,०१,६६७।- (सतहत्तर लाख एक हजार छ सय सतसठ्ठी रुपैंयाँ) र गुठी संस्थान शाखा कार्यालय जनकपुरको चेक नं. ४२३०८७३ बाट सन् ११ जुलाई, २०१२ (मिति २०६९/०३/२७) मा रु.१२,८१,६६७/- (बाह्र लाख एकासी हजार छ सय सतसठ्ठी रुपैंयाँ) रकम जम्मा भएको, गायत्रीदेवी जयसवालको नामको नबिल बैंक जनकपुर शाखाको खाता नं. ५२१००१७५००३४७ को चेक नं. ४५२६२४२ बाट २९ मे २०१२ (मिति २०६९/०२/१६) मा रु.५६,०१,६६७।- (छपन्न लाख एक हजार छ सय सतसठ्ठी रुपैयाँ ) सुमनकान्त ठाकुरको नाममा भुक्तानी भएको भन्ने **नबिल बैंक लिमिटेड, प्रधान कार्यालय काठमाडौंको Ref:HO/Ops-rpl/237/2076/77 सन् ११ सेप्टेम्बर २०१९ को पत्रसाथ प्राप्त कागजात/विवरणबाट देखिन आयो।**

१६. प्रतिवादी सुमनकान्त ठाकुरको नाममा नबिल बैंक जनकपुर शाखामा मिति २०६९/०१/३१ तदअनुसार सन् १३ मे, २०१२ मा शून्य मौज्दातमा खाता (खाता नं. ५२१००१७५००२९७) खोलेको, सुमनकान्त ठाकुरको उक्त खाता नं. ५२१००१७५००२९७ मा गायत्रीदेवी जयसवालको चेक नं. ४५२६२४२ बाट सन् २९ मे, २०१२ (मिति २०६९/०२/१६) मा रु.५६,०१,६६७।- (छपन्न लाख एक हजार छ सय सतसठ्ठी रुपैयाँ) जम्मा भएको, उक्त खाताको चेक नं. ४५२६२७१ बाट सोही मितिमा खातावाल आफैंले रु.२५,००,०००।- (पच्चिस लाख रुपैयाँ) र चेक नं. ४५२६२७५ बाट सन् ४ जुन, २०१२ (मिति २०६९/०२/२२) मा खातावाल आफैंले रु.७,५१,०००।- (सात लाख एकाउन्न हजार रुपैयाँ) भुक्तानी लिएको, सुमनकान्त ठाकुरको उक्त बैंकको चेक नं.४५२६२७२ बाट राजबाबु पाण्डेको नाममा सन् ३० मे, २०१२ (मिति २०६९/०२/१७) मा रु.१५,००,०००।- (पन्ध्र लाख

रुपैयाँ) भुक्तानी दिएको र सुमनकान्त ठाकुरको उक्त बैंकको चेक नं. ४५२६२७४ बाट मनोजकुमार शर्मालाई सन् १ जुन, २०१२ (मिति २०६९/०२/१९) मा रु.६,५०,०००।- (छ लाख पचास हजार रुपैयाँ) भुक्तानी दिएको भन्ने नबिल बैंक लिमिटेड, प्रधान कार्यालय काठमाडौंको Ref: HO/Ops-rpl/244/2076/77 मिति ११ सेप्टेम्बर २०१९ को पत्रसाथ प्राप्त कागजात/विवरणबाट देखिन आयो भने सूर्यनारायण लाल कर्णको नबिल बैंक लि.जनकपुर शाखाको खाता नं. ५२१००१७५००४४९ को चेक नं. ४५२६९११ बाट मिति २०६९/०४/०७ मा प्रतिवादी हरिचन्द्र भुसालको नाममा खिचिएको रु.४,३०,०००।- को चेकको प्रतिलिपि, निज प्रतिवादी हरिचन्द्र भुसालले भुक्तानी लिएको यकिन विवरण र निज हरिचन्द्र भुसालले रकम भुक्तानी लिंदा बैंकमा पेस गरेको सवारी चालक अनुमति पत्रको प्रतिलिपिसमेत नबिल बैंक लिमिटेड, प्रधान कार्यालय काठमाडौंको Ref: HO/Ops-rpl/613/2076/77 सन् २४ अक्टोबर २०१९ को पत्रसाथ यस अदालतमा प्राप्त हुन देखिन्छ।

१६. प्रतिवादी मध्येका सुमनकान्त ठाकुरले विवादित कारोबार गर्ने प्रयोजनकै निमित्त नबिल बैंक लि.मा आफ्नो नाममा खाता खोलेको र गुठी संस्थान शाखा कार्यालय जनकपुरबाट मोहीको मुआब्जा रकम प्रतिवादी गायत्रीदेवी जयसवालको सोही नबिल बैंक लि.को खातामा Account payee चेकमार्फत जम्मा भएपश्चात सोही बैंकको गायत्रीदेवी जयसवालको चेक नं. ४५२६२४२ बाट सन् २९ मे, २०१२ (मिति २०६९/०२/१६) मा रु.५६,०१,६६७।- (छपन्न लाख एक हजार छ सय सतसट्ठी रुपैयाँ) आफ्नो खातामा जम्मा गराई सुमनकान्त ठाकुरले उक्त बैंकको चेक नं.४५२६२७२ बाट प्रतिवादी राजबाबु पाण्डेको नाममा सन् ३० मे, २०१२ (मिति २०६९/०२/१७) मा रु.१५,००,०००।- (पन्ध्र लाख रुपैयाँ) भुक्तानी दिएको र सुमनकान्त ठाकुरको उक्त बैंकको चेक नं. ४५२६२७४ बाट श्री मनोजकुमार शर्मालाई सन् १ जुन, २०१२ (मिति २०६९/०२/१९) मा रु.६,५०,०००।- (छ लाख पचास हजार रुपैयाँ) भुक्तानी दिएको देखिन्छ। त्यस्तै गरी मोहीको मुआब्जा रकम सूर्यनारायण लाल कर्णको नामको खातामा रहेको नबिल बैंक लि.को खातामा Account payee चेकमार्फत जम्मा भएपश्चात निजको खाता नं. ५२१००१७५००४४९ को चेक नं. ४५२६९११ बाट मिति २०६९/०४/०७ मा प्रतिवादी हरिचन्द्र भुसालले रु.४,३०,०००।- रकम बुझिलिएको देखियो। निज प्रतिवादीहरूले एकपटक कारोबार गरे पश्चात पुनःसो प्रकारको आर्थिक कारोबार गरेको देखिंदैन भने निज प्रतिवादीहरूले आफूहरूबीचमा लेनदेन कारोबार हुने गरेको पुष्टि हुने लिखत कागजातहरू समेत पेस गर्न सकेको देखिंदैन। तसर्थ प्रतिवादीहरूले आफूहरू एक आपसमा चिनजानको व्यक्ति भएको र आफूहरूबीच सरसापट लेनदेन हुने गरेको थियो भन्ने बेहोराको जिकिर खण्डित भएको देखिन्छ।

१८. यी प्रतिवादी मध्ये राजबाबु पाण्डे गुठी संस्थान शाखा कार्यालय जनकपुरको प्रमुख प्रतिवादी मनोजकुमार शर्मा भन्ने मनोजकुमार आचार्य तत्काल शाखा अधिकृत एवम् सहायक प्रशासक र प्रतिवादी हरिचन्द्र भुसाल सो कार्यालयको वरिष्ठ लेखा सहायक पदमा कार्यरत रहेको देखिन्छ। गुठी संस्थान शाखा कार्यालय जनकपुर अन्तरगत धनुषसागर रामायणी घाट गुठी र रामचन्द्र गुठीको जग्गा नेपाली सेनाले अधिग्रहण गर्दा सो गुठी अन्तरगतको जग्गाको फिल्डबुक उतारमा मोही जनिएको, मोहीले सम्बन्धित भूमि सुधार कार्यालयबाट मोहियानी हकको प्रमाण पत्रसमेत प्राप्त गरेको र मोहीहरू स्वर्गारोहण भएको हुँदा मोहीले पाउने मुआब्जा रकम पाउँ भनी निजका हकवालाहरू प्रतिवादी गायत्रीदेवी जयसवाल, शत्रुधन जयसवाल र सूर्यनारायण लाल कर्णले निवेदन गरी गुठी संस्थान ऐन, २०३३ अन्तगरतको कार्य व्यवस्था विनियम, २०४९ को विनियम २७ को उप विनियम (६) बमोजिम तीनभागको दुईभाग गुठी संस्थानको अक्षयकोषमा र एक भाग मोहीलाई भुक्तानी दिने गरी भएको निर्णय एवम् कार्य उपर यसै अदालतमा परेको मुद्दा नं ०७९-CR-००२० को सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरी भ्रष्टाचार गरेको मुद्दामा आज यसै अदालतबाट वादी दाबी पुग्न नसक्ने ठहरी फैसला भएको अवस्था छ। यस अवस्थामा गुठी संस्थान शाखा कार्यालयबाट मोही गायत्रीदेवी जयसवालले मुआब्जाबापत प्राप्त गरेको रकम निजको खाताबाट प्रतिवादी सुमनकान्त ठाकुरको खातामा ल्याई र निज सुमनकान्त ठाकुरबाट चेकमार्फत नै गुठीका कर्मचारीहरू प्रतिवादी राजबाबु पाण्डे, मनोजकुमार शर्मा भन्ने मनोजकुमार

आचार्यले बुझि लिएको रकम र मोही सुर्यनारायण लाल कर्णको खातामा भुक्तानी भएको मुआब्जा रकमबाट चेकमार्फत नै प्रतिवादी हरिचन्द्र भुसालले लिएको रकम घुस रिसवत ठहर हुन्छ वा हुदैन ? अर्थात् कानूनबमोजिमको कार्य गरेबापत लिएको रकम घुस रिसवतको कसुर हुन सक्छ वा सक्दैन ? भन्ने तर्फ विवेचना गर्नुपर्ने देखिन्छ।

१९. प्रतिवादीहरू राजबाबु पाण्डे, मनोजकुमार शर्मा भन्ने मनोजकुमार आचार्य र हरिचन्द्र भुसाल उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) बमोजिमको कसुर गरेको भन्ने आरोपदाबी रहेको देखिन्छ। सो ऐनको दफा ३ को उपदफा (१) मा "*राष्ट्रसेवक वा राष्ट्रसेवक हुन लागेको व्यक्तिले आफ्नो ओहोदा वा सो सम्बन्धी कुनै काम गर्न वा गरिदिएबापत वा नगरिदिएबापत वा आफ्नो ओहोदा वा सो सम्बन्धी कुनै काम गर्दा कुनै व्यक्तिलाई मोलाहिजा वा अनिष्ठ गर्न वा गराइदिएबापत वा नगर्न वा नगराइदिएबापत आफ्नो वा अरु कसैको निमित्त रिसवत लिन वा लिन मन्जुर गरेमा देहायबमोजिम रिसवत लिनेलाई वा लिन मन्जुर गर्नेलाई कसुरको मात्रा अनुसार देहायबमोजिम कैद र बिगोबमोजिम जरिबाना हुनेछ। रिसवत लिई सकेको भए सो रिसवतसमेत जफत हुनेछ*" भन्ने कानूनी प्रावधान रहेको देखिन्छ। कुनै पनि राष्ट्रसेवक कर्मचारीले आफ्नो पदीय जिम्मेवारी वा ओहोदाको काम गरिदिए बापत वा नगरिदिएबापत कुनै किसिमको लाभ लिएमा वा लिन मन्जुर गरेमा रिसवतको कसुर मानिने भन्ने विधायिकी मनसाय (Intention of legislative) देखिन्छ। त्यस्तै गरी Black's law Dicitionary ले पनि Bribery भन्नाले "The corrupt payment, receipt, or solicitation of a private favor for official action"[1] अर्थात कुनै पनि कार्यालयबाट सम्पादन हुने कार्यको निमित्त व्यक्तिगत रुपमा हुने समर्थन वा कृपाको निमित्त बदनियतपूर्ण रुपमा भुक्तानी दिने, लिने वा सो किसिमको अपेक्षा गर्ने कार्यलाई घुस रिसवत भनी परिभाषित गरेको देखिन्छ। Rollin M. Perkins and Ronald N. Boyce द्वारा लिखित अपराध शास्त्रको प्रशिद्ध पुस्तक Criminal law मा"*If money has been corruptly paid and corruptly received, for the purpose of influencing official action, do we have one crime of which two are guilty, or two different crimes? No uniform answer is possible under existing statutes. Under some of the provisions bribery is one offense and references to (1) giving or offering a bribe or (2) to receiving of soliciting a bribe, are merely factual statements in regard to the guilt of one party or the other. Under another plan bribery is employed as generic term to cover two different offenses (1) giving or offering a bribe and (2) receiving or soliciting a bribe. A third plan uses the word bribery to indicate the offense of the briber and 'receiving a bribe' for the other side of transaction."*[2] भनी उल्लेख गरेको देखिन्छ।

२०. नेपालसमेत पक्ष राष्ट्र रहेको United Nation Convention Against Corruption को Article 15 ले "*Bribery of national public officials Each State Party shall adopt such legislative and other measures as may be necessary to establish as criminal offences, when committed intentionally; (a) the promise, offering or giving, to a public official, directly or indirectly, of undue advantage, for the official himself of herself or another person of entity, in order that the official act of refrain from acting in the exercise of his or her official duites; (b) the solicitation or acceptance by a public official, act of refrain form acting in the exercise of his or her official duties.*[3] अर्थात सारमा सरकारी कर्मचारीले अनुचित लाभ माग गर्ने वा लिने कार्यलाई रिसवतको कसुर मान्नुपर्ने अवधारणा अङ्गिकार गरेको देखिन्छ। संयुक्त अधिराज्यको Bribary Act, 2010 ले Requests, agrees to receive or accepts a financial or other advantage intending that, in consequence, a relevant function or activity should be performed improperly.[4] अर्थात सरकारी कर्मचारीले आफ्नो ओहोदाको काम अनुचित तवरले गरिदिनको लागि आर्थिक वा अन्य लाभ माग गरेमा वा लिन मन्जुर गरेमा वा लिएमा घुस रिसवतको कसुर गरेको मानिन्छ। संयुक्त राज्य अमेरिकामा पनि राष्ट्रसेवकले कुनै लाभ माग गर्ने,

1 Bryan A. Garner, Black's Law Dictionary, Ninth Edition, A Thomson Reuters Business.
2 Rollin M. Perkins and Ronald N. Boyce, Criminal law, Published by Foundation Press, 537 (3rd Edition 1982)
3 Article 15 of United Nation Convention against Corruption.
4 Section 2 of Bribary Act, 2010, https://www.legislation.gov.uk/ukpga/2010/23/pdfs/ukpga_20100023_en.pdf, Visit Date; 26th May, 2024.

खोज्ने, प्राप्त गर्ने लिने वा लिन मन्जुर गर्ने कार्य "*Being a public official or person selected to be a public official, directly or indirectly, corruptly demands, seeks, receives, accepts, or agrees to receive or accept anything of value personally or for any other person or entity, in return for:**(A)** being influenced in the performance of any official act; **(B)**being influenced to commit or aid in committing, or to collude in, or allow, any fraud, or make opportunity for the commission of any fraud, on the United States; or **(C)** being induced to do or omit to do any act in violation of the official duty of such official or person."* [5] लाई रिसवतको कसुर मानिएको छ। त्यस्तै गरी छिमेकी मुलुक भारतको The Prevention of Corruption Act, 1988 (Including amendement, 2018) ले "*Any public servent who (a) Obtains or accepts or attempts to obtain from any person, an undue advantage, with the intention to perform or cause performance of public duty improperly or dishonestly or to forbear or cause forbearance to perform such duty either by himself or by another servent; or (b) obtains of accepts or attempts to obtain, an undue advantage from any person as a reward for the improper or dishonest performance of a public duty or for forbearing to perform such duty either by himself or another public servent; or (c) performs or induces another public servant to perform improperly or dishonestly a public duty or to forbear performance of such duty in anticipation of or in consequence of accepting an undue advantage from any person.*"[6] अर्थात जन सेवकले आफ्नो कार्य पालनाको क्रममा कुनै कार्य गर्ने वा नगर्ने मनसायले अनुचित फाइदा प्राप्त गर्ने वा स्वीकार गर्ने वा प्राप्त गर्न उद्योग गर्ने कार्य त्यस्ता जनसेवकको लागि भ्रष्टाचारको कसुर हुने भनी कसुरको परिभाषा गरेको देखिन्छ। तसर्थ राष्ट्र सेवक वा जनसेवकले आफ्नो कर्तव्य पालनको क्रममा अनुचित लाभको माग गर्नु वा लिनु वा प्राप्त गर्नु वा अपेक्षामा कार्यसम्पादन गर्नु आफैमा भ्रष्टाचारन्य कसुर हुन्छ। त्यस्तो राष्ट्रसेवक वा जनसेवकले गर्ने कार्य गैरकानूनी वा कानून विपरित नै गरेको हुनुपर्छ भन्ने हुँदैन। आफ्नो पदीय कर्तव्य र जिम्मेवारीमा रहेको कुनै पनि कार्य सम्पादन गर्दा कानूनबमोजिम नै गरेको भए तापनि अनुचित लाभको माग गर्ने लिने वा अपेक्षामा काम गरेको अवस्था छ भने त्यस्तो राष्ट्रसेवक वा जनसेवकको कार्यलाई भ्रष्टाचारको कसुरको रुपमा लिनुपर्ने हुन्छ।

२१. प्रमाण मूल्याङ्कनको दृष्टिकोणबाट प्रस्तुत मुद्दाको विवेचना गर्दा, समयको अन्तरालमा चलेको प्रस्तुत मुद्दा अन्य मुद्दा भन्दा पृथक देखिन्छ। सामान्यतय घुस रिसवतका अन्य मुद्दाहरूमा घुस रिसवतको सौदाबाजी गरेको अडियो संवाद र घुस रिसवतको रकमसमेत बरामद भएको हुन्छ। प्रस्तुत मुद्दामा प्रतिवादीहरूको साथबाट रकम बरामद भएको देखिदैन भने घुस रिसवतको सौदाबाजी भएको रेकर्ड पनि भेटिदैन। तथापी यी प्रतिवादीहरू राजबाबु पाण्डे स्वयम् जिल्ला प्रशासन कार्यालय धनुषाको प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको मुआब्जा समितिको बैंठकमा आमन्त्रित सदस्यको रुपमा उपस्थित भई मोहीले पाउने मुआब्जा रकम समेत गुठीसंस्थान शाखा कार्यालयमा पठाउन निर्णय गराएको एवम् एकमुष्ठ मुआब्जा रकम पठाई दिन जिल्ला प्रशासन कार्यालयमा पटकपटक ताकेता पत्र पठाएको समेत देखिंन्छ। निजको देखाएको सो अतिरिक्त सक्रियताको अलावा मृतक मोहीको हकवाला गायत्रीदेवी जयसवाललाई मोही कायम गरी निजहरूको नबिल बैंक लि.को खातामा चेकमार्फत नै मुआब्जा रकम जम्मा गरेको देखिन्छ। मुआब्जा बापत गायत्रीदेवी जयसवालले बुझिलिएको रकममध्ये रु.५६,०१,६६७।- (छपन्न लाख एक हजार छ सय सतसठ्ठी रुपैयाँ) रकम चेकमार्फत नै प्रतिवादी सुमनकान्त ठकुरले नबिल बैंक लि. मा खोलेको आफ्नो खातामा जम्मा गरी निजको चेकमार्फत प्रतिवादी राजबाबु पाण्डेलाई रु.१५,००,०००।-(पन्ध्र लाख रुपैयाँ) र प्रतिवादी मनोजकुमार शर्मा भन्ने मनोजकुमार आचार्यलाई रु.६,५०,०००।- (छ लाख पचास हजार रुपैयाँ) रकम दिएको र प्रतिवादीहरू राजबाबु पाण्डे र मनोजकुमार शर्मा भन्ने मनोजकुमार आचार्यले रकम बुझी लिएको देखिन्छ। अर्का मोही सुर्यनारायण

5 18 U.S. Code § 201 - Bribery of public officials and witnesses, https://www.law.cornell.edu/uscode/text/18/201#:~:text=Subsection%20(a)%20of%20this%20section,agency%20in%20relation%20to%20any, Visit Date; 26th May, 2024.

6 Section 7 of The Prevention of Corruption Act, 1988 (Including Amendment, 2018) https://www.indiacode.nic.in/bitstream/123456789/9317/1/corruptiona1988-49.pdf, Visit Date: 26th May, 2024.

लालाकर्णको खाताबाट वरिष्ठ लेखा सहायक हरिचन्द्र भुसालको नाममा रु.४,३०,०००।-(चार लाख तीस हजार रुपैयाँ)को छुट्टै चेक जारी गराई सटही गरी निज मार्फत समेत प्रतिवादी राजबाबु पाण्डेले रकम बुझि लिएको देखिन्छ। सो तथ्य प्रतिवादी हरिचन्द्र भुसालले यस अदालत समक्ष गरेको बयानको कथनबाट समेत पुष्टि हुन्छ।

२२. यसरी प्रतिवादीहरूले बैंकिङ च्यानलबाटै चेकमार्फत सटही गरी रकम लिएको भन्ने सम्बन्धित बैंकको पत्र एवम् सोलाई समर्थित हुने कारोबारको विवरण (Bank statement) ले पुष्टि गरिरहेको देखिन्छ। प्रतिवादी र सेवाग्रहीबीचको संवाद भन्दा पनि घुस रिसवतका सम्बन्धमा प्रतिवादीहरूको व्यवहार आचरण हेर्नुपर्ने हुन्छ। सदैव घुस रिसवतको रकम प्रतिवादीको साथबाट नगदै बरामद हुनुपर्छ भन्ने पनि होइन। परिवर्तित सन्दर्भमा घुस रिसवत लिने प्रक्रियामा पनि ठूलो परिवर्तन आएको देखिन्छ। आफ्नो ओहदा वा कर्तव्यबमोजिम गर्नुपर्ने कार्य गरिदिएबापत चल तथा अचल वस्तु (Kind) वा सेवा (Service) निःशुल्क प्राप्त गरेको वा अस्वाभाविक सहुलियतमा प्राप्त गरेको वा बैंक तथा वित्तीय संस्थाका विनिमय अधिकार पत्र(चेक) मार्फत वा डिजिटल कारोबारका माध्यममार्फत रकम लिएको वा स्वीकार गरेको पनि हुन सक्छ। तसर्थ सदैव घुस रिसवतको रकम हातहातै बोकेर लेनदेन गरेको देखिनु पर्छ भन्ने हुँदैन। घुस रिसवतको सम्बन्धमा माथिको उल्लिखित विभिन्न देशको तुलनात्मक परिभाषाबाट पनि घुस रिसवतको प्रकृति एवम् स्वरुप वा प्राप्त गर्न तौरतरिका फरक हुन सक्छ। कुनै राष्ट्रसेवकले सेवाग्राहीलाई फाइदा हुने कुनै कार्य गरिदिएबापत त्यस्तो राष्ट्रसेवकले कुनै पनि माध्याममार्फत प्राप्त गर्ने नगदी वा जिन्सी वा अन्य कुनै पनि सुविधालाई घुस रिसवतको रुपमा लिनुपर्ने हुन्छ।

२३. प्रस्तुत मुद्दाको सन्दर्भमा मोहीलाई मुआब्जा बापतको नगद रकम उपलब्ध गराउने कार्यमा गुठी संस्थान शाखा कार्यालयको कर्मचारी प्रतिवादीहरू संलग्न रहेको, यसरी उपलब्ध रकमको आंशिक हकहिस्सा सेवाग्राही स्वयम् वा निजको मान्छेले जारी गरेको गरेको चेक सटही गरी प्रतिवादीहरू राजबाबु पाण्डे, मनोजकुमार शर्मा भन्ने मनोजकुमार आचार्य र हरिचन्द्र भुसालले रकम प्राप्त गरेको देखिनु नै घुस रिसवत लिएको कसुर ठहर हुने ठोस, वस्तुनिष्ठ तथा यथेष्ठ एवम् विश्वसनीय प्रमाणको रुपमा मान्नु पर्ने देखियो। तसर्थ प्रतिवादीहरूले सेवाग्रहीसँग घुस रिसवत माग गरेको वा सौदाबाजी गरेको संवाद नभएको तथा प्रतिवादीहरूको साथबाट घुस रिसवत रकम बरामद नभएको अवस्थामा घुस रिसवत लिएको मान्न सकिदैन भन्ने प्रतिवादीहरूको विद्वान् वरिष्ठ अधिवक्ता तथा विद्वान् अधिवक्ताको तर्कसँग इजलास सहमत हुन सकेन।

२४. यस प्रकार माथि विवेचित कानूनी प्रावधान तथा प्रमाणको मूल्याङ्कनका आधारमा प्रतिवादी राजबाबु पाण्डेले चेकमार्फत रु.१९,३०,०००।- रिसवत लिएको र प्रतिवादी मनोजकुमार शर्मा भन्ने मनोजकुमार आचार्यले चेकमार्फत रु.६,५०,०००।- लिएको देखिँदा निज प्रतिवादीहरू राजबाबु पाण्डे र मनोजकुमार आचार्यले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको देखियो। अर्का प्रतिवादी हरिचन्द्र भुसालले सूर्यनारायण लाल कर्णबाट रु.४,३०,०००।- चेकमार्फत लिई सो रकम बैंकबाट निकाली ल्याई आफ्ना हाकिम प्रतिवादी राजवाबु पाण्डेलाई दिएको र आफूले हाकिमले दिएको रु.१५०००।-(पन्ध्र हजार रुपैंयाँ) लिएको भन्ने निजले अदालत समक्ष गरेको बयान बेहोराबाट समेत देखिन आएकोले निजको हकमा आरोपदाबी बमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) बमोजिम कसुर स्थापित हुन सक्ने दिएन। निजको गरेको कामको प्रकृति हेर्दा आफ्नो नाममा चेक काटन लगाई घुस रिसवतको रकम बैंकबाट निकाली प्रतिवादी राजबाबु पाण्डेलाई दिने कार्य गरेको देखिँदा ऐ. ऐनको दफा ३ को उपदफा (१) को कसुरको दफा २२ बमोजिम मतियारको कसुर गरेको देखिन आयो।

२५. अर्का प्रतिवादी सुमनकान्त ठाकुरको उपर भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा २ बमोजिमको कसुरमा ऐ उपदफा बमोजिम सजाय गरी पाउँ भन्ने आरोपदाबी रहेको देखिन्छ।सो ऐनको दफा दफा ३ को उपदफा (२) मा "*राष्ट्र सेवक बाहेक अन्य व्यक्तिले कुनै राष्ट्रसेवकलाई निजको ओहोदाको वा हैसियतको कुनै काम गराउन वा नगराउन मनाउने उदेश्यले वा निजबाट गराउन वा नगराउन मनाइदिए बापत वा सो ओहोदाको वा हैसियतको*

*कुनै काम गर्दा कुनै व्यक्ति उपर मोलाहिजा वा अनिष्ट गर्न वा नगर्न मनाउने उदेश्यले वा मोलाहिजा वा अनिष्ट गर्न वा नगर्न मनाइदिएबापत कुनै व्यक्तिबाट आफ्नो वा अरु कसैको निमित्त कुनै रिसवत लिएमा वा लिन मन्जुर गरेमा निजलाई उपदफा (१) बमोजिमको सजाय गरी रिसवत लिइसकेको भए सो रिसवतसमेत जफत गरिनेछ"* भन्ने कानूनी प्रावधान रहेको देखिन्छ। राष्ट्रसेवक बाहेक अन्य व्यक्तिले राष्ट्र सेवकको ओहोदा वा हैसियतको व्यक्तिलाई निजको ओहोदा वा हैसियतको काम गराउन वा नगराउन मनाउने उदेश्यले वा निजबाट काम गराउन वा नगराउन मनाई दिएबापत कुनै व्यक्तिबाट आफ्नो लागि वा अरु कसैको निमित्त रकम वा रिसवत लिएमा वा लिन मन्जुर गरेमा समेत दफा ३ को उपदफा (२) बमोजिमको कसुर गरेको ठहर्छ भन्ने विधायिकी मनसाय (Intention of legislature) रहेको देखिन्छ। यी प्रतिवादी मौकामा अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा आफ्नो र कार्यालय प्रमुखबीच उठबस हुने गरेको, नेपाली सेनाको लागि अधिग्रहण गरिएको गुठी अन्तर्गत रहेको जग्गाको मुआब्जा रकम गायत्रीदेवी जयसवालले गुठी संस्थान शाखा कार्यालय जनकपुरबाट भुक्तानी दिने लिने कार्यमा आफूले भनसुनसम्म गरेको भनी उल्लेख गरेको र गुठी संस्थान शाखा कार्यालय जनकपुरले प्रतिवादी गायत्रीदेवी जयसवालको नबिल बैंकको खातामा जम्मा गरेको रकम मध्ये रु.५६,०१,६६७।-(छपन्न लाख एक हजार छ सय सतसट्ठी रुपैंयाँ) र प्रतिवादी शत्रुधन जयसवालको खाताबाट रु.७,३५,०००।-(सात लाख पैंतिस हजार रुपैयाँ) समेत गरी कुल रु.६३,३६,६६७।-(त्रिसट्ठी लाख छत्तिस हजार छ सय सतसट्ठी रुपैयाँ) आफ्नो खातामा ल्याएको सो रकमबाट प्रतिवादी राजबाबु पाण्डेलाई रु.१५,००,०००।-(पन्ध्र हजार रुपैयाँ) र प्रतिवादी मनोजकुमार शर्मा भन्ने मनोजकुमार आचार्यलाई रु.६,५०,०००।-(छ लाख पचास हजार रुपैयाँ) चेकमार्फत दिएको तथ्य स्वीकार गरेको तथा सो तथ्य बैंकको पत्र एवम् कारोबार विवरणबाट समेत पुष्टि हुन आएको देखिँदा निजले आरोपदाबी बमोजिम राष्ट्रसेवक कर्मचारीलाई घुस रिसवत दिने कार्यमा प्रत्यक्ष रुपमा सरिक भई भूमिका निर्वाह रहेको देखिँदा निज प्रतिवादी सुमनकान्त ठाकुरले सोही ऐनको दफा ३ को उपदफा (२) बमोजिमको कसुर गरेको देखियो।

२६. प्रतिवादीहरू गायत्रीदेवी जयसवाल र शत्रुधन जयसवालको हकमा विचार गर्दा, निज प्रतिवादी द्वय उपर भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (३) बमोजिम कसुर गरेको भन्ने आरोपदाबी रहेको देखिन्छ। सो ऐनको दफा ३ को उपदफा (३) मा "*कसैले राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिलाई उपदफा (१) वा (२) बमोजिम कुनै काम गर्न, गराउन वा नगर्न, नगराउन रिसवत दिएमा निजलाई कसुरको मात्रा अनुसार उपदफा (१) बमोजिमको सजाय हुनेछ*" भन्ने कानूनी प्रावधान रहेको देखिन्छ। प्रतिवादी मध्ये गायत्रीदेवी जयसवालले यस अदालतसमक्ष बयान गर्दा, आफ्नो श्रीमान् वास्तविक मोही भएको, मोहीबापतको जग्गाको मुआब्जा लिएको हो। गुठीलाई कुत बुझाउन धेरै पैसा बुझाउन बाँकी छ भनेर सुमनकान्त ठकुरले भनेको भएर मैले खाली चेकमा सही गरेर दिएँ। के कति रकम झिके, कसलाई दिए मलाई थाहा भएन। आफूले पटक-पटक कुत बुझाएको रसिद देउ भन्दा पनि सुमनकान्त ठाकुरले दिएन। आफू ७४ वर्षको बुढेसकालमा कुनै गलत कार्य गर्ने कुरै भएन। म जस्तो बुढी मान्छे त्यसमा अनपढ भएकोले आरोप मागदाबी बमोजिमको काम गर्न सक्ने कुरै भएन। कुनै म निर्दोष छु, सफाइ पाउँ भनी पूर्ण इन्कार रही बयान गरेको देखियो भने अर्का **प्रतिवादी शत्रुधन जयसवालले यस अदालत समक्ष बयान गर्दा समेत** आरोपदाबी बमोजिम घुस रिसवत लिन दिने काममा आफ्नो संलग्नता छैन। आमा गायत्रीदेवी जयसवालसँग आफूलाई चाहिने घरखर्च रकम लिएको हो। कोही कसैबाट पनि घुस रकम लिएको दिएको छैन। झुट्टा आरोपदाबीबाट सफाइ पाउँ भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको देखियो।मोहीले पाउने मुआब्जा रकम प्रतिवादी गायत्रीदेवी जयसवालले आफ्नो बैंक खाता मार्फत भुक्तानी प्राप्त गरको भए तापनि अन्य प्रतिवादीहरूले पनि यी प्रतिवादीहरूले घुस रिसवत दिएको भनी पोलयुक्त बयान गर्न सकेको देखिएन। प्रतिवादीहरूलाई निजहरूको खाता वा चेकबाट राष्ट्रसेवक प्रतिवादीहरूको खातामा रकम भुक्तानी भएको वा गरेको भन्ने पनि देखिएन। निज प्रतिवादी शत्रुधन जयसवालको साक्षी श्याम साहले यस अदालत समक्ष बकपत्र गर्दा प्रतिवादी शत्रुधन जयसवालले घुस/रिसवत दिए दिलाएको होइनन्। निज त्यस्तो स्वभावका मानिस पनि होइन भनी उल्लेख गरेको देखियो।यी प्रतिवादीहरू आफैले कुनै नगद रकम वा आफ्नो खाताबाट अन्य प्रतिवादीलाई घुस रिसवत दिएको भन्ने मिसिल संलग्न प्रमाण कागजातबाट देखिन आएन। यी प्रतिवादीहरूले आफूलाई घुस रिसवत दिएको वा दिलाएको भनी अन्य प्रतिवादीहरूले पोल गरेकोसमेत देखिएन। प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम फौजदारी मुद्धामा अभियुक्त उपरको दाबी प्रमाणित गर्ने भार (Burden of proof)

वादीको हुनेछ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। प्रतिवादी गायत्रीदेवी जयसवाल र निजको छोरा प्रतिवादी शत्रुधन जयसवालले अन्य प्रतिवादीहरूलाई घुस रिसवत दिएको भन्ने आरोपदाबी ठोस र वस्तुनिष्ठ प्रमाणबाट वादी नेपाल सरकारले पुष्टि गर्न सकेको नदेखिँदा शङ्काको सुविधा अभियुक्तले पाउने (Benefit of doubt goes to accused) भन्ने फौजदारी न्यायको मान्य सिद्धान्त समेतको आधारमा प्रतिवादी द्वय गायत्रीदेवी जयसवाल र निजको छोरा प्रतिवादी शत्रुधन जयसवाललाई आरोपदाबी बमोजिमको कसुर कायम गरी सजाय गर्नु उपयुक्त एवम् न्यायसँगत देखिएन।

२७. अतः माथि विवेचित आधार र कारणबाट प्रतिवादीहरूले अनुसन्धानको क्रममा गरेको बयान एवम् सम्बन्धित बैंकको पत्र एवम् कारोबार विवरण समेतबाट सेवाग्राही रहेका प्रतिवादी शत्रुधन जयसवाल र गायत्रीदेवी जयसवालले मोहियानी हक भागको मुआब्जाबापत प्राप्त रकम मध्येबाट प्रतिवादी सुमनकान्त ठाकुरले गायत्रीदेवी जयसवालबाट रु.५६,०१,६६७।-(छपन्न लाख एक हजार छ सय सतसट्ठी रुपैयाँ) र शत्रुधन जयसवालबाट रु.७,३५,०००।-(सात लाख पैंतिस हजार रुपैयाँ) समेत जम्मा रु.६३,३६,६६७।-(त्रिसट्ठी लाख छत्तिस हजार छ सय सतसट्ठी रुपैयाँ) लिई मोहियानी हकको जग्गाको मुआब्जा लिनदिन सहयोग गरेबापत प्रतिवादी राजबाबु पाण्डेले चेकमार्फत रु.१९,३०,०००।-(उन्नाइस लाख तीस हजार रुपैयाँ) रिसवत लिएको, प्रतिवादी मनोजकुमार आचार्यले चेकमार्फत रु.६,५०,०००।-(छ लाख पचास हजार रुपैयाँ) रिसवत लिएको देखिँदा प्रतिवादी राजबाबु पाण्डे र मनोजकुमार आचार्यले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको देखिँदा प्रतिवादीमध्ये मनोजकुमार आचार्यको हकमा बिगो रु.६,५०,०००।- (छ लाख पचास हजार रुपैयाँ) कायम भई सोही दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम १ (एक) वर्ष ६ (छ) महिना कैद र बिगोबमोजिम रु.६,५०,०००।-(छ लाख पचास हजार रुपैयाँ) जरिबाना हुने र निजले रिसवत बापत लिएको रकम ऐ. ऐनको दफा ३ को उपदफा (१) बमोजिम निजबाट असुल हुने समेत ठहर्छ। अर्का प्रतिवादी हरिचन्द्र भुसालले सूर्यनारायण लाल कर्णबाट रु.४,३०,०००।-(चार लाख तीस हजार रुपैयाँ) चेकमार्फत लिई सो रकम बैंकबाट निकाली प्रतिवादी राजबाबु पाण्डेलाई दिई ऐ. ऐनको दफा ३ को उपदफा (१) बमोजिम घुस रिसवतको कसुरको मतियारको कसुर गरेको देखिँदा बिगो रु.४,३०,०००।-(चार लाख तीस हजार रुपैयाँ) कायम भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम मुख्य कसुरदारलाई हुने सजायको आधा रु.२,१५,०००।- (दुई लाख पन्ध्र हजार रुपैयाँ) जरिबाना र ३ (तीन) महिना कैद हुने ठहर्छ। निज उपरको अन्य आरोपदाबी पुग्न सक्दैन। प्रतिवादी राजबाबु पाण्डेको हकमा बिगो रु.१९,३०,०००।- (उन्नाइस लाख तीस हजार रुपैयाँ) कायम भई सोही ऐनको दफा ३ को उपदफा (१) खण्ड (च) बमोजिम र प्रतिवादी सुमनकान्त ठाकुरले सोही ऐनको दफा ३ को उपदफा (२) बमोजिमको कसुर गरेको देखिँदा निज प्रतिवादी सुमनकान्त ठाकुरको हकमा बिगो रु.६३,३६,६६७।- (त्रिसट्ठी लाख छत्तिस हजार छ सय सतसट्ठी रुपैयाँ) कायम भई प्रतिवादी सुमनकान्त ठाकुरलाई सोही ऐनको दफा ३ को उपदफा (१) खण्ड (ज) बमोजिम दुवै प्रतिवादीहरूको हकमा ३ वर्ष भन्दा बढी कैद सजाय हुन सक्ने देखिँदा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १२ बमोजिम दुवै पक्षका कानून व्यवसायीबाट सुनुवाई अगावै सजायपूर्वको प्रतिवेदन लिई ऐ. दफा ८ र ९ बमोजिम सजाय निर्धारणका निमित्त मिति २०८१।०२।१३ मा पेसी तारेख तोकी नियमानुसार पेस गर्नू। अन्य प्रतिवादीहरू गायत्रीदेवी जयसवाल र शत्रुधन जयसवालको हकमा मिसिल संलग्न प्रमाण कागजबाट आरोपदाबी प्रमाणित हुन नआएकोले निज प्रतिवादीहरूले आरोपदाबीबाट सफाइ पाउने ठहर्छ।

## सजाय निर्धारण खण्ड

२८. मिति २०८१।०२।०८ गते वादी नेपाल सरकारकातर्फबाट उपन्यायाधिवक्ता श्री संगीता ढुङ्गेल न्यौपानेले पृष्ठ ६(छ) को सजायपूर्वको प्रतिवेदन पेस गरी मिसिल सामेल रहेको।

२९. पूर्व आदेशबमोजिम प्रतिवादीहरू राजबाबु पाण्डे र सुमनकान्त ठाकुरको हकमा सजाय निर्धारणको निमित्त दैनिक मुद्दा पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पेस हुन आएको सजायपूर्वको प्रतिवेदनसमेत अध्ययन गरियो। वादी नेपाल सरकारको तर्फबाट विशेष सरकारी वकील कार्यालयको उप न्यायाधिवक्ता श्री संगीता ढुंगेल न्यौपानेले प्रतिवादीहरूलाई अधिकतम हदको सजाय गरी पाउँ भनी गर्नुभएको तर्कपूर्ण बहस सुनियो।

३०. प्रतिवादी राजबाबु पाण्डेको हकमा बिगो रु.१९,३०,०००।- (उन्नाइस लाख तीस हजार रुपैयाँ) कायम भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको र अर्का प्रतिवादी सुमनकान्त ठाकुरको हकमा बिगो रु.६३,३६,६६७।- (त्रिसठ्ठी लाख छत्तिस हजार छ सय सतसट्ठी रुपैयाँ) कायम भई ऐ. ऐनको दफा ३ को उपदफा (२) बमोजिमको कसुर ठहर भएको देखियो।

३१. अब निज प्रतिवादीहरूलाई के कति सजाय निर्धारण गर्दा उपयुक्त हुने हो ? भन्ने सम्बन्धमा विचार गर्दा, नेपाल सरकारको जिम्मेवार निकायको पदीय जिम्मेवारीमा रही कानूनबमोजिम कार्य गर्दा सेवाग्राहीको हित नै हुने कार्य गरेको भए तापनि कुनै पनि तरिकाले कुनै पनि प्रकृतिको लाभ लिन हुँदैन, सो कार्य गैरकानूनी एवम् राष्ट्रहित विपरितको कार्य भएकोले सजाय हुन्छ भन्ने सन्देश दिन उपयुक्त रहेकोले दण्डको हतोत्साहको सिद्धान्त (Deterrence Theory) को दृष्टिकोणबाट पनि विचार गर्नुपर्ने देखिन्छ। अर्को तर्फ यस्ता कसुरदारहरूले आफूले गरेको कसुरको पश्चाताप गरी भोलिका दिनमा जिम्मेवार, सवल, सक्षम, अनुशासित तथा नैतिकवान एवम् चरित्रवान नागरिकको रुपमा पुनर्स्थापित भई समाजलाई पुनः नेतृत्वदायी योगदान दिन सक्ने जिम्मेवार नागरिकको रुपमा परिणत हुने छ भन्ने अपेक्षासहित सुधारात्मक दण्डको सिद्धान्त (Reformative Theory) तथा निज प्रतिवादीहरू समाजमा पूर्ववत् रुपमा पुनर्स्थापित होस् भन्ने हेतुले पुनर्स्थापनाको सिद्धान्त (Restorative Theory) लाई समेत विचार गरी सजाय निर्धारण गर्नुपर्ने देखियो।

३२. अतः माथि विवेचित आधार र कारण एवम् दण्डका सिद्धान्त (Doctrine of Punishment) को रोहमा निज प्रतिवादीहरूको बयान बेहोराबाट खुली आएको निजहरूको उमेर अवस्था, कसुरको प्रकृति एवम् कसुर गर्दाको परिस्थिति, प्रतिवादीहरूको व्यक्तिगत, सामाजिक र सांस्कृतिक पृष्ठभूमिसमेतलाई सजायशास्त्र (Penology) को दृष्टिकोणबाट विचार गरी प्रतिवादी राजबाबु पाण्डेलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो अनुसार रु.१९,३०,०००।-(उन्नाइस लाख तीस हजार रुपैयाँ) जरिबाना र ऐ. दफाको ऐ. उपदफाको खण्ड (च) बमोजिम २(दुई) वर्ष ६(छ) महिना कैद भई ऐ ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बराबरको रकम निज प्रतिवादीबाट असुल हुने ठहर्छ र अर्का प्रतिवादी सुमनकान्त ठाकुरलाई ऐ. ऐनको दफा ३ को उपदफा (१) र (२) बमोजिम बिगो बराबर रु.६३,३६,६६७।-(त्रिसठ्ठी लाख छत्तिस हजार छ सय सतसट्ठी रुपैयाँ) जरिबाना भई ऐ. ऐनको ऐ. दफाको उपदफा (१) को खण्ड (ज) बमोजिम ६(छ) वर्ष कैद हुने र बिगोको हकमा जम्मा रु.६३,३६,६६७।-(त्रिसठ्ठी लाख छत्तिस हजार छ सय सतसट्ठी रुपैयाँ) मध्ये प्रतिवादी मनोज आचार्यबाट रु.६,५०,०००।-(छलाख पचास हजार रुपैयाँ) र प्रतिवादी राजबाबु पाण्डेबाट रु.१९,३०,०००।-(उन्नाइस लाख तीस हजार रुपैयाँ) असुल उपर हुने ठहर भएकाले सो कटाई बाँकी रु.३७,५६,६६७।- (सैंतिस लाख छपन्न हजार छ सय सतसट्ठी रुपैयाँ) ऐ. ऐनको दफा ३ को उपदफा (१) बमोजिम निज प्रतिवादी सुमनकान्त ठाकुरबाट असुल उपर हुनेसमेत ठहर्छ। अरूमा तपसिलबमोजिम गर्नू।

**सदस्य** **सदस्य** **सदस्य**

**फैसला तयार गर्न सहयोग पुर्‍याउनेः**
इजलास अधिकृतः होमनाथ कँडेल
कम्प्युटर अपरेटरः गीता घिमिरे गिरी
**इति संवत् २०८१ साल जेठ महिना १३ गते १ रोज शुभम्.........................................................।**

**श्री**

**विशेष अदालत काठमाडौं**

**अध्यक्ष माननीय श्री टेकनारायण कुँवर**

**सदस्य माननीय श्री तेज नारायण सिंह राई**

**सदस्य माननीय श्री रितेन्द्र थापा**

**फैसला**

**(इजलास नं.१)**

**मुद्दा नं.: ०८०-CR-०१४६**

**दर्ता मितिः २०८०/१२/२५**

**कसूर ठहर मितिः २०८१/०२/२४**

**कसूर ठहर नि.नं.: ३०३**

**सजाय निर्धारण मितिः २०८१/०२/३१**

**सजाय निर्धारण नि.नं.: ३१**

**मुद्दाः-घुस/रिसवत लिई भ्रष्टाचार गरेको।**

**वादी** : अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंका अनुसन्धान अधिकृत रुकबहादुर खड्काको प्रतिवेदनले नेपाल सरकार।

**विरुद्ध**

**प्रतिवादी** : बेदनाथ भट्टराईको नाति, रामप्रसाद भट्टराईको छोरा, जिल्ला धनुषा, जनकपुरधाम उप.म.न.पा. वडा नं. ९ स्थायी वतन भई जिल्ला रूपन्देही, लुम्बिनी सांस्कृतिक न.पा. लुम्बिनी विकास कोषमा बस्ने लुम्बिनी विकास कोषका तत्कालीन योजना प्रमुख तथा हाल इन्जिनियर पदमा कार्यरत **इ.सरोज भट्टराईसमेत।**

- **ठेक्का प्राप्त गर्नेले ठेक्का स्वीकृत गर्नेलाई सो कार्यबापत रकम दिनुपर्ने कुनै कानूनी बाध्यता रहेको हुँदैन। त्यस्तो प्रचलन रिसवत दिनेलिने कार्यलाई समर्थन गराउने भ्रामक विचार मात्र हो। रकम उपलब्ध गराउने व्यक्ति स्वयम् सफिक अहमदले नै प्रचलनको नाममा घुस रिसवत दिनु परेको भन्ने आसयको बेहोरा लेखाएबाट यी प्रतिवादीले लिएको रकम घुस/रिसवत हो भन्ने देखिन्छ।**

**(प्रकरण नं. १३)**

- **जग्गा आफ्नो नाउँमा राख्न दिनु र रिसवत लेनदेनको कार्यमा सहयोग पुऱ्याउनु एउटै होइन। मतियार हुन रिसवत लिने दिने कारण तथा कार्यमा जानी जानी कुनै हिसाबले मतसँग यारी देखाएको हुनुपर्दछ। यस्तो मतसँग यारी अर्थात् रिसवत लिने दिने मतसँग सहमत भएको पुष्टि नभएको अवस्थामा छोराले आमाको नाममा जग्गा राखेकै आधारमा मतियार भन्न मिल्ने देखिंदैन। यसैपनि प्रतिवादी सरोज भट्टराईको आमा एउटा सामान्य नेपाली नागरिक भएकोले आफ्नो छोराको लेनदेन आय व्यय र को कससँग आर्थिक सामाजिक सम्बन्ध रहेको छ भन्ने विषयमा अनभिज्ञ रहनु अस्वाभाविक हुँदैन।**

**(प्रकरण नं. २०)**

## कसुर ठहर खण्ड

१. विशेष अदालत नियमावली, २०८० को नियम ४४ बमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट विशेष सरकारी वकिल कार्यालयका विद्वान् सहायक न्यायाधिवक्ता **श्री आदित्य यादव**ले प्रतिवादी सरोज भट्टराईले लुम्बिनी विकास कोषमा योजना प्रमुख भई काम गर्ने क्रममा योजना ठेक्का प्राप्त गरेका निर्माण कम्पनीहरूबाट जग्गा बिक्रेताको खातामा रकमान्तर गरी उक्त रकम प्रतिवादीले घुस/रिसवत बापत प्राप्त गरेका र कि.नं. १३७४ र १३७५ का जग्गा खरिद गरी आमा अर्का प्रतिवादी जनक नन्दनी भट्टराईका नाममा दर्ता गराई भ्रष्टाचार गरेको अवस्था हुँदा प्रतिवादीहरूलाई आरोपदाबी अनुसार कसुरमा सजाय गरी पाउँ भनी गर्नुभएको बहस सुनियो।

२. **प्रतिवादीहरू सरोज भट्टराई र जनक नन्दनी भट्टराईको तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ता श्री कृष्णप्रसाद सापकोटा, विद्वान् अधिवक्ताहरू श्री चुडामणी पौडेल, श्री अपूर्व खतिवडा, श्री शिव अर्याल र श्री जसवीन भण्डारी**ले प्रतिवादीलाई दुःख दिने नियतले यो उजुरी दिइएको हो। उजुरी भन्दा पछि रकम लेनदेन भएको छ। प्रतिवादी र बाबुल निर्माण सेवाका प्रोप्राइटर सफिक अहमदसँग कारोबार भइरहने भएकाले प्रतिवादीले असी लाख रुपैंया रकम जग्गा प्राप्तिको लागि सापटी स्वरुप लिई चालिस लाख रुपैंया फिर्ता दिएको र बाँकी चालिस लाख रुपैंया आपसी सहमतीमा सापटीको रुपमा प्रतिवादीले प्रयोग गरी खरिद गरेको रकम आमा जनक नन्दनी भट्टराईका नाममा दर्ता गराएका हुन्। प्रतिवादीले कसैसँग घुस/रिसवत लिने बदनियतसमेत राखेको अवस्था छैन। पठाइएको रकम अर्घाखाँची बाबुल निर्माण कम्पनीले पठाएको हो। उक्त कम्पनीले लुम्बिनी विकास क्षेत्रमा कुनै निर्माणको काम गरेको छैन। कुन खास काम बापत घुस लेनदेन भएको हो भनी आरोपपत्रले स्पष्ट गर्दैन। कसैसँग घुस/रिसवत लिएको हुनका लागि बदनियत तत्त्वको आवश्यकता पर्दछ। उजुरकर्ताले अनुसन्धान अधिकारी र यस अदालतमा बयान गर्दा पनि घुस/रिसवत दिएको होइन भनेका छन्। प्रतिवादीलाई फसाउने नियतले मात्र उजुरी दिएको अवस्था हुँदा झुट्टा आरोपबाट सफाइ होस् भन्नेसमेत बेहोरामा बहस प्रस्तुत गर्नुभयो।

३. **प्रतिवादीहरूलाई देहायबमोजिम सजाय हुन मागदाबी लिई आरोपपत्र दायर भएको देखिन्छः-**

क) प्रतिवादी **सरोज भट्टराई**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रू.८०,००,०००।- कायम गरी ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद सजाय गरी ऐ.को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिबाना सजायसमेत हुन र ऐ.को दफा ३ को उपदफा (१) र दफा ४७ बमोजिम आर्जन गरेको आमा जनक नन्दनी भट्टराईको नाममा रहेको कि.नं. १३७४ र १३७५ का जग्गा भ्रष्टाचारजन्य कसुरबाट आर्जन गरेको देखिएको हुँदा उक्त जग्गा जफत हुन भनी मागदाबी लिएको देखिन्छ।

ख) प्रतिवादी **जनक नन्दनी भट्टराई**ले मतियार भई ऐ.ऐनको दफा २२ बमोजिमको सम्पत्ति प्राप्त गर्न प्रतिवादीको मतियारको रुपमा कसुर गरेको पुष्टि भएको हुँदा प्रतिवादी जनक नन्दनी भट्टराईलाई बिगो रु.८०,००,०००।- (असी लाख रुपैयाँ) कायम भएकोमा दफा ३ को उपदफा (१) बमोजिम जरिबाना र ऐ.को दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम हुने कैद सजायलाई आधार मानी प्रतिवादी जनक नन्दनी भट्टराईलाई सोही ऐनको दफा २२ बमोजिमको प्रतिबन्धात्मक वाक्यांश अनुसार मुख्य प्रतिवादी सरोज भट्टराईलाई हुने सजाय सरह नै सजायको मागदाबी लिएको देखिन्छ।

४. प्रतिवादी सरोज भट्टराईले लुम्बिनी विकास कोषमा योजना प्रमुख भई काम गर्ने क्रममा योजना ठेक्का प्राप्त गरेका निर्माण कम्पनीहरूबाट जग्गा बिक्रेताको खातामा रकमान्तर गरी रकम भुक्तानी गरी कि.नं. १३७४ र १३७५ को जग्गा खरिद गरी आमा नन्दनी भट्टराईका नाममा दर्ता गरी भ्रष्टाचार गरेको हुँदा कारवाही गरी पाउँ भनी पेस भएको उजुरीबाट अनुसन्धान तहकिकात प्रारम्भ भएको प्रस्तुत मुद्दामा दुबै पक्षका विद्वान् कानुन व्यवसायीहरूको माथि

उल्लिखित बहस सुनी दायर भएको आरोपदाबी, प्रतिवादीको बयान, मिसिल संलग्न प्रमाण कागजहरूको अध्ययनबाट निम्न प्रश्नमा निर्णय दिनुपर्ने देखियोः-

**क) प्रतिवादी सरोज भट्टराईले उजुरकर्तासँग घुस रिसवत लिएका हुन् होइनन् ?**

**ख) घुस/रिसवत लिएको भए सो घुस रिसवत के कसरी कुन माध्यमबाट लिएका हुन् ?**

**ग) प्रतिवादीहरूलाई आरोपदाबी बमोजिम सजाय हुने हो वा होइन ?**

**घ) सजाय हुनुपर्ने भए के कस्तो सजाय हुनुपर्ने हो ?**

५. **निर्णयतर्फ विचार गर्दा,** प्रतिवादी सरोज भट्टराई लुम्बिनी विकास कोषमा योजना प्रमुख भई काम गर्दै आएको देखिन्छ। काम गर्ने क्रममा ठेक्काको काम गरेबापत इन्जिनियरले लिने रकम भनी बाबुल निर्माण सेवाका प्रोप्राइटर सफिक अहमदसँग रु.८०,००,०००।- (असी लाख रुपैंया) घुस/रिसवत रकम माग गरेको भन्ने उजुरकर्ताको आरोप रहेको छ। उक्त रकम निज प्रतिवादीले सेवाग्राहीको रुपमा रहेको निर्माण कम्पनीलाई भक्तपुर गुण्डु, वडा नं. ३ मा कि.नं.१३७४ र १३७५ का जग्गा खरिद गर्ने प्रयोजनका लागि बैंक मार्फत पठाउन लगाएको भन्ने देखिन्छ। सो रकमबाट खरिद गरेको जग्गा निजको आमा अर्थात् अर्का प्रतिवादी जनक नन्दनी भट्टराईका नाममा लिएको देखिन्छ। साथै उक्त रकम हस्तान्तरण गर्दा जग्गा विक्रेता आइते तामाङ्ग र अर्का चिनजानका व्यक्ति नानीकाजी थापाको बैंक खातामा जम्मा गर्न लगाई भ्रष्टाचार गरेको भन्ने उजुरी तथा आरोपदाबी भै बैंक खाताहरू बुझ्दा सो उजुरी र आरोपदाबी अनुरुपको रकम पठाइएको तथ्य पुष्टि भएको पाइन्छ। यिनै तथ्यहरूको आधारमा प्रतिवादीहरू उपर अनुसन्धान प्रारम्भ भएको देखिन्छ।

६. भूमिसुधार तथा मालपोत कार्यालय, भक्तपुरबाट प्राप्त पत्रमा लेखिएको बेहोरा हेर्दा जग्गा दर्तावाला आइते तामाङका नाममा दर्ता कायम रहेको जिल्ला भक्तपुर, गुण्डु, वडा नं.३ स्थित कि.नं.१३७४ र १३७५ का दुई कित्ता जग्गा प्रतिवादी जनक नन्दनी भट्टराईका नाममा मिति २०७९।०१।२७ गते दर्ता कायम हुन आएको हो। जग्गा खरिदकर्ता निज जनक नन्दनी भट्टराईले रु.३८,०७,२००।— (अठतीस लाख सात हजार दुई सय रुपैयाँ) रकममा उक्त जग्गा खरिद गरेकोमा उल्लिखित रकम नानीकाजी थापाले जग्गा बिक्रेता आइते तामाङको कृषि विकास बैंकको खातामा मिति २०७९।०१।२७ गते जम्मा गरेको कृषि विकास बैंकको नगद/भौचरबाट देखिन्छ भनी उल्लेख भएको देखिन्छ। यसरी जग्गा खरिदका लागि रकम हस्तान्तरण भएको तथ्यमा विवाद रहेन। उक्त रकम घुस/रिसवत हो होइन भन्ने नै प्रस्तुत मुद्दाको मुख्यतः निर्णय दिनुपर्ने प्रश्न रहेको छ।

७. यस सन्दर्भमा प्रतिवादी सरोज भट्टराईले यस अदालतमा बयान गर्दा आफूले आइते तामाङको जग्गा खरिद गर्ने सहमति भएको थियो। त्यसको लागि रकम आवश्यक परेको थियो। जान पहिचानका व्यक्ति भएको हुनाले जग्गा खरिद गर्नका लागि निर्माण व्यवसायी सफिक अहमदले उकत रकम सापटी उपलब्ध गराएका हुन् भनी बेहोरा लेखाएको पाइन्छ।

८. अर्का व्यक्ति नानीकाजीको छोरी विदेश जाँदा पनि निजसँग आफ्नो सर सापट भएको थयो। आमाले सफिक अहमदसँग लिएको रु.४०,००,०००।- (चालिस लाख रुपैयाँ) सापटी रकम बैंक दाखिला गरी फिर्ता गरी दिएको हो। घुस/रिसवत बापत कुनै रकम माग गरेको होइन भनी बयानमा लेखाएको देखिन्छ।

९. यसैगरी सापटी लिएर जग्गा किनेको हो र उक्त रकम फिर्ता पनि गरिसकेको छ। घुस/रिसवत माग गरी जग्गा खरिद गरेको अवस्था नहुँदा जग्गा जफत हुनुपर्ने होइन भनी कसुरमा इन्कार रही अर्का प्रतिवादी यी प्रतिवादी सरोज भट्टराईको आमा जनक नन्दनी भट्टराईले बयान गरेको पाइन्छ।

१०. अतः दुवै प्रतिवादीहरूको माथि उल्लिखित बयान बेहोराबाट घुस रिसवत लिएको होइन भन्ने जिकिर लिएको भए तापनि जग्गा खरिद गर्न सफिक अहमदसँग रकम लिएको कुरालाई स्वीकार नै गरेको पाइन्छ। निज सफिक अहमद बाबुल निर्माण सेवाका प्रोप्राइटर भएको र निजको निर्माण सेवाले यी प्रतिवादी निर्णायक रहेको संस्थाबाट निर्माण ठेक्का प्राप्त गरेको तथ्यमा पनि कुनै विवाद छैन। यसरी सेवाप्रदायक निकायको प्रमुखले सेवाग्राहीसँग रकम सापटी लिएकै भएपनि

लिनु समेत आचरण विपरितको कुरा हो। तर जोसँग प्रतिवादीले सापटी लिएको हो भनेका छन् उनै सफिक अहमदले सापट दिएको नभै घुस रिसवतको रुपमा चलन चल्तिको रकम दिन बाध्य पारेको भनी बयान गरेको देखिन्छ। उक्त लेनदेनको कार्यलाई आचरण विपरित मात्र मान्दा पनि सो रकम घुस रिसवत थियो वा सापटी थियो भन्ने प्रश्नको निरुपणबाटै यो मुद्दाको निष्कर्षमा पुग्न सकिने देखिन्छ।

११. अतः प्रतिवादीहरूले घुस/रिसवत बापत रकम माग गरेको नभई सापटी स्वरुप रकम लिएको र फिर्ता गरिसकेको भनी कसुरमा इन्कार रही बयान जिकिर उल्लेख गरे तापनि रकम के कसरी फिर्ता गरियो त्यसको प्रमाण प्रतिवादीबाट पेस भएको अवस्था छैन।

१२. उजुरकर्ता सफिक अहमदले मौकामा कागज गर्दा एवम् अदालतमा बकपत्र गर्दा लेखाएको बेहोरा महत्वपूर्ण र प्रामाणिक हुन जान्छ। निजले अदालतको बकपत्रमा लेखाए अनुसार सापटी रकम लिए/दिएको भन्ने तथ्य उल्लेख नगरी आफूले लुम्बिनी विकास कोषको ठेक्काको काम गरेकोमा सो काम गरेबापत योजना प्रमुख इ.सरोज भट्टराईलाई चलन चल्तीमा रहेको अनौपचारिक रुपमा इन्जिनियरले माग गर्ने र लिने रकम उपलब्ध गराएको हो। निज इ.सरोज भट्टराईले भने अनुसार आइते तामाङ र नानीकाजी थापाको खातामा रकम हालिदिएको हो भनी बेहोरा उल्लेख गरिदिएको अवस्था देखिन्छ। औपचारिक रुपमा इन्जिनियरले माग गर्ने र लिने रकम भनेको के हो ? के इन्जिनियरले काम प्राप्त गर्ने पक्षसँग रकम माग गर्न मिल्छ ? सो सम्बन्धमा निज प्रतिवादीले कुनै तर्कसङ्गत जिकिर लिन सकेको पाइँदैन। ठेक्का प्राप्त गरेबापत चलनचल्ती अनुसार रकम दिएको भनेबाट त्यस्तो चलनचल्ती कुन कानुनले प्रशस्त गरेको छ भन्ने कुरा कतैबाट पुष्टि हुँदैन। प्रचलन रहेको भए पनि सो कार्य गैरकानूनी हुन जान्छ। जस्तोकी भ्रष्टाचार निवरण ऐन, २०५९ को दफा ५ को उपदफा (१) ले आफू बहाल रहेको पदअनुसार सम्पादन गर्नुपर्ने कुनै काममा कुनै प्रकारले असर पर्न सक्ने गरी कुनै राष्ट्र सेवकले कसैबाट नेपाल सरकार वा सार्वजनिक संस्थाको पूर्व स्वीकृति नलिई आफूले वा आफ्नो परिवारको कुनै सदस्य वा अरु कसैद्वारा कुनै प्रकारको दान, दातव्य, उपहार, कोसेली, चन्दा वा कुनै किसिमको लाभ स्वीकार गर्ने वा आफू बहाल रहेको पद अनुसार सम्पादन गर्नुपर्ने कामसगं सम्बन्धित व्यक्तिसँग सापटी लिने कार्यलाई पनि भ्रष्टाचारकै परिभाषाभित्र राखेको छ।

१३. ठेक्का प्राप्त गर्नेले ठेक्का स्वीकृत गर्नेलाई सो कार्यबापत रकम दिनुपर्ने कुनै कानूनी बाध्यता रहेको हुँदैन। त्यस्तो प्रचलन रिसवत दिनेलिने कार्यलाई समर्थन गराउने भ्रामक विचार मात्र हो। रकम उपलब्ध गराउने व्यक्ति स्वयम् सफिक अहमदले नै प्रचलनको नाममा घुस रिसवत दिनु परेको भन्ने आसयको बेहोरा लेखाएबाट यी प्रतिवादीले लिएको रकम घुस/रिसवत हो भन्ने देखिन्छ।

१४. अतः प्रतिवादीहरूले सफिक अहमदसँग पैसा लिएको भन्ने स्वीकार गरेका छन् तर त्यो सापटी हो, घुस होइन भनी दाबी गरेका छन्। अब अदालत समक्ष त्यो रकम साँच्चै सापटी थियो कि अवैध रूपमा लिइएको घुस भन्ने निष्कर्षमा पुग्नुपर्ने अवस्था आएको छ। यही निष्कर्षबाट नै यो मुद्दाको अन्तिम निर्णयमा पुग्न सकिन्छ। त्यसकारण सापटी ठहर्न लेनदेन गरिएका व्यवहारमा के के तत्वहरू हुनुपर्छ ? सापटी (ऋण) ठहरिनका लागि के के हुनुपर्छ भन्ने कुरा विश्लेषण गरी प्रमाण, उद्देश्य र व्यवहारको आधारमा मूल्याङ्कन गरिन्छ। अदालतले यस प्रकारको लेनदेन रकम सापटी हो वा रिसवतको रकम हो भन्ने ठहर गर्दा सामान्यतः तल उल्लिखित कुराहरू हेर्नुपर्दछः

१. **घुस** (Bribery)

- **प्रत्यक्ष घुसः** कुनै सार्वजनिक निकायमा कार्यरत कर्मचारीले कुनै आधिकारिक कार्य गर्न वा नगर्न पैसा वा उपहार स्वीकार गर्ने।
- **अप्रत्यक्ष घुसः** सार्वजनिक निकायको कर्मचारीले आफ्नो सिधै नभई तेस्रो पक्ष, परिवार सदस्य वा निकट साथीमार्फत घुस स्वीकार गर्ने।
- **दलालमार्फत घुसः** कुनै एजेन्ट वा बिचौलियामार्फत घुस माग्ने वा लिने।

- **अनुकूल निर्णयका लागि घुसः** न्यायिक, प्रशासनिक वा सरकारी निर्णय प्रभावित गर्न घुस स्वीकार गर्ने।

२. **जबर्जस्ती असुली** (Extortion)
- सार्वजनिक कर्मचारीले आफ्नो पदको दुरुपयोग गरी व्यक्तिहरू वा व्यवसायीहरूबाट पैसा, उपहार वा सेवा जबर्जस्ती लिनु।
- उदाहरणः प्रहरी अधिकारीले कसैलाई पक्राउ नगर्न पैसा माग्नु।

३. **छिटो सेवा शुल्क** (Speed Money/Facilitation Payments)
- कुनै सरकारी प्रक्रिया छिटो गराइदिनका लागि गैरकानूनी रूपमा पैसा लिने।
- उदाहरणः सरकारी कर्मचारीले कागजातहरू चाँडो अनुमोदन गरिदिन पैसा माग्नु।

४. **कमिसन वा किकब्याक** (Kickbacks)
- सरकारी कर्मचारीले कुनै ठेक्का वा अनुमति प्रदान गर्दा सो को बदलामा निश्चित प्रतिशत रकम वा कमिसन लिनु।
- उदाहरणः यो प्रायः सार्वजनिक खरिद, निर्माण परियोजनाहरू वा सरकारी ठेक्कामा हुने गर्छ।

५. **सरकारी सम्पत्तिको दुरुपयोग वा हिनामिना** (Embezzlement & Misappropriation)
- सार्वजनिक कर्मचारीले आफूलाई विश्वाससहित दिइएको सरकारी सम्पत्ति वा कोष अनाधिकृत रूपमा उपयोग गर्नु वा दुरुपयोग गर्नु।
- उदाहरणः कर अधिकारीले सरकारी कोषलाई व्यक्तिगत खातामा सार्नु।

६. **नक्कली कारोबार** (Fraudulent Transactions)
- कागजात नक्कली बनाउने, बिलको रकम बढाउने वा नक्कली कर्मचारी देखाएर सरकारी रकम हिनामिना गर्ने।
- उदाहरणः सार्वजनिक परियोजनामा लागत बढाएर रकम आफ्नो खातामा राख्नु।

७. **नातावाद र कृपावाद** (Nepotism & Favoritism)
- प्रत्यक्ष रूपमा आर्थिक लाभ नभए पनि आफन्त वा नजिकका व्यक्तिलाई लाभ दिनु।
- उदाहरणः निर्णयाधिकारीले अयोग्य आफन्तलाई सरकारी उच्च पदमा नियुक्त गर्नु।

८. **स्वार्थको द्वन्द्व र शक्तिको दुरुपयोग** (Conflict of Interest & Abuse of Power)
- सार्वजनिक कर्मचारीले आफ्नो व्यवसाय वा व्यक्तिगत स्वार्थका लागि सरकारी पदको दुरुपयोग गर्नु।
- उदाहरणः सरकारी अधिकारीले आफ्नै कम्पनीलाई ठेक्का दिनु।

९. **अवैध उपहार वा सेवा** (Illegal Gratuities)
- विशेष व्यवहार वा सुविधाको लागि उपहार, सेवा वा भबिष्यमा जागिरको रूपमा लाभ स्वीकार गर्नु।
- उदाहरणः कुनै कम्पनीलाई अनुकूल नीति बनाइदिए बापत अवकाशपछि सोही कम्पनीमा उच्च तलबको जागिर पाउनु।

१०. **सङ्गठित भ्रष्टाचार** (Collusive Corruption)
- धेरै सरकारी अधिकारीहरू मिलेर भ्रष्टाचारका गतिविधिहरू गर्नु जसले अनुसन्धानलाई झन जटिल बनाउँछ।
- उदाहरणः सरकारी कर्मचारीहरूको समूह मिलेर गलत ठेक्का स्वीकृत गरेर रकम बाँडफाँड गर्नु।

यी कार्यहरू प्रायः विभिन्न देशका **भ्रष्टाचार निवारण ऐन** वा **फौजदारी संहिता** अन्तर्गत दण्डनीय अपराधहरू मानिन्छन्।

१५. प्रस्तुत मुद्दामा जग्गा बिक्रेता आइते तामाङको कृषि विकास बैंकको खातामा बाबुल निर्माण सेवाले मिति २०७९।०१।२६ गते रु.४०,००,०००।— (चालिस लाख रुपैयाँ) र नानीकाजी थापाले मिति २०७९।०१।२७

गते रू.३८,०७,२००।— (अठ्तीस लाख सात हजार दुई सय रुपैयाँ) गरी जम्मा रु.७८,०७,२००।— (अठहत्तर लाख सात हजार दुई सय रुपैयाँ) रकम जम्मा गरेको देखिएको भनी कृषि विकास बैंकबाट पत्र प्राप्त भएको देखिन्छ।

१६. जग्गा दर्तावाला आइते तामाङले मौकामा बयान गर्दा निजको कृषि विकास बैंकको खातामा रु.४०,००,०००।- (चालिस लाख रुपैयाँ) बाबुल निर्माण सेवाबाट र रु.३८,०७,२००।- (अठ्तीस लाख सात हजार दुई सय रुपैयाँ) नानीकाजी थापाबाट गरी जम्मा रु.७८,०७,२००।- (अठहत्तर लाख सात हजार दुई सय रुपैयाँ) रकम प्राप्त भएको तथ्य स्वीकार गरेको पाइन्छ। यसरी सो रकम निज आइते तामाङको बैंक खातमा जम्मा गरेको तथ्य पनि स्थापित भएकै छ। आइते तामाङले बयानमा उक्त रकम आफूले जग्गा बिक्री गरेका सरोज भट्टराई र निजको आमा जनक नन्दनी भट्टराईले हालेको होइन रहेछ भन्ने कुरा पछि मात्र थाहा भएको हो भन्ने बेहोरा उल्लेख गरेको पाइन्छ। जसमा रु.४०,००,०००। बाबुल निर्माण सेवाले र रू.३८,०७,२००। नानीकाजी थापाले बैंकमा जम्मा गरेको रहेछ।

१७. सार्वजनिक निकायमा कार्यरत अधिकारी वा कर्मचारीद्वारा घुस वा अवैध रूपमा रकम लिने विभिन्न तरिकाहरू हुन्छन्। जसलाई प्रायः भ्रष्टाचार विरोधी कानुन अन्तर्गत अपराध मानिन्छ। प्रस्तुत मुद्दामा घुस रिसवत लिने दिने प्रकृयाका माथि उल्लिखित प्रकारहरू मध्ये यी प्रतिवादी सरोज भट्टराईले व्यक्तिगत स्वार्थका लागि सरकारी पदको दुरुपयोग गरेको देखिन्छ। उजुरकर्ता बाबुल निर्माण सेवाका प्रोप्राइटर सफिक अहमदको बयान अनुसार प्रतिवादी सरोज भट्टराईको मागबमोजिम तेस्रो व्यक्ति आइते तामाङ्ग र नानीकाजी थापाको बैंक खातमा आफ्नो बैंक खाताबाट ४०/४० लाख रुपैयाँ अर्थात् जम्मा असी लाख रुपैयाँ पठाइदिएको हुँ भनी बेहोरा लेखाएको पाइन्छ। सो रकम पठाएको बैंक खाता नं. समेत उल्लेख गरेको देखिन्छ। माथि विवेचित आधारमा यो तथ्य पुष्टि भएकै छ।

१८. साथै सफिक अहमदले मैले लुम्बिनी विकास कोषको ठेक्काको काम गरे बापत सरोज भट्टराईको माग अनुसार उक्त रकम दिएको हो भनी बयानमा लेखाएको पाइन्छ। यो रकम दिनु लिनुलाई कमिसन वा किकब्याक (Kickbacks) को रुपमा लिन सकिन्छ। जुन घुस रिसवत अन्तर्गत नै पर्दछ। प्रचलित कानूनले कुनै पनि प्रकारको कमिसन वा Kickbacks लिने छुट कसैलाई प्रदान गर्दैन। निज सरोज भट्टराईले उक्त रकम लिदा चलाखीपूर्ण रुपमा संयन्त्र प्रयोग गरेको देखिन्छ। आफैले प्रत्यक्ष्य रुपमा रकम नबुझी सिधै नलिई अप्रत्यक्ष बाटो अपनाई तेस्रो पक्ष प्रयोग गरी घुस रिसवत स्वीकार गर्ने कार्य गरेको देखिन्छ।

सापटी (ऋण) ठहरिनका लागि के के पूर्व शर्तहरू हुनुपर्छ भन्ने कुरा विशेषगरी प्रमाण, रकम लिनुको उद्देश्य र लेनदेन व्यवहारको तौर तरिकाको आधारमा मूल्याङ्कन गरिन्छ। अदालतले एउटा रकम सापटी हो कि होइन भन्ने ठहर गर्दा सामान्यतः तल उल्लिखित कुराहरूमा विचार गर्नुपर्ने हुन्छः-

१. **उद्देश्य र समझदारी (Intention and Agreement)**
पैसा दिने र लिने व्यक्तिबीच **स्पष्ट समझदारी (oral or written agreement)** भएको हुनुपर्छ ता कि त्यो रकम **अस्थायी रूपमा दिइएको** हो र पछि **फिर्ता गर्नुपर्नेछ**।
सम्झौतापत्र **(Loan Agreement)**, मौखिक कबुल वा अरु कागजातबाट यस्तो समझदारी देखिनुपर्छ।

२. **फिर्ता गर्ने आशय (Intention to Repay)**
- पैसा लिने व्यक्तिले रकम **फिर्ता गर्ने मनसाय देखाएको** हुनु पर्छ।
- फिर्ता गर्ने समय, किस्ता, ब्याज आदि बारे केही कुरा भएको छ कि छैन भन्ने पनि महत्वपूर्ण हुन्छ।

३. **फिर्ता गरेको प्रमाण (Evidence of Repayment)**
- पैसा **वास्तवमा फिर्ता गरिएको प्रमाण** (जस्तैः बैंक ट्रान्सफर, रसिद, नगद फिर्ताको साक्षी) भएमा त्यसले सापटी ठहर्न सहयोग गर्छ।

| | |
|---|---|
| ४. | **ब्याज लिएको/दिएको प्रमाण (Interest Evidence)**<br>• कतिपय अवस्थामा सापटीमा **ब्याजको व्यवस्था** हुन्छ। ब्याज लिएको या दिएको प्रमाण भएमा, त्यो पनि सापटी भएको पुष्टि गर्न सकिन्छ। |
| ५. | **पारस्परिक सम्बन्धको विश्लेषण (Nature of Relationship)**<br>• पैसा दिने र लिने व्यक्ति/संस्थाबीचको सम्बन्ध के हो?<br>» उदाहरणः मित्रता, व्यापारिक साझेदारी वा सेवा लिने दिने सम्बन्ध ?<br>» घुस र सापटी छुट्याउने क्रममा **शक्तिको दुरुपयोग भयो कि भएन** भन्ने पनि हेर्ने गरिन्छ। |
| ६. | **लेखा वा अभिलेख (Records)**<br>• पैसा दिने र लिने दुबैको **लेखा किताब वा बैंक स्टेटमेन्ट** हेरेर त्यो रकम सापटी स्वरूपमा लिइएको/दिइएको हो भन्ने देखिन्छ कि छैन भन्ने मूल्याङ्कन हुन्छ। |
| ७. | **विवेकसङ्गतता (Reasonableness)**<br>• सापटी दियो भन्ने दाबी **सामान्य विवेकसँग मेल खानुपर्छ।** उदाहरणः एउटा व्यक्तिले ठुलो रकम बिना कुनै कागजात, बिना ब्याज, बिना समयसीमा किन दियो ? |

यदि माथि उल्लिखित ७ वटा तत्वहरूमध्ये केही वा सबै तत्वहरूको विद्यमानता रहेछ भने अदालतले उक्त रकमलाई सापटी ठहर गर्नुपर्ने अवस्था हुन सक्तछ। तर यी कुरा नपुगेमा, रकम **घुस, उपहार वा अवैध लाभको रूपमा व्याख्या** गर्नुपर्ने हुन्छ।

१९. यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट बाल मुकुन्द श्रेष्ठ वि. नेपाल सरकार (मुद्दा नं. ०७५-CR-००५१) मा "भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिम रिसवत लिएमा मात्र होइन, लिन मञ्जुर गरेमा मात्र पनि भ्रष्टाचारको कसुर ठहरिने" भनी मिति २०७९/०७/३० मा सिद्धान्त प्रतिपादन भएको पाइन्छ। प्रस्तुत मुद्दामा प्रतिवादीको सापटी रकम हो भन्ने जिकिर पुष्टि हुने कुनै पनि तत्वहरूको विद्यमानता देखिन आउँदैन। उजुरकर्ताले नै दिने प्रचलनअनुसार रकम दिनुपरेको भनेबाट यस्तो कार्यमा अघि अघि पनि घुस/रिसवत दिने लिने गैरकानूनी प्रचलन चलेको रहेछ भनी मान्नुपर्ने देखिन्छ। यसरी मिसिल संलग्न सम्पूर्ण कागज प्रमाणहरू समेतको अध्ययन विश्लेषणबाट यी प्रतिवादी सरोज भट्टराईले आफूलाई अनुचित लाभ पुऱ्याउने बदनियतले उजुरकर्तासँग घुस बापत रकम लिई आफ्नो ओहदाको दुरुपयोग गरेको पुष्टि हुन आयो। अब प्रतिवादी र उजुरकर्ताबीचको Relation के रहेछ सोतर्फ विवेचना गरौं।

| |
|---|
| **प्रतिवादी र उजुरीकर्ताबीचको सम्बन्ध** निम्नानुसार छः<br>**"लुम्बिनी विकास कोषका इन्जिनियर (सरकारी कर्मचारी) र काम गर्न छनोट भएका ठेकेदार** (contractor) **बीचको सम्बन्ध 'अर्थात् एकले निर्माण कार्यको ठेक्का दिने र अर्काले काम गर्ने"** रुपमा रहेको देखिन्छ।<br>यो सम्बन्धले **सापटी होइन, घुस/रिसवत भएको सम्भावना बलियो** बनाउँछ। किनभने यस्तो सम्बन्धमा पैसा लेनदेन हुँदा **शक्तिको दुरुपयोग** (abuse of position) हुने उच्च सम्भावना हुन्छ। |
| **अदालतले यस्तो अवस्थामा विचार गर्ने महत्वपूर्ण पक्षहरू निम्नबमोजिम रहेका छन्ः**<br>१. **सापटीको स्वतन्त्रता र स्वेच्छिकता** (Voluntariness of Loan)<br>• ठेकेदारले इन्जिनियरलाई सापटी दिएको दाबी भए पनि त्यो सम्बन्धमा स्वेच्छिकता थियो कि **काम पाउन वा सहज बनाउन दबावमा दिइएको थियो** ? |

२. **पदको प्रभाव (Influence of Public Position)**

- इन्जिनियरको हैसियतमा प्रतिवादी सार्वजनिक निकायको प्रतिनिधि हुन्।
- त्यसैले उनीबाट **कामको पास, बिल भुक्तानी, अनुगमन, सिफारिस आदि कार्यहरू** हुन्छन्।
- यस्तो अवस्थामा सापटीको दाबी "सामान्य व्यक्तिगत लेनदेन" जस्तो स्वतन्त्र र निष्पक्ष देखिँदैन।

३. **Conflict of Interest**

- यस्तो सम्बन्धमा रकम लिँदा स्वार्थ**को द्वन्द्व (conflict of interest)** हुन्छ, जसले गर्दा त्यो रकम स्वतः शंकास्पद हुन्छ।

४. **प्रमाणित गर्नुपर्ने दायित्व (Burden of Proof)**

- सामान्य नागरिकबीचको सापटीमा दाबी गर्न सजिलो हुन्छ, तर **सरकारी अधिकारी र ठेकेदारबीचको सापटी सम्बन्ध अत्यन्तै सशंकित दृष्टिले हेरिन्छ।**
- त्यसैले, रकम **घुस नभएर सापटी नै हो भन्ने कुरा प्रमाणित गर्ने जिम्मा प्रतिवादीको हुन्छ।**

यस प्रश्नको निष्कर्षमा के भन्न सकिन्छ भने सार्वजनिक निकायको पदाधिकारी अर्थात् काम लगाउने व्यक्ति र ठेक्का प्राप्त गर्ने व्यक्तिको बीचमा भएको रकमको लेनदेन सम्बन्धी कार्यलाई वस्तुनिष्ठ एवम् विश्वासनीय प्रमाणको अभावमा लेनदेन व्यवहार रहेछ भनी मान्न सकिने हुँदैन।
यो परिस्थिति घुसको आशंका गर्न पर्याप्त आधार बन्न सक्छ, किनभने त्यो **पदको दुरुपयोग गरेर व्यक्तिगत लाभ लिएको** देखिन सक्छ।

**सापटीको दाबी गर्दा खोजिने प्रमाणहरूः**

**१. लिखितमा सम्झौता (Loan Agreement)**

**२. बैंक ट्रान्सफर/फिर्ता**

**३. साक्षीहरू**

**४. ब्याज वा किस्ताको विवरण**

**माथिको सम्बन्धको निष्कर्षः**

- **सरकारी अधिकारी र ठेकेदारबीच सापटीको सम्बन्ध अत्यन्त सशंकित दृष्टिले हेरिन्छ।**
- यस्तो अवस्थामा **पदको शक्ति प्रयोग गरेर व्यक्तिगत लाभ लिएको देखियो भने**, त्यो रकम **घुसको रूपमा व्याख्या हुने सम्भावना बलियो** हुन्छ।
- त्यसैले, अदालतबाट यस्तो सम्बन्धमा **सापटी थियो भन्ने दाबीलाई प्रबल प्रमाणबिना स्वीकार गरिँदैन।**

२०. प्रतिवादी जनक नन्दनी भट्टराईले छोरा सरोज भट्टराई र सफिक अहमद बिच कामको सिलसिलामा चिनजान भई राम्रो साथी भएकोमा लेनदेन भइरहन्थ्यो। निज सफिक अहमदले छोरालाई आपसी सहमतिमा सापटीको रुपमा उक्त रकम पठाएको होला भनी यस अदालत समक्षको बयानमा उल्लेख गराएको देखिन्छ। निजले उजुरकर्तालाई कुनै सुविधा, सेवा वा लाभ उपलब्ध गराइदिन सह प्रतिवादी सरोज भट्टराईलाई सिफारिस गरेको वा मनाएको भन्ने अवस्था देखिँदैन। छोरा प्रतिवादी सरोज भट्टराई र उजुरकर्ता सफिक अहमद बिच के कस्तो सम्बन्ध छ ? जग्गा निजको नाममा पारित हुनु अघि निजहरू बिचमा के कस्तो सल्लाह वा सहमति भएको थियो ? जग्गाबापतको रकम के कसरी आएको हो भन्ने तथ्य पूर्व जानकारी भएको तथ्य वादीले देखाउन सकेको पाईंदैन। छोराले आमाको नाममा जग्गा पारित गर्ने योजना बनाउँदा आमाले जग्गा खरिदमा लागेको रकमको स्रोतमा प्रश्न उठाउनै पर्दछ अर्थात् रिसवत हो की भनी आशङ्का गर्नुपर्दछ भन्ने पनि सामान्यतया हुँदैन। जग्गा आफ्नो नाउँमा राख्न दिनु र रिसवत लेनदेनको कार्यमा सहयोग

पुऱ्याउनु एउटै होइन। मतियार हुन रिसवत लिने दिने कारण तथा कार्यमा जानी जानी कुनै हिसाबले मतसँग यारी देखाएको हुनुपर्दछ। यस्तो मतसँग यारी अर्थात् रिसवत लिने दिने मतसँग सहमत भएको पुष्टि नभएको अवस्थामा छोराले आमाको नाममा जग्गा राखेकै आधारमा मतियार भन्न मिल्ने देखिँदैन। यसैपनि प्रतिवादी सरोज भट्टराईको आमा एउटा सामान्य नेपाली नागरिक भएकोले आफ्नो छोराको लेनदेन आय व्यय र को कससँग आर्थिक सामाजिक सम्बन्ध रहेको छ भन्ने विषयमा अनभिज्ञ रहनु अस्वाभाविक हुँदैन। यसका अतिरिक्त निजको नाममा जग्गा खरिद गरिएको यथार्थता भए तापनि सो जग्गाको मूल्य प्रतिवादी सरोज भट्टराईले नै उजुरकर्तासँग घुसबापत रकम माग गरी जग्गादर्तावाला आइते तामाङको खातामा हाल्न लगाएको र सो रकम प्रयोग गरी जग्गा किनी आमा जनक नन्दनी भट्टराईका नाममा पारित गरिदिएको अवस्था देखिँदा प्रतिवादी जनक नन्दनी भट्टराईको घुस रिसवत कसुरमा भूमिका नदेखिँदा निजले आरोपदाबीबाट सफाइ पाउने निष्कर्षमा पुगियो।

२१. अतः प्रतिवादी सरोज भट्टराई राष्ट्रसेवक कर्मचारीको हैसियतमा रहेकोमा विवाद छैन। निज प्रतिवादीले बाबुल निर्माण सेवाको प्रोप्राइटर तथा अर्घाखाँची बाबुल जे.भी. का आधिकारिक व्यक्ति सफिक अहमदबाट रु.८०,००,०००/-(असी लाख रुपैंया) आइते तामाङ र नानीकाजी थापाको बैंक खातामा जम्मा गर्न लगाई आफ्नो आमा जनक नन्दनी भट्टराईको नाममा जग्गा खरिद गरेको देखिन्छ। उक्त वाबुल निर्माण सेवा तथा बाबुल जे.भी. ले लुम्बिनी विकास कोषसँग योजना ठेक्का लिई आ.व. २०७०/०७१ देखि नै काम गर्दै आएको र मिति २०८०/३/२४ मा अन्तिम बिल भुक्तानी लिएको मिसिल संलग्न कागज प्रमाणबाट देखिन आउँछ। प्रतिवादीले सफिक अहमदसँग सापटी लिएको हुँ भनी बयान गरे तापनि उक्त निर्माण सेवाका प्रोप्राइटर सफिक अहमदले गरेको मौकाको कागज र अदालतको बकपत्रमा प्रष्ट रुपमा सापटी लिए/दिएको भन्ने तथ्य अभिव्यक्त नगरी **"मैले लुम्बिनी विकास कोषको ठेक्काको काम गरेको सो काम गरेबापत योजना प्रमुख इ. सरोज भट्टराईलाई चलन चल्तीमा रहेको औपचारिक रुपमा इन्जिनियरले माग गर्ने र लिने रकम उपलब्ध गराएको हो"** भनी उल्लेख गरेको पाइन्छ। तसर्थ, उजुरकर्ता स्वयंको यो भनाई लगायत माथि विवेचित आधार कारण र प्रमाणहरू समेतबाट प्रतिवादी सरोज भट्टराईले आरोपदाबी अनुसार भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(ज) को कसुर गरेको ठहर्छ।

२२. अर्का प्रतिवादी जनक नन्दनी भट्टराईको हकमा निज आरोपित सो कसुरमा संलग्न रहेको वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन नआएकोले निजले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ। साथै निज जनक नन्दनी भट्टराईको नाउँमा रहेको दाबीको कि.नं. १३७४ र १३७५ जग्गा प्रतिवादी सरोज भट्टराईले भ्रष्टाचार गरी आर्जन गरेको देखिँदा उक्त ऐनको दफा ४७ बमोजिम जफत हुने ठहर्छ।

२३. प्रतिवादी सरोज भट्टराईलाई माथि ठहर भएको कसुरमा के कति सजाय गर्न उपयुक्त हुन्छ भन्ने सम्बन्धमा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ८ र ९ को प्रयोजनार्थ मिति २०८१।०२।३१ को पेसी तोकी नियमानुसार पेस गर्नू। साथै दुबै पक्षका विद्वान् कानुन व्यवसायीहरूबाट सजायपूर्वको प्रतिवेदन पेस गर्न जानकारी गराउनु भनी आदेश भएकोमा वादी नेपाल सरकारको तर्फबाट सहायक न्यायाधिवक्ता आदित्य कुमार यादवले मिति २०८१/०२/३० गते पेस गरेको सजायपूर्वको प्रतिवेदन मिसिल सामेल रहेको देखिन्छ।

<u>सजाय निर्धारण खण्डः</u>

२४. मिति०/१८०२ २/२४ को कसुर कायम आदेशबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेस भएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय काठमाडौंका विद्वान् सहायक न्यायाधिवक्ता श्री आदित्य यादवले सजायपूर्वको प्रतिवेदनमा उल्लेख भएअनुसार प्रतिवादीलाई अधिकतम सजाय गरिपाउँ भनी गर्नु भएको बहस सुनियो।

२५. प्रतिवादी सरोज भट्टराईको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री चुडामणी पौडेलले न्यूनतम सजाय निर्धारण गर्दा

पक्षको हितमा पनि रहने र सजायको मकसद पुरा हुने भएकोले यी प्रतिवादीलाई न्यूनतम सजाय होस् भनी गर्नुभएको बहस सुनियो।

२६. प्रस्तुत मुद्दामा विद्वान् उपन्यायाधिवक्ता र प्रतिवादीका कानून व्यवसायीको बहस सुनी पेस हुन आएको सजायपूर्वको प्रतिवेदन सहित मिसिल अध्ययन गर्दा ,प्रतिवादी सरोज भट्टराईलाई आरोपदाबी बमोजिम के कति सजाय हुने हो ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२७. फौजदारी कसुर) सजाय निर्धारण तथा कार्यान्वयन (ऐन२०७४ , को प्रस्तावनामा फौजदारी कसुर गर्ने कसुरदारलाई उचित सजाय निर्धारण गर्ने तथा त्यस्तो सजाय कार्यान्वयन गर्ने उद्देश्य राखिएको देखिन्छ। सोही ऐनको दफा १३ ले कसुरदार वा अन्य व्यक्तिलाई हतोत्साहित गर्ने एवम् समाज वा समुदायलाई सुरक्षा गर्ने उद्देश्य राख्नुपर्ने निर्देश गरेको पाइन्छ भने दफा १४)क (मा कसुरको गम्भीरता र कसुरदारको दोषको मात्रा अनुसार सजाय समानुपातिक भन्दा बढी हुन नहुने भन्ने व्यवस्था रहेको देखिन्छ। दफा १५ को उपदफा) १ (को खण्ड) क (मा कसुरको गम्भीरता र कसुरदारको दोषको मात्रा एवम् खण्ड) ग (मा कसुरको गम्भीरता र बढाउने र घटाउने तत्वहरूको आधारमा सजाय गर्नुपर्ने व्यवस्था भएको पाइन्छ।

२८. यसरी सजाय निर्धारणका सन्दर्भमा विचार गर्दा, कसुर ठहर भएका **प्रतिवादी सरोज भट्टराईले** आफ्नो कामसँग सम्बन्धित ठेकेदारसँग घुस/रिसवत बापत रु.८०,००,०००/- (असी लाख रुपैँया) लिएको स्थापित भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को खण्ड (ज) को कसुर कायम भइसकेको छ। निजले यस अघि कुनै कसुरमा सजाय पाएको अवस्था देखिँदैन। स्थापित कसुरबापत सजाय हुने भए पनि कसुरको गम्भीरता बढाउने तत्वहरू वादीतर्फबाट पेस हुन सकेको देखिएन। तसर्थ यी प्रतिवादी सरोज भट्टराईलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को खण्ड (ज) बमोजिम ६ वर्ष कैद तथा उपदफा (१) बमोजिम बिगोबमोजिम जरिबाना रु.८०,००,०००/- (असी लाख रुपैँया) हुनेसमेत ठहर्छ। अरुमा तपसिलबमोजिम गर्नू।

**सदस्य** **सदस्य** **अध्यक्ष**

**फैसला तयार गर्न सहयोग पुऱ्याउनेः**
इजलास अधिकृतः प्रमिला काफ्ले
कम्प्युटर अपरेटरः भानु बस्नेत
**प्रमाणीकरण मितिः २०८१/१२/३१**
**इति संवत् २०८१ साल जेठ महिना ३१ गते रोज ५ शुभम्..............................................................।**

श्री
विशेष अदालत काठमाडौं
अध्यक्ष माननीय न्यायाधीश श्री टेक नारायण कुँवर
सदस्य माननीय न्यायाधीश श्री राम बहादुर थापा
सदस्य माननीय न्यायाधीश श्री रितेन्द्र थापा
फैसला
(इजलास नं.१)
मुद्दा नं.: ०७९-CR-००१८
दर्ता मितिः २०७९/०४/२९
फैसला मितिः २०८०/११/१५
नि.नं.: १९७

मुद्दाः सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) ।

**वादी** : सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको तर्फबाट अधिकार प्राप्त अनुसन्धान अधिकृत प्रहरी नायब उपरीक्षक ठाकुर प्रसाद पोखरेल समेतको प्रतिवेदन तथा विशेष सरकारी वकील कार्यालय काठमाडौंको निर्णयले नेपाल सरकार।

**विरुद्ध**

**प्रतिवादी** : बागमती प्रदेश जिल्ला मकवानपुर साविक खरङ्गा गा.वि.स. वडा नं. ५ हाल परिवर्तित मनहरी गाउँपालिका वडा नं. ९ बस्ने सोनम बहादुर मोक्तानको नातिनी पूर्ण सिंह मोक्तानको छोरी लालसिँह घलानको बुहारी पूर्ण सिंह घलानको श्रीमती **कल्पना घलानसमेत**।

**ठहर खण्ड**

१. विशेष अदालत नियमावली, २०८० को नियम ४३ तथा ४४ बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णायार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा प्रतिवादीहरू उपरको आरोपदाबी एवम् मिसिल संलग्न प्रमाण कागजातहरूको अध्ययन गरियो।

२. वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालयको उपन्यायाधिवक्ता श्री श्रीधर अर्यालले प्रतिवादीहरू सानुकान्छा योन्जन र माइलीमाया योन्जनको विरुद्ध लागू औषध मुद्दा विचाराधीन रहेको र प्रतिवादी सानुकान्छा योन्जनले बोकेको झोलाबाट रु ७,१७,०००।-(सात लाख सत्र हजार रुपैयाँ) र निजले चलाएको मोटरसाईकलको सिटमुनीबाट भारतीय रु.१,९८,०००।—(एक लाख अन्ठानब्बे हजार रुपैयाँ) अर्थात सोको नेपाली रुपैयाँमा सहटही हुँदा हुने रु.३,१८,२२४।-(तीन लाख अठार हजार दुईसय चौविस रुपैयाँ) बरामद भएको र सो रकम सम्बद्ध कसुर लागू औषध कारोबारबाट आर्जित रकम रहेकोले अभियोगदाबी बमोजिम सम्पत्ति शुद्धीकरण(मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को खण्ड(क) (ख) र (ग) तथा दफा २८ को उपदफा (१) बमोजिमको कसुर कायम गरी स्रोत नखुलेको रकम ऐ. ऐनको दफा २८ को उपदफा(२) तथा कसुरजन्य कार्यमा प्रयोग भएको प्रतिवादी बिर बहादुर योन्जनको नाममा रहेको मोटरसाइकल समेत ऐ. ऐनको दफा ३४ को उपदफा (१) को खण्ड (ख) बमोजिम जफत गरी प्रतिवदीहरूलाई सजाय गरी पाउँ भनी गर्नु भएको तर्कपूर्ण बहस सुनियो।

३. प्रतिवादी सानुकान्छा योन्जन र बिर बहादुर योन्जनको तर्फबाट उपस्थित विद्वान अधिवक्ता डा. श्री कुन्साङ लामाले प्रतिवादी सानुकान्छा योन्जनको झोला र निजले चलाएको मोटरसाइकलको सिटमुनीबाट बरामद भएको रकमहरू कुनै

कसुर गरेर आर्जन गरेको होइन। कसुरबाट आर्जित गरेको भन्ने कुनै पनि सवुत प्रमाणबाट पुष्टि हुँदैन। निज सानुकान्छा योन्जन स्वयम् घर निर्माणको डकर्मी काम गर्ने र अमृत कुमार साहको चारकोठे पक्की घर निर्माण गरे बापतको रकम र सो घर निर्माण गर्न निजलाई सापट दिएको रकम समेत निज अमृत कुमार साहले फिर्ता दिएको हुँदा सो रकम लिई आएको बखत बरामद भएको हो। प्रतिवादीले उक्त रकम कसुरबाट आर्जन गरेको वा स्रोत नखुलेको भन्ने अभियोग दाबी ठोस र वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुँदैन। बिर बहादुर योन्जनले जानीजानी कसुरमा प्रयोग गर्न दिएको वा स्रोत नखुलेको रकम ओसार पसार गर्न दिएको भन्ने देखिंदैन। निजको नामको मोटरसाइकल जफत हुनुपर्ने होइन। दुवै प्रतिवादी उपरको आरोपदाबी प्रमाणित हुन नसक्ने र निज प्रतिवादीहरू निर्दोष रहेकोले अभियोग दाबीबाट सफाइ दिलाई पाउँ भनी गर्नुभएको तर्कपूर्ण बहस सुनियो।

४. **अभियोग दाबी तर्फ हेर्दा,** प्रतिवादी सानुकान्छा योन्जनको साथमा रहेको झोलाबाट नेपाली रु. ७,१७,०००।- र भारतीय रु.१,९८,०००।- बरामद भएको बरामदी मुचुल्काबाट देखिएको, निज प्रतिवादीले बयान गर्दा उक्त रकम आफ्नो हो भनी स्विकार गरेको देखिएपनि सो सम्पत्तिको वैध स्रोत खुलाउन नसकेको, निज प्रतिवादी उपर मकवानपुर जिल्ला अदालत अफिम सम्बन्धी कसुरमा मुद्दा चलिरहेको र अर्का प्रतिवादी कल्पना घलानले बरामद भएको रकम मध्ये नेपाली रु.७,१७,०००।- आफ्नो हो भनी लेखाएको भए तापनि सोको स्रोत खुलाउन नसकेको समेतका आधार प्रमाणबाट यी प्रतिवादीहरूले गैरकानूनी रुपमा प्राप्त गरेको उक्त बरामदित रकम आ-आफ्नो हो भनी खुलाएको भएपनि सोको प्रमाण पेस गर्न नसकेको समेतबाट गैरकानूनी स्रोतबाट प्राप्त गरेको सम्पत्ति बोकि हिंडी राखेको अवस्थामा पक्राउ परेकोले बरामदीत सम्पत्तिको स्रोत खुलाउन नसकेको पुष्टि हुन आएकोले देहाय बमोजिमको प्रतिवादीहरूलाई देहायबमोजिम कसुर कायम गरी सजाय गरी रकम र कसुर कार्य गर्ने प्रयोग भएको मोटरसाईकल समेत जफत गरी पाउँ भन्ने आरोपदाबी रहेको देखियो।

| प्रतिवादी | कसुरदाबी | सजायको दाबी | जफत गर्नु पर्ने बिगो (रु.) |
|---|---|---|---|
| **सानुकान्छा योन्जन** | सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ (दोस्रो संशोधन, २०७०) को दफा २ को अनुसूची १ को देहाय (ङ) र (घ) सँग सम्बन्धित कसुरको साथै सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय खण्ड (क),(ख) र (ग) ले निषेधित कार्य गरी गराई ऐ. दफा (३) ले निषेधित कार्य गरी गराई ऐ.ऐनको दफा ३ को उपदफा (३) तथा दफा २८ को उपदफा (१) बमोजिम बरामदित रकमको बैध स्रोत प्रमाणित गर्न नसकेको कसुर समेत कायम गरी पाउँ। | सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) बमोजिम जनही बिगोको दोब्बर जरिवाना र कसुरको मात्रा अनुसार कैद सजाय हुन र निज प्रतिवादीहरूका साथबाट बरामद भई हाल विभागको धरौटी खातामा जम्मा रहेको नेपाली रु. ७,१७,०००।- (सात लाख सत्र हजार रुपैयाँ) समेत ऐ. ऐनको दफा २८ को उपदफा (२) र दफा ३४ को उपदफा (१) को खण्ड (ख) बमोजिम जफत गरी पाउँ। | १०,३५,२४०।- (दश लाख पैंतीस हजार दुई सय चालीस रुपैयाँ) |
| **कल्पना घलान** | ऐ.ऐ. | ऐ.ऐ. | ऐ.ऐ. |
| **बिर बहादुर योन्जन** | ऐ. ऐनको दफा ३४ को उपदफा (१) को खण्ड (ख) को कसुर गरेको | ऐ. ऐनको दफा ३४ को उपदफा (१) को खण्ड (ख) बमोजिम जफत गरी पाउँ। | मधेश प्रदेश ०३-०२३ प ३१७२ को मोटरसाईकल थान -१ |

**५. उपर्युक्त तथ्य एवम् अभियोगदाबी रहेको प्रस्तुत मुद्दामा देहायबमोजिमको प्रश्नहरूको निरुपण गरी न्यायिक निष्कर्षमा पुग्नु पर्ने देखियो।**

(क) प्रतिवादीहरूको साथबाट बरामद भएको रकम कसुरबाट आर्जित रकम हो वा होइन ?

(ख) सो रकमको स्रोत खुलेको देखिन्छ वा देखिँदैन ?

(ग) प्रतिवादीहरूलाई अभियोगदाबी बमोजिमको कसुरदार ठहर गरी सजाय गर्न मिल्छ वा मिल्दैन ?

(घ) प्रतिवादीको साथबाट बरामद भएको रकम जफत हुन सक्छ वा सक्दैन ?

६. अब न्याय निरुपणार्थ विचार गर्दा, कल्पना घलानको घरकोठामा बसी रहेका सानुकान्छा योन्जन समेतको खानतलासी गर्दा सानुकान्छा योन्जनसँग रहेको झोला भित्र नेपाली चलनचल्तीको रु. ७,१७,०००।- (सात लाख सत्र हजार रुपैयाँ) र सानुकान्छाले चलाई (प्रयोग गरी) लगी कल्पना घलानको घरमा पार्कीङ गरेको मोटरसाइकलबाट भारतीय रु.१,९८,९००।- (एक लाख अन्ठानब्बे हजार नौ सय रुपैयाँ) सहित उक्त मोटरसाइकल समेत बरामद भएको खानतलासी तथा बरामदी मुचुल्काबाट देखिन आयो।

७. सर्वप्रथम अभियोग लगाईएका प्रतिवादीहरू विरुद्ध सम्वद्ध कसुर (Predicate offence) मुद्दा चलेको छ वा छैन ? भन्ने तर्फ विवेचना गर्नुपर्ने देखियो। प्रतिवादी सानुकान्छा योन्जन र निजको श्रीमती माइली माया योन्जनको विरुद्ध मकवानपुर जिल्ला अदालतमा मुद्दा नं.०७७-CR-०३०० को लागू औषध अफिम समेतको मुद्दा चलेको देखियो। सो कसुरमा प्रतिवादी सानुकान्छा योन्जन मौकामा फरार रहेकोले निजको हकमा मुल्तबी रहने र माइली माया योन्जनको हकमा सफाइ पाउने ठहरी सो अदालतबाट मिति २०७८।१२।०८ मा फैसला भएको देखिन्छ भने मौकामा फरार रहेका प्रतिवादी सानुकान्छा योन्जन मिति २०७९।०३।१७ मा सो अदालत समक्ष उपस्थित भई उनाउ मान्छेको पछाडि बसेर श्रीमती बजारतर्फ जाँदै गर्दा पक्राउ परेको हो। मोटरसाइकल चालक आफू नभएको, सो मोटरसाइकल आफ्नो पनि नभएको तथा उक्त बारदातमा आफ्नो कुनै पनि संलग्नता छैन भनी आरोपित कसुरमा पूर्णत इन्कार रही बयान गरेको देखियो। मकवानपुर जिल्ला अदालतबाट मिति २०७९।०३।१७ मा निज प्रतिवादीलाई पुर्पक्षको निमित्त थुनामा राख्ने आदेश भएको देखिन्छ। निज विरुद्धको उक्त मुद्दा हाल विचाराधीन रहेको भन्ने मकवानपुर जिल्ला अदालतको मिति २०८०।०९।०४ को च.नं.५५८४ को पत्रबाट देखिन आयो। यस्तो अवस्थामा प्रस्तुत मुद्दा ठहर गर्न मिल्छ वा मिल्दैन? भन्ने सम्बन्धमा विवेचना गर्नु उपयुक्त हुने देखियो। सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) ऐन, २०६४ को दफा २९ मा *"प्रचलित कानूनबमोजिम सम्बद्ध कसुरमा मुद्दा नचलेको वा चलेकोमा पनि कसुर नठहरेको कारणले मात्र कुनै सम्पत्ति कसुरबाट प्राप्त सम्पत्ति भएको देखिएमा सोको सम्बन्धमा सम्पत्ति शुद्धीकरण कसुरमा मुद्दा चलाउन र सजाय गर्न बाधा पर्ने छैन"* भन्ने कानूनी ब्यवस्था रहे भएबाट प्रस्तुत मुद्दाको सुनुवाई गरी ठहरेबमोजिम गर्न यस अदालतलाई बाधाअवरोध रहेको देखिएन।

८. अनुसन्धानको क्रममा कल्पना घलानले मौकामा बयान गर्दा, बरामदी मुचुल्कामा उल्लेखित नेपाली रुपैयाँ ७,१७,०००।- (सात लाख सत्र हजार रुपैयाँ) र OPPO कम्पनीको मोबाइल आफ्नो हो। बरामद रकम मेरो मकवानपुर जिल्ला, साबिक खरङगा गा.वि.स. वडा नं. ५ हाल मनहरी गाउँपालिका वडा नं. ९ मा रहेको ११ धुर ऐलानी जग्गा बिमला माया वाईवा भन्ने बिमला लामालाई बिक्री गरेबापत प्राप्त रकम हो, मोटर साइकलको सिटमुनीबाट बरामद भएको भारतीय रुपैयाँ आफ्नो नभएकोले थाहा भएन भनी सवाल जवाफ नं.२० मा खुलाई लेखाएको देखिए तापनि प्रतिवादी कल्पना घलानले आफ्नो बयानमा खुलाएकी बिमला माया वाईवा भन्ने बिमला लामाले अनुसन्धानको क्रममा कागज गर्दा, कल्पना घलानबाट आफूले कुनै पनि ऐलानी जग्गा खरिद गरेको छैन, निज आरोपी कल्पना घलानले किन सो झुट्टो ब्यहोराको बयान कागज लेखाइन आफूलाई थाहा भएन भनी प्रतिवादी कल्पना घलानको बयान ब्यहोरा खण्डित हुने गरी लेखाई दिएको देखिन आयो। प्रतिवादी कल्पना घलानले यस अदालतसमक्ष बयान गर्दा, आफूलाई यसै मुद्दाका अर्का प्रतिवादी सानुकान्छा योन्जनले आफ्नो हो भनी भन्न सिकाएकोले आफ्नो हो भनेको मात्र हो, आफूलाई त्यस्तो

भन्दा मुद्दा लाग्छ भन्ने थाहा थिएन, आफू निर्दोष छु, आफूले त्यति धेरै रकम यस भन्दा अगाडि देखेको पनि छैन भनी सवाल जवाफ नं.१२ मा उल्लेख गरेको देखिएबाट उक्त रकम यी प्रतिवादीको होइन भन्ने तथ्य स्पष्ट हुन आएको देखिन्छ। तसर्थ निज प्रतिवादी कल्पना घलान विरुद्ध सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ दोस्रो संशोधन २०७० को दफा २ को देहाय (ङ) बमोजिमको लागू औषध तथा मनोद्विपक पदार्थको गैरकानूनी ओसार पसार तथा देहाय (घ) बमोजिमको बालयौन शोषण लगायतको यौनशोषण सम्बन्धी कुनै पनि सम्बद्ध कसुर (Predicate offence) साधिकार अदालतमा चलेको वा कसुर ठहर भएको भन्ने अभियोजन पक्षले देखाउन सकेको देखिएन। तसर्थ प्रतिवादी मध्ये सानुकान्छा योन्जनले बोकी रहेको झोलाबाट बरामद भएको उक्त रकम निज प्रतिवादी कल्पना घलानले आफ्नो हो भनी भनेको कारणले मात्र निज विरुद्ध प्रस्तुत मुद्दा दायर हुन आएको देखियो।

९. प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम प्रतिवादी उपरको आरोपदाबी प्रमाणित गर्ने भार वादीको हुने छ भन्ने कानूनी प्रावधान रहेको देखिन्छ। प्रस्तुत मुद्दामा यी प्रतिवादी कल्पना घलान उपरको अभियोग दाबी स्वतन्त्र, ठोस तथा वस्तुनिष्ठ प्रमाणबाट वादी नेपाल सरकारले प्रमाणित गर्न सकेको देखिएन। बरामदित रकम प्रतिवादी कल्पना घलानको नियन्त्रण वा स्वामित्वमा रहेका बखत बरामद भएको नदेखिएको र निज स्वयंले बरामद भएको रकम आफ्नो होइन भनी यस अदालत समक्ष बयान गरेको देखिन आएको हुँदा अभियोगदाबी बमोजिम शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ दफा ३ को उपदफा (१) खण्ड (क), (ख) र (ग) बमोजिमको कसुरबाट आर्जित वा वैधानिक स्रोत नखुलेको निजको रकम मान्न मिल्ने देखिएन। आफ्नो रकम नै होइन भनी अदालत समक्ष बयान गरेको अवस्थामा निज प्रतिवादी उपरको सोही ऐनको दफा २८ को उपदफा (१) बमोजिमको कसुरको दाबीसमेत पुग्न सक्ने समेत देखिएन।

१०. अर्का प्रतिवादी सानुकान्छा योन्जन उपर मकवानपुर जिल्ला अदालतमा लागू औषध मुद्दा विचाराधीन रहेको देखियो। निजको साथबाट बरामद भएको नेपाली रु. ७,१७,०००।- (सात लाख सत्र हजार रुपैयाँ) र निजले चलाएको मोटरसाइकलको सिटमुनीबाट बरामद भएको भारतीय रु. १,९८,९००।-(एक लाख अन्ठानब्बे हजार नौ सय रुपैयाँ) को सम्बन्धमा निज प्रतिवादी उपर सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन २०६४ को दफा ३ को उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिम निषेधित कार्य गरी दफा ३ को उपदफा (३) बमोजिम र दफा २८ को उपदफा (१) बमोजिमको कसुर गरेको भन्ने अभियोगदाबी लिएको देखियो। मकवानपुर जिल्ला अदालतमा विचाराधीन लागू औषध मुद्दाको बारदात स्थलबाट उक्त रकम बरामद भएको देखिएन। सो मुद्दामा उक्त रकमको विषयमा कुनै पनि दाबी लिएको देखिंदैन। सो मुद्दामा बरामद भएको लागू औषध बिक्री वितरण नहुँदै बरामद भएको देखिंदा सोही बरामदीत लागू औषध कै कारोबारबाट निज प्रतिवादी सानुकान्छा योन्जनले उक्त रकम आर्जित गरेको भन्ने अनुमान गर्न मिल्ने अवस्था पनि देखिएन। सो बाहेक यी प्रतिवादीले पटक/पटक लागू औषध कारोबार गरेर उक्त रकम आर्जन गरेको वा सोलाई Placement वा layering वा Integration गरेको भन्ने पनि अभियोजन पक्षले ठोस र वस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न सकेको समेत देखिएन।

११. नेपाल United Nations Convention against Illicit Traffic in Narcotic Drugs and Psychotropic Substance, 1988 को पक्ष राष्ट्र रहेको र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) कसुरको अवधारणागत विकास सोही महासन्धीबाट भएको हो। जसमा *"Conversion or transfer of property, knowing that such property is derived from any offence or offences established in accordance with subparagraph (a) of this paragraph, or from an act of participation in such offence or offences, for the propose of concealing or disguising the illicit origin of property or assisting any person who is involved in to the commission of such on offence or offences to evade the legal consequences of this action."*[1] अर्थात कसुरबाट आर्जित सम्पत्तिको वास्तविक स्रोत लुकाउने वा छिपाउने उदेश्यले त्यस्तो सम्पत्तिको रुपान्तरण वा स्वरुप परिवर्तन गर्ने कार्य वा त्यस्तो कार्यलाई सहयोग गर्ने कार्यलाई सम्पत्ति शुद्धीकरणको कसुर मानिन्छ भन्ने प्रावधान रहेको

1 Sub Article (1) (b) Article 3 of United Nations Convention against Illicit Traffic in Narcotic Drugs and Psychotropic Substance, 1988, https://www.unodc.org/pdf/convention_1988_en.pdf ,Visit Date: 27th Feb, 2024.

देखिन्छ। हाम्रो सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन,२०६४ को दफा २ को खण्ड (ज) ले पनि सोही अवधारणालाई अङ्गीकार गरेको देखिन्छ। जसमा "*सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुर वा सम्बद्ध कसुरबाट प्रत्यक्ष वा अप्रत्यक्षरुपमा प्राप्त गरेको वा हासिल गरेको जुनसुकै प्रकारको सम्पत्ति सम्झनु पर्छ र सो शब्दले त्यस्तो सम्पत्तिबाट बढे बढाएको अन्य सम्पत्ति वा आर्थिक लाभ वा कुनै पनि तरिकाले आंशिक वा पूर्णरुपमा हस्तान्तरण वा रुपान्तरण भएको सम्पत्ति वा लाभ समेतलाई जनाउनेछ भनी परिभाषित गरेको देखिन्छ।*"[२] भनी परिभाषित गरेको देखिन्छ। उक्त परिभाषा अनुसार पनि सम्बद्ध कसुरबाट आर्जित वा प्राप्त भएको कुनै पनि सम्पत्ति वा सो कसुरबाट आर्जित भएको स्रोत लुकाउन वा छल्न गरिने रुपान्तरण वा हस्तान्तरणलाई सम्पत्ति शुद्धीकरणको कसुर मान्नुपर्ने भन्ने बुझ्नुपर्ने हुन्छ।

१२. भारतको सर्वोच्च अदालतबाट Bijaya Madanlal *Vs.* Union of India भएको मुद्दामा "*Be it noted that the authority of the authorized officer under the 2002 Act to prosecute any person for offence of money laundering gets triggered only if there exist proceeds of crime within the meaning of section 2(1)(u) of the 2002 Act and further it is involved in any process of activity. Not even in a case of existence of undisclosed income and irrespective of its volume, the definition of "proceeds of crime" under the section 2 (1) (u) will get attracted, unless the property has been derived or obtained as a result of criminal activity relating to a scheduled offence.*"[3] अर्थात सम्पत्ति शुद्धीकरणको कसुर हुनको लागि त्यस्तो सम्पत्ति कसुरबाट प्राप्त गरेको (Proceeds of crime) देखिनु पर्छ, सूचिकृत कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने पुष्टि नभएसम्म स्रोत नखुलेको जे जित ठूलो रकम बरामद भए पनि कसुरबाट प्राप्त सम्पत्ति (Proceeds of crime) को परिभाषाभित्र पर्दैन भनी ब्याख्या विवेचन भएको देखिन्छ। सोही मुद्दामा भारतीय सर्वोच्च अदालतले for the requirement is that not only does a predicate crime need to be committed, it in turn need to generate proceeds of crime and it must also then be projected as untainted property to qualify for the crime of money-laundering भनी थप विवेचनासमेत गरेको देखिन्छ। कसुरबाट प्राप्त सम्पत्ति (Proceeds of Crime) र सम्बद्ध कसुर (Predicate offence) बिचमा परस्पर अनोन्याश्रित सम्बन्ध रहेको देखिनुपर्छ। सम्बद्ध कसुरको विद्यमानता भएर मात्र पर्याप्त हुँदैन त्यस्तो कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने पनि पुष्टि हुनु जरुरी हुन्छ।

१३. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को खण्ड (क) (ख) र (ग) को कसुर स्थापित हुनको निमित्त पहिलो, कसुरजन्य कार्यबाट प्राप्त सम्पत्ति (Proceeds of Crime) हुनु पर्ने हुन्छ, दोस्रो त्यस्तो सम्पत्ति सम्बद्ध कसुर (Predicate offence) बाट आर्जित भएको देखिनुपर्छ, तेस्रो कसुरबाट प्राप्त सम्पत्तिको स्रोत नै गैरकानूनी हुने हुँदा त्यस्तो स्रोत लुकाई सम्पत्तिको रुपान्तरण प्रक्रिया गरेको हुनुपर्छ र चौथो कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा जानकारी हुँदाहुँदै सम्पत्तिको गैरकानूनी स्रोत लुकाउने वा बैध देखाउन रुपान्तरणको प्रक्रिया अबलम्बन गरेको हुनु पर्छ। सम्पत्ति शुद्धीकरण आफैमा मुल कसुर होइन तथापि मूल कसुरको सह उत्पादन (By-Product) को कसुर हो। मूल कसुरलाई लुकाई छिपाई त्यसबाट आर्जित सम्पत्तिलाई लुकाउन शुद्धीकरण गरिएको गरिएको कसुर यस ऐन अन्तर्गत पर्दछ। यो एक प्रकारको बहुआयामिक वित्तीय अपराध(Multi-dimensional financial offence) हो। अतयव, यी प्रतिवादी सानुकान्छा योन्जनको साथबाट बरामद भएको अभियोग दाबीको रकम सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को खण्ड (क), (ख) र (ग) मा विपरित कार्य गरी दफा ३ को उपदफा (३) बमोजिमको कसुर गरेको भन्ने ठोस र बस्तुनिष्ठ प्रमाणबाट देखिन नआएकोले सो तर्कको अभियोग दाबी पुग्न सक्ने देखिएन।

१४. कुनै अभियुक्तसँग कसुरबाट प्राप्त सम्पत्ति (Proceeds of Crime) हुनु र स्रोत नखुलेको सम्पत्ति (Undisclosed property) हुनु फरक विषय हो। कसुरबाट प्राप्त सम्पत्ति (Proceeds of Crime) नदेखिए तापनि यस्ता स्रोत नखुलेको सम्पत्ति (Undisclosed property) लाई उन्मुक्ति दिन मिल्छ वा मिल्दैन ? भन्ने सन्दर्भमा पनि थप विवेचना गर्नु उपयुक्त

---

2 सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (ज)

3 Vijay Madanlal Vs. Union of India (July 2022), https://indiankanoon.org/doc/14485072/, Visit date:27th Feb, 2024.

देखिन्छ। प्रतिवादीहरू उपर सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २८ को समेत अभियोग माग दाबी रहेको समेत देखिन्छ। सो दफाको संरचना पछाडीको विधायिकी मनसाय तर्फ विवेचना गर्नु उपयुक्त हुने देखिन्छ। "*सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसुरमा मुद्दा चलाइएको ब्यक्तिको आयस्रोत वा अर्थिक अवस्थाको तुलनामा निजको सम्पत्ति अस्वाभाविक देखिन आएमा वा निजले अश्वाभाविक उच्च जीवनस्तर यापन गरेमा वा आफ्नो हैसियतभन्दा बढी कसैलाई दान, दातब्य, उपहार, सापटी, चन्दा वा बकस दिएको प्रमाणित भएमा निजले त्यस्तो सम्पत्ति के कस्तो स्रोतबाट आर्जन गरेको हो भन्ने कुरा प्रमाणित गर्नु पर्नेछ*"[४] भन्ने कानूनी ब्यवस्था रहेको र सो दफाको उपदफा (२) मा "*उपदफा (१) बमोजिम सम्पत्तिको स्रोत प्रमाणित गर्न नसकेको जति त्यस्तो सम्पत्ति जफत हुनेछ*" भन्ने कानूनी प्रावधान रहेको देखिन्छ। यस प्रकार कसैसँग आयस्रोत वा आर्थिक अवस्थाको तुलनामा कुनै ब्यक्तिको सम्पत्ति अस्वाभाविक देखिएमा निजले सो सम्पत्तिको स्रोत देखाउन नसकेको खण्डमा उक्त दफा २८ बमोजिमको सम्पत्ति शुद्धीकरणको कसुर हुने भन्ने विधायिकी मनसाय (Intention of legislature) देखिन्छ। दफा २८ स्वयंले अस्वाभाविक सम्पत्ति देखियो भने त्यसको स्रोत बैध वा जायज थियो भनी प्रमाणित गर्नु पर्ने प्रमाणको भार (Burden of proof) प्रतिवादी उपरनै राखेको देखिन्छ। सोको अतिरिक्त प्रतिवादीले आफूले सजायमा कम वा छुट हुने वा उन्मुक्ति पाउने वा कुनै खास कुराको जिकिर लिन्छ भने सो जिकिर प्रमाणित गर्ने भार (Burden of proof) प्रमाण ऐन, २०३१ को दफा २७ र २८ बमोजिम निजै प्रतिवादी वा खास कुरा विश्वास दिलान चाहने पक्ष उपर नै हुने हुन्छ। तसर्थ कसुरबाट आर्जित सम्पत्ति हो भन्ने प्रमाणित गर्ने प्रमाणको भार(Burden of proof) अभियोजन पक्ष उपर हुन्छ भने स्रोत नखुलेको सम्पत्ति (Undisclosed property) को बैध स्रोत खुलाउने भार (Burden of proof) प्रतिवादी उपर हुन्छ। यस्तो अवस्थामा प्रतिवादीले बैध स्रोत देखाउन नसकेको अवस्थामा समेत दफा २८को उपदफा (१) बमोजिम आर्जनको स्रोत प्रमाणित गर्न नसकेको कसुरको रुपमा मान्नुपर्ने हुन्छ।

१५. यसै सन्दर्भमा माधवकुमार भगत विरुद्ध क्षेत्रबहादुर भण्डारीसमेतको प्रतिवेदनले नेपाल सरकार भएको सम्पत्ति शुद्धीकरण मुद्दामा "*सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को दफा २८ को कानूनी व्यवस्थाअनुसार आफूसँग रहेको अस्वाभाविक सम्पत्तिको स्रोत उक्त सम्पत्ति बाहकले देखाउन सक्नु पर्दछ। केवल प्रतिवादीहरूको साथबाट बरामद भएको रकम मेरो हो भनी तेस्रो व्यक्तिले भन्दैमा सम्पत्तिको कानूनी स्रोत खुलेको अर्थात्‌वैध सम्पत्ति हो भनी प्रमाणित भएको मान्न सकिने अवस्था हुँदैन। त्यस्तो सम्पत्ति वैध हुनका लागि आर्जन वा प्राप्त गरेको कानूनी स्रोत स्पष्ट रूपमा खुलाउन सक्नुपर्ने। सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को उद्देश्य अपराधजन्य कार्यबाट प्राप्त सम्पत्ति शुद्धीकरण गर्ने कार्यलाई निवारण गर्ने रहेको भन्ने यसको प्रस्तावनामा उल्लेख छ। अपहरण, भ्रष्टाचार, आतङ्कवाद तथा राजश्वको छली आदि गैरकानूनी कार्यबाट आर्जित सम्पत्ति भूमिगतरूपमा पुनः त्यस्तै गैरकानूनी कार्यमा लगानी हुने र शुद्धीकरण गर्ने चक्रहरू चली रहने हुँदा पुनः त्यस्तो गैरकानूनी कार्यबाट आर्जित सम्पत्ति आपराधिक कार्यमा प्रयोग नहोस्, आपराधिक कार्य रोकियोस् भनी निवारणात्मक व्यवस्था (Preventive Measures) को प्रयोजनार्थ सम्पत्ति शुद्धीकरण ऐन आएको हो । सम्पत्ति शुद्धीकरण आफैंमा सम्बद्ध कसुर (Predicate Offence) होइन अपितु मूल कसुरको सह-उत्पादन (By-Product) को रूपमा सह अपराध (Secondary Offence) हो। मूल कसुरलाई लुकाई छिपाई त्यसबाट आर्जित सम्पत्तिलाई लुकाउन शुद्धीकरण गरिएको कसुर यस ऐनअन्तर्गत पर्दछ । यो एउटा बहुआयामिक वित्तीय अपराध (Multi-Dimensional Financial Crime) पनि हो। मूल अपराध लुकिने हुनाले शुद्धीकरणको अपराध भएपछि उसले मूल अपराध गर्‍यो वा गरेन र उसको अपराध गर्ने मनसाय थियो वा थिएन भनी विचार गरिँदैन । त्यसैले उक्त ऐनको दफा २८ ले कसैसँग आयस्रोत वा आर्थिक अवस्थाको तुलनामा उसको सम्पत्ति अस्वाभाविक देखिएमा र उसले आर्जन गरेको स्रोत देखाउन नसके सम्पत्ति शुद्धीकरणको अपराध हुने व्यवस्था गरेको हो। अस्वाभाविक सम्पत्ति देखियो भने त्यसको स्रोत जायज थियो भनी प्रमाणित गर्नुपर्ने प्रमाणको भार प्रतिवादीमा राखिएको छ। प्रतिवादीले स्रोत देखाउन सकेन भने उसले सम्पत्ति शुद्धीकरणको अपराध गरेको हो भनी मान्नु पर्ने हुन्छ। त्यस्तो आयस्रोत लुकेको*

4 ने.का.प. २०७३ अंक ११ नि.नं.९७०८

*सम्पत्ति बरामद हुनु नै कसुरको लागि पर्याप्त हुने।"*[5] भनी श्री सर्वोच्च अदालतको पूर्ण इजलासबाट विषद् व्याख्या विवेचना भई मान्य सिद्धान्त प्रतिपादन भएको देखिन्छ।

१६. त्यस्तै गरी दावाटासी लामा विरुद्ध रविराज काफ्ले समेतको प्रतिवेदनले नेपाल सरकार भएको सम्पत्ति शुद्धीकरण मुद्दामा "*सम्पत्ति शुद्धीकरण मनी लाउण्डरिङ्ग निवारण ऐन २०६४ को दफा २८ मा कुनै व्यक्तिमा भएको सम्पत्ति के कस्तो स्रोतबाट प्राप्त गरेको हो ? सो सम्पत्तिको स्रोत खुलाउने भार निज व्यक्तिमा नै रहेको देखिन्छ तर प्रतिवादीले उक्त बरामद भएको सम्पत्तिको वैधानिक स्रोत खुलाउन सकेको देखिएन। तसर्थ अन्यथा प्रमाणित नभएसम्म उक्त रकमको विषयमा जवाफदेहिता निज प्रतिवादीमा नै रहने। कसैसँग आयस्रोत वा आर्थिक अवस्थाको तुलनामा उसको सम्पत्ति अश्वाभाविक देखिएमा वा उसले आर्जन गरेको वैधानिक स्रोत देखाउन नसके सम्पत्ति शुद्धीकरणको अपराध हुने व्यवस्था गरेको देखिन्छ। कसैसँग अश्वाभाविक सम्पत्ति देखियो भने त्यसको वैधानिक स्रोत वा जायज आर्जन थियो भनी प्रमाणित गर्ने प्रमाणको भार प्रतिवादीमा रहेको हुन्छ। प्रतिवादीले सम्पत्तिको स्रोत देखाउन सकेन भने उसले सम्पत्ति शुद्धीकरणको अपराध गरेको हो भने मान्नु पर्ने*[६] भनी श्री सर्वोच्च अदालतबाट व्याख्या विवेचन भई मान्य सिद्धान्त प्रतिपादन भएको देखिन्छ।

१७. यसै परिप्रेक्षमा प्रस्तुत मुद्दामा प्रतिवादी सानुकान्छा योन्जनको साथबाट बरामद भएको भनिएको रकमको वास्तविक र विश्वासनीय स्रोतको पहिचान हुन्छ वा हुदैन भन्ने तर्फ विवेचना गर्नुपर्ने देखिन आयो। उक्त रकमका सम्बन्धमा प्रतिवादी सानुकान्छा योन्जनले मौकामा र यस अदालतमा समेत बयान गर्दा, बारमद भएको रकम आफ्नो हो भनी स्वीकार गरेको देखिन्छ। निजले अनुसन्धानको क्रममा बयान गर्दा, आफू डकर्मी काम गर्ने र सो कार्यबाट आएको रकम भारतीय रुपैयाँमा सटही गरी भारतको बोर्डरमा लगी सटही गरी कमिसन लिने गरेको थिएँ। सोही क्रममा आफूसँग भएको रकम रु.११,००,०००।- (एघार लाख रुपैयाँ) बाट तराईबासी समुदाय जस्तो देखिने व्यक्तिबाट भारतीय विभिन्न दरका नोटहरू रु.१,९८,९००।-(एक लाख अन्ठानब्बे हजार नौसय रुपैयाँ) सटही गरी बाँकी रकम रु.७,१७,०००।- (सात लाख सत्र हजार रुपैयाँ) रहेको हो। तसर्थ नेपाली रु.७,१७,०००।- (सात लाख सत्र हजार रुपैयाँ) र सो सटही भएको भारतीय रु.१,९८,९००।- (एक लाख अन्ठानब्बे हजार नौ सय रुपैयाँ) समेत आफ्नो हो भन्ने जकिर लिएको र निजले यस अदालत समक्ष बयान गर्दा अमृत कुमार साहको घर निर्माणको बखत निजलाई निर्माण सामग्री खरिद गर्न बापत रकम आवश्यक भएकोले कमला घलानबाट सापटी लिई निजलाई दिएकोमा निजले भरातीय रुपैयाँ र नेपाली चलनचल्तीको नगद रकम फिर्ता दिएको हुँदा सोही रकम लिई कल्पना घलानको साँवा ब्याज तिर्न गएको बखत पक्राउ गरी बरामद भएको हो (सवाल जवाफ नं. ८) भनी उल्लेख गरेको गरेको देखियो। प्रतिवादी स्वयंको अनुसन्धानको क्रममा र यस अदालतसमक्ष बयान गर्दा लिएको जकिर स्वयंमा विरोधाभाषपूर्ण देखिन्छ।

१८. सो सम्बन्धमा कल्पना घलानले यस अदालत समक्ष बयान गर्दा घरको आम्दानीको स्रोत केही छैन घर चलाउनको लागि सानो चटपटेको पसल संचालन गरेको छु, १५ वर्ष देखि श्रीमान् सम्पर्कमा आएका छैनन् (सवाल जवाफ नं. १०) आफूलाई प्रत्येक दिन घर व्यवहार चलाउनसमेत गारो अवस्था छ, आर्थिक अवस्था अत्यन्त कमजोर छ (सवाल जवाफ नं. ११), आफूलाई सानुकान्छा योन्जनले आफ्नो हो भनी भन्न सिकाएकोले आफ्नो हो भनेको मात्र हो। केही रकम दिने भएकोले त्यसो भनेको हो। यस्तो मुद्दा लाग्छ भन्ने थाहा थिएन, वास्तवमा उक्त रकम आफ्नो होइन, आफूले त्यतिधेरै रकम यस अघि देखेको पनि छैन, आफूले सानुकान्छा योन्जनलाई बस्नको लागि बासमात्र दिएको हो (सवाल जवाफ नं.१२र२२) भनी उल्लेख गरेको देखियो। प्रतिवादी कल्पना घलानको उक्त कथनबाट नै निज प्रतिवादी सानुकान्छा योन्जनले कल्पना घलानबाट सापट लिई अमृत कुमार साहलाई दिएको रकम निजले फिर्ता दिएकोले कल्पना घलानलाई फिर्ता दिन गएको रकम हो भन्ने जिकिर तथा निज प्रतिवादीको उक्त जिकिर समर्थित

5 सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २८

6 ने. का. प. २०७२ अंक ११ नि. नं. ९४९९

हुने गरी निज प्रतिवादीको साक्षी रमेश मोक्तान र यस अदालतबाट बुझिएका अमृत कुमार साहले गरेको बकपत्र खण्डित भएको देखिन्छ।

१९. डकर्मी काम गरेर त्यतिका रकम एकमुष्ट सङ्कलित हुन्छ भन्ने पनि देखिएन। निज प्रतिवादीबाट भारतीय रकम समेत बरामद भएको र डकर्मी कार्य गर्ने ब्यक्तिले भारतीय सिमाक्षेत्रमा लगी रकम सटही गर्ने कार्य गर्थे भनी लिएको जिकिर पनि विश्वास योग्य देखिंदैन। अन्य स्रोतबाट आर्जित गरेको भन्ने पनि कुनै पनि समकालिन कागजातहरू (Contemporary Documents) पेस गर्न सकेको पनि देखिएन। तसर्थ आफूबाट बरामद भएको दाबीको रकमको प्रतिवादी सानुकान्छा योन्जनले युक्तियुक्त वा विश्वासयोग्य वा भरपर्दो स्रोत खुलाउन सकेको देखिएन। तसर्थ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २८ को उपदफा (१) बमोजिमको कसुर ठहर भई ऐ दफाको उपदफा (२) बमोजिम निजबाट बरामद भएको रु.७,१७,०००।- (सात लाख सत्र हजार रुपैयाँ) र भारतीय रु. १,९८,९००।- (एक लाख अन्ठानब्बे हजार नौ सय रुपैयाँ) जफत हुने देखियो।

२०. प्रतिवादी बिर बहादुर योन्जनको हकमा निजको नाममा दर्ता रहेको मोटरसाइकल कसुरमा प्रयोग भएको भनी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३४ को उपदफा (१) को खण्ड (ख) बमोजिम जफत गरी पाउँ भन्ने अभियोग दाबी लिएको देखिन्छ। सो ऐनको दफा ३४ को उपदफा (१) मा *"सम्पत्ति शुद्धीकरण तथा आतंकबादी कृयाकलापमा वित्तीय लगानी सम्बन्धी कसुर प्रमाणीत भएमा कसुरसँग सम्बन्धित जो सुकैको नाम, भोग, स्वामित्व वा कुनै पनि प्रकारको स्वार्थ रहे भएको देहायको सम्पत्ति वा साधन जफत हुनेछ"* भन्ने र सोको खण्ड (ख) मा *"सम्पत्ति शुद्धीकरण कसुर गर्न प्रयोग गरिएको वा प्रयोग गर्न खोजिएको कसुरसँग सम्बन्धित साधन"* उपरको दाबी छ प्रतिवादी सानुकान्छा योन्जनले प्रयोग गरिरहेको बरामदित मधेश प्रदेश ०३-०२३ प २१३७ नं. को मोटरसाइकल ६ महिना अगाडि वीरगन्जबाट खरिद गरी आफूले नै चलाई आएको थिए। मिति २०७९।०३।११ गते मेरो सहोदर काइलो काका सानुकान्छा योन्जनले मेरो घरमा आई एक हप्ताको लागी माग्नु भएकोले आफूले दिँदा लगी गएका थिए। मिति २०७९।०३।१५ गते मकवानपुर मनहरी गाउँपालिका वडा नं. ९ खरङगा स्थित उक्त मोटरसाइकलमा स्रोत नखुलेको रुपैयाँ सहित फेला परी बरामद गरी लगेको भन्ने थाहा पाएको हुँ भनी मोटरसाइकल धनी बिर बहादुर योन्जनले खुलाई लेखाई दिएको देखिन्छ। प्रतिवादी सानुकान्छा योन्जन निज प्रतावादी विर बहादुर योन्जनको काका नाता पर्ने देखिएको र नजिकको आफन्तले चलाउन मागे अवस्थामा मोटर साइकल चलाउन दिनु अश्वाभाविक देखिंदैन। निज सानुकान्छा योन्जनले यो यस प्रयोजनको लागि उक्त मोटर साइकल प्रयोग गर्ने भनी बिर बहादुर योन्जनलाई जानकारी दिई लगेको पनि देखिएन। प्रतिवादी सानुकान्छा योन्जन उपरको सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ दफा को ३ को उपदफा १ को खण्ड (क), (ख) र (ग) मा वर्णित निषेधित कार्य गरी ऐ. ऐनको दफा ३ को उपदफा (३) को कसुर ठहर भएको अवस्था पनि छैन। ऐ. ऐनको दफा २८ को कसुर ठहर भएको अवस्थामा प्रयोग भएको साधन जफत हुने भन्ने दफा ३४ को उपदफा (१) विधायिकी मनसाय पनि देखिदैन। तसर्थ प्रतिवादी सानुकान्छा योन्जन उपर ऐ.ऐनको दफा ३ को उपदफा (१) को खण्ड (क), (ख) र (ग) ले निषेधित कार्य गरी दफा ३ को उपदफा (३) को कसुर स्थापित नभएको तथा यी प्रतिवादीले जानीजानी सो कार्यको लागि आफ्नो नामको मोटरसाइकल दिएको भन्ने नदेखिंदा अभियोगदाबी बमोजिम बिर बहादुर योन्जनको मोटरसाइकल जफत गर्न मिल्ने देखिएन।

२१. अतः माथि विवेचित आधार र कारणबाट प्रतिवादी सानुकान्छा योन्जनले बोकेको झोलाबाट रु.७,१७,०००।- (सात लाख सत्र हजार रुपैयाँ) बरामद भएको र निजले प्रयोग गरेको मधेश प्रदेश ०३-२३ प ३१७२ नं. को मोटरसाइकलको सीट मुनी लुकाई छिपाई राखेको अवस्थामा भारतीय रुपैयाँ रु.१,९८,९००।- (एक लाख अन्ठानब्बे हजार नौ सय रुपैयाँ) बरामद भएको भन्ने बरामदी मुचुल्काबाट देखिएको, सो रकम ढलान कार्यबापत ल्याएको हो भन्ने जिकिर लिएता पनि सोको वस्तुनिष्ठ प्रमाण निज प्रतिवादी सानुकान्छा योन्जनले पेस गर्न सकेको मिसिल संलग्न

प्रमाण कागजातबाट देखिन नआएको, आफूबाट बरामद भएको रकमको वैधानिक स्रोतको जाँच प्रमाणित गर्ने भार (Burden of proof) प्रतिवादीले बहन गर्न सकेको नदेखिंदा आरोपदाबी बमोजिम निजबाट बरामद भएको सम्पूर्ण रकम सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २८ को उपदफा (२) बमोजिम जफत हुने ठहर्छ। सो बाहेक निज प्रतिवादी सानुकान्छा योन्जन उपरको अन्य आरोप दाबी पुग्न सक्ने देखिएन। प्रतिवादी कल्पना घलानको हकमा आरोपदाबी बमोजिमको कसुर गरेको नदेखिंदा निजले आरोप दाबीबाट सफाइ पाउने र अर्को प्रतिवादी विरबहादुर योन्जनको हकमा जानीजानी कसुरजन्य कार्यमा आफ्नो मोटर साइकल प्रतिवादी सानुकान्छा योन्जनलाई प्रयोग गर्न दिएको भन्ने पुष्टि हुन नआएकोले निज उपरको आरोपदाबी समेत पुग्न सक्ने नदेखिंदा निजको मधेश प्रदेश ०३-२३ प ३१७२ मोटरसाइकल जफत नहुने ठहर्छ। अरुमा तपसिलबमोजिम गर्नू।

**सदस्य** **सदस्य** **अध्यक्ष**

**फैसला तयार सहयोग गर्ने**

इजलास अधिकृतः रोशनकुमार झा

कम्प्युटर ओपरेटरः कल्पना पराजुली

इति संवत् २०८० साल फागुन महिना १५ गते रोज ३ शुभम्...............................................................।

श्री

विशेष अदालत, काठमाडौं

इजलास

अध्यक्ष माननीय श्री टेकनारायण कुँवर

सदस्य माननीय श्री तेज नारायण सिंह राई

सदस्य माननीय श्री मुरारीबाबु श्रेष्ठ

फैसला

(इजलास नं.१)

मुद्दा नं.: ०७९-CR-००२२

दर्ता मितिः २०७९/०५/१६

कसुर ठहर मितिः २०८०/१०/०७

कसुर ठहर निर्णय नं.: १२६

सजाय निर्धारण मितिः २०८०।१०।२१

सजाय निर्धारण निर्णय.नं.: १५

मुद्दाः सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग)।

**वादी** : सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको तर्फबाट अधिकार प्राप्त अनुसन्धान अधिकृत प्रहरी निरीक्षक रेशमप्रसाद आचार्यको प्रतिवेदन तथा विशेष सरकारी वकील कार्यालय काठमाडौंको निर्णयले नेपाल सरकार।

विरुद्ध

**प्रतिवादी** : अंगजित तामाङको नाति चन्द्र वहादुर तामाङको छोरा, प्रदेश नं.१, जिल्ला ओखलढुङ्गा साविक वाक्सा-८ घर भई हाल वाग्मती प्रदेश काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १४, कलङ्की बस्ने (ना.प्र. नं.२४५६/१४१०/ओखलढुङ्गा र प्रथम प्रतिलिपि ना.प्र.नं.२७-२४५६/१४१०/२०२६९/ काठमाडौं, राहदानी नं. ०६०४८३४९ र १०८५३४११) वर्ष ५१ को दोस्रो संविधान सभा सदस्य **इच्छाराज तामाङसमेत।**

- **सम्पत्ति शुद्धीकरण भनेको कुनै व्यक्ति, संस्था, वा सँगठनले गैरकानूनी रूपमा प्राप्त गरिएको सम्पत्ति वा धनलाई वैध बनाउने प्रक्रिया हो। यसमा निम्नलिखित प्रमुख तत्वहरू समावेश रहेको हुन्छः**
  - **क) स्रोत छिपाउने प्रक्रियाः गैरकानूनी स्रोतहरूबाट आएको धनलाई वैध स्रोतहरूसँग मिलाउने प्रयास गरिन्छ।**
  - **ख) रूपान्तरणः प्राप्त गरिएका धन र सम्पत्तिहरूलाई विभिन्न वित्तीय च्यानलहरूमा सारेर यसको वास्तविक स्रोतलाई छिपाउने प्रयास गरिन्छ। यसमा बैंक खाता परिवर्तन, सम्पत्ति खरिद र अन्य लगानी समावेश हुन सक्छ।**
  - **ग) वैधताः अन्तिम चरणमा, शुद्धीकरण गरिएका सम्पत्तिहरूलाई वैधता प्रदान गरी कानूनी रूपमा स्वीकृत गरिन्छ, जसले तिनलाई कानूनी संरक्षण प्रदान गर्छ।**

**प्रकरण नं. १०)**

- **सम्पत्ति शुद्धीकरणको प्रक्रियालाई थप स्पष्ट गर्नका लागि यसका चरणहरू र प्रक्रिया बुझ्नु महत्त्वपूर्ण हुन्छ। यस कसुरका तीनवटा महत्वपूर्ण चरण रहेका छन् :**
  - **क) स्थानान्तरण (Placement): यस चरणमा, गैरकानूनी स्रोतबाट आएको धनलाई पहिलो पटक वित्तीय प्रणालीमा राखिन्छ। उदाहरणका लागि, नगदलाई बैंक खाता खोलेर जम्मा गर्ने, वा विभिन्न सट्टापट्टामा लगानी गर्ने प्रक्रिया समावेश गरिएको हुन्छ।**

ख) रूपान्तरण (Layering): यस चरणमा, सम्पत्तिहरूको ट्रेस हटाउन विभिन्न वित्तीय लेनदेनको प्रयोग गरिन्छ। यहाँ विभिन्न खाताहरू, कम्पनीहरू, वा वित्तीय साधनहरू मार्फत धनलाई तहगत रुपमा सार्ने काम गरिन्छ। यसले सम्पत्तिको वास्तविक स्रोतलाई छिपाउन मद्दत गर्दछ।

ग) एकीकरण (Integration): अन्तिम चरणमा, शुद्ध गरिएको धनलाई वैध कार्यमा लगानी गरिन्छ, जसले गर्दा यो धन कानूनी रूपमा मान्य र स्वीकार्य देखिन्छ। यसले अपराधीलाई धनको स्रोतलाई वैध बनाएको आभास दिन्छ।

प्रकरण नं. ११)

- सम्पत्ति शुद्धीकरण प्रक्रिया सजिलो कार्य होइन। यसका केही जोखिम र चुनौतीहरू पनि रहेका छन् जुन यस प्रकार छन्:

क) कानूनी खतरा: सम्पत्ति शुद्धीकरणको प्रक्रिया कानूनी दृष्टिले गम्भीर अपराध हो र यसका लागि कडा सजाय हुनसक्छ।

ख) आर्थिक प्रवर्तन: धेरै देशहरूले वित्तीय संस्थाहरूमा निगरानी र अनुपालनका नियमहरू लागू गरेका छन्, जसले शुद्धीकरणको प्रयासलाई चुनौती दिन्छ।

ग) प्रविधि र डिजिटल प्रणाली: प्रविधिको विकासले शुद्धीकरणको प्रक्रिया सजिलो बनाउन सक्छ, तर त्यसैसँगै यो प्रक्रियामा संलग्न व्यक्तिहरूलाई पहिचान गर्नका लागि थप साधनहरू पनि उपलब्ध गराउँछ।

(प्रकरण नं. १२)

- राष्ट्रहरूले यो अपराध रोकथामका उपायहरू गरेका हुन्छन् तापनि प्रविधि र आपराधिक बुद्धिमत्ताको संयोजनबाट यस्ता घटनाहरू घटिरहेकै हुन्छन्। यो अपराध रोकथामका उपायहरू निम्नानुसार अबलम्वन गर्ने प्रयासहरू भएको पाइन्छः

क) कानूनी ढाँचा: सरकारहरूले सम्पत्ति शुद्धीकरण रोक्नका लागि कडा नियम र कानून बनाएका छन्।

ख) निगरानी प्रणाली: उनीहरूले वित्तीय संस्थाहरूले ग्राहकको परिचय र लेनदेनको स्रोतको बारेमा जानकारी संकलन गर्ने प्रक्रिया अपनाएका छन्।

ग) सहयोग र अन्तर्राष्ट्रिय सन्धि: विभिन्न राष्ट्रहरूले आपसी सहयोग र जानकारीको आदानप्रदान गर्ने सहमति गरेर शुद्धीकरणको प्रयासलाई रोक्नका लागि मिलेर काम गर्दैछन्। सम्पत्ति शुद्धीकरणको यो अपराध विश्वभरका सरकार र वित्तीय संस्थाहरूको लागि एउटा ठूलो चुनौतीको रूपमा देखिन्छ।

(प्रकण नं. १३)

- सम्पत्ति शुद्धीकरणको प्रक्रिया शुरु हुनुपूर्व नै कसैले कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने जानी जानी वा विश्वास गर्नुपर्ने मनासिब आधार हुँदाहुँदै त्यस्तो सम्पत्तिको प्राप्ति (Acquisition), प्रयोग (Use) र धारण (Possession) गर्ने कार्य गरेमा पनि सम्पत्ति शुद्धीकरणको कसुर गरेको मानिन्छ।

प्रकरण नं .१४)

- सम्पत्तिको परिमाण अधिक हुनु नै सम्पत्ति शुद्धीकरणको कसुर होइन। कसुर हुनका लागि अपराधजन्य कार्यबाट प्राप्त सम्पत्ति नै हुनु पर्दछ। यसमा यस प्रकारको कसुरका आवश्यक तत्व अन्तर्गत विभिन्न चरणहरूको प्रयोग गरी बैंकिङ प्रणालीमा ल्याउने, त्यसलाई अन्यत्र लगानी गर्ने र त्यस्तो कार्यबाट लाभ लिने लगायतका कार्यहरू गरेको देखिनु पर्दछ। कसुरबाट आर्जित सम्पत्तिको प्राप्ति, धारण, प्रयोग, लुकाउने र स्थानान्तरण गर्ने कार्यहरू यो कसुरभित्र पर्दछन् तर त्यस्तो सम्पत्तिको स्रोत आपराधिक नै

थियो भनी कानूनले तोकेको अवस्थाको विद्यमानता अभियोजकले पुष्टि गर्नुपर्ने हुन्छ।

(प्रकरण नं.२२)

- यदि कसैको जन्म दिने बाबुआमा कुनै कसुरका कसुरदार रहेछन् भने पनि निजहरूबाट जन्मको नाताले छोराछोरी पनि कसुरदार नै हुन्छन् भन्ने मान्यता राख्नु न्यायिक सद्विवेक र स्वच्छ न्यायको सिद्धान्त विपरित हुन जान्छ। लोकतान्त्रिक पद्धतिभित्र स्थापित न्यायिक निकायबाट त्यस्तो अपेक्षा गर्नु सर्वथा अनुचित मात्र होइन अन्यायलाई प्रोत्साहन गर्नु हो। कसुरका कसुरदार रहेका भन्दैमा जन्मको आधारमा छोराछोरीलाई पनि कसुरदार मान्न सकिँदैन। कानूनी र नैतिक दृष्टिले हरेक व्यक्तिको व्यक्तित्व र आचरण आफ्नै अनुभव र विकल्पहरूको परिणाम हो। जन्मबाट प्राप्त गरिएका गुण र लक्षणहरू सँगै व्यक्तिले आफ्नो जीवनमा के निर्णय गर्छ, के प्रकारका गतिविधिमा संलग्न हुन्छ, र कसरी समाजसँग अन्तरक्रिया गर्छ, यी सबै कुराले व्यक्तिको नैतिकता र कानूनी जिम्मेवारीलाई निर्धारण गर्छ। त्यसैले, बाबुआमा कसुरदार भए पनि तिनका छोराछोरीलाई सोही तरिकामा नाप्न सकिँदैन। हरेक व्यक्तिलाई आफ्नो कार्यहरूको आधारमा मूल्याङ्कन गरिनु पर्छ।

(प्रकरण नं. ३८)

<u>ठहर खण्ड</u>

(क) <u>कसुर ठहर खण्ड</u>

१. विशेष अदालत नियमावली, २०८० नियम ४३ र ४४ बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा प्रतिवादीहरू उपरको आरोपदाबी सहितको मिसिल अध्ययन गरियो। प्रस्तुत मुद्दामा वादी नेपाल सरकार तथा प्रतिवादीका तर्फबाट भएको बहस जिकिर निम्नअनुसार छः

२. वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री ज्ञानप्रसाद भुषाल, विद्वान् उपन्यायाधिवक्ताहरू श्री गोपाल लामिछाने र श्री श्रीधर अर्यालले प्रतिवादीहरू इच्छाराज तामाङ र केशवलाल श्रेष्ठ समेतले सर्वसाधारण निक्षेपकर्ता सदस्यहरूलाई आकर्षक व्याजको प्रलोभन देखाई सो सहकारीमा रकम निक्षेप गर्न लगाई उक्त रकम सहकारी संस्थाको कोषबाट आफूले लिनेखानेसमेतका दुषित मनसायले आफू सम्बद्ध कम्पनीहरूका नाममा बिना मापदण्ड एवम् कुनै सुरक्षण धितो समेत नराखी कर्जा भनी प्रवाह गरी निक्षेपकर्ताहरूलाई ठगी गरेको देखिन्छ। उक्त रकम कसुरबाट प्राप्त सम्पत्तिबाट विभिन्न स्थानमा घरजग्गा खरिद गर्ने, आफै संचालक रहेको एक कम्पनीबाट आफ्नै अर्को कम्पनीलाई सो जग्गा बिक्री गर्ने लगायतका कार्यहरू गैरकानूनी स्रोत लुकाउने, छल्ने, सोको प्रकृति, स्थान, निःसर्ग, कारोबार अधिकार एवम् स्वामित्व लुकाउने एवम् छल्ने समेतका मनसायले स्रोत खुल्न नसकेको सम्पत्तिको गैरकानूनी स्रोतको रुपान्तरण, परिवर्तन हस्तान्तरण लगायतकामाथि विवेचित निषेधित कार्य एवम् गतिविधि गरेको हुँदा सजाय गरी पाउँ। साथै प्रतिवादीहरू श्रृजना शाक्य तामाङ, प्रतिष्ठा तामाङ र प्रतीक्षा तामाङले स्रोत खुल्न नसकेको सम्पत्ति वा कसूरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदा-पाउँदै वा त्यस्तो सम्पत्ति प्राप्त गर्ने प्रयोग वा धारण गर्ने निःसर्ग गर्ने कारोबार गर्ने लुकाउने छल्ने बदल्ने लगायतका कार्य गर्ने सम्पत्ति लुकाउने र उपभोग गरेकोले सजाय गरी प्रतिवादीहरूले कसुरबाट प्राप्त सम्पत्ति र उक्त सम्पत्तिबाट बढबढाएको सम्पत्ति जफत गरी पाउँ भनी प्रस्तुत गर्नुभएको बहस सुनियो।

३. पीडित पक्षको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री रमेश वडाल, विद्वान् अधिवक्ता श्री सालिकराम सापकोटा र विद्वान् अधिवक्ता श्री मैयादेवी दाहालले प्रतिवादीहरू संचालक रहेको काठमाडौं जिल्लाको सोल्टीमोड, कालिमाटीमा प्रधान कार्यालय रहेको सिभील बचत तथा ऋण सहकारी (Civil saving and credit cooperative ltd.) मा २००० भन्दा बढी बचतकर्ताले ७ अर्ब भन्दा बढी रूपैंयाँ जम्मा गरेकोमा उल्लिखित रकम यी प्रतिवादीहरूले मिलेमतो गरी बिना धितो ८ अर्ब ५७ करोड ३८ लाख भन्दा रूपैंया ऋण लिई प्रतिवादीहरू पार्टनर भएका निजी कम्पनीहरू सिभिल होम्स, सिभिल अपार्टमेन्टस र सिभिल इस्टेटसका लागि निक्षेपकर्ताहरूको रकम डुबाएको हुँदा प्रतिवादीहरूलाई यस मुद्दामा आरोपदाबी बमोजिम सजाय गरी पीडितहरूको निक्षेप फिर्ता दिलाई पाउँ भनी बहस प्रस्तुत गर्नु भयो।

४. प्रतिवादी इच्छाराज तामाङ र प्रतिवादी श्रृजना शाक्य तामाङको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री डा. रजितभक्त प्रधानाङ्ग, श्री प्रेमबहादुर खड्का, श्री डा. कुङसाङ लामा, श्री सानुराज पोखेल र श्री शेरबहादुर के.सी र विद्वान् अधिवक्ता श्री अजय तामाङले बहस प्रस्तुत गर्नुभयो। इच्छाराज तामाङ मिति २०५७ बाट २०६७ साल सम्म सिभिल बचत तथा ऋण सहकारी संस्थाको अध्यक्ष हुनुहुन्थ्यो। प्रतिवादी इच्छाराज तामाङ तथा निजको परिवारको नाममा भएको सम्पत्ति प्रतिवादीको व्यक्तिगत आय, वैदेशिक रोजगारी आय, व्यापार, व्यवसायबाट प्राप्त आम्दानी, बैंकबाट लिएको कर्जा-सापटी, साहुहरूबाट लिएको ऋण, जग्गा जमिन बिक्रीबाट प्राप्त आय समेतबाट वैधानिक स्रोतबाट मिति २०४९ साल देखि खरिद गरिएका अचल सम्पत्ति र बैंक मौजदात रहेकोले उक्त सम्पत्ति जफत हुनु पर्ने होइन। सिभिल सहकारीका सबै निक्षेपकर्ताले एकैपटक रकम माग गर्न आएकोले एकै पटक धेरै रकम तिर्न नसकिएको हो। किस्ता किस्तामा प्रतिवादीले चुक्ता गर्छु भन्दा उजुरी परेकोले र निज थुनामा परेकोले रकम दिन नसकिएको हो। प्रतिवादीले सम्पत्ति शुद्धिकरणको कसुर गरेका छैनन् र निजलाई सजाय हुनुपर्ने होइन। प्रतिवादी श्रृजना शाक्य तामाङले लामो समयदेखि इन्जिनयर पदमा रही काम गरेको, माईतिबाट प्राप्त धनमाल र निजको श्रीमानको जागिर तथा घरजग्गा कारोबारबाट आर्जन गरेको सम्पत्ति हो। निज सिभिल सहकारीको साधारण सदस्य मात्र हुन् र इच्छाराज तामाङको कारोबारमा निजको संलग्नता छैन। प्रतिवादीले गैरकानूनी स्रोत लुकाउने, छल्ने, परिवर्तन गर्ने एवम् हस्तान्तरण गर्ने समेतका काम नगरेकोले निजलाई सजाय हुनुपर्ने होइन र आरोपित कसुरबाट सफाइ हुनु पर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

५. प्रतिवादी केशवलाल श्रेष्ठको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री शिवप्रसाद रिजाल र विद्वान् अधिवक्ता श्री हेमराज पोखेलले प्रतिवादी केशवलाल श्रेष्ठले मिटिङ बसेको बेला मिटिङ भत्ता पाउने गरेको थिए। सिभिल होम्सको प्रोजेक्टमा समेत मासिक नियमानुसार पाउनुपर्ने तोकिएको तलबको पनि २० प्रतिशत मात्र अर्थात् मासिक १० लाख पाउनुपर्नेमा मासिक २ लाख मात्र लिने गरेका थिए। प्रतिवादीले कुनै सम्पत्ति शुद्धीकरण गरेका छैनन्। प्रतिवादी प्राविधिक इन्जिनियर रहेकोले निजको मेहनत परिश्रम र क्षमता दक्षताले कमाएको सम्पत्ति हो। सहकारीको अध्यक्ष प्रतिवादी रहेपनि उक्त सहकारीको कार्यकारी व्यक्ति इच्छाराज तामाङ नै रहेकोले कार्यकारीको भूमिकामा कहिल्यै पनि काम गरेको छैनन्। त्यसैले निजलाई आरोपदाबी बमोजिम सजाय हुनुपर्ने होइन। आरोपित कसुरबाट सफाइ पाउनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

६. आरोपदाबीमा निम्न आधार र कारण उल्लेख गरी प्रतिवादीहरू उपर सजायको मागदाबी गरेको देखिन्छः

क) प्रतिवादीमध्येका इच्छराज तामाङसमेत संचालक तथा अध्यक्ष रहेको जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. १३, सोल्टीमोडमा रहेको सिभिल सेभिङ एण्ड क्रेडिट सहकारी संस्था लि.बाट प्रतिवादीहरू इच्छाराज तामाङ समेतले सहकारी संस्था लि. दर्ता गरेको,

ख) प्रतिवादी इच्छाराज तामाङ र केशवलाल श्रेष्ठ समेतले सर्वसाधारण जाहेरवालाहरू समेतका मानिसलाई मासिक, त्रैमासिक, वार्षिक रुपमा आकर्षक ब्याज दरमा १२%, १४%, १५% र १७% ब्याज भुक्तानी गर्ने, निक्षेप गरेबापत सुनका सिक्का उपहार दिने विश्वास र प्रलोभन देखाई निर्धारित समयमा साँवा र ब्याज नदिएको र त्यस्तो रकम सहकारी संस्थाको कोषबाट बिना प्रक्रिया आफूले लिनेखाने समेतका दूषित मनसायले आफू सम्बद्ध कम्पनीहरूका नाममा बिना मापदण्ड एवम् कुनै सुरक्षण धितोसमेत नराखी कर्जा भनी प्रवाह गरेको,

ग) निक्षेपकर्ताहरूलाई ठगी गरी कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने जानीजानी त्यस्तो कसुरबाट प्राप्त सम्पत्तिबाट विभिन्न स्थानमा घरजग्गा खरिद गर्ने, आफै संचालक रहेको एक कम्पनीबाट आफ्नै अर्को कम्पनीलाई सो जग्गा बिक्री गर्ने लगायतका कार्यहरू गैरकानूनी स्रोत लुकाउने, छल्ने, सोको प्रकृति, स्थान, निःसर्ग, कारोबार अधिकार एवम् स्वामित्व लुकाउने एवम् छल्ने कार्य गरेको,

घ) प्रतिवादीहरू उपर मुलुकी ऐन, ठगीको महलको १ नं. तथा हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को उपदफा (१) र (२) र सँगठित अपराध निवारण ऐन, २०५० को दफा ३ को उपदफा (३)

को खण्ड (क) बमोजिम कसुर गरेकोले सोही ऐनको दफा ५ बमोजिम आपराधिक समूह स्थापना गरेको भनी बिगो रु.५,६७,५५,२४,३९७।८२ को बिगो कायम गरी काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर भएको र

ङ) प्रतिवादीहरूले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (श) अनुसारको अनुसूची २(झ) मा उल्लिखित सम्बद्ध कसुर (Predicate offence) गरेको।

७. अभियोजकबाट माथि उल्लिखित आधार र कारण सहितको दाबीमा प्रतिवादीहरू विरुद्ध निम्न बमोजिमको कसुरमा निम्न अनुसारको सजाय मागदाबी गरेको देखिन्छः-

| सि.नं. | प्रतिवादी हरूको नाम | प्रतिवादीहरूले गरेको कसुर | प्रतिवादीहरू उपर माग गरिएको सजाय | प्रतिवादीहरूबाट असुल हुने बिगो |
|---|---|---|---|---|
| १. | इच्छाराज तामाङ | तत्काल प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ४ को देहाय खण्ड (ग) र (छ), दफा २८ समेत, ऐ. (पहिलो संसोधन, २०६८) को दफा ४ को देहाय खण्ड (च), दफा २८ र प्रचलित सम्पत्ति शुद्धीकरण(मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को अनुसुचीमा व्यवस्थित खण्ड (झ),(द),(भ) र दफा २८ को उपदफा (१) र (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३, ऐ.(पहिलो संसोधन २०६८) को दफा ३ र प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (क), (ख) (ग) अनुसार | तत्काल प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) को देहाय खण्ड (क), ऐ. (पहिलो संशोधन २०६८) को दफा ३० को उपदफा (२) र प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० उपदफा (१) बमोजिम,<br>तत्काल प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) को देहाय खण्ड (ख), ऐ. (पहिलो संशोधन २०६८) दफा ३० को उपदफा (४) र प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (७) बमोजिम थप सजाय,<br>तत्काल प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३४ को उपदफा (१), ऐ. ऐनको पहिलो सशोधन २०६८ को दफा ३४ को उपदफा (१) र प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३४ को उपदफा (१) र दफा २८ को उपदफा (२) बमोजिम जफत हुन र<br>बिगो बराबरको सम्पत्ति ऐ. ऐनको दफा ३४ (२) बमोजिम जफत | रु.३,३१,८५,९२,९४२.४१/- |
| २. | केशवलाल श्रेष्ठ | ऐ.ऐ | ऐ.ऐ | रू.२६,६१,४५,५३०।३३ |

| सि.नं. | प्रतिवादी हरूको नाम | प्रतिवादीहरूले गरेको कसुर | प्रतिवादीहरू उपर माग गरिएको सजाय | प्रतिवादीहरूबाट असुल हुने बिगो |
|---|---|---|---|---|
| ३. | श्रृजना शाक्य श्रेष्ठ | ऐ.ऐ | प्रचलित सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) को देहाय खण्ड (क), ऐ. (पहिलो संशोधन २०६८) को दफा ३० को उपदफा (२) र प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० उपदफा (१) बमोजिम जरिबाना र कैद, तत्काल सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३४ को उपदफा (१), ऐ. ऐनको पहिलो सशोधन २०६८ को दफा ३४ को उपदफा (१) र प्रचलित सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३४ को उपदफा (१) र दफा २८ को उपदफा (२) बमोजिम जफत हुन र ऐ. ऐनको दफा ३४ (२) बमोजिम | रू.१,३०,९३,९५,८०२।४४ |
| ४. | प्रतीक्षा तामाङ | तत्काल प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ४ को देहाय खण्ड (ग) र (छ), दफा २८ समेत, ऐ. (पहिलो संसोधन, २०६८) को दफा ४ को देहाय खण्ड (च), दफा २८ र प्रचलित सम्पत्ति शुद्धीकरण(मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को अनुसुचीमा व्यवस्थित खण्ड (झ),(द),(भ), (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३, ऐ.(पहिलो संसोधन २०६८) को दफा ३ र प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) | ऐ.ऐ | रु.६,४७,४६,२५०।५६ |

| सि.नं. | प्रतिवादी हरूको नाम | प्रतिवादीहरूले गरेको कसुर | प्रतिवादीहरू उपर माग गरिएको सजाय | प्रतिवादीहरूबाट असुल हुने बिगो |
|---|---|---|---|---|
| | | निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (ख) (ग) अनुसार | | |
| ५. | प्रतिष्ठा तामाङ | ऐ.ऐ | ऐ.ऐ | रु.१,८९,१८,६४६।५४ |
| ६. | मीना कुमारी श्रेष्ठ | जफत प्रयोजनार्थ | तत्काल सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३४ को उपदफा (१), ऐ. ऐनको पहिलो सशोधन २०६८ को दफा ३४ को उपदफा (१) र प्रचलित सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३४ को उपदफा (१) र दफा २८ को उपदफा (२) बमोजिम जफत | - |

८. उपर्युक्त तथ्य एवम् आरोपदाबी रहेको प्रस्तुत मुद्दामा देहायका प्रश्न उपर न्याय निरुपण गर्नपर्ने देखिन आयोः

क) **सम्पत्ति शुद्धीकरण कस्तो प्रकारको कसुर हो ? यो कसुर स्थापित हुने आधारहरू के के हुन् ?**

ख) **प्रतिवादीहरूले निक्षेपकर्ताहरूले जम्मा गरेको रकम विभिन्न स्थानमा घरजग्गा खरिद गर्ने, आफै संचालक रहेको एक कम्पनीबाट आफ्नै अर्को कम्पनीलाई सो जग्गा बिक्री गर्ने लगायतका कार्यहरू गैरकानूनी स्रोत लुकाउने, छल्ने, सोको प्रकृति, स्थान, निःसर्ग, कारोबार अधिकार एवम् स्वामित्व लुकाउने एवम् छल्ने कार्य गरी शुद्धीकरणको कसुर गरेको अवस्था हो वा होइन ?**

ग) **यदि सो कसुर गरेको हो भने कसुरमा कुन कुन प्रतिवादीहरूको के कस्तो संलग्नता रहेको छ ?**

घ) **कसुरमा संलग्न प्रतिवादीहरूलाई आरोप दाबी अनुसार कसुर कायम गरी सजाय गर्नुपर्ने हो होइन ?**

ङ) **यदि कसुर गरेको हो भने के कस्तो सजाय हुनु पर्ने हो ?**

९. माथि उल्लिखित प्रतिवादीहरूउपर सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३(१)(क)(ख)(ग) बमोजिम कसुर गरेको भन्ने आरोप दाबी रहेको देखिन्छ। उक्त दफा बमोजिम कुनै व्यक्तिले देहायको कुनै कार्य गर्न वा गराउन हुँदैनः

(क) **सम्पत्तिको गैरकानूनी स्रोत (इलिसिट अरिजिन) लुकाउने वा छल्ने वा कसुरमा संलग्न व्यक्तिलाई कानूनी कारबाहीबाट बचाउन सहयोग गर्ने उद्देश्यले कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदा पाउँदै वा विश्वास गर्नु पर्ने मनासिब आधार हुँदाहुँदै त्यस्तो सम्पत्ति कुनै पनि प्रकारले रूपान्तरण वा हस्तान्तरण गर्ने।**

(ख) **कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदा पाउँदै वा विश्वास गर्नुपर्ने मनासिब आधार हुँदाहुँदै त्यस्तो सम्पत्तिको सही प्रकृति, स्रोत, स्थान, निःसर्ग (डिस्पोजिसन), कारोबार (मुभमेण्ट), स्वामित्व वा सो सम्पत्ति उपरको अधिकार लुकाउने, छल्ने वा बदल्ने, वा**

(ग) **कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने जानी जानी वा विश्वास गर्नुपर्ने मनासिब आधार हुँदाहुँदै त्यस्तो सम्पत्ति प्राप्त गर्ने, प्रयोग गर्ने वा धारण गर्ने।**

१०. अब पहिलो प्रश्नको सम्बन्धमा विचार विमर्श गरौं। सम्पत्ति शुद्धीकरण भनेको कुनै व्यक्ति, संस्था, वा सँगठनले गैरकानूनी रूपमा प्राप्त गरिएको सम्पत्ति वा धनलाई वैध बनाउने प्रक्रिया हो। यसमा निम्नलिखित प्रमुख तत्वहरू समावेश रहेको हुन्छः

क) **स्रोत छिपाउने प्रक्रियाः** गैरकानूनी स्रोतहरूबाट आएको धनलाई वैध स्रोतहरूसँग मिलाउने प्रयास गरिन्छ।

ख) **रूपान्तरणः** प्राप्त गरिएका धन र सम्पत्तिहरूलाई विभिन्न वित्तीय च्यानलहरूमा सारेर यसको वास्तविक स्रोतलाई छिपाउने प्रयास गरिन्छ। यसमा बैंक खाता परिवर्तन, सम्पत्ति खरिद र अन्य लगानी समावेश हुन सक्छ।

ग) **वैधताः** अन्तिम चरणमा, शुद्धीकरण गरिएका सम्पत्तिहरूलाई वैधता प्रदान गरी कानूनी रूपमा स्वीकृत गरिन्छ, जसले तिनलाई कानूनी संरक्षण प्रदान गर्छ।

११. सम्पत्ति शुद्धीकरणको प्रक्रियालाई थप स्पष्ट गर्नका लागि यसका चरणहरू र प्रक्रिया बुझ्नु महत्त्वपूर्ण हुन्छ। यस कसुरका तीनवटा महत्वपूर्ण चरण रहेका छन् :

क) **स्थानान्तरण (Placement)**: यस चरणमा, गैरकानूनी स्रोतबाट आएको धनलाई पहिलो पटक वित्तीय प्रणालीमा राखिन्छ। उदाहरणका लागि, नगदलाई बैंक खाता खोलेर जम्मा गर्ने, वा विभिन्न सट्टापट्टामा लगानी गर्ने प्रक्रिया समावेश गरिएको हुन्छ।

ख) **रूपान्तरण (Layering)**: यस चरणमा, सम्पत्तिहरूको ट्रेस हटाउन विभिन्न वित्तीय लेनदेनको प्रयोग गरिन्छ। यहाँ विभिन्न खाताहरू, कम्पनीहरू, वा वित्तीय साधनहरू मार्फत धनलाई तहगत रुपमा सार्ने काम गरिन्छ। यसले सम्पत्तिको वास्तविक स्रोतलाई छिपाउन मद्दत गर्दछ।

ग) **एकीकरण (Integration)**: अन्तिम चरणमा, शुद्ध गरिएको धनलाई वैध कार्यमा लगानी गरिन्छ, जसले गर्दा यो धन कानूनी रूपमा मान्य र स्वीकार्य देखिन्छ। यसले अपराधीलाई धनको स्रोतलाई वैध बनाएको आभास दिन्छ।

१२. सम्पत्ति शुद्धीकरण प्रक्रिया सजिलो कार्य होइन। यसका केही जोखिम र चुनौतीहरू पनि रहेका छन् जुन यस प्रकार छन्:

क) **कानूनी खतरा**: सम्पत्ति शुद्धीकरणको प्रक्रिया कानूनी दृष्टिले गम्भीर अपराध हो र यसका लागि कडा सजाय हुनसक्छ।

ख) **आर्थिक प्रवर्तन**: धेरै देशहरूले वित्तीय संस्थाहरूमा निगरानी र अनुपालनका नियमहरू लागू गरेका छन्, जसले शुद्धीकरणको प्रयासलाई चुनौती दिन्छ।

ग) **प्रविधि र डिजिटल प्रणाली**: प्रविधिको विकासले शुद्धीकरणको प्रक्रिया सजिलो बनाउन सक्छ, तर त्यसैसँगै यो प्रक्रियामा संलग्न व्यक्तिहरूलाई पहिचान गर्नका लागि थप साधनहरू पनि उपलब्ध गराउँछ।

१३. राष्ट्रहरूले यो अपराध रोकथामका उपायहरू गरेका हुन्छन् तापनि प्रविधि र आपराधिक बुद्धिमत्ताको संयोजनबाट यस्ता घटनाहरू घटिरहेकै हुन्छन्। यो अपराध रोकथामका उपायहरू निम्नानुसार अवलम्बन गर्ने प्रयासहरू भएको पाइन्छः

क) **कानूनी ढाँचा**: सरकारहरूले सम्पत्ति शुद्धीकरण रोक्नका लागि कडा नियम र कानून बनाएका छन्।

ख) **निगरानी प्रणाली**: उनीहरूले वित्तीय संस्थाहरूले ग्राहकको परिचय र लेनदेनको स्रोतको बारेमा जानकारी संकलन गर्ने प्रक्रिया अपनाएका छन्।

ग) **सहयोग र अन्तर्राष्ट्रिय सन्धि**: विभिन्न राष्ट्रहरूले आपसी सहयोग र जानकारीको आदानप्रदान गर्ने सहमति गरेर शुद्धीकरणको प्रयासलाई रोक्नका लागि मिलेर काम गर्दैछन्। सम्पत्ति शुद्धीकरणको यो अपराध विश्वभरका सरकार र वित्तीय संस्थाहरूको लागि एउटा ठूलो चुनौतीको रूपमा देखिन्छ।

१४. यसरी अपराधबाट प्राप्त गरेको सम्पत्तिलाई जानी जानी रुपान्तरण वा हस्तान्तरण गर्ने वा उल्लिखित अपराधमा संलग्न भएको कारणबाट प्राप्त हुने सम्पत्तिलाई त्यस्तो प्राप्त गरेको सम्पत्तिको गैरकानूनी स्रोतलाई लुकाउने वा छल्ने वा त्यस्तो आपराधिक कार्य सम्पन्न गर्नका लागि सहयोग गर्ने वा ती कार्यहरूको कानूनी परिणामलाई छल्ने वा न्यूनीकरण गर्नका लागि प्राप्त सम्पत्तिलाई रुपान्तरण गर्ने कार्यलाई सम्पत्ति शुद्धीकरण मानिने अवधारणा आत्मसात गरिएको छ। Financial Action Task Force (FATF) ले सम्पत्ति शुद्धीकरणलाई अपराधजस्तो नराम्रो स्रोतबाट प्राप्त आम्दानीलाई छिपाउन गरिने प्रक्रिया हो भनी परिभाषित गरेको छ। सम्पत्ति शुद्धीकरणको औपचारिक परिभाषा गर्ने क्रममा National

Institute of Justice, USA ले एक वा बढी वैकल्पिक तरिकाबाट गैरकानूनी आर्जन र त्यसको वास्तविक स्वामित्वलाई लुकाई वैध आर्जनमा परिणत गर्ने प्रक्रिया नै सम्पत्ति शुद्धीकरण हो भनी परिभाषा गरेको छ। त्यसै गरी Frank Schmalleger ले अवैध आर्जनलाई वैध आयको रुपमा स्वरुप बदल्ने प्रक्रिया नै सम्पत्ति शुद्धीकरण हो भनी परिभाषा गरेको पाइन्छ। अतः सम्पत्ति शुद्धीकरणको प्रक्रिया शुरु हुनुपूर्व नै कसैले कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने जानी जानी वा विश्वास गर्नुपर्ने मनासिब आधार हुँदाहुँदै त्यस्तो सम्पत्तिको प्राप्ति (Acquisition), प्रयोग (Use) र धारण (Possession) गर्ने कार्य गरेमा पनि सम्पत्ति शुद्धीकरणको कसुर गरेको मानिन्छ।

१५. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३(१) (ग) मा यस्तो कार्य पनि कसुर अन्तर्गत नै राखिएको छ। पालेर्मो कन्भेन्सनको Article – 6(1) b (i) मा "The acquisition, possession or use of property, knowing, at the time of receipt, that such property is the proceeds of crime." भन्ने उल्लेख गरिएको छ। अतः कसुरबाट प्राप्त गैरकानूनी स्रोत (Illicit origin) भएको सम्पत्तिलाई बैंक तथा वित्तीय संस्थामा जम्मा गरी त्यस्तो सम्पत्तिको वास्तविक स्रोत लुकाउन, छिपाउनका लागि सम्पत्तिको स्वरुप बदल्ने, स्थानान्तरण गर्ने वा सो गर्न सहयोग, षडयन्त्र आदि गर्ने कार्य वा प्रक्रिया सम्पत्ति शुद्धीकरण हो र यस्तो कार्य स्वतः सम्पत्ति शुद्धीकरणको कसुर अन्तर्गत पर्न आउँदछ। यसरी अपराधजन्य कार्यबाट सम्पत्ति आर्जन गरी त्यस्तो सम्पत्तिको उत्पत्तिको वास्तविक स्रोत लुकाई, छिपाई, स्वरुप तथा स्वामित्व परिवर्तन वा स्थानान्तरण आदि कार्य गरी नयाँ कानूनी स्रोत श्रृजना गरी आपराधिक आय (criminal proceeds) लाई शुद्ध बनाउने प्रक्रिया नै सम्पत्ति शुद्धीकरणको हो। त्यसकारण यो आफैमा स्वतन्त्र प्रकृतिको अपराध नभई मूल कसुरको सह-उत्पादन मात्र हो भनी परिभाषा गरिएको हो।

१६. सम्पत्ति शुद्धीकरणको अपराध बहुआयामिक एवम् बहिर्देशीय प्रभावयुक्त र नयाँ प्रकृतिको आर्थिक अपराध हो भन्ने कुरामा दुई मत छैन। यसमा आपराधिक आय उत्पत्तिको वास्तविक स्रोत लुकाउने, प्रकृति बदल्ने वा कारोबार छल्ने कार्य गरेपश्चात मूल अपराध नै लुक्न गई त्यही अपराधको आडमा आर्जित सम्पत्तिलाई वैध बनाउने प्रयास गरिएको हुन्छ। यसै क्रममा UN Convention against Transnational Organized Crime, २००० को धारा ६(१) अनुसार गैरकानूनी आर्जन वा अपराधबाट कमाएको सम्पत्ति हो भनी जानी जानी उक्त गैरकानूनी स्रोत लुकाउने वा छुपाउने उद्देश्यले प्राप्त सम्पत्तिको स्रोत परिवर्तन गर्ने वा स्थानान्तरण गर्ने कार्य वा कानूनी कारवाहीलाई छल्ने उद्देश्यले अपराधमा संलग्न व्यक्तिलाई सहयोग गर्ने कामलाई सम्पत्ति शुद्धीकरणको कसुर हो भनी परिभाषा गरेको पाइन्छ।

१७. यसरी अवैध सम्पत्तिलाई वैध सम्पत्ति बनाउने प्रयास र प्रक्रियालाई कानूनको दायरामा ल्याउनु नै सम्पत्ति शुद्धीकरण निवारणको उद्देश्य हो जसले कुनै पनि अपराधजन्य कार्यबाट आर्जित धन सम्पत्ति पहिचान गर्ने, कारवाही गर्ने र त्यस्ता आर्जनलाई नियन्त्रण गर्ने लगायतका एकीकृत प्रणालीलाई बुझाउँदछ।

१८. यसलाई मुद्रा निर्मलिकरण प्रक्रिया पनि भनिन्छ। मुद्रा निर्मलिकरणमा अवैध सम्पत्तिको गैरकानूनी उत्पत्तिलाई लुकाउने कार्य गरिएको हुन्छ। मुद्रा निर्मलिकरण त्यो प्रक्रिया हो, जसमा अपराधिक क्रियाकलापबाट सृजित सम्पत्तिलाई अपराधसँगको त्यसको सम्बन्ध विच्छेद गर्ने उद्देश्य राखिन्छ। त्यसका लागि आर्जित सम्पत्तिको आकार परिवर्तन गरी लुकाउने वा गुमराहमा राख्ने काम गरिन्छ। अतः मुद्रा निर्मलिकरण त्यस्तो क्रिया वा उद्योग हो जसबाट गैरकानूनी रुपमा आर्जित सम्पत्तिको जानकारीलाई लुप्त बनाई वैध स्रोतबाट उत्पत्ति भएको भन्ने देखाईन्छ। मुद्रा निर्मलिकरणको प्रक्रियाबाट अवैध स्रोतको धनलाई वैध उद्देश्यको निम्ति अर्थतन्त्रमा प्रवेश गराईन्छ।

१९. नेपालको संविधानको धारा २५ मा सम्पत्तिको हक प्रत्याभूत गरिएको छ। जस अनुसार प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने बेचबिखन गर्ने, व्यवसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ भनी सम्पत्तिको हकलाई मौलिक हकको रुपमा संवैधानिक प्रत्याभूति दिईएको छ। यसका साथै पैतृक, स्वआर्जन र अपुताली र उत्तराधिकार जस्ता सम्पत्ति आर्जनका माध्यमलाई पनि कानूनी संरक्षण प्रदान गरेको छ।

यस परिप्रेक्ष्यमा अवैध स्रोतको पहिचान गरी वैध आर्जनलाई एकातिर छुट्याई अवैध आर्जन तर्फ हेर्दा, सम्पत्ति शुद्धीकरणको कसुर के कसरी हुन्छ भन्ने बारेमा स्पष्ट हुनु जरुरी छ।

२०. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ को कानूनी व्यवस्थाको आधारमा सम्पत्ति शुद्धीकरण कसुर पुष्टि हुन निम्न ४ तत्वहरू स्थापित हुनुपर्दछः

क) सम्पत्ति शुद्धीकरणको प्रारम्भ विन्दु कसुरबाट प्राप्त सम्पत्ति (Proceeds of crime) हो। कसुरबाट प्राप्त सम्पत्तिको गैरकानूनी स्रोत लुकाउने वा छल्ने उद्देश्यले त्यस्तो सम्पत्ति रुपान्तरण वा स्थानान्तरण वा हस्तान्तरण गरी वैध देखाउने कार्य हुने भएकोले सम्पत्ति शुद्धीकरणको कसुरमा सर्वप्रथम कसुरबाट प्राप्त सम्पत्तिको विद्यमानता पुष्टि गर्नुपर्छ।

ख) कसुरबाट प्राप्त सम्पत्ति स्थापित हुनु मात्र पर्याप्त हुँदैन, त्यस्तो सम्पत्ति सम्बद्ध कसुर (Predicate offence) बाट प्राप्त सम्पत्ति देखिनुपर्छ। **सामान्यतयाः सम्पत्ति शुद्धीकरणको कसुर स्थापित हुन सम्वद्ध कसुरको विद्यमानता देखिनुपर्छ। सम्बद्ध कसुर सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानूनमा सूचीकृत गरिएको हुन्छ।**

ग) कसुरबाट प्राप्त सम्पत्तिको गैरकानूनी स्रोत लुकाई वा छली त्यस्तो सम्पत्तिको रुपान्तरण वा हस्तान्तरण प्रक्रिया गरेको देखिनुपर्छ। अवैध सम्पत्तिलाई वैध देखाउने प्रक्रिया अनेक हुन सक्छन्। जस्तैः त्यस्तो अवैध सम्पत्तिको वैध कारोबार गर्ने, वित्तीय संस्थाहरूमा लगानी गर्ने आदि। यस्ता प्रक्रियालाई सम्पत्ति शुद्धीकरणको कसुरको *Actus reas* मानिन्छ। कसुरको उद्देश्य (motive) गैरकानूनी स्रोत लुकाउने र सम्पत्ति वैध देखाउने हो।

घ) कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदा पाउँदै वा विश्वास गर्नुपर्ने मनासिव आधार हुँदाहुँदै यस्ता प्रक्रिया अबलम्बन गरेको समेत देखिनुपर्छ। यसमा सम्पत्तिको गैरकानूनी स्रोत लुकाउने र वैध देखाउने नियतले त्यस्तो कार्य गरेको हुनुपर्छ जुन यो कसुरको मनसाय (*mens rea*) तत्वसँग सम्बन्धित छ।

२१. यसरी सामान्यता सम्पत्ति शुद्धीकरणको कसुर हुनका लागि सम्बद्ध कसुर (Predicate offence) को विद्यमानता हुनु पर्दछ भन्ने मान्यता रहेको छ तापनि हाम्रो कानूनी व्यवस्थामा सम्बद्ध कसुरको विद्यमानता नभए पनि आरोपित व्यक्तिले आर्जित सम्पत्तिको वैध स्रोत पुष्टि गर्न सक्नु पर्दछ। सो गर्न नसकेमा सम्पत्ति शुद्धीकरणको कसुर ठहर्छ। यो कुरा सम्पत्ति शुद्धीकरण ऐन २०६४ को दफा २९ को व्यवस्थाले प्रष्ट जारेको छ। जसमा भनिएको छः ***"प्रचलित कानूनबमोजिम सम्बद्ध कसुरमा मुद्दा नचलेको वा चलेकोमा पनि नठहरेको कारणले मात्र कुनै सम्पत्ति कसुरबाट प्राप्त सम्पत्ति देखिएकोमा सोको सम्बन्धमा सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा मुद्दा चलाउन र सजाय गर्न बाधा पर्ने छैन।"*** यदि त्यस्तो कसुरबाट प्राप्त सम्पत्ति (Proceeds of crime) को विद्यमानता देखिन्छ भने सम्पत्ति शुद्धीकरणको कसुर स्थापित हुन्छ। कसुरबाट प्राप्त सम्पत्तिमा प्रत्यक्ष वा अप्रत्यक्षरुपमा आवद्ध रहेका वा सहयोग गरेका व्यक्तिहरू समेत दोषी ठहर्न सक्दछन्। सम्पत्ति शुद्धीकरणको कसुर हुनका लागि सम्पत्तिको गैरकानूनी स्रोत लुकाउने र वैध सम्पत्तिमा रुपान्तरण गर्ने नियतले उक्त कार्य वा प्रक्रिया अबलम्बन गरेको देखिनुपर्छ। सम्पत्ति शुद्धीकरणको प्रक्रिया जटिल प्रकृतिको रहेकोले यसमा संलग्न व्यक्तिहरूको मनसाय तत्वको विद्यमानता विचारणीय हुन्छ।

२२. वस्तुतः सम्पत्तिको परिमाण अधिक हुनु नै सम्पत्ति शुद्धीकरणको कसुर होइन। कसुर हुनका लागि अपराधजन्य कार्यबाट प्राप्त सम्पत्ति नै हुनु पर्दछ। यसमा यस प्रकारको कसुरका आवश्यक तत्व अन्तर्गत विभिन्न चरणहरूको प्रयोग गरी बैकिङ प्रणालीमा ल्याउने, त्यसलाई अन्यत्र लगानी गर्ने र त्यस्तो कार्यबाट लाभ लिने लगायतका कार्यहरू गरेको देखिनु पर्दछ। कसुरबाट आर्जित सम्पत्तिको प्राप्ति, धारण, प्रयोग, लुकाउने र स्थानान्तरण गर्ने कार्यहरू यो कसुरभित्र पर्दछन् तर त्यस्तो सम्पत्तिको स्रोत आपराधिक नै थियो भनी कानूनले तोकेको अवस्थाको विद्यमानता अभियोजकले पुष्टि गर्नुपर्ने हुन्छ। नेपालको सन्दर्भमा देहायका कार्यहरू गरेमा सम्पत्ति शुद्धीकरण गरेको मानिने व्यवस्था रहेको छः[१]

---

१ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१)

क) सम्पत्तिको गैरकानूनी स्रोत लुकाउने वा छल्ने वा कसुरमा संलग्न व्यक्तिलाई कानूनी कारवाहीबाट बचाउन सहयोग गर्ने उद्देश्यले कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदा पाउदै वा विश्वास गर्नु पर्ने मनासिव आधार हुँदाहुँदै त्यस्तो त्यस्तो सम्पत्ति कुनै पनि प्रकारले रुपान्तरण वा हस्तान्तरण गर्ने।

ख) कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदा पाउँदै वा विश्वास गर्नु पर्ने मनासिव आधार हुँदाहुँदै त्यस्तो सम्पत्तिको सही प्रकृति, स्रोत, स्थान, निसर्ग, कारोबार स्वामित्व वा सो सम्पत्ति उपरको अधिकार लुकाउने, छल्ने वा बदल्ने वा

ग) कसुरबाट प्राप्त सम्पत्ति भन्ने जानी जानी वा विश्वास गर्नु पर्ने मनासिव आधार हुँदाहुँदै त्यस्तो सम्पत्ति प्राप्त गर्ने, प्रयोग गर्ने वा धारण गर्ने ।

२३. प्रस्तुत मुद्दाको रोहमा यस्तो प्रकृतिका कसुरजन्य कृयाकलापबाट राष्ट्रिय अर्थतन्त्रमा पर्न सक्ने प्रभावबारे पनि सूक्ष्म दृष्टिगोचर गरिनु सान्दर्भिक हुन आउँछ। यसरी हेर्दा मुलुकको अर्थतन्त्रमा मुद्रा निर्मलिकरणले पार्ने नकारात्मक असरहरू गम्भीर प्रकृतिका हुन्छन्। कतिपय अवस्थामा कुनै राष्ट्रलाई निर्मलिकरण गरिएको धनले तत्कालीन रुपमा राहत दिनसक्ने भएपनि आपराधिक धनले अपराधलाई नै बढावा दिने हो। "**जस्तो विरुवा रोप्यो त्यस्तै फल फल्ने हुन्छ**" भनिएजस्तै दिर्घकालीन रुपमा यसले हरेक राष्ट्रलाई नोक्सान नै पुर्‍याउँछ। ***मूलतः यसले राष्ट्रिय अर्थतन्त्र र सोको विश्वसनीयतामा संकट पैदा गर्ने, आर्थिक पारदर्शिता धमिलिने, वित्तीय अस्थिरता जन्मिने, आर्थिक कृयाकलापहरू अनुमानभन्दा बाहिर रहने र पूँजी पलायन बढ्ने अवस्था श्रृजना गरिदिन्छ। यसका साथै वैदेशिक विनिमय दरमा उतार चढाव आउने, व्यापार घाटा बढ्ने, मुलुकको आर्थिक प्रणाली अन्य देशहरूको निगरानीमा पर्ने जोखिम समेत रहन्छ। त्यसका अतिरिक्त इमान्दार लगानीकर्ताहरूमा निराशा छाउने, अशुद्ध धनको प्रभावले राज्यमा नीतिगत र कानूनी अस्थिरता हावी हुने, आतङ्कवाद, भ्रष्टाचार, तस्करी, करछली, कालोबजारीजस्ता अन्य अपराध बढ्ने, स्रोत नखुलेको अकुत सम्पत्तिले समाजमा विलासिता र तडकभडक बढ्ने, एवम् साँस्कृतिक प्रदूषण फैलिने जस्ता नकारात्मक परिणाम पैदा गरी मुलुकको अर्थ व्यवस्थामा नै गम्भीर क्षति पुर्‍याउँदछ।***

२४. अब दोस्रो प्रश्नको सम्बन्धमा निर्णयतर्फ हेर्दा अभियोजकले दाबीको सम्पत्ति गैरकानूनी स्रोतबाट आर्जित वा सम्बद्ध कसुरबाट आर्जित सम्पत्ति हो भन्ने प्रमाणित गर्न सक्नु पर्दछ। सम्पत्ति शुद्धीकरणको कसुरमा कसुरबाट प्राप्त सम्पत्तिको अस्तित्व स्थापित हुनु त्यस कसुरको आधारभूत तत्व हो। त्यस्तो कसुरजन्य सम्पत्तिको प्राप्ती र परिचालनको प्रक्रिया परिभाषित कसुरजन्य प्रक्रिया अनुरुप अवलम्बन नै गरिएका छन् भन्ने कुराको पुष्टि पनि सरकारी पक्षले गर्न सक्नु पर्दछ। अतः कसुरबाट प्राप्त सम्पत्तिको भौतिक अस्तित्व देखिनु सम्पत्ति शुद्धीकरणको सारभूत तत्व हो। सो तथ्य पनि स्थापित भएको हुन पर्दछ। प्रस्तुत मुद्दामा दाबीको बिगोअनुरुपको रकम प्रतिवादीहरूले ठगीको कसुरबाट प्राप्त गरेको सम्पत्ति हो भन्ने वादी दाबी रहेको देखिन्छ। सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) देहाय (क), (ख) र (ग) अन्तर्गतको दाबी रहेको हुँदा सो अनुरुप कसुर स्थापित हुन सर्वप्रथम उक्त दाबीको रकम कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने पुष्टि गर्नु वादी पक्षको दायित्व हुन्छ।

२५. यस सिलसिलामा प्रतिवादी तर्फका विद्वान् कानून व्यवसायीहरूले सम्बद्ध कसुर ठहर नै भैनसकेको अवस्थामा यो मुद्धाको कसुर ठहर गर्न मिल्दैन भनी तर्क प्रस्तुत गर्नुभएको छ। त्यस्तै वादी नेपाल सरकारका तर्फबाट बहसको क्रममा सम्बद्ध कसुरमा मुद्धा चलिरहेको नै छ। यदि प्रतिवादीले आर्जित सम्पत्तिको वैध स्रोत पुष्टि गर्न नसकेमा सम्बद्ध कसुर ठहर हुनु वा नहुनुले फरक पार्दैन। सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २९ को कानूनी व्यवस्थाको आधारमा ठगी सम्बन्धी मुद्धा चलाएको वा नचलाएको तथा ठहर भए वा नभएको अवस्थामा समेत अभियोग दाबीको कसुर ठहर हुन सक्छ भनी बहस गर्नुभयो। उक्त दफा २९ *अनुसार* ***"प्रचलित कानूनबमोजिम सम्बद्ध कसुरमा मुद्दा नचलेको वा चलेकोमा पनि नठहरेको कारणले मात्र कुनै सम्पत्ति कसुरबाट प्राप्त सम्पत्ति देखिएकोमा सोको सम्बन्धमा सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा मुद्दा चलाउन र सजाय गर्न बाधा पर्ने छैन"*** भन्ने व्यवस्था पाइन्छ। यसर्थ सरकारी अभियोक्ताको उक्त जिकिरलाई अमान्य गर्न मिल्ने देखिंदैन।

२६. सम्पत्ति शुद्धीकरण निवारणको कार्य आफैमा एक जटिल विषय रहेकोले यो कसुरलाई राज्यको कानूनले कठोरतापूर्वक नियन्त्रण गर्ने उद्देश्य राखेको हुन्छ। प्रचलित कानूनी व्यवस्थालाई नियालेर हेर्दा यो अपराधका कसुरदारले उन्मुक्ति पाउन सक्ने सबै उपायहरूमा बन्देज गर्ने विधायिकी मनसाय रहेको पाइन्छ। जस्तो कि उल्लिखित ऐनको दफा २९ को व्यवस्था। त्यही उद्देश्य परिपूर्तिका लागि माथि उल्लिखित दफा २९ को कानूनी व्यवस्था गरिएको पाइन्छ। सम्पत्ति शुद्धीकरणको कसुरमा सम्वद्ध कसुरको विद्यमानता हुनुपर्ने सामान्य नियम भए तापनि अपवादको रुपमा सम्बद्ध कसुरको अभावमा पनि कसुर पुष्टि हुन भने सक्दछ भन्ने कुरा हाम्रो कानूनी व्यवस्थामा उक्त ऐनको दफा २९ *"प्रचलित कानूनबमोजिम सम्बद्ध कसुरमा मुद्दा नचलेको वा चलेकोमा पनि नठहरेको कारणले मात्र कुनै सम्पत्ति कसुरबाट प्राप्त सम्पत्ति देखिएकोमा सोको सम्बन्धमा सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा मुद्दा चलाउन र सजाय गर्न बाधा पर्ने छैन"* भन्ने व्यवस्थाले नै प्रष्ट पारेको छ।

२७. अतः उक्त दफा २९ को व्यवस्थाको आधारमा सम्पत्ति शुद्धीकरणको कसुरलाई निम्नबमोजिम हेर्न सकिन्छः

१) प्रचलित कानून अनुसार यो एक स्वतन्त्र कसुर (standalone offence) हो।

२) हाम्रो कानूनी व्यवस्था अनुसार सम्बद्ध कसुर पुष्टि नभए तापनि यो कसुरको रुपमा स्थापित हुने प्रकृतिको कसुर हो।

३) सम्बद्ध कसुरमा मुद्दा नै नचले तापनि सम्पत्ति शुद्धीकरणमा मुद्दा चलाउन बाधा छैन।

४) अभियोजनले दाबीको सम्पत्ति गैरकानूनी रुपमा आर्जित (Proceeds of crime) हो भन्ने पुष्टि गर्नुपर्छ।

५) सो कसुरबाट प्राप्त सम्पत्ति कानूनमा सूचीकृत कसुर अन्तर्गत भइमा स्वतः ठहर हुने प्रकृतिकि देखिन्छ।

२८. नेपालको सन्दर्भमा यस अपराधको असरहरूलाई विचार गर्दा मनि लाउण्डरिङ्ग अपराधले समाजमा विविध प्रकारका नकारात्मक प्रभाव पार्छ। मनि लाउण्डरिङ्गले धनको गैरकानूनी संचारलाई प्रोत्साहन गर्दछ, जसले गर्दा समाजमा आर्थिक असमानता बढ्न सक्छ। यसले सामाजिक अविश्वास पनि बढाउँछ। जब मानिसहरूले आर्थिक प्रणालीमा विश्वास गुमाउँछन्, तब समाजमा अविश्वास र अस्थिरता बढ्न सक्छ। यसले आर्थिक क्रियाकलापहरूमा रोक लगाउन सक्छ। यो अपराधको कानूनी र राजनीतिक प्रभाव पनि रहन्छ। मनि लाउण्डरिङ्गले सरकार र कानूनी निकायहरूको छवि बिगार्न सक्छ। यसले भ्रष्टाचार र शोषणको संवर्धन गर्न सक्छ। यसको कारणबाट नागरिक अधिकार र सुरक्षामा खतरा निम्त्याउन सक्दछ। मनि लाउण्डरिङ्गसँगै हुने आपराधिक गतिविधिहरूले नागरिकहरूको अधिकार र सुरक्षामा खतरा निम्त्याउँछन्। यसले अपराधको दरमा वृद्धि गर्न सक्छ। यसका अतिरिक्त सामाजिक संरचना र सामाजिक मूल्यहरूमा प्रभाव पार्दछ। मनि लाउण्डरिङ्गले सामाजिक मान्यता र मूल्यहरूलाई कमजोर बनाउन सक्छ, जसले दीर्घकालीन रूपमा समाजमा नकारात्मक परिवर्तन ल्याउन सक्छ। त्यसैले, मनि लाउण्डरिङ्ग केबल आर्थिक समस्या मात्र होइन, बरु सामाजिक र राजनीतिक स्थिरताको लागि पनि ठूलो खतरा हो।

२९. सम्पत्ति शुद्धीकरणको अपराध (Money Laundering) का विभिन्न प्रभावहरू छन्, जसमा समग्र समाज र अर्थतन्त्रमा नकारात्मक प्रभाव पर्ने गर्छ। यहाँ केही प्रमुख प्रभावहरू प्रस्तुत गरिएको छः

क) **आर्थिक प्रभाव:** सम्पत्ति शुद्धीकरणले कानूनी अर्थतन्त्रमा विकृति ल्याउँछ, जसले लगानीको स्तर घटाउँछ र विकासमा बाधा पुर्‍याउँछ।

ख) **सामाजिक प्रभाव:** यसले अपराध र भ्रष्टाचारलाई प्रोत्साहन गर्न सक्छ, जसले सामाजिक संरचनामा अस्थिरता र असमानता बढाउँछ।

ग) **राजनीतिक प्रभाव:** यसले राजनीतिक स्थिरतामा खलल पुर्‍याउन सक्छ, किनकि यसमा संलग्न व्यक्तिहरूलाई आफ्नो शक्ति र प्रभाव प्रयोग गर्न अनुमति दिन्छ।

घ) **विश्वासको कमी:** सम्पत्ति शुद्धीकरणको समस्याले सार्वजनिक विश्वासलाई कम गर्न सक्छ, जसले वित्तीय संस्थाहरूमा विश्वसनीयता र पारदर्शिता कम गराउँछ।

ङ) **अन्तर्राष्ट्रिय सम्बन्ध:** यो अपराध अन्तर्राष्ट्रिय स्तरमा समस्या बनिरहेकाले विभिन्न राष्ट्रहरू बीचको सम्बन्धमा तनाव र विवाद निम्त्याउन सक्छ।

च) **कानूनी र नियामक प्रभाव:** यसले कानूनको पालनामा कमी ल्याउँछ र अनियमितता र नियन्त्रणको कमी निम्त्याउन सक्छ।

३०. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (ज) अनुसार कसुरबाट प्राप्त सम्पत्ति भन्नाले **"सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुर वा सम्बद्ध कसुरबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्राप्त गरेको वा हासिल गरेको जुनसुकै प्रकारको सम्पत्ति सम्झनु पर्छ र सो शब्दले त्यस्तो सम्पत्तिबाट बढे बढाएको अन्य सम्पत्ति वा आर्थिक लाभ वा कुनै पनि तरिकाले आंशिक वा पूर्ण रुपमा हस्तान्तरण वा रुपान्तरण भएको सम्पत्ति वा लाभ समेतलाई जनाउँछ।"** यस परिभाषा अनुसार सम्पत्ति शुद्धीकरण वा सम्बद्ध कसुरबाट प्राप्त भएको सम्पत्ति मात्र "कसुरबाट प्राप्त सम्पत्ति" (Proceeds of crime) हुने देखिन्छ।

३१. अन्य अपराधमा जस्तै सम्पत्ति शुद्धीकरणको कसुरमा मनसाय (mens rea) तत्वको अहम् भूमिका रहेको हुन्छ। सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३(१) को खण्ड (क),(ख),(ग) मा "कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदा पाउँदै वा विश्वास गर्नुपर्ने मनासिब आधार हुँदा हुँदै" भन्ने उल्लेख प्रयोग भएको पाइन्छ। त्यसकारण सम्पत्ति शुद्धीकरणको कसुर स्थापित हुन अभियुक्तले "कसुरबाट प्राप्त सम्पत्ति" हो भन्ने थाहा पाउँदा पाउँदै वा विश्वास गर्नुपर्ने मनासिव आधार हुँदा हुँदै सम्पत्तिको गैरकानूनी स्रोत (illicit origin) लुकाउने वा छल्ने उद्देश्यले सम्पत्तिको रुपान्तरण वा हस्तान्तरणको कार्य गरेको देखिनुपर्छ। तसर्थ सम्पत्ति शुद्धीकरणको अपराधमा मनसायको तत्व एक महत्वपूर्ण भूमिका खेल्दछ।

३२. सम्पत्ति शुद्धीकरणको अपराधमा मनसायको तत्वलाई थप विस्तारमा व्याख्या गर्दा, यसका विभिन्न पहलुहरूमा ध्यान दिनु आवश्यक छः

१. **उद्देश्य र इरादा**

सम्पत्ति शुद्धीकरणमा संलग्न व्यक्ति अवैध स्रोतबाट प्राप्त गरिएको धनलाई कानूनी रूप दिनको लागि निश्चित उद्देश्यले कार्य गर्दछ। यसले व्यक्तिको मनसायलाई स्पष्ट रूपमा देखाउँछ। यदि व्यक्तिले मात्र अवैध धनलाई सफा गर्ने सोच राख्छ भने त्यो मनसायको आधारमा गम्भीर अपराध ठानिन्छ।

२. **प्लानिङ र प्रक्रिया**

यसमा व्यक्तिले सम्पत्ति शुद्धीकरण गर्नका लागि योजनाबद्ध रूपमा प्रक्रिया अपनाउँछ। जस्तैः विभिन्न वित्तीय संस्थाहरूमा धन स्थानान्तरण, फर्जी दस्तावेज तयार पार्न, वा अन्य व्यक्तिहरूसँग सहकार्य गर्ने। तब मात्र यसको मनसाय अझ स्पष्ट हुन्छ। यो प्रक्रियाले दर्शाउँछ कि यो एक असामान्य र अवैध क्रियाकलापको रूपमा गरिएको हो।

३. **प्रमाणको भूमिका**

अभियोजन पक्षले मनसायको प्रमाणित गर्नका लागि प्रमाण संकलन गर्नुपर्दछ। यसमा संलग्न व्यक्तिहरूका बयान, बैंक खाता विवरण, र अन्य वित्तीय रेकर्डहरू समावेश हुन सक्छ। यदि संकलित प्रमाणबाट व्यक्तिको मनसायलाई पुष्टि गर्छ भने, यो कानूनी कारवाहीका लागि महत्वपूर्ण हुन्छ।

४. **कानूनी दायित्व**

कानून अनुसार, मनसायको आधारमा विभिन्न स्तरका दण्ड र सजाय निर्धारित गरिन्छ। यदि व्यक्तिको मनसाय अवैध र योजनाबद्ध छ भने तिनीहरूले कडा सजायको सामना गर्नुपर्ने हुन सक्छ। यसले गर्दा अन्य व्यक्तिहरूलाई पनि अपराध नगर्न प्रेरित गर्न सक्छ।

५. **नियामक र अनुगमन**

वित्तीय संस्थाहरूले मनसायको आधारमा जोखिम मूल्याङ्कन गर्छन्। यदि कुनै खाता वा लेनदेनलाई संदेहास्पद

मानिन्छ भने संस्थाले त्यसमा अनुगमन बढाउने र आवश्यक पर्दा रिपोर्ट गर्नुपर्ने हुन्छ। यसले सम्पत्ति शुद्धीकरणको प्रयासलाई रोक्नमा मद्दत गर्दछ।

६. **सामाजिक र नैतिक प्रभाव**

सम्पत्ति शुद्धीकरणको मनसायले समाजमा नैतिकता र जिम्मेवारीको भावना कम गर्न सक्छ। जब व्यक्तिहरू जानीबुझी अवैध गतिविधिहरूमा संलग्न हुन्छन्, यसले समाजमा विश्वासको कमी र भ्रष्टाचारलाई प्रोत्साहन गर्न सक्छ। यसरी सम्पत्ति शुद्धीकरणमा मनसाय तत्व महत्त्वपूर्ण हुन्छ र यसले कानूनी प्रक्रिया, सामाजिक मूल्य, र वित्तीय अनुगमनमा गहिरो असर पार्दछ।

३३. अतः सम्पत्ति शुद्धीकरण कुनै एउटा खास आपराधिक कार्य मात्र नभई योजनाबद्ध प्रक्रिया पनि हो। त्यसो भएको हुनाले यसभित्र सम्पत्तिको गैरकानूनी स्रोत लुकाउने वा छल्ने उद्देश्य, सम्पत्तिको रुपान्तरण, हस्तान्तरण वा स्थानान्तरण जस्ता कार्यहरूको श्रृङ्खला (series of acts) समावेश हुन्छन्। तसर्थ यस अपराधमा सहभागी हुने हुने व्यक्तिलाई सर्वप्रथम कुनै सम्पत्ति **"कसुरबाट प्राप्त सम्पत्ति हो"** भन्ने ज्ञान हुनु आवश्यक छ। तत्पश्चात त्यस्तो सम्पत्तिको गैरकानूनी स्रोत लुकाउने वा छल्ने वा कसुरदारलाई कानूनी कारवाहीबाट बचाउने मनसायले सम्पत्तिको रुपान्तरण, हस्तान्तरण जस्ता कार्य गरेको हुनुपर्छ।

३४. अब, प्रस्तुत मुद्दामा माथि उल्लिखित प्रश्नहरूको निरुपण प्रयोजनार्थ सर्वप्रथम प्रतिवादीहरूमध्ये प्रतिक्षा तामाङ र प्रतिष्ठा तामाङको हकमा बिचार गरी हेर्दा, निज प्रतिवादीहरू उपर सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ४ को देहाय खण्ड (ग) र (छ), दफा २८ समेत, ऐ. (पहिलो संसोधन, २०६८) को दफा ४ को देहाय खण्ड (च), दफा २८ समेत र प्रचलित सम्पत्ति शुद्धीकरण(मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को अनुसूचीमा व्यवस्थित खण्ड (झ), (द), (भ) को कसुर अपराध गरी प्राप्त गरेको सम्पत्ति प्रयोग गरेको भन्ने आरोपदाबी रहेको देखिन्छ।

३५. निज प्रतिवादीहरूले उपर्युक्त कार्य गरी तत्काल प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३, ऐ. (पहिलो संसोधन २०६८) को दफा ३ र प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (ख) र (ग) को कसुर गरेकोले तत्काल प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) को देहाय खण्ड (क), ऐ. (पहिलो संशोधन २०६८) को दफा ३० को उपदफा (२) र प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० उपदफा (१) बमोजिम जरिबाना र कसुरको मात्रा अनुसार कैद सजाय गरी निजको नाममा रहे भएको सम्पति जफत गरी पाउँ भन्ने आरोप दाबी रहेको देखिन्छ।

३६. यी प्रतिवादीहरू अनुसन्धानका क्रममा उपस्थित भएको पाइईंदैन। यस अदालतको आदेशबमोजिम निजहरूको नाममा जारी भएको म्याद मिति २०८०।२।१५ र मिति २०८०।२।२२ मा गोरखापत्रमा प्रकाशित हुँदासमेत यस अदालतमा हाजिर हुन आएको देखिएन। अदालतमा उपस्थित नभइ फरार भएको अवस्था देखिए तापनि मिसिल संलग्न प्रमाणहरूको आधारमा फैसला गर्न कुनै कानूनी बाधा पर्ने देखिंदैन। त्यसो हुँदा उपलब्ध तथ्य, प्रमाण र विद्यमान कानूनको आधारमा हेर्दा, यी प्रतिवादीहरूले आरोप दाबीमा उल्लेख भएको सम्पत्तिहरू आफैले गैरकानूनी रुपमा आर्जन गरेको भनी अभियोजकले दाबी लिएको देखिंदैन। दाबीको बिगो बराबरको सम्पत्ति निजहरूको नाममा रहे भएको देखिए पनि सो को स्रोत निजका बाबुआमा नै हुन्। अतः उक्त सम्पत्ति निजहरूको आमा/बुबाबाट अर्थात प्रतिवादीहरू इच्छाराज तामाङ र श्रृजना शाक्य तामाङबाट प्राप्त गरेकोमा विवाद रहेको देखिंदैन। आफ्नो बुबा/आमाबाट प्राप्त भएको सम्पत्ति छोरा/छोरीहरूको बैंक खाता वा अन्य रुपले स्वामित्वमा रहँदैमा निजहरूले आफै कसुर गरी सोही कसुरबाटै प्राप्त गरेको हो भनी अनुमान गर्न सकिने अवस्था रहँदैन। बाबु आमाले कुनै कसुरबाट आर्जन गरेका भएपनि सो कसुरको दायित्व कसुर गर्नेले नै बहन गर्नु पर्दछ।

३७. अब, **निजहरूको हकमा गरेको भनिएको उल्लिखित आरोपजन्य कार्यहरू आरोप दाबी अनुसारको कसुर हो, वा होइन** भन्ने तर्फ बिचार गरी हेर्दा, सामान्यतः सरकार वादी फौजदारी मुद्दामा कसुरदारको कसुर प्रमाणित गर्ने भार वादीमा रहन्छ। अभियोग लगाएर मात्र हुँदैन सो अभियोग पुष्टि हुने प्रमाण वादी पक्षले प्रस्तुत गर्न सक्नुपर्छ। जसलाई प्रमाण ऐन, २०३१ को दफा २५ ले स्पष्ट गरेको छ। यी प्रतिवादीहरूको आरोपित कसुरमा के कस्तो संलग्नता रहेको थियो भनी वस्तुगत आधार कारण सहितका प्रमाण वादी पक्षले पेस गरेको देखिँदैन।

३८. यदि कसैको जन्म दिने बाबुआमा कुनै कसुरका कसुरदार रहेछन् भने पनि निजहरूबाट जन्मको नाताले छोराछोरी पनि कसुरदार नै हुन्छन् भन्ने मान्यता राख्नु न्यायिक सद्विवेक र स्वच्छ न्यायको सिद्धान्त विपरित हुन जान्छ। लोकतान्त्रिक पद्धतिभित्र स्थापित न्यायिक निकायबाट त्यस्तो अपेक्षा गर्नु सर्वथा अनुचित मात्र होइन अन्यायलाई प्रोत्साहन गर्नु हो। कसुरका कसुरदार रहेका भन्दैमा जन्मको आधारमा छोराछोरीलाई पनि कसुरदार मान्न सकिँदैन। कानूनी र नैतिक दृष्टिले हरेक व्यक्तिको व्यक्तित्व र आचरण आफ्नै अनुभव र विकल्पहरूको परिणाम हो। जन्मबाट प्राप्त गरिएका गुण र लक्षणहरू सँगै व्यक्तिले आफ्नो जीवनमा के निर्णय गर्छ, के प्रकारका गतिविधिमा संलग्न हुन्छ, र कसरी समाजसँग अन्तरक्रिया गर्छ, यी सबै कुराले व्यक्तिको नैतिकता र कानूनी जिम्मेवारीलाई निर्धारण गर्छ। त्यसैले, बाबुआमा कसुरदार भए पनि तिनका छोराछोरीलाई सोही तरिकामा नाप्न सकिँदैन। हरेक व्यक्तिलाई आफ्नो कार्यहरूको आधारमा मूल्याङ्कन गरिनु पर्छ।

३९. यदि कुनै सम्पत्ति कसैले आपराधिक कार्यबाट आर्जन गरेकै रहेछ भनेपनि त्यसको उत्तरदायित्व सोही व्यक्तिमा मात्र सिमित रहन्छ जसले सो आर्जन गरेको हुन्छ। अवैध आर्जनबाट आर्जित सम्पत्ति छोराछोरीको नाममा बुबा/आमाले राखिदिएको रहेछ भने पनि सो राखेकै आधारमा निज छोराछोरीहरूलाई कसुरदार ठहर गर्न मिल्दैन। कसुरदार ठहर्नको लागि सो कसुरजन्य कार्यमा निजको मनसायपूर्वकको संलग्नता पुष्टि गर्न सक्नु पर्दछ। यदि छोराछोरीहरूले बाबु आमा मार्फत अवैध स्रोतबाट प्राप्त भएको सम्पत्ति स्वीकार गर्दा त्यसको स्रोतको बारेमा अनभिज्ञ थिए भने सामान्यतया उनीहरूलाई कानूनी रूपमा जिम्मेवार ठहराउन गाह्रो हुन्छ। यस अवस्थामा, **अज्ञानता र नादानीलाई** आधार बनाइ उनीहरूलाई कानूनी उत्तरदायित्वबाट मुक्त राख्न सकिन्छ। तर यदि छोराछोरीहरूले जानीबुझीकन या धोखाधडी गरेर अवैध सम्पत्ति स्वीकारेका रहेछन् भने उनीहरूको त्यस्तो अवस्थामा कानूनी जिम्मेवारी फरक हुन्छ। यस अवस्थामा, उनीहरूले मात्र सम्पत्ति प्राप्त गर्नका लागि कानूनी वा नैतिक दृष्टिकोणबाट गलत कार्य गरेको हुनु हुँदैन। यदि त्यसमा धोखाधडी, वित्तीय घोटाला, वा भ्रष्टाचारको सहभागिता रहेको छ भने उनीहरूलाई **कानूनी कारबाही**को सामना गर्नुपर्ने हुन सक्छ। प्रस्तुत मुद्दामा अभियोजकले यी प्रतिवादीहरूको जानाजान संलग्गनता पुष्टि हुने प्रमाण प्रस्तुत गर्न सकेको पाइदैन। निजहरूको नाममा सम्पत्ति रहेकै भरमा र निजहरूले यस अदालतमा हाजिर नभई फरार रहेकै आधारमा निजहरूले आरोपदाबी बमोजिम कसुर गरेको भन्नु न्यायोचित हुन सक्दैन।

४०. अतः कानूनी दृष्टिले, छोराछोरीको आचरण र अपराधका लागि जिम्मेवारी देखियो भने सो उनीहरूको आफ्नै कार्यहरू र निर्णयहरूको आधारमा मूल्याङ्कन गरिने विषय हो। यदि कुनै व्यक्तिले अवैध गतिविधिमा संलग्न भएको छैन भने त्यो व्यक्तिलाई त्यस्तो अपराधको लागि दण्डित गर्न सकिँदैन। त्यसैले, बाबुआमा कसुरदार भए पनि छोराछोरीलाई सोही आधारमा अपराधी ठहऱ्याउन सकिदैन। यो एक महत्वपूर्ण कानूनी सिद्धान्त हो, जसले व्यक्तिगत अधिकार र जिम्मेवारीलाई संरक्षण गर्छ। तसर्थ, यी प्रतिवादीहरूले आरोपदाबी बमोजिम कसुर गरेको भनी अभियोजन पक्षले शङ्कारहित तवर (Beyond the Reasonable Doubt) ले पुष्टि गर्नुपर्छ। पुष्टि गर्न नसके आरोप दाबी स्थापित हुन सक्तैन र यी प्रतिवादीहरूले निजहरूको बाबु/आमाबाट प्राप्त गरेको सम्पत्ति कसूर अपराध गरी प्राप्त गरेको सम्पत्ति हो भन्ने थाहा पाउँदा पाउँदै वा विश्वास गर्नुपर्ने मनासिब आधार हुँदा हुँदै त्यस्तो सम्पत्ति प्राप्त गर्ने प्रयोग गर्ने वा धारण गर्ने निःसर्ग गर्ने कारोबार गर्ने लुकाउने छल्ने बदल्ने लगायतका कार्य गरेको भनी वादी पक्षले लिएको दाबी पुग्न सक्ने अवस्था देखिएन। त्यसकारण, प्रतिवादीहरू मध्येका प्रतीक्षा तामाङ र प्रतिष्ठा तामाङले जानी जानी कसुरबाट आर्जित

सम्पत्ति प्राप्त गर्ने, प्रयोग गर्ने र धारण गर्ने कार्य गरेको भन्ने आरोप दाबी अभियोजकले वस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न सकेको नदेखिंदा निज प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ।

४१. त्यस्तै, प्रतिवादी मिनाकुमारी श्रेष्ठ उपर सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३४ को उपदफा (१), ऐ. ऐनको पहिलो सशोधन २०६८ को दफा ३४ को उपदफा (१) र प्रचलित सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३४ को उपदफा (१) र दफा २८ को उपदफा (२) बमोजिम जफत प्रयोजनार्थ निजलाई प्रतिवादी कायम गरिएकोमा सो हदसम्म मात्र विचारणीय भई निजले के कस्तो कसुर गरेको भनी विश्लेषण एवम् विवेचना गर्नु पर्ने अवस्था देखिएन।

४२. अब, अन्य प्रतिवादीहरूको हकमा तथ्य प्रमाण र सम्बन्धित कानूनको आधारमा बिचार गरी हेर्दा, प्रतिवादी इच्छाराज तामाङको हकमा रु.३,३१,८५,९२,९४२.४१ **(अक्षरुपी तीन अर्ब एकतीस करोड पचासी लाख बयानब्बे हजार नौ सय बयालीस रूपैंया एकचालीस पैसा), प्रतिवादी** श्रृजना शाक्य तामाङको हकमा बिगो **रू.१,३०,९३,९५,८०२।४४ (अक्षेरुपी एक अर्ब तीस करोड त्रीयानब्बे लाख पन्चानब्बे हजार आठ सय दुई रूपैंया चौआलीस पैसा)** र प्रतिवादी केशवलाल श्रेष्ठको हकमा बिगो **रू.२६,६१,४५,५३०।३३ (अक्षरुपी छब्बीस करोड एकसठ्ठी लाख पैतालीस हजार पाँच सय तीस रूपैंया तेतीस पैसा) बिगो कायम गरी यो मुद्दा दायर भएको देखिन आउँछ।**

४३. तत्काल प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ४ को देहाय खण्ड (ग) र (छ), दफा २८ समेत, ऐ. (पहिलो संसोधन, २०६८) को दफा ४ को देहाय खण्ड (च), दफा २८ र प्रचलित सम्पत्ति शुद्धीकरण(मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को अनुसुचीमा व्यवस्थित खण्ड (झ), (द), (भ) र दफा २८ को उपदफा (१) बमोजिम तथा तत्काल प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३, ऐ. (पहिलो संसोधन २०६८) को दफा ३ र प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (क), (ख) (ग) ले निषेधित कसुरमा तत्काल प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) को देहाय खण्ड (क), ऐ. (पहिलो संशोधन २०६८) को दफा ३० को उपदफा (२) र प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० उपदफा (१) बमोजिम जरिबाना र कैद कसुरबाट प्राप्त सम्पत्ति जफत गरी पाउँ भनी आरोपदाबी लिएको पाइन्छ।

४४. यस मुद्दाको तथ्यहरू अध्ययन गर्दा काठमाडौं जिल्लाको सोल्टीमोड, कालिमाटीमा प्रधान कार्यालय रहेको सिभील बचत तथा ऋण सहकारी (Civil saving and credit cooperative ltd.) को २०७५/७६ र अन्य केही प्रतिवेदन अनुसार यस संस्थाले २००० भन्दा बढी बचतकर्ताको ७ अर्ब भन्दा बढी रूपैंया फिर्ता नदिई संस्थाका पूर्व अध्यक्षसमेत रहेका प्रतिवादी इच्छाराज तामाङले यस संस्थाको हालका अध्यक्ष केशवलाल श्रेष्ठसँग मिलेमतो गरी बिना धितो ८ अर्ब ५७ करोड ३८ लाख भन्दा बढी रूपैंया ऋण लिएकोले निक्षेपकर्ताहरूको निक्षेप फिर्ता दिलाई प्रतिवादीहरूलाई सजाय गरी पाउँ भन्ने समेत बेहोरा भएको विभिन्न मितिमा विभिन्न निक्षेपकर्ताहरूले दर्ता गराएको उजुरीबाट नै अनुसन्धान तहकिकात भएको देखिन्छ।

४५. प्रतिवादी इच्छाराज तामाङले अनुसन्धान तथा यस अदालतमा कसुरमा इन्कार रही बयान गरेको पाइन्छ। निजको बयान अनुसार म र मेरो परिवारको नाममा भएको सम्पत्ति मेरो व्यक्तिगत आय वैदेशिक रोजगारी आय, ब्यापार, व्यवसायबाट प्राप्त आम्दानी, बैंकबाट लिएको कर्जा सापटी, साहुहरूबाट लिएको ऋण जग्गा जमिन बिक्रीबाट प्राप्त गरेको हो। वैधानिक स्रोतबाट मिति २०४९ साल देखि खरिद गरिएका अचल सम्पत्ति र बैंक मौजदात रहेको हो र म र मेरो परिवारको नाममा भएको सम्पत्ति जफत हुनुपर्ने र हामीलाई सम्पत्ति शुद्धीकरण ऐन अनुसार कारबाही तथा सजाय हुनुपर्ने होइन भनी आरोपित कसुरमा इन्कारी रही बयान गरेको देखिन्छ।

४६. प्रतिवादी श्रृजना शाक्य तामाङले म सिभिल सहकारीको साधारण सदस्य मात्र हुँ। मेरो पति इच्छाराज तामाङ आवद्ध रहेको भनिएको कुनै पनि कम्पनीहरूमा मेरो नाममा कुनै सेयर छैन र कुनै कम्पनीमा कुनै प्रकारको संलग्नतासमेत छैन। मैले गैरकानूनी स्रोत लुकाउने, छल्ने, परिवर्तन गर्ने एवम् हस्तान्तरण गर्ने समेतका काम गरेको छैन। हामीले अभियोग पत्रमा लगाएको सम्पत्ति शुद्धीकरण सम्बन्धी कुनै कसुर गरेको छैनौं भनी आरोपित कसुरमा इन्कारी रही बयान गरको देखिन्छ।

४७. त्यस्तै प्रतिवादी केशवलाल श्रेष्ठले पनि सहकारीको म अध्यक्ष रहेपनि उक्त सहकारीको कार्यकारी व्यक्ति इच्छाराज तामाङ नै रहेकोले मैले कार्यकारीको भूमिकामा कहिल्यै पनि काम गरेको छैन। मैले सोबाट कुनै तलब भत्ता रकम केही लिएको छैन। सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुर नगरेकोले मलाई सजाय हुनुपर्ने होइन भनी कसुरमा इन्कारी रही बयान गरेको देखिन्छ।

४८. यसप्रकार उल्लिखित प्रतिवादीहरूले इन्कारी बयान गरेको देखिए तापनि प्रतिवादी इच्छाराज तामाङ सिभिल सहकारीको आ.व.०५७/५८ मा स्थापनाकालदेखि आ.व.०६७।६८ सम्म सञ्चालक समितिको अध्यक्षको रुपमा र सो पश्चात कार्यकारीको पदमा रही कार्यरत रहेको देखिन्छ। त्यसपछि प्रतिवादी केशवलाल श्रेष्ठ उक्त सहकारीको अध्यक्षको पदमा रही जिम्मेवारी बहन गरेको निजहरूले गरेको बयानबाट देखिन्छ। प्रतिवादीहरूले निक्षेपकर्ताहरूले सिभिल सहकारीमा जम्मा गरेको रकम निजहरूले फिर्ता माग गर्दा दिन नसकेको भनी प्रतिवादी इच्छाराज तामाङले गरेको बयानबाट तथा निक्षेपकर्ताहरूले गरेको उजुरीमा भएको बेहोरा समेतबाट देखिन्छ। सिभिल होम्स प्रा.लि.ले आ.व ०७४।७५ सम्ममा कम्पनी बिस्तारका लागि भनी सिभिल सेभिङ्गस एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेडबाट लिएको जम्मा कर्जा रकम हाल रु.७,१७,१७,११,४५२।-(सात अर्ब सत्र करोड सत्र लाख एघार हजार चार सय बाउन्न) तिर्न बाँकी रहेको भनी प्रतिवादीहरूको बयान तथा मिसिल संलग्न कागजातबाट देखिन्छ। यसरी यिनै प्रतिवादीहरू सञ्चालक रहेको सिभिल होम्समा उक्त सहकारीको ठूलो रकम लगानी गरेकोमा विवाद रहेको देखिंदैन।

४९. सहकारी भनेको वास्तवमा सहयोग र सहकार्यमा आधारित एक सँगठन हो, जसमा सदस्यहरूले मिलेर आफ्नो आर्थिक र सामाजिक आवश्यकताहरू पूरा गर्नको लागि एकताबद्ध हुन्छन्। यसमा सामान्यतया सदस्यहरू आफ्ना स्रोतहरू, ज्ञान र अनुभवहरू साझा गरेर एकअर्काको जीवनस्तर सुधार्ने प्रयास गर्छन्। सहकारीहरूको उद्देश्य लाभ कमाउनु मात्र नभई समुदायको विकासमा पनि योगदान पुऱ्याउनु हो। यसैले, सहकारीले सहकार्यको भावना सँगै आफ्नो उद्देश्यमा पनि सधैं ध्यान दिन्छ। सहकारीको रकम निजी कम्पनीमा लगानी गर्न अनुमति नहुने नियम आमतौरमा सहकारीका सिद्धान्त र कानूनी ढाँचासँग सम्बन्धित हुन्छ। सहकारीहरूको मुख्य उद्देश्य सदस्यहरूको आर्थिक र सामाजिक भलाई प्रवर्द्धन गर्नु हो। त्यसैले उनीहरूको रकमलाई सुरक्षित र उचित तरिकामा प्रयोग गर्नुपर्छ। सहकारीका स्रोतहरू सदस्यहरूको हितमा उपयोग गर्नुपर्छ। कुनै पनि जोखिममा परिरहेको गतिविधिमा लगानी गर्नुले सदस्यहरूको हितलाई खतरा पुऱ्याउन सक्छ। त्यसैले, सहकारीको रकमलाई सुरक्षित र पारदर्शी तरिकामा मात्र प्रयोग गर्नुपर्ने प्रावधानहरू लागू हुने गर्दछन्।

५०. त्यसै कारणले गर्दा सहकारीको रकम निजी कम्पनीमा लगानी गर्न कानूनी रूपमा बन्देज लगाइएको पाइन्छ। नेपालमा सहकारी ऐन र अन्य सम्बन्धित कानूनी प्रावधानहरूले सहकारीहरूको वित्तीय स्रोतहरूको प्रयोगमा स्पष्ट दिशा-निर्देश र प्रतिबन्धहरू तोकेको पाइन्छ। यसका मुख्य कारणहरूमा सदस्यहरूको हितको सुरक्षा, वित्तीय स्थिरता र पारदर्शिता नै हो। सहकारीले आफ्नो स्रोतहरू सदस्यहरूको लाभ र विकासका लागि मात्र प्रयोग गर्नुपर्छ, जसले गर्दा सदस्यहरूको आर्थिक हितलाई प्राथमिकता दिइन्छ। त्यसैले, कानूनी रुपमा नै सहकारीहरूलाई जोखिमयुक्त लगानी गर्ने अनुमति दिइँदैन।

५१. विभिन्न पेसाका सिमान्तकृत वर्गका व्यक्तिहरूको पसिनाको बचतलाई हिनामिना गर्नु अपराधजन्य कार्य मानिन्छ। यो

कार्य न केवल कानूनी रूपमा गलत हो बरु नैतिक रूपमा निन्दनीय र सामाजिक रुपमा पनि अस्वीकार्य छ। सिमान्त वर्गका व्यक्तिहरू सामान्यतयाः आर्थिक र सामाजिक रूपमा कमजोर हुन्छन् र उनीहरूको मेहनतको रकम हिनामिना गर्दा उनीहरूको जीवनस्तरमा गम्भीर असर पर्न जान्छ। साथै, यस्तो गतिविधिले आर्थिक विषमतामा वृद्धि गर्ने र समाजमा असमानता फैलाउने जोखिम पनि हुन्छ। त्यसैले, यसप्रकारको कार्यलाई रोक्नका लागि कडा कानूनी प्रावधानहरू र सर्तहरू रहेको हुन्छ। अतः बचतबाट बिना धितो सुरक्षण र बिना प्रक्रिया रकम कम्पनीमा ल्याई निजी भोग विलासमा प्रयोग गर्नु स्वयंमा आपराधिक कार्य बन्दछ।

५२. आज विश्वभरी नै सम्पत्ति आर्जन गर्ने धन्दामा अवैध तरिकाले सम्पत्ति आर्जन गरी सम्पत्ति शुद्धीकरण गर्ने तरिकामा व्यापकता आएको छ। सम्पत्ति शुद्धीकरण गर्ने तरिका देशको नीति, कानून र व्यवस्थाअनुसार फरक फरक हुन्छ। अवैध धनलाई क्रमिक रुपमा वैध बनाउन कानूनबमोजिम संस्थापित गरिएका संस्थाहरूको प्रयोग गरिएको हुन्छ। वास्तविकतालाई ढाकछोप गर्न अवैध धनलाई विभिन्न आर्थिक क्रियाकलापमा लगानी गर्ने, घरजग्गा खरीद बिक्री गर्ने, वित्तीय क्षेत्रमा लगानी गर्ने, बहुमूल्य वस्तुहरूको खरीद बिक्री गर्ने आदि क्रियाकलाप गरी गैरकानूनी सम्पत्तिलाई कानूनी सम्पत्तिमा मिसाउने प्रचलन छ। यसभित्र सम्पत्तिको गैरकानूनी स्रोत लुकाउने वा छल्ने कार्य, सम्पत्तिको सही प्रकृति, स्रोत, स्थान, निःसर्ग, स्वामित्व वा सो सम्पत्ति उपरको अधिकार लुकाउने, छल्ने वा बदल्ने कार्य, कसुर गरी सम्पत्ति प्राप्त गर्ने, प्रयोग गर्ने वा धारण गर्ने लगायतका कार्यहरू पर्दछन्। प्रस्तुत मुद्दामा यिनै आपराधिक तत्वहरूको उपस्थितिका आधारमा विश्लेषण गरी निष्कर्षमा पुग्नु आवश्यक देखिन्छ।

५३. प्रस्तुत मुद्दामा मूलतः प्रतिवादीहरू इच्छाराज तामाङ्ग र श्रृजना शाक्य तामाङले सिभिल सहकारीमा रहेको सदस्यहरूको निक्षेपको रकम आफू तथा परिवारका मानिसहरूका नाममा तथा विभिन्न कम्पनीहरू खडा गरी ती कम्पनीहरूमा लगानी गर्ने, घरजग्गा खरिद गर्ने, सेयर खरिद गर्ने लगायतका कार्यहरूमा लगानी गरेको भन्ने तथ्य मिसिल संलग्न कागजातहरूबाट देखिन्छ। सिभिल होम्सले सिभिल सहकारीबाट सदस्यहरूको बिना इजाजत कर्जा लिएको रकमबाट काठमाडौंको सुन्धारा जस्तो उच्च मूल्य पर्ने स्थानमा जग्गा खरिद गरेको देखिन्छ। यी प्रतिवादीहरूको यस कार्यले उक्त कारोबारबाट लाभ पाउने वास्तविक मानिसहरू उक्त सिभिल सहकारीमा आवद्ध सदस्यहरू नै हुनु पर्नेमा सो नभई यी प्रतिवादीहरू नै भएको देखिन्छ। यस अवस्थामा निजहरूले गरेको कार्य जायज एवम् कानून सम्मत छ भनी अर्थ गर्न मिल्ने देखिंदैन। सर्वसाधरणहरूबाट राखेको निक्षेप आफ्नो निजी हितका लागि लगानी गरी लाभ हासिल गर्ने तर निक्षेपकर्ताको रकम फिर्ता नगर्ने कार्य मान्य हुने कानूनी आधार नदेखिनुका साथै निज प्रतिवादीहरूले सहकारीको स्थापित मूल्य मान्यता विपरितको कार्य गरेको देखिन्छ।

५४. **सहकारीको रकमलाई संचालकले अन्यत्र लगानी गरेर व्यक्तिगत फाइदा लिनु सामान्यतयाः सम्पत्ति शुद्धीकरणको कसुरभित्रै पर्छ। यसले सहकारीको वित्तीय सुरक्षा र पारदर्शितामा ठूलो खतरा उत्पन्न गर्छ।** सहकारीका संचालकहरूले आफ्नो जिम्मेवारी र नैतिकता पालन गर्नु आवश्यक कुरा हुन्। सहकारीको रकमको सही र कानूनी रुपमा मात्र प्रयोग गर्नुपर्ने हुन्छ। यस प्रकारको कार्यले सहकारी स्वयंको कानूनी कारबाही र प्रतिष्ठामा धक्का पुग्न गएको छ। सिभिल सहकारीका बारेमा चर्चा गर्दा यो कानूनद्वारा गठित एक प्रकारको त्यस्तो सहकारी संस्था हो जसले सदस्यहरूको आर्थिक र सामाजिक हितका लागि काम गर्छ। सिभिल सहकारीमा सदस्यहरूको रुपमा विभिन्न व्यक्तिहरूले रकम जम्मा गरेकोमा विवाद छैन। सानोतिनो आय भएका सामान्य नागरिकदेखि समाजका सचेत व्यक्तिले सो सहकारीमा रकम निक्षेप गरेको देखिन्छ। पसिना बगाएर आफ्नो जीवनभरको आर्जित रकम कर्मचारी, शिक्षक, प्राध्यापक, संघ संस्थामा कार्यरत व्यक्ति र सर्वसाधारण नागरिकले समेत उक्त सहकारीमा निक्षेप गरेको देखिन्छ। सहकारी सञ्चालकको तर्फबाट आव्हान गरिएको निक्षेपको पूर्ण सुरक्षा र आकर्षक व्याज एवम अन्य लाभहरू प्रदान गरिने छ भन्ने मोहमा फसेर आज हजारौं निक्षेपकर्ताको रकम यी प्रतिवादीहरूले डुवाईदिएको देखिन्छ।

५५. सहकारीमा आवद्ध प्रत्येक सदस्यको समान अधिकार र कर्तव्य हुन्छ। यस प्रकारको सहकारीले सदस्यहरूलाई बचत,

ऋण, र अन्य वित्तीय सेवाहरू प्रदान गर्ने दायित्व निर्वाह गर्नु पर्दछ। यसले सदस्यहरूको आर्थिक स्थिति सुधार्न मद्दत गर्नु पर्थ्यो। सिभिल सहकारीका गतिविधिहरूलाई नियमन गर्ने विभिन्न कानून र नियमहरू विद्यमान नभएका होइनन्, जसले पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्नुपर्ने थियो। तर दुर्भाग्य भन्नु पर्दछ यी प्रतिवादीहरूले हजारौं निक्षेपकर्ताको रकम सुनियोजित रुपमा सहकारीबाट अन्यत्र स्थानान्तरण गरेको देखिन्छ। स्थनान्तरित रकम पनि यी प्रतिवादीहरूले नै सञ्चालन गरेका सिभिल होम्स लगायत निजी क्षेत्रमा लगानी गरी अकुत फाइदा हासिल गरेको देखिन आउँछ। आपराधिक मनसाय नराखी काम गरेको भए जसको रकम लगानी गरी व्यवसाय बढाएको हो उसैलाई लाभ वितरण गर्नुपर्ने थियो। तर त्यसो गरेको पाइदैन। असल नियतकासाथ सञ्चालकले चलाएको सहकारीले आर्जित नाफालाई सदस्यहरू बीच वितरण गर्छ, जसले गर्दा प्रत्येक सदस्यको फाइदा बढ्छ तर प्रस्तुत मुद्दामा सञ्चालकहरूको त्यस्तो असल नियत देखिन आउँदैन।

५६. सहकारीको रकम सदस्यहरूको विश्वास र हितको आधारमा सञ्चालन गरिन्छ। सहकारीको रकम अन्यत्र लगानी गरेर व्यक्तिगत फाइदा उठाउने कार्यले सहकारीको उद्देश्य बिपरित हुन जान्छ। यसबाट सहकारीका सदस्यहरूको विश्वास गुम्न जान्छ, जसले गर्दा सहकारीको स्थायित्वमा नकारात्मक असर पार्न सक्छ। यस्तो कार्यबाट सहकारीको नियम र कानूनको उल्लंघन हुन जाने भएकोले सञ्चालकहरूले कानूनी कारवाहीको सामना गर्नुपर्ने हुन्छ। यो एक आर्थिक बिचलन र अनियमितताको गम्भीर कसुर हो जसबाट सहकारीको वित्तीय अवस्था कमजोर हुन्छ। यसले सदस्यहरूको आर्थिक हितमा नकारात्मक असर पार्न जान्छ। यसका अतिरिक्त यसले समुदायमा असामान्यता सृजना गर्दछ र सहकारीको कार्यसम्पादन एवम् छवि दुवैलाई प्रभावित पार्दछ।

५७. सहकारीको रकमलाई निजी कम्पनीमा लगानी गर्ने प्रक्रिया विभिन्न चरणमा गरिएको हुन्छ। यिनका दुष्परिणामहरू पनि छन्। पहिलो चरणमा रकमको संकलन गरिन्छ। सहकारीले यसका सदस्यहरूको योगदानबाट रकम सङ्कलन गर्छ। यो रकम सामान्यतया सहकारीका उद्देश्यहरूमा प्रयोग गर्नका लागि हो तर निजी कम्पनीमा लगानी गर्दा सहकारीको उद्देश्य असफल हुन जान्छ। दोस्रो चरणमा निर्णय प्रक्रियामा सदस्यहरूको संलग्नताको अभाव हुनु हो। यदि सञ्चालकहरूले सदस्यहरूको सहमति बिना नै रकमलाई निजी कम्पनीमा लगानी गर्ने निर्णय गर्छन् भने यो प्रक्रिया गलत हुन्छ। मूलतः सहकारीका नियमावलीमा यस विषयमा स्पष्ट रुपमा लेखिएको हुन्छ। तेस्रो चरण लगानी सम्बन्धी कानूनी प्रक्रिया हो। सञ्चालकले सहकारीको रकमलाई सदस्यहरूको सहमतिबिना कुनै निजी कम्पनीको सेयरमा, ऋणमा, वा अन्य वित्तीय साधनमा लगानी गर्छन् भने सदस्यहरूको लागि त्यो कार्य मान्य हुन सक्दैन। यदि यो निर्णय सदस्यहरूको चासो र हितविपरीत छ भने यो दुरुपयोगको रूपमा गणना गरिन्छ। चौथो चरण भनेको लाभको प्रयोग कसरी गरिन्छ भन्ने हो। यदि लगानीबाट आएको लाभ व्यक्तिगत फाइदाका लागि प्रयोग गरिन्छ भने यो सम्पत्ति शुद्धीकरणको कसुरको रूपमा देख्न सकिन्छ। पाँचौं तत्व अवसर र जोखिमसगँ सम्बन्धित छ। सहकारीका सञ्चालकहरूले लागानी गर्दा अवसर र जोखिमको मूल्याङ्कन गर्नुपर्छ। तर व्यक्तिगत फाइदा उठाउन खोज्दा यो प्रक्रिया जोखिमपूर्ण र गलत दिशामा जान्छ। यसरी यदि सहकारीको रकमलाई व्यक्तिगत स्वार्थका लागि प्रयोग गरिन्छ भने यो कानूनी र नैतिक दुवै दृष्टिकोणबाट गलत हुन्छ। यसले सहकारीको वित्तीय सुरक्षा र पारदर्शितामा ठूलो प्रभाव पार्न सक्छ। यो सम्पत्ति शुद्धीकरणको कसुर हुन जान्छ।

५८. माथिका गतिविधिहरू जसमा सहकारीको रकमलाई निजी कम्पनीमा लगानी गर्ने र त्यसबाट व्यक्तिगत फाइदा उठाउने मनसायबाट गरिने हुँदा त्यस्तो कार्यलाई सम्पत्ति शुद्धीकरणको कसुरको रूपमा लिन सकिन्छ। एउटा उद्देशयले सङ्कलित सर्वसाधारणको निक्षेप रकमलाई अर्कै कार्यमा लागनी गर्नु अवैध कार्य हो। यसरी अवैध रूपमा आएको धनको प्रयोग गरेर सिमित व्यक्तिहरूले फाइदा लिने खाने कार्यमा संलग्न हुन्छन् भने भने त्यसबाट सम्पत्ति शुद्धीकरणको कसुर नै प्रमणित हुन्छ। सम्पत्ति शुद्धीकरणले सामान्यतया यस्तो प्रक्रिया जनाउँछ जसमा कुनै व्यक्ति वा संस्था अवैध स्रोतबाट आएको धनलाई वैध रूपमा रुपान्तरण गर्दछ। यसमा अवैध स्रोतको प्रयोग हुन्छ। यसमा व्यक्तिगत फाइदा मात्र हेरिएको हुन्छ। सदस्य वा सञ्चालकले सहकारीको रकमलाई व्यक्तिगत रूपमा लाभ उठाउन प्रयोग गरेमा

उनीहरूलाई फाइदा र निक्षेपकर्तालाई नोक्सानी हुन जान्छ। यस्तो कार्यमा पारदर्शिताको अभाव हुन्छ। यस प्रकारको गतिविधिले जटिल कानूनी समस्याहरू र नैतिक सङ्कटहरू निम्त्याउन पुग्दछ।

५९. प्रस्तुत मुद्दामा प्रतिवादीहरूले निज तथा निजहरूको परिवारको नाममा रहेको सम्पत्तिहरू आफूहरूले वैध रुपमा आर्जन गरेको सम्पत्तिहरूबाट बढे बढाएको भनी जिकिर लिएको भए तापनि उक्त जिकिरलाई वैधता दिने प्रमाण तथा आय/व्यय प्रमाणित हुने कुनै तथ्ययुक्त आधार प्रमाण पेस गर्न सकेको देखिँदैन। सामान्यता फौजदारी मुद्दामा अभियोजनकर्ताले लगाएको आरोप प्रामाणित गर्ने भार वादी पक्षमा हुने भनी **प्रमाण ऐन, २०३१ को दफा २५ मा व्यवस्था भएको भएता पनि प्रस्तुत सम्पत्ति शुद्धीकरणको मुद्दामा** सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २८ (१) मा निज प्रतिवादीहरूसँग भएको सम्पत्ति के कस्तो स्रोतबाट प्राप्त गरेको हो ? सो सम्पत्तिको स्रोत खुलाउने भार निज प्रतिवादीहरूमा नै रहेको देखिन्छ। निजहरूले गरेको लगानीको अनुपातमा नेपाल सरकारलाई कुनै प्रकारको व्यक्तिगत आयबापत राजस्व कर तिरेको बुझाएको अवस्थासमेत देखिँदैन। यसरी निजहरूको नाउँमा रहेको सम्पत्तिको अनुपातमा आयस्रोतसमेत पुष्टि हुने आधार प्रमाण यी प्रतिवादीहरूले प्रस्तुत गर्न सकेको देखिन आउँदैन।

६०. निज प्रतिवादीहरूको नाममा रहेको सम्पत्तिको स्रोत निज प्रतिवादीहरूले देखाउन नसकेको र यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट वादी नेपाल सरकार प्रतिवादी दावा टासी लामा भएको सम्पत्ति शुद्धिकरण मुद्दामा[२] "कसैसँग आयस्रोत वा आर्थिक अवस्थाको तुलनामा उसको सम्पत्ति अस्वभाविक देखिएमा र उसले आर्जन गरेको वैधानिक स्रोत देखाउन नसके सम्पत्ति शुद्धीकरणको अपराध हुने व्यवस्था गरेको देखिन्छ। कसैसँग अस्वभाविक सम्पत्ति देखियो भने त्यसको वैधानिक स्रोत वा जायज आर्जन थियो भनी प्रमाणित गर्ने प्रमाणको भार प्रतिवादीमा रहेको हुन्छ। प्रतिवादीले सम्पत्तिको स्रोत देखाउन सकेन भने उसले सम्पत्ति शुद्धीकरणको अपराध गरेको हो भनि मान्नु पर्ने" भनी सिद्धान्त समेत प्रतिवादित भएको छ।

६१. प्रस्तुत मुद्दामा प्रतिवादीहरूले सम्पत्तिको स्रोत लुकाउने एवम् छल्ने कार्यका लागि पारिवारिक अंशबण्डा गरी सम्पत्तिको स्वामित्व तथा अधिकार परिवर्तन गर्ने, तेस्रो पक्षलाई प्रयोग गर्ने, निजहरूसँग भएको सम्पत्तिको स्रोतका बिच दुरी कायम गरी गराई निजहरूले प्राप्त गरेको सम्पत्तिको स्रोत लुकाउने कार्यहरू निज प्रतिवादीहरूबाट भएको देखिन्छ। निजहरूले गरेको कार्य सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३(१)(क)(ख)(ग) ले परिभाषा गरे भित्र पर्दछ। यसलाई सरल रुपमा व्यक्त गर्दा प्रतिवादीहरू ईच्छाराज तामाङ, श्रृजना शाक्य तामाङ र केशवलाल श्रेष्ठ समेतले हजारौं निक्षेपकर्ताहरूले सहकारीमा जम्मा गरेको रकम (इलिसिट अरिजिन) सहकारीको नीति, नियम विपरित निजी स्वार्थको प्रयोजनार्थ प्रतिवादीहरूले आफ्नो तथा आफ्नो परिवारको अन्य सदस्यहरूको नाममा घर जग्गा निजहरूको नामा बैंक खातामा रकम जम्मा र बिभिन्न कम्पनीको सेयर खरिद गरेको (लुकाउने वा छल्ने) र आफ्नो परिवारसँग अंश बण्डा गरी प्रतिवादीहरूले निजहरूको परिवारको नाममा अंश बण्डाबाट प्राप्त गरेको देखाई आफूहरूले प्राप्त गरेको स्रोतका बिच दुरी कायम गरेको देखिन्छ।

६२. सम्पत्ति शुद्धीकरण निवारणको प्रयोजनार्थ मुल अपराधलाई predicate offence भनिन्छ। predicate offence भन्नाले ती अपराध जसले गर्छन् र त्यो value gain (ill gotten gains) laundering हुने संभाब्यता हुन्छ। predicate offence बाट जुन परिणाम श्रृजना हुन्छ, यसलाई value gain or illicit origin को रुपमा पनि बुझिन्छ। यस्तो proceeds को सोझै उपयोग गर्न सक्ने अवस्था रहँदैन। बैंक तथा वित्तीय संस्थासँग कारोबार गर्दा स्रोत खुलाउनुपर्ने हुन्छ। अन्यथा सीमा कारोबार र शङ्कास्पद कारोबारको reporting भई सहजै राज्यले कानूनको दायरामा ल्याउन सक्ने हुन्छ। real estate, precious metal, casino आदिमा लगानी गर्दा ती क्षेत्रहरू **(**Designated non financial business profession) **ले समेत शङ्कास्पद रिपोर्टिङ वित्तीय जानकारी** इकाईमा गर्नुपर्ने लगायतका व्यवस्थाका कारण illicit origin लुकाउनका लागि अपराधकर्ताले आफू अनुकुलका कृत्रिम उपायहरू अवलम्बन गरी illicit origin

२ नेपाल सरकार वि. दावा टासी लामाने.का.प २०७७, अंक ११, निर्णय नं.९४९९

लुकाउने, छल्ने, रुपान्तरण, स्थानान्तरण गर्ने, सही प्रकृति, स्रोत, कारोबार, निःसर्ग, स्थान, अधिकार र स्वामित्व छल्ने कार्यहरू गर्दै सम्पत्ति शुद्धीकरणको कसुर अपराध गर्ने गरेको पाईन्छ। प्रस्तुत मुद्दामा प्रतिवादीहरूले यिनै उल्लिखित मापदण्ड अन्तर्गत कृत्रिम उपायहरू अबलम्बन गरी सम्पत्ति शुद्धीकरणको कसुर गरेको देखिन आउँछ।

६३. सम्पत्ति शुद्धीकरण निवारणलाई सबै आयामबाट पूर्णता प्रदान गर्नका लागि सूचक संस्थाहरूले सीमा कारोबार रकम र शङ्कास्पद कारोबारको प्रतिवेदन वित्तीय जानकारी इकाईलाई दिनुपर्ने कानूनी व्यवस्था भएको हो। यस्तो व्यवस्थाबाट मूलतः दुई कुराको अपेक्षा गरिएको हुन्छ। एउटा कारोबारको अंश अंशमा र समुच्चरुपमा सम्पत्ति शुद्धीकरणको कसुरको संवेदनशीलता र जोखिमका हिसाबले कारोबार उपर निगरानी मार्फत कसुरको विश्लेषण गरी कानूनको दायरामा ल्याउनु, र अर्को कालो धनको प्रवेशलाई कुनै पनि हिसाबले वित्तीय प्रणालीमा प्रवेश हुनबाट रोक लगाउनु। यही कारोबार रकमको सीमा छल गर्न तथा शङ्कास्पद कारोबारको रिपोर्टिङ हुन नदिने बदनियतले अपराधकर्ताले Illicit origin लुकाउन, छल्न, रूपान्तरण गर्न, हस्तान्तरण गर्न bulk cash smuggling जस्ता विधि अपनाउने गर्दछन्। जसबाट illicit origin को सही प्रकृति, स्रोत, स्थान, निःसर्ग, कारोबार, स्वामित्व वा सो उपरको अधिकार लुकी आपराधिक आयको शुद्धीकरण हुन जान्छ। यो नै सम्पत्ति शुद्धीकरणको कसुर अपराध हो।

६४. यो वास्तवमा सम्पत्ति शुद्धीकरण अपराधको पनि नतिजा हो, जुन monetary value सृजना गर्ने आर्थिक अपराधहरूबाट हासिल भएको proceed को व्यवस्थापनका लागि गरिन्छ। सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को व्यवस्था निषेधित कार्यसँग सम्बन्धित छ। जस्तो कि रूपान्तरण, हस्तान्तरण, स्थानान्तरण, (ख) को व्यवस्था proceeds को वित्तीय कारोबार एवम् व्यवस्थापन गर्ने कार्यलाई निषेध गर्नसँग सम्बन्धित छ भने (ग) को व्यवस्था लाभ हासिल गर्ने कार्यलाई निषेध गर्नसँग सम्बन्धित रहेको देखिन्छ।

६५. यसबाट प्रतिवादीहरूले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरीङ्ग) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (श) अनुसारको सम्बद्ध कसुर ठगी सम्बन्धी कसुर तथा सगँठित अपराध गरी आफू आवद्ध रहेको सिभिल सेभिङ एण्ड क्रेडिट सहकारी लि.मा सर्वसाधारण जनताले जम्मा गरेको निक्षेप रकम विभिन्न कम्पनीहरू तथा आफू तथा एकासगोल परिवारका सदस्यहरूको खाताहरूमा रकमान्तर गरी ठगी तथा हिनामिना गरी आफू तथा एकासगोल परिवारको नाममा विभिन्न व्यवसाय तथा निजी सम्पत्तिमा लगानी गरी गराई सोही ऐनको दफा २ खण्ड (ज) समेतको कार्य गरेको देखिंदा उक्त कसुरबाट प्राप्त त्यस्तो सम्पत्तिबाट आफ्नो तथा अन्य सदस्यको नाममा बढे बढाएको तथा सम्पत्ति शुद्धीकरण गर्न सहजीकरण गर्न सहभागिता समेत गरी सम्पत्ति शुद्धीकरण (Money Laundering) गरेको सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४ को दफा ३(१) ले निषेध गरेका कार्यहरू निज प्रतिवादीहरूले गरी गराई सम्पत्ति, लगानी तथा साधनलाई शुद्धीकरण गरी स्रोत नखुलेको सम्पत्तिसमेत आर्जन गरेको देखिन्छ।

६६. अतः प्रतिवादीहरू इच्छाराज तामाङ र केशवलाल श्रेष्ठले कसुरबाट आर्जित सम्पत्तिको गैरकानूनी स्रोत लुकाउने, छल्ने, हस्तान्तरण र रुपान्तरण समेतका कानूनद्वारा निषेधित कार्यहरू गरी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को खण्ड (क) र (ख) द्वारा निषेधित कसुर गरेको ठहर्छ। अर्का प्रतिवादी श्रृजना शाक्य तामाङको हकमा कसुरबाट आर्जित सम्पत्ति हो भन्ने जानी जानी त्यस्तो सम्पत्ति प्राप्त गरी प्रयोग र धारणसमेत गरेको अवस्था देखिंदा निज प्रतिवादीले उल्लिखित ऐनको दफा ३ को खण्ड (ग) को कसुर गरेको ठहर्छ। तसर्थ, निज प्रतिवादीहरूलाई उक्त कसुरमा हुन सक्ने सजाय निर्धारण गर्न फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ८ र ९ को प्रयोजनार्थ मिति २०८०/१०/२१ मा पेसी तोकी सो अगावै दुवै पक्षका कानून व्यवसायीबाट सजाय पूर्वको प्रतिवेदन लिई नियमानुसार पेस गर्नु भनी यस इजलासबाट मिति २०८०/१०/०७ मा कसुर ठहर आदेश भएको छ।

६७. सो आदेशानुसार वादी पक्षबाट विद्वान् उपन्यायाधिवक्ता श्री श्रीधर अर्यालले र प्रतिवादी पक्षबाट विद्वान् वरिष्ठ अधिवक्ता

श्री शिव प्रसाद रिजाल र विद्वान् अधिवक्ता श्री हेमराज पोखरेल उपाध्यायले पेस गर्नु भएको मिति २०८०।१०।१९ को सजायपूर्वको प्रतिवेदन मिसिल सामेल रहेको छ।

ख **सजाय निर्धारण खण्ड**

६८. यस अदालतको मिति २०८०/१०/०७ को कसुर निर्धारण आदेशानुसार फौजदारी कसुर (सजाय निर्धाण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ८ र ९ बमोजिम पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री श्रीधर अर्यालले निज प्रतिवादीहरूलाई हदै सम्मको सजाय गरी पाउँ भनी प्रस्तुत गर्नुभएको बहस र प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री शिवप्रसाद रिजाल र विद्वान् अधिवक्ता श्री हेमराज पोखरेल उपाध्यायले न्युनतम सजाय होस भनी गर्नुभएको बहस सुनियो। त्यस्तै वादी पक्षको तर्फबाट विशेष सरकारी वकील कार्यालयबाट तथा प्रतिवादी पक्षबाट विद्वान् वरिष्ठ अधिवक्ता र विद्वान् अधिवक्ताले पेस गर्नु भएको सजायपूर्वको प्रतिवेदन सहित मिसिल अध्ययन गर्दा प्रतिवादीहरू ***इच्छाराज तामाङ, केशवलाल श्रेष्ठ र श्रृजना शाक्य तामाङलाई ठहर भएको कसुर र आरोपदाबी बमोजिम के कति सजाय हुने हो ?*** भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

६९. प्रस्तुत मुद्दामा अन्य फौजदारी मुद्दाहरूमा सजाय निर्धारण गर्दा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १३, १४, १५ तथा मुलुकी अपराध संहिता, २०७४ को दफा ३८ र ३९ को कानूनी व्यवस्थाहरू र सर्वोच्च अदालतबाट जारी सजाय निर्धारण सम्बन्धी मार्गदर्शन, २०७५ समेतलाई मध्यनजर गरी सजाय निर्धारण गर्नुपर्ने देखिन्छ। कसुरको गम्भीरता बढी भए अधिकतम सजाय र कसुरको गम्भीरता कम भए न्यूनतम सजाय अर्थात् कसुरदारको दोषको मात्राको अनुपातमा सजाय गर्नुपर्छ भन्ने दण्डको सिद्धान्त रहेको छ। फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १४(ख) मा सजायको उद्देश्य प्राप्त गर्न आवश्यक हुने भन्दा चर्को सजाय हुन नहुने भन्ने कानूनी व्यवस्था पनि रहेको देखिन्छ। सोही ऐनको दफा १५(घ) मा कसुरदारको आचरण र विगतको क्रियाकलाप पनि हेरी सजाय निर्धारण गर्नुपर्ने भन्ने देखिन्छ। दफा १४(ङ) मा कसुरको अनुपातमा अन्य सजाय नै पर्याप्त हुने देखिएमा कैद सजाय नगर्ने भन्ने कानूनी व्यवस्थासमेत रहेको स्थितिमा कसुरदारलाई आफ्नो कार्यप्रति पश्चाताप बोध गराउने गरी कसुरको गम्भीरताका आधारमा कसुरको मात्रा अनुसार आवश्यक हुने भन्दा चर्को सजाय गर्दैमा मात्र दण्डको उद्देश्य परिपूर्ति हुने पनि देखिंदैन। कसुरदार ठहरिएका प्रतिवादीहरू कसुरको महत्वपूर्ण भूमिकामा रहेको देखिंदा कसुरको गम्भीरता बढ्ने दखियो।

७०. उल्लिखित आधार र कारणसमेतबाट प्रतिवादी इच्छाराज तामाङको हकमा यस इजलासबाट मिति २०८०।१०।०७ मा सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको कसुर ठहर भई नै सकेको छ। उक्त तथ्यलाई मध्यनजर गरी सजाय निर्धारण प्रयोजनार्थ आज यस इजलासमा पेस भएको प्रस्तुत मुद्दामा उक्त उल्लिखित ऐनको तत्काल प्रचलित कानूनी व्यवस्था र कसुरको निरन्तरता रहेको स्थिति भई हाल प्रचलित कानूनी व्यवस्थासमेतलाई मध्यनजर राखी सजाय मागदाबी गरिएको देखिन्छ।

७१. प्रस्तुत मुद्दामा अभियोजनपक्षले आरोपदाबीमा सबै प्रतिवादीहरूको बिगोसमेत जोडी प्रतिवादी इच्छाराज तामाङ उपर बिगो कायम गरेको देखियो। अन्य प्रतिवादीलाई दाबी गरिएको बिगो दोहोरो पर्ने गरी यी प्रतिवादी इच्छाराज तामाङलाई समेत दाबी गरिनु न्यायोचित हुँदैन। जसले जति बिगो बरारबको रकमको कसुर गरेको हो उसलाई त्यतिनै बिगो कायम गर्नु न्यायोचित हुन्छ। अरु प्रतिवादीहरूको बिगो निजहरूबाटै कायम हुने न हुने कुरा प्रति व्यक्ति प्रति कसुरको आधारमा निर्धारण हुने हुन्छ। अरु प्रतिवादीहरूको उक्त बिगो निज उपर दायित्व थुपार्न मिल्ने देखिएन। निजले सम्पत्ति शुद्धिकरणको कसुर गरेको सम्म बिगो कायम गर्न उचित देखिन्छ। यस अवस्थामा निज प्रतिवादी इच्छाराज तामाङले गरेको सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा तत्काल प्रचलित सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) ऐन, २०६४ को दफा ३० (१) (क) बमोजिम बिगो रू.१,७२,४४,५९,०९७।७५ (एक अर्ब बहत्तर करोड

चौआलिस लाख उनन्साठी हजार सन्तानब्बे रूपैंया पचहत्तर पैसा) बराबरको सम्पत्ति शुद्धीकरण गरेको पुष्टि हुन आएकोले सोही बिगो बमोजिम रू.१,७२,४४,५९,०९७।७५ जरिबाना र ३ (तीन) वर्ष कैद सजाय हुने ठहर्छ।

७२. अर्का प्रतिवादी श्रृजना शाक्य तामाङको हकमा निज प्रतिवादीले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम कसुर गरेको ठहर भएको हुँदा निज प्रतिवादीलाई अभियोग मागदाबीमा उल्लिखित तत्काल प्रचलित उक्त ऐनको दफा ३० (१) (क) बमोजिम बिगो रू.१,०३,५४,४३,४८७।१० बराबरको कसुरजन्य सम्पत्ति प्राप्त गरी प्रयोग र धारणसमेत गरेको देखिँदा सोही बिगोबमोजिम रू.१,०३,५४,४३,७८७।१०(एक अर्ब तीन करोड चौवन्न लाख त्रिचालिस हजार सात सय सतासी रुपैंया दस पैसा) जरिबाना र १(एक) वर्ष ६(छ) महिना कैद सजाय हुने ठहर्छ।

७३. प्रतिवादी केशवलाल श्रेष्ठको हकमा हेर्दा, निज प्रतिवादीले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम कसुर गरेको ठहर भएको हुँदा निज प्रतिवादीलाई अभियोग दाबीमा उल्लिखित तत्काल प्रचलित उक्त ऐनको दफा ३० (१) (क) बमोजिम शुद्धीकरण गरेको पुष्टि हुन आएकोले सोही बिगोबमोजिम रू.२५,६५,८६,१२४।३७(पच्चीस करोड पैसठ्ठी लाख छयासी हजार एक सय चौविस रुपैंया सैतिस पैसा) जरिबाना र १(एक) वर्ष ६(छ) महिना कैद सजाय हुने ठहर्छ।

७४. प्रस्तुत मुद्दामा अभियोजकबाट प्रतिवादीहरूको नाममा रहेको सम्पत्ति जफतको मागदाबी गरिएको परिप्रेक्ष्यमा पनि केही महत्वपूर्ण विचारणीय पक्षहरू रहेका छन्। यस मुद्धामा संगठित रुपमा गरिएको भनिएको सम्बद्ध कसुर सहकारी ठगीका पीडितहरूको निक्षेप रकम पीडितहरूलाई फिर्ता गरिनु पर्ने भन्ने विषय पनि बहस छलफलको दैरानमा पीडितको तर्फबाट उपस्थित विद्वान्हरूबाट टड्कारो रुपमा उठाइएको पाइन्छ। अभियोग दाबीमा अवैध रुपमा आर्जित सम्पत्ति जफत होस भनी माग दाबी गरेको पाइन्छ। यसरी जफत हने सम्पत्ति सरकारको कोषमा जम्मा हुन जान्छ। तर जुन अवैध ठहर भएको सम्पत्तिको स्रोत सिभिल सहकारीका सर्वसाधारण निक्षेपकर्ताको बचत रकमबाट परिचालन गरिएको हो भन्ने निष्कर्षमा यो इजलास पुगेको अवस्थामा प्रतिवादीहरूको नाउँमा रहेको सम्पत्तिको वैधता पुष्टि भएको छैन भने सो र त्यसबाट बढेबढाएको सम्पत्ति सिभिल सहकारीका निक्षेपकर्ताको रकम अपचलन गरेर आर्जन गरेको भन्ने तथ्य अकाट्य रुपमा नै स्थापित तथ्य हो। यदि यो सम्पत्तिलाई जफत मात्र गर्ने हो भने सम्पत्तिका मुख्य स्रोत रहेका निक्षेपकर्ताहरूलाई घोर अन्याय हुन जाने देखिन्छ। सम्पत्ति शुद्धीकरणको कसुरमा पीडितको अनुहार हेर्न नमिल्ने तर ठगीको कसुरबाट पीडितको बिगो असुल हुन सक्ने देखिए तापनि सम्बद्ध कसुर ठगीको किनारा लाग्नु अगाडि नै यो मुद्धाको निरुपण भएको विद्यमान परिस्थितिमा पीडितहरूको डुबेको निक्षेप रकमको सुनिश्चितता गरिनु न्यायको दृष्टिमा महत्वपूर्ण हुन जान्छ। सुनुवाईका क्रममा यस इजलासमा सहकारीका पीडितहरू समेत उपस्थित भइ आफ्नो निक्षेप रकमको सुनिश्चितताका लागि याचना गरेको पाइन्छ।

७५. तसर्थ जब पीडितलाई उनीहरूको बिगो रकम भरिभराउका लागि उचित अवसर दिइन्छ, तब मात्र समाजमा न्याय र समानता कायम हुन जान्छ। यसले न केवल पीडितलाई मद्दत गर्छ, तर समग्रमा समाजको विश्वास र सहानुभूति पनि निर्माण गर्दछ। न्यायको यो प्रक्रिया भनेको मात्र कानूनी प्रक्रिया नभएर मानवता र करुणाको पनि अंश हो। व्यक्तिको अगाडि राज्य आफै पनि शक्तिशाली हुने भएकोले आफ्ना नागरिकको डुबेको रकम **असुल उपर नहुने गरी जफती रकमबाट राज्यले नाफा प्राप्त गर्ने अभिलाषा राख्नु न्यायोचित हुँदैन।** जफती रकमको उद्देश्य त पीडितलाई न्याय र राहत पुर्‍याउनु हो। यदि राज्यले यसलाई नाफामा परिवर्तन गर्छ भने, त्यसले पीडितको दुःख र पीडालाई थप गहिर्‍याउँछ। यसो गर्दा राज्यले सामाजिक उत्तरदायित्वलाई बिर्सने जोखिम उठाउँछ। न्यायको प्रक्रिया यति संवेदनशील र महत्त्वपूर्ण हुनु आवश्यक छ र यसमा आर्थिक स्वार्थको खेल हुनु हुँदैन। यदि पीडितको बिगो भराउन पाउने अधिकारमा बन्देज लाग्ने गरी सिधै जफत गर्दिने हो भने सरकारको उद्देश्य र कार्यप्रति नागरिकहरूको विश्वास घट्न जान्छ, जसले दीर्घकालीन सामाजिक समस्याहरू सृजना गर्न सक्छ। पीडितलाई आवश्यक सहयोग र मुआब्जा

नदिई, मात्र सरकारको लाभमा ध्यान केन्द्रित गर्नु तिनका समस्याहरूलाई हल गर्नमा अवरोध श्रृजना गर्नु हो। आफ्नो निक्षेप रकम फिर्ता पाउनु निक्षेपकर्ताको अधिकारको हो। सारांशमा, जफती रकमको उचित र न्यायपूर्ण प्रयोगमा ध्यान दिनु अत्यन्त महत्वपूर्ण छ, जसले समग्र समाजमा न्याय र समानता स्थापना गर्न मद्दत गर्दछ।

७६. यस परिप्रेक्ष्यमा संविधानले नै अपराध पीडितको हक सुरक्षित गरेको छ। नेपालको संविधानको धारा २१ को उपधारा (२) मा अपराध पीडितलाई कानून बमोजिम समाजिक पुनःस्थापना र क्षतिपुर्ति सहितको न्याय पाउने हक हुने छ भनी उल्लेख गरेको देखिंदा यस मुद्दाका पीडितहरूको क्षतिपूर्ति पाउने अधिकार संविधानले नै प्रत्याभूत गरेको छ। त्यस्तै *UN General Assembly Resolution 60/147, the Basic Principles and Guidelines on the Right to a Remedy and Reparation for Victims of Gross Violations of International Human Rights Law and Serious Violations of International Humanitarian Law को धारा १५ मा Restitution should, whenever possible, restore the victim to the original situation before the gross violations of international human rights law or serious violations of international humanitarian law occurred. Restitution includes, as appropriate: restoration of liberty, enjoyment of human rights, identity, family life and citizenship, return to one's place of residence, restoration of employment and return of property. भनी रहेकोले पीडितको आफ्नो निक्षेप फिर्ता पाउने अधिकार रहनेछ भनी (Victimology) पीडितशास्त्रको विधिशास्त्रिय मान्यताको आधारममा समेत पीडितको निक्षेप भराउने कार्यले पहिलो प्राथमिकता पाउँदछ।*

७७. तसर्थ माथि उल्लिखित प्रतिवादीहरू इच्छाराज तामाङ, श्रृजना शाक्य तामाङ, केशवलाल श्रेष्ठ र प्रतिवादीहरू मीना कुमारी श्रेष्ठ, प्रतिक्षा तामाङ र प्रतिष्ठा तामाङको नाउँमा रहेको सम्पत्तिहरू अभियोगपत्रमा उल्लिखित ऐनको दफा ३४ को उपदफा (१) र सोही ऐनको दफा २८ को उपदफा (२) बमोजिम जफतको मागदाबी लिइएकोमा यिनै प्रतिवादीहरू समेत उपर यसै मुद्दासँग सम्बन्धित सम्वद्ध कसुर (predicate crime) भएको भनी वादी नेपाल सरकारको तर्फबाट दायर भएको ठगी मुद्दा काठमाडौं जिल्ला अदालतमा विचाराधीन रहेको देखिन्छ। उपर्युक्त मुद्दामा यी प्रतिवादीहरू उपर ठगीको कसुर ठहर भएमा पीडितको बिगो भरिभराउ गर्ने कार्यले नै प्राथमिकता पाउनु न्यायोचित हुन्छ। सो मुद्दाको फैसला भएमा पनि प्रचलित कानूनको व्यवस्थाअनुसार कानूनबमोजिम हुने नै हुँदा प्रस्तुत मुद्दामा सम्पत्ति शुद्धीकरणको कसुर ठहर भएको सम्पत्तिहरू पीडितहरूको बिगो असुल उपर भई बाँकी रहन आएमा माथि उल्लिखित ऐनको दफा २८ (२) बमोजिम जफत हुने ठहर्छ। अरुमा तपसिलबमोजिम गर्नू।

**सदस्य** **सदस्य** **अध्यक्ष**

**फैसला तयार गर्न सहयोग पुऱ्याउनेः**
*इजलास अधिकृतः सागर भण्डारी*
*क.अः कल्पना पराजुली*
**इति संवत् २०८० साल माघ महिना २१ गते रोज १ शुभम्...........................................................।**

श्री
विशेष अदालत काठमाडौं
(इजलास)
अध्यक्ष माननीय श्री टेकनारायण कुँवर
सदस्य माननीय श्री राम बहादुर थापा
सदस्य माननीय श्री मुरारीबाबु श्रेष्ठ
फैसला
मुद्दा नं.: ०७९-CR-००३२
दर्ता मितिः २०७९/०६/०६
कसुर ठहर मितिः २०८०/१२/०७
कसुर ठहर नि.नं.: २३२
सजाय निर्धारण मितिः २०८०/१२/१५
सजाय निर्धारण नं.: २१

मुद्दाः सम्पत्ति शुद्धीकरण ।

**वादी** : सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको तर्फबाट अधिकारप्राप्त अनुसन्धान अधिकृत गीता घिमिरेको अनुसन्धान प्रतिवेदन एवं विशेष सरकारी वकील कार्यालय काठमाडौंको निर्णय समेतले नेपाल सरकार।

**विरुद्ध**

**प्रतिवादी** : गुदर यादवको नाति, दुखी यादवको छोरा सिराहा जिल्ला, साविक हकपारा गा.वि.स. वडा नं. ८ वतन भई हाल ऐ. सिराहा नगरपालिका वडा नं. २२ मा वतन भई हाल ऐ. ऐ. वडा नं. ७ क्याम्पस चोकमा बसोबास गर्ने बर्ष ४३ को **शिवनाथ यादव**, सम्पर्क नं ९८४२९१९३९५, ९८११७३७९८ समेत।

कसुर निर्धारण खण्ड

१. विशेष अदालत नियमावली, २०८० नियम ४३ र ४४ बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णायार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा प्रतिवादी उपरको अभियोगदाबी तथा मिसिल संलग्न प्रमाण कागजातहरूको अध्ययन गरियो।

२. वादी नेपाल सरकारका तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालयका विद्वान् उप न्यायाधिवक्ता श्री श्रीधर अर्यालले प्रतिवादी विश्वनाथ यादबको साथबाट रकम बरामद भएको अवस्था छ। सो रकम सुन तस्करी जस्तो सम्बद्ध कसुरबाट आर्जित रकमको धारण गरी सम्पत्ती शुद्धीकरण गरेको हुँदा निज प्रतिवादीहरूलाई अभियोगदाबी बमोजिम कसुर कायम गरी सजाय गरिपाउँ भनी गर्नुभएको तर्कपूर्ण बहस सुनियो।

३. यसैगरी प्रतिवादी विश्वनाथ यादवको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री गुरुप्रसाद पोखरेल र श्री अजय शंकर झा"रुपेस"ले निज प्रतिवादीबाट बरामद भएको रकम जग्गा बैनाबापतको रकम फिर्ता दिन जाँदै गरेका बखत पक्राउ परेको रकम हो। बरामद भएको रकम सुन तस्करीबाट आर्जन गरेको रकम होला भनी अनुमानको आधारमा प्रस्तुत मुद्दाको अभियोग दायर भएको देखिन्छ। उक्त रकम अवैध सुन तस्करी कसुरबाट आर्जित रकम होइन। निज विरुद्ध सम्बद्ध कसुरमा मुद्दा चलेको वा विचाराधिन रहेको वा चल्ने अवस्था समेत छैन। सम्बद्ध कसुरबाट आर्जित रकम रहेछ भने मात्र सम्पत्ति शुद्धीकरणको अभियोग पुष्टि हुन्छ। अन्यथा सम्पत्ति शुद्धीकरणको कसुर स्थापित हुन सक्दैन।

तसर्थ निज प्रतिवादी निर्दोष रहेको हुँदा निजलाई अभियोगदाबीबाट सफाइ दिलाई पाउँ भनी गर्नुभएको तर्कपूर्ण बहस सुनियो।

४. यसैगरी अर्का प्रतिवादी सुभाष कुमार श्रेष्ठको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री प्रभाकर श्रेष्ठले बरामद भएको रकमका सम्बन्धमा यी प्रतिवादी उपर सम्बद्ध कसुर मुद्दा चलेको छैन भन्ने राजस्व अनुसन्धान विभागको पत्रबाट प्रष्ट हुन्छ। सम्बद्ध कसुर नै नगरेको अवस्थामा निजले सुन तस्करी गरे होलान भनी प्रतिवादी शिवनाथ यादवबाट बरामद भएको रकमको विषयमा प्रस्तुत मुद्दा चलाईएको छ। अभियोगबमोजिमको कसुरमा निज प्रतिवादीको कुनै पनि संलग्नता छैन। निज प्रतिवादी निर्दोष रहेकोले निजलाई सफाइ दिलाई पाउँ भनी गर्नु भएको तर्कपूर्ण बहस सुनियो।

५. **अभियोग तर्फ हेर्दा, प्रतिवादी शिवनाथ यादवका हकमाः** यी प्रतिवादीले भन्सार ऐन, २०६४ को दफा ३ तथा ५७ विपरीतको कसुर अपराध गरी प्राप्त गरेको सम्पत्तिको गैरकानूनी स्रोतको नगदै स्थानान्तरण भारतबाट नेपाल तर्फ गरी गराई कसुरजन्य रकम सहित पक्राउमा परी आएको र मिसिल संलग्न बरामदी मुचुल्कालाई अन्यथा हो भन्न सकेको नदेखिएको लगायतका आधारहरू समेतबाट प्रतिवादी सुभाष कुमार श्रेष्ठको मिलेमतोमा सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (क),(ख) र (ग) ले निषेधित कार्य गरी गराई ऐ. उपदफा (३) को सम्पत्ति शुद्धीकरणको कसुर अपराध गरेको तथ्य पुष्टि हुन आएको देखिँदा यी प्रतिवादी शिवनाथ यादवलाई सम्पत्ति बिगो रु.३१,८९,०००।-(एकतीस लाख उनानब्बे हजार रुपैयाँ) कायम गरी सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) बमोजिम बिगोको दोब्बर जरिबाना र कसुरको गाम्भीर्यताको आधारमा कैद सजाय समेत गरी निजबाट बरामद भई हाल कोष तथा लेखा नियन्त्रक कार्यालय ललितपुरको नाउँमा नेपाल बैंक लि. गावाहाल शाखामा रहेको खाता नं. ०१८०२००३०००००५१ नम्बरको खातामा जम्मा रहेको रकम रु.३१,८९,०००।- (एकतीस लाख उनानब्बे हजार रुपैयाँ) सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३४ को उपदफा (१) को देहाय खण्ड (क) बमोजिम जफत गरी पाउँ भन्ने र **अर्का प्रतिवादी सुभाष कुमार श्रेष्ठका हकमा** यी प्रतिवादीको खातामा पटक-पटक प्रतिवादी शिवनाथ यादवले रकमसमेत जम्मा गरेको अवस्था देखिनुका साथै प्रचलित कानूनको व्यवस्था विपरीत सुनको कारोवारमा संलग्न रही यिनै प्रतिवादीबाट प्राप्त गरेको सुन बिक्री गरी प्राप्त रकम भारतबाट नेपाल तर्फ लिई आउँदाको अवस्थामा अर्का प्रतिवादी शिवनाथ यादव पक्राउ परेको देखिँदा यी प्रतिवादीले मिलेमतो गरी प्रतिवादी शिवनाथ यादवलाई सम्पत्तिको गैरकानूनी स्रोतको प्राप्ति गर्नमा सहयोग गरेको देखिई यी प्रतिवादीले सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (क),(ख) र (ग) ले निषेधित कार्यहरू गरी गराई सम्पत्ति शुद्धीकरणको कसुर अपराध गरेको तथ्य पुष्टि हुन आएको देखिँदा यी प्रतिवादी सुभाष कुमार श्रेष्ठलाई बिगो रु.३१,८९,०००।- (एकतिस लाख उनानब्बे हजार रुपैयाँ) कायम गरी सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) बमोजिम बिगोको दोब्बर जरिबाना र कसुरको मात्रा अनुसार कैद सजाय गरी पाउँ भन्ने अभियोगदाबी लिई प्रस्तुत मुद्दा दायर हुन आएको देखियो।

६. मुद्दाका दुवै पक्षबाट प्रस्तुत भएका तर्कपूर्ण बहस जिकिर समेतलाई दृष्टिगत गरी मिसिल कागजात प्रमाणहरूको समेत अध्ययन गरी प्रस्तुत मुद्दामा प्रतिवादीहरूले आरोपदाबी अनुसारको कसुर गरेको देखिन्छ वा देखिदैन ? कसुर गरेको देखिए निज प्रतिवादीहरूलाई के कस्तो सजाय हुन सक्ने हो ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

७. अब, न्याय निरुपणार्थ विचार गर्दा निज प्रतिवादीहरू उपर सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को खण्ड (क) (ख) र (ग) को प्रतिकुल कार्य गरी दफा ३ को उपदफा (३) बमोजिमको कसुर गरी कसुर गरेको भन्ने अभियोगदाबी रहेको देखियो। तसर्थ सम्पत्ति शुद्धीकरणको सम्बन्धमा भएका विधिशास्त्रको विकास तथा सोको अन्तरनिहित मूल्य र मान्यता, अदालती अभ्यास, विद्यमान कानूनी संरचना तथा सोको विधायिकी मनसायका सम्बन्धमा विवेचना गर्नु बाञ्छनीय हुने देखियो।

८. सम्पत्ति शुद्धीकरणको परिभाषा सर्वप्रथम Vienna मा भएको United Nations convention against illicit traffic in Narcotic Drugs and Psychotropic Substance, 1988 ले गरेको देखिन्छ। नेपाल सो convention को पक्ष राष्ट्र रहेको

र उक्त Convention ले "Conversion or transfer of property, for the propose of concealing or disguising the illicit origin of property or assisting any person who is involved in to the commission of such on offence or offences to evade the legal consequences of this action."[1] अर्थात सम्पत्तिको वास्तविक स्रोत लुकाउने वा छिपाउने उदेश्यले त्यस्तो सम्पत्तिको रुपान्तरण वा स्वरुप परिवर्तन गर्ने कार्य वा त्यस्तो कार्यलाई सहयोग गर्ने कार्यलाई सम्पत्ति शुद्धीकरणको कसुर मानिन्छ। कुनै सम्पत्ति कुनै कसुरबाट आर्जित सम्पत्ति हो भन्ने ज्ञात हुँदा हुँदै सो सम्पत्तिको गैरकानूनी स्रोत लुकाउने वा छल्ने वा यस्ता कसुरमा संलग्न व्यक्तिलाई कानूनी कारबाहीबाट बचाउने वा बचाउने उद्देश्यले त्यस्तो सम्पत्तिको रुपान्तरण तथा हस्तान्तरण गर्ने कार्यलाई सम्पत्ति शुद्धीकरणको गर्ने कार्य गरेको मानिन्छ भन्ने उल्लेख भएको देखिन्छ।

९. सो पश्चात Italy को Palermo, मा सन् 12-15 December 2000 मा भएको र 29 September 2003 देखि लागू भएको UN Palermo Convention अर्थात United Nations Convention Against Transnational Organized Crime and Protols thereto, 2000 ले प्रत्येक सदस्य राष्ट्रले आआफ्नो राष्ट्रिय कानूनको आधारभूत सिद्धान्तको परिधि भित्र रही नियतवस गरिने निम्न लिखित कार्यलाई सम्पत्ति शुद्धीकरणको कसुर मानिने भनी मापदण्ड निर्धारण गरेको देखिन्छ। सो महासन्धीको धारा ले Criminalization of the loundring of proceeds of crime अन्तरगत 1. Each State Party shall adopt, in accordance with fundamental principles of its domestic law, such legislative and other measures as may be necessary to establish as criminal offences, when committed intentally (a) (i)The conversion or transfer of property, knowing that such property is the proceeds of crime, for the purpose of concealing or disguising the illicit origin of the property or of helping any person who is involved in the commission of the predicate offence to evade the legal consequences of his or her action,(ii) The concealment or disguise of the nature, source, location, disposition, movement or ownership of or gights with respect to property, knowing that such property is preoceeds of crime, (b) Subject to the basic concepts of its legal system: (i) The Acquisition, possession or use of property, knowing, at the time of receipt, that such property is the proceeds of crime,(ii) Participation in, association with or conspireacy to commit, attempts to commit and aiding, abetting, facilitating and counselling the commission of any of the offences established in accordance with this article.[2] अर्थात (क) कुनै पनि सम्पत्ति कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने अवगत हुँदा हुदै त्यस्तो सम्पत्तिको गैरकानूनी स्रोत लुकाउने वा छल्ने वा सम्बद्ध कसुरमा संलग्न व्यक्तिलाई कानूनी कारबाहीबाट बचाउने उदेश्यले सम्पत्ति रुपान्तरण वा हस्तान्तरण गर्ने कार्य, (ख) कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने अवगत हुँदा हुदै त्यस्तो सम्पत्तिको वास्तविक प्रकृति, स्रोत, स्थान, निःसर्ग कारोबार स्वामित्व वा सो सम्पत्ति उपरको अधिकार लुकाउने वा छल्ने कार्य, (ग) सम्पत्ति प्राप्त गर्दाका बखत त्यस्तो सम्पत्ति कसुरबाट आर्जित सम्पत्ति हो भन्ने अवगत हुँदा हुँदै त्यस्तो सम्पत्ति प्राप्त गर्ने, भोग गर्ने, वा प्रयोग गर्ने कार्य, (घ) यस धाराबमोजिम कसुर मानिने कुनै कार्यमा सहभागि हुने, त्यस्तो कार्यमा संलग्न हुने, त्यस्तो कार्यमा आबद्ध हुने वा त्यस्तो कार्यको षडयन्त्र गर्ने वा त्यस्तो कार्यमा मद्दत गर्ने, दुरुत्साहन गर्ने, सहजीकरण गर्ने र सल्लाह दिने कार्य समेत कसुर हुने भनी उल्लेख गरेको देखिन्छ।

१०. सोको अतिरिक्त United Nations Convention Against Corruption, 2003 ले पनि सम्पत्ति शुद्धीकरणको परिभाषा गरेको देखिन्छ। जस अनुसार 1. Each State Party shall adopt, in accordance with fundamental principles of its domestic law, such legislative and other measures as may be necessary to establish as criminal offences, when committed

1 Article 3.1.b of United Nations convention against illicit traffic in Narcotic Drugs and Psychotropic Substance, 1988. https://www.unodc.org/pdf/convention_1988_en.pdf, Visit Date : 20th March, 2024.

2 Article 6 of United Nation Convention Against Transnational Organized Crime and Protocols thereto,2000, https://www.unodc.org/documents/treaties/UNTOC/Publications/TOC%20Convention/TOCebook-e.pdf Visit Date: 20th March, 2024.

intentionally:Article 23. Laundering of proceeds of crime: (a) (i) The conversion or transfer of property, knowing that such property is the proceeds of crime, for the purpose of concealing or disguising the illicit origin of the property or of helping any person who is involved in the commission of the predicate offence to evade the legal consequences of his or her action; (ii) The concealment or disguise of the true nature, source, location, disposition, movement or ownership of or rights with respect to property, knowing that such property is the proceeds of crime; (b) Subject to the basic concepts of its legal system: (i) The acquisition, possession or use of property, knowing, at the time of receipt, that such property is the proceeds of crime; (ii) Participation in, association with or conspiracy to commit, attempts to commit and aiding, abetting, facilitating and counselling the commission of any of the offences established in accordance with this article.[3]अर्थात अपराधको आम्दानीलाई शुद्धीकरण (Laundering of proceeds of crime) प्रक्रियाको सम्बन्धमा १. प्रत्येक राज्य पक्षले आफ्नो आन्तरिक कानूनका मौलिक सिद्धान्तहरूको अनुरूप यस्तो कानूनी र अन्य उपायहरू अवलम्बन गर्नेछ जुन आवश्यक आपराधिक कार्यको रूपमा स्थापित गर्न आवश्यक हुन्छ, जब ती कार्यहरू जानाजानी गरिएको होः (क) (अ) सम्पत्तिको रूपान्तरण वा स्थानान्तरण, जब यो थाहा छ कि उक्त सम्पत्ति अपराधबाट आर्जित हो, सो सम्पत्तिको अवैध उत्पत्तिलाई लुकाउन वा ढाकछोप गर्न वा प्रारम्भिक अपराधमा संलग्न कुनै व्यक्तिलाई आफ्नो कार्यको कानूनी परिणामबाट जोगिन सहयोग पुर्‍याउने उद्देश्यले गरिएको हो भने;(आ) सम्पत्तिको वास्तविक प्रकृति, स्रोत, स्थान, स्थानान्तरण, हकदाबी, स्वामित्व वा अधिकारहरूलाई लुकाउने वा ढाकछोप गर्ने कार्य, जब थाहा छ कि उक्त सम्पत्ति अपराधबाट आर्जित हो भने;(ख) आफ्नो कानूनी प्रणालीका आधारभूत अवधारणाहरूको अधीनमाः(अ) सम्पत्तिको अधिग्रहण, स्वामित्व वा प्रयोग, जब उक्त सम्पत्ति प्राप्त गर्दा थाहा छ कि यो अपराधबाट आर्जित हो भने;(आ) यस अनुच्छेदको अनुसार स्थापित कुनै पनि अपराधमा संलग्नता, सहकार्य, षडयन्त्र, प्रयास, सहयोग, उक्साहट, सुविधा प्रदान गर्नु वा परामर्श दिने कार्यहरूलाई सम्पत्ति शुद्धीकरणको कसुर मान्नुपर्ने हुन्छ।

११. Unitted Nations General Assembly ले राजनैतिक घोषणा Political Declaration पारित गरी United Nations Convention Against Illicit Traffic in Narcotic Drugs and Psychotropic Substance of 1998 को प्रावधान अनुरुप सम्पत्ति शुद्धीकरण निवारण कानून ल्याउने र अन्तर्राष्ट्रिय राष्ट्रिय तथा क्षेत्रीय सहयोग आदान प्रदान गर्ने संकल्प गरेको देखिन्छ। सोही सङ्कल्पबमोजिम United Nations office on Drugs and Crime (UNODC) ले Model Money Laundering of Proceeds of Crime and Terrorist Financing Bill, 2003 ल्याई सम्पत्ति शुद्धीकरण सम्बन्धी कानून निर्माणमा सबै राष्ट्रहरूलाई सहयोग गरेको देखिन्छ। सोहीबमोजिम विश्वका धेरै देशहरूले सम्पत्ति शुद्धीकरण निवारण ऐन सम्बन्धी कानून पारित गरी लागू गरेको देखिन्छ।

१२. सम्पत्ति शुद्धीकरण एउटा यस्तो प्रक्रिया हो, जसबाट कसुरबाट आर्जित सम्पत्तिलाई वैधता दिन कसुरमा संलग्न व्यक्तिले (a) Placement (Moving the funds from direct association with crime), (b) Layering (Disgusing the trait to foil pursuit) and (c) Integration (Making the money available to the crime form what seem to be legitimate sourses) गरेका हुन्छन्। अर्थात **(a) Placement** (अपराधसँग सिधा सम्बन्ध भएका रकम वा सम्पत्तिहरूलाई सार्ने प्रक्रिया)ः अपराधसँग सिधा रूपमा जोडिएका रकमलाई प्रणालीमा प्रविष्ट गराउने प्रक्रिया। **(b) Layering** (पैसाको स्रोत लुकाउने र अनुगमनबाट बच्ने प्रयास)ः पैसाको वास्तविक स्रोत लुकाउन जटिल लेनदेनहरूको प्रयोग गर्ने प्रक्रिया, ताकि अनुसन्धानकर्ताहरूलाई भ्रममा पार्न सकियोस्। **(c) Integration** (अपराधजन्य पैसा देखावटी वैध स्रोतबाट आएकोजस्तो बनाई उपयोग गर्ने प्रक्रिया)ः अवैध रूपमा कमाइएको रकमलाई वैध देखिने स्रोतहरूमार्फत फेरि प्रयोगमा ल्याउने प्रक्रिया, जसले गर्दा त्यो पैसा कानूनी देखियोस भन्ने अभिप्राय देखिन्छ।

3 Article 23 of UN Convention against corruption, 2003, https://www.unodc.org/documents/treaties/UNTOC/Publications/TOC%20Convention/TOCebook-e.pdf, Visit date: 20th March, 2024.

१३. हाम्रो देशले पनि सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ पारित गरी लागु गरेको अवस्था छ। सो ऐनको दफा २ को खण्ड (ज) ले पनि सोही कुरालाई स्थापित गरेको देखिन्छ। "सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुर वा सम्बद्ध कसुरबाट प्रत्यक्ष वा अप्रत्यक्षरुपमा प्राप्त गरेको वा हासिल गरेको जुनसुकै प्रकारको सम्पत्ति सम्झनु पर्छ र सो शब्दले त्यस्तो सम्पत्तिबाट बढे बढाएको अन्य सम्पत्ति वा आर्थिक लाभ वा कुनै पनि तरिकाले आंशिक वा पूर्ण रुपमा हस्तान्तरण वा रुपान्तरण भएको सम्पत्ति वा लाभ समेतलाई जनाउनेछ भनी परिभाषित गरेको देखिन्छ।"[४] उक्त परिभाषाअनुसार पनि सम्बद्ध कसुरबाट आर्जित वा प्राप्त भएको कुनै पनि सम्पत्ति वा सो कसुरबाट आर्जित भएको स्रोत लुकाउन वा छल्न गरिने रुपान्तरण वा हस्तान्तरणलाई सम्पत्ति शुद्धीकरणको कसुर मान्नुपर्ने हुन्छ।

१४. भारतको सर्वोच्च अदालतबाट Bijaya Madanlal *Vs.* Union of India मा "Be it noted that the authority of the authorized officer under the 2002 Act to prosecute any person for offence of money laundering gets triggered only if there exist proceeds of crime within the meaning of section 2(1)(u) of the 2002 Act and further it is involved in any process of activity. Not even in a case of existence of undisclosed income and irrespective of its volume, the definition of "proceeds of crime" under the section 2 (1) (u) will get attracted, unless the property has been derived or obtained as a result of criminal activity relating to a scheduled offence."[5] अर्थात सम्पत्ति शुद्धीकरणको कसुर हुनको लागि त्यस्तो सम्पत्ति कसुरबाट प्राप्त गरेको (Proceeds of crime) देखिनु पर्छ, सूचिकृत कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने पुष्टि नभएसम्म स्रोत नखुलेको जे जित ठूलो रकम बरामद भएपनि कसुरबाट प्राप्त सम्पत्ति (Proceeds of crime) को परिभाषा भित्र पर्दैन भनी व्याख्या विवेचन भएको देखिन्छ। सोही मुद्दामा भारतीय सर्वोच्च अदालतले for the requirement is that not only does a predicate crime need to be committed, it in turn need to generate proceeds of crime and it must also then be projected as untainted property to qualify for the crime of money-laundering भनी थप विवेचनासमेत गरेको देखिन्छ। कसुरबाट प्राप्त सम्पत्ति (Proceeds of Crime) र सम्बद्ध कसुर (Predicate offence) बीचमा परस्पर अनोन्याश्रित सम्बन्ध रहेको देखिनु पर्छ। सम्बद्ध कसुरको विद्यमानता भएर मात्र पर्याप्त हुँदैन त्यस्तो कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने पनि पुष्टि हुनु जरुरी हुन्छ।

१५. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को खण्ड (क) (ख) र (ग) को कसुर स्थापित हुनको निमित्त पहिलो, कसुरजन्य कार्यबाट प्राप्त सम्पत्ति (Proceeds of Crime) हुनु पर्ने हुन्छ। दोस्रो, त्यस्तो सम्पत्ति सम्बद्ध कसुर (Predicate offence) बाट आर्जित भएको देखिनु पर्छ। तेस्रो, कसुरबाट प्राप्त सम्पत्तिको स्रोत नै गैरकानूनी हुँने हुँदा त्यस्तो स्रोत लुकाई सम्पत्तिको रुपान्तरण गर्ने प्रक्रिया गरेको हुनुपर्छ। र चौथो, कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा जानकारी हुँदाहुँदै सम्पत्तिको गैरकानूनी स्रोत लुकाउने वा वैध देखाउन रुपान्तरणको प्रक्रिया अवलम्बन गरेको हुनुपर्छ। सम्पत्ति शुद्धीकरण आफैमा सम्बद्ध कसुर होइन तथापि मूल कसुरको सह उत्पादन (By-Product) को कसुर भने हो। मूल कसुरलाई लुकाई छिपाई त्यसबाट आर्जित सम्पत्तिलाई लुकाउन शुद्धीकरण गरिएको कसुर यस ऐन अन्तरगत पर्दछ। यो एक प्रकारको बहुआयामिक वित्तीय अपराध (Multi-dimensional financial offence)हो। यस्तो कसुरमा मूल कसुर लुकाउने वा छिपाउने हुन सक्छ।

१६. मिति २०७७/०९/२५ गते अपरान्ह १९:३० बजेको समयमा जिल्ला सिरहा, सिरहा नगरपालिका वडा नं. २१ लगडीगोठ स्थित प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा भारतबाट नेपालतर्फ जिल्ला सिरहा, सिरहा न.पा. वडा नं. ०७ बस्ने वर्ष ४३ को शिवनाथ यादवले हातमा झोला बोकी शङ्कास्पद रुपमा आइरहेकोमा प्रहरी टोलीलाई शंका लागी निज शिवनाथ यादवलाई नियन्त्रणमा लिई कानून बमोजिम जीउ शरीर र झोला समेतको खानतलासी गर्दा नेपाली रु.३१,८९,००० (एकतीस लाख उनानब्बे हजार रुपैयाँ) फेला परेको भन्ने बरामदी मुचुल्काबाट देखियो। निज प्रतिवादी शिवनारायण यादवले सो रकम आफ्नो श्रीमतीको नाममा रहेको जग्गा बिक्री बापतको बुझेको बैना रकम

4 सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (ज)

5 Vijay Madanlal Vs. Union of India (July 2022), https://indiankanoon.org/doc/14485072/, Visit date: 20th March, 2024

फिर्ता गर्न जाँदै गर्दा पक्राउ परेको हो भनी अदालत समक्ष बयान गरे तापनि निज प्रतिवादीले अनुसन्धानको क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोग समक्ष मौकामा बयान गर्दा उक्त रकम प्रतिवादी मध्येका सुभाष कुमार श्रेष्ठले काठमाडौंबाट पठाएको सुन भारतको लकडीगोठमा लगी बिक्री गरी सो बापतको रकम लिई घरतर्फ आउदै गर्दा पक्राउ परेको हो (सवाल जवाफ नं.१२) आफूसँग सुनचाँदी बिक्री गर्ने इजाजतपत्र नभएको सो सुन बिक्री गर्दा १७ हजार जती फाइदा हुन्छ। यसमा आफू र सुभाष कुमार श्रेष्ठबाहेकअरु कोही संलग्न छैन (सवाल जवाफ नं.११) केही कमिसन आउने हुनाले सुभाषले भने बमोजिम काम गरेको हुँ (सवाल जवाफ नं. ८) काठमाण्डौ चावहिल बस्ने अन्दाजी ४० वर्षको सुभाष कुमार श्रेष्ठले काठमाडौंबाट सातवटा सुनका बाला आफूले नचिनेका एक जना मान्छेलाई पठाई जनकपुर स्थित भानु चोकमा बस्न भनेबमोजिम सुभाष कुमार श्रेष्ठले फोन गरेपछि सो व्यक्तिबाट सुनका बाला लिई सुभाषले नै भनेबमोजिम सिराहा जिल्ला सिराहा नगर पालिका लगढीगोठ भन्ने ठाउँमा भारतीय नं.बाट फोन गरी आएको व्यक्तिलाई सो सुन हस्तान्तरण गरी निजले दिएको नेपाली रुपैयाँ लिई घरतर्फ आउँदै गर्दा सो स्थान भन्दा केही अगाडि प्रहरीले पक्राउ गरेको हो (सवाल जवाफ नं. ७) भनी बयान गरेको देखियो। प्रतिवादी सुभाष कुमार श्रेष्ठले यस अदालत समक्ष बयान गर्दा आरोपित कसुरमा इन्कार रही बयान गरेको भए तापनि निजले अनुसन्धानको क्रममा बयान गर्दा प्रतिवादी शिवनाथ यादवको अनुसन्धानको बयान समर्थित हुने गरी आफूले २८ तोला सातवटा बाला प्रतिवादी शिवनाथ यादवलाई दिएको हुँ। निजलाई सो सुन निजले पठाएका अपरिचित मानिसलाई फोनमा सम्पर्क भई काठमाडौं गौशालामा भेटेर दिएको हुँ (सवाल जवाफ नं. ७) भनी बयान गरेको देखियो।

१७. प्रतिवादी सुभाष कुमार श्रेष्ठको नाममा सिद्धार्थ बैंक लिमिटेडमा रहेको खाता नं. ०२४१५१९०४८० को बैंक खातामा विभिन्न देहाय बमोजिम प्रतिवादी शिवनाथ यादवले पटक पटक रकम जम्मा गरेको देखिन्छ।

| मिति | कारोबारको विवरण | जम्मा गरेको रकम (रु.) |
|---|---|---|
| १२ फेब्रुअरी,२०१९ | शिवनाथ यादव | ७,९२,९००/- |
| २८ मे, २०१९ | शिवनाथ यादव जम्मा | ५,३५,०००/- |
| ९ जुलाई, २०१९ | शिवनाथ यादव | २,००,०००/- |
| २४ नोभेम्बर, २०१९ | शिवनाथ यादव जम्मा | ३,००,०००/- |
| १२ डिसेम्बर, | शिवनाथ यादव जम्मा | ३,५०,०००/- |
| २० जनवरी, | शिवनाथ यादव जम्मा | २,००,०००/- |
| १० फेब्रुअरी, | शिवनाथ यादव जम्मा | २,००,०००/- |
| १७ फेब्रुअरी, | शिवनाथ यादव जम्मा | ४,८०,०००/- |
| ३ मार्च, | शिवनाथ यादव जम्मा | ४,००,०००/- |
| २९ सेप्टेम्बर, | शिवनाथ यादव जम्मा | ४,००,०००/- |

सो रकम प्रतिवादी शिवनाथ यादवले आफूलाई सुनको कारोबारबापत जम्मा गरेका हुन्। निज र आफू बीच रकम लेनदेन भैरहन्थ्यो। सोही क्रममा आफूले साथीभाइबाट जम्मा पारेको सुन निजलाई दिने गरेको थिए। सो सुन निजले बेचबिखन गरी सो रकम आफ्नो खातामा जम्मा गर्ने गरेका थिए भनी प्रतिवादी सुभाष कुमार श्रेष्ठले (सवाल जवाफ नं. १०) मा उल्लेख गरेको देखियो।

१८. सोको अतिरिक्त शिवनाथ यादवको सिद्धार्थ बैंक लिमिटेडमा रहेको खाता नं. ०२०१५२४९०८४ खाताबाट समेत निज प्रतिवादी सुभाष कुमार श्रेष्ठ र निजको श्रीमतीको नाउँमा निम्न लिखित रकम भुक्तानी भएको देखियो।

| मिति | कारोबारको विवरण | भुक्तानी (रु.) |
|---|---|---|
| २३ जुलाई, २०१९ | अनिता श्रेष्ठ | ६,००,०००/- |
| ३१ अक्टोबर, २०१९ | अनिता श्रेष्ठ | ५,००,०००/- |
| १२ जनवरी, २०२० | सुभाष कुमार श्रेष्ठ | ४,००,०००/- |
| २० मार्च, २०२० | सुभाष कुमार श्रेष्ठ, | ३,५०,०००/- |

आफ्नो र आफ्नो श्रीमती अनिता श्रेष्ठको नाउँमा भुक्तानी भएको सो रकमसमेत शिवनाथ यादवले आफूहरू बीच भएको सुनको कारोबारसँग सम्बन्धित रकम नै भुक्तानी दिएका हुन् भनी (सवाल जवाफ नं. ११) मा उल्लेख गरेको देखियो। शिवनाथ यादवको नाउँमा नेपाल क्रेडिट एण्ड कमर्श बैंकमा रहेको खाता नं. १२७०००००२०४१३ को खाताबाट निम्नलिखित रकम प्रतिवादी सुभाष कुमार श्रेष्ठले विभिन्न मितिमा जम्मा गरेको देखिन्छ।

| मिति | कारोबारको विवरण | भुक्तानी (रु.) |
|---|---|---|
| ३१ अक्टोबर, २०१९ | सुभाष कुमार श्रेष्ठ | ५,००,०००/- |
| १५ डिसेम्बर, २०१९ | सुभाष कुमार श्रेष्ठ | ५,००,०००/- |
| १३ जनवरी, २०२० | सुभाष कुमार श्रेष्ठ | ४,००,०००/- |
| २० मार्च, २०२० | सुभाष कुमार श्रेष्ठ | ३,००,०००/- |
| २ डिसेम्बर, २०२० | सुभाष कुमार श्रेष्ठ | ४,००,०००/- |

सो रकमसमेत निज प्रतिवादी सुभाष कुमार श्रेष्ठले सुनको कारोबारबाट प्राप्त गरेको (सवाल जवाफ नं १२) भनी बयान गरेको देखिन आयो। यस प्रकार निज प्रतिवादीहरूले बैंकिङ्ग कारोबारको विवरण हर्दा निज प्रतिवादीहरूले यस अदालतमा बयान गर्दा लिएको जिकिर जस्तो चिनजान साथीभाइको बीचमा घरायसी सरसापट वा लेनदेन कार्य गरे जस्तो स्वाभाविक देखिंदैन। उक्त रकम प्रतिवादी सुभाष कुमार श्रेष्ठले विदेशबाट व्यक्ति विशेषले ल्याउने सुन जम्मा गर्ने र बिना बिलबिजकको सुन प्रतिवादी शिवनाथ यादवले लुकाई छिपाई भन्सारछली सिमापारी भारतीय बजारमा लगी बिक्री गरी आएको रकम हो भनी निज प्रतिवादीहरू स्वयंले मौकाको बयान बेहोरामा स्वीकार गरेको देखिन्छ। बैंकिङ कारोबारको विवरण हेर्दा पनि निजहरूको मौकाको कथनसँग तादम्यता रहेको देखिन्छ। तसर्थ आफ्नो श्रीमतीको नाउँमा रहेको जग्गा बिक्री गर्न बैना गरेको रकम फिर्ता गर्न हिडेको अवस्थामा पक्राउ परेको हो, उक्त रकम आफ्नै हो भन्ने प्रतिवादीले यस अदालत समक्ष लिएको जिकिर विश्वासयोग्य एवम् युक्तिसँगत देखिन आएन।

१९. सोको अतिरिक्त सरकारी साक्षी उपेन्द्र प्रसाद यादव र विश्वबाबु बुढाथोकीले प्रतिवेदन तथा बरामदी मुचुल्कामा भएको सहीछाप र बेहोरा आफ्नो हो हेरी चिनी सनाखत गरिदियाँ (सवाल जवाफ नं. ६) र उक्त रकम शिवनाथ यादवबाट बरामद भएको हो (सवाल जवाफ नं. ७) भनी एकै मिलानको बकपत्र गरेको देखिन आयो। प्रतिवेदन दिने विवेक राई, संजय प्रसाद यादव, राजदेव सवरिया, बीरबहादुर चौधरी र बुधन यादवले प्रतिवेदनमा रहेको सहिछाप र बेहोरा आफ्नो हो। हेरीचिनी सनाखत गरिदियाँ (सवाल जवाफ नं. ६) र उक्त रकम शिवनाथ यादवबाट बरामद भएको हो (सवाल जवाफ नं. ७) भनी एकै मिलानको बकपत्र गरेको देखियो।

२०. प्रतिवादी शिवनाथ यादव स्वयंले मौका र अदालत समक्ष गरेको बयान बेहोरा, बरामदी मुचुल्का, तथा सो मुचुल्का तथा प्रतिवेदनका मानिसहरूले यस अदालत समक्षगरेको बकपत्र समेतबाट प्रतिवादी शिवनाथ यादवबाट रु.३१,८९,०००/- (एकतिस लाख उनान्नब्बे हजार रुपैयाँ) बरामद भएकोमा विवाद देखिएन। प्रतिवादीहरू शिवनाथ यादव र सुभाषकुमार श्रेष्ठ उपर राजस्व अनुसन्धान विभागको अभिलेखबाट कुनै कारबाही भएको नदेखिएको भन्ने सो विभागले मिति २०८०।०५।१२ मा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई पत्राचार गरेको च. नं.१३९ को पत्रबाट देखिन आए तापनि सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २९ मा "प्रचलित

कानून बमोजिम सम्बद्ध कसुरमा मुद्दा नचलेको वा चलेकोमा पनि नठहरेको कारणले मात्र कुनै सम्पत्ति कसुरबाट प्राप्त सम्पत्ति भएको देखिएमा सोको सम्बन्धमा सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा मुद्दा चलाउन र सजाय गर्न बाधा पर्ने छैन।" भनी उल्लेख गरेको देखिँदा सम्बद्ध कसुर नचलेको भए तापनि प्रस्तुत मुद्दामा यी प्रतिवादीहरूको संलग्नता हेरी निर्णय गर्न मिल्ने अवस्था देखिन्छ।

२१. यसप्रकार प्रतिवादी शिवनाथ यादवको साथबाट रु.३१,८९,०००/- (एकतिस लाख उनान्नब्बे हजार रुपैयाँ) रकम बरामद भएको, प्रतिवादी सुभाषकुमार श्रेष्ठले पठाएको बिना बिलबिजको सुनका बाला लुकाई छिपाई भन्सार छली भारतीय बजारमा लगी बिक्री गरी रकम ल्याएको हो भन्ने निज प्रतिवादी शिवनाथ यादवको मौकाको बयान, सो बयानलाई समर्थित हुने गरी आफूले निजलाई २८ तोलाको सातवटा सुनका बाला पठाएको भन्ने सहप्रतिवादी सुभाष कुमार श्रेष्ठको स्वीकारोक्ति, प्रतिवादीहरूको बैंक खाताबाट एक अर्काले पटकपटक रकम जम्मा गरेको देखिएको समेतका कार्यले यी प्रतिवादीहरूको मत सल्लाहमा बिना बिल विजकको सुन भारतमा लगी बिक्री गरी भन्सार ऐन, २०६४ को दफा ३ तथा ५७ विपरीतको कसुर गरी गैरकानूनी स्रोतको रकम प्राप्त गरेको देखिन आयो।

२२. हाम्रो मुलुकमा राष्ट्र बैंकबाट मात्र सुन आयात गर्न पाउने कानूनी प्रावधान रहेको देखिन्छ। विदेशबाट आउने व्यक्तिहरूले सिमित परिमाणमा निजी प्रयोजनका लागि सुनका गरगहन ल्याउन पाउने सम्मको भन्सार छुटको प्रावधान रहेको छ। सो प्रावधानलाई अनुचित फाइदा लिने गरी विदेशबाट आउने नेपालीहरूबाट सुनका गरगहना ल्याउन लगाई प्रतिवादी सुभाषकुमार श्रेष्ठले गहना ब्यावसायीको आवरणमा त्यसरी ल्याउने सुन आफूले सङ्कलन वा एकतृत गर्ने गरेको देखिन्छ। सुनको माग भारतीय बजारमा अधिक रहेको हुँदा त्यसरी संकलित सुन प्रतिवादी शिवनाथ यादवसँगको मिलेमतोमा भारतीय बजारमा बिक्री गरी रकम ल्याउने गरेको र प्रतिवादीहरूले मुनाफा आपसमा बाँडफाँड गर्ने चक्रीय प्रणाली अपनाएको देखिन्छ। यसरी गरिने सुन तस्करीले राजस्व छली हुनुको अतिरिक्त अवैध अर्थतन्त्रलाई मलजल गर्छ। यस्ता कारोबारको अवैध प्रक्रियाबाट भुक्तानी लिने दिने कार्य नहुने वास्तविक खरिद तथा बिक्रीको अभिलेखमा राखिएको समेत हुदैन। बैद्य लेखापरीक्षणको दायरामा नपर्ने हुँदा वास्तविक कारोबार छलिने वा नदेखिने हुन्छ। जसले गर्दा राज्यलाई व्यक्तिले तिर्नुपर्ने आय कर नतिरी अवैधबाटोबाट अस्वाभाविक आय आर्जन गर्ने अवस्था र परिस्थिति पैदा हुन्छ। यसो हुँदा राज्य र व्यक्तिको आयमा गम्भीर असन्तुलन पैदा भई राज्यको अर्थतन्त्रमा प्रतिकूल प्रभाव पर्न जान्छ। यस्ता अन्तरदेशीय तस्करी हुँदा राज्यको आर्थिक नीतिको राडार भन्दा बाहिरबाट रकम विदेश जाने र स्वदेशमा भित्रिने हुन्छ। यस्ता क्रियाकलापहरू कदापि वैधानिक मान्न सकिदैन। यस्ता अवैध क्रियाकलापबाट हुने अर्थोपार्जनलाई शुद्धीकरणकै दायराबाट हेरिनु उपयुक्त र न्यायोचित हुन्छ। तसर्थ मिसिल संलग्न प्रमाण कागजातबाट प्रतिवादीहरू शिवनाथ यादव र सुभाष कुमार श्रेष्ठले आरोपदाबी बमोजिम सम्पत्ति शुद्धीकरण (मनिलाउण्डरीङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय (क), (ख) र (ग) ले निषेधितको कार्य गरी गराई ऐ. दफाको उपदफा (३) बमोजिमको कसुर गरेको देखिन आयो।

२३. अतः माथि विवेचित आधार र कारणबाट प्रतिवादी शिवनाथ यादवको शरीर तथा झोलाबाट रु.३१,८९,०००/- (एकतिस लाख उनान्नब्बे हजार रुपैयाँ) बरामद भएकोमा विवाद देखिंदैन। निज प्रतिवादीले सो रकम आफ्नो श्रीमतीको नाममा रहेको जग्गा बिक्रीबापतको बुझेको बैना रकम फिर्ता गर्न जाँदै गर्दा पक्राउ परेको हो भनी अदालत समक्ष बयान गरे तापनि निज प्रतिवादीले उक्त रकम प्रतिवादी मध्येका सुभाष कुमार श्रेष्ठले काठमाडौबाट पठाएको सुन भारतको लकडी गोठमा लगी बिक्री गरी सो बापतको रकम लिई घरतर्फ आउदै गर्दा पक्राउ परेको हो भनी अधिकार प्राप्त अधिकारीसमक्ष बयान गरेको देखियो। अर्का प्रतिवादी सुभाष कुमार श्रेष्ठले अदालत समक्ष बयान गर्दा आरोपित कसुरमा इन्कार रही बयान गरे तापनि निजले समेत अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा प्रतिवादी शिवनाथ यादवको मौकाको बयान समर्थित हुने गरी आफू र विदेशबाट आउने व्यक्तिहरूले निजहरूको साथमा ल्याएका सुनका वालाहरू शिवनाथ यादव मार्फत भारतीय नागरिकलाई बिक्री गरी ल्याएको रकम नै बरामद भएको हो भनी उल्लेख

गरेको देखिन आयो। प्रतिवादीहरूको बैंक खाताबाट एक अर्कालेे पटकपटक रकम जम्मा गरेको देखिएको समेतका कार्यले यी प्रतिवादीहरू मत सल्लाहमा बिना बिल बिजकको सुन भारतमा लगी बिक्री गरी भन्सार ऐन, २०६४ को दफा ३ तथा ५७ विपरीतको कसुर गरी गैरकानूनी स्रोतको रकम प्राप्त गरेको देखिन आएकोले निज प्रतिवादीहरू शिवनाथ यादव र सुभाष कुमार श्रेष्ठले आरोपदाबी बमोजिम सम्पत्ति शुद्धीकरण (मनिलाउण्डरीङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय (क), (ख) र (ग) ले निषेधितको कार्य गरी गराई ऐ. दफाको उपदफा (३) बमोजिमको कसुर गरेको देखिन आयो। यस अवस्थामा निज प्रतिवादीहरूलाई ऐ. ऐनको दफा ३० को उपदफा (१) बमोजिम कसुरको गाम्भीर्यता हेर्दा दुई वर्षदेखि दश वर्ष सम्म कैद हुने हुँदा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ८, ९, १०, बमोजिम छुटै सजाय निर्धारण गर्नुपर्ने हुँदा सो प्रयोजनार्थ मिति २०८०/१२/१५ को पेसी तोकी ऐ. ऐनको दफा १२ बमोजिम विशेष सरकारी वकील कार्यालय र प्रतिवादीका विद्वान् कानून व्यवसायीबाट सजाय पूर्वको प्रतिवेदन पेस गर्न लगाई सजाय निर्धारणका निमित्त नियमानुसार पेस गर्नू।

२४. वादी नेपाल सरकारको तर्फबाट उपन्याधिवक्ता श्री श्रीधर अर्याललले मिति २०८०।१२।१४ तथा प्रतिवादी शिवनाथ यादवका तर्फबाट विद्वान् अधिवक्ता श्री अजय शंकर झा "रुपेस" ले मिति २०८०।१२।१२ मा र प्रतिवादी सुभाष कुमार श्रेष्ठको तर्फबाट विद्वान् अधिवक्ता श्री प्रभाकर श्रेष्ठले मिति २०८०।१२।१४ मा पेस गरेको सजाय पूर्वको प्रतिवेदन मिसिल सामेल रहेको।

## सजाय निर्धारण खण्ड

२५. मिति २०८०/१२/०७ को कसुर कायम आदेशबमोजिम सजाय निर्धारणको निमित्त आजको पेसी सूचीमा चढी इजलाससमक्ष पेस भएको प्रस्तुत मुद्दामा दुवै तर्फबाट पेस हुन आएको सजाय पूर्वको प्रतिवेदनसमेत अध्ययन गरियो।

२६. वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय काठमाडौंका विद्वान् उपन्यायाधिवक्ता श्री श्रीधर अर्याललले निज प्रतिवादीहरूले अवैधरुपमा भन्सार छली गरी सुन तस्करी गर्ने गरेको, त्यसरी आर्जित सम्पत्ति धारण गरेको र निजहरूको क्रियाकलापले राष्ट्रलाई ठूलो परिमाणमा आर्थिक क्षति पुर्‍याउने कार्य गरेको हुँदा निज प्रतिवादीहरूलाई अधिकतम् सजाय गरी पाउँ भनी तर्कपूर्ण बहस गर्नु भयो।

२७. प्रतिवादी शिवनाथ यादवको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री अजय शंकर झा "रुपेस" र अर्का प्रतिवादी सुभाष कुमार श्रेष्ठको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री प्रभाकर श्रेष्ठले निज प्रतिवादीहरूका विरुद्ध राजस्व अनुसन्धान विभागबाट सम्बद्ध कसुरको कुनै पनि मुद्दा नै चलेको छैन। निज प्रतिवादीहरू कै आयमा घर व्यवहार, परिवारको लालनपालन, नाबालक छोराछोरीको पठनपाठन भैरहेको छ। निजहरूको पारिवारिक आर्थिक सामाजिक सांस्कृतिक दायित्व र जिम्मेवारीसमेतलाई मध्यनजर गरी निजहरूलाई न्यूनतमभन्दा न्यूनतम सजाय गरी पाउँ भनी गर्नु भएको विद्वातापूर्ण बहस सुनियो।

२८. यी प्रतिवादीहरू दवै वैदेशिक रोजगारमा गई आएका एउटै उमेर समूहको व्यक्तिहरू रहेको, दुवै प्रतिवादीहरू १० कक्षा सम्म पढेको, प्रतिवादी सुभाषकुमार श्रेष्ठको बृद्ध आमा सहित ५ जनाको परिवार रहेको र प्रतिवादी शिवनाथ यादवको बृद्धबृद्धा आमा बाबु सहित ७ जनाको परिवार रहेको, पहाड र मधेशको बसाई रहनसहन संस्कार एवम् संस्कृति फरक रहे तापनि जीवनको भोगाई र चेतनाको स्तर तथा जिम्मेवारी एकै समान रहेको, जसरी पनि पैसा कमाउनु पर्छ भन्ने सोच वा चेत वा मनोविज्ञानको कारण दुवै प्रतिवादीहरू यस्ता तस्करीजन्य कसुरको वारदातमा संलग्न रहेको मिसिल संलग्न सजायपूर्वको प्रतिवेदनबाट देखिन्छ। यस्तो अवस्था र परिप्रेक्ष्यमा प्रतिवादीहरूलाई के कस्तो सजाय गर्ने भन्ने सम्बन्धमा दण्डशास्त्रीय (Penology) दृष्टिकोणबाट पनि विवेचना गर्नुपर्ने हुन्छ। यस प्रकारको राज्य संयन्त्रलाई छली तस्करी कसुर अर्थोपार्जन गर्न हुँदैन भन्ने सन्देश दिन उपयुक्त रहेकोले निजहरूलाई सजाय गर्दा हतोत्साहको सिद्धान्त (Deterrant Theory) को दृष्टिकोणबाट पनि विचार गर्नुपर्ने देखिन्छ। अर्को तर्फ यस्ता कसुरदारहरू

आफूले गरेको कसुरको पश्चाताप गरी भोलिका दिनमा जिम्मेवार, सबल, सक्षम, अनुशासित तथा नैतिकवान् एवम् चरित्रवान् नागरिकको रुपमा रुपान्तरित भई पुनः इमान्दार पेसा व्यावसाय गरी राज्यलाई योगदान दिनसक्ने जिम्मेवार नागरिकको रुपमा परिणत हुने छ भन्ने अपेक्षासहित सुधारात्मक दण्डको सिद्धान्त (Reformative Theory ) तथा निज प्रतिवादी समाजमा पूर्ववत रुपमा पुनर्स्थापित होस् भन्ने हेतुले पुनर्स्थापनाको सिद्धान्त (Restorative Theory) समेतको आलोकमा उक्त बारदातको अवस्था र परिस्थितिसमेतलाई विचार गरी यी प्रतिवादीलाई न्यूनतम सजाय निर्धारण गर्दा उपयुक्त हुने देखियो।

२९. अतः माथि विवेचित आधार र कारणबाट प्रतिवादीहरू शिवनाथ यादव र सुभाष कुमार श्रेष्ठले आरोपदाबी बमोजिम सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरीङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को खण्ड (क), (ख) र (ग) को निषेधित कार्य गरी ऐ. ऐनको दफा (३)को उपदफा (३) बमोजिम कसुर गरेको ठहर भई मिति २०८०/१२/०७ मा आदेश भैसकेको अवस्थामा निज प्रतिवादीहरूको उमेर अवस्था, सामाजिक, आर्थिक, सांस्कृतिक र शैक्षिक अवस्था, पारिवारिक दायित्व तथा कसुरपूर्वको चालचलन एवम् कसुर गर्दाको अवस्था र परिस्थिति तथा बरामद बिगो रकमसमेतलाई सजायशास्त्र (Penology) को दृष्टिकोणबाट विचार गरी निज प्रतिवादीहरू शिवनाथ यादव र सुभाष कुमार श्रेष्ठलाई ऐ. ऐनको दफा ३० को उपदफा (१) बमोजिम बिगो रु.३१,८९,०००/-(एकतिस लाख उन्नानब्बे हजार रुपैयाँ) को दोब्बर रु.६३,७८,०००/- (त्रीसठ्ठी लाख अठहत्तर हजार रुपैयाँ)को दामासाहीले हुने जनही रु.३१,८९,०००/-(एकतिस लाख उन्नानब्बे हजार रुपैयाँ) जरिबाना र जनही २ (दुई) वर्ष कैद सजाय भई ऐ. ऐनको दफा ३४ को उपदफा (१) बमोजिम बरामदीत रकम रु.३१,८९,०००/- (एकतिस लाख उन्नानब्बे हजार रुपैयाँ) जफत हुनेसमेत ठहर्छ। अरुमा तपसिलबमोजिम गर्नू।

**सदस्य** **सदस्य** **अध्यक्ष**

**फैसला तयार गर्न सहयोग पुऱ्याउनेः**
इजलास अधिकृतः प्रमिला काफ्ले
कम्प्युटर अपरेटरः कल्पना पराजुली
इति संवत् २०८० साल चैत्र १२ रोज ५ शुभम्.................................................................................।
प्रमाणीकरण मिति २०८२/०१/०८

श्री
विशेष अदालत, काठमाडौं
इजलास २
सदस्य माननीय न्यायाधीश श्री डा. खुशी प्रसाद थारु
सदस्य माननीय न्यायाधीश श्री तेज नारायण सिंह राई
सदस्य माननीय न्यायाधीश श्री मुरारीबाबु श्रेष्ठ
फैसला
मुद्दा नं.: ०७९-CR-००९८
दर्ता मितिः २०७९।११।०४।५
कसुर ठहर मितिः २०८०।११।१५।३
कसुर ठहर निर्णय नं.: ८७
सजाय निर्धारण मिति : २०८०।११।२४।५
सजाय निर्धारण निर्णय नं. : ७

मुद्दाः सम्पत्ति शुद्धीकरण।

**वादी** : सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको तर्फबाट अधिकार प्राप्त अनुसन्धान अधिकृत प्र.नि. गणेश सुवेदीको प्रतिवेदनले नेपाल सरकार।

**विरुद्ध**

**प्रतिवादी** : जिल्ला रौतहट, गुजरा नगरपालिका वडा नं. २, साविक रंगपुर गा.वि.स वडा नं. ५ वतन भई हाल जिल्ला काठमाडौं, कागेश्वरी मनहारा न.पा. वडा नं.०९ गोठाटार, काँडाघारी बस्ने रामनाथ सिंहको बुहारी सुनिलकुमार सिंहको श्रीमती, भक्तबहादुर कार्कीको नातिनी, वाजबर्ण कार्कीको छोरी वर्ष ३९ की **मीना कार्की,** सम्पर्क नं. ९८०११८९४४६ समेत।

- **सम्पत्ति शुद्धीकरण प्राविधिक रुपले परिभाषित कसुर (Technically defined offence) हो यसका लागि सम्बद्ध कसुर (Predicate offence) को विद्यमानता र त्यस्तो कसुरबाट प्राप्त सम्पत्ति (Proceeds of crime) को विद्यमानता आवश्यक पर्छ। सम्बद्ध कसुर कानूनबाट नै परिभाषित हुनुपर्छ। कसुरबाट प्राप्त सम्पत्तिमा प्रत्यक्ष वा अप्रत्यक्षरुपमा आवद्ध रहेका वा सहयोग गरेका व्यक्तिहरू, जसले त्यस्तो अवैध सम्पत्तिलाई वैध सम्पत्तिमा रुपान्तरण गर्ने प्रक्रिया वा कार्य गरेमा सम्पत्ति शुद्धीकरणको कसुर गरेको मानिन्छ। सम्बद्ध कसुरको विद्यमानता पुष्टि हुन नसकेमा सम्पत्ति शुद्धीकरणको कसुर पुष्टि हुन सक्दैन। साथै सम्बद्ध कसुरबाट प्राप्त सम्पत्ति (Proceeds of crime) को विद्यमानता नदेखिएमा सम्पत्ति शुद्धीकरणको कसुर पुष्टि हुन सक्दैन। यसका साथै सम्पत्तिको गैरकानूनी स्रोत लुकाउने र वैध सम्पत्तिमा रुपान्तरण गर्ने नियतले उक्त कार्य वा प्रक्रिया गरेको देखिनुपर्छ। सम्पत्ति शुद्धीकरणको प्रक्रिया जटिल प्रकृतिको रहेकोले यसमा संलग्न व्यक्तिहरूको मनसाय रहे वा नरहेको कुराको हेक्का राख्नु पर्दछ।**

**(प्रकरण नं. १९)**

<u>कसुर ठहर खण्ड</u>

१. विशेष अदालत नियमावली, २०८० को नियम ४३ र ४४ बमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट वादी नेपाल सरकारका तर्फबाट

उपस्थित विशेष सरकारी वकिल कार्यालयका विद्वान् उपन्यायाधिवक्ता श्री शिवप्रसाद आचार्यले प्रतिवादी सुनिलकुमार सिंह उपरको सम्बद्ध कसुर (अपहरण, संगठित अपराध, हातहतियार, सरकारी कागज किर्ते, विद्युतीय अपराध) ठहर भएको अवस्था छ। प्रतिवादीको आय आर्जनको स्रोत खुलेको छैन। प्रतिवादीले वैध स्रोत देखाउन नसकेकोले सम्बद्ध कसुर गरी सम्पत्ति आर्जन गरेको हो। प्रतिवादीले मीना कार्कीको नाममा बैंक खाता खोली अवैध रकम जम्मा गरेको सोही रकम जग्गामा लगानी गरी शुद्धीकरण गरेको देखिन्छ। एउटै कित्ता जग्गा पटकपटक हक हस्तानान्तरण गरी सम्पत्ति शुद्धीकरण गरेको छ। प्रतिवादी मीना कार्कीले अवैध स्रोतको रकम हो भन्ने जानी जानी शुद्धीकरण गर्नका लागि आफ्नो नाममा धारण गरी स्वामित्व लिएको देखिन्छ। दुवै प्रतिवादीहरूले आरोपदाबी बमोजिमको कसुर गरेकाले दाबीबमोजिम सजाय गरीपाउँ भनी बहस प्रस्तुत गर्नु भयो।

२. प्रतिवादी मीना कार्कीका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू उज्जल रायमाझी सरस्वती थापा र प्रतिवादीहरू सुनिलकुमार सिंह र मीना कार्कीका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री कृष्णप्रसाद सापकोटा, विद्वान् अधिवक्ताहरू तिलप्रसाद गौतम र उज्जवल रायमाझीले प्रतिवादी सुनिलकुमार सिंहले विभिन्न कम्पनीहरूमा काम गरी आय आर्जन गरेको, भारतमा २०६१ सालमा अंशवण्डा गरी पाएको पैतृक सम्पत्ति नेपालमा ल्याई घर जग्गामा लगानी गरेको हो। घर जग्गा कारोबारबाट नै आम्दानी गरी विभिन्न कित्ताका जग्गाहरू खरिद गरी मीना कार्कीको नाममा राखेको हो। सुनिलकुमार सिंहले आफ्नो सम्पत्तिको वैध स्रोत पुष्टि गरेकोले सम्पत्ति शुद्धीकरण गरेको होइन। प्रतिवादीउपर अपहरण तथा शरीर बन्धक जस्ता कसुर शुरू जिल्ला अदालतबाट ठहर भए तापनि सो कसुरबाट सम्पत्ति आर्जन गरेको होइन। कुनै कसुरमा दोषी ठहर भएको आधारमा मात्र प्रतिवादीका सबै सम्पत्ति जफत गर्न मिल्दैन। प्रतिवादी मीना कार्कीले दाइजो पेवाको सम्पत्ति नै घर जग्गामा लगाएको हो। सुनिलकुमार सिंहले आर्जन गरेको पैसाले मीना कार्कीको नाममा जग्गा खरिद गरे तापनि मीना कार्की उपर सम्बद्ध कसुरको दाबी छैन। मीना कर्कीले कुनै कसुर गरेकी छैनन्। दुवै प्रतिवादीहरूले सफाइ पाउनु पर्छ भनी गर्नुभएको बहससमेत सुनियो।

३. अब प्रस्तुत मुद्दामा निम्न प्रश्नहरूमा केन्द्रित रही न्याय निरोपण गर्नुपर्ने देखिन्छ।

- **प्रतिवादीहरूले अभियोगदाबी बमोजिम सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ३(१) (क) (ख) (ग) तथा उपदफा (३) बमोजिमको कसुर गरेका हुन् वा होइनन् ?**
- **प्रतिवादीहरूलाई अभियोग मागदाबी बमोजिम सजाय हुनुपर्ने हो वा होइन ?**

४. प्रतिवादी सुनिलकुमार सिंहले सन् २००५/०३/१६ मा भारतीय राजदूतावास, काठमाडौं, नेपालबाट जारी भएको ९५३/०५ नम्बरको भारतीय नागरिक दर्ता प्रमाणपत्रसमेत लिई निज भारतीय नागरिक भएकोमा जिल्ला प्रशासन कार्यालय, झापाबाट मिति २०७०/०१/३० गते नेपाली नागरिकताको प्रमाणपत्र लिईसम्बद्ध कसुरहरू (हातहतियार, अपहरण तथा शरीर बन्धक, नागरिकता र राहदानी सम्बन्धी कसुरसमेत) बाट आर्जन गरेको सम्पत्तिको गैरकानूनी स्रोत (Illicit Origin) लुकाउने कानूनी छल्ने, कसुरबाट प्राप्त सम्पत्ति (Proceeds of crime)हो भन्ने जानी जानी त्यस्तो सम्पत्तिको सहि प्रकृति, स्रोत अधिकार कानूनी स्वामित्व (श्रीमती मीना कार्कीको नामबाट कारोबार) परिवर्तन गर्ने लगायतका सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन,२०६४ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (क) (ख) (ग) ले निषेधित कार्यहरू गरी गराई सोही ऐनको दफा ३ को उपदफा (३) बमोजिमको सम्पत्ति शुद्धीकरणको कसुर गरेको पुष्टि भएको देखिँदा प्रतिवादी सुनिलकुमार सिंहलाई **कूल बिगो रु.१,५५,७६,५७८.८४ (एक करोड पचपन्न लाख छयत्तर हजार पाँच सय अठहत्तर रुपैयाँ चौरासी पैसा)** कायम गरी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन,२०६४ को दफा ३० को उपदफा (१) बमोजिम सजाय हुनका साथै, कसुरबाट प्राप्त कानूनी शुद्धीकरण गरेको निम्नबमोजिमको सम्पत्ति सोही ऐनको दफा ३४ को उपदफा (१) को देहाय खण्ड (क) तथा दफा २८ बमोजिम जफत गरी पाउन मागदाबी लिई अभियोग दायर भएको देखियो।

५. प्रतिवादी मीना कार्कीले अनुसन्धानको क्रममा बयान गर्दा, निजको श्रीमान् प्रतिवादी सुनिलकुमार सिंह भारतीय नागरिक

हुन् भन्ने कुरा जानकारीमा भएको, निजको नाममा विभिन्न बैंक तथा वित्तीय संस्थाहरू खातामा कारोबार गरीहाल १० वटा खाताहरूमा जम्मा रु.६,९७,७७३।२५ (छ लाख सन्तानब्बे हजार सात सय त्रिहत्तर रुपैयाँ पच्चिस पैसा) मौज्दात रहेको, निज समेतको नाममा घर जग्गा खरिद गरिएको तथा खरिद गरिएका घर जग्गा बिक्री गरेको र निजको नाममा विभिन्न फर्म/कम्पनीहरूमा लगानी गरी व्यवसाय सञ्चालन भएको भनी बयान कागज गरेकोमा निजले विभिन्न बैंकमा खाताहरू खोली कारोबार गर्नुको उद्देश्य र प्रयोजन प्रष्ट खुलाउन तथा उक्त सम्पत्तिको कानूनी स्रोत प्रमाणित गर्न सकेको देखिँदैन। प्रतिवादी मीना कार्कीका श्रीमान् प्रतिवादी सुनिलकुमार सिंहले विभिन्न सम्बद्ध कसुर गरी आर्जन गरेको सम्पत्तिबाट घर जग्गा लगायतको कारोबार प्रतिवादी मीना कार्कीले गरेको देखिँदा प्रतिवादी मीना कार्कीले कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने जानी जानी त्यस्तो सम्पत्तिको उत्पत्तिको वास्तविक स्रोत लुकाउने कानूनी छल्ने, कसुरबाट प्राप्त सम्पत्तिको सहि प्रकृति, कारोबार अधिकार र स्वामित्व लुकाउने, छल्ने, परिवर्तन गर्ने समेतका सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन,२०६४ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (क)(ख)(ग) ले निषेधित कार्यहरू गरी गराई सोही ऐनको दफा ३ को उपदफा (३) बमोजिमको सम्पत्ति शुद्धीकरणको कसुर गरेको पुष्टि भएको देखिँदा प्रतिवादी मीना कार्कीलाई **कूल बिगो रु.१,६०,८५,४२०।२५ (एक करोड साठी लाख पचासी हजार चार सय बिस रुपैयाँ पच्चिस पैसा)** कायम गरी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन,२०६४ को दफा ३० को उपदफा (१) बमोजिम सजाय हुनका साथै, कसुरबाट प्राप्त कानूनी शुद्धीकरण गरेको निम्नबमोजिमको सम्पत्ति सोही ऐनको दफा ३४ को उपदफा (१) को देहाय खण्ड (क) तथा दफा २८ बमोजिम जफत गरी पाउन मागदाबी लिई अभियोग दायर भएको देखियो।

६. **प्रतिवादी सुनिलकुमार सिंहले** मैले कुनै पनि आपराधिक कार्य गरेको छैन। म उपर झुट्टा मुद्दाहरू लगाइएको परिस्थिति परिबन्दले म कसुरदार ठहर भई कैदसमेत भुक्तान गरेको छु। मैले आपराधिक कार्य गरी कुनै गैरकानूनी सम्पत्ति आर्जन गरी सोको शुद्धीकरण पनि गरेको छैन। पूर्व श्रीमती मीना कार्कीसग वैवाहिक सम्बन्ध रहँदासम्मको आर्जित सम्पत्तिको स्रोत मेरो नेपालमा इन्टरनेट इण्डस्ट्रिज प्रा.लि.मा काम गर्दाको पारिश्रमिक, गार्मेन्ट र कम्पनीमा कामदार सप्लाई गर्दाको रकम तथा  नेपालमा नै विभिन्न कम्पनीबाट ठेक्कामा गार्मेन्टका कपडा स्वेटर पस्मिना आदि बुन्ने सिलाउने कार्य गरी प्राप्त आय, श्रीमतीले माइतीबाट पाएको नगद तथा सुनका गहना धितो राखी प्राप्त कर्जा अंशबण्डा सन् १६।१।२००५ (मिति २०६१।१०।३) मा हुँदा प्राप्त नगद रु.४ लाख, ५० तोला सुन र १०० तोला चादी र अंशमा प्राप्त जग्गा भाडामा लगाई प्राप्त आम्दानीबाट नेपालमा पूर्व श्रीमतीको नाममा खरिद भएका जग्गा तथा अपार्टमेन्ट र बिक्रीबाट प्राप्त आय, जीवन थापाबाट लिएको सापटी, तारा थापाबाट लिएको सापटी, सुन धितो राखी लिएको सापटीसमेतबाट सम्पत्ति आर्जन तथा बिक्री विवरण गरिएको तथा छोरा छोरीलाई पढाउने कार्यमा खर्च गरिएको हो। मैले कुनै पनि गैरकानूनी स्रोतबाट सम्पत्ति आर्जन गरेको छैन। मैले कुनै पनि सम्पत्ति सृद्धिकरण गरेको छैन, होइन। उजुरी बेहोरा म भारतबाट नेपालमा आई नेपाली नागरिकसँग विवाह गरी नेपालमा नै बस्ने व्यवसाय गर्ने र आफ्नो स्थायी बसोबास नेपालमा नै गराउने  उद्देश्यले श्रीमतीको नाममा सम्पत्ति खरिद गरेको र जग्गा खरिद बिक्री गर्ने कार्यबाट केहि रकम आर्जन भएको देखी कसैले रिसईवी लिई उजुरी गरेको हुनु पर्दछ। म तथा मीना कार्कीको नाममा भएको सम्पत्ति सबै वैध स्रोतबाट आजर्न भएको हो। अभियोग दाबी झुट्टा हो। हामी दुबैले सफाइ पाउनु पर्दछ भन्नेसमेत बेहोराको यस अदालत समक्ष बयान गरेको देखियो।

७. **प्रतिवादी सुनिलकुमार सिंहले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा आफ्नो सम्पत्तिको स्रोत निम्नबमोजिम खुलाएको देखिन्छः-**

म पहिलो पटक सन् १९९४ तिर ललितपुर हात्तीवनमा रहेको इन्टरनेट इन्डस्ट्रिज प्रा.लि. नामक पस्मिनाको स्वीटर बनाउने कम्पनीमा कार्यरत कामदारहरूलाई प्रशिक्षण दिने सिलसिलामा प्रशिक्षकको रुपमा नेपाल आएको थिएँ। उक्त पदमा रही मैले उक्त प्रा.लि.मा तीन वर्षसम्म काम गरेको थिएँ। तत्कालीन समयमा मेरो पारिश्रमिक अतिरिक्त

समयसमेत गरी मासिक अं.९००० (नौ हजार) नेपाली रुपैयाँ रहेको थियो। तत् पश्चात मैले सन् २००५ सम्म त्रिवेणी गार्मेन्ट्स, प्रभा एपेरल्स लगायतका विभिन्न तयारी पोशाक उद्योगहरूमा कामदारहरू आपूर्तिको ठेक्का लिएर कामदार सप्लाई गर्ने काम गरि रहेको थिएँ। सो कामबाट मैले मासिक अं. एक लाख आम्दानी गर्ने गर्दथें।

मेरो एकासगोल परिवारमा रहेका सम्पूर्ण सदस्यहरूको नाममा रहेको घर, घडेरी, जग्गा जमिनको यथार्थ विवरण निम्नानुसार खुलाएको छु।

| सि.नं. | जग्गा धनीको नाम | जग्गा रहेको स्थान | कित्ता नं. | क्षेत्रफल | खरिद मिति | खरिद रकम (रु) | कै. |
|---|---|---|---|---|---|---|---|
| १. | मीना कार्की | जि. झापा, धुलाबारी-५ | २८६४ | ०-२-८ ३/४ | २०७०/११/१९ | १,२५,०००/- | |
| माथि सि.नं.१ मा उल्लिखित जग्गा मैले झापा जिल्लाभर कवाडी सङ्कलन गर्ने मजदुरहरू सँग प्लास्टिक र प्लास्टिक जन्य कवाडी खरिद गरी प्लास्टिक रिसाईकल गर्ने कारखानाहरूमा बिक्री गरी आर्जन गरेको रकमबाट खरिद गरेको हो। सो समयमा मैले झापा, मोरङ, सुनसरी जिल्लाहरूमा कवाडी सङ्कलन गर्ने १०-१२ जना मजदुरबाट कवाडी खरिद गरी मेरो श्रीमतीको नाममा कम्पनी रजिस्ट्रारको कार्यालय काठमाडौंमा दर्ता रहेको कासुमी दाना सप्लायर्स प्रा.लि. नामक कम्पनी लगायत हाल नाम याद नभएको अन्य कम्पनीहरू समेतमा बिक्री गरी आर्जित रकमबाट सो जग्गा मेरो श्रीमती मीना कार्कीको नाममा खरिद गरेको हो। | | | | | | | |
| २. | मीना कार्की | जि. भक्तपर, नंखेल-५ | ९२६ | ०-१०-०-० | २०७३/०८/०३ | २,४०,०००/- | |
| माथि सि.नं.२ मा उल्लिखित जग्गा मेरो श्रीमती मीना कार्कीको नाममा जिल्ला ललितपुर टिकाथली गा.वि.स. वडा नं. ०६ को कित्ता नं. २३७४ र २३८० गरी जम्मा क्षे.फ.०-५-०-० जग्गा मिति २०७३/०५/२० मा मेरो श्रीमती मीना कार्कीले ४२,५०,००० ( बयालिस लाख पचास हजार रुपैयाँ) मा गिता कार्कीलाई बिक्री गरेको रकम मध्येबाट राम किसन गोतामेबाट रु २,४०,०००( दुई लाख चालिस हजार रुपैयाँ) मा मिति २०७३/०८/२४ मा खरिद गरेको हो। उल्लिखित जग्गा बिक्री तथा खरिद गर्दाको बखत म जिल्ला कारागार झापामा पुर्पक्षको लागि थुनामा रहेको हुँदा थप बेहोरा मेरो जानकारीमा भएन। | | | | | | | |
| ३. | मीना कार्की | जि. काठमाडौं, गोठाटार-९ | २६७, २७२, २७४ | ५३.६५ व.मी<br>९३.३९ व.मी<br>११.९२ व.मी | २०७५/१०/०१ | ८४,१७,७९९/- | २ १/२ तल्ले पक्की घर समेत |
| माथि सि.नं.३ मा उल्लिखित जग्गा मैले मेरो श्रीमती मीना कार्कीको नाममा मिति २०७२/०१/०६ मा यादबप्रसाद शर्माबाट रु ५९,९९,९९९ ( उनान्साठी लाख उनान्सय नौ सय उनान्सय रुपैयाँ) मा खरिद गरेको हो।उल्लिखित जग्गा खरिद गर्दा मेरो श्रीमती मीना कार्कीको नाममा रहेको जिल्ला सुनसरी, घोपा-६ (क) कि.नं. ५९४३ को क्षे.फ. ०-०-९ १/२ रहेको जग्गा मिति २०७२/०६/१२ गते रु.२९,५०,०००/- (उनान्तिस लाख पचास हजार रुपैयाँ) मा कुशल पोखरेल खत्रीलाई बिक्री गरेको रकम र अन्य अपुग रकम साथीभाइ नातागोताबाट सरसापट गरेको रकमबाट खरिद गरेको हो। साथै सो घर जग्गा मिति २०७२/०६/०३ गते तारादेवी थापालाई रु ५९,९९,९९९( उनानसाठी लाख उनानसय हजार नौ सय उनानसय रुपैयाँ) मा बिक्री गरेको र पुनः मिति २०७५/१०/०१ मा मेरो श्रीमती मीना कार्कीले रु ८४,१७,७९९ ( चौरासी लाख सत्र हजार सात सय उनानसय रुपैयाँ ) मा तारादेवी थापाबाट खरिद गरेकी हुन। उल्लिखित जग्गा बिक्री तथा खरिद गर्दाको बखत म जिल्ला कारागार झापामा पुर्पक्षको लागि थुनामा रहेको हुँदा थप बेहोरा मेरो जानकारीमा भएन। | | | | | | | |
| ४. | मीना कार्की | जि. सुनसरी बाझगरा-०९ क | २३७२ | ०-०-७-० | २०६९/१०/१४ | २,७२,०००/- | |

माथि सि.नं.४ मा उल्लिखित जग्गा मिति २०६९/१०/१४ गते मैले लोक बहादुर लिम्बु सँग रु १,०५,००० (एक लाख पाँच हजार रुपैयाँ) मा मेरो श्रीमती मीना कार्कीको नाममा खरिद गरेको हो। उक्त जग्गा खरिद गर्दाको समयमा म स्वयम् पनि घर जग्गा सम्बन्धी कारोबार गर्ने एजेन्टको रुपमा काम गर्ने गर्दथैं। सोही कामबाट प्राप्त कमिसनबापत आर्जित रकमबाट उक्त जग्गा खरिद गरेको हो।

विगतमा म लगायत मेरो एका सगोल परिवारमा रहेका सम्पूर्ण सदस्यहरूको स्वामित्वमा आई हक हस्तान्तरण/स्वामित्व परिवर्तन वा बिक्री बितरण गरेका घर, घडेरी, जग्गा जमिनको यथार्थ विवरण निम्नानुसार खुलाएको छु।

<table>
<tr><th>सि.नं.</th><th>जग्गाधनीको नाम</th><th>जग्गा रहेको स्थान</th><th>कित्ता नं.</th><th>क्षेत्रफल</th><th>प्राप्तिको स्रोत</th><th>बिक्री मिति</th><th>बिक्री रकम</th><th>खरिद कर्ताको नाम</th><th>कै.</th></tr>
<tr><td>१.</td><td>सुनिलकुमार सिंह</td><td>जि. झापा, चारपाने-१</td><td>१७४२५</td><td>०-०-१५ ३/४</td><td>खरिद</td><td>२०७४/०५/१६</td><td>१५,००,०००/-</td><td>जीवनकुमार थापा</td><td></td></tr>
<tr><td colspan="10">माथि सि.नं. १ मा उल्लिखित मेरो नामको जग्गा मिति २०७४/०५/१६ गते सम्मानित जिल्ला अदालत झापाको मिलापत्र आदेशबाट रु १५,००,०००/-( पन्ध्र लाख रुपैयाँ ) मा जीवनकुमार थापाको नाममा नामसारी दा.खा. भएको हो। मिति २०७२/०१/२७ गते जीवनकुमार थापा सँग मैले १५ लाख घरायसी ऋण लिएको थिएँ, सो रकम निजलाई फिर्ता गर्न नसकेको कारण निजले मलाई प्रतिवादी बनाई जिल्ला अदालत झापामा लेनदेन मुद्दा हालेकोमा जिल्ला अदालत झापामा भएको मिलापत्र अनुसार उक्त ऋण बापतको रकम बराबरको जग्गा लिएका हुन।</td></tr>
<tr><td>२.</td><td>मीना कार्की</td><td>जि. सुनसरी, घोपा-६ (क)</td><td>५९४३</td><td>०-०-९ १/२</td><td>खरिद</td><td>२०७२/०६/१२</td><td>२९,५०,०००/-</td><td>कुशल पोखेल खत्री</td><td></td></tr>
<tr><td colspan="10">माथि सि.नं. २ मा उल्लिखित मेरो श्रीमती मीना कार्कीको नाममा रहेको जग्गा र सो मा बनेको घर मिति २०७२/०६/१२ गते कुशल पोखेल खत्रीलाई रु.२९,५०,०००/- (उनन्तिस लाख पचास हजार रुपैयाँ) मा बिक्री गरेको हो। सो रकम र बाँकी रकमबाट ६० लाख बराबरको यादवप्रसाद शर्माको जग्गा र घर मेरो श्रीमती मीना कार्कीको नाममा खरिद गरेको हो।</td></tr>
<tr><td>३.</td><td>मीना कार्की</td><td>जि. ललितपुर, टिकाथली-६</td><td>२३७४, २३८०</td><td>०-५-०-०</td><td>खरिद</td><td>२०७३/०५/२०</td><td>४२,५०,०००/-</td><td>गिता कार्की</td><td></td></tr>
<tr><td colspan="10">माथि सि.नं. ३ मा उल्लिखित मेरो श्रीमती मीना कार्कीको नाममा रहेको जग्गा मिति २०७३/०५/२० गते गीता कार्कीलाई रु ४२,५०,०००/-( बयालिस लाख पचास हजार रुपैंया) मा बिक्री गरेको हो। सो बिक्री गरेबापत प्राप्त रकम तारा थापाबाट लिएको २० लाख रकम र अन्य साथीहरू सँग लिएको ऋण तिरेको हुँ, बाँकी रकमले भक्तपुरमा श्रीमती मीना कार्कीको नाममा जग्गा खरिद गरेको हो।</td></tr>
<tr><td>४.</td><td>मीना कार्की</td><td>जि.काठमाडौं, धुम्बाराही, ओरेन्टल अपार्टमेन्ट</td><td>Block D First Floor Flat no. 1</td><td>६८० व.फि.</td><td>खरिद</td><td>२०६८/१२/०८</td><td>४०,००,०००/-</td><td>नियुक्ति अर्जेल</td><td></td></tr>
<tr><td colspan="10">माथि सि.नं. ४ मा उल्लिखित मेरो श्रीमती मीना कार्कीको नाममा रहेको जग्गा मिति २०६८/१२/०८ गते रु ४०,००,००० (चालिस लाख रुपैयाँ) मा बिक्री गरेको हो। सो बिक्री गरेबापत प्राप्त रकम सुनसरी, घोपा-६ (क) मा मनिता श्रेष्ठको नाममा रहेको कि.नं. ५९४२ साढे नौ धुर जग्गा र सो मा बनेको घर रु २९,००,०००/- मा मेरो श्रीमतीको नाममा खरिद गरेको हो। बाँकी रकम व्यवसाय र घरायसी कार्यमा खर्च भयो।</td></tr>
<tr><td>५.</td><td>मीना कार्की</td><td>जि. मोरङ, वविया बिर्ता</td><td>१४८<br>१४९<br>१५०<br>१५१<br>१५२<br>१५३</td><td>०-१-१२ १/२<br>०-१-१२ १/२<br>०-०-१७ १/२<br>०-०-१७ १/२<br>१-४-०<br>१-४-०</td><td>खरिद</td><td>२०७१/११/२८</td><td>२६,००,०००/-</td><td>बिकास राठी</td><td></td></tr>
</table>

माथि सि.नं. ५ मा उल्लिखित कि.नं. १४८,१४९,१५०,१५१,१५२,१५३ को जग्गा मिति २०६९/०९/१२ मा केशर कुमार तामाङ र कृष्ण बहादुर लामाबाट एकमुष्ट रु १६,००,०००/- (सोह्र लाख रुपैंया) मा मैले घरमा भएको सुन धितो राखी र सरसापट गरी खरिद गरेको थिएँ। सोही जग्गा मेरो श्रीमती मीना कार्कीको नामाबाट मिति २०७१/११/२८ गते रु २६,००,०००/-( छब्बिस लाख रुपैंया) मा बिकास राठीलाई बिक्री गरेको हो। उक्त जग्गा बिक्री बापत प्राप्त रकम जग्गा खरिद गर्दा लिएको ऋण र बाँकी रकम व्यवसाय र घरायसी प्रायोजनको लागि खर्च गरेको हुँ।

८. मेरो आफन्त, नजिकको नातेदार, व्यवसायिक साझेदारको नाममा रहेको घरघरेडी, तथा जग्गाजमिनको सम्बन्धमा मलाई जानकारी छैन। मेरो नाममा विभिन्न बैंकहरूमा ०८ वटा खाताहरू रहेका छन। मौज्दात रकमको सम्बन्धमा मलाई यकिन याद भएन। मैले मिति २०७२/०१/२७ गते जीवनकुमार थापासँग १५ लाख रुपैंया कर्जा लिएको थिएँ। सो कर्जा झापा जिल्ला अदालतको मिलापत्र आदेश अनुसार जिल्ला झापा चापाने-१, कि.नं.१७४२५ को जग्गा दिई कर्जा चुक्ता गरिसकेको छु। जीवनकुमार थापासँग लिएको कर्जाको लिखत तमसुक छ।

म लगायत मेरो एकाघर परिवारको नाममा पैतृक सम्पत्तिको रुपमा ३० तोला सुन र १० तोला चाँदी प्राप्त भएकोमा २०७२ सालमा जिल्ला अदालत झापामा मलाई अपहरण तथा शरीर बन्धक सम्बन्धी मुद्दा चल्दाको बखत अन्दाजी १० तोला सुनको गरगहनाहरू मैले लगाएको अवस्थामा बरामद गरी झापा जिल्ला अदालतमा बुझाएको हो। सो गरगहनाहरू हाल सम्म पनि सोही अदालतमा रहेको छ। अन्दाजी १५ तोला सुनका गरगहनाहरू बच्चाहरू पढाउने क्रममा र अन्य घरायसी खर्चको लागि बेचविखन गरिसकेको र बाँकी ५-६ तोला सुन तथा १० तोला चाँदीका गरगहनाहरू घरमा रहेको छ। अन्यबहुमूल्य धातु तथा गरगहनाहरू छैन। मेरो श्रीमती मीना कार्की सेयर होल्डर रहेको कासुमी दाना सप्लायर्स प्रा.लि.को बार्षिक आयअ.१ देखि १.५ लाख रहेको छ।मेरो श्रीमती मीना कार्की सेयर होल्डर रहेको कासुमी स्क्राप रिसाईकलिङ्ग प्रा.लि. को बार्षिक आय अ.१ देखि १.५ लाख रहेको छ। मेरो श्रीमती मीना कार्की सेयर होल्डर रहेको अञ्चल प्लास्टिक पाइप एण्ड दाना उद्योग प्रा.लि.को हाल आम्दानी रहेको छैन।

जिल्ला अदालत काठमाडौंमा चलेको विद्युतीय कारोबार सम्बन्धी मुद्दा (मु.नं.०७२-CR-१०६५) मा मलाई ६ महिना कैद सजाय भएको हो। झापा जिल्लाबाट अपरहरण तथा शरीर बन्धक, हातहतियार तथा खरखजाना तथा संगठित अपराध, झुठ्ठा विवरण पेस गरी नागरिकता (मु.नं. ०७२-CR-०१६१) मा ६ वर्ष कैद सजाय र साठी हजार जरिबाना भएको हो। मैले नेपालमा विगत २८ वर्षदेखि रोजगार तथा व्यवसाय गरि आर्जन गरेको रकमबाट सम्पत्तिहरू खरिद गरी श्रीमतीको नाममा राखेको हो आपराधिक क्रियाकलापबाट आर्जन गरेको होईन भन्नेसमेत बेहोराको **प्रतिवादी सुनिलकुमार सिंहले अनुसन्धान अधिकारीसमक्ष बयान गरेको देखिन्छ।**

९. प्रतिवादी **मीना कार्कीले** उजुरी निवेदन प्रतिशोध राखी मेरो पूर्व श्रीमान् र मलाईसमेत फसाउने नियतले उजुरी दिएको हो। वहाँले आपराधिक क्रियाकलापमा संलग्न रहि गैरकानूनी तबरले सम्पत्ति आर्जन गरेको होइन। प्रभु बैंकमा रहेको खातामा मैले काम गरेको तलब भत्ता जम्मा हुने गर्दथ्यो। अरु खाताहरू मेरो श्रीमानले नै प्रयोग गर्नुहुन्थ्यो। उक्त खाताहरूमा भएको कारोबार सम्बन्धमा मलाई थाहा भएन। म र मेरो पूर्व श्रीमान् सुनिलकुमार सिंहलाई प्रतिशोध राखी दुःख दिने नियतले यो मुद्दा दर्ता गरेको हो। यसमा मसमेतले सम्पत्ति शुद्धीकरणको गैरकानूनी कार्य गरेको छैन अभियोगदाबी झुठ्ठा हो। यसमा म र मेरो पूर्व श्रीमानले सफाइ पाउनु पर्छ भन्ने समेत बेहोराको यस अदालतसमक्ष बयान गरेको देखियो।

**१०. प्रतिवादी मीना कार्कीले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा आफ्नो सम्पत्तिको स्रोत निम्न बमोजिम खुलाएको देखिन्छः-**

**प्रतिवादी मीना कार्कीको बयानको बेहोरा :-** मैले सुनिलकुमार सिंह सँग बि.सं. २०६० सालको जेष्ठ महिनामा काभ्रेपलाञ्चोक जिल्लामा रहेको पलाञ्चोक भगवती मन्दिरमा गई हिन्दू परम्पराअनुसार विवाह गरेको हो। सुनिलकुमार सिंहसँग विवाह गर्नु पूर्व मैले कुनै पनि व्यावसायिक र पेसागत कारोबार गरी सम्पत्ति आर्जन गरेको छैन। मेरो शास्वत

सिंह र कासुमी सिंह गरी २ जना छोराछोरी छन्। रामनाथ सिंह मेरो ससुरा हुन्। मेरो नाममा २०६७ सालमा कम्पनी रजिस्ट्रारको कार्यालय काठमाडौंमा कासुमी दाना सप्लायर्स प्रा.लि. नामक कम्पनी दर्ता गरेको थिएँ। उक्त कम्पनीको अधिकृत पुँजी ५ लाख, चुक्ता पुँजी ५ लाख रहेको थियो। उक्त कम्पनी हाल २०७१ सालदेखि सञ्चालनमा नरहेको तथा सो कम्पनीबाट २०७१ सालदेखि नै कुनै प्रकारको कारोबार गरेको छैन। मेरो र चिनजानको दिदी खोमा भण्डारीको नाममा कम्पनी रजिस्ट्रारको कार्यालय काठमाडौंमा कासुमी स्क्राप रिसाईकलिङ्ग प्रा.लि. नामक कम्पनी मिति २०७५/०४/२२ मा दर्ता गरेको हो। सो कम्पनीको अधिकृत पुँजी २५ लाख , चुक्ता पुँजी २५ लाख रहेको छ भने कम्पनीमा मेरो नाममा २३,७५,०००।- रकम बराबरको २३७५० कित्ता सेयर रहेको छ। बाँकी रु.१,२५,०००।- रकम बराबरको १२५० कित्ता सेयर खोमा भण्डारीको नाममा रहेको छ। यसै गरी २०६७/०९/१८ गते कम्पनी रजिस्ट्रारको कार्यालय काठमाडौंमा अञ्जल प्लास्टिक पाइप एण्ड दाना उद्योग प्रा.लि. नामक कम्पनी दर्ता गरेका थियौं। उक्त कम्पनी दर्ता गर्दा मेरो नाममा रु.१२,५०,०००।- रकम बराबरको १२५०० कित्ता सेयर र अञ्जु कवेको नाममा रु.१२,५०,०००।- रकम बराबरको १२५०० कित्ता सेयर रहेको थियो। कम्पनीको अधिकृत पुँजी २५ लाख, चुक्ता पुँजी २५ लाख रहेको थियो। हाल उक्त कम्पनीमा मेरो नाममा रु.८,३३,५००।- रकम बराबरको ८३३५ कित्ता सेयर रहेको छ भने सुमन कवेको नाममा रु.८,३३,५००।- रकम बराबरको ८३३५ कित्ता सेयर र महानन्द गुरागाँईको नाममा रु.८,३३,०००।- रकम बराबरको ८३३० कित्ता सेयर रहेको छ। त्यस बाहेक निज महानन्द गुँरागाईसँग कुनै प्रकारको आर्थिक कारोबार रहेको छैन। यी बाहेक मेरा नातेदार, आफन्त, व्यवसायिक साझेदारका नाममा कुनै फर्म/कम्पनीहरू दर्ता तथा सञ्चालनमा रहेका छैनन्।

नेपाल भरमा मेरो नाममा रहेको घर, घडेरी, जग्गा जमिनको यथार्थ विवरण निम्नानुसार खुलाएको छुः

| सि.नं. | जग्गाधनीको नाम | जग्गा रहेको स्थान | कित्ता नं. | क्षेत्रफल | खरिद मिति | खरिद रकम (रु) | कै. |
|---|---|---|---|---|---|---|---|
| १. | मीना कार्की | जि. झापा, धुलाबारी-५ | २८६४ | ०-२-८ ३/४ | २०७०/११/१९ | १,२५,०००/- | |
| २. | मीना कार्की | जि. भक्तपर, नंखेल-५ | ९२६ | ०-१०-०-० | २०७३/०८/०३ | २,४०,०००/- | |
| ३. | मीना कार्की | जि. काठमाडौं, गोठाटार-९ | २६७, २७२, २७४ | ५३.६५ व.मी<br>९३.३९ व.मि.<br>११.९२ व.मि. | २०७५/१०/०१ | ८४,१७,७९९/- | २ १/२ तल्ले पक्की घर समेत |
| ४. | मीना कार्की | जि. सुनसरी बाझगरा-०९ क | २३७२ | ०-०-७-० | | २,७२,०००/- | |
| माथि तालिकामा देखाईएका घर तथा जग्गाहरू मेरो श्रीमान् सुनिलकुमार सिंहको आर्जनबाट मेरो नाममा खरिद गरेको हो। त्यस बाहेक मेरो नाममा अन्य जग्गा जमिन तथा घर रहेको छैन। | | | | | | | |

विगतमा म लगायत मेरो एकासगोल परिवारमा रहेका सम्पूर्ण सदस्यहरूको स्वामित्वमा आएका र हक हस्तान्तरण भैसकेका घर, घडेरी, जग्गा जमिनको यथार्थ विवरण निम्नानुसार खुलाएको छुः

<table>
<tr><th>सि.नं.</th><th>जग्गाधनीको नाम</th><th>जग्गा रहेको स्थान</th><th>कित्ता नं.</th><th>क्षेत्रफल</th><th>प्राप्तिको स्रोत</th><th>खरिद मिति</th><th>खरिद रकम</th><th>बिक्री कर्ताको नाम</th><th>कै.</th></tr>
<tr><td>१.</td><td>सुनिलकुमार सिंह</td><td>जि. झापा, चारपाने-१</td><td>१७४२५</td><td>०-०-१५३/४</td><td>खरिद</td><td>२०७१/११/०७</td><td>७,८७,५००/-</td><td>देवी पञ्च कन्या हाउजिङ</td><td></td></tr>
<tr><td colspan="10">माथि सि.नं. १ मा उल्लिखित जग्गा मिति २०७१/११/०७ गते देवी पञ्च कन्या प्लानिङ एण्ड हाउजिङ कम्पनी प्रा.लि. बाट रु ७,८७,५००/-(सात लाख सतासी हजार पाँच सय रुपैयाँ) मा मेरो श्रीमान सुनिलकुमार सिंहलेखरिद गर्नु भएको हो।उक्त जग्गा मिति २०७४/०५/१६ गते सम्मानित जिल्ला अदालत झापाको मिलापत्र आदेशबाट रु.१५,००,०००/-( पन्ध्र लाख रुपैयाँ ) मा जीवनकुमार थापाको नाममा नामसारी दा.खा. भएको हो।</td></tr>
<tr><td>२.</td><td>मीना कार्की</td><td>जि. काठमाडौं, धुम्बाराही, ओरेन्टल अपार्टमेन्ट</td><td>Block D First Floor Flat no. 1</td><td>६८० व.फि.</td><td>खरिद</td><td>२०६८/०२/०६</td><td>१७,६५,०००/-</td><td>कल्पना जोशी</td><td></td></tr>
<tr><td colspan="10">माथि सि.नं. २ मा उल्लिखित जग्गा मिति २०६८/०२/०६ गते कल्पना जोशीबाट रु.१७,६५,०००/-(सत्र लाख पैसठ्ठी हजार रुपैयाँ मा खरिद गरेको हो।सो फ्ल्याट मिति २०६८/१२/०८ गते रु ४०,००,००० (चालिस लाख रुपैयाँ) मा नियुक्ति अर्जेललाई बिक्री गरेको हो। सो बिक्री गरे बापत प्राप्त रकम सुनसरी, घोपा-६ (क) मा मनिता श्रेष्ठको नाममा रहेको कि.नं. ५९४२ साढे नौ धुर जग्गा र सो मा बेनको घर रु.२९,००,०००/- मा मेरो नाममा खरिद गरेको हो।</td></tr>
<tr><td>३.</td><td>मीना कार्की</td><td>जि. ललितपुर, टिकाथली-६</td><td>२३७४, २३८०</td><td>०-४-२-०<br>०-०-२-०</td><td>खरिद</td><td>२०६६/०९/२७</td><td>२,७२,०००/-</td><td>सुमन प्रकाश श्रेष्ठ/चसिला श्रेष्ठ</td><td></td></tr>
<tr><td colspan="10">माथि सि.नं. ३ मा उल्लिखित जग्गा मिति २०६६/०९/२७ गते रु २,७२,०००/-( दुई लाख बहत्तर हजार रुपैयाँ) मा सुमन प्रकाश श्रेष्ठ/चसिला श्रेष्ठ सँग मेरो नाममा खरिद गरेको हो। सो जग्गा मिति २०७३/०५/२० गते गिता कार्कीलाई रु ४२,५०,०००/-( बयालिस लाख पचास हजार रुपैंया) मा बिक्री गरेको हो।</td></tr>
<tr><td>४.</td><td>मीना कार्की</td><td>जि. सुनसरी, घोपा-६ (क)</td><td>५९४३</td><td>०-०-९ १/२</td><td>खरिद</td><td>०६९/१२/२६</td><td>२९,००,०००/-</td><td>मनिता श्रेष्ठ</td><td>२१/२ तल्ले घर</td></tr>
<tr><td colspan="10">माथि सि.नं. ४ मा उल्लिखितजग्गा र सो मा बनेको घर मिति २०६९/१२/२६ गते रु २९,००,०००/- उनान्तिस लाख रुपैयाँ) मा मनिता श्रेष्ठबाट मेरो नाममा खरिद गरेको हो। उक्त जग्गा र सो मा बनेको घर मिति २०७२/०६/१२ गते कुशल पोखेल खत्रीलाई रु.२९,५०,०००/- (उनान्तिस लाख पचास हजार रुपैयाँ) मा बिक्री गरेको हो।</td></tr>
</table>

११. मेरो श्रीमान सुनिलकुमार सिंह भारतीय नागरिक हुन् भन्ने विषय मेरो जानकारीमा थियो। तर निजले आपराधिक तथा अपराधजन्य क्रियाकलाप गरी सम्पत्ति आर्जन गरेको र उक्त आर्जनबाट मेरो नाममा सम्पत्ति खरिद गरेको भन्ने विषयमा मलाई जानकारी छैन।

१२. प्रतिवादीहरू उपर सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३(१)(क)(ख)(ग) बमोजिम कसुर गरेको भन्ने आरोप दाबी रहेको देखिन्छ। उक्त दफामा निम्न बमोजिमको व्यवस्था रहेको छः- कुनै व्यक्तिले देहायको कुनै कार्य गर्न वा गराउन हुँदैनः-

१. **सम्पत्तिको गैरकानूनी स्रोत (इलिसिट अरिजिन) लुकाउने वा छल्ने वा कसुरमा संलग्न व्यक्तिलाई कानूनी कारबाहीबाट बचाउन सहयोग गर्ने उद्देश्यले कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदा पाउँदै वा विश्वास गर्नुपर्ने मनासिब आधार हुँदाहुँदै त्यस्तो सम्पत्ति कुनै पनि प्रकारले रूपान्तरण वा हस्तान्तरण गर्ने।**

२. **कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउदा पाउदै वा विश्वास गर्नुपर्ने मनासिब आधार हुँदाहुँदै त्यस्तो सम्पत्तिको सही प्रकृति, स्रोत, स्थान, निःसर्ग (डिस्पोजिसन), कारोबार (मुभमेण्ट), स्वामित्व वा सो सम्पत्ति उपरको अधिकार लुकाउने, छल्ने वा बदल्ने, वा**

३. **कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने जानी जानी वा विश्वास गर्नुपर्ने मनासिब आधार हुँदाहुँदै त्यस्तो सम्पत्ति प्राप्त गर्ने, प्रयोग गर्ने वा धारण गर्ने।**

१३. प्रतिवादीहरूले आफूबाट बरामदित रकमको वैधानिक स्रोत खुलाउन र पुष्टि गर्न नसकेकोले सो रकम गैरकानूनी स्रोत (Illicit Origin) बाट प्राप्त सम्पत्ति रहेकोले प्रतिवादीहरूले गैरकानूनी स्रोत लुकाउने वा छल्ने तथा स्थानान्तरण गरी

गराई सम्पत्ति शुद्धीकरणको कसुर गरेको भन्ने आरोपदाबी रहेको देखिन्छ। सम्पत्तिको वैधानिक स्रोत खुलाउन नसकेकोमा सम्पत्ति शुद्धीकरणको कसुर हुने हो वा होइन भन्ने सम्बन्धमा यस दफाको व्याख्या र विश्लेषण गर्नुपर्ने देखियो। यसका लागि सम्पत्ति शुद्धीकरणको विधिशास्त्रको संयुक्त राज्य अमेरिका, इंगल्याण्ड, क्यानडा र भारतमा गरिएको न्यायिक व्याख्यासमेत सान्दर्भिक हुने देखियो।

१४. United Nations General Assembly ले June 1998 मा एउटा Political Declaration पारित गरी United Nations Convention Against Illicit Traffic in Narcotic Drugs and Psychotropic Substance of 1998 को प्रावधानअनुरुप सम्पत्ति शुद्धीकरण निवारण कानून ल्याउने र अन्तरराष्ट्रिय, राष्ट्रिय, क्षेत्रीय सहयोग आदान प्रदान गर्ने संकल्प गरे बमोजिम प्रत्येक सदस्य राष्ट्रहरूले सम्पत्ति शुद्धीकरण निवारण (PMLA) कानून ल्याएको पाइन्छ। हाम्रो सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ पनि सोही संकल्प बमोजिम आएको हो। यस सम्बन्धमा United Nations Office on Drugs and Crime (UNODC) ले एउटा "Model Money Laundering of Proceeds of crime and Terrorist Financing Bill 2003" ल्याई कानून निर्माणमा सबै राष्ट्रहरूलाई सहयोग गर्ने प्रयास गरेको पाइन्छ। सम्पत्ति शुद्धीकरणको परिभाषा सर्वप्रथम UN Vienna Convention 1988 को धारा ३.१.b मा गरिएको थियो जुन यस प्रकार छः

***"the conversion or transfer of property, knowing that such property is derived from any offense(s), for the purpose of concealing or disguising the Illicit Origin of the property or of assisting any person who is involved in such offense(s) to evade the*** legal consequences of his actions".[1]

१५. कुनै सम्पत्ति कुनै कसुरबाट आर्जित सम्पत्ति हो भन्ने जानीजानी सो सम्पत्तिको गैरकानूनी स्रोत लुकाउने वा छल्ने वा यस्ता कसुरमा संलग्न व्यक्तिलाई कानूनी कारबाहीबाट बचाउन सहयोग गर्ने उद्देश्यले त्यस्तो सम्पत्तिको रुपान्तरण वा हस्तान्तरण गर्ने कार्यलाई सम्पत्ति शुद्धीकरण भनिन्छ। सम्पत्ति शुद्धीकरण एउटा प्रक्रिया हो जसमा कसुरबाट आर्जित सम्पत्तिलाई वैध वित्तीय प्रणालीमा समावेश हुन ३ चरण अवलम्बन गर्ने गरेको पाइन्छ।

- Placement (Moving the funds from direct association with crime)
- Layering (disguising the trait to foil pursuit)
- Integration (making the money available to the criminal from what seem to be legitimate sources )

१६. तत्पश्चात UN Palermo Convention मा कसुरबाट आर्जित सम्पत्ति शुद्धीकरण गर्ने कार्यलाई कसुरको रुपमा परिभाषित गर्नुपर्ने भनी निर्णय गरेको पाइन्छ। प्रत्येक सदस्य राष्ट्रहरूले आफ्नो राष्ट्रिय कानूनको आधारभूत सिद्धान्तहरूका अधीनमा रही नियतवश गरिने निम्न बमोजिमका कार्यहरूलाई विधायिकी वा अन्य मापदण्डहरूमा कसुरको रुपमा परिभाषित गर्नेछः

- कुनै सम्पत्ति कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदा पाउँदै त्यस्तो सम्पत्तिको गैरकानूनी स्रोत लुकाउने वा छल्ने वा सम्बद्ध कसुरमा संलग्न व्यक्तिलाई कानूनी कारबाहीबाट बचाउने उद्देश्यले सम्पत्ति रुपान्तरण वा हस्तान्तरण गर्ने कार्यः
- कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदा पाउँदै त्यस्तो सम्पत्तिको सही प्रकृति, स्रोत, स्थान, निःसर्ग कारोबार स्वामित्व वा सो सम्पत्ति उपरको अधिकार लुकाउने वा छल्ने कार्यः
- आफ्नो कानून प्रणालीको अधीनमा रहीः

सम्पत्ति प्राप्त गर्दाका बखत त्यस्तो सम्पत्ति कसुरबाट आर्जित सम्पत्ति हो भन्ने थाहा पाउँदा पाउदै त्यस्तो सम्पत्ति प्राप्त गर्ने, भोग गर्ने वा प्रयोग गर्ने कार्यः

यस धाराबमोजिम कसुर मानिने कुनै कार्यमा सहभागि हुने, त्यस्तो कार्यमा आबद्ध हुने वा त्यस्तो कार्यको षडयन्त्र गर्ने वा त्यस्तो कार्यमा मद्दत गर्ने, दुरुत्साहन गर्ने, सहजीकरण गर्ने र सल्लाह दिने कार्य,

1 United Nations Convention Against Illicit Traffic in Narcotic Drugs and Psychotropic Substance, 1988, article 3.1.b.

Criminalization of the laundering of Proceeds of crime[2]

1. Each State Party shall adopt, in accordance with fundamental principles of its domestic law, such legislative and other measures as may be necessary to establish as criminal offences, when committed intentionally:

**a**

- **I.** The conversion or transfer of property, knowing that such property is the Proceeds of crime, for the purpose of concealing or disguising the Illicit Origin of the property or of helping any person who is involved in the commission of the predicate offence to evade the legal consequences of his or her action;
- **II.** II. The concealment or disguise of the true nature, source, location, disposition, movement or ownership of or rights with respect to property, knowing that such property is the Proceeds of crime;

**b. Subject to the basic concepts of its legal system:**

- **I.** The acquisition, possession or use of property, knowing, at the time of receipt, that such property is the Proceeds of crime;
- **II.** Participation in, association with or conspiracy to commit, attempts to commit and aiding, abetting, facilitating and counselling the commission of any of the offences established in accordance with this article.

१७. हाम्रो सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ मा UN Palermo Convention को भावना बमोजिम नै हुवहु सोही प्रावधान राखेको पाइन्छ। भारतको सर्वोच्च अदालतले सम्पत्ति शुद्धीकरणको कसुरको आवश्यक तत्वहरू पहिचान गरेको पाइन्छः "This fact becomes relevant, only if, the prosecution or the authorities have succeeded in ***establishing at least three basic or foundational facts. First, that the criminal activity relating to a scheduled offence has been committed. Second that the property in question has been derived or obtained, directly or indirectly, by any person as a result of that criminal activity. Third, the person concerned is, directly or indirectly, involved in any process or activity connected with the said property being Proceeds of crime.*** On establishing the fact that there existed Proceeds of crime and the person concerned was involved in any process or activity connected therewith, itself, constitutes offence of money-laundering."[3]

१८. सम्पत्ति शुद्धीकरणको कार्यले राष्ट्रको वित्तीय प्रणालीमा दुष्प्रभाव पार्ने मात्र होइन अपितु राष्ट्रको सार्वभौमसत्ता र अखण्डतामा समेत असर पार्छ। वित्तीय प्रणालीको अन्तरसरकारी सम्बन्ध रहने भएकोले एक देशमा कसुरबाट आर्जित सम्पत्ति अर्को देशमा स्थानान्तरण हुन सक्ने भई सो कमजोरीको लाभ लिई अपराधीहरूले अन्य अपराध गर्नसमेत प्रोत्साहन हुन सक्ने देखिन्छ। यसरी सम्पत्ति शुद्धीकरणको राष्ट्रिय, क्षेत्रीय, विश्वव्यापी आयाम रहेको पाइन्छ। यही कारणले संयुक्त राष्ट्रसंघ (FATF) ले सम्पत्ति शुद्धीकरण रोकथाम, निवारण र अपराधिकरणमा विशेष प्रयास गरेको पाइन्छ। सम्पत्ति शुद्धीकरण आतंककारीकार्यमा वित्तीय लगानी र सोको प्रसारमा लगानी (the financing of proliferation) विरुद्ध साझा उद्देश्य प्राप्तिका लागि FATF को सिफारिसका आधारमा सबै देशहरूले काम गर्दछन्। FATF ले सन् २००३ मा ४० बुँदे सिफारिस पारित गरेको थियो, जसमध्ये पहिलो बुँदा Legal System सम्बन्धी रहेको पाइन्छ। जसअनुसार सदस्य राष्ट्रहरूले UN Vienna Convention र UN Palermo Convention का आधारमा आफ्नो Legal System मा सम्पत्ति शुद्धीकरणलाई अपराधिकरण गर्नेछन्। नेपालको सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को प्रमुख स्रोत उल्लिखित संयुक्त राष्ट्रसंघीय महासन्धीहरू नै हुन्। तसर्थ सम्पत्ति शुद्धीकरणको अन्तर्राष्ट्रिय स्तरमा मान्य परिभाषा आउनुपर्छ, जसबाट सम्पत्ति शुद्धीकरणको कसुरमा आरोपित व्यक्ति र अभियोजक लाई संन्तुलित न्याय प्राप्त हुन सकोस्। वास्तवमा तथ्य, कानून र न्यायका मान्य सिद्धान्तका आधारमा सत्य पहिल्याउनु नै न्याय हो।

१९. सम्पत्ति शुद्धीकरण प्राविधिक रुपले परिभाषित कसुर (Technically defined offence) हो यसका लागि सम्बद्ध कसुर (Predicate offence) को विद्यमानता र त्यस्तो कसुरबाट प्राप्त सम्पत्ति (Proceeds of crime) को विद्यमानता आवश्यक पर्छ। सम्बद्ध कसुर कानूनबाट नै परिभाषित हुनुपर्छ। कसुरबाट प्राप्त सम्पत्तिमा प्रत्यक्ष वा अप्रत्यक्षरुपमा आवद्ध

2 United Nations Convention against Transnational Organized Crime and the Protocols thereto, 2000.

3 Vijay Madanlal v. Union of India (July 2022)

रहेका वा सहयोग गरेका व्यक्तिहरू, जसले त्यस्तो अवैध सम्पत्तिलाई वैध सम्पत्तिमा रुपान्तरण गर्ने प्रक्रिया वा कार्य गरेमा सम्पत्ति शुद्धीकरणको कसुर गरेको मानिन्छ। सम्बद्ध कसुरको विद्यमानता पुष्टि हुन नसकेमा सम्पत्ति शुद्धीकरणको कसुर पुष्टि हुन सक्दैन। साथै सम्बद्ध कसुरबाट प्राप्त सम्पत्ति (Proceeds of crime) को विद्यमानता नदेखिएमा सम्पत्ति शुद्धीकरणको कसुर पुष्टि हुन सक्दैन। यसका साथै सम्पत्तिको गैरकानूनी स्रोत लुकाउने र वैध सम्पत्तिमा रुपान्तरण गर्ने नियतले उक्त कार्य वा प्रक्रिया गरेको देखिनुपर्छ। सम्पत्ति शुद्धीकरणको प्रक्रिया जटिल प्रकृतिको रहेकोले यसमा संलग्न व्यक्तिहरूको मनसाय रहे वा नरहेको कुराको हेक्का राख्नु पर्दछ।

२०. कसुरबाट प्राप्त सम्पत्ति (Proceeds of crime) र सम्बद्ध कसुर (Predicate offence) परस्परमा अन्योन्यश्रित रुपमा गासिएको पाइन्छ। सम्बद्ध कसुरको विद्यमानता पुष्टि भएर मात्र पुग्दैन, सोही कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने पनि पुष्टि हुनुपर्छ। ("For, the requirement is that not only does a predicate crime need to be committed, it in turn needs to generate Proceeds of crime and it must also then be projected as untainted property to qualify for the crime of money-laundering."[4])

सम्पत्ति शुद्धीकरणको कसुरमा "कसुरबाट प्राप्त सम्पत्ति" (Proceeds of crime) को विद्यमानता प्रथम आधारभूत तत्व हो, जुन अभियोजकले नै पुष्टि गर्नुपर्छ। साथसाथै सोको प्रक्रिया पनि अवलम्बन गरिएका छन् भन्ने कुरा पुष्टि हुनुपर्छ। (***The existence of Proceeds of crime is, therefore, a foundational fact, to be established by the prosecution, including the involvement of the person in any process or activity connected therewith.***[5]) कसुरबाट प्राप्त सम्पत्तिको विद्यमानता सम्पत्ति शुद्धीकरणको सारतत्व नै हो ("that projecting or claiming the property as untainted property is the quintessential ingredient of the offence of money-laundering, that would whittle down the sweep of Section 3."[6])

२१. सम्बद्ध कसुरको विद्यमानता बेगर स्वतन्त्र रुपमा दायर गरिएका सम्पत्ति शुद्धीकरणको कसुर पुष्टि हुन सक्ने परिकल्पना विधायिकाले गरेको पाइन्छ। इंगल्याण्डमा R. v. Anwoir को मुद्दामा House of Lords ले गरेको निम्न व्याख्या हाम्रो लागि अनुकरणीय देखिन्छ।

"In attempting to prove that property represented the Proceeds of crime, two paths were open to the prosecution. It could do so either by evidence that it derived from conduct of a specific kind or kinds and that conduct of that kind or those kinds was unlawful or by establishing that the circumstances in which the property was handled, gave rise to an irresistible inference that it could only be derived from crime: 'there are two ways in which the Crown can prove the property derives from crime, a) by showing that it derives from conduct of a specific kind or kinds and that conduct of that kind or kinds is unlawful, or b) by evidence of the circumstances in which the property is handled which are such as to give rise to the irresistible inference that it can only be derived from crime.'"[7]

सम्बद्ध कसुरको विद्यमानता बेगर दायर गरिएका सम्पत्ति शुद्धीकरणको मुद्दामा कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने पुष्टि गर्ने दुइ उपायहरू छनः

- सम्पत्ति कुनै खास कार्यबाट प्राप्त गरिएको हो र सो कार्य गैरकानूनी हो।
- यस्तो परिस्थितिको विद्यमानता पुष्टि गर्नुपर्छ, जसबाट सम्पत्ति कुनै कसुरबाट नै हासिल गरिएको हो भनी अकाटय निष्कर्ष (Irresistible Inference) आओस्।

२२. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २ को देहाय (ज) अनुसार कसुरबाट प्राप्त सम्पत्ति भन्नाले **"सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुर वा सम्बद्ध कसुरबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्राप्त गरेको वा हासिल गरेको जुनसुकै प्रकारको सम्पत्ति सम्झनु पर्छ र सो शब्दले त्यस्तो सम्पत्तिबाट बढे बढाएको अन्य सम्पत्ति वा**

4 *Id.*
5 Vijay Madanlal v. Union of India (July 2022)
6 P. Chidambaram vs Directorate Of Enforcement on 5 September, 2019
7 R v Anwoir [2008] EWCA Crim 1354.

**आर्थिक लाभ वा कुनै पनि तरिकाले आंशिक वा पूर्ण रुपमा हस्तान्तरण वा रुपान्तरण भएको सम्पत्ति वा लाभ समेतलाई जनाउँछ।"**

सम्बद्ध कसुरको (Predicate of offence) विद्यमानता सम्पत्ति शुद्धीकरणको द्वितिय आधारभुत तत्व हो। कसुरबाट प्राप्त सम्पत्ति (Proceeds of crime) प्रमाणमा ग्रहणयोग्य हुन सम्बद्ध कसुरको विद्यमानता पुष्टि हुनुपर्छ। सम्बद्ध कसुर सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (श) सँग सम्बन्धित अनुसूचीमा सूचीकृत कसुर सम्झनुपर्छ। सम्बद्ध कसुरबाट आर्जित सम्पत्ति शुद्धीकरण गर्ने प्रक्रिया नै सम्पत्ति शुद्धीकरणको कसुर हो। सम्बद्ध कसुरको विद्यमानता स्थापित हुन नसकेमा वा सो को अभियोजनको अभावमा सम्पत्ति शुद्धीकरणको कसुरको जग कमजोर हुन पुग्दछ। यस सम्बन्धमा भारतीय सर्वोच्च अदालतबाट P. Chidambaram v. Directorate of Enforcement (2019) को मुद्दामा प्रतिपादित सिद्धान्त उल्लेखनीय देखिन्छ- "Scheduled offence is *since quo non* for the offence of money-laundering which would generate the money that is being laundered."[8]

२३. सम्पत्ति शुद्धीकरणको कसुर पुष्टि हुन "कसुरबाट प्राप्त सम्पत्ति" (Proceeds of crime) को विद्यमानता स्थापित हुन आवश्यक पर्ने र सो सम्पत्ति सम्बद्ध कसुर (Predicate offence) बाट नै सिर्जित हुनुपर्ने अनिवार्य प्रावधान रहेकोले सम्बद्ध कसुरको विद्यमानता हुनु आधारभूत आवश्यकता हो। यस सम्बन्धमा भारतीय सर्वोच्च अदालतबाट Vijay Madanlal v. Union of India (2022) को मुद्दामा प्रतिपादित सिद्धान्त उल्लेख गर्नु सान्दर्भिक देखिन्छः

*"The offence under Section 3 of the 2002 Act is dependent on illegal gain of property as a result of criminal activity relating to a scheduled offence. It is concerning the process or activity connected with such property, which constitutes the offence of money- laundering. The Authorities under the 2002 Act cannot prosecute any person on notional basis or on the assumption that a scheduled offence has been committed, unless it is so registered with the jurisdictional police and/or pending enquiry/trial including by way of criminal complaint before the competent forum. If the person is finally discharged/acquitted of the scheduled offence or the criminal case against him is quashed by the Court of competent jurisdiction, there can be no offence of money-laundering against him or any one claiming such property being the property linked to stated scheduled offence through him."*[9]

दफा ३(१) (क) ले सम्पत्ति शुद्धीकरणको सम्पूर्ण Projection र Designing सो को उद्देश्य (Purpose) बाट मात्र कसुरले पूर्णता पाउने देखिदा सो दफाको प्रत्येक उपप्रावधान (Sub-clause) को खण्ड खण्ड गरी प्रयोग गर्न मिल्दैन। आपराधिक कार्य, मनसाय र उद्देश्यमा अन्योन्याश्रित अन्तरसम्बन्ध रहेको पुष्टि हुनुपर्छ।

२४. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३(१) ले सम्पत्ति शुद्धीकरण हुने कार्य वा प्रक्रिया पहिचान गरेको पाइन्छ।

- देहाय (क) अनुसार कसुरबाट प्राप्त सम्पत्तिको गैरकानूनी स्रोत लुकाउने वा छल्ने उद्देश्यले त्यस्तो सम्पत्ति कुनै पनि प्रकारले रुपान्तरण वा हस्तान्तरण गर्ने कार्य,
- देहाय (ख) अनुसार त्यस्तो सम्पत्तिको सही प्रकृति, स्रोत, स्थान, निःसर्ग, कारोबार (Movement), स्वामित्व वा सो सम्पत्ति उपरको अधिकार लुकाउने छल्ने वा बदल्ने,
- देहाय (ग) अनुसार त्यस्तो सम्पत्ति प्राप्त गर्ने प्रयोग गर्ने वा धारण गर्ने।

२५. सम्पत्ति शुद्धीकरणको कसुरमा कसुरबाट प्राप्त सम्पत्ति (Proceeds of crime) को रुपान्तरण वा हस्तान्तरण गरिने कार्य पनि कसुरको आधारभूत तत्व हो। यसरी अवैध सम्पत्तिलाई वैधानिक बनाउने कार्य नै सम्पत्ति शुद्धीकरणको *Actus reas* हो। अपराधिक कार्यको अभावमा कसुर स्थापित हुन सक्दैन। वादीले प्रतिवादीहरूबाट बरामद भएको रकमको प्रतिवादीले गैरकानूनी स्रोत लुकाउने वा छल्ने कार्य गरेको भन्ने दाबी गरेको देखिन्छ। तर यस दफा ३ को संरचना हेर्दा सम्पत्तिको गैरकानूनी स्रोत लुकाउने वा छल्ने कुरा कार्य होइन, अपितु उद्देश्य (motive or purpose) मात्र हुन सक्ने हो, कुनै कार्य गरे बेगर सम्पत्तिको स्रोत लुकाउन असम्भव हुन जान्छ। दाबीको रकम प्रतिवादीहरूले

8 P. Chidambaram vs Directorate of Enforcement on 5 September, 2019.

9 Vijay Madanlal v. Union of India (July 2022)

स्थानान्तरण गरेको आरोपदाबी मूलतः ऐ. दफा ३(१) (ख) सँग सम्वन्धित छ। कसुरबाट प्राप्त सम्पत्ति को स्थान परिवर्तन गर्ने कार्य सो कसुरको *Actus reas* हुनसक्नेमा दुविधा छैन। तथापि बरामद भएको रकम **"कसुरबाट प्राप्त सम्पत्ति"** (Proceeds of crime) रहेको पुष्टि हुन नसकेकोले सो दाबी पनि पुष्टि हुन सक्ने देखिन आएन।

अन्य अपराधमा जस्तै सम्पत्ति शुद्धीकरणको कसुरमा मनसाय (mens rea) तत्वको अहं भूमिका हुन्छ। सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३(१) को देहाय (क),(ख),(ग) मा "कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदा पाउँदै वा विश्वास गर्नुपर्ने मनसिब आधार हुदाँहुदै" भन्ने वाक्यांशको प्रयोग भएको पाइन्छ। Palermo Convention मा पनि "ith intent to" र "knowing that such property is the Proceeds of crime" बाक्यांश प्रयोग भएको देखिन्छ। अमेरिकाको US code 18, Section 1956 मा "Knowing that the transaction is designed to conceal or disguise" र "with intent to" बाक्यांश को प्रयोग भएको पाइन्छ। मनसाय बेगर गरिएका कुनै कार्यले मात्र कसुर स्थापित हुँदैन। सम्पत्ति शुद्धीकरणको कसुर स्थापित हुन अभियुक्तले "कसुरबाट प्राप्त सम्पत्ति" हो भन्ने थाहा पाउदा पाउदै वा विश्वास गर्नुपर्ने मनासिब आधार हुदाँहुदै सम्पत्तिको गैरकानूनी स्रोत (Illicit Origin) लुकाउने वा छल्ने उद्देश्यले सम्पत्तिको रुपान्तरण वा हस्तान्तरणको कार्य गरेको देखिनुपर्छ।

२६. सम्पत्ति शुद्धीकरण कुनै एउटा खास कार्य मात्र नभई योजनाबद्ध प्रक्रिया रहेकोले यसभित्र सम्पत्तिको गैरकानूनी स्रोत लुकाउने वा छल्ने उद्देश्य, सम्पत्तिको रुपान्तरण, हस्तान्तरण वा स्थानान्तरण जस्ता कार्यहरूको श्रृङ्खला (series of acts) समावेश हुन्छन। तसर्थ यसमा सहभागी वा आबद्ध हुने व्यक्तिलाई सर्वप्रथम कुनै सम्पत्ति **"कसुरबाट प्राप्त सम्पत्ति हो"** भन्ने ज्ञान हुनु आवश्यक छ वा विश्वास गर्नपर्ने मानसिब आधार हुनुपर्छ। तत्पश्चात त्यस्तो सम्पत्तिको गैरकानूनी स्रोत लुकाउने वा छल्ने वा कसुरदारलाई कानूनी कारबाहीबाट बचाउने मनसायले सम्पत्तिको रुपान्तरण, हस्तान्तरण जस्ता कार्य गरेको हुनुपर्छ। Palermo Convention र Vienna Convention मा प्रयुक्त "when committed intentionally" वाक्याशंको आशय आरोपित व्यक्तिको नियत कसुरबाट प्राप्त सम्पत्तिको गैरकानूनी स्रोत लुकाउने वा छल्ने (with intent to concealing or disguising the Illicit Origin of property ) हो भनी पुष्टि हुनुपर्छ। झुक्यानमा परी Institutional deception मा परी वा अज्ञानतावश कुनै कार्य गरेमा सम्पत्ति शुद्धीकरणको नियतवश नै कार्य गरेको भन्न मिल्दैन। जस्तै कसुरबाट प्राप्त सम्पत्तिवाट कुनै व्यक्तिका नाउमा जग्गा खरिद गरेमा सो व्यक्तिले उक्त सम्पत्तिको रुपान्तरण गरी धारण गरेको वा भोग गरेको देखिने हो, तथापि सो व्यक्तिले अज्ञानतावश उक्त कार्यमा सहभागी भएकोमा उसले नियतवश सम्पत्तिको Illicit Origin लुकाउने कार्य गरेको भन्न मिल्ने हुदैन। सहभागिताको अर्थ रुप (Manifestation) मा एउटा देखिने र सम्पत्ति शुद्धीकरणको दृष्टिकोणले (Perspective) हेर्दा सार (Essence) मा फरक देखिने अवस्था उत्पन्न भएमा आरोपित व्यक्तिको नियत सम्पत्तिको गैरकानूनी स्रोत लुकाउने वा छल्ने हो वा होइन भनी निक्यौल गरिनुपर्छ। मनसाय यान्त्रिक रुपले कार्यको रुप (Manifestation) मा मात्र हेरेमा वास्तविकता फरक पर्न सक्छ। आरोपित व्यक्तिको मनसायको व्याख्या वस्तुगत रुपमा तथ्यगत परिस्थितिको आधारमा गरिने छ भन्ने प्रावधानले निर्देश गरेको अर्थ यही हो। परिस्थीतिजन्य प्रमाणका आधारमा सत्य पहिल्याउन सकिने हुन्छ, त्यही नै वास्तविक न्याय हो।

२७. सम्पत्ति शुद्धीकरण सम्बन्धी अमेरिकी विधिशास्त्रमा पनि मनसायलाई अपराधको आधारभूत तत्वको रुपमा मान्यता दिएको पाइन्छ। Cuellar v. United States (2008) मा अमेरिकी सर्वोच्च अदालतले सम्पत्तिको गैरकानूनी स्रोत लुकाउने उद्देश्यले रकम ढुवानीको योजना गरिएको कुरा प्रतिवादीलाई जानकारी नरहेकोले रकम ढुवानी गरिएको कारणले मात्र कसुर ठहर हुन नसक्ने भनी प्रतिवादीलाई सफाइ दिएको थियो। ढुवानीको क्रममा प्रतिवादीले सम्पत्तिको गैरकानूनी स्रोत लुकाएको पुष्टि हुनुमात्र दोष ठहर गर्नका लागि पर्याप्त हुदैन। गैरकानूनी रकमको स्रोत वा प्रकृति लुकाउने प्रयोजनका लागि नै त्यस्तो ढुवानीको योजना बुनिएको थियो भन्ने कुरा प्रतिवादीको जानकारीमा रहेको भनी पुष्टि गरिनुपर्छ। तसर्थ रकमको प्रकृति, स्थान, स्रोत वा कब्जा लुकाउने वा छल्ने योजना अन्तर्गत दाबीको रकम ढुवानी गर्न लागिएको कुरा आरोपीको जानकारीमा रहेको कुरा वादीले पुष्टि गर्नुपर्छ। ढुवानीको क्रममा रकम लुकाउने हर

सम्भव प्रयास गरेको देखिए  तापनि ढुवानी क्रममा रकम लुकाई दिइ राखेको आधारमा मात्र कसुर ठहर हुन सक्दैन। प्रतिवादीले रकमको ढुवानीको योजना गरेको कुरामा केन्द्रित हुनुभन्दा पनि अदालतले फौजदारी कानूनमा रहेको उद्देश्य र मनसाय (purpose and intent) को अवधारणामा ध्यान दिनुपर्छ।

- "Congress used broad language that captures more than classic money laundering: In addition to concealing or disguising the nature or source of illegal funds, Congress also sought to reach transportation designed to conceal or disguise the funds' location, ownership, or control. Nor does the Court find persuasive petitioner's attempt to infuse a money-laundering requirement into the listed attributes. Only the attribute "nature" is coextensive with the funds' illegitimate character, but that does not mean that Congress intended nature to swallow the other attributes."[10]
- "The evidence that petitioner concealed the money during transportation is not sufficient to sustain his conviction. In determining whether he knew that "such transportation," §1956(a)(2)(B)(i), was designed to conceal or disguise the specified attributes of the illegally obtained funds. Therefore, what the Government had to prove was that petitioner knew that taking the funds to Mexico was "designed," at least in part, to conceal or disguise their "nature," "location," "source," "ownership," or "control." The Court agrees with petitioner that merely hiding funds during transportation is not sufficient to violate the statute, even if substantial efforts have been expended to conceal the money."[11]
- "Thus, the evidence suggested that the transportation's secretive aspects were employed to *facilitate* it, but not necessarily that secrecy was its *purpose.* Because petitioner's extensive efforts to conceal the funds *en route* to Mexico was the only evidence the Government introduced to prove that the transportation was "designed in whole or in part to conceal or disguise the [funds'] nature, . . . location, . . . source, . . . ownership, or . . . control," petitioner's conviction cannot stand."[12]

२८. अमेरिकी अदालतहरूले यही सिद्धान्तलाई आफ्ना विभिन्न फैसलाहरूमा ग्रहण गरेको पाइन्छ। उदाहरणका लागि United States v. Stewart (2017) मा अदालतले सम्पत्ति शुद्धीकरणका ४ अवयवहरू छन् भनी बोलेकोमा चौथो तत्वको रुपमा मनसाय तत्व रहेको भनी बोलेको पाइन्छ।

Conviction "requires proof that:[13]

1) 'defendant conducted … a financial transaction which in any way or degree affected interstate commerce …;
2) the financial transaction involved proceeds of illegal activity;
3) defendant knew the property represented proceeds of some form of unlawful activity; and
4) defendant conducted … the financial transaction knowing the transaction was designed in whole or in part … to conceal or disguise the nature, the location, the source, the ownership or the control of the proceeds of specified unlawful activity.'

२९. माथि गरिएको विश्लेषणबाट UN Vienna Convention र हाम्रो सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ को संरचना समेतका आधारमा सम्पत्ति शुद्धीकरण कसुरका निम्न आवश्यक तत्वहरू रहेको (Corpus Delicti of money laundering) पाइन्छ:

- सम्पत्ति शुद्धीकरणको प्रारम्भ बिन्दु कसुरबाट प्राप्त सम्पत्ति हो (Proceeds of crime)। कसुरबाट प्राप्त सम्पत्तिको गैरकानूनी स्रोत लुकाउने वा छल्ने उद्देश्यले त्यस्तो सम्पत्ति रुपान्तरण वा स्थानान्तरण वा हस्तान्तरण गरी वैध देखाउने कार्य हुने भएकोले सम्पत्ति शुद्धीकरणको कसुरमा सर्वप्रथम कसुरबाट प्राप्त सम्पत्तिको विद्यमानता पुष्टि गर्नुपर्छ।

10 Regalado Cuellar v. United States, 553 U. S. (2008)
11 Regalado Cuellar v. United States, 553 U. S. (2008)
12 *Id.*
13 United States v. Stewart, 854 F.3d 472, 476 (8th Cir. 2017), Source:Money Laundering: An Overview of 18 U.S.C. § 1956 and Related Federal Criminal Law, Congressional Research Service (2017).

- कसुरबाट प्राप्त सम्पत्ति स्थापित हुनु मात्र पर्याप्त हुदैन, त्यस्तो सम्पत्ति सम्बद्ध कसुरबाट (Predicate offence) प्राप्त सम्पत्ति देखिनुपर्छ। सम्पत्ति शुद्धीकरणको कसुर स्थापित हुन सम्बद्ध कसुर (Predicate offence) को विद्यमानता देखिनुपर्छ। सम्बद्ध कसुर सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानूनमा सूचीकृत गरिएको हुन्छ। सम्बद्ध कसुर स्थापित हुन मात्र पर्याप्त हुँदैन, सम्पत्तिको स्रोत सम्बद्ध कसुर देखिनुपर्छ।
- कसुरबाट प्राप्त सम्पत्तिको गैरकानूनी स्रोत लुकाई वा छली त्यस्तो सम्पत्तिको रुपान्तरण वा हस्तान्तरण प्रक्रिया (Process) गरेको देखिनुपर्छ। अवैध सम्पत्तिलाई वैध देखाउने प्रक्रिया अनेक हुन सक्छन। जस्तैः त्यस्तो अवैध सम्पत्तिको वैध कारोबार गर्ने, वित्तीय संस्थाहरूमा लगानी गर्ने आदि। यस्ता प्रक्रियालाई सम्पत्ति शुद्धीकरणको कसुरको *Actus reas* मानिन्छ। कसुरको उद्देश्य (Motive) गैरकानूनी स्रोत लुकाउने र सम्पत्ति वैध देखाउने हो।
- कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने थाह पाउदा पाउदै वा विश्वास गर्नुपर्ने मनासिव आधार हुँदाहुँदै यस्ता प्रक्रिया गरेको देखिनुपर्छ। यसमा सम्पत्तिको गैरकानूनी स्रोत लुकाउने र वैध देखाउने नियतले (*mens rea*) त्यस्तो कार्य गरेको हुनुपर्छ।

३०. अब प्रतिवादी सुनिलकुमार सिंहले अभियोग दाबी बमोजिम सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ३(१) (क) (ख) (ग) तथा उपदफा (३) बमोजिमको कसुर गरेका हुन् वा होइनन् ? भन्ने सम्बन्धमा हेर्दा काठमाडौं जिल्ला अदालतबाट मिति २०७५/०३/११ गते विद्युतीय अपराध मुद्दा (मु.नं. ०७२-CR-१०६५) मा प्रतिवादी सुनिलकुमार सिंह समेतलाई विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा ५२ बमोजिम ६(छ) महिना कैद सजाय हुने ठहरी फैसला भएको देखिन्छ। झापा जिल्ला अदालतबाट मिति २०७६/०५/१८ गते संगठित रुपमा मानव अपहरण तथा शरीर बन्धक, शरीर बन्धक हातहतियार मुद्दा (मु.नं. ०७२-CR-०१७१) मा अपहरण तथा शरीर बन्धकको कसुरतर्फ, प्रतिवादी सुनिलकुमार सिंह समेतलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१३ बमोजिम ४ (चार) वर्ष कैद र रु.४०,०००।- जरिबाना हुने र संगठित अपराधतर्फ, निजलाई संगठित अपराध निवारण ऐन, २०७० को दफा ९(क) बमोजिम थप ५०% २ (दुई) वर्ष कैद र रु.२०,०००।- समेत गरी ६ (छ) वर्ष कैद र रु.६०,०००।- जरिबाना हुने र अवैध हातहतियार राखेको कसुरतर्फ, प्रतिवादी सुनिलकुमार सिंह समेतलाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा २०(२) बमोजिम ३ (तीन) वर्ष कैद सजाय हुने ठहरी फैसला भएको देखिन्छ। त्यसैगरी, झापा जिल्ला अदालतबाट मिति २०७६/०५/१८ गते झुठ्ठा विवरण पेस गरी नेपाली नागरिकताको प्रमाण पत्र तथा राहदानी लिएको मुद्दा (मु.नं. ०७२-CR-०२०९) मा प्रतिवादी सुनिलकुमार सिंहलाई नागरिकता ऐन, २०६३ को दफा २१(१) बमोजिम २ (दुई) वर्ष कैद तथा उक्त नेपाली नागरिकताको प्रमाण पत्र रद्द हुने र राहदानी ऐन, २०२४ को दफा ५(ख) बमोजिम १ (एक) वर्ष कैद सजाय हुने ठहरी फैसला भएकोमा उच्च अदालत विराटनगर, इलाम इजलास, इलामबाट मिति २०७८/०९/२५ गते उक्त मुद्दामा सुरु झापा जिल्ला अदालतको फैसला सदर हुने ठहरी फैसला भएको देखिन्छ।

३१. प्रतिवादी सुनिलकुमार सिंहको नाममा विभिन्न बैंक तथा वित्तीय संस्थाहरूमा ८ वटा खाताहरू सञ्चालनमा रहेका र निजकी श्रीमती प्रतिवादी मीना कार्कीको नाममा १० वटा खाताहरू सञ्चालनमा रहेका देखिन्छ। प्रतिवादी सुनिलकुमार सिंहको नाममा रहेका खाताहरूको सम्बन्धमा विभिन्न बैंक तथा वित्तीय संस्थाहरूबाट प्राप्त कागजातहरू हेर्दा, निज प्रतिवादीले विभिन्न मितिमा गरिएका कारोबारहरू अनुसार जम्मा रु.८,७३,३१,३९३।८२ (आठ करोड त्रिहत्तर लाख एकतिस हजार तिन सय त्रियानब्बे रुपैयाँ बयासी पैसा) जम्मा गरेको, जम्मा रु.८,७०,५४,६८४।४१ (आठ करोड सत्तरी लाख चौबन्न हजार ६ सय चौरासी रुपैयाँ एकचालिस पैसा) रकम खाताबाट निकालेको र हाल ८ वटा खाताहरूमा जम्मा रु.२,७६,५७८।८४ (दुई लाख छयत्तर हजार पाँच सय अठहत्तर रुपैयाँ चौरासी पैसा) मौज्दात रहेको देखिन्छ। प्रतिवादी मीना कार्कीको नाममा रहेका खाताहरूको सम्बन्धमा विभिन्न बैंक तथा वित्तीय संस्थाहरूबाट प्राप्त कागजातहरू हेर्दा, निज प्रतिवादीसमेतले विभिन्न मितिमा गरिएका कारोबारहरू अनुसार जम्मा रु.७,०२,६२,९०८.२५

(सात करोड दुई लाख बैसठ्ठी हजार नौ सय आठ रुपैयाँ पच्चिस पैसा) जम्मा गरेको, जम्मा रु.७,०९,६०,६८१।५ (सात करोड नौ लाख साठ्ठी हजार ६ सय एकासी रुपैयाँ पाँच पैसा) रकम खाताबाट निकालेको र हाल १० वटा खाताहरूमा जम्मा रु.६,९७,७७३।२५ (छ लाख सन्तानब्बे हजार सात सय त्रिहत्तर रुपैयाँ पच्चिस पैसा) मौज्दात रहेको देखिन्छ। दुबै प्रतिवादीहरूको नाममा फरकफरक खाताहरू सञ्चालनमा रहेको देखिएता पनि प्रतिवादी मीना कार्कीका नाममा खोलिएका खाताहरू प्रतिवादी सुनिलकुमार सिंहको समेत दस्तखतबाट सञ्चालन हुने गरेको देखिएको छ। प्रतिवादी मीना कार्कीको नाममा रहेका खाताहरू सञ्चालन गर्नको लागि प्रतिवादी सुनिलकुमार सिंहको समेत दस्तखत चल्ने देखिँदा प्रतिवादीहरूले सम्बद्ध कसुरहरू (हातहतियार, अपहरण तथा शरीर बन्धक, नागरिकता र राहदानी सम्बन्धी कसुर समेत) बाट आर्जन गरेको सम्पत्तिको गैरकानूनी स्रोतको रुपान्तरण गर्न उक्त खाताहरू प्रयोग गरी सम्पत्ति शुद्धीकरणको कसुर गरेको पुष्टि हुन्छ।

३२. मालपोत कार्यालय, डिल्लीबजार; मालपोत कार्यालय, सुनसरी; मलापोत कार्यालय, ललितपुर र मालपोत कार्यालय, रंगेली, मोरङबाट प्राप्त विभिन्न मितिको पत्र अनुसार प्रतिवादीहरू सुनिलकुमार सिंह र मीना कार्कीका नाममा खरिद गरेका घर जग्गा बिक्री गरी कसुरबाट प्राप्त सम्पत्तिको गैरकानूनी स्रोत लुकाउने वा छल्ने उद्देश्यले त्यस्तो सम्पत्ति रुपान्तरण र हस्तान्तरण गर्ने गरेको देखिन्छ। त्यस्तो कसुरबाट प्राप्त सम्पत्तिको सही प्रकृति र स्रोत छल्ने वा बदल्ने कार्य गरेको देखिन्छ।

| क्र.सं. | जग्गाधनीको नाम | जग्गा रहेको स्थान | कित्ता नं. | क्षेत्रफल | बिक्री मिति | बिक्री रकम | खरिदकर्ताको नाम |
|---|---|---|---|---|---|---|---|
| १. | सुनिलकुमार सिंह | जिल्ला झापा, चारपाने-१ | १७४२५ | ०-०-१५ ३/४ | २०७४/०५/१६ | १५,००,०००/- | जीवनकुमार थापा |
| उक्त जग्गा मिति २०७४/०५/१६ गते झापा जिल्ला अदालतको मिलापत्र आदेशले निजको साढुभाइ जीवनकुमार थापाको नाममा दा.खा. भई गएको। | | | | | | | |
| २. | मीना कार्की | जिल्ला सुनसरी, घोपा-६ (क) | ५९४३ | ०-०-९ १/२ | २०७२/०६/१२ | २९,५०,०००/- | कुशल पोखेल खत्री |
| ३. | मीना कार्की | जिल्ला ललितपुर, टिकाथली-६ | २३७४, २३८० | ०-५-०-० | २०७३/०५/२० | ४२,५०,०००/- | गिता कार्की |
| ४. | मीना कार्की | जिल्ला काठमाडौं, धुम्बाराही, ओरेन्टल अपार्टमेन्ट | Block D First Floor Flat no. 1 | ६८० व.फि. | २०६८/१२/०८ | ४०,००,०००/- | नियुक्ति अर्जेल |
| ५. | मीना कार्की | जिल्ला मोरङ, बबिया बिर्ता | १४८<br>१४९<br>१५०<br>१५१<br>१५२<br>१५३ | ०-१-१२ १/२<br>०-१-१२ १/२<br>०-०-१७ १/२<br>०-०-१७ १/२<br>१-४-०<br>१-४-० | २०७१/११/२८ | २६,००,०००/- | विकास राठी |

३३. मालपोत कार्यालय डिल्लीबजार, मालपोत कार्यालय सुनसरी, मलापोत कार्यालय ललितपुर र मालपोत कार्यालय रंगेली,

मोरङबाट प्राप्त विभिन्न मितिको पत्र अनुसार

- सुनिलकुमार सिंहको श्रीमती मीना कार्कीको नाममा जि.काठमाडौ धुम्बाराही स्थित ओरेन्टल अपार्टमेन्टको Block D First Floor Flat No.१ को ६८० व.फि. बराबरको फ्ल्याट मिति २०६८/०२/०६ गते कल्पना जोशीबाट रु १७,६५,०००/-(सत्र लाख पैसठ्ठी हजार रुपैंया) मा खरिद गरी, मिति २०६८/१२/०८ गते नियुक्ति अर्जेललाई रु.४०,००,००० (चालिस लाख) मा बिक्री गरेको देखिन्छ ।
- मीना कार्कीकै नाममा जि.ललितपुर टिकाथली-६ कि.नं.२३७४ क्षे.फ.०-४-२-० र कि.नं.२३८० क्षे.फ. ०-०-२-० जग्गा मिति २०६६/०९/२७ गते सुमन प्रकाश श्रेष्ठ र चसिला श्रेष्ठबाट रु.२,७२,०००/-(दुई लाख बहत्तर रुपैंया) मा खरिद गरी मिति २०७३/०५/२० गते रु.४२,५०,०००/-(बयालिस लाख पचास हजार रुपैंयाँ ) मा गीता कार्कीलाई बिक्री गरेको देखिन्छ।
- जि.सुनसरी घोपा-६ क कि.नं.५९४३ क्षे.फ.०-०-९१/२ जग्गा र सो मा बनेको साढे दुई तले पक्की घर मिति २०६९/१२/२६ गते रु २९,००,०००/-(उनानतिस लाख रुपैंया) मा मनिता श्रेष्ठबाट खरिद गरी मिति २०७२/०६/१२ गते रु २९,५०,०००/-(उनान्तिस लाख पचास हजार रुपैंया) मा कुसल पोखरेल खत्रीलाई बिक्री गरेको देखिन्छ,
- जि.मोरङ बबिया बिर्ता कि.नं.१४८ क्षे.फ. ०-१-१२१/२, कि.नं.१४९ क्षे.फ. ०-१-१२१/२ ,कि.नं.१५० क्षे.फ. ०-०-१७१/२,कि.नं.१५१ क्षे.फ.०-०-१७१/२, कि.नं.१५२ क्षे.फ.१-४-०, कि.नं.१५३ क्षे.फ.१-४-० को जग्गा मिति २०६९/०९/१२ गते रु १६,००,०००/-(सोह्र लाख रुपैंया) मा केशर कुमार तामाङ र कृष्ण बहादुर लामा सँग मीना कार्कीको नाममा खरिद गरी मिति २०७१/११/२८ गते रु २६,००,०००/-(छब्बिस लाख रुपैंया) मा विकास राठीलाई बिक्री गरेको देखिन्छ।

**प्रतिवादी सुनिलकुमार सिंहको नाममा**

- जि.झापा चारपाने गा.वि.स. वडा नं.०१ कि.नं.१७४२५ क्षे.फ. ०-०-१५३/४ जग्गा मिति २०७१/११/०७ गते रु.७,८७,५०० (सात लाख सतासी हजार पाँच सय रुपैंया) मा देवि पञ्चकन्या हाउजिङबाट खरिद गरेको देखिएको र सो जग्गा मिति २०७४/०५/१६ गते झापा जिल्ला अदालतको मिलापत्र आदेशले निजको साडुभाई नाता पर्ने जीवनकुमार थापाको नाममा रु १५,००,०००/-(पन्ध्र लाख रुपैंया) मा दा.खा. भई गएको देखिन्छ।
- यसै गरी मालपोत कार्यालय भद्रपुर झापा, मालपोत कार्यालय भक्तपुर, मालपोत कार्यालय ललितपुर, मालपोत कार्यालय चाबहिल र मालपोत कार्यालय रंगेली मोरङको विभिन्न मितिको प्राप्त पत्र अनुसार निजको श्रीमती मीना कार्कीको नाममा जि.झापा धुलाबारी-५ कि.नं. २८६४ क्षे.फ.०-२-८३/४ जग्गा मिति २०७०/११/१९ गते रु १,२५,००० (एक लाख पच्चिस हजार रुपैंया) मा खरिद गरेको देखिएको छ।
- जि. भक्तपुर नङ्खेल-५ कि.नं.९२६ क्षे.फ.०-१०-०-० जग्गा मिति २०७३/०८/०३ गते रु २,४०,०००/-(दुई लाख चालिस हजार रुपैंया) मा खरिद गरेको देखिएको छ।
- जि. काठमाडौं गोठाटार-९ कि.नं.२६७ क्षे.फ. ५३.६५ व.मि., कि.नं.२७२ क्षे.फ. ९३.३९ व.मी., कि.नं. २७४, क्षे.फ.११.९२ व.मी. जग्गा र सो मा बनेको २१/२तल्ले पक्की घरसमेत मिति २०७२/०१/०६ गते रु.५९,९९,९९९ (उनानन्साठी लाख उनान्सय हजार नौ सय उनान्सय रुपैंया ) मा खरिद गरेको देखिएको छ र
- जि. सुनसरी बाझगरा-९क कि.नं.२३७२ क्षे.फ.०-०-७-० जग्गा रु.२,७२,०००/- (दुई लाख बहत्तर हजार रुपैंया) मा खरिद गरेको देखिएको छ।

| | जग्गा | खरिद मिति | रकम रु. | बिक्री मिति | रकम रु. |
|---|---|---|---|---|---|
| १ | टिकाथली-६ कि.नं. २३७४ कि.नं.२३८० | २०६६/०९/२७ | २,७२,००० | २०७३/०५/२० | ४२,५०,००० |

| | जग्गा | खरिद मिति | रकम रु. | बिक्री मिति | रकम रु. |
|---|---|---|---|---|---|
| २ | ओरेन्टल अपार्टमेन्टको Block D First Floor Flat No.१ को ६८० व.फि. | २०६८/०२/०६ | १७,६५,००० | २०६८/१२/०८ | ४०,००,००० |
| ३ | जि.मोरङ बबियाविर्ता कि.नं.१४८ १४९,१५०,१५१,१५२,१५३ | २०६९/९/१२ | १६,००,००० | २०७१/११/२८ | २६,००,००० |
| ४ | जि. सुनसरी बाझगरा-०९क कि.नं. २३७२ | २०६९/१०/१४ | २७२००० | मीना कार्कीको नाउमा कायम रहेको | |
| ५ | जि.सुनसरी घोपा-६क कि.नं. ५९४३ | २०६९/१२/२६ | २९,००,००० | २०७२/०६/१२ | २९,५०,००० |
| ६ | जि. झापा धुलाबारी-५ कि.नं. २८६४ | २०७०/११/१९ | १,२५,००० | मीना कार्कीको नाउमा कायम रहेको | |
| ७ | जि.झापा चारपाने ०१ कि.नं. १७४२५ | २०७१/११/०७ | ७,८७,५०० | २०७४/०५/१६ | १५,००,००० |
| ८ | जि. काठमाडौं गोठाटार-९ कि.नं.२६७ कि.नं.२७२, कि.नं. २७४ र २१/२तल्ले पक्की घर | २०७२/०१/०६ | ८४१७७९७ | मीना कार्कीको नाउमा कायम रहेको | |
| ९ | जि. भक्तपुर नङ्खेल-५ कि.नं. ९२६ | २०७३/०८/०३ | २,४०,००० | मीना कार्कीको नाउमा कायम रहेको | |

३४. प्रतिवादी सुनिलकुमार सिंहले सन १९९४ अर्थात वि.स. २०४९ सालतिर पस्मिना स्वीटर बनाउने कम्पनी इन्टरनेट इण्डस्ट्रिज प्रा.लि. मा प्रशिक्षकको रुमा काम गरी मासिक रु.९,०००।- तलब पाउने भनी मौकामा बयान गरेतापनि आफ्नो जिकिर पुष्टि हुने कुनै पनि प्रमाण पेस गर्न सकेको देखिएन। अदातलसमक्ष पेस गरेको आय व्ययको विवरणमा ०५७ सालदेखि २०६५ सालसम्म आफ्नो पारिश्रमिक आयबाट रु.२०,५२,०००।- बचत गरेको जिकिर गरेतापनि सो जिकिर पुष्टि हुने गरी बैंक स्टेटमेण्ट लगायत अन्य कुनै पनि प्रमाण पेस गर्न सकेको देखिएन। निजले भारतमा मिति २०६१।१०।३ मा दाजुभाइ बीच अंशवण्डा गर्दा नगद रु.६,४०,०००।- प्राप्त गरेको भनेता पनि वण्डापत्रको आधिकारिक कागजात पनि पेस गर्न नसकेकोले प्रतिवादी जिकिर पुष्टि हुन सकेन। उक्त नगद बैंकिङ प्रणालीमार्फत आएको जिकिर पनि लिन सकेको देखिएन। यसैगरी वण्डापत्रबमोजिम नै ५० तोला सुन र १०० तोला चाँदी प्राप्त गरेको जिकिर लिए तापनि सोको ग्रहणयोग्य प्रमाण (Admissible Evidence) पेस गर्न सकेको देखिएन। भारतबाट उक्त सुन नेपाल ल्याउँदा स्वघोषणा गरी भन्सार कर तिरेको लगायत कुनै पनि प्रमाण पेस गर्न सकेको देखिएन। पैतृक जग्गा लिजमा दिई बार्षिक रु.९५ लाख भा.रु.को दरले भाडा प्राप्त गरेको भने तापनि सोको बैंकिङ कारोबार देखाउन सकेको पाइएन। सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २८ अनुसार सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा मुद्दा चलाइएको व्यक्तिको आयस्रोत वा आर्थिक अवस्थाको तुलनामा निजको सम्पत्ति अस्वाभाविक देखिन आएमा निजले त्यस्तो सम्पत्ति के कस्तो स्रोतबाट आर्जन गरेको हो भन्ने कुरा प्रमाणित गर्नुपर्दछ। आफ्नो सम्पत्तिको वैध स्रोत पुष्टि गर्ने प्रमाणको भार प्रतिवादीमा रहेकोले निजले विश्वसनीय प्रमाण पेस गरी आफ्नो जिकिर पुष्टि गर्नुपर्ने हो।

३५. प्रतिवादीले एकाएक मिति २०६६।९।२७ मा काठमाडौं टिकाथलीमा कि.नं. २३७४ र कि.नं. २३८० को ०-५-०-० जग्गा खरिद गरेको र मिति २०६८।०२।०६ मा ओरेन्टल अपार्टमेन्टको Block D First Floor Flat No.1 को

६८० व.फि. रु.१७,६५,०००।- मा खरिद गरेको देखिन्छ। मिति २०६९।९।१२ मा जिल्ला मोरङ वबिया बिर्ताको कि.नं. १४८, १४९, १५०, १५१, १५२ र १५३ को जग्गा रु.१६,००,०००।- र मिति २०६९।१०।१४ मा जिल्ला सुनसरी बाझगरा ९ को कि.नं. २३७२ को जग्गा किनेको देखिन्छ। उक्त जग्गा खरिद गर्दा निजको आय स्रोतले खाम्न सकेको देखिएको छैन। निज उपरको अपहरण तथा शरीर बन्धक, संगठित अपराध लगायतका कसुर ठहर भएको अवस्था देखिँदा तिनै कसुरबाट प्राप्त सम्पत्ति (Proceeds of crime) बाट सो जग्गा खरिद गरेको भन्ने देखिन आयो।

३६. प्रतिवादीले ओरेण्टल अपार्टमेण्टको फ्ल्याट मिति २०६८।१२।८ मा रु.४०,००,०००।- मा बिक्री गरी सुनसरी घोपा ६(क) मा रहेको कि.नं. ५९४३ को जग्गा र सो मा बनेको घर रु.२९,००,०००।- मा खरिद गरेको जिकिर लिएको देखिन्छ। सोही कि.नं. ५९४३ को जग्गा मिति २०७२।६।१२ मा रु.२९,५०,०००।- मा बिक्री गरेको देखिन्छ। निजले ओरेण्टल अपार्टमेण्टको फ्ल्याट नै गैरकानूनी स्रोत (Illicit Origin) को रहेकोले सो बिक्री गरी किनेको कि.नं. ५९४३ को घर जग्गा र सो समेत बिक्री गरी प्राप्त आय पनि अवैध नै रही कसुरबाट प्राप्त सम्पत्ति (Proceeds of crime) शुद्धीकरणको प्रयासमा सम्पत्तिको रुपान्तरण र स्थानतरण गरेको देखियो।

३७. प्रतिवादीले मिति २०७०।११।१९ मा जिल्ला झापा धुलावारी-५ कि.नं. २८६४ को जग्गा खरिद गरेको र सो जग्गा हालसम्म प्रतिवादी मीना कार्कीको नाममा कायमै रहेको देखिन्छ। निजको आय स्रोत नै नरहेको समयमा निजले सो जग्गा खरिद गरेको देखिँदा सो सम्पत्ति पनि कसुरबाट आर्जित सम्पत्ति (Proceeds of crime) रहेको देखिन आयो।

३८. प्रतिवादीले यसैबीचमा जिल्ला काठमाडौं गोठाटार-९ को कि.नं. २६७, २७२ र २७४ को क्रमशः ५३.६५, ९३.३९, ११.९२ वर्ग मिटर जग्गा र सो मा बनेको २½ तल्ले पक्की घर मिति २०७५।१०।१ मा रु.८४,१७,७९७ मा खरिद गरेको देखिन्छ। सो जग्गा प्रतिवादी मीना कार्कीको नाममा हालसम्म कायमै छ। प्रतिवादीले कि.नं. ५९४३ को जग्गा रु.२९,५०,०००।- मा बिक्री गरी आएको पैसाबाट सो घर जग्गा किनेको जिकिर गरेको देखिन्छ। माथि विवेचना गरिए बमोजिम कि.नं. ५९४३ को जग्गा नै कसुरबाट प्राप्त सम्पत्ति रहेकोले सोबाट किनेको यस जग्गा र घर वैध रहन सक्ने देखिएन। यसैगरी सो जग्गा खरिद गर्दाको बाँकी स्रोत पनि नदेखिएकोले पनि सो घर जग्गा कसुरबाट प्राप्त सम्पत्ति (Proceeds of crime) नै रहेको देखियो। प्रतिवादीले सम्बद्ध कसुरबाट आर्जित सम्पत्ति रुपान्तरण र स्थानान्तरण गर्ने प्रयासमा यसमा लगानी गरेको देखिन्छ।

३९. यसैगरी प्रतिवादीले जिल्ला भक्तपुर नङ्खेल-५ कि.नं. ९२६ को जग्गा मिति २०७३।८।३ मा रु.२,४०,०००।- मा खरिद गरेको देखिन्छ। निजले माथि उल्लिखित आफ्नो कि.नं. २३७४ र २३८० को जग्गा मिति २०७३।०५।२० मा रु.४२,५०,०००।- मा बिक्री गरी सो जग्गा किनेको भनेको देखिन्छ। माथि विवेचना गरे बमोजिम सो कि.नं. २३७४ र २३८० को जग्गा नै कसुरबाट प्राप्त सम्पत्ति रहेकोले सोही सम्पत्ति रुपान्तरण र स्थानान्तरण गर्न यो कि.नं. ९२६ को जग्गा खरिद गरेको देखियो।

४०. प्रतिवादी सुनिलकुमार सिंह भारतीय नागरिक रहेको तथा निज विगत २५-२६ वर्षदेखि नेपालमा बसी विभिन्न गार्मेन्ट कम्पनीहरूमा काम गरेको, मजदुरहरूलाई कवाडी सङ्कलन गर्न लगाई बिक्री गरेको, पछिल्लो समयमा कवाडी प्लास्टिक रिसाइकल गर्ने उद्योग सञ्चालन गर्दै आई रहेको, घर जग्गा खरिद बिक्रीमा बिचौलियाको रुपमा काम गरी आर्थिक उपार्जन गरेको भन्नेसमेतका बेहोरा निजले बयानको क्रममा खुलाएको तथा निजको श्रीमती मीना कार्कीको नाममा रहेको अचल सम्पत्तिहरू सुनिलकुमार सिंहको आर्जनबाट खरिद गरेको हो भन्ने बेहोरा मीना कार्कीले बयानको क्रममा खुलाएको तर निज मीना कार्कीको नाममा रहेको अचल सम्पत्तिको परिमाण हेर्दा र निजहरूको कर विवरण विश्लेषण गर्दा वैध आय बाटनै सम्पत्तिहरू खरिद गरेको भन्ने विश्वसनीय आधार फेला पार्न नसकिएको तथा उल्लिखित सम्पत्तिहरू सुनिलकुमार सिंहले आपराधिक क्रियाकलापबाट आर्जन गरी सम्पत्तिको गैरकानूनी स्रोत लुकाउने छल्ने, कसुरबाट प्राप्त सम्पत्तिको सही प्रकृति, स्रोत कानूनी अधिकार लुकाउने छल्ने मनसायका साथ सो सम्पत्ति आफ्नो

श्रीमतीलाई हस्तान्तरण कानूनी श्रीमतीका नाममा खरिद गरी गैरकानूनी स्रोत छल्ने लुकाउने लगायतका निषेधित कार्यहरू गरि गराई सम्पत्ति शुद्धीकरणको कसुर अपराध गरेको तथ्य पुष्टि हुन आएको देखिन्छ।

४१. प्रतिवादी सुनिलकुमार सिंहले बयान गर्दा, उल्लिखित घरजग्गा खरिद गर्दा पुर्खेली सम्पत्तिको रुपमा प्राप्त सुन बिक्री गरी प्राप्त रकम,कवाडी सङ्कलन तथा बिक्री बापत प्राप्त रकम, जग्गा खरिद बिक्रीको काम गरेबापत प्राप्त कमिशनको रकमबाट खरिद गरेको भनी खुलाए तापनि उल्लिखित रकमहरू प्राप्तिको स्रोत कानूनी कानूनी मार्ग वस्तुनिष्ठ प्रमाण आधार खुलाई पुष्टि गर्न सकेको नदेखिँदा निजले सो घरजग्गा प्रतिवादी सुनिलकुमार सिंहले आपराधिक क्रियाकलापमा संलग्न रही आर्जन गरेको रकमले खरिद गरी निजकी श्रीमती प्रतिवादी मीना कार्कीको नाममासमेत खरिद गरेको, एउटै सम्पत्ति पटक पटक खरिद बिक्री गरेको र आपराधिक क्रियाकलापबाट आर्जित सम्पत्तिबाट जग्गा खरिद गरी सो सम्पत्ति व्यवस्थापन गरी सम्पत्ति शुद्धीकरणको कसुर गरेको पुष्टि हुन्छ।

४२. यसलाई सम्पत्ति शुद्धीकरणको अवधारणामा तहिकरण (LAYERING) भनिन्छ।यसरी कसुरबाट प्राप्त सम्पत्ति (PROCEEDS OF CRIME) को गैरकानूनी स्रोत (ILLICIT ORIGIN) लुकाउने र छल्ने उदेश्यले सो सम्पत्ति बैंक खाता हुँदै जग्गा खरिद गरी सम्पत्तिको सही प्रकृति र स्वरुप रुपान्तरण (CONVERSIONS) को कार्य गरेको भन्ने देखिन्छ। तत्पश्चात प्रतिवादीहरूले उल्लिखित जग्गा सहज किसिमले भोग गरेको भन्ने देखिन्छ।यसरी प्रतिवादीहरूले अवैध सम्पत्तिलाई वैध सम्पत्तिमा रुपान्तरणको कार्य गरेको भन्ने देखिन्छ। उल्लिखित कार्य सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिमको कार्य रहेको देखिँदा सोही दफाको उपदफा (३) बमोजिम सम्पत्ति शुद्धीकरणको कसुर हुने देखियो।यसरी प्रतिवादीहरूले सम्बद्ध कसुरबाट प्राप्त देहायको सम्पत्ति उपर वादी दाबी पुग्ने देखिन आयो।

४३. सम्पत्ति शुद्धीकरणको कसुर कुनै एक खास कार्य मात्र नरही कार्य श्रृङ्खला (Series of Acts) हो जुन कसुरबाट प्राप्त सम्पत्तिको गैरकानूनी स्रोत (Illicit Origin) लुकाउने वा छल्ने उद्देश्यले सम्पत्तिको सही प्रकृति रुपान्तरण गरी वैध प्रतित हुने र वैध सम्पत्तिमा एकिकरण (INTEGRATION) गर्ने गरिन्छ।सम्पत्ति शुद्धीकरणको कसुरमा अवैध सम्पत्तिलाई वैध सम्पत्तिमा रुपान्तरण गर्ने उद्देश्य (PURPOSE) ले विभिन्न माध्यमबाट सो सम्पत्तिलाई वैध देखाउने विभिन्न कार्यहरू गरेको देखिनु पर्छ।यस मुद्दामा प्रतिवादीहरूले माथि विश्लेषण गरिए बमोजिम अवैध सम्पत्तिलाई वैध देखाउने अर्थात कालो धनलाई सेतो धन देखाउने कार्य गरेको देखिन आयो।

**४४. प्रतिवादी सुनिलकुमार सिंहले गैरकानूनी स्रोतको सम्पत्ति रुपान्तरण गरी सम्पत्ति शुद्धीकरणको कसुर गरी आर्जन गरेको सम्पत्ति निम्न तालिकामा दिइएको छः**

| क्र.सं. | जग्गाधनीको नाम | जग्गा रहेको स्थान | कित्ता नं. | क्षेत्रफल | खरिद मिति | खरिद मूल्य |
|---|---|---|---|---|---|---|
| १. | मीना कार्की | जिल्ला झापा, धुलाबारी-५ | २८६४ | ०-२-८³/⁴ | २०७०/११/१९ | १,२५,०००।- |
| २. | मीना कार्की | जिल्ला भक्तपर, नङ्खेल-५ | ९२६ | ०-१०-०-० | २०७३/०८/०३ | २,४०,०००।- |
| ३. | मीना कार्की | जिल्ला काठमाडौं, गोठाटार-९ | २६७, २७२, २७४ | ५३.६५ व.मि. ९३.३९ व.मि. ११.९२ व.मि. २¹/² तल्ले पकी घरसमेत | २०७२/०१/०६ | ५९,९९,९९९।- |
| ४. | मीना कार्की | जिल्ला सुनसरी, बाझगरा-९क | २३७२ | ०-०-७-० | | २,७२,०००।- |

४५. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ दफा २८, दफा ३० र दफा ३४ समेतका

कानूनी व्यवस्था समेतका आधारमा हेर्दा सम्पत्ति शुद्धीकरण गरिएको सम्पत्ति जफत हुन्छ। यस अर्थमा यस अन्तर्गतको सम्पत्तिको वैध स्रोतको पुष्ट्याँईको व्यवस्था भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को प्रावधान भन्दा फरक छ, जसमा सम्बद्ध कसुरको विद्यमानता वेगर नै राष्ट्रसेवकले सम्पत्तिको स्रोतको वैधता पुष्टि गर्नुपर्छ, जसमा प्रमाण कानूनको सिद्धान्त प्रमाणको प्रचूरता (Preponderance of evidence) नै आकर्षित हुन्छ। सम्पत्ति शुद्धीकरणको कसुर यस मानेमा भिन्न छ कि यसमा सम्बद्ध कसुरबाट आर्जित सम्पत्तिको रुपान्तरण र स्थानान्तरणको प्रकिया अवलम्बन गरिने भएकोले सम्पत्तिको वैधता न केवल शुन्य हुने हो वल्की कसुरजन्य र दण्डात्मक हुन जान्छ। कसुरबाट प्राप्त सम्पत्ति लगानी गरिएका सबै सम्पत्ति कसुरबाट प्राप्त सम्पत्ति नै मानिने भई शुद्धीकरणको कसुरको प्रमाण बन्न पुग्दछ। प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० बमोजिमको शैलीमा आय व्ययको आधारमा सम्पत्तिको स्रोत पुष्टि गर्न खोजेको देखिन्छ जुन यस मुद्दामा ग्रहणयोग्य देखिएन।

४६. यसरी माथि विवेचना गरिए बमोजिम प्रतिवादी सुनिलकुमार सिंहले सम्बद्ध कसुरबाट प्राप्त सम्पत्ति शुद्धीकरण गरेको देखिँदा प्रतिवादीले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको देखियो। यी प्रतिवादीले उपरोक्त अनुसारका सम्बद्ध कसुरहरू गरी आर्जन गरेको सम्पत्तिको गैह्र कानूनी स्रोत (Illicit Origin) लुकाउने कानूनी छल्ने, कसुरबाट प्राप्त सम्पत्ति (Proceeds of crime) हो भन्ने जानी जानी त्यस्तो सम्पत्तिको सही प्रकृति, स्रोत अधिकार कानूनी स्वामित्व (श्रीमती मीना कार्कीका नाउँबाट कारोबार) परिवर्तन गर्नेलगायतका सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (क) (ख) र (ग) ले निषेधित कार्यहरू गरी गराई ऐ. दफाको उपदफा (३) को सम्पत्ति शुद्धीकरणको कसुर गरेको तथ्य पुष्टि हुन आएको देखिन्छ।

४७. प्रतिवादी मीना कार्कीको हकमा विचार गर्दा यी प्रतिवादी सम्बद्ध कसुर (Predicate offence) गरेको वादी दाबी छैन। प्रतिवादी मीना कार्कीले बयान गर्दा मलाई मेरो श्रीमान सुनिलकुमार सिंह आपराधिक क्रियाकलापमा संलग्न रहेको बारेमा केही थाहा जानकारी छैन। मेरा नाममा रहेका सम्पूर्ण अचल सम्पत्तिहरू मेरो श्रीमान सुनिलकुमार सिंहको आर्जनबाट खरिद गरेको हो तर उक्त आर्जन आपराधिक गतिबिधीमा संलग्न रही गरेको हो भन्ने बेहोरा मेरो जानकारीमा छैन भन्ने बेहोरा खुलाई लेखाई दिई बयान गरेको देखिन्छ। यसप्रकार निज प्रतिवादीले आफ्ना नाउँमा कायम रहेको सम्पत्ति तथा साधनको जायज स्रोत देखाउन सकेको अवस्था नहुनुका साथै विभिन्न १० वटा बैंक तथा वित्तीय संस्थाहरूमा खाता खोली कारोबार गर्नुको आर्थिक उद्देश्य र कानूनी उद्देश्यसमेत देखाउन नसकेबाट प्रतिवादी सुनिलकुमार सिंहले विभिन्न कसुरजन्य कार्यहरू गरी आर्जन गरेको कसुरबाट प्राप्त सम्पत्तिको कारोबार यी प्रतिवादीका नाउँबाट गरी सम्पत्ति शुद्धीकरणको कसुरमा सहयोग गरेको तथ्य पुष्टि हुन आएको देखिन्छ। सुनिलकुमार सिहले सम्बद्ध कसुरबाट आर्जन गरेको सम्पत्तिबाट सो सम्पत्ति किनेको आफूलाई जानकारी नभएको भनी बयान गरेको देखिन्छ। तथापि निजले अस्वाभाविक रुपमा आर्जन गरेको सम्पत्ति कुनै कसुरबाट प्राप्त गरेको भनी अनुमान गरेको हुन्छ र पनि सो सम्पत्ति आफ्नो नाममा धारण गरेको देखिन्छ। प्रतिवादी मीना कार्कीले कसुरबाट प्राप्त सम्पत्ति आफ्नो नाममा धारण गरी सो को खरिद बिक्री गरी प्रतिवादी सुनिलकुमार सिंहलाई सम्पत्ति शुद्धीकरणको कसुरमा सहयोग गरेको देखिँदा सोही ऐनको दफा ३ को उपदफा (२) बमोजिमको मतियारको कसुर गरेको देखियो र निजको नाममा खरिद गरिएका उल्लिखित जग्गासमेत जफत हुने देखियो।

४८. अतः यसमा प्रतिवादी सुनिलकुमार सिंहले अपहरण तथा शरीर बन्धक समेतका सम्बद्ध कसुर गरी आर्जन गरेको सम्पत्तिको गैरकानूनी स्रोत (Illicit Origin) लुकाउने छल्ने उद्देश्यले प्रतिवादी मीना कार्कीको नाममा घरजग्गा खरिद गरी बिक्री गरेको, सोही आर्जनको गैरकानूनी स्रोतबाट प्रतिवादी मीना कार्कीको नाममा विभिन्न कम्पनीहरूको सेयर खरिद गरेको देखिँदा निज प्रतिवादीले सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिमको कसुर गरेको देखियो। प्रतिवादी मीना कार्कीले दाबीको सम्बद्ध कसुर गरेको

नदेखिएको तर निज प्रतिवादीले अर्का प्रतिवादी सुनिलकुमार सिंहको कसुरमा सहयोग गरी मतियारको कसुर गरेको देखिँदा प्रतिवादी मीना कार्कीलाई सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (२) बमोजिमको कसुर गरेको देखियो। सो कसुरमा निज प्रतिवादीहरूलाई सोही ऐनको दफा ३ को उपदफा (१) र (२) बमोजिम हुने सजाय निर्धारणका लागि फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ८ र ९ बमोजिम सजाय निर्धारणका लागि मिति २०८०।११।२४ मा पेसी तोकी सो पूर्व दुबै पक्षका कानून व्यवसायीहरूबाट सजायपूर्वको प्रतिवेदन लिई नियमानुसार पेस गर्नू।

<u>सजाय निर्धारण-खण्ड</u>

४९. मिति २०८०।११।१५ को आदेशानुसार वादी नेपाल सरकारको तर्फबाट विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका उपन्यायाधिवक्ता श्री शिवप्रसाद आचार्यले पेस गरेको पृष्ठ ७, को, प्रतिवादी सुनिलकुमार सिंहको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री कृष्णप्रसाद सापकोटा र विद्वान् अधिवक्ता श्री तिलप्रसाद गौतमले पृष्ठ ४ तथा प्रतिवादी मीना कार्कीको तर्फबाट विद्वान् अधिवक्ताद्वय श्री उज्जल रायमाझी र श्री हरिप्रसाद तिम्सिनाले पृष्ठ ३ को सजायपूर्वको प्रतिवेदन पेस गरी मिसिल संलग्न रहेको।

५०. विशेष अदालत नियमावली २०८० नियम ४४ बमोजिम दैनिक पेसी सूचीमा चढी यस अदालतको मिति २०८०।११।१५ को कसुर निर्धारणको आदेशानुसार फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ८ र ९ को प्रयोजनार्थ सजाय निर्धारणका लागि पेस हुन आएको प्रस्तुत मुद्दामा सजायपूर्वको प्रतिवेदनसहितको मिसिल अध्ययन गरी वादी नेपाल सरकारका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान् उप न्यायाधिवक्ता श्री शिवप्रसाद आचार्यले प्रतिवादी सुनिलकुमार सिंहले गैरकानूनी र आपराधिक कार्यबाट आर्जन गरेको सम्पत्ति शुद्धीकरण गरेको र प्रतिवादी मीना कार्कीले गैरकानूनी तबरबाट आर्जन गरेको सम्पत्ति भन्ने जान्दा जान्दै सुनिलकुमार सिंहलाई सम्पत्ति शुद्धीकरणको प्रक्रियामा सहयोग गरी कसुर गरेको हुँदा आरोप दाबी अनुसारको अधिकतम सजाय होस भनी बहस गर्नु भयो।

५१. प्रतिवादी सुनिलकुमार सिंहको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री कृष्णप्रसाद सापकोटा तथा विद्वान् अधिवक्ता श्री तिलप्रसाद गौतमले प्रतिवादी विरुद्धको सम्बद्ध कसुरमा ठहर भई फैसला भए तापनि निजले आर्जन गरेको सम्पूर्ण सम्पत्ति आपराधिक क्रियाकलाप तथा गैरकानूनी तबरले मात्र आर्जन गरेको हो भन्न मिल्ने होइन। निजले विभिन्न उद्योगमा गरेको लगानी तथा रोजगारी मार्फत आर्जन गरेको सम्पत्तिसमेत हुन। आरोपदाबी बमोजिम निजका नाउको नामको सम्पत्ति जफत हुनु पर्ने होइन भने न्यूनतम सजायले पनि कानूनको मकसद पुरा हुने हुँदा प्रतिवादीलाई न्यूनतम नै सजाय होस् भनी गर्नुभएको बहस सुनियो।

५२. प्रतिवादी मीना कार्कीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री उज्जल रायमाझी तथा श्री हरिप्रसाद तिम्सिनाले प्रतिवादी मीना कार्की र सुनिलकुमार सिंहबीच सम्बन्ध विच्छेद भैसकेको स्थिती छ। प्रतिवादी मीना कार्कीले विभिन्न कम्पनीमा अंशियार रही आर्थिक उपार्जन गर्दै आएकी छन्। निज प्रतिवादीलाई आफ्ना पूर्व पति सुनिलकुमार सिंह भारतीय हुन भन्ने सम्म थाहा भएको तर उनले आपराधिक कार्यबाट सम्पत्ति आर्जन गरिरहेका छन भन्ने कुराको जानकारी नभएको र जानी जानी सम्पत्ति शुद्धीकरणमा सहयोग गरेको नहुँदा आरोप दाबी बमोजिम निजका नाम रहेको सम्पत्ति जफत हुनु पर्ने होइन भने न्यूनतम सजायले पनि कानूनको अभिप्राय पुरा हुने हुँदा प्रतिवादीलाई न्यूनतम नै सजाय होस भनी गर्नुभएको बहस सुनियो।

५३. अब निज प्रतिवादीहरूलाई के कति सजाय निर्धारण गर्दा उपयुक्त हुने हो ? भन्ने सम्बन्धमा विचार गर्दा, यस्ता कसुरदारहरूले आफूले गरेको कसुरको पश्चाताप गरी भोलिका दिनमा जिम्मेवार, सवल, सक्षम, अनुशासित तथा नैतिकवान कानूनी चरित्रवान नागरिकको रुपमा पुनर्स्थापित भई समाजलाई योगदान दिन सक्ने जिम्मेवार नागरिकको

रुपमा परिणत हुने छ भन्ने अपेक्षा सहित सुधारात्मक दण्डको सिद्धान्त (Reformative Theory) तथा निज प्रतिवादीहरू समाजमा पूर्ववत रुपमा पुनर्स्थापित होस् भन्ने हेतुले पुनर्स्थापनाको सिद्धान्त (Restorative Theory) लाई समेत विचार गरी सजाय निर्धारण गर्नुपर्ने देखियो।

५४. अतः यसमा प्रतिवादी सुनिलकुमार सिंहले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३(१) बमोजिमको कसुर गरेको र सो कसुरमा प्रतिवादी मीना कार्कीले सोही ऐनको दफा ३(२) बमोजिमको मतियारको कसुर गरेको भनी मिति २०८०।११।१५ मा कसुर ठहर भई फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १३, १४ र १५ को कानूनी व्यवस्था, मुलुकी अपराध संहिताको दफा ३८ र ३९ को व्यवस्था र सर्वोच्च अदालतबाट जारी सजाय निर्धारण सम्बन्धी मार्ग दर्शन, २०७५ समेतलाई दृष्टिगत गरी वादी नेपाल सरकार र प्रतिवादीहरूका तर्फबाट पेस भएको सजायपूर्वको प्रतिवेदन अध्ययन गरी विद्वान् कानून व्यवसायीहरूको बहससमेत सुनी विचार गर्दा कसुरको गम्भीरता र कसुरदारको दोषको मात्रा अनुसार सजाय समानुपातिक भन्दा बढी हुन नसक्ने गरी सजाय गर्नुपर्ने देखिँदा प्रतिवादीहरूले अनुसन्धानको क्रममा र अदालतसमक्ष गरेको बयान समेतका आधारमा प्रतिवादीहरू उपरको बिगो रु.१,१३,१९,८५१।०९ (एक करोड तेह्र लाख उन्नाइस हजार आठ सय एकाउन्न रुपैयाँ नौ पैसा) कायम भई प्रतिवादी सुनिलकुमार सिंहलाई सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिमको कसुरमा सोही ऐनको दफा ३० को उपदफा (१) बमोजिम बिगोको दोब्बर रु.२,२६,३९,७०२।१८ जरिबाना र ३ वर्ष कैद र प्रतिवादी मीना कार्कीलाई सोही दफा ३० को उपदफा (२) बमोजिम मुख्य प्रतिवादीलाई हुने सजायको आधा १(एक) वर्ष ६(छ) महिना कैद र बिगो रु.१,१३,१९,८५१।०९ जरिबाना हुने र कसुरबाट प्राप्त सम्पत्ति आरोपपत्रमा उल्लिखित मीना कार्कीको दर्ता स्रेस्ताको कित्ता नं. २८६४, कित्ता नं. २६७, कित्ता नं. २७२, कित्ता नं. २७४ को जग्गा र सो मा बनेको घर कित्ता नं. ९२६, कित्ता नं. २३७२ का जग्गा, मीना कार्कीको नामको सेयर र दुबै जना प्रतिवादीका नाउँमा रहेको बैंक व्यालेन्स सोही ऐनको दफा ३४(१)(क) बमोजिम जफत हुने ठहर्छ। अरुमा तपसिलबमोजिम गर्नू।

**सदस्य** **सदस्य** **सदस्य**

**फैसला तयार गर्न सहयोग पुऱ्याउनेः**
इजलास अधिकृतः होमनाथ कँडेल
कम्प्युटर अपरेटरः गीता घिमिरे गिरी
**इति संवत् २०८० साल ११ महिना २४ गते रोज ५ शुभम्.........................................................।**

श्री

विशेष अदालत काठमाडौं

इजलास

अध्यक्ष माननीय श्री टेकनारायण कुँवर

सदस्य माननीय श्री तेज नारायण सिहं राई

सदस्य माननीय श्री रितेन्द्र थापा

फैसला

(इजलास नं.१)

मुद्दा नं.: ०८०-CR-००५५

दर्ता मितिः २०८०/०६/२३

कसुर निर्धारण मितिः २०८०/१२/०४

सजाय निर्धारण मितिः २०८०/१२/१३

कसुर निर्धारण निर्णय नः २२६

सजाय निर्धारण निर्णय नः २०

फैसला

मुद्दाः- सम्पत्ति शुद्धीकरण।

**वादी** : बीमा प्राधिकरणको सूचना, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको तर्फबाट अधिकारप्राप्त अनुसन्धान अधिकृतको प्रतिवेदन तथा विशेष सरकारी वकिल कार्यालयको निर्णय समेतले नेपाल सरकार।

विरुद्ध

**प्रतिवादी** : टेक बहादुर मल्लको नातिनी दुर्गा बहादुर मल्लकी छोरी लुम्बिनी प्रदेश, जिल्ला बाँके, कोहलपुर नगरपालिका वडा नं.२ बनखेत वतन भई हाल मुद्दाको पुर्पक्षका क्रममा केन्द्रीय कारागार जगन्नाथ देवलमा थुनामा रहेकी वर्ष २२ की **सपना मल्ल** (ना.प्र.नं.६६-०६-७६-०११००) **समेत।**

- **बिमित सर्जन बि.क.लाई मार्ने र बीमा रकम भुक्तानी लिने योजना पनि यिनै प्रतिवादीहरूको सुनियोजित आपराधिक कार्यको परिणाम भएकोले उक्त कार्य स्वतः आपराधिक मनसायबाट भएको भन्ने देखिन आउँछ। बिमितलाई सवारी दुर्घटनामा मृत्यु भएको भन्ने देखाउने योजना मुताबिक नै प्रतिवादीहरूको मत सल्लाहमा मृतक सर्जन बि.क.लाई मोटरसाइकल दिएर पठाई मिनि बसको ड्राइभरलाई सो दुर्घटना गराउने कार्यमा खटाएको देखिन्छ। प्रतिवादी बस चालक टोपबहादुर राना सर्जन बि.क.को हत्यामा संलग्न मुख्य व्यक्ति हुन् भन्ने देखिन्छ। निज ड्राइभरले चलाएको बसबाट सुनियोजित रुपमा सर्जन बि.क.लाई ठक्कर दिई मृत्युको मुखमा पुर्‍याईं बीमा कम्पनीबाट निज प्रतिवादीहरूले धुर्त्याइपूर्वक बीमा रकम असूली (न्याकेटिङ्ग) गरेको देखिन्छ। उक्त कुराको खुलासा रिलायन्स इन्स्योरेन्स प्रा.लि. आफैले उजुरी दिएबाट पुष्टि हुन्छ। सो कम्पनीलाई झुट्ठा विवरण पेस गरी बीमा गराएको चेक बीमा भुक्तानी भएपछि खुल्दछ। उक्त कार्य यी प्रतिवादीहरूको प्रपञ्चबाट सम्पादन गरी कीर्ते प्रमाण सिर्जना गरी, ठगी गर्ने मनसायबाट नै पूरा भएको पाइन्छ। बिमितको ज्यानै लिने सम्मको जघन्य कसुर गराइएको भन्ने यस मुद्दाको तथ्यबाट देखिन्छ। यदि समाजमा कुनै पनि आपराधिक समूह मिलेर आपराधिक मनसाय राखी यसो गर्दै जाने हो र त्यस्तो अपराधमा संलग्न व्यक्तिले कानूनबमोजिम दण्डित नभई उन्मुक्ति पाउँदै जाने हो भने भविष्यमा सो प्रकृतिका आपराधिक कार्यबाट कुनै पनि**

लक्षित व्यक्ति उम्कन नसक्ने र निर्दोष व्यक्ति अपराधको शिकार बनी अन्ततः मुलुकको मुद्रा, बैंकिङ तथा वित्तीय प्रणालीमा नै असन्तुलन आइ दण्डहिनताले प्रश्रय पाउने हुन्छ।

(प्रकरण नं. १४)

## ठहर खण्ड

## कसुर निर्धारण खण्ड

१. विशेष अदालत नियमावली, २०८० को नियम ४४ बमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालयका विद्वान् सहन्यायाधिवक्ता श्री ज्ञान प्रसाद भुषाल र विद्वान् उपन्यायाधिवक्ता श्री भगवती गौतमले बहस प्रस्तुत गर्नुभयो। बसहमा उहाँहरूले प्रतिवादी सपना मल्ल र मृतक सर्जन बि.क. बीच २०७७/११/२८ मा विवाह दर्ता भई पति पत्नीको सम्बन्ध कायम भएको, सोही विवाह दर्ता भएको मितिमा नै निज मृतक सर्जन बि.क. को रु.१,२०,००,०००/- को बीमा गरी सोको ADB पूरक करार सहितको सावधिक बीमा गरी कूल बीमा रु.२,५०,००,०००/- को गरेको देखिएको अवस्था छ। सर्जन बि.क.को मिति २०७८/०१/०२ गतेको राती सडक दुर्घटनामा मृत्यु भएको देखिन्छ। सो मृत्यु स्वभाविक नभई बीमा रकम कुम्ल्याउने नियतले यीनै प्रतिवादीको योजनामा भएको हो। बीमकको मृत्यु पश्चात् प्रतिवादीहरू संजीव अर्याल, दीपक के.सी. र सपना मल्लले सो बीमा रकम भुक्तानी लिने, एक आपसमा रकम बाँडफाँड गरी लिने र अन्य व्यक्तिलाई रकम हस्तान्तरण गर्ने कार्यसमेत गरेको देखिन्छ। यसरी बीमा गर्ने, दुर्घटना गराउने र मार्ने सम्मको योजना बनाई अपराध घटाएर सम्पत्ति शुद्धीकरण गरेको मानिने Collection, Placement, Transfer जस्ता प्रक्रियासमेत पुरा भएको र बीमा बापतको उक्त रकम प्रतिवादीले ठगी, लिखत सम्बन्धी कसुर र संगठित अपराधको सम्बद्ध कसुर गरी आर्जन गरेको भन्ने काठमाडौं जिल्ला अदालतमा दायर भएको ०७९-C१-०५६१ को सम्बद्ध कसुरको मुद्दाबाट पुष्टि भइरहेको देखिंदा प्रतिवादीहरूलाई आरोपदाबी बमोजिम सजाय गरी पाउँ भनी गर्नु भएको बहस सुनियो।

२. प्रतिवादी सपना मल्ल र छवी कुमारी खत्रीको तर्फबाट विद्वान् अधिवक्ता डा. मुकुन्द अधिकारी, प्रतिवादी सन्जीव अर्यालको तर्फबाट विद्वान् अधिवक्ता श्री जनार्दन बन्जाडे, प्रतिवादी सरदार अहमद खाँको तर्फबाट विद्वान् अधिवक्ता श्री कृष्ण प्रसाद ज्ञवाली, प्रतिवादी रुपक राना भन्ने टोप बहादुर राना क्षेत्रीकोतर्फबाट विद्वान् अधिवक्ता श्री सूर्य मणि राई समेतले बहस गर्नुभयो। बहसमा प्रतिवादी **सपना मल्लले** मृतक सर्जन बि.क.सँग बनावटी विवाह गरी मृतकको जीवन बीमा गराई हत्यासमेत गराई बीमा भुक्तानी लिई सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) को कसुर गरेको भन्ने आरोपदाबी झुट्टा हो। निजहरू बीच वैधानिक विवाह भएको हो। विवाहपश्चात सही नियतले बीमा बनाएको हो। मृतक सर्जन बि.क. को सडक दुर्घटनामा मृत्यु भएपश्चात बीमा बोर्डका अध्यक्ष र तत्कालीन अर्थमन्त्रीको रोहबरमा बीमा बापतको रकम पाएको हो। यसरी वैधानिक रुपमा प्राप्त रकमलाई सम्पत्ति शुद्धीकरण गरेको भनी प्रतिवादीहरू उपर लिएको आरोपदाबी पुष्टि हुने कुनै आधार, कारण नभएको हुँदा आरोप मागदाबी बमोजिम सजाय हुनुपर्ने होइन। प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउनु पर्छ भनी गर्नु भएको बहससमेत सुनियो।

३. यस मुद्दामा जम्मा ६ जना व्यक्तिहरू उपर कसुर र सजायको माग दाबी गर्दै प्रस्तुत आरोपपत्र दायर हुन आएको छ। संक्षिप्तमा कुन प्रतिवादी उपर के कस्तो आरोप माग दाबी लिइएको छ भन्ने सम्बन्धमा निम्न बमोजिम प्रस्तुत गरिएको छः-

४. (१) **प्रतिवादी सपना मल्लः** निजले मृतक सर्जन बि.क. सँग बनावटी विवाह गरी मृतकको जीवन बीमा गराई हत्यासमेत गराई बीमा भुक्तानी लिइ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को अनुसुची दफा

२ को खण्ड (श) को (क),(झ),(ञ)(ढ) र (भ) मा उल्लिखित सम्बद्ध कसुर गरी प्राप्त रकमको उत्पतिको वास्तविक स्रोत लुकाउन, छिपाउन, त्यस्तो रकम विभिन्न क्षेत्रमा लगानी/खर्च गरी प्रचलित सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरीङ) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१)को देहाय (क), (ख) र (ग) ले निषेधित कार्य गरी गराई सोही दफा ३ को उपदफा (३) बमोजिमको सम्पत्ति शुद्धीकरणको कसुर अपराध गरेको पुष्टि हुन आएकाले यी प्रतिवादी सपना मल्ललाई बिगो रू.२,५०,००,०००।- (दुई करोड पचास लाख रुपैयाँ) कायम गरी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) बमोजिम बिगोको दोब्बर जरिबाना र कसुरको मात्राअनुसार कैद सजाय हुनभनी आरोपपत्रमा दाबी गरिएको पाइन्छ।

(२) **प्रतिवादी संजीव अर्यालः** निज प्रतिवादीले रु.८०,३६,०००।- प्राप्त गरी निजले कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने जानीजानी थाहा पाएरै ठगी, लिखत तथा संगठित अपराध सम्बन्धी कसुर गरी प्राप्त गरेको रकमको भोग एवम् खर्च गरी सो रकमको उत्पतिको वास्तविक स्रोत लुकाउने, छिपाउने जस्ता सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा १ को देहाय (क), (ख) र (ग) ले निषेध गरेको कार्य गरी गराई ऐ. ऐनको दफा ३(३) को सम्पत्ति शुद्धीकरणको कसुर गरेको तथ्य स्थापित हुन आएको देखिँदा यी प्रतिवादी संजीव अर्याललाई बिगो रु.८०,३६,०००।- कायम गरी ऐ. ऐनको दफा ३० को उपदफा (१) बमोजिम बिगोको दोब्बर जरिबाना र कसुरको मात्रा अनुसार कैद सजाय हुन मागदाबी। साथै, यी प्रतिवादीका नाममा रहेको जम्मा रकम रु.१६,३२४.७४।- रोक्का राखिएको हुँदा सो रकम समेत सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को ३४ को उपदफा (१) बमोजिम जफत गरी पाउन मागदाबी लिएको पाइन्छ।

(३) **प्रतिवादी छबी कुमारी खत्रीः** सबै कुराहरू थाहा जानकारी भैकन छोरीबाट रकम प्राप्त गरी सो रकमले जग्गा खरिद गर्ने कार्यसमेत गरेको प्रमाणित भई प्रतिवादीले ठगी, लिखत तथा संगठित अपराध सम्बन्धी कसुर गरी प्राप्त गरेको रकम लिई उक्त रकमको उत्पतिको वास्तविक स्रोत लुकाउने, छिपाउने, र निःसर्ग समेतका सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को देहाय १ को (क), (ख) र (ग) ले निषेध गरेको कार्य गरी ऐ. ऐनको दफा ३(३) बमोजिमको सम्पत्ति शुद्धीकरणको कसुर गरेको तथ्य पुष्टि हुन आएकाले यी प्रतिवादी छबी कुमारी खत्रीलाई बिगो रू.१७,४६,०००।- कायम गरी ऐ. ऐनको दफा ३० को उपदफा (१) बमोजिम बिगोको दोब्बर जरिबाना र कसुरको मात्रा अनुसार कैद सजाय हुन। साथै यी प्रतिवादीले कसुरबाट प्राप्त गरेको रू.१७,४६,०००।- यी प्रतिवादीले निःसर्ग गरिसकेको अवस्था भएकोले निज प्रतिवादी छबी कुमारी खत्रीको नाममा रहेको मिति २०७८/०५/३१ मा खरिद गरेको जिल्ला बाँके साबिक रझेना गा.वि.स वडा नं.४, सिट नं. ४घ को कित्ता नं. २११ को १३५४.५२ वर्गमिटर जग्गा सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को ३४ को उपदफा (२) बमोजिम जफत गरी पाउन मागदाबी लिएको देखिन्छ।

(४) **प्रतिवादी दिपक के.सीः** निजले सपना मल्लबाट बाँडी लिएको बिगो रु.६०,००,०००।- (साठी लाख) कायम गरी कसुरमा ऐ.ऐनको दफा ३० को उपदफा (१) बमोजिम बिगोको दोब्बर जरिबाना र कसुरको मात्रा अनुसार कैद सजाय हुनका साथै यी प्रतिवादी दिपक के.सी. को नाममा रहेको माछापुच्छ्रे बैंक लि.को खाता नं. ०३६००१८९७८४०००१३ को रकम रू. ७,५८७।४४, नबिल बैंक लि. मा रहेको रकम रु.२०३९.५९ र सिद्धार्थ बैंक लि. मा रहेको रकम रु.२०८३।९४ समेत गरी जम्मा रु.११,७१०।९७ (एघार हजार सात सय दश रुपैया सन्तानब्बे पैसा) सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को दफा ३४ को उपदफा (१) बमोजिम जफत गरी पाउन मागदाबी लिएको पाइन्छ।

(५) **प्रतिवादी सरदार अहमद खाँः** प्रतिवादी संजीव अर्यालले यी प्रतिवादीलाई नगदै रु.२०,००,०००।-(बीस लाख) दिएको सो रकम निज प्रतिवादीले सिद्दार्थ बैंकको खातामा जम्मा गरी बाँके शमशेरगन्ज-५ मा कि.नं. ७६ को जग्गा समेत २०७८।०६।०७ मा खरिद गरी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन २०६४ को दफा ३

को उपदफा (१) को देहाय (क), (ख) र (ग) ले निषेधित कार्य गरी गराई दफा ३(३) बमोजिम सम्पत्ति शुद्धीकरणको कसुर गरेको तथ्य स्थापित हुन आएकोले यी प्रतिवादी सरदार अहमद खाँलाई बिगो रु.२०,००,०००।- (अक्षेरुपि बीस लाख) कायम गरी सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) बमोजिम बिगोको दोब्बर जरिबाना र कसुरको मात्रा अनुसार कैद सजाय हुन। साथै, यी प्रतिवादीको नाममा रहेको मिति २०७८/०६/०७ गते खरिद गरेको जिल्ला बाँके शम्सेरगन्ज ५ को साबिक कि.नं. ७३ हालको कि.नं. ७६ को १३२४।५० वर्गमिटर जग्गा सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को ३४ को उपदफा (२) बमोजिम जफत गरी पाउन मागदाबी लिएको देखिन्छ।

(६) **प्रतिवादी रुपक राना भन्ने टोप बहादुर राना क्षेत्रीः** यी प्रतिवादीले सवारी साधन चलाई सो सवारी साधनको प्रयोगबाट लक्षित व्यक्तिको हत्या गराई गैरकानूनी स्रोतको कसुरबाट प्राप्त रकम (Proceeds of crime) अन्य सपना मल्ल समेतका प्रतिवादीहरू समक्ष पुऱ्याउने सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरीङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (२) ले निषेधित सहयोग, सहजीकरण, सहभागितासमेतका कार्य गरी गराई कसुरका लागि वातावरण बनाई मतियार बनेको देखिँदा प्रतिवादी सपना मल्ललाई दाबी गरिएको दफा ३०(१) बमोजिम हुने सजायको आधा सजाय विपक्षी प्रतिवादी टोप बहादुर राना क्षेत्रीलाई सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३०(२) बमोजिम गरी पाउन मागदाबी लिएको देखिन्छ।

५. माथि टिपोट खण्डमा उल्लिखित उपर्युक्तबमोजिमको तथ्यहरू भएको प्रस्तुत मुद्दामा दुवै पक्षको बहस छलफल, अभियोग मागदाबी र सङ्कलित प्रमाणहरूको रोहमा निम्नबमोजिमका प्रश्नमा निर्णय दिनुपर्ने देखिन्छः

क) **प्रतिवादीहरूले आरोपदाबीबमोजिमको कसुर गरेका हुन् होइनन् ?**

ख) **कसुर गरेको भए कुन प्रतिवादीको के कस्तो संलग्नता रहेको छ ?**

ग) **प्रतिवादीहरूलाई के कति सजाय हुनु पर्ने हो ?**

६. माथि उल्लिखित प्रश्नहरूको निरुपण गर्नुभन्दा अगाडि यस मुद्दाका केही महत्वपूर्ण तथ्यहरूको बारेमा जानकारी राख्नु वाञ्छनीय हुन आउँछ। प्रस्तुत मुद्दामा ६ जना व्यक्तिलाई प्रतिवादी कायम गरिएको छ। विवादका ती ६ प्रमुख पात्रहरू हुन्:- वर्ष २२ की सपना मल्ल, वर्ष ३२ को संजीव अर्याल, वर्ष ३५ को सरदार अहमद खाँ, वर्ष ३९ को दिपक के.सी., वर्ष ४५ की छबी कुमारी खत्री र वर्ष ३३ को रुपक राना भन्ने टोप बहादुर राना क्षेत्री। निजहरूको कसुरमा फरक फरक भूमिका उल्लेख गरी फरक फरक बिगोसहित आरोपदाबी लिएको अवस्था छ।

७. विवादको विषयवस्तु अत्यन्त रोचक छ। अकल्पनीय छ। चलचित्रको कथाजस्तो लाग्दछ। नेपाली समाजमा पनि यहाँसम्मको नाटकीय घटनाहरू हुँदो रहेछ भन्ने यस घटनाले सबैलाई झस्काएको छ। तथ्यहरू अध्ययन गर्दा शुरुमै विश्वास गर्न गाह्रो पर्दछ। प्रतिवादी सपना मल्ल र सर्जन बि.क. यस कथानकका नायक नायिकाजस्ता रहेको देखिन्छ। घटनामा अन्य पात्रहरूको पनि विशेष भूमिका रहेको छ। प्रतिवादी सपना मल्ल र सर्जन बि.क. फरकफरक आर्थिक, सामाजिक, साँस्कृतिक एवम् जातीय पृष्ठभूमि र फरक वर्गबाट आएका व्यक्ति हुन्। जे जस्तो आर्थिक, सामाजिक, साँस्कृतिक पृष्ठभूमी भए तापनि उनीहरू बिच कोर्ट म्यारिज गर्ने सहमति हुन्छ। मिति २०७७।११।२८ मा जिल्ला अदालत बाँकेमा गएर उनीहरूले विवाह दर्ता गर्दछन्। पहिले देखि प्रेम सम्बन्धमा रहेको भन्ने पनि देखिंदैन। मृतक सर्जन बि.क. को आर्थिक हैसियत पनि सामान्य छ। उनीहरू बीच भएको वैवाहिक सम्बन्ध नै रहस्यमय देखिन आउँछ। त्यस विवाह पछि लगत्तै सर्जन बि.क. को ठूलो धनराशीको जीवन बीमा गराइनु, लगत्तै केही दिनमा सवारी दुर्घटनामा सर्जन बि.क. को मृत्यु हुनु र बीमा कम्पनीबाट उक्त बीमा रकम प्रतिवादीहरूले बुझी बाँडफाँड गर्नु छोटो अवधिभित्रै अचम्मको क्रमागत घटना परिदृश्य रहेको देखिन्छ।

८. प्रतिवादी सपना मल्लको पहलमा अन्य प्रतिवादीहरूको मिलेमतोमा निज सर्जन बि.क. को रिलायन्स लाईफ

ईन्सुरेन्समा जीवन बीमा गराइएको हुन्छ। निजको नाममा ठूलो रकम भुक्तानी पाउने गरी रु.२,५०,००,०००/-(दुई करोड पचास लाख रुपैयाँ) को बीमा गरिएको देखिन्छ। बीमा प्रिमियम कुन स्रोतबाट भुक्तानी हुने हो भन्ने कुरा बीमा कम्पनीले पनि ठम्याएको भेटिन्न। प्रिमियमबापत वार्षिक रकम रू.५,२२,८८०। तिर्नुपर्ने देखिन्छ। त्यतिका ठूलो रकमको बीमा प्रिमियम तिर्ने आयस्रोत र आर्थिक हैसियत बिमकको देखिन आउँदैन।

९. उक्त बीमा गर्ने गराउने कार्यमा बीमा एजेन्ट प्रतिवादी सरदार अहमद खाँले भूमिका मिलाएका छन्। अन्य प्रतिवादीहरू मध्येका संजीव अर्याल र दिपक के.सी. ले सपना मल्ललाई सर्जन बि.क.सँग दर्ता विवाह गर्ने कार्यमा सहयोग गरेको देखिन्छ। काल्पनिक कथानकजस्तो लाग्ने यस कार्यमा यी व्यक्तिहरूको खास खास चरणमा खास भूमिका देखिन आउँछ। सर्जन बि.क.लाई रातको समयमा सरदार अहमद खाँले मोटरसाइकल दिएर निजको घर जान प्रेरित गर्छन्। सपना मल्लसँग विवाह गरी जीवन बीमा गराइएका निज सर्जन बि.क.को राती ११ बजे घरतिर बाइकमा जाँदै गर्दा टोप बहादुर राना क्षेत्रीले हाँकेको बसले ठक्कर दिंदा मृत्यु हुन्छ। सवारी चालकलाई सवारी ज्यान मुद्दा चल्छ। यता सर्जन बि.क. को मृत्यु पश्चात बीमा भुक्तानीको लागि प्रतिवादी सपना मल्ललाई साथमा लिएर अन्य प्रतिवादीहरू दिपक के. सी. र संजीव अर्याल बीमा कम्पनी काठमाडौं पुग्छन्। बीमा दाबी गर्छन् र एक समारोहबिच काठमाडौंको मेरियट होटलमा दुई करोड पचास लाख रुपैयाँको बीमा रकमको चेक प्राप्त गर्छन्। रकम एक आपसमा बाँडेर लिन्छन्।

१०. **बाँडफाँट** भएको रकम यसप्रकार छः

१. सपना मल्ल रु.७२,१८,०००/-
२. संजीव अर्याल रु.८०,३६,०००/-
३. दिपक के.सी. रु.६०,००,०००/-
४. सरदार अहमद खाँ रु.२०,००,०००/-
५. टोप बहादुर राना क्षेत्री रु.३६,०९,०००/-
६. छबी कुमारी खत्री रू. १७,४६,०००।-

११. सो **कार्य** झुठा कागज एवम् बनावटी विवाह समेतको आधारमा ठगी गरी रिलायन्स लाइफ इन्सुरेन्सबाट बीमा रकम भुक्तानी लिएको भनी प्रतिवादीहरूको विरुद्धमा उजुरी पर्छ। उजुरीको विषय अनुसार सम्बद्ध कसुरमा सम्बन्धित जिल्ला अदालतमा समेत उनीहरू विरुद्ध मुद्दा दायर हुन्छ। उक्त कार्य पश्चात नै सम्पत्ति शुद्धीकरण प्रारम्भ भैसकेको अवस्था छ भनी निज प्रतिवादीहरूका विरुद्धमा सम्पत्तिको सही प्रकृति बदल्ने, सो उपरको अधिकार र स्वामित्व लुकाउने र छल्ने, हस्तान्तरण गर्ने समेतका कार्यहरू गरी गराई सम्पत्ति शुद्धीकरणको कसुर अपराध गरेकोमा कारवाही हुनको लागि भनी यस अदालतमा प्रस्तुत अभियोग मागदाबी लिई मुद्दा दायर भएको पाइन्छ।

१२. अभियोगदाबी अनुसार <u>प्रतिवादी सपना मल्लले</u> सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को अनुसुची दफा २ को खण्ड (श) को (क),(झ),(ञ)(ढ) र (भ) मा उल्लिखित सम्बद्ध कसुर गरेको भन्ने आरोपदाबीमा उल्लेख छ। उक्त अनुसार (दफा २ को खण्ड (श) सँग सम्बन्धित) सम्बद्ध कसुरमा देहायका कसुरहरू पर्दछन्।

(क) संगठित अपराधिक समूह र गैरकानूनी वा धुर्त्याइपूर्वकको असूली (ऱ्याकेटिङ्ग) मा सहभागी हुने सम्बन्धी,
(झ) ठगी सम्बन्धी
(ञ) कीर्ते सम्बन्धी
(ढ) ज्यान लिने तथा अङ्गभङ्ग सम्बन्धी
(भ) मुद्रा, बैंकिङ, वित्तीय, विदेशी विनिमेय, विनिमेय अधिकारपत्र, बीमा वा सहकारीसँग सम्बन्धी।

१३. अब माथि आरोपित गरिए अनुरुप यी प्रतिवादीहरूले **दफा २ को खण्ड (श) को (क), (झ), (ञ), (ढ) र (भ) मा उल्लिखित सम्बद्ध कसुर गरेका हुन् होइनन्** भनी हेर्दा पहिलो आरोप संगठित अपराधिक समूह र गैरकानूनी वा

धुर्त्याँइपूर्वकको असूली (र्‍याकेटिङ्ग) मा सहभागी हुने सम्बन्धी कार्य भएको मात्र सकिने आधार र कारण यस मुद्दामा प्रचूर मात्रामा देखिन आउँछ। प्रतिवादीहरूको मिलेमतोमा मृतक सर्जन बि.क.सँग प्रतिवादी सपना मल्लको नाटकीय विवाह गरिएको देखिन्छ। यी प्रतिवादीहरूको समूहको मिलेमतोबाट सर्जन विकको हत्या गराई दुई करोड पचास लाख रुपैयाँ भुक्तानी हुने गरी ठूलो रकमको जीवन बीमा गरिएकोमा विवाद छैन। यिनै प्रतिवादीहरूले सुनियोजित रुपमा बिमितको मृत्यु गराइएपश्चात सो बीमा रकम यी प्रतिवादीहरूको समूहले नै बुझी लिएबाट प्रतिवादीहरू सो कार्य गर्न गठित भएको संगठित अपराधिक समूह हो भन्ने पुष्टि हुन्छ।

१४. बिमित सर्जन बि.क.लाई मार्ने र बीमा रकम भुक्तानी लिने योजना पनि यिनै प्रतिवादीहरूको सुनियोजित आपराधिक कार्यको परिणाम भएकोले उक्त कार्य स्वतः आपराधिक मनसायबाट भएको भन्ने देखिन आउँछ। बिमितलाई सवारी दुर्घटनामा मृत्यु भएको भन्ने देखाउने योजना मुताबिक नै प्रतिवादीहरूको मत सल्लाहमा मृतक सर्जन बि.क.लाई मोटरसाइकल दिएर पठाई मिनि बसको ड्राइभरलाई सो दुर्घटना गराउने कार्यमा खटाएको देखिन्छ। प्रतिवादी बस चालक टोपबहादुर राना सर्जन बि.क.को हत्यामा संलग्न मुख्य व्यक्ति हुन् भन्ने देखिन्छ। निज ड्राइभरले चलाएको बसबाट सुनियोजित रुपमा सर्जन बि.क.लाई ठक्कर दिई मृत्युको मुखमा पुर्‍याई बीमा कम्पनीबाट निज प्रतिवादीहरूले धुर्त्याँइपूर्वक बीमा रकम असूली (र्‍याकेटिङ्ग) गरेको देखिन्छ। उक्त कुराको खुलासा रिलायन्स इन्स्योरेन्स प्रा.लि. आफैले उजुरी दिएबाट पुष्टि हुन्छ। सो कम्पनीलाई झुट्टा विवरण पेस गरी बीमा गराएको चेक बीमा भुक्तानी भएपछि खुल्दछ। उक्त कार्य यी प्रतिवादीहरूको प्रपञ्चबाट सम्पादन गरी कीर्ते प्रमाण सिर्जना गरी, ठगी गर्ने मनसायबाट नै पूरा भएको पाइन्छ। बिमितको ज्यानै लिने सम्मको जघन्य कसुर गराइएको भन्ने यस मुद्दाको तथ्यबाट देखिन्छ। यदि समाजमा कुनै पनि आपराधिक समूह मिलेर आपराधिक मनसाय राखी यसो गर्दै जाने हो र त्यस्तो अपराधमा संलग्न व्यक्तिले कानूनबमोजिम दण्डित नभई उन्मुक्ति पाउँदै जाने हो भने भविष्यमा सो प्रकृतिका आपराधिक कार्यबाट कुनै पनि लक्षित व्यक्ति उम्कन नसक्ने र निर्दोष व्यक्ति अपराधको शिकार बनी अन्ततः मुलुकको मुद्रा, बैंकिङ तथा वित्तीय प्रणालीमा नै असन्तुलन आइ दण्डहिनताले प्रश्रय पाउने हुन्छ।

१५. उपर्युक्त बमोजिमको कसुर गरी प्राप्त रकमको स्रोत नै गैरकानूनी कार्यबाट उत्पत्ति भएको हुँदा त्यस्तो रकम यी प्रतिवादीहरूले अवैध रुपमा आर्जन गरेको देखिन आउँछ। सो सम्पत्तिको वास्तविक स्रोत भनेको एक निर्दोष व्यक्तिलाई कपटपूर्ण तरिका अपनाई उसको जीवन हरण गरेर आर्जित कथित बीमा स्रोतको रकम हो भन्ने पुष्टि भएको छ। त्यस्तो धुर्त्याई लुकाउन, छिपाउन र त्यस्तो रकम विभिन्न क्षेत्रमा लगानी/खर्च गरी प्रचलित सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरीङ) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय (क), (ख) र (ग) ले निषेधित कार्य गरी गराई सोही दफा ३ को उपदफा (३) बमोजिमको सम्पत्ति शुद्धीकरणको कसुर अपराध गरेको पुष्टि हुन आएकाले यी प्रतिवादीहरूलाई बिगो रू.२,५०,००,०००।- (दुई करोड पचास लाख रुपैयाँ) कायम गरी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) बमोजिम बिगोको दोब्बर जरिवाना र कसुरको मात्रा अनुसार कैद सजाय हुन माग दाबी लिएको पाइन्छ।

१६. सो अनुसार हेर्दा उक्त ऐनको दफा ३ मा निम्न अनुसार परिभाषित गरिएको पाइन्छः

<u>सम्पत्ति शुद्धीकरण गर्न नहुनेः</u>

(१) कुनै व्यक्तिले देहायको कुनै कार्य गर्न वा गराउन हुँदैनः-

(क) सम्पत्तिको गैरकानूनी स्रोत (इलिसिट अरिजिन) लुकाउने वा छल्ने वा कसुरमा संलग्न व्यक्तिलाई कानूनी कारबाहीबाट बचाउन सहयोग गर्ने उद्देश्यले कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदा पाउँदै वा विश्वास गर्नु पर्ने मनासिब आधार हुँदा हुँदै त्यस्तो सम्पत्ति कुनै पनि प्रकारले रूपान्तरण वा हस्तान्तरण गर्ने,

(ख) कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदा पाउँदै वा विश्वास गर्नु पर्ने मनासिब आधार हुँदा हुँदै त्यस्तो

सम्पत्तिको सही प्रकृति, स्रोत, स्थान, निःसर्ग (डिस्पोजिसन), कारोबार (मुभमेण्ट), स्वामित्व वा सो सम्पत्ति उपरको अधिकार लुकाउने, छल्ने वा बदल्ने, वा

(ग) कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने जानी जानी वा विश्वास गर्नु पर्ने मनासिब आधार हुँदा हुँदै त्यस्तो सम्पत्ति प्राप्त गर्ने, प्रयोग गर्ने वा धारण गर्ने।

(२) कुनै व्यक्तिले उपदफा (१) बमोजिमको कुनै कार्यको षडयन्त्र, मद्दत, दुरुत्साहन, सहजीकरण, मतसल्लाह वा उद्योग गर्न वा सम्बद्धता वा सहभागिता जनाउन वा मतियार हुन हुन हुँदैन।

(३) कसैले उपदफा (१) वा (२) मा उल्लिखित कुनै कार्य गरेमा त्यस्तो कार्य सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुर हुनेछ।

१७. उक्त ऐनको दफा ३(१) (क) (ख) (ग) बमोजिमको कसुरको आधारभूत तत्व "सम्वद्ध कसुर" (Predicate offence) हो। अपराधजन्य कार्यबाट आर्जित सम्पत्तिको गैरकानूनी स्रोत लुकाई त्यस्तो सम्पत्ति वैधानिक तवरबाट आर्जन गरेको देखाउने एउटा प्रक्रिया हो, सम्पत्ति शुद्धीकरण। सम्पत्ति शुद्धीकरणको अपराध मूलतः मौद्रिक मूल्यमा आपराधिक आय सिर्जना गर्ने मूल अपराधहरूको सह उत्पादनको रुपमा सह अपराध हो। यो आफैमा मूल कसुर होइन। सम्पत्ति शुद्धीकरणको कसुर वित्तीय कसुर भएकाले वित्तीय कसुरको सन्दर्भमा पूर्वानुमान अपराध के हो ? भनी बुझ्नका लागि शाब्दिक व्याख्याको नियम प्रयोग गर्नु पर्ने हुन्छ। Predicate भनेको भविष्यवाणी गर्नु हो। जसले एउटा सम्भावित नतिजाको आँकलन गरेको हुन्छ। जानीजानी सो कसुरबाट आर्जित सम्पत्तिको गैरकानूनी स्रोत (illicit origin) लुकाउने वा छल्ने उद्देश्यले रकमको रुपान्तरण वा स्थानान्तरण वा कारोबार गरेको देखिनुपर्ने हुन्छ।

१८. आर्थिक अपराधका सम्बन्धमा प्रिडिकेट अफेन्स त्यस्ता अपराधलाई मानिन्छ, जुन अपराधले मौद्रिक मूल्यमा आपराधिक आयको सिर्जना गर्ने र सो आपराधिक आयको शुद्धीकरण हुन सक्ने भविष्यलाई ईंगित गर्दछ। नेपालको विद्यमान सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन, २०६४ ले ३२ वटा फौजदारी चरित्रका अपराधलाई सम्पत्ति शुद्धीकरण निवारण प्रयोजनार्थ सम्बद्ध कसुरको रुपका सुचीकृत गरेको पाईन्छ। ती सूची अन्तर्गत प्रस्तुत आरोपदाबीको कसुर समेत पर्ने देखिन्छ। प्रतिवादीहरूले सर्जन बि.क. को जीवन बीमाको दुई करोड पचास लाख रुपैयाँ लिन खानको लागि निजको हत्या गराइसकेपछि बीमा कम्पनीबाट प्राप्त गरेको उक्त रुपैयाँ नै आपराधिक आय अर्थात् कालो धन हो। यहाँ सो रकम शुद्धीकरण हुने संवेदनशीलता र जोखिम रहेको अवस्था देखिन्छ।

१९. कसैले कसैको हत्या गरी उसँग भएको वा हत्या पश्चात प्राप्त हुने (जस्तैः बिमितको बीमाबापतको भुक्तानी) रुपैयाँ लिई त्यो रकम आफू वा अरु कसैका नाउँबाट लगानी गरी थप सम्पत्ति आर्जन गर्छ भने यसमा आर्थिक लाभ लिने मनसायगत तत्वको विद्यमानता देखिँदा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानून आकर्षित हुने अवस्था रहन्छ। किनभने वारदातको मुख्य उद्देश्य नै रु. दुई करोड पचास लाख हात पार्नु हो। प्रस्तुत मुद्दामा अपराधका यिनै तत्वहरूको विद्यमानता देखिन्छ।

२०. प्रतिवादीका विद्वान् अधिवक्ताहरूले सम्बद्ध कसुरको मुद्दा फैसला नभएसम्म यो मुद्दाको निष्कर्षमा पुग्न मिल्दैन भनी र वादी पक्षका विद्वान् उप-न्यायाधिवक्ताले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २९ का आधारमा अभियोग दाबीको कसुर ठहर हुन सक्छ भनी बहस गर्नुभएको छ। यस परिप्रेक्ष्यमा उक्त ऐनको दफा २९ हेर्दा "प्रचलित कानूनबमोजिम सम्बद्ध कसुरमा मुद्दा नचलेको वा चलेकोमा पनि कसुर नठहरेको कारणले मात्र कुनै सम्पत्ति कसुरबाट प्राप्त सम्पत्ति देखिएकोमा सोको सम्बन्धमा सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा मुद्दा चलाउन र सजाय गर्न बाधा पर्ने छैन" भन्ने व्यवस्था भएको पाइन्छ।

२१. सम्पत्ति शुद्धीकरणको कसुर अपराध हुनका लागि सम्बद्ध कसुरबाट मौद्रिक मूल्यमा आर्जित आपराधिक आयको विद्यमानता एवम् सोको शुद्धीकरणका लागि सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन २०६४ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (क), (ख) र (ग) ले निषेध गरेका गतिविधिहरूको विद्यमानता हुनुपर्ने

देखिन्छ। प्रस्तुत मुद्धामा बिमित सर्जन बि.क. को हत्या गराई प्रतिवादीहरूले निजको बीमा बापतको आपराधिक आय दुई करोड पचास लाख रुपैयाँ बीमा कम्पनीबाट बुझेको देखान्छ। सो को शुद्धीकरणका लागि उल्लिखित ऐनको दफा ३ को उपदफा (१) को देहाय खण्ड (क)(ख)(ग) ले निषेध गरेका गतिविधिहरूको विद्यमानता समेत यसमा देखिन्छ।

२२. अतः यस कानूनी व्यवस्थाको आधारमा प्रस्तुत मुद्दाको अन्तिम निष्कर्षमा पुग्न कुनै बाधा देखिन आउँदैन। कसुर पुष्टि गर्न Corpus delicti स्थापित हुनुपर्ने र उक्त ऐनको अनुसूची खण्ड (श) को आधारमा हेर्दा, कीर्ते ठगी र लिखत सम्बन्धी कसुरका अतिरिक्त खण्ड (ढ) मा ज्यान लिने कार्य पनि सम्बद्ध कसुरको आधार बन्ने कानूनी व्यवस्था भएकोले यस मुद्दामा सर्जन बि.क. को जीवन बीमा हत्याउने योजनाकासाथ यो कसुरमा संलग्न भएको पाइन्छ। अतः सम्बद्ध कसुर ठहर नै नभएको अवस्थामा पनि यसै मुद्दामा संकलित प्रमाणबाट प्रमाणित हुन आएमा सम्पत्ति शुद्धीकरणको कसुर पुष्टि हुन सक्दछ। सो का लागि कसुरदारले हत्याएको सम्पत्ति कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने विश्वास गर्नुपर्ने आधार हुनुपर्दछ; जुन आधार पुष्टि हुने प्रस्तुत मुद्दामा यथेष्ठ प्रमाण रहेका छन्। सङ्कलित प्रमाणहरूले यी प्रतिवादीहरू शुद्धीकरणको प्रक्रियामा सामेल भएको कुरा देखाएको छ।

२३. प्रस्तुत अभियोग दाबीमा मागदाबी गरिएअनुरुप नै यी प्रतिवादीहरूले सम्पत्तिको गैरकानूनी स्रोत (इलिसिट अरिजिन) लुकाउने वा छल्ने कार्य गरेको देखिन्छ। प्रथमतः आफ्नो योजना अनुरुप आफ्नै पति सर्जन बि.क.लाई सवारी दुर्घटना गराई मृत्युको मुखमा सुम्पेर बीमा रकम भुक्तानी लिइ प्रतिवादी सपना मल्लले सो रकम अन्य प्रतिवादीहरूलाई समेत भाग लगाई बाँडी लिए खाएको देखिन्छ। निजहरू सबैलाई कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा भएकै अवस्था उनीहरूको मौकामा र अदालतमा भएको बायनबाटै देखिन्छ। त्यस्तो सम्पत्ति बीमा कम्पनीबाट भुक्तानी लिएपछि निजहरूको बैंक खातामा रकम जम्मा गरेको र एक अर्कालाई सापटी दिएको, केहीले जग्गा किनेको इत्यादि देखिन्छ। अन्य कुनै स्रोतबाट नभई सर्जन बि.क. को जीवन बीमाबाट आएको सो रकम निजहरूको आआफ्नै बैंक खातामा फेला परेकोबाट कुनै पनि प्रकारले रूपान्तरण वा हस्तान्तरण गर्ने कार्य भएको भन्ने प्रमाणित हुन आउँछ।

२४. मृतकको बीमा बापत प्राप्त भएको उक्त रकम मृतकको घर परिवारका अन्य सदस्यलाई दिए बुझाएको देखिंदैन। प्रतिवादी सपना मल्लले केही रकम (रु.१ करोड २८ लाख तीस हजार) मृतकको घरमा दिन भनी सह प्रतिवादी संजीव अर्याललाई दिएको थिएँ भनी बयानमा उल्लेख गरेपनि निज सह प्रतिवादीले सो कुरालई इन्कार गरी बयान बेहोरा लेखाएको देखिन्छ। अतः उक्त सम्पत्तिको स्वामित्व वा सो सम्पत्ति उपरको अधिकार मृतकको परिवारमा रहनेमा यी प्रतिवादीहरूले उक्त सम्पत्ति लुकाउने, छल्ने वा बदल्ने र कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने जानी जानी वा विश्वास गर्नु पर्ने मनासिब आधार हुँदा हुँदै त्यस्तो सम्पत्ति आफैले मात्र प्रयोग गर्ने वा धारण गर्ने कार्य गरेको देखिन्छ। अतः यी प्रतिवादीहरूले गरेको उपर्युक्त कार्य उल्लिखित ऐनको दफा ३ को उपदफा (१) को देहाय (क), (ख) र (ग) ले निषेधित कार्य भएको प्रमाणित हुन्छ। यसरी प्रतिवादीहरूबाट सो कार्य गरी गराई सोही दफा ३ को उपदफा (३) बमोजिमको सम्पत्ति शुद्धीकरणको कसुर अपराध गरेको पुष्टि हुन आएको छ।

२५. **मृतककी** श्रीमती भनिएकी सपना मल्ललाई मिति २०७८/०४/१४ (तदनुसार २९/०७/२०२१) गते Reliance Life Insurance Ltd. को केन्द्रीय कार्यालयको NMB Bank Limited, Head Office Segment मा रहेको खाता नम्बर ००४०० ५३६६७८०००१२ बाट भुक्तानी दिएको देखिन्छ। चेक नम्वर १०१४१५६६३८२५०१ बाट दिइएको सो भुक्तानी रकम रु.२,५०,००,०००/- (दुई करोड पचास लाख) रहेको छ। उक्त रकम बुझिलिनको लागि प्रतिवादीहरू सपना मल्ल, संजीव अर्याल र दिपक के.सी. नेपालगञ्जदेखि काठमाडौं आएको देखिन्छ। काठमाडौं स्थित Marriot Hotel मा कार्यक्रमको आयोजना गरी चेक हस्तान्तरण भएको देखिन्छ। सो भुक्तानी भएको रकम प्रतिवादी सपना मल्लको नाममा रहेको उक्त खातामा जम्मा भएको देखिन्छ। यस अनुसार हेर्दा मूलतः चार वटा सम्बद्ध तथ्यहरू ज्यादै महत्वपूर्ण देखिन्छः

(क) प्रतिवादी सपना मल्लले बीमा बापतको रकम रु.२,५०,००,०००। बीमा कम्पनीबाट भुक्तानी लिएको देखिन

आएको,

(ख) उक्त रकम प्रतिवादीले ठगी र लिखत सम्बन्धी कसुर एवम संगठित अपराधको सम्बद्ध कसुर गरी आर्जन गरेको रकम हो भनी काठमाडौं जिल्ला अदालतमा दायर भएको ०७९-C१-०५६१ को सम्बद्ध कसुरको मुद्दाबाट देखिन आएको,

(ग) सूचक संस्था स्वयम् बीमा गर्ने निकाय रिलायन्स लाइफ इन्स्योरेन्स लि. शाखा कार्यालय, नेपालगन्ज भई सोही संस्थाबाट मृतक सर्जन बि.क.को नाममा जारी भएको बीमा लेखमा जोखिमाङ्कन तथा दाबी भुक्तानी प्रक्रियामा अनियमितताजन्य कार्य भएको भनी उजुरी परेको, र

(घ) सो बीमा लेखबाट गैरकानूनी लाभ लिनका लागि बिमितको योजनाबद्ध रुपमा सवारी दुर्घटना गराई हत्या गराएको भनी मृतकको हत्यामा जिम्मेवार व्यक्ति विरुद्ध बाँके जिल्ला अदालतमा सवारी ज्यान मुद्धा दायर गरी कसुर ठहर समेत भैसकेको।

२६. **प्रतिवादी सपना मल्ल**को नाममा रहेको कामना सेवा विकास बैंक लि. कोहलपुर शाखाको बैंक खाता नं. ०३९१४१००३७९७४८००००००१ मा सर्जन बि.क.को मृत्युपश्चात पटक पटक कारोबार भएको देखिन्छ। सो विवरण हेर्दा निज मृतककी श्रीमती भनिएकी सपना मल्लले बीमा दाबी गरेबमोजिम Reliance Life Insurance Ltd. बाट बीमा रकम मिति २०७८/०४/१४ (तदानुसार २९/०७/२०२१) गते Reliance Life Insurance Ltd. को केन्द्रीय कार्यालयको NMB Bank Limited, Head Office Segment मा रहेको खाता नम्बर ००४००५३६६७८०००१२ को चेक नम्बर १०१४१५६६३८२५०१ बाट रु.२,५०,००,०००/- (दुई करोड पचास लाख) भुक्तानीको लागि काठमाडौं स्थित Marriot Hotel मा कार्यक्रमको आयोजना गरी चेक हस्तान्तरण भएको पाइन्छ। सो बीमा बापतको रकम प्रतिवादी सपना मल्लको नाममा रहेको बैंक खातामा जम्मा भएको देखिन्छ। यसरी बीमा बापतको रकम रु.२,५०,००,०००। बीमा कम्पनीले बीमा गर्दा नै इच्छाइएकी प्रतिवादी सपना मल्ललाई भुक्तानी दिएको देखिन्छ। उक्त रकम प्रतिवादीले ठगी र लिखत सम्बन्धी कसुर एवम् संगठित अपराधको सम्बद्ध कसुर गरी आर्जन गरेको रकम हो भन्ने आरोपदाबी निज प्रतिवादी समेतको विरुद्धमा काठमाडौं जिल्ला अदालतमा दायर भएको ०७९-C१-०५६१ को सम्बद्ध कसुरको मुद्दाबाट समेत देखिन आएको छ।

२७. प्रतिवादी संजीव अर्यालले सह-प्रतिवादी सपना मल्लसँग मिलेमतो गरी गैरकानूनी स्रोतको आय व्यवस्थापनमा अपनाएको शैलीबाट प्रस्तुत अपराधको Modus operendi स्पष्ट हुन्छ। यसरी हेर्दा प्रतिवादी सपना मल्लले मृतकको पत्नीको नाताबाट आफैले प्राप्त गरेको रकमको ठूलो हिस्सा विभिन्न मितिमा निज संजीव अर्याललाई बैंक चेक मार्फत हस्तान्तरण गरेको पाइन्छ। जस अनुसार जम्मा प्राप्त रु.२,५०,००,०००। मध्ये ३० जुलाई २०२१ मा रु.३०,००,०००।-,४ अगस्त २०२१ मा रु.९,९९,०००।-,१६ अगस्त २०२१ मा रु.४०,३७,०००।- समेत गरी जम्मा रु.८०,३६,०००।— (असी लाख छत्तीस हजार) चेक मार्फत संजीव अर्यालले भुक्तानी लिएको देखिन्छ। उक्त रकम निज प्रतिवादी सपना मल्लले गरेको कसुरको इन्कारी बयान सही मान्ने हो भने यी प्रतिवादी संजीव अर्याललाई किन हस्तान्तरण गरिन् भन्ने कुराको युक्तियुक्त जवाफ दिन सकेको पाईंदैन भने निज संजीव अर्यालले पनि त्यसको पुष्ट्याईं गर्न सकेको पाईंदैन। तसर्थ पनि कसुरबाट प्राप्त सम्पत्ति भन्ने तथ्य पुष्टि हुन्छ।

२८. निज सपना मल्लले विभिन्न मितिमा आफ्नै खातामा जम्मा भएको रकम चेकमार्फत निकालेको रु.८५,९४,०००।- मध्येबाट पनि अलग्गै लिएको रु.६८,९४,०००।- र रू.२,५३,२६५।- समेत गरी जम्मा रु.१,५१,८३,२६५।- संजीव अर्याललाई नै दिएको देखिन्छ। सो रकम मध्ये रु.२१,००,०००।- सापटी बापत दिएको, रु.२,५३,२६२।- किनमेल गर्न दिएको हुँ र बाँकी रकम रु.१,२८,३०,०००।- मेरा मृतक श्रीमान सर्जन बि.क. को घरमा दिनु भनी दिएको रकम हो भनी सपना मल्लले बयानमा खुलाई लेखाई दिएको पाइन्छ। तर निजको यस्तो बयान बेहोरा भए तापनि संजीव अर्याललाई सापटी दिनुपर्ने कारण र आधार एवम् उसलाई किनमेल गर्न दिनुपर्ने कारण तथा आफ्नै

पति भनिएका सर्जन बि.क. को घरमा मृतकको श्रीमती भनिएकी निज सपना मल्ल आफैले लगेर बीमा बापत प्राप्त सो रकम किन नदिएको भन्ने प्रश्नको समुचित उत्तर पाउन सकिँदैन। त्यसो त प्रतिवादी संजीव अर्यालमार्फत सर्जन बि.क.को घरमा दिनु भनेको उक्त रकम रु.१,२८,३०,०००।- दिइएको र मृतकको परिवारले पाएको भन्ने समेत कुनै प्रमाणबाट देखिएको छैन। प्रतिवादी संजीव अर्यालले अनुसन्धानको क्रममा गरेको बयानको सवाल जवाफ नं. २० मा मैले सपना मल्लबाट रु.८०,३६,०००।- मात्र लिएको हो। बाँकी अन्य रकमहरूको बारेमा मलाई थाहा छैन। बीमाको रकम निकाल्नको लागि सहयोग गरेको हो भनी बयान गरेको पाइन्छ। निज संजीव अर्यालको सो बयानबाट सपना मल्लको बयान बेहोरा आफैमा खण्डित भएको देखिन्छ। यसबाट प्रतिवादी सपना मल्लको योजनाबद्ध आपराधिक कार्यबाट प्रस्तुत अपराध भएको पुष्टि हुन्छ।

२९. **प्रतिवादी संजीव अर्यालको हकमा विचार गर्दा** सह प्रतिवादी सपना मल्लले गैरकानूनी स्रोतको आय व्यवस्थापनमा यी प्रतिवादीसँग महत्वपूर्ण सहकार्य गरेको देखिन्छ। निजहरूले अपनाएको आपराधिक कार्यको शैली हेर्दा आफैले प्राप्त गरेको रकम रु.२,५०,००,०००। मध्ये जम्मा रु.८०,३६,०००।- चेक मार्फत संजीव अर्यालले भुक्तानी लिएको देखिन्छ। अन्य विभिन्न मितिमा आफ्नै खाताको चेकमार्फत निकालेको रकम रु.८५,९४,०००।- मध्येबाट पनि अलग्गै लिएको रु.६८,९४,०००।- र रू.२,५३,२६५।- समेत गरी जम्मा रु.१,५१,८३,२६५।- संजीव अर्यालले प्राप्त गरेको देखिन्छ। प्रतिवादी संजीव अर्याललाई भुक्तानी दिएको प्राप्त बैंक स्टेटमेन्टबाट पुष्टि भएको छ। निजले कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने जानीजानी र सबै कुरा थाहा पाएर पनि ठगी, लिखत तथा संगठित अपराध सम्बन्धी कसुर गरी प्राप्त गरेको रकमको भोग एवम् खर्च गरी सो रकमको उत्पतिको वास्तविक स्रोत लुकाउने, छिपाउने जस्ता सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित कसुरमा संलग्न भएको पाईन्छ।

३०. यसप्रकार प्रतिवादी सपना मल्लले संजीव अर्याललाई मोटो रकम हस्तान्तरण गरेको देखिन्छ। प्रतिवादी संजीव अर्यालले **सपना मल्लबाट रु.८०,३६,०००।- मात्र लिएको हो बाँकी अन्य रकमहरूको बारेमा मलाई थाहा छैन** भनी बयानमा लेखाएका छन्। अतः माथि लेखिएबमोजिम प्रतिवादी सपना मल्लको कामना सेवा विकास बैंक लि. को खाताबाट प्रतिवादी संजीव अर्याललाई भुक्तानी दिएको तथ्य बैंक स्टेटमेन्टबाट देखिन आई प्रतिवादी संजीव अर्यालले जम्मा रु.८०,३६,०००।- प्राप्त गरेको तथ्य स्वीकार नै गरेको हुँदा निजले ठगी, लिखत तथा संगठित अपराध सम्बन्धी कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने जानीजानी थाहा पाउँदा पाउँदै उक्त रकम धारण गरेको देखिन आउँछ। निज प्रतिवादीले सो अवैध तथा आपराधिक कार्यबाट आर्जित रकम भोग एवम् खर्च गरी सो रकमको उत्पत्तिको वास्तविक स्रोत लुकाउने, छिपाउनेजस्ता सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा १ को देहाय (क), (ख) र (ग) ले निषेध गरेको कार्य गरी गराई ऐ. ऐनको दफा ३(३) को सम्पत्ति शुद्धीकरणको कसुर गरेको तथ्य स्थापित हुन आयो।

३१. **प्रतिवादी दिपक के.सी.** ले गरेको मौकाको बयानमा मैले संजीव अर्यालसँग सापटी रकम माग गरेको थिएँ। निजले सपना मल्लका नाउँको चेकमार्फत भुक्तानी पाउने गरी पटकपटक गरी जम्मा रु.६०,००,०००।- लिएको हुँ। मेरो सपना मल्लसँग सामान्य देखभेट मात्र भएको हो। निजको नामको कामना सेवा विकास बैंक लि.को खाता नं. ०३९१४१००३७९७४८०००० ०१ बाट प्रभु बैंक लि. को खाता नं. ३४३७०६५१०३१०००१८ मा सन् २०२१ अगस्ट १ मा चेक नं. ००११३३८७४१२ र ००१३३८७४१० बाट क्रमसः रु.५०,००,०००।-(पचास लाख रुपैयाँ) र रु.१०,००,०००।-(दश लाख रुपैयाँ) मैले भुक्तानी लिएको हो। सो रकम मैले संजीव आर्यालसँग सापटी माग्दा निजले मेरो बहिनीको नामको चेक हो भनी मलाई सपना मल्लको नामको चेक दिएका थिए। सोही चेक मैले मेरो खातामा जम्मा गरेकोले सपना मल्लको खाताबाट मेरो खातामा रकम जम्मा हुन आएको हो भनी बेहोरा खुलाएको पाईन्छ। निज प्रतिवादीको यस बयानको आधारमा दुईटा महत्वपूर्ण तथ्य उजागर भएका छन्। **पहिलो** यी प्रतिवादी र संजीव अर्यालको बिचमा घनिष्ठ सम्बन्ध रहेछ भन्ने तथ्य। **दोस्रो** त्यति ठूलो रकम सपना मल्लले संजीवलाई

चेकमार्फत अर्का व्यक्ति दिपक के.सी. लाई सापटी दिन भनी सहजै हस्तान्तरण गरेबाट यी तिनैजना बिचको साँठगाँठ बलियो थियो भन्ने देखिनु।

३२. यसका अतिरिक्त निज दिपक के.सी.ले मसँग मागेको रु.६० लाख रकम मैले तत्काल आफूसँग नभएकोले र सपना मल्लको त्यस बखत बीमाको रकम भुक्तानी पाई सकेको अवस्था रहेकोले सपना मल्ललाई मैले दिपक के.सी.लाई उक्त रु.६० लाख सापटी दिनु भनी दिलाई दिएको ठिक साँचो हो भनी सह प्रतिवादी संजीव अर्यालले बयानमा लेखाएको देखिन्छ। संजीव अर्यालको बयानअनुसार बीमाको रकम दाबी भुक्तानीको लागि आवश्यक पर्ने कागजात मिलाई सहयोग गरी दिनु भनेको हुनाले मैले सो को लागि नोटरी पब्लिकको कागजात लगायतको बन्दोबस्त गरी सहयोग गरी दिएको हो भन्ने देखिन्छ। यसबाट उक्त कसुरको डिजाइन गर्ने architect को रुपमा सो टिममा यी प्रतिवादीहरू तीनै जना रहेको पुष्टि हुन्छ। उक्त बीमा रकम भुक्तानीको लागि काठमाडौंसम्म म निज सपना मल्ल र दिपक के.सी. समेत भई भुक्तानी प्रक्रिया एकापसमा सहयोग गरेका हौं भन्ने समेत निजको बयानमा उल्लेख भएको देखिंदा यी प्रतिवादी संजीव अर्यालकै बयानअनुसार पनि त्रिपक्षीय साँठगाँठ पुष्टि हुन्छ।

३३. यी प्रतिवादी दिपक के.सी. को विरुद्धमा सम्बद्ध कसुरमा जिल्ला अदालतमा मुद्दा चलिरहेको देखिन्छ। निजले सह प्रतिवादी सपना मल्लको नाममा रहेको कामना सेवा बिकास बैंक लि. कोहलपुर शाखाको खाता नं. ०३९१४१००३७९७४८००००००१ को चेक नं. ००१३३८७४१२।।६८०१ बाट मिति २०७८/०४/१७ गते (०१ Aug २०२१) प्रतिवादी रु.५०,००,०००।— (पचास लाख) र ००१३३८७४१०।।६८०१ नं. को चेकबाट मिति २०७८/०४/१७ गते (०१ Aug २०२१) रु.रु.१०,००,०००।— (दस लाख) गरी जम्मा रु ६०,००,०००।— (साठी लाख ) भुक्तानी लिएको देखिन्छ। निजले उक्त रकम प्रतिवादी सपना मल्लबाट प्राप्त गर्नुपर्ने कुनै विश्वासनीय आधार कारण दिन सकेको पाइन्न। यसरी बिना काम र बिना कारण यी प्रतिवादीले बिमितको बीमा दाबीबाट भुक्तानी लिएको ठूलो रकम लिए पाएको देखिएको, सम्बद्ध कसुरका तथ्यहरूबाट समेत प्रतिवादीहरूको आपसी मिलोमतो र संलग्नता देखिएको, मूलतः यी प्रतिवादी दिपक के.सी. ले नै बीमा भुक्तानी सम्बन्धी प्रक्रिया अगाडि बढाई भुक्तानी गराएको अवस्था देखिएको, सहप्रतिवादी संजीव अर्यालले सम्बद्ध कसुरको मुद्दामा बयान गर्दा दिपक के.सी. समेत बीमा रकम भुक्तानीको बेला सहयोग गर्न काठमाडौं गएको भनी पोल गरेको, प्रतिवादीले ठगी, लिखत तथा संगठित अपराध सम्बन्धी कसुर गरी प्राप्त गरेको रकमको उत्पत्तिको वास्तविक स्रोत लुकाउने, छिपाउने जस्ता सम्पत्ति शुद्धीकरणको कसुरजन्य कार्य गरेको पुष्टि हुन आउँदछ।

३४. अतः यसबाट प्रतिवादीहरूको यो समूह एक आपसमा मिलेर आपराधिक कार्यमा संलग्न रहेको पुष्टि हुन्छ। बीमा रकमको भुक्तानी बैंक चेकमार्फत भएको हो। भुक्तानी बुझ्ने क्रममा डेमो चेक भुक्तानी कार्यक्रमको दिन म कार्यक्रमस्थल रहेको होटल मेरियट बाहिरै थिएँ र निज सपना मल्ल र दिपक के.सी. मात्र कार्यक्रममा सहभागी भएका हुन् भनी प्रतिवादी संजीव अर्यालले लेखाएको हुँदा सपना मल्ल र दिपक के.सी. चिनजान बाहिरका व्यक्ति हुन् भन्न मिल्ने देखिएन। सपना मल्ल र दिपक केसी बिच चिनजान वा सम्बन्ध नै नभएको भए के कति कारणबाट बीमा रकम बुझी लिन उनीहरू सँगसंगै काठमाडौं आएका थिए त ? भन्ने प्रश्न पनि अनुत्तरित नै देखिन्छ। अतः साठी लाख रुपैयाँ बुझिलिएको तथ्यमा समेत कुनै विवाद नरहेकोले प्रतिवादी दिपक के.सी. को समेत प्रत्यक्षतः कसुरमा संलग्नता रहेको पुष्टि हुन्छ।

३५. **सरदार अहमद खाँको सम्बन्धमा विचार गर्दा** निजको अनुसन्धानको बयान हेर्दा मैले रिलाइन्स लाइफ इन्स्योरेन्समा अभिकर्ताको रुपमा काम गर्दै समेत आएको थिएँ। सर्जन बि.क.को जीवन बीमा मैले गराएको हो। सो को बार्षिक अं. रु.५ लाखको किस्ता बुझाउनु पर्थ्यो। जम्मा बीमाङ्क रकम रु.१,५०,००,०००।- रहेको थियो। सर्जन बि.क.को रु.१,२०,००,०००/-को सावधिक जीवन बीमा सोको रू.३०,००,०००।— को Accidental Death Benefit (ADB) पुरक करार सहितको सावधिक जीवन बीमा गरी जम्मा रु.१,५०,००,०००/-को बीमा हो।

कम्पनीले Accidental Death Benefit (ADB) रू. १,००,००,०००।- थपेर जम्मा २,५०,००,०००।- बीमा रकम हो। सर्जन बि.क. आफैले मेरो भे. १० प १७२७ नं. को Apache बाइक लिई गएका मैले बेलुका थाहा पाएको हुँ। मोटरसाइकल चढेको अवस्थामा प्रतिवादी रुपक राना भन्ने टोप बहादुर राना क्षेत्रीले चलाएको बसले ठक्कर दिई हत्या गरेको भन्ने सम्बन्धमा मलाई थाहा छैन। संजीव अर्याललले मैले ऋण दिएको पाउनु पर्ने पैसा दिएका हुन्। पैसा कहाँबाट ल्याएर दिएका थिए, मलाई थाहा भएन। मैले बैंकबाट लिएको ऋणसमेतबाट जग्गा किनेको हुँ। मेरो नाउँमा रहेको सिद्धार्थ बैंकको खातामा जम्मा भएको रकम मध्येको रु.२०,००,०००।- मैले संजीव अर्याललाई सापटी बापत दिएको रकम निजले साँवा तथा व्याज फिर्ता गरेको रकम नै जम्मा गरेको हो। ठगी तथा लिखत र संगठित अपराध मुद्दामा म समेतका प्रतिवादीहरू मध्येका संजीव अर्याललाई म राम्ररी चिन्दछु। निज र मेरो अं. ८/९ वर्ष पहिलादेखि चिनजान भएको हो भनी बयान गरेको पाइन्छ।

३६. यी प्रतिवादीको यस बयान बेहोराबाट तीनवटा तथ्य स्थापित हुन आउँछ। **पहिलो** मृतक सर्जन बि.क. र सहप्रतिवादी संजीव अर्यालसँग विशेष सम्बन्ध रहेको, **दोस्रो** संजीव अर्याललले सपना मल्लबाट लिएको बीमा रकमबाट निज सरदार अहमद खाँलाई बीस लाख रुपैयाँ दिएको, **तेस्रो** निज खाँ ले सो रकम धारण गरी जग्गा किनेर गैरकानूनी स्रोतको सम्पत्तिको स्वरुप परिवर्तन गरेको। अतः यी प्रतिवादी सरदार अहमद खाँ ले नै मृतकको बीमा गराउने कार्यमा मुख्य भूमिका खेलेको देखिन्छ। निज सरदार अहमद खाँले सर्जन बि.क.को बीमा गर्ने समयमा रासी सोनारी गा.पा. वडा नं. २ को आयस्रोत सम्बन्धी पत्र कीर्ते गरी पेस गरेको भनी सम्बद्ध कसुरको मुद्दा जिल्ला अदालतमा दायर भएको देखिन्छ। मृतक सर्जन बि.क.को हत्या भएको दिन सर्जन बि.क.लाई निज प्रतिवादी सरदार अहमद खाँको भे. १० प १७२७ नं. को Apache बाइक चढ्न दिई सोही मोटरसाइकल चढेको अवस्थामा प्रतिवादी रुपक राना भन्ने टोप बहादुर राना क्षेत्रीले चलाएको बसले जानी जानी ठक्कर दिई हत्या गरेकोमा सवारी ज्यान मुद्दामा निज चालकलाई सजाय ठहर भइ अन्तिम भैसकेको देखिन्छ।

३७. यसरी प्रतिवादी संजीव अर्याललले यी प्रतिवादी सरदार अहमद खाँलाई नगदै रु.२०,००,०००।-(बीस लाख) दिएको र सो रकम प्रतिवादी सरदार अहमद खाँले सिद्दार्थ बैंकको खातामा जम्मा गरी बाँके शमशेरगन्ज -५ मा कि.नं. ७६ को जग्गासमेत २०७८।०६।०७ मा खरिद गरी रु.२० (बीस) लाख अपराध गरी आर्जन गरेको रकम बैंक जम्मा र जग्गामा समेत लगानी गरी सम्पत्ति शुद्धीकरणको कसुर गरेको पुष्टि हुन आएको छ। यसप्रकार झुठा आय विवरण पेस गरी बिमितको आयस्रोत समेत प्रमाणित गराइ ठूलो रकम प्रिमियम तिर्ने गरी गराइएको उक्त तथाकथित बीमाका मुख्य **अभिकर्ता** यी प्रतिवादी आरोपित कसुरका समेत **अभिकर्ता** रहेको प्रमाणित हुन्छ।

३८. अतः निज अहमद खाँ ले प्रतिवादी संजीव अर्यालबाट नगद रु.२०,००,०००।-(बीस लाख) लिई सो रकम निजले सिद्दार्थ बैंकको खातामा जम्मा गरी बाँके जिल्लाको शमशेरगन्ज-५ मा कि.नं. ७६ को जग्गा समेत २०७८।०६।०७ मा खरिद गरेको देखिन्छ। उपर्युक्त रु.२० (बीस) लाख निजले मृतकको बीमा गराई मृतकलाई आफ्नो बाइकमा पठाई निजको हत्या योजनामा सहयोग गर्ने कार्यमा संलग्न रहेको भन्ने आरोपदाबी देखिंदा निजले अवैध रुपमा आर्जन गरेको रकम बैंक जम्मा गरेर र जग्गामा समेत लगानी गरी सम्पत्ति शुद्धीकरणको कसुर गरेको पुष्टि हुन्छ।

३९. प्रतिवादी रुपक राना भन्ने टोप बहादुर राना क्षेत्रीको आरोपित कसुरमा के कस्तो संलग्नता रहेको छ भन्ने तर्फ हेर्दा निजको अनुसन्धानको बयानमा गाडीमा काम गर्ने क्रममा संजीव अर्यालसँग सामान्य चिनजान भएको थियो। सरदार अहमद खाँ भने मृतकले सवारी दुर्घटना हुँदाको समयमा चलाई हाँकेको बाईकका धनी भएकोले निजलाई समेत मसँगै सवारी ज्यान मुद्धामा पक्राउ गरी थुनामा राखेको हुनाले सोही समय देखि चिनेको हुँ भनी दुईजना प्रतिवादीसँग पूर्व चिनजान रहेको देखिन आउँछ। सरदार अहमद खाँ ले बयानमा सर्जन बि.क. आफैले मेरो भे. १० प १७२७ नं. को Apache बाइक लिई गएको भन्ने मैले बेलुका थाहा पाएको हुँ। मोटरसाइकल चढेको अवस्थामा प्रतिवादी रुपक राना भन्ने टोप बहादुर राना क्षेत्रीले चलाएको बसले हानेर मृत्यु भएछ भनी उल्लेख गरेको हुँदा बाइक

धनीलाई नसोधी बाइक लैजान सक्नेसम्मको सर्जन बि.क. र अहमद खाँ को बिचमा विशेष सम्बन्ध रहेको भन्ने बुझिन्छ। यस्तो सम्बन्ध भएका व्यक्ति अहमद खाँ बीमा एजेण्ट समेत रहेका र अरु प्रतिवादीहरूसँग मिलेर खास गरी बस चालकलाई हात लिइ निजले सर्जन बि.क. को जीवन बीमा गरी/गराई निजको जीवन नै समाप्त पार्ने कार्यमा संलग्न रहेको पाइन्छ। फलस्वरुप बिमितको बीमा रकम आपराधिक समूहका यी प्रतिवादीहरूले बाँडी खान सफल भएको देखिन्छ।

४०. अतः यी प्रतिवादीले सुनियोजित रुपमा चलाएको सवारी साधन बसको ठक्करबाट लक्षित व्यक्ति सर्जन बि.क.को हत्या गराई सोही वारदातका आधारमा अन्य प्रतिवादीहरूले बीमाको रकम नियोजित रुपमा हात पार्न सफल भएको पाइन्छ। निज प्रतिवादीहरूले एक आपसमा मिलीभगत एवम् भागबण्डा गरी सो रकम लिए खाएको देखिन्छ। यी प्रतिवादीले नै वारदात पूर्व बनेको योजनामा सहभागी भई सर्जन बि.क.को हत्या गर्ने कार्य गरी सोही कार्यको जरियाबाट नै विवादमा आएको कसुरजन्य रकम रु.२,५०,००,०००।- (दुई करोड पचास लाख रुपैयाँ) अरु प्रतिवादीहरूसँग पुऱ्याउने वातावरण निर्माण गरेको पुष्टि हुन्छ। अतः निजले वारदात पूर्व देखि नै प्रतिवादीहरूको संगठित रुपमा कसुर गर्ने नियोजित योजना सफल पार्न (Accessory before the fact) सहयोग र सहजीकरण गरी कसुरमा सहभागिता जनाई गैरकानूनी स्रोतको कसुरबाट प्राप्त रकम (Proceeds of crime) अन्य व्यक्तिहरू सपना मल्लसमेतका प्रतिवादीहरूले हत्याउन सक्ने आधारभूमी यिनै प्रतिवादीको जघन्य कार्यबाट पूरा भएको देखिन्छ।

४१. **त्यसैगरी प्रतिवादी छविकुमारी खत्री**ले सर्जन बि.क.सँग आफ्नो छोरी सपना मल्लको विवाह गराउन, सर्जन बि.क.को जीवन बीमा गराउन वा सर्जन बि.क.लाई मार्नमा मत सल्लाहमा पसेको वा कसुरमा सहभागी भएको भन्ने कुनै पनि वस्तुनिष्ठ आधार प्रमाण अभियोजकबाट प्रस्तुत गर्न सकेको पाईंदैन। निज प्रतिवादी शुरू देखि नै आरोपित कसुरमा इन्कार छन्। सह अभियुक्तको पोल रहेको छैन। आफ्नो छोरी सपना मल्लले केही रकम आमालाई प्रदान गरेको र सो रकमबाट एक टुक्रा जग्गा सम्म किनेको देखिन्छ। निजले आपराधिक कार्यबाट आर्जित रकम हो भन्ने जान्नुपर्ने कारण र आधार तथा जानी जानी सो रकम धारण गरेको आधारसमेत देखिंदैन। यसरी आमालाई समेत रकम दिनु प्रतिवादी सपना मल्लको हकमा आरोपित कसुर पुष्टि गर्ने एउटा आधार भए तापनि सो रकम पाउने निजको आमा यी प्रतिवादी छवि कुमारी मल्ल भने निर्दोष नै रहेको पाइन्छ। अतः यसमा प्रतिवादी छविकुमारी खत्रीले लिएको रकमबाट आर्जित सम्पत्तिसम्म जफत हुने ठहर्छ। निजको हकमा अरु आरोपदाबीमा आरोपित कसुर गरेको पुष्टि हुन आएन। निजले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ।

४२. प्रतिवादी सपना मल्ल र मृतक सर्जन बि.क.बीच मिति २०७७।११।२८ मा विवाह दर्ता भई पति पत्नीको सम्बन्ध कायम भएको देखिन्छ। सोही विवाह दर्ता भएको मितिमा नै निज मृतक सर्जन बि.क.को रु.१,५०,००,०००।- को बीमा गरी सो को ADB पूरक करार सहितको सावधिक बीमा गरेको देखिन आउँछ। यसरी कूल बीमा रु.२,५०,००,०००/- को चेक बुझि भुक्तानी लिएको देखिएको छ। यसै बीच सर्जन बि.क.को मिति २०७८।०१।०२ गतेको राती सडक दुर्घटनामा मृत्यु भएकोमा विवाद छैन। बीमकको मृत्युपश्चात् प्रतिवादीहरू संजीव अर्याल, सरदार अहमद खाँ, दीपक के.सी. र सपना मल्लले सो बीमा रकम भुक्तानी लिने, एक आपसमा रकम बाँडफाँड गरी लिने र अन्य व्यक्तिलाई रकम हस्तान्तरण गर्ने कार्यसमेत गरेको देखिन्छ। उक्त बीमा गर्ने गराउने कार्य कीर्ते, जालसाज, ठगी र संगठित अपराध अन्तर्गत यी प्रतिवादीहरूले कसुर गरेकोमा कारवाही गरी पाउँ भनी रिलायन्स लाइफ इन्स्योरेन्स लि. को तर्फबाट प्रमुख कार्यकारी अधिकृत राकेश पोखरेलको जाहेरी दर्ता भई सो उल्लिखित अभियोग दाबीसहित यी प्रतिवादीहरूको विरुद्धमा काठमाडौं जिल्ला अदालतमा मुद्दा दर्ता भई विचाराधीन रहेको देखिन्छ।

४३. उक्त कीर्ते तथा ठगी समेतका मुद्दामा प्रतिवादी सपना मल्ल समेतका प्रतिवादीहरूको अनुसन्धान अधिकारीसमक्षको बयान बेहोरा हेर्दा यी प्रतिवादीहरूले योजनाबद्ध रुपमा मृतक सर्जन बि.क.को २५ वर्षे जीवन बीमा गरी गराई सुनियोजित रुपमा निज सर्जन बि.क.को मृत्यु गराइएको तथ्य मिसिल प्रमाणबाट देखिन आएको छ। बिमक सर्जन

बि.क.(मृतक) को आयस्रोत हेर्दा समेत रु.१ करोड ५० लाख रुपैयाँको बीमा गर्न सक्ने आर्थिक हैसियत देखिन आउँदैन। अतः यीनै प्रतिवादीहरूको योजना, तयारी र आपराधिक कार्यबाट आरोपित कसुर घटाइएको र निज प्रतिवादीहरूको आपराधिक मनसायबाट सर्जन बि.क.को बीमा गराई निजको मृत्युपश्चात ठूलो रकम लिने, खाने, हस्तान्तरण गर्ने र प्राप्त रकमको स्वरुप बदल्ने लगायतका कार्यहरू यी प्रतिवादीहरू संजीव अर्याल, सरदार अहमद खाँ, दीपक के.सी. र सपना मल्लको संलग्नतामा भएको देखिन्छ। प्रतिवादी रुपक राना भन्ने टोप बहादुर राना क्षेत्रीको हकमा उक्त कसुरमा मतियार भई संलग्न रहेको भनी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) ऐन, २०६४ को दफा ३(२) को कसुर गरेकोमा सजाय गरी पाऊँ भनी आरोपदाबी लिएको देखिएको र यिनै प्रतिवादीले चलाएको माइक्रोबसको ठक्करबाट सर्जन बि.क.को मृत्यु भएको देखिंदा आरोपदाबी बमोजिमको कसुरको मतियार देखिन आयो। तसर्थ निज प्रतिवादीहरूले अभियोग दाबी अनुसार सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) ऐन, २०६४ को दफा ३ उपदफा १ (क), (ख), (ग) र उपदफा ३ को कसुर गरेको ठहर्छ। उक्त कसुरमा प्रतिवादीहरूलाई के कति सजाय गर्न उपयुक्त हुन्छ भन्ने सम्बन्धमा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ८, ९ र १२ प्रयोजनार्थ सुनुवाईको लागि मिति २०८०।१२।१३ को पेसी तोकी सो मिति अगावै दुवै पक्षबाट सजायपूर्वको प्रतिवेदन लिई नियमानुसार गर्नुहोला।

४४. मिति २०८०/१२/०४ को आदेशानुसार दुवै पक्षबाट सजायपूर्वको प्रतिवेदन पेस भई मिसिल सामेल रहेको।

**(ख) <u>सजाय निर्धारण खण्ड</u>**

४५. मिति २०८०।१२।०४ को कसुर कायम आदेशबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेस भएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय काठमाडौंका विद्वान् सहन्यायाधिवक्ता श्री ज्ञान प्रसाद भुषाल र विद्वान् उपन्यायाधिवक्ता श्री भगवती गौतमले प्रतिवादी **सपना मल्लले** मृतक सर्जन बि.क.सँग बनावटी विवाह गरी मृतकको जीवन बीमा गराई हत्यासमेत गराई बीमा भुक्तानी लिइ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) को कसुर गरेको देखिन्छ। प्रतिवादीहरूकै मिलेमतोमा सर्जन बि.क.को मिति २०७८/०१/०२ गतेको राती सडक दुर्घटनामा मृत्यु भएको देखिन्छ। बीमकको मृत्युपश्चात् प्रतिवादीहरू संजीव अर्याल, दीपक के.सी. र सपना मल्लले सो बीमा रकम भुक्तानी लिने, एक आपसमा रकम बाँडफाँट गरी लिने र अन्य व्यक्तिलाई रकम हस्तान्तरण गर्ने कार्यसमेत गरेको देखिन्छ। यसरी प्रतिवादीहरूकै मिलेमतोमा बीमा गराउने कार्य भएको, आपराधिक मनसायको विद्यमानता देखिएको, दुर्घटना गराई मृतकको ज्यान मारेको र बीमाबापतको रकम यी प्रतिवादी संजीब अर्यालले ८०,३६,०००।-, दिपक के.सी.ले रु. ६०,००,०००।-, छवि कुमारी मल्लले रु.१७,४६,०००/- र प्रतिवादी सरदार अहमद खाँले २० लाख बाँडफाँड गरी लिएको देखिन्छ। यसरी यी प्रतिवादीहरूकै मिलेमतोमा बीमा बापत प्राप्त रकमलाई Collection, Placement, Transfer जस्ता सम्पत्ति शुद्धीकरण गरेको मानिने प्रक्रियागत चरणसमेत पुरा भएको देखिंदा कसुर ठहर भएका प्रतिवादीहरूलाई आरोपदाबी बमोजिम अधिकतम सजाय निर्धारण गरी पाउँ भनी गर्नु भएको बहस सुनियो।

४६. प्रतिवादी सपना मल्लको तर्फबाट विद्वान् अधिवक्ता डा. श्री मुकुन्द अधिकारी, प्रतिवादी सन्जीव अर्यालको तर्फबाट विद्वान् अधिवक्ता श्री जनार्दन बन्जाडे, प्रतिवादी सरदार अहमद खाँको तर्फबाट विद्वान् अधिवक्ता श्री कृष्ण प्रसाद ज्ञवाली, प्रतिवादी रुपक राना भन्ने टोप बहादुर राना क्षेत्रीको तर्फबाट विद्वान् अधिवक्ता श्री सूर्य मणि राई एवम् प्रतिवादी दिपक के.सी. तर्फबाट विद्वान अधिवक्ता श्री राम बहादुर खड्का समेतले बहस गर्नुभयो। बहसमा प्रतिवादी **सपना मल्ल र** मृतक सर्जन बि.क. बीच वैधानिक विवाह भएको हो। सो विवाह अदालतबाट प्रमाणीकरण भएको छ। विवाहपश्चात सही नियतले बीमा बनाएको हो। बीमा बोर्डका अध्यक्ष र तत्कालीन अर्थमन्त्रीको रोहबरमा बीमा बापतको रकम पाएको अवस्था रहेको छ। मृतकको सवारी दुर्घटनामा मृत्यु भएको हो। प्रतिवादीहरूले सो दुर्घटना गराउन कुनै भूमिका खेलेको पाइँदैन। तसर्थ कसुर ठहरभएका प्रतिवादीको गम्भीरताको मात्रा घटाउने तत्वहरूको समेत विद्यमानता रहेको सन्दर्भमा कानूनबमोजिम होस भनी गर्नुभएको बहससमेत सुनियो।

४७. फौजदारी मुद्दामा सजाय निर्धारण गर्दा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १३, १४, १५ तथा मुलुकी अपराध संहिता २०७४ को दफा ३८ र ३९ को कानूनी व्यवस्थाहरू तथा सर्वोच्च अदालतबाट जारी भएको **सम्पत्ति शुद्धिकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसुरको सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन, २०७५** समेतलाई मध्यनजर गरी सजाय निर्धारण गर्नुपर्ने देखिन्छ।

४८. फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को प्रस्तावनामा फौजदारी कसुर गर्ने कसुरदारलाई उचित सजाय निर्धारण गर्ने तथा त्यस्तो सजाय कार्यान्वयन गर्ने उद्देश्य राखिएको देखिन्छ। सोही ऐनको दफा १३ ले कसुरदार वा अन्य व्यक्तिलाई हतोत्साहित गर्ने एवम् समाज वा समुदायलाई सुरक्षा गर्ने उद्देश्य राख्नु पर्ने निर्देश गरेको पाईन्छ भने दफा १४(क) मा कसुरको गम्भिरता र कसुरदारको दोषको मात्रा अनुसार सजाय समानुपातिक भन्दा बढी हुन नहुने भन्ने व्यवस्था रहेको देखिन्छ। दफा १५ को उपदफा (१) को खण्ड (क) मा कसुरको गम्भिरता र कसुरदारको दोषको मात्रा एवम् खण्ड (ग) मा कसुरको गम्भिरता र वढाउने र घटाउने तत्वहरूको आधारमा सजाय गर्नुपर्ने व्यवस्था भएको पाईन्छ। सोही दफाको उपदफा (२) मा जघन्य वा गम्भिर प्रकृतिका कसुरदारलाई कैद सजाय गर्नु पर्ने उल्लेख भएको पाईन्छ।

४९. उक्त दफा १५ को उपदफा (१) को खण्ड (क) मा उल्लेख भएको कसुरको गम्भीरता बढाउने र घटाउने तत्वहरूको सम्वन्धमा मुलुकी अपराध संहिता, २०७४ को दफा क्रमसः ३८ र ३९ मा सूचिबद्ध गरिएको छ। उक्त दफा ३८ को खण्ड (ग) मा विश्वासको दुरुपयोग गरी कसुर गरेको अवस्थामा, खण्ड (छ) मा पाँच वा पाँचभन्दा बढी व्यक्तिहरू समूहमा आबद्ध भई कसुर गरेको एवम् खण्ड (फ) मा नियोजित वा संगठित रुपमा कसुर गरेको अवस्थामा कसुरको गम्भिरता बढेको मान्नु पर्ने व्यवस्था भएको पाईन्छ। यसैगरी दफा ३९ को खण्ड (क) देखि (ठ) सम्म कसुरको गम्भीरता घटाउने तत्वहरू उल्लेख भएको पाईन्छ। यिनै कानूनी प्रबन्ध र दण्ड विधिशास्त्रको मान्यता समेतलाई सजाय निर्धारण गर्दा मनन् गर्नुपर्ने हुन्छ।

५०. यस मुद्दामा सम्बद्ध कसुरको प्रकृति नेपाली समाजमा सजिलै कल्पना गर्न नसकिने खालको भएको तथ्य माथि विवेचित तथ्यहरूले देखाएको छ। नितान्त आर्थिक फाइदाका लागि जघन्य कसुर गरी प्राप्त सम्पत्तिलाई छोटो समयमै एक आपसमा व्यवस्थापन गरी वितरण गरिएको र उपयोग समेत गरिसकिएको छ। यी प्रतिवादीहरूले यस अघि कुनै कसुरमा सजाय पाएको अवस्था नदेखिए पनि यही अपराध नै पेसेवर अपराधीले गरे सरह आपसमा योजना बनाई करिब सफलतापूर्वक नै सम्पन्न गरेको अवस्था देखिन्छ। विवाह गर्ने, विमा गर्ने र मानिस मारेर उक्त विमाको रकम बाँडी लिने जस्तो कार्य गर्ने व्यक्तिले पुनः यस प्रकृतिको कार्य गर्ने सम्भाव्यता उच्च हुने नै हुन्छ। यसबाट निजहरूबाट पुनः र अन्य व्यक्तिका हकमा समेत यस्तो गतिविधिमा संलग्नता निरोध (Prevention) तथा हतोत्साह (Deterent) हुने गरी सजायको मात्रा कायम गर्नुपर्ने आवश्यकता देखिन्छ।

५१. पीडितले प्रतिवादीहरूको के विराएका थिए भन्ने तथ्य प्रतिवादीबाट खुलेको छैन। प्रतिवादीहरूले यस अदालतमा बयान गर्दा आफ्नो कसुर स्वीकार गरी पश्चाताप भाव व्यक्त गरेको तथा न्यायिक प्रक्रियामा सहयोग गरेको अवस्था छैन। पीडितसँग विवाह जस्तो पवित्र सम्बन्ध गाँसिर धोका दिई सवारी दुर्घटना गराई मारिएको तथा सो अपराध गरी आय आर्जन गर्ने कलुषित मनसाय राखी घटना घटाएको देखिन्छ। राजधानीको मेरियट होटलमा भव्य समारोहका बिच बीमाको रकम बुझिएको छ। प्रतिवादीतर्फबाट कसुरको गम्भीरता घटाउने कुनै तथ्य इजलासमा देखाउन सकेको पनि देखिंदैन।

५२. तसर्थ, उल्लिखित कारण र आधारहरूलाई मध्येनजर गर्दा प्रस्तुत मुद्दामा कसुरदार कायम भएका प्रतिवादीहरू सपना मल्ल, संजीव अर्याल, दिपक के.सी., सरदार अहमद खाँ र टोप बहादुर राना क्षेत्रीको सामुहिक योजना, तयारी, मनसाय र आपराधिक कार्यबाट मृतक सर्जन बि.क.को मृत्यु भएको पुष्टि भएको छ। निजहरूले मृत्यु गराई पूर्व योजना

मुताविक बीमा रकम बुझी एक आपसमा बाँडी लिएको र त्यसलाई रुपान्तरण गर्ने कार्य गरेको देखिएबाट अपराधको गम्भीरता बढाउने तत्वहरूको प्रचूरता प्रस्तुत कसुरमा देखिन आयो। तसर्थ यी प्रतिवादीहरू सपना मल्ल, संजीव अर्याल, दिपक के.सी. र सरदार अहमद खाँलाई सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ३(१) को खण्ड (क), (ख) र (ग) बाट निषेधित सोही ऐनको उपदफा (३) को कसुर गरेको ठहर भैसकेको र अर्का प्रतिवादी टोपबहादुर राना क्षेत्रीको हकमा दफा ३(२) को कसुर ठहर भएको परिप्रेक्ष्यमा निज प्रतिवादीहरूलाई उक्त ऐनको दफा ३०(१) र दफा ३४ (१) बमोजिम देहाय अनुसार प्रतिव्यक्ति बिगो कायम गरी बिगोको दोब्बर जरिबाना र कैद सजाय हुने ठहर्छ।

| प्रतिवादीको नाम | कैद | बिगो |
|---|---|---|
| सपना मल्ल | ८ वर्ष कैद | रु.७२,१८,०००/- |
| संजीव अर्याल | ८ वर्ष कैद | रु.८०,३६,०००/- |
| दिपक के.सी | ८ वर्ष कैद | रु.६०,००,०००/- |
| सरदार अहमद खाँ | ८ वर्ष कैद | रु.२०,००,०००/- |
| टोपबहादुर राना क्षेत्री | ४ वर्ष कैद | रु.३६,०९,०००/- |

प्रतिवादीहरू सपना मल्ल, संजीव अर्याल र दिपक केसीको नाउँमा रोक्का रहेका बैंक खाताको रकम र प्रतिवादी सरदार अहमद खाँको नाउँको कि.नं. ७६ को जग्गा तथा प्रतिवादी छविकुमारी खत्रीको नाउँको कि.नं.२११ को जग्गा उक्त ऐनको दफा ३४ (१) बमोजिम जफत हुने ठहर्छ। अन्य कुरामा आरोपदाबी पुग्न नसक्ने ठहर्छ।

**सदस्य** **सदस्य** **अध्यक्ष**

**फैसला तयार गर्न सहयोग पुऱ्याउनेः**
इजलास अधिकृतः सुदर्शन पुरी
कम्प्युटर अपरेटरः कल्पना पराजुली
इति संवत् २०८० साल चैत्र १३ गते रोज ३ शुभम्.........................................................................।

**श्री**
**विशेष अदालत काठमाडौं**
**इजलास नं. १**
**अध्यक्ष माननीय श्री टेक नारायण कुँवर**
**सदस्य माननीय श्री राम बहादुर थापा**
**सदस्य माननीय श्री मुरारीबाबु श्रेष्ठ**
**फैसला**
**मुद्दा नं.: ०८०-CR-००६३**
**दर्ता मितिः २०८०/०७/२३**
**कसुर निर्धारण मितिः २०८०/१२/०६**
**सजाय निर्धारण मितिः २०८१/०१/०२**
**कसुर निर्धारण निर्णय नः २३१**
**सजाय निर्धारण निर्णय नः २३**

**मुद्दाः सम्पत्ति शुद्धीकरण।**

**वादी** : सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको तर्फबाट अधिकारप्राप्त अनुसन्धान अधिकृत कृष्णप्रसाद मैनालीको प्रतिवेदन समेतले नेपाल सरकार।

**विरुद्ध**

**प्रतिवादी** : दुर्गाप्रसाद न्यौपानेको नाति, कुलप्रसाद न्यौपानेको छोरा काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३१ संगमचोक बस्ने, ना.प्र.नं. ७९ (रुपन्देही), वर्ष ७२ को **गुरुप्रसाद न्यौपाने**, सम्पर्क मोबाइल नं. ९८५१०३३६४६ समेत।

- **सेयरको सानो वा ठूलो जति नै आकारको सङ्ख्या किन नहोस् भित्री सूचनाको स्रोत भएको व्यक्ति वा पदाधिकारीलाई कानूनतः सेयर खरिद बिक्री गर्न अनुमति दिएको पाईंदैन। किनभने त्यस्तो सुविधाको प्रयोग गर्दा सो व्यक्तिलाई गैरकानूनी प्रक्रियाबाट अनुचित लाभ प्राप्त हुन्छ भने त्यसको असर स्वरुप सेयर मार्केटमा यसले अनपेक्षित हलचल सिर्जना गर्ने सम्भावना रहन्छ। त्यस्तो भित्री कारोबार आकारमा सानै भए पनि खराब नतिजा ल्याउँछ भने ठूलो मात्रामा हुन थालेमा राष्ट्रिय अर्थतन्त्रमा नै विचलन सिर्जना हुन पुग्दछ। त्यसै कारण नियामक निकायले त्यस्तो कार्यको नियमन गर्ने कानूनी प्रबन्ध गरिएको हो। साथै त्यस्तो कार्यलाई कसुरजन्य कार्य मानी दण्डनीय बनाइएको हो।**

**(प्रकरण नं. १८)**

**ठहर खण्ड**

**क.कसुर निर्धारण खण्ड**

१. **विशेष** अदालत नियमावली, २०८० को नियम ४३ र ४४ बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा प्रतिवादी उपरको आरोपदाबी एवम् मिसिल संलग्न प्रमाण कागजातको अध्ययन गरियो।

२. वादी नेपाल सरकारका तर्फबाट विशेष सरकारी वकील कार्यालयका विद्वान् उपन्यायाधिवक्ता श्री श्रीधर अर्यालले रिडी पावर कम्पनीको अध्यक्ष पदमा वहाल रहेका प्रतिवादी गुरुप्रसाद न्यौपानेले सोही कम्पनीको सेयर नै खरिद गर्न नपाउनेमा कानूनी व्यवस्थाको बर्खिलाप गरी आफ्नो भित्री सूचनामा रहेको पहुँच र प्रभावको दुरुपयोग गरी अर्का प्रतिवादी कुवेरमणि नेपालको मिलेमतो, सहयोग र सहजीकरणमा धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ९१ विपरीतको कसुर गरेको अभियोगमा सम्बद्ध कसुरमा मुद्दा चलेको अवस्था छ। प्रतिवादी गुरुप्रसाद न्यौपानेले रु.

१,९९,१०,२५२।-रकम जानीजानी प्राप्ति, धारण एवम् निःसर्ग समेत गरी सम्पत्ति शुद्धीकरण गरेको देखिंदा यी प्रतिवादीहरूलाई आरोपदाबी बमोजिमको कसुर ठहर गरी मागबमोजिम सजाय समेत होस भन्ने समेतको बहस प्रस्तुत गर्नुभयो।

३. यसै गरी प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री कृष्ण प्रसाद सापकोटा, श्री सुरेन्द्र भण्डारी, श्री केदार कार्की र विद्वान् अधिवक्ताहरू अपूर्व खतिवडा, श्री बम बहादुर खडकाले आरोपपत्रमा दाबी गरे जस्तो प्रतिवादीहरू दोषी छैनन्। धितोपत्र बोर्डले सामान्यता सेयर खरिद बिक्री गर्न नमिल्नेको हकमा लकिङ्ग गरेर सेयर खरिद बिक्रीलाई बन्देज गरिएको हुन्छ। जसले गर्दा संस्थापक जो कसैले पनि सेयर खरिद बिक्री गर्न मिल्दैन। विगत ४ वर्षदेखि सेयरको कारोबार **TMS Software** प्रणालीबाट हुने गरेको छ। यसरी **Software** बाट खरिद बिक्री गरेको सेयरको जानकारी सेयर ब्रोकर तथा डाटा म्यानेजमेन्ट **CDS Clearing** लाई मात्र थाहा हुन्छ। स्रोतमै सेयर रोक्का गरिदिएको भए वा सेयर ब्रोकरले राफसाफ गर्दा रोकिदिएको भए संचालकको सेयर खरिद बिक्री हुने अवस्था समेत नहुने हुँदा यी प्रतिवादीहरू निर्दोष छन्। आरोपदाबीबाट सफाइ होस भनी गर्नुभएको बहस सुनियो।

४. मुद्दाका दुवै पक्षको तर्फबाट विद्वान् कानून व्यवसायीहरूले प्रस्तुत भएको तर्कपूर्ण बहस जिकिर समेतलाई दृष्टिगत गरी मिसिल संलग्न कागजात र प्रमाणहरूको समेत अध्ययन गरी निर्णयतर्फ विचार गर्दा प्रस्तुत मुद्दामा निम्नलिखित प्रश्नमा निर्णय दिनुपर्ने देखियोः

(क) **भित्री कारोबारको कसुर भनेको के हो ?**

(ख) **भित्री कारोबार र सम्पत्ति शुद्धीकरणको कसुरमा कस्तो सम्बन्ध रहेको हुन्छ ?**

(ग) **पब्लिक लिमिटेड कम्पनीको अध्यक्ष पदमा बहाल रहेको व्यक्तिले सोही कम्पनीको सेयर खरिद गर्न मिल्छ मिल्दैन ?**

(घ) **प्रतिवादीहरूले आरोप दाबी अनुसारको कसुर गरेको देखिन्छ वा देखिंदैन ?**

(ङ) **कसुर गरेको देखिए प्रतिवादीलाई के कस्तो सजाय हुने हो ?**

५. सर्वप्रथम माथि उल्लिखित पहिलो प्रश्न **भित्री कारोबारको कसुर भनेको के हो ?** भन्ने तर्फ विचार गर्दा, विधिशास्त्रीय परिभाषा तथा अन्य मुलुकको सर्वोच्च अदालतबाट भएका व्याख्या एवम् अभ्यास र हाम्रो विद्यमान कानूनी व्यवस्थासमेतको रोहमा विवेचना गर्नु बाञ्छनीय हुन्छ। **Black's law dictionary** का अनुसार **Insider trading** भन्नाले **" Non public information in trading the shares of a company by a corporate insider or other persion, who owes a fiduciary duty to the company."**[1]अर्थात कुनै कम्पनीको भित्री मानिस वा सो कम्पनीको जिम्मेवारी बहन गर्ने हैसियत भएको ब्यक्तिद्धारा प्रकाशन नभएको सार्वजनिक सूचनाको आधारमा कुनै कम्पनीको सेयर कारोबार गर्ने कार्यलाई भित्री कारोबार भनिन्छ। यसलाई अमेरिकी सर्वोच्च अदालतले विषद् विवेचना गर्दै दुरुपयोगको सिद्धान्त (*Missappropriation theory)* को रुपमा व्याख्या गरेको छ। जस्मा *"The diceitful acquisition and misuse of infromation that properly belongs to persons to whom one owes a duty"*[2] अर्थात् जून ब्यक्ति कम्पनीको जिम्मेवारी बहन गर्ने दायित्वमा रहेको छ त्यस्तो ब्यक्तिले प्राप्त गरेको सूचनाको दुरुपयोग गरी छलकपटपूर्ण ढङ्गले सम्पत्ति प्राप्त गरेको छ भने त्यस्तो कार्य दुरुपयोगको सिद्धान्त (**Missappropriation theory**) अन्तर्गत पर्दछ।

६. यसै सन्दर्भमा भारतीय सर्वोच्च अदालतबाट १९ सेप्टेम्बर, २०२२ मा भित्री कारोबारको सम्बन्धमा **Securities and Exchange Board of India v. Abhijit Rajan ("Abhijit Rajan")** को मुद्दामा **"an insider's motive to make profit is essential to establish a charge of insider trading"**[3] अर्थात भित्री कारोबारको अभियोग पुष्टि हुनको लागि भित्री कारोबार गर्ने ब्यक्तिको मुनाफा आर्जन गर्ने उद्देश्य हुनु अत्यन्त जरुरी हुन्छ भनी व्याख्या गरेको छ। यसमा भित्री कारोबारकर्ताको मुनाफा आर्जन गर्ने उद्देश्य अनिवार्य तत्वको रुपमा हुनुपर्ने भनी महत्वपूर्ण फैसला गरेको पाइन्छ। त्यसैले मुनाफा आर्जन गर्ने उद्देश्य तत्वलाई पनि भित्री कारोबारको व्याख्या विवेचना गर्दा हेर्नु पर्छ भन्ने उक्त फैसलाको

1 Bryan A garner, Black's Law Dictionary, Ninth Edition page No. 866

2 U. S. vs O'Hagan 521 U.S.642(1997), https://supreme.justia.com/cases/federal/us/521/642/, Visit date:14th April,2024.

3 https://main.sci.gov.in/supremecourt/2020/1791/1791_2020_4_1501_38300_Judgement_19-Sep-2022.pdf, Visit Date: 14th April, 2024

अभिप्राय देखिन्छ।

७. त्यसै गरी धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ९१ को उपदफा (१) मा "*कुनै व्यक्तिले धितोपत्रको मूल्यमा असर पार्नसक्ने सार्वजनिक नभएका भित्री सूचना वा जानकारीको आधारमा आफूले धितोपत्र कारोबार गरेमा वा अरूलाई कारोबार गर्न लगाएमा वा आफूलाई थाहा भएको सूचना वा जानकारी आफ्नो कर्तव्य पालनाको सिलसिलामा बाहेक अरू कसैलाई दिएमा त्यस्तो व्यक्तिले धितोपत्रको भित्री कारोबार गरेको मानिनेछ*" भन्ने उल्लेख भएको पाइन्छ। यसैको स्पष्टीकरणमा "*भित्री सूचना वा जानकारी भन्नाले धितोपत्र जारी गर्ने कुनै कम्पनीबाट सार्वजनिक नभएको कुनै खास किसिमको सूचना वा जानकारी सार्वजनिक भएमा त्यस्तो धितोपत्रको मूल्यमा असर पर्नसक्ने किसिमका सूचना वा जानकारी सम्झनुपर्छ*" भनी परिभाषा गरेको पाइन्छ। उपर्युक्त कानूनी व्यवस्थाको आधारमा हेर्दा भित्री कारोबार हुनको लागि निम्नलिखित कार्यहरू भएको अवस्था हुनु पर्ने देखिन्छः

१. भित्री सूचना सार्वजनिक नभएको अवस्था हुनुपर्ने,

२. आफूले धितोपत्र कारोबार गरेको हुनुपर्ने,

३. अरूलाई कारोबार गर्न लगाएको हुनुपर्ने,

४. आफूलाई थाहा भएको सूचना वा जानकारी अरुलाई दिएको हुनुपर्ने,

५. धितोपत्रको मूल्यमा असर पार्न सक्ने अवस्था भएको हुनुपर्ने।

८. अतःसेयरको भित्री कारोबार हुनका लागि पहिलो शर्त भनेको कम्पनी स्टक एक्सचेन्जमा सूचीकरण भएर निरन्तर कारोबार भएको हुनुपर्छ। यस मुद्दामा विवादमा रहेको कम्पनी सूचीकृत र निरन्तर कारोबार गर्दै आएको कम्पनी हो भन्ने तथ्यमा विवाद छैन। त्यस्तै कारोबारकर्ताको मुनाफा आर्जन गर्ने उद्देश्य हुनुपर्छ। यी प्रतिवादी गुरुप्रसाद न्यौपाने रिडी हाइड्रोपावर प्रा.लि. को अध्यक्ष पदमा रहेको हुँदा कम्पनीको महत्वपूर्ण जिम्मेवारी बहन गर्ने हैसियत भएका भित्री मानिस भएको तथ्यमा विवाद भएन। निजले मुनाफा आर्जन गर्ने उद्देश्यले नै कम मूल्यमा सेयर खरिद गरी बढी मूल्यमा बिक्री गर्ने ध्येय राखेकोमा पनि विवाद छैन। भित्री कारोबारसम्बन्धी विषयको उठान सूचीकरण भइसकेपछि सक्रिय हुन्छ। सूचीकृत कम्पनीमा उत्पन्न हुने सबै सूचना मूल्य संवेदनशील हुँदैनन्। सेयरको मूल्य संवेदनशील सूचनाको आधारमा भित्री कारोबार हुन्छ। सूचीकृत कम्पनीमा उत्पादन हुने सूचनाले सेयरको मूल्य बढ्छ वा घट्छ भने यस्ता सूचनालाई मूल्य संवेदनशील सूचना भनिन्छ। यस्ता सूचनामा पहुँच हुने कुनै पनि व्यक्तिले त्यस्ता सूचना चुहाई आफूले वा आफ्ना इष्टमित्रमार्फत गर्ने सेयर कारोबार नै भित्री कारोबार हो। प्रस्तुत मुद्दामा प्रतिवादी गुरुप्रसाद न्यौपानेले गल्ति भएको भनी बयानमै उल्लेख गरेको हुँदा भित्री कारोबार गरेको तथ्य स्थापित हुन आएको छ।

९. सेयरको भित्री कारोबारमा को को संलग्न हुन सक्छन् भन्ने विषयमा पनि उक्त ऐनको दफा ९२ मा तोकिएको पाइन्छ, जसमाः

(१) कम्पनीका सञ्चालक, कर्मचारी वा सेयरधनी,

(२) उक्त कम्पनीलाई पेसागत सेवा प्रदान गर्ने व्यक्तिः- बाह्य लेखापरीक्षक, कानूनी सल्लाहकार आदि) र

(३) माथि (१) र (२) मा उल्लिखित व्यक्ति वा स्रोतमा प्रत्यक्ष वा अप्रत्यक्ष सम्पर्क भई कुनै सूचना वा जानकारी प्राप्त गर्न सक्नेलाई सूचना र जानकारीमा पहुँच भएको व्यक्ति (लेखापरीक्षण वा ल फर्मको कर्मचारी, संचालक, सेयरधनी वा कर्मचारीको नातेदार आदि)। यस्ता सूचनामा पहुँच हुने व्यक्तिमा सरकारी निकायका कर्मचारी (कर कार्यालय, कम्पनी रजिस्ट्रार कार्यालय) समेत पर्दछन्।

(४) सेयर रजिस्ट्रार, केन्द्रीय निक्षेपक, स्टक एक्सचेन्ज, विषयगत नियामक र पूँजीबजार नियामकका कर्मचारी पनि पर्न सक्छन्।

१०. यी प्रतिवादी गुरुप्रसाद न्यौपाने उक्त कम्पनीका सञ्चालक अध्यक्ष रहेकोमा विवाद नभएको हुँदा उल्लिखित दफा ९२ को आधारमा निजले गरेको कारोबार सेयरको कारोबार मिति नै भएको पुष्टि हुन्छ।

११. दोस्रो प्रश्न **भित्री कारोबार र सम्पत्ति शुद्धीकरणको कसुरमा कस्तो सम्बन्ध रहेको हुन्छ** भन्ने तर्फ हेर्दा सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरीङ) निवारण ऐन, २०६४ मा भएको व्यवस्था हेर्नुपर्ने हुन्छ। उक्त ऐनको दफा ३ मा

निम्न अनुसार परिभाषित गरिएको पाइन्छः

<u>सम्पत्ति शुद्धीकरण गर्न नहुनेः</u>

(१) कुनै व्यक्तिले देहायको कुनै कार्य गर्न वा गराउन हुँदैनः-

(क) सम्पत्तिको गैरकानूनी स्रोत (इलिसिट अरिजिन) लुकाउने वा छल्ने वा कसुरमा संलग्न व्यक्तिलाई कानूनी कारबाहीबाट बचाउन सहयोग गर्ने उद्देश्यले कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदा पाउँदै वा विश्वास गर्नु पर्ने मनासिब आधार हुँदा हुँदै त्यस्तो सम्पत्ति कुनै पनि प्रकारले रूपान्तरण वा हस्तान्तरण गर्ने,

(ख) कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदा पाउँदै वा विश्वास गर्नु पर्ने मनासिब आधार हुँदा हुँदै त्यस्तो सम्पत्तिको सही प्रकृति, स्रोत, स्थान, निःसर्ग (डिस्पोजिसन), कारोबार (मुभमेण्ट), स्वामित्व वा सो सम्पत्ति उपरको अधिकार लुकाउने, छल्ने वा बदल्ने, वा

(ग) कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने जानी जानी वा विश्वास गर्नुपर्ने मनासिब आधार हुँदा हुँदै त्यस्तो सम्पत्ति प्राप्त गर्ने, प्रयोग गर्ने वा धारण गर्ने।

(२) कुनै व्यक्तिले उपदफा (१) बमोजिमको कुनै कार्यको षडयन्त्र, मद्दत, दुरुत्साहन, सहजीकरण, मतसल्लाह वा उद्योग गर्न वा सम्बद्धता वा सहभागिता जनाउन वा मतियार हुन हुन हुँदैन।

(३) कसैले उपदफा (१) वा (२) मा उल्लिखित कुनै कार्य गरेमा त्यस्तो कार्य सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुर हुनेछ।

१२. उक्त ऐनको दफा ३(१) (क), (ख) र (ग) बमोजिमको कसुरको आधारभूत तत्व "सम्वद्ध कसुर" (Predicate offence) र जानीजानी सो सम्पत्तिको गैरकानूनी स्रोत (illicit origin) लुकाउने वा छल्ने उद्देश्यले रकमको रुपान्तरण वा स्थानान्तरण वा कारोबार गरेको देखिनु पर्ने हुन्छ। यस परिप्रेक्ष्यमा हेर्दा उक्त दफा २९ हेर्दा "प्रचलित कानूनबमोजिम सम्बद्ध कसुरमा मुद्दा नचलेको वा चलेकोमा पनि नठहरेको कारणले मात्र कुनै सम्पत्ति कसुरबाट प्राप्त सम्पत्ति देखिएकोमा सोको सम्बन्धमा सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा मुद्दा चलाउन र सजाय गर्न बाधा पर्ने छैन" भन्ने व्यवस्था भएको पाइन्छ। अतः यस कानूनी व्यवस्थाको आधारमा प्रस्तुत मुद्दाको अन्तिम निष्कर्षमा पुग्न कुनै बाधा देखिन आउँदैन। कसुर पुष्टि गर्न Corpus delicti स्थापित हुनुपर्ने हुन्छ। प्रस्तुत सम्पत्ति शुद्धीकरण मुद्दाका प्रतिवादी गुरुप्रसाद न्यौपाने विरुद्धमा निज अध्यक्ष रहेकै बखत रिडी पावर कम्पनीको सेयरमा भित्री कारोबार (इन्साइडर ट्रेडिङ) गरेको भनी धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ९१ विपरीतको कसुर गरेको अभियोगमा काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर भएको देखिन्छ।

१३. सम्पत्ति शुद्धीकरण निवारणको प्रयोजनार्थ मूल अपराधलाई predicate offence भनिन्छ। predicate offence भन्नाले ती अपराध जसले गर्छन् र त्यो value gain (ill gotten gains) laundering हुने सम्भाव्यता हुन्छ, जुन predicate offence बाट सिर्जना हुन्छ। यसलाई value gain or illicit origin को रुपमा पनि बुझिन्छ। यस्तो proceeds को सोझै उपयोग गर्न सक्ने अवस्था रहँदैन। बैंक वित्तीय संस्थासँग कारोबार गर्दा स्रोत खुलाउनु पर्ने, सीमा कारोबार र शङ्कास्पद कारोबारको reporting भई सहजै राज्यले कानूनको दायरामा ल्याउन सक्ने हुन्छ। लगानी गर्दा ती क्षेत्रहरू (Designated non financial business profession) ले समेत शङ्कास्पद रिपोर्टिङ वित्तीय जानकारी ईकाईमा गर्नुपर्ने लगायतका व्यवस्थाका कारण illicit origin लुकाउनका लागि अपराधकर्ताले आफू अनुकुलका कृतिम उपायहरू अवलम्बन गरी illicit origin लुकाउने, छल्ने, रुपान्तरण, स्थानान्तरण गर्ने, सही प्रकृति, स्रोत, कारोबार, निःसर्ग, स्थान, अधिकार र स्वामित्व छल्ने कार्यहरू गर्दै सम्पत्ति शुद्धीकरणको कसुर अपराध गर्ने गरेको पाइन्छ।

१४. त्यसैले सम्पत्ति शुद्धीकरणको कसुरलाई process वा मुल अपराधको सह उत्पादन भनिएको हो। अर्थात् सम्पत्ति तथा साधन आर्जन गर्ने कार्य मुल अपराध अर्थात सम्बद्ध कसुरबाट हुन्छ भने कसुरबाट प्राप्त भएको सम्पत्ति तथा साधनको केवल व्यवस्थापन गर्ने प्रक्रियागत कुरा मात्र सम्पत्ति शुद्धीकरण हो। तसर्थ सम्पत्तिको गैरकानूनी स्रोतको रुपान्तरण नै सम्पत्ति शुद्धीकरण हो। यस्तो स्रोतको रुपान्तरणका लागि गैरकानूनी स्रोत लुकाउने, छल्ने, हस्तान्तरण गर्ने, स्थानान्तरण गर्ने, सही प्रकृति, कारोबार, स्थान, निःसर्ग सो उपरको अधिकार वा स्वामित्व लुकाउने आदि कार्यहरू

गरिन्छ। तर उपर्युक्तबमोजिमका निषेधित गतिविधिहरूको विद्यमानता यदि अपराधजन्य कार्यबाट प्राप्त सम्पत्तिका हकमा देखिएको छ भने मात्र सम्पत्ति शुद्धीकरणको कसुर अपराध भएको मान्नुपर्ने हुन्छ। अन्यथा सम्पत्ति शुद्धीकरणको कसुर अपराध भएको मानिँदैन।

१५. प्रस्तुत मुद्दामा यी प्रतिवादी गुरुप्रसाद न्यौपाने रिडी पावर कम्पनीको अध्यक्ष पदमा बहाल रहेको देखिन्छ। अध्यक्ष जस्तो जिम्मेवार पदमा रहेको व्यक्तिले सोही कम्पनीको सेयर नै खरिद गर्न नपाउनेमा सो कानूनी व्यवस्थाको बर्खिलाप प्रथमतः सेयर खरिद गरेको देखिन्छ। आफ्नो भित्री सूचनामा रहेको पहुँच र प्रभावको दुरुपयोग गरी निजले उक्त खरिद भएका सेयर बिक्री गरी सेयर किनबेचको कारोबारबाट रु.१,९९,१०,२५२।—रकम जानीजानी प्राप्ति, धारण एवम् निःसर्ग गरेको देखिन्छ। यसरी यी प्रतिवादीले रिडी पावर कम्पनीको बैठकबाट उक्त कम्पनीसँग भएको रैराङ हाइड्रोपावर कम्पनीको १४ लाख कित्ता सेयर बिक्री गर्ने भनी भएको निर्णयको सूचनालाई दुरुपयोग गरी भित्री करोबार गरेको पुष्टि हुन्छ। जसको कारण धितोपत्र सम्वन्धी ऐन, २०६३ को दफा ९१ विपरीतको कसुर गरेको अभियोगमा सम्बद्ध कसुरमा मुद्दा चलेको र सोही भित्री कारोबारबाट कमाएको सम्पत्ति जानीजानी प्राप्ति, धारण एवम् निःसर्ग समेत गरेको हुँदा निज प्रतिवादीले सम्पत्ति शुद्धीकरण समेतको कसुर गरेको देखिन आउँछ।

१६. अर्को प्रश्न **पब्लिक लिमिटेड कम्पनीको अध्यक्ष पदमा वहाल रहेको व्यक्तिले सोही कम्पनीको सेयर खरिद गर्न मिल्छ मिल्दैन** ? भन्ने सम्बन्धमा विचार गरौं यसका निम्ति सर्वप्रथम विद्यमान कानूनी व्यवस्थालाई नै मध्यनजर राखी कानूनको कसिमा यस प्रश्नको उत्तर पहिल्याउनु बाञ्छनीय हुन आउँछ। धितोपत्र ऐन, २०६३ को दफा ९१ मा भित्री कारोबार भन्नालेः (१) कुनै व्यक्तिले सार्वजनिक नभएका धितोपत्रको मूल्यमा असर पार्न सक्ने भित्री सूचना वा जानकारीहरूको आधारमा आफूले धितोपत्र कारोबार गरेमा वा अरुलाई धितोपत्र कारोबार गर्न लगाएमा वा आफूलाई थाहा भएको सूचना वा जानकारी आफ्नो कर्तब्य पालनाको सिलसिलामा बाहेक अरु कसैलाई दिएमा त्यस्तो व्यक्तिले भित्री कारोबार गरेको मानिने कानूनी व्यवस्था गरेको पाइन्छ। उक्त कानूनी व्यवस्था अनुसार यस प्रकृतिका कार्यलाई अपराधीकरण गरी वित्तीय कसुर कायम गरेको देखिन्छ भने सोही कसुरलाई सम्पत्ति शुद्धीकरण निवारण प्रयोजनार्थ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को अनुसूचीको खण्ड (प) मा सम्बद्ध कसुर भनी उल्लेख गरेको पाइन्छ।

१७. उपर्युक्तबमोजिमको कानूनी व्यवस्थामा धितोपत्र बोर्ड ऐन, २०६३ को दफा ९२ मा भित्री कारोबारमा संलगन हुन सक्ने व्यक्ति भनी उल्लेख भएबाट पब्लिक लिमिटेड कम्पनीको अध्यक्ष पदमा बहाल रहेका व्यक्ति यी प्रतिवादी गुरुप्रसाद न्यौपानेले सोही कम्पनीको सेयर खरिद गर्न मिल्ने भन्ने देखिन आउँदैन। प्रस्तुत मुद्दाका मुख्य प्रतिवादी निज गुरुप्रसाद न्यौपानेले मिति २०७८/२/४ गते बसेको रिडि पावर कम्पनीको बैठकबाट उक्त कम्पनीसँग भएको रैराङ हाइड्रोपावर कम्पनीको १४ लाख कित्ता सेयर बिक्री गर्ने भनी भएको निर्णय निजलाई मात्र जानकारीमा रहेकोमा विवाद छैन। उक्त मितिको २० दिन देखि ४६ दिन अघि तथा २९ दिनदेखि ८२ दिन पश्चात उक्त कम्पनीको सेयर २९९५३ कित्ता रु.६२,४३,५७३।- मा खरिद गरी रु.२,६१,५३,८२५।- मा बिक्री गरेको र बिक्रीको अन्तरबाट निजले रु.१,९९,१०,२ ५२।—रकम जानीजानी प्राप्ति, धारण एवम् निःसर्ग समेत गरी सम्पत्ति शुद्धीकरण गरेको भनी अभियोग माग दाबी लिएको पाइन्छ। आरोपपत्रमा उल्लिखित यस तथ्यलाई निज प्रतिवादीले अन्यथा भन्न सकेको पाइदैन। बरु आफूबाट त्रुटी भएको कुरा स्वीकार गरी सानो सङ्ख्याको सेयर त्यो पनि भूलबस बिक्री गरेको हुँ भनी बयान गरेको परिप्रेक्ष्यमा निज उपरको आरोपित कसुर प्रथम दृष्टिमा नै स्थापित हुन आउँछ। मुनाफा आर्जन गर्ने उद्देश्यले निजले उक्त सेयर खरिद गरी बिक्री गरेको र करिब दुई करोड रुपैयाँ मुनाफा लिएको देखिंदा आरोपित कसुर पुष्टि हुन आउँछ।

१८. सेयरको सानो वा ठूलो जति नै आकारको सङ्ख्या किन नहोस् भित्री सूचनाको स्रोत भएको व्यक्ति वा पदाधिकारीलाई कानूनतः सेयर खरिद बिक्री गर्न अनुमति दिएको पाईंदैन। किनभने त्यस्तो सुविधाको प्रयोग गर्दा सो व्यक्तिलाई गैरकानूनी प्रक्रियाबाट अनुचित लाभ प्राप्त हुन्छ भने त्यसको असर स्वरुप सेयर मार्केटमा यसले अनपेक्षित हलचल सिर्जना गर्ने सम्भावना रहन्छ। त्यस्तो भित्री कारोबार आकारमा सानै भए पनि खराब नतिजा ल्याउँछ भने ठूलो मात्रामा हुन थालेमा राष्ट्रिय अर्थतन्त्रमा नै विचलन सिर्जना हुन पुग्दछ। त्यसै कारण नियामक निकायले त्यस्तो कार्यको नियमन

गर्ने कानूनी प्रबन्ध गरिएको हो। साथै त्यस्तो कार्यलाई कसुरजन्य कार्य मानी दण्डनीय बनाइएको हो।

१९. यस मुद्दामा यी प्रतिवादीले आफूले भूल वा त्रुटिबस उक्त कारोबार गरेको भनी अदालतको बयानको सवाल जवाफ नं. १० र अनुसन्धानको क्रममा मौकामा गरेको बयानको सवाल जवाफ नं. ९ मा स्वीकार गरेको देखिन्छ। निज प्रतिवादी गुरुप्रसाद न्यौपानेको सामान्य भूल भएकै रहेछ भन्ने मान्ने हो भने पनि कानूनको अनभिज्ञता क्षम्य हुँदैन **(Ignorance of law is no excuse)** भन्ने फौजदारी कानूनको मान्य सिद्धान्त अनुरुप कानूनको नजरमा सो कार्य फौजदारी कसुर हुने भएकोले आरोपित कसुरबाट उन्मुक्ति दिन मिल्ने देखिंदैन। त्यस्तो त माथि उल्लिखित ऐनको दफा ९२ अनुसार भित्री सूचना लिएर बसेको व्यक्तिले गरेको सेयर खरिद बिक्रीको कार्यलाई कसुरको परिभाषाभित्र समेटिएको पाइन्छ। कम्पनीको अध्यक्षजस्तो अन्तिम जिम्मेवारीको पदमा बहाल रहेको व्यक्तिले त्यस्तो भूल गर्ने छुट कानूनले दिएको भन्न मिल्दैन। पदीय जिम्मेवारी र इमान्दारीताको कसीमा यस्तो महत्वपूर्ण पदमा रहेका पदाधिकारीलाई भूल चुक गर्ने छुट समेत दिन मिल्दैन। यसरी सूचीकृत कम्पनीको पदाधिकारीलाई सेयरको भित्री कारोबार गर्नमा रोक लगाइनुको पछाडि रहेको सैद्धान्तिक आधार के हो भने त्यस्ता पदाधिकारी कानूनको शासनअन्तर्गत चल्नु पर्दछ। कानून मिच्ने र बजारको आकाङ्क्षा टेष्ट गरी फेरि पछिबाट आफ्नो निहित स्वार्थ अनुकूल सेयर कारोबार गरी अनुचित फाइदा लिने कार्यलाई निषेध गरिनु पर्छ भन्ने हो। तसर्थ यस्तो कार्य ऐनको अनुसूचीको (प) अन्तर्गत सम्पत्ति शुद्धीकरणको कसुरभित्र पर्ने देखिन्छ।

२०. आफै अध्यक्ष भएको कम्पनीको भित्री सूचनामा पहूँच हुने तथा नेपाल धितोपत्र बोर्डले जारी गरेको सूचीकृत संगठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ को दफा १४(६) मा कुनै व्यक्ति सञ्चालकको पदमा रहुन्जेल तथा सो पदबाट हटेको एक वर्षसम्म सोही संस्थाको कुनै पनि सेयर, डिवेन्चर खरिद बिक्री गर्न पाउने छैन भनी उल्लेख भएको पाइन्छ। कानूनतः त्यस्तो कारोकारोबार गर्न बन्देज हुँदा हुँदै निज प्रतिवादीले उल्लिखित कानूनी व्यवस्था र निर्देशिका विपरीत उक्त प्रा.लि.को सेयर कारोबारमा संलग्न रही सो कसुरजन्य कार्यबाट प्राप्त रकम रु.१,९९,१०,२५२/- जानाजान प्राप्त गर्ने, धारण गर्ने, र प्रयोग गर्नेसमेतको कार्य गरेको सेयर खरिद बिक्रीका लिखत प्रमाणहरूबाट पुष्टि भएको देखियो।

२१. प्रतिवादी कुबेरमणि नेपालको हकमा हेर्दा, निजको पदीय दायित्व रिडी हाइड्रो पावर कम्पनी लि. को कार्यकारी सञ्चालकको रुपमा रहेको देखिन्छ। निजले आफ्नै नाउँमा कुनै सेयर खरिद गरेको वा बिक्री गरेको आरोपदाबी रहेको पाइँदैन। सहप्रतिवादी गुरुप्रसाद न्यौपानेले खरिद बिक्री गरेको सेयरको विषय व्यक्तिगत देखिन्छ। उक्त व्यक्तिगत विषयमा यी प्रतिवादीलगायत सञ्चालक समितिका सदस्यको कुनै भूमिका हुने अवस्था देखिंदैन। यसरी यी प्रतिवादी कुबेरमणि नेपालको कुनै संलग्नता भएको प्रमाणबाट पुष्टि हुन आउँदैन। **Software** बाट नै सेयर खरिद बिक्री हुने हुँदा निज गुरुप्रसाद न्यौपानेले गरेको कारोबारमा यी प्रतिवादीलाई जानकारी हुने अवस्था समेत नदेखिंदा निज उपरको आरोपदाबी स्थापित हुन सक्ने देखिएन।

२२. अतः माथि विवेचित प्रमाण, आधार र कारणबाट प्रतिवादी गुरुप्रसाद न्यौपाने तत्कालीन रिडी हाइड्रोपावर डेभलपमेन्ट प्रा.लि.को संचालक समितिको अध्यक्ष रहेकोमा विवाद देखिंदैन। निज प्रतिवादीले आफ्नो नाममा रहेको ३९,२२३ कित्ता सेयर बिक्री गरेको तथ्यमा पनि विवाद छैन। धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ९१ ले सार्वजनिक नभएका धितोपत्रको मूल्यमा असर पार्न सक्ने भित्री सूचना वा जानकारीहरूको आधारमा आफूले धितोपत्र कारोबार गरेमा धितोपत्रको भित्री कारोबार गरेको मानिने छ भन्ने कानूनी व्यवस्था गरेको पाइन्छ। यी प्रतिवादीले अनुसन्धानको बयानमा मेरो लगानीको केही सेयर भुलवस खरिद बिक्री भएको भनी सो खरिद बिक्री गर्न नहुने तथ्य स्वीकार गरी बयान गरेको देखिन्छ। निज प्रतिवादीले खरिद बिक्री गरेको उपर्युक्त कार्य कानून विपरीत कसुर भएको भनी धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ९१ को कसुर मानी सम्बद्ध कसुर **(Predicate offence)** को रुपमा निज प्रतिवादी समेत उपर काठमाडौं जिल्ला अदालतमा भित्री कारोबार **(Insider trading)** गरेको कसुरमा मुद्दा दायर भई विचाराधीन रहेको देखिन्छ।

२३. यसप्रकार यी प्रतिवादीले सार्वजनिक नभएका सेयरहरू कम्पनीको संचालक समितिको अध्यक्षको हैसियतमा भित्री सूचना हुँदा हुँदै सेयर खरिद गरी सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) ऐन, २०६४ को दफा ३ (१) (ग) विपरीत बिक्री

गरेको देखिन आयो। अतः निज प्रतिवादीबाट भएको उक्त कार्य उल्लिखित ऐनको दफा ३(१) (ग) विपरीतको कसुर गरेको ठहर्छ। सो ठहर्नाले ऐ. ऐनको दफा ३० (१) बमोजिम २ देखि १० वर्ष सम्म कैद सजाय हुन सक्ने भएकाले निज प्रतिवादीलाई कति कैद सजाय हुनुपर्ने हो भन्ने सम्बन्धमा छुट्टै सुनुवाई गर्नुपर्ने भएकाले फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ८, ९, १०, ११ र १२ को प्रयोजनार्थ मिति २०८०/१२/१५ को पेसी तोकी सो पेसी अगावै दुवै पक्षका कानून व्यवसायीबाट सजायपूर्वको प्रतिवेदन लिई नियमानुसार पेस गर्नू। अर्का प्रतिवादी कुवेरमणि नेपालको हकमा प्रमाणबाट आरोपित कसुर पुष्टि हुन नआएकोले निज प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ।

### ख. सजाय निर्धारण खण्ड

२४. मिति २०८०।१२।०६ को कसुर कायम आदेशबमोजिम मुद्दा पेसी सूचीमा चढी इजलाससमक्ष पेस भएको प्रस्तुत मुद्दामा पेस हुन आएको सजायपूर्वको प्रतिवेदन समेत अध्ययन गरियो। वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय काठमाडौका विद्वान् उपन्यायाधिवक्ता श्री श्रीधर अर्यालले कसुर ठहर भएका यी प्रतिवादीले सार्वजनिक नभएका सेयरहरू कम्पनीको संचालक समितिको अध्यक्षको हैसियतमा भित्री सूचना प्राप्त गरी सेयर खरिद गरी सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) ऐन, २०६४ को दफा ३ को उपदफ (१) को खण्ड (ग) विपरीत कारोबार गरेको अवस्था देखिंदा यी प्रतिवादीलाई ऐ. ऐनको दफा ३ को उपदफा (१) को खण्ड (ग) विपरीतको कसुर गरेको पुष्टि भइरहेको सन्दर्भमा यी प्रतिवादीलाई ऐ. ऐनको दफा ३० को उपदफा (१) बमोजिम अधिकतम सजाय निर्धारण होस भनी गर्नुभएको बहस सुनियो।

२५. प्रतिवादीको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री सरेन्द्र भण्डारी र केदार कार्की तथा विद्वान् अधिवक्ता श्री अपूर्व खतिवडाले कसुर ठहर भएका प्रतिवादीको हकमा कसुरको गम्भिरता घटाउने तत्वहरू विद्यमान रहेको देखिंदा उक्त तत्वहरूलाई समेत मध्यनजर गरी मुलुकी अपराध संहिता २०७४ को दफा ३९ को खण्ड (ङ) (ज) (ञ) (ट) र निजको ७३ वर्षको उमेर अवस्था, निज प्रतिवादीको सामाजिक, आर्थिक, साँस्कृतिक, पारिवारिक दायित्व समेतलाई विचार गरी न्यूनतम सजाय होस भनी गर्नुभएको बहस समेत सुनियो।

२६. अब सजाय निर्धारण तर्फ विचार गर्दा, प्रतिवादी गुरुप्रसाद न्यौपानेलाई सम्पत्ति शुद्धीकरण (मनिलाउन्डरिङ्ग) ऐन, २०६४ को दफा २९ लाई समेत विचार गरी सार्वजनिक नभएका सेयरहरू कम्पनीको सञ्चालक समितिको अध्यक्षको हैसियतमा भित्री सूचना जानकारी हुँदाहुँदै सम्पति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) ऐन, २०६४ को दफा ३ को उपदफा (१) को खण्ड (ग) विपरीत बिक्री गरेकोमा उल्लिखित ऐनको दफा ३ को उपदफा (१) को खण्ड (ग) को कसुर गरेको ठहर भई यसै इजलासबाट मिति २०८०/१२/०६ मा आदेश भएको देखिन्छ। निज प्रतिवादीलाई सो कसुरमा के कति सजाय गर्न उपयुक्त हुन्छ भन्ने सम्बन्धमा सजाय निर्धारण प्रयोजनको लागि आज पेस भएको प्रस्तुत मुद्दामा दुवै पक्षका विद्वान् कानून व्यवसायीहरूको बहस सुनी दुवै पक्षबाट पेस भएको सजायपूर्वको प्रतिवेदन समेत अध्ययन गरियो। सो सम्बन्धमा हेर्दा निज प्रतिवादी गुरुप्रसाद न्यौपाने तत्कालीन रिडी हाइड्रोपावर डेभलपमेन्ट प्रा.लि.को सञ्चालक समितिको अध्यक्ष रहेकोमा विवाद छैन। उक्त प्रा.लि.का सञ्चालक समितिका अध्यक्ष जस्तो मुख्य जिम्मेवारीमा रहेका निज प्रतिवादीले सो प्रा.लि. को सार्वजनिक नभएका धितोपत्रको मूल्यमा असर पर्न सक्ने महत्वपूर्ण जानकारी हुँदा हुदै आफ्नो नाममा कायम रहेका उल्लेख्य सङ्ख्याको सेयर (३४ हजार कित्ता) खरिद बिक्री गरेबाट धितोपत्र बजारमा प्रतिकूल प्रभाव पर्न जाने एवम् निजहरूलाई व्यक्तिगत रुपमा लाभ र त्यसका सेयरधनीहरूलाई समेत प्रतिकूल असर पर्न जाने देखिन्छ।

२७. निजी क्षेत्रकै लगानी भए तापनि जलविद्युत जस्तो राष्ट्रिय महत्वको परियोजनाको लगानीकर्ता एवम् संचालक तथा अध्यक्ष केवल मुनाफा मुखिमात्र नभई वित्तीय सुशासनको दायरामा भित्र पनि रहनु पर्छ भन्ने राज्य तथा यसका नियमन निकायहरूले सदैव अपेक्षा गरेको हुन्छ। पदीय जिम्मेवारीको हैसियतले आफूले पाएका भित्री सूचनाहरूको दुरुपयोग गरी मुनाफाको निमित्त सेयर कारोबार गर्ने कार्यलाई गंभिर वित्तीय कसुरको रुपमा लिई हदै सम्मको सजाय निर्धारण गर्नुपर्ने भएतापनि यी प्रतिवादीको विगतको अनुभव, जलविद्युत क्षेत्रबाट निजिले पुर्‍याएको योगदानलाई समेतलाई नजरअन्दाज गर्न सकिएन। पदीय हैसियतमा रहने ब्यक्ति विशेषमा कानून र वित्तीय सुशासन प्रतिको उत्तरदायित्व एवम् जवाफदेहिता प्रतिको चेतनाको अभावमा यस्ता कसुरको वारदात घट्ने वा घटाउने कार्य हुन्छ। निज प्रतिवादीको

४ जनाको परिवार सङ्ख्या रहेको र निज प्रति निजको परिवार आश्रित रहेको र हाल निजको उमेर ७३ वर्षको रहेको मिसिल संलग्न सजायपूर्वको प्रतिवेदनबाट देखिन्छ। निजको उमेर अवस्था हेर्दा सजाय निर्धारणको क्रममा ज्येष्ठ नागरिक ऐन, २०६४ समेत आकर्षित हुने देखियो। उक्त समग्र परिप्रेक्षमा प्रतिवादीलाई के कस्तो सजाय गर्ने भन्ने सम्बन्धमा दण्डशास्त्रीय (Penology) दृष्टिकोणबाट पनि विवेचना गर्नुपर्ने हुन्छ। यस प्रकारको सार्वजनिक जवाफदेहिता रहेको धितोपत्र वोर्डमा सूचिकृत कम्पनीको जिम्मेवार पदाधिकारीले विद्यमान ऐन कानून तथा नियमलाई वित्तीय सुशासन विपरित कार्य गर्न हुँदैन, गरेमा सजायको भागिदार हुनुपर्छ भन्ने सन्देश दिन उपयुक्त रहेकोले हतोत्साहको सिद्धान्त (Deterrant Theory) को दृष्टिकोणबाट पनि विचार गर्नुपर्ने देखिन्छ। अर्कोतर्फ यस्ता कसुरदारहरू आफूले गरेको कसुरको पश्चाताप गरी भोलिका दिनमा जिम्मेवार, सवल, सक्षम, अनुशासित तथा नैतिकवान एवम् चरित्रवान नागरिकको रुपमा पुनर्स्थापित भई निजी क्षेत्रलाई पुनः नेतृत्वदायी योगदान दिन सक्ने जिम्मेवार नागरिकको रुपमा परिणत हुनेछ भन्ने अपेक्षा सहित सुधारात्मक दण्डको सिद्धान्त (Reformative Theory ) तथा निज प्रतिवादी समाजमा पूर्ववत रुपमा पुनर्स्थापित होस भन्ने हेतुले पुनर्स्थापनाको सिद्धान्त (Restorative Theory) समेतको आलोकमा आफूले भूल वा त्रुटिबस सो किसिमको कार्य गरेको भनी अदालत र मौकामा गरेको बयानमा नै स्वीकार गरेको देखिंदा उक्त वारदातको अवस्था र परिस्थितिसमेतलाई विचार गरी यी प्रतिवादीलाई न्यूनतम सजाय निर्धारण गर्दा उपयुक्त हुने देखियो।

२८. अत, माथि विवेचित आधार र कारणबाट आफै अध्यक्ष भएको कम्पनीको भित्री सूचनामा पहूँच हुने तथा नेपाल धितोपत्र वोर्डले जारी गरेको सूचीकृत संगठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ को दफा १४ को उपदफा (६) मा कुनै व्यक्ति सञ्चालकको पदमा रहुन्जेल तथा सो पदबाट हटेको एक वर्षसम्म सोही संस्थाको कुनै पनि सेयर, डिबेन्चर खरिद बिक्री गर्न पाउने छैन भनी उल्लेख भएको पाइन्छ। अतः निज प्रतिवादीले उल्लिखित कानूनी व्यवस्था र निर्देशिका विपरीत उक्त प्रा.लि.को सेयर कारोबारमा संलग्न रही सो कसुरजन्य कार्यबाट प्राप्त रकम रु.१,९९,१०,२५२/- जानाजान प्राप्त गर्ने, धारण गर्ने र प्रयोग गर्ने समेतको कार्य गरेकोमा कसुरको गम्भिरता बढाउने तत्वहरूलाई समेत मध्यनजर गर्दा मुलुकी अपराध संहिता, २०७४ को दफा ३९ को अवस्था तर्फ हेर्दा खण्ड (ङ),(ज),(ञ),(ट) र निजको ७३ वर्षको उमेर अवस्था, निज प्रतिवादीको सामाजिक, आर्थिक, साँस्कृतिक, पारिवारिक दायित्व समेतलाई विचार गरी कसुरको प्रकृति, गम्भीरता र कसुरबाट निःसृत विगोको आधारमा पर्न सक्ने प्रतिकूल प्रभावको मात्रालाई मध्यनजर गर्दा निज प्रतिवादीलाई उल्लिखित ऐनको दफा ३० उपदफा (१) बमोजिम २ वर्ष कैद हुने ठहर्छ। निज प्रतिवादी ७३ वर्षको उमेर अवस्थाको रहेकोले निजको हकमा ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १२ समेत आकर्षित हुने देखियो। सो ऐनको दफा १२ को उपदफा (१) को खण्ड (ख) बमोजिम पचास प्रतिशत कैद छुट दिन सकिने हुँदा निज प्रतिवादीलाई सोही प्राबधानबमोजिम १ वर्ष कैद गरिएको छ। र विगोको हकमा विगो रु.१,९९,१०,२५२/- को दोब्बर रु.३,९८,२०,५०४/- जरिबाना समेत हुने ठहर्छ। साथै अभियोगपत्रमा उल्लिखित सम्पत्तिबाट प्रतिवादीले शुद्धीकरण गरेको रु.१,९९,१०,२५२/- बरावरको सम्पत्ति सो ऐनको दफा ३४(२) बमोजिम जफत हुने ठहर्छ। अरुमा तपसिलबमोजिम गर्नू।

**सदस्य** **सदस्य** **अध्यक्ष**

**फैसला तयार गर्न सहयोग पुऱ्याउनेः**

इजलास अधिकृतः सुदर्शन पुरी

कम्प्युटर अपरेटरः कल्पना पराजुली

इति संवत् २०८१ साल वैशाख २ गते रोज १ शुभम्.......................................................................।

### अनुसूची - १

## पूर्व अध्यक्षहरू

| क्र.सं. | पद | नाम | देखि | सम्म |
|---|---|---|---|---|
| १ | अध्यक्ष | मा.न्या. श्री तपबहादुर मगर | २०५९/०५/१३ | २०६१/०६/०७ |
| २ | अध्यक्ष | मा.न्या. श्री गोविन्द प्रसाद पराजुली | २०६१/०७/१६ | २०६१/१०/०३ |
| ३ | अध्यक्ष | मा.न्या. श्री भूपध्वज अधिकारी | २०६२/१०/२० | २०६५/०७/१९ |
| ४ | अध्यक्ष | मा.न्या. श्री हरिबाबु भट्टराई | २०६५/०६/३० | २०६५/१२/३१ |
| ५ | अध्यक्ष | मा.न्या. श्री गौरीबहादुर कार्की | २०६५/१२/०६ | २०६९/०८/२७ |
| ६ | अध्यक्ष | मा.न्या. श्री केदारप्रसाद चालिसे | २०६९/१०/१७ | २०७१/०५/१७ |
| ७ | अध्यक्ष | मा.न्या. श्री मोहनरमण भट्टराई | २०७१/०६/०७ | २०७४/०६/२७ |
| ८ | अध्यक्ष | मा.न्या. श्री बाबुराम रेग्मी | २०७४/०७/२२ | २०७६/०५/०१ |
| ९ | अध्यक्ष | मा.न्या. श्री शिवराज अधिकारी | २०७६/०४/२३ | २०७७/०८/१२ |
| १० | अध्यक्ष | मा.न्या. श्री प्रेमराज कार्की | २०७७/०७/१९ | २०७८/०४/२९ |
| ११ | अध्यक्ष | मा.न्या.श्री श्रीकान्त पौडेल | २०७८/११/२३ | २०८०/०८/०७ |

### अनुसूची - २

## पूर्व सदस्यहरू

| क्र.सं. | पद | नाम | देखि | सम्म |
|---|---|---|---|---|
| १ | सदस्य | मा.न्या. श्री दामोदर शर्मा | २०५९/०५/११ | २०५९/११/१४ |
| २ | सदस्य | मा.न्या. श्री गोविन्दप्रसाद पराजुली | २०५९/१२/२४ | २०६१/०७/१५ |
| ३ | सदस्य | मा.न्या. श्री रणबहादुर बम | २०६१/०७/१६ | २०६२/०९/२७ |
| ४ | सदस्य | मा.न्या. श्री कोमलनाथ शर्मा | २०६२/१०/२० | २०६५/०७/१९ |
| ५ | सदस्य | मा.न्या. श्री भोलाप्रसाद खरेल | २०६५/०६/३० | २०६६/०९/३० |
| ६ | सदस्य | मा.न्या. श्री ओमप्रकाश मिश्र | २०६५/०६/३० | २०६९/१०/१७ |
| ७ | सदस्य | मा.न्या. श्री मोहनरमण भट्टराई | २०६९/१०/२४ | २०७१/०६/०६ |
| ८ | सदस्य | मा.न्या. श्री भूपेन्द्रप्रसाद राई | २०६९/१०/१७ | २०७४/०३/११ |
| ९ | सदस्य | मा.न्या. श्री भूपध्वज अधिकारी | २०५९/०५/११ | २०६२/१०/१९ |
| १० | सदस्य | मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा. | २०६२/१०/२५ | २०६५/०७/१९ |
| ११ | सदस्य | मा.न्या. श्री केदारप्रसाद चालिसे | २०६६/१२/०१ | २०६९/१०/१६ |
| १२ | सदस्य | मा.न्या. श्री पवनकुमार शर्मा | २०७१/०९/०६ | २०७४/०७/१३ |
| १३ | सदस्य | मा.न्या. श्री नरेन्द्रकुमार शिवाकोटी | २०७१/०६/०७ | २०७४/०७/१३ |
| १४ | सदस्य | मा.न्या. श्री प्रभा बस्नेत | २०७१/०९/०६ | २०७४/०७/३० |
| १५ | सदस्य | मा.न्या. श्री महेशप्रसाद पुडासैनी | २०७१/०९/०६ | २०७४/०७/१८ |

| क्र.सं. | पद | नाम | देखि | सम्म |
|---|---|---|---|---|
| १६ | सदस्य | मा.न्या. श्री बाबुराम रेग्मी | २०७४/०३/१४ | २०७४/०७/२१ |
| १७ | सदस्य | मा.न्या. श्री द्वारिकामान जोशी | २०७४/०७/२६ | २०७६/०५/०१ |
| १८ | सदस्य | मा.न्या. श्री रत्नबहादुर बागचन्द | २०७४/०७/२२ | २०७५/१२/०७ |
| १९ | सदस्य | मा.न्या. श्री चण्डीराज ढकाल | २०७४/०८/०६ | २०७५/१२/०७ |
| २० | सदस्य | मा.न्या. श्री प्रमोदकुमार श्रेष्ठ वैद्य | २०७४/०८/०६ | २०७६/०५/०१ |
| २१ | सदस्य | मा.न्या. श्री नारायणप्रसाद पोखरेल | २०७४/०८/०६ | २०७५/१२/०७ |
| २२ | सदस्य | मा.न्या. श्री कृष्ण गिरी | २०७६/०४/२३ | २०७७/०८/१२ |
| २३ | सदस्य | मा.न्या. श्री डा. रवि शर्मा अर्याल | २०७६/०४/२३ | २०७७/०८/१२ |
| २४ | सदस्य | मा.न्या. श्री बालेन्द्र रुपाखेती | २०७६/०४/२३ | २०७८/०४/२९ |
| २५ | सदस्य | मा.न्या. श्री शान्तिसिंह थापा | २०७६/०४/२३ | २०७८/०४/२९ |
| २६ | सदस्य | मा.न्या. श्री चन्द्रबहादुर सारु | २०७६/०४/२३ | २०७८/०४/२९ |
| २७ | सदस्य | मा.न्या. श्री अब्दुल अजिज मुसलमान | २०७७/०७/१९ | २०७८/१२/०६ |
| २८ | सदस्य | मा.न्या. श्री नित्यानन्द पाण्डेय | २०७७/०७/१९ | २०७८/१२/०६ |
| २९ | सदस्य | मा.न्या. श्री रमेश कुमार पोखरेल | २०७८/११/२३ | २०८०/०२/१४ |
| ३० | सदस्य | मा.न्या. श्री यमुना भट्टराई | २०७८/११/२३ | २०८०/०८/१५ |
| ३१ | सदस्य | मा.न्या. श्री शालिग्राम कोइराला | २०७८/११/२३ | २०८०/०८/२० |
| ३२ | सदस्य | मा.न्या. श्री बलभद्र बाँस्तोला | २०७८/११/२३ | २०८०/०८/१५ |
| ३३ | सदस्य | मा.न्या. डा.श्री खुशीप्रसाद थारू | २०७८/११/२३ | २०८१/१०/१८ |

अनुसूची-३

## पूर्व रजिस्ट्रारहरू

| क्र.सं. | पद | नाम | देखि | सम्म |
|---|---|---|---|---|
| १ | रजिस्ट्रार | श्री कूल प्रसाद शर्मा | २०५९/०५/०६ | २०५९/११/२९ |
| २ | रजिस्ट्रार | श्री लोहित चन्द्र शाह | २०५९/११/०१ | २०६४/०२/१९ |
| ३ | रजिस्ट्रार | श्री लेखनाथ पौडेल | २०६४/०१/३१ | २०६५/०८/०७ |
| ४ | रजिस्ट्रार | श्री अग्निप्रसाद थपलिया | २०६५/०८/०१ | २०६६/०७/०४ |
| ५ | रजिस्ट्रार | श्री धीरबहादुर चन्द | २०६६/१०/२७ | २०७०/०४/०६ |
| ६ | रजिस्ट्रार | श्री नातिबाबु लामिछाने | २०७०/०६/१५ | २०७२/०२/१४ |
| ७ | रजिस्ट्रार | श्री भद्रकाली पोखरेल | २०७२/०१/०९ | २०७३/१०/२२ |
| ८ | रजिस्ट्रार | श्री भीम कुमार श्रेष्ठ | २०७३/११/०१ | २०७५/११/०७ |
| ९ | रजिस्ट्रार | श्री निर्मला पौडेल | २०७५/११/१३ | २०७७/०३/०८ |
| १० | रजिस्ट्रार | श्री अशोक कुमार क्षेत्री | २०७७/०३/०८ | २०८०/०६/०९ |
| ११ | रजिस्ट्रार | श्री हरिराज कार्की | २०८०/०६/१० | २०८०/१०/०२ |